आ. ८



हाम्रो झूठो इतिहासलाई कहिलेसम्म साँचो मान्ने ?

प्राचीन किरात-इतिहास

० स्वामी प्रपन्नाचार्य

३०६

प्राचीन किरात-इतिहास

डा० स्वामी प्रपन्नाचार्य

इति- ३०६९

R

R ३०६९

हाम्रीले झूठो इतिहासलाई कहिलेसम्म साँचो मान्ने ?

प्राचीन किरात-इतिहास

डा० स्वामी प्रपन्नाचार्य
वेदान्ताचार्य, पी-एच० डी०,
शास्त्रार्थमहारथ, व्याख्यानवाचस्पति

किरातेश्वर प्रकाशन
मीरघाट, वाराणसी

विक्रमसंवत् २०५१]

[ई० स० १९९४-९५

प्रकाशक :
किरातेश्वर प्रकाशन
मीरघाट, वाराणसी (उ० प्र०)

प्रमुख वितरक :
वैदिक किरातेश्वर आयुर्वैदिक संस्थान
स्वर्गपुरी, रवि
पाँचथर, मेची (नेपाल)

© लेखकाधीन

प्रथम संस्करण : ५०० प्रति
वि० सं० २०५१
ई० स० १९९४–९५

मूल्य : भा० रु० ३७५/– मात्र
ने० रु० ६००/– मात्र

मुद्रक :
शिवशंकर प्रसाद
दीपक प्रेस,
एस० १७/२७२ नदेसर, वाराणसी क्याण्ट।
फोन : ४२८९४

इति ३०६८

ANCIENT

KIRAT-HISTORY

Dr. Swami Prapannacharya
Vedantacharya, Ph. D.,
Shastrartha Maharatha, Vyakhyan Vachaspati

KIRATESHWAR PRAKASHAN
MIRGHAT, VARANASI

B. S. 2051] **[A. D. 1994-95**

Publisher :
Kirateshwar Prakashan
Mirghat, Varanasi (U. P.)

Sole Distributor :
Vaidik Kirateshwar Ayurvaidik Sansthan
Swargapuri, Ravi
Panchthar, Mechi (Nepal)

© The Author

First Edition : 500 Copies
B. S. 2051
A. D. 1994-95

Price Rs. : I. C. 375/-
N. C. 600/-

Acc 29652

Printed by :
Shivashankar Prasad
Deepak Press
S. 17/272, Nadesar, Varanasi Cantt.
Phone : 42894

समर्पण

झलक्क हेर्दा दोषैदोषले भरिएका
गहिरिएर हेर्दा दोष पनि महान् गुण हुन पुगेका
ती पूर्वज ऋषिमुनिहरूलाई
जसले समस्त आर्यहिन्दूभित्र जन्मेका किरातहरूको
अमर इतिहास समस्त संस्कृतवाङ्मयमा
लेखेर नासो राखिदिए

इति प्रपन्न

लैनसिंह बाङ्गदेल
भू० पू० कुलपति
ने. रा. प्र. प्र.
सानेपा, ललितपुर
काठमाण्डौ

डा० स्वामी प्रपन्नाचार्यले लेख्नुभएको यो महत्त्वपूर्ण ग्रन्थ 'प्राचीन किरात-इतिहास'मा अति प्राचीन जाति किरातहरूबारे गहन अन्वेषण र खोजी गरी अनेक नयाँ कुराहरू प्रकाशमा ल्याउनुभएको छ।

चार दशकभन्दा बढी समयदेखि वहाँले किरातहरूको उत्पत्ति, इतिहास, संस्कृति र मौलिक थलोको बारेमा अनवरत खोजी गरेर लेख्नुभएको यो ग्रन्थमा वैदिक कालदेखि वेद, पुराण, इतिहास, पुरातत्त्व, शिलालेख आदि जम्मै सामग्रीहरूलाई केलाएर प्रमाणका आधारमा आफ्नो सिद्धान्तलाई प्रतिपादन गर्नुभएको छ। यो वहाँको ठूलो तपस्या र परिश्रमको फल हो।

यस्तो अमूल्य ग्रन्थ लेखेर नेपाली वाङ्मयलाई धनी तुल्याइदिनुहुने यस ग्रन्थका प्रकाण्ड विद्वान् डा० स्वामी प्रपन्नाचार्यप्रति नेपाली समाज ऋणी छ। यस्तो अनमोल ग्रन्थको स्वागत गर्दै डा० स्वामी प्रपन्नाचार्यलाई हार्दिक बधाइ दिन चाहन्छु।

*

ईश्वर बराल
उपकुलपति
नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
कमलादी, काठमाण्डौ
२०४९ जेठ २ गते

डा० स्वामी प्रपन्नाचार्यले गहन अध्ययनका साथ अनुसन्धान गरी किरातजनबारे लेखेको ग्रन्थ अल्पाधिक हेर्ने सौभाग्य मलाई जुऱ्यो। **प्रशस्त घतलाग्दा प्रमाणका आधारमा सैद्धान्तिक तर्क प्रस्तुत गरिएकाले स्वामीज्यूको ग्रन्थ महत्त्वपूर्ण देखिन्छ।**

किरातका विषयमा व्याप्त भ्रान्तिको परिहार गर्ने वहाँको मनोयोगिता प्रशंसनीय छ भन्नु अत्युक्ति होओइन। 'नैको मुनिर्यस्य मतिर्न भिन्ना' भन्ने सुभाषित छ। अनुसन्दिधित्सु वहाँका वैचारिक प्रतिपादनको खण्डन-मण्डन गर्लान्। तर पुष्ट प्रमाणले नै सो हुनुपर्छ। यसो भए अनुसन्धान एवं शोधको स्वस्थ परम्परा स्थापित हुन्छ।

स्वामीज्यूका कृतिले हामी नेपालीले एस्तै परम्पराको विकास औ संवर्द्धन गरेर समाजमा प्राज्ञिक उन्नयन गर्नु आवश्यक कुरो हो। इति।

*

Dr. LALLANJI GOPAL
M. A., D. Phil. (Alld.)
Ph. D. (London)
Vidya Chakravarty
(*Honorary*)
Banaras Hindu University

डा० स्वामी प्रपन्नाचार्य से भेंट हुई। उन्होंने अपने शोध प्रयासों का परिचय दिया। उन्होंने प्राचीन संस्कृत साहित्य में प्राप्त किरात शब्द के उल्लेखों की **गहन समीक्षा की** है। उनकी मान्यता है कि किरात शब्द मङ्गोल प्रजातिका वाचक नहीं है।

शोध में पूर्वाग्रहों से मुक्त होकर नई सम्भावनाओं के लिए प्रस्तुत होना आवश्यक भूमिका है। नये तथ्यों और नये निष्कर्षों को विद्वज्जन प्रमाण और तर्क की कसौटी पर कसेंगे, इसके लिए सभी को आमन्त्रण है।

* * *

Pro. G. P. Singh
Ph. D., F. R. A. S.
(*London*)
Department of History
Manipur University
Canchipur, Emphal
Date–13–2–92

आदरणीय स्वामीजी नमस्कार,

आपका पत्र मिला, पढ़कर अत्यन्त प्रसन्नता हुई। पत्र के लिए धन्यवाद ! यह जानकर बहुत खुशी हुई कि आपने किरात पर एक अच्छा शोध ग्रन्थ तैयार किया है। आपको उसके लिए बधाई हो। ईश्वर आपको अपने प्रयासों में अवश्य सफल करेंगे।

मैंने भी अपने पुस्तक 'प्राचीन भारत में किरात' (The Kirat in Ancient India) में किरातों को पूर्णतः मङ्गोल स्वीकार नहीं किया है। किरात; आर्य तथा मङ्गोल दोनों का मिश्रण है। **मैं आप के विचार से सहमत हूँ।**

अस्तु, आपने अपने अनुसन्धान के आधार पर जो काम किया है, वह बहुत प्रशंसनीय तथा सराहनीय है। **मैं आपके सभी विचारों से सहमत हूँ।** आप की सफलता की मैं हृदय से कामना करता हूँ।

आपका दर्शनाभिलाषी तथा शुभाकांक्षी।

★

T. K. Biswas
Joint Director
BHARAT KALA BHAVAN
Banaras Hindu University
Varanasi–221005
26-12-91

I had a serious dialogue with Dr. Swami Prapannacharya on various aspects of Kiratas including their origin, history, out etc. this morning on which he has been concerned for decades. He has, as it appears, gone through into the depth of the subject and developed an individual insight into this problem which he meticulons and judiciously written in manuscript-form. His life long research assembled many thought provoking problems and issues which he explained with his logic. The manuscript in Nepali requires to be braught to the notice of concerned scholars in the field and therefore, needs to be published not only in Nepali but if possible, in Hindi and English as well. The work of Dr. Swami deserves appreciation.

[आज प्रातः डा० स्वामी प्रपन्नाचार्यज्यूसँग किरातहरूका विविध पक्षमा तिनीहरूको उत्पत्ति, इतिहास एवं अन्य विषयहरूमा मेरो गम्भीर वार्तालाप भएको थियो जसमा उहाँ धेरै दशकदेखि लाग्दै आउनुभएको रहेछ। मेरो विश्वास छ, उहाँ बुद्धिमत्तापूर्वक एवं ध्यानपूर्वक पाण्डुलिपि तयार गरी विषयको गहिराइसम्म पुग्नुभएको छ र यस समस्यामा व्यक्तिगत अन्तर्दृष्टिको विकास गर्नुभएको छ। उहाँले जीवनभरको खोज एवं अनुसन्धानद्वारा अनेकौं विचारोत्तेजक समस्याहरू एवं विषयवस्तुहरू एकत्र गरी तर्कपूर्ण तरिकाले व्याख्या गर्नुभएको छ। नेपाली भाषाको यो पुस्तक सम्बन्धित क्षेत्रका विद्वान्हरूको जानकारीमा ल्याइनुपर्दछ र सम्भव भएमा नेपालीमा मात्र नभई हिन्दी र अंग्रेजीमा पनि प्रकाशित गर्नु आवश्यक छ। डा० स्वामीज्यूको कार्य प्रशंसनीय छ।]

*

S. C. Bhattacharya
Head
Deptt. of Ancient History,
Culture & Archaeology,
University of Allahabad
11-12-91.

I have seen the manuscript on the history of **Kiratas** prepared by Dr. Swami Prapannacharya. It is a very impressive, scholarly and comprehensive work. Considering the fact that connected and comprehensive work on **Kiratas** are not easily available, the publication of the work by Prapannacharyaji will be greeted by the scholarly world. I would expect that the work will be also translated in other languages than Nepali.

[डा० स्वामी प्रपन्नाचार्यज्यूद्वारा तयार पारिएको 'किरात-इतिहास' को पाण्डुलिपि मैले हेर्ने अवसर पाएको छु। उहाँको यो कार्य अत्यन्त प्रभावपूर्ण, बुद्धिमत्तापूर्ण, व्यापक एवं बोधगम्य छ। सम्बन्धित तथ्यलाई ध्यानमा राख्दा, किरातहरूको बारेमा बृहद् खोजपूर्ण कार्य सर्वसुलभ नभएकाले डा० स्वामी प्रपन्नाचार्यज्यूको यो पुस्तक-प्रकाशन सबै विद्वद्वर्गद्वारा अभिनन्दित हुने नै छ। पुस्तक नेपाली भाषाबाहेक अन्य भाषाहरूमा पनि अनुवाद हुनेछ भन्ने मैले विश्वास लिएको छु।]

* * *

एक विडम्बनापूर्ण सङ्कल्प

'प्राचीन किरात-इतिहास'को भूमिका लेख्ने सम्वन्धमा केही लेख्नुभन्दा पूर्व जुन गुरुहरूले मलाई शोध-खोज र आलोचनाका क्षेत्रमा निर्भयरूपमा उभ्याएका छन्, ती गुरुजनमध्येमा केही गुरुहरूको संस्मरण नगरीकन मैले अगाडि बढ्नु ठूलो अपराध हुनेछ। किनभने आजसम्म ठूला-साना हजारौं सभा, सम्मेलन, मान, सम्मान, भाषण आदि भए तर कसैले पनि 'तपाईंका गुरु को थिए ? कोबाट कुन-कुन विषयको अध्ययन गर्नुभयो ?' आदि निदिखुदि गरेनन्। अन्तरवार्ता लिनेहरूले पनि यसबारे अन्तरवार्ता लिएनन् तर अरू कुरा सबै शोधखोज गरे। झन्सारो नेपाली समाजमा त पढीलेखी जानिसकेपछि आफ्नो गुरु, नाम, मान, सम्मान छोडेर 'होइन, म त आफैं पढेको सिकेको हुँ, भुइँफुट्टा हुँ' भन्ने गरेको देखिन्छ। सुनिन्छ पनि। त्यस्तो सुनिने कामले सुनिन्छ पनि। त्यसैले मेरो प्रसङ्गहरूमा आवश्यक ठाउँमा मेरो गुरुहरूको नाम् उल्लेख गर्न आवश्यक सम्झेको छु। तीमध्ये अरू शास्त्रहरूका मेरा गुरुजनहरूको अन्यत्र उल्लेख गरेको छु तर यहाँ नृतत्त्व र पुरातत्त्व (Anthropology and Archaeology) तथा प्राचीन र मध्यकालिक इतिहास (Ancient and Mediaeval History) आदिका जो ज्ञान मैले प्राप्त गरेको छु, ती गुरुजीको बारेमा दुइ शब्द लेख्दै छु। यसले पाठक-वाचकवृन्दलाई पनि अवश्य प्रेरणा मिल्नेछ।

म नेपालवाट दुःख पाएर भारततिर झट्टारिएपछि भारतको कुनाकाप्चामा के-के गर्नुपऱ्यो ? ती सबै मैले 'मेरी जीवनयात्रा और कटु अनुभव' मा लेखिसकेको छु। तीमध्ये मध्यप्रदेश उज्जैनमा लाग्ने कुम्भमेला पनि मेरो जीवनको लागि ठूलो प्रेरणाको स्रोत भएको छ। यसै कुम्भमेलामा धेरै उपलब्धि भए पनि मेरा सम्मान्य गुरुवर विक्रम विश्वविद्यालय पुरातत्त्वविभागका अध्यक्ष पद्मभूषण स्व० श्री डा० श्रीधर विष्णु वाकणकरजीसँग साक्षात्कार गर्ने अवसर प्राप्त भएको थियो। वहाँको प्राचीन इतिहास तथा पुरातत्त्वसम्बन्धी महत्त्वपूर्ण व्याख्यानले म आकर्षित भएँ। परन्तु किरात-इतिहास सम्बन्धमा मेरो वहाँसँग विवाद भयो। केही महिनापछि डा० श्रीधर विष्णु वाकणकर मेरा प्राचीन इतिहास र पुरातत्त्व आदि विषयका साधिकार गुरु हुन पुगे। वहाँ भारत-सरकारद्वारा सबैभन्दा ठूलो सम्माननीय पदवी 'पद्मभूषण' पदवीले विभूषित हुनुभयो। वहाँको पुरातत्त्व र प्राचीन इतिहाससम्बन्धी देन समस्त विश्वका प्रसिद्ध इतिहासकारहरूलाई पता छ। वाकणकरजीको खोज विशेष विवादास्पद सिन्धुघाटीको सभ्यतामाथि थियो। वाकणकरजीले कम्पूटरको अध्ययनले सिन्धुघाटीको सभ्यता शुद्ध आर्यसभ्यता हो भनेर पत्र-पत्रिकाहरूमा प्रकाशित गर्नुभएको थियो। दोस्रो वहाँको खोज नर्मदानदीको घाटीमा प्राप्त चार लाख वर्ष पुरानो हात्तीको शिर हो। साथै चार हजार वर्ष पुरानो मान्छेको शिरको खोपडी पनि हो। यी महत्त्वपूर्ण पुरातत्त्व वहाँको आधुनिक एक्काइसौं शताब्दीको रफ्तारमा अनुसन्धान-क्षेत्रमा नयाँ देन मानिएको छ। भन्नुको तात्पर्य यो हो कि वहाँ वाकणकरजीसँगको मेरो विवाद भएपछि मेरो र वाकणकरजीको परिचय महामण्डलीश्वर स्व० स्वामी वासुदेवानन्दजी[1] महाराज उदासीनले गराउनुभयो। स्वामीजी महाराज न्याय र केही ऋग्वेद तथा व्याख्यान-परम्पराका मेरो गुरु हुनुहुन्थ्यो। स्वामीजी महाराजले पुरातत्त्व र प्राचीन इतिहाससम्वन्धी मेरो रुचि र शोध-खोजप्रतिको परिचय डा० वाकणकरजीलाई दिनुभयो। त्यसपछि डा० वाकणकर र मेरो विवाद गुरुशिष्यको प्रश्नोत्तरमा बदलियो। पहिलो हामी दुवैको विवाद हार-जीतको थियो र एक-अर्कालि कति छिटो सप्रमाण कुरा काट्न सक्छ त्यसैको जीत भन्ने

---

[1] उहाँको निवासस्थान पुष्कर उदासीन कुटी राजस्थानमा छ। न्यायशास्त्रको उहाँ मेरो गुरु हुनुहुन्थ्यो।

धारणाले विवाद भएको थियो, तर परिचयपछि कुरा काट्ने दृष्टिले होइन तत्त्वबुभूत्सुदृष्टिले कुरा हुन थाल्यो। बहुमतले होइन अपितु वास्तवमतले विचार हुन थाल्यो र बिस्तारै वहाँ वाकणकरजीले भन्नुभयो, ‘किरातों के बारे में आप की प्रवृत्ति और रुचि बहुत अच्छी है। आपको किरात विषय में तुरुन्त शोध करना आरम्भ कर देना चाहिये।’ त्यसको उत्तरमा मैले भनें, ‘मेरे पास साधन नहीं है। साथ ही उचित मार्गनिर्देशक का भी अभाव है। ऐसी स्थिति में किरात विषय पर शोध करना सम्भव नहीं। यह मेरी धारणा है।’ बस्, मैले यति के भनेको थिएँ डा० वाकणकरजीले रातो आँखा पारेर भन्नुभयो, ‘हमने गोर्खों के वीरता और बहादुरी सुन रखी है। आप भी गोर्खे मालुम पड़ते हैं। क्या आप गोर्खे नहीं हो ?’ मैले भनें, ‘मैं हूँ तो गोर्खा ही, किन्तु परिस्थिति भी आप जानते हैं। मैं आपको क्या कहूँ।’ अब डा० वाकणकर सदाको लागि इतिहास, पुरातत्त्व आदि विषयका मेरा गुरु, मार्गनिर्देशक हुनुभयो। मैले हृदयले वहाँलाई गुरु स्वीकार गरेपछि वहाँले भन्नुभयो, ‘दुनिया में ऐसा कोई मनुष्य नहीं जो आपको सहृदय बनकर सहयोग कर सके। यदि उसका अपना स्वार्थ होगा तो आप के लिये कुछ भी करेगा। उसमें भी ये इतिहास तथा पुरातत्त्वका विषय ही ऐसा विषय है जल्दी साथ देने के लिए कोई भी तैयार नहीं होता। ऐसी स्थिति में आपको घबराना नहीं चाहिये। आप नियम से अपने दैनन्दिनी में किरात सम्बन्धी जो कुछ प्राप्त होता है, वे सब नोट करते जायें। एक दिन वह समय आएगा, एक स्थान पर बैठकर आप सरल रीति से प्राचीन किरात इतिहास तैयार कर सकते हैं।’ यिनै वहाँको मार्गनिर्देशनलाई १९६० को अमूल्य समयमा दिमागमा राखेर ‘Research of Ancient Kirat History and Culture’ विषयमा लेख्नु भनेका थिए।

यसै उपर्युक्त कुरालाई ध्यानमा राखेर मेरो प्रत्येक श्वास-प्रश्वास ‘किरात’ मात्र नभएर समस्त आर्य-वाङ्मयभित्र कहाँ-कहाँ, कति-कति, ककसले, कुन-कुन शताब्दीमा किरातहरूबारे लेखे; साथै यताका १५ शताब्दीभन्दा पूर्वको ग्रन्थहरूमा कसले के लेखेका छन् जान्न नृतत्त्व तथा पुरातत्त्व आदिको खोजमा लाग्यो। ‘पाश्चात्यहरूले लेखेका ग्रन्थहरूको अनुवादको साहारा लिनु हुँदैन, किनभने अशुद्ध र धेरै भ्रमात्मक छ। त्यसैले सत्य खोज ‘किरात’ हरूको बारेमा गर्नुपर्छ र ‘किरात’ इतिहासबारेमा यो तपाईंको इतिहास पहिलो ‘इतिहास’ हुनेछ।’ भन्नुभएको थियो। आज मेरो हृदय चिरिएर आउँछ, यो ‘प्राचीन किरात-इतिहास’ वहाँको सामु देखाउनु पाइनँ यद्यपि हामी गुरुशिष्य आसाम, त्रिपुराको उनकोटि, भुवनपहाड आदि र मध्यप्रदेशको विन्ध्यागिरि, मेकल पर्वत, राजस्थानको किराडू = किरातकूप आदिमा खोज गर्न सँगै घुमेका थियौं। परन्तु विधिको विडम्बना यही हो भन्नु कर लागेको छ। वहाँले मलाई ‘प्राचीन किरात-इतिहास’ को भूमिका लेखिदिने वचन पनि दिनुभएको थियो तर आज वहाँको भूमिका सङ्कल्प मात्रै हुन पुग्यो, साकार हुन सकेन। मैले पनि यस ‘इतिहास’ लाई राम्ररी तयार पारेर यसको भूमिका वहाँबाटै लेखाएर वहाँकै हातबाट विमोचन गराएर पाठकवृन्दको समक्ष राख्न चिताएको थिएँ तर ‘यश्चिन्तितं तन्न भवति वस्तुतोऽन्यदेव भवति’ भन्ने उक्ति सार्थक हुन पुग्यो। मेरो गुरुसँगको यो अध्याय यतिकै रहे पनि सन् १९६०-१९७६ को माघ महिनासम्म बराबर पद्मभूषण डा० श्रीधर विष्णु वाकणकरलाई मूलरूपमा राखेको छु। यहाँ भन्नु यति छ कि मेरो र वहाँको प्रेमपूर्वकको अध्ययन-अध्यापनको फलस्वरूप, वहाँको मार्गनिर्देशनको फलस्वरूप, मेरो निरन्तर परिश्रमको फलस्वरूप आज तपाईंको समक्ष १९५० देखिको सामग्री-संकलन १९९४ मा प्रस्तुत छ। अब आलोचक, समालोचकदेखि लिएर विज्ञपाठकवृन्दले जे भन्नुहुन्छ, जे सोच्नुहुन्छ।

⁂

आमुख

भूमिकांशमा केही भन्नुपर्दा अन्य लेखकहरूले भनेजस्तै मैले पनि केही भन्नैपर्ने भयो। यद्यपि भन्नुपर्ने कुरा ग्रन्थभित्रै भनिसकिए पनि उपक्रमोपसंहारावभ्यासोऽपूर्वताफलम्।
अर्थवादोपपत्तीश्च लिङ्गं तात्पर्यनिर्णये ।। नियमको अनुसार उपक्रम हुनैपर्ने भएको हुनाले भूमिकाको केही उपक्रम गरेको छु। यस भूमिकाको उपक्रम गर्दा पौरस्त्य इतिहासको सिद्धान्तलाई जानी नजानी दूषित गर्ने प्रयास जजसले गरेका छन्, तिनीहरूको संक्षेपमा यहाँ उल्लेख गरिएको छ।

वेदमा तथा वैदिक वाङ्मयमा पाश्चात्यहरूले पर्याप्त मात्रामा ई० सोह्रौं शताव्दीदेखि शोधखोजको प्रारम्भ गरेका छन्। ती शोधखोज गर्ने पाश्चात्य विद्वान्हरूमा वैदिक वाङ्मयप्रति कस्तो दृष्टिकोण थियो भन्ने कुरामा तल लेखिएका पंक्तिहरूलाई गोडिनेलि गरेर हेर्नु आवश्यक छ। धन्न ! किरात-इतिहासको बारेमा जताततै केही पाश्चात्यहरूले लेखिदिए पनि त्यसको तात्पर्यार्थलाई भने हटाउन सकेनन्। तर जुन विषयले उनीहरू प्रसिद्ध भए; त्यस विषयमा उनीहरूको धारणा कस्तो थियो भन्ने जिज्ञासा तलका पंक्तिहरूले प्रष्ट पार्नेछन्।

हाम्रो इतिहासमाथि पाश्चात्यहरूको दृष्टि

वेद विश्वको एक मात्र अमूल्य निधि हो। यो तथ्यलाई हामीले कोटयाइरहनुपर्दैन, किनभने १५ शताब्दीदेखि यता २० शताब्दीभित्र पाश्चात्य र पौरस्त्य दुवैतिरका विद्वानहरूले मनग्य शोधखोज गरेका छन्। यो अवश्य छ कि यी विद्वान्हरूको शोधखोजमाथि अझ तगडा शोधखोज गर्नु आवश्यक छ। यिनीहरूको शोधप्रवृत्तिले जहाँ आधुनिक युगमा गोरेटो देखाउने काम गरेको छ, त्यहीं ठूलो-ठूलो पहिरो पनि भत्काएको छ। तर हाम्रो विद्वान्हरूले चाहिं भुइँचालोले गएको पहिरो हो भन्छन्। राम्ररी शान्त बुद्धिले चियाएर हेर्दा त्यसो हैन जस्तो लाग्छ। उनीहरूकै पाइलाको डोबले थिचिएर बङ्बङ्ती पहिरो गएको देखिन्छ। वेद, वैदिक वाङ्मयमाथि लेखाइको बम, तोप आदि जति हत्यार चल्नु थियो, ती सबै चले। अर्थात् विश्व-साहित्यको जन्मदाता, मानव मात्रको निधिमाथि बूझ-अबूझ दुवैले बुद्धिको अचानोमाथि मनको बञ्चरोले निर्दयतापूर्वक हानेकाहानेकै गरे। तर एउटा मुखालेले भन्थ्यो—

'सच्चाई छिपाई छिप नहीं सकती बनावटी असूलों से।
खुशबू आ नहीं सकती कागज के फूलों से ।।'

यहाँ पाश्चात्य वैदिक विद्वान्हरूको नामोल्लेख गरेर पाठकहरूलाई चिनारी दिने प्रयत्न गरेका छौं। पाश्चात्य विद्वान्हरूले वेदको निन्दा र प्रशंसा दुवै गरेका छन्। संस्कृत पढ्ने पाश्चात्य विद्वान्हरूको नाम गनाउँदा १६ शताब्दीको अब्राहम रोजरबाट शुरू भएको इतिहास हामी पाउँछौं। यिनले प्रसिद्ध भर्तृहरिको 'शतकत्रय' अनुवाद गरेर पाश्चात्यहरूलाई संस्कृत चिनाएका थिए। यिनले केही ऋग्वेद र केही यजुर्वेदका मन्त्रहरूको अनुवाद पनि गरेका थिए अरे। फेरि १७५० शताब्दीमा पादरी डेनिसले यजुर्वेदमा हात लगाएर पाश्चात्यहरूलाई आश्चर्यमा पारेका थिए। यो क्रम जारी नै रह्यो। त्यसो हुँदा इङ्गलैण्डवासी सर चर्ल्स विलक्सले १७४९ तिर ऋग्वेदको केही सूक्तहरूको अनुवाद गरेका थिए। विशेष गरेर विलक्सको गीता प्रचलित छ। यस प्रकारले १८०१ मा हेनरी टाम्स कोलब्रुकले 'वैदिक निबन्ध' पाश्चात्यहरूको सामु राखे। वेदसम्बन्धी परिचय दिएर कोलब्रुकले

पाश्चात्यहरूमा निकै नाम कमाए । यिनका सहायक प्रो० वेशन पनि वैदिकै थिए । यिनीहरूको साथमा बिल्सनलाई पनि छोड्न सकिँदैन । तर इंगलैण्डको वैदिक विद्वान्हरूमा आर० टी० एच० ग्रीफ्थको एउटा अध्याय नै अलग छ । ग्रीफ्थ वाराणसेय क्वींस कालेजमा प्रिंसीपल भएर खटिएर आएका हुन् । ग्रीफ्थको ठूलो काम ऋग्वेदको अंग्रेजीमा पद्यानुवाद हो । यसै रीतिले ए० मैकडानल र कीथले 'वैदिक इण्डेक्स' बनाएर पाश्चात्य र पौरस्त्य दुवैलाई प्रभावित पारे । यस विषयमा पीटर पीटर्सलाई पनि कुनै हालतमा बिर्सन सकिँदैन । यिनले सायण-भाष्यसहित ऋग्वेद सूक्त-संग्रह प्रकाशित गरे । पाश्चात्य वैदिक विद्वान्हरूमा ए० वी० कीथको पनि ठूलो देन छ । यिनले १९१४ मा अंग्रेजी अनुवादसहित तैतिरीयसंहिता प्रकाशित गरे । सी० आर० लेनमेन (ह्विटन)-को अथर्ववेद अनुवाद अपूर्ण भए पनि धेरै महत्त्वपूर्ण छ । यो अनुवाद १९०५ मा अमेरिकाबाट प्रकाशित भयो । १९०६ तिर वेद विषयमा निबन्ध लेख्ने ई० डब्ल्यू० फ्रे धेरै प्रसिद्ध भए । डा० जे० एन० फर्कुटरको 'वैदिक धर्म'सम्वन्धी निबन्ध पनि धेरैजसो पाठकहरूको आँखाबाट ओझेल परेको छैन होला जस्तो लाग्छ । यी वैदिक विद्वान् इंगलैण्डका हुन् ।

जर्मन वैदिक विद्वान्हरूलाई यसो चियाएर हेर्नुहोस् । १८३० मा फ्रीडिक रोजेशले केही ऋग्वेदीय सूक्तहरूको लैटिनभाषामा अनुवाद प्रकाशित गरे । वेदराशिको क्षेत्रमा जर्मनहरूमध्ये डा० बर्नफ सारै भाग्यशाली सिद्ध भए । डा० बर्नफकै प्रधान शिष्य मैक्समूलर विश्वप्रसिद्ध भए । म सम्झन्छु; मैक्समूलरको प्रशंसाबाट डा० बर्नफ अझ ज्यादै अजमरी छन् । तर ऋग्वेदको सम्वन्धमा मैक्समूलरले जो खोज गरे, त्यो ५ वर्षदेखि लिएर ५० वर्षसम्म भनेर लेखेका छन् । यहाँ शोध गर्ने काल नमिले पनि मैक्समूलर परम धुरन्धर जर्मन वैदिक विद्वान् थिए भन्नुमा दुइराय हुनेछैन । आर्यसमाजका संस्थापक महर्षि दयानन्द जस्ता महापुरुष मैक्समूलरका आलोचक थिए । तर ३००० पृष्ठको ग्रन्थ ऋग्वेद सायणभाष्य पाँच भागमा प्रकाशित गरेर मैक्समूलर मरेर पनि अमर भए । यस प्रकार मैक्समूलरको वैदिक साहित्यमा धेरै ठूलो देन छ । तर सबै कुरा सही सत्य छैन । खोजको विषय छँदैछ ।

यसै प्रकारले रूडल्फ राथ मैक्समूलरका सहपाठी थिए । राथको वैदिक कोष अद्भुत छ । शौनकीय अथर्वसंहिताको सम्पादन-कार्यमा ओटोबेहट लिङ्कन एक अत्यन्त वैदिक विद्वान् सहायक थिए । यसै प्रकारले १८५२ मा थ्यूडोर आफ्रेटले सायणभाष्यसहित ऐतरेयब्राह्मणको प्रकाशन गरे । ऋग्वेदमाथि पनि आफ्रेटको अधिकार थियो । यिनले १८७० मा आफ्नो ग्रन्थ प्रकाशन गरेका थिए । ए० हिलेब्राण्टले सांख्यायन श्रौतसूक्त र केही वैदिक सूक्तहरूको जर्मन भाषामा अनुवाद गरेका छन् । एम० विण्टरनीज मैक्समूलरका सहयोगी थिए । यी पनि वैदिक विद्वान् थिए । शोपेन हावर उपनिषद्का अत्यन्त निष्ठावान् विद्वान् थिए । मोनीयर विलियमको कार्य वैदिक क्षेत्रमा प्रशंसनीय नै छ । यस रीतिले पाश्चात्य जर्मन विद्वान्हरूले हामीलाई कति सघाउ पुऱ्याए भन्ने ठेगोमा पुग्न सक्छौं । अब अमेरिकातिर पनि चियो गरौं । अमेरिकी वैदिक विद्वान्हरूमा डब्ल्यू० डी० ह्विटेनी अत्यन्त प्रसिद्ध थिए । यिनले १८५६ मा अथर्वसंहिता, तैतिरीयप्रातिशाख्य र अथर्वप्रातिशाख्यको प्रकाशन गरे । यद्यपि यी राथका सहयोगी थिए ।

फ्रान्सले पनि वैदिक साहित्यमा रुचि नलिएको होइन । निश्चय नै वेदले आकर्षित गरेको देखिन्छ । फ्रान्सिसी वैदिक विद्वान्हरूको ताँतीमा १७४० तिरका फादर पौंक्स्न प्रसिद्ध छन् । यिनले वेद विषयको प्रचार-प्रसार फ्रान्समा निकै गरे । तर उद्देश्य के थियो भन्न सकिँदैन । जे भए पनि वेदसँग परिचय त भयो । तर रवर्ट नोविलीको लक्ष्यचाहिं निश्चय नै वेदको केही विपरीत थियो होला । त्यसो भएको हुनाले त एउटा नयाँ 'यजुर्वेद' बनाएर फ्रेन्च भाषामा त्यसको अनुवाद पनि गरे । नोविलीको बुद्धिले के कुरालाई पक्रन सकेन र त्यसो भएको हुनाले एउटा छुट्टै 'यजुर्वेद' बनाएर 'फ्रान्सिसी' यजुर्वेद बनाउन आँटेका थिए ? तर नोविलीको कल्पनाको घरमा मैक्समूलरले आगो लगाइदिए । यो गुण र दोषले मिलेको संसार हो । तर जे भए पनि नोविलीले वेदको अध्ययन गरे र त एउटा नयाँ यजुर्वेद बनाए । तर ढाँटेको कुरा काटे पनि मिल्दैन भन्ने उखान पनि सत्य सिद्ध भयो ।

तर डा० इडजेन वर्नफको आसन पाश्चात्य वैदिक साहित्यमा धेरै ऊँचो छ जसले राथ, मैक्समूलर आदि जस्ता विश्वविख्यात वैदिक शिष्य तैयार पारे। वेदको फ्रेन्च भाषामा अनुवाद गर्ने डा० बर्नफ नै पहिलो फ्रेन्च विद्वान् हुन्। डा० बर्नफसँग दाँजिन पी० रेनो पुगे। पी० रेनोले १८९२ मा ऋग्वेद विषय लिएर फ्रेन्च भाषामा महत्त्वपूर्ण ग्रन्थ लेखेका छन्। पादरी कालमेटले पनि आफ्नो ढंगको अध्ययन गरेर ख्याति पाएका थिए। सिलवेल लेवीले १८९० मा 'ले थ्यटर इण्डिया' पेरिसबाट प्रकाशित गरेका थिए। लुई रेनु आफ्नो विशिष्ट स्थान ओगटेर बसेका विद्वान् हुन्। एस० ए० लांगलोआ नामक विद्वान्ले १८४८–१८५१ मा ऋग्वेदका अनुवाद प्रकाशित गरे। जे० लाहोरले वैदिक कालिक इतिहास प्रकाशित गरे। वी० हेनरीले अग्निस्तोम र वैदिक साहित्यको इतिहास फ्रेन्च भाषामा प्रकाशमा ल्याए। डी० ला० बाली पौँक्सनले १९०९ तिर 'ला वैदिज्म' प्रकाशित गरेर वेदलाई चर्चाको विषय बनाए। यस प्रकार फ्रेन्चको इतिहासमा लुई रेनोको १९३५ मा प्रकाशित 'वैदिक बिबिलियोग्राफी'ले वैदिक साहित्यलाई प्रकाशमा ल्याएको देखिन्छ।

यो क्रम हालेण्डमा पनि जारी रह्यो। हालेण्डवासी वैदिक विद्वान्हरूमा डी० ग्रास्ट्राको नाम गर्वको साथमा लिन सकिन्छ। डच भाषाभाषी ग्रास्ट्राले महत्त्वपूर्ण ढङ्गले गोपथब्राह्मणको प्रकाशन गरेका थिए। यिनले जैमिनिगृह्यसूत्रको डच भाषामा अनुवाद पनि गरे। डा० कैलेण्डले सांख्यायनब्राह्मण (सूत्र)-को अनुवाद गरे। यस्ता विद्वान्हरू हालेण्डमा अनेक भए, अनेक छन्। ईरान ऐले मुसलमानहरूको देश छ। ईरानमा पनि डा० सैयद मुहमद रजा जलाली जस्ता वैदिक विद्वान् भए। जलाली विशेषरूपले पारसी भाषाका विद्वान् हुन्। तर यिनले पारसी भाषामा ऋग्वेदको अनुवाद गरे। यस प्रकार विल्सनको ऋग्वेदको अनुवाद, प्रो० हाउगको ऐतरेयब्राह्मणको अनुवाद, प्रो० लिण्डवरको कौषितकीब्राह्मणको सम्पादन इत्यादि महत्त्वपूर्ण कार्य पाश्चात्य विद्वान्हरूले गरेका छन्। तर यति मात्र हैन अपितु रूस, चीन, इटली, स्काटलेण्ड, पोलेण्ड आदि देशहरूमा वेदको अध्ययन, पर्यालोचन मध्यकालमा भएको थियो। वर्तमानकालमा पनि केही हुँदैछ।

माथिका प्रमाणहरूबाट नीरक्षीरविवेकी पाठकवृन्दले बुझ्नुभयो होला कि वेद कुनै जातिविशेष वा सम्प्रदाय-विशेषको हैन; परन्तु मानव मात्रको लागि परमात्माले दिएको ज्ञानराशि नै वेद हो। केही हात हल्लाउनेहरूले भन्छन् कि 'वेद हाम्रो पेवा हो। यसैले हामीलाई टेवा मिलेको छ।' तर वेदलाई मानव मात्रको ज्ञानराशि हो भन्न सकिन्छ। त्यसै भएको हुनाले त पाश्चात्यहरू पनि यस्ता वैदिक विद्वान् निक्ले। पेवा र टेवा मात्र भए त अन्यत्र देश र जातिमा नसल्किनुपर्ने हो। विश्वका साना-ठूला सबै देश वेदसँग कुनै न कुनै रूपमा परिचित छन्। बर्नफ, राथ, मैक्समूलर आदिको ज्ञानराशिबाट बुझिन्छ। तर पाश्चात्यहरू वेदमा किन झुके? कति कारणले झुक्नुपऱ्यो? यी प्रश्नहरूको उत्तर पं० भगवद्दत बी० ए० ले घोर परिश्रम गरेर संग्रह गर्नुभएको छ। अनादिकालदेखि आउने-जाने सम्बन्ध भारत र विदेशीहरूको भए पनि आधुनिक युगमा १४ र १५ शताब्दीदेखि विदेशीहरू भारत पसेका हुन्। अंग्रेज त १५ शताब्दीमा पुर्तगालीहरूको साथमा व्यापारको लागि पसेका हुन्। तर यिनीहरूले सबै व्यापार खोले। तीमध्ये राज-नीति, धर्म, व्यवसाय, संस्कृति, इतिहास यी चीजमा विशेष ध्यान दिएका छन् जसमा उनीहरूको राजनीति त टुसायो र सेलियो पनि। भन्नु पनि केही छैन। व्यवसाय पनि उनीहरूसँगै पछिपछि लागेर गैहाले तर धर्म, संस्कृति र इतिहासमा चाहिं गहिरो रङ्ग जमाएर मात्रै होइन, अपितु अमेट छाप पनि छोडेर गएका छन्। त्यसो हुँदा विश्व-विद्यालयदेखि लिएर स्कूल, कालेज, क्यम्पस आदिमा पढाउने हाम्रा गफाडी गुरुहरूको शिर खुशीले उडाएर अंग्रेजहरूले आफ्ना शिर जोडिदिएका छन्। त्यसो हुँदा शरीरले नेपाली या भारती नै भए पनि टाउको अंग्रेजी भएको हुनाले हरेक कुरामा अंग्रेजी सोचाइ हुन थाल्यो। त्यसो हुँदा आफ्नोलाई नसोची, नबिचारीकन नाक च्येपार्ने काम हुन गयो। पाश्चात्यलाई पनि नघोरिईकन 'दादा वाक्यं प्रमाणम्' भनेर स्वीकार गरिए। त्यसले

गर्दा स्व र स्वत्व रहेन । यसको मतलब यो हो कि नेपाल, नेपाली र नेपालीत्वलाई श्राद्ध गरियो । त्यसले पनि के भयो त ? त्यसले भगुवा, भतुवा, गाँसे र शरणार्थी भइयो । त्यसले पनि के भयो त ? आफ्नो देश, संस्कृति, सभ्यता, धर्म र इतिहासविनाको भइयो । त्यसले पनि के भयो त ? त्यस्तो त भतुवा कुकुर मात्रै हुन्छ । हामी कुकुर होइनौं, हामी मानव हौं । हाम्रो देश छ । हाम्रो संस्कृति छ । हाम्रो धर्म छ । हाम्रो अतीत र वर्तमानलाई जोड्ने इतिहास छ । भविष्यको लागि बाटो खुला छ । यो धारणालाई ल्याउने शिक्षाको मूलमा चाणक्यले कुशको जरोमा नून र मोही हाले जस्तै गरेर छोडे । तर हाम्रा विद्वान्हरूले बुझेनन् । अझ पनि बुझेका छैनन् । जसलाई खतम पार्नु छ, सबैभन्दा पहिले उसको साहित्यलाई समाप्त गर्नुपर्छ । उसको इतिहासलाई खतम पार्नुपर्छ भन्ने नीति उनीहरूले सफल पारे । अब टाढा उभिएर रमिता हेर्दैछन् । यता टाउको ठोकिंदा उता मुसमुस मुस्काउँछन् । यस्ता कति हो कति चाल खेले ! तर यहाँ हामीले कसैको विरोध गरेका हैनौं ।

धेरै पाश्चात्यहरूले यस ध्येयले वेद पढे । भन्नु यति नै हो । तर उनीहरूले वेद पढ्दा जुन कठिनाइको अनुभव गरे, त्यसमा हाम्रा आर्यावर्तीय केही चुलाढुकुवा ब्राह्मण पण्डितहरूको पनि दोष छ । कतिले 'हाम्रो मात्रै हो' भनेर सदाको लागि टँगारो हाले भने कतिले चाहिं 'तँ जैसी र म उपाध्याय हुँ, तँ सानो र म ठूलो पण्डित हुँ' भन्दै आपसमा बाझेर केशाकेशी मुष्ठी-मुष्ठी गरी फुटानाम भए । त्यसको लाभ ती पाश्चात्यहरूले भरिपूर मात्रामा उठाए । त्यो कसरी भयो त ? ठूलो पण्डित हुँ भन्नेहरूसँग बाझेर छुटेका योग्य विद्वान्हरूसँग मिलेर पुट्ट पेटभरि लाभ उठाए । त्यसको एउटा उदाहरण यहाँ पाठकहरूलाई ज्ञान गराऊँ कि ? राबर्ट नोबिलीले एउटा अलग्गै 'यजुर्वेद' एउटा पण्डितको सहायताले तैयार पारेका थिए । पछि मैक्समूलरले त्यसको दोहोलो काढे । तर स्वयं मैक्समूलरको[१] पनि वेदमाथि दृष्टिकोण राम्रो थिएन जस्तो लाग्छ। यद्यपि 'India what can teach us' ग्रन्थमा निकै प्रशंसा पनि गरेका छन्। तर स्वयं मैक्समूलरको वेदमाथि आत्मविश्वास थिएन । त्यसो भएको हुनाले 'Introduction of Rigvedas' आदिमा पाश्चात्यहरूले मनग्य प्रलाप गरेका छन् । 'ऋग्वेद मैला कसिङ्गर मात्र हो ।' (Rigveda is Rubbish), 'ऋग्वेद साना-साना नानीहरूको तोतेबोली हो ।' (Rigveda is prattling of children.), 'यसमा केही तत्त्व छैन ।', 'वेद भनेको भेडा-गोठालाको गीत हो ।' (Veda is songs of shepherd.) इत्यादि शब्दले निक्कै ठूलो भ्रम उत्पन्न गरेका छन् । यी वाक्यहरूले साधारण अंग्रेजीवाजहरूलाई सन्निपातको रन्कोमा पारेको छ । त्यसले गर्दा संस्कृत नजान्ने पौरस्त्य र पाश्चात्य दुवै थरीलाई गुट्टुमुट्टु पारेर राखेको देखिन्छ । तर पौरस्त्य र पाश्चात्य दुवैबाट परिचित नीरक्षीरविवेकीहरूको लागि कुनै आश्चर्यको कुरा छैन । तर जुन दृष्टिले भए पनि पाश्चात्यहरूले वेदसँग चिनारी नगरिरहन सकेनन् । विश्वभाषालाई जन्म दिने संस्कृत भाषामा लेखिएको वेदले मानव मात्रलाई प्रभावित पार्नु स्वाभाविकै कुरा हो ।

यता जहाँ वेद विषयको कुरा उठ्छ, त्यहाँ वेदको संख्या नै निश्चित भएको देखिंदैन । वेद तीन हो कि चार हो कि पाँच हो ? यस विषयमा पौरस्त्य विद्वान्हरूमा ठूलो मतभेद देखिन्छ । यसको उल्लेख पनि धेरै ठाउँमा पाइन्छ । तर विद्वान्हरूले आफ्नो प्रमाण र तर्क जति नै पेश गरे पनि दुवै पक्षको उतिकै जोरदार खँदिला प्रमाण देखिन्छन् ।

---

[१] मैक्समूलरले आफूलाई 'मोक्षमूलर भट्ट' भनेर लेख्दथिए । पाठकवृन्दले घोरिएर हेर्नुहोस् ।

शर्मण्यदेशोद्भवेन इङ्लेण्डदेशवासिना
मोक्षमूलरभट्टेन भाष्यमेतद्विरच्यते

(निजले सम्पादन गरेको 'ऋग्वेद पुष्पिका' हेर्नुहोस् ।)

तर दुवै पक्षका खँदिला कुरा देखेर या सुनेर दुवैलाई फिफ्टी फिफ्टी नम्बर दिने जजको न्यायलाई कसैले स्वीकार गर्दैनन् । ठीक यस्तै प्रकारले 'वेद तीन/चार' भन्ने पक्षलाई लिएर प्रमाण र तर्कको आधारमा दुवै ठीक छ भन्ने निर्णायकको मस्तिष्कको दोहोलो काट्ने अवसरलाई कसैले छोड्दैन । यहाँ यस विषयमा पाठकहरूलाई केही प्रमाण प्रस्तुत गरिन्छ । नीरक्षीरविवेकी पाठकवृन्दले यी प्रमाणमाथि स्वयं विचार गर्नुहुनेछ ।

यज्ञको विधान गर्दा 'स त्रिभिर्वेदै विधीयते' अर्थात् यज्ञ गर्दा ऋग्वेद, यजुर्वेद, सामवेद तीनै वेदले गर्नुपर्छ । ऋग्वेदमा पनि तीन वेदको उत्पत्ति बताएको देखिन्छ । 'ऋचः सामानि जज्ञिरे यजुस्तस्मादजायत' (ऋ० १०।९०।९)–त्यो विराट् पुरुषवाट ऋग्वेद, सामवेद र यजुर्वेद उत्पन्न भए । 'ऋषयस्त्रयिविद विदु ऋचः सामानि यजूंषि' (तै० ब्रा० १।२।१)—तीनै वेदलाई जान्ने ऋषिहरूले ऋग्वेद, यजुर्वेद, सामवेदलाई जानेका छन् । 'त्रयो वेदा अजायन्त ऋग्वेद अग्नेरजायत, यजुर्वेदो वायोः सामवेद आदित्यात्' (ऐ० ब्रा० ५।३२)—तीनै वेद उत्पन्न भए; अग्निवाट ऋग्वेद, वायुवाट यजुर्वेद, आदित्यवाट सामवेदको उत्पत्ति भयो । 'त्रयी वै विद्या'(श० ब्रा० ४।६।७।१)—विद्या तीनै छन् । 'सएतां त्रयीं विद्याम्' (छा० उ० ४।१७।३)—यी तीनै विद्या छन् । 'त्रयी विद्या तावद्ध जयति' (वृ० दा० ५।१४।२)—तीन विद्या (वेद)-लाई जानेपछि मात्रै तीन लोकलाई जित्न सकिन्छ । मनुको वाक्य अझ तकडा देखिन्छ ।

अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम् ।
दुदोह यज्ञसिध्यर्थमृग्यजुस्सामलक्षणम् ।। (मनुस्मृति, १।२३)

यज्ञकर्म सिद्ध गर्नको लागि अग्निवाट ऋग्वेद, वायुवाट यजुर्वेद, रवि = आदित्यवाट सामवेद गरी तीन वेदलाई बनाए । 'त्रैविद्या मा सोमपाः' (गो० ९।३०)—तीन विद्या मेरो लागि अमृतखानी हो । 'त्रयी सांख्यं योगः' (म० स्तो० २) इत्यादि प्रमाणले के बुझिन्छ ? यी प्रमाणहरूले निश्चय पनि वेद तीनै हुन् भन्ने कुरा बुझिन्छ । पुराणहरूमा पनि धेरै ठाउँमा तीनै वेद भनेर लेखेको छ ।

तर वस्तुस्थितिमा वेदसंख्या चारै हो । विनियोगको भेदले मात्रै 'त्रयी' शब्दको प्रयोग भएको देखिन्छ । नत्र महर्षि पतञ्जलिको वचन झूठो हुनु जान्छ । 'चत्वारि शृङ्गा = त्रयोऽस्य पादाः' (ऋ० ४।५८।६) । यसको अर्थ गर्दा 'चत्वारो वेदा एव चत्वारि शृङ्गाणि' चार वेद नै चार सिंह हुन् भनेर लेखेको छ। यजुर्वेद भाष्यमा पनि (१७।९१ मा) चार वेद नै भनिएको छ । नारदले सनत्कुमारादिलाई उत्तर दिदा 'ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमथर्वाणं चतुर्थम्' (छा० उ० ७।१।२)—मैले ऋग्वेद पढेको छु, यजुर्वेद पढेको छु, सामवेद पढेको छु, अथर्ववेद पढेको छु भनेका छन् । यस्तै प्रकारले वृहद्दारण्यक उपनिषद्मा पनि 'अस्य महतो भूतस्य निश्श्वसितमेतद्यऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः' (वृ० उ० ४।५।११)—त्यो महान् परमात्माको निश्श्वासभूत ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद हो भनिएको छ । मुण्डकले पनि अझ राम्रो प्रष्ट गरेको देखिन्छ । जस्तै—'तत्रापरा ऋग्वेदो यजुर्वेदस्सामवेदोऽथर्ववेदः' (मु० उ० १।१।५)—त्यहाँ पराविद्या र अपराविद्याको चियोचर्चा गर्दा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्वविदलाई अपराविद्या भनेको छ। महाभारत शान्तिपर्व मोक्षधर्ममा 'ऋक्सामवणक्षिरतो यजुषोऽथर्वणस्तथा' (म० भा० शा० प० मो० ध० अ० २३५।१)—ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्वविद चारैको नाम लिएको देखिन्छ। 'एकतश्चतुरो वेदा-भारतश्च तदेकतः' (म० भा० १।२६८।२६९)—एकतिर चार वेद र एकतिर महाभारत तुलना गर्दा इतिहासको दृष्टिले महाभारतको महत्त्व ठूलो छ भनिएको छ ।

गोपथ[1]ब्राह्मणको पूर्व भागमा प्रजापतिले यज्ञ गर्दा वेदलाई आविर्भाव गरेर त्यस प्रसंगमा भने, 'कुन होतालाई

---

[1] अथ ह प्रजापतिः सोमेन यक्ष्यमाणो वेदानुवाच । कं वो होतारं तृणीयाम् कमध्वर्युम् कमुद्गातारम् कं ब्रह्माणमिति । त ऊचुः ऋग्वेदमेव होतारं वृणिष्व, यजुर्वेदमध्वर्युम्, सामवेदमुङ्गातारम्, अथर्वाङ्गिरोविदं ब्रह्माणम् । तथा च यज्ञः चतुष्पात् प्रतितिष्ठवि । (गो० ब्रा० २।२४)

वरण गर्ने ? कुन अध्वर्युलाई वरण गर्ने ? कुन उद्गातालाई वरण गर्ने ? कुनलाई ब्रह्मा बनाउने ?' यस प्रकारको वितर्क गरेर निर्णयरूपले 'ऋग्वेदले होतालाई वरण गर। यजुर्वेदले अध्वर्युलाई वरण गर। सामवेदले उद्गातालाई वरण गर। अथर्व-अङ्गिरस वेद जान्नेलाई ब्रह्मा वनाऊ।' भनेको छ।

चार वेद नभए यज्ञ कसरी सिद्ध हुन्छ र ? किनभने यज्ञ चतुष्पात् नै देखिन्छ। अर्थात् जहाँ यज्ञ हुन्छ, त्यहाँ होता, अध्वर्यु, उद्गाता र ब्रह्मा चारै संख्या हुन्छन्। आश्चर्यको कुरा छ कि कसरी तीन भेद (त्रयी)-को कुरा उठ्यो ! ऋग्वेदभित्रै सम्पूर्ण कामनाको वर्षा गर्ने परमात्माको चार सिंग (चत्वारी शृङ्गा)-को रूपमा चार-वेद उल्लेख भइसकेको देखिन्छ। फेरि, त्यसको व्याख्या पतञ्जलि आदि जस्ता प्रबुद्ध ऋषि, महर्षिहरूले ठाउँ-ठाउँमा गरिसके। वेद चारै हुन् तर पनि 'त्रयी' शब्दले वेदकै विद्वान्हरूलाई पनि भ्रममा पारेको देखिन्छ। यहाँ ठोकेर भन्नुपर्ने कुरा के छ भने ऋग्वेदको दशौं मण्डलको नब्वे सूक्तको नवौं मन्त्रमा तीनै उत्पत्ति भएको सुनिन्छ भन्छन्। तर त्यसो हैन, त्यहाँ चार वेदको उत्पत्ति देखिन्छ। मन्त्र हेर्नुहोस्—

> तस्माद्यज्ञात्सर्वहुत ऋचस्सामानिजज्ञिरे
> छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ॥ (ऋ० १०।९०।०)

यस मन्त्रमा आएको 'छन्दांसि' पदको धेरै विद्वान्हरूले गायत्री, त्रिष्टुभ आदि छन्दहरूको पनि उत्पत्ति भयो भन्ने अर्थ गरेका छन्। तर यहाँ परेको 'छन्दस्' शब्दको अर्थ अथर्ववेद[1] नै हो। गायत्री आदि छन्दको उत्पत्ति बताउने आवश्यकता देखिंदैन। त्यो त मन्त्रहरूको साथमा प्रयुक्त छँदैछ। त्यसो हुँदा यस मन्त्रमा भएको 'छन्दांसि' शब्दको अर्थ अथर्ववेद हो। त्यसमा पहिलो प्रमाण 'छन्दांसि जज्ञिरे' नै हो। यस्तै प्रकारले वृहद्दारण्यकमा पनि ['ऋचो यजूंषि सामानि छन्दांसि' (वृ० दा० उ० १।२।५)] 'छन्द' पद अथर्ववेदकै लागि प्रयोग भएको देखिन्छ। हरिवंशपुराणमा पनि 'छन्द' पद अथर्ववेदकै लागि प्रयोग भएको देखिन्छ। जस्तै–'ऋचो यजूंषि सामानि छन्दांस्याथर्वणानि च' मा 'छन्दांसि' पदको सट्टामा 'अथर्णानि' पद पर्यायको रूपमा प्रस्तुत भएको देखिन्छ। स्वयं अथर्ववेदमा पनि 'ऋचस्सामानि छन्दांसि पुराणं यजुषा सह' (अ० वे० १८।४।२४) भनिएको छ। त्यसो भएको हुनाले 'छन्द' को अर्थ अथर्ववेद नै हो भन्ने कुरा माथिको प्रमाणले प्रष्टाएको छ। यो अवश्य भन्न सकिन्छ कि 'छन्द' शब्दले कतै वेद सामान्यलाई लिइन्छ। विशेषतः अथर्ववेदको पर्यायवाची भएको देखिन्छ। यस प्रकार 'ब्रह्मवेद' (गो० ब्रा० २।२६), 'अङ्गिरसवेद' (गो० ब्रा० पू० ३।२), 'अथर्वाङ्गिरोविदं ब्रह्माणम्' (गो० ब्रा० पू० ३।१), 'निगदवेद' इत्यादि नामले अथर्ववेदलाई पुकारिन्छ। प्रस्तुत प्रमाणले सिद्ध गर्छ कि वेद चारै हुन् र 'छन्दस्' अथर्ववेद हो। तर ठाउँ-ठाउँमा टीकाकार र भाष्यकारहरूको हैंसामा मेरो हैंसा मिल्नु सकेन। फेरि पनि शोध-खोजको विषय छँदैछ। तर अध्ययन र शोध-खोज जारी राख्नु आवश्यक छ।

यहाँ यो शङ्का हुनु स्वाभाविकै हो। जहाँ मानवले केही सुन्छ कुनै न कुनै बेला केही गुन्छ, केही गुनगुन गर्छ, अनि के हो ? किन ? कसरी ? आदि प्रश्न र जिज्ञासा हुन्छ; सृष्टिको आदिकालिक त्यही जिज्ञासा र प्रश्नको समाधान त वेद[2] हो। प्रत्यक्ष र अनुमानले जसको उपायलाई जान्न सकिंदैन र त्यसलाई जसले जनाइ-बुझाइदिन्छ, त्यही नै वेद[3] हो।

---

१. म० म० स्वामी महेश्वरानन्द गिरिद्वारा लिखित 'सामवेदोपनिषद्' द्रष्टव्य छ।

२. प्रत्यक्षेणानुमित्या वा यस्तूपायो न बुध्यते।
एतं विदन्ति वेदेन तस्माद्वेदस्य वेदता॥

३. 'वेदमा के छ ?' लाई खुलेर हेर्नुहोस्।

यस प्रकारको विवादमा पाश्चात्य वैदिक विद्वान्हरूले पनि मनग्य चासो लिएर विगार्ने चेष्टा गरेका छन्। यसै कुराको लागि यहाँ यो प्रसंग राखिएको हो। पाठकहरूले तत्तद् स्थलहरूमा हेर्नुहुनेछ।

यसै वेदको निगम, आगम, छन्द, स्वाध्याय, ब्रह्म, अनुश्रव, आम्नाय, त्रयीविद्या इत्यादि अनेक नाम छन्। अनेक शाखा, उपशाखा, ब्राह्मण, आरण्यक, १८८ उपनिषद्, सूत्र, कल्पसूत्र, प्रातिशाख्य, निरुक्त, स्मृति, पुराण, उपपुराण, तन्त्र, ज्योतिष, आयुर्वेद आदि भनेको आर्य-हिन्दूवाङ्मयको मूल भएको हुनाले सर्वत्र उल्लेख भएको छ। केवल सूक्ष्म दृष्टि र तीखो बुद्धिको आवश्यकता छ। वेदराशिले विश्वलाई ज्ञान दिएको छ। तर वेदका ती नामहरूमध्ये 'श्रुति' शब्दलाई लिएर निकै भ्रम भएको देखिन्छ। 'श्रुति' भनेको 'गुरुमुखबाट सुनेर कण्ठ गर्ने चलन भएको हुनाले श्रुति नाम परेको हो' भन्नु गलत हो।[1] याहाँ 'श्रुति' शब्द पारिभाषिक छ। 'निरपेक्षरवः श्रुतिः'; अरू कुनै प्रमाणको सहायता-विनै जो स्वतः सिद्धस्वरूप छ, त्यसलाई 'श्रुति' भनिन्छ। यसको लागि मीमांसान्यायसुधा, शास्त्रदीपिका, शावर-भाष्यादि ग्रन्थहरूको 'श्रुति' विवेचन गर्ने प्रकरण मनन गर्नु आवश्यक छ। सामवेदमा गायन गर्ने 'स्तोभ' 'श्रुति' शब्द-जस्तै भ्रमात्मकै छ। 'स्तोभ' शब्दको सीधा अर्थ 'निरर्थक शब्द' हो। जुन शब्दले अर्थ निक्लँदैन अथवा अर्थ निकाल्न सकिँदैन, त्यो शब्द हो 'स्तोभ'। जस्तै—हवौ, ह्यौ, हौ, होयी, होवाई, हो, औ, होवा, हाउ आदि शब्द 'स्तोभ' कहलाउँछन्। सामवेदका यस्तै शब्दहरूलाई देखेर पाश्चात्यहरूले 'सानो नानीको तोतेबोली' भनेको हो। यस स्तोभमा शाखाभेद पनि देखिन्छ। जस्तै—कौथुमी शाखावालाले 'हाउ' उच्चारण गर्छन् भने रामायणीय शाखावालाले 'हावु' भनेको सुनिन्छ। तर छान्दोग्यब्राह्मण (३।१३।१।२)-मा यी 'स्तोभ' शब्दहरूको अर्थ देखाउने प्रयत्न गरेका छन्। यस प्रकार भिन्नभिन्नै वेदका भिन्नभिन्नै स्वर-उच्चारणपद्धति छ। तर सामवेदका मात्रै छ प्रकारका गायन-विकार छन्। जस्तै—विकार विकर्षण, विशेषण, अभ्यास, विराम, स्तोभ। यही स्तोभ विलक्षण छ। तर यसलाई निरर्थक भन्न सुहाउँदैन। यस स्तोभले विश्वलाई जन्म दिएको छ। गणित गर्नेलाई आएन भन्दैमा गणित गलत हुन सक्दैन।

यस प्रकारले वेदको संहिता मूल भाग हो र ब्राह्मण भाग केही व्याख्यानात्मकरूपमा छन्। हरेक वेदको आफ्नो ब्राह्मण, आरण्यक, उपनिषद्, सूत्र, प्रातिशाख्य, निरुक्त, चरणव्यूह, देवताग्रन्थ हुन्छन्। त्यसमा पनि प्रत्येक वेदको अनेक शाखा हुन्छन्। वेदका शाखाहरूलाई बताउने सूत्र, चरणव्यूह आदि छन्। तर महर्षि पतञ्जलिले महाभाष्यमा 'सामवेदका एक हजार शाखा छन्। एक सय शाखा यजुर्वेदका छन्। एक्काईस शाखा ऋग्वेदका छन्। नौं शाखा अथर्ववेदका' भनेका छन्। सबै वेदका सबै शाखाहरू पाइँदैनन्। ग्रन्थहरूमा कतैकतै नाम मात्र उल्लेख पाइन्छन्। नाम पनि पूरा पाइँदैनन्। संख्या मात्रै लेखेको पाइन्छ। यस प्रकारले वेदको संहिता पनि दुइ प्रकारका हुन्छन्। यस प्रकारको भेद आरण्यकग्रन्थहरूमा पाइन्छ। तीमध्मे ऐतरेय-आरण्यक (ऐ० आ० ३।१३)-मा प्रतृण्ण र निर्भुज दुइ प्रकारका संहिता बताइएको छ। निर्भुजसंहितालाई आर्षीसंहिता[2] पनि भन्दछन्। प्रतृण्णसंहिता पनि पदसंहिता र क्रमसंहिता भेदले दुइ प्रकारका छन्। यसै प्रकारले क्रमसंहितालाई लिएर जटा, माला, शिखा, लेखा (रेखा), ध्वज, दण्ड, रथ, छत्र आठ प्रकारका विकृति भएका छन्। यिनै जटा, माला आदिले रावर्ट नोविलीको यजुर्वेद फेल भएको हो।

---

[1] विशेष 'वेदमा के छ ?' (पृ० नं० १–४ सम्म) हेर्नुहोस्।

[2] 'पदप्रकृतिसंहिता' (ऋ० वे० प्रा० २।१), 'परस्सन्निकर्षसंहिता' (पा० १।४।१०९); यस सूत्रमा पनि विद्वान्हरू निकै नसुहाउँदो भ्रममा परेका देखिन्छन्। धेरैजसो विद्वान्हरूले यो सूत्र पाणिनीको अष्टाध्यायीको हो भन्छन्। तर यो इतिहासको दृष्टिले गलत हो, किनभने पाणिनिभन्दा यास्काचार्य धेरै पहिले भएका हुन्। किनभने पाणित्तिले 'यस्कादिभ्यो गोत्रे' सूत्रमा गोत्र उल्लेख गरेका छन्। अर्को कुरा यास्क पछि भए यास्कले पाणिनिको उल्लेख गर्नु-पर्ने हो। तर यत्रो प्रसिद्ध पाणिनिको उल्लेख नहुनु नै यास्क पूर्वकालिक हो भन्ने ठहरिन्छ। त्यसो भएको हुनाले यो यास्कको पङ्क्ति हो। तर पछि पाणिनिले सूत्र बनाएर राखेका हुन्।

सामवेदको केही शाखाहरूको उल्लेख 'सामतर्पणविधि' आदिमा छ । तर पूरा पाइँदैन । पाइने जति पनि छरपस्टिएकै छ । यस प्रकारले सामराणायणीय, कौथुमी, जैमिनीय सामवेदको तीन शाखा मात्र उपलब्ध छन् । शेष नामै मात्र छ । यजुर्वेद शुक्ल र कृष्ण भेदले दुइ प्रकारका छन् । शुक्लयजुर्वेदको काण्व, तैतिरीय, मैत्रायणी आदि केही शाखा उपलब्ध छन् । अथर्ववेदको पैपलाद, तौद, मौद, शौकनिय, जाजल, जलद, ब्रह्मवद, देवदर्श, चारणवैद्य यी नौं शाखाहरूको उल्लेख छ । कुनै पाइन्छ । कुनै पाइँदैनन् । अथर्ववेदको कौशिक, वैतान, नक्षत्र, आंगिरस, शान्तिकल्प भेदले पाँच कल्पहरूको उल्लेख पनि पाइन्छ । वर प्राप्त गर्ने ग्राहक पाउन मुस्किल छ । कतैकतै पन्ध्र शाखा पनि भनेको पाइन्छ । शाखाभेदले अथर्ववेदको शौनकसंहिताको परम्परानुसार 'ये त्रिशप्ताहा' मन्त्रबाट प्रारम्भ हुन्छ । पैप्पलादसंहितानुसार 'शन्नो देवीरभीष्टये आप:' मन्त्रबाट थालनी हुन्छ । तर अथर्ववेदलाई छोडेर यजुर्वेद र सामवेदको केही मन्त्र भिन्न छ । शेष सबै मन्त्र ऋग्वेदभित्र परेका छन् । अथर्ववेदमा पनि ऋग्वेदका मन्त्रहरू छन् । जस्तै-ऋग्वेदको दशौं मण्डलको पुरुषसूक्त अरू तीनै वेदमा पाइन्छ । अथर्ववेदमा एउटा मन्त्रमा मात्रै अलिकति पाठभेद देखिन्छ । शेष जस्ताको तस्तै छ । तर धेरै अंशमा अथर्ववेदका मन्त्रहरू बेग्लिएका देखिन्छन् ।

तर यी चारै वेदमा ऋग्वेद कैयौं दृष्टिकोणले सारै महत्त्वपूर्ण छ । यसको वर्णन म यहाँ गर्दिनँ । 'वेदमा के छ ?' र 'प्राचीन हिन्दूविज्ञान'मा धोको खोलेर हेर्नुहोस् । व्यासले यसै ऋग्वेदबाट कर्मकाण्ड गर्नको लागि यजुर्वेद अलग गरे । त्यसमा स्तुति, प्रार्थना, गायनको लागि सामवेदको नामले अलग छुट्याइएको हो । अनि शान्ति, पुष्टि, औषधि आदिको लागि अथर्ववेद छुट्टियो । यी चारलाई व्यासले चारजना शिष्यहरूलाई पढाएर उत्तराधिकारी बनाइदिएका थिए । तीमध्ये ऋग्वेद पैल भन्ने शिष्यलाई पढाए । सामवेदचाहिं जैमिनिलाई पढाए । यजुर्वेद वैशम्पायनलाई पढाए । अथर्ववेद गुरुभक्त सुमन्तुले पढे (भा० पु० प्र० स्क० ४।२१।२२) । यस्ता परम्परा अनेक ग्रन्थहरूमा छन् । वैशम्पायन (शाकल्य) र याज्ञवल्क्य गुरुशिष्य थिए । तर शिष्य याज्ञवल्क्यचाहिं योगी पनि थिए । आपसमा थाथा थुथु हुँदा शुक्लयजुर्वेद र कृष्णयजुर्वेदको भेद भएको हो । यसै यजुर्वेदबाट अनेक कर्मकाण्डको विधान भएर जाँदा मीमांसाको जन्म भयो । मीमांसाले समस्त वेद ओगटेर त्यसको शाखा, उपशाखा, ब्राह्मण, आरण्यक, सूत्र आदि टेवा लिएर अग्निष्तोम, वाजपेय, विश्वजित, सोमयाग, अनुयाज, प्रयाज, अश्वमेध, गोमेध, पितृमेध, नरमेध आदि अनेक ठूला-साना भागहरूका विधान भए । यी भागहरूमध्ये सोमयाग, सौत्रामणियाग, अश्वालम्भन, गवालम्भन, गोमेध, पितृमेध, गृहमेध आदि शब्दहरूमा स्वार्थवश अनर्थ पनि गरेका छन् । त्यसैले त किरातहरूमा बुद्ध र महावीरको आविर्भाव भयो । त्यसो हुँदा हिन्दू=आर्यधर्ममध्ये त्यतिखेरका ब्राह्मणवादको अलिकति संशोधितरूप जैन र बौद्धधर्म हो भन्ने कुरामा दुइराय हुनेछैन । अतएव यी पनि हिन्दू नै हुन् । किरातै हुन् । उपर्युक्त समस्त लौकिक, वैदिक वाङ्मयमा प्रसंगानुसार प्राचीन किरात-इतिहास घुसेकै हुन्छ । उपर्युक्त स्थलहरूमा 'आलम्भन' को अर्थ 'मार्नु' हैन । दान दिनु मात्रै हो । त्यस्तै 'गोमेध' को अर्थ यज्ञमा गाई मार्नु हैन, अपितु गाई दान दिनु मात्रै हो । यदि यो अर्थ हैन भने 'पितृमेध' यज्ञमा बाबुबाजेलाई मार्नुपर्ला । 'गृहमेध' यज्ञमा घर बनाएर आगो लगाउनुपर्ने भयो । यो अर्थको अनर्थ हो । त्यसो हुँदा 'पितृमेध'को अर्थ श्राद्ध, पिण्ड, तर्पण आदि कर्म हो । 'गृहमेध'को अर्थ वास्तुपूजा आदि हो । त्यस्तै 'अश्वमेध', 'गोमेध' आदिको अर्थ संयमन र दान दिनु आदि हो । यसमा अत्युक्ति मान्ने आवश्यकता देखिंदैन ।

तर स्वार्थ र रागद्वेषको तीतो र मीठो महमा मुच्छिएकाहरूले 'आङ् उपसर्गक लभ' धातुको अर्थलाई जोड-तोडले तानातानी गरेका छन् । यस्तै 'मेधृ हिंसा संयमनयो:' धातुको खुबै नसुहाउँदो तानातानी गरेका छन् । यस्ता नहुँदो धारणाले वेदहरूमा नभएको कीर्तिमुखभैरव आदिको जन्म भयो, जो बोका, राँगा आदिको अपराधरहित काल भएको देखिन्छ । सौत्रामणियागले र वेदमा उल्लेख भएको सोमरसको गलत अर्थ गर्नाले जाँड रक्सी मादक पदार्थ हैन । आखेरी दुर्व्यसन दुर्व्यसनै हो । यसले राष्ट्र र समाजको उन्नति कुनै हालतमा हुन दिंदैन ।

यस प्रकारले ऐलेसम्म चियोचर्चा; निदिखुदि गर्दै आएको विषय विज्ञपाठकहरूले जान्नु आवश्यक छ। त्यो विषय हो शुक्लयजुर्वेदको माध्यन्दिन शाखामा परेको 'रुद्राष्टाध्यायी ।' पाठकवृन्दले योभन्दा पहिले बुझिसक्नुभएको छ कि यजुर्वेद वस्तुतः स्वतन्त्र वेद हैन । ऋग्वेदबाट छुट्याइएको हो । त्यसो हुँदा यजुर्वेदमा भएका मन्त्र प्रायः ऋग्वेदभित्र पाइन्छन् । त्यसो भएको हुनाले ऋग्वेदमा पर्ने धेरैजसो मन्त्रहरूको भाष्य र व्याख्यान कश्यप, रावण, यास्क, व्यङ्कट (वेंकट), वेंकटमाधव, देवस्वामी, स्कन्दस्वामी, नारायण, उद्गीथ, हस्तामलक, लक्ष्मणाचार्य, धनुष्कयज्वा, आनन्दतीर्थ, आत्मानन्द, सायण, मुद्गल, चतुर्वेद स्वामी, उवट, महीधर, स्वामी दयानन्द आदिले गरिसकेका छन् ।

एउटा ऋग्वेदको व्यापक हाँगाबिंगा फैलिएर यहाँसम्म पुग्यो र ऋग्वेदमा भएको किरातहरूको संस्कृति र सभ्यता यसै ऋग्वेदमा भए पनि पौरस्त्य विद्वानूहरूको विवाद देखेर नै पाश्चात्य विद्वानूहरूले ती-ती पुराणहरूमा आएका किरात शब्दको मन परी अर्थ गर्ने चेष्टा ग रेका हुन् ।

प्राचीन इतिहासको पाना पल्टाउँदा पुराणहरूलाई हेर्नु आवश्यक छ । साथै संस्कृत भाषाको विद्वान् हुनु पनि उति नै आवश्यक छ । पाश्चात्यहरूको लहैमा लागेर आफ्नो इतिहास भुल्ने र भुलाउने काम धेरै इतिहासकारहरूले गरेको देखिन्छ । यो काम राष्ट्रको भविष्यको सन्तानलाई कालो खाडल मात्र हुनेछ । परन्तु त्यस्तै भइराखेको छ । कैयौं इतिहासकारहरूले चाहि प्रष्ट भन्ने गरेका छन् 'हामी पाश्चात्य दृष्टिकोणले लेख्छौं ।' यो भनाइ ठीक छैन । इतिहासको लागि आफ्नो आँखा चाहिन्छ । पाश्चात्यको आँखाले हुँदैन, किनभने जो पाश्चात्य जुन देशमा जन्मेको हुन्छ; जुन देशको हावापानी, संस्कृति, सभ्यता, पूजा-पाठमा हुर्केको हुन्छ, त्यही कुरा उसले धेरैभन्दा धेरै मात्रामा जानेको हुन्छ । त्यस इतिहासकारको संस्कारै त्यही भैसकेको हुन्छ । उसको रगतै उही छ । त्यसैले त्यस दृष्टिकोणले उसले हेर्छ । सोच-विचार गर्छ । फेरि; शिक्षामा पनि निर्भर गर्छ । आफ्नो देश र हावापानी आदिको अनुसार शिक्षा दिने गरेका हुन्छन् । त्यस शिक्षाको उब्जनी (Production) अर्को देशमा गएर लगाउन थाल्यो भने उसले आफ्नो शिक्षा आफ्नै सोचाइको माध्यमले दिन्छ । यद्यपि त्यसले अर्को देशको भाषा पनि सिकेको होला, अर्को देशको साहित्य वा इतिहास पनि अवश्य पढेकै होला तर उसको शिक्षाको उब्जनी (Education mind of production) उसले आफ्नै ढंगले लगाएको हुन्छ । यो कुरा सत्य हो र यस्तै पाइएको छ ।

त्यसैले घाम नअस्ताउने देशका अंग्रेजहरूले आफ्नो शासनकालमा इतिहास लेखेर फुट पारेका थिए । साथै नबुझीकन काम गर्दा फुट पनि पर्‍यो । तर अब ती प्रान्त वा देश राष्ट्रहरूले आफ्नो देशको वा आफ्नो जातिको सही इतिहास पुनर्लेखन गर्न थालेका छन् । भारतमा पनि सबैभन्दा धेरै भ्रममा परेका 'कुकी' वंशका मिजोहरू र त्रिपुरी, कुकी, नागा, खसिया, गारो आदि भारतका सबैभन्दा ठूलो भ्रममा पर्ने समाज हो । तर अब मिजोहरूमा तथा त्रिपुरी आदिमा यस्ता पनि बुद्धिमान् विचारक निक्लेका छन् र निक्लिदै छन् । 'के हाम्रो भन्ने केही छैन त ? के हामी अंग्रेज ईसाई आएपछि मात्रै जन्मेका हौं त ? ईसाईहरू आएका धेरै भएको छैन । हामी मिजो, त्रिपुरी आदिको अस्तित्व पुरानो हुनुपर्छ । हामीलाई गलत इतिहासमा हिंडाएको पक्कै हो ।' भन्न थालेका छन् । परन्तु नेपालको इतिहास त वि० सं० २००७ सालदेखि यता बिग्रन थालेको देखिन्छ ।

अब त यहाँसम्म पनि देखिन्छ कि इतिहासको पानामा पाश्चात्य इतिहासको नाम र पृष्ठनम्बर देखिएन भने नाक चेपार्ने इतिहासकारहरू पनि देखिन थाले 'म त पाश्चात्य प्रामाणिक इतिहासकारहरूको आधारमा मात्र लेख्छु' भन्नेहरू पनि देखिन्छन् । तर साँचो कुरा यो हो कि पाश्चात्य आफ्नो ठाउँमा प्रामाणिक हुन सक्ला; हाम्रो देशमा होइन; हाम्रो सभ्यता, संस्कृतिमा होइन; हाम्रो इतिहासमा पनि होइन । पाश्चात्य केवल पाश्चात्यको लागि प्रामाणिक हुनसक्छन् । बीसौं वर्ष बसे पनि सामान्य भाषा र सामान्य ज्ञानभन्दा धेरै बटुल्न सक्दैनन् ।

यो मेरो ठोकुवा र पक्का अनुभव छ। यहाँ प्रसङ्गमा नेपालको वारेमा नेपालको इतिहास कोटचाउने कर्क पेट्रिक, हेमिल्टन, हेमर्टन, सेसिल वेण्डाल, सिलवेन लेभी, टुची र नोली आदि छन् । यिनीहरूले एक दृष्टिले नेपाललाई आधुनिक इतिहासको बारेमा जगाउन खोजेकै हो, तापनि भाषाज्ञानको अभावमा प्राचीन नेपालको इतिहास छुनै सकेनन् । झन्सारो किरात-इतिहासको बारेमा त गन्थन मात्रै गरे । 'मङ्गोलाईड नश्ल, तिब्बतो-बर्मीज' आदि भन्दै भतुवा वनाउँदै गए । यहाँ नेपालमा राणाशासनको अनावश्यक दबाव र शिक्षाको अभावले गर्दा किरातहरू आन्द्रा भर्नुमा मात्र ठीक्क थिए । धेरैभन्दा धेरै 'लेफराईट' मा हुन्थे । एक-दुइजनाले इण्डियाको दार्जीलिङ्ग आदिमा गएर पढे पनि त्यति राम्रो बुझ्ने क्षमता थिएन । सात सालपछि नेपाल पसे । यता सुनीति कुमार चटर्जीको 'किरातजनाकृति' भन्ने किताब केही व्यक्तिहरूको हातमा परेपछि लगातार नेपालमा पनि इतिहास नपढ्ने, नलेख्ने, केवल इतिहास बिगार्ने एक खाले भए । अर्का खाले त इतिहासकारहरू नै हुन् । इतिहासको क्षेत्रमा उत्तरदायित्व वहन गर्नेहरू नै हुन् । तर उनीहरूलाई पनि पाश्चात्यकै चस्का लाग्यो । त्यसैले इतिहासको ढाँचा खराब भएर गयो ।

अब कसैले सुधारे ठीकै छ; होइन भने नेपालको इतिहास मंगोल र बेलायतमा खोज्न जानुपर्नेछ । नेपालमा के कति गाउँ थिए भन्ने इतिहास मात्र होइन, अपितु कहीं न कहीं, कुनै न कुनै रूपले किरातहरूको विषयमा लेखेकै हुन्छ । तर खोज्ने आवश्यकता भने छँदैछ । यसो हेऱ्यो अनि 'इतिहास प्राचीनकालमा लेखिएको थिएन'[1] भनेर बस्नु अथवा 'हाम्रो इतिहास क्रमवद्ध लेखेकै छैन' भनेर बस्नु ठूलो अपराध हो । अथवा नपढी नवुझीकन मन परी लेखेर इतिहास बिगार्नु यो झन्सारो ठूलो अपराध हो । पाश्चात्यहरूले धेरजसोले अज्ञानवश हाम्रो इतिहास बिगारेका छन् । कैयौंले जानेर राजनीतिको स्वार्थको उल्लू सीधा पार्न इतिहास बिगारेका छन् । तीमध्ये चार्लस् राबर्ट डार्बिनको 'प्राकृतिक चुनाव' विश्वका अशिक्षित समुदायले अज्ञान अवस्थामा अथवा 'हाउरे' कुरामा पक्डेर हिंडेका हुन् । आज त विश्वका धेरै व्यक्तिले स्वीकार गरिसकेका छन् कि डार्बिनले गरेको भूलको समर्थन हामीले गरेका छौं । त्यसैले धेरैले डार्बिनको सिद्धान्त (Theory)-को अनुमोदन गर्न छोडे । कैयौं विश्वविद्यालयहरूमा अब डार्बिनको स्थान छैन । यसरी डार्बिनको कुरा खतम भयो भने नेपालमा 'आदिमानव' भनेर आज पनि चेम्पान्जी आदिको फोटो देखाएर स्कूलहरूमा बच्चावच्चीको दिमागमा 'ए ! हामी त मानवसन्तान होइन रहेछौं; कीरा, फटेंग्रा, बाँदर, ढेंडू, वनमान्छेको सन्तान पो रहेछौं !' भन्ने धारणा जन्माइंदैछ ।

यो डार्बिनले अज्ञानावस्थामा गरेको भूल हो । हाम्रा पूर्वज मानव थिए र मानवका सन्तान मानव नै हुन्छन् । यसमा दुइराय हुने ठाउँ छैन । तर यसरी हाम्रो असली इतिहास छोडेर उता बरालिनुपऱ्यो । यो किन त्यसो भयो ? यसको उत्तर डार्बिन-लँगौटे सिद्धान्तवादीहरूले खोज्नुपर्नेछ ।

इतिहास बिगार्ने अर्को काममा 'प्राचीनकालमा यस देशमा द्राविडवंशका मानिस मात्रै बस्थे, आर्यहरू[2] एशिया माइनरबाट आएका हुन् र किरातहरू मंगोलियाबाट आएका हुन्' भनेर भ्रम उत्पन्न गरिदिएका छन् । अब त 'हामी मंगोलियाबाट आएका हौं' भन्ने पनि भैसकेका छन् । यो इतिहास नेपालका लागि अर्थात् राष्ट्रियताका लागि कति उपयोगी छ र राष्ट्रलाई कति बल पुग्ने हो ? त्यो भविष्यले बताउनेछ । तर यसको अपराधी को ? जसले यस्तो फुट पार्ने इतिहास लेखेर फुट पार्ने बीउ रोप्यो, उही अपराधी हो । यसरी पुरा इतिहास बिगार्ने षडयन्त्र

---

[1] A. K. Das, Indian History,
("History was not written in olden time.")

[2] Aryan come from Asia Minar. Kirat come from Mongolia. (HUCHHI, P. No. 92)
(क) We are Mongol clan. We have human right. (HUCHHI, P. No. 93-94)

सम्पूर्ण एशियामा भइरह्यो। तीन सय वर्ष जति यो षडयन्त्र चलिरह्यो। कसैले पनि चाल पाएनन्। भारतमा भने निकै पछि महर्षि दयानन्दले थाहा पाए र लार्ड माइकालेको शिक्षा-नीतिलाई उसैको सामुन्ने घोर विरोध गरे। तर इतिहास बिगार्ने क्रम त अझ पहिलेदेखि नै प्रारम्भ भैसकेको थियो। यस क्रमको पत्ता लगाउनुपर्छ भने कलकत्ताको एसियाटिक सोसाइटी नै एसियाको इतिहास बिगार्ने मुख्य जरो थियो। त्योभन्दा पहिले यूरोपबाटै सबै काम हुन्थ्यो। एसियाटिक सोसाइटीको मुख्य उद्देश्य भने अत्यन्त सुन्दर थियो। बुझ्ने मान्छेले पनि विरोध गर्न नहुने उद्देश्यले प्रेरित भएर बनेको पवित्र संस्था मानिन्थ्यो। राजनीतिवालाहरूले चाहिं बुझे पनि बुझ पचाउने नै गर्थे, किनभने राजनीति भनेको यस्तै हुन्छ। यसरी बीउ छरेर पछि उम्रेको इतिहास प्रायः सबै त्यस्तै छ। कलकत्तादेखि नेपाल त कुनै टाढा पनि होइन। त्यसको असर नेपालमा नपर्ला भन्ने कुरै भएन।

यस परिस्थितिमा 'एकलक्षश्च नेपाले ग्रामाणां परिकीर्तितः'[1] अर्थात् नेपालमा एक लाख गाउँ छन् भन्ने यस इतिहासलाई भुल्नु स्वाभाविकै थियो किनभने आफ्नो नभएसम्म ममता हुनै सक्दैन। 'मेरो' भन्ने भावना मस्तिष्कमा र हृदयमा नगाडिएसम्म ममता हुँदैन। ममत्व नभएपछि त्यसले वास्ता गर्दैन। ममत्व नभएको नेता होस् या लेखक, साहित्यकार नै भए पनि त्यसले ममत्वको कुरा लेखेर राष्ट्रको सामु राख्न सक्दैन। बाहिरबाट बोक्राजस्तै भए पनि भित्र नभएपछि त्यो आफ्नो राष्ट्र, धर्म, संस्कृति, सभ्यता र व्यक्तित्व कुनै कुरामा लागेको हुँदैन। जता चन्यो उतै ढल्कन सक्ने मात्रै हुन्छ। त्यसैले आफ्नो देशको इतिहासलाई कोरा कल्पना र गफ मात्रै भन्छ भने फेरि समय पर्दा गफ भनि पनि हाल्छ। अर्काको अथवा पाश्चात्यहरूको कुरा आयो भने त्यो झूट्टै भए पनि दिमागले नसोचीकन प्रसन्न भएर गफ हाँक्न थाल्छ। प्रशंसा गर्न थाल्छ। अर्कालि आलोचना गऱ्यो भने रातो, पिरो भएरै पनि, आफ्नो आर्य-हिन्दू अर्थात् नेपालीपनाको किरिया गरेर भए पनि पाश्चात्य पक्षलाई उभ्याएरै छोड्ने प्रयास गर्छ। ऊ नेपाली आमाकै छोरा हो, दूध पनि नेपाली आमाकै पिएको हो, नेपालकै हावापानी र माटोले बनेको पनि हो। फेरि; नेपालैमा बाँचेको छ, नेपालै कुल्चेर हिँड्छ, मर्दा पनि नेपालकै माटोमा मिल्छ, नेपालकै हावापानी र प्रकृतिमा मिल्छ। यही मात्रै होइन; शरीर र अनुहार पनि नेपाली नै छ, टाउको पनि नेपाली नै देखिन्छ, हेर्दा पनि टाउको नेपाली नै छ। फेरि; गिदीचाहिं कसरी पाश्चात्य भरियो त? सम्पूर्ण शरीर हिन्दू छ, सम्पूर्ण शरीर जैन र बौद्ध छ, सम्पूर्ण शरीर नेपाली देखिन्छ। गिदीचाहिं अंग्रेजी भरिनुमा कारण के छ? यसको कारण हो शिक्षानीति।

जुन देशको शिक्षा आफ्नो भौगोलिक वातावरणअनुसार हुन्छ, जुन देशको शिक्षा त्यहाँको देशवासी जनताको अनुकूल हुन्छ, उसको धर्म, संस्कृति र राष्ट्रियताको अनुकूल हुन्छ, जहाँ राष्ट्र र राष्ट्रियतालाई बुझाउने 'वयं राष्ट्रे जागृयामः पुरोहिताः' को उद्देश्य भएको शिक्षा दिइन्छ, जुन शिक्षामा 'मेरो राष्ट्र हो, यो मेरो धर्म, यो मेरो संस्कृति हो, यो मेरो राष्ट्रिय सम्पत्ति हो' (This is my national haritage) भन्ने धारणा जगाउने शिक्षानीति हुन्छ, त्यहीं स्वदेश र संस्कृति, स्वधर्म र कर्मको भावना जाग्छ। नेपालमा राणाकालमा जनताहरूलाई शिक्षा दिने नियम थिएनन्। तर जहानियाँ शासक तथा दरबारिया ठूलाखाले धनी मानिसहरूमा भने शिक्षा लागू भैसकेको देखिन्छ। सर्वसाधारणको लागि मात्रै शिक्षाको ढोका बन्द थियो। अब शिक्षाको द्वार खुल्यो। तर भताभुङ्ग पारामा खुल्यो। शिक्षा भनेको अन्तःकरणबाट स्वदेश, स्वराष्ट्र, स्वधर्म, स्वसंस्कृतिमाथि मरिमेट्ने प्रेम जगाउनु हो। यो कस्तो शिक्षा जो जन्म दिने आमा र बाबुलाई नचिन्ने, आफ्नो घरमा आगो लाग्दा रमाउने, अर्काको घरमा आगो लाग्दा रुने दुःखी हुने? अर्काको इतिहासको भुत्ला चुँडाउने, आफ्नो इतिहासको कुरा आयो भने गफ भनेर हाँस्ने यो कस्तो शिक्षा? यो भतुवा शिक्षाको परिणाम होइन र? 'I love my motherland. I love my nation. I love my culture.'

---

[1] स्क० पु० म० ख० ३९ अ० १५६।

आदिको पाठ घोकाएरै मात्र होइन, वस्तुस्थितिमा साँचो प्रेम गर्ने शिक्षित नागरिक तैयार पार्ने शिक्षा हुनु आवश्यक छ। वास्तविक शिक्षा नहुनाले पेट भरण गर्ने शिक्षा मात्र सामु देखा पर्दैछ। त्यसैले यो अवश्य छ कि आजको शिक्षानीतिले स्वदेश, स्वसंस्कृति, स्वधर्म, इतिहास चिनाउने उद्देश्य लिएको देखिँदैन। यस परिस्थितिमा राष्ट्रलाई नै खतरा पुग्ने स्थिति आएन र? यो राष्ट्रको हितचिन्तक शिक्षाविद्हरूले प्रत्येक पाइलामा सोच्नुपर्ने र विचार गर्नुपर्ने स्थिति देखिन्छ। तर स्वधर्म भन्नाले अरू धर्मावलम्बीहरूले स्वदेशमा वस्नु हुँदैन भनेकोचाहिं कदापि होइन। आज सही शिक्षाको अभावमा सही इतिहास तैयार भएकै छैन। केही तैयार छ भने बहुमतको सामुमा वास्तव-मतको हत्या हुनु स्वाभाविकै देखिन्छ। यो नभएको कुरा होइन। शिक्षा-विभागमा बहुमतको इतिहास पुगेको हुन्छ, वास्तव-मतको इतिहास पुग्दैन।

यिनै कारणले गर्दा राष्ट्रलाई भाँड्ने, धर्म परिवर्तन गर्ने, नभए राष्ट्रमा विद्रोह मच्चाउने आदि काम भइराखेका हुन्छन्। धेरैले शिक्षा र आफ्नो इतिहासलाई बुझेकै हुँदैन। त्यसैले नेपालका धेरै वर्ग अशिक्षित छन् भने त्यसमा धेरै मात्रा किरातवर्गको छ। किरातवर्गलाई विश्वले कुन रूपमा हेरेको छ र स्वयं नेपालले कुन रूपमा हेरेको छ? यो दृष्टि आ-आफ्नै छ। तर प्राचीनकालिक राजा, महाराज, सम्राट्, ऋषि, मुनि, विद्वान्, राजदूत, गुप्तचर, अरबपति, धनीमानी, इतिहासकार, वेदादि सर्वशास्त्र-पारङ्गत किरात आज धेरैजसो लाहुरे, दाउरे र चाउरे मात्रै देखिन्छन्। केहीलाई विहान-वेलुका छाक टार्न पुग्यो भने त्यतिमै मस्त छन्। आफ्नो धर्म, संस्कृति, कला, कौशल, विद्वत्ता, इतिहास आदि सबै भुलेर 'हामी त मङ्गोल हौं' भन्न थालेका छन्। के यो भनाइ साँचो हो त? वस्तुतः अशिक्षाको कारणले आफ्नो प्राचीन इतिहास पढ्ने प्रयास गरेनन्। त्यसैले यस स्थितिमा पुगेको हो। किरात-इतिहास वेददेखि लिएर सम्पूर्ण संस्कृत-वाङ्मयभित्र छ। किरातहरूले जवदेखि संस्कृत पढ्न छोडे, त्यहींदेखि किरात इतिहासदेखि वरालिन थालेको हो। यता आधुनिक किरात-इतिहास लेखिएकै छैन। यसै कमीलाई पूरा गर्नको लागि लगभग ४० (चालीस) वर्षदेखि 'किरात-इतिहास' शोधखोजमा म लागेको थिएँ। यसबीच जे-जति प्राप्त गरें, ती सबै यसैभित्र राखेको छु। मेरो परिश्रम र सामग्रीको सम्बन्धमा इतिहासविज्ञ पाठक-पाठिकावृन्दहरूमा छोड्दैछु। सुन्न पाऊँ। पढ्न पाऊँ। गुन्न पाऊँ। यो आशा मात्रै होइन, विश्वासमा पनि छु।

यस ग्रन्थमा मैले आफ्नो अनुसन्धानको क्रममा अरू विद्वान्हरूले प्रयोग नगरेका शब्द प्रयोग पनि गरेको छु। यद्यपि ती प्रयोगहरू तत्तद्विषयसँग सम्बन्ध राख्नेवाला महानुभावहरूले स्वीकार नगर्न पनि सक्छन् र मेरो अनुसन्धेय विषय भएको हुनाले मेरो अनुसन्धानमा मैले यही नै पाएँ। जस्तै उदाहरणको लागि; राई लिम्बूलाई छोडेर नेपालमा अरू जातिको नाममा 'किरात' शब्द जोडिएको छैन र उनीहरू स्वयम्ले 'किरात' शब्द जोड्दैनन्। तर उनीहरू हुन् त किरातै। त्यसैले लेखकले नेवारकिरात, ज्यापूकिरात, मगरकिरात, गुरुङकिरात, तामाङकिरात आदि लेखेको छ। यस्तै कैयौं अरू विषयहरूमा पनि नयाँ ढंगको प्रयोग भएको छ तर त्यसलाई जानेर लेखेको छु। यस विषयमा संकोच नमानी मैले लेख्ने प्रयास गरेको छु। यस ग्रन्थमा धेरै नयाँ कुराहरू र नयाँ प्रयोग गरेको छु। तर सम्पूर्ण ग्रन्थको निचोड भने 'किरातहरू अनादिकालदेखि आजसम्म आर्यावर्त, जम्बूद्वीप, भरतखण्डको चारैतिर फैलिएर बस्ने आदिम जातिहरूमध्ये एक जाति हुन्। किरातहरू आर्यहिन्दू नै हुन्, आर्य-हिन्दू-ऋषिमुनिहरूकै सन्तान हुन्' भन्ने छ। यसमा सन्देह गर्ने अवसर छैन। सम्पूर्ण ग्रन्थभित्र यही कुरा सिद्धान्तरूपमा लेखिएको छ।

आर्यहरूले वाहिरवाट आउने कुरा एकदम असत्य हो। बाहुनहरूले भारतमा मुसलमानहरूले अत्याचार गर्दा नेपाल पस्ने कुरा झन्सारो असत्य हो। किरातहरूले मङ्गोल हुने कुरा त आकाशको फूलजस्तै हो। 'संसारमा मङ्गोलियन नश्लका मान्छे धेरै छन्' भन्ने वाक्य ठीक छैन। 'संसारमा किरात नश्लका मान्छे धेरै छन्।' भन्नु ठीक हो। यसै प्रकारले नेपालमा अनादिकालदेखि ब्राह्मणहरू पनि बसोवास गर्दै आइराखेका छन्। ती ब्राह्मणहरूलाई बाहिरबाट

आउने भनेर कुनै प्रमाणले सिद्ध गर्न सक्दैनन् । त्यसैले 'प्राचीन किरात-इतिहास'ले आर्य र अनार्यको फाटोलाई जोडेर राष्ट्रिय एकतामा बल दिने प्रयास गरेको छ । यस ग्रन्थभित्र कैयौं प्रसङ्गहरूमा लेखकले जानेरै तल उत्रिने गरेको छ । कैयौं ठाउँमा लेखकले शब्दहरूको र वाक्य-विन्यासको अत्यन्तै उतारचढाउ गरेको छ । त्यो विज्ञविद्वद्वृन्दको लागि होइन, अपितु इतिहासको भुल्ला नजान्ने, इतिहासको खुट्टा भाँच्नेहरूका लागि प्रयोग गरिएको हो ।

अन्त्यमा; थोरै शब्दमा भए पनि यो 'प्राचीन किरात-इतिहास' लेखन र सङ्कलन गर्दा घोर परिश्रम त मैले गरेकै छु तर त्यस घोर परिश्रममा (घाउमा) नून-चूक लगाएर स्वाद लिनेहरूको कमी थिएन र छैन पनि । 'यो मेरो कर्तव्य हो, मैले पनि केही गर्नुपर्छ' भन्ने व्यक्तिहरूको पनि कमी छैन भन्नु कर लाग्छ ।

—लेखक

वि० सं० २०५० भाद्र २० गते
मृगस्थली, सिद्धाचल
काठमाडौं

अब धन्यवादको क्रममा

मैले कार्ल मार्क्सको बारेमा पढेको थिएँ। आज मलाई प्रत्यक्ष अनुभव भैराखेको छ। जब पनि मलाई किरात-इतिहास खोज गर्दा आर्थिक आपत्ति आइलाग्यो, त्यसको सामना आयुष्मान् प्रेम राई चामलिंगले अर्को 'एङ्गल्स' भएरै गर्नुभएको छ। परन्तु प्रेम राई 'एङ्गल्स' जस्तो धनी होइन अपितु दिल-दिमागले धनीमा भने 'एङ्गल्स' भन्दा पछाडि पनि म प्रेम राईलाई राख्न चाहन्नँ। वि० सं० २०३८ सालदेखि प्रेम राईसँग सम्पर्क भएको हो। 'वेदमा के छ?' छपाउँदा सबैभन्दा धेरै आर्थिक सहयोग दिएर राष्ट्रसेवा र साहित्यसेवा गर्न प्रेम राईजीले शुरुवात गर्नुभएको थियो। यसै गरी 'प्राचीन हिन्दू-विज्ञान' लाई सम्पूर्ण आफ्नै खर्च लगाएर प्रकाशित गरिदिनुभएको कुरा सबैलाई विदितै छ। यस बेला अर्थात् वि० सं० २०५०।५१ मा पनि उत्तिकै साहित्यसेवा भइराखेको छ। ऐलेसम्म प्रेम राईजीले किरात-इतिहास तयार पार्नलाई पर्याप्त कायेन, वाचा, मनसा सेवा र सहयोग पुऱ्याउनुभएको छ।

भारतवर्षको जम्बूकश्मीर, हिमाचलप्रदेश, गढवाल, कुमाऊँ, राजस्थान, दक्षिणभारत, उडिसा, मध्यप्रदेश, गुजरात, उत्तरप्रदेश, बङ्गाल, आसाम, त्रिपुरा, मिजोरम, नागालैण्ड, मणिपुर, मेघालय, अरुणाचल तथा नेपालका १४ अञ्चल र ६८ जिल्लाहरूमा प्रेम राईजीको आर्थिक सहयोगले गरेको रिसर्च तपाईंहरूको सामुमा प्रस्तुत छ। प्रत्येक वर्ष ६–६ महिना प्रेम राईकै घरमा बसेर काम गरेको छु। त्यस बेला उचित वातावरण, उचित खानपान, उचित व्यवहार र बिमार हुँदा हज्जारौं खर्च गरेर स्वस्थ बनाउने काम पनि प्रेम राईकै हो। यहाँसम्म कि बेलायत जाँदा पनि प्रेम राई नै अगाडि सरेपछि नै अरूले सहयोग गरेका थिए। विश्वहिन्दू महासंघबाट मलाई टिकट मात्र प्राप्त थियो। 'किरात-इतिहास'को प्रेस-कापी पनि प्रेम राईकै 'श्रीगणेश किरातेश्वर कुटी'मा बसेर तयार गरेको छु। यसरी सामग्री-सङ्कलन तैयारदेखि लिएर लेखन र प्रेसकापीसम्म पनि प्रेम राईकै घरमा लेखिने सौभाग्य यस इतिहासले पाएको छ। यो भन्न खोजेको होइनँ कि प्रेम राई मात्र धनी छ। तर धनीहरूको नेपालमा कमी छैन। किरातराई, लिम्बूहरूमा पनि धनीको कमी छैन तर बुद्धि र मनको भने अवश्य कमी छ। प्रेम राईजस्तै लाखौं खर्च गर्नेहरू पनि छन् परन्तु बुद्धिले सदुपयोगमा लगाउनेहरूको भने अत्यन्त कमी छ। दुरुपयोगैमा लगाएर भए पनि सन्तोष मानेर बस्नेहरू भने धेरै छन्। तर प्रेम राईले इतिहास बनायो। बनायो राष्ट्र र समाजको लागि, न कि आफ्नो लागि। यस्तो किरात हजारौं वर्ष-पछि देखिंदैछ। तर यी पंक्ति पढेर टाउको रन्कने, दिमाग झन्कने, नाक चेप्राउने र अन्त्यमा गएर ठ्याम्म किताब थेचार्नेहरूको पनि कमी हुने त छैन नै। यसमा के आश्चर्यको कुरा छ? अर्काको उत्कर्ष देखेर प्रसन्न हुने र अर्काको प्रशंसा सुनेर प्रसन्न हुने छोरा कमै जन्मेका हुन्छन्। जे होस्, प्रेम राईको तुलना 'एङ्गल्स'सँग नहोस् तर 'प्राचीन किरात-इतिहास' को लागि एङ्गल्स नै बन्न पुगेको छ। लेखक भने कुनै हालतमा पनि 'कार्ल मार्क्स' बन्न चाहँदैन। यस कार्यको लागि प्रेम राईजीकी कान्छी श्रीमती आशा राईको पनि ठूलो सहयोग छ। नियमले वस्त्र धुनु, खाजा, पानी, भान्सा र उचित वातावरण बनाएर आशाजीले ठूलो सघाउ पुऱ्याउनुभएको छ। साथै समय-समयमा वहाँका अरू श्रीमतीहरूको पनि सहयोग प्राप्त भएको छ। यस्तै गरी प्रेम राईजी निकट भविष्यमा लेखकबाटै सन्यस्त हुने प्रतिज्ञामा पनि हुनुहुन्छ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कुलपतिचर लैनसिंह बाङदेलजी, ने० रा० प्र० प्र० का वर्तमान उपकुलपति डा० ईश्वर बरालजी, हिन्दू विश्वविद्यालय प्राचीन इतिहास विभागका अध्यक्ष प्रोफेसर डा० लल्लनजीगोपालजी, हिन्दू विश्वविद्यालय कलाभवन पुरातत्त्व विभागाध्यक्ष ज्वाइन्ट डाइरेक्टर डा० टी० के० विश्वासजी, प्रयाग विश्वविद्यालयको

प्राचीन इतिहास विभागाध्यक्ष इलाहाबादका डा० एस० सी० भट्टाचार्यजी र मणिपुर विश्वविद्यालय इम्फालका प्राचीन इतिहास विभागाध्यक्ष डा० के० पी० सिंहजी; वहाँहरूलाई सहर्ष धन्यवाद नदिई रहन सक्दिनँ।

वहाँहरूले 'प्राचीन किरात-इतिहास'लाई विहङ्गम दृष्टिले दृष्टिपात गरी तथा श्रवण र मनन गरीकन अमूल्य समय दिएर आ-आफ्ना मन्तव्य र शुभाशंसा लेखिदिनुभयो। यी चिरस्मरणीय तथा चिरस्थायी तथा मननीय मन्तव्यहरूलाई नीरक्षीरविवेचनपेशलशालीन पाठक-वाचकवृन्दले अवश्य मनन गर्नुहुनेछ।

यस्तै क्रममा ज्ञानवृद्ध, वयोवृद्ध, राष्ट्र तथा अन्ताराष्ट्र ख्यातिप्राप्त, झण्डै नब्बे शरद्सँग साइनो लाउने पूर्वाञ्चलका प्रथम व्याकरणाचार्य, वेद तथा स्मृतिशास्त्री आचार्य छविलाल पोखरेलजीले पिण्डेश्वर संस्कृत पुस्तकालयबाट आफ्नै नाममा पुस्तक निकाल्नु लगाएर सहयोग दिनुभएकोमा उहाँप्रति सौहार्दपूर्ण भावेन साधुवाद टक्र्याउँछु।

यस्तै भू० पू० क्याम्पसप्रमुख पं० टीकाप्रसाद वस्ती साहित्याचार्य, क्याम्पसप्रमुख गोविन्दप्रसाद कोइराला साहित्याचार्य पनि धन्यवादार्ह हुनुहुन्छ। परन्तु यतिले मात्र पूरा नभएर मेरै छात्र नव्यव्याकरणाचार्य सहप्राध्यापक पं० नारायणदत्त पौडेलबाट पनि मैले ठूलो सहयोग पाएको छु। यसको लागि मुरीमुरी आशीराशि प्रदान गर्दछु। यस्तै महेन्द्र बहुमुखी क्याम्पस धरानका लेक्चरर सूर्य राईलाई पनि धन्यवाद नदिई रहन सक्दिनँ।

मेरा प्यारा हेडमास्टर चिरञ्जीवी चिन्तामणि योगी (हिन्दू विद्यापीठ, बालकुमारी, ललितपुर, नेपाल)-लाई शुभाशीष। अनि नेपाल आर्य-समाजका अध्यक्ष, संस्थापक तथा आरोग्यमन्दिरका सञ्चालक, अध्यक्ष, भू० पू० अञ्चलाधीश वयोवृद्ध टेकबहादुर रायमाझीज्यूको बिर्सिनसक्नु सहयोग पाएको छु। एतदर्थ धन्यवाद!

यतिले मात्र मलाई पुगेन। त्यसैले आफूलाई सघाउने मेरै छात्रहरूको पढाइमा बाधा पुऱ्याईकन पनि सहयोग लिन कर लाग्यो। यद्यपि यो सहयोग दिएकोमा उनीहरूकै जीवन बन्ने अनेकौं बूँदाहरू उनीहरूले प्राप्त गरेका छन्। आयुष्मान् मोहनकुमार साङपाङ (सीतापुरी–१; दमक), नवीनकुमार राई शास्त्री, बसन्त भट्टराई एम० ए० र दाशरथि राई खालिङ यी मेरा छात्रहरूले 'प्राचीन किरात-इतिहास'को प्रेसकापी बनाएर ठूलो सहयोग पुऱ्याएका छन्। यी छात्रहरूलाई चिरञ्जीवीका साथ मुरीमुरी आशीराशि दिन्छु।

यसै प्रकारले मेरा प्रिय मित्र पार्थमणि भट्टराईजीले यस ग्रन्थलाई तन्मयतापूर्वक सम्पादन गर्न सघाउनुभएकोमा हार्दिक साधुवाद छ।

ग्रन्थ लेखेर समाजको सामुन्ने नआइञ्जेलसम्म पूरा हुँदैन। लेखकले दिल र ज्यानको बाजी लगाएर लेखेको ग्रन्थ समाजको सामुन्नेमा नआइञ्जेलसम्म पूरा मानिंदैन। समाजको सामुन्ने ल्याउनको लागि साँचो राष्ट्रभक्त र समाजसेवी तथा साहित्यसेवीको आवश्यकता पर्छ। तर त्यस्ता व्यक्ति सारै थोरै हुन्छन्। कैयौंको पासमा मन भए पनि धन हुँदैन। कैयौंको पास धन पर्याप्त मात्रामा भए पनि मन हुँदैन। फजुल काममा खर्च गर्ने व्यक्तिहरूको पनि कमी छैन। परन्तु सहृदय साहित्यसेवी, इतिहासलाई पत्ता लगाउने र समाजको इतिहास तथा राष्ट्रको इतिहास समाजको सामने आउनैपर्छ भन्ने शुभचिन्तकहरूको पनि कमी छैन नै भन्नुपर्छ। उनै मेरा प्यारा आयुष्मान् सहयोगी महानुभावहरूको नामावली कृतज्ञतापूर्वक यहाँ दिइँदै छ। उहाँहरूको नामावली र सहयोगराशि हार्दिकरूपेण प्रष्टरूपले सधन्यवाद यहाँ राख्नु पाउँदा कलमीले आनन्दानुभव गर्न पाएको छ।

हुनत 'किन दिइस्? किन सहयोग गरिस्?' भन्नेहरूको पनि कमी छैन र थिएन पनि। यस परिस्थितिमा पनि मेरा प्यारा आयुष्मान् सहयोगी बन्धुहरूले प्रस्तुत 'किरात-इतिहास' पुस्तक प्रकाशनको लागि, राष्ट्र र समाजको लागि ठूलो सहयोग पुऱ्याउनुभएको छ। अरू सहयोगभन्दा यो अक्षय र ठूलो सहयोग हो। यस्तो सहयोग गर्ने अमर हुन्छ। यो राष्ट्र र साहित्य-सेवा गर्ने अमर छन्।

यस सत्कार्यमा आर्थिकरूपले सहयोग दिने सहृदय सहयोगीहरू सर्वश्री प्रेम राई चामलिङ, रणबहादुर चामलिङ, कृष्णबहादुर राई, श्यामबहादुर राई, डिट्ठा दीपबहादुर बस्नेत, धर्मदास राई, ध्यानबहादुर राई, हरिवीरबहादुर राई, दुर्गाप्रसाद राई, वीरबहादुर राई, काशीराज राई, दीपकप्रकाश बाँस्कोटा, बलबहादुर राई, कर्णबहादुर राई, प्रेमराज आङदेम्बे, श्रीमती लक्ष्मी राई पाङ्माली, श्रीमती सिद्धिदेवी राई दिलुङ्छामा, संयोगदिलदास राई, जोकर हर्कबहादुर राई, सुब्बा मदनप्रसाद केरुङ, बी० बी० सुब्बा, रामबहादुर राई, जगतबहादुर राई, हर्कमान राङ्कासु, पूर्णदिल चामलिङ, कृष्णदास राई, शुद्धदिल चामलिङ, श्रीमती पुष्पा हाङ्मा राई, स्व० पुष्पानन्द राई, श्रीमती धर्मदिल माई, नन्दराम राई, पूर्णकुमार सेरमा, सन्तबहादुर राई, मदनबहादुर श्रेष्ठ, बिन्दबहादुर बोक्खिम, कवीन्द्र राई वार्तामिमा शुभाशीषसहित धन्यवाद छ ।

संग्रहालयको प्रयोग

मैले 'प्राचीन किरात-इतिहास' लेख्न जम्मा ४३ वर्ष लगाएको छु । ४३ वर्षभित्र सामग्री-सङ्कलन र लेखन दुवैलाई पूरा गर्ने प्रयास गरेको छु । विशेष संग्रहालयहरूको प्रयोग गर्दा वाराणसेय संस्कृत विश्वविद्यालयको संग्रहालय, हिन्दू विश्वविद्यालयको संग्रहालय, इलाहाबाद कम्पनीबागको संग्रहालय, मथुरा संग्रहालय, गौहाटी संग्रहालय, कार्वी आङलोङ (आसाम)-को संग्रहालय, त्रिपुरा राज्यको संग्रहालय, अरुणाचल राज्य ईटानगरको संग्रहालय, इम्फाल संग्रहालय मणिपुर, कलकत्ता विश्वविद्यालयको संग्रहालय, जम्बू-काश्मीर विश्वविद्यालयको संग्रहालय, मद्रास विश्वविद्यालयको संग्रहालय, लखनऊ विश्वविद्यालयको संग्रहालय, उडीसा जगन्नाथपुरी संग्रहालय, भुवनेश्वर संग्रहालय, काश्मीर श्रीनगर विश्वविद्यालयको संग्रहालय, जयपुर संग्रहालय, कोटा बूंदी (राज०) संग्रहालय, उज्जैन विक्रम विश्वविद्यालयको संग्रहालय, काठमाण्डौको राष्ट्रिय संग्रहालय, कपिलवस्तु संग्रहालय, हिमाचल संग्रहालय शिमला, अजन्ताका गुफा आन्ध्रप्रदेश, हात्ती गुफा बम्बई महाराष्ट्र आदि स्थानहरूमा तन मनले शोधखोज गरेको छु ।

अभिलेखालयहरूको उपयोग

'प्राचीन किरात-इतिहास'को खोजमा मैले निम्नलिखित अभिलेखहरूमा तीतो, टर्रो, अमीलो आदि सबै रस चाखेको छु । सबैभन्दा पूर्व वाराणसेय संस्कृत विश्वविद्यालयको सरस्वतीभवन अभिलेखालयमा विश्वमा सबैभन्दा धेरै संस्कृत भाषाका अभिलेखहरू सुरक्षित छन् । यसमा साढे चार लाख जति अभिलेख संग्रहीत छन् । यस संग्रहालयका संस्थापक डा० आर्थर वेटनिस थिए । उनी १८८८-१९१८ सम्म क्विसकालेजको द्वितीय प्रिंसिपल भएका थिए । यस संग्रहालयको उपयोग मैले आफ्नो पिएच० डी० को शोध-प्रबन्धमा पनि निकै गरेको छु । 'प्राचीन किरात-इतिहास' को बारेमा पनि प्राचीन अभिलेखहरू पर्याप्त हेरेर प्रयोग गर्ने अवसर पाएको छु । यसरी नै गुजरात बरोडा, गायकवाड अभिलेखालय, कुम्भकोणं अभिलेखालय, शङ्कराचार्य मठ (दक्षिणभारत), सरस्वतीमहल आन्ध्रप्रदेश, म० म० हरिप्रसादशास्त्री अभिलेखालय शान्तिपुर (बङ्गाल), बङ्गपुराणपरिषद् अभिलेखालय शान्तिपुर (बङ्गाल), पंजाब होशियारपुर विश्वेश्वरा नन्द वैदिक शोध-संस्थान अभिलेखालय, काठमाण्डौको राष्ट्रियाभिलेखालय, हरिपुर राजाको अभिलेखालय हिमाचलप्रदेश, राजकुमार क्याप्टेन शूरवीरसिंह पँवारको अमूल्य हस्तलिखित संग्रहालय टेहरी गढवाल आदि अभिलेखालयहरूमा एक छाक खाएर, दुःख पाएर सामग्रीहरू संग्रह गरेको छु ।

पुस्तकालयहरूको उपयोग

वाराणसेय संस्कृत वि० वि० को पुस्तकालय, नागरीप्रचारिणीसभा, गोयनका पुस्तकालय, माईकल लाइब्रेरी, का० हि० वि० वि० गायकवाड ग्रन्थालय, इलाहाबाद पब्लिक लाइब्रेरी, इलाहाबाद वि० वि० पुस्तकालय, डा० गङ्गानाथ झा पुस्तकालय, रामनगर राजाको पुस्तकालय, दिल्ली विश्वविद्यालय पुस्तकालय, गुरुकुल कांगडी वि० वि०

पुस्तकालय (हरिद्वार), विक्रम पुस्तकालय उज्जैन, कलकत्ता नेशनल लाइब्रेरी, एसियाटिक सोसाइटी लाइब्रेरी कलकत्ता, त्रिपुरा वि० वि० पुस्तकालय, मणिपुर इम्फाल वि० वि० पुस्तकालय, आसाम गौहाटी वि० वि० पुस्तकालय, खुदावक्स लाइब्रेरी पटना (विहार), जम्बू रणवीर पुस्तकालय, हिमाचल वि० वि० पुस्तकालय शिमला, गढवाल वि० वि० श्रीनगर गढवाल, कुमाऊँ वि० वि० नैनीताल, नेपालमा त्रिभुवन वि० वि० पुस्तकालय, राष्ट्रिय पुस्तकालय, हरिहरभवन केसर पुस्तकालय, पिण्डेश्वर पुस्तकालय धरान आदि पुस्तकालयहरूको यथोचित प्रयोग गरेको छु ।

तत्तत् विषयका विद्वान्हरूसँग भेटघाट, छलफल र परामर्श

१—स्वर्गीय श्रीधर विष्णु वाकणकर इतिहास र पुरातत्त्व विषयका मेरा गुरु हुनुहुन्थ्यो । वहाँसँग मैले प्राचीन इतिहास र पुरातत्त्वविषयक धेरै ज्ञान आर्जेको छु । वहाँ उज्जैन विक्रम विश्वविद्यालय संग्रहालयका अध्यक्ष हुनुहुन्थ्यो । मेरो जो ज्ञान छ ती सबै वहाँकै हुन् । त्यसमा आएका दोष जति मेरै हुन् ।

२—दोस्रा मेरा गुरु उदासीन-सम्प्रदायका सन्यासी नै भए पनि न्याय, व्याकरण आदिका साथसाथै ऋग्वेद तथा प्राचीन इतिहासका प्रकाण्ड विद्वान् महामण्डलीश्वर श्री १०८ स्वामी वासुदेवानन्द उदासीन हुनुन्थ्यो । ममाथि प्राचीन इतिहास र पुरातत्त्वसम्बन्धी ज्ञानको जग बसाल्ने यिनै दुइ गुरु थिए । दुवै गुरुहरूबाट प्राचीन इतिहासको पाठ पढेको छु । आज दुवै गुरुहरू हुनुहुन्न । वहाँहरूलाई यो काम श्रद्धाले समर्पण गर्दछु ।

३—तेस्रो, मणिपुर इम्फाल विश्वविद्यालयका प्राचीन इतिहासका विद्वान् भू० पू० प्रोफेसर राजकुमार पद्मभूषण मीनकेतन सिंहजी मेरा अत्यन्त सहृदय मित्र हुनुहुन्छ । प्राचीन किरात-इतिहासबारे भएको छलफल पनि ऐतिहासिक छ ।

उपर्युक्त विद्वान्हरू मेरा गुरु तथा अनन्य सहयोगी मित्रहरू हुन् । यीमध्ये गुरुहरूसँग ज्ञानको आदान-प्रदान गरेको छु ।

हृदयदेखि नै सहयोग दिने मेरा सहयोगीहरू

१. नागालेण्ड :—'प्राचीन किरात-इतिहास' रिसर्चको लागि सहयोगीहरूको अत्यन्त आवश्यकता पर्‍यो । त्यस सौजन्यपूर्ण आवश्यकतामा अत्यन्त सहानुभूतिपूर्ण सहयोग दिने महानुभावहरूमा श्री एच० बी० गुरुङ, ज्वइन्ट डाइरेक्टर ट्रेजरीज एण्ड एकाउन्ट तथा रूपनारायण लामा, ट्रेजरी एकाउन्ट; हरिप्रसाद गोर्खाराई 'सम्वाराछा' चामलिङ, भू० पू० रेडियो स्टेशन डाइरेक्टर; गोकुलमान क्षेत्री; पुजारी दुर्गाप्रसाद, दुर्गामन्दिर चानमारी कोहिमा आदि र नागालेण्डको पुरातत्त्व सङ्ग्रहालय आदिमा पुगेर अनुसन्धान गर्ने सहयोग प्राप्त भयो ।

२. त्रिपुरा :—पत्रकार सत्यरञ्जन चक्रवर्ती, अरुन्धतीनगर, रोड नम्बर ८, पो० ७९९००३, वि० हि० परिषद् महासचिव, अगरतल्ला; अजयदेव वर्मन, वनवासी कल्याण आश्रम, अगरतल्ला; रामप्रसाद दत्त, गवेषणाकार, चिल्ड्रेन लाइब्रेरी गान्धीघाट, अगरतल्ला तथा महामण्डलीश्वर स्वामी विष्णुपुरी, अध्यक्ष, जनसेवाश्रम, अगरतल्ला; रामगोविन्द मजुमदार, अ०, वि० हि० प०, कैलाससर, त्रिपुराकै सहयोगले त्रिपुराको 'प्राचीन किरात-इतिहास' को शोध-खोज गर्ने अवसर प्राप्त भयो ।

३. मेघालय :—यसरी नै मेघालयप्रदेशका एम० एल० ए० ध्रुवनाथ जोशी; पं० कृष्णदत्त शर्मा, कृष्णनिवास, अपर मोप्रेङ; प्रो० एन० बी० राई, शिलाङ कालेज; लखन लुसाई, लामाभिल्ला, शिलाङबाट मेघालय शिलाङको पुरातत्त्वविभागमा रिसर्च गर्ने अमूल्य अवसर प्राप्त भयो । चेरापुंजी रामकृष्ण-आश्रमका महन्त आदिवाट पनि मैले सहयोग पाएको छु ।

४. आसाम :--भू० पू० एम० एल० ए० विष्णुलाल पोखरेल, तेजपुर बाँसवारी; स्व० कवि पुष्पलाल चापागाईं, तेजपुर नेपाली पट्टी; भू० पू० एम० एल० ए०, चेरमेन चन्द्रवहादुर क्षत्री, डिग्बोई मार्गरेड; सुपेरीन्टेन्डेन्ट वलवहादुर राई, डुङ्माली, डिब्रूगढ; सोमनाथ शास्त्री, हापलुङ; डा० अनवर हुसेन, लेक्चरर, हिस्टोरी डेपार्टमेन्ट, डिब्रूगढ युनिभरसीटी; गौहाटी आमबाडी राष्ट्रिय पुरातत्त्वविभाग आदि स्थानहरूमा पुगी अनुसन्धान गरेको छु ।

५. मणिपुर :—प्रो० जी० पी० सिंह, हेड ओफ डिपार्टमेन्ट अफ हिस्ट्री, मणिपुर युनिभरसीटी, इम्फाल; भू० पू० राजकुमार, पद्मभूषण प्रो० मीनकेतनसिंह, वि० हि० प० अध्यक्ष; नीलवीर शास्त्री, महासचिव, वि० हि० प०, मणिपुर; रामनारायण अधिकारी, इम्फाल वि० हि० प० सचिव, सेनापति जिल्ला; अध्यापक भवानीप्रसाद सुवेदी, चारहजारे, नोटबुङ आदिले गरेको सहयोग भुल्न सकिँदैन ।

६. अरुणाचलप्रदेश :—तात्कालिक मुख्यमन्त्री जे जोङ अपाङ विशेष धन्यवादको पात्र हुनुहुन्छ जसले ईटानगरस्थित पुरातत्त्व सङ्ग्रहालयसँग सम्पर्क गरेर मालिनीस्थान, परशुरामकुण्ड आदिमा अनुसन्धान गर्ने सुविधा प्रदान गर्नुभयो । यसको साथै ईटानगर रामकृष्ण-आश्रमका विद्वान् महन्त तथा पुरातत्त्वविभागका डाइरेक्टर घोष साहब तथा उपडाइरेक्टर सरीन साहब आदिको सहयोग पाएको छु ।

७. गढवाल :—जङ्गम शब्दकोष भू० पू० राजकुमार के० शूरवीरसिंह पँवारको पुरानो राजदरवार टिहरीमा मैले महिनौं बसेर 'प्राचीन किरात-इतिहास' सम्वन्धी सामग्रीहरूको अध्ययन गर्ने अवसर पाएको छु । ८२ वर्षीय शूरवीर पँवार स्वभावले तेज हुनका साथै सहृदय पनि हुनुहुन्थ्यो । वहाँबाट पाएका सामग्रीहरू मेरो लागि अत्यन्त उपयोगी सिद्ध भएका छन् । गढवाल युनिभरसीटीका प्राचीन इतिहास र पुरातत्त्वविभागाध्यक्ष बी० एम० खण्डुडी र के० पी० नौटियाल आदिसँग परामर्श र विचारको आदान-प्रदान गर्ने मौका पनि पाएँ । शिवप्रसाद मैढाणी पनि उत्तिकै सहयोगी रहनुभएको छ ।

८. कुमाऊँ :—वैद्यनाथ, द्वाराहाट, गङ्गोलिहाट, डिड्डीहाट, जागेश्वर, कटारमल, जागेश्वर चम्पावती आदि सबैको पुरातत्त्व लखनऊ पुरातत्त्वविभागमा नै भए पनि उपर्युक्त स्थानहरूमा नियुक्त कर्मचारी विद्वान्हरूबाट सहयोग प्राप्त भएको छ । विशेष धनीरामाचार्यका पुत्र बदरीप्रपन्नाचार्य, बदरीनाथ मन्दिर, अलमोडा यस कार्यको लागि चिरस्मरणीय हुनुहुन्छ, जसले आफ्नो छोरा हरिलाई साथ लगाएर सम्पूर्ण कुमाऊँ घुमेर शोधखोज गर्न सहयोग गर्नुभएको छ ।

९. हिमाचलप्रदेश :—किरात-इतिहासको लागि अत्यन्त प्रामाणिक प्रदेश हो । हिमाचल युनिभरसीटी संग्रहालय, महाराज हरिपुरको हस्तलेख-संग्रह, चम्वा हरिराय मन्दिर आदिबाट पनि सामग्री उपलब्ध गरेको छु ।

१०. जम्बू-काश्मीर :—यसको तथा पुन्छ राज्यको पुरातत्त्व पुरातत्त्वको दृष्टिले त्यति महत्त्वपूर्ण बनाएका छैनन्, तैपनि ठाउँठाउँमा महत्त्वपूर्ण स्थलहरू छँदैछन् । काश्मीर श्रीनगरमा गुप्तगङ्गा ईश्वर आश्रमका संस्थापक लक्ष्मण स्वामीसँग श्रीनगर संग्रहालय र पुस्तकालयमा जाने र वहाँकै संग्रहमा भएका सामग्रीहरूबाट म अनुगृहीत भएको छु । जम्बूमा युनिभरसीटीको लाइब्रेरी तथा संग्रहालयका सामग्री र व्यक्तिगत सामग्रीहरूबाट पनि म लाभान्वित भएको छु ।

११. पन्जाब र हरियाणाप्रान्त :—यहाँको पुरातत्त्व आफ्नो दृष्टिमा महत्त्वपूर्ण भए पनि किरात-इतिहासको बारेमा सामान्य नै रह्यो । विश्वेश्वर वैदिकाश्रमको शोधसंस्थानबाट प्राप्त गरेको किरातसामग्रीलाई म भुल्न सक्दिनँ ।

१२. राजस्थान र मध्यप्रदेश :—यहाँको पुरातत्त्व प्राचीन किरात-इतिहासको लागि महत्त्वपूर्ण भएको छ । राजस्थानको पुरातत्त्वमा किरादू = किरातकूप अत्यन्त महत्त्वपूर्ण छ । मध्यप्रदेशमा त किरातहरूकै मूल राज्य यो । त्यसैले विन्ध्यपर्वतमाला र मेकलपर्वत (आधुनिक अमरकण्टक) र रेवा = नर्मदानदीको घाटी तथा क्षिप्रानदीकोथि

घाटी आदिमा किरातकालिक अवशेषहरू लुकेका छन्। तर खजुराव, भरहुत र उज्जैन आदिका पुरातत्त्वहरूलाई चन्देलवंशका राजाहरूको समयका हुन् भन्ने धारणाचाहिं गलत देखिन्छ। मैले यी क्षेत्रहरूको अनुसन्धान श्रीमती देवला मित्रा डाइरेक्टर (दिल्ली सेन्ट्रल गभर्नमेन्ट) हुँदै गरेको हो। मित्राजी त्यतिखेर सेन्ट्रल गभर्नमेण्ट दिल्लीकी केन्द्रीय डाइरेक्टर हुनुहुन्थ्यो। खजुरावको पुरातत्त्वसम्बन्धी कुराकानी पनि भएको थियो।

१३. गुजरातप्रान्त—यो पनि किरातहरूबाट छुटेको छैन। विन्ध्यगिरि गुजरातको भरूचबाट शुरू भएर बिहारको राजगिरिमा टुङ्गिन्छ। यो विन्ध्याचलको लम्बाइको सम्बन्धले गर्दा बिहारमा पनि ईसापूर्व सातौं-आठौं शताब्दी (कसैको मतमा २–३ शताब्दी)-का चन्द्रगुप्त मौर्य र किरातराजा-महाराजहरूको घनिष्ठ सम्बन्ध थियो। त्यसैले सौराष्ट्रको सोमनाथमन्दिरको पुरातत्त्व र द्वारिका आदिको पुरातत्त्वमा पनि यदुवंशको साथमा किरातकालिक पुरातत्त्व मिसिएको छ। यसबारेमा स्व० डा० सङ्कालियासँग मेरो धेरै ठूलो झडप परेको छ।

१४. बिहारप्रान्त—यसले तथा कुचबिहारले त्यत्रो ठूलो दर्शनीय पुरातत्त्व-संग्रहालय बनाउन सकेका छैनन्, तैपनि बिहारप्रान्तको दिदारनगरस्थित प्रसिद्ध यक्षणीको मूर्तिले प्रायः सबैजसो पुरातत्त्वविद्हरूलाई आकृष्ट पारेकै देखिन्छ। यस मूर्तिले एकदफे भारतको मात्रै होइन अपितु प्रायः विश्वकै पत्रपत्रिकालाई हल्लाएको छ।

यी सम्पूर्ण भारतवर्षभरि घुमेर भेला पारेका सामग्री राख्ने काम अझ ठूलो थियो। परम अन्तरङ्ग र विश्वासी नभएसम्म 'प्राचीन किरात-इतिहास'को सामग्री राखिदिने को? कसलाई खाँचो? किन राखिदिने? आदि कुत्कुतीले आधापिल्ठो भएको बेला मेरा परिश्रमले भ्याएसम्मका भारत, नेपाल, बर्मा, इङ्गलेण्ड आदिबाट पठाएका सामग्री सुरक्षित पारेर राखिदिनुहुने नेपाली भाषा (का० हि० वि० वि० ने० वि० अ०)-का मेरा गुरु श्रद्धेय डा० डिल्लीराम तिमसिनाजीप्रति सश्रद्ध शिष्टानुवादपूर्वक आभार व्यक्त गर्नु मेरो ठूलो कर्तव्य भएको छ। वहाँले 'पद्मस्मृतिग्रन्थ' को सामग्री पनि सुरक्षित राखिदिने ठूलो सहयोग गर्नुभएको थियो। वहाँले मसँग गर्नुभएको सहयोग र व्यवहारले वहाँ मेरो जीवन र जीवनीसँग चिरस्थायी हुनुहुन्छ। मेरो जीवन रहुञ्जेल वहाँका यी गुणलाई पाइला-पाइलामा बिर्सिनेछैनँ।

डा० राघव धिताल (४८ चैने एभेन्यु, साउथ वुडफोर्ड, लण्डन इ० १८२ डी० आर०)-लाई पनि यस कार्यमा मैले भुल्नु हुँदैन। डा० राघव धितालजीकै सौजन्यले बेलायतस्थित इण्डियन लाइब्रेरी तथा म्युजियम (विश्वप्रसिद्ध संग्रहालय) हेर्ने अवसर पाएँ।

नेपालको संग्रहालयको बारेमा मैले चर्चा गर्नुपर्दा नेपाल राष्ट्रिय संग्रहालय छाउनी, मुद्रा संग्रहालय वसन्तपुर हनुमान्ढोका तथा भक्तपुरका संग्रहालय आदिको उपयोग गरेको छु। यीमध्ये श्री जलकृष्ण श्रेष्ठजीको मैले सौहार्दपूर्ण सौजन्य पाएको छु। किरातकालिक मूर्तिहरूका तस्वीर उपलब्ध गराउनुमा जलकृष्ण श्रेष्ठजीको महत्त्वपूर्ण सहयोग रहेको छ।

यस्तै राष्ट्रिय अभिलेखालयका तात्कालिक निर्देशक डा० साफल्य अमात्यजीको पनि सौजन्यपूर्ण सहयोग प्राप्त गरेको छु।

डा० गोविन्द टण्डनजीले पनि कायेन, वाचा, मनसा अविस्मरणीय सहयोग गर्नुभएको छ। लगभग बाह्र वर्षदेखि निरन्तर सम्पर्कमा आएका छौं तर ऐलेसम्म सेवा-सहयोगमा आँच आएको छैन। यसरी नै भविष्यमा पनि सुमधुर सहयोगको अपेक्षा राख्दै वहाँलगायत उपर्युल्लेखित सबैमा सधन्यवाद शिष्टानुवाद प्रस्तुत गर्छु।

दीपक प्रेसका मालिक शिवशंकर प्रसादजीले आफ्नो समुचित देखरेखमा यस पुस्तकको चार चाँद लगाउने कार्य गर्नुभएकोमा शुभाशीराशिसहित धन्यवाद दिन्छु।

अन्त्यमा; 'प्राचीन किरात-इतिहास' को अत्यन्त मनोयोगले प्रूफ पढिदिने आयुष्मान् युवा पारसप्रकाश नेपाललाई मेरो शुभाशीराशिको साथमा लेखनीलाई यहीं विराम दिन्छु।

—लेखक

महा-शिवरात्रि, वि० सं० २०५०
वाराणसी

यो यस्तै भयो

समस्त संस्कृतवाङ्मयमा उल्लेख भएको 'किरात-इतिहास' यहाँ लेखिएको छैन । यहाँ केवल दिग्दर्शन मात्रै गरेको छु । जस्तै उदाहरणको लागि; चारै वेद, उपवेद, ब्राह्मण, आरण्यक, सूत्र, पुराण, उपपुराण, रामायण, महाभारतादिमा प्रसङ्गवश लेखिएका 'किरात-इतिहास' जम्मै लेख्ने हो भने प्रस्तुत ग्रन्थ जस्ता ठेलाका ठेला हुन जान्छन् । ग्रन्थविस्तारको साथसाथै छपाउने समस्या र पाठक-समस्या हुने भएकोले यहाँ संकेत मात्रै गरेको हो । सामग्री अझै शेषै छन् । रिसर्चै गरेको सामग्री पनि अझ एक डोको छ । यसै ग्रन्थलाई पनि धेरै वर्षपछि दाँतबाट पसिना निकालेर प्रकाशित गर्दैछु । यो परिश्रम विज्ञपाठकवाचकवृन्दले अवश्य बुझ्नेछन् भन्ने विश्वास छ ।

अर्को कुरा; धेरै वर्षदेखि अर्थात् ई० सं० १९५० देखि सङ्कलन गर्दै ल्याएको सामग्रीलाई ग्रन्थाकारमा सजाउँदा वरपर, तलमाथि पर्नु सक्छ । यो नहुने कुरा होइन, विज्ञजनहरूलाई थाहा भएकै विषय हो । कतै प्रमाद र कतै भूल-चूक भएकै हुन्छ । यस्तो यहाँ पनि भएकै होला । नीरक्षीरपेशल जनले विवेकले पढिदिए पुग्छ ।

यहाँ कैयौं लेखहरू अन्यत्र छापिएका पनि गाभिएका छन् । त्यसैले दोहरिएका पनि छन् । कतै पाठ या पाद-टिप्पणीहरू तलमाथि परेका पनि होलान् । स्वास्थ्यको कारणले गर्दा बल्ल लेखी मात्रै सकें । अब त दूधपानी छुट्याउने महानुभावहरूको सामने राख्ने प्रयास पनि सफल भएको छ । यो श्रेय प्रकाशन गर्नका लागि द्रव्यसहयोगी महानुभावहरूमा जान्छ । किरातेश्वरसन्देश, रविसन्देश, धर्मसन्देश आदि पत्र-पत्रिकाहरूमा प्रकाशित लेखहरू पनि यसमा संकलित गरेर राखिएका छन् ।

ई० सं० १९५० देखि अथक परिश्रम गर्दै आएको यो 'प्राचीन किरात-इतिहास' ई० सं० १९९४ मा राष्ट्र र समाजको सामु राख्न पाउँदा बूढापामा उठाएको भारी बिसाएको अनुभव गरेको छु । यो सत्य हो कि असत्य हो नीरक्षीर विवेचनपशल पाठक-वाचकवृन्दले स्वयं अनुभव गर्नुहुनेछ ।

यसबार यो ग्रन्थ यस्तै भयो । चिताए जस्तो हुनु सकेन । यसमा मुख्य कारण स्वास्थ्य ठीक नरहनु नै हो जसले गर्दा विज्ञपाठकवृन्दको सामु यो व्यथा बिसाउनु लागेको छु ।

यो इतिहास लेख्दा तत्तत् प्रकरणहरूमा प्रसंगवश केही तीता प्रसंग र शब्दहरू पनि प्रयोग गरेको छु । त्यो पूरा समाजको लागि होइन, तत्तत् व्यक्तिविशेषको प्रसंगका कटुसत्यार्थमा प्रयोग भएको छ । ती पंक्ति र शब्दहरूलाई पढेर मुर्मुरिने, रिसिने, टाउको दुखाइदिने पाठकभन्दा कटुसत्य बुझेर पढिदिने पाठक भए यस ग्रन्थको शोभा बढ्नेछ ।

अन्तमा; राष्ट्रहित र समाजहितनिम्ति लेखेको यस इतिहासलाई राष्ट्र र समाजकै हातमा समर्पण गर्छु ।

रामनवमी
वैशाख, २०५१ वि० सं०
वाराणसी

सबैको हितचिन्तक,
डा० स्वामी प्रपन्नाचार्य
(सम्माननीय सदस्य राज-परिषद्)

विषय-सूची

भाग–१

खण्ड १—ऋग्वेदमा किरात··················१-४९
- १. वैदिक ग्रन्थहरूमा किरात/१
- २. ऋग्वेदका मन्त्रद्रष्टा ऋषिहरू/३
- ३. किरात-ऋषिका यजमान राजा असमाति/६
- ४. संस्कृत-वाङ्मयमा किरात/८
- ५. ऋग्वेदमा किरात-ऋषि/२०
- ६. ऋग्वेदमा शम्वर-किरात/२२
- ७. ऋग्वेदमा चुमुरी-किरात/२५
- ८. ऋग्वेदमा धुनि-किरात/२६
- ९. ऋग्वेदमा पिप्रु-किरात/२७
- १०. ऋग्वेदमा तुग्र-किरात/२८
- ११. ऋग्वेदमा वर्चिन्-किरात/२९
- १२. राजा द्रुह्यु-किरात/३०
- १३. वृहद्देवतामा किरात/३१
- १४. ऋग्वेदमा दासराज्ञयुद्ध/३२
- १५. ऋग्वेदकालिक किरात मृतक-संस्कार/३३
- १६. किरातकालिक राष्ट्र तथा जनपदराज्य/३६
- १७. पुर अथवा राजधानी/३८
- १८. किरातकालिक भौगोलिक स्थिति/४०
- १९. राजा तृत्सुको राज्य/४१
- २०. शाल्वराजा/४१
- २१. शिग्रु र यक्षु/४२
- २२. कीकट/४३
- २३. शवर तथा पुलिन्द/४३
- २४. द्रुह्यु/४४
- २५. शूद्रजनपद/४५
- २६. शक-किरात/४५
- २७. कुणिन्द-किरात/४६
- २८. आत्रेय-किरात/४७
- २९. भारद्वाज-किरात/४७

खण्ड २—यजुर्वेद र अथर्ववेदमा किरात······५०-५५
- १. श्वपति-किरात/५२
- २. एक किरात-युवति/५४

खण्ड ३—ब्राह्मणग्रन्थहरूमा किरात·········५६-५९
- १. सामवेदीय ताण्डचमहाब्राह्मणमा किरात/५७
- २. ऋग्वेदीय ऐतरेयब्राह्मणमा किरात/५८

खण्ड ४—स्मृतिग्रन्थमा किरात············६०-८५
- १. मनुस्मृतिमा किरात
  - (क) पौण्ड्र-क्षत्रिय/६१
  - (ख) उड्र-क्षत्रिय/६१
  - (ग) द्रविड-क्षत्रिय/६१
  - (घ) काम्वोज-क्षत्रिय/६२
  - (ङ) यवन-क्षत्रिय/६२
  - (च) शक-क्षत्रिय/६२
  - (छ) पारद-क्षत्रिय/६३
  - (ज) पह्लव-क्षत्रिय/६३
  - (झ) चीन-क्षत्रिय/६३
  - (ञ) किरात-क्षत्रिय/६३
  - (ट) दरद-क्षत्रिय/६४
  - (ठ) खस-क्षत्रिय/६४
- २. शक तथा यवनहरू पनि आर्यक्षत्रिय नै थिए/६५
- ३. द्राविडहरू पनि आर्य नै हुन्/६५
- ४. किरातहरूका प्राचीन नाम/६८
- ५. झूठो इतिहासलाई हामीले कहिलेसम्म साँचो मान्ने ?/७३
- ६. आर्यहरू बाहिरबाट आएका होइनन्/७५
- ७. 'आर्य' शब्दको सही अर्थ/७९
- ८. दस्यु को थिए ?/८१
- ९. शिश्नदेव किरात/८२
- १०. अनास भनेको थेप्चे नाक/८४

खण्ड ५—पुराणहरूमा किरात…………८६-१२२
१. अग्निपुराणमा किरात/८६
२. मत्स्यपुराणमा किरात/८७
३. मार्कण्डेयपुराणमा किरात/८९
४. वायुपुराणमा किरात/९१
५. लिङ्गपुराणमा किरात/९२
६. ब्रह्मपुराणमा किरात/९४
७. विष्णुपुराणमा किरात/९६
८. भागवतमा किरात/९७
९. हरिवंशपुराणमा किरात/१००
१०. कालिकापुराणमा किरात/१०२
(क) किरातसम्राट् घटक/१०२
११. महर्षिवसिष्ठ केही दिन किरात भए/१०४
१२. पशुपतिपुराणमा किरात/१०५
१३. स्कन्दपुराणमा किरात/१०९
(क) किरातराजा शंकु र विरूपाक्ष/१०९
१४. त्यो सुँगुर को थियो ?/११३
१५. पूर्वजन्मका किरात अर्जुन/११६
१६. गोत्रप्रवर्तक किरात-ऋषि/११७
१७. शौनकवंशी किरात/११९
१८. असुर किरात हो कि ?/११९
१९. दानव किरात हो कि देवजाति ?/१२०
२०. सूर्यवंशी किरात/१२१
खण्ड ६—रामायणमा किरातको उत्पत्ति १२३-१३४
१. टुप्पी राख्ने किरातहरू/१२५
२. मान्छे खाने किरात/१२८
३. माछा खाने किरात/१२८
४. जङ्गली किरात/१२९
५. वाल्मीकि किरातहरूसँगै बसेका थिए/१३०
६. वासिष्ठरामायणमा किरात/१३०
७. किरातराज्यमा कर्कटी राक्षसीको उपद्रव/१३१
८. किरातराजा सुरघु/१३२
खण्ड ७—महाभारतमा किरात………१३५-२१७
१. अस्सी वर्षका किरातसम्राट् भगदत्तको वीरता/१३७
२. किरातसम्राट् भगदत्तका एक करोड सेना थिए/१३९
३. एकलव्य किरात होइनन्/१४०
४. सात किरातराजा हारे/१४१
५. यलम्वर र अलम्वर तथा अलम्वुष् राक्षस/१४३
६. ययातिका सन्तान म्लेच्छ/१४४
७. किरातहरूलाई पनि 'म्लेच्छ' भनेर उल्लेख गरेको छ/१४५
८. किरातहरू काला पनि हुन्थे/१४७
९. रामायण महाभारतकालभन्दा पूर्व नै थियो/१४८
१०. काम्वोज-किरात/१४९
११. हेमिल्टनको भूल/१५०
१२. तन्त्रमन्त्रका विद्वान् किरातहरूका साथमा ब्राह्मण/१५१
१३. अनूपद्वीपका किरातराजा नीलाम्वुद/१५२
१४. दक्षिण देशका किरात/१५६
१५. पश्चिमदिशाका किरात/१५६
१६. किरातराजाहरूसँग यज्ञसेन/१५७
१७. किरातराजा शूकर/१५८
१८. किरातक्षत्रियहरूले जनै कैँलेदेखि छाडे ?/१६०
१९. दश हजार किरात-युवति/१६१
२०. किरातराजा कुणिन्द/१६३
२१. किरातराजा सुबाहु/१६७
२२. किरातराजा सुबाहुका अतिथि पाण्डव/१६९
२३. किरातराजा सुमना/१७१
२४. नेपालका किरातराजा/१७२
२५. किरातराजाले सात सय हात्ती दिएका थिए/१७३
२६. अग्निगर्भकिरात/१७५
२७. दैत्यपुरका किरातराजा शाल्वका मदवाला हात्ती/१७६
२८. मत्स्यदेशको विराटनगर/१७७
२९. किरातविजयको जयदेश ?/१७८
३०. महाभारतमा उल्लेखित किरात/१८०
३१. म्लेच्छ-क्षत्रियहरूको उत्पत्ति/१८२
३२. किरातकालिक बौद्धिक जनजीवन/१८४
३३. स्त्रीशिक्षा/१८६
३४. महिलाहरूको विवाह/१८७
३५. सुरक्षा तथा युद्धनीति/१८८
३६. किरातकालिक राजतन्त्र-व्यवस्था तथा गणतन्त्रको विकास/१८९

३७. प्राचीन किरातकालिक मन्त्रिपरिषद्/१९३
३८. किरातकालिक अर्थशास्त्र/१९६
३९. किरातकालिक कृषिव्यवस्था/१९८
४०. पशुपालन/२००
४१. गाई तथा गोरुको आर्थिक उपयोगिता/२०१
४२. तात्कालिक वाणिज्य/२०२
४३. शिल्पकला र कौशल/२०४
४४. श्रम तथा पारिश्रमिक/२०६
४५. किरातकालिक सरकार तथा प्रशासन/२०७
४६. राजप्रासाद तथा राजपरिवार/२१०
४७. महाभारतकाल-निर्णय/२१२
४८. पाश्चात्यहरूको आधारमा पौरस्त्यहरूको काल-निर्धारण गर्नु असम्भव हुनेछ/२१५
४९. किरातहरूले कालनिर्धारण गर्दा ध्यान राख्नुपर्ने प्रमाण/२१६

खण्ड ८—बुद्धकालिक किरात………… २१८–२२९
१. नेपालमा बौद्धधर्मको विकास/२१८
२. नेपालदेखि बाहिर बौद्धधर्म-विस्तार/२१९
३. के बुद्ध हिन्दू थिए ?/२१९
४. बुद्धको मूल उद्देश्य/२२३
५. बौद्धधर्मको प्रचारमा ब्राह्मणहरूको भूमिका/२२७
६. बुद्धमूर्तिहरूमा जनै (यज्ञोपवीत)/२२८
७. भगवान् बुद्ध तथा भगवान् महावीरको समसामयिकता/२२८

खण्ड ९—लिच्छवि-किरात…………… २३०–२३८
१. लिच्छवि-किरातहरूको उत्पत्ति/२३५
२. 'लिच्छवि' शब्दमा भ्रम/२३६
३. लिच्छविहरू आउने भ्रम/२३६
४. महाराजमहासामन्त क्रमलील को थिए ?/२३७

खण्ड १०—तन्त्रमा किरात……………… २३९–२४३
१. किरातदेशको सिमाना/२४०
२. विन्ध्याचलका किरात/२४२

खण्ड ११—अर्थशास्त्र र ज्योतिषमा किरात ····२४४–२४९
१. किरातहरू गुप्तचर विभागमा पनि थिए/२४५
२. किरातराजाको मृत्यु/२४६
३. भरणी नक्षत्रमा किरातराजाको हानि/२४७
४. निमिषराजा र किरातराजालाई पिर्ने ग्रह/२४७
५. वराहमिहिरको समयमा किरातहरू कता बास गर्थे?/२४७
६. किरातहरू उत्तरमा धेरै रहन्थे/२४८
७. ब्रह्मपुरे किरात/२४८
८. मेकलवासी किरात/२४९
९. प्राक्ज्योतिषपुरका किरात/२४९

खण्ड १२—महाकाव्यहरूमा किरात···· २५०–२५९
१. किरात-महाकाव्यमा किरात/२५१
२. द्वैतवनका किरातराजा/२५२
३. ब्रह्मचारी संन्यासी किरात/२५३
४. सुँगुर खाने किरात/२५४
५. सुवर्णपुरका किरात/२५५
६. कालीदासको यक्ष को थिए ?/२५८

खण्ड १३—नाटकमा किरात……… २६०–२६३
१. वैयाकरण-किरात/२६१
२. मुद्राराक्षसमा किरातराजा पर्वतक/२६२

खण्ड १४—राजतरङ्गिणीमा किरात···· २६४–२७३
१. किरग्रामका किरात/२६६
२. आसकोटका कत्यूरी किरात/२६७
३. राजीकिरात-बोलीको नमूना/२६८
४. किरातपुत्र को थिए ?/२६८
५. किरातराजा भीमसेन/२६९
६. वर्मन किरात/२६९
७. हराएका किरातहरू/२७०
८. गढवालका नागवंशी किरात/२७२
९. हूणवंशका किरात/२७३

खण्ड १५—कुषाणकालिक किरात, मुद्रा तथा मूर्ति ···२७४–२९६
१. कुषाण-किरातहरू/२७४
२. राहुलले मानेको तिथिक्रम/२७४
३. कनिष्कको वंशपरम्परा/२७५
४. प्राचीनकालिक किरातमुद्रा/२७५

५. कुणिन्दराज अगरजका मुद्रा/२७७
६. कुणिन्दराज बलभूति/२७८
७. कुणिन्दराज धनभूति/२७८
८. राजा शीलवर्मा/२७९
९. यी देशहरूमा प्राचीन मुद्रा प्राप्त भएका छन्/२८०
१०. किरातमहाराज अमोघभूतिको मुद्रा/२८१
११. त्रिपुरी किरात-मुद्रा/२८२
१२. यौधेय-किरात-मुद्रा/२८२
१३. कनिष्कको मुद्रा/२८३
१४. हुविष्कको मुद्रा/२८३
१५. किरातकालिक किरातमूर्तिहरू/२८४
    (क) नेपालभित्र प्राप्त किरातमूर्तिहरू/२८४
१६. किरातेश्वर भगवान्/२८५
१७. किरात-महारानी/२८६
१८. अहिच्छत्रको किरातेश्वर/२८६
१९. महाबलिपुरम्को किरातमूर्ति/२८६
२०. जनैधारी यक्ष-किरात/२८७
२१. भूमराका किरातमूर्तिहरू/२८७
२२. पशुपति सेरोफेरोको किरातमूर्ति/२८८
२३. ड्राइगनमूर्ति/२८९
२४. किरातमूर्ति खोपिएका केही गुफाहरू/२९०
२५. कुषाणकिरातहरूको अवशेष/२९१
२६. ऊनकोटिको किरातहरूको अवशेष/२९१
२७. भुवनपहाड/२९२
२८. नेपालमा किरातकालिक लिपि/२९२
२९. किरातहरूको धर्म/२९३
३०. किरात-दर्शन पाशुपत शैव-दर्शन/२९४
३१. शिवलिङ्गका पूजक किरात/२९५

भाग–२

विविध विषय

१. प्राचीन इतिहास जान्ने प्रमुख साधनहरू २९९
    (क) आजको इतिहासकारहरूले कति इतिहास जानेका हुन्छन् ?/३०२
२. 'इतिहास' शब्दको अर्थ ३०३
३. सिन्धुघाटीको सभ्यतामा किरात-सभ्यता ३०४
४. इतिहासको संशोधन र पुनर्लेखन हुनैपर्छ ३०६
५. प्राचीनकालमा इतिहास जान्दैन थिए ? ३०९
६. केही आश्चर्यजनक शब्द र त्यसको अर्थ ३१०
७. धत्तेरी गोबरगणेश ! ३११
८. पाषाणयुगको झूठो कल्पना ३१५
    (क) पहिलो पाषाणयुग/३१५
९. किरात-सभ्यता : एक चर्चा ३२२
१०. आजको माझकिरातको प्राचीन अस्तित्व ३२८
    (क) माझकिरातमा किरातहरू कहिलेदेखि बसोवास गर्न पुगे ?/३३०
११. तमोर नदी र तामर जाति ३३३
१२. 'खम्बु' शब्दले राईहरूलाई बुझाउँदैन ३३६
    (क) 'खम्बु' शब्दको अर्थ/३३६
१३. किरात-इतिहासलाई कसैले जलाएका छैनन् ३४०
१४. प्राचीन तथा आधुनिक किरात ३४२
१५. भाषाविज्ञानको जाल ३४३
    (क) अंग्रेजीले अहिलेसम्म संस्कृतलाई छोड्न सकेको छैन/३४५
१६. किरातहरू गुफामा बस्थे ? ३४७
१७. विदेशी साहित्यमा किरात ३४९
१८. बौद्धसाहित्यमा किरात ३५०
१९. वैदिक इण्डेक्सको दृष्टिमा किरात ३५१
२०. अभिलेखहरूमा किरात ३५२
२१. लालमोहर कुन सही ? ३५४
२२. किरात शब्द कुन-कुन अर्थमा प्रयोग भएको छ ? ३५५
    (क) किरात शब्द कुन भाषाको हो ?/३५६
२३. किन वंशावलीहरूमा किरातराजाहरूको नाम बदलियो ? ३५८
    (क) नाम-परिवर्तन बुद्धिमानीले गरेको देखिन्छ/३६१

२४. प्राचीनकालमा नाम राख्ने चलन ३६२
२५. किरातहरूले जनै धारण गर्थे ३६३
२६. किरात र शवरमा भेद छैन ३६४
२७. प्राचीन किरातहरूको जाति र गोत्र ३६५
२८. आधुनिक किरातहरूमा चामलिङ्गहरूको पाछा ३६९
    (क) चामलिङ्गे भाषिका र संस्कृतमा साम्य/३७५
    (ख) चामलिङ्ग र संस्कृत शब्दमा साम्य/३७६
२९. दोवालीछा चामलिङ्गहरूको सामे र इतिहास ३७८
    (क) दोबालीछाहरूको भेद/३७९
३०. सामे र पाछामा अन्तर ३८०
३१. बिहा गर्दा वाक्दान र सिन्दूर-पोतेको चलन ३८१
३२. मरेपछि शुद्ध गर्ने चलन ३८२
३३. चौतारा र पौवा-पाटीले पनि मङ्गोलियन सिद्ध हुँदैन ३८४
३४. वर्तमानकालिक किरातहरूको रीति ३८५
    (क) थुलुङ्गे राईहरूको हाँगाबिगा/३८६
    (ख) खालिङ्गे राईहरूको हाँगाबिगा/३८७
    (ग) बोइङ्गे राई/३८७
    (घ) नाछिरङराईको हाँगाबिगा/३८८
    (ङ) साङ्गपाङ्गे राईको हाँगाबिगा/३८९
    (च) मादेहाङ्गबाट फुटेका हाँगाबिगा/३८९
    (छ) सोम्बेहाङ्गबाट फुटेका हाँगाबिगा/३९०
    (ज) लामसङबाट फुटेका हाँगाबिगा/३९०
    (झ) मेवाहाङबाट फुटेका हाँगाबिगा/३९१
    (ञ) किन्दाङ्गे राईहरूको हाँगाबिगा/३९२
    (ट) दुमीराईहरूको हाँगाबिगा/३९२
    (ठ) वान्तवाहरूको हाँगाबिगा/३९३
    (ड) कोयू राईहरूको हाँगाबिगा/३९४
    (ढ) कुलुङ्गे राईको हाँगाबिगा/३९४
३५. नामको पछाडि जाति लेख्ने प्रथा ३९५
३६. बाहुनबाट निक्लेका जातिहरू ३९७
    (क) कामीको थर/३९७
    (ख) दमाईहरूको थर, गोत्र तथा शाखा/३९८
    (ग) सार्कीको थर र मिझारे सार्की/३९९
३७. जनैधारी शिवको उपासक किरात ४०१
३८. वर्तमानकालिक किरातभाषिका ४०३
    (क) किरातभाषादेखि किरातबोलीसम्म/४०३
    (ख) वान्तवा-बोली र चामलिंगे बोलीमा समता/४०५
    (ग) कोषरचना र त्यसको आवश्यकता/४०६
    (घ) किरातलिपिमा भ्रम/४०७
३९. संस्कृत-भाषादेखि वान्तवा-बोलीसम्म ४१०
    (क) संस्कृतदेखि तद्भव र अपभ्रंश भएका शब्दहरू/४१०
    (ख) मेची, कोशी र सगरमाथामा पर्ने किरातबोलीका केही नाम/४११
    (ग) तत्सम र तद्भव शब्दहरू/४१३
    (घ) वान्तवा-बोली र चामलिंगे बोलीमा विषमता/४१३
    (ङ) संस्कृतको धातुबाट अपभ्रंश भएका वान्तवा-बोलीका केही क्रियापदहरू/४१४
    (च) केही सञ्ज्ञावाचक शब्दहरू/४१५
    (छ) सर्वनाम शब्दको रूप/४१५
    (ज) 'लिङ', 'सिङ', 'दिङ' जोडिएका केही स्थानका नामहरू/४१६
    (झ) 'जुङ' जोडिएका केही स्थानका नामहरू/४१६
    (ञ) 'रूङ' र 'लुङ' आदि जोडिएका नामहरू/४१७
    (ट) 'टाङ', 'लाङ', 'हाङ' आदि जोडिएका नाम/४१७
    (ठ) 'चा', 'मा', 'पा' आदि जोडिएका नाम/४१८
    (ड) 'ट', 'टी', 'पी' आदि जोडिएका शब्द/४१८
    (ढ) लेखाइमा नआउने शब्दहरू/४१९
    (ण) वाक्यमा प्रयोग/४१९
    (त) तत्पुरुष समास/४२०
    (थ) द्वन्द्व समास/४२०
    (द) बहुव्रीहि समास/४२०
    (ध) वान्तवा-बोलीमा व्याकरणको प्रयोग/४२१
    (न) वान्तवा-बोलीमा पनि संस्कृतमा जस्तै क्रियापदमा लिङ्ग छुट्टिदैन/४२१
    (प) वान्तवा-बोलीमा संस्कृतमा जस्तै लिङ्ग/४२२

४०. मुन्धुमबाट सृष्टिको उत्पत्ति ४२४
(क) बिजुवा र माङ्पा/४२७
(ख) बिजुवा र माङ्पामा अन्तर/४२८
(ग) नाक्छोङ-मुन्धुमी/४२८
४१. ठकुरी राई ४३०
(क) थर तथा गोत्र/४३०
(ख) पुजारी-परम्परा/४३१
(ग) अठपरे राईहरूको रीतिस्थिति/४३१
(घ) मृत्युसंस्कार/४३१
(ङ) जनै लगाएर किरियापुत्री बस्छन्/४३२
(च) वालक शुद्ध गर्ने चलन/४३२
(छ) वेलाराका अठपरिया राई/४३३
(ज) कोदेम्बा-बोली/४३३
४२. राईहरूबाटै लिम्बू छुट्टिएका हुन् ४३५
४३. लिम्बूकिरातहरूको धार्मिक स्थिति ४३९
(क) एक लिम्बूबाट दश लिम्बू भए/४४१
(ख) मावोहाङ लिम्बू/४४२
(ग) थेगीम लिम्बू/४४२
(घ) सेरेङ लिम्बू/४४३
(ङ) फागो लिम्बू/४४३
(च) सांवा लिम्बू/४४४
(छ) वोखिम लिम्बू/४४५
(ज) खोकयाङ लिम्बू/४४५
(झ) थेवे लिम्बू/४४५
(ञ) पापोहाङ लिम्बू/४४६
(ट) ईजम लिम्बू/४४६
(ठ) याकपाङदेन लिम्बू/४४६
(ड) फेदाप लिम्बू/४४७
(ढ) आग्रे लिम्बू/४४७
(ण) नाम्बाङ लिम्बू/४४८
(त) हुक्पाहाङ लिम्बू/४४८
(थ) खेवा लिम्बू/४४९
४४. मगर-किरात ४५०
(क) तागाधारी मगर-किरात/४५१
(ख) थरैले पनि आर्य-हिन्दू नै सिद्ध हुन्छ/४५७
(ग) आलेको भेद/४५७
(घ) बुढाथोकी मगर/४५८
(ङ) घर्तीमगर/४५८
(च) पुनममगर/४५९
(छ) थापामगर/४६०
(ज) रानामगर/४६०
४५. सेनवंशका किरात ४६१
(क) सेनकिरातहरूको धार्मिक देन/४६१
(ख) सेनवंशी किरातहरू र वावुराम आचार्यको भूल/४६२
४६. गुरुङ-किरात ४६४
(क) सोह्र जात गुरुङ/४६६
(ख) लामा गुरुङ्गको हाँगाबिगा/४६७
(ग) लामिछाने गुरुङ्गको हाँगाबिगा/४६८
(घ) घले गुरुङ्ग/४६८
(ङ) घोतानी गुरुङ्ग/४६९
४७. सुनार-राई ४७१
(क) सुनुवारराई-किरात/४७२
(ख) सुनुवार-राईको संस्कार/४७३
ग) सुनारराईहरूको गोत्र/४७५
४८. तामाङ-किरात ४७६
(क) तामाङहरूका बाह्र जात/४७६
(ख) अठ्ठार जात तामाङ/४७६
(ग) नेगी/४७८
(घ) रुम्बाराजाले वसालेको तामाङहरूको धार्मिक रीतिस्थिति/४७९
४९. नेवार-किरात ४८१
५०. गोपालवंशका किरात तथा ज्यापू ४८३
(क) ज्यापूहरूको थर/४८५
(ख) ज्यापूहरूको रीतिस्थिति/४८६
(ग) बसोवास गर्ने ठाउँहरू/४८७
५१. सूर्यवंशी किरातमल्लहरू ४८८
५२. थारू-किरात ४९०
(क) पूर्वेली थारू-किरातका थरहरू/४९४
(ख) पश्चिमी थारू-किरातका थरहरू/४९४
५३. धिमाल-किरातका गोत्र ४९६
५४. शोखा जाति र व्यासी एकै हुन् ४९७

५५. मार्छा-किरात ४९८

५६. थकाली किरात ४९९

५७. किरातहरूको पतन कसरी भयो त ? ५००

५८. कुनै पनि लेखकहरूले चर्चा नगरेका विषय ५०२

५९. कर्णाली अञ्चल सिंजाको खोज ५०४

- (क) धापा पञ्चायत/५०४
- (ख) डाबज्यूला/५०५
- (ग) भण्डारी गाउँको मन्दिर/५०५
- (घ) बैल्काटा गाउँको शिवमन्दिर/५०५
- (ङ) मिचा गाउँको देवल/५०६
- (च) कनकसुन्दरी देवी/५०७

६०. भेरी अञ्चल डुगेश्वरदेखि दहगाउँ डुल्लु ५०८

६१. बाइसे र चौबीसे होइन ५१३

- (क) गण्डकी क्षेत्रका बत्तीसे राज्य/५१४
- (ख) कर्णाली प्रदेशमा ४२ राज्य थिए/५१५
- (ग) चौबीसे राज्यका नामावली/५१५
- (घ) बाइसे राज्यको नामावली/५१५
- (ङ) काठमाडौं, धुलिखेल र पूर्वका राजधानी/५१६
- (च) पूर्व र दक्षिणका राजधानी/५१६
- (छ) डियाँराजा को थिए ?/५१६
- (ज) राजा अरमुडि/५१७

६२. मङ्गोलिया कहाँ छ ? ५१९

- (क) के किरातहरू मङ्गोलियन हुन् ?/५२८
- (ख) 'मङ्गोल' नाम कसरी पऱ्यो ?/५३१
- (ग) 'मङ्गोल' शब्द मुसलमानले चलाएका हुन्/५३३
- (घ) 'मङ्गोल' शब्दको प्रयोग कहिलेदेखि हुन थाल्यो ?/५३४
- (ङ) किरातहरूलाई 'मंगोलियन' भनेर लेख्ने को हो ?/५३५
- (च) मंगोलिया र कम्बोडियाको सन् १९२४ को तथ्यांक/५३८
- (छ) मंगोल देशमा संस्कृत मन्त्र र शिक्षाको लागि अक्षरमाला/५३८
- (ज) इष्टदेवको मान्यताले पनि मङ्गोलियन सिद्ध हुँदैन/५३८
- (झ) किरातहरूले मान्ने देवता वा ईश्वर अलग छैन/५४०
- (ञ) दश किरात/५४१
- (ट) गोत्र-परम्पराले पनि मङ्गोलियन सिद्ध हुँदैन/५४१
- (ठ) भूसुरी, वाछापा, छोछापाको परम्परा के हो ?/५४२
- (ड) गर्भाधान र गर्भरक्षा/५४३
- (ढ) जन्मेपछि शुद्ध गर्ने चलन/५४३
- (ण) न्वाँगीले पनि मङ्गोलियन सिद्ध हुँदैन/५४४
- (त) टुप्पी राख्ने परम्पराले पनि मङ्गोलियन सिद्ध हुँदैन /५४४
- (थ) धनुषकाँडले पनि मङ्गोलियन सिद्ध हुँदैन/५४५
- (द) दैलामाथिको गणेश र नागपूजाले पनि मङ्गोलियन सिद्ध हुँदैन/५४७
- (ध) पितृपूजाले पनि मंगोलियन सिद्ध हुँदैन/५४७
- (न) पाछाले पनि मंगोलियन सिद्ध हुँदैन/५४८

६३. 'किरात' शब्द कुन भाषाको हो ? ५५०

६४. 'किराँती' हो कि 'किरात' ? ५५२

६५. किरातासुरको उल्लेख ५५३

- (क) के किरातहरू असुर थिए ?/५५४
- (ख) देवता पनि असुर थिए/५५५

६६. के किरातहरू हिन्दू होइनन् र ? ५५७

६७. 'किरात' शब्दको अर्थ र त्योसँग सम्बन्ध राख्ने 'आर्य' शब्द ५५९

६८. नेपालका आधुनिक किरातहरूको भर्ती ५६१

६९. ई० सं० १८२४ मा दान दिने किरातहरू ५६३

७०. चार जात छत्तीस वर्णभित्र राई, लिम्बू आउँदैनन् र ? ५६५

७१. किरातहरूको ढोग, प्रमाण र त्यसको मुद्राहरू ५६७

- (क) किरातहरूको माङ्गलिक चिह्नहरू/५६८

७२. काठमाण्डो 'उपत्यका' कि 'अधित्यका' ? ५६९

भाग—३

नेपालबाहिरका किरात

१. अहोम किरात-संस्कृति ५७३
२. सोणितपुरको किरात-संस्कृति ५७५
३. डिमापुरको किरात-संस्कृति ५७७
४. अरुणाचल प्रदेशको अनुसन्धान ५७८
(क) महाराज रुक्माङ्गदका सन्तान अरुणाचलवासी किरात/५७९
(ख) साप्ताहिक हिन्दूस्थान ७ दिसम्बर १९८७/५८२
(ग) नेफा/५८२
५. गौहाटीको पुरातत्त्व ५८४
६. त्रिपुराको अगरतल्ला संग्रहालयको निरीक्षण ५८७
(क) त्रिपुरी ककवरक भाषा र १२ हालाम जाति/५९०
(ख) त्रिपुराका प्रथम किरातराजा ययातिका वंश/५९१
(ग) त्रिपुरी किरातराज-वंशावली/५९४
७. चाकमा-किरात ५९७
८. डिमाछा-किरात, कछारी-संस्कृति ५९९
९. कार्वी किरात-संस्कृति ६०१
१०. कुकी किरातहरूको देवता र वार, त्योहार ६०४
११. नागा किरातहरूको रीतिस्थिति ६०७
१२. कोचे कछारी ६०९
(क) मूल कछारी/६०९
१३. मिजो 'वेते' किरात-संस्कृति ६११
१४. मणिपुरे किरात-साहित्य ६१३
१५. खसिया किरात ६१६
१६. जयन्तिया किरातजातिको संस्कृति ६१९
१७. गारो किरात ६२०
१८. भाइपेई जाति ६२१

* परिशिष्ट खण्ड ६२५–६४८
* सहायक ग्रन्थ-सूची ६४९
* द्रव्य-सहयोगी महानुभावहरू ६५४
* लेखकका अन्य कृति ६५५

भाग–१

खण्ड–१

ऋग्वेदमा किरात

खण्ड १

वैदिक ग्रन्थहरूमा किरात

जब ऋग्वेदको दशौं मण्डल पनि यस्तो छ कि किरातहरूसँग सम्बन्ध नजोडे मन्त्रको सङ्गतीकरणै हुँदैन भने किरातहरू ऋग्वेदकालमा थिएनन् भन्नु अबुझ कुरा हो। राजा असमातिका ऋषिपुरोहित किरात र आकुलिको इतिहास नल्याएसम्म बन्धु, सुबन्धु, श्रुतबन्धु र विप्रवन्धुको प्रसङ्गै आउँदैन। बन्धु आदिको इतिहासबिना 'ऋग्वेद १०/४/५७ सूक्त' नै बन्ने थिएन। त्यसैले ऋग्वेदकालमा किरातऋषिहरू थिए भन्ने इतिहास प्रष्ट हुन्छ, किनभने गोपायनहरूको विरोधी किरातऋषि थिए। यस्तै किरातऋषिको दोस्रो नम्बरमा 'आकुलि' ऋषिको नाम आउँछ। तर वैदिक ग्रन्थहरूमा पाठभेद भने पर्याप्त मात्रामा पाइन्छ। पञ्चविंश ब्राह्मण (१३/१२/५ मा किरातकुल्यौ) पाठ पाइन्छ। यस पाठलाई पाश्चात्य विद्वान् बोढलिङ्कले आफ्नो 'कोष' मा 'आकुली' अलग शब्द मानेको छैन। अर्थात् 'किरातकुल' किरात-परिवार भन्ने अर्थ गरेको छ। ऋग्वेदका वृहद्देवता (७/८६) मा 'किराताकुली' पाठ देखिन्छ। यसरी नै यजुर्वेदका शतपथ-ब्राह्मण (१/१/४/१४) मा पनि 'किराताकुली' नै पाठ देखिन्छ। तर पाश्चात्य विद्वान् कीथले सम्पादन गरेको शाट्यायन-ब्राह्मणक (ऋ० १०/५७/१-६०/१) तथा जैमिनि-ब्राह्मण (३/१६७) मा 'किराताकुली' पाठ छ भने सामवेदीय ताण्ड्यमहाब्राह्मण १३ खण्डको ५ मन्त्रमा 'किरातकुल्यौ' नै पाठ छ। यसरी ऋग्वेददेखि लिएर उपर्युक्त वैदिक ग्रन्थहरूमा अन्यत्र पनि यो प्रसङ्ग उल्लेख भएको छ। तर पाठचाहिं 'किराताकुली र किरातकुल्यौ' नै छ। यसको अर्थ निर्णय गर्ने पौरस्त्य 'निरूक्त' नै हो। निरूक्त यस कुरामा मौन छ। ब्राह्मण-ग्रन्थहरूमा यही पाठभेद देखिन्छन्। त्यसपछि सबैको गुरु सायणाचार्य भए। परन्तु यस-बारेमा सायण पनि ब्राह्मणग्रन्थहरूकै साथ देखिन्छ। मेरो भनाइचाहिं केवल यति छ 'किरातऋषि' ऋग्वेदको मन्त्रदर्शनकालमा पनि थिए। 'किरातकुल्यौ' भए पनि 'किराताकुली' भए पनि 'किरात' शब्दलाई प्राचीन इतिहासबाट अलग पार्ने कसैको ताकत छैन। 'किरातऋषि' थिएनन्, होइन भन्ने पनि कसैको ताकत छैन।

इतिहासप्रसिद्ध किरातहरू यसरी ऋग्वेदमा पनि प्रासङ्गिक इतिहासको प्रकरण बन्न पुगेका छन् भने यस प्रकरणलाई अप्रासङ्गिक भन्नु पनि अनुपयुक्त नै हुनेछ। महाराज असमाति र श्रुतबन्धु आदि पुरोहितहरूको प्रसङ्ग जबसम्म रहन्छ तबसम्म इतिहासको एकैक अक्षरले ऋग्वेदभित्र किरातहरूको इतिहास छ भन्ने प्रमाण पुष्ट रूपमा मानिनेछ। यद्यपि कैयौं वेदज्ञानशून्य इतिहासकारहरूले ऋग्वेदमा 'किरात' शब्द नपाइएको हुनाले किरात-इतिहासको गन्ध ऋग्वेदमा पाउनु मूर्खता हो भन्ने दुःसाहस पनि गर्छन्। साथै 'मुखमस्तीति वक्तव्यम्' भनेझैं प्याच्च भनी पनि हाल्छन्। वस्तुस्थितिमा प्याच्च भन्नु नै प्रमाण होइन। साथै भनिहाल्यो भन्दैमा प्रमाण हुने पनि होइन। त्यसैले प्रमाणको लागि प्रमाणान्तरको

आवश्यकता पनि परेकै हुन्छ। साथै प्रमाणको खोजीमा प्रमाणभित्रै प्रमाण पनि लुकेको हुन्छ। अथवा तद्वाचक शब्द उल्लेख भएको छैन, अथवा भेट्टाइएन भन्दैमा त्यसले अप्रामाणिक हुने पनि होइन। त्यसको लागि बुद्धिगम्य शोधखोजको साथ भविष्यको र भूतकालिक दोसाँध जोड्ने क्षमता इतिहासको खोजी गर्ने विद्वान्हरूमा हुनुपर्छ। यदि महाराज असमातिको साथमा श्रुतबन्धु आदि पुरोहितहरूले आन्दोलन नगरेका भए किरात र आकुलि महाराज असमातिका राजपुरोहित हुने थिएनन्। मन्त्रभित्र परेका महाराज असमाति र श्रुतबन्धु आदिका आख्यानलाई स्वीकार नगर्ने हो भने ऋग्वेदीय सूक्तको अर्कै अर्थ गर्नुपर्ला। त्यो सम्भव छैन।

प्राचीन भाष्यकारहरूमध्ये सायण चौधौं शताब्दीका थिए। सायणले गुरु-परम्पराअनुसार वेद पढेर सायण-भाष्यको रचना गरेका हुन्। त्यसैले हामी सायणभन्दा बर्ता पाश्चात्यहरूलाई वेदार्थमा कथमपि श्रेयः दिन सक्तैनौं। कसैले पाश्चात्यहरूलाई अनावश्यक श्रेयः दिने भूल गरे भने पनि वेदको गन्धै नसुँघ्नेहरूले दिएको श्रेयःको मूल्य नै के? त्यसैले समस्त वैदिक भाष्यकारहरूले वैदिक वाङ्मयभित्र महाराज असमाति तथा उग्ररूपधारी श्रुतबन्धु आदि राजपुरोहितहरूको परित्याग र किरात र आकुलिले राजपुरोहित हुने इतिहास एकै स्वरमा लेखिएका छन्। यिनीहरू गोपायनवंशका थिए भन्ने इतिहास पनि तद्तद् ग्रन्थहरूमा प्रष्टिएको छ। ती प्रकरणहरूलाई व्यापकरूपमा लेख्दा अनावश्यक ग्रन्थको कलेवर बढ्ने भएको हुनाले यहाँ संक्षेपमा लेखिएको हो। नीरक्षीरविवेकी पाठकवृन्दले अन्तैबाट हेरेर चित्त बुझाउनुहुनेछ।

ऋग्वेदका मन्त्रद्रष्टा ऋषिहरू

इतिहासका पानाहरूलाई राम्ररी गोडिनेलि गरेर हेर्दा कुनै न कुनैलाई यस पङ्क्तिले झुसले डकार आउला। तर ऋग्वेद विश्वको प्राचीनतम मानवनिधि हो भने अत्युक्ति हुनेछैन। यति मात्रै होइन, प्राचीन मानवइतिहास पनि ऋग्वेदमै पाउँछौं। गम्भीर अध्ययन गर्दा आधुनिक ज्ञान र विज्ञानको सूत्रपात ऋग्वेदको मण्डल, अष्टक, अध्याय र सूक्तहरूमा गुम्फित भएको इतिहास प्रष्ट छ। सूक्तभित्र पनि मन्त्रहरूमा विशेष रूपले ध्यान दिएमा धेरै इतिहास खुला भएको देखिन्छ।

तर त्यस्ता आदिदैविक, आदिभौतिक र आध्यात्मिक अर्थघटित सूक्तहरूको द्रष्टाऋषि को थिए ? कुन जातका थिए ? कहाँका थिए ? आदि जिज्ञासा हुनु स्वाभाविकै हो। यी जिज्ञासाहरूको समाधान सहज छैन। सबैबाट समाधान हुन असम्भव नभए पनि कठिन अवश्य छ। कैयौं परम्परावादीहरूले अध्ययन नगरीकन ब्राह्मणदेखि बाहेक अरू मन्त्रद्रष्टा हुनै सक्दैनन् भन्दथिए। आज पनि कतिपयले भनिराखेकै छन्। परन्तु अध्ययन गर्दै लैजाँदा वेद वर्गविशेषको मात्रै पेवा होइन अपितु ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र तथा स्त्रीवर्गदेखि लिएर समस्त मानव मात्रले वेदको ज्ञान गर्न पाइने रहेछ भन्ने प्रमाण स्वयं वेदैले दिएको छ। यस्तै मन्त्र-द्रष्टा ऋषिहरूले पनि वर्गविशेष नभएर सबैले मन्त्र देखेर सङ्ग्रह गरेको इतिहास यहाँ आचार्य सायणको माध्यमबाट विज्ञपाठकवृन्दसामु पुऱ्याउने चेष्टा गरिएको छ। साथै पौरस्त्य र पाश्चात्य दुवै थरी वैदिक विद्वान्हरूका गुरु पनि केवल सायणाचार्य हुन् भन्नुमा अत्युक्ति हुनेछैन। आचार्य सायणको अनुसार मन्त्रद्रष्टा ऋषि वर्गविशेष अथवा जातिविशेष नभएर, जसले साधना गरेर मन्त्र दर्शन गर्थे, उही ऋषि वा ऋषिका हुन्थे। यास्काचार्यको पनि यही मत छ। अझ खुलस्त भन्ने हो भने कर्मको आधारमा ब्रह्मर्षि, महर्षि, काण्डर्षि, श्रुतर्षि, देवर्षि, राजर्षि आदि संज्ञा भएको पाइन्छ। ऋग्वेदको (९/१०८/१२-१३) मन्त्रहरूका संग्रहकर्ता राजर्षि 'ऋणश्चय' थिए। यस्ता राजर्षिहरूमध्ये विवस्वानका पुत्र मनु, विश्वामित्रका पुत्र अष्टक, ऋषभ, मधुच्छन्द, मान्धाता, भरतपुत्र अश्वमेध, नहुषका पुत्र ययाति इत्यादि ऋग्वेदका मन्त्रद्रष्टा क्षत्रिय ऋषि हुन्। **यीमध्ये नहुष र ययाति किरात-क्षत्रिय थिए।** यहाँ दुराग्रह गर्न खोजेको होइन अपितु इतिहासले बताउँछ। वेदका प्रकाण्ड विद्वान् पण्डितराज भागवताचार्यजीले कक्षीवान्लाई शूद्र भनेर लेखेका छन्। परम्परागत अध्ययन गर्ने विषयमा सन्देह छैन। यहाँ शूद्र आदि शब्द कुनै जातिविशेष होइन, कर्मपरक मात्रै हो। ऋग्वेदको प्रथम मण्डलमा ११६ देखि लिएर १२६ सूक्तसम्म १६३ मन्त्र छन्। यी सबै मन्त्रका ऋषि कक्षीवान् हुन पुगेको छ। वर्तमान समयका एक मात्र वैदिक गुरु सायणाचार्यजीले ११६ सूक्तको आरम्भमा यसरी लेखेका छन्—'उशिक्सञ्ज्ञायाम् अङ्गराजस्य महिष्यां दास्यां दीर्घतमसोत्पादितः कक्षीवान्—अस्य सूक्तस्य ऋषिः'। अर्थात् उशिक् नाम गरेकी अङ्गराजकी महिषी-दासीमा दीर्घतमसले उत्पन्न गरेकी कक्षीवान्, यस सूक्तको मन्त्रद्रष्टा ऋषि हो भनिएको छ। यसरी नै ऋग्वेदको १० म० ३९ सूक्तकी ऋषिका 'घोषा' हुन पुगेकी छ। 'घोषा' कक्षीवान्की पुत्री थिई। विज्ञपाठकवृन्दले अवश्य न्यायपूर्वक हेर्नुहोला। दुवै पिता-पुत्री ऋग्वेदका मन्त्रद्रष्टा ऋषि र

ऋषिका हुन पुगेका छन् । सायणाचार्यले 'कक्षीवतो दुहिता घोषा नाम ब्रह्मवादिनी ऋषिका' भनेर लेखेका छन् । अर्थात् कक्षीवान्‌की 'घोषा' नाम गरेकी पुत्री ब्रह्मवादिनी ऋषिका थिई भनेर सायणले लेखेका छन् । यस परिस्थितिमा स्त्री र शूद्रले वेद पढ्ने अधिकार छैन भन्नु कहाँसम्मको न्यायसंगत कुरो हो ? त्यो नीरक्षीरविवेकी पाठकवृन्दसामु प्रस्तुत छ । अपाला, रोमशा, वाक्, वागाम्भृणी, सूर्या आदि ऋग्वेदीय महिलाहरू वेदका विदुषी ऋषिकाहरू थिए । यो 'वेदमा के छ ?'[1] भन्ने ग्रन्थमा स्पष्ट पारिएको छ । साथै उपनिषद्‌कालिक मैत्रेयी, गार्गी आदिलाई पनि हामीले भुल्नु हुँदैन ।

यहाँ वैदिक ऋषिहरूको उल्लेख गर्दा शवर किरातहरू पनि ऋग्वेदका मन्त्रद्रष्टा ऋषि हुन पुगेका छन् भन्ने स्पष्टीकरण दिनु पनि आवश्यक देखिन्छ । आजसम्म पाश्चात्य इतिहासकारहरूले हामीलाई अँध्यारो कुनामा राखेजस्तै केही व्यक्तिहरूले वेदको बारेमा 'सूर्य पश्या राजदाराः' बनाएर राखेका थिए । हुन सक्छ उनीहरूको बाटो पनि अलि पूर्वकाहरूले मेटिदिए । नदेखी खनेको बाटो यस्तै हुन्छ । कानले सुन्दै आए, मुखले भन्दै ल्याए । कुरा सिद्धियो । भन्नेले भन्दै गए, सुन्नेले सुन्दै गए । पर गएर पोखाइदिए । श्रोता र वक्ता दुवैमा वास्ता रहेन । इतिहासको बाटो बिरियो । त्यसैले कतिपयले वेदको अनधिकारी घोषित गरेका छन् भने कतिपयले लाखौं वर्ष पुरानो असली इतिहासलाई बिर्सेर आजभन्दा चार सय वर्ष-पहिलेको मङ्गोलतिर घस्किँदै गएका देखिन्छन् । यहाँ शवर किरातहरू पनि वैदिक मन्त्रद्रष्टा ऋषि थिए भन्ने इतिहास आचार्य सायणले दोहोऱ्याएको देखिन्छ । त्यसैले ऋग्वेदको १० मण्डलको १६९ सूक्तका ऋषि 'शवर' हुन् भनी प्रष्ट लेखेको पाइन्छ । शवरहरू किरातवंशका एक शाखा हुन् । यो इतिहास ऐतरेय ब्राह्मण र आरण्यक आदि १९ देखि शुरू गरेर ग्रन्थ समाप्तिसम्म नै पाइन्छ । आचार्य सायण ऋग्वेद भाष्यमा लेख्छन्—'मयो भूरिति चतुर्मृचमष्टादशं सूक्तं कक्षीवद्‌गोत्रस्य शवरस्यार्षम्' । अर्थात् 'मयो भूः' इत्यादि मन्त्रका चौथो ऋचाका १८ सूक्तका ऋषि कक्षीवान्‌को गोत्रमा उत्पन्न हुने 'शवर' थिए । यी प्रमाणबाट यो सिद्ध भयो कि वैदिक मन्त्रद्रष्टा ऋषिहरू कुनै जातिविशेषमा आधारित थिएनन् । जो तत्त्वदर्शी ज्ञानी हुन्थे, उनैले मन्त्रदर्शन गर्थे । उनैलाई मन्त्रद्रष्टा ऋषि भनेर संज्ञा दिए । उपर्युक्त वैदिक ऋषिहरूको विषयमा केवल आचार्य सायणको मात्रै एकलकाँटे लेखाइ होइन अपितु सायणभन्दा पूर्वका वेदज्ञ भाष्यकारहरू पनि यस इतिहाससँग सहमत छन् । यो अवश्य छ कि वर्तमान समयमा सायण-भाष्य 'वेदार्थ दीपिका' बाहेक कुनै भाष्य पूरा छैनन् । परन्तु वैङ्कटमखी, हस्तामलक, नारायण आदिका जो भाष्य प्राप्त छन्, ती भाष्यहरूमा ऋषि, देवता, छन्द आदि अवश्य लेखिएका हुन्छन् । तीमध्ये प्रसङ्गानुसार उपर्युक्त मन्त्रद्रष्टा ऋषिहरूको इतिहास कुनै पनि भाष्यकारहरूले भुलेका छैनन् ।

तर मध्यकालिक वर्गविशेषमा वेद सीमित रहन पुग्यो । आपसमा मात्र पठनपाठन हुन थाल्यो । बिस्तारै भाष्यार्थ पनि गर्न छोडे । केवल हात हल्लाउने परम्परा मात्रै चलाउँदै गए । यो स्थिति ई० पू० १५ सय यास्कको समयमा पनि आइसकेको थियो । 'स्थाणुरयं किलाभूत् योऽर्थं न विजानाति' भनेर यास्कले निरूक्तमा त्यतिखेरका वैदिकहरूलाई हानेको इतिहास आज पनि उत्तिकै स्पष्ट छ । जो वेद पढ्छ, वेदको अर्थ जान्दैन, त्यो वेदज्ञ होइन । ठूँठा हो भनिएको छ । तर हामी यास्कले जस्तो भन्न चाहँदैनौं । वेदको र वेदमन्त्रहरूको अर्थचाहिं अवश्य नै जान्ने प्रयास गर्नुपर्छ । वेदमन्त्रहरूको अर्थ जान्नलाई संस्कृत पढ्नुपर्छ । परिमार्जित संस्कृत ज्ञानको लागि व्याकरण पढ्नु आवश्यक छ । व्याकरण निरूक्त, प्रातिशाक्ख्य, तद्‌तद् विषयका ब्राह्मण, आरण्यक आदि ग्रन्थाध्ययन गरेपछि निश्चय नै वेदार्थ गर्न

---

[1] वेदमा के छ ?, पृ० ९९, १०३ हेर्नुहोस् ।

सरल पर्छ। यसरी अध्ययन गरेमा हामीले हाम्रा अतीतका पूर्वजहरूलाई जान्न सक्छौं। उनका खानपिन, क्रियाकलाप, रहन-सहन, संस्कृति, सभ्यता र ज्ञान-विज्ञान आदि जान्न सक्छौं। यसैको नाम इतिहास हो। **इतिहासले अतीत र भविष्यको सम्बन्धलाई जोड्दछ। वर्तमान इतिहास होइन**। वर्तमान केवल निर्माण-अवस्था हो। त्यो भविष्यमा इतिहास हुन सक्छ। त्यसैले इतिहासलाई 'पुरा' र इतिहास जान्नेलाई 'पुराविद्' संज्ञा दिइएको हो। अतएव ऋग्वेद केवल स्तुतिपाठ मात्र नभएर समस्त ज्ञान-विज्ञान आदिका सूत्रात्मक ऐतिहासिक ग्रन्थ हो। ती मन्त्र संग्रह गर्ने ऋषिहरू हाम्रा अतीतका इतिहासकार हुन्। ती सूक्तहरू अतीतका इतिहासका पानाहरू हुन्।

ती इतिहासका पाना थप्ने ऋषि र ऋषिकाहरू कुनै जातिपातिका थिएनन्। विशुद्ध मानववादी थिए। ती मानववादी ऋषि र ऋषिकाहरूले संग्रह गरेका वेदमन्त्रहरूको ज्ञान फेरि १८ औं शताब्दीदेखिन् डा० वर्नफ, डा० मेक्समूलर र वेवर आदिले अन्ताराष्ट्रमा मनग्य प्रचार गरे। भारतमा महर्षि दयानन्दले बेजोड प्रचार गरे। आज विश्वका १३५ देशहरूमा जर्मन, फ्रान्स, इंग्लैण्ड, अफ्रिका, केनाडा, अमेरिका आदि देशका विश्वविद्यालयमा विविध वेदका १३२ वेदज्ञ विद्वान्हरू छन्। केवल वेद विषयमा भाषण र परिचय दिने अध्यापकहरू हजारौंको संख्यामा छन्। संस्कृतका अरू विषय जान्नेहरूको संख्या धेरै छ।

तर विश्वमा अहिले ऋग्वेदमाथि निक्कै चहल-पहलका साथ अध्ययन-मनन, चर्चा-विचर्चा भै राखेको छ। यो रिपोट विश्व संस्कृत सम्मेलन र अखिल भारतीय दर्शन सम्मेलनहरूबाट प्रष्ट भएको छ। यसरी मानववादी हाम्रा पूर्वज ऋषि र ऋषिकाहरूले संग्रह गरेको वेदराशिलाई पाश्चात्य विद्वान्हरूले पनि आफ्नो लेखनी र वक्तव्यको विषय बनाएका छन्। आज विश्वको एक मात्र हिन्दू राष्ट्र नेपालमा पनि मानववादी ऋषि र ऋषिकाहरूले जस्तै वैदिक अध्ययन र अनुसन्धान गर्ने अवसर र सुविधाहरू पाउनुपर्छ। तब मात्र हाम्रा पूर्वज ऋषि र ऋषिकाको ऋणबाट उऋण हुनेछौं।

यो त रह्यो मन्त्र-द्रष्टा ऋषिहरूदेखि लिएर केही चर्चित आवश्यक विषयको कोटचाउने पारा। तर उपसंहार रूपमा भन्ने हो भने प्राचीन किरात-इतिहासको एकौक नालिबेली केलाउनको लागि मूल रूपमा संस्कृतको अध्ययन नगरी हुँदै हुन्न भन्ने स्पष्टीकरण प्रष्टै बुझिन्छ। त्यसमा पनि उपर्युक्त ऋषि, ऋषिकाहरूदेखि लिएर तद्तद् विषयक प्राचीनकालिक इतिहासको खोज गर्दा हामीले वैदिक वाङ्मयभित्र पौडिदाखेरि संस्कृत नपढी हुँदै नहुने देखिन्छ। त्यसैले संस्कृत भाषालाई छोडेर तथा वैदिक वाङ्मयलाई छोडेर किरात-इतिहास अन्यत्र सही रूपमा पाउनै सकिंदैन। पाश्चात्यहरूले आजसम्म आफ्नो स्वार्थका लागि केही रूपमा जानी नजानी वैदिक वाङ्मयको अध्ययन गरे पनि त्यो पौरस्त्यहरूको लागि होइन। त्यो केवल पाश्चात्यहरूकै लागि मात्र हो। पाश्चात्यहरूले वैदिक तथा लौकिक दुवै प्रकारको अध्ययन गर्ने प्रयास गरेका छन्। परन्तु ती अध्ययनका प्रयास शब्द-सूचीसम्ममा सीमित रहेका छन्। शब्दार्थपछि भावार्थभन्दा पनि संगतीकरणार्थचाहिं सबैभन्दा असुहाउँदिलो र गलत देखिन्छ। त्यसैले किरात-इतिहासको बारेमा पाश्चात्यहरूले भ्रम फैलाउनुबाहेक निर्णयात्मक दृष्टिकोण दिन सकेनन्। किरात-इतिहासको सबैभन्दा ठूलो मूल जरो वैदिक वाङ्मय र ऋषिमुनि नै हुन् भन्नुमा अत्युक्ति हुनेछैन।

●

किरात-ऋषिका यजमान राजा असमाति

किरातऋषिको साथ जहाँ आकुलि इतिहासका पृष्ठमा साथ लागेका देखिन्छन्, त्यहीं राजा असमातिलाई पनि छोडेको खण्डमा ऋग्वेदको एउटा सूक्तैको सङ्गतीकरणै लाग्दैन । राजा असमातिले जहाँ बन्धु, सुबन्धु, विप्रबन्धु, श्रुतबन्धुहरूलाई पुरोहित बनाएका थिए, यी चारै भाइ पुरोहितहरूले आफ्ना यजमान राजा असमातिसँग ठीक व्यवहार गरेको देखिंदैन । त्यसैले राजा असमातिले आफ्नो ऋषिपुरोहितलाई परित्याग गरेर किरातऋषि तथा आकुलि ऋषिहरूलाई आफ्नो पुरोहित बनाएका थिए । राजा असमाति इक्ष्वाकुवंशका थिए । इक्ष्वाकुवंश क्षत्रिय कुलमा प्रसिद्ध छ । तर स्वयं मन्त्रद्रष्टा ऋषिहरू क्षत्रियहरू पनि देखिन्छन् । इक्ष्वाकुवंशीय राजा असमातिको इतिहास केवल ऋग्वेदमा[1] मात्रै होइन अपितु वृहद्देवता[2], अथर्ववेद[3], पञ्चविंशब्राह्मण[4], जैमिनीब्राह्मण[5], शाटचायनब्राह्मण[6] आदिमा राजा असमातिको इतिहास पाइन्छ । यत्रो लामो इतिहास प्रामाणिक प्राचीन ग्रन्थहरूमा हुँदै आएका छन् । ऋग्वेदको ५/२७/३ मा त्र्यरुण र त्रसदस्यु तथा पञ्चविंशब्राह्मणको त्र्यरुण र त्रैधातवमा इक्ष्वाकुवंशकै उल्लेख भएको पाइन्छ । वृहद्देवताको त्र्यरुण र त्रैवृष्ण आदिको सम्बन्ध पनि इक्ष्वाकुसँगै देखिन्छ । यो प्राचीन इतिहासको परम्परा हो ।

तर उक्त ग्रन्थहरूमाथि पाश्चात्यहरूले[7] कलम चलाएर निकै ठूलो इतिहास बिगार्ने प्रयास गरेका छन् । जहाँ पाश्चात्यहरूले पौरस्त्य प्राचीनभन्दा अति प्राचीन विद्या पढेर केही काम गर्ने प्रयास गरे, त्यहीं समस्त प्राचीन इतिहासमा 'साइनाइस विष' पनि पर्याप्त मात्रामा घोलेको देखिन्छ । सबैभन्दा ठूलो

---

[1] ऋ. १०/६०/४,

[2] वृ. दे. ७/८५,५/१४,

[3] अ. वे. १४/३९/९.

[4] प. विं. ब्रा. १३/३/१२,

[5] जै. ब्रा. ३/१६७,

[6] शा.ब्रा. १८/४२,

[7] ओल्डेन वर्ग, वैदिक हिम्स, ३६६
    (क) लुडविक, ऋग्वेदको अनुवाद, ३, १३३, १३८, ४, ३२४,
    (ख) अल्टिन्डिशेलेवेन, १०४, १३०,
    (ग) पिशल, विदिशे स्टूडियन, २।२१८,
    (घ) गल्डनर, ३, १५२;
    (ङ) मैक्समूलर, ऋ, c cvii (१६७)
    (च) मैक्डोनेल, वृ. दे. अ. वे. टिप्पणी, ७।८५,
    (छ) ब्लूमफील्ड, अ. वे. सूक्त, ६८०,
    (ज) ह्विटेनी, अ. वे. अनुवाद, ९६१,

काम अर्थ बङ्ग्याउने र भ्रम उत्पादन गर्ने नै भएको छ, किनभने संस्कृतन जान्नेहरूले त्यही अंग्रेजी अनुवाद नै पढ्ने भए। फेरि, यिनीहरूको चतुराई के छ भने जहाँ अर्थ बङ्ग्याउन नसकिने छ, जहाँ प्रष्ट अर्थ छ, त्यहाँ पनि केही कुरा लेखेर एक-दुइवटा सन्देह उत्पादन गर्ने कुरा वा शब्दहरू राखेकै हुन्छ। जस्तै— 'इक्ष्वाकु' शब्द सम्पूर्ण ऋग्वेदमा उल्लेख भएको देखिन्छ। तर त्यो पनि 'सन्दिग्ध सन्दर्भमा उल्लेख भएको देखिन्छ'[1] भनेर लेख्छन्। यस्ता कति हो कति भ्रमात्मक कुरा मन्त्रहरूमा गरेका छन्। कैयौं शब्दहरूमा भ्रम उत्पादन गरेका छन्। कतै प्रकरणमा नै भ्रम पारेका छन् भने कतै काल र इतिहास-अंशमा भ्रम पारेका छन्। मूल हेरेर अर्थ नगर्ने र मूल नजान्नेहरूको त पूरा बुद्धिको हत्या नै गरेर राखिदिएका छन्।

राजा असमातिको बारेमा पनि कैयौंले यस्तै भ्रमात्मक कुराहरू लेखेका छन्, जो मूल ग्रन्थ नहेरेसम्म बाटो पाउन सारै गारो देखिन्छ। त्यसैले यो भन्न कर लाग्छ कि हिन्दू आर्यहरूको सिंगान अवश्य नै पुछिदिएकै हो। यसमा दुइ राय छैन। तर सिंगान पुछ्ने व्याजले नाकै ताछेर फालेकोचाहिं थाहा नै भएन। यहाँ भन्नु यति छ कि इक्ष्वाकुवंशका राजा असमाति अवश्य थिए। निस्सन्देह थिए। असमातिले कुलपुरोहितको परिवर्तन गरेका थिए। कुलपुरोहितको नयाँ नियुक्तिमा किरातऋषि तथा आकुलि ऋषि दुवैलाई नियुक्त गरेका थिए। यस घटनाले अर्को इतिहास पनि प्रष्ट हुन्छ। त्यो केहो भने पहिले चार पुरोहित थिए। अब दुवै ऋषिपुरोहित भर्ना गरे। यस इतिहासले योग्यताको मापदण्डको साथै मितव्ययिताको इतिहासलाई पनि प्रष्ट पारेको देखिन्छ। कतै राजा र ऋषिहरूको सामाजिक स्थितिमा मितव्पयिता सम्बन्धैमा त विवाद भएन होला? सम्भव छ। मितव्ययिताले योग्य छ भने चारको स्थानमा दुइले पनि कार्य सम्पन्न हुन सक्छ। जातीय कुरा त ऋग्वेदकालमा थिएन। योग्यता र कार्यदक्षताकै आधारमा नियुक्ति दिने इतिहास यसै घटनाले पनि प्रष्ट पारेको छ। यो ऋग्वेदकालिक इक्ष्वाकुवंशका राजा असमातिको इतिहासले प्रष्ट पारेको छ।

पारस्परिक रूपले किरातहरूको प्राचीन इतिहासलाई केलाउँदा विशेष रूपले ऋग्वेदका केही सूक्त र केही प्रकरणहरूलाई ध्यान राख्नैपर्ने हुन्छ। जबसम्म हामी ऋग्वेदमा पुग्दैनौं तबसम्म किरातहरूको पत्ता लाग्न सक्तैन। तर यो भन्न खोजेको होइन कि ऋग्वेद पूरै किरात-इतिहास हो। भन्न खोजेको यो हो कि ऋग्वेदमा सूत्रात्मक रूपले किरातहरूको इतिहास स्पष्ट रूपमा उल्लेख भएको छ। अन्यथा भाष्यकार तथा टीकाकारहरू यस विषयका अनभिज्ञ मानिनेछन्। त्यसैले महाराज असमातिको ऋग्वेदीय प्रकरण किरात-इतिहासको लागि स्वर्णाक्षरमा लेखिएको पृष्ठभूमि हो भन्न सकिन्छ।

●

---

[1] वैदिक इडेक्स, पृ. ८४,

संस्कृतवाङ्मयमा किरात

किरातकालिक इतिहास कोट्याउँदा निश्चय नै किरातहरू वैदिक वाङ्मयको स्वरूप बन्न पुगेका देखिन्छन् । यद्यपि केही आधुनिक पाश्चात्य र तदनुयायी भारतीय तथा नेपाली लेखकहरूले आर्य र अनार्य भन्दै बेग्लाबेग्लै छुट्याउने चाँजो गरेका छन् । तर यो तथ्य इतिहास हैन । सबै कुरा अर्काको आँखाले देखेको ठीक हुँदैन । यही परिस्थिति किरातसम्बन्धी इतिहासमा पनि पर्न गयो । आधुनिककालमा त झन्सारो पाश्चात्य अन्धानुकरण हुँदैछ । तर यो इतिहास मासिने तरीका राम्रो हैन । स्वयं आफैंलाई समाप्त गर्ने षडयन्त्र मात्र हो । जसको इतिहास छैन, त्यस देशको अस्तित्व हुँदैन । जसको अस्तित्व छैन, त्यो मुर्दा हो । जुन देशको इतिहासले मुर्दा बन्न सिकाउँछ, त्यस देशको जनता हमेशा मुर्दा नै भएर बाँच्दछ । यसरी मुर्दा बनाउने इतिहास लेखेर पाश्चात्यहरूले निकै ठूलो भ्रममा पारेको देखिन्छ । यति मात्रै होइन, अपितु निकै ठूलो इतिहासको पानामा दगुर्ने हुँ भन्नेहरूको पनि दिल र दिमागको हत्या भएको देखिन्छ । तर हत्या गर्ने पाश्चात्य लेखकहरू निकै सुरिएका बाठा थिए, किनभने ज्यानको हत्या भयो भने ज्यानमारा भएर फाँसी भैहाल्छ । इतिहासको हत्या गर्‍यो भने त 'धन्यवाद' पाइयो । 'आँखा फुटेका थिए, देख्ने बनाइदिनुभयो, त्यसैले धन्यवाद' भन्नेछन् । उनीहरूको इतिहासको मीठो हत्या पनि भैहाल्छ । ऐय्या पनि छैन, अत्था पनि छैन । पुक्लुक्क-पुक्लुक्क भैहाल्छन् । एउटाको कैले आँखा फुट्ला र सेवा गरौंला भन्ने स्वभाव छ । अर्काको चाहिं कैले आँखा फुट्ला र तिरस्कार गरौंला भन्ने । दुवैको धारणा गलत छ । आँखा फुटेपछि सेवा र तिरस्कार गर्ने भावनाभन्दा बरु आँखै नफुटोस् भन्ने धारणा नै असल होला । सबैलाई एक छिनको लागि 'सत्यं शिवं सुन्दरम्' को बाटो देखाउनु अझ राम्रो हुनेछ ।

यहाँ, आँखा फुटेकालाई तिरस्कार गर्नेभन्दा कैले आँखा फुट्ला र सेवा गर्ने मौका पाऊँला भन्ने अझ खतरनाक छ, किनभने आँखा फुट्ने प्रार्थना गर्‍यो, आँखा फुटेपछि आँखा फुट्नेको सेवा गरेर उसलाई प्रसन्न पार्न सक्छ । आँखा बनाउन सक्ने क्षमता उसमा छैन । एक छिनको लागि ढुङ्गाको आँखा पनि बनाएर लगाइहालेछ अरे । तर के त्यो आँखाले हेर्ने काम गर्छ ? यसको उत्तर म पाठकहरूलाई नै छोडिदिन्छु । हाम्रो इतिहाससँग यही अन्याय भएको छ । विश्वको न्यायालयमा न्याय माग्न जाऊँ भने विश्वकै कुवामा भाङ्ग परेको छ । त्यो कुवाको पानी जतिले पिउँछन्, उति नै पागल बन्छन् । यस्तै भएको हुनाले विश्वमा सबैको पागलखाना बनेको पाइन्छ । तर इतिहासकारहरूको पागलखाना बनेको देखिंदैन, किनभने या त यी सबै इतिहासकारहरू सही छन्, त्यसो भएको हुनाले पागलखानाको आवश्यकता परेन या त सबै पागल छन्, त्यसो भएको हुनाले पागलखानाले पुग्ने भएन । अतएव पागलखाना नै बनेन । 'पागलों की दुनियाँ में हुस्न के मस्ती' मा मस्त छन् । अन्यायमा परेकोले न्याय माग्न जाँदा अझ अन्यायमा पर्ने खतरा बनिरहेको छ । अर्को कुरा, विषयगत अधिकारको विचार हुनु पनि आवश्यक छ । तर यस्ता कैयौं व्यक्ति छन् । ती विषयका प्रकाण्ड विद्वान् त के, आधिकारिक विद्वान् पनि थिएनन्, तैपनि उनीहरूले इतिहास लेख्ने कुचेष्टा गरेका छन् । उनीहरूले इतिहासका किताब त लेखेर दुनियाँको बजारमा छरिदिए । पुस्तकविक्रेताहरूले पनि पर्याप्त लाभ उठाए । तर त्यो इतिहासले वर्तमान र भविष्यको दुनियाँलाई मात्र हैन अपितु आफ्नै प्यारा छोरा-नातिको पनि बौद्धिक हत्या गर्‍यो । त्यसको अपराधी को ?

मेरो विचारमा, ती अधिकारी हौं भन्नेहरूले मेरै सन्तति, मेरै समाज, मेरै राष्ट्रको बौद्धिकताको हत्या हुन्छ भन्ने सिद्धान्तलाई बुझेका भए मेरो विषयदेखि बाहिरको कुरामा कलम चलाउँदिनँ भन्नुपर्ने थियो। तर त्यसभित्र तुच्छ स्वार्थ र पेटरूपी राक्षस जागिरहेको हुन्छ। त्यसैले ऊ आफ्नो भविष्यको सन्ततिको माया गर्दैन। मीठो भूसको आगोमा पोलेर हत्या गरिदिन्छ। उसलाई भविष्यको सन्तति, समाज र राष्ट्रको माया हुँदैन। उसको तुच्छ स्वार्थ पेट, नोकरी, माग र पैसा भएको हुन्छ। यस्ताले लेखेको इतिहास राष्ट्र र समाजको लागि हुँदैन। त्यस्तो इतिहासले लहरो तान्दा पहरो जान्छ। कता हो कता भुँवरी परेको खोइरो हुन्छ। राष्ट्र र समाजलाई जोड्नेभन्दा टुक्र्याउने र चोइट्याउने काम ज्यादा हुन्छ।

नेपालको इतिहास यसै रीतिले आर्य, अनार्य, मङ्गोल आदि भावनाले चोइटिएको छ। राष्ट्र र राष्ट्रिय भावनाको श्राद्ध गरेर, विदेशी संस्कृति, विदेशी लवाइ खवाइ र नेपाली शरीरमा विदेशी शिरको सोचाइ गर्ने विवश गराइएको छ। तीमध्ये मङ्गोलियन हौं भन्नेहरूको इतिहास केलाइँदैछ। केही शताब्दी-पूर्व पाश्चात्य लेखकहरूले मानवसम्बन्धी शोध-खोज वा अनुसन्धान गर्दा आर्य, मङ्गोलियन, हब्सी, निग्रो आदि मानवभेद गरेका छन्। यो भेद भौगोलिक दृष्टिकोणले त फरक पर्ने नै भए, तर आर्य र अनार्य वा मङ्गोलियन भन्ने शब्द लिएर कलम चलाए। त्यो सर्वथा स्वीकारयोग्य थिएन र छैन पनि। खाली अनुहार र बनावट तथा रङ्ग मात्रै एन्थ्रोपोलोजी (नृतत्त्वविज्ञान)-को विषय हैन। त्यसो हुँदा नेपालको जनजीवनमा चाहिं ठूलो आघात पर्न गयो। यिनीहरूको भ्रमात्मक इतिहासले लेखेको कुरा सत्य कहिल्यै हुन सक्दैन।

किरातलाई मङ्गोलियन हो भन्ने पहिलो व्यक्ति आजसम्म देखा परेको 'सिल्वन लेवी' हुन्। त्यस्तै मिस्टर 'मूर' ले पनि लेखे। त्यसपछिका सबैजसो पौरस्त्य र पाश्चात्य लेखकहरू यिनीहरूकै धारामा बग्न थाले। यस्तै मानवसृष्टिको बारेमा एक्जीमेनिण्डर र डार्विको पछाडि लागेर हिंड्न थाले। तर यी दुवै नस्लवादी र अमीबावादी, दुवैका मत केही वर्षसम्म नझस्कीकन फैलिए।

अब बिस्तारै कसौटीमा कस्दा कुनै धातुमा सुनको पानी चढाएको देखिंदैछ। यही हालत किरातहरूको बारेमा पनि देखियो। यद्यपि किरातहरू[१] अनादिकालदेखि आर्यावर्त जम्बूद्वीपमा चारैतिर फैलिएका थिए। यस प्रकार एशिया र यूरोप महाद्वीपमा व्यापक रूपमा फैलिएर शासन गर्ने किरातहरूको मूल थलोचाहिं आर्यावर्त नै हो, किनभने आर्यावर्तबाट नै अन्यत्र गएको इतिहास पाउँछौं। तर बाहिरबाट आएको इतिहास भने पाइँदैन। मङ्गोलियाबाट आउने त कुरै छैन। झूठो गफ मात्रै हो। मङ्गोलियाको आविर्भाव ३००० (तीन हजार) वर्षभन्दा पुरानो होइन, तर आर्यावर्तमा किरातहरू लाखौं वर्षदेखि बसोबास गरिरहेका थिए। आज पनि छँदैछन्। हैन भने जहाँबाट किरातहरू आए, त्यहाँको इतिहासमा किरातहरूको इतिहास विशेष लेखिनुपर्ने हो, तर लेखिएको देखिंदैन। तर आर्यावर्तको इतिहासमा किरातहरूको इतिहास पढी नसक्नु (प्रशस्त, ज्यादा) लेखिएको देखिन्छ। यो तथ्यलाई तल लेखिएका आर्य-वाङ्मयमा राम्ररी हेर्नुहोस्।

सर्वप्रथम किरातहरूको उल्लेख हामी ऋग्वेदमा पाउँछौ। तर ऐलेसम्म मन्त्रहरूमा चाहिं 'किरात' शब्द उल्लेख भएको पाइएको छैन। परन्तु 'किलात' शब्दको उल्लेख भएको पाइन्छ। 'र' र 'ल' को

---

[१] यो इतिहास हिब्रू भाषामा लेखिएको 'ओल्ड टेस्टामेण्ट'मा पाइन्छ।

अभेद भएको हुनाले 'किरात' र 'किलात' को उच्चारणको मात्र फरक देखिन्छ। महाभाष्यकार पतञ्जलिले पनि 'रलयोरभेदात्' भनेको पाइन्छ। अर्को कुरा, ऋग्वेदका अत्यन्त यशस्वी, सुप्रसिद्ध भाष्यकार सायणाचार्यले मन्त्रहरूको व्याख्या गर्दा कैयौं ठाउँमा किरातहरूको प्रष्ट उल्लेख गरेका छन्। ऋग्वेदमा[1] 'किरात' र 'आकुलि' दुवैको उल्लेख पाइन्छ। भाष्यमा प्रष्टसँग 'मा प्र गाम पथो वयं मा ' भन्ने मन्त्रको सायणभाष्यमा 'किराताकुली ऊषतुरसुरमायौ' यस्तै कुलितर पुत्र शम्बर आदि किरातहरूको[2] उल्लेख भएको प्रशस्त पाइन्छ। शौनकप्रणीत ऋग्वेदकै वृहद्देवतामा किरातहरूको उल्लेख मात्रै होइन, अपितु वैज्ञानिक 'द्विज'[3] क्षत्रिय थिए भन्ने इतिहास प्रष्टिएको छ। यसै प्रकारले दोस्रो नम्बरमा किरात[4] शब्द यजुर्वेदमा पाउँछौं। यस मन्त्रको अर्थ गर्दा धेरैजस्तो भर्मिएको देखिन्छ। यस मन्त्रमा उतिखेरका प्रसिद्ध जातिहरूको गणना गर्दा किरात, किम्पुरुष, जम्भक आदिका निवासस्थानसमेत निर्धारण गरेर तोकिएको छ, तर धेरैको अर्थगराइ ठीक छैन। उवट, महीधर, सायणादिले बेग्लाबेग्लै अर्थ गरे पनि किरातहरूको वैदिक इतिहासचाहिं सुरक्षित छ। तेस्रो नम्बरमा, अथर्ववेदमा किराती युवतिको वर्णन छ। यो मन्त्र पनि ध्यान दिन योग्य छ। एउटी अविवाहिता किराती[5] युवति कुमारीले आफ्नो सुनको खुर्पाले स-साना पहाड-पर्वतका शिखरहरूमा दवाई, जडी-बूटी खनेको वर्णन मन्त्रले गरेको छ। त्यति मात्रै हैन, अपितु सुनको हँसिया, खुर्पा, आदिले दवाई खनेर बिक्री गर्ने पेशा या व्यापार गर्ने किरातहरूको इतिहास प्रष्टिएको छ।

अर्को इतिहास के छ भने त्यतिखेर सुनको प्रचलन धेरै थियो भन्ने बुझिन्छ। अर्थात् त्यतिखेरका किरातहरूले सुनको महत्त्व प्रशस्त मात्रामा बुझेका थिए। त्यसै भएको हुनाले त सुनको खुर्पा बनाएर चलाउँथे। औषधि, जडी-बूटीको व्यापार नभए साधारण व्यक्तिको पेशा हुनै सक्दैन। अतः हामी सप्रमाण ठोकुवा गर्न सक्छौं कि वैदिक युग किरातहरूको स्वर्णिम युग थियो।

यसै रीतिले ब्राह्मणग्रन्थहरूमा पनि किरातहरूको इतिहास पाउँछौं। ब्राह्मणग्रन्थहरूमा किरातहरूको उल्लेख सर्वप्रथम कृष्ण[6] यजुर्वेदको तैतिरीयब्राह्मणमा पाइन्छ।

मूल पाठ यजुर्वेदजस्तै भए पनि 'गुहाभ्यः पर्वतगुहाभिमानिनीभ्यः किरात-मृगघातिनम्' भनेर लेखिएको छ। यहाँ सायणको[7] अर्थगराइ पर्वतको गुफामा बस्न रुचाउने, मृग मारी खाने जस्तो छ। तर सामवेदीय ताण्डयमहाब्राह्मणमा किरात[8] उल्लेखसहित 'म्लेच्छ'[9] शब्दको प्रयोग भएको छ। तर उतिखेर 'म्लेच्छ' शब्द निन्दनीय थिएन। साफ नबोल्नेलाई 'म्लेच्छ' भनिन्थ्यो। यसै प्रकारले ऋग्वेदको ब्राह्मणमा

---

[1] ऋग्वेद-(१०।५७।१) र (१०।६०।१)

[2] ऋग्वेद-(१०।४।५८।१)

[3] वृहद्देवता–७।८६ द्वौ किराताकुली नाम ततो मायाविनौ 'द्विजौ'··· ।

[4] यजुर्वेद–३०।१६ 'गुहाभ्यः किरातम्'··· ।

[5] अथर्ववेद–१०।४।१४ 'कैरातिका कुमारिका सका खनति भेषजम्'··· ।

[6] कृ० य० तै० ब्रा०, ३।८।१२।

[7] सायणभाष्य तै० ब्रा०, ३।४।१२ [गुहाभ्यः पर्वतगुहाभिमानिनीभ्यः किरातमृगघातिनम्]

[8] सामवेदीय ता० म० ब्रा०, १३।१२।५।

[9] सा० भा० [किरातकुल्यौ किराताः म्लेच्छाः]

किरातको पर्यायवाची शब्द 'शवर'[1] राखिएको छ। यसै प्रकारले पं० विं० ब्रा०[2] तथा जैं० ब्रा०[3] र शुक्लं यजुर्वेद ब्राह्मणमा[4] किरात राम्ररी निहित छ। यो ब्राह्मणग्रन्थहरूमा लुकेको किरात-इतिहास हो।

अब स्मृतिकालिक किरातहरूको इतिहास हेरौं। स्मृतिहरूमा सर्वप्रथम मनुस्मृतिका[5] श्लोकहरूमा किरातहरूको उल्लेख पाइन्छ। यसमा मनुले उतिखेरका प्रसिद्ध क्षत्रिय जातिको गणना गर्दा पुण्ड्र; उड्र, द्रविड, काम्बोज, यवन, शक, पारद, पल्हव, चीन, किरात, दरद, खश यी १२ (बाह्र) क्षत्रिय हुन् भनेका छन्। कैयौंले ब्राह्मणहरूले भनेको नमान्दा अथवा धेरै टाढा व्यापार गर्न जाँदा ब्राह्मण धर्मगुरु तथा आफ्नो क्रियाकलाप बताउने सिकाउने गुरुहरूको दर्शन नपाउँदा 'वृषलत्व' समाजको दृष्टिबाट तल खसेको हो भनेका छन्। मनुले किरातहरूलाई क्षत्रिय भनेका छन्।

स्कन्दपुराणको महेश्वर खण्डमा वर्णन भएको किरातराजा विजयले[6] जितेका 'जय' नाम गरेको देशमा एक लाख पचास हजार गाउँ थिए भन्ने इतिहास प्रष्टिएको छ। यस इतिहासको अनुसार आजको नेपालभन्दा जय देश ठूलो थियो, जहाँ किरात विजयले राज्य गर्दथे। वायुपुराणमा इन्द्रद्वीप, नागद्वीप, कसेरुद्वीप, ताम्रपर्णी, गभस्तिमान्, गन्धर्व, वारुण, र जम्बूद्वीपको भरतखण्डमा किरातहरूको राज्यशासन थियो भनेर लेखिएको छ। जम्बूद्वीप भरतखण्डको चाहिं पूर्वपट्टि 'पूर्वे किराताः'[7] किरातहरूको शासन पूर्वमा थियो भन्ने पाइन्छ। यति मात्र हैन, अपितु 'क्षत्रियोपनिवेशाश्च' किरातहरूलाई उपनिवेशवादी क्षत्रिय हुन् भन्दै उतिखेरका प्रसिद्ध जाति[8] किरातहरू नै हुन् भनी लेखिएको छ। यस्तै प्रकारले किरातभक्तहरूको[9] उल्लेख पनि पद्मपुराणमा आएको छ। कुलपर्वतमा निवास[10] गरी बस्ने महेन्द्र, मलय, सह्य, शक्तिमान्, हेमाद्रि, विन्ध्य र पारियात्र थिए भन्ने इतिहास अग्निपुराणले प्रष्टचाएको छ। किरातहरूको द्वीप सीमानासहित स्थलहरूको[11] उल्लेख मत्स्यपुराणमा झल्किएको छ। लिङ्गपुराण[12] र मार्कण्डेयपुराण[13]-

---

१. ऐतरेय ब्राह्मण ३३।६

२. पं० विं० ब्रा० १३।१२।५

३. जैं० ब्रा० ३।६७

४. शु० य० ब्रा० २।१।४।१४।

५. मनुस्मृति १०।४३ र ४४ श्लोक

शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः।
वृषलत्वं गता लोके ब्राह्मणा (तिक्रमेण) दर्शनेन च ॥४३॥
पुण्ड्रश्चोद्रद्रविडाः काम्बोजा यवनाः शकाः।
पारदाः पल्हवाश्चीनाः किराताः दरदाः खशाः ॥४४॥

६. स्कन्दपुराण म० ख० ३९।१५६

७. वायुपुराण उ० पा० ४५ अ० ७७, ७८, ७९, ८०, ८१, ८२,

८. वायुपुराण उ० पा० ४५।१२० [अपगाश्चालिमद्राश्च किरातानाञ्च जातयः]

९. पद्मपुराण उ० ख० १५१

१०. अ० पु० ११८ अ० १, २, ३, ४, ५, ६ आदि।

११. मत्स्यपुराण ११३।५, ७, १०, ११, १२, १३,

१२. लिङ्गपुराण भु० को० व० ५२ अ० २७, २८, २९,

१३. मार्कण्डेयपुराण ५७ अ० ५, ६, ७, ८,

हरूमा पनि यही इतिहास दोहोरिएको छ । विष्णुपुराणमा[१] र ब्रह्मपुराणको[२] जम्बूद्वीप वर्णनमा किरातहरू पूर्वमा रहन्छन् भनिएको छ ।

यस्तै प्रकारले ब्रह्मपुराणादिमा किरातहरूको जातिगणना[३] गरिएको छ । साथै किरातादि पर्वतीय[४] प्रदेशका हुन् भन्ने प्रमाण पनि अकाट्य पाइन्छ । अब सबैभन्दा आधुनिक ग्रन्थ श्रीमद्भागवतपुराणमा[५] पनि किरात शब्दको उल्लेख पाइयो । भागवतमा किरातले गिरिश भगवान् शङ्करलाई प्रसन्न गरे भनेका छन् । तर द्वितीय स्कन्दमा चाहिं कुनै सज्जनले आफ्नो सुजनता देखाउनको लागि आफूलाई पवित्र मानेर थपिदिएको देखिन्छ, किनभने आफूलाई पवित्र मानीकन मात्रै अर्कालाई अपवित्र मान्न सकिन्छ । यसमा टीका लेख्दा श्रीधरले किरातहरू पाप[६] जाति हुन् भनेका छन् । वंशीधरले शबरदेखि पराशरी भन्ने महिलाबाट उत्पन्न हुने किरात आन्ध्र[७] हो भनेका छन् । राधारमणदास पनि यिनैका अनुयायी बन्दै किरात जङ्गली हुन् भन्छन् । वीरराघवले किरातहरू हीन जातिका हुन् भनेका छन् । विजयध्वजतीर्थको मत पनि यसैमा संलग्न छ । विश्वनाथ चक्रवर्तीले किरातहरू जातिले नै पापी हुन्छन्, पापी हुनुमा दुर्जाति नै कारण छ, प्रारब्ध पनि कारण छ भने । भागवतका अत्यन्त प्रसिद्ध टीकाकार आचार्य वल्लभले पनि सुबोधिनीटीकामा[८] पहाडका निवासी हुन्, जाति र कर्मले पनि दुष्ट हुन्छन् भनेका छन्, तर विष्णुभक्तको सङ्गतले उनीहरू शुद्ध हुन्छन् भनेका छन् । पुरुषोत्तम, जीवगोस्वामी र गिरिधर आदिले त्यति चर्चा गरेका छैनन् । भागवतका टीकाकारले यसरी लेखे पनि किरात-इतिहासको बारेमा उनीहरूलाई थाहा नै थिएन। आयुर्वेदको प्रसिद्ध चरकसंहितामा किरातहरूले व्यापारमा चलाएको औषधिको नामै 'किरात[९] तिक्त' (चिराइतो) को नामले प्रसिद्ध छ ।

ज्योतिषको प्रसिद्ध ग्रन्थ वृहत्संहितामा कम्बोज, उड्र, किरातहरू शस्त्र[१०] चलाएर जीविका गर्ने जाति हुन् भनिएको छ । यसरी वृहत्संहितामा[११] पनि किरात-इतिहास प्रष्टिएको पाइन्छ । समसंहितामा 'तङ्गणकिरात' शब्दले आएको छ भने कश्यपसंहितामा 'प्राक्ज्योतिषकिराताः' भनेर प्रष्ट्याएको छ ।

कौटिल्यको अर्थशास्त्रमा किरातहरू विशेष गुप्तचर[१२] विभागमा प्रयोग गरिएको देखिन्छ । अर्को अधिकरणमा किरातहरू गुप्तचर विभागमा हुनुका साथै राजदरवारभित्र[१३] भान्सामा पनि नियुक्त थिए ।

---

१. ....

२. ब्रह्मपुराणको जम्बूद्विप वर्णनमा १९ अ० ६, ७, ८, ९,

३. ब्रह्मपुराण २७ अ० ४७, ४८, ४९,

४. ब्रह्मपुराण २७ अ० ६२, ६३, ६४,

५. श्रीमद्भागवत् [भा० द्वि० स्क० ४।१८] [तृ० स्क० १।३८] [पं० स्क० ६]

६. भा० टी० २।४।१८।

७. भा० टी० २।४।१८।

८. भा० टी० २।४।१८।

९. चरकसंहिता [चि० ४।४७,७६]

१०. वृहत्संहिता–५।३५ [काम्बोजोड्रकिरातशस्त्रवार्ताः [

११. वृहत्संहिता–रा० वि० अ० ५ [वृ० सं० शु० वि० अ० ९।१७] [९ अ० ३५]

१२. कौटिल्य अर्थ शास्त्र ४ अ० ६ अ०

१३. कौ० अ० वि० अ० १ अ० १२

यसले यो बुझिन्छ कि किरातहरू ठूला-ठूला राजवैद्य र चिकित्सक पनि थिए। नन्दिकेश्वररचित 'लिङ्गधारणचन्द्रिका'मा किरातवेषधारी परमेश्वरले शावरतन्त्रशास्त्र[1] बनाएको उल्लेख पाइन्छ।

वाल्मीकिरामायणमा किरातहरूको अझ विचित्र वर्णन पाइन्छ। तर यसमा शब्दको अर्थलगाइमा सावधानीको आवश्यकता देखिन्छ। श्लोकहरूको अर्थ गीताप्रेस र कैयौं टीकाकारहरूले गलत लगाएका छन्। जसमा, 'हेमाभाः प्रियदर्शनाः'[2] सुनको जस्तो मुखमण्डल भएका हेर्दा राम्रा लाग्ने किरातहरू हुन्छन् भन्ने शब्दलाई छोडेर शेष अनावश्यक र अप्रासङ्गिक अर्थ गरेका छन्। जे होस्, यहाँ पनि किरात-इतिहास सुरक्षितै छ भन्न सकिन्छ। अझ, बालकाण्डमा त किरातहरूको उत्पत्ति कामधेनु[3] (नन्दिनी)-को रौंबाट भएको उल्लेख छ। अझ, अयोध्याकाण्डमा त वाल्मीकिले[4] आफूलाई किरातहरूसँगै बढेको इतिहास पनि प्रष्ट्याएका छन्। योगिनीतन्त्रमा किरातहरूको जीत[5] भएको इतिहास छ। अनि कामरूपमा किरातधर्म[6] नै प्रष्ट भएको देखिन्छ। यसको तात्पर्यद्वारा किरातहरू धर्मगुरु पनि थिए भन्न सकिन्छ। योगिनी हृदय, यामल, डामर, उपडामर, शारदातिलक आदि तन्त्रहरूमा कतै किरात त कतै किरातिनीको रूपमा भगवान् शङ्कर र पार्वतीको स्तुति पाइन्छ। शक्तिसङ्गमनीतन्त्रमा तंप्तकुण्डदेखि पूर्व रामक्षेत्र, जो अहिले परशुरामकुण्ड अरुणाचलमा पर्छ, उत्तरमा भोट र दक्षिणमा विन्ध्याचलसम्म किरातदेशको सिमाना भएको उल्लेख पाइन्छ। फेरि, योगिनीतन्त्रमा 'किरातो[7] घटितो यथा' भनी लेखिएको छ। हरि वंशपुराणमा किरातिनी[8] उपास्य देवीको रूपमा देखिएको छ। अझ, केदारखण्डमा भगवान् रामचन्द्रका कुलगुरु महर्षि वसिष्ठ[9] पनि किरातहरूको साथमा किरात भएर बसेको इतिहास प्रष्टै छ। स्कन्दपुराणमा किरातेश्वर[10] भगवान्ले अर्जुनलाई 'पाशुपताश्त्र' दिएको इतिहास पनि किरातहरूको लागि कम महत्त्वको छैन। यही इतिहास महाभारतमा पनि दोहरिएको छ। यसै प्रकारले अर्जुन पनि पहिलो जन्ममा किरातै[11] थिए। यसरी भन्न सकिन्छ कि किरातहरूको प्रथम स्वर्णयुग ऋग्वैदिककाल हो। त्यसपछि ब्राह्मण, आरण्यक, स्मृति, पुराण, रामायण तथा महाभारतमा चम्किए। यसै अवसरमा किरातहरू भरतखण्ड जम्बूद्वीपदेखि बाहिर पनि आफ्नो विजयध्वज फैलाउन गएका थिए। यो इतिहास ग्रीक इतिहास आदिमा पाइन्छ। त्योभन्दा विशेष किरातहरूको स्वर्णिम युग महाभारतकाल थियो। किरातहरू चारैतर्फ फैलिएर शासन गरिरहेका थिए। यस इतिहासलाई महाराज युधिष्ठिरको राजसूययज्ञले प्रष्ट्याएको छ। तर सबै किरातराजामहाराजहरू सामेल भएका थिएनन्। महाभारतको अनुसार किरातराजा कुणिन्द र किरातराजा

---

[1] लिङ्गधारण च० पृ० २५९

[2] वाल्मीकिरामायण ३० सं० २६, २७, २८,

[3] वाल्मीकिरामायण–५५।१, २, ३,

[4] वाल्मीकिरामायण १।५५।३-४

[5] यो० तं० पु० ख० १२ प० ४, ५, ६, ७, पृष्ठ ६५ मा।

[6] यो० तं० उ० ख० ९ प० १४

[7] यो० तं० पू० ख० १६ प० १४, १५,

[8] हरिवंशपुराण १७८ अ० दु० स्त०

[9] केदारखण्ड १०६ अ० १, २, ३,

[10] स्कन्दपुराण हि० ख० १५४ अ०

[11] हिमवत्खण्ड १५४ अ० ५६

सुमना युधिष्ठिरसँग[1] लागेका थिए । महाबलि जरासन्धको साथ किरातराजासँग[2] लडाइँ गरेको उल्लेख छ । अर्जुनले पश्चिम र उत्तर दिशातिर लागेर किरातहरूसँग युद्ध[3] गरेको पाइन्छ । भीमसेनले पूर्वतिर लागेर इन्द्रपर्वत[4] र त्यसको वरिपरि शासन गर्ने सात किरातराजाहरूलाई जितेका थिए । यति मात्रै हैन, अपितु समुद्रले घेरिएका द्वीपहरूमा शासन गर्ने किरातराजामहाराजहरूसँग युद्ध गरेर हीरा, मोती, जवाहर, सुगन्धीदार चन्दन, सुवासित अगरबत्ती, नाना प्रकारका वस्त्र, बहुमूल्य मणि, सुन आदि भीमले किरातराजामहाराजहरूबाट पाएका थिए । त्यसको साथमा (कोटिसंख्येन) करोडौं संख्यामा अरू धन दिए । यसै प्रकारले भीम, अर्जुन, नकुल, शहदेव चारै भाइले चारै दिशामा विजय गर्दा किरातराजामहाराजहरूलाई भेट्टाएका थिए । किरातराजामहाराजहरूसँग चारै भाइले कडा मुकाबला गरेका थिए ।

वनपर्वको बदरिका आश्रममा किरातराजा[5] सुबाहुको देश लेखिएको छ । साथै हिमालयमा देवताहरूले सज्जित किरातहरूको देश[6] बताइएको छ । कर्णले दिग्विजय गर्दा नेपालका किरातराजाहरूलाई[7] पनि जितेर आफ्नो वशमा पारेको इतिहास पनि प्रष्ट छ । साथै किरात क्षत्रिय[8] हुन् भनी उल्लेख गरिएको छ । भीष्मपर्वमा किरातहरू यमुनाको[9] किनारामा या घाटीमा बस्ने भनेर लेखिएको छ । साथै पार्वतीय[10] हुन् पनि भनिएको छ । किरातहरू अनूपदेश या द्वीपवासी[11] हुन् भन्ने प्रमाण पनि स्पष्ट हुन्छ । महाभारतको विराट्पर्वमा किरातरूप रूद्रले[12] कृष्णसँग युद्ध गर्दा कृष्ण हारेको उल्लेख छ । महाभारतको उद्योगपर्वमा ब्राह्मण र देवकल्प विद्याले[13] परिपूर्ण किरातहरूको साथमा उत्तर दिशामा यात्रा गर्ने जाँदैछन् भन्ने उल्लेख पनि पाइन्छ । महाभारतमा किरातहरूको युद्ध गर्ने अस्त्रको[14] उल्लेख पनि भएको छ । साथै किरातहरूलाई ठूलाठूला रणवाकुरा[15] वीर महारथ भनेका छन् । भीष्मपर्वमा पाण्डवहरूले किरातराजामहाराजहरूसँग उत्तर[16] दिशाको यात्रा गरेको इतिहास पाइन्छ । महाभारतको भीष्मपर्वमा अलम्बुष्लाई[17]

---

१. महाभारत सभापर्व -- ४।२१, २२,

२. महाभारत स० प०–१३।१९

३. महाभारत स० प० २३।१८, १९,

४. महाभारत स० प० २७।१३

५. महाभारत वनपर्व १७७, ११

६. महाभारत वनपर्व १४०, २५

७. महाभारत वनपर्व २५१, ५, ६, ७,

८. महाभारत व० प० २५२, ९

९. महाभारत भीष्मपर्व ९, ५१

१०. महाभारत भी० प० ९, ५२,

११. महाभारत भी० प० ५१, ४८

१२. म० भा० वि० प० पू० अ० ७

१३. म० भा० उ० प० ६४,१६

१४. म० भा० उ० प० १९४, १२

१५. म० भा० उ० प० १९५, ८

१६. म० भा० भी० प० २०।१३

१७. महाभारत भीष्मपर्व १०१ अ० १, ८, १३, २१,

(यलम्बर ?) घटोत्कचले ९९ वाणले मारेको इतिहास छ। तर अलम्बुष्लाई यहाँ राक्षस भनिएको छ। यस प्रकार किरातहरूको अत्यन्त सुन्दर स्वर्णिम युगमा युधिष्ठिरले समुद्रको किनारैमा अथवा द्वीपहरूमा अथवा समुद्रपर्यन्त शासन गर्ने किरातसम्राट्हरूलाई ससम्मान राजसूययज्ञमा भाग लिनको लागि आमन्त्रण गरेका थिए, जसमा पर्वतीय तथा अनूपद्वीप आसाम हिमालयदेखि उदयगिरि वारिषेण, समुद्रान्त, लोहित्य आदि किरातमहाराजहरूले अनेक प्रकारका हीरा, मोती, सुन आदि अगरबत्ती, चन्दनद्रव्यको साथै १० हजार[१] किराती युवतिहरू दासीको रूपमा युधिष्ठिरको सेवामा उपस्थित गराएका थिए। किरातराज सुकरले हीरा, मोती र सुनादिको आभूषणले सजिएका एक सय हात्ती दिएर युधिष्ठिरको यज्ञ सफल पारेका थिए। यस प्रकारले अनेक देश-देशान्तरबाट युधिष्ठिरको यज्ञमा भाग लिन किरातराजामहाराज र धनिकहरू आएका थिए।

जमदग्निका छोरा परशुरामले क्षत्रियहरूको नाश गर्दा किरातहरूले जनै[२] छोडेकोमा ऐल र ऐलवंश तथा इक्ष्वाकुको सहेसहेवंश भएको उल्लेख छ। यस प्रकार १८ हजार क्षत्रियहरूले त्यतिखेरै जनै[३] छोडिसकेको इतिहास प्रष्टै छ। 'किरातेश'[४] भनेर उल्लेख भएको पनि पाइन्छ। शिवपुराणमा किरातहरूले राजदूतको[५] काम गरेको पाइन्छ। व्यासले अर्जुनलाई इन्द्रकील पर्वतमा गङ्गाको किनारामा तपः गर्दा किरातेश्वरको[६] दर्शन भएको उल्लेख पनि छ। यो इतिहास महाभारत र हिमवत्खण्ड आदि कैयौं स्थलहरूमा दोहरिएको देखिन्छ। धर्मदत्तले आक्रमण गर्नुभन्दा पहिले नै काठमाण्डौ अधित्यकामा विशालनगरमा किरातराजा शंकु[७] [विरूपाक्ष] को राजधानी थियो। किरातराजा विरूपाक्षको राजधानी अट्ट, प्राकार, तोरण आदिले सजिएको थियो। विरूपाक्षलाई नै किरातराजा शंकु भनेर स्कन्दपुराणको[८] हिमवत्खण्डमा उल्लेख गरेको छ। धर्मदत्तले धोखाले आक्रमण गरेपछि किरातराजा शंकुले केही समयसम्म वाग्मतीको किनारै वनमा निवास गरे। त्यसपछि किरातराजा[९] शंकुको निधन भयो। नर थियो नारायण भयो भनी उल्लेख भएको छ। तर महाभारतमा[१०] विरूपाक्षलाई भीमसेनको पुत्र बताएका छन्। अनि सप्त महारथ[११] हरूमा 'शंकु' पनि एक महारथ थिए भन्ने इतिहास छ। शंकुले स्थापना गरेको शंकुकर्णेश्वर[१२] शिवको उल्लेख

---

[१] महाभारत सभापर्व द्यु० प० ४८ अ० ८, ९, १०, ११,

[२] म० भा० स० प० म० प० १३।२, ४, ५,

[३] महाभारत १३ अ० ५५।

[४] रू० या० २०।५०

[५] शि० पु० श० रू० स० ३७।१८

[६] शि० पु० श० रू० स० ३९

[७] स्क० पु० हि० ख० १६२।८३, ८४

[८] स्क० पु० हि० ख० १५७।८

[९] स्क० पु० हि० ख० १६२, २७

[१०] म० भा० आ० प० १५५।३१

[११] म० भा० स० प० १४।५८

[१२] म० भा० व० प० ८२।७०

पनि पाइन्छ। कालिदासको रघुवंशमा रघुले दिग्विजय गर्दा उत्तरमा[१] किरातलाई पाएका छन्। कुमारसम्भवादिमा पनि कालिदासले किरातहरूको वर्णन[२] गरेका छन्। दण्डीको दशकुमारचरित प्रथम उछ्वासमा शवर र किरात पर्यायवाची हुन पुगेका छन्। उही दशकुमारको दोस्रो उछ्वासमा यज्ञोपवीत धारण गरेर व्यक्त भएको किरातको उल्लेख पाइन्छ। भारविको किरातार्जुनीय महाकाव्य त किरातहरूको व्यक्त स्वरूप वर्णन गर्ने महाकाव्य नै हो भने हुन्छ। श्रीहर्षको रत्नावली नाटकको दुइ र तीनमा किरातहरूको निन्दा र उपहास गरिएको छ। संस्कृत गद्यकाव्य कादम्बरीका यशस्वी लेखक वाणभट्टले कैलासको नजीकै हेमकूट नामका किरातहरूको सुवर्णपुर[३] निवासस्थान थियो भनेका छन्। जो कैलासदेखि पूर्व समुद्रको नजीकसम्म थियो, जुन हेमकूट-सुवर्णपुरलाई तारपीडको छोरा राजा चन्द्रापीडले जितेको इतिहास लेखेको छ। यही इतिहास विश्वनाथको साहित्यदर्पण आदिमा पनि अन्तःपुरको[४] काम गर्ने भनेर लेखिएको छ। यस्ता इतिहास संस्कृतवाङ्मयमा कति छन् कति! यहाँ त यसो दिग्दर्शन मात्रै गरेको हो।

विदेशी ईस्वीको प्रथम शताब्दीमा लेखिएको ग्रीक इतिहास र [पेरिप्लस ओफ दि एरिथियन सी] आदिमा पनि किरातहरूको वीरता र व्यापारसम्बन्धी चातुर्यको उल्लेख पाइन्छ। पेरिप्लसको अनुसार किर्हदयीमा बसेर किरातहरूले सिल्क, राडी, कम्बल, रेशम र चिराइतो आदि अनेक प्रकारका जडीबूटी औषधि आदिको वर्मा, ग्रीक, यूनान, अरब आदि देश र विदेशमा व्यापार गर्थे। यसै प्रकारले यहूदीहरूको ओल्ड टेष्टमेण्ट अर्थात् पुरानो नियम या धर्मशास्त्रमा पनि किरातहरूको उल्लेख पाइन्छ। यसै प्रकारले बौद्धग्रन्थ [सर्वास्तिवादविनय]-मा उल्लेखित किरातकालिक व्यापारको इतिहास निकै गहकिलो र चहकिलो छ। यसले यो बुझाउँछ कि किरातहरू त्यतिखेर सुन, चाँदी, हीरा, मोती, वैदूर्य, माणिक्य आदि र राडी, गलैंचा, रेशम तथा औषधिहरूमा चिराइतो, कस्तूरी, चन्दन, अगरबत्ती आदिका प्रसिद्ध व्यापारी थिए। ललितविस्तरमा किरातलिपिको[५] उल्लेख छ। तर आज पाइने राई र लिम्बूलिपि हो कि हैन अवश्य अनुसन्धान गर्न बाँकी नै छ,[क] किनभने किरातहरूको तेस्रो स्वर्णयुग महाभारतकालसम्म किरातहरूको भाषा संस्कृत नै थियो। लिपि देवनागरी नै थियो। देवनागरीको अर्को नाम ब्राह्मी हो। यस रीतिले हेर्दा बौद्धग्रन्थ [मिलिन्द पन्ह]-मा पनि किरातहरूको उल्लेख पाइन्छ। यद्यपि 'मिलिन्द पन्ह'मा भएका किरात शब्दबारे विद्वान्हरूमा विवाद देखियो, तैपनि किरात-इतिहासचाहिं छँदैछ। यसै प्रकारले जैनसाहित्यमा पनि किरातइतिहास छँदैछ। शोध-खोज र अन्वेषणको आवश्यकता मात्र बाँकी छ।

शिलालेख वा अभिलेख पनि सन्तोषजनकै छ। यद्यपि नेपालमा पाइएका शिलालेखहरूमा हनुमान्ढोकाको लिच्छविकालिक शिलालेख मात्र किरात शब्दबारे प्रमाण पाइएको छ, तैपनि लिच्छविकालिक

---

[१] रघुवंश म० का० ४।७६

[२] कुमारसम्भव सर्ग १।६ कुमार स० सं० १।१५

[३] का० पू० भा० च० पी० क० पृ० नं० ४०६

[४] साहित्यदर्पण ३ प० पृ० नं० ९९

[५] ललितविस्तर पृ० नं० ८८ मा।

(क) कैयौं विद्वान्हरुले यस लिपिबारे पढ्नमा भूल गरेका छन् पनि भनेका छन्। तर छापिएका ग्रन्थहरूमा ६२ लिपिहरूमध्ये किरात लिपि पनि परेको देखिन्छ। तर शोधखोजको विषय छँदैछ।



किरातकपिल (महर्षि कपिल), सिलोन

यो मूर्ति अत्यन्त प्राचीन किरातमूर्ति हो । तर 'नेशनल हेरिटेज' मा यस मूर्तिलाई किरातमूर्ति भनेर लेखेको छैन । मूर्तिको मुन्तिर 'कपिल' मात्र लेखेको छ र 'सिलोन' भनेर लेखेको छ । यहाँ इतिहासको दृष्टिले हेर्दा यो मूर्ति विशुद्ध किरातमूर्ति हो । कपिल भन्नाले सांख्यदर्शनको प्रवर्तक महर्षि कपिल हो कि कुनै अर्कै कपिल हो ? यो अवश्य पनि शोध-खोजको गर्भैमा छ । परन्तु सांख्यदर्शनको प्रवर्तक महर्षि कपिल नेपालकै तराई कपिलवस्तुका थिए । साथै महर्षि कपिलको समयमा किरातहरूको स्वर्णिम युग थियो । त्यसैले सांख्यदर्शनका प्रवर्तक महर्षि कपिल किरातै थिए कि भन्ने अनुमान हुन्छ । परन्तु विनाप्रत्यक्ष अनुमान हुनै सक्दैन ।

जे भए पनि उपर्युक्त कपिल प्रभावशाली व्यक्तित्व भएको किरात हो । शिरमा जटा, कानमा ठूला-ठूला कुण्डल, विचित्र बसाइ, बायाँ खुट्टामा कल्ली लगाएको कपिल एउटा ठूलो प्रभावको पुञ्ज देखिन्छ ।

महर्षि कपिल नै हुनुमा सन्देह छैन भने हुन्छ । महर्षि वसिष्ठ र महर्षि वाल्मीकि दुवै किरातहरूसँग सालेखाले थिए भने महर्षि कपिलले किरात हुँदा कुनै आपत्ति देखिंदैन । उपर्युक्त मूर्तिले प्रष्टै देखाएको छ । अर्को इतिहास यी ऋषि-महर्षिहरूका पालामा जातिवाद थिएन । योग्यतावाद थियो । ऋषि-महर्षि आदि जातिवादमा आधारित थिएनन्, पूर्णरूपेण योग्यतामा आधारित थिए । यस परिस्थितिमा महर्षि कपिलले किरात हुनु कुनै अपराध होइन । रह्यो सिलोन, गङ्गासागर, कपिलवस्तु आदिका कुरा; आधुनिक युगमा जस्तै त्यस युगमा पनि ऋषि-महर्षिहरू घुमी-घुमी प्रचार गर्थे । त्यसैले लङ्का, सिलोन आदिमा पुगे । आज त्यहाँवाट कपिलको मूर्ति प्राप्त हुनु स्वाभाविकै हो ।

(साभार—'नेशनल हेरिटेज', रामकृष्णाश्रम, कलकत्ता)



किरात-कार्तिकेय

ई० सं० १–८ शताब्दी, मूर्ति ईसापूर्वको हुनुपर्छ

यो मूर्ति हेर्दा ईसापूर्वको किरातहरूको इतिहास संस्मरण हुनु स्वाभाविकै हो । मूर्तिलाई हेर्दा कसैले पनि 'किरात' होइनचाहिं भन्न सक्दैन । परन्तु यो मूर्तिलाई हेर्दा कार्तिकेय नै किरात थिए कि कुनै किरातले कार्तिकेयको नकल उतारेको हो, यो रिसर्च पुरातत्त्वविद्हरूलाई पनि गर्नैपरेको छ । मेरो विचार अथवा रिसर्चमा त पिता नै किरातेश्वर महादेव थिए भने जेठा छोरा कार्तिकेयले 'किरात' नहुने कुरै के ? तर कार्तिकेयको वाहन मयूर भए पनि मुखचाहिं हंसको बनेको छ । यो मूर्तिकारको गल्ती हो । शिरमा मुकुट, कानमा कुण्डल, गलामा माला, बाघनखा र अष्टदल, बाहुबन्दी, बायाँ हातमा सेनानी दण्ड, दाहिने हातमा लड्डूजस्तै केही वस्तु मयूरलाई खुवाउँदै गरेको कार्तिकेय किरात ।

(का० हि० वि० वि० पुरातत्त्वको सौजन्यबाट)



किराती महिषासुरमर्दिनी दुर्गा, ५ औं शताब्दी, भूमरा, मध्य-प्रदेश

यस मूर्तिको आकार विशुद्ध किरात-आकार छ । दुर्गा किराती थी । मलाई यस्तै लाग्छ । फोटोले पनि भन्छ । किराती दुर्गाका चार हात छन् । भैंसीको आकारवाला महिषासुरलाई पुच्छरमा पक्रेर टाउकोमा खुट्टा राखेकी छ । दाहिने हातले त्रिशूलले घोचिराखेको छ, छेउमा दूत पनि उभिएको छ । यो मूर्ति ठूलो द्वारको ढुङ्गामा कुँदिएको छ । जहाँ यो मूर्ति पाइएको छ, त्यो मध्य-प्रदेशको भूमरा भन्ने ठाउँ सम्पूर्ण प्राचीन किरात-कलाकृति र संस्कृतिले भरिएको छ । यसैले देवता पनि कुनै जातिविशेषले होइन अपितु योग्यताविशेषले हुन्छ भन्ने विश्वास छ ।

(साभार—संग्रहालय, इलाहाबाद)



सूर्योपासक किरातहरू, ईसापूर्व प्रथम शताब्दी

यस फलकमा सूर्यको घोडामा सूर्य चढेर रथ हाँकेको देखिन्छ। चारवटा घोडा साफ देखिन्छ। सूर्यको सातवटा घोडाको रथ हुनुपर्छ। तर माथिल्लो भागमा प्रष्टै सूर्यचक्र देखिन्छ। त्यो सूर्यचक्रलाई माला लगाइदिएको पनि देखिन्छ। त्योदेखि माथि ब्राह्मी लिपिमा केही लेखिएको छ। स्पष्ट बुझ्न सकेको छैन। तल्लो रथको छेउमा पनि ब्राह्मी लिपिमा लेखिएको छ। कैयौं ब्राह्मी जान्ने विशेषज्ञहरूलाई पढ्न लगाइयो। तर निष्कर्ष निक्लेन। तर रथमा चढ्ने मानिस तथा सूर्यचक्रको दायाँ-बायाँ हात जोडेर उभिने मानिस भने निश्चय नै किरातहरू नै हुन्। यो मूर्ति मध्यप्रदेश भरहुतको हो। यस मूर्तिले सूर्योपासक किरातहरूको इतिहास प्रष्ट पारेको छ।

(साभार—वासुदेवशरण अग्रवाल, का० हि० वि० वि०)



नृत्यरत किरात-महिला, ईसापूर्व प्रथम शताब्दी

यो मूर्ति आधुनिक बङ्गलादेशको ढाकाको सेरोफेरोमा प्राप्त भएको हो। यो मूर्ति हेर्दा निश्चित त्यस समयको किरात-महिलाहरूको आनुमानिक अध्ययन गर्नु सकिन्छ। नृत्य गर्नुमा मस्त महिलाको हात, खुट्टा तथा मुद्रा आकर्षक छ। यो नृत्यमुद्रा त्यतिखेरका किरात-संस्कृतिको एक झलक हो भनेर प्रष्टरूपमा देख्न पाइन्छ। त्यस समयमा आजको बङ्गलादेश सम्पूर्णमा किरातहरूकै बसोबास थियो। त्रिपुरा र बङ्गलादेशको राजधानी ढाका दुइ घण्टाको बाटो हो। त्रिपुरा र चटगाँवहिल किरात-राज्य नै थिए। साथै ईसाको प्रथम शताब्दीको छेउछाउ आजको बङ्गलादेशमा किरातहरूकै बाहुल्य थियो।

(सौजन्यको लागि ग्रन्थ र लेखकको नाम बिर्सियो, किताब त्रिपुरामै छुट्यो।)



किरातहरूले गरेको मखनलीला

यस चित्रमा किरात ग्वालाबालहरूले मक्खन चोर लीला गर्दै गरेको देखिन्छ। सबैभन्दा माथि कृष्णलाई उठाउने ग्वालाहरूलाई पनि अरू ग्वालाहरूले उठाइराखेका छन्। सबै ग्वालाहरूको अनुहार किरात-अनुहार छ। कृष्णको अनुहार साफ देखिंदैन। सबै ग्वालाहरूले शिरमा फेटा गुथेका छन्। यो प्राचीन ढुङ्गाको फलकमा बनाएका कृष्णलीलाका किरातमूर्ति हुन्। (साभार—पुरातत्त्व विभाग, इलाहाबाद)



जनैधारी यक्षकिरात-मूर्ति

ई० सं० प्रथम शताब्दीपूर्व, कौसाम्वी, इलाहावाद

यो यक्षकिरातको मूर्ति आज एउटा प्राचीन किरात-इतिहासलाई सामु लिएर मूकरूपमा बसिरहेको छ। यो मूर्ति उत्तर-प्रदेश कौसाम्बीबाट प्राप्त भएको हो। पुरातत्त्व विभागका विशेषज्ञहरूले यस मूर्तिलाई ई० सं० प्र० शताब्दीपूर्वको मानेका छन्। मूर्तिको अध्ययन गर्दा यक्षकिरातको मूर्ति हो। यस मूर्तिको अध्ययनले त्यस बेलाका किरातहरू कस्तो भेष-भूषा राख्थे ? आदि अध्ययनको साथै किरातहरूले जनै पनि लगाउँथे भन्ने प्रत्यक्ष प्रमाण देखिन्छ। यो निश्चित यक्षकिरात-मूर्ति हो भन्नुमा के प्रमाण छ त भन्दा ईसा-पूर्व प्रयागक्षेत्रदेखि लिएर विन्ध्या पर्वतका छेउछाउ किरातहरूकै राज्यशासन थियो। त्यसै बेला प्रसिद्ध यक्षकिरातको मूर्ति बनेको हो। वस्त्र र टोपी, कानमा एक प्रकारको आभूषण, गलामा हीरा मोती (?)-का माला, काँधमा जनै (यज्ञोपवीत), दुवै घुँडालाई बेग्लै पारेर बसेको यक्षकिरातले एक प्रकारको राजसी वस्त्र पनि धारण गरेको छ। तर मूर्ति ज्यादै पुरानो भएको हुनाले ठम्याउन निकै सारो देखिन्छ। किरातहरूले जनै लगाउँथे, यसमा सन्देह छैन।

(इलाहाबाद संग्रहालयको सौजन्यबाट)

शिलालेखहरू पाइएको ठाउँमा पाइने अरू सामग्रीहरू किरातकालिक पनि हुन सक्छन् । तर शोधखोज भएको छैन ।

सही मानेमा भन्ने हो भने वानेश्वर, जयवागीश्वरी, पशुपति, बत्तीसपुतली, विशालनगर, हाँडीगाउँ, ज्ञानेश्वर, भोटाहिटी, हनुमान्‌ढोका, शङ्खमूल, पाटन, कीर्तिपुर, गोकर्ण, गोदावरी आदि स्थलहरूमा किरातकालिक पुरातत्त्व मनग्गे बिच्छिएका छन् । तर यसको खोजी भएकै छैन । जो पाइन्छन् ती पनि लिच्छविकालभन्दा पर जानै सक्दैनन् । हाम्रा इतिहासकारहरूको बुद्धि लिच्छविकालमा गएर टुङ्गिएको छ । लिच्छविकालमा पुगेर बार लाग्दछ । त्यसो हुँदा किरातकालिक खोज नेपालमा भएकै छैन । किरात भनाउँदाहरू ज्यूँदै मरिसकेका छन् । उनीहरूलाई आफ्नो इतिहासको मतलबै छैन । वास्ता नै छैन । आज पनि पाटनको पटुकटोलको किरातपटुकको नाममा प्रसिद्ध खण्डहरको खनाइ गरे केही पत्ता लाग्ने थियो होला । यस्तै गरी किरातेश्वरको थुम्को पनि देखिन्छ । साँखु पञ्चायतमा पर्ने किरातराजा शंकुको अवशेषहरूलाई खनेर अनुसन्धान गरेमा पुरातत्त्वबाट पनि नेपालमा ३३ पीढीसम्म शासन गर्ने किरातहरूको बारेमा धेरै खुलस्त पत्ता लाग्ने थियो । उपर्युक्त स्थानहरूमा पाइएका सामग्रीहरूलाई सुरक्षित राखेर अध्ययन गरे किरात-इतिहास सुरक्षित छँदैछ । तर धेरै मात्रामा शिलालेख आदि नपाउनुको कारण लिच्छविकिरातहरूको चालबाजी हुनुपर्छ । जे होस् आज पनि ई० पू० का किरातकालिक मूर्ति, शिवलिङ्ग, प्रस्तरमा कोरिएका चित्र, कलश आदि प्राप्त छँदैछन् ।

लुम्बिनीमा मायादेवीको मूर्ति, तिलौराकोटको गजलक्ष्मी, च्यासलहिटीको गजलक्ष्मी, बालाजीको शीतलादेवीको मूर्ति, आर्यघाटको विरूपाक्ष, यही छेउको सूर्यमूर्ति, किरातेश्वर शिवलिङ्ग, राष्ट्रिय, संग्रहालयमा सुरक्षित अपर्णा, पार्वतीको साथमा ब्रह्मचारी, नाचिरहेका शिव-पार्वती, शृङ्गार अवस्थाका शिव-पार्वती, कुमारसहित शिव-पार्वती, मृगस्थलीमा प्राप्त किरातराजाको मूर्ति, पूर्ण कलश तथा वासुकी जाँदा देब्रेपट्टिको शिलापट्ट, चतरा बराहक्षेत्रका मूर्तिहरू किरातकालिक हुन् । यी मूर्तिहरूमाथि बिल्कुल अनुसन्धान भएको छैन । खालि अड्कलले ईस्वीको दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं शताब्दीसम्म पुऱ्याएका छन् । फेरि भविष्यमा यस विषयमा राम्ररी अनुसन्धानको अपेक्षा पनि छँदैछ । यस्तै भारत पून्छको बूढा-अमरनाथको पहाडका घाटीहरूमा जताततै पाइने शिवलिङ्ग र शिवमूर्तिहरूले पनि किरात-इतिहासहरूलाई प्रष्टचाएका छन् । ती मूर्तिहरू बन्न लाग्दा त्यहाँ किरातहरू थिएनन् भन्न सकिन्न । सम्पूर्ण काश्मीरैमा एक समय किरातहरूको बसोबास थियो । त्यहाँबाट यता जालन्धर, आजको जिल्ला कांगडा, हिमाञ्चल-प्रदेशको वैद्यनाथ मन्दिर आज केवल पुरातत्त्वको विषय मात्र रहे पनि पूर्ण किरातकालिक कला देखिन्छ । त्यहाँ महाभारतकालदेखि ईस्वीय सन्‌को प्रथम द्वितीय शताब्दीपूर्वसम्म किरातहरूले बसोबास गरेको इतिहास राम्ररी जान्न सकिन्छ । त्यस ठाउँमा भएको गाउँको नाम नै 'किरग्राम' भनिएको छ । यसै प्रकार गढवालमा पनि यमुनोत्तरी र गङ्गोत्रीका घाटीहरूका किरातकालिक इतिहासको अवशेष पाइन्छ ।

कुमाऊँमा वागेश्वर गरुडगङ्गको घाटी तथा वैद्यनाथको ध्वंसावशेषहरूमा पनि ठाउँ-ठाउँमा किरातकालिक ऐतिहासिक कला, कृति, संस्कृतिको चिह्न प्रशस्त खोपिएको, टुक्रिएको, भाँचिएको रूपमा पाइन्छ । यी किरातहरू उतिखेर आजको पाकिस्तान र बलुचिस्तानमा बसोबास गर्थे, किनभने 'बलोच्च' नामबाट नै वलुचिस्तान नाम राखिएको हो । आजको जिल्ला किलात पनि किरातहरूकै प्रसिद्ध नामबाट राखिएको हो । पं० रघुनन्दन साहित्यभूषण आदि विद्वान्‌हरूले यस इतिहासलाई प्रष्टचाएका छन् ।

शिल्पकलाको अमूल्य हस्ताक्षर किराढू-किरात कूप आदि राजस्थानको प्रसिद्ध पुरातत्त्वको स्थल

छ। यो स्थान बीकानेरको बाटो भएर जैसोर जानुपर्छ। बाडमेर जिल्लाभित्र 'किरादू' नामको ठाउँ छ। चारैतिर पुरातत्त्वको खानी देखिन्छ। त्यसमा एउटा १२ शताब्दीको शिलालेख पनि पाइएको छ। तर किरादूको शिल्पकला १२ शताब्दीको हैन, ईसापूर्वदेखि लिएर ईसाको प्रथम द्वितीय शताब्दीसम्मको हो। यहाँ हेर्नयोग्य सोमेश्वरको मन्दिर छ। उन्मना देवीको मन्दिर, भग्नावशेष, मन्दिरहरूमा खोपिएका मूर्तिहरू किरातरङ्गरूप-स्वरूपले परिपूर्ण छन्। तर ती १२ शताब्दीभन्दा धेरै पुराना हुन्। यस्तै मध्यप्रदेश जिल्ला सतनाको खजुराहो नामको ठाउँमा पनि धेरै पुराना १० जति मन्दिरहरू अझ पनि सुरक्षित छन्। यहाँ पनि १० शताब्दीको एउटा शिलालेख छ। तर त्यहाँको कलाकृति दश शताब्दीको होइन, अपितु ईसापूर्व ७-८ शताब्दीदेखि ईसापछि प्रथम शताब्दीसम्मको हो भन्न सकिन्छ। यहाँ चन्द्रशेखर मन्दिर, ब्रह्माको मन्दिर, बराह नरसिंह आदिका मन्दिर अत्यन्त प्राचीन छन्। यी मन्दिरहरूमा खोपिएका कलाहरू प्रशस्त छन्।

ठाउँ-ठाउँमा किरातहरूकै हातले कुँदेको हो कि भने जस्ता किरातमूर्तिहरू देखिन्छन्। उडीसाको राजधानी भुवनेश्वर तथा जगन्नाथपुरी आदिका मन्दिरहरूमा ठाउँ-ठाउँमा खोपिएका मूर्तिकला र मूर्तिहरूले पनि किरातहरू त्यता पनि थिए भन्ने इतिहास प्रष्टिएको छ।

यस प्रकार दक्षिण विन्ध्याचल, कन्याकुमारी, रामेश्वर र पूर्व-पश्चिम बंगाल, आसाम, गौहाटी, त्रिपुरा, मणिपुर, कच्चिन, बर्मा आदि स्थानहरूमा किरातकालिक पुरातत्त्व र अरू अवशेषहरू प्राप्त भएका छन्। तर शोध-खोज भएको छैन। यस प्रकार नेपालदेखि बाहिर बर्मा, कम्बोडिया (कम्बोज) आदिमा पनि किरातहरूको बसोबास र शासन थियो भन्ने इतिहास निरन्तर अनुसन्धानले पत्ता लागिराखेकै छ। कल्हणको राजतरङ्गिणीका भाष्यकार रघुनाथसिंहले क्रमशः तीन ठाउँमा शिलालेखको प्रमाण दिएका छन्। पहिलो खार्वेलको शिलालेख तथा दोस्रो साँचीको स्तूपलेख। प्रथममा किरात र चीन शब्द प्रष्ट छ। साँचीकोमाचाहिं किरातभिक्षुले दान दिएको उल्लेख छ। तेस्रो नागार्जुनीय कोङ्कोण अभिलेखमा पनि किरात शब्द उल्लेख छ। केवल यति मात्र हैन यस्ता कैयौं अभिलेखहरू छन्, जो कि पढ्न सकिएका छैनन्।

नेपालमा भने अभिलेखको सम्बन्धमा भन्न निक्कै गाह्रो छ। अर्थात् 'किरात' शब्द उल्लेख भएको शिलालेख भेट्टिएको थिएन। त्यसो हुँदा एकाङ्गी इतिहासकारहरूले दागा धर्नु स्वाभाविकै थियो। यहाँ काठमाण्डौ अधित्यकामा कोही किरात थिएनन्। यसो पनि बेलाबखतमा गाइँगुइँ चाइँचुइँ हुन थालिसकेका थिए। तर हनुमान्ढोकाको शिलालेखमा 'किरात' शब्द स्पष्ट लेखिएको हुनाले त्यो चाइँचुइँ बन्द भयो। यो अभिलेख धनवज्र वज्राचार्यजीको संग्रह 'लिच्छविकालिक अभिलेख'[१] मा छापिएको छ। रघुनाथसिंहले एकजना विदेशी लेखक 'टालेमी' को उद्धरण दिएर लेखेका छन् कि ईसाको पाँचौं छैटौं शताब्दीका शिलालेखहरूले यो बुझाउँछन् कि त्यतिखेर बर्मा र कम्बोजका[२] मूल निवासी किरातै थिए।

सुप्रसिद्ध भाषावैज्ञानिक सुनीतिकुमार चटर्जीले आफ्नो ग्रन्थ 'किरातजनाकृति'[३] मा 'किरात' शब्दको अत्यन्त गलत अर्थ गरेको देखिन्छ, किनकि यसै ग्रन्थभित्र हामीले यस कुराको पर्दाफास गरिसकेका छौं। सत्य के हो र असत्य के हो भन्ने नीरक्षीरविवेकी पाठकवृन्दको सामुमा छ। यस्तै गोपाल

---

[१] लिच्छविकालिक अभिलेख ९१, पृ० नं० ३७४

[२] रा० त० तृ० त०, पृ० नं० ४७२

[३] किरातजनाकृति, पृ० नं० २५

चन्द्रको 'उडिसालेक्सिकन करक'[1], ज्ञानेन्द्रमोहनदासको बङ्गालीकोश द्वितीयावृत्ति आदिमा किरात शब्द चर्चाविचर्चा गर्दा धेरै नै गलत अर्थ गरेर पाठकलाई भ्रमाएका छन् । साथै तिब्बत र बर्मालाई चाइनिज बर्मा भाषा बोल्ने भनेका छन् । तर यिनीहरूको भनाइ सर्वथा गलत छ ।

किरातजनाकृति[2] मा महाभारत साक्षी राख्ने प्रयास गरेको भए पनि मङ्गोलियन[3] नाम पाइन्छ भन्ने उल्लेख गरेको छ । फेरि कहीं अनार्य[4] नामधारी किरात भनेर लेखेको छ । तर यी सबै कर्कपेट्रिक, राइट, लेण्डन, लेवी हेमिल्टन, मिष्टर मूर, थिवो, ग्रीफथ, ग्रियर्सन आदि पाश्चात्य लेखकहरूका जाली इतिहास अथवा फुट पार्ने मेसो र हल्ला मात्रै हुन् । आजभन्दा ५००० वर्षअगाडिसम्म किरातहरू महान् बुद्धिमान् भए पनि वर्तमान युगमा बुद्धिहीन भएका हुनाले फुट पार्ने चाँजो गरेको मात्र हो । तर आज पनि हाम्रा इतिहासकारहरू आँखा चिम्लेर भतुवा इतिहासको पछाडि लागिरहेका छन् । निश्चय नै भन्न सकिन्छ कि हाम्रा पुर्खा अमीवा र बाँदर, भालू थिएनन् । त्यसै भएको हुनाले त हामी अमीवा, बाँदर, भालु नभएर मानव नै छौं । एक्जीमेनिण्डर र डार्विनको विकासवाद सही सत्य हो भने त मान्छेबाट मान्छेको जन्म हुनु हुँदैन । अमीवाभन्दा पूर्व पनि केही हुनुपर्छ । मानवदेखि उता के हुने हो ? त्यो पनि बताउनुपर्‍यो । यसको उत्तर दिन सक्ने जन्मेको छैन । जन्मिने पनि छैन र डार्विनको दिमागले पनि यसको उत्तर दिन सक्ने थिएन । यस प्रकार डार्विनको विकासवादको महलमा आगो लागेपछि ढुङ्गे, फलामे आदि युगका हतियारहरू त त्यसै जलेर भस्म नै होलान् । यस्ता नंचाहिंदा बच्चाहरूको तोतेबोलीले इतिहास उभ्याउन सक्दैन । यस दिशामा अब अवश्य पनि दूध-पानीको छनौट हुनेछ । विकासवादको घरेडी खतम भएपछि आर्य र मङ्गोल-परिवारमा मानवलाई बार्ने इतिहास पनि सरासर झूठो हो । आजभन्दा ३००० वर्षपहिले मङ्गोलिया नामको अस्तित्व नै थिएन । यहाँ आर्यावर्त हिमवत्खण्डमा किरातहरू हजारौं लाखौं वर्षदेखि शासनसत्ता र थरी रैथाने भएर बसेको इतिहास प्रष्ट पाइन्छ ।

अतः किरातहरू शुद्ध हिन्दू-आर्यक्षत्रिय हुन् भन्ने इतिहासलाई मेट्ने कसैको ताकत छैन । रह्यो नस्लको कुरा, मङ्गोलियन नस्ल भन्नुभन्दा चीन, बर्मा, थाईल्याण्ड, जापान आदिमा किरातनस्लका मानिस रहन्छन् किन नभन्ने ? किनभने ती देशहरू विकसित हुनुभन्दा पहिले नै सृष्टि सगरमाथाबाटै भएको हुनाले मानवसृष्टि पनि यहींबाट भएको प्रमाण छ । अतः 'फुट पार राज गर' भनेर अनि मोज मस्ती उडाउने नीतिले लेखेका इतिहासलाई हाम्रा इतिहासकारहरूले एक दिन अवश्य बुझ्नेछन् । नबुझे आफ्नो राष्ट्र र समाजको हत्या हुनेछ । यसमा सन्देह छैन ।

त्यसैले प्राचीन किरात-इतिहासको बाटोलाई गफ भनेर होइन, अपितु हाम्रा पूर्वजका सम्पत्ति हुन् भनेर तथ्य बाटोमा लाग्नु उचित होला, किनभने हज्जारौंदेखि लाखौं वर्ष पुरानो किरात-इतिहासको सामग्री थोरै दिनमा हावामा उडेर कोठेगफ हाँकेर बुझिने कुरा होइन । यसलाई लेखकले जति मिहिनेत गरेको छ, पढ्ने पाठकले कमभन्दा कम त्यसको आधा पनि परिश्रम गर्‍यो भने किरात-इतिहास अवश्य बुझ्नेछ । साथै सही बाटोमा पनि हिंड्नेछ । यही इतिहासको बाटो देखाउने प्रयास यहाँ गरिएको हो ।

---

[1] उडिसालेक्सिकन करक, १९३२, भाग २

[2] किरातजनाकृति, पृ० नं० २४ देखि पृ० नं० ३० आदिमा हेर्नुहोस् ।

[3] किरातजनाकृति, पृ० नं० ६३ मा हेर्नुहोस् ।

[4] किरातजनाकृति, पृ० नं० ४४ मा हेर्नुहोस् ।

ऋग्वेदमा किरात-ऋषि

किरातहरूको इतिहास हेर्दा ऋग्वेदलाई मनन र अध्ययन गर्नु आवश्यक छ। यद्यपि ऋग्वेदलाई आजको युगमा अध्ययन गर्नेहरू कमभन्दा पनि कमै छन्। यहाँ इतिहासको प्रसङ्गमा आचार्य सायणले उपस्थापन गरेको इतिहासविज्ञ पाठकवृन्दसामु प्रस्तुत गर्न पाउँदा विचारको कसौटी बनेको छ। ऋग्वेदको दशौं मण्डलको चौथो अष्टकको ५८ सूक्तको पृष्ठ ४७० को पहिलो मन्त्रमा 'मा प्र गाम पथो वयं मा' मन्त्रको पूर्व पीठिकामा एक गजबको इतिहास सायणाचार्यले लेखेका छन्। उनी लेख्छन् 'मा प्र गाम', यो पन्ध्रौं सूक्तको ६ वटा ऋचा वा मन्त्रहरूको छन्द गायत्री हो तथा मन्त्रको देवता विश्वेदेव हो। यस सूक्तका मन्त्रद्रष्टा बन्धु, श्रुतबन्धु, विप्रबन्धु ऋषि हुन्।

इक्ष्वाकुवंशमा उत्पन्न भएका असमाति[1] नामक राजा थिए। राजा असमातिका बन्धु, सुबन्धु, श्रुतबन्धु, विप्रवन्धु नामक चारजना पुरोहित थिए। उनीहरूलाई गोपायन भन्दथिए। कुनै कारणवश राजा असमातिले चारैजना पुरोहितलाई परित्याग गरे। उनको स्थानमा अरू नै दुइजना वेद, तन्त्र, मन्त्र र विज्ञानवेत्ता ऋषिहरूलाई पुरोहित रूपमा राजाले वरण गरे। त्यसपछि पहिलेका बन्धु आदि चारैजना ऋषिहरू क्रोधित भएर राजा असमातिलाई मार्नका लागि तन्त्र, मन्त्र र षडयन्त्र गरे।

यो कुरा ती किरात र आकुलि दुवै मायावीले थाहा पाए। त्यसपछि दुवै मायावीले 'सुबन्धु' नामक ऋषिलाई मारिदिए। मृत ऋषि सुबन्धुका तीनै भाइ बन्धु, श्रुतबन्धु र विप्रबन्धुले प्रस्तुत मन्त्रहरूको दर्शन गरे (रचना गरे ?)। अनि आफूलाई अविनाशी बनाउनका लागि जप गरे। त्यसैले बन्धु, श्रुतबन्धु, विप्रबन्धु यस सूक्तका ऋषि हुन्।

तर यो इतिहास केवल आचार्य सायणको कल्पना होइन। सायणले पनि पारम्परिक इतिहास देखाएका छन्।[2] ती बन्धु, श्रुतबन्धु र विप्रबन्धु ऋषिहरूले दर्शन गरेको पहिलो मन्त्र[3] यही हो। यस मन्त्रको भाष्य लेख्दा सायणले प्रामाणिकताको लागि आफ्नो होइन, अपितु शाठचायन[4] ऋषिले उल्लेख गरेको इतिहासलाई प्रस्तुत गरेपछि आफ्नो व्याख्या गर्छन्। यो सही इतिहास राख्ने विद्वान्को लक्षण हो। यसले यो कुरा प्रष्ट भयो कि शाठचायन ऋषिको समयमा किरात-ऋषि र आकुलि-ऋषिले राजा असमातिको पौरहित्य स्वीकार गरेका रहेछन्।

---

१. मा प्र गाम इति षड्चं पञ्चदशं सूक्तं गायत्रं वैश्वदेवम्। ऐक्ष्वाको असमातिः नाम राजा। तस्य बन्धुः सुबन्धुः श्रुतबन्धुर्विप्रबन्धुश्चेति चत्वारः पुरोहिता आसन्। ते च गौपायनाः। स च राजा तान् त्यक्त्वा अन्यौ मायाविनौ–ऋषि पुरोहितत्वेन आवृणीत। ततो बन्ध्वादयः क्रुद्धाः सन्त इमं राजानमभिचरितवन्तः। एतज्ज्ञात्वा मायाविनौ पुरोहितौ एषामन्यतमं सुबन्धुं प्राणैर्वियोजितवन्तौ। मृतस्यास्य भ्रातरो बन्धुश्रुतबन्धुविप्रबन्धुरित्यते-अविनाश-प्राप्तिहेतुभूतमिदं दृष्ट्वा जपन्तिस्म। अतस्तेऽस्य सूक्तस्यर्षयः। प्रतिपाद्यत्वादावर्तमानं मनो देवता।
[ऋ० १०-४-५७, सा० भा० पृ० ४७०].

२. तथा च अनुक्रान्तम् 'अथ ह इक्ष्वाको राजा-असमातिः गोपायनान् बन्ध्वादीन् पुरोहितान् त्यक्त्वा अन्यौ मायाविनौ श्रेष्ठतमौ मत्वा पुरोदधे। तमितरे क्रुद्धाः अभिचेरुः। अथ तौ मायाविनौ सुबन्धोः प्राणान् अंचिक्षिपतु, अथ ह, अस्य भ्रातरस्त्रयः 'मा प्र गाम' इति षट्कं गायत्रं स्वस्त्यययं जप्त्वा' इति। [ऋ. १०।४।५८ सा. भा. पृ. ४७०]

३. मा प्र गाम पथो वयं मा यज्ञादिन्द्र सामिनः। मान्तः स्थुर्नो अरातयः ॥ १ ॥

४. शाठ्यायन ऋषिका अन्य ग्रन्थहरू पनि छन् भन्ने यत्र तत्र प्रमाणहरू छरिएका पाइन्छन्। ती अप्राप्य ग्रन्थहरूमा किरातहरूको आफ्नै इतिहास लेखिएका होलान्। तर धैर्यपूर्वक खोज गर्ने आवश्यकता भने छँदैछ।

यहाँ शाठ्यायन ऋषिको इतिहास सायणले[१] यसरी राखेका छन् । तर जसले हेर्नुपर्छ, त्यो तल मूल र भाष्यलाई हेर्नुहोला । यहाँ इतिहासपक्षलाई प्रस्तुत गर्न आवश्यक भएको हुनाले त्यसै पक्षलाई प्रस्तुत गर्नको लागि मूल मन्त्र र भाष्य उठाइएको छ ।

यस मन्त्रमा शाठ्यायन (शाड्यायन ?)-को इतिहासले के भन्छ भने किरात-ऋषि र आकुलि-ऋषि पनि थिए । साथै राजाका राजपुरोहित थिए भन्नुको अर्थ असमाति राजाका मन्त्री पनि थिए । तर यहाँ ऋषिले मन्त्री हुने कुरा होइन, अपितु पुरोहितचाहिं मन्त्री पनि थिए । यहाँ आचार्य सायणले किरात र आकुलि दुवै ऋषि र पुरोहित थिए भन्ने उल्लेख गरेका छन् । सायणको लेख अर्थात् पूर्व भाष्यमा 'ऋषि' शब्दको प्रयोगको साथै 'पुरोहितत्वेन' शब्दको प्रयोगले निश्चितै किरात र आकुलि ऋषि थिए । राजपुरोहितका योग्य थिए । त्यसैले राजा असमातिले ती चारजनालाई छोडेर किरात र आकुलिलाई पुरोहित स्वीकार गरेका थिए ।

यहाँ अर्को शङ्काको समाधान पनि साथै भएको देखिन्छ । कैयौं वैदिक विद्वान्हरूले भन्ने गरेका छन् मूल ऋग्वेदका मन्त्रहरूमा 'किरात' शब्द पाइँदैन । हो पनि, वर्तमानमा उपलब्ध ऋग्वेदका मन्त्रहरूमा 'किरात' शब्दको उल्लेख छैन । तर 'किरात' शब्दको उल्लेख छैन भन्दैमा ऋग्वेदकालमा किरात थिएन भन्नुचाहिं मिल्दैन, किनभने मूलमा नभएको ब्राह्मणग्रन्थ तथा भाष्यादिमा उल्लेखै हुँदैन । होइन भने 'मा प्र गाम' मन्त्रको अर्थ नै नलाग्ने भयो । किनभने यस मन्त्रको अर्थ गर्नलाई इतिहास पनि उति नै आवश्यक छ जति कि निरूक्त, व्याकरण, प्रातिशाक्य र ब्राह्मणग्रन्थहरूको आवश्यकता छ । ऋग्वेदको मन्त्रकालमा घटेको प्रत्यक्षदर्शी अथवा इतिहासको परम्पराबाट बुझेर अविच्छिन्न रूपले भन्दै आएको किरात र आकुलिको इतिहास यस मन्त्रमा उपस्थित नगरे प्रसङ्गै मिल्दैन । त्यसैले सायणले भाष्यमा लेख्न कर लाग्यो । फेरि प्रमाणको आवश्यकता पऱ्यो । प्रमाणको लागि शाठ्यायन ऋषि र ताण्डचमहाब्राह्मण आदि र सूत्रग्रन्थहरूको प्रमाण प्रस्तुत गरेर सायणले आफ्नो भाष्यलाई प्रामाणिक र बलियो बनाएको देखिन्छ ।

यस परिस्थितिमा ऋग्वेदमा सम्पूर्ण मन्त्रहरू उपस्थित छैनन् । किरात शब्द उल्लेख भएका मन्त्रहरू मुसलमानहरूको आगोलगाइमा भस्म भएको बुझिन्छ । आचार्य सायण विक्रमको १४ औं शताब्दीमा जन्मेका थिए । तक्षशिला (पाकिस्तान), नालन्दा आदि विश्वविद्यालयका पुस्तकालयहरूमा सायणभन्दा पहिले नै आगो लागिसकेको थियो । फेरि पनि सायणकालमा पनि केही ग्रन्थ थिए । तिनै ग्रन्थहरूको उद्धरण दिएर आचार्य सायणले भाष्य पूरा गरेका हुन् । यसरी किरात 'ऋषि' को इतिहास हामी पाउँछौं भने किरातहरू कुन बेला, कसरी मङ्गोल भए ?

---

[१] अत्रोक्तास्थाने शाठ्यायनकम् असमार्ति राथप्रौष्ठं गोपायना अभ्यगमन् । ते खाण्डवे सत्रमासता-अथ ह-असमातौ राथप्रौष्ठे किराताकुली उषतुरसुरमायौ तं ह स्मानग्नौ निधायौदनं पचतोऽग्नौ मांसम्-अथ-असुरान्नं दग्ध्वा इक्ष्वाकवः पराबभूवुः । तमसमार्ति राथप्रौष्ठं गोपायनानाम्=आहुतयोऽभ्यपतन् । सोऽब्रवीदिमौ किराताकुली इमा वै मा गोपायनानाम्=आहुतयोऽभि तपन्तीति तावब्रूवतां, तस्य वा आवामेव भिषजौ स्व, आवां प्रायश्चित्तिरावाम् तथा करिष्यतो यथान्ते तानाभितपन्तीति । तौ परेत्य सुबन्धोर्गोपायनस्य स्वपतः प्रमत्तस्यासुमात्यान्तः परिधिं न्यधत्ताम् इत्यादि । (यहाँसम्म सायणाचार्यले शाठ्यायन ऋषिले भनेको इतिहास राखे ।)

सायणको मन्त्र व्याख्या—तं सुबन्धोरसुमादातुं खाण्डवादिसमार्ति प्रतिगच्छन्तो गोपायन वदन्ति । हे इन्द्र ! वयं=गोपायनाः; पथः=समीचीनान्मार्गात् मा प्रगाम=परागच्छामः । असमातिगृहमेव गच्छाम । मा च सोमिनः=असमातेः यज्ञात् मा प्रगाम । मा स्थुः=मा तिष्ठतु नः अस्माकं अन्तः मार्गमध्ये अरातयः शत्रवः । सोमिनः सोमवतो-यागात् मा प्रगाम ।

ऋग्वेदमा शम्बर-किरात

ऋग्वेदको घटना ऐतिहासिक घटना हो। साथै विश्वको प्रथम विश्वयुद्ध हो। यस युद्धमा इन्द्र, दिवोदास आदिसँग कुलितार-पुत्र शम्बरको चालीस वर्षसम्म युद्ध भएको थियो। ऋग्वेदका धेरै स्थलहरूमा शम्बरको वर्णन भएको छ। शम्बर मुख्य रूपमा इन्द्रका शत्रु थिए। शम्बर धेरै ठूला शक्तिशाली राजा थिए। यसमा सन्देह छैन। उनका सयवटा फलामका किला थिए। शम्बरलाई साथ दिने राजा-महाराजहरूमा शुष्ण, पिप्रु, वर्चिन् आदि थिए। प्रायः यिनीहरूको उल्लेख शम्बरको साथ भएको छ। शम्बरलाई ऋग्वेद छैटौं मण्डलमा[1] कुलितारको पुत्र दास भनेर उल्लेख गरिएको छ। ऋग्वेदको सातौं मण्डलमा[2] शम्बरले आफूलाई 'देवक' भनेर मानेको देखिन्छ। शम्बर यस्ता प्रभावशाली सम्राट् थिए, जसको नब्बेदेखि सयसम्म किला (दुर्ग)-हरूको उल्लेख ऋग्वेदमा[3] भएको छ। शम्बर आफैं लौहपुरुष थिए। फलामकै किला वनाएर बसाएका थिए। शम्बरका शत्रु इन्द्र मात्रै हैनन् अपितु दिवोदास[4], जसको अर्को नाम 'अतिथिग्व' हो, पनि थिए। यी शम्बरका महान् शत्रु थिए। शम्बरले दिवोदाससँग हारेको उल्लेख पनि कम छैन। तर यो इतिहास अलि नमिल्दो देखिन्छ, किनभने हारेपछि आफ्नै फलामे किलाहरूमा बस्ने कुनै तुक मिल्दैन।

तर शम्बर वास्तविक राजा थिए कि थिएनन् भन्ने विषयमा धेरै पाश्चात्य इतिहासकार वा लेखकहरू भ्रमित भएका छन्। मैक्डौनेल तथा कीथ यसबारेमा भ्रमित हुनु स्वाभाविकै हो। तर पाश्चात्यै नै भए पनि हिलेब्राण्टले[5] दिवोदासका प्रबल प्रतिपक्षी थिए भनेर लेख्नु युक्तियुक्त इतिहास हो। हिलेब्राण्टले यस इतिहासको पुष्टिको लागि निकै मण्डल र सूक्तहरू छान्ने प्रयास गरेका छन्। तर 'अर्कोसियाबाट भारत आउने' इतिहासचाहिं ठीक छैन।

यो सत्य इतिहास हो। शम्बर ऋग्वेदकालमा आर्यावर्तको सम्पूर्ण हिमालय-भेकका शासक देखिन्छन्। यसको साथै शम्बर आदिवासी किरातै थिए। यद्यपि 'शम्बर'को अगाडि पछाडि 'किरात' शब्द जोडिएको देखिंदैन, साथै ऐले उपलब्ध सम्पूर्ण ऋग्वेदैमा 'किरात' शब्द उल्लेख भएको पाइँदैन, तर

---

[1] ऋग्वेद ६।२६।५

[2] ऋग्वेद ७।१८।२

[3] ऋग्वेद १।१३०।७
(क) ऋ० १।१९।६।

[4] ऋग्वेद १।५१।६, १३०, ७, २, १९, ६, ४, २६, ३ आदिमा

[5] **मूल मन्त्र**—यः शम्बरं पर्वतेपु क्षियन्तं, चत्वारिंश्यां शरद्यन्वविन्दत् ओजायमानं यो अहिं जघान, दानुं शयानं स जनास इन्द्रः।

सायणभाष्य—यः पर्वतेपु क्षियन्तं, इन्द्रभिया बहून् संवत्सरान् प्रच्छन्नो भूत्वा पर्वतगुहासु निवसन्तं शम्बरम्, एतन्नामकं मायाविनम् असुरं चत्वारिंश्यां शरदि चत्वारिंशे संवत्सरे-अन्वविन्दत् = अन्विष्य-अलमत। लब्ध्वा च य ओजायमानं बलमाचरन्तम्-अहिम्-आहन्तारं दानुं दानवं शयानं शम्बरम् असुरं जघान = हतवान् स इन्द्रः।
यो आचार्य सायणले संस्कृतमा लेखेको अर्थ हो।

पर्वतीय राजा-महाराज वा शासक अवश्य थिए। शम्बरलाई 'किरात' भनेको पाइएन भन्दैमा 'शम्बर' किरात होइन भन्न पनि मिल्दैन, किनभने दिवोदास पनि 'गोपायन' नै थिए। किरात र आकुलि गोपायनहरूका शत्रु थिए। यो मैले 'ऋग्वेदमा किरात-ऋषि' भन्ने शीर्षकमा लेखिसकेको छु। त्यसैमा हेर्नुहोला। यहाँ 'शम्बर' मनुष्य नै थिए अथवा अरू कुनै पशु जनावर थिए, नीरक्षीरपेशल पाठकवृन्दले राम्ररी हेर्नुहुनेछ।

कसैले झूठा नसम्झून् भनेर लेखेको हो। संस्कृतमा अधिकार हुनेहरूले मूल र भाष्य हेर्नु पनि आवश्यक छ। यहाँ मूल मन्त्रले दिएको इतिहासमाथि ध्यान दिनु आवश्यक छ। अरू युद्धमा भएको सबै कुरा नराखेर चालीस वर्षसम्म इन्द्रलाई घुमाउने शम्बर साधारण वीर थिएनन् भन्ने इतिहास प्रष्ट भएको देखिन्छ। जित्नेले हार्नेको इतिहास लेख्दा दोच्याएरै लेख्छ। घटाएरै लेख्छ। तर नलेखी त धरै पाउँदैन। कुनै न कुनै रूपमा लेख्नु करै लाग्छ। ऋग्वेदको इतिहासमा इन्द्र र दिवोदासका शत्रु शम्बर, स्वयं इन्द्र तथा दिवोदास हराए भने मात्र शम्बरको इतिहास अथवा हार्नेको इतिहास हराउँछ। होइन भने होच्याएका होलान्। चेपारिएका होलान्। उठ्नै नसक्ने पारेका होलान्। तर इतिहासचाहिं मेटिन सक्दैन।

यस मन्त्रमा इन्द्रका शत्रु शम्बरलाई पूरा ऐतिहासिक सम्मान मिलेको छ। पहिलो इतिहास 'यः पर्वतेषु क्षियन्तम्' जो सम्पूर्ण पर्वतीय प्रदेशहरूमा निवास गर्ने, शासन गर्ने भनेर लेखेको छ। दोस्रो इतिहास 'य ओजायमानम् अहिम्' जो ओजपूर्ण महाबलशाली तर मार्ने काममा चतुर अथवा मार्नेयोग्य। तेस्रो इतिहास 'शयानं दानुं=दानवम्' आफ्नो किलाभित्र शयन गर्दै गरेको दानव शम्बरलाई। चौथो इतिहास 'चत्वारिंश्यां शरदि=अन्वविन्दत्' इन्द्रले चालीसौं शरद् ऋतुमा भेट्टाए। पाँचौं इतिहास 'स जघान' इन्द्रले माऱ्यो।

अर्थात् चालीस वर्षसम्म लड्दै आएका वीर दनु-पुत्र शम्बर पर्वत-प्रदेशका निवासस्थान किलामा आराम गरिरहेको बेलामा चालीसौं वर्षमा इन्द्रले सुतेको बेला अथवा आराम गर्दै गरेको बेला फेला पारेर मारिदिए। यस इतिहासले यो बताउँछ कि शम्बरलाई युद्धस्थलमा इन्द्र र दिवोदासले मार्न सकेनन्। त्यसैले सुतिरहेको अथवा आरामको बेलामा झुक्याएर मारे भन्ने इतिहास प्रष्ट हुन्छ।

किनभने सम्पूर्ण मन्त्रमा द्वितीयान्त शब्द धेरै छन्। ओजायमानम्, अहिम्, क्षियन्तम्, दानुम्, शयानम्, शम्बरम् यी द्वितीयान्त पदहरूमा क्षियन्तम् शयानम् यी दुइ पदद्वारा आफ्नै निवासस्थान राजदरबारमा शमन गर्दै गरेको बेलामा मारे भन्ने कुरा इतिहासले देखाइसकेपछि ऋग्वेदकालमा पनि गन्दा राजनीति गरेको देखिन्छ।

राजनीति भनेको स्वार्थनीति हो। हुन त कसैलाई के मन परेको हुँदैन, यो निश्चित कुरा हो। कसैलाई शान्त बनाएर भगवान्ले पनि राख्न सकेको देखिंदैन। तर यो युद्ध आर्य र अनार्यको पटक्कै होइन, किनभने यस प्रकरणमा अनार्य र आर्य शब्दको प्रयोगै देखिंदैन।

अगाडिको मन्त्रमा 'उत दासं कौलितारं वृहतः पर्वतादधि अवाहन्निन्द्र शम्बरम्', यस मन्त्रको भाष्य लेख्दा सायणले यसो[१] लेखेका छन्। यस अर्थले 'इन्द्रले शम्बरलाई अग्लो पर्वतमा लगेर दक्षिणतिर फर्काएर मारे' भन्ने स्पष्ट बुझिन्छ। अर्थात् इन्द्रले कुलितारका पुत्र वा सन्तान कौलितार-दास शम्बरलाई धोखा

---

[१] हे इन्द्र त्वं, दासम् उपक्षपयितारं कौलितारं कुलितारनाम्नोऽपत्यं शम्बरम्—असुरं वृहतो महतः पर्वतात्=अद्रेः अधि-उपरि-अरवाचिनं कृत्वा अहन् हतवान्।

दिएरै मारेको बुझिन्छ, किनभने 'दक्षिणतिर' फर्काउने देश, काल र परिस्थिति पनि हुनु आवश्यक छ। 'शयानम्' भन्ने शब्द र 'अवाचिन' शब्दले यो इतिहासलाई प्रष्ट पारेको छ। साथै चालीस वर्षसम्म युद्ध गर्दा पनि नमारिएको शम्बरलाई केही राजनैतिक जाल नफैलाईकन शम्बरको जीवन शेष गर्न मुश्किल पऱ्यो। त्यसैले इन्द्रले केही जाल रचेपछि शम्बरको अन्त गरेको देखिन्छ। जे भए पनि शम्बरको साथमा लाग्ने किरात-राजामहाराजहरूमा पिप्रु, धुनि, चुमुरि आदि धेरै थिए। वर्तमान काबुल, गान्धारको पर्वतदेखि लिएर समस्त काश्मीर, हिमाञ्चलप्रदेश, गढवाल, कुमाऊँ, नेपाल, बर्मासम्म पर्वत र मैदानक्षेत्रहरूमा सुदास, दिवोदास आदिलाई साथ लिएर इन्द्रले युद्ध गरेका थिए। यसलाई 'दासराज्ञ' युद्ध भनिन्छ, परन्तु आर्य र अनार्यको युद्धचाहिं होइन। झूठो कुरा हो। यसरी इन्द्रको साथ शम्बर र शम्बरको साथ इन्द्रको इतिहास ऋग्वेदमा अक्षुण्य रहेको छ। यो आर्य-आर्यकै आपसी युद्ध हो। राजनैतिक युद्ध हो। त्यसैले यो भन्न सकिन्छ कि यहाँ पनि किरात-इतिहास सुरक्षित छ र मंगोलियनको गन्ध आउँदैन।

●

ऋग्वेदमा चुमुरि-किरात

चुमुरि ऋग्वेदभित्र पर्ने प्रसिद्ध र वीरपुरुष थिए । शम्बरजस्तै चुमुरि पनि शासकै थिए, किनभने इन्द्रको शत्रु भएको देखिन्छ । इन्द्र साधारण व्यक्ति थिएनन् । देवराज इन्द्र थिए । इन्द्रको यश विश्वमा छ । उनै इन्द्रका शत्रु भएर देखिएकाले चुमुरि निकै ठूलो हस्तीका किरात थिए भन्नुपर्छ । मैले 'किरातऋषि'को बारेमा लेखिसकेको छु । त्यसपछि शम्बर-किरातको बारेमा पनि लेखेकै हो । यसै शम्बर-किरातसँग सहयोगी भएर राजा चुमुरि पनि इन्द्रका शत्रु बन्न पुगेका थिए । ऋग्वेदको[1] छैटौं मण्डलको बीसौं सूक्तको मन्त्रमा आफ्नो मित्र धुनिको साथमा उल्लेख भएको देखिन्छ । छब्बीसौं सूक्तको छैटौं मन्त्रमा पनि चुमुरिको उल्लेख भएको देखिन्छ । ऋग्वेदको[2] छैटौं मण्डलको अठ्ठारौं सूक्त आठौं मन्त्रमा शम्बर, पिप्रु, शुष्णसहित चुमुरिले उल्लेख पाएको छ । तर शम्बर, पिप्रु, शुष्ण, चुमुरि बहादुर हुनका साथै दुर्भाग्यवाला पनि थिए । ऋग्वेदमा यिनीहरूको कहीं पनि जीत भएको उल्लेख छैन । खालि हारैहार भएको उल्लेख पाइन्छ । चुमुरिलाई पनि इन्द्र र दभीतिबाट हार खानुपर्‍यो । इन्द्र र दभीतिले चुमुरिको दुर्गको नाश गरिदिए । पाश्चात्यहरूले[3] चुमुरिलाई पनि आर्य होइनन् भन्ने दुःसाहस गरेको देखिन्छ । कैयौंले मान्छे नै होइन भन्ने साहस पनि गरेको देखिन्छ । तर उनीहरूले प्रमाण भने केही जुटाउन सकेका छैनन् । सम्पूर्ण ऋग्वेदभित्र 'अनार्य' शब्दको उल्लेख छैन ।

आर्यहरूको आपसी राजनीतिक युद्ध भने अवश्य भएको हो भन्न सकिन्छ । यसमा सन्देहको गुञ्जायस छैन । मैक्डोनाल र कीथले चुमुरि, शम्बर, शुष्ण आदिलाई वैदिक इन्डेक्स पृ० न० ३९० मा दस्युहरूको नाम हो भनेर लेखेका छन् । विश्वामित्रले मधुच्छन्द आदि छोराहरूलाई श्राप दिंदा ऐतरेयब्राह्मणमा 'दस्यूनां भूयिष्ठाः' भन्ने प्रयोग भएको छ । ऐतरेयब्राह्मण[4] ऋग्वेदकै ब्राह्मणग्रन्थ हुनाले असङ्गत त हुँदै हुँदैन । तर अर्थगराइमा भने अन्तर भयो । एउटा बाबुले भनेको अपमानजनक शब्द मात्रै हो । अरू विशेष कुरा होइन ।

पिप्रु, नमुचि,[5] शुष्ण, शम्बर, वर्चिन् आदि ऋग्वेदीय किरात-राजामहाराजहरूका ठूलठूला किला

---

[1] ऋग्वेद ६।२०।१३
(क) ऋ० ६।२६।६

[2] ऋग्वेद ६।१८।८।

[3] आल्टिन्डिशे ग्रामेटिक १-२२ वाकरनागल

[4] ऐतरेयब्राह्मण ७।१८।

[5] अध्वर्यवो यः स्वश्नं जघान यः शुष्णमशुषं यो व्यंसम् ।
यः पिप्रुं नमुचिं यो रुधिक्रां तस्मा इन्द्रायान्धसो जुहोत ॥५॥ (ऋ. २।१४।५)

सा० भाष्यम्—हे अध्वर्यवः य इन्द्र अश्नम् । अश्नाति भक्षयति प्राणिजातमिति । यद्वा अश्नुते स्वतेजसा सर्वं व्याप्नोतीत्यश्नः कश्चिदसुरः । तमसुरं सु-सुष्ठु जघान । अशुषं केनापि-अशोषणीयं शुष्णम् असुरम् । यश्च तमसुरं व्यंसम् अंशहीनं कृत्वा जघान । यश्च पिप्रुं तेजसा जगत् व्याप्य वर्तमानम् एतन्नामकमसुरं नमुचिम् असुरं जघान । तैतिरीयके 'नमुचिमसुरं नालभत' इति प्रकृत्य 'फेनेन शिर उदवर्तयत्' (तै. ब्रा. १।७।१।५-६) इत्यन्तेन वाक्य-

Acc 29852

थिए, सेना थिए भन्ने इतिहास स्वयं ऋग्वेदका मन्त्र र भाष्यहरूले नै बताउँछन् । नीरक्षीरविवेचनपेशल पाठकवृन्दले तल पादटिप्पणीमा दिइएको मूल मन्त्र र भाष्यलाई मननपूर्वक निष्पक्ष भावले हेर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु । सायणको भाष्यार्थलाई दृष्टिगत गर्दै जाँदा मूल मन्त्रहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । अनि मात्र भाष्यार्थ र मन्त्रार्थको तुलनात्मक अध्ययन गर्न सकिन्छ । त्यसैले मूल संस्कृत भाषाको अध्ययन गरेपछि पनि वैदिक संस्कृत भाषा र वैदिक कोषहरूको तथा निरूक्त निघण्टुहरूको अनुशीलन र मनन आवश्यक हुन्छ । यहाँ किरात-इतिहासको संकलन गर्दा मूल वैदिक वाङ्मयभित्र अवगाहन नगर्ने व्यक्तिले चापचाप-चुपचुप गर्नु त येन केन प्रकारेण राम्रै हो । तर थाथा-थूथू गर्नु भने ठूलो अपराध हुनेछ । ऋग्वेदजस्तो विश्वको सबैभन्दा प्राचीन ग्रन्थ र प्राचीन संस्कृत भाषामाथि अनधिकार चेष्टाले नजानी नबुझी दुत्कार्नु न्यायसंगत कुरा होइन । जुन विषयलाई खण्डन वा मण्डन गर्नुपर्छ, त्यस विषयलाई राम्ररी पढेर बुझेको हुनुपर्छ । त्यसपछि मात्रै ननु नच र इदमित्थम्को कुरा गर्ने अधिकारी हुन्छ । यहाँ किरात-इतिहासमा यही समस्या भविष्यमा हुन सक्छ । धेरै यस्ता छन्, स्वयं बुझ्दैनन् अर्कालाई पनि बुझ्न दिंदैनन् । आफैं पढ्दैनन्, अर्कालाई पनि पढ्न दिंदैनन् । बाँदरले आफैं धर बनाउँदैन, अर्कालाई पनि बनाउन दिंदैन भन्ने उखान-बखानलाई चरितार्थ गर्ने व्यक्तिहरूको लागि यो किरात-इतिहास होइन । अपितु दूध-पानी छुट्याएर किरातहरूको इतिहास जान्नका लागि लेखिएको हो । ऋग्वेदकालिक किरात-इतिहासको नमूना यस ग्रन्थमा देखाइएको छ ।

●

धुनि-किरात

धुनि-किरात पनि इन्द्रका मानिएका शत्रु थिए । धुनि र चुमुरि एकआपसीमा मित्र राजा शासकहरू थिए । प्रायः चुमुरिकै साथ धुनिको उल्लेख भएको पाउँछौं । ऋग्वेदको[1] दोस्रो मण्डलको आदिमा धुनिको

सन्दर्भेण नमुचिवधः प्रपञ्चितः । तथा मन्त्रश्च 'अपां फेनेन नमुचेः शिरः इन्द्रो दवर्तय' (ऋ. ८।१४।१३) इति । रुधिक्राम् एतन्नामकमसुरं यश्च जघान । तस्मै इन्द्राय अन्धसः हविर्लक्षणानि· अन्नानि जुहोत=जुहुत ।

(क) अध्वर्यवो यः शतं शम्बरस्य पुरो विभेदाश्मनेव पूर्वीः ।
यो वर्चिनः शतमिन्द्रः सहस्रमपावपद्भरता सोममस्मै ॥ ६ ॥ (ऋ. २।१४।६)

सायणभाष्यम् —हे अध्वर्यवः य इन्द्रः शम्बरस्य मायाविनोऽसुरस्य पूर्वीः =पुरातनीः शतं पुरः=पुरीः अश्मनेव अश्मसदृशेन वज्रेण विभेद । यश्च-इन्द्र वर्चिनः । तस्यासुरस्य शतं सहस्रम् एतत्संख्याकान् अपरिमितान् वीरान् पुत्रान् अपातयत् युगपदेव भूम्यामपातयत् । शतं वर्चिनः सहस्रञ्च साकं हतो अपत्यसुरस्य वीरान् । (ऋ. ७।९९।५)

(ख) अध्वर्यवो यः शतमा सहस्रं भूम्या उपस्थेऽवपज्जघन्वान् ।
कुत्सस्यायोरतिथिग्वस्य वीरान्न्यवृणऽभरता सोममस्मै ॥ ७ ॥ (ऋ. २।१४।७)

सा० भाष्यम्—हे अध्वर्यवः जघन्वान् पूर्वं शत्रून् हतवान् यः इन्द्रः शतं सहस्रं असुरान् भूम्याम्उपस्थे उत्सङ्गे अवपत्, एकैकेन प्रकारेणापातत् । किञ्च यः कुत्सस्य एतन्नामकस्य राजर्षेः । आयोः पौरुरवस्य राजर्षेः । अतिथिग्वस्य दिवोदासस्य । एतेषां त्रयाणां वीरान् अभिगन्तॄन् प्रतिद्वन्द्विनः शुष्णादीनसुरान् न्यवृणक्= अवधीत् ।

[1] ऋग्वेद २।१५।९।

उल्लेख भएको छ । यी दुवै दभीतिका विरोधी थिए । तर साधारण होइन, प्रबल विरोधी थिए । सबैभन्दा ठूला शम्बर थिए । उनीसँग लागेर चालीस वर्षसम्म यिनले इन्द्रसँग मुकाबला गरेका थिए । राजनीति र युद्धको स्वाद भनेको यस्तै हुन्छ ।

ऋग्वेदमा जहाँजहाँ प्रकरणवश धुनिको नाम आएको छ, त्यहाँत्यहाँ धुनि पनि एक लौहपुरुष र राजनीतिज्ञको रूपमा देखा परेका छन् । ऋग्वेदको अध्याय, अष्टक, सूक्त र मण्डलार्थमा संगतीकरण बसाउँदै जाँदा त्यस युगको राजनैतिक इतिहास पनि प्रष्ट रूपमा प्रष्टिएको पाउँछौं । केही व्यक्तिहरूले ऋग्वेदसँग भेट नगरीकनै किरात-इतिहाससँग अन्याय गर्ने प्रयास गरेका छन् । तर साँचो कुरो यो छ कि सम्पूर्ण ऋग्वेद नै इतिहासको दृष्टिले हेर्दा त्यस बेलाको इतिहास ठहरिन्छ । ऋग्वेदीय मन्त्रहरूमा वर्णित विषयवस्तुको दृष्टिकोणले विभाजन गर्दै लैजाँदा आदिदैविक, आदिभौतिक, आध्यात्मिक तीन विषयभित्र विभाजन गर्न सकिन्छ । यी तीन विषयहरूमध्येमा पनि भौतिक विषयलाई लिएर विज्ञान, अर्थशास्त्र, नागरिकशास्त्र, राजनीतिशास्त्र, भौगोलिक वातावरण आदिमा व्यापक रूपले ऋग्वेदमा वर्णन भएको पाइन्छ । उपर्युक्त विषयहरूकै भित्र किरात-सम्राट् धुनि पनि पर्छन् । धुनिको विषयमा ऋग्वेदका मन्त्र-हरूदेखि बाहेक अन्यत्र अरूले विशेष लेखेजस्तो लाग्दैन । ऋग्वेदभित्र भने धुनि विशेष चर्चित पाइन्छन् । ऋग्वेदबाट धुनिको इतिहास निकाल्ने हो भने ऋग्वेदको ऐतिहासिक पाना गायब हुने हुन्छ । त्यसो हुनुको अर्थ हो किरात-इतिहास खतम हुनु । त्यसैले प्राचीन किरात-इतिहास सङ्कलन गर्दा जातिपातिको भेदभाव-रहित भएर ऋषिहरूले मन्त्र सङ्कलन गरेका छन्, किनभने ऋग्वेदकालमा जातीयप्रथै थिएन ।

यद्यपि नामको सम्बन्धमा केही पाश्चात्य र पौरस्त्य इतिहासकारहरूले आपत्ति उठाएका छन् कि शम्बर, चुमुरि, धुनि आदि नाम अनार्य हुन्, परन्तु यो सत्य होइन । ऋग्वेदमा 'अनार्य' भन्ने अर्थ त के, शब्दै पनि छैन । त्यसैले धुनि, चुमुरि आदि आर्य-हिन्दू-किरातक्षत्रिय थिए भन्ने इतिहास प्रष्ट देखिन्छ । यहाँसम्म धुनिको इतिहास संक्षेपमा राखियो ।

पिप्रु-किरात

ऋग्वेदभित्रका प्रमुख पात्र 'पिप्रु' पनि हुन् । पिप्रु पनि इन्द्रका घोर शत्रु थिए । पिप्रुलाई पनि इन्द्रले कैयौंपटक हराएका थिए भनेर लेखेका छन् । यी पनि राजा शासकै थिए । जहाँ पिप्रुले इन्द्रको दाँत खट्टा पारेका थिए, त्यहीं पिप्रुलाई इन्द्रले हराएको मन्त्रसन्दर्भ केही देखिन्छ । शम्बरपछि दुर्ग[1] र किला बनाएर बस्ने पिप्रुलाई दास[2] र असुर[3] पनि भनेर लेखेका छन् । इन्द्रले हराएको इतिहास प्रष्ट छ । मूल मन्त्रमा 'दृढानि पिप्रोरसुरस्य मायाविनः' भन्ने शब्दले बुझाउँछ कि पिप्रुका ठूलाठूला र बलिया किलाहरू

---

[1] ऋग्वेद १।१०१।१
(क) ऋ० २।४।१६।   (ख) ऋ० ६।२०।७।

[2] ऋग्वेद १।५१।५।
(क) ऋ० ६।२०।७।   (ख) ऋ० ८।३२।२।

[3] ऋग्वेद १०।१३८।३

थिए, जुन किलाहरू दिवोदास तथा इन्द्र आदि मिलेर ध्वस्त पारेका थिए। यसको साथसाथै 'किरात' शब्द मूल मन्त्रहरूमा नदेखिए पनि 'माया र मायावी' शब्दचाहिं जताततै किरातहरूलाई मात्रै प्रयोग भएको देखिन्छ। त्यसैले 'पिप्रु' किरातै थिए। परन्तु राथ लुडविग[1] (ऋग्वेद-अनुवादक), ओल्डेनवर्ग, हिलेब्राण्ट आदिले पिप्रुलाई मानवका शत्रु भन्ने अर्थ गर्नु मूल प्रसङ्ग नबुझेर हो। अथवा फुट पारेर राज गर्ने गराउने भेदनीति मात्र हो। यसरी पिप्रुको अक्षुण्य इतिहास ऋग्वेदभित्र रहेको देखिन्छ।

यहाँ पिप्रुको इतिहासको साथमा ऋग्वेदमा मूर्तिको उल्लेखै छैन भन्नेहरूका लागि 'वि सूर्यो मध्ये अमुचद्रथं दिवो विदद्दासाय प्रतिमानमार्यः' भन्ने मन्त्र मनन गर्न योग्य देखिन्छ।

पूर्वोक्त किरातराजा पिप्रुको इतिहास प्रष्ट भएपछि ऋग्वेदभित्र इतिहासको उल्लेख छैन भन्नु उचित होइन। प्रकरणको अनुसार मन्त्रहरूमा वैदिक गुरु सायणाचार्यले तत्तत् स्थलहरूमा आ-आफ्नो इतिहास प्रष्ट पार्दै गएका छन्।

तुग्र-किरात

तुग्र ऋग्वेदका प्रसिद्ध भुर्ज्युका पिता थिए। त्यसैले भुर्ज्युलाई तुग्र र तौग्र उल्लेख गरेको पाइन्छ। तुग्रको ऋग्वेदमा[2] प्रष्ट उल्लेख भएको छ। तुग्रको उल्लेख हुनका साथै 'तुग्र्य'[3] र 'तौग्र्य'हरूको उल्लेख भएको छ। यी पछि वंशपरम्परामा आएका हुन्। तुग्र पनि शासक वीर थिए भन्ने इतिहास उनैको साहसबाट देखिन्छ, किनभने तुग्र पनि इन्द्रका शत्रु हुन पुगेका छन्। कहीं पनि कसैको उल्लेख हुन्छ भने त्यसको केही विशेषता अवश्य हुन्छ। ऋग्वेदको[4] छैटौं मण्डलको बीसौं सूक्तको आठौं मन्त्रमा इन्द्रको शत्रु भएको उल्लेख छ। दशौं मण्डलको इतिहासअनुसार तुग्रको रहन-सहन 'वेतसून' जनपदमा थियो। महर्षि कुत्सको साथ पनि व्यवहार थियो भन्ने कुरा प्रष्ट हुन्छ। तुग्र समर्थशाली नभएसम्म इन्द्रले किन शत्रुता राख्थे! त्यसैले तुग्र एक शक्तिशाली किरात थिए भन्न सकिन्छ। तुग्र्य वा तौग्र्य-वंशको निकै लामो इतिहास पाउन सकिन्छ।

तुग्र पनि ऋषिवंशकै उपज भएका हुनाले महर्षि कुत्सको साथमा उनको व्यवहार भएको प्रष्ट बुझिन्छ। महर्षि कुत्स अन्यत्र देखिंदैनन्। तर कुत्सको गोत्रमा उत्पन्न हुने महर्षि वर्तन्तुका शिष्य कौत्सको उल्लेख भने महाकवि कालिदासले गरेका छन्। यो वंशपरम्परा र इतिहासको परम्परा निकै पुरानो रहेछ भन्ने स्पष्टीकरण हुन्छ। तुग्रको साथमा महर्षि कुत्सले हुनुपर्ने इतिहास उनको आध्यात्मिक ज्ञानको पराकाष्टा देखिन्छ। तुग्र जहाँ राजनीतिक र व्यावहारिक क्षेत्रका बुझक्कड थिए, त्यहीं आध्यात्मिक क्षेत्रका पनि जिज्ञासु थिए भन्ने तत्तत् मन्त्रार्थहरूबाट बुझिन्छ। तुग्र आफ्नो समयमा मन्त्रहरूले भनेअनुसार

---

[1] Translation of Rigveda 3-1491

[2] ऋ० १।११६।३ (क) ऋ० १।११७।१४ (ख) ऋ० ६।६२।६

[3] ऋ० ८।३।२३ (क) ऋ० ८।७४।१४

[4] ऋ० ६।२०।८ (क) ऋ० ६।२६।४ (ख) ऋ० १०।४९।४

व्यावहारिक क्षेत्रबाहेक आध्यात्मिक क्षेत्रका चिन्तनशील शासक थिए। यो अवश्य छ किरातहरूको इतिहास पैल्याउँदा ऋग्वेदभित्र डुबुल्की मार्नु आवश्यक छ। धेरै व्यक्तिहरूले ऋग्वेदको नाम मात्र सुनेका छन् भने केही व्यक्तिहरूले अर्काले लेखेका टिप्पणीहरूको भरमा भन्ने र लेख्ने गरेका छन् कि किरातहरू ऋग्वेदकालमा थिएनन् । तर मूल ऋग्वेदको अध्ययन गर्दै जाँदा भाष्यकारहरूले दिएको इतिहासको स्पष्टीकरण र संकेतहरूलाई हेरेका हुँदैनन् । त्यसैले यो भ्रम हुन गएको हो । तुग्र पनि कैयौं लेखकहरूको दृष्टिमा सन्देहात्मक भएर बसेका छन् । तर ऋग्वेदीय मन्त्रहरूले तुग्रलाई सुरक्षित राखेका छन् ।

वर्चिन्-किरात

ऋग्वेदमा[१] वर्चिन्को पनि ठूलो महत्त्व छ । त्यो महत्त्व हो ऐतिहासिक महत्त्व । वर्चिन् पनि इन्द्रका महान् शत्रु थिए । यिनी शम्बरका साथ लागेका थिए । शम्बरलाई जस्तै वर्चिन्लाई पनि 'असुर' शब्द प्रयोग गरेको देखिन्छ । यो एउटा उपाधिविशेष हो । वृचिवान्का वंशमा भएको हुनुपर्छ । यदि त्यसो हो भने भारद्वाज आदि गोत्रले सम्बन्धित किरात थिए भन्न अत्युक्ति हुनेछैन । ठाउँठाउँमा उल्लेख भएको देखिन्छ । 'आत्रेय र सभारद्वाज' आदिका उल्लेख त्यसै भएका होइनन् । यो स्पष्टीकरण अन्यत्र मन्त्रहरूमा हेर्नु आवश्यक छ ।

ऋग्वेदमा मन्त्रार्थलाई लिएर विचार गर्ने ऋषिहरूको कमी थिएन । त्यसैले गोत्रपरम्परासम्बन्धी संकेत केही मन्त्रमा र केही भाष्यकारहरूले अन्य वैदिक वाङ्मयमा भएको उद्धरण दिएर इतिहास प्रष्ट पारेका छन् । किरातहरू भारद्वाज गोत्रका हुन्छन् भन्ने इतिहास धेरै ठाउँमा प्रष्ट भएको छ । जसको गोत्र भारद्वाज हुन्छ त्यो किरात अहिन्दू कसरी होला त ? यो स्वयं ठंडा मस्तिष्कले सोचेर बोल्नुपर्ने हुन्छ । यहाँ वर्चिन्किरातको इतिहास राख्दा वर्चिन् लाखौं सेना राख्ने सेनापति तथा शासक देखिन्छन् । वर्चिन्का लाखौं सेना थिए भन्ने इतिहास ऋग्वेदमा पाइन्छ । उनी शासक नभए लाखौं सेना पाल्ने क्षमताका हुने थिएनन् । यो इतिहास 'सहस्रस्य शतावधि' भन्ने शब्दले प्रष्ट बुझाउँछ । वर्चिन् पनि विश्वको प्रथम विश्वयुद्धका महारथहरूमध्ये एक थिए भन्ने इतिहास ऋग्वेदका मन्त्रहरूले प्रष्ट पारेका छन् । मनन गरेर हेर्दा ऋग्वेदको मन्त्रभित्र परेको वर्चिन्को इतिहास अत्यन्त हृदयविदारक देखिन्छ । यद्यपि वर्चिन् स्वतन्त्र युद्धमा उत्रेका थिएनन् । कौरवपक्षमा दुर्योधन तथा पाण्डवपक्षमा युधिष्ठिर भएझैं इन्द्रपक्षमा दिवोदास आदि तथा शम्बरपक्षमा वर्चिन्, पिप्रु आदि राजा-महाराजहरू समर्पित भएका थिए । त्यसैले ऋग्वेदको दासराज्ञयुद्ध विश्वको प्रथम विश्वयुद्ध हुनुका साथै आजसम्म पाइएका किरात-इतिहासमा पहिलो इतिहास मान्नुपर्ने भएको छ । किरातहरू ऋषिवंशका हुनुका साथै क्षात्रधर्मरत वीर, बहादुर, युद्ध-कुशल थिए । समयले परिवर्तन ल्यायो । आज त्यो युग छैन । तर जबसम्म पृथ्वीतलमा ऋग्वेद रहन्छ साथै ऋग्वेदका अन्तःप्रवेश गर्नेवाला इतिहासविद् अध्येताहरू रहनेछन् तबसम्म किरात-इतिहास अक्षुण्य रूपमा रहनेछ । यसमा दुइ राय हुनेछैन ।

●

---

[१] ऋग्वेद २।१४।६
(क) ऋ० ४।३०।१४-१५ (ख) ऋ० ६।४७।२१ (ग) ऋ० ७।९९।५

राजा द्रुह्यु-किरात

ऋग्वेदका प्रसिद्ध राजा द्रुह्यु शक्तिशाली राजा थिए। द्रुह्यु नै एक यस्ता राजा हुन् जसले यदु[1], तुर्वशु, अनु, पूरु आदिका साथ मिलेर राजा सुदासको साथ युद्ध गरेका थिए। द्रुह्यु ऋग्वेदका पाँच जातिभित्र पर्थे। तर राजा द्रुह्यु सुदाससँग पराजित भएको देखिन्छ। पुरु र द्रुह्यु[2] दुवैको उल्लेख भएको देख्दा पुरुको साथमा राम्रो मित्रता थियो। त्यसैले सुदास, दिवोदास, इन्द्र आदिसँग युद्धमा उत्रेका थिए। ऋग्वेद[3] छैटौं मण्डलको छयालीसौं सूक्तको आठौं मन्त्रलाई हेर्दा उत्तर-पश्चिमपट्टि निवास गर्दथिए। राजा द्रुह्यु गान्धार र आजको पाकिस्थानसँग पनि सम्बन्ध राख्थे।

यद्यपि द्रुह्युको वंशावली आज पनि त्रिपुराराजमालामा सुरक्षितै छ। त्रिपुराराजमालाका अनुसार द्रुह्यु चन्द्रवंशीय किरात-क्षत्रिय थिए। राजमालाको अध्ययन गर्दा चन्द्र सिंह तथा कालिचरण दुवैको लेखाइअनुसार तथा प्राप्त वंशावलीअनुसार त्रिपुराको किरातराजवंशावली द्रुह्युबाटै शुरू भएको देखिन्छ। द्रुह्युको उल्लेख ऋग्वेदमा भए पनि' वंश सम्बन्धमा अनुसन्धान गर्न बाँकी नै छ। तर यिनीलाई अनुसन्धानमा राखे पनि झट्टै चन्द्रवंशी होइनन्चाहिं भन्न सकिदैन, किनभने किरातहरू चन्द्रवंशी, सूर्यवंशी, शौनकवंशी, भारद्वाजवंशी, अत्रीवंशी, कश्यपवंशी आदि पर्याप्त मात्रामा आज पनि पाइन्छन्। त्यसैले देश, काल नखाएका र अध्ययन नभएका व्यक्तिहरूले भने उपर्युक्त कुरालाई झूठा हो पनि भन्न सक्छन्। परन्तु अध्ययनरत निरन्तर अनुसन्दिधित्सुजनको लागि यो नौलो इतिहास होइन। त्यसैले द्रुह्युमाथि कलम चलाउँदा ऋग्वेदमा उल्लिखित द्रुह्यु र त्रिपुराको राजमालाको चन्द्रवंशी किरातराजाको प्रथम थालनी एकै हो भने चन्द्रवंशी किरातहरूको बारेमा शंका गर्ने आवश्यकतै छैन। यस परिस्थितिमा बेकारको बकम्फुस्से वकवास लिएर 'किरातहरू भनेका मंगोल, अनार्य हुन्' भन्नेहरूको दिमागको खोजी कहाँसम्म छ भन्ने स्वतः बुझिहालिन्छ। यति मात्रै होइन, त्रिपुरा र वर्तमान बर्मामा स्थित आराकान प्रदेशका किरातहरूमा चन्द्रवंशी र सूर्यवंशीका केही लेखकहरूले उल्लेख गरेका छन्। यी दुइमध्ये आराकानी किरात सूर्यवंशी थिए भने नेपालका तथा मध्यप्रदेश आदिका केही किरातहरू आफूलाई आज पनि सूर्यवंशी नै भन्नुमा गौरव ठान्दछन्। केहीले हामी यही वंशका हौं भन्न बिर्सिसकेका छन्। तर कुमाऊँका राजी किरात र गढवालका केही किरातहरूले हामी सूर्यवंशी हौं भनेकोचाहिं लेखकले स्वयं सुनेको र जानेको छ।

यस प्रकारले आज पनि सूर्यवंशी र चन्द्रवंशी किरातहरू यस धरातलमा विद्यमान छन् भन्नुपर्छ। द्रुह्युले ऋग्वेददेखि लिएर आफ्नो वंशपरम्परा वंशावलीमा यथावत् कायम राख्न सके भने त्यो इतिहासलाई सन्दिग्ध भन्नु हुँदैन।

◆

---

[1] ऋग्वेद–१।१०८।८

[2] ऋग्वेद–८।१०।५

[3] ऋग्वेद–६।४६।८

वृहद्देवतामा किरात

'वृहद्देवता'; यो ग्रन्थ ऋग्वेदसँग सम्बन्ध राख्ने अत्यन्त उपयोगी ग्रन्थ हो। विशेष गरेर ऋग्वेद-सम्बन्धी जानकारी र अरू जानकारीको लागि वेदहरूको ज्ञाता हुँ भन्ने विद्वान् वा विद्यार्थीले 'वृहद्देवता' पढेको वा सुनेको छैन भने त्यो विद्वान् वा त्यो विद्यार्थी निश्चितै आधा बाटोमा पुगेपछि घरतिर सुइँकुच्चा ठोकेको मानिन्छ। 'वृहद्देवता' का रचयिता महर्षि शौनक हुन्। रचयिताको बारेमा पनि राम्ररी बुझ्नु आवश्यक छ। नेपाली आमाका छोरा तथा विदेहराज जनकका राजगुरु याज्ञवल्क्यका गुरु महर्षि शौनक थिए। याज्ञवल्क्य र महर्षि शौनकको विवाद भएपछि महर्षि याज्ञवल्क्यले[1] शुक्लयजुर्वेदको माध्यन्दिन शाखाको प्रवर्तन गरेका थिए। आज सम्पूर्ण भारत र नेपालमा 'माध्यन्दिन' शाखाकै वेदपाठी धेरै पाइन्छन्। यसरी शुक्लयजुर्वेदको एक शाखाकै प्रवर्तन गर्ने महर्षि याज्ञवल्क्यका गुरु महर्षि शौनक थिए भनेपछि यो ग्रन्थ कुन समयको हो भनिरहनुपर्दैन। उनै महर्षि शौनकले 'किरात र आकुलि' दुवैको एकसाथ उल्लेख गरेका छन्। मन्त्र अत्यन्त मनन गर्ने योग्य छ। हेर्नुहोस्[2]।

मन्त्रमा दुइ जातिको नाम उल्लेख भएको छ। त्यो हो किरात र आकुलि, जो अत्रिमण्डलमा बन्धु प्रभृतिलाई छोडेर, हटाएर वा खण्डन गरेर छाएका थिए।

यी दुइ नाम, जो किरात र आकुलि थिए, यी दुवै मायाविनौ भनेको त्यतिखेरका भौतिक वैज्ञानिक थिए। द्विजौ भनेको जनैधारी थिए। विशेष कुरा के छ भने यो शौनकको समयमा भएको इतिहास हो, किनभने जसले पनि आफ्नो समयमा प्रचलित भएकै कुरा मात्रै लेख्छ। शौनकको समयमा घटित कुराको उत्तम इतिहासको यो प्रमाण हो। यस्तो चर्चा अन्यत्र पनि आएको छ। यो इतिहास केवल वृहद्देवतासम्म मात्रै सीमित छैन। यसमा पनि अनुसन्धेय भागहरू अझ छन्। तर किरात र आकुलि जनैधारीहरू थिए भन्नुमा अत्युक्ति हुनेछैन।

योभन्दा पूर्वको इतिहासलाई संकेत गरेर महर्षि शौनकले वृहद्देवतामा ऋग्वेदका महाराज असमातिका राजपुरोहितहरूको इतिहास उभ्याएका छन्। त्यो शब्दलाई 'बन्धु प्रभृतीन्' शब्दले जनाएको छ। बन्धु प्रभृतीन शब्दको अर्थ हो—बन्धु, सुबन्धु, विप्रबन्धु आदि राजपुरोहित। यसरी इतिहासको परम्परालाई पारम्परिक रूपले राख्दा ऋग्वेदको वृहद्देवताले ऋग्वेदकै महाराज असमाति र उनकै विप्रबन्धु आदिको इतिहास राख्ने प्रयास गरेको देखिन्छ। 'व्युदस्य' पदले विप्रबन्धु आदि मारिएको इतिहास पनि प्रष्टै बुझिएको छ। त्यसको साथै 'मायाविनौ' भन्ने पदले त्यस बेलाको 'Scientist' वैज्ञानिक पनि थिए भन्ने इतिहास प्रष्ट पारेको छ। 'द्विजौ' भन्ने पदले यज्ञोपवीत (जनै) धारण गर्ने रहेछन् भन्ने इतिहास पनि प्रष्ट्याएको छ, किनभने 'द्वाभ्यां जन्मसंस्काराभ्यां जायते इति द्विजः', 'तौ द्विजौ किराताकुली' यस व्युत्पत्ति र समासले प्रष्ट बुझिन्छ कि किरात र आकुलि दुवै जनैधारी थिए। त्यसैले किरातहरू जनैधारी क्षत्रिय हुन् भन्ने इतिहासलाई पनि बिर्सनु हुँदैन। यो महर्षि शौनकले लेखेको इतिहास हो। किरातहरू आर्य-हिन्दू नभए जनै, टुपी किन राख्थे? जनै, टुपी राख्नेवाला अहिन्दू वा अनार्य कसरी हुन सक्छ? नबुझीकन भन्नु वा लेख्नु समाज वा राष्ट्रको लागि ठूलो अपराध मानिनेछ। त्यही अपराध केही लेखकहरूले गरिराखेका छन्। त्यसमा न्याय पाउने पक्ष पनि होला भन्ने विश्वासमा वृहद्देवताको अकाट्य प्रमाण प्रस्तुत गरिएको छ।

◆

---

[1] स्कन्दपुराणको नागरखण्डमा याज्ञवल्क्यका गुरु शाकल्य भनेर लेखिएको छ।

[2] व्युदस्य बन्धुप्रभृतीन् द्वै पदा येऽत्रिमण्डले
द्वौ किराताकुली नाम ततो मायाविनौ द्विजौ ॥८६॥ [वृहद्देवता ७ अ० ८६ मन्त्र]

ऋग्वेदमा दासराज्ञयुद्ध

यस बेलासम्म शोधखोज र तथ्य कुराहरू बुझ्दै लैजाँदा यी लेखकहरूले मूल ऋग्वेद हेरेकै थिएनन् भन्न कर लागेको छ। खालि हावामा मात्र उड्दा रहेछन् भन्ने कुरा पनि सत्य सिद्ध भइसक्यो, किनभने जनु 'दास (दाश) राज्ञ' युद्धलाई आर्य र अनार्यको युद्ध भनेर भ्रम फैलाएका छन्। सम्पूर्ण ऋग्वेदभित्र 'अनार्य' शब्दको दर्शनै भएको छैन। अब कुन आधारले अनार्यहरूको युद्ध राज्ञहरूसँग भयो? मूल वेदमै नभएको फटाहा कुरा लेखेर भ्रममा पार्ने षडयन्त्र जुनजुनले रचे, त्यस्ताका पछाडि लागेर हुन्छ? 'कहीं का ईंट कहीं का रोडा भानुमति ने कुनुवा जोडा' भनेजस्तै पारेका छन्। अर्को कुरा, 'दास' शब्द ऋग्वेदमा उल्लेख भएको छ। त्यस्तै 'राज्ञ' शब्द पनि प्रसङ्गवश उल्लेख भएको छ। तर 'दासराज्ञ' साथै उल्लेख भएको शब्द पाइँदैन किन? साथै 'दाशराज्ञ' शब्द पनि चिन्तनीय देखिन्छ। यदि 'दश' शब्दबाट 'दाश' शब्द बनेको हो भने पनि 'राज्ञ' द्वितीय विभक्तिको बहुवचन मान्ने कि पञ्चमी वा षष्ठी विभक्तिको रूप मान्ने! यो नाममा जोडिएको 'दाशराज्ञ' शब्दले विचार गर्दा निकै ठूला खाले वैयाकरण वा भाषावैज्ञानिकहरू टाउको खलबलाउने गर्छन्। तर जे भए पनि ऋग्वेदको[1] साथै अथर्ववेदमा पनि चर्चित छ। यसको अर्थ यो होइन कि आर्य र अनार्यको युद्ध हो। ऋग्वेदमा त के समस्त वैदिक र लौकिक वाङ्मयमा नै आर्य र अनार्यको कल्पना गर्नु पागलपना मात्र हो। 'आर्य' शब्दको व्याख्यामा अर्थ देखाइसकिएको छ। सारासार विवेचन चतुर पाठकवृन्दले उहीं हेर्नुहोला।

जहाँ तेत्तीस तुर्वश घोडा र छ हजार सशस्त्र सैनिकहरूको उल्लेख भएको छ। 'दास' शब्द 'दसु उपक्षये' अर्थात् नाश हुने, मारिने अर्थमा प्रयोग भएको देखिन्छ, पाणिनि आदि ऋषि-महर्षिहरूले बताएका अर्थलाई छोडेर मनपरी अर्थ गर्दा इतिहासको गला घोटिनु स्वाभाविकै हो। दास शब्दको प्रयोग ऋग्वेदमा प्रसङ्गवश शम्बर[2] तथा वर्चिन्[3], शुष्ण आदिलाई प्रयोग गरेको देखिन्छ। सायणाचार्यले 'दास' शब्दको अर्थ आफ्नो भाष्यमा 'उपक्षयितारम्' गरेका छन्। यसरी नै वर्चिन्का एक लाख सेना मारिएको उल्लेखमा

---

१. ऋ. ५।८३।८ (क) ऋ. ७।३३।२ (ख) ऋ. १०।१२८।१२

२. उत दासं कौलितारं वृहतः पर्वताधि अवाहन्निन्द्र शम्बरम् (ऋ. ४।३०।१४)
भाष्यम्—उत अपिच हे इन्द्र! त्वं दासम् उपक्षयितारं कौलितरं कुलितरनाम्नोऽपत्यं शम्बरम् असुरं वृहतो महतः पर्वताद् अद्रेः अधि उपरि अव अवाचीनं कृत्वा अहन् हतवानसि।

३. उत दासस्य वर्चिनः महस्राणि शतावधीः। अधि पञ्चप्रधीरिव (४।३०।१५)
भाष्यम्—उत अपिच हे इन्द्र! त्वं प्रधीन् इव चक्रस्य परितः स्थितान् शङ्कून् इव हिंसकान् पञ्चशता=पञ्चशतानि=पञ्चशतसंख्यकान् सहस्राणि=सहस्रसंख्यकान् दासस्य लोकानाम् उपक्षयितुः वर्चिनः वर्चिनामकस्यासुरस्य सम्वन्धिनोऽनुचरान् पुरुषान् अधि अधिकम् अवधीः हतवानसि (ऋ. ४।३०।१५)
(क) उत शुष्णस्य धृष्णुया प्रमृक्षो अभिवेदनम्। पुरो यदस्य संपिणक्॥ १३॥ (ऋ. ४।३०।१३)
भाष्यम्—उत अपिच हे इन्द्र! धृष्णुया धृष्णुः धर्षकस्त्वम् शुष्णस्य शुष्ण नाम्नोऽसुरस्य सम्बन्धि वेदनम्=वित्तम् अभि=अभितः सर्वतः प्रमृक्षः प्रकर्षेण—अबाधयाः। यत्=यदा अस्य शुष्णस्य पुरः पुराणि नगराणि संपिणक् (सम्ऽपिणक्) संपिष्टवानसि।

वर्चिन्‌लाई पनि 'दासैं' भनेर लेखेको छ। त्यसैले 'दासराज्ञ' युद्धको अर्थ दश मुख्य राजाहरूको नेतृत्वमा भएको युद्ध हो, कुनै आर्य र अनार्यको युद्ध होइन। आफ्नै परिवारभित्र वा आफ्नै देशभित्र वा आफ्नै आपसी वंशमा राजनीतिक फुट पऱ्यो। त्यसैले ऋग्वेदकालिक विश्वयुद्ध भयो! रामायणकालिक युद्ध कुनै आर्य-अनार्यको युद्ध होइन, अपितु आर्य-आर्यकै युद्ध हो। पुराणहरूमा भएको युद्ध-प्रसङ्ग चाहे तारकासुरको होस्, चाहे महिषासुरको होस्, कुनै पनि युद्ध आर्य-अनार्यका थिएनन्। जस्तै --महाभारतको युद्ध आर्य-अनार्यको होइन, अपितु कौरव र पाण्डव भाइभाइको युद्ध थियो। अन्यायको पक्षले न्याय पाउने विश्वासले युद्ध लडेका थिए। ऋग्वेदकालमा पनि अन्याय र न्यायपक्षकै लडाइँ थियो। तर युद्ध भएपछि दुर्बल र सबल दुवै पक्ष भएकै हुन्छ। सबल पक्ष अन्यायी नै छ भने पनि यदा कदा उसैको जीत हुनु पनि स्वाभाविक हुन्छ। फेरि, हार्ने हरुवाले त्यो अवसर पाउँदैन। अनि इतिहास लेखिंदा हरुवाहरूको 'इतिहास' होचिएकै हुन्छ भने शब्दावली पनि होचिएकै हुन्छ। तर इतिहास भने मेटिंदैन। सूत्ररूपमा भए पनि उल्लेख भएकै हुन्छ।

ऋग्वेदको दासराज्ञयुद्ध पनि आपसमा ऋषिमुनिहरूकै सन्तान लडेका थिए। कुनै बाहिरका कपोलकल्पित अनार्यहरू आएर लडेका होइनन्। त्यसैले ऋग्वेदकालिक किरातहरू अनार्य होइनन्। दासराज्ञयुद्ध आर्य र अनार्यको युद्ध होइन। आपस्तमा भाइभाइको युद्ध थियो। पाश्चात्यहरूले भ्रमोतपादन पारेर राज गर्ने उद्देश्यले आर्य र अनार्यको झूठो काल्पनिक इतिहास गढेका हुन्। यसमा सत्यता छैन।

त्यसैले जति पनि पाश्चात्य र पाश्चात्यका अनुयायी भारतीय लेखकहरूले पनि 'दासराज्ञयुद्ध' भनेर लेखेका छन्, ती नसम्झी लेखेका हुन्। 'दासराज्ञयुद्ध' बारे स्वतन्त्र रूपमा अनुसन्धान गर्दै जाँदा स्वतः नै यो कुरा प्रष्ट हुन आउँछ। यसमा पाश्चात्यहरूलाई गुरु मानेर खिचातानी गर्ने आवश्यकतै छैन।

ऋग्वेदकालिक किरात मृतक-संस्कार

कैयौं किरातहरू आफ्नोआफ्नो अप्रामाणिक कपोलकल्पित कुरा गरेर 'हामी किरातहरूको मुर्दा पोल्ने संस्कृति होइन, हाम्रो संस्कृति गाड्ने संस्कृति हो' भन्छन्, परन्तु प्राचीन इतिहास हेर्दा पोल्ने र गाड्ने दुवै चलन किरातहरूकै हो भन्ने प्रमाण पाइन्छ। पाठकवृन्दले तल लेखिएको मन्त्रलाई मनन गर्नुहुनेछ।

ये अग्निदग्धा ये अनग्निदग्धा मध्ये दिवः स्वधया मादयन्ते।
तेभिः स्वरालसुनीतिमेतां यथावशं तन्वं कल्पयस्व॥ १४॥
(ऋ. १०।१।१५।१४)

सायणभाष्य—ये पितरः अग्निदग्धा अग्निना भस्मीकृताः=जुन पितृहरूलाई अग्निदाहसंस्कार गरिएको थियो। श्मशानमा पुऱ्याउँदा। ये च पितरः अनग्निदग्धाः=श्मशानकर्म न प्राप्ताः=जुन पितृहरूलाई श्मशानमा लगेर पनि आगोमा दाह गरिएन। मध्ये दिवः=द्युलोकस्य मध्ये=द्युलोकको मध्यमा। स्वधया हविर्लक्षणेन=अन्नेन मादयन्ते तृप्यन्ति=हविस्वरूप अन्नले तृप्त हुन्छन् अथवा तृप्त होऊन्। हे अग्ने स्वराट्=स्वकर्मोपभोगेन दीप्यमानः=आफ्नो शुभाशुभ कर्मको भोगले प्रकाशित। तेभिः=तैः पितृभिः सहितः सन्=ती पितृहरूका साथमा हुँदै। असुनीतिं=प्राणानां विषयेषु नेतारम्—अस्मतपित्रन्तरात्मानम्=

अन्य लोक वा शरीरमा गएका हाम्रा पितृहरूको अन्तरात्माको। एतां तन्वं = एतद्देवताशरीरं = यस देवशरीरको। यथावशं = यथाकामम् ग्राह्य = ग्रहण गर। यो भाष्यार्थ भयो। माथि मूलमा भनेको मन्त्रार्थलाई प्रष्ट पारेको छ। यहाँ भन्नुपर्ने कुरा के छ भने प्राचीनकालका किरातहरूले मान्छे मर्दा अग्निमा जलाउने र गाड्ने, कतै जलप्रवाह् गर्ने पनि गर्थे। यो प्राचीन किरातसंस्कृति हो। यहाँ किरातसंस्कृति, हिन्दू = आर्यसंस्कृति भिन्न थियो भन्न खोजेको होइन। हिन्दूसंस्कृति, आर्यसंस्कृति र किरातसंस्कृति प्राचीन इतिहासमा कहीं पनि देखिंदैन। वेदहरूमा पनि किरातहरूको उल्लेख ऋग्वेदलाई छोडेर मूल संहिताहरूमा पाइन्छ। तर उनीहरूको संस्कृति, रीति, थिति कुनै सङ्केत मात्र पनि छैन। तर किरातहरू विद्वान्, ऋषि, मुनि, धनीमानी महाजन, राजा-महाराज भने अवश्य थिए। जब थिए भने उनीहरूको संस्कृति, सभ्यता आदिको उल्लेख हुनुपर्थ्यो। किन भएन? यसको उत्तर किरात-क्षत्रियहरू कुनै अलग जाति नै थिएनन्। किरातहरू हिन्दू = आर्य नै थिए। त्यसैले उनीहरूको संस्कृति, सभ्यता आर्यसंस्कृति नै हो। किरातहरूको भाषा पनि ऋग्वेदकालदेखि महाभारतकालसम्म संस्कृतै थियो। अतएव किरातहरूको मराउपराउको क्रियाकलापमा अलग भन्ने र लेख्ने कुरै थिएन, किनभने उसैको भाँडा, उसैको डाडुपन्यू, उसैको कलम, उसैको कागज फेरि उसैको लेख्ने हात पनि, अनि कसलाई सोध्ने? अनि कसलाई गाली गर्ने? झन् त्यसमा पनि मस्तिष्क पनि उसैको, अब कसलाई भन्ने? अर्काले लेखेको भए, त्यसले खराब लेखिदिएछ भन्न हुन्थ्यो। तर सबै किरातहरू नै सालेखाले भएर लेखेको र गरेको कार्यलाई के गर्न सक्छौं र? त्यसैले किरातहरूको पितृतर्पण, पिण्डदान, श्राद्ध, मृतसंस्कार आदि सबै वैदिक रीतिले हुन्थ्यो। हो, त्यही इतिहास यो हो।

प्राचीनकालमा किरातहरूले देश, काल, पात्र र परिस्थितिअनुसार मरेको मान्छेको संस्कार गर्थे। प्रशस्त दाउरा र घिउ आदि प्राप्त हुने ठाउँमा नदीकिनारै अथवा डाँडा आदि श्मशानघाटमा लगेर दागबत्ती दिने चलन थियो। त्यसपछि छोरा अथवा अधिकारी सम्बन्धीले आगो लगाएपछि जलाउँथे। दाउरा, घिउ आदि नपाइने ठाउँमा अथवा जलाउन कठिन पर्ने ठाउँमा श्मशानघाटमा अर्थात् च्यानघारीमा खनेर गाडिदिन्थे। त्यो पनि सम्भव भएन भने ठूलो नदीमा लगेर पानीमा बगाइदिन्थे। त्यस बेलाको इतिहास अथर्ववेदले[1] यसरी उपस्थित गरेको छ। ऋग्वेद र अथर्ववेदमा अन्तर यो छ कि जसलाई अग्निसंस्कार गरेको छ, जसलाई गाडेको छ, जसलाई पानीमा बगाएको छ, ती सबै पितृहरूलाई यो हविष्य अर्पण छ। हे अग्ने! पितृहरूलाई पुऱ्याइदेऊ। यो कर्म शुक्लयजुर्वेद वाजसनेयसंहिता र तैतिरीयसंहितामा पनि उल्लेख भएको छ।

यस विषयमा एउटा प्रश्न अवश्य सामु पर्छ। त्यो प्रश्न हो, यो मृतकर्म किरातहरूको कसरी हुन सक्छ? किरातहरूको त संस्कृति नै अलग छ भन्छन्। तर यो प्रश्न इतिहास नबुझेर उठेको हो। धेरैले इतिहासै नपढेर आफ्नो जीवन समाप्त गरिसकेका हुन्छन्। अनि यस्ता प्रश्न गर्नु स्वाभाविक हो। हाम्रो भाषा अलग छ, हाम्रो संस्कृति अलग छ, हाम्रो मुन्धुम पनि अलग छ, हाम्रो वेद पनि अलगै छ, हाम्रो

[1] ये निखाता ये परोप्ता ये दग्धा ये चोद्धिताः।
सर्वास्तानग्न आ वह पितृन् हविषे अत्तवे॥
ये अग्निदग्धा ये अनग्निदग्धा मध्ये दिवः स्वधया मादयन्ते।
त्वं तान् वेत्थ यदि ते जातवेद स्वधया यज्ञं स्वधितिं जुषन्ताम्॥
(अ० १८।२।३४,३५) (अ० १८।३।४४) (शु० य० वा० १९।५९) (तै० सं० २।६।१२।२)

अनुहार पनि अलगै छ, हाम्रो पूजा गर्ने सर्जम पनि कुखुरा, सुँगुर, जाँड र रक्सी आदि छन्, त्यसैले वेदमा लेखेको संस्कृति हाम्रो होइन भन्ने आधुनिक तथाकथित किरातहरूको पनि कमी छैन ।

तर ऐलेसम्म दुनियाले प्रश्न गर्ने र मैले मात्रै उत्तर दिनुपर्ने किन ? म पनि अब प्रश्न गर्नेहरूसँग केही सानो प्रश्न राखेर समाधानपट्टि लाग्नेछु । किरातहरू अलगै हुन् भने वेदमा किरातहरूको उल्लेख छ । तर किरातसंस्कृतिको उल्लेख छैन किन ? किरातहरूको भाषा संस्कृतभन्दा भिन्नै थियो भने त्यस भाषाको उल्लेख किन भएन ? किरातको भाषा र संस्कृति अलगै थियो भने, उसको संस्कृति सभ्यताको इतिहास उसैको भाषामा किन लेखिएन ? किरातहरूका गोत्र किन संस्कृत भाषामा लेखिए ? ऋग्वेदकालदेखि लिएर महाभारतकालसम्म ठूला-ठूला राजा-महाराज, सम्राट्, धनीमानी, अरबपति, वैज्ञानिक, कलाकार, राजदूत, गुप्तचर आदिदेखि लिएर के-के थिएनन् किरातहरू ? यतिसम्म भएर पनि कुनै न कुनै राजाले आफ्नै भाषामा आफ्नै लिपिमा, आफ्नै संस्कृतिको इतिहास लेख्नुपर्ने हो । यस्ता समर्थ किरात-राजा-महाराजहरू सयकडौं थिए । पचासौंको नाम प्राचीन इतिहासका अनेक ग्रन्थहरूमा उल्लेख भएको छ । के यी किरात-राजामहाराजहरूको दिमाग आजका किरातहरूभन्दा कम थियो ? के यी किरातहरूको पासमा धनको कमी थियो ? अरबौंअरवौं त युधिष्ठिरलाई दान वा सवाउको रूपमा दिने किरातहरूको बुद्धि नै थिएन कि ? आफ्नो लिपिमा, आफ्नो भाषामा आफ्नो संस्कृति, कला, सभ्यता र आफ्नो हारजीतको इतिहास नलेखिनुको अर्थ हो प्राचीन किरातहरूको भाषा संस्कृतै थियो, त्यसैले संस्कृतैमा लेखेर छोडे । सुनारको सहे चोट कामीको एकै चोटमा उत्तर बुझ्नुहोस् ।

केहीले बदमाश बाहुनहरूले लेखिदिए होलान् भन्छन् । याद रहोस्; त्यतिखेर बाहुन, राई, लिम्बू आदि थिंदै थिएनन् अनि केको बाहुनले लेख्ने कुरा गर्ने ? वैदिक कालमा त सबै सालाखाला मानव थिए । छुवाछूत थिएन । त्यतिखेर 'विश्वमेकनीडम्' विश्व एक गुँडको रूपमा थियो । जहाँसम्म सृष्टि भएर मानवले बसोबास गरे, त्यहाँसम्म एक मात्र आर्य-हिन्दू मात्रै थियो, अरू जातिको उत्पत्ति नै भएकै थिएन । आज विश्वमा जो मानवजाति-प्रजाति छन्, ती आर्य-हिन्दूपरिवारबाट फुटेर गएका हुन् । तर धेरैपहिले अलग भएका हुन् । किरातहरूबाट पनि अलग भएका छन् । त्यसैले किरातहरूको मूल आर्यावर्त हिन्दूस्थान नै हो, जो जम्बूद्वीपभित्र पर्छ । शम्बर, वर्चिन्, शिप्रु र भगदत्त, घटासुर, सुबाहु, सुरधु, निलाम्बुद आदि जस्ता किरात-राजामहाराजहरूले बोल्ने, लेख्ने भाषा, लिपि आदि र धार्मिक संस्कृति यही संस्कृत नै थियो । त्यसैले जन्मदेखि मरणपर्यन्त सबै क्रियाकलापमध्ये पर्ने मुर्दा गाड्ने चलन, पोल्ने चलन आदि आर्यहरूको संस्कृति नै हो र यही संस्कृति किरातसंस्कृति हो । यसमा सन्देह छैन ।

◆

किरातकालिक राष्ट्र तथा जनपदराज्य

प्राचीन किरात-इतिहासको अध्ययन, मनन र शोधखोज गर्दै जाँदा लिखित ग्रन्थहरूमध्ये विश्वको सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्छौं। आदिकिरातकाल पनि ऋग्वेदकाल नै हो। त्यसैले प्राचीन किरात-इतिहास कोट्याउँदा ऋग्वेदलाई अध्ययन नगरी हुँदैन। साथै, ऋग्वेदको अध्ययन नभएको खण्डमा प्राचीन किरात-इतिहासको छेउ र भेउ पाउने कुरै छैन। त्यसैले ऋग्वैदिक कालिक किरातहरूको तात्त्विक इतिहास हेर्दा किरातहरू गुफामा होइन अपितु राष्ट्रमा[1] रहन्थे र राष्ट्रका निर्माता थिए साथै राष्ट्रहरूमा शासक भएर बसेका थिए भन्ने इतिहास बुझिन्छ। त्यसैले 'वयं राष्ट्रे जागृयामः पुरोहिताः' भनेर उद्घोष गरेका थिए। ऋग्वेदकालिक किरातहरू सय-सय किला वनाएर बस्थे। त्यो पनि फलामले बनेका किलाहरू हुन्थे। लाखौंलाख सेनाका सञ्चालक हुन्थे।

यसरी हामी प्राचीन इतिहासमा राष्ट्रको उद्भव भइसकेको पाउँछौं भने अनेक ठूला-ठूला राष्ट्रका शासकहरू पनि थिए भन्ने सहजै अनुमान गर्न सक्छौं। राष्ट्र नभए त्यसको उल्लेख पनि हुने थिएन। यो अवश्य छ कि हिजो-आजजस्तै ठूला-साना अनेक राष्ट्रहरू थिए। किरातसम्राट् शम्बर, वर्चिन्, द्रुह्यु आदि ठूला-ठूला राष्ट्रका राष्ट्रस्वामी थिए भने विपक्षमा इन्द्र, दिवोदास, सृञ्जय आदिका राष्ट्र थिए। प्रसिद्ध रूपमा दशवटा राजाहरू थिए। यिनै सम्राट्हरूको युद्धलाई 'दासराज्ञ' युद्ध सञ्ज्ञा दिएको हो। यी दशवटा सम्राट्हरूको पछाडि अनेक सासाना राष्ट्रहरू पनि लागेका थिए। तर उनीहरूको स्पष्ट रूपमा उल्लेख र गणना भएको देखिंदैन। यही 'राष्ट्र' विषय र देश आदि नामले पुकारिन्थे। महाभारत[2] तथा पाणिनिको अष्टाध्यायीमा[3] पनि यसको उल्लेख भएको छ। महाभारतमा त नेपालका किरातराजाहरूकै देशको बारेमा प्रष्ट उल्लेख भएको छ। इन्द्रकील पर्वतदेखि पश्चिम र विदेह जनकपुरदेखि उत्तरका सात राजाहरूलाई हराएको इतिहासले चाहिं केही जनपदको रूपमा पनि परिणत भइसकेको रहेछ भन्ने कुराको टुङ्गो लगाउन सकिन्छ। यसरी राष्ट्र, विषय, देश र जनपदसम्म पनि बाँटिन पुगेका थिए भन्ने इतिहास प्राचीन इतिहासका पानाहरूमा यत्रतत्र छरिएर बसेका छन्।

परन्तु जनपदराज्यको उल्लेख सर्वप्रथम वैदिक इतिहासको ग्रन्थ शतपथब्राह्मण[4], ऐतरेयब्राह्मण[5]

---

१. वेदमा के छ ?, पृ० ४९–५५

(अ) 'राष्ट्रं गुपितं क्षत्रियस्य' ऋ० १० म० १०९ सू० ३ मं०

(आ) 'अहं राष्ट्री संगमनी वसूनाम्' ऋ० १० म० १२५।३

(इ) 'राजा राष्ट्राणां पेशो नदीनाम्' ऋ० ७।३४।१११

(ई) 'आराष्ट्रे राजन्यः' शु० य० २२।२२

२. नेपालविषये ये च राजानः, म० भा०

३. अष्टाध्यायी 'विषयो देशे'

४. श० प० ब्रा० १३।४।२।१७

५. ऐ० ब्रा० ८।१४।४

आदिमा प्राप्त हुन्छ । यसैको हाराहारीमा पुराण[1], रामायण[2], महाभारत[3], तथा पश्चात्वर्ति जैन[4] र बौद्धसाहित्य[5] आदिमा प्राचीन किरातकालिक धार्मिक, सामाजिक, बौद्धिक, राजनैतिक जीवनपद्धतिको साथसाथै जनपदीय भौगोलिक इतिहास पनि पर्याप्त मात्रामा लुकेको छ । विशाल वैदिक वाङ्मयको सूक्ष्म अध्ययन गर्दा मौर्यकालभन्दा पूर्व त्यति जनपदीय व्यवस्था थिएन, जति कि मौर्यकालको सेरोफेरोमा थियो । तर यस जनपदराज्यको वीजारोपण भने त्योभन्दा पनि पूर्वदेखि नै भएको पाइन्छ ।

जनपदहरूको निर्माण राष्ट्र टुक्रिँदै जाँदा भएको हो । त्यसैले जनपदहरूको विकास क्रमिक तथा गतिशील थियो भन्न सकिन्छ । प्राचीनकालमा पनि फुटाउने र जोडाउने राजनीति बराबर चलिरहन्थ्यो । ईसाभन्दा तीन हजार वर्षपूर्वदेखि लाखौं वर्षपूर्वसम्ममा कैयौं जनपद टुक्रिए होलान् तथा कैयौं जोडिए होलान्, त्यसको लेखा-जोखा शोधखोज गरे पाइएला । यो अवश्य छ कि प्राचीन इतिहासका मूल स्रोतहरूलाई हृदयङ्गम नगरेसम्म प्राचीन किरातकालिक इतिहासको टुङ्गो लगाउन सकिन्न । यस्तै ईसापूर्वका जैन र बौद्धइतिहास तथा पालि-प्राकृतसाहित्यको अवलोकन गर्नु पनि उति नै आवश्यक देखिन्छ । प्रमाणको लागि केकय, गान्धार, विदेह, मद्र, उशीनर, कुरु, पाञ्चाल, मत्स्य, काशी, कोसल आदि जनपदराज्य पूर्वोत्तर वैदिक कालका पुराण, रामायण, महाभारत ग्रन्थहरूमा लेखिएका छन् । यस्तै गरी बौद्धसाहित्यमा काशी, कोसल, अङ्ग, मगध, बज्जि, मल्ल, चेदिय, कुरु, पाञ्चाल, वंश, मच्छ, शूरसेन, अस्सक, अवन्ति, गान्धार र कम्बोज गरी सोह्र जनपदराज्यहरूको उल्लेख भएको छ । जैनहरूको भगवती सूत्रमा पनि सोह्र जनपदको उल्लेख डा० सुदामा मिश्रले 'प्राचीन भारत में जनपदराज्य' भन्ने ग्रन्थमा गरेका छन् । परन्तु नामहरूमा धेरै परिवर्तन भएको उल्लेख गर्छन् । यी उपर्युक्त जनपदहरूमध्ये कैयौं जनपदराज्य किरातहरूका थिए । परन्तु लेखनेहरूले 'किरात' छोड्दै गए । प्रसिद्धिमा आएका मल्ल, बज्जि, मगध आदिका नाम मात्र उल्लेख गरे । कौटिल्यको अर्थशास्त्रमा भने किरातहरूको उल्लेख भएको छ ।

यसरी गहन दृष्टिले प्राचीन किरातकालिक इतिहासलाई केलाएर हेर्ने हो भने यसभित्र धार्मिक सामाजिक, राजनैतिक, व्यापारिक, भौगोलिक र विज्ञान आदिको विशद मात्रामा उल्लेख पाइन्छ ।

यसरी विचार गर्दै लैजाँदा राष्ट्र ठूलो, फराकिलो तथा सबैतिरबाट अर्थात् आर्थिक, राजनैतिक र क्षेत्रफल तथा भौगोलिक दृष्टिले वृहद् देश वा विषयको नाम 'राष्ट्र' थियो भन्न सकिन्छ । परन्तु धेरै ठाउँमा राष्ट्र देशविषय पर्यायवाची सञ्ज्ञा भएर पनि बसेको देखिन्छ । कतैकतै राष्ट्र भन्दा जनसंख्या, आर्थिक आदि स्थितिबाट निम्न स्तरमा भएको देश वा विषय कहलाउँथे । महर्षि पाणिनिको मतमा विषय र देश पर्यायवाची शब्द हो । राष्ट्र, देश वा विषय टुक्रिएपछि सानासाना जनपदराज्य बनेका हुन् । यी जनपदराज्यहरू सारै सानासाना हुन्थे । प्रमाणको लागि जैन, बौद्धग्रन्थहरूमा उल्लेख भएका वैशाली,

---

[1] मत्स्य पु० ११४।३४–५६
  (क) वायु पु० ४५।१०९–३६
  (ख) मार्क० पु० ५८।६।५३

[2] वा० रा० कि० ४०।४३

[3] म० भा० भी० १०।३७।६८

[4] अङ्गुत्तर निकाय १।२१३।४, २५२
भगवती सूत्र,

[5] प्राचीन भारत में जनपदराज्य, पृ० १–२

कुन्दननगर, पावा, कुशीनगर, कपिलवस्तु आदि सानासाना जनपदराज्य[1] थिए। तर त्यसै बेला पनि मगध एउटा समृद्ध राष्ट्रको रूपमा थियो, यद्यपि 'जन' शब्द सम्पूर्ण मानव मात्रको द्योतक बनेको देखिन्छ।

तर जैन र बौद्धकालका जनपदराज्यहरू एकएक त्यतिखेरै उत्पन्न भएका होइनन्। तात्पर्य यो हो कि महाभारतकालमा[2] पनि राष्ट्रहरूको त्यति विभाग गरिएको थिएन भन्ने प्रमाण पाइन्छ। महाभारतपछि जनपदराज्यहरूको अधिक मात्रामा विभाग भएको देखिन्छ। यसरी ब्राह्मणकालदेखि लिएर पुराण, रामायण तथा महाभारतकालसम्म जो जनपद छुट्टिएका थिए, ती जनपदहरू पछि आएर अझ टुक्रिँदै गए। यसरी जनपदराज्यहरूको विकासकाल[3] पन्ध्रौं शताव्दी ईसापूर्वदेखि लिएर पाँचौं शताब्दी ईसापूर्वसम्म डा० सुदामा मिश्र आदिले मानेका छन्। यो कालनिर्णय ब्राह्मण, पुराण, रामायण, महाभारत आदि प्राचीन ग्रन्थहरूकै आधारमा गरे पनि यो काल अझ पूर्व हुनुपर्छ, किनभने ब्राह्मणकाल वेदको संहिताकाल समकक्ष नै हो। यसरी पञ्चजन, जनपद आदि शब्दको आविर्भाव निक्कै पुरानो हो भन्ने कुरामा साँदी लाउने आवश्यकता देखिँदैन।

पुर अथवा राजधानी

राष्ट्र तथा देश अथवा विषयहरूमा जस्तै जनपदराज्यहरूमा पनि सङ्गठन हुन्थ्यो। सङ्गठित भएपछि राजा नियुक्त हुन्थे। राजाले वा शासकले बसेर शासन चलाउने ठाउँ, जहाँबाट पूरा जनपद, देश, विषय र राष्ट्रभरिमा शासन चल्थ्यो, त्यस स्थानको नाम प्राचीन किरातकालमा पुर अथवा राजधानी थियो। यी सर्वश्रेष्ठ र सुरक्षित स्थान हुन्थे। चारैतिरबाट बलिया सामग्रीहरूले निर्मित अल्गाअल्गा पर्खालहरूले घेरिएका हुन्थे, जहाँ पुर अथवा राजधानीको सुरक्षाको लागि पाले, दूत शस्त्रास्त्रहरूले परिपूर्ण रूपले सजाइएका हुन्थे। यसको इतिहास वाल्मीकिरामायण[4] र महाभारत[5] आदिमा प्रष्ट उल्लेख भएको छ। राजधानीका वाहिर ठूलाठूला परिखा बनाएर पानी भरेर राख्थे। सवैभन्दा ठूला मुख्य द्वारहरूमा सुरक्षाको विशेष ख्याल राख्ने चलन थियो। त्यति मात्रै होइन अपितु शत्रुहरूलाई समाप्त गर्ने अस्त्रहरू चौवीसौं घण्टा लगाइराखेका हुन्थे। पुरभित्रका बजारहरू हेर्दा राम्रो लाग्ने आकर्षक हुन्थे। ती बजारहरूमा हिंडडुल गर्ने बाटा र सडकहरू ठूला र फराकिला हुन्थे। यस्ता अनेक ग्रन्थहरूमा प्राचीन राजधानी र पुरहरूको व्यवस्थाको उल्लेख पाइन्छ। ईसापूर्व पाँचौं तथा छैटौं शताव्दीसम्म पनि यस प्रकारका राजधानीहरू बन्ने गर्थे। 'पण्यजातक' भन्ने बौद्धग्रन्थमा तीन प्राचीरको उल्लेख छ, जसमा एक

---

[1] जनस्य लोकस्य पदमाश्रयस्थानं यत्र तज्जनपदम् (वृत्तिकल्पः पृ० २०५)

[2] प्रविभागो न राष्ट्राणां पुराणां नाभवत्तदा।
यथा सुखं यथा कामं तथैताः मुदिताः प्रजाः॥ (म० भ० द्रो० ६९।८)

[3] 'प्राचीन भारत में जनपदराज्य', पृ० ११

[4] वा० कि० रा० बाल० ५।१०–२३
(क) ,, ,, किष्किन्धा २३।५–१५
(ख) ,, ,, सुन्दरकाण्ड २।४८–५०

[5] म० भा० आदि प० २०९।३२–३४
,, ,, वन प० १५।६

प्राचीरदेखि दोस्रो प्राचीरमा पुग्न तीन मील टाढा थियो। अर्थात् नौ मीलभित्र राजाको महल, रनीवास, राज्याधिकारी, सामन्त तथा प्रजाजनको आवास थियो।[१]

तर केवल राजधानी मात्रै जनपदवालाहरूका हुन्थे भनेकोचाहिं होइन। निश्चित रूपले उनीहरूको शासनक्षेत्र पनि थियो। जनपदको आफ्नो निर्दिष्ट राज्यभूमि हुन्थ्यो। प्रमाणको[२] लागि कोसल = अयोध्या जनपदको सिमाना गंगासम्म हुने उल्लेख छ। अष्टाध्यायीमा[३] पाणिनिले जनपदहरूको सीमाको उल्लेख गरेको पाइन्छ। जनपदवालाहरूको भूमि अरू जनपद र देश वा राष्ट्रहरूले घेरिएको उल्लेख पनि प्राचीन[४] ग्रन्थहरूमा पर्याप्त भएको छ।

प्राचीन इतिहासको अध्ययनगर्दा 'जनपदिन्' शब्द क्षत्रिय शासक र सामान्य प्रजाको लागि प्रयोग गरिन्थ्यो, किनभने 'जनपदस्वामिनः क्षत्रियाः' प्रमाणहरूले जनपदका स्वामी वा शासक क्षत्रिय हुन्थे भन्ने इतिहास प्रष्ट बुझिन्छ। त्यसै पनि राष्ट्र, देश, विषय तथा जनपदहरूको मूल उद्देश्य नै राजनीति हो भन्ने बुझेपछि जनपद पनि एउटा सानो राजनैतिक संस्था नै हो भन्दा अत्युक्ति हुनेछैन। परन्तु कालिदासको रघुवंशमहाकाव्यमा 'जानपदैर्न[५] कच्चित्' प्रयोगले भने जनपद ग्रामदेखि जिलासम्मको बोध गराउने शब्द देखिन्छ। परन्तु बौद्धजातकमा[६] लिच्छविहरूको जनपदमा ७७०७ नागरिक भएको उल्लेख डा० सुदामा मिश्रले गरेका छन्।

जनपद होस् अथवा राष्ट्र, प्राचीनकालमा पनि ठूला र साना सबै प्रकारका जनसभा (धार्मिक तथा शैक्षिक, राजनैतिक आदि)-हरू हुन्थे। यी सभाहरू आ-आफ्ना उद्देश्यपूर्तिको लागिं हुन्थे। सभा[७] र समितिको उल्लेख वैदिक कालदेखि नै सुचारु रूपमा चल्दै आएको देखिन्छ। सभा-समितिहरूमा विद्वान्, विनयशील वृद्धजनहरूको विशेष आदर हुन्थ्यो। यी राष्ट्र तथा जनपदहरूमा आ-आफ्ना प्रकारका केही विशेषताहरू पनि थिए। जातिपाति[८], छुवाछूत आदि प्राचीनकालमा थिएन। सबैले आ-आफ्नो कार्य गर्थे। ब्रह्मको सृष्टिमा ठूलो-सानो भन्ने कुनै भेदभाव थिएन। जन्मले होइन कर्मले वर्णविभाजन भएको हो भन्ने धारणा र व्यवहार पक्का थियो। तर यो व्यवहार महाभारतकालैमा पनि खच्कन थालिसकेको देखिन्छ। 'जातिरेव महासर्पः' जस्तो वाक्य नै यसको प्रमाण छ। तैपनि बुद्धकालभन्दा पूर्व जातिवाद र वर्णवाद त्यति चर्को थिएन। बुद्धकालभन्दा केही पूर्वदेखि चर्केपछि बुद्धले जन्म लिएको बेला छुवाछूत, जातिवाद, वर्णवाद, याज्ञिक हिंसा चरम सीमासम्म पुगेका थिए, जसको विरोधमा महावीर र बुद्धले अहिंसावादको आन्दोलन उठाएका थिए। यिनै दुइका धार्मिक आन्दोलन पछि गएर जैनधर्म र बौद्धधर्ममा

---

[१] प्राचीन भारत में जनपदराज्य, पृ० १३

[२] वा० रा० अ० का० ५३।२

[३] अष्टाध्यायी ४।३।१२४

[४] काशिकावृत्ति ४।३।१२४
(क) अष्टाध्यायी वृत्ति काशिका ४।३।१००

[५] रघुवंश म. का. पं. सं.

[६] जातक १।५०४

[७] सभा च मा समितिश्च, अ. वे. ७।१३।१
(अ) न सा सभा यत्र नसन्ति वृद्धाः, म. भा. उ. ३५–५८

[८] न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदञ्जगत्।
ब्रह्मणा सृष्टपूर्वं हि कर्मभिर्वेणताङ्गताः ॥ म. भा. शान्ति प. १८८।१०।

परिणत भए। तर यिनीहरू थिए महाजातिवादका जनपदकालमा। बुद्धको समयमा धेरै जनपदराज्य थिए। पचासौं जनपदीय राजा, मन्त्रीहरू बुद्धका शिष्य र अनुयायी थिए। यो इतिहास बुद्धको मृत्यु भए-पछि उनको पार्थिव शरीरको बारेमा भएको झगडाको इतिहासले बताउँछ। यसरी हेर्दा चन्द्रगुप्त मौर्य, विन्दुसार, अशोक, समुद्रगुप्त आदि राष्ट्रका सम्राट् थिए भने यिनैका छरछिमेकमा केही अधीन, केही पराधीन जनपदराज्यहरू पनि थिए भन्ने कुरा तात्कालिक घटनाचक्रको इतिहासले बताउँछ। जनपदराज्यहरूको उद्‌भव र विकास यसरी भयो। तर यसको साथै बुद्धपछि जनपदीय शब्द हराउँदै गए। यसरी कैयौं किरातक्षत्रियहरू सम्राट्, महाराज र राजा थिए भने कैयौं जनपदीय शासक पनि थिए। तर 'किरात' शब्द जोडेको भने सर्वत्र पाइँदैन। त्यतिखेरैदेखि 'किरात' शब्दले नाक लागिसकेको बुझिन्छ। स्वयं किरातहरूले नै किरात लेखेनन्। अरूलाई त्यसको के मतलव ? आज पनि किरातक्षत्रिय यस्ता छन्, धेरै जस्ताले 'किरात' शब्द सुन्नेबित्तिकै नाक चेपारिहाल्छन्। 'क्षत्रिय'को इतिहास परशुरामको डरले नै छोडिहालेका थिए। तर उपर्युक्त राष्ट्र र देश वा विषय र जनपदीय शासन भने राजतन्त्र र गणतन्त्र दुवै थिए। मैदान-क्षेत्रका शासक अधिक मात्रामा गणतन्त्रीय नै देखिन्छन्। परन्तु पर्वतीय क्षेत्रका शासकहरू राजतन्त्रीय नै अधिक मात्रामा भएको बुझिन्छ।

●

किरातकालिक भौगोलिक स्थिति

जव किरातहरू राजा, महाराज, सम्राट्, विद्वान्, वैज्ञानिक, शासक, व्यापारी, डाक्टर, कृषक आदि सबै कुरामा दक्ष थिए त यिनीहरूको भौगोलिक स्थितिको बारेमा पनि केही उल्लेख हुनु आवश्यक देखिन्छ। यसमा दुइ राय छैन कि किरातहरू आ-आफ्ना समयमा जल्दाबल्दा थिए। तर त्यस बेला कुनकुन दिशामा बसेर राजशासनादि व्यवहार चलाए होलान् त ? भन्ने मनमा वा बुद्धिमा कुत्कुती लाग्नु पनि स्वाभाविकै कुरो हो। यसको लागि समस्त वैदिक र लौकिक वाङ्मयभित्र परेका इतिहास नै प्रमाण छन्। यसका लागि अन्य ग्रन्थहरूको साथै ऋग्वेदका ऐतरेयब्राह्मण आदि ग्रन्थ महत्त्वपूर्ण छन्।

भौगोलिक परिभाषाभित्र पहिले दिशाबोध हुनु आवश्यक मानिन्छ। त्यसपछि अरू कुरा राख्न सकिन्छ। यसरी हेर्दा ऐतरेयब्राह्मणमा[1] पूर्व, पश्चिम, दक्षिण, उत्तर तथा मध्य भाग गरी पाँच विभाग गरेको देखिन्छ। तर यो विभाग भरतखण्ड जम्बूद्वीपको आर्यावर्तान्तर्गतको रेखा खिचिएको भूगोल हो। राजाहरूको राज्य वा राष्ट्र अथवा जनपदराज्यको सुन्दर भूगोल वर्णन गर्दा पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशाहरूको उल्लेख गरेर मध्यदेशमा कुरूपाञ्चल तथा उशीनरहरूका राज्य थिए भन्ने भौगोलिक इतिहास पनि ऐतरेयब्राह्मणमा[2] प्रष्ट भएको छ। अन्य ब्राह्मणग्रन्थहरूमा पनि आ-आफ्ना समयका इतिहासले पूर्ण भूगोल वर्णन भएको छ। यति मात्रै होइन, ऋग्वेदको[3] प्रसिद्ध 'दासराज्ञ' युद्धको भौगोलिक चित्र पनि यसै रूपमा उभ्याइएको छ।

यहाँ तोकिएका भौगोलिक क्षेत्रहरूमा किरातहरूको राज्य तथा बसोबास थियो कि थिएन ? भन्ने

---

[1] ऐ० ब्रा० ८।१४

[2] एतस्यां ध्रुवायां मध्यमायां प्रतिष्ठायां दिशि ये के च कुरूपाञ्चालानां राजान:
सवशोशीनराणां राज्यायैव………………ऐ० ब्रा० ८।१४।५

[3] ऋ० ८।१८।६

शङ्काको उत्तरमा भन्न सकिन्छ कि मध्यदेशमा किरातहरू व्यापक रूपमा थिए। तर मध्यदेश कहाँदेखि कहाँसम्म थियो ? उत्तरमा मनु भन्छन्––उत्तरमा हिमालय र विन्ध्याको बीचमा विनशनदेखि पूर्व तथा प्रयागदेखि पश्चिमको देशलाई 'मध्यदेश'[१] भन्दथिए। प्राचीन किरातकालिक मध्यदेश आज मध्यप्रदेशको नामले प्रसिद्ध छ। यस क्षेत्रमा पूरा किरातहरूको शासन र बसोबास थियो। अर्को भौगोलिक सिमाना पनि मनुले बताएका छन्। त्यो हो 'ब्रह्मावर्त' देशको। सरस्वती र दृषद्वती तथा देवनदी वा गङ्गा जसको भित्र पर्छन्, त्यस पवित्र देशलाई 'ब्रह्मावर्त' भन्दछन्। यद्यपि सरस्वती नदी आज लुप्त छ, तथापि सरस्वती हिमालयबाट निस्केर सिन्धु नदीमा मिल्थ्यो भन्ने केही विद्वान्हरूको मत छ। यस भूगोलले के बताउँछ भने गङ्गा, सरस्वती, दृषद्वती ऐतिहासिक नदीहरूका घाटीहरूमा किरातहरू बस्दथिए; किनभने ब्रह्मावर्तभित्र किरातहरू अनादिकालदेखि बसोवास गर्दथिए। परन्तु मात्र किरातहरू बस्दथिए भन्न खोजेकोचाहिं होइन।

राजा तृत्सुको राज्य

किरातहरूका साथ ऋग्वेदमा उल्लेखित भरत[२], कुरु, क्रवि, तृत्सुमा[३] निकट सम्बन्ध थियो तथा मध्यदेशभित्र यिनको बसोवास थियो। यीमध्ये राजा तृत्सु यामुनप्रदेशका शासक थिए। यमुना र परुष्णीको तटमा भएको युद्ध 'दासराज्ञ' युद्ध थियो। यस युद्धमा राजा तृत्सु राजा सुदासको साथमा लागेका थिए। तृत्सु शक्तिशाली राजा थिए। ऋग्वेदकालमा पनि यामुनप्रदेश किरातहरूकै हातमा थियो। राजा तृत्सु र भरतको ठूलो युद्ध भएको थियो। यसैमा तृत्सु र भरतबीच वसिष्ठको नेतृत्वमा सन्धि भएको उल्लेख ऋग्वेदमा[४] प्रष्ट छ।

शाल्वराजा

किरात-इतिहास पैल्याउँदा किरात शाल्वलाई पनि अवश्य एक दृष्टिले हेर्नैपर्छ। यद्यपि ऋग्वेद-भित्र शाल्व-किरातहरू प्रख्यात भएजस्तो देखिंदैनन्, तथापि ब्राह्मणकालमा शाल्व-किरातहरूको ख्याति देखिन्छ। यस इतिहासलाई सर्वप्रथम शुक्लयजुर्वेदको शतपथब्राह्मणले[५] प्रष्ट पारेर राखेको छ। शाल्व-

---

१. हिमवद्विध्ययोर्मध्ये यत्प्राविनशनादपि।
प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः ॥ (मनुस्मृतिः २।२१)
(क) सरस्वतीदृषद्वत्यौ देवनद्योर्यदन्तरम्।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते ॥ मनु० २।१७

२. ऋ० १।२२।१०
(क) ऋ० १०।३३।४
(ख) ऋ० ८।२०।२४

३. ऋ० ७।१८।६-७

४. ऋ० ७।३३।१

५. श० प० ब्रा० १०।४।१।१०

हरूको कुलीनताबारे शतपथब्राह्मणले सारै राम्रो इतिहास राखेको छ। तर केही लेखकहरूले शाल्वलाई किरात होइन भन्ने साहस पनि राखेका छन्। त्यसमा प्रमाण के छ त ? भन्दा शाल्वको कुलीनता नै प्रमाण हो भनेर हिंडेका छन्। अर्थात् उनीहरूको भनाइ अरू कुलीन हुन सक्छन्, तर किरातहरू कुलीन हुन सक्दैनन् भन्ने हो। वस्तुस्थितिमा अरूले मात्रै कुलीनता लिने ठेक्काको प्रमाण देखिंदैन। स्यापर्ण र सायकायनको गर्वोक्ति किरातहरूकै आपसी गर्वोक्ति हो कि ? अझ खोजको विषय छ। किरातहरू अनादिकालदेखि यज्ञ याग आदि धार्मिक कार्य गर्ने गराउने क्षत्रिय हुन्। अथर्ववेदको गोपथब्राह्मणले[1] यिनै शाल्वहरूलाई मत्स्यहरूको साथ उल्लेख गरेको छ। तर भौगोलिक दृष्टिले हेर्दा शाल्वहरू पनि मध्यदेशभित्रका शासक थिए। हुन त डा० सुदामा मिश्रले आधुनिक राजस्थानको[2] 'अलवर' क्षेत्रलाई शाल्वहरूको स्थान मानेका छन्, त्यस बेला हुन सक्छ 'अलवर' पनि मध्यदेशभित्रै पर्थ्यो होला, तर शाल्वको क्षेत्रफल अलवरदेखि बीकानेरसम्म विस्तृत फैलिएको मानेका छन्। प्रसिद्ध पुरातत्त्वविद् डा० वासुदेवशरण अग्रवालले[3] शाल्वहरूको स्थिति बलुचिस्थानदेखि सिन्धुघाटीसम्म लेखेका छन्। तर भारतमा पर्ने कुराचाहिं मान्नयोग्य छैन, किनभने बलुचिस्थान आदि आर्यावर्त वा भारतवर्षभित्रै थिए। छन् पनि। महर्षि पाणिनिले शाल्वहरूको[4] राजतन्त्रीय शासन भएको उल्लेख गरेका छन् जसको शाल्व, शाल्वेय[5], शाल्वावयव[6] गोत्र प्रत्ययमा उल्लेख भएको छ। जहाँ भए पनि राजतन्त्रीय शासन थियो।

यो अवश्य छ कि कतै तालव्य 'श' र कतै दन्त्य 'स' को भ्रम होला, यो लेख्ने र उच्चारण गर्नेहरूको भूल हो। यसरी शाल्वहरूको वर्णन अन्यत्र पनि पाइन्छ।

शिग्रु र यक्षु

प्रसिद्ध यमुनाको दुवै किनारामा बसोबास गर्दै आउने किरातहरूको शाखामा पछि कुणिन्द हुन पुग्ने इतिहास छरपस्टिएको देखिन्छ। ऋग्वेदको[7] अध्ययनले शिग्रुहरू पनि शक्तिशाली थिए भन्ने इतिहास प्रष्ट पारेको छ, किनभने राजा सुदासको साथ युद्ध गर्दा पराजित भएको पाइन्छ। शिग्रुहरू घोडा पाल्नमा चतुर थिए। यसैको आधारबाट शिग्रु नाम परेको स्पष्टीकरण पनि विद्वान्हरूले गरेका छन्। शिग्रुकै सन्तान पछि आएर तङ्गण भए कि ? अज, शिग्रु, यक्षु सम रूपमा उल्लेख ऋग्वेदमा[8] भएको छ। शिग्रुजस्तै यक्षुहरूले पनि दासराज्ञ-युद्धमा सहर्ष भाग लिएको उल्लेख पाइन्छ। यक्ष र यक्षु समान पर्यायिका शब्द हुन्। प्यारको उच्चारणमा यक्ष नै 'यक्षु' भएको हुनुपर्छ। किरातहरू देवयोनिका हुन्। त्यसैले यक्षु-

---

[1] गो० प० ब्रा० १।२।९

[2] प्रा० भा० ज० रा० पृ० २३,३७

[3] इण्डिया एज नोज टु पाणिनि, पृ० ५५

[4] अष्टाध्यायी ४।२।१३५

[5] ,, ,, ४।१।१६९

[6] ,, ,, ४।१।१७३

[7] ऋ० ७।१८।६-१९

[8] ऋ० ,, ,,

हरूलाई अमरकोषमा[1] 'यक्ष' देवयोनि लेखेको छ। केवल यति मात्रै होइन अपितु देवयोनिभित्र 'रक्षस्' पनि गनिएको छ। कसैले नबुझीकन यदुको अपमानसूचक[2] शब्द 'यक्षु' हो भनेर लेखेका छन्। तर यो सत्य होइन। निषाद[3] पनि एक प्रसिद्ध तथा बहुचर्चित जाति थिए। यसको चर्चा-विचर्चा संहिता, ब्राह्मणग्रन्थ[4] र मीमांसा आदिका ग्रन्थहरूमा विशद रूपमा भएको छ। वाल्मीकिरामायणमा रामलाई पार गराउँदा निषादराज गुहको उल्लेख धेरै प्रसिद्ध छ। यी शासकहरूको जनपद देश वा राष्ट्रको भौगोलिक क्षेत्र मध्यप्रदेश[5] हो भनेर लेखिएको छ। तर यी भौगोलिक रेखाहरू संशोधनीय छन्, किनभने प्राचीन आर्यावर्तीय भौगोलिक रेखा तथा सीमाङ्कनहरूमा पनि धेरै झिकथप भएका छन्। तथापि 'शूद्रान्निषादो मत्स्यघ्नः क्षत्रियायां व्यतिक्रमात्' (म० भा० अनु० प० ४८/१२) भनेको छ। यति मात्रै होइन, अपितु 'तस्मान्निषादाः सम्भूताः क्रूराः शैलवनाश्रयाः। ये चान्ये विन्ध्यनिलया म्लेच्छाः शतसहस्रशः।' (म० भा० शान्ति प० ५९।९७) निवासस्थान पनि वताएको छ।

*

कीकट

आजको मगधप्रदेशलाई ऋग्वैदिक कालमा 'कीकट' प्रदेश भन्ने गर्थे। त्यस बेला कीकटप्रदेशमा प्रमदङ्गगाईहरूका वैरी बस्दथिए भन्ने संकेत मिल्छ। यो शब्द ऋग्वेदमा[6] केवल एकै ठाउँमा आएको छ। प्रमदङ्ग-को नेतृत्व विशेष महत्त्वको देखिन्छ। यास्कको[7] अनुसार अशिक्षित मूर्खहरूको प्रदेश 'कीकट' थियो। यास्कको अध्ययन परम्परागत हो। तर यसमा पछि आएर अर्थ गर्नेहरूले निक्कै गडबड गरेको देखिन्छ। विदेशी लेखक सेण्ट पिटर्सवर्गले पनि 'कीकट' लाई मगधकै पर्याय मानेका छन् तर आज 'कीकट' देश र जातिको पत्ता लगाउन निक्कै गारो भएको छ।

*

शवर तथा पुलिन्द

यिनीहरूको उल्लेख ऋग्वेदको मन्त्रभित्र ऋग्वेदकै ऐतरेयब्राह्मणमा[8] उल्लेख भएको छ। शवर तथा पुलिन्द किरातहरूका मुख्य एक शाखा हुन् र थिए। तर यिनीहरूको प्रमाद अथवा गल्तीले किरात लेख्न

---

१. विद्याधराप्सरोयक्षरक्षसो (अ० को १।१।१०)

२. वैदिक इण्डेक्स, भाग २

३. तै० सं० ४।५।४।२
   (क) का० सं० १७।१३
   (ख) वा० सं० १६।२७

४. ऐ० ब्रा० ८।११
   (क) पञ्च० ब्रा० १६।६।८
   (ख) कौ० ब्रा० २५।१५

५. प्रा० भा० ज० रा० पृ० २६

६. ऋ० ३।५३ १४

७. निरूक्त ६।३२

८. ऐ० ब्रा० ७।१८।२

विर्से। यिनीहरूलाई जङ्गली, असभ्य आदि शब्द प्रयोग गरेर लेखे पनि यिनीहरू सभ्य शासक, विचारशील राष्ट्रसञ्चालक थिए भन्ने प्रमाण पाइन्छन्। शवर, आन्ध्र, पुलिन्द, मूतिव, पुण्ड्र आदि पर्याप्त मात्रामा अन्य ग्रन्थहरूमा पनि उल्लेख भएका छन्।

द्रुह्यु

ऋग्वेदकी[1] एकै मन्त्रमा यदु, तुर्वशु, द्रुह्यु, अनु, पूरु पाँच व्यक्तिको नाम उल्लेख भएको छ। यीमध्ये धेरै शोधखोज गर्दा 'द्रुह्यु' किरात हो भन्ने बुझिन्छ। तर त्रिपुराको राजमाला तथा वंशावलीसाथ मेल गर्दा यो 'किरात' भन्ने स्पष्टीकरण हुन आउँछ, यद्यपि राजमाला र वंशावलीलाई पनि सर्वथा नकार्न सकिन्न। ऋग्वेदमा यिनीहरूको उल्लेख इन्द्र र अग्निको स्तुतिको प्रसङ्गमा भएको छ। यी परुष्णी-रावी नदीको घाटी अथवा लाहोर आदि स्थलहरूमा विद्यमान थिए। प्रसिद्ध सुदासको साथ द्रुह्युको युद्ध भएको इतिहास ऋग्वेदले[2] बताउँछ। तर द्रुह्यु सुदासदेखि हारेका थिए भन्ने बुझिन्छ, किनभने विनाश भएको प्रसङ्ग पनि आउँछ। हुन सक्छ सम्पूर्ण गान्धारदेखि लिएर रावीसम्म द्रुह्युकै शासन थियो होला, किनभने महाभारतमा 'द्रुह्यु' गान्धारहरूसँग सम्बन्धित देखिन्छ। भौगोलिक दृष्टिले पश्चिम क्षेत्रसँग सम्बन्ध जोडेको देखिन्छ। मत्स्य[3] तथा वायुपुराणहरूमा पनि गान्धार-राजपरिवारको द्रुह्यु पूर्वज ठहरिन्छ। यसरी पश्चिम क्षेत्रका किरातहरूमध्ये 'द्रुह्यु'को इतिहास उल्लेखनीय छ।

उत्तरकुरु तथा कुरु गरी कुरुहरूका दुइ भाग थिए। यी दुइमध्ये उत्तरकुरुहरू किरात थिए, किनभने ऐतरेयब्राह्मणमा[4] उत्तरकुरुहरूको उल्लेख प्रष्ट रूपमा भएको छ। वाह्लिक यद्यपि किरात होइनन्, तथापि वाह्लिक र किरातहरूको आपसी सम्बन्ध थियो। अथर्ववेदमा[5] वाह्लिकहरूको उल्लेख भएको छ। यो जाति अथर्ववेदकालमै दुर्व्यसनी भएको सङ्केत मिल्छ। महाभारतमा[6] वाह्लिकहरूलाई पृथिवीको मल भनिएको छ। आम्नायको मल वेद हो र 'व्रत' नराख्नु ब्राह्मणको 'मल' हो। झूठो बोल्नु पुरुषको मल हो भने वाह्लिकहरू पृथिवीका मल हुन् भनेर विवेचना गरेको छ। यो अवश्य छ कि वाह्लिकहरूबाटै किरातहरूले मद पिउनु सिकेका हुन्। वाह्लिकहरू[7] युद्धकला र प्रभावशाली स्वरूप तथा भयङ्कर आँखा भएका आसुरी प्रवृत्तिमा लिप्त थिए भनेर लेखिएको छ। यिनीहरू आजको पञ्जाब सिन्धु प्रान्तमा निवास गर्थे।

* * *

---

[1] यदिन्द्राग्नी यदुपु तुर्वशेपु यदु द्रुह्युपु—अनुपु पुरुपुस्थः। (ऋ० १।१०८।८)
[2] यदिन्द्राग्नी यदुपु तुर्वशेपु यदु द्रुह्युपु—अनुपु पुरुषस्थः। (ऋ० ७।१८)
[3] ,, ,, ,, (मत्स्य पु० ४८।६)
(क) ,, ,, (वायु पु० ९९।९)
[4] ऐ. ब्रा. ८।१४।४
[5] अ. वे. ५।२२।५-९
[6] म. भा. उद्यो. ३९।७९
[7] म. भा. द्रो. ९३।४१-४२

शूद्रजनपद

शूद्र कुनै नीच जातिविशेष थिएन। अपितु 'शूद्र' एउटा जनपदै थियो। डा० सुदामा मिश्रले[१] शूद्रहरूको जनपदशासन सिन्धु नदी र उसैका सहायक नदीहरूको तट तथा घाटीमा भनेर लेखेका छन्, यद्यपि मिश्रजीको पाठ संशोधनीय देखिन्छ। ग्रीक इतिहासकारहरूले शूद्रहरूलाई 'सोद्राई' भनेर लेखेका छन् भन्दै एच० सी० चौधरीले[२] लेखेका छन्। प्राचीन इतिहास हेर्दा शूद्रहरू आर्यावर्तीय सभ्य शासकपरिवारका देखिन्छन्। युधिष्ठिरका कान्छा भाइ नकुलले दिग्विजयमा शूद्रहरूलाई परास्त गरेको इतिहास महाभारतमा[३] पाइन्छ। यति मात्रै होइन अपितु राजनैतिक वा अरू नै कारणले शूद्रहरूलाई घृणा गर्दा विनशनको छेउमा बग्दै गरेकी सरस्वती नदी सुखेको उल्लेख पनि प्रष्ट रूपमा पाइन्छ।[४] मनुले[५] बाह्र क्षत्रियहरूमा 'पह्लव'हरूको नाम पनि उल्लेख गरेका छन्। पुराणहरूमा[६] पह्लवहरूलाई 'पल्लव' पनि सञ्ज्ञा दिएको छ। महाभारतमा[७] 'पह्लव' क्षत्रियहरूको उल्लेख भएको छ। जब आर्यावर्तीय इतिहासले 'पह्लव' हरू आर्यावर्तीय क्षत्रिय हुन् भनेर लेखेका छन् भने यिनीहरू इरानबाट आउने तुकबन्दी मिल्दैन। तर डा० मिश्र आदिले लेखेका छन्। ती भविष्यमा संशोधनीय छन्।

यसरी नै यवनहरू[८] पनि क्षत्रिय नै थिए। होइन भने यदु, तुर्वशु पनि मुसलमानै थिए भन्नुपर्‍यो। तर त्यसो भन्न इतिहासले दिंदैन। यी यवनहरूको पछिका प्रायः ग्रन्थहरूमा उल्लेख पाइन्छ। यवनहरूको पनि किरातहरूसँग सम्बन्ध थियो।

शक-किरात

प्राचीन किरातहरूमा शकहरूको ठूलो महत्त्व थियो। शकहरूको अस्तित्व मात्रै होइन, अपितु शासनसत्ता र संवत्सम्म पनि चलेको पाइन्छ। महाभारतमा शकहरूको उल्लेख भएको छ। यी शकहरू महाभारतकालमा पूर्व, पश्चिम र दक्षिणमा फैलिएर बसेका थिए भन्ने स्पष्टीकरण स्वयं महाभारतले[९]

---

१. प्राचीन भा. मे. ज. पृ. ४४
२. पोलिटिकल हिष्ट्री ओफ एनसेण्ट इण्डिया, पृ. २५८
३. म. भा. स. प. ३२।१०
४. म. भा. शल्य प. ३७।१
५. मनु......१०।
६. पुराणकोष्ठक संख्या ४।
७. म. भा. भी. प. १०।४६
    (क) म. भा. भी. प. १०।६६
    (ख) म. भा. आ. प. १७८।३६
८. म. भा. आ. प. ८५।३४
    (क) म. भा. आ. प. १७४।३६
९. म. भा. स. प. आदि

दिएको छ। शकहरू सभापर्वमा एकत्र भएका थिए। महाभारतकालैमा[1] किरात आदिलाई राजनीति दृष्टिकोणले 'वृषल' भन्न थालिसकेका थिए भन्ने इतिहास पनि बुझिन्छ, किनभने कलियुगमा शकहरूले 'वरवर' भएर पृथिवीमा शासन गर्नेछन् भन्ने भविष्यवाणी पनि भएको छ। यसरी महाभारत मात्रै होइन अपितु प्राचीन अनेक इतिहास हेर्दा 'शक' किरात-क्षत्रिय सिद्ध भएको छ। साथै शकहरूको शासनसत्ता सुदृढ ऐश्वर तथा प्रभुसत्ता सम्पन्न थियो भन्ने बुझिन्छ। महाभारतको प्रमाणले बुझिन्छ कि चारै दिशामा शकहरू थिए। विशेष मात्रामा उत्तरापथमा शकहरू थिए, जुन कुलपरम्परामा गौतम बुद्ध र वासुदेव, कनिष्क, हुविष्क आदि आविर्भाव भएका थिए।

तर शकहरूलाई पनि आर्यइतिहास बंग्याएर डा० वासुदेव अग्रवाल[2] तथा डा० सुदामा मिश्र आदि जस्ता भारतीय पुराविद् विद्वान्हरूले पनि बाहिरबाटै आएका हुन् भन्न खोजेका छन्। यो केवल पाश्चात्यहरूको अन्धानुकरण मात्रै हो, किनभने बाहिरबाट आउने कुनै प्रमाण वा उल्लेख पाइँदैन। केवल नामको सादृश्यको तुलना गर्दै बाहिरबाट आएका हुन् भन्दछन्। यो इतिहास बिगार्ने परम्परा-श्रीगणेशको समर्थन मात्र हो। शकहरू आर्यावर्तीय किरातक्षत्रिय थिए। समृद्धशाली थिए। काकेस्पियन तथा इरानबाट शकहरू आउने व्यर्थ कल्पना मात्र हो। यस्तै कल्पनाले आर्यइतिहास भ्रममा परेको छ। यसको लागि ठूलठूला इतिहासकारहरूले पाश्चात्य अन्धानुकरण नगरेर आफ्नै बुद्धि लगाइदिनुपर्ने देखिन्छ।

●

कुणिन्द-किरात

कुणिन्दकिरातहरू प्राचीनकालमा बहुचर्चित थिए। कुणिन्दहरूको उल्लेख पुराणहरूमा[3] पनि पाइन्छ। तर कुनिन्द, कुलिन्द, कलिन्द आदि शब्दहरूले अभिहित भएका छन्। शकहरूजस्तै कुणिन्दहरू पनि चारैतिर फैलिएर बसेका थिए। तर महाभारतकालमा भने काश्मीरदेखि कुमाऊँसम्म कुणिन्दहरूकै बोलबाला थियो। महाराज सुबाहु कुणिन्दकिरातभित्रै पर्दथिए। तर शासन भने कुणिन्दकिरातहरूभन्दा बेग्लै गर्थे, किनभने खास कुणिन्दहरूको शासन यामुनप्रदेशमा थियो भने किरातराजा सुबाहुको राजधानी श्रीनगर गढवालमा (बदरीकाश्रममा) थियो। महाभारत[4] सभापर्वको अनुसार उत्तर-

---

[1] म. भा. अ. प. ३३।२१
(क) म. भा. व. प. १८८।३५

[2] इण्डिया एज नोन टू पाणिनी, पृ. ४४४
(क) प्रा. भा. ज. रा. ....पृ. ४७

[3] मत्स्य पु० अ० ११४
(क) वा० पु० अ० ४५
(ख) ब्रह्माण्ड पु० अ० १६
(ग) प्र० भा० ज० रा० पृ० ४७

[4] म० भा० स० प० २६।३-४
(क) म० भा० भी० प० १०।६१

दिशाका कुणिन्दहरूलाई अर्जुनले विजय गरेका छन्। तर महाभारत भीष्मपर्वको अनुसार दक्षिणदिशाका कुणिन्दहरू सम्मिलित हुन पुगेका छन्। वस्तुतः उत्तर-दक्षिण तथा पश्चिम प्रायः सबै दिशामा कुणिन्दहरू महत्त्वपूर्ण रूपमा बसोबास गर्दथिए भन्ने बुझिन्छ। डा० मिश्रले 'कुनिन्द' पाठ ठीक मानेर वर्तमान हिमाञ्चलप्रदेशको 'कुनैत' गाउँलाई सङ्केत गरेका छन्। लेखक पनि धेरै मात्रामा सहमत छ। परन्तु लेखक 'पुरातत्त्व' हेर्न कुनैत गएको छ। पुरातत्त्वको दृष्टिले भने उति महत्त्वपूर्ण लागेन, तथापि कुणिन्दहरूको बसोबास र शासन भने अवश्य थियो। डा० मिश्रले 'कुनैत' नै कुणिन्दहरूको मूल थलो हो भनेर 'कुनिन्द' पाठ मानेका छन्। तर कुणिन्दहरूको राजधानी कालसी लाखामण्डलमा (देहरादूनमा) थियो भन्न सकिन्छ।

आत्रेय-किरात

किरातहरू पनि 'आत्रेय' थिए भन्ने इतिहास हामीलाई महाभारतले प्रष्ट्याइदिएको छ। मूलैमा 'आत्रेयाश्च सभारद्वाजाः……किरातानाञ्च जातयः' भनेर प्रष्ट गरेको छ। आजको युगमा 'भारद्वाज' भनेको बाहुन र खसक्षत्रियहरूको मात्रै गोत्र नाम भन्ने प्रचलन छ। परन्तु इतिहास हेर्दा किरातहरू पनि 'भारद्वाज' थिए, 'आत्रेय' थिए। पुराणहरूमा[1] आत्रेयहरूलाई उत्तरापथका वासी भनेका छन्। साथै भारद्वाजका साथमा आत्रेयहरूको ठाउँ-ठाउँमा उल्लेख भएको पाइन्छ। आत्रेयहरू पछि आएर को कहाँ मिल्न पुगे ? यो खोजकै विषय भए पनि आत्रेयकिरातहरू थिए भन्ने कुरामा शङ्का छैन। यी आत्रेयहरू पनि काबुल, गान्धार आदिदेखि लिएर बर्माको कच्चिन र आराकानसम्म फैलिएका थिए। डा० मिश्र तथा अन्य लेखकहरूले काश्मीर, हिमाञ्चल तथा गढवाल आदिमा आत्रेयहरूको बसोबास थियो भनेर लेखेका छन्। जे होस् आत्रेयकिरातहरू पर्वतीय अवश्य थिए।

भारद्वाज-किरात

भारद्वाजकिरातहरूको भूभाग पनि गढवालैमा पर्थ्यो भनेर डा० मिश्रले लेखेका छन्। भारद्वाजहरूको वर्णन ऋग्वेदमा धेरै ठाउँमा आएको छ। भारद्वाजहरू उत्तरापथका पुरोहित[2] थिए। त्यसमा पनि सृञ्जयहरूका पुरोहित थिए भनेर लेखेका छन्। महाभारत[3] भीष्मपर्वमा भने आत्रेय र भारद्वाजको

---

[1] वा० पु० अ० ४५
  (क) मा० पु० अ० ५७
  (ख) वा० पु० अ० १३
  (ग) ब्रह्माण्ड पु० अ० १६
  (घ) मत्स्य पु० अ० ११४

[2] सांख्यायन श्रौतसूत्र १६।११।११

[3] म० भा० भी० प० १०।६७

साथसाथै उल्लेख भएको छ। त्यसैले भन्न सकिन्छ कि आत्रेय, भारद्वाज, स्तनपायी आदिको घनिष्ठ सम्बन्ध थियो। यद्यपि तुषारहरूको साथ भारद्वाजहरूको उल्लेख भएको देखिएन, तथापि तुषारहरू पनि किरातै थिए। किन्तु महाभारतमा[1] खस र तुषारको साथसाथै उल्लेख भएको छ। साथै बर्बर भनेर लेखेको देखिन्छ। आजको गढवाल महाभारतकालमा बदरीवन थियो। त्यसै बेला तुषारकिरातहरू गढवाल-प्रदेशमा निवास गर्थे। तुषारकिरातहरूको खसहरूसँग पनि सम्बन्ध थियो। त्यसैले निकट भविष्यमा गढवाल किरातप्रदेशदेखि खसमण्डल कहलाउन थाले। तर तुषारहरूभन्दा पनि प्रसिद्ध किरातहरू तङ्गण-किरात थिए। मत्स्यपुराणबाहेक प्रायः सबै पुराणहरूमा तङ्गणहरूको उल्लेख पाइन्छ। अन्य किरातहरू-जस्तै तङ्गणकिरातहरू पनि दक्षिणपथ[2] र उत्तरापथका[3] वासी थिए। तुषार तथा तङ्गण महाराज सुबाहु-का शासित प्रजा तथा सुबुद्ध शासकवर्ग थियो। तर डा० मिश्र आदिले तङ्गणहरूलाई किरातहरूभन्दा अलग राख्ने प्रयास गरेका छन्। त्यो सही इतिहास होइन, किनभने नीति, माणा आदिमा वसोबास गर्ने मार्छा, दोल्छा आदिले तङ्गण र तुषार आदिकै पारम्परिक सन्तान आफूलाई मानेर आइराखेका छन्। यसै प्रकारले 'कुलुत' हरूको उल्लेख पनि महाभारतमा पाइन्छ। मल्लकिरात पनि महाभारतकालदेखिन्[4] नै प्रसिद्ध थिए। यी मल्लकिरातहरू राजा-महाराज, शासकहरूकै रूपमा थिए भन्ने इतिहास प्रष्ट छ, किनभने दिग्विजयमा भीमसेन जस्ता वीरबाट परास्त भएका छन्।

साथै मल्लराष्ट्र र दक्षिणमल्लको रूपमा दुइ भागमा बाँटिएका थिए भन्ने इतिहास पनि प्रष्टै छ। बुद्धकालमा मल्लहरू पावा, वैशाली, कुशीनगर आदिमा जनपदीय शासक भएर बसेका थिए। बुद्धको निर्वाणको समयमा यी मल्लहरू भेला भएका थिए। यसै गरी ताम्रलिप्तक र कुल्य, कलिङ्ग, शवर तथा आटव्य[5] जाति र जनपदहरूको उल्लेख भएको छ। विन्ध्य, वैदर्भ[6] पनि थिए। विदर्भको राजधानी कुण्डिनपुर थियो। यो वर्तमान सतपुडा पहाडको दक्षिण महाराष्ट्रमा पर्थ्यो। आश्मक, कुन्तल, पुलेय (पुलिन्द), सिराल (सुराला), आनर्त, सूर्पारक, कोलवन, दुर्ग, कालितक, मेकल[7] आदिको उल्लेख किरात-राष्ट्र र जनपदराज्यको रूपमा भएको छ। यीमध्ये मेकल[8], उत्कल, कलिङ्ग, निषध र ताम्रलिप्तकहरूको उल्लेख साथै भएको छ। यसरी प्रसिद्ध किरातराज्य दशार्ण[9] पनि थियो। दशार्णका किरातहरूलाई

---

१. म० भा० शां० प० ६५।१३

२. म० भा० भी० प० १०।६३

३. म० भा० व० प० १४०।२४-२५

४. म० भा० स० प० ३०।३-१२

५. म० भा० शल्य प० ३२।४

६. म० भा० व० प० ६०।१८

७. म० भा० अनु० प० ३५।१७
'मेकलोत्कलकालिङ्गा निषधास्ताम्रलिप्तकाः'

८. म० भा० क० प० २२।२१

९. उत्तरेण दशार्णास्ते पाञ्चालान् दक्षिणेन च (म० भा० वि० प० ५।३)
क–म० भा० स० प० २९।५ ख–म० भा० स० प० ३२।७

पूर्वमा भीमले तथा पश्चिममा नकुलले जितेका छन्। तुमुरु[1], तुम्वुरु[2] (तुम्बुर) तथा महाभारतमा[3] अनूपद्वीप (अनुप)-को ऐतिहासिक उल्लेख जोरदार शब्दमा भएको छ। त्रिगर्त र सुवाहुविषय पनि किरातहरूकै शासनमा थिए भन्ने इतिहास प्रष्ट छ। 'किरातास्तगणाकीर्णं सुवाहुविषयं ययौ' (म० भा० व० प० १४०।२५) भनेर लेखिएको छ। यस इतिहासलाई अझ विस्तृत रूपमा उभ्याउने आवश्यकता छ।

कुशप्रावरणहरूको शासनसत्ता 'वाल्तिस्तान' हो भनेर डा० मिश्रले लेखेका छन्। तर विचार गर्दा जम्बूद्वीपभित्रकै किरातहरूमध्ये देखिन्छन्। यस्तै ऊर्णकिरातहरू पनि आर्यावर्त सम्भेककै थिए। यीमध्ये त्रिगर्त वर्तमान हिमाञ्चलप्रदेश जिला काङ्गडाभित्र पर्थ्यो। तामरकिरातहरू आजको नेपालभित्रै थिए। यद्यपि 'तमर' खोलाले 'तामर'हरूको याद दिलाइराखेको छ, तथापि प्राचीन पुरातत्त्व भने ऐलेसम्म पाइएको छैन। चीनकिरातहरू धेरैपहिले किरातहरूबाट उत्तरदिशामा बसोबास गर्न पुगेका थिए। चीनकिरातहरूकै छिमेकी हूणकिरातहरू पनि थिए। त्यसैले महाभारत शान्तिपर्वमा—

स देशान् विविधान् पश्यन् चीनहूणनिषेवितान्।
आर्यावर्तमिमं देशमाजगाम………महामुनिः।

(म० भा० शा० प० ३२५।१६)

भनिएको छ। यस श्लोकलाई लिएर अर्थ बङ्ग्याउने प्रयास पनि धेरैले गरेका छन्। तर त्यो सत्य होइन।

यसरी भौगोलिक र ऐतिहासिक समीक्षा गर्दा उपर्युक्त जातिहरूमा किरातहरूकै बाहुल्य भएको पाइन्छ। तर यो भन्नु खोजेको होइन कि किरातहरूको शासनमा केवल किरातहरू नै रहन्थे, अपितु शासक किरातहरू नै भए पनि प्रजावर्ग सालाखाला नै हुन्थ्यो, किनभने कुनै पनि राष्ट्रमा शासनसत्ता सम्हाल्ने शासक राजाको अनुकूल भएर बस्ने अथवा कुनै पनि राष्ट्रमा असली राष्ट्रभक्त भएर कोही बस्छ भने त्यो देश वा त्यो राष्ट्रको इमान्दार प्रजा त्यसैलाई मान्ने धेरै प्राचीन परम्परा हो। त्यसैले किरातहरूको शासनमा पनि अरू प्रजा पनि रहन्थे भन्ने कुरामा सन्देह गर्ने अवसर छैन। नेपाल काठमाडौं अधित्यकाभित्र शासन गर्ने किरातहरूको शासनकालमा पनि प्रजा केवल किरात मात्रै थिएनन्। आधिक्येन कुनै वर्ग भए पनि सामान्य रूपले सालाखाला नै थिए। तत्तत् विषयहरूको अध्ययन गर्दा यो तथ्य बुझिन्छ। त्यसैले किरातकालिक राष्ट्र, जनपद, विषय, देशहरूमा सबै प्रजाले निवास गर्दथे भन्ने इतिहास पनि भुल्नु हुँदैन।

---

[1] ब्रह्माण्ड पु० अ० १६

[2] म० भा० भी० प० ५०।५२

[3] म० भा० भी० प० १०।४२

खण्ड–२

यजुर्वेद र अथर्ववेदमा किरात

यजुर्वेदमा किरात

किरातहरूको प्राचीनताको बारेमा सन्देह गर्नुपर्ने आवश्यकता देखिंदैन, किनभने ऋग्वेदको इतिहासभित्र निःसन्देह किरात-इतिहास उल्लेख भएको देखिन्छ। यहाँ यजुर्वेदकालिक अत्यन्त प्रचलित जातिको गणना गर्दा मन्त्रद्रष्टा ऋषिले मन्त्रभित्र पारेको किरात शब्दको उल्लेख पाठकहरूले हेर्नुहुनेछ। यो शुक्लयजुर्वेद वाजसनेयी शाखाको मन्त्र हो।

सरोभ्यो धैवरमुपस्थावराभ्यो दाशं वैशन्ताभ्यो वैन्दं
नड्वलाभ्यः शौष्कलं पाराय मार्गारमवाराय कैवर्तं
तीर्थेभ्य आनन्दं विषमेभ्यो मैनालंस्वनेभ्यः पर्णकं
गुहाभ्यः किरातं सानुभ्यो जम्भकं पर्वतेभ्यः किम्पुरुषम् ॥

(शु० य० वा० शा० ३०।१६)

यस मन्त्रको अर्थ आचार्य महीधरले आफ्नो भाष्यमा यसरी गरेका छन्। यहाँ पाठकहरूलाई प्रामाणिक र सुविधा होस् भन्नका निमित्त पहिले भाष्य राखेर आफ्नो कुरा राख्नेछु। महीधरभाष्य—

सरोभ्यो धैवरं कैवर्तापत्यम् ८, उपस्थावराभ्यो दाशम्, (दाशृ दाने दातारम्) दाशो धीवरो वा ९, वैशान्तेभ्यो वैन्दं विन्दो निषादापत्यं १०, नड्वलाभ्यः शौष्कलं मत्स्यजीविनं शुष्कला मत्स्यास्तैर्जीवति तम् ११। अथाष्टमे यूपे। पाराय मार्गारं मृगोरपत्यं मार्गार तम् १, अवाराय कैवर्तं २, तीर्थेभ्य आनन्दं (अदि बन्धने) अदति आनन्दस्तं बन्धनकर्तारं ३, विषमेभ्यो मैनालं (अल वारणे) मीनान् अलति वारयति जलैरसौ मीनालस्तदपत्यं ४, स्वनेभ्यः पर्णकं भिल्लं ५, गुहाभ्यः किरातं ६, सानुभ्य जम्भकं (जभि नाशने) जम्भयतीति तत् हिंसकं ७, पर्वतेभ्यः किंपूरुषं कुत्सितपुरुषम् ८। (शु० य० वा० शाखा ३०।१६)

यहाँ महीधरले त्यतिखेरका जातिविशेषको गणना गर्दा धीवर भनेको कैवर्त भनेको माझीको सन्तान हो। यी सरोवर आदिमा विशेष रूपले जीविका गर्ने जाति हुन्। उपस्थावरबाट दाश भए, किनभने दाशृ धातुको दान दिने अर्थ हुन्छ। त्यसैले दाशको अर्थ पनि विकल्पले धीवर नै हो। वैशान्तहरूबाट वैन्द भए। विन्दुचाहिं निषादबाट भएको हो। नड्वलबाट शौष्कल भएको हो। शौष्कल माछाबाट जीवन निर्वाह गर्नेलाई भनिन्छ, किनभने 'शुष्कल' नाम् माछाको हो। त्यसबाट जीविका गर्नेलाई शौष्कल भनिएको हो।

यसै प्रकारले मृगुका सन्तान मार्गार कहलाए। अवारबाट कैवर्त र तीर्थबाट आन्द भएका हुन्। आन्द स्वभावतः बन्धनवाला हुन्छ। विषमबाट मैनाल भएका हुन्। यो पनि मत्स्यजीवी नै हो। स्वनबाट पर्णक माने भिल्ल भए। गुफाबाट किरात भए। पर्वतबाट किम्पूरुष भए। अर्थात् निन्दनीय पुरुष भए।

यहाँ महीधरको भाष्यको भावार्थ राखेको हो। साथै यस भाष्यले अभीष्ट सिद्ध भएको छैन, किनभने महीधर मन्त्रार्थ गर्दा इतिहासपरक गर्दैनन्। कर्मकाण्डपरक अर्थ गर्नुमा महीधरको तात्पर्य देखिन्छ। त्यसैले 'अथाष्टमे यूपे' भनेको हो। यस सम्बन्धमा यसै मन्त्रको शुक्लयजुर्वेद काण्वसंहिताको भाष्य पनि सामु राखेपछि इतिहासको स्पष्टीकरण गर्नेछु। काण्वसंहिता र वाजसनेयी शाखाको मन्त्रमा फरक छैन। मन्त्रार्थमा स्पष्टीकरण गर्दा भने अवश्य अन्तर देखिन्छ।

पाठकवृन्दले आचार्य सायणको भाष्यमाथि पनि ध्यान दिनुपर्नेछ। इतिहासको परिप्रेक्ष्यमा एउटा आलोक थपिएको देखिन्छ। हेर्नुहोस् सायणभाष्य––

'यानि सरांसि तदभिमानिभ्यो धैवरम्, उभयतो जलं बध्नाति येन तेन जालविशेषेण मत्स्यग्राहिनम्। उपस्थावराभ्यस्तरुणां समीपे प्रवाहमन्तरेण स्थिता या आपः तद भिमानिभ्यो दाशं मत्स्यग्राहिणम्। वैशन्ताभ्यः पल्वलाभिमानिभ्यो वैन्दं, विन्दुः जलं तेन जीवतीति वैन्दः तम्। नड्वलाभ्यः तृणसंयुक्तदेशवर्तिजलाभिमानिभ्यः शौष्कलं, शुष्कलं बडिशं, तेन जीवतीति तम्। पाराय परतीराभिमानिने मार्गारम् अन्तर्जले हस्ताभ्यां मत्स्यानां मार्गशीलम्। अवराय अवतीराभिमानिने कैवर्तं कूले मत्स्यानां पुञ्जीकृत्य हन्तारम्। तीर्थेभ्य अवतारस्थानाभिमानिभ्य आन्दं तीर्थसेतुबन्धेन मत्स्यग्राहिणम्। विषमेभ्य अतीर्थाभिमानिभ्यो मैनालं जालाजीविनम्। स्वनेभ्यः शब्दजालाभिमानिभ्यः पर्णकं सविषं पर्णं जलोपरि स्थापयित्वा मत्स्यग्राहिणम्। गुहाभ्यः पर्वतगुहाभिमानिभ्यः किरातं मृगघातिनम्। सानुभ्यः पर्वतशिखराभिमानिभ्यः जम्भकं गात्राणां जम्भयितारम्। पर्वतेभ्यः पर्वताभिमानिभ्यः किम्पूरुषं वनवासिनं गायकम्।'

(शु० य० काण्वसंहिता ४०।४ अ० १६ सा० भा०)

विज्ञपाठकवृन्दले हेरिसक्नुभयो होला महीधर र सायणको भाष्यमा कति योग्यता छ। मूल मन्त्रमा त्यतिखेर जो-जो पेशा गर्थे, ती जातिहरूको उल्लेख भएको इतिहास सायणले राम्ररी प्रष्टचाइदिए। तर सायणको भाष्यले पनि धेरैचाहिं माछा मार्नेहरूकै इतिहास पैल्याएको छ। जसले दुवैतिर पानी थुनेर माछा मारेर जीविका गरे, तिनलाई धीवर भने। उनैका सन्तान अथवा उनले गरेका कार्यलाई धैवर भनेको हो। वृक्षहरूको समीपमा भएको वा बगेको पानीमा जसले माछा मारे, तिनैलाई दाश भनेको हो। साना-साना पोखरीहरूबाट जसले जीवन निर्वाह गर्छ, त्यसैलाई वैन्द भनेको हो। हरियो घाँस-पात धेरै भएको प्रदेशमा माछा मारेर जीविका गर्नेलाई शौष्कल भनेको हो। 'शुष्कल' भनेको माछा मार्ने 'बडिस' लाई भन्दछन्। शुष्कल नै जीवनको साधन जसको छ, त्यसलाई शौष्कल भन्नु स्वाभाविकै हो। पानीभित्र हात हालेर माछा खोज्नेहरूलाई मार्गार भनेका हुन्। नदी या पोखरीको छेउमा बसेर माछा मार्नेहरूलाई 'कैवर्त' भनेको हो। कैवर्तले माझीकाम पनि गर्छ, माछा पनि मार्छ। पवित्र तीर्थस्थलका नदी पोखरीहरूमा वान बाँधेर माछा मार्नेहरूलाई 'आन्द' भन्दथिए। त्यसको विपरीत जाल चलाएर मात्र जीवन निर्वाह गर्नेलाई 'मैनाल' भनिन्छ। विष मिलाएर पातमा राखेर पानीमा राखेपछि शब्द गरेर माछा पक्रनेहरू 'पर्णक' भनिन्थे। यस्तै पहाड-पर्वतका गुफाहरूमा बस्ने, मृगको शिकार गर्नेहरूलाई किरात भनेको हो। तर सायणले वनवासी गायक भन्ने अर्थ गरे।

यहाँ सायण र महीधरको अर्थगराइको साथ सबै पेशागत नाम राखेको देखिन्छ । जब कर्म र पेशागत नाम राखेको प्रकरण नै पूरा पाइन्छ भने किरातहरू गुफामा बस्दथिए भन्ने अर्थ कसरी भयो ? कुन आधारमा त्यो अर्थ गर्ने ? किरातहरू गुफामा बस्थे । गुफावासी हुन् भन्नेहरू यी हुन् । त्सिमर अल्टिन्डिशे, ब्लूम फिल्ड, सेन्ट पिट्सवर्ग, लासेन, लुडविग, बी० स्मिथ, हाप्कीन, वेबर, मैक्समूलर, गेल्डनर, मैक्डोनेल, कीथ, ग्रीफ्थ आदि पाश्चात्यहरूले किरातहरूलाई गुफावासी र जङ्गली असभ्य भन्नमा धेरै जोड दिएका छन् । यसै प्रकारले यिनीहरूका शिष्य भारतीय विद्वान् रमेश मजुमदार, सुनीतिकुमार चटर्जी आदिले पनि पाश्चात्य विद्वान्हरूकै अनुकरण र सिद्धान्तलाई स्वीकार गरेका छन् । तर यी विद्वान्हरूले कसैले पनि प्रकरणार्थ हेर्ने र विचार गर्ने प्रयास गरेनन् जस्तो लाग्छ । नत्र प्रकरणमा प्रष्ट पारेर राखेको इतिहासलाई कसरी बंग्याए त ?

सबै त्यस प्रकरणभित्र व्यवहारजीवी नै छन् भने किरातले चाहिं कसरी गुफाभित्र बसिरहने अर्थ आयो त ? अर्को इतिहास सायणले 'पर्वतगुहाभिमानिभ्यः' शब्द राखेर निकै ठूलो बुद्धिमानी चाल देखाएको देखिन्छ । इतिहास पनि यही नै हो । समय बेसमय पर्दा ओडार गुफाहरूमा आज पनि बास बस्ने गरेका छन् । सृष्टिको आदिकालमा भनौं भने जाल, बडिश आदिको प्रयोग गर्ने समाज, फेरि प्रौढ वैदिक वाङ्मयको सूत्रपात गर्ने वैज्ञानिक मन्त्रहरूको सङ्कलन भइसकेको बेलामा उपर्युक्त गलत इतिहास केही पाश्चात्य लेखकहरूले भन्ने गरेका छन् । त्यो ठीक होइन । किरातहरू सभ्य थिए । यही इतिहासले बताउँछ ।

श्वपति-किरात

वेदमा प्रार्थना मात्रै छ । अरू केही छैन । तर त्यो भन्ने मान्छेले आफूले प्रार्थनापत्र लेख्दा त्यस वेलाका र अगाडिपछाडिका सबै इतिहास लेख्दै गएको हुन्छ । यद्यपि प्रार्थनापत्र लेख्नेको मनमा या मस्तिष्कमा केवल 'प्रार्थना-पत्र' मात्र घुसेको हुन्छ । उसलाई पनि मैले इतिहास लेखेको होइन, अपितु अफिसरलाई अथवा राजा, मन्त्रीलाई प्रार्थनापत्र लेख्दैछु भन्ने मात्रै ख्याल रहन्छ । त्यही प्रार्थना-पत्र दश, बीस, सय र हजार वर्षपछि पूरा इतिहास बन्छ । यी कुरा बुझ्नेले वेद या संस्कृतसाहित्यमा लेखिएका प्रार्थनालाई निन्दा गर्दैनन् । गाली पनि गर्दैनन् । तर आफैंले लेखेको प्रार्थना-पत्रको अर्थ वा तात्पर्य नजान्ने वज्रस्वाँठेहरूले अवश्य प्रार्थनाको निन्दा गर्छन् । आज विश्वको एक मात्र हिन्दूराष्ट्र नेपालको दुइ हजार वर्ष पुरानो प्रामाणिक इतिहासमाथि हामी गौरव, गर्व र घमण्ड गर्छौं, तर केको आधारमा ? उही प्रार्थनाको आधारमा । मानदेवको चाँगुनारायणको 'प्रार्थना'-लेख प्राप्त नभए गर्व गर्ने आधारै थिएन । त्यस्तै अन्यत्रका प्रार्थनाहरू पनि हुन् । त्यसैले बुद्धि भएका व्यक्तिले 'प्रार्थना' सुन्नेबित्तिकै नाक चेपार्दैन । निन्दा गर्दैन । हँ, यो अवश्य छ कि कुन विषयको हो र कहाँ यो प्रार्थना उपयुक्त हुन्छ भन्नेबारेमा चाहिं विचार अवश्य हुन्छ र गर्नु पनि पर्छ । हो, वेदमन्त्रहरू प्रार्थनाले भरिएका छन् । परन्तु लाखौं वर्ष पुराना प्रार्थनाहरू आज एकएक शब्दमाथि इतिहास बनेर बसेका छन् । यसमा सन्देह छैन । यस्तै प्रकारले एक दिन प्रार्थना गर्दै जाँदा कुकुरलाई पनि प्रार्थना गर्ने दिन आयो । अनि शुक्लयजुर्वेदको[1] माध्यन्दिन शाखाको मन्त्रमा प्रार्थना गर्न पुगे । यस मन्त्रमा कुकुरलाई प्रार्थना गर्नुपर्ने विचित्र कुरा छ र प्रार्थना पनि विचित्रै-

---

[1] शुक्लयजुर्वेद—१६ अ० २८ मन्त्र
'नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमः'

को छ। तर अर्थ नबुझी मेरो पाठ गर्ने बानी छैन। अनि मन्त्रको अर्थ लगाउनु खोज्दा 'महीधरभाष्य'मा आँखा पुग्यो। महीधरले यस्तो अर्थ गरेको रहेछ।[1] यो अर्थ बुझेपछि मेरो मस्तिष्कले अर्कै बाटो लियो। माथि मूल मन्त्रमा आएका शब्दहरूको अर्थ यस्तो छ—

श्वभ्यो = कुकुरहरूलाई
नमः = नमस्कार छ।
च = र
वः = तिमी
श्वपतिभ्यः = कुकुर पाल्नेहरूलाई
नमः = नमस्कार छ।

संस्कृत भाषामा कुकुरलाई 'श्वा' भनिन्छ। पालन गर्नेलाई 'पति' भनिन्छ। त्यसैले 'श्वपति' कुकुर पाल्ने कुकुरको मालिक अर्थ हुन्छ। ती कुकुरका मालिक को हुन् त? भन्दा 'श्वपतयः किरातवेषस्य रुद्रस्यानुचराः' भनेर महीधरले उत्तर दिए। अर्थात् 'श्वपति' भनेको किरातभेषधारी रुद्रका अनुचरहरू हुन् भने। यहाँ ऐतिहासिक तथ्यमाथि मन्त्र र भाष्यकारको अभिप्राय एकदम गहिरो देखिन्छ। भगवान् शङ्करलाई शिव, रुद्र, पशुपति अनेक नामले पुकार्दछन्। तीमध्ये स्वयं किरात र कतै किरातभेषधारी भनेर लेखेका छन्। तर किरात-इतिहासको लागि वेदहरूमा 'किरात' शब्द हुनु अत्यन्त महत्त्वको इतिहास हो। दोस्रो इतिहास किरातहरूले कुकुर पनि पाल्दा रहेछन् भन्ने प्रष्ट बुझिन्छ। तेस्रो, कुकुर प्रारम्भमा किरातहरूले नै पालन थालेका थिए भन्ने इतिहास पनि यसै मन्त्रबाट बुझिन्छ। चौथो इतिहास स्वयं,शिव किरात थिए भन्ने कुरा प्रष्टिएको छ। पाँचौं, किरातेश्वरको सेना साहन वाहन किरातै थिए भन्ने इतिहास राखिएको बुझिन्छ। अब प्रश्न यो छ कि किरातहरूले कुकुर किन पाल्ने? यसबारेमा धेरै लेखकहरूले भ्रमात्मक कुरा लेखेका छन्। 'किरातहरू जङ्गली थिए। शिकार मात्र गर्थे। अरू केही जान्दैन-थिए। जङ्गली पशुहरूसरह नै थिए। तर किरातहरू मान्छेका आडमा भने अवश्य थिए' भनेर लेखेका छन्। तर यी सबै कुरा पाश्चात्यहरूको कल्पना र फुट पार्ने मेसो मात्रै हुन्। यस्तै केही किरातहरूले पनि भ्रमात्मक कुरालाई पक्डेर आफूलाई आज पनि जङ्गली नै बनाउने दिमाग लिएर बसेका छन्। तर इतिहास त्यो होइन। के आधुनिक युगमा शिकार खेल्न मात्रै कुकुर पालिन्छ त? बुद्धिमान्, व्यावहारिक, देश-देशान्तर भ्रमण गरेको व्यक्तिले यस कुरालाई कहिल्यै पनि स्वीकार गर्नेछैन, जो केवल शिकार खेल्न मात्रै कुकुर पालिन्छ भन्ने कुरामा सहमत रहन्छ। घरको चौकिदार, सी० आई० डी०, चोर पक्डने काम, डाक ओसार्ने काम, मालिकको रक्षा गर्ने काम, गोठाला, नानी पर्खिने कामदेखि लिएर चन्द्रलोकसम्म पनि पुग्ने काम कुकुरकै देखिन्छ। के यी शिकार खेल्न मात्रै पालिएका हुन् त? तर शिकार खेल्न पालन हुँदैन भनेकोचाहिं होइन।

यस्तै ऋग्वेदकालिक सुशर्म देवयानी कुकुर्नीले.(?) देवदूत भएको इतिहास हेर्नु आवश्यक छ। यसमा शोधखोज (Research) भने अवश्य गर्न शेष छ। युधिष्ठिरसँग स्वर्गसम्म जाने हिक्मती पनि कुकुरै

---

[1] शुक्लयजुर्वेद—[१६।२८ म० भा०]
'शूनां पतयः श्वपतयः श्वपालकास्तेभ्यो वो युष्मभ्यं नमः
श्वपतयः किरातभेषस्य रुद्रस्यानुचराः।'

थियो। एकलव्यले जसको मुखमा वाण हानेर बुजो लगाइदिएका थिए, त्यो पनि कुकुरै हो। यस्ता अनेक प्राचीन प्रमाण कुकुरहरूको वारेमा प्रस्तुत गर्न सकिन्छ। त्यसैले उक्त प्रसङ्गमा आएको नमस्कारयोग्य कुकुर त्यसै नमस्कारयोग्य थिएन। त्यसैले कुकुरलाई नमस्कार गरेर अनि कुकुर पाल्ने मालिकलाई नमस्कार गरेको पाइन्छ। उक्त मन्त्रमा वर्णित कुकुर सुशिक्षित, सबै काम गर्न सक्ने थियो। ती कुकुरहरूलाई किरातहरूले सधाइ-पढाइ गरेका थिए भन्ने इतिहास उक्त मन्त्रले स्पष्ट पारेको देखिन्छ। कुकुरहरूलाई वैज्ञानिक तरीकाले सबै कुरा सिकाउन सक्ने किरातहरू पूर्ण दक्ष थिए भन्ने इतिहास पनि प्रष्ट छ। राजा, महाराज, राष्ट्रपति अथवा प्रधानमन्त्रीको अनुचर भएर हिंड्ने जङ्गली, मूर्ख, लठेप्रो हुन सक्छ र? यदि होइन भने किरातेश्वर रुद्रका अनुचर पनि त्यस्ता हुन सक्दैनन्। किरातेश्वर रुद्र राजा वा ठूला सेनापतिका रूपमा थिए भने उनका अगाडि-पछाडि लागेर हिंड्ने र उनीहरूको कुकुर यति शिक्षित जसलाई मालिकभन्दा पनि पहिले नमस्कार भयो।

यसरी मन्त्रहरूको माझमा अनेक यस्ता मन्त्र छन्, जो किरात-इतिहास केलाउँदा गौरवताको अनुभव किरातहरूलाई हुनु स्वाभाविकै हो। तर बुझ्ने किरातहरूको लागि मात्रै हो। यिनै इतिहासले भन्न बाध्य हुनुपऱ्यो कि किरातहरू मङ्गोलियन होइनन्, अपितु शुद्ध हिन्दू=आर्य किरात-क्षत्रिय हुन्।

लाखौं वर्षपूर्वका किरातहरूलाई छ सय वर्षको मङ्गोलले जन्माउन सक्छ र? नचाहिंदो फटाहा कुरा मात्र हो भन्न सकिन्छ। अर्को इतिहास 'मङ्गोल' भनेका मुसलमान हुन्। किरातहरू 'मङ्गोलियन' हुन् भने 'मुसलमान' जस्तै हुनुपर्छ, किनभने 'मुगल'[1] शब्दबाट 'मङ्गोल' बनेको हो। भारतमा बस्ने मुगलकै खानदान केही शताब्दीपहिले गोभीको मरुभूमिमा पसेपछि 'चंगेज खाँ' पहिला मङ्गोलसम्राट् भएका हुन्। चंगेज खाँले नै आफूलाई मङ्गोल भनेर लेखेको पाइन्छ। त्यसपछि चंगेज खाँकै नाति कुबले खाँलि आफूलाई मङ्गोल भनेर लेखेको पाइन्छ। चंगेज खाँले आफूलाई मुगलका वंशज हुनाले 'मङ्गोल' लेख्न र वोल्न शुरू गरेका थिए।

अथर्ववेदमा किरात

एक किरात-युवति

किरातहरू एक समयमा विश्वविजयी थिए भन्ने उही प्राचीन इतिहासले प्रष्ट पारेको छ। कसैले परिश्रम या मिहिनेत गर्ने आवश्यकता छैन। धेरै परिश्रम गर्नुपरे केवल मूल इतिहास हेर्ने र मनन गर्ने आवश्यकता देखिन्छ। प्राचीन ग्रन्थहरूमा अथर्ववेद पनि हो। अर्थात् ऋग्वेदमा किरातहरूले 'दासराज्ञ' युद्धमा वीरगति पाएका थिए भने यजुर्वेदमा अनेक प्रकारको कलाकौशलदेखि लिएर कृषिप्रधान जीवन किरातहरूकै थियो। ऋग्वेद र सामवेदको इतिहासमा किरातले 'किरात-ऋषि' भएको इतिहास पनि किरातकै हो भने अथर्ववेदमा ठूलाठूला वैद्य, डाक्टर भएर देश अथवा राष्ट्रको सेवा जनसेवा भनेर जडी,

---

[1] बार्हौं शताब्दीका चंगेज खाँ आदि मुगल-सम्राट्ले आजको मंगोल देश बसाएका हुन्। चंगेज खाँभन्दा पूर्वको मंगोलको इतिहास हेर्दा केवल गोभीको मरुभूमि मात्र देखिन्छ। आजको लगभग २०० माइलको वैकाल झील चंगेज खाँभन्दा पूर्व १००० माइलको झील थियो भनेर कम्विले कोल नामक लेखकले 'एशिया परिचय' भन्ने पुस्तकको पृष्ठ नं० १८८ मा लेखेका छन्।

बूटी, औषधि आदिको ठूलाठूला व्यापार गरेको इतिहास पनि प्रष्ट रूपमा पाइन्छ। यहाँ अथर्ववेदको दशौं काण्डको चौथो अध्यायको चौधौं मन्त्र प्रस्तुत छ। राम्ररी घोरिएर हेर्नुहोस्।

कैरातिका कुमारिका सका खनति भेषजम्।
हिरण्मयीभिरभ्रिभिर्गिरीणामुपसानुषु ॥

(अ० वे० १०।४।१४)

यस मन्त्रमा किरात-इतिहासको साथै भौगोलिक र प्राकृतिक छटा पनि देखिन्छ। 'एउटी किरात-युवति सुनले बनेको खुर्पाले ठूला-ठूला पर्वतका साना-साना टाकुराहरूमा जडी, बूटी, औषधि खनिराखेकी छे' मूल मन्त्रमा भएको शब्दले यो इतिहास प्रष्ट पार्‍यो। तर यहाँ इतिहास अझ खुलस्त पार्दा गिरीणाम् शब्दको अर्थ ठूलठूला पहाड-पर्वत हुन्छ भने उपसानुषु=ती गिरिवरहरूमा रहेका अधित्यका र उपत्यका, त्यसमा प्राकृतिक रूपले सानासाना सुन्दर उपपर्वतहरू शोभायमान छन्। ती उपपर्वतहरूका पनि सुन्दर-सुन्दर चुचुराहरू उठेका छन्। ती अधित्यका र उपत्यकाको सेरोफेरो, माथि, तल, वरपर हरियो वन-जङ्गलले सुशोभित छन्। पर्वतमा त्यस्ता प्राकृतिक सौन्दर्यले भरेको हरिया-भरिया पर्वतमालाहरू कति सुन्दर थिए होलान्। त्यस्ता प्राकृतिक सौन्दर्यको साथ किरात-युवतिको सौन्दर्यको साथ सुन्दर तुलना गर्दा एउटा अलौकिक छटा देखिन्छ। स्वर्णाभा भएकी किरात-युवति, त्यसमा पनि अविवाहिता कुमारिका, त्यसमा पनि सुनले बनेको खुर्पा हातमा लिएर त्यो प्राकृतिक औषधिहरूको वनमा औषधि खन्दा अलौकिक आभा प्रतीत हुन्थ्यो। त्यो इतिहास र भूगोल तथा प्राकृतिक वर्णन स्वयं मन्त्रले प्रष्ट पारेको छ।

तर त्योभन्दा पनि ठूलो 'हिरण्यमयीभिः अभ्रिभिः' त्यो किरातसुन्दरीले सुनले बनेका कैयौं किसिमका खुर्पाहरू बोकेकी थिई, किनभने यहाँ मन्त्रमा 'अभ्रिभिः' तृतीयान्त बहुवचनको प्रयोग भएको छ। कैयौं औषधि खनेर निकाल्नुपर्ने हुन्छ भने कैयौं काट्नुपर्ने हुन्छ। फेरि कैयौं औषधि कोट्याएर निकाल्नुपर्ने हुन्छ। त्यसैले ती खुर्पाहरू आकार-प्रकार र बनावटमा अलग-अलग थिए भन्ने बुझिन्छ। सबैभन्दा ठूलो कुरा के हो भने 'सुन' ले बनेका खुर्पा हुनु अझ ठूलो महत्त्वको इतिहास हो, किनभने 'जङ्गली युग' मा थिए भन्नेहरूका लागि यो एउटा ठूलो ओठे जवाफ हो। केवल त्यति मात्रै होइन, चरम विकासको युगमा नपुगेसम्म फलाम, कासा, तामा र सुन प्रयोगमा ल्याउन सकिने कुरो होइन। अथर्ववेदका किरात सुनका हत्यार चलाउने अवस्थासम्म पुगेका थिए भन्ने इतिहास प्रष्ट हुन्छ।

अथर्ववेदकालमा किरातहरूले के काम गर्थे? भन्ने प्रश्नको उत्तरमा उपर्युक्त मन्त्रले बताएको छ। त्यतिखेरका किरातहरू खेती, व्यापार, औषधि व्यापार, डाक्टर, वैद्य, पशुपालन, लेखाइ-पढाइ आदि सबै कार्यमा दक्ष थिए। त्यसै व्यापारको उद्देश्यले नै सानासाना पर्वतशिखरहरूमा औषधि उखेल्नुपर्‍यो। यो औषधिको व्यापार विक्रमको पहिलो शताब्दीसम्म किरातहरूकै चल्दै रह्यो। यसरी अथर्ववेदमा किरातहरू समृद्ध व्यापारी, नीतिज्ञ कृषिबल आदि सबै कुरामा दक्ष देखिन्छन्। अथर्ववेदका किरातहरूमा त्यस्तो कुनै दुर्व्यसन देखिंदैन। त्यसैले उनीहरू बुद्धिमान् थिए भन्ने इतिहास प्रष्ट हुन्छ।

* * *

खण्ड—३

ब्राह्मणग्रन्थहरूमा किरात

प्राचीन आर्य-हिन्दूक्षत्रिय किरातहरूको इतिहास निष्पक्ष रूपले खोज्ने हो भने प्राचीन ब्राह्मणग्रन्थहरूलाई नहेरी हुँदै हुँदैन। पूर्ण रूपले एकै ठाउँमा नभए पनि प्रत्येक स्थलमा त्यतिखेरको किरात-इतिहास अङ्कित भएकै हुन्छ। त्यसैले वाचस्पतिले ब्राह्मणको लक्षण यस्तो गरेका छन्—

नैरुक्त्यं यस्य मन्त्रस्य विनियोगप्रयोजनम्।
प्रतिष्ठानं विधिश्चैव ब्राह्मणं तदिहोच्यते॥

यी कुराहरू नबुझीकन ठाडै बाहुनलाई टोक्न जानु पनि बुद्धिमत्ता होइन, किनभने 'ब्राह्मण' शब्द आउँदैमा बाहुनै अर्थ हुन्छ भन्नु पनि मूर्खता नै हो। यति कुरा तीतो गरी भन्नुको अर्थ यो हो कि एकफेर मेरो 'किरात-इतिहास' को चर्चामा 'ब्राह्मण' ग्रन्थको प्रमाण दिइएको थियो। एकजना सज्जनले कुरै नबुझीकन बाहुनलाई टोक्न चिथोर्न कुरैले दगुऱ्यो। मान्छे एम० ए० को पुच्छर झुण्डाउने नै हो। उसले कुरैले बाहुनलाई चिथोरिसकेपछि फेरि मैले किन तपाईं फतफतिनुभएको भनेर उपर्युक्त श्लोक सुनाएर अर्थ सुनाउँदा पो छक्क पऱ्यो। तर अर्को ठाउँमा चाहिं बाहुनै फेला पऱ्यो। त्यो पनि व्याकरणाचार्य थियो। उपर्युक्त श्लोक सुनाउँदा गलत हो भन्यो। त्यो बाहुनले मसँग 'ब्राह्मोऽजातौ' भन्ने पाणिनिको सूत्र राखेर जाति अर्थमा 'ब्राह्मण' प्रयोग हुन्छ, जातिभिन्न अर्थमा 'ब्राह्म' 'ब्राह्मी' रूप बन्दछ भन्यो। हो, बन्छ। ठीकै भन्नुभयो। तर 'पुराणप्रोक्तेषु ब्राह्मणकल्पेषु' यस सूत्रमा प्रयोग भएको 'ब्राह्मण' शब्द कुन अर्थमा बन्यो त ? भनेर सोधेपछि ऊ पनि चुप लाग्यो। यहाँ भन्नु यति हो कि व्यापक रूपले राम्ररीसँग नबुझेको कुरालाई भ्रमात्मक रूपले नबोल्नु उचित हो। यहाँ प्रसङ्गमा 'ब्राह्मण' भन्नाले प्रत्येक वेदको ब्राह्मणग्रन्थ हुन्छ। जस्तै—ऋग्वेदको 'ऐतरेय' 'ब्राह्मण' हो। यस्तै, यजुर्वेदको 'शतपथ' 'ब्राह्मण' हो। सामवेदको 'ताण्ड्यमहा' 'ब्राह्मण' हो। अथर्ववेदको 'गोपथ' 'ब्राह्मण' हो। यसरी नै प्रत्येक ब्राह्मणको 'आरण्यक' भाग हुन्छ। जस्तै–ऋग्वेदको 'ऐतरेय' 'ब्राह्मण' ग्रन्थ छ भने 'ऐतरेय' 'आरण्यक' पनि छ। यस्तै प्रत्येक वेदको 'ब्राह्मण' र 'आरण्यक' माथि प्रत्येकका 'उपनिषद्' ग्रन्थ हुन्छन्। यस्तै प्रत्येक वेद, ब्राह्मण र आरण्यकसँग सम्वन्ध राख्ने सूत्रग्रन्थ हुन्छन्। यसरी यजुर्वेदको शतपथ ब्राह्मण हो भने तैतिरीय आरण्यक हो। ईशावास्पादि उपनिषद् छन् भने कात्यायन श्रौतसूत्र हो। त्यसैले वेदले ब्राह्मणसँग सम्बन्ध राख्छ भने ब्राह्मणले 'आरण्यक' सँग सम्वन्ध राख्छ। यसै गरी आरण्यकले उपनिषद्सँग सम्वन्ध राख्छ। तर सूत्रग्रन्थले सीधा ब्राह्मणग्रन्थसँग सम्वन्ध राखेको हुन्छ। त्यसैले कुनै वेदमन्त्रहरूमा नभएको ब्राह्मणग्रन्थ वा आरण्यक, सूत्रग्रन्थहरूको अंश उल्लेख भएको पाइयो भने मूल पाठ नष्ट भएछ वा विच्छिन्न भएछ भनी

जान्नुपर्छ, किनभने मूलमा नभएको ब्राह्मण, आरण्यक, देवता आदि ग्रन्थहरूमा लेखिंदैन । त्यसैले ब्राह्मण-ग्रन्थको ठूलो महत्त्व छ ।

यहाँ माथि दिइएको ब्राह्मणग्रन्थको अर्थ गरेर अगाडि आफ्नो बाटो लिनेछु । जुन ग्रन्थमा केही मन्त्रहरूको अर्थ गरिन्छ, साथै केही खास मन्त्रहरूको कहाँ विनियोग गर्ने भन्ने तरीका र त्यसको प्रयोजन जसमा बताइएको हुन्छ, कुनमा प्रतिष्ठापन गर्ने र त्यसको विधि के हो ? भनेर मन्त्रहरूको विधि जसमा बताइएको हुन्छ, त्यस ग्रन्थलाई 'ब्राह्मण' भनिन्छ। पाठकवृन्दले ब्राह्मणग्रन्थको अर्थ बुझिसकेपछि यी ब्राह्मणग्रन्थहरूमा उक्त आफ्नै कुराहरू लेखिएका भए पनि त्यस युगको संस्कृति, सभ्यता, खानपान, पूजापाठ, जन, समाज, राष्ट्र-भूगोल, विज्ञान आदि प्रसङ्गवश उल्लेख भएको हुन्छ। त्यसै प्रसङ्गमा ब्राह्मणग्रन्थहरूमा 'किरात' को प्रसङ्ग आएको छ । त्यो एउटा ऐतिहासिक प्रसङ्ग हो ।

यहाँ कृष्णयजुर्वेदको तैतिरीयब्राह्मणमा पनि मूल वेदमा जस्तै 'गुहाभ्यः किरातम्' (कृ. य. वे. तै. ब्रा. ३।४।१२) पाठ आएको छ । यस ब्राह्मणमा पनि वेदाचार्य सायणको भाष्य छ । यसमा इतिहासको पुट दिंदै 'गुहाभ्यः पर्वतगुहाभिमानिनीभ्यः किरातम् मृगघातिनम्' भनेर भाष्य लेखेका छन् । यहाँ विलक्षणता केही नभए पनि मूल वेदमन्त्रले उल्लेख गरेको विषयलाई ब्राह्मणग्रन्थले पनि छोड्दैन भन्नु हो । यसरी कुनै पनि प्राचीन ग्रन्थहरूमा किरातहरूको उल्लेख छुटेको छैन । 'गुहाभ्यः किरातम्' को अर्थ पर्वतीय जङ्गल गुफाहरूमा बस्ने वन्यजन्तुहरूको भेउ पाउन सक्ने जाति हो । साथै ती गुफाहरूमा धेरैंजसो हरिण, मृग, घोरल आदिको शिकार विशेष मात्रामा गर्ने हुनाले सायणले किरातहरूलाई 'मृगघाती' भन्ने शब्द प्रयोग गरेको देखिन्छ । त्यसैले तैतिरीयब्राह्मणमा पनि किरातहरूको इतिहास विद्यमान छ । तर यति मात्र होइन, यी ग्रन्थहरूमा किरातसम्बन्धी सामग्री प्रशस्त छन् । तर छुटचाउने आवश्यकता देखिन्छ। यो इतिहास यजुर्वेदीय ब्राह्मणको हो ।

सामवेदीय ताण्ड्यमहाब्राह्मणमा किरात

यो सामवेदको ब्राह्मणग्रन्थ हो । यस ब्राह्मणको किरात-इतिहास ऋग्वेददेखि नै सम्बन्धित भएको देखिन्छ । किरात र आकुलि दुवै गोपायनहरूका[1] शत्रु थिए । उसैको बारेमा इतिहास दोहऱ्याएको देखिन्छ । राजा असमातिका चार पुरोहित थिए । कुनै कारणवश राजाले ती पुरोहितलाई पुरोहितको रूपमा स्वीकार गरेनन् । ती चारका रिक्तस्थानमा किरात-ऋषि र आकुलि-ऋषि दुवैलाई पुरोहित वरण गरे । किरात र आकुलि ऋषिहरूलाई वरण गरेको देखेर बन्धु, सुबन्धु, श्रुतबन्धु, विप्रबन्धु चारैजना सारै रिसिए । राजा असमातिलाई 'अभिचार' गरेर मार्ने स्थितिमा पुगे । यता किरात र आकुलि दुवैले राजालाई बचाउने प्रयास गरे । एकतर्फ बचाउने र अर्कोतर्फ मार्ने हुँदा किरात-आकुलि दुवैले सुबन्धुलाई मारिदिए । जहाँ उनीहरूले राजालाई मार्ने अभिचार प्रयोग गरिराखेका थिए, त्यसै स्थलमा मारेका थिए । त्यसैले मूलमा 'सत्रमासीनानाम्' पद दिएको देखिन्छ । यसको यही अर्थ हो कि जहाँ राजालाई मार्नका लागि अभिचारसत्र अर्थात् यज्ञ गरिराखेका थिए, सुबन्धुलाई त्यहीं मारे । सायणाचार्यले भाष्यमा

---

[1] गोपायनानां वै सत्रमासीनानां किरातकुल्यावसुरमाये अन्तः परिध्यसून् प्रकिरतां ते' (मू. सा. ता. म. ब्रा. १३।५)

गोपगोत्रका[1] थिए भनेका छन् । 'गोपगोत्राणम्' यस पदले बुझाउँछ । यसरी किरात ऋषि थिए । किरात-ऋषि पुरोहित पदमा पनि वरण गरिएका थिए भन्ने इतिहास ताण्डचमहाब्राह्मण आदिले बताए । यसले अर्को इतिहास पनि प्रष्ट पारेको देखिन्छ । त्यो के भने जातिको महत्त्व थिएन । योग्यताको महत्त्व थियो । साथै यस इतिहासले के पनि प्रष्ट पार्छ भने वैदिक मन्त्रद्रष्टा ऋषिहरू कुनै जातमा बाँधिएका थिएनन् । जो शुद्ध अन्तरात्माले विचार गर्थे, परमात्माको चिन्तन, ध्यान र मनन गर्थे, ती ऋषिहरूलाई मन्त्र दर्शन हुन्थ्यो । तिनै मन्त्रहरूलाई सङ्कलन गरेर आज प्राप्त वेदमन्त्र भएको हो । मन्त्र दर्शन हुन्छ, बनाएको होइन भनेर आचार्य यास्कले 'मन्त्रद्रष्टारः ऋषयो बभूवुस्तेऽवरेभ्यः सम्प्रादुः' (निरूक्त···) भनेका छन् । यस प्रकारले विचार गर्दा वेदमन्त्रहरूका मन्त्रद्रष्टा ऋषिहरू सबै थिए । हो पनि, यस्तो उदारता वेदहरूमा देखिन्छ । पछि-पछि अनुदारवादी धारणा जन्मेको देखिन्छ । त्यसैले भविष्यमा गएर यहाँसम्म भयो कि केवल ब्राह्मणदेखि बाहेक अरू कुनै जातिले वेद पढ्नु हुँदैन भन्ने धारणा र क्रियान्वयनको संचालन भयो । तर मूल वैदिक इतिहासमा भने सबै समान भएको र समान रूपले वेद अध्ययन गरेर योग्य भईकन समाजको नेतृत्व गर्ने तथा राष्ट्रलाई संचालन गर्ने योग्य पुरुषहरूको उत्पादन गरिन्थ्यो ।

ऋग्वेदीय ऐतरेयब्राह्मणमा किरात

माथि भनेजस्तै ऐतरेयब्राह्मण ऋग्वेदको ब्राह्मणग्रन्थ हो । ऋग्वेदमा जस्तै ब्राह्मणमा पनि किरात शब्दचाहिं देखिंदैन । तर शबर, पुलिन्द, मूतिव आदिचाहिं किरातै हुन् । किरातभित्रै पर्छन् । मूल ऐतरेयब्राह्मणमा पाठ यस्तो छ ।

'तस्य ह विश्वामित्रस्यैकशतं पुत्रा आसुः । पञ्चाशदेव ज्यायांसो मधुच्छन्दसः । पञ्चाशत् कनीयांसः इति । ते ज्यायांसो न ते कुशलं मेनिरे । तान्-अनुव्याजहार अन्तं वः प्रजा भक्षीष्ट इति । त एते आन्ध्रा, पुण्ड्राः, शवराः, पुलिन्दाः, मूतिवा, इत्युदन्त्या बहवो वैश्वामित्रा दस्यूनां भूयिष्ठा इति'

(ऐ. ब्रा. ३३ अ. ६ ख. पृ. नं. ८५६)

यसमाथि सायणाचार्यले[2] भाष्य लेखेका छन् । अरू सबैको अर्थ एकै छ । तर 'भक्षीष्ट' 'नीच योनिमा जाओ' भन्ने अर्थ गरेका छन् । यसमा पाश्चात्यहरूका पनि भयङ्कर कल्पनाहरू देखिन्छन् । तर जसको जे हुन्छ, उसैलाई त्यसको मूल थाहा हुन्छ । यो अकाट्य प्रमाण हो । प्रस्तुत प्रसङ्गमा विश्वामित्रका सयजना छोराहरू थिए । तीमध्ये पचासजना मधुच्छन्द आदि नाम गरेका थिए । ती जेठा छोराहरू थिए । पचास कान्छा छोराहरू थिए । जेठा मधुच्छन्द आदि बाबु विश्वामित्रले भनेको नमान्ने भए । कान्छा छोराहरूले चाहिं पिताको आज्ञा शिरोधार्य गरे । त्यसैमा जेठा छोरालाई विश्वामित्रले क्रोधमा आएर तिमीहरू चाण्डाल हौ भनेर श्राप दिए । विश्वामित्रकै छोराहरू बाबुको श्रापले आन्ध्र, पुण्ड्र, शवर, पुलिन्द, मूतिव आदि 'दस्यूनां भूयिष्ठा' धेरै चोर डाकाहरू बनेका हुन् भनेको कुरा बुझिन्छ, यो इतिहास ऋग्वेदबाटै चले

---

[1] गोपायनानां गोपगोत्राणां सत्रमासीनानां सत्रायनं कुर्वतामृषीणामसून् प्राणान् किरातकुल्यौ किराता म्लेच्छाः तत्तुल्यरूपे असुरमाये असुरसम्वन्धिन्यौ माये अन्तः परिधि आहवनीयस्य परिधीनां मध्यदेशे प्रकिरतां प्रकर्षेण व्यक्षिपताम् । (सा. भा. ता. म. ब्रा. १३।५)

[2] 'हे ज्येष्ठपुत्रा युष्माकं मदीयातिलङ्घिनां प्रजापुत्रादिका अन्तान् भक्षीष्ट = चाण्डालादिरूपान् नीचजातिविशेषान् भजतामिति' (ऐ. ब्रा. सा. भ. ३३।६)

पनि विश्वामित्रका छोराहरू डाका हुने कुरा निकै खोजको विषय छ। तर विश्वामित्र पनि ऋग्वेदीय र रामायणकालिक गरी दुइटा देखिन्छन्। विश्वामित्र दुवै ऋषि नै हुन्। यी विश्वामित्र ऋग्वैदिक कालिकै हुन्। ब्राह्मणग्रन्थ लेख्ने ऐतरेय महिदास नै हुन्। इतिहासको सम्बन्ध ठीकै भए पनि राम्रो गरी खोतलनुपर्ने कुरा शवर, पुलिन्द र मूतिवचाहिं किरातै हुन् र किरातभित्रै पर्छन्। ऋग्वेदीय इतिहास भएको हुनाले शवरहरू पनि किरात-शाखाभित्रकै हुनुमा सन्देह छैन। जैमिनिसूत्रका भाष्यकार शवरस्वामी शवर-किरातकुलकै थिए। 'पुलिन्द' लाई चाहिं कैयौंले 'कुणिन्द' लेखेका छन्। कुणिन्दचाहिं महाभारतमा उल्लेखित प्रसिद्ध किरातराजा थिए। कालको धेरै भेद छ। त्यसैले कुणिन्दचाहिं निश्चित किरातराजा नै हुन्। महाभारतकालिक हुन्। यसमा सन्देह छैन। पुलिन्दचाहिं 'कुणिन्द' होइनन्, किनभने 'पुलिन्द' हरू महाभारतभन्दा प्राचीन ग्रन्थ पुराण आदिमा उल्लेख भइसकेका छन् तर यो अवश्य छ कि ऐतरेयब्राह्मणमा[१] परेका पुलिन्द, शवर, मूतिव किरात हुनुमा सन्देह छैन।

यसरी नै तत्तत् सम्वन्धित ब्राह्मण र सूत्र आदि प्राचीन ग्रन्थहरूमा किरातहरूको इतिहास पाइन्छ। परन्तु यस इतिहासलाई राम्ररीसँग एकएक ग्रन्थमाथि पूर्ण रूपले वैदिक अनुसन्धान गरेर राख्नुपर्ने देखिन्छ, किनभने यो ब्राह्मण ऋग्वेदसँग सम्बन्धित ब्राह्मणग्रन्थ हो। त्यसैले किरात-इतिहासको सम्बन्धमा ऐतरेयब्राह्मणको पनि उति नै महत्त्व छ जति कि अन्य ऐतिहासिक ग्रन्थहरूको। तर यसको भाषागत अध्ययन भने पूर्ण रूपले गर्नुपर्ने हुन्छ, अन्यथा इतिहास खोदाल्ने ठाउँमा आफू खाडलमा पस्नु बेर छैन। त्यसैले वैदिक र लौकिक संस्कृत भाषामा अधिकार नभएसम्म किरात-इतिहासको अध्ययन गर्नु निकै गाह्रो हुनेछ।

⁂

---

[१] Aitareya Bramhman in Comperative Study, C. B. Shekhar, 1940
(ख) ऐतरेयब्राह्मण एक तुलनात्मक अध्ययन···७।१८।२,
(ग) ऐतरेयब्राह्मण के जातिगत अध्ययन·······
(घ) सांख्यायन श्रौतसूत्र·······
(ङ) विन्सेन्ट स्मिथ········५६-६५६
(च) भण्डारकर, वम्बई गजेटियर J, ii, १३८

खण्ड–४

स्मृतिग्रन्थमा किरात

मनुस्मृतिमा किरात

मनु महाराजले त्यतिखेरका १२ प्रकारका क्षत्रियहरूको[1] उल्लेख गरेका छन्, जो त्यतिखेर कारणवश अथवा प्रमादवश क्रियालोप हुँदा क्षत्रियहरू 'वृषलत्व'[2] पतित भए । अर्थः—इमाः=यी, क्षत्रियजातयः=क्षत्रियजातिहरू, शनकैः=बिस्तारैबिस्तारै, क्रियालोपात्=आफ्नो नित्य नैमित्तिक आदि क्रिया लोप हुनाले, जाँड रक्सी आदि मादक पदार्थ खाएर बुद्धि बिगार्नाले, ब्राह्मण=गुरुजनको दर्शन नहुनाले अथवा गुरुजनले भनेको नमान्नाले, लोके=संसारमा, वृषलत्वं गताः=पतित भए । ती क्षत्रियहरू कुनकुन हुन् त ? भन्दा पौण्ड्र, उड्र, द्राविड, काम्बोज, यवन, शक, पारद, पह्लव, चीन, किरात, दरद, खसहरू पतित भएका थिए ।

यी प्रत्येक क्षत्रियहरूमध्ये किरात-क्षत्रियहरू आज विश्वमा सबैभन्दा धेरै छन् । तर नेपालका राई, लिम्बू र त्रिपुराका त्रिपुरी तथा मध्यप्रदेशका किराड र मणिपुरका केही मणिपुरेहरूले बाहेक विश्वमा

---

[1] शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥
पुण्ड्रकाश्चोड्रद्रविडाः काम्वोजा यवना शकाः ।
पारदाः पह्लवाश्चीनाः किराताः दरदाः खसाः ॥ [मनुस्मृति अ० १०।४३।४४]

[2] वृषो हि भगवान् धर्मस्तस्य यः कुरूते ह्यलम्
वृषलत्वं गता लोके…………………… । [मनुस्मृति]
(यहाँ 'अलं' निपेधार्थमा प्रयोग भएको छ ।)
क–किराता यवनाश्चैव तास्ताः क्षत्रियजातयः
[म० भा० अनु० प० ३५।१८]
ख–न शूद्रो विपलो ज्ञेयो वेदो हि वृष उच्यते
यस्य विप्रस्य तेनालं स वै वृपल उच्यते
तस्मात् वृपल भीतेन ब्राह्मणेन प्रयत्नतः
एकदेशोऽप्यध्यतव्यो यदि सर्वो न शक्यते ॥
स्मृति सन्दर्भ, पृ० २७

प्रायः सबै किरातहरूले आफूलाई 'किरात' भन्न बिर्से। जस्तै—नेपालका मगर, गुरुङ, तामाङ, नेवार आदि किरातहरूले आफूलाई क्षत्रिय लेख्नु र बोल्नु बिर्से। कैयौं राईहरूले हामी राई होइनौं, नाम्दुङ छा मैदुङ छा हौं; त्यस्तै नेवारले पनि नेवार लेख्न भुलेर हामी प्रधान हौं, हामी माकाज्यू हौं, हामी गोसालीं हौं, हामी श्रेष्ठ हौं आदि भनेजस्तै विश्वका किरातहरूले 'किरात' पनि भुले, 'क्षत्रिय' लेख्न र बोल्न पनि भुले।

धन्न नेपालका राई, लिम्बूले चाहिं 'किरात' शब्द जे भने पनि केहीले झुण्डाइराखेका छन्। परम्परामा दुर्गुणहरू हुन्छन् भने केही गुण पनि हुन्छ। त्यो यही हो।

यहाँ १२ क्षत्रियहरूले वेदलाई पूर्ण रूपले नमान्नुको कारणले वृषल भएका हुन्। मनुस्मृतिकारले आफ्नो समयमा ख्यातिप्राप्त क्षत्रियहरूको उल्लेख गर्दा पौण्ड्र-क्षत्रियहरूको उल्लेख गरेका छन्।

पौण्ड्र-क्षत्रिय

पौण्ड्रक्षत्रियहरू दक्षिण भारत कतै, कतै उडिसाप्रदेश, कतै पन्जाव आदिमा हामी पौण्ड्र-क्षत्रिय हौं भन्ने पाइन्छन्। तर यिनीहरूको मूल स्थलको पत्ता लागेको छैन। यो पौण्ड्र शब्द पहिले स्थान, देशवाची अथवा उनीहरूको प्रसिद्धि पूर्वपुरुष नामबाट प्रसिद्ध भएको देखिन्छ। यिनीहरूमा पनि जाति लेखाउने प्रथा छैन। उही नेपालीहरूमा देहारादून आदिमा बस्नेत-क्षत्रियहरूले 'पंवार' लेखाएजस्तै, अथवा नेपाली रेग्मी, ढकाल, रिजाल, न्यौपाने आदि बाहुनहरूले 'शर्मा' या 'उपाध्याय' लेखाएजस्तै लेखाउने प्रथा भएको हुनाले गहिरोसँग सोधपूछ गर्दै लैजाँदा मात्र हामी पौण्ड्र हौं भन्छन्। यस्तो सोधाइ-खोजाइ बिहावारी गर्दा अथवा मराउ-पराउमा, लेनदेन गर्दा उनीहरूले आपसी व्यवहार गर्ने गरेका छन्। यस रीतिले विचार गर्दा पौण्ड्र-क्षत्रियहरू पनि सारै थोरै देखिन्छन्। परन्तु संख्याले कम छैनन्।

उड्र-क्षत्रिय

यी क्षत्रियहरू सही अर्थमा औड्र हुन्। उड्रप्रदेश आजको उडिसा नै हो। यी क्षत्रियहरू पनि विलीन भइसके। कतैकतै उडिसा तथा गुजरात आदिमा हामी औड्रक्षत्रिय हौं भन्ने गरेको सुनिन्छ। औड्रहरू पनि एकअर्कामा समर्पित देखिन्छन्। त्यसैले यिनको पनि संख्या नगण्य नै छ। साथै आजको दुनियामा सबैले चिन्दैनन्। तर औड्रहरू पनि सम्पन्न र शिक्षित देखिन्छन्।

द्रविड-क्षत्रिय

द्रविडहरूमा ब्राह्मण र क्षत्रिय आदि चारै वर्णका हुन्छन्। दक्षिण भारत, तमिल, तेलगु, मलियालम र कन्नड भाषाभाषीहरू द्राविड हुन्, जसलाई राजनीतिक फुट पारेर 'द्रविड' जाति अलग हो र आर्य अलग हो भन्ने षडयन्त्र रचिए। साथै ई० सं० १८ र १९ औं शताब्दीको इतिहासको पानामा पनि यही लेखिएका छन्। तर वस्तुसत्य कुरा त्यो होइन। द्रविडहरू आर्य नै हुन्। यो म अन्यत्र विस्तृत चर्चा गर्नेछु। यहाँ केवल द्रविड-क्षत्रियहरूको चिनारी मात्रै दिने उद्यम गरिएको हो। मैसूर र पाण्डयदेश आदिमा आठौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्म द्रविडक्षत्रियहरूकै शासन थियो। आज पनि उनीहरूको राजदरबार, किला आदिको भग्नावशेष छँदैछ।

काम्बोज-क्षत्रिय

आज जसलाई कम्बोडिया अथवा कम्बोटिया आदि नामले पुकारिन्छ, त्यही काम्बोज-क्षत्रियहरूको देश थियो। कम्बोडियन क्षत्रियहरूले आफूलाई क्षत्रिय भन्न मात्रै भुलेका होइनन् अपितु यिनीहरूले हामी हिन्दू=आर्य हौं भन्न आदि सबै कुरा भुले। कम्बोडियामा किरातक्षत्रिय आदि पनि बास गर्थे। वि० सं० केही शताब्दीपूर्वसम्म पनि काम्बोज-क्षत्रियहरूलाई आफ्नो संस्कृति-सभ्यता र केही इतिहासका कुराहरू थाहा थियो। समयको प्रवाहले काम्बोज-क्षत्रियहरूलाई पनि समाप्त पाऱ्यो र आज उंनीहरूले आफूलाई क्षत्रिय भन्न बिर्सेका छन्।

यवन-क्षत्रिय

आजको यूनानमा ई० पू० चौथो र पाँचौं शताब्दीपूर्वसम्म पनि यवन-क्षत्रियहरू समृद्ध थिए। यवनहरू 'तुर्वशु' का सन्तान हुन्। किरातक्षत्रियहरूको जगजगीमा यवनक्षत्रियहरूको पनि जगजगी थियो। त्यसैले पाणिनिले सूत्रमा[1] पनि यवनहरूको गणना गरेका छन्। कात्यायनले 'यवनात् लिप्याम्' भनेर वार्तिक लेखेको पाइन्छ। धेरै विद्वान् इतिहासकारहरूले 'यवन' भनेको मुसलमान हो भनेर लेखेका छन्। यो ठूलो भूल हुन भएको छ। यवनहरू हिन्दू=आर्य-क्षत्रिय तुर्वशुका सन्तान मुसलमान कसरी हुन सक्छन् र? प्राचीन इतिहासमा पूर्वमा किरातक्षत्रियहरू थिए भने पश्चिममा यवनक्षत्रियहरू थिए भनेर लेखेको छ। यवनहरू पनि शासक र शासित दुवै थिए।

शक-क्षत्रिय

शक-क्षत्रियहरूलाई पनि धेरै इतिहासकारले हिमालय नागेर आउने अथवा अरू देशहरूबाट आएर भारतमा आक्रमण गर्ने कुरा भारतीय इतिहासहरूमा लेखेको पाइन्छ। तर त्यसो होइन। शकहरू पनि किरातहरूकै शाखा हुन्। शकबाटै शाक्यवंशीय किरात-क्षत्रियकुलमा महाराज शुद्धोदनका पुत्र भएर बुद्धले मायादेवीको कोखबाट जन्म लिएका थिए। शाक्यवंशीय हुनुमा मूल 'शक' नै कारण छ। 'शक' वृक्षविशेषमा होस् अथवा पुरुषविशेषको सञ्ज्ञामा होस्, यो अवश्य पनि शाक्यको मूल हो।

शकहरूको[2] इतिहास पनि धेरै प्राचीन छ। महाभारतमा पनि शकहरूलाई क्षत्रिय नै भनेका छन्। महाभारतका शकहरू नै कपिलवस्तुका शाक्य हुन पुगेका हुन्। त्यहीं बुद्धले शाक्यसिंह पद पाएका थिए। यिनीहरूकै भित्र शक सम्वत् चल्न प्रारम्भ भएको थियो। यद्यपि यो अनुसन्धानकै विषय छ, तथापि किरातहरूमध्येकै शकहरू पनि थिए। त्यसैले शकहरू किरातै हुन् भन्नु कर लाग्छ र शक सम्वत् किरातहरूकै सम्वत् हो। वर्तमान समयमा नेपालका केही बौद्धमार्गी नेवारहरूले आफूलाई शाक्य उपाधिले विभूषित गराएका छन्। बुद्ध पनि शाक्य नै थिए। शाक्यको उपदेश ग्रहण गर्नेहरू पनि शाक्य नै भए। जे भए पनि शकहरू किरातक्षत्रिय हुन्। शंका छैन।

---

[1] इन्द्रवरुण भवशर्व················। अ० ४-१।४९

[2] शका यवनकाम्बोजा दर्वाश्चोलाः सकेरलाः
सर्वे वै क्षत्रिया राजन् ? धर्मस्तेपान्निराकृतः
(म० भा० १४,१५,१९)

पारद-क्षत्रिय

पारद-क्षत्रियहरू अग्निपूजक हुन्छन् । आजको युगमा पारद-क्षत्रियहरूलाई 'पार्सी' शब्दले पुकारिने गरेको छ । पार्सीहरूले पनि आफूलाई 'क्षत्रिय' भन्न, लेख्न लेखाउन बिर्से । 'जिन्दा अवेस्ता' ऋग्वेदपछिको संसारको सबैभन्दा प्राचीन ग्रन्थ हो । 'जिन्दा अवेस्ता' मा आज पनि धेरैजसो शब्दहरू संस्कृतकै छन् । त्यसमा पनि ऋग्वेदमा भएका कैयौं शब्दहरू जस्ताका तस्तै छन् । आज दुवै अर्थात् वैदिक सनातनी र पार्सीहरू दुवैको विस्मृतिले एकअर्कालाई अलग मान्ने गरेका छन् । तर इतिहास साक्षी छ । त्यसो होइन, 'पारद-क्षत्रिय' हरू प्राचीनकालका क्षत्रियहरूमध्ये एक हुन् ।

पल्लव-क्षत्रिय

पल्लवक्षत्रियहरू आज पनि दक्षिण भारतका पाण्डचदेशमा छँदैछन् । द्रविड-क्षत्रिय र पल्लवक्षत्रियहरू मूल रूपमा द्रविडदेशकै निवासी हुन् । यिनीहरू आफ्नो व्यवसाय तथा शिक्षाका लागि बाहिर अरू देश र प्रान्तहरूमा पनि गएका हुन्छन् । त्यसैले कतैकतै अरू देश वा प्रान्तहरूमा पनि पाइन्छन् । वि० सं० ७ र ८ औं शताब्दीमा पल्लव-क्षत्रियराजाहरूको पाण्डचदेशमा शासन थियो । नवम शताब्दीको उत्तरार्द्धमा आचार्य यमुनाचार्यलाई पाण्डचदेशका राजाले गुरु मानेर सम्मान गरेको उल्लेख पाइन्छ । यसरी पल्लव-क्षत्रियहरू दक्षिण भारतमा व्यापक थिए । आज पनि छन् ।

चीन-क्षत्रिय

चीन-क्षत्रियहरू किरातहरूकै एक हाँगा हुन् । यिनीहरू परापूर्वकालमा छुटेर चीनतिर लागेका हुन् । यिनीहरूले पनि आफूलाई पूरै बिर्से । समयको बिल्कुलै विपरीत प्रवाहमा आज चैनीज संस्कृति र राष्ट्र अलग छ । तर 'किरात' भन्न पनि चैनीजहरूले भुलिसके । अब त 'क्षत्रिय' ले किरात शब्द सुने पनि आफूलाई असजिलो मान्ने अथवा इन्कार गर्ने स्थितिमा पुगिसके । तर इतिहास भनेको इतिहास हो । पुरातत्त्व र नृतत्त्व भनेको इतिहासको मूल स्रोत हो । इतिहासले बताउँछ भने त्यो व्यक्तिले नमानेर वा त्यो राष्ट्रले नमानेर हुँदैन । यो अवश्य छ कि उसको वर्तमान परिस्थितिको परिप्रेक्ष्यमा उसले हिंड्नैपर्छ । यसरी किरात-क्षत्रियहरूको हाँगाबिंगामा चीन-क्षत्रियहरू थिए । त्यसैले किरातसम्राट् भगदत्तले चीनबाट पनि सेना लिएका थिए । आज पनि अनुहारमा किरात-क्षत्रियभन्दा चीन-क्षत्रियहरू अलग छैनन् ।

किरात-क्षत्रिय

मुख्य विषय नै किरात-क्षत्रिय हो र किरातहरूबारे व्यापक रूपले लेखियो । साथै ठूला-ठूला सभाहरूमा र वाराणसी हिन्दूविश्वविद्यालय, मणिपुर, इम्फाल विश्वविद्यालय आदिमा किरातहरूबारे सभाहरू भइसकेका छन् । आजसम्म पनि आफूलाई नभुलीकन हामी 'किरात' भन्दै आउने विश्वमा कमै छन् । परन्तु किरात-परिवारका मानिस सबैभन्दा धेरै छन् । जस्तै—नेपाल, भारत, चीन, तिब्बत, मङ्गोलिया, बर्मा, थाईलैण्ड, उत्तर रसिया, उत्तर-दक्षिण कोरिया आदि समस्त राष्ट्रहरूमा धेरै मात्रामा किरातै बस्छन् । आज पनि बसिराखेकै छन् । तर आफूलाई 'किरात' भन्न भुले । अब त केवल नेपालका पूर्व क्षेत्रमा राई र लिम्बू, जसको संख्या पुग नपुग १२ लाखजति होला, यिनीहरूले आफूलाई किरात भन्ने गरेका छन् । अनि मणिपुरमा केही मणिपुरेहरूले किरात हौं भन्ने गरेका छन् । त्यसपछि त्रिपुराका त्रिपुरी-

हरूले आफूलाई 'किरात' भन्छन्। वर्माका 'आराकान' मा किरातहरूकै शासन थियो, तापनि किरात भन्न भुले। मध्यप्रदेशमा 'किरात' हरूले केही विकृत पारेर 'किरात' को ठाउँमा 'किराड' अथवा 'किडाड' भनेको सुनिन्छ। तर हेर्दा किरातै छन्। यसरी अब विश्वमा सबैभन्दा धेरै जनसंख्या भएको जाति सबै-भन्दा अल्पसंख्यक भएको देखिन्छ। ब्रुनाई आदिका पुराना जाति पनि किरातहरूकै शाखा-किरातै हुन्। आज उनीहरू जङ्गलीमा गनिन्छन्। यसमा मूल कारण दुर्व्यसन नै थियो र ऐले पनि दुर्व्यसन र अशिक्षा नै मूल कारण भएको छ। फेरि नेपालमा पनि किरातहरूको संस्कार राम्रो छैन। जे होस्, 'किरात' भन्ने राई र लिम्बूचाहिं आज पनि छँदैछन्। जबसम्म किरात कहलाउँछन् तबसम्म यिनी किरात-क्षत्रिय हिन्दू-आर्य नै रहनेछन्। यसमा सन्देह छैन।

तर नेपालका इतिहासकार बालचन्द्र शर्माले 'किरातहरू आर्यजातिका नभएर पनि……आर्यहरू-को सम्पर्कमा रहँदा आर्यहरूको प्रभाव पर्‍यो'[1] भनेर भूल गरेको देखिन्छ। यिनै परीक्षाको लागि 'प्राचीन किरात-इतिहास' को पृष्ठ हेर्नुहोस्। प्राचीन इतिहासले यो बताउँछ कि किरातहरू आर्यहरूको प्रभावमा आएका होइनन्, अपितु किरातहरू आर्य नै हुन् र थिए पनि भन्ने सप्रमाण सिद्ध भएको छ। यस्तै किरातहरू तिब्बततिरबाट आउने कुरा पनि निराधार देखिन्छ।

दरद-क्षत्रिय

दरदक्षत्रियहरू विशेष आजको पाकिस्थान, पञ्जाब र जम्बूकाश्मीर आदिमा छरिएर बसेका छन्। दरदक्षत्रियहरू विशेष गरेर पञ्जाबका सिख र मुण्डी पञ्जाबीहरूलाई भनिन्छ। साथै यिनीहरूलाई 'खत्री-क्षत्रिय' भन्ने चलन पनि छ। पञ्चकेशी र मुण्डी जति छन्, ती सबै खत्री-क्षत्रिय हुन् र प्राचीन इतिहासमा यिनीहरूलाई दरद-क्षत्रियमा गणना गरेका छन्। परन्तु यी पनि सम्पूर्ण देश-विदेशमा फैलिएका छन्। अब त नेपालमा पनि खत्री-क्षत्रियहरू पाइन्छन्। यी केही सय सालपूर्व नेपाल पसेका र केही नेपालभित्रकै भनिन्छन्। नेपालमा सय सालपहिले पस्ने 'खत्री' टण्डनहरू प्रसिद्ध छन्। तर यिनीहरूले पनि आफूलाई 'दरद-क्षत्रिय' भन्न र लेख्न बिर्से। यसरी प्रायः सबैले केही न केही बिर्सेकै देखिन्छ। दरद-क्षत्रियहरूले बिर्सेर आ-आफ्ना थर मात्रै लेख्दै हिंडेको इतिहास पनि हामीले बिर्सिनु हुँदैन।

खस-क्षत्रिय

इतिहासको पाना पल्टाउँदा र किम्वदन्ती सुन्दा खस-क्षत्रियहरूलाई समग्र ब्राह्मणहरूले उपाध्याय-बाट खसेर जैसी बाहुन, त्यहाँबाट खसेर खस-क्षत्रिय भएका हुन् भन्छन्। तर प्राचीन इतिहास र अनुभव-ज्ञानले यस कुरा वा किम्वदन्तीलाई मान्न दिंदैन। केही स्मृति आदिमा थपुवा कुराहरू प्राप्त भए पनि अप्रासङ्गिक हुनाले इतिहाससँग मेल खाँदैन। 'केदारे खसमण्डले' आदि इतिहास अति प्राचीन हो। यहाँ क्षत्रियहरूमध्ये पर्ने खडका, खुलाल, खपतरी थापा, बस्नेत, घिमिरे, खवासादि छन्। केदारमण्डलमा प्राचीनकालमा किरातहरूको शासन थियो। त्यसपछि खसहरूको दोस्रो राज्य जुम्ला सिंजाको हो। सिंजाका राज्यसंस्थापक नागराज खस-क्षत्रिय थिए। खसक्षत्रिय धेरै मात्रामा पाइने प्रदेश काश्मीर, हिमाञ्चलप्रदेश, गढवाल र कुमाऊँ तथा नेपाल हो। खस-क्षत्रियहरूले पनि 'खस' लेख्न बिर्सेका छन्। शुरूमा खस-क्षत्रियहरू काश्मीरबाटै छरिएका हुन्। तर इतिहास बङ्ग्याउनेहरूले 'कसगर' बाट आएकाहरूलाई खस भनेको

---

[1] नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ ३५

भन्छन् । तर यो तथ्य इतिहास होइन। खसक्षत्रियहरूले आफूलाई 'खस' लेख्नु लेखाउनु मन पराउँदैनन् । खस-क्षत्रियहरू धेरै शासक पनि भएका थिए ।

शक तथा यवनहरू पनि आर्यक्षत्रिय नै थिए

नेपालमा आफ्नो रूपमा चलेको संवत् शक संवत् हो । कोनि कसो हुँदा विक्रम संवत् चल्ने प्रथा आयो । यो खोजको विषय छ । नेपालमा सबैभन्दा धेरै लेखोटहरूमा पाइने सम्वत् शक संवत् भन्ने कुरालाई हामीले दोहोऱ्याउनुपर्दैन । यो अवश्य छ कि काठमाण्डौदेखि पूर्व भने शक संवत् कमै देखिएको छ । यसको बारेमा चर्चा फेरि गरौंला । यहाँ प्रकृतमा अलिकति नयाँ विषय कोट्याउने प्रयास गरिंदै छ ।

विष्णुपुराणको ४।३। को ४२ देखि ४८ मा उपर्युक्त विषय प्रष्ट भनेको छ । इतिहास लुकाउने आवश्यकता छैन । 'बाहु' भन्ने राजालाई हैहय तालजङ्घले मारेपछि और्वऋषिको आश्रम तपोवनमा 'सगर' को जन्म भयो । सगरले ठूलो भएपछि आमासँग सोधे—'मेरो पिता कहाँ हुनुहुन्छ ? हामीले किन तपोवनमा बस्ने ?' आमाले सबै बताइदिइन् । त्यसपछि हैहय र तालजङ्घ आदिलाई सगरले विनाश पारे । त्यस युद्धको आतंकमा शक, यवन, काम्बोज, पारद, पह्लवहरू कुलगुरु वशिष्ठको शरणमा गए । त्यसै बेला सगरलाई सम्झाउँदै 'तिम्रो प्रतिज्ञा पालनको लागि आफ्नो धर्म र ब्राह्मणहरूबाट अलग गरिदिए' भने भनिएको छ । यिनीहरूलाईजस्तै अरू क्षत्रियहरूलाई पनि स्वाध्याय र वषट्कारबाट वञ्चित गरिदिए । यस इतिहासले प्रष्ट बुझिन्छ कि शक, यवन, काम्बोज, पारद आदि आर्यक्षत्रिय थिए ।

यस इतिहासलाई महाभारतले अझ प्रष्ट पारेको देखिन्छ । यसलाई अझ मनन गरेर हेर्नु आवश्यक छ । **शकाः यवनकाम्बोजा पारदाः पह्लवास्तथा । सर्वे ते क्षत्रियास्तात् धर्मस्तेषां निराकृतः ॥**

युद्ध र राजनीतिको आतंकमा शक, यवन, काम्बोज, पारद आदिलाई क्षत्रियत्व संस्कारबाट अलग गराइएको इतिहास प्रष्ट देखिन्छ । पाणिनिले पनि 'इन्द्रवरुण भवः' आदि सूत्रमा तथा वार्तिककार कात्यायनको वार्तिक (यवनाल्लिप्याम्)-ले पनि यवनहरू क्षत्रिय हुन् भन्ने इतिहास सिद्ध छ, किनभने आजको युगमा धेरैजस्ता विद्वान्हरूले पाणिनिको सूत्र पढाउँदा उपर्युक्त सूत्रमा परेको 'यवन' शब्दको अर्थ गर्दा म्लेच्छ वा मुसलमान भन्ने गरेका छन्, जब कि पाणिनिको सूत्र लेख्दा मुसलमानको पत्तै थिएन । मुसलमान ईसा मसीहभन्दा सात सय वर्षपछि र पाणिनिभन्दा दुइ हजार वर्षपछि भएका हुन् । त्यसो हुँदा यवनको अर्थ मुसलमान हो भन्नु गलत हो ।

रह्यो म्लेच्छ ! यो शब्द जाति विषयको होइन । म्लेच्छ कुनै पनि हुन सक्छ । यसरी शक, यवनादि क्षत्रिय थिए । तर उनीहरूले हामीहरू क्षत्रिय हौं भन्ने इतिहास बिर्से । यी क्षत्रियहरूको उल्लेख रामायण र महाभारत तथा पुराणहरूमा पनि प्रशस्त भएको छ । साथै क्षत्रिय रूपमा नै उल्लेख भएको देखिन्छ ।

द्राविडहरू पनि आर्य नै हुन्

कुनै पनि राष्ट्रको इतिहास आफ्नै मुटु हुन्छ । आफ्नो इतिहास नभएको समाज ज्यूँदो रहन सक्दैन । त्यो राष्ट्र ज्यूँदो रहन सक्दैन । कुनै पनि राष्ट्रलाई ज्यूँदो पार्छ भने केवल उसको इतिहासले उसलाई ज्यूँदो राख्न सक्छ । आफ्नो इतिहास, संस्कृति-सभ्यता र साहित्य नभएको समाज ज्यूँदै मुर्दा हुन्छ । त्यो समाज आफ्नो धर्म, संस्कृति, साहित्यप्रति उदासीन रहन्छ । आफ्नो राष्ट्र र राष्ट्रधर्मप्रति पनि अनुदार र अन्य-

मनस्क रहन्छ। त्यस्ता व्यक्तिहरूबाट राष्ट्र र समाजको उन्नति हुनु असम्भव हुन्छ। परन्तु यस प्रकारको भाव स्वतः उत्पन्न भयो कि त्यस्तो वातावरण तैयार गरियो त ? यस प्रश्नको उत्तर १८ औं शताब्दीदेखि यता लेखिएका तथाकथित 'इतिहास' जिम्मेवार छन्। १८ औं शताब्दीको आरम्भदेखि नै पाश्चात्यहरूले स्वार्थपूर्ण इतिहास लेख्न र लेखाउन थालिसकेका थिए।

पाश्चात्य इतिहासकारहरूले एकै देशको जनसमुदायलाई चार भागमा बाँटेको देखिन्छ। उदाहरणको लागि, भारतवर्षका जनतालाई आर्य, मङ्गोल, द्राविड र आष्ट्रिक गरी चार भागमा टुक्र्याए। यी चार भागमा अलग गर्ने आधार उनीहरूले केही पाएका छैनन्। केवल हावापानीको आधारमा अनुहार र छाला मात्र यसको भेद देखाउँछन्। परन्तु जसरी आर्य र मङ्गोल अलग होइनन्, त्यसरी नै आर्य र द्राविड पनि अलग जाति होइनन्। जसलाई मङ्गोल भनेर टुक्र्याउने गरेका थिए, ती किरात आर्यक्षत्रिय नै हुन्। नत्र नेपाल, भारतमा लाखौं वर्षदेखि बसोबास गरिरहेका किरात-क्षत्रियहरूलाई पाँच सय वर्षदेखि यता निक्लेको मङ्गोल शब्द जोडेर आर्य-किरातक्षत्रियहरूलाई 'पेवा' बनाउन दिनुमा इतिहास होइन, अपितु स्वार्थ देखिन्छ। ठीक यस्तै आर्य र द्राविड पनि अलगै हो भन्ने कुरा रिसर्च गर्दा झूटो निक्ल्यो। त्यसै प्रमाणलाई प्रस्तुत गरिंदै छ, हेर्नुहोस्।

प्राचीन इतिहास हेर्दा द्राविडहरू आर्य नै हुन् भन्ने इतिहास यहाँ पाठकहरूको सामु राख्ने प्रयास गरिएको छ। यदि द्राविडहरू आर्य थिएनन् भने दश ब्राह्मणहरूमा द्राविडहरूको गन्ती कसरी भयो त ? यस इतिहासलाई वङ्ग्याएर पाश्चात्यहरूले हिन्दूजनतालाई भ्रममा पार्ने घोर षड्यन्त्र रचेका हुन्। यहाँ सबैभन्दा पहिले दश ब्राह्मण कुनकुनलाई भनेको छ, त्यसै प्रमाणलाई अगाडि प्रस्तुत गरिएको छ। दूध-पानी छुट्याउने पाठकवृन्दले अवश्य छुटयाउनुहुनेछ।

'कर्णाटकाश्च तैलङ्गा द्राविडा महाराष्ट्रकाः
गुर्जराश्चेति पञ्चैव द्राविडा विन्ध्यदक्षिणे ॥'

(ब्रा० उ० मा० पृ० नं० १३८)

यसमा दश ब्राह्मणहरूको उत्पत्ति र निवास छुटयाउँदा ''विन्ध्यदक्षिणे'' भन्ने शब्द दिएको छ। तथा कर्णाटक, तैलङ्ग, द्राविड, महाराष्ट्रक तथा गुर्जर यी पाँच द्राविड-ब्राह्मण हुन् भनेका छन्। यिनी धेरै मात्रामा विन्ध्याचल पर्वतदेखि दक्षिणमा बस्दछन्। त्यो द्राविडदेश कहाँ छ भन्दा द्राविडदेशको भूगोल प्रष्टसँग बताएको छ। यो भूगोल पनि मनन गर्ने योग्य देखिन्छ।

'द्राविडाख्यो महादेशः सर्पाकारेण संस्थितः
तत्र स्थिताश्च ये विप्रा द्राविडास्ते प्रकृतिताः।'

(ब्रा० उ० मा० श्लो० नं० ७८। पृ० नं० १३८)

विन्ध्याचल पर्वतदेखि दक्षिण वेङ्कटाचलबाट शुरू गरेर कन्याकुमारीसम्म लामो सर्पाकारमा फैलिएको देशलाई 'द्राविड' देश भनिन्छ। त्यस 'द्राविड' देशमा बस्ने 'विप्र' ब्राह्मणलाई 'द्राविड' भन्दछन्। परन्तु द्राविडदेशमा द्राविड मात्रै थिएनन्। अरू पनि त थिए। यसरी द्राविड ब्राह्मणहरूको उत्पत्तिस्थल तथा भूगोल बताएपछि 'गौड' ब्राह्मणहरूको संख्या र उत्पत्ति पनि प्रष्ट बताएको छ। पाठकवृन्दले यसलाई पनि प्रष्ट गरेर हेर्नुपर्छ।

सारस्वताः कान्यकुब्जा गौडा उत्कलमैथिलाः
पञ्च गौडा इति ख्याता विन्ध्यस्योत्तरवासिनः ॥
(ब्रा० उ० मा० श्लो० नं० १७।पृ० नं० ३)

सारस्वत, कान्यकुब्ज, गौड, उत्कल, मैथिल यी पाँच 'गौड' ब्राह्मण हुन् । यी विन्ध्याचल पर्वतदेखि उत्तरमा बस्छन् । यसरी उत्तर-दक्षिण आर्यावर्तमा पाँच गौड र पाँच द्राविड गरी जम्मा दश ब्राह्मण भएका छन् । यदि 'द्राविड' आर्य होइनन् भने दश ब्राह्मणभित्र कसरी परे त ? द्राविडहरूलाई आर्यहरूभन्दा अलग मान्ने इतिहासकारले प्राचीन आर्य-इतिहासलाई राम्ररी नहेरी खुरुखुरु स्वार्थको बाटो लिएजस्तो लाग्दछ ।

के गोरो बाबुको कालो छोरो या छोरी जन्मिदा आर्य र द्राविड भइहाल्छन् र ? पहाड र मदेश गर्ने लाखौं मानिसलाई काला र गोरा हुँदै गरेको पाएका छैनौं र ? यहाँ अर्को कुरा यो पनि जान्नु आवश्यक छ । पाण्डेय, पन्त र भट्ट ब्राह्मणहरूले आफ्नो मूल स्थल 'द्राविड' देशलाई नै बताउने गरेका छन् । कसैकसैले चाहिं 'द्राविड' देश नभनेर 'दक्षिण भारत'बाट हाम्रा पूर्वज आएर कुमाऊँ आदिमा बसेका थिए, बिस्तारै नेपाल पसेका हौं भन्छन् । जे होस्, बाग्लुङ्ग लमजुङ्गतिर आएर बस्ने पाण्डेय, पन्त, भट्टहरू वि० सं० १४ शताब्दीतिर बसोबास गर्न पुगेका देखिन्छन् । नत्र राजा द्रव्य शाहका ऐतिहासिक सहयोगी बन्न सक्ने थिएनन् । यी पाण्डेय, पन्त आदि ब्राह्मणहरूले आज आफूलाई 'द्राविड' भनेर चिनेका छन् कि छैनन्, अथवा आफूलाई 'द्राविड' मान्छन् कि मान्दैनन्, त्यो अर्कै कुरा हो । परन्तु यी पञ्च 'द्राविड'को कुनै मूल, कुनै शाखा, कुनै उपशाखाभित्र पर्छन् ।

शाकलद्वीपीय, कान्यकुब्ज, गौड, मैथिल, उत्कल, द्राविड आदिलाई प्राचीन इतिहासमा आर्यभित्र गणना गरेको पाइन्छ । साथै द्रविड आर्यावर्त देशकै एउटा सानो प्रान्त मात्रै हो । पञ्च द्राविड तथा पञ्च गौड गरी जम्मा दश ब्राह्मणहरूबाट वर्तमान समस्त ब्राह्मणहरूका शाखा फैलिएका हुन् ।

यहाँसम्म कि किरात, पह्लव, दरद, आन्ध्र, उड्र, पारद, यवन, खस आदि बाह्र प्रकारका क्षत्रियहरूमध्ये पह्लव, आन्ध्र, उड्र आदि 'द्राविड' क्षत्रियहरूमा पर्छन् । राई, लिम्बू, मगर, गुरुङ्ग, तामाङ्ग, नेवार आदि किरात-क्षत्रियहरूमा पर्छन् । दारद, दरद पश्चिमाञ्चलका क्षत्रिय हुन् । गोतामे, शाही, शाह, बस्नेत आदि 'खस' क्षत्रियभित्र पर्छन् । यवन-क्षत्रियहरू 'तुर्वश'का सन्तानभित्र पर्छन् । पाणिनिको सूत्रमा आएको 'यवन' शब्दको 'मुसलमान' अर्थ गर्नु गलत हो । आज पनि पण्डितहरूले त्यसरी नै पढाउने गरेका छन् । 'यवन' शब्दको 'मुसलमान' अर्थ गर्दा इतिहासले क्षमा दिंदैन । यवन र किरात-क्षत्रियहरूलाई 'वृषल' अथवा 'व्रात्य' सञ्ज्ञा दिनु अर्कै कुरा हो । यसै प्रकारले द्राविडहरूलाई पनि 'म० भा० अ० प० ३५ अ० १७-१८' तथा 'म० भा० आश्व० प० २९ अ० १६ श्लोक' आदिमा पाण्डव 'खस' क्षत्रिय सहदेवसँग द्राविड, पारद, पह्लव-क्षत्रियहरूको युद्ध भएको प्रष्ट इतिहास छ । सहदेवले द्राविड-क्षत्रियहरूलाई हराएको इतिहास पनि बिर्सनु हुन्न ।

कतैकतै 'द्राविड' हरूलाई पनि 'वृषल', 'व्रात्य' आदि प्रयोग गरेका छन् । त्यो एक-अर्काको हारजीतमा प्रयोग गर्नु स्वाभाविकै हो । आवेश वा अति क्रोधमा बाबुछोराको पनि कैयौं यस्ता नचाहिंदा अपशब्दहरू निक्लन्छन् । तर त्यसले बाबु आर्य छोरो द्राविड हुन सक्दैन ।

अतएव पाश्चात्यहरूले लेखिदिएको 'फुट पार राज गर' भन्ने धारणाले लेखेको इतिहासको

गोडेटोमा नहेरी पाइला चाल्दा हामी हाम्रो राष्ट्रियतावाट धेरै टाढा निक्लिसक्यौं । अर्कालि नदेखी खनिदिएको बाटोमा हिंड्ने बानी राम्रो होइन । हामीले हाम्रो इतिहास हुँदाहुँदै पनि अर्काको घरमा पइँचो माग्न जानाले हामी पराधीन भएका छौं । आज हाम्रा आँखा टड्कारो पारेर खोल्ने आवश्यकता छ । धेरै कसैको कृपाको चाहना गर्नु नै पराधीन हुनु हो । पराधीन व्यक्तिले आँखा देखेको हुँदैन । स्वावलम्वीले आँखा देखेको हुन्छ । कसैले एक धक्का लगायो भने रिसिने या पइँचो तिर्ने आवश्यकता छैन । स्वावलम्वी भएर आफ्नो बाटो सीधा पारेर ज्यूँने आवश्यकता छ ।

किरातहरूका प्राचीन नाम

प्राचीनकालमा किरातहरूका कस्ता नाम हुन्थे ? कुन रीतिले नाम राख्ने गर्थे ? भन्ने प्रश्नहरूको उत्तरमा आफैंले तर्क दिनुभन्दा पहिले प्राचीन इतिहासकै प्रमाण अगाडि सार्नु उपयुक्त होला । ऋग्वेददेखि नै नाम राख्ने कुरा अत्यन्त संक्षेपमा प्रस्तुत छ । यहाँ ऋग्वेदमा उल्लेख भएको नाम यस्तो छ—

देवक[१], शम्बर[२], शवर[३]; वर्चिन्[४], दास, पिप्रु आदि अनेक नाम काम, स्थान, पेशा, विद्या, वीरता, देश आदिका आधारमा राख्ने प्रथा थियो । यो इतिहास ऋग्वेदको मण्डल, अष्टक, अध्याय, सूक्त र मन्त्रहरूको अध्ययनबाट प्रष्ट हुन्छ । पणिहरू व्यापारी थिए । यसरी नै ब्राह्मणग्रन्थहरूमा पनि नाम देखिन्छ । यजुर्वेद[५] सामवेदमा किरात, म्लेच्छ, असुर, शवर, पुलिन्द आदि नाम उल्लेख भएको छ ।

पुराणहरूमा पनि किरातहरूका नाम वैदिक कालका जस्तै छन् । जस्तै—महाकाल, महामति, महाप्रभ[६] र कतै 'किरातो भूर्तहिंसकः' पनि भनेको पाइन्छ । चण्ड आदि नाम प्रष्ट पाइन्छन् । वाल्मीकिरामायण आदि रामायणहरूमा लेखिएका किरातहरूका जात, थरबोधक पुरुषादक[८], प्रियदर्शन, नरव्याघ्र आदि नाम थिए । महाभारतमा पुगेपछि भगदत्त[९], विरूपाक्ष[१०], शंकुकर्ण, सुबाहु[११], सुमना[१२], शूकरराज[१३],

---

१. 'देवकं चिन् मन्यमानम्' (ऋ० ७।१८।२०)
२. (ऋ० १।५१।६,५४) (ऋ० ४।५९।६)
३. (ऐ० ब्रा० ७।१८।२) (सां० श्रौ० सू० १५।२६।६)
४. (ऋ० २।१४।६) (ऋ० ४।३०।१५)
५. (य० वे० तै० ब्रा० ३।४।१२)
    (क) (सा० वे० ता० ब्रा० १२।५)
    (ख) (शु० य० १६।२८)
६. (पद्मपुराण उ० खं० अ० १५१।८२,८४)
७. (स्क० पु० म० खं० ५ अ० १२०)
८. (वा० रा० कि० ४०।२६, २७, २८)
९. (म० भा० आ० प० २।१६१)
१०. (म० भा० आ० प० १५५।३१)
११. (म० भा० व० प० आ० प० अ० १७७।११)
१२. (म० भा० स० प० ९।१३)
१३. (म० भा० द्यु० प० ४८।२४)

कुणिन्द[1] आदि नामहरू किरातहरूकै हुन्। नीलाम्बुद[2]=नील, अलम्बुष्[3] इत्यादि किरातहरूका नाम वैदिक तथा लौकिक साहित्यमा यत्र तत्र प्रसङ्गानुसार लेखेको पाइन्छ। यहाँ समस्त नाम दिंदा अनावश्यक ग्रन्थविस्तार हुने हुनाले विज्ञपाठकवृन्दका सामुन्ने चखाउने पारा मात्रै गरिएको छ, यद्यपि यी नामहरू सामान्य अध्ययनले निकालिएका होइनन्। साथै किरातहरूकै नाम भनेर खुट्याउनु पनि निकै गाह्रो पर्छ, तथापि प्रष्ट उल्लेख भएका नामहरूलाई यहाँ गनाइएको छ।

स्कन्दपुराणअन्तर्गत हिमवतखण्डमा नामसहित किरातहरु धेरै देखा परेका छन्; जस्तै—महाव्याघ्र, भिल्लवर म्लेच्छ, सुबाहु म्लेच्छ, विकट म्लेच्छ, ऊलुक म्लेच्छ, विशङ्कु, मुण्ड, लम्वकर्ण, विरूप, कण्डु, दिव्यकर्ण, ऊर्ध्वकेश, उलूकवदन, पिङ्गकेश, शुकवक्त्र, शुकानन, विरूपाक्ष-शङ्कु, कम्वोज, वितण्ड इत्यादि अन्य पुराणहरूमा पनि प्राचीनकालिक किरातहरूको नाम संस्कृतभाषामा नै लेखेको पाइन्छ। यस्तो आश्चर्य किन ? त्यसैले वर्तमानकालका किरातहरूमा धेरैजसो संस्कृतकै नाम भए पनि केही नाम तद्भव देखिन्छन् भने केही नामचाहिं अपभ्रंश भएको पाइन्छ। परन्तु कैयौं नामचाहिं अपठितहरूको उच्चारणभेदले संस्कृत होइन कि भन्ने भ्रममा पर्नु पनि स्वाभाविकै हो। जस्तै—टटुवा राई, चना राई आदि छन्। वस्तुतः 'तत्त्व' शब्दको स्वरूप बिग्रेर 'टटुवा' भएको हो। यस्तै 'चन्द्र' शब्दको स्वरूप बिग्रेर 'चना' भएको हो। तर राम्ररी विचार गर्दा मूल संस्कृतलाई छोडेको छैन। त्यसैले आजका केही किरातहरूका आआफ्ना बोली र भाषा भए पनि नामचाहिं संस्कृतैमा राखेको बुझिन्छ। कैयौं किरातहरूले आफ्नै बोलीबाट पनि नाम राख्ने गरेका छन्। तर यो प्राचीन नाम राख्ने प्रथा होइन। यो त आआफ्ना बोली, भाषा बन्दै गए र केहीले नाम राख्दै गए। परन्तु प्राचीन नाम दुइ प्रकारले राखिन्थ्यो, जसलाई 'व्युत्पत्तिलभ्य' र 'रूढ' भनिन्छ। दुवै प्रकारका नाम प्रचलित थिए। आज पनि दुवै प्रकारका नाम प्रचलित छन्। तर नाम राख्दा भने जन्मदेखि राशिलाई हेरेर राख्ने गर्थे। आज पनि प्राचीन वैदिक परम्परा किरातहरूमा छँदैछ। नाम राख्दा न्वारनमा बाजेबोजू, बूढापाका र आमाबाबुले मन परेको नाम राख्ने चलन छ भने ज्योतिषी तथा लामा आदिलाई हेराएर राशिनाम जुराउने चलन पनि छँदैछ। कैयौं

---

[1] (म० भा० स० प० ४।२१)

[2] (म० भा० भी० प० ८९।१४
,, ,, ९०।२७)

[3] (म० भा० भी० प० ९६।८, १२, १९)

[4] स्क० पु० हि० खं० ३४।३७
(अ) ,, ,, ,, ,, ४२
(आ) ,, ,, ७८ अ० २१
(इ) ,, ,, ९६ अ० ७
(ई) ,, ,, १०० अ० ६५
(उ) ,, ,, १०१ अ० २६
(ऊ) ,, ,, १०२ अ० ४९
(ए) ,, ,, १०३ अ० १४
(ऐ) ,, ,, १०९ अ० ४०
(ओ) स्क० पु० हि० खं० १२१ अ० १३
(औ) ,, ,, १२८ अ० ८
(अं) ,, ,, १३० अ० ९
(अः) ,, ,, १४२ अ० १४
(क) ,, ,, १४७।६
(ख) ,, ,, १५३ अ० ६५।७३
(ग) ,, ,, १५७।८
(घ) ,, ,, १५९।५०
(ङ) ,, ,, १६२।५

व्यक्तिको राशिनाम नै ज्यादा प्रचलनमा आउँछ भने थोरै व्यक्तिको नाम बूढापाकाले चलाएको प्रचलित हुन्छ। ऋग्वेदमा शम्बरको कुलितार र देवक पनि नाम पाइन्छ। यी नामहरू उपर्युक्त दुवै प्रकारले राखेको हुनुपर्छ। कुनचाहिं नाम राशिनाम हो, यो छुट्याउन त ज्योतिर्विद्‌हरूलाई पनि हम्मे पर्ला ! त्यसैले किरातहरू नामरखाइको परम्पराले पनि अनार्य वा मङ्गोलियन सिद्ध हुँदैनन्, पूर्ण वैदिक नै सिद्ध हुन्छन्।

आजका* किरातहरूले बुद्धिमत्ताका साथमा आफ्नो इतिहास खोज्नु अत्यावश्यक देखिन्छ। दुर्व्यसनमा मात्र रातदिन मुछिएर रहनु ठीक छैन। किरात-समाजमा शिक्षितहरूको संख्या कम भएको हुनाले उनीहरूका मनमा आफ्नै इतिहासप्रति शङ्का हुन लाग्यो। वर्तमान समयमा किरातहरूको नाम संस्कृत भाषाका शब्दमा राखेको पाइन्छ। जस्तै—रामप्रसाद राई, हरिप्रसाद राई, कृष्णकुमार राई आदि समस्त किरातहरूका नाम सुन्न पाइन्छ। यसको दोस्रो नम्वरमा तद्‌भव नाम सुन्न पाइन्छ। कतै-कतै अपभ्रंश नाम पनि सुनिन्छ। तर मूल संस्कृतलाई कुनै हालतमा छोड्न सकेको छैन। तर किरातहरूका दुर्भाग्यले गर्दा किरातहरू संस्कृतबाट आफैं हजारौं कोस टाढा फाल हान्न थाले। केही बाहुनहरूले पनि आफ्नो कुटिल प्रचारको शिकार बनाए। केही काल तात्कालिक शासकहरूको पनि पाउनुपर्ने शिक्षामाथि अन्यायपूर्ण व्यवहार रह्यो। पहिले त किरातहरू दुर्व्यसनको हतियारले आफ्नो बुद्धिको हत्या गरेर वसे। अल्किर्ति रहेको, कुटिल प्रचारले मार्‍यो। शेष रहेको बुद्धिलाई तात्कालिक शासकहरूले मासे। त्यसो हुँदा आजभन्दा पाँच हजार वर्षपहिले महाभारतकालसम्म इतिहास, ज्ञान-विज्ञान जान्ने धुरन्धर किरात-विद्वानहरू भए पनि बुद्धकालदेखि पछि चाहिं निरन्तर नाश हुँदै गए। अव १९ र बीसौं शताब्दीमा गएरचाहिं पाश्चात्यहरूले लेखिदिएका भ्रमात्मक इतिहासलाई सुनेर, केही सोचविचार गरेर आफ्नो इतिहास पल्याउन नसक्ने किरातहरू हामी मङ्गोलियन हौं अर्थात् हामी भतुवा हौं भन्छन्। हामी हिन्दू-आर्य होइनौं भन्छन्। किन भनेर सोध्दा हामी किरात हिन्दू भए त हाम्रा प्राचीन राजा, महाराज, सम्राट्‌हरूका प्राचीन नाम संस्कृतमा किन छैनन् ? भन्छन्। विचरा बनेचरहरूले संस्कृतै जान्दैनन्। अनि ती नाम संस्कृतमा भए पनि विचराहरूलाई के थाहा ! यहाँ त संस्कृत नजान्ने, भाषावैज्ञानिकै हुँ भन्नेलाई पनि कुन भाषाको शब्द हो ? भन्ने थाहा नै हुँदैन। यस परिस्थितिमा किरातहरूको त अध्ययनै छैन। अनि कसरी थाहा होस् !

उदाहरणको लागि एक छिन 'किरात' शब्दलाई नै हेरौं। यो शब्द कुन भाषाको हो ? यसलाई अनेक भ्रमात्मक भाषावैज्ञानिकहरूले सुँगुरको पछाडि लाग्ने व्यक्तिका रूपमा लिएका छन्। तर मूल अर्थ हेर्दा यिनीहरूको भनाइ र लेखाइ गलत छ। किरात शब्द शुद्ध संस्कृत भाषाको शब्द हो। यसलाई अरू ठाउँमा विवेचना गरौंला। ऐले त केवल किरातहरूको नाम मात्रै देखाउने प्रयत्न गरिएको छ। प्राचीन ग्रन्थहरूदेखि लिएर शिलालेख आदिमा भएका किरातहरूका नाम केवल संस्कृत भाषामा छन्। त्यति मात्रै होइन, लाखौं वर्ष पुरानो वैदिक वाङ्मयमा किरात शब्द र किरातहरूको संस्कृत नाम पाइन्छ। पशुपतिपारि फेला परेको एउटा शिलालेखमा महासामन्त महाराज क्रमलीलको उल्लेख छ (संस्कृत सन्देश, १/७, २/१-२-३ नोली १७, लि० का० अ०३९)। रानीको नाम 'मानवती' छ। स्कन्द पु० हि० ख० अ० ७८/२१७ मा 'सुबाहु' किरातको नाम उल्लेख पाइन्छ। स्कन्दपुराण हि० ख० अ० ९६/१७ श्लोकमा 'विकट' नामको किरातको उल्लेख छ। यस्तै हि० ख० अ० १००/६५ मा एउटा किरातको नाम 'उलूक'

---

* धर्मसन्देश, वर्ष १४ अंक १, वि० सं० २०४२

छ । स्कन्दपुराण हिमवत्खण्डको महाप्रतापी धर्मात्मा किरातराजाको नाम विशंकु (हि० ख० अ० १०१/२६) थियो । यो नाम नबिर्सीकन लैजाँदा स्क० पु० हि० ख० अ० १०२/४९ मा किरातको नाम 'लम्बकर्ण' पाइन्छ । यो क्रम जारी नै रह्यो र हि० ख० अ० १०९ श्लोक ४० मा एकजना किरातको नाम 'कण्डु' उल्लेख भएको देखिन्छ । एवंरीतिले हि० ख० अ० १२३।१३ मा 'दिव्यकर्ण' नामक किरातको उल्लेख पाइन्छ । यसैमा हि० ख० अ० १२८।८ मा 'ऊर्ध्वकेश' नामक किरातको उल्लेख पाइन्छ । हि० ख० अ० १३० मा 'उलूकवदन' नाम छ । हि० ख० अ० १४३।१४ मा 'वकास्य' नाम किरातको देखिन्छ । यसै रीतिले हि० ख० अ० १४७ को श्लोक ६ मा 'पिङ्गकेश' किरातको नाम छ । हि० ख० को अ० १५३ श्लोक ६५ र ७३ मा किरातको नाम 'शुकवक्त्र' र 'शुकानन' पाइन्छ । यसै गरी हि० ख० अ० १५७।८ मा 'विरूपाक्ष' र 'शङ्कु' नाम उल्लेख छ । हि० ख० अ० १५९ को ५० श्लोकमा 'काम्बोज' नामक किरातको उल्लेख छ । हि० ख० अ० १६२।५ मा 'वितण्ड' नामक किरातको उल्लेख छ । हि० ख० अ० १६२।३७ मा 'रूक्ष' नाम गरेको किरातको उल्लेख छ ।

महाभारतको सभापर्व (अ. ४।२१-२२)-मा किरातराजा 'कुणिन्द' र किरातराजा 'सुमना'को उल्लेख आदरका साथ गरिएको छ । म. भा. स. प. अ. २३।१८ मा किरातराजा 'भगदत' को नाम लेखिएको छ । स्कन्दपुराण महेश्वर-खण्ड अध्याय ३९।३१ श्लोकमा 'किरातविजय' नाम उल्लेख भएको छ । पद्मपुराणको उत्तरखण्ड अध्याय १५१।८२,८४ मा महाकाल, महामति र महाप्रभ किरातहरूको नाम उल्लेख भएको छ । यसै पुराणको १५४ अ० ८ श्लोकमा 'चण्ड' नामक किरातको उल्लेख भएको छ । अतः हामीले अध्ययन नगरी किरातहरूको नाम किरातबोलीकै शब्दबाट हुनुपर्छ भन्नु अबुझ कुरा हो ।

दुइ हजार वर्षदेखि लाखौं वर्षपूर्व पनि किरातहरू थिए । उनीहरूको स्वतन्त्र भाषा र संस्कृति भए त उनीहरूको अस्तित्व संस्कृतमा किन लेखिए ? अतः किरातहरूको नाम, संस्कृति, सभ्यता, भेषभूषा, भाषा, धर्म सबै संस्कृतमै थिए । छन् पनि । यसमा पक्षपातरहित अध्ययन र मननशील विद्वान्‌हरूको दुइ राय हुन सक्दैन । त्यसो हुँदा किरातहरूका प्राचीन नाम संस्कृतैमा हुन्थे भन्ने कुरा माथिको प्रमाणले प्रष्ट गरेको छ । रह्यो वंशावलीहरूमा असंस्कृत नाम उल्लेख हुने कुरा । ३३ पुस्तासम्म शासन गर्ने राजामहाराजको नाम असंस्कृत हैन, संस्कृतै हो । यति हो कि त्यो वंशावली संग्रह गर्दा चालबाजी खेलेको देखिन्छ, किनभने १४ औं शताब्दीमा संग्रह हुँदा पनि राजनैतिक वातावरण ठीक थिएन । त्यसमा पनि त्यतिखेर पक्षपात र जातिवादको धुन चर्किएको थियो । त्यसो हुँदा संग्रह गर्ने अथवा लेख्ने लेखक योग्य थिएन । व्यापक ज्ञानको अभावमा कसैसँग सुनेर लेख्दा सुनाइमा फरक परेको हुनाले 'अलम्बुष', 'ऐलम' को 'यलम' हुन गयो । अन्यथा वंशावलीका अनुसार जसलाई 'यलम्बर' पहिलो किरातराजा भनिन्छ त्यो महाभारतमा (स. भा. प. म. प. अ. १३।२।४।५) 'ऐल' राजाको वंशभन्दा 'ऐलवंश्य' भयो । त्यसपछि उच्चारण बिग्रेर 'यलम्ब' हुन गयो । तर यलम्बको नाम अर्कै हुनुपर्छ । परशुरामकै आतंकले किरातक्षत्रियहरूले जनै छोडेका हुन् । अर्को वंशावलीमा धेरै नहुँदो प्रक्षेप पनि भएको देखिन्छ । किरातहरूको शुद्ध नाम गुम गरेर आजको वंशावलीमा भएको नाम निकाल्नु नै पहिलो प्रमाण हो । अहिलेसम्म वंशावलीका कैयौं प्रति प्राप्त भएका छन् । ती प्रतिहरू कर्कपेट्रिक, राइट र मेरो वेदमा के छ ? आदि ग्रन्थमा छन् । तर ती प्रतिहरूमा शासनकालको क्रम मिल्दैन । कतै ३२ त कतै ३३, कतै २९ पीढी भनेर लेखेको पाइन्छ । त्यस्तै प्रथम किरातराजाको नाम पनि कतै ऐलम्ब, कतै यलम्ब, कतै यलम्बर त कतैचाहिं ऐलम्बु आदि पाइन्छन् । कुनै-कुनै राजाहरूको नाम छोडेर भिन्न-भिन्न वंशावलीहरूमा प्रायः भिन्न-भिन्न नाम पाइन्छ ।

तर धेरैजसो किरातराजाहरूको नाम किरात भाषामा लेखिएजस्तो देखिंदैन, किनभने घोरिएर हेर्दा केही नामचाहिं तत्समलाई तद्भव बनाएजस्तो देखिन्छ। केही नामचाहिं उच्चारणको भेदले शब्दको लेखोटमा अन्तर पर्न गएको हो।

फेरि नेपालको सम्बन्धमा खोज गर्न आउने पाश्चात्य लेखकहरूको नियत राम्रो थिएन। अर्कोतिर नेपालैमा बसोबास गरे पनि संस्कृतको ज्ञान नभएको हुनाले पाश्चात्य लेखकहरू स्वयं झुक्किए। अर्को यहाँको जनजिब्रोमा भिजेको नेपाली भाषामा पनि अधिकारी विद्वान् हुन सकेका थिएनन् भने नेपालको सही जनजीवनलाई जानेर पाश्चात्यहरूले सही इतिहास लेखिदिए भनेर हामीले फुर्किनु आवश्यक छैन। हुन त नेपाललाई विशेष रूपले चिनाउने काम सिलवाँ लेवी आदिले गरेकै हुन्। तर उसले आर्य र मङ्गोलियन भनेर व्यर्थको नहुँदो कल्पना गरेको देखिन्छ। यी पाश्चात्य लेखकहरूको ठूलो कमजोरी के छ भने प्रमाण नै दिन सक्दैनन्। कतै कनीकुथी दिइहाले भने पनि पौर्वापर्य प्रसङ्गको भावमा खालि पाठकहरूलाई भ्रममा झुण्ड्याउने कुरा मात्रै लेख्छन्। त्यसो हुँदा भारतका इतिहासकारहरू पनि निक्कै झुक्किए। तर स्वामी दयानन्दजीले मरेरै भए पनि आर्य-हिन्दूइतिहासलाई जिउँदो पारेरै गए। तर नेपालका इतिहासकारहरूमा त्यो बुद्धि आउन सकेन। आँखामा पट्टी बाँधेर कोलमा नारेर पुच्छर निमोठेको गोरुले केही नदेखी सुरु-सुरु हजारौं माइल हिंडेको अनुभवजस्तै भयो। अझ यिनीहरूले आफ्नोचाहिं गलत र पाश्चात्यहरूले लेखेकोचाहिं सही हो भन्ने गरेका छन्। लेख्नेहरू लेख्दै जाँदैछन्। यसैले गर्दा सामान्य जनता र सामान्य पाठकहरूमा यो भ्रम फैलिएकै छ। त्यसैले त केही अबुझ पाठकहरूले गलत गोडेटोलाई छोडेका छैनन्। विचराहरूलाई पत्तो पनि छैन। यो गोडेटोले हामीलाई आफ्नो गन्तव्यं स्थानमा पुऱ्याउँछ कि पुऱ्याउँदैन भन्ने थाहा पनि छैन। त्यस्तै भ्रमपूर्ण इतिहासलाई पढेर वा सुनेर केही किरातहरूले आफूलाई हामी त मङ्गोलबाट आएका भतुवा हौं भन्ने दम पनि भर्दछन्। यता हाम्रो असली इतिहास हेर्दा मङ्गोलको उत्पत्ति तीन हजार वर्षभन्दा पुरानो ठहरिएको छैन। आर्यावर्त, जम्बूद्वीप, हिमवत्खण्ड, इन्द्रद्वीप, इन्द्रकील, अनुपद्वीप, वर्मा, कम्बोडिया, कच्चिन, मणिपुर, कैलास, काश्मीर, राजस्थान आदिमा किरातहरू लाखौं वर्षपूर्वदेखि नै बसोबास गरेको इतिहास र पुरातत्त्व पाइन्छ। रघुनाथ सिंहले लेख्नुभएको छ कि एक समय (रा० त० तृ० त० ३९ पृ० ४७२ मा) किरातहरू पूरा भारतमा फैलिएका थिए। टालेमीले किरातहरूको प्रदेश 'आराकान' बताएका छन् (रा० त० तृ० त० पृ० ४७२)। यो प्रदेश अहिले बर्मामा पर्दछ। युधिष्ठिरको यज्ञमा सामेल हुन किरातराजा-महाराज र धनिकहरू भारतका अनेक प्रान्तबाट आएका छन् (म० भा० स० प० अ० २७।२५-२६।२८)। यस्तै राजसूय यज्ञको लागि चारै दिशामा युधिष्ठिरले भाइहरूलाई दिग्विजय गर्न पठाए। भीम, अर्जुन, नकुल, सहदेवले चारै दिशामा किरातहरूलाई ज्तिेको इतिहास पाइन्छ। महाभारतको उपायनपर्वमा किरातहरू चन्दन, हीरा, मोती आदि लिएर युधिष्ठिरलाई भेट गर्न आएको उल्लेख प्रष्ट छ। यस इतिहासले के बुझिन्छ भने त्यतिखेर किरातहरू दक्षिणमा थिए। ललितादित्यसँग किरातहरूको समुद्रतटमा भेट हुने इतिहासले पनि किरातहरू दक्षिणमा थिए भन्ने बुझिन्छ। यस प्रकारले किरातहरू लाखौं वर्षदेखि आर्यावर्तमा वस्ने आर्यहिन्दू नै थिए र छन् पनि। जबसम्म यो इतिहास रहन्छ, तबसम्म किरातहरूलाई मङ्गोलबाट आएका भतुवा भनेर कसैले सिद्ध गर्न सक्दैन। यसको मतलब यो हैन कि मङ्गोलसँग हाम्रो द्वेष छ, अपितु केवल यति हो कि हाम्रो इतिहास केलाउने काम मात्रै हो। त्यसो भएको हुनाले नै हिजोअस्तिको वंशावलीमा किरातराजा-महाराजहरूको नाम संस्कृतमा छैन भन्दैमा किरातहरूले हामी मङ्गोलियन हौं भन्नु आफ्नो इतिहासलाई नजानेर आत्महत्या गर्नु हो।

आउनुहोस् । आफ्नो इतिहासलाई केलाएर हेर्नुहोस् । तर त्यो इतिहास संस्कृतमा लेखिएको छ । संस्कृत पढ्नुहोस् । आफ्नो इतिहासलाई बुझ्नुहुनेछ । संस्कृतसँग नाक चेपारे आफ्नो इतिहासको हत्या हुनेछ । अनादिकालदेखि किरातहरूको सत्ता अलग भए त उनीहरूको इतिहास संस्कृतमा नहुनुपर्ने हो । प्राचीन किरात-इतिहास संस्कृतमा हुनु नै किरातको संस्कृति, सभ्यता, धर्म, कर्म, भाषा, भेषभूषा आदि जम्मै संस्कृतमा नै थियो भन्ने प्रमाण हो । किरातहरूको नाम पनि संस्कृत नै थियो। आज पनि छँदैछ । भविष्यमा पनि त्यसरी नै रहनेछ । रामप्रसाद, हरिप्रसाद आदि किरातहरूका नाम थिए । छन् पनि । यसमा दुइ राय हुनेछैन । जाँड र रक्सीको झन्का निकालेर हेर्ने हो भने हाम्रो इतिहासले सही कुरा प्रष्ट पारेर राखिदिएको छ । गहिरो आँखाले हेर्न मात्रै बाँकी छ । हेर्नुहोस् । घोरिनुहोस् । आफैं थाहा हुनेछ ।

झूठो इतिहासलाई हामीले कहिलेसम्म साँचो मान्ने ?*

विश्वविद्यालयको रङ्गबिरङ्ग कुराको साँचोमा कोरिंदा झस्याङ्ग झस्किने कुरा पनि निस्कन्थे । त्यो पनि इतिहास र पुरातत्त्वको विषयमा त बेस्सरि पैंठेजोरी नै भइहाल्ला जस्तो पनि हुन्थ्यो । त्यो के हो भने पाश्चात्यहरूले लेखेका इतिहास । जहाँ हामीलाई इतिहासले ठूलो ज्ञान दिन्छ, त्यहीं भुसुक्क खोइरोमा पनि जाक्न सक्छ र जाकेको हुन्छ । यस्तो इतिहास १५ औं शताब्दीदेखि यता भारतमा लेख्न थालिएका थिए । झन्सारो १७ शताब्दी र १८ शताब्दीको बीचमा त झम्को, जमर्को र बुर्को आदिले सिंगारिएर विग्रेको इतिहासको कान्लाको साँधी लगाइहाले । २० शताब्दीमा त्यसैको वीजन हल्केर हुर्केको हो। डार्विन, मिष्टर मूर, हेमरटन, कीथ, ग्रीफ्ट, मैक्समूलर आदिका आँखा दुवैतिर तिखारिएका थिए । सकुन्जेल निखार्नको लागि होला । कलकताको 'एशियाटिक सोसायटी' आज राम्रै स्थितिमा भए पनि उतिखेरको जमरा अर्कै रूपमा टुसाएको थियो । यो इतिहासको भेउ चिहाउनेहरूलाई मनग्य थाहा छ । त्यसको फष्ट जर्नल (पत्रिका)-का पंक्तिहरूले पनि प्रष्टचाएको देखिन्छ । यहाँ हामीले कसैलाई होच्याउन खोजेको होइन । न कसैको मतलाई आलोच्य विषय नै बनाउन खोजेको हो । तर कुरा के हो भने शोध अध्ययन गर्दै जाँदा प्रमाणप्रमेय र युक्तिहरूबाट होचिन या आलोच्य हुन आए दूधपानी छुट्याउने पाठकवृन्दमाथि छोडिन्छ । अनि पाठकहरूले पनि असत्यको घेरालाई भत्काएर सत्यलाई अङ्गाल्न सक्नुपर्छ ।

पाश्चात्य इतिहासकारहरूले आर्य-इतिहासलाई धेरै नै बङ्ग्याउने कुचेष्टा गरे । उपर्युक्त लेखकहरूमध्ये मिष्टर मूर र हेमरटन आदि निक्कै प्रसिद्ध छन् । यी दुवैले आफ्ना कूटनीतिपक्षलाई प्रष्टचाएका छन् । आर्य र अनार्यको कुरा उठाउने त अरू पनि छन् । तर आर्य-अनार्यदेखि बाहेक हेमरटन र मूरले बाहिरबाट आउने कल्पना पनि गरेका छन् । यी दुइमा पनि आर्यहरू एशिया माइनरबाट आएका हुन् भन्ने मिष्टर मूर हुन् । अनार्य किरातहरू मङ्गोलियन हुन् भन्ने हेमरटन हुन् । तर दुवैका कुरा असत्य छन् । यस विषयलाई सप्रमाण 'वेदमा के छ ?' ग्रन्थको पृ० नं० १६ देखि पृ० नं० २५ सम्म 'आर्यहरूको जन्मथात्' शीर्षकमा प्रष्ट गरिएको छ । अनार्य मङ्गोलियन भन्ने पक्षको केलाइ-सेलाइ वे० के० पृ० नं० १६६ देखि १७८ सम्ममा प्रष्ट भएको छ । पर्याप्त मात्रामा बुझाउने प्रयत्न गरिएको छ ।

यहाँ केवल नेपाल राष्ट्रको पूर्वफाँट, अरुण, दूधकोशी, कोशी, सप्तकोशी र तमोरको गडतीर, सेप, चेप, काप, देउराली, भञ्ज्याङ्ग, थुमका, पाखा, पखेरा, डाँडा, चुली आदिमा घिरी ढकी गरेर बस्ने आर्य-

---

* धर्मसन्देश, वर्ष १२ अङ्क १।२०४० वि० सं०

पाउनुहुनेछ । साँचो कुरो यो हो कि आर्य-हिन्दूहरूको संस्कृति, सभ्यता, चाड, पूजा आदिको चीसो चस्को पाउनुहुनेछ । साँचो कुरो यो हो कि आर्य-हिन्दूइतिहास 'ब्रह्मणो द्वितीयपरार्धे' अर्थात् आज यो ब्रह्मको द्वितीय परार्धमा भन्ने पंक्तिको पहिलो पंक्तिबाट शुरू भएको बुझिन्छ । यसमाथि समस्त आर्य-हिन्दूवाङ्मय नै दृढ प्रमाणका रूपमा उभिएको देखिन्छ ।

तर 'स्वगृहे पायसं त्यक्त्वा भिक्षामटति दुर्मतिः' आफ्नो घरमा बनेको खीरलाई छोडेर अर्काको घरमा भीख माग्न जाने दुर्मति नै हो । यो चर्को रन्को हाम्रा इतिहासकारहरूको अदूरदर्शिता अथवा बुझ- पचाइ हो । कुनाकाप्चामा पनि आर्य र मङ्गोलियनको स्वर सुनिन्छ । तर यस स्वरमा झूठो इतिहासको रन्को सुनिन्छ । यो स्वर उपर्युक्त मिष्टर मूर र हेमरटन आदिको स्वरको अनुवाद मात्रै हो । यसै स्वरको अनुवाद हाम्रा इतिहासकारहरूले पनि गरे । त्यो ध्वनि र प्रतिध्वनिको रूपमा फैलिएर अब चुच्चे नाक र जुङ्गादाह्री भएको आर्य र नेप्टो नाक र नास्ति दाह्री न जुङ्गा आएकोचाहिं अनार्य अहिन्दू भन्ने भावना फैलिएको छ । यसको रहस्य नबुझ्नाले आर्य-हिन्दू-किरातक्षत्रियहरूमा हामी अनार्य अहिन्दू हौं भन्ने झूठो हावा र झूठो धारणा फैलिएको देखियो । तर हाम्रो प्राचीन पुरातत्त्व र इतिहासलाई गोडीनेली नियाल्दा त्यो भेद देखिन्न । अनि आर्य-किरातक्षत्रियहरूको संस्कृतिले अनार्य अहिन्दू सिद्ध हुँदैन । स-साना उदाहरण-ले वताइराखेका छन् । आज पनि किरातहरूमा शिखा (टुपी) राख्ने चलन छँदैछ । कतिपय नबुझेकाहरूले नराखे अर्कै कुरा हो । त्यसो त बाहुनहरूमा पनि टुपी देखिन छोडे । तर यो शुद्ध आर्यहरूको चिह्न हो । दैलामाथि या साँगरको वरपर भित्तामा गोबर टाँसेर दूबो टाँसीकन फूल, अच्छेता, रङ्ग आदिले गणेश पूजा गर्ने चलन पनि अहिन्दूहरूको होइन । काश्यपगोत्र, काशीगोत्र, देवगोत्र, लासागोत्र, शिवगोत्र आदि गोत्र-परम्पराले पनि अनार्य अहिन्दू सिद्ध हुँदैन । बिहावारीमा वाग्दान र सिंदूर पोतेको चलनले पनि किरात आर्य नै ठहरिन्छ । जन्मेपछि शुद्ध गर्दा गोमूत्र (गउँत) र दूबो लिएर गरिने शुद्ध प्रथाले पनि शुद्ध आर्य नै देखिन्छ । मरेपछि शुद्ध गर्दा पनि आगो र पानी, गउँत र दूबोकै प्रथा देखिन्छ । शुद्ध गर्दा तीन दिन, पाँच दिन र एघार दिन र तेह्र दिनभित्र शुध्याउने चलन पनि अहिन्दू अनार्यहरूको होइन । मरेको मान्छेको नाममा बनाइएको चौतारो, त्यसको वरिपरि बर-पीपलको रूख लगाउने चलन, माझमा शिलालेख, त्यस शिलालेखलाई लेख्दा माझमा त्रिशूल, दायाँ-बायाँ चन्द्र र सूर्य आदि खोपेर आफ्ना पूर्वजहरूको स्मरण या कीर्ति राख्ने प्रथा अहिन्दू होइन, अपितु शुद्ध हिन्दू-आर्यप्रथा हो । छोराको न्वारान गर्दा धनुष्काँड बनाएर राख्ने र छोरीको न्वारान गर्दा तान बुन्ने सामान बनाएर छुवाएर न्वारान गर्ने चलन शुद्ध ऋग्वैदिक आर्य-हरूको प्रथा हो । उँभौली र उँधौली उत्तरायण र दक्षिणायन मात्रै हो । चीलको पूजा भगवान् विष्णुको वाहन गरुडको पूजा हो । अशिक्षा र अज्ञानले गर्दा चील मान्न पुगेका मात्रै हुन् । साँपको पूजा नागदेवको पूजा हो र आज पनि नागपञ्चमीको दिन साँपलाई दूध पिलाएर पूजा गरिन्छ । बाँदरको पूजा हनुमान्को पूजा हो । तर यो संस्कृति मिश्र र बेबिलोनियाबाट आएको हो भन्ने इतिहास झूठो हो । सत्यनारायणको कथा लगाउने चलन आज पनि ठाउँ-ठाउँमा छँदैछ । इष्टदेव महादेव, शिव त सर्वस्व नै छँदैछन् । आर्यहिन्दू-हरूका इष्टदेव महादेव हुन्, जसलाई किरातक्षत्रियहरूले 'थेवासाम' र 'पारूहाङ' भन्दछन् । यसको पूजा-स्तुतिको थालनी 'इमा रुद्राय तवसे कपर्दिने' आदि ऋग्वैदिककालबाट शुरू भएको हो । शिवका शक्ति-स्वरूप सुम्निमा र युमासाम आदि हुन्, जसलाई चण्डी, काली, दुर्गा, पार्वती, सती आदि अनेक नामले पुकार्दछन् । आज पनि माझकिरातमा 'चण्डी' नाच नाच्ने गरेका छन् । थेवासाम र युमासामलाई नमान्ने लिम्बूकिरात कोही छैनन् । त्यस्तै राई-किरातहरूमा पनि सुम्निमा र पारूहाङलाई नमान्ने कोही छैनन् ।

यीदेखि बाहेक ब्रह्मा, विष्णु, लक्ष्मी, नवदुर्गा आदि पनि मान्ने छन् । सामे र पाछाले पनि आर्यहिन्दू नै सिद्ध छ । 'सामे' शब्दको अर्थ आफ्नो पूर्व इतिहास बताउने मुन्धुम् हो । 'पाछा' को अर्थ बिहावारीमा नातागोता छुट्याउने माध्यम हो । नाम राख्ने चलनले पनि शुद्ध आर्य नै सिद्ध भएको छ । किरात शब्द नै शुद्ध संस्कृतको हो । आफ्नो इतिहास नजान्ने किरातहरूले होइन भनिदिए भने अर्कै कुरा हो । तर पद्मसुन्दर, नारदमुनि, कृष्णकुमार, रामप्रसाद, विजयप्रकाश आदि संस्कृत शब्दलाई त होइन भन्ने कसैको शक्ति छैन ।

यस्तै किरातभाषिकका सम्बन्धमा पनि भन्न सकिन्छ । वर्तमानमा प्रसिद्ध किरातभाषिकामा पाइने शब्द पचास प्रतिशत संस्कृत छन् । त्यसपछि तद्भव शब्द मिलाएर ९० प्रतिशत छन् । शेष अपभ्रंश र केही भगुवा-भतुवा पनि मिलेका छन् । जम्मा किरातक्षत्रियहरूले बोल्ने किरातभाषिकाहरूमा कुनैमा एक सय शब्द, कुनैमा डेड सय, कुनैमा दुइ सय, कुनै-कुनैमा चानचुन तीन सयदेखि पाँच सयसम्म पुग्ला । तर संस्कृतलाई कुनै हालतमा छोड्न सकेका छैनन् । भाषासम्बन्धी उखान-बखान अरू ठाउँमा गरिएको छ । परन्तु किरात भाषाले पनि किरातहरू अनार्य अहिन्दू सिद्ध हुँदैनन् । अर्थात् आर्यहिन्दू नै थिए । आज पनि छँदैछन् । हिन्दू शब्दबारे खुलस्त हेर्नु छ भने 'प्राचीन हिन्दू विज्ञान' को भूमिकामा हेर्नुहोस् । त्यसो हुँदा न आर्यहरू एशिया माइनरबाट आएका हुन् न किरात मङ्गोलियाबाट आएका हुन् । साँचो इतिहासले के बताउँछ भने हिमवत्खण्ड किरातदेश सगरमाथामा उत्पन्न भएर आज पनि आर्यहिन्दूहरू आफ्नै जन्मथातमा छन् । केही यताबाट छरपस्टिँदै अन्यत्र गएको इतिहास छ । तर बाहिरबाट आएको इतिहास छैन । त्यसो भएको हुनाले हामीले झूठा इतिहासलाई कहिलेसम्म साँचो मान्ने ? डार्विनको विकासवाद र मिष्टर मूर, हेमरटन आदिलाई घरेडी थापेर लेखिएको इतिहासमा हमेशा यही प्रश्नको अचानो भइरहनेछ । अत एव विज्ञजनहरूमा यो उत्तरदायित्व आएको देखिन्छ कि यस इतिहासको पृष्ठभूमिलाई छोडेर सही इतिहासको सङ्गालो सङ्गाल्न आवश्यक भएको छ ।

आर्यहरू बाहिरबाट आएका होइनन्

ईसाईहरू भारतमा १५ शताब्दीदेखि प्रवेश गरेका हुन् । व्यापारको निहुँले फ्रेञ्च, पुर्तगाली र ईसाईहरू लगभग एकसाथै भारतमा पसेका थिए । केही वर्षपछि ईसाईहरूको कुटिल नीतिले गर्दा फ्रेञ्च र

आर्यहरू बाहिरबाट आएका होइनन् भन्ने कुरा पाश्चात्य विद्वान् मिष्टर मूरले पनि कोट्याएका छन्—

"I must, however, begin with candid admission that, so far as I know, none of the sanskrit books, not even the most ancient, contains any distinct reference or allusion to the foreign origin of the Aryans. There is no evidence or indication in the Rigveda of the words Dasa, Dasyu, Asura etc. Having been used for Non Aryan or original inhabitants of India." (Muir, Original Sanskrit Texts, Vol. II)

यस वाक्यमा विदेशबाट आर्यहरूले नआउने कुरा लेख्नु त ठीकै हो । तर 'Non-Aryan' अर्थात् 'अनार्यमूलक' जातिको प्रयोग भएको हो भन्नुचाहिं ठीक होइन । मूरले वेद नै पढेका थिएनन् किनभने ऋग्वेदमा 'अनार्य' शब्द प्रयोग भएको देखिएन । मूलमा नभएको अन्यत्र लेख्नु उचित होइन । तर आर्यहरू बाहिरबाट आएका होइनन् ।

पुर्तगाली दुवै आफ्नै देशतिर लागे। तर ईसाईहरूले भने आफ्नो व्यापार बढाउँदै लगे। भारतका राजा-महाराज र नवाब र बादशाहहरूलाई साँढेजुधाइ जुझाउँदै पनि लगे। १७ शताब्दीतिर ईसाईहरू भारतमा धेरै सफल भइसकेका थिए। १८ शताब्दीको पूर्वार्धमा कलकत्तालाई राजधानी बनाउन सफल भए। यता शासन र पैसा, उता पैसा र प्रेम दुवैले गर्दा कसैलाई पनि पता चल्न सकेन। राजनीतिक स्वार्थवालाहरूलाई भने केही कुरा पता थियो। तर स्वार्थले बोलेनन्। त्यसैले सनातन हिन्दूहरूको इतिहास सर्वप्रथम 'Cambridge History of India' भन्ने ग्रन्थले बिगार्‍यो। यसैमा 'आर्यहरू बाहिरदेखि आएर भारतका मूल निवासी द्राविड, कोल, भील, किरात, सन्थाल आदिमा शासन गर्न थाले' आदि शब्द लेखेर भ्रम उत्पन्न गरेका थिए। यो इतिहास बिगार्ने योजना सुनियोजित थियो। त्यसैले यस इतिहासको मान्यताको लागि बनारस क्विंस कलेजमा टी० एच० ग्रीफ्थलाई प्रधानाध्यापक (Principal) नियुक्त गरेका थिए तथा लाहौरको ओरियन्टल कलेजमा ए० सी० बुलनरलाई प्राचार्य नियुक्त गरेका थिए। यसरी नै अरू स्थानहरूमा पनि नियुक्त हुँदै गए। यसको गुप्त उद्देश्य वैदिक इतिहास बिगार्नु थियो। यस षडयन्त्रको स्पष्टीकरण मोनियर विलियम्सद्वारा लेखिएको 'Sanskrit English Dictionary of Introduction'[1] बाट पत्ता लाग्यो। विज्ञनीरक्षीरविवेकपेशल पाठकवृन्दले घोरिएर हेर्दा पता चलिहाल्छ। मिष्टर वोडनको ट्रष्टले संस्कृत ग्रन्थहरूको अंग्रेजी अनुवादले हिन्दू-आर्यहरूमा भ्रम त फैलियो नै साथै आफैं मोनियर विलियम जोंसले पनि आफ्नो ग्रन्थ 'The Study of Sanskrit in relation to Missionary Work in India'[2] मा के लेखेका छन्, हेर्नुहोस्। यो रह्यो मोनियर विलियमको शुद्ध भावना। तर पाश्चात्य-विश्वमा सबैभन्दा ख्यातिप्राप्त बहादुर थिए फ्रेडरिक मैक्समूलर, जसले संस्कृत पढेर झण्डै आधा उमेर ऋग्वेदको सम्पादन गर्नुमा बिताएका थिए। तर अन्तमा गएर मैक्समूलर[3] कहाँ खकुलो भए, त्यो पनि पाठकवृन्दले निश्चय नै निष्पक्ष भएर हेर्नुहोस्। साथै निष्कर्ष पनि निकाल्नुहोस्। मैक्समूलरले आफ्नी श्रीमतीलाई लेखेको पत्रको हृदय हिन्दूहरूको मूल वेदलाई नै तीन हजार वर्षभित्रको भनेर खतम पार्ने षडयन्त्र होइन र? मैक्समूलरले वेदमाथि गरेको कार्य र अडिग परिश्रमको लागि कसैले पनि धन्यवाद नदिइरहन

यसरी नै एलू फिन्टनले पनि आर्यहरू बाहिरवाट आएका होइनन् भनेर लेखेका छन्—

'Neither in the code of Manu, nor in Vedas, nor in any book which is older than the code of Manu, is there any allusion to the Aryans, prior residence in any country outside India.'

(Elphin Ston, History of India, Vol. I)

1. 'That the special object of his munificient begest was to promote the translation of the scriptures into English, so as to enable his countryman to proceed in the conversion of the natives of India to the Christian Religion.'

2. 'When the walls of the mighty fortress of Hinduism are encircled, undermined and finally stormed by the soldiers of the cross, the victory of Christianity must be signal and complete.'

(Missionary Work in India, 1861)

3. This edition of mine and the translation of the Veda will hereafter tell to a great extent on the fate of India. It is the root of their religion and to show them what the root is, I feel sure, is the only way of uprooting all that has sprung from it during the last three thousand years. (Life and Letters of Frederick Maxmueller Vol. I, Chapter xv, Page 34)

सक्दैन । तर यी धारणाहरू ठीक हुन् के त ? केवल यति मात्रै होइन, अपितु कुनै भारतीय सचिवलाई १६ दिसम्बर १८६९ मा यस्तो पत्र[1] लेखेका थिए—'प्राचीन धर्म खतम भइसक्यो । अब पनि ईसाईहरूले फाइदा उठाउन सकेन भने कसलाई दोष दिने ?' मैक्समूलरको यस्तो कपटपूर्ण कार्यको प्रशंसा गर्दै उनका घनिष्ठ ई० वी० पुसे नामक साथीले मैक्समूलरलाई यस्तो पत्र[2] लेखेका थिए—'मित्र तपाईंको कार्य भविष्यमा ईसाई बनाउने प्रयत्नमा सफल हुनेछ' । यस्तो इतिहास बिगार्ने सयकडौं पाश्चात्यहरू छन् । तर सबैलाई वैदिक वाङ्मय र इतिहास बिगार्ने नै चाहिं भन्न खोजेको होइन । शुद्ध काम गर्ने उद्देश्यले पनि पाश्चात्यहरूले काम गरेका थिए । परन्तु मोनियर विलियम, मैक्समूलर, ग्रीफ्थ, बुलनर आदि ठूलाठूला सयकडौंका काम राम्रा भए पनि धारणा ठीक थिएनन् । ग्रीफ्थ र मैक्डोनाल दुवैले 'वैदिक इण्डेक्स' ठूलो परिश्रमको साथ बनाएको देखिन्छ । तर धेरै कुराहरू सन्देहात्मक, भ्रमात्मक पारेर छोडेका छन् । जब कि ती पदहरू भ्रमात्मक छँदैछैनन् । यसरी वेद, ब्राह्मण, आरण्यक, पुराण, सूत्र आदि सबै क्षेत्रमा ऐलेसम्म तीनजनाले काम गरेका छन् । यिनैका आधारमा हिंड्ने भारतीय र नेपाली लेखालीहरू कति भर पर्दो हुन सक्लान् र ? यिनीहरूले नै आर्यहरू बाहिरबाट आएका हुन् भनेर लेखेका हुन् । हाम्रो मूल इतिहासमा यस्तो कुरा लेखिएकै छैन ।

विलियम, मैक्समूलर, मैक्डानल, ग्रीफ्थ, बुलनर आदिले कुटिल नीतिले गरेको काममाथि भारतका असली विद्वान्हरूद्वारा शोधखोज हुन थाल्यो । डा० सम्पूर्णानन्द, भगवद्दत्त बी० ए० र पं० रघुनन्दन साहित्यभूषण आदिले मनग्गे खोज गरे । विशेष गरेर मैक्समूलर आदिले ऋग्वेदको 'दासराज्ञ' युद्धलाई आर्य र अनार्यको जामा दिएर आर्यहरूले बाहिर इरान आदिबाट भारतमा आएर यहाँका मूल निवासी अनार्य किरात, कोल, भील, द्राविड आदिलाई दास बनाए भनेर लेखे । साथै बेजोड प्रचार पनि गरे । सरकार र शक्ति नै ईसाईहरूको थियो । मूल प्रचारको साधन पनि ईसाईहरूकै थियो । त्यसैले समस्त भारतमा आर्य र अनार्यको फुटको बीउ रोपे । स्कूल, कलेज, यूनिभरसीटी आदि शिक्षणसंस्थाहरूमा त्यो इतिहासलाई पाठ्यपुस्तकमा राखे र पढाउन थाले । यो पाठलाई महत्त्व दिएर लेख्ने लेखकहरूलाई पुरस्कृत गर्न थाले । त्यसैले भारतीय लेखकहरू पनि धेरै षडयन्त्रपूर्ण 'इतिहास' कै राग अलाप्न थाले । त्यतिखेर स्वामी दयानन्द मात्रै यस्ता महापुरुष थिए । उनले जोरदार शब्दमा 'यो अंग्रेज ईसाईहरूको झूठो चालबाजी मात्र हो । यहाँ भारतमा आर्यहरू आउने इतिहास सम्पूर्ण आर्यवाङ्मयमा कहीं पनि छैन' भनेर खण्डन गरे । हुन पनि हो, स्वामीजी यस वैदिक विषयका अधिकारी विद्वान् थिए । जब मूलैमा छैन भने हाँगाबिंगाको के कुरा ? यसरी भारतमा पनि पुरातत्त्व (Archaeology), नृतत्त्व (Anthropology)-को शोधखोज (Research) भइ नै रह्यो । विशेष 'पृथिवी पर इतिहास' सात भागमा दुर्गादास लाहिडी, रमेश मजुमदार, एस० के० दास आदि धेरैले वस्तुसत्यको खोज गरे । तर आर्यहरूले बाहिरबाट आउने कुनै स्रोत मिलेन । अब त भारतीय विद्वान्हरू पनि आर्यहरू बाहिरबाट भारतमा वा सिन्धुघाटीमा आएर

---

1. 'The ancient religion of India is doomed. Now, if Christianity does not sept in whose fault will it be ?' (Ibid, Vol. I, Chapter xvi, P. 378)
2. Your work will mark a new era in the efforts for the conversion of India.

निवास गर्ने कुरालाई मान्दैनन् । यहाँ 'आर्यहरूको आदिदेश'[1] भन्ने लघु पुस्तिकामा उद्‌धृत पाठ प्रस्तुत छ। नीरक्षीरविवेकी पाठकवृन्दले घोरिएर हेर्नुहुनेछ । यस्ता इतिहास बिगार्ने पाश्चात्यहरू धेरै भए। परन्तु शोधखोज गर्दा सत्य निक्लेन । त्यसैले आर्यहरू बाहिरबाट आएको कुनै प्रमाण छैन भनेर लेख्ने विद्वान्हरूले पनि खोजपूर्ण लेख प्रस्तुत गरेका छन् । धेरै जस्ता भारतीय विद्वान्हरू पनि पाश्चात्यहरूतिरै ढल्किए पनि मेरा गुरु पद्मभूषण स्व० डा० विष्णु श्रीधर वांकनकर[2] (उज्जैन विक्रम विश्वविद्यालयका पुरातत्त्व विभागका अध्यक्ष)-ले बीस वर्षसम्म सिन्धुघाटीसम्बन्धी अध्ययन गरेपछि 'दिल्ली इण्डियन एक्सप्रेस ३।८।१९८५' मा दिएको निष्कर्ष अवश्य मननयोग्य छ । वांकनकरजीको अर्को वक्तव्य 'Times of India, Ahmedabad २२।१२।१९८५' मा प्रकाशित भएको थियो । यो उनको शोधप्रबन्धको दोस्रो वक्तव्य थियो । यो पनि निष्पक्ष रूपले अत्यन्त मनन गर्ने योग्य देखिन्छ । विदेशीहरूले कति भर पर्दा खोज गरेका छन् भनेर एउटा प्रत्यक्ष उदाहरण[3] बनेको छ । प्राचीन इतिहास र पुरातत्त्वमा त आर्यहरूले भारतमा आउने कुरै छैन । आर्यहरू सधैं आर्यावर्तकै निवासी हुन् । यसमा सन्देह छैन । परन्तु हिन्दू इतिहासलाई झुक्याएकै

---

[1] 'There is no conclusive evidence of Aryan immigration into India from outside, according to Indian historians, linguists and archaeologists who participated in the international seminar in dushable, the capital of Soviet Republic of Tajikistan. Dr. N. R. Banergee, Director of National Museum and a member of India delegation, said that Indian scholars made out this point at the seminar and the papers presented by them were very much appreciated. The seminar was held under the aegies of 'UNESCO' to discuss the problem of ethnic movement during the second millenium B. C.

Ninety delegates from the Soviet Union, West Germany, Iran, Pakistan, and India attended. The seven member Indian delegation was led by Prof. B. B. Lal, Director of Advanced Studies. It was pointed out by Indian scholars the archaeological material associated with Aryans in different region and periods in India did not show any links with the archaeological survival of the Aryans in Afganistan, Iran and Central Asia.' (31 October 1977, The Hindustan Times, Delhi)

[2] Mr. Vishnu Shridhar Vakankar, Former Head of the Archaeology Department of University (Ujjain, M. P.) claimed here on Thursday that he had successfully made a break through in solving the mystery of the writing of the seals found in the Indus Valley Civilisation of Harappa and Mohen Jodaro. He claimed that the Indus Valley Civilisation was original to India and its roots are found in the Aryans' Civilisation.

He challenged foreign claims that the Indus Valley Civilisation was Non Aryan by stating that recent results were based on computers.

[3] His survey (conducted by 30 experts drawn from different disciplines likes Archaeology, Geology, History, Bolklor etc.) when completed might even drastically change the popular conception among historian that Aryans invaded India from Central Asia etc.

हो कि बाहिरबाट आर्यहरू आएकै हुन् भन्नेबारेमा 'The Aryan[1] invasion of India is recorded in no written document and it cannot yet be traced Archaeologically' भारतमा आर्यहरूले आक्रमण गरेको अथवा आएर बसोबास गरेको कुनै यस्तो लेख, पुरातत्त्व आदि प्रमाण पाइँदैन। त्यसैले सिन्धुघाटीको मोहनजोदडो, हडप्पा आदिको सभ्यता शुद्ध आर्यसभ्यता हो, किनभने 'मोहनजोदडो' को उत्खननको अध्ययनले आर्यहरूकै नगर हो भन्ने सिद्ध भइसकेको छ। द्राविड मङ्गोल भन्ने कुनै थिएनन्। जो आज द्राविड मङ्गोल भनेका छन्, यिनीहरू शुद्ध आर्य हुन्। यसमा सन्देह छैन।

आर्य शब्दको सही अर्थ

विदेशीहरूको इतिहासको योजनाबद्ध बिगार्ने क्रमभित्र आर्य, अनार्य, दस्यु, दास, असुर शब्दहरू पर्छन्। विदेशीहरूले इतिहासमा भ्रम उत्पादन गरेपछि भारतीयहरूले पनि 'आर्यहरू भारतका मूल निवासी होइनन्। भारतका आदिवासी दास[2], दस्यु, असुर, द्रविड, कोल, भील आदि हुन्' भनेर आर. सी. मजुमदार आदि भारतीयहरूले पनि लेख्न थाले। तर त्यतिखेर उपर्युक्त शब्दहरू जातिवाचक अर्थमा प्रयोग हुँदैन थिए। यी शब्द वा सञ्ज्ञाहरू जातिपरक नभएर गुणपरक, स्थान वा कार्यपरक हुनका साथै उपाधि-सूचक नाम मात्र थिए। परन्तु पाश्चात्य लेखकहरूको कुटिल नीतिले गर्दा आर्य, अनार्य, द्राविड आदि शब्द-हरूलाई भ्रमात्मक रूप दिएर फुट पार्ने प्रयास बेजोड ढङ्गले गरेका छन्। यो कुनै हालतमा पनि ठीक छैन, किनभने प्राचीन इतिहासले त्यसो भन्दैन। त्यसैले झूठो प्रचार गर्नलाई पाश्चात्यहरूले भ्रमात्मक इतिहास लेखेका हुन्।

धीरी, ढकी, कोरी, मुरी, टेकनी, किनामा, वेथी आदि शब्द नेपाली नै भए पनि नेपालभित्रकै रैथाने नेपालीहरूले नै पूर्ण रूपले जानेका हुँदैनन्। पश्चिम नेपालमा उपर्युक्त शब्दहरू प्रयोग गर्दा पटक्कै बुझ्दैनन्। पढेका लेखेकाहरू छन् भने कोष (Dictionary) पल्टाउन थाल्छन्। पूर्वेलीले 'झींगा धपा' भन्दा पश्चिमेले बुझ्दैन। हेरिरहन्छ। त्यस्तै पश्चिमेहरूको पनि 'गाउला हावि खान्या' आदि शब्द वा वाक्यांश सुन्दा पूर्वेली अकमक्क परेर हेर्छ। तर हामी सबै नेपाली नै हौं। एक राष्ट्रका निवासी हौं। एक झण्डामुनि छौं। यस परिस्थितिमा आफ्नै देशमा प्रचलित भाषाका शब्दहरूमा त यो दशा छ भने लाखौं वर्ष पुरानो भाषा संस्कृत भाषा, त्यसमा पनि वैदिक वाङ्मयको भाषा, त्यसमा पनि वैदिक व्याकरण, प्रातिशाख्य, मीमांसा, ब्राह्मणग्रन्थ, सूत्रग्रन्थहरूको गुरुपरम्पराबाट अध्ययनको अभाव, त्यसमा पनि सामान्य लौकिक र वैदिक कोष र नियमहरूको अध्ययनको अभाव, त्यसमा पनि विदेशी! कति नै पो अर्थ गर्न जाने होलान् र! धात्वर्थ, समासार्थ, विग्रहार्थ, प्रकरणार्थ, मण्डलार्थ, अध्यायार्थ, अष्टकार्थ, सूक्तार्थ, अनुवाकार्थ वा मन्त्रार्थ के पो जान्ने गरेका थिए होलान् ती विदेशीहरूले! फेरि त्यसमा वेदहरूमा मण्डलको सङ्गतीकरण, अध्याय वा अष्टक सङ्गतीकरण, सूक्तवाक वा अनुवाक सङ्गतीकरण, अनि मन्त्रसङ्गतीकरण, अनि मात्र मन्त्रभित्र परेका शब्दहरूको अर्थसङ्गतीकरण हुन्छ। परन्तु ती पाश्चात्यहरूले यी उपर्युक्त सङ्गतीकरणका लागि

1. Quoted from 'The Early Aryans Published in Cultural History of India' edited by A. L. Basham, published by Clarandou Press, Oxford, 1975.
2. The Aryans invaders or immigrants found in India two groups of people, one of which they named as Dasas or Dasyus and the other as Nishadas.

(R. C. Majumdar, Vedic Age, Page 156)

होइन, केवल स्वार्थको लागि काम गरेका हुनाले निश्चय नै 'आर्य' शब्दको अर्थ बिगारेर 'अनार्य' शब्दलाई दोषी बनाउने जाल रचेका हुन् । पाठकवृन्दले 'आर्य' शब्दको सही अर्थ बुझ्ने प्रयास गर्नुहुनेछ भन्ने विश्वासमा केही प्रमाण प्रस्तुत गरेको छु ।

सर्वप्रथम ऋग्वेदकै[1] मन्त्रार्थबाट आर्य शब्दको अर्थ बुझ्न सरल पर्नेछ । त्यसैले मन्त्रको अर्थ बुझ्नुहोस् । मन्त्रमा भनिएको छ—मानवले आत्मशक्तिलाई बढाउँदै लैजानुपर्छ । साथै भ्रम, प्रमाद, विप्रलिप्सा आदि दोषहरूबाट मुक्त भएर शुभकार्य गर्नेवाला हुनुपर्छ । शुभकर्मले आर्जेको सम्पत्तिको केही अंशदान दिएर समाजको उपकार गर्ने अदानभावलाई परित्याग गर्ने र सम्पूर्ण विश्वलाई आर्य=कुलीन, शिक्षित, विद्वान्, गुणवान् बनाउँदै अगाडि बढ । यो मन्त्रको अर्थ हो । 'आर्य' शब्दको अर्थ कोषले[2] अझ स्पष्ट पारेर राखेको छ । 'आर्य' शब्दको अर्थ महाकुल, कुलीन, सभ्य, सज्जन, साधुजन हो । व्याकरणको[3] धात्वर्थले पनि 'आर्य' शब्द गुणवाचक नै सिद्ध हुन्छ । वाल्मीकिरामायणमा[4] समदर्शीलाई 'आर्य' भनिएको छ । गीतामा[5] अकर्मण्यलाई 'आर्य' भनिएको छ । राजा दशरथले कैकेयीलाई 'वा० रा० अ० १३।५' मा 'अनार्या' भनेका छन् भने वाल्मीकिले पनि 'वा० रा० १९।१९' मा 'अनार्या' भनेको देखिन्छ । महाभारतादिमा 'आर्य' शब्दको अर्थ 'सत्पुरुष' (म० भा० उ० प० ३३।११७, १८) गरेको देखिन्छ । यहाँसम्म कि भगवान् बुद्धले पनि साधु, सज्जनलाई नै 'आर्य' भनेको बुझिन्छ । अर्थात्

'न तेन अरियो होतियेन पाणानि हिंसति ।
अहिंसा सवपाणानं अरियो तिपबुच्चति ।। (धम्मपद २७०)

प्राणीहरूको हिंसा गर्नेवाला 'आर्य' महापुरुष वा कुलीन, साधुसज्जन हुन सक्तैन । आर्य=साधु-सज्जन, महापुरुष त्यो हो, जसले प्राणीहरूमाथि अहिंसाको भाव राख्छ । जो अहिंसक बन्छ, त्यही 'आर्य' हो ।

यसरी प्राचीन तत्त्वदर्शी ऋषि. मुनि, आचार्यहरूले आर्य शब्दको अर्थ मानेर आएका छन् भने यी विदेशीहरूले 'आर्य' शब्दको 'जातिपरक' अर्थ गरेर हिन्दूहरूलाई एकआपस्तमा फुटाएका होइनन् र ? जब 'आर्य' शब्दको अर्थ साधु-सज्जन नै भन्ने दृढ प्रमाणहरूले सिद्ध भयो भने 'अनार्य' भनेको 'आदिवासी हुन्' भन्ने अर्थ कहाँबाट कसरी आयो ? यस अर्थलाई मिष्टर मूरले[6] पनि स्वीकार गरेनन् । आर्य, दस्यु, असुर आदि ऋग्वेदमा भएका शब्दहरू गुणवाचकादि नै हुन् । यसरी नै आर्यहरूभन्दा भिन्न जातिका द्राविडहरू थिए भन्ने कुरा सत्य होइन । यो मैले अन्यत्र लेखिसकेको छु । वी० आर० रामचन्द्र दीक्षि-

---

[1] 'इन्द्रं वर्धन्तो अप्तुरः कृण्वन्तो विश्वमार्यम् । अपघ्नन्तो अराव्णः (ऋ० ९।६३।५)

[2] महाकुलकुलीनार्यसभ्यसज्जनसाधवः (अ. को. २।७।३)

[3] 'अर्यस्वामिवैश्ययोः (पाणिनिको अष्टाध्यायी ……)

[4] आर्यः सर्वसमश्चैव सदैव प्रियदर्शनः (वा. रा. बा. १।१६)

[5] अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन (गी. २।२)

[6] 'I have gone over the names of Dasyus or Asuras mentioned in the Rigveda with the view of discovering whether any of them could be regarded as of Non Aryan or indigenous origin. But I have not observed that appeared to be of this character.

(Original Sanskrit Text, Vol. II, P. 387)

तारको[1] शोधपूर्ण 'Origin and Spread of the Tamils' भन्ने पुस्तकमा गरेका छन् । राम्ररी हेर्नुहोस् । रामचन्द्रको खोजअनुसार पनि दस्यु र द्राविड आर्यभन्दा भिन्न होइनन् । आर्यभन्दा भिन्न थिएनन् । तर दीक्षितारको खोजमा अलिकति संशोधन गर्नुपर्ने देखिन्छ । तैपनि द्राविडहरू र दस्युहरू आर्य नै हुन् र थिए पनि भन्न र लेख्नमा हामीलाई आपत्ति छैन । त्यसैले अब हामी आफ्नो वास्तविक इतिहासको बाटोमा लम्कन प्रयास गर्दैछौं । यसमा सन्देह छैन ।

दस्यु को थिए ?

विदेशीहरूले खोज गरिदिएको इतिहास ठीक हो के त ? यो शङ्का हाम्रा स्कूल-कलेजदेखि लिएर विश्वविद्यालयसम्मका अध्यापकगणलाई नै थाहा छैन । विद्यार्थीहरूलाई त के दोष लाउने ! जस्तो गुरु उस्तै चेला हुन्छन् । यहाँ जुन 'आर्य' शब्दलाई जातिवाचक बनाएर आर्यहरूलाई भतुवा वनाउने कुचेष्टा पाश्चात्य लेखकहरूले गरेका थिए, त्यस्तै 'दस्यु' शब्दलाई पनि जातिवाचक नै मानेर आर्य र 'दस्यु' को लडाइँ गराएर फुट पार्ने चेष्टा गरेका छन् । त्यसको सही अर्थ के हो र 'दस्यु' शब्द जातिवाचक हो कि गुणवाचक हो, पाठकवृन्दले स्वयं घोरिएर हेर्नुहोस् । 'दस्यु' शब्दको अर्थ स्वयं महाभारतले खुलस्त पारेर भनेको छ ।

दृश्यन्ते मानुषे लोके सर्ववर्णेषु दस्यवः ।
लिङ्गान्तरे वर्तमाना आश्रमेषु चतुर्ष्वपि ॥
(म० भा० शा० प० ५।२३)

गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ, संन्यास यी चारै आश्रमहरूमा, सबै वर्णहरूमा, सबै लिङ्गका मनुष्यहरूमा 'दस्युहरू' देखिन्छन् । यस श्लोकको इतिहासले यो निश्चित गरेर वतायो कि 'दस्यु' भनेको एउटा जाति अथवा हीन जाति अथवा आदिवासी जाति होइन । 'दस्यु' भनेको गुणवाचक शब्द हो । त्यसैले ती विदेशी लेखकहरूले 'दस्यु' शब्दको पनि अर्थ बुझेनन् । अनि अण्ट-सण्ट लेखेर फुट पार्ने कुरा लेखेर छोडे । यो विदेशीहरूले लेखिदिए । धन्यवाद छ । तर हिन्दूहरूको वर्तमान र भविष्य दुवैमा गुलियो विष मिलाइदिनु ठीक काम होइन । यो त्यही प्रेमीको 'Slowly darling I theath' जस्तै हो । ती विदेशीहरूले वेदको अर्थ लगाउने मुख्य ग्रन्थ 'निरुक्त' नै पढेका थिएनन् । पढेको भए त्यस्तो गलत अर्थ किन गर्थे र ! यहाँ निरुक्तको अर्थ पनि हेर्नुहोस् । 'दस्युदस्यतेः क्षयार्थात्-उपदस्यान्ति अस्मिन् रसा, उपादासयति कर्माणि वा दस्युः' (निरुक्त ७/२३) यास्काचार्यले विदेशीहरूभन्दा हजारौं वर्षपूर्व यो परम्परागत अर्थ पढेका थिए । जो कुत्सित कर्म गर्छ, जो निकम्मा भएर समाजको भार हुन्छ, जो आफूले शुभकर्म अथवा राम्रो काम गर्दैन, अरूलाई पनि राम्रो काम गर्न दिंदैन, त्यस्तालाई 'दस्यु' भनिन्छ । जसले त्यस्तो कर्म गर्छ, त्यही नै दस्यु हो । जसले मद खान्छ त्यै मदवाली हुन्छ । जसले चोर्छ, त्यही चोर हुन्छ । जसले बी० ए०,

---

[1] "The fact is that the Dasyu were not Non Aryan. The theory that the Dasyu-Dravidians inhabited the Punjab and the Ganga Valley at the time of the so called Aryan invasion of India and overcome by the latter, they fled to South India and adopted it as their home cannot stand."

(Origin and Spread of the Tamils, by V. R. Ramchandra Diksitar)

एम० ए०, पी-एच० डी० पढाइ गर्छ, त्यही नै त्यस उपाधि वा पदको धारण गर्नेवाला हुन्छ। यहाँ कुनै जातिसँग मतलब छैन। त्यस्तै 'दस्यु' शब्द पनि हो। ऋग्वेदमा[१] पनि 'दस्यु' कर्मबारे प्रष्ट लेखेको छ। अकर्मा=शुभकर्म नगर्ने, ब्रत आदिलाई नमान्ने, अमानुष=अमानविक व्यवहार गर्नेलाई 'दस्यु' भनेको छ। रावणलाई कताकताबाट पुलस्त्यको नाति विश्रवा ऋषिको छोरा भन्छन्। तर रावणलाई नै दस्यु, दानव, राक्षस आदि नामले पुकारिएको छ। बाबु र बाजे असाध्य पूज्य ऋषि भए, किनभने उनीहरूले शुभकर्म गरे। तर रावणले त्यसको विपरीत कर्म गरे, त्यसैले राक्षस=दस्यु आदि शब्द वा सञ्ज्ञाले पुकारिन्छन्। मनुस्मृतिसम्म[२] आइपुग्दा जातिपरक नै शब्दहरू प्रयोग हुन थाले पनि 'दस्यु' सबैमा हुन्छन् भन्ने इतिहासचाहिं मनुले पनि लेखेकै देखिन्छ। परन्तु मैक्डानल र ग्रिफिथ दुवैले वेदका धेरै मन्त्रहरूलाई बुझ्न सकेनन्। अथवा यिनीहरूको मस्तिष्कमा बदमाशी भरिएको थियो, किनभने प्रसङ्गार्थ नबुझीकन जताभावी मन्त्रहरूमा परेका 'कृष्ण' आदि शब्दका 'दस्यु' अथवा असुर, दानव, दासहरू काला हुन्थे भनेर लेख्नु मूर्खता हो। ऋग्वेदका धेरै मन्त्रहरूमा ग्रिफिथले यस्ता कैयौं प्रसङ्गले नभ्याउने गलत अर्थ गरेका छन्। प्राचीन वाङ्मयका स्वाध्यायशील महानुभावहरूले स्वयं बुझिहाल्नुहुनेछ। मैकडानल[3] र ग्रिफिथको[४] यो अर्थ निश्चितै निन्दनीय देखिन्छ। कालो वर्ण भएका आदिवासीहरूलाई 'दस्यु' भन्थे, यी दास, दस्युहरू सधैं आर्यहरूका विरोधी थिए भनेर लेखे। यो अनुवाद र लेखहरूले धेरै बुद्धि नभएका मानिसहरू भडकिए पनि। यति मात्रै होइन, ऋग्वेदका[५] धेरै मन्त्रहरूमा यस्ता भ्रमात्मक कुरा लेखेका छन्।

यसरी पाश्चात्यहरूले फुट पार्नलाई गरेको षडयन्त्र हरेक शास्त्रहरूमा छन्। कालो वर्ण, चेप्टो नाक आदि विशेषणको साथ दस्यु, दास, असुर आदिको वेदहरूमा गलत अर्थ लेखिदिनाले हिन्दूहरूलाई आफैंले आफूलाई घृणाको दृष्टिले हेर्ने बनाइदिए। यो पाश्चात्यहरूको ठूलो चालबाजी थियो। यस्ता अर्थ गर्नालि निकै विद्वान् र बुझ्ने हुँ भन्नेहरू पनि ठूलो भ्रममा परेका छन् भने अध्ययन नभएका किरातवर्गको कुरै के गरौं? कतिपय किरातहरूले सुनि-सुनाइको भरमा यदा कदा उपर्युक्त भ्रष्ट अर्थ गरेको कुरा सुनिन्छ। तर स्वयं किरातहरूमा त्यो अध्ययन, मनन, चिन्तन गरेर निष्कर्ष निकाल्ने क्षमता आजसम्म पनि देखिएन। त्यसमा सबैभन्दा ठूलो अभाव संस्कृत-ज्ञान शून्य हुनु हो।

शिश्नदेव किरात

आर्यहरूले किरातहरूलाई 'शिश्नदेव' अर्थात् लिङ्गपूजक भनेर गाली गर्थे भन्ने इतिहास पनि गलत हो। ग्रिफिथ र मैक्डानल आदिले यसको अर्थ नै बुझेनन्, किनभने पाश्चात्यहरूको व्याकरणमा समास, विग्रह, व्युत्पत्ति, धात्वर्थ, प्रत्ययार्थ आदि नियमहरूको आविष्कारै भएको छैन। यस परिस्थितिमा आर्यहरूका मूल ग्रन्थहरू अनधिकार पढ्ने र लेख्ने चेष्टा गरे। फलतः धेरै स्थलहरूमा 'अर्थ न बर्थ

---

१. अकर्मा दस्युरभि नो अमन्तुरन्यव्रतो अमानुषः (ऋ० १०।२२।८)

२. मनुस्मृति १०।४५

3. The term Dasa, Dasyu properly the name of the dark aboriginies.

(Micdonal, Vedic Index, P.)

4. The dusky brood, the dark aborigines who opposed the Aryans. (ऋ० १।१०१।१ टिप्पणी)

५. (ऋ० १।१०१।१, ऋ० १।१३०।८, ऋ० २।२०।७, ऋ० ४।१६।१३, ऋ० ६।४७।२१, ऋ० ७।५।३ आदि।)

गोविन्द गाई' हुन पुग्यो । 'शिश्नदेव' शब्द त्यस्तै हुन पुगेको छ । 'शिश्नदेव' शब्दले किरातहरूलाई गाली दिने अथवा हेला गरेर भन्ने कुरा सरासर झूठा हो । यो 'शिश्नदेव' शब्द ऋग्वेद सातौं मण्डलको एकाइसौं सूक्तको पाँचौं मन्त्रमा समावेश भएको शब्द हो । यहाँ 'शिश्न' शब्दको अर्थ पुरुषको मूत्रेन्द्रिय नै हो । तर 'देव' शब्दले भने मैक्समूलर, बूलर, राथ, लुडविग, मैकडानल, ग्रिफिथ आदि सबैको मस्तिष्कलाई खर्लप्प खाएको देखिन्छ, किनभने उनीहरूको बुद्धिमा 'देव' भनेको 'देव देवता' मा नै टुङ्गियो । त्यसैले 'शिश्नो देवो येषां ते शिश्नदेवाः' भन्ने गलत अर्थतिर दगुरे । 'शिश्न' भनेको पुरुषमूत्रेन्द्रिय नै हो, 'देव' भनेको 'देवता' जसको 'शिश्नदेव' भन्ने अर्थ पाश्चात्यहरूले लगाउनु गलत थियो, किनभने यस शब्दमा प्रयोग भएको 'देव' 'देवतावाची' शब्द होइन । यो शब्द खेल गर्ने, मजाक आदि वाचक शब्दमा प्रयोग भएको 'देव' शब्द हो । पाणिनिको धातु पाठमा 'दिवु क्रीडाविजिगीषा…' भएको 'देव' शब्द हो । त्यसैले 'शिश्नदेव' शब्दको सही अर्थ 'शिश्नेन मूत्रेन्द्रियेण दीव्यन्ति = क्रीडन्ति ये ते शिश्नदेवाः'; यसको सीधा अर्थ हो 'इन्द्रिय' मा संयम नराख्ने व्यभिचारी । आफ्नो इन्द्रियमा संयम नराख्ने भन्ने अर्थ हुन्छ । ती पाश्चात्यहरूलाई आर्यइतिहासको थाहा नै थिएन । साथै उनीहरूको 'इतिहास' खोज्ने उद्‌देश्य नै थिएन । जसरी भए पनि मौकामा 'इतिहास' बिगारेर फुट पारेर आफ्नो स्वार्थ सिद्ध गर्ने उनीहरूको उद्‌देश्य थियो । त्यसै उद्देश्यअनुसार ती पाश्चात्यहरूले अर्थ गरे ।

ती पाश्चात्यहरूलाई यो भने पटक्कै थिएन कि चारै वेदमा 'लिङ्गपूजा' अर्थात् 'शिवलिङ्ग' मा प्रयोग हुने 'लिङ्ग' शब्द नै छैन । 'लिङ्ग' माने 'शिवलिङ्ग' पूजाको इतिहास वैदिक कालभन्दा अलि पछिको हो । त्यसैले वेदमा 'शिव' र रुद्रको उल्लेख र पूजा भए पनि 'लिङ्ग'को रूपमा पूजा भएको उल्लेख पाइँदैन । मूर्तिविग्रहकै¹ पूजा प्रशंसा भएको उल्लेख पाइन्छ तर मैकडोनालको 'वैदिक माइथोलोजी', कीथ, आल्टिन्डिशे लेवेन, हापकिंस-रिलिजन अफ इण्डिया, ग्रिफिथ-अनुवाद आदि सबैमा प्रायःजसो यै उटपटाङ अर्थ गरेर राखेको देखिन्छ जो कि जहाँ 'शिश्नदेव' शब्दको उल्लेख छ । त्यहाँ 'पूजा' को प्रकरण नै छैन । त्यहाँ यिनीहरूले (पाश्चात्यले) कहाँबाट 'लिङ्गपूजा' लाई घोक्र्याइ मुन्ट्याइ गरी ल्याए ? यो विचारणीय विषय छ । त्यसो नहुनुपर्ने हो । विश्वको कल्याण चाहने ईसाईहरूले अर्काको इतिहास बिगारेर के फाइदा लिए त ! यति नै हो कि भारतमा अंग्रेज ईसाईलाई तिमीहरू बाहिरबाट आएका हौ, अब हाम्रो भारत छोडेर आफ्नो देशमा जाओ, हाम्रो देशमा तिमीहरूले शासन गर्न पाउँदैनौ आदि आन्दोलनका कुराहरू उठिसकेका थिए । यस्ता कुरा उठाउनेहरू धेरैजसो बाहुनहरू नै थिए । ती नेताहरू र केही शिक्षितवर्गलाई भ्रममा पार्नु र अशिक्षित किरात, कोल, भील आदिलाई तिमीहरू यहाँका आदिवासी हौ । यी आर्यहरूले तिमीहरूलाई दास बनाए । थिचोमिचो गरे । तिमीहरूको राज्य हरण गरे । तिमीहरूलाई कहिल्यै माथि उठ्न दिएनन् आदि कुरा लेखेर भ्रामक प्रचार गर्नु नै साधुबिरालाको उद्देश्य देखिन्छ । नभए यस्ता गलत अर्थ किन गर्ने प्रयास गरियो ? यस प्रश्नको जबाव अर्को छैन । फेरि, ती पाश्चात्यहरूलाई यो पनि ज्ञान हुनुपर्छ कि आर्य-हिन्दूहरूको निरूक्त, व्याकरण र भाष्य, प्रातिशाख्य आदि ग्रन्थहरूमा यी मन्त्रहरूका शब्दको अर्थ भइसकेको होला । यताउता नहेरीकन खुरुखुरु कोलुको गोरु हुनु नै उनीहरूको कपटपूर्ण उद्देश्य थियो भन्ने बुझिन्छ ।

---

[1] इमा रुद्राय तवसे (ऋ. वे.)

(क) नमो हिरण्यबाहवे (य. वे.)

यी मन्त्रहरूमा प्रयुक्त शब्दहरूको यास्काचार्य, पाणिनि, सायणादिले उनीहरूभन्दा पूर्व नै अर्थ लेखिसकेका थिए भने ती अर्थहरूको धातु, प्रत्यय आदिको चियोचर्चा नगरीकनै आफ्नो मनपरी अर्थ लेख्नु बदमाशी होइन भने के हो त ? झन्सारो एकोहोरिएर केही भारतीय र केही नेपाली अन्धभक्त लेखकहरूले पनि मूल वेदलाई नहेरीकन लेख्दा के आफ्नै आत्महत्या भएको होइन र ? यी इतिहासमाथि विचारवान् मूल ग्रन्थहरूका अध्येता विद्वान्हरूले न्यायपूर्वक विचार गर्नु आवश्यक छ । यास्काचार्य र सायणाचार्यादिले 'शिश्नदेव' शब्दको अर्थ 'अब्रह्मचर्य' गरेको प्रासङ्गिक अर्थ छ । इन्द्रियनिग्रह नहुने मान्छे काम लाग्दैन । व्यभिचारी, चरित्रहीन मान्छे समाज, राष्ट्रको उत्थानमा बाधक हुन्छ । त्यस्तो हुनु हुँदैन भन्ने अर्थमा ऋग्वेदमा[1] शिश्नदेव शब्दको प्रयोग भएको छ । किरात, द्राविड आदिलाई गाली दिने अर्थ होइन । कुनै हालतमा पनि प्रसङ्गले नमिल्ने कुरालाई हामीले किन मान्ने ? अर्को कुरा, हाम्रा बाजे, बोजू, पिता, माता नै बताउनेवाला छँदैछन् । जब हाम्रो आचार्य-परम्परा, गुरु-परम्परा, बाबुबाजेका परम्परा अर्थ गर्नमा समर्थ छन् र साथै अर्थ गरेर राखेकै छन् भने सात समुद्रपार गएर 'यसको अर्थ के हो ?' 'हो तपाईंले गरेको अर्थ ठीक हो' भन्नु 'मेरो बाजे अथवा बाबुको बिहामा नौमती कस्तो बजेको थियो ? भन्नुहोस् त !' भनेजस्तै हो । अथवा मेरी आमाको बिहा हुँदा सिंदूरपोते आदि लगाइदिन तपाईंले पनि सघाइदिनुभएको थियो । त्यस वेला म त्यहीं थिएँ । तपाईंलाई देखेको पनि थिएँ । अब लु भन्नुहोस् त छोरो कस्को हो ? ठीक-ठीक भन्नुहोस् । वैदिक वाङ्मयको बारेमा पनि ठीक यस्तै भइराखेको छ । पाश्चात्यहरूले वैदिक वाङ्मयको अध्ययन गर्नु राम्रै कुरा हो । उनीहरूले रिसर्च गरे । त्यो पनि राम्रै भयो । उनीहरूले कनी कुथी वेदमन्त्र वा शब्दार्थ पनि गरे, त्यो पनि राम्रै भयो, किनभने अशुद्धलाई शुद्ध गर्ने अवसर प्राप्त भयो । तर जहाँ अर्थ र अर्थगराइको प्रामाणिकता छ, त्यहाँचाहिं आमालाई छोडेर झट्ट सात समुद्रपार गएर 'तपाईंले मेरो बाबुको पक्का टुङ्गो लगाइदिनुभयो, धन्यवाद' भन्नेहरूको दिमाग ठीक छ के त ? अस्तु जे होस्, यहाँ किरातहरूलाई गाली दिने अर्थ केवल पाश्चात्य र उनीहरूलाई पच्छयाउनेहरूको मात्र छ । आर्यावर्तीय आर्य-हिन्दूविद्वान्हरूको अर्थ त्यो होइन । भन्न खोजेको यति नै हो । तर विदेशीहरूले वेदहरूमा परेका अकर्मन्, अमानुष, अदेवयु, अयज्यु, अव्रत, अन्यव्रत, कुसीदी, दस्यु, अनास आदि शब्दहरूको उटपटाङ गलत अर्थ गरेकोलाई हटाएर हाम्रो इतिहासलाई सोझो पारेर लैजाने आवश्यकता छ ।

अनास भनेको थेप्चे नाक

यसमा विदेशी विद्वान्हरूको ठूलो भूल भएको देखिन्छ । यद्यपि परम्परावादी विद्वान् भाष्यकारहरूमा पनि वैमत्य छ, तर वैदेशिकहरूले जस्तो गलत अर्थचाहिं गरेका छैनन् । प्राचीनकालमा अनस शब्दको प्रयोग शकट=गाडीको अर्थमा हुन्थ्यो । यसको प्रयोग ऋग्वेदको चौथो मण्डलको तीसौं सूक्तको दशौं मन्त्रमा तथा ऋग्वेदको दशौं मण्डलको पच्चासी सूक्तको दशौं मन्त्रमा र दशौं मण्डलको छयासी

---

[1] ऋ. ७।२१।५

(क) ऋ. ७।९९।३

(ख) निरुक्त ४।१९

(ग) ऋ. १०।९९।३

सूक्तको अठारौं मन्त्र आदिमा 'अनस्' शब्दको अर्थ शकट नै गरेको प्रष्ट छ। यस्तै, शतपथब्राह्मणमा[1] पनि 'अनस्' शब्द शकटकै वाचक देखिन्छ। छान्दोज्योपनिषद्मा[2] पनि शकट-अर्थमै प्रयोग भएको देखिन्छ तर विदेशी लेखकहरूले 'अनस्' शब्दको 'दस्यु' अथवा नेप्चे नाकवाला भन्ने अर्थ गरेका छन्। सही मानेमा पाश्चात्यहरूले यस प्रकारको अर्थ गर्नुमा ठूलो रहस्य लुकेको छ। उनीहरूको उद्देश्य अर्थ बिगारेर इतिहास बिगार्ने, त्यसपछि आफ्नै इतिहासमा भ्रम उत्पादन गरेर आपस्तमा बजाएर अशान्त पार्ने अनि फुट पारेर राज्यशासन हत्याउने अनि मजाले शासन गर्ने थियो। त्यसैले 'अनस्' शब्दको गलत अर्थ लेखे। अन्यथा प्रकरणविरुद्ध, प्रसङ्गविरुद्ध, सङ्गतीकरणविरुद्ध किन लेख्थे र ?

विशेष जिज्ञासुहरूले उपर्युक्त मूल ग्रन्थ अध्ययन गरेर आफ्नो जिज्ञासा पूर्ण गर्नुहुनेछ। अझै मिहिनेत नगरेर खालि अर्कालि नै लेखिदिएको भरोसामा हिन्नु पनि स्वाभिमानलाई तिलाञ्जलि दिएर बुद्धिको हत्या गर्नु हो। त्यसो नहोस् भन्ने पनि सुझाव राखिन्छ।

---

[1] श. प. ब्रा. १।१।२५

[2] छा. उ. ३।८

खण्ड—५

पुराणहरूमा किरात

अग्निपुराणमा किरात

वायुपुराण र अग्निपुराणको[1] भूगोल र इतिहासमा केही कुरा, केही शब्दावलीमा मात्र अन्तर देखिन्छ। जस्तै—समुद्रदेखि उत्तर तथा हिमालयदेखि दक्षिणसम्मको भूभागलाई 'भारतवर्ष' भनेको छ, जसको क्षेत्रफल ९ हजार योजन फैलिएको छ। यो अंश अथवा श्लोक भौगोलिक दृष्टिले सन्देहात्मक देखिए पनि यसको सङ्गतीकरण लागेको हुनुपर्छ। यो स्वर्गसमान कर्मभूमि हो। साथै 'अपवर्ग' मोक्ष दिने दिलाउने भूमि हो। यसमा सात कुलपर्वत छन्, जसको नाम महेन्द्र, मलय, सह्य, शक्तिमान्, हेमपर्वत, विन्ध्या, पारियात्र हो। इन्द्र, कसेरू, ताम्रपर्ण, गभस्तिमान्, नागद्वीप, गन्धर्व, वारुण यी सातै द्वीप पनि छन्। यो जम्बूद्वीप नवम द्वीप हो। यो पनि सागरले घेरिएको छ। दक्षिण र उत्तर गरी एक हजार योजन विस्तृत छ। यसरी भारतवर्षका नव भेद छन्। साथै पूर्वदेखि मध्यमा पनि भेद=विभाग छ, जसमा पूर्वतिर किरातक्षत्रियहरू बस्दछन्, पश्चिममा यवनक्षत्रियहरू बस्दछन्। अनि मध्यदेशमा ब्राह्मणादि बस्छन्। जम्बूद्वीपमा पारियात्र पर्वतबाट उत्पन्न भएका वेद, स्मृति आदि नदीहरू छन्।

यहाँ अग्निपुराणको इतिहासले पनि दुइटा कुरा प्रष्ट हुन्छ। एउटा, सात कुलपर्वतहरूका नाम र सात द्वीप भारतवर्षमा छन् भन्ने स्पष्टीकरण हुन्छ। अर्को, पूर्वमा किरातक्षत्रिय र पश्चिममा यवनक्षत्रिय

---

१. उत्तरं यत्समुद्रस्य हिमाद्रेश्चैव दक्षिणम्
वर्षं तद्भारतं नाम नवसाहस्रविस्तृतम् ।।१।।
कर्म भूमिरियं स्वर्गमपवर्गञ्च गच्छताम्
महेन्द्रो मलयः सह्यः शक्तिमान् हेमपर्वतः ।।२।।
विन्ध्यश्च पारियात्रश्च सप्तात्र कुलपर्वताः
इन्द्रद्वीपः कसेरुश्च ताम्रपर्णो गभस्तिमान् ।।३।।
नागद्वीपस्तथा सौम्यो गान्धर्वस्त्वथ वारुणः
अयन्तु नवमस्तेषां द्वीपसागर सम्वृतः ।।४।।
योजनानां सहस्राणि द्वीपोऽयं दक्षिणोत्तरात्
नवभेदा भारतस्य मध्यभेदेऽथ पूर्वतः ।।५।।
किराता यवनाश्चापि ब्राह्मणाद्याश्च मध्यतः
वेदस्मृतिमुखा नद्यः पारियात्रोद्भवास्तथा ।।६।।

(अ० पु० भा० व० व० ११८ अ० १,२,३,४,५,६)

तथा मध्यदेशमा ब्राह्मणादिले निवास गर्दा रहेछन् भन्ने इतिहास प्रष्ट हुन्छ। यसको साथै मध्यदेशको कुलपर्वत 'पारियात्र' रहेछ। त्यस कुलपर्वतबाट वेद, स्मृति आदि नदीहरू निक्लेका रहेछन्। तर यहाँ किरात-इतिहासको प्रसङ्गमा भूगोलको प्रसङ्गलाई पनि भुल्नु हुँदैन। त्यसैले यहाँ आएर सातै कुलपर्वत र सातै द्वीपको भौगोलिक स्थिति पत्ता लाउनु अत्यावश्यक देखिन्छ। द्वीपहरू त जम्बूद्वीपभन्दा भिन्न हुन् भन्ने प्रष्ट भएजस्तै ती सात कुलपर्वत जम्बूद्वीपभित्र पर्दैनन् कि जस्तो लाग्छ, किनभने भारतवर्षका सात द्वीप र सात पर्वत भारतवर्षभित्र अवश्य पर्छन्। त्यस्तै, सात कुलपर्वत पनि भारतवर्षभित्र नै पर्छन्।

यदि सात कुलपर्वतहरू जम्बूद्वीपभित्र पर्छन् भने भारतवर्षको घेरा अथवा क्षेत्रफल अत्यन्त सानो हुन जान्छ। ९ हजार योजन हुन सक्दैन, किनभने एक योजनमा ८ मील हुन्छ। हिन्दूहरू सात द्वीपमा निवास गर्थे। सातै द्वीपभित्र कुलपर्वत हुनुपर्छ। जम्बूद्वीपमा पारियात्र कुलपर्वत हुनुपर्छ। तर ऐले पारियात्र मात्र होइन, कैयौं विद्वान्हरूले सातै कुलपर्वत जम्बूद्वीपभित्रै बताउने गरेका छन्। ती सात कुलपर्वत र सात द्वीप भारतवर्षभित्र नपर्ने प्रमाण सागरले घेरिएका छन् र परस्परमा भेटिंदैनन्। कैयौं जहाज आदि उपकरणबाट मात्र एक द्वीपबाट अर्को द्वीपमा जान सकिने कुरा पनि प्रसिद्ध छ। वर्तमान जम्बूद्वीप त कन्याकुमारी, रामेश्वर, द्वारिका आदिले घेरिएको भूभागलाई बताउँछन्। साथै किरात-क्षत्रियहरू अग्निपुराणको अनुसार ब्राह्मणहरूको अत्यन्त निकट सम्पर्कमा देखिन्छन्, किनभने पूर्वमा किरात र पश्चिममा यवनक्षत्रियहरू देखिन्छन् भने मध्यभागमा ब्राह्मणहरू देखिन्छन्। यो अवश्य छ कि त्यतिखेर आजको जाति विशेषमा ब्राह्मण उदार थिए। कतै किरातहरू पुरोहित थिए भने कतै ब्राह्मण पुरोहित भएको इतिहास पनि पाइन्छ। यहाँसम्मको प्राचीन किरात-इतिहास अत्यन्त राम्रो र गहकिलो छ। उत्तर र दक्षिण समुद्रको माझमा पर्ने भारतवर्षको अर्थ भने व्यापक छ।

यस्तै अग्निपुराणभित्र अनेक प्रसङ्गमा साक्षात् परम्परया किरातहरूको उल्लेख भएको पाइन्छ। यहाँ प्रत्येक पुराणभित्र उल्लेख भएको किरातहरूको इतिहास राख्दा किरातहरूको इतिहासका ग्रन्थ अठारओटा हुन जान्छन्। यस्तै उपपुराण पनि अठारैओटा हुन जान्छन्। त्यसैले मूल कुरा संक्षेपमा ऐतिहासिक र भौगोलिक दृष्टिकोणले राखिएको हो। पुराणहरूमा भएको किरातहरूको उल्लेखबारे अझ गम्भीर अध्ययन हुनु बाँकी नै छ, तथापि अग्निपुराणको सूत्रात्मक इतिहास यहाँ राखिएको हो। इतिहासबुभूत्सुजनले मूल ग्रन्थ पैल्याउनैपर्छ। अनि मात्र किरातहरूको आद्योपान्त गहन अध्ययन हुन सक्छ। यहाँ संक्षेप रूपमा दिइएको इतिहासलाई पनि मननपूर्वक अध्ययन गरेमा किरातहरूको बारेमा र किरात-इतिहासबारेमा धेरै कुरा स्पष्ट हुनेछ। यसमा सन्देह छैन। तर दोषी आँखाले हैन अपितु तत्त्वविवेचनको दृष्टिले हेर्नु आवश्यक छ।

मत्स्यपुराणमा किरात

वायुपुराण र अग्निपुराणभन्दा विशेष कुरा 'सहस्राणि दशैवतु' भन्ने पाठ मत्स्यपुराणको[1] हो।

---

१. भरणात्प्रजननाच्चैव मनुर्भरत उच्यते
भारतस्यास्य वर्षस्य नवभेदान्निबोधत ॥९॥

इन्द्रद्वीपः कसेरुश्च ताम्रपर्णो गभस्तिमान्
नागद्वीपस्तथा सौम्यो गन्धर्वस्त्वथ वारुणाः ॥१०॥

अरू इतिहास भने पनि भूगोल भने पनि समान छ। तर दश हजार भन्ने पाठले भने अवश्य पनि खलबल पारेको देखिन्छ। यसमा विशेष कुरा ६ वटा देशको उल्लेख भएको छ। ती देशहरू मत्स्य, किरात, कुल्य, कुन्तल, काशिक र कौशलादि हुन्। यी देशमध्ये 'मत्स्य'[1] देश सारै विवादास्पद भएको छ। भारतीय विद्वान्हरू भारतको मध्यप्रदेश आदिलाई मत्स्यदेश बताउँछन्। किन्तु विराटराजाको राजधानी मत्स्यदेशै हो भनेर किटान महाभारतले गरेको छ। राजस्थान, मध्यप्रदेश, गुजरात, उडिसा तथा महाराष्ट्र आदिमा मत्स्यदेश हुने अनुमान भारतीय विद्वान्हरूले गरेका छन्। तसर्थ यसको रिसर्च हुन अझै शेष छ।

परन्तु मत्स्यको साथमा आएका 'कुल्य' र 'कुन्तल' पनि किरातहरूकै देश वा राष्ट्र थिए। यो कुन-कुन देशमा पर्छ र आज कुन-कुन नामले पुकारिन्छ, यो अरू खोजको विषय बनेकै छ। 'काशिक' भने आजको वाराणसी (बनारस) जिल्ला नै हो र 'कोशल' आजको जिल्ला फैजाबाद नै हो भन्दा अत्युक्ति हुनेछैन, परन्तु 'किरात' मात्रै धेरै भएको देश पनि थियो। त्यसैले 'किराताः' शब्द पनि महत्त्वको छ। प्राचीन इतिहासको चिनारीमा मत्स्यपुराणका यी उपर्युक्त पंक्तिहरूले प्राचीन इतिहासलाई प्रष्ट्याएको छ।

यसको साथसाथै मत्स्यपुराणको हिमवत्प्रदेश वर्णनमा ११७ अध्यायको एघारौं श्लोकमा फूल र वृक्ष विशेषमा पनि 'किरात' शब्दको प्रयोग भएको देखिन्छ। जस्तै—'किरातैः किङ्किरातैश्च[2] केतकैः श्वेतकेतकै' यी वृक्षपुष्प विशेषमा प्रयोग हुनु किरातहरूको प्रिय फूल प्रिय वृक्ष हुनुपर्छ। जस्तै—चिराइतो किरातहरूले नै चलाएको औषधिको नाम हुनाले चरकादि आयुर्वैदिक ग्रन्थहरूमा 'किरातम् किराततिक्तम्' लेखिएका छन्। यस्तै अरू पनि मत्स्यपुराणको ठाउँठाउँमा किरात शब्द उल्लेख भएको छ; जस्तै—'किरातांश्च[3] पुलिन्दाश्च कुरुन् वै भरतानपि'। जातिवाचक द्वितीयान्त बहुवचनान्त प्रयोग पनि किरात-इतिहासको लागि महत्त्वपूर्ण देखिन्छ। यसरी मत्स्यपुराणकालमा किरातहरू आफ्नो स्थितिमा अत्यन्त प्रसिद्ध थिए भन्ने इतिहास प्रष्ट राखेको बुझिन्छ।

यसको साथै मत्स्यपुराण विज्ञान (Science)-को क्षेत्रमा पनि अत्यन्त महत्त्वपूर्ण ग्रन्थ मानिन्छ। किरातकालिक इतिहासको महत्त्वपूर्ण अध्याय हो। मत्स्यपुराण अध्याय २५१ मा भवन, राजभवन, राजप्रासाद निर्माण गर्ने वर्णन अत्यन्त मनोहर छ। म० पु० अ० २५२ मा स्वतन्त्र राजप्रासाद निर्माणकल्पको २५३ अध्यायमा भएको वर्णन आज पनि त्यस ढङ्गको बन्न सकेको छैन। मत्स्यपुराण २५४ मा खाँबो बनाउने तरीका र २५५ मा प्रासादनिर्माणका लागि ढुङ्गा र २५६ मा दाउराको योजनामा कुन काठ प्रयोग गर्ने,

---

अयन्तु नवमस्तेषां द्वीपस्सागरसंवृतः
योजनानां सहस्रन्तु द्वीपोऽयं दक्षिणोत्तरः ॥११॥
आयतस्तु कुमारीतो गङ्गायाः प्रवाहावधिः
तिर्यगूर्ध्वन्तु विस्तीर्णः सहस्राणि दशैव तु ॥१२॥
द्वीपो ह्युपनिविष्टोऽयं म्लेच्छैरन्तेषु सर्वशः
यवनाश्च किराताश्च तस्यान्ते पूर्वपश्चिमे ॥१३॥

[1] मत्स्यपुराण अ० ११३।३५।

[2] मत्स्यपुराण हिमवत्खण्ड [११७ अ० ११]

[3] मत्स्यपुराण [१२० अ० ४९]

कुन नगर्ने प्रमाणको विचार-विवेचना भएको छ, जो आजका किरातहरूले वेलावेलामा मुन्धममा भन्ने गरेका छन् ।

यसरी किरातकालका वास्तुकला (Engineering) विषयमा पनि प्रचुर मात्रामा उल्लेख भएको पाइन्छ। पुराणहरूमा उल्लेख भएको विज्ञान वा वास्तुकला सार्वजनिक र सम्पूर्ण राष्ट्रहरूमा भएको उन्नति हो भन्ने बुझाउँछ। प्राचीनकालिक वास्तुकला र विज्ञान सम्वन्धमा चर्चा-विचर्चा गर्दा किरातहरू वास्तुकला-वैज्ञानिक र धातुकला आदिका वैज्ञानिक बराबर रूपमा भएको बुझिन्छ। अतः किरातहरू जङ्गली थिए भन्नु या लेख्नु आधुनिक इतिहासकारको अक्षम्य भूल मानिन्छ। किरातहरू वैज्ञानिक तथा वास्तुकलाविद् नभए आफ्नो राजधानीमा राजप्रासाद, राजभवन, पर्कोट, कोट, पुर आदि कसरी बनाउँथे ? किनकि किरातहरू राजामहाराज र अर्बौंपति भएको इतिहास प्रष्ट रूपमा पाइन्छ। त्यसैले प्राचीन किरात-इतिहासलाई गोडिनेलि गर्दै जाँदा किरातहरू वास्तुकला र भौतिक विज्ञानमा बराबर दक्ष थिए भन्ने कुरा प्रष्ट हुन आउँछ। पुराणहरूको अध्ययन गर्दा पनि निश्चितै किरातहरू प्रगतिशील थिए भन्ने इतिहास प्रष्टिन आउँछ। यहाँ प्राचीन पुराण-वाङ्मय-अध्येताहरूलाई संकेत गर्दा पुराणहरूमा भएको इतिहास नै प्राचीन इतिहास हो भन्ने कुरा प्रष्ट पार्नु पनि आवश्यक बुझिन्छ। कैयौंले आजको तारिके इतिहासलाई मात्रै इतिहास भन्ने गरेका छन् भने प्राचीन पुराणहरूलाई धार्मिक ग्रन्थ भन्ने गरेका छन्। तर यो उनीहरूको भूल हो किनभने उनीहरूले पढेकै छैनन् अथवा पढ्दै पढ्दैनन्। त्यसैले पुराणभित्र भएका इतिहासलाई उनीहरू जान्दैनन्। वस्तुतः प्राचीन इतिहास भनेको नै पुराण हो। योदेखि बाहेक वैदिक, लौकिक समस्त संस्कृत-वाङ्मय प्राचीन इतिहास हो भनेर बुझ्नुपर्छ। यी प्राचीन इतिहासभित्र किरातहरूको पनि ठूलो देन लुकेको छ। यसको अध्ययन र रिसर्च गर्दै जाँदा 'Archaeology and Anthropological Research' बाट पनि प्रष्ट हुन आउँछ। केही विदेशीहरूले पनि मत्स्यपुराणको अध्ययन र अनुवाद गरेका छन्। तीमध्ये फादर पाजिटर निकै प्रसिद्ध छ। तर पाजिटरले गरेको अनुवादमा निकै ठूलो भ्रम पनि पर्नु स्वाभाविकै हो। सबैभन्दा ठूलो भ्रम पाठभेद र पुराणहरूको कालनिर्णयमा भएको छ। यहाँ मत्स्यपुराणका किरातहरूको उल्लेख गर्दा पाश्चात्यहरूलाई अँगाल्ने क्रम राखिएको छैन। यही सबैभन्दा ठूलो यस प्रकारको विशेषता भएको छ।

मार्कण्डेयपुराणमा किरात

यहाँ मार्कण्डेयपुराणको[1] ५७ अध्यायका केही श्लोक पाठक-वाचकसमक्ष प्रस्तुत गरिंदै छ। पुराण-

---

[1] भारतस्यास्य वर्षस्य नवभेदान्निबोध मे ।
समुद्रान्तरिता ज्ञेयास्तेत्वगम्याः परस्परम् ॥५॥
इन्द्रद्वीपः कसेरुमान् ताम्रपर्णो गभस्तिमान् ।
नागद्वीपस्तथा सौम्यो गान्धर्वो वारुणस्तथा ॥६॥
अयन्तु नवमस्तेषां द्वीपस्सागरसंवृतः ।
योजनानां सहस्रं वै द्वीपोऽयं दक्षिणोत्तरम् ॥७॥
पूर्वे किराता यस्यान्ते पश्चिमे यवनस्तथा ।
ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्चान्त स्थिताः द्विजाः ॥८॥

(मा० पु० ५७ अ० ५, ६, ७, ८)

परिशीलन गर्नु भनेको प्राचीनकालिक इतिहाससँग परिचित हुनु हो। त्यसैले मूल जस्ताको तस्तै राखेर मात्रै अरू कुरा गर्ने गरिएको छ।

मार्कण्डेयपुराणको अनुसार आठ कुलपर्वत र नवद्वीप मध्यमा नवद्वीपको वर्णन जस्ताको तस्तै छ। तर किरातदेशमा तथा यवनक्षत्रियहरूका ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र बस्थे भन्ने इतिहास प्रष्ट बुझिन्छ। यसको साथै अर्को नयाँ रहस्य के हो भने 'अन्तः द्विजाः स्थिता' भन्ने शब्दले निक्कै खलबल पारेको देखिन्छ। 'अन्तः' शब्दको अनेक अर्थ हुन्छ। बाहिर, भित्र-बीचमा आदि अर्थ संस्कृत भाषाका कोशहरूमा तथा नानार्थवर्ग आदिमा प्रष्ट देखिएका हुनाले 'द्विजा' शब्दको अर्थ पनि ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रको साथै अण्डज र चन्द्रमा यतिलाई 'द्विज' शब्दले ग्रहण गरेको हुनाले 'किरात र यवन' अलगै पो हो कि जस्तो लाग्छ।

तर यहाँचाहिं एकदेशी ग्रहण भएको हुनाले किरात-क्षत्रिय तथा यवन-क्षत्रियहरूको माझमा ब्राह्मणहरू त बास गर्थे नै; साथै अरू क्षत्रिय, वैश्य, शूद्रहरू पनि उनीहरूको देशभित्र बास गर्थे भन्ने इतिहास प्रष्टिन्छ। मार्कण्डेयपुराणमा वा अरू पुराणहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र भन्ने सञ्ज्ञा नाम मात्र थियो। छुवाछूत थिएन। यो धेरै पछि रागद्वेषको कारण र भारतमा मुसलमानहरूको आतङ्कपछि छुवाछूतको भूत सवार भएको हो।

त्यसैले मार्कण्डेयपुराणले त्यतिखेरका प्रसिद्ध जातिले बसोबास गर्ने उल्लेख वा इतिहास स्पष्ट पारेको देखिन्छ।

किरातहरूको इतिहास पैल्याउँदै जाँदा मार्कण्डेयपुराण पनि दृष्टिपात गर्न नितान्त आवश्यक देखिन्छ, किनभने समस्त पुराण तथा उपपुराणहरूमा कुनै न कुनै रूपमा किरातहरूको उल्लेख भएको पाइन्छ। यो अवश्य छ कि पुराणहरूमा साक्षात् परम्परया उल्लेख भएको पाइन्छ। कतै धेरै मात्रामा साक्षात् किरात शब्द उल्लेख भएको पाइन्छ भने कतै परम्परया उल्लेख भएको पाइन्छ।

मार्कण्डेयपुराणको कूर्मसन्निवेश[१] वर्णनमा लौहित्यको साथमा प्राक्ज्योतिषका किरात तथा समुद्रको किनारामा बसोबास गर्ने सामुद्रकिरात, जसलाई पुरुषादक पनि भनिन्थ्यो, उनीहरूको भौगोलिक र ऐतिहासिक चित्रण भएको छ। यसरी नै पाण्डेयदेश[२] तथा परशुराम कुण्डको किरातहरूको साथ पनि उल्लेख भएको छ। किरात[३] र कौशिकानन्द आदिको उल्लेख पनि महत्त्वपूर्ण छ। यसरी वर्णन गर्दै जाँदा वन, नदी, पर्वत तथा जनपद आदिको वर्णन भएको छ। पूर्वतिर[४] किरातहरू बस्छन् भनेर लेखेको छ। परन्तु कहाँदेखि पूर्व हो ? यो प्रश्नचिह्नकै रूपमा रहेको छ, तापनि किरातहरूको अस्तित्व सम्पूर्ण पूर्व, पश्चिम, उत्तर, दक्षिण र मध्यमा पनि देखिन्छ।

अरू पुराणहरूमा जस्तै मार्कण्डेयपुराणमा[५] पनि आत्रेय, भारद्वाज, पुष्कल, कसेरुक, लम्पक, शूलकार चूलिक, जागुड, औषध्य (औषध), चालिमद्र (चानिमद्र), अनिमद्र (अलिमद्र) यी किरातहरूका सगोत्रिक र

---

[१] प्राक्ज्योतिषाः सलौहित्याः सामुद्राः पुरुषादकाः। (मा. पु. ५८ अ. १३)

[२] किराता दरदाः पाण्ड्यास्तथा पारशवाः कलाः। (मा. पु. ५८ अ. ३१)

[३] किरातकौशिकानन्दा जनाः पह्लवलोलनाः। (मा. पु. ५८ अ. ५०)

[४] पूर्वे किराता यस्यान्ते यवनाःस्मृताः (म. पु. ५७ अ. ८)

[५] आत्रेयाश्च सभरद्वाजाः पुष्कलाश्च कसेरुकाः।
लम्पकाः शूलकाराश्च चूलिका जागुडैस्सह।
औषधाश्चानिमद्राश्च किरातानाञ्च जातयः। (मा० पु० ५७ अ० ४०)

सोपाधिक थरहरूको उल्लेख भएको देखिन्छ। यहाँ सबैभन्दा विचारणीय इतिहास 'किरातानाञ्च जातयः' भन्ने पदमा छ। 'किरातानां' यो षष्ठी विभक्तिको बहुवचनको रूप हो। 'जातयः' यो 'जातिः' शब्दको प्रथमा विभक्तिको बहुवचनको रूप हो। 'यी किरातहरूका जाति हुन्' भन्ने वाक्यार्थ हुन्छ। यस श्लोकमा आएजति शब्द सबै किरातहरूकै गोत्रवाचक र उपाधिवाचक हुन्। यसमा सन्देह छैन। यद्यपि धेरै व्याख्याताहरूले अन्यार्थ पनि गर्ने प्रयास गरेका छन्। तर त्यो सत्य होइन।

पाजिटरले मार्कण्डेयपुराणमा निकै मिहिनेत गरेको छ। तर किरातहरूको विषयमा अथवा जातिबारे भने स्पष्टीकरण दिनसकेको छैन। पुराणकोश (पौराणिक कोश) पनि तैयार पारेर धेरै कुरा प्रष्ट्याउने प्रयास गरेको छ। यी दुवै कामले पाजिटर नामी पनि हुन पुगेको छ। तर पाजिटरको कामले मूल संस्कृत नपढेर अंग्रेजी मात्र पढ्नेहरूलाई ठूलो भ्रममा पारेको छ, किनभने पाजिटरको अंग्रेजी अनुवाद र कोशलाई मात्र हेर्दा मूल मार्कण्डेयपुराणको इतिहासमा धेरै हेरफेर हुन आउँछ। अतः विज्ञपाठकवृन्दले पढ्दा मूलसँग दाँज्नु आवश्यक देखिन्छ। नत्र भ्रममै पर्नेछन्।

वायुपुराणमा किरात

प्रजाहरूलाई भरण-पोषण गर्नाले प्रथम स्वयम्भु मनुकै नाम 'भरत'[1] हो। त्यसैले यस भू-खण्डको नाम भारत परेको हो। त्यस बेला समस्त मानसरोवरदेखि लिएर कन्याकुमारीसम्मलाई भारतवर्ष नै भनिन्थ्यो। भारतवर्षको नाम पहिले 'अजवर्ष' थियो। यस भारतवर्षका पनि नौवटा भेद छन्। साथै समुद्रले घेरिएका छन्। एक द्वीपबाट अर्को द्वीपमा जान सकिँदैन। ती नौवटा द्वीपहरूका नाम यी हुन् इन्द्रद्वीप, कसेरु, ताम्रपर्णी, गभस्तिमान्, नागद्वीप, गन्धर्व तथा वारुण। यी द्वीपहरूका नाम ऐले के-के छन्? खोजीको विषय छ। यो भारतवर्षभित्र पर्ने नवौं द्वीप जम्बूद्वीप हो। यो जम्बूद्वीप पनि सागरले घेरिएको छ। यस द्वीपको दक्षिण र उत्तर गरी एक हजार योजन छ, जो दक्षिणको कन्याकुमारीदेखि लिएर उत्तरमा मानसरोवरसम्म फैलिएको छ। पूर्व-पश्चिमको फैलावट जम्मा ९ हजार (नौं हजार) योजन छ

---

[1] भरणाच्च प्रजानां वै मनुर्भरत उच्यते ॥७६॥
भारतस्यास्य वर्षस्य नवभेदाः प्रकीर्तिताः।
समुद्रान्तरिता ज्ञेयास्ते त्वगम्याः परस्परम् ॥७८॥
इन्द्रद्वीपः कसेरुश्च ताम्रपर्णी गभस्तिमान्।
नागद्वीपस्तथा सौम्यो गन्धर्वस्त्वथ वारुणः ॥७९॥
अयन्तु नवमस्तेषां द्वीपस्सागर सम्वृतः।
योजनानां सहस्रन्तु द्वीपोऽयं दक्षिणोत्तरम् ॥८०॥
आयतो ह्याकूमारीक्यादागङ्गाप्रभवाच्च वै।
तिर्यगुत्तरविस्तीर्णः सहस्राणि नवैव तु ॥८१॥
द्वीपो ह्युपनिविष्टोऽयं म्लेच्छैरन्तेषु नित्यशः।
पूर्वे किराता ह्यस्यान्ते पश्चिमे यवनाः स्मृताः ॥८२॥ [वा० पु० उ० पा० ४५ अ०]

(अर्थात् बहत्तर हजार माइलको जम्बूद्वीप)। यो द्वीप (जम्बूद्वीप) उपनिवेशवादी द्वीप हो, जसलाई अरू राजारजवडाबाट म्लेच्छहरूले (किरातहरूले) लिए। तर यस द्वीपमा पनि समग्र पूर्व भागमा किरातक्षत्रिय-हरू निवास गर्थे। पश्चिममा यवनक्षत्रियहरू बस्दथे। जम्बूद्वीपलाई जितेर शासन गर्ने किरातहरूका जात अपगा र चालिमद्र थिए।

'क्षत्रियोपनिवेशाश्च'[१] यी उपनिवेशवादी क्षत्रिय हुन्। यहाँ भूगोलसम्बन्धी व्यापक ज्ञान राख्नु अत्यन्त आवश्यक छ। तर विशेष भारतवर्ष जम्बूद्वीपभन्दा बाहिर पर्ने द्वीपहरू भूगोलसम्बन्धी पत्ता लगाउँदा अझ किरात-इतिहास प्रष्ट हुनेछ। केवल जम्बूद्वीपमा एक हजार योजन उत्तर-दक्षिण र ९ हजारको पूर्व-पश्चिम भनेपछि भूगोलसम्बन्धी विस्तृत ज्ञानबिना किरात-इतिहास अधुरो नै रहनेछ। यो निश्चय छ कि जम्बूद्वीपभित्र किरातक्षत्रियहरू चारैतिर छरिएर बसेका थिए। विशेष गरेर १२ प्रकारका क्षत्रियहरू-मध्ये किरातक्षत्रिय र यवनक्षत्रियहरूको जातिसहित उल्लेख गर्नु महत्त्वपूर्ण कुरा हो। वायुपुराणले अरू इतिहास नबताए पनि पुराणकालिक विशेष वायुपुराणकालिक किरातक्षत्रियहरूको भौगोलिक सङ्केत र दुइटा भए पनि जातिको उल्लेख गरेर राख्यो। तर यस भूगोलमा 'पूर्वे किराताः' भन्नाले कहाँदेखि पूर्व ? भन्ने शङ्का हुनु स्वाभाविकै हो। यस परिस्थितिमा उत्तर यही हुन्छ कि आजको यूनानदेखि पूर्वदिशामा बाहुल्येन किरातक्षत्रियहरू बस्थे तथा यूनानमा यवनक्षत्रियहरू विशेष रूपले निवास गर्थे। वायुपुराणमा उल्लेख भएअनुसार किरातहरूले अरूलाई जितेर आफ्नै राज्य स्थापना गरेका थिए। त्यसैले 'क्षत्रियाउप-निवेशाश्च' भनेर इतिहासलाई प्रष्ट पारेको छ। साथै किरातहरू क्षत्रिय थिए भन्ने पनि प्रष्ट हुन आउँछ। कन्याकुमारीदेखि मानसरोवरसम्म किरातहरूकै बसोबास थियो अर्थात् किरातक्षत्रियहरू दक्षिणमा समुद्र र उत्तरमा लिपुधुराको हिमालय नाघेर मानसरोवरसम्म निवास गर्न पुगेका थिए।

किरातहरूमा सामान्य जनतादेखि लिएर राजा-महाराजसम्म पनि जम्बूद्वीपका वासी निवासी थिए भन्ने कुरामा सन्देह छैन। यस्ता वीर किरातहरू हिजो जन्मेका मङ्गोलियन कसरी हुन सक्छन् र ? यो बुद्धिको हत्या गर्ने षडयन्त्र मात्र हो। जसको लाखौं वर्षको इतिहास सुरक्षित छ, त्यसले लाखौं वर्षको सत्य इतिहासलाई छोडेर ४-५ सय वर्षको झूठो इतिहासलाई 'मेरो इतिहास हो' भन्दै धक्कु लाउँछ भने त्यो कतिको बुद्धिमान् होला ? त्यसैले उपर्युक्त इतिहास र भूगोललाई मनन गरे किरातक्षत्रियहरूको इतिहास पैल्याएर गौरव ठान्नु बुद्धिमत्ता होला कि ? अन्यथा आफ्नो इतिहासको हत्या गरेर भतुवा हुनु निश्चय पनि बाटो भुल्नु हो। कुनै बेला होश आए फर्किनुपर्ला !

लिङ्गपुराणमा किरात

पुराणहरूमध्ये लिङ्गपुराण आफ्नो स्थानमा प्रामाणिक छ। साथै लिङ्गपुराणमा पनि यत्र तत्र किरातहरूको उल्लेख भएको पाइन्छ। सबै पुराणहरूमा व्यापक रूपले लेखेको 'किरात' सम्बन्धी सामग्री सबै सङ्कलन नगरे पनि जुन अंशले किरात-इतिहास र भूगोलसम्बन्धी कुरा उठाएको छ, त्यसै अंशलाई

---

[१] वा० पु० उ० पा० ४५ अ०

यहाँ उद्धरणमा राखिएको छ । अन्य पुराणहरूमा जस्तै लिङ्गपुराणमा भएको पाठ पनि इतिहास गोड्ने पाठकहरूले हेर्नुहुनेछ ।[१]

लिङ्गपुराणको इतिहासले पाठ राख्ने तरीका मात्रै वदले पनि यसले एउटा नयाँ कुरा भनेको देखिन्छ । त्यो के हो भने कुनै ताम्रद्वीप गए, कुनै गभस्तिमान् देश गए, कुनै नागद्वीप गए, कुनै गान्धर्वदेश गए, कुनै वारुणदेश गए, नाना जातिमा उत्पन्न भएका म्लेच्छ, पुलिन्दहरूवाट पनि केही गए । परन्तु पूर्वमा किरातहरू बसे । किरातहरूले बसोबास गरेको अन्तिम पश्चिम भागमा यवनहरू बसे । वस्तुस्थितिमा लिङ्गपुराणको कालमा यी उपयुक्त द्वीप र देशहरूमा जम्बूद्वीपवाट बसोबास र व्यापारको लागि गए होलान्, किनभने 'गताः' क्रियापदले यही बताउँछ । सबैभन्दा विशेष इतिहास भुवनकोश वर्णनको अवसरमा पुलिन्द, म्लेच्छहरू पनि गए भन्ने वाक्यार्थ हुने भएको हुनाले र अन्यत्र किरातहरूलाई नै म्लेच्छ भनेको हुनाले म्लेच्छ र पुलिन्द पनि गए भन्ने कुरालाई बिर्सिनु हुँदैन । उसको मूल 'किरात' छँदैछ ।

अन्य पुराणहरूमा 'गए, आए' भन्ने केही सुइँको पाइँदैन । तर लिङ्गपुराणमा चाहिं 'ताम्रद्वीपंगताः' भन्ने गम् धातुको प्रयोग गरिनाले 'गए' भन्ने कुरा बुझिन्छ । यो अरू पुराणभन्दा विशेष इतिहासको सूचना दिने वाक्य भएको छ । यद्यपि लिङ्गपुराणलाई कैयौं लेखकहरूले अत्यन्त आधुनिक भनेर लेखेका छन्, परन्तु लिङ्गपुराणका मूल अंश आधुनिक होइनन् । वैष्णव र शैव आदिको झगडासम्वन्धी प्रकरणचाहिं आधुनिक र प्रक्षिप्त हो । अझै स्पष्ट भन्नुपरेमा शैव र वैष्णवसम्प्रदायको घनघोर मतभेद भएको बेलामा ती-ती अंशहरू प्रक्षिप्त भएका हुन् । परन्तु 'ताम्रदीपं गताः' भन्ने पाठचाहिं नयाँ होइन । एक द्वीपबाट अर्को द्वीपमा जाने प्रसङ्गलाई ध्यानमा राखेर लेखिएको पाठ हो । अरू पुराणहरूमा चाहिं बसोबास गर्ने सम्बन्धमा मात्र उल्लेख भएको हो । त्यसैले लिङ्गपुराण प्राचीन अंश र नवीन प्रक्षिप्त अंश दुवैले भरिएको पुराण हो । किरातहरूको बारेमा चाहिं पुराणहरूले साक्षात् तथा परम्परया किरातइतिहासलाई प्रष्ट पारेर राखेका छन्, किनभने कैयौं पुराणहरूमा पछिसम्मन् चल्दै आउने किरातपरम्परालाई पनि उल्लेख गरेको पाइन्छ । किरातजाति प्रसिद्ध नभए अथवा ऐतिहासिक जाति नभए यत्र तत्र पुराणहरूमा लेखिने थिएन । प्रसङ्गानुसार सर्वत्र किरातहरूको उल्लेख हुनु एक विचित्र कुरा छ । किरातहरू नै लेखक थिए भनुँ भने कतै होच्चिएको इतिहास पनि हामी पाउँछौं । परन्तु होच्चिएको इतिहासलाई जिताहा किरातले हरुवा किरातहरूलाई होच्याएर लेखेको पनि हुन सक्छ । यो कुनै नयाँ इतिहास होइन । यो कुनै पुरानो इतिहास पनि होइन । प्राचीनकालमा पनि चल्थ्यो । आधुनिककालमा पनि चलिराखेकै छ । भाइले दाजुलाई तथा दाजुले भाइलाई होच्याउने इतिहास लुकेको छैन । प्रसिद्धै छ । यही इतिहास किरातकिरातमा दोहोरिएको हुनुपर्छ । यस्ता इतिहास प्रत्येक अध्याय, प्रत्येक पाना, प्रत्येक प्रकरणहरूमा साक्षात् तथा परम्परया दोहोरिएको पाइन्छ । लिङ्गपुराणभित्र यद्यपि विवादास्पद विषय धेरै सन्निहित छ, तथापि प्राचीन किरात-ऐतिहासिक सामग्री पर्याप्त मात्रामा विद्यमान छन् । तीमध्ये किरात-इतिहासका प्रकरणहरू ग्राह्य हुन

---

[१] इन्द्रद्वीपे तथा केचित्तथैव च कसेरुके
ताम्रद्वीपं गताः केचित् केचिद् देशं गभस्तिमान् ॥
नागद्वीपं तथा सौम्य गान्धर्वं वारुणं गताः ।
केचित् म्लेच्छाः पुलिन्दाश्च नानाजातिसमुद्भवाः ।
पूर्वे किरातास्तस्यान्ते पश्चिमे यवनाः स्मृताः ॥ [लि० पु० भु० को० व० ५२ अ० २७, २८, २९]

पुगेका छन् । मैले यहाँ विवादास्पद विषयलाई छोडेर केही किरात-इतिहासको तथ्य बुझाउने सामग्रीलाई उपस्थापन गरेको छु । पाठकवृन्दले मूल प्रकरणसँग ऐतिहासिक दृष्टिले दाँजेर अध्ययन गर्नुहुनेछ । त्यसबाट निश्चय नै अभूतपूर्व सामग्री प्राप्त हुनेछ ।

ब्रह्मपुराणमा किरात

प्राचीन इतिहासको स्रोत जान्नका लागि सम्पूर्ण पुराणहरूलाई नपढीकन इतिहासको विद्वान् बन्नु असम्भव छ । त्यसैकारणले भारत वा नेपालको इतिहास लेख्दा भयङ्कर भूल गरेका छन् । यस्ता भूल गर्ने पाश्चात्य इतिहासकार तथा उनका पृष्ठलग्नहरू (पछौटेहरू) आज पनि धेरै छन् । त्यसैले भारतको इतिहासको साथै नेपालको इतिहासमा पनि भूल हुने कुरालाई दोहऱ्याइरहनुपर्दैन । विशेष गरेर किरात-इतिहासमाथि भयङ्कर भूल भएको देखिन्छ । नभए लाखौं वर्ष पुराना पुराणहरूमा स्थान पाउने किरातहरूले छ सय वर्षको मङ्गोलबाट आउने झूठो इतिहास किन लेखिन्थे ? पाठकहरूले तुलना गरेर हेर्नुहोस् ।[1]

अलि विचार पुऱ्याउँदा यही इतिहास ब्रह्मपुराणको २७ अध्यायको १५, १६, १७, १८ श्लोकहरूमा दोहरिन पुगेको देखिन्छ । यहाँ पनि अरू पुराणहरूमा जस्तै समान अर्थवाला द्वीप, देश आदिको वर्णन छ । यति अवश्य छ कि ‘कसेरु’ शब्दलाई ‘कसेरुमान्’ बनाउनाले अवश्य पनि कसेरु र कसेरुमान् शब्दको अर्थमा फरक हुनु स्वाभाविकै हो । ‘कसेरु’ द्वीप वा देश सञ्ज्ञावाची शब्द हो भने ‘कसेरुमान्’ त्यस द्वीप वा देशमा बस्ने अथवा उत्पन्न हुने पदार्थविशेष हुन्छ । यस पुराणमा ‘तिष्ठन्ति’ पद विशेष देखिन्छ । अरू पुराणहरूमा ‘तिष्ठन्ति’ क्रियापद नभए पनि आक्षेपले ‘तिष्ठन्ति’=रहन्छन् भन्ने अर्थ विद्वान्हरूले गरेकै थिए भने ब्रह्मपुराणमा मूल पाठ नै ‘तिष्ठन्ति’ क्रियापद प्राप्त हुनाले अर्थगराइमा बलियोपना आयो भन्न सकिन्छ । यहाँ विशेष पाठ इतिहासको दृष्टिले ध्यान दिने योग्य के छ भने पूर्वमा किरात रहन्छन् र पश्चिममा यवनहरू रहन्छन् । ‘मध्ये’ भनेको माझमा क्रमशः क्रमैले ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्रहरू रहन्छन्, जसमा ब्राह्मणहरूले इज्या[2]=यज्ञ, याग, अध्ययन-अध्यापन आदि कर्म गर्छन्, क्षत्रियहरूले युद्ध=

---

[1] उत्तरेण समुद्रस्य हिमाद्रेश्चैव दक्षिणे
वर्षं तद्भारतं नाम भारती यत्र सन्ततिः ॥
....

भारतस्यास्य वर्षस्य नवभेदान्निशामय
इन्द्रद्वीपः कसेरुमान् ताम्रपर्णो गभस्तिमान्
नागद्वीपस्तथा सौम्यो गन्धर्वस्त्वथ वारुणः
अयन्तु नवमस्तेषां द्वीपस्सागरसंवृतः
योजनानां सहस्रञ्च द्वीपोऽयं दक्षिणोत्तरात्
पूर्वे किरातास्तिष्ठन्ति पश्चिमे यवनाः स्थिताः
ब्राह्मणाः क्षत्रिया वैश्या मध्ये शूद्राश्च भागशः
इज्यायुद्धवाणिज्याद्यवृत्तिमन्तो व्यवस्थिताः (ब्रह्म पु० १९ अ० जम्बू द्वी० व० ६, ७, ८, ९)

[2] अरू पुराणहरूमा—इज्यायुद्धवाणिज्याद्यैः कर्मभिः कृतपावनः ।
तेषां संव्यवहारश्च–एभिः कर्म मिरिष्यते ॥

मातृभूमिको रक्षाको लागि धर्म, संस्कृति-सभ्यताको लागि युद्ध गर्ने काम लिएका छन्, वैश्यहरूले वणिक्= व्यापार एक देशका सामग्री अर्को देश वा प्रान्तमा पुऱ्याएर त्यस देश वा प्रान्तको सामग्री अर्को प्रान्तादिमा पुऱ्याएर जनतालाई चाहिएको सरसामान आपूर्ति गर्ने आदि काम गर्थे, शूद्रहरूले कृषि, गोपालन आदि कर्म गरेर त्यतिखेरका राष्ट्रलाई समृद्ध पारेका थिए। यसमा स्पष्टीकरण छुवाछूतसम्बन्धी छैन। यसरी विभागपूर्वक त्यस बेलामा पनि काम गर्ने योजनाबद्ध प्रथा थिएछ भन्ने इतिहास यस पुराणमा भएको इतिहासले प्रष्टाएको छ। यो काम-कार्यवाही किरातैमाथि नराखे पनि एक देशदेखि अर्को छिमेकी देशको आफ्नो राजनीतिक घेरा मात्रै अलग हुन्छ। शेष प्रायःजसो मेलजुलकै हुन्छ। त्यसैले किरात-इतिहासक्षेत्रमा यी पनि महत्त्वपूर्ण बूँदाहरू हुन्। यसको साथै अर्को इतिहास ब्रह्मपुराणले के उभ्याएको छ भने क्षत्रिय-हरूको उपनिवेश वैश्य र शूद्रहरू थिए। इतिहासविद् पाठकहरूले तलको श्लोक मनन गर्ने योग्य देखिन्छ।[1]

ब्रह्मपुराणले कैयौं इतिहास धेरै प्रष्ट पारेको देखिन्छ। प्राचीनकालिक किरातहरूको उल्लेख जहाँ वैदिक वाङ्मयदेखि लिएर समग्र पुराण, उपपुराण, तन्त्र, ज्योतिष, संहिता, शिलालेख आदिमा पाइन्छ। तिनै किरातहरू कुनकुन थर अथवा गोत्रका थिए त ? तर यी प्रश्नको उत्तर पाउनु सारो मात्रै हैन अपितु अत्यन्त गारो थियो। परन्तु उपर्युक्त श्लोकहरूले निक्कै खुलस्त पारेर राखेका छन्। अरू पुराणहरूमा यतिको खुलस्त छैन। यहाँ उपनिवेशवादी क्षत्रियहरूको उल्लेख गर्दै जाँदा वैश्य र शूद्रहरूको पनि उल्लेख भएको छ। साथै काम्बोज, विप्रेन्द्र, बर्वर, लौकिक, सहित, वीर, तुषार, पह्लवहरूको गणना भएको छ। यीमध्ये 'पह्लव' क्षत्रिय दक्षिण भारतीय हुन्। तर यहाँ किरातहरूकै शाखामा राखेको देखिन्छ।

आत्रेय, भारद्वाज, पुष्कल, दशेरक, लम्पक, शुनः शोक, कुलिक, जाङ्गल, ओषध्य र जलचन्द्र त्यतिखेरका किरातहरूका प्रसिद्ध जाति थिए। साथै ब्रह्मपुराणकारले 'एते उदीच्चाः' यी उत्तरका बासिन्दा हुन् भनेर लेखेका छन्। यसमा पह्लवहरूलाई पनि उत्तरका वासी किरात-परिवारमा सामेल गर्ने अभिप्राय अझ खोजको विषय बनेको छ।

यति मात्र हैन अपितु ऋग्वेदको[2] मन्त्रमा आएको 'कुलित' नै 'कुलिक' हुन पुगेको देखिन्छ। ऋग्वेदीय शम्बरलाई 'कौलितार' भनेको देखिन्छ। यसरी इतिहास खोज्दै खोदाल्दै लैजाँदा 'किरात' इतिहास अझ स्पष्ट हुने देखिन्छ। यसै गरी अझ अगाडि ब्रह्मपुराणको २७ अध्यायमा पर्वतीय जनपदको उल्लेख गर्दा यसरी भनेको छ।[3]

---

१. क्षत्रियोपनिवेशाश्च वैश्यशूद्रकुलानि च।
काम्बोजाश्चैव विप्रेन्द्र बर्वराश्च सलौकिकाः ॥
वीराश्चैव तुषाराश्च पह्लवाद्या यतो नराः।
आत्रेयाश्च सभरद्वाजाः पुष्कलाश्च दशेरकाः ॥
लम्पकाः शुनः शोकाश्च कुलिकाजाङ्गलैस्सह।
ओषध्यश्चलचन्द्राश्च किरातानाञ्च जातयः ॥ [ब्र० पु० २७, अ० ४७, ४८, ४९]

२. ऋग्वेद २।१२।११ मन्त्रमा

३. एते जनपदास्सर्वे तत्र विन्ध्यनिवासिनः।
अतो देशान् प्रवक्ष्यामि पर्वताश्रयिणश्च ये ॥
नीहारस्तुषारमार्गाश्च कुरवस्तङ्गणाः खसाः।
कर्णप्रावरणाश्चैवः ऊर्णदर्घास्सकुन्तकाः ॥
मित्रमार्गा मालवाश्च किरातास्तोमरैस्सह।
कृतत्रेतादिकाश्चात्र चतुर्युगकृतो विधिः ॥ [ब्र० पु० २७ अ० ६२, ६३, ६४]

यस इतिहासमा कुरु, मालव र तोमरलाई छाडेर पर्वतीय किरातशाखा-उपशाखाका जातिको गणना भएको देखिन्छ । यसमा वहुवचनको प्रयोग भएको हुनाले यसको ऐतिहासिक अर्थ विस्तृत छ भन्ने बुझ्नुपर्छ । मूलकारले पर्वतीय हुन् भनेको छ ।

यहाँ विशेष ब्रह्मपुराणले पक्षपात नगरीकन किरातइतिहास उपस्थापन गर्दा पूर्वका कुलितारदेखि लिएर तात्कालिक प्रसिद्ध किरातहरूको जातिगणना गरेको छ । किरातहरूको मूल निवास, उत्पत्तिस्थान आर्यावर्त, जम्बूद्वीप तथा अजवर्ष नै भएको हुनाले किरातहरूको बसोबास र उत्पत्तिबारे रूपक, उत्प्रेक्षा आदिले आर्यावर्त नै वताएका छन् । यो प्राचीन किरातइतिहासको विशेषता हो । यसमा पाश्चात्य वकवास लिएर वकवास गर्ने आवश्यकतै छैन, किनभने बाजे, आमा, बाबुको जुठो सबैले खान्छन् । परन्तु अर्काको जुठो भने कसैले खान रुचाउँदैनन् । इतिहासको बारेमा पनि यही नियम लागू छ । यो बुझ्नु आवश्यक छ ।

विष्णुपुराणमा किरात

विष्णुपुराणमा[१] पनि पूर्वमा किरातहरू वस्ने कुरा प्रष्ट छ र यवन र किरातहरूले बसेको देशको अन्त=आखेरी छेउ पश्चिमदिशामा वस्दथे भन्ने पाठको सारांश हो । अरू द्वीप र नाम, योजन आदि समान छ, तर अरू पुराणहरूमा 'स्मृताः' भन्ने पाठमा 'स्थिताः' यो विष्णुपुराणको पाठ हो । त्यसैले पुराणकालमा किरातहरू पूर्वमा धेरै निवास गर्थे । तर पूर्व भनेको काठमाण्डौदेखि पूर्वचाहिं होइन । आजका किरातहरू काठमाण्डौदेखि पूर्व बसोवास गर्न थालेको पुग नपुग हजार वर्षजति हुँदैछ । यसमा प्रमाण किरातकालिक पुरातत्त्व र इतिहासको अभाव नै हो । राजा-महाराज सम्राट् भएका किरातहरूले गोठ बनाउँदै भत्काउँदै हिंडेका थिएनन् । उनीहरू शासक थिए । धनीमानी थिए । बुद्धिमान् र कलाकार थिए । दुर्व्यसनरहित प्रष्ट विचारका दार्शनिक थिए । त्यसैले उनीहरूका पूर्वमा भए पनि, पश्चिममा भए पनि किला, राजधानी, पुरातत्त्वहरू प्राप्त हुनुपर्छ । तर काठमाडौंदेखि पूर्व प्राचीन पुरातत्त्वहरू पाइँदैनन् । यस स्थितिमा जसका पूर्वजहरूको चिह्नै छैन, जसले आफ्नो इतिहासै पढेका छैनन्, ती किरातहरूले के बताउन सक्छन् र आफ्नो इतिहास र पुरातत्त्वको बारेमा ! किरातहरूको पुरातत्त्व नपाएको हुनाले नै यो भन्न र लेख्न कर लाग्छ । त्यसो हुँदा विष्णुपुराण आदिमा लेखिएको 'पूर्वे किराताः' र 'पश्चिमे यवनाः स्थिताः' भौगोलिक सीमानिर्धारणको लागि एउटा अर्कै शोधको आवश्यकता छ । 'Historical Research of Vishnupurana, P. 115' मा रामप्रसाद पाण्डेयले विष्णुपुराणमा उल्लेखित किरातहरूले बसोवास गरेको ठाउँ आराकान वर्मा हो भनेर लेखेका छन् । तर त्यो त्यति घतपर्दो देखिंदैन । यस्तो विष्णुपुराणसम्बन्धी विचार गर्ने धेरै विद्वान्हरू छन् । तर विष्णुपुराणको भौगोलिक स्थिति अर्कै छ । यहाँ भन्नु यति छ कि पुराणहरूमा पनि 'किरात' शब्दले ऐतिहासिक स्थान पाउनु आश्चर्यको कुरा हो ।

---

[१] भारतस्यास्य वर्षस्य नवभेदान्निशामय
इन्द्रद्वीपः कसेरुश्च ताम्रपर्णो गभस्तिमान् ॥
नागद्वीपस्तथा सौम्यो गन्धर्वस्त्वथ वारुणः
अयन्तु नवमस्तेषां द्वीपस्सागरसंवृतः ॥
योजनानां सहस्रन्तु द्वीपोऽयं दक्षिणोत्तरात्
पूर्वे किराताः यस्यान्ते पश्चिमे यवनाः स्थिताः ॥ (वि० पु० अ० २।३ अ० ३।६,७,८)

साथै अन्य पुराणहरूमा जस्तै विष्णुपुराणभित्र पनि अरू किरातइतिहास परम्परया लुकेको छ। त्यसलाई स्पष्ट गर्नको लागि स्वतन्त्र प्रत्येक पुराणहरूको अध्ययन र शोध गर्नु आवश्यक छ। तर यसको अध्ययन, शोध गर्ने अधिकारी भने संस्कृत भाषामा पूर्ण अधिकार भएको विद्वान् नै हुन सक्छ। अन्यथा 'पूर्वे किराता यस्यान्ते' आदि शब्दमा कुनै पनि इतिहासकार पूर्वमा किरात थिए भन्दै झुण्डिइरहनेछन्। जस्तै--अंग्रेजहरूले आर्य र मङ्गोलको बलियो डोरी बनाइदिएका छन् र आजका इतिहासकारहरू त्यसैमा झुण्डिइराखेका छन्। साँचै भनुँ भने यो इतिहासकारको कर्तव्य होइन। आफ्नो इतिहास अर्काको लहैलहैमा लेख्नु भनेको भविष्यका आफ्ना सन्ततिका लागि खाडल खन्नु हो। सबै कुरा आफ्नो नराम्रो, अर्काले गरेको मात्रै राम्रो भन्ने धारणा र कामगराइ पनि राष्ट्रघातक काम हो। पाश्चात्य शैलीलाई गुरु मान्ने चाल पनि यस्तै हो। त्यसैले प्राचीन इतिहासको गोडिनेलि गर्दा पुराणहरूको अध्ययन आफ्नो इतिहासको पूर्ण अध्ययन हो। प्रस्तुत विष्णुपुराणको इतिहास सम्पूर्ण इतिहासहरूमा ऐतिहासिक तथ्यको स्वरूपप्रतिपादक मात्रै हो। विष्णुपुराणकालिक इतिहास र भूगोललाई आफ्नै ढङ्गले मनोहर रूपमा उभ्याएको छ। तर संस्कृतको स्वाद नलिने मान्छेले भने जङ्गली कपोलकल्पना मात्रै भन्न सक्छ। तर त्यसो भन्ने मान्छे पनि कपोलकल्पित जङ्गली मान्छे नै हो भन्न सकिन्छ। त्यसैले 'Ancient, Mediavel, Modern Historical Knowledge' लाई विभाग गरेर मोडर्न पनि हिस्टोरी हुन्छ भन्ने कुरा ठीक होइन, किनभने प्राचीन र मध्यकालिक इतिहास इतिहासै हो। तर मोडर्न भनेको के हो ? वस्तुस्थितिमा आधुनिक इतिहास त इतिहासै होइन, किनभने त्यो त वर्तमान नै हो। भविष्यमा गएर त्यो भूतको इतिहास बन्न सक्छ। यस्तै प्रकारले पुराणकालिक इतिहास पुराणकालमा लेख्दै गए, तर हज्जारौं लाखौं वर्षपछि आज अतीतको इतिहास बनेको छ। विष्णुपुराणको धेरै ऐतिहासिक अंश यस्तै तथ्यहरूमा आधारित छन्। यस्ता आधारभूत प्राचीन इतिहासलाई हत्या गर्ने पाश्चात्यहरूको धेरै ठूलो षडयन्त्र रह्यो। तर ती षडयन्त्रहरूलाई सबैले बुझ्न सकेनन्। आज केही विद्वान्हरूले बुझेका छन्। त्यसैले जयपुर, जोधपुर, दिल्ली, वाराणसी, बम्बै, कलकत्ता आदिमा 'पुराणपरिषद्' खोलेर पुराणहरूको प्रचुर मात्रामा ऐतिहासिक अध्ययन हुँदैछ। मूल संस्कृतको विशेष रूपले सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक तथा वैज्ञानिक आदि अध्ययन भइराखेको छ। यो अध्ययन भारतको कलकत्तास्थित एशियाटिक सोसाइटीले गरेको कामको असन्तोषमा शुरू भएको हो। आज प्रायः गरेर प्राचीन इतिहासको खोजमा निरन्तर पुराणहरूमा अनुसन्धान भइराखेको छ। प्राचीन किरातइतिहासको बारेमा पनि यो क्रम जारी राख्नुपरेको छ। यहाँ विज्ञ तथा जिज्ञासु पाठकवृन्दसामु विष्णुपुराणको केही सानो अंश मात्र प्रस्तुत गरिएको छ। विशेष पुराण-अध्ययनहरूबाट प्राप्त गर्नु उचित होला।

भागवतमा किरात

श्रीमद्भागवत महापुराणमा आएर किरातहरूले शुद्ध हुने कुरा लेखिन थाले। केवल किरात मात्रै हैन अपितु हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन, खसादि श्रीमद्भागवतकारको मतमा पापी हुन्। केवल भगवान्को नामले मात्र शुद्ध हुन सक्छन् भनेको छ। यहाँ समस्त पुराण प्राचीन इतिहास भएको हुनाले भागवतको इतिहास पनि किरात-इतिहासको अध्यायमा जोड्नु आवश्यक देखिन्छ, यद्यपि भागवत त्यति पुरानो होइन। सबैभन्दा पहिले पाठकवृन्दले मूल पाठ हेर्नु आवश्यक छ।

किरात, हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन, खसादि पापा—भनेको पापात्मा हुन्।

यिनीहरू उपासनाको आश्रय लिएर मात्रै शुद्ध हुन्छन् । यस्ता पापात्माहरूलाई शुद्ध गरेर उद्धार गर्ने विष्णुलाई नमस्कार छ । यो श्लोकार्थ टिप्पणीको[१] हो ।

'माया किरातो गिरिशस्तुतोष'[२] मायावी किरातले गिरिश=भगवान् शिवलाई तुतोष=सन्तुष्ट पारे भन्ने पनि उल्लेख भएको छ। 'शठ किरात इव सङ्गच्छते'[३] भनेर उपहास गरेको इतिहास पनि पाइन्छ । भागवतमा पनि किरातहरूको इतिहास नामतः पाइन्छ । तर श्रीमद्भागवतपुराणको निर्माणकाल वि० सं० ८ शताब्दीपछिको ठहरिएको छ । यसबारेमा विवेचना पछि गरौंला । यहाँ उपर्युक्त [४ अ० १८] श्लोकमा प्रविष्ट किरात शब्दमाथि मूल श्लोकको अर्थ गर्दा टीकाकारहरूले कस्ताकस्ता अर्थ गरेका छन्, त्यसबारे पाठकहरूलाई दिग्दर्शन गराउनु आवश्यक देखिन्छ। पाठकहरूले मननपूर्वक हेर्नुस् । त्यसै श्लोकको टीका गर्दा भावदीपिका टीकामा 'किरातादय[४] ये पापजातयः अन्ये च ये कर्मतः पापरूपास्ते यदुपाश्रया भागवतास्तदाश्रयाः सन्त शुध्यन्ति' किरातादि जो पापजातिमा उत्पन्न भएका छन् तीमध्ये अरू आन्ध्र, पुलिन्दादि कर्मले मात्रै पापी हुन्, ती भगवान्का भक्त भागवतहरूको आश्रय लिएर शुद्ध हुन्छन् । किरातहरू पापजातिमै उत्पन्न भएका हुनाले भागवत र भगवान् दुवैको दर्शन र स्पर्शन मात्रले शुद्ध हुन्छन् भन्ने आशय प्रष्ट भयो । भागवतका टीकामध्ये पाण्डित्यपूर्ण टीका श्रीधरको मानिन्छ ।

श्रीधरस्वामीको विद्वत्ता भागवतमा प्रसिद्ध छ । तर यहाँ यस श्लोकको टीका गर्दा श्रीधरस्वामीले इतिहासको पक्षलाई ख्याल नराखीकन लेखेको देखिन्छ। अर्को कुरा सामाजिक स्थिति बिग्रिसकेपछि श्रीधरस्वामीले यो टीका लेखेका हुन् । अर्थात् जातिप्रथा र छुवाछूत, ऊँच-नीचको अमानवीय व्यवहार चरम सीमामा पुग्दा यस टीकाको आविर्भाव भयो । त्यसैले विश्वविख्यात प्राचीन किरात-क्षत्रियहरू भागवतमा पापात्मा शब्दले लेखिएका हुन् । मूलै जातिवादमाथि आधारित छ भने टीकाकारले त्यसै बाटोमा हिंड्न करै लाग्छ ।

भागवतका प्रसिद्ध टीकाकार वंशीधरले[५] किरातहरूलाई 'शवर' र 'पराशर'-बाट उत्पन्न भएका हुन् र किरात आन्ध्र समानार्थक हुन् भन्ने भाव व्यक्त गरेका छन् । राधारमणदास[६] गोस्वामीले पनि वंशीधरले जस्तै भने पनि 'आटविकाः' भन्नका साथै अज्ञात चोरबाट उत्पन्न भएका हुन् भनेर लेखेका छन् । वीरराघवले[७] किरातहरू हीन जातिका हुन् भनेका छन् । विजयध्वजतीर्थले[८] शवर र पर्णशवरबाट

---

[१] किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः ।
येऽन्येच पापा यदुपाश्रयाश्रयाः शुध्यन्ति तस्मै प्रभविष्णवे नमः ।। [भा० म० पु० २ स्क० ४ अ० १८]

[२] भा० पु० तृ० स्कं० १ अ० ३८

[३] भा० पु० पं० स्कं० ३ अ० ६

[४] भावदीपिका टीका २।४।१८।

[५] किराताद्युत्युस्तु मन्वादिभ्योऽत्रसेया विस्तरभियात्र नोक्ता । यद्वा किरातादयो विजय ध्वजेनोक्ता ग्राह्याः । शवरात् पराशर्यां जाताः किराता आन्ध्राः (भा० पु०, वं० ध० टी० २।४।१८)

[६] किरातेति शवरात् पर्णशवरीजाताः किराता आटविकाः निष्ठ्यात् किरातीजाताः पुलिन्दा व्यभिचाराज्ञातस्योरस्तस्माजाता' (भा० म० पु०, रा० गो० स्वा० २।४।१८)

[७] किरातादयो हीनजातयः (भा० म० पु०, वी० रा० व्या० २।४।१८)

[८] शवरात् पर्णशवरीजाताः किराताः (भा० म० पु०, वि० ध्व० ती० २।४।१८)

किरातहरू उत्पन्न भएका हुन् भनेका छन्। यिनीहरूका विचारमा किरातहरू टाढा भइसकेका थिए। जबदेखि बाहुनहरू पनि एउटै शास्त्रको पुच्छर पक्रेर फुत्कन नपाउने गरी बसे, तबदेखि इतिहासको बाटो बिरियो।

किरातहरू दुर्व्यसन, अशिक्षा र कुसङ्गत र घमण्डले पछि परे भने बाहुनहरू पनि आफूलाई ठूलो मानेर अर्कालाई सानो र होचो मान्दै बसे। सबैको साझा संस्कृत भाषालाई आफ्नो एकलौटी पेवा मानेर एउटै शास्त्रको पुच्छर पक्रनाले त्यस शास्त्रको रौं भुत्ला एकएक गन्न त सिपालु भए, तर इतिहासको कुरामा चित (उत्तानो) परे। यी टीकाकारहरू १८ हजार श्लोकहरूको रौं भुत्ला गन्नमा कुनै हालतमा पछाडि छैनन्। तर इतिहासको ज्ञान शून्य भएको हुनाले मनपरी लेख्दै गए। अन्य इतिहास अर्थात् ब्राह्मण-ग्रन्थ, रामायण, महाभारत आदि ऐतिहासिक ग्रन्थहरूसँग यिनले भेट गरेका भए किरातहरूबारे यस्ता भ्रमात्मक कुरा अर्थात् 'म धर्मात्मा हुँ, किरातहरू पापात्मा हुन्' भन्ने साहस गर्ने थिएनन्।

विश्वनाथ चक्रवर्तीले[1] अझ प्रष्ट शब्दमा आफ्नो मूर्ख पाण्डित्य देखाउन खोजेका छन्। किरातहरू किन अशुद्ध हुन्? भन्ने प्रश्नको उत्तरमा उनीहरू दुर्जाति हुनु नै अशुद्धिको कारण हो भनेका छन्। फेरि, दुर्जाति किन भयो त? भन्ने प्रश्नको उत्तरमा विश्वनाथले किरातहरूको प्रारब्ध नै हो भनेका छन्। यसै समर्थनमा सुकदेवले[2] आफ्नो 'सिद्धान्त प्रदीप' भन्ने टीकामा 'किरातहरू पापजातिका हुन्' लेखेका छन्। शुद्धाद्वैतका संस्थापकाचार्य बल्लभाचार्यले भागवतमाथि 'सुबोधिनी' भन्ने टीका लेखेका छन्। यस टीकाको विद्वत्समाजमा ठूलो आदर छ। विद्वत्तापूर्ण ढङ्गले व्याख्या गरेको छ। बल्लभाचार्यले[3] 'किरातहरू गिरि= पहाड-पर्वतमा बस्ने अन्त्यज जाति हुन्, यी किरातहरू दुष्ट कर्म गर्ने दुष्ट जातिका हुन्' भनेका छन्। शरीर, हात, खुट्टा, नाक, मुख, आँखा, मन, बुद्धि आदि भएका मानव मात्रमा दुष्ट कर्म र शुभ कर्म हुनु स्वाभाविकै हो। शुद्धता र दुष्टता मानवजातिमा आधारित हुँदैन। सङ्गत-खान-पान, शिक्षा-दीक्षा आदि नै दुष्कर्म र शुभ कर्मका कारण हुन्। यद्यपि आचार्य बल्लभ दार्शनिक जगत्मा 'शुद्धाद्वैत' सिद्धान्तका मानिएका दार्शनिक हुन्। तर 'किरात'हरूको बारेमा दार्शनिकताले काम दिएन। यहाँ इतिहासले मात्रै काम दिन्छ। फेरि, यी टीकाकारहरू अत्यन्त छुवाछूत, जातिवाद, महामारीको बेलामा भएका हुन्। त्यसैले यस्ता कुरा लेख्न पुगे। यति मात्रै हैन, श्रीमद्भागवतपुराणमा गोस्वामी पुरुषोत्तम बल्लभ-सम्प्रदायका उद्भट विद्वान् पुरुषोत्तम गोस्वामी तथा चैतन्य-सम्प्रदायका उद्भट विद्वान् जीवगोस्वामी र गिरिधरकृत व्याख्या पनि छ। यी तीन टीकाकारहरूले अरूले जस्तो गरेका छैनन्।

भागवतका यी ९ टीकाकारहरू भागवत-जगत्मा प्रसिद्ध छन्। परन्तु यी टीकाकारहरूले जे लेखे पनि मूल भागवतमा नै 'पापा' शब्द समावेश भएको हुनाले टीकाकारहरू आफ्नै बाटोमा छन् भने हुन्छ। तर माथि नै भनेको छु कि भागवत विक्रमको ८ शताब्दीपछिको हो। यसमा प्रमाण—भाषा-छन्द-गद्य, शैली र अन्यत्र प्रमाणरूप उद्धृत नहुनु आदि हो। यो व्यासको रचना होइन। व्यासको नाममा कुनै अरू पण्डितले रचेको हो। तर शब्दैले भए पनि किरातहरूलाई पुराणहरूले छोड्न नसक्नु सर्वत्र पुराणहरूमा चर्चित

---

[1] किरातादीनामशुद्धौ दुर्जातिरेव कारणम्। दुर्जात्यारम्भकं यत् पापं तत्प्रारब्धमेव (भा० म० पु० वि० च० २।४।१८)

[2] 'किरातादयो ये पापजातयः' (भा० म० पु० सु० दे० कृ० सि० पु० २।४।१८)

[3] किरातादयस्तद्देशगिरिवासिनोऽन्त्यजा जातितः कार्यतश्च दुष्टा……।
(भा० म० पु० ब० आ० सु० टी० २।४।१८)

किरातहरूलाई इतिहासबाट अलग गर्नु होइन भन्ने लागेको छ। त्यसैले छोड्नुचाहिं सकेनन्। यसरी गाली नै गरेर भए पनि श्रीमदभागवतमा किरात-इतिहासको अस्तित्व भेट्न पाएको छैन।

अब रह्यो, भागवतमा 'पापात्मा' शब्द इतिहास नजान्नेले लेखेका हुन्। त्यस्ताले लेखेका ग्रन्थमाथि टीकाकारहरूले जे लेखे पनि फरक पर्दैन। जुन किरातहरूका साथमा महर्षि वाल्मीकि[1] बसे, जुन किरातका साथमा रघुकुलका कुलगुरु महर्षि वशिष्ठ[2] बसेका थिए, जुन किरातले युधिष्ठिरको राजसूय यज्ञमा[3] अरबौंको हीरा, मोती, द्रव्य उपस्थित गरेर भाग लिएका थिए, जो किरात इज्या[4] अध्ययन गर्ने किरात-क्षत्रिय थिए, जो किरात राजा, महाराज, सम्राट् थिए, हजारौं ब्राह्मण किरातराजामहाराजहरूमा आश्रित थिए, ती किरात पापात्मा, मूर्ख र जङ्गली कसरी हुन सक्छन्? यो प्रसङ्ग म अन्यत्र लेख्नेछु। ऐले यति नै होस्। भागवतमा किरातहरूको अस्तित्वबारे चर्चा गर्नु आवश्यक थियो। त्यसैले चर्चा मात्रै गरेको हो। यी सबै प्रमाणहरूले धेरै राग, द्वेष हुँदै आएको देखिन्छ। तर किरातहरूले मङ्गोल हुने प्रमाण भने पाइएको छैन।

हरिवंशपुराणमा किरात

तपस्यारत अर्जुनको प्रसन्नताको लागि किरातरूपमा गएर पार्वतीलाई भने। पार्वती स्वयं किरातीले भुर्जपत्रका वस्त्र लगाएकी थी। आज्य=घिउ र सोमरस पान गरेकी थी। सर्वत्र पर्वतहरूमा निवास गर्ने चोरहरूले सदा नमस्कार गरिएकी सदा सौम्या अर्थात् शान्त थी। यस्ती पार्वतीलाई भने। यहाँ इतिहासका घेराभित्र पर्ने प्रत्येक शब्द छन्। आज्यपाम्=घिउले मुछेको चरू, हवनसामग्री, नैवेद्य ग्रहण गर्नेवाली, सोमपाम्[5]=सोमलता विशेषको रस-झोल पिउनेवाली, सर्वपर्वतवासिनीम्=सम्पूर्ण पर्वतमा निवास गर्नेवाली, चौरसेनानमस्कृताम्=सधैं चोरहरूका सेनाद्वारा नमस्कार गरिएकी, चिरवसनाम्=चिर=भोजपत्रको वस्त्रधारण गर्ने, सौम्याम्=शान्त स्वरूपवाली, किरातीम्=पार्वतीलाई भने=सोधे भन्ने प्रसङ्ग हुन्छ। यहाँ सम्पूर्ण पर्वतहरूमा निवास गर्ने भनेपछि सर्वसाधारण देवी होइन भन्ने इतिहास बुझिन्छ। सबैभन्दा ठूलो इतिहास यहाँ किराती देवीको के छ भने आज्यपा र सोमपा शब्द मूल इतिहासको रूपमा देखा परेको छ। आजकल किरातहरूले हामी त मङ्गोल हौं भन्छन्। परन्तु शुद्ध आर्यहिन्दू-पूजापद्धतिको 'आज्य' ग्रहण गर्ने सुम्निमा=पार्वती कसरी मङ्गोलियनहरूकी देवी भई त? अर्को कुरा, मङ्गोल शब्द नै मुगल (मुसलमान)-वाट बनेको शब्द हो। त्यो पनि ६ सय वर्षको मात्र 'मङ्गोल' शब्द हो। यहाँ 'किरात' शब्द र 'आज्य' शब्द लाखौं वर्ष पुरानो भएर बसेको छ। त्यसैले इतिहास नबुझ्नेले मुखमा आयो भन्दैमा शब्द प्रयोग गरिहाल्नु हुँदैन। 'आज्य' शब्द वैदिक हो। यस्तै सोम शब्द पनि वैदिक हो। 'सोम' शब्द

---

१. अहं पुरा किरातेपु किरातैस्सह वर्धितः (वा० रा० आ० १।५५।३,४)

२. रेमे सोऽपि किरातैश्च······(स्कं० पु० के० खं० १०६ अ० ४)

३. ··· ··· ···· ····(म० भा० स० य० ४८।८,९, १०, ११)

४. इज्यायुद्धवणिजाद्यकृतिमन्तो व्यवस्थिताः (ब्रह्मपुराण १९ अ० ९)

५. किरातीश्चिरखसनाञ्चौरसेनानमस्कृताम्
आज्यपां मोमपां सौम्यां सर्वपर्वतवासिनीम् ॥ (हरिवंशपुराण १७८ अ० दुर्गास्तवे)

(क) सोमरस भनेको जाँड रक्सी होइन। लहरो हो। त्यो लहरो हिजोआज पाइँदैन।

जाँड र रक्सीको वाचक कुनै हालतमा हुन सक्दैन । नत्र यहाँ 'सोमपा' शब्दको अर्थ रक्सी पिएकी देवी गर्नुपर्ला । 'सोमपा' शब्दभन्दा पर 'सोम्या' शब्द छ ।

'सौम्य' शब्दको अर्थ 'शान्त' हो । रक्सी पिउने मान्छे शान्त रहनै सक्दैन । झन्सारो रक्सी पिएपछि शान्त रहला भन्ने त चिताउनैपर्दैन । हाम्रा आजका जाँड रक्सी पिउने देवीहरूलाई हेर्नुहोस् । कत्तिको शान्त रहन्छन् ! त्यसैले 'सोमपा' शब्दको अर्थ शुद्ध आर्यहरूको बुद्धिवर्धक, बलवर्धक, कान्तिवर्धक, आयुवर्धक पेय पदार्थ सोमरस थियो । त्यो ऋग्वेद तथा आयुर्वैदिक चरक, सुश्रुत आदिका कालमा 'मुञ्जवान्' पर्वतमा विशेष पाइन्थ्यो । पौराणिक कालसम्म पनि केही पाइन्थ्यो । किराती देवीले त्यही 'सोम' पिएकी थी ।

धेरै उटपटाङ अर्थ गर्नेहरूले आजको जाँडमा लगाउने 'मर्चा' लाई 'सोम' भनेको हो भन्न थालेका छन् । तर त्यसो होइन । आजको 'मर्चा'ले बल, बुद्धि, दिमाग, कान्ति, आयु आदि केही पनि बढाउँदैन । उल्टा बलहीन, बुद्धिहीन, दिमागहीन, कान्तिहीन मात्रै बनाउँछ । त्यसैले मर्चाको शब्द 'सोमरस' होइन । सबैभन्दा ठूलो कुरा 'मर्चा' सबै ठाउँमा आज पनि पाइन्छ । बर्मा, कच्चिन, आराकन, मणिपुर, नागाहिल, अरुणाचल, त्रिपुरा, मेघालय, मिजोरम आदिदेखि लिएर नेपाल, कुमाऊँ, गढवाल, हिमाञ्चलप्रदेश आदि कुनै ठाउँ 'मर्चा'ले खाली छैन । तर 'सोमलता' खोज्न (Research) थालेको ११७ वर्ष भइसक्यो । यस विषयको खोज गर्न पाश्चात्य विद्वान्हरूमा डेक्कन, मोर पिवर्ड, थाम्स कोली आदि र भारतीय विद्वान्हरूमा टी० पी० कोट्टकन, अप्पैय कोरम्, पं० कृष्णमूर्ति आदिले धेरै परिश्रम गरेर 'सोमलता' प्राप्त गर्ने प्रयास गरेका छन् । नेपालमा एकैजना योगी नरहरिनाथ 'सोमलता' खोज गर्ने प्रयासमा संलग्न महापुरुष हुन् । 'सोमलता' मर्चा होइन भन्ने अर्को प्रमाण कृष्णपक्षसम्म एकएक पात झरिसक्छ र शुक्लपक्ष[1] पूर्णिमासम्म पूरा पात आइसकेको हुन्छ । नियमले त्यही खसेकै पात आइसकेका भए पनि डाँल्ला (लहरा) मात्रै भए पनि 'सूत' अर्थात् कुटेर निचोरेर यज्ञयागादिमा अर्पण गर्दथिए । 'मर्चा' औंसीमा पात खस्ने र पूर्णिमामा पूरा पात आउने हुँदैन । त्यसैले नबुझीकन फटाहापाराले भन्ने लेख्ने काम ठीक होइन । यस इतिहासले यो बताउँछ कि 'सोमरस' को शुरुआत किरातहरूले नै गरेका थिए । ज्यादै उपयोगी भएको हुनाले धेरै मात्रामा खर्च भयो । तर उत्पादन सबै ठाउँमा नहुने हुँदा यस युगमा 'सोमलता' नामले पढ्नु र सुन्नु मात्रै पाइन्छ । अथवा अझ खोज भएको छैन । भविष्यले बताउनेछ ।

यस्ती 'आज्यपा' र 'सोमपा' किराती देवी कसरी मङ्गोल हुन सक्छे ? रह्यो चिरवस्त्रधारण गर्ने इतिहास, आज पनि भुर्जपत्रको अर्थात् भोजपत्रको लुगा लगाउने मान्छे थुप्रै देखिन्छन् । तर ती ठाउँहरूमा पुग्नुपर्छ । लेखक ६ महिना गङ्गोत्रीमा बस्दा चिरवस्त्र नै ओढेर सुते-बसेकै हो । जङ्गलमा बसेपछि चोर डाकाहरूले प्रमाण गर्नु र मान्नुमा पनि आश्चर्यको कुरा छैन । यसरी हरिवंशभित्र पनि किरात-इतिहास लुकेको पाउँछौं ।

---

[1] सोमरस का खोज, लालुभाई सिमान (पृ० नं० २२१)
  (क) सोम का विकल्प, आनन्द भैरव (पृ० नं० १५१)
  (ख) मेरे विचार में सोमरस, जियाराम भाई (पृ० नं० ११७)
  (ग) सोमरस और शराब, पाण्डुलाल (पृ० नं० १९७)

कालिकापुराणमा किरात

किरात-सम्राट् घटक

कालिकापुराणको अध्ययन गर्दा प्राचीन इतिहासको बारेमा निकै रहस्य खुलेको देखिन्छ, यद्यपि कालिकापुराणमा पनि निकै झिकथप भएको देखिन्छ। केही स्वार्थीहरूले आफ्नो स्वार्थ पूरा गर्न अनेक प्रसङ्गहरू जोडेको देखिन्छ। यसमा पौराणिक केही रहस्य छन् भने केही मात्रामा प्राचीन इतिहासका पानाहरू पनि महत्त्वपूर्ण रूपमा उल्लेख भएका छन्। तर विशेष मात्रामा तन्त्रविषयक विषयवस्तुले भरिएको छ। यद्यपि कालिकापुराण प्राचीन उपपुराणहरूमा मानिन्छ, किरात-इतिहास कोट्याएर हेर्दा कालिकापुराणलाई छोड्नु हुँदैन भन्ने मेरो विचार छ। यहाँ ऐतिहासिक तथ्य बुझ्नका लागि किरातसम्राट् घटकको ऐतिहासिक प्रकरणलाई अति मनोहर रूपमा उभ्याएको छ। त्योभन्दा पूर्व नरकासुर (भौमासुर)-को उत्पत्ति पृथिवी र विष्णुपुत्रको रूपमा भएको देखिन्छ। साथै जनकको धर्मपत्नी सुमतिको पुत्र नरकासुर हुनाले सीता नरकासुरकी बहिनी थी भन्ने इतिहास कालिकापुराणबाट[१] प्रष्ट हुन्छ। यहाँ नरकासुरलाई विष्णुपुत्र देखाएर किरातसम्राट् घटकको राजधानी प्राक्ज्योतिषपुर=कामरूपमा राजनीतिक युद्ध गर्न पुगेको नरक पनि किरातै थियो भन्ने बुझिन्छ। तर नरकको नामको अगाडि पछाडि 'किरात' शब्द भने जोडिएको देखिएको छैन। तर 'नरक' पनि असुर अवश्य थियो।

किरातराजा घटकको पराक्रम र अर्थव्यवस्थाको इतिहास कालिकापुराणले सारै राम्रो गरी उभ्याएको छ। साथै अन्य समस्त वैदिक वाङ्मय र पुराण आदि इतिहासमा नलेखिएको विषय पनि लेखिएको छ। त्यो हो 'मद्य' शब्द। प्राक्ज्योतिषपुरमा सुवर्ण रङ्गका किरातराजा घटक नय र विनयले सम्पन्न भएर राज्य गर्दथे। किरातराजा घटकका समस्त सेना तथा जनता स्वर्णाभ अर्थात् स्वर्ण रङ्गका देखिन्थे। किरातराजा हेर्दा सुन्दर तथा सुडौल थिए। उभिंदा स्वर्णस्तम्भसमान देखिन्थे। तेजमा बल्दै गरेको अग्निसदृश देखिन्थे। किरातराजा घटकका ठूला चतुरङ्गी सेना थिए। यस्ता सेनाले परिपूर्ण घटक राजाको राजधानी प्राक्ज्योतिषपुरमा विष्णु तथा उनका पुत्र नरक दुवै बाबुछोरा पुगे। यो नियोजित राजनीतिको चालले परिपूर्ण भएको देखेर किरातसम्राट् घटकले युद्ध गर्नलाई आफ्ना चतुरङ्गी सेनालाई आदेश दिए। सम्पूर्ण सेनासहित किरातराजा घटकले बलशाली माधव र नरकमाथि धावा बोले। तर दैवसंयोगले नरकासुरले किरातराजा घटासुरको शिर काटिदियो। किरातराजा घटकको वीरगति भएपछि मुख्य सेनापति तथा वीरवर किरातहरू सबैलाई नरकासुरले मार्‍यो। केही शेष रहेका किरातहरूले नरकासुरको शरण लिए।

त्यसपछि किरातसम्राट् घटकले आफ्नै प्रयोगमा ल्याउने चारवटा[२] दन्त भएको इन्द्रको हात्ती ऐरावतको समान पराक्रम भएको, गरुडको समान वेगवाला सेतो हात्ती नरकासुरले आफ्नो वशमा पार्‍यो।

---

[१] कालिकापुराण ३८ अ० ६७-६८-६९।

[२] ततस्स नरको वीरस्समारुह्य सितं गजम्।
चतुर्दन्तं महाकायं किराताधिपवाहनम् ॥११४॥
ऐरावतसमं वीर्ये वेगेन गरुडोपमम्।
किरातान् दुरवयामास यावद् दिक्करवासिनीम् ॥११५॥ (का० पु० ३८ अ०)

यस युद्धले केवल कामरूप देश मात्र होइन, अपितु सागरको अन्तसम्म फैलिएर[१] बसेका किरातहरूलाई पनि नरकासुरले हल्लाएर राखेको थियो। घटासुर र नरकासुरको युद्धमा घटासुर मारिएपछि घटासुर-समर्थक समस्त किरातहरूलाई पूर्वदिशामा सागरको अन्तसम्म आफ्नो देश छोडेर जाने बनाए। वाणासुरको मित्र बनेर कदाचित् नरकासुरले घटासुरको मूलोच्छेद गरेरै छोड्यो। यो युद्ध कुनै आर्य र अनार्यको युद्ध होइन, अपितु किरात-किरातकै युद्ध थियो। यो राजनैतिक उथलपुथल थियो। हरुवा र जितुवा प्रायः सबैले समय आउँदा हार्नैपर्छ। घटासुर आफ्नो दिन छँदा महाबली, ऐश्वर्यसम्पन्न, सैन्यबलले परिपूर्ण थिए। तर विष्णु र नरकासुर दुवै बाबुछोरा लागेर घटासुरको सर्वस्वहरण गरेका थिए। घटासुरले प्राक्ज्योतिषपुर आफ्नो राजधानीमा भूमिदुर्ग, जलदुर्ग, वृक्षदुर्ग, अरण्यदुर्ग, शैलजदुर्ग बनाएका थिए। सबै दुर्गहरूमा परिखा बनाइएका थिए। यस प्रकारका दुर्गहरूमा बसेर किरातसम्राट् घटकासुर अभयरूपमा शासन गर्थे। घटकासुरको राज्यविस्तार आजको समस्त आसाम प्रान्तका मेघालय, मिजोरम, अरुणाचल, नागालेण्ड, कुचविहार आदि क्षेत्रहरूसम्म थियो। घटकासुरको दरवार बलियो थियो। दरवार बलियो हुनको अर्थ हो प्रजा बलिया थिए। त्यसैले त किरातराजा घटकासुरका सुन्दर चार दाँतवाला पच्चीस हजार हात्ती हरसमय हाजिर रहन्थे। ठूलाठूला पात्रहरूमा दाना हालिदिएका थिए। तत्काल युद्धमा हिंड्नुपर्ने आशङ्काले पहिले नै हौदा कसेर तैयार पारेका महाबली हात्तीहरू थिए। ती युद्धकुशल हात्तीहरूमा हौदाबाहेक शत्रुको मुकाबलाको लागि अनेक प्रकारका शस्त्रास्त्र सुसज्जित थिए। हात्ती तथा सैन्यहरूलाई अनेक प्रकारका हीरा, मोती, जवाहर, पन्ना आदि अमूल्य आभूषणले सजाइएका थिए। युद्धमा कुशल हजारौं घोडाहरूलाई पनि अमूल्य आभूषणहरूले सुसज्जित पारेका थिए। यी घोडाहरूलाई पनि अमूल्य आभूषणहरूले सुसज्जित पारेका थिए। यी घोडाहरू मनको समान वेगले चल्ने खालका थिए। अर्थात् अति शीघ्रगामी घोडाहरू थिए। लोहाको अष्टचक्र नामका हत्यारहरूले युक्त घोडाहरूलाई चार मील विस्तृत भूमिमा राखेका थिए। यस्ता सर्वगुणसम्पन्न शक्तिशाली किरातसम्राट् घटकासुरको युद्धमा वीरगति प्राप्त भएपछि सम्पूर्ण ऐश्वर्य नरकासुरले[२] खोसेर लियो। घटकासुरको यो इतिहास सहृदय व्यक्तिहरूले सुनेका छैनन्। यस्ता घटनाहरू प्राचीन अन्य उपपुराणमा पनि लुकेर बसेका छन्।

घटकासुरभन्दा पूर्वको प्राक्ज्योतिषपुरको इतिहास ऐलेसम्म कतै पनि सङ्केत भएको देखिएको छैन। तर घटकासुरलाई मारेर नरकासुरले सम्पूर्ण राज्य तथा कोषादि आफ्नो हातमा पार्ने इतिहास कालिकापुराणले मनोहररूपमा उभ्याएको देखिन्छ। कालिकापुराणकारले त होइन, पछिका केही स्वार्थीहरूले केही पाठ थपेका छन्। स्वयं शम्भु किरातेश्वर भगवान् शङ्करले रक्षा गरेर राखेको प्राक्ज्योतिषपुरमा क्रूर[३],

---

१. विद्राविताः किरातास्ते सागरान्तं समाश्रिताः ॥११६॥

२. ततः किरातराजस्य चतुर्दन्तास्सुदन्तिनः ।
पञ्चविंशतिसाहस्रा महामात्रकुथैर्युताः ॥१३४॥
यानि रत्नान्यनेकानि सैन्यानि विविधानि च ।
अश्वाश्चाभरणाश्चैव तत्सर्वं नरकोऽग्रहीत् ॥१३५॥ (का० पु० ३८ अ०)

३. स च देशः स्वराज्यार्थे पूर्वं गुप्तश्च शम्भुना ।
किरातैर्बलिभिः क्रूरैरज्ञैरपि च वासितः ॥१०१॥
रुक्मस्तम्भनिर्भास्तत्र किरातान् ज्ञानवर्जितान् ।
अनर्थमुण्डितान् मद्यमांसाशनैकतत्परान् ॥१०२॥ (का० पु० अ० ३८)

मूर्ख, ज्ञानवर्जित, अनावश्यक मुण्डन गर्ने, जाँड, रक्सी, मासु खानमा मात्र तत्पर रहने भनेर लेखेको छ। यदि यो इतिहास सत्य हो भने समस्त वेद, ब्राह्मण, पुराण, रामायण, महाभारत आदिमा पनि हुनुपर्छ। तर अन्यत्र कहीं पनि पाइएको छैन। त्यसैले यो अंश प्रक्षिप्त हो।

महर्षिवसिष्ठ केही दिन किरात भए

प्राचीन किरातइतिहास हेर्दा केदारखण्डको पनि ठूलो महत्त्व छ। यस्ता अनेक प्रकरण छन् जसबाट अलिअलि किरातइतिहासको स्रोत मात्रै देखाउने प्रयास गरिएको छ। एक समय रघुवंशी राजा रामचन्द्रका कुलगुरु वसिष्ठ[1] आफ्नी धर्मपत्नी अरून्धतीलाई साथ लिएर महापवित्र क्षेत्र हिमालयमा कुनै मुनिको आश्रममा पुगे। हिमालयको फेदमा सुन्दर वनले सुशोभित साथै वनभित्र घेरिएको आश्रममा मुनि शार्दूल महर्षि वसिष्ठले अरून्धतीसहित प्रवेश गरे। त्यो हिमालयको सुन्दर आश्रममा दशौं हजार भिलहरूसहित नियतात्मा दृढव्रत महर्षि वसिष्ठले निवास गरे। केवल यति मात्रै होइन, ती भिल किरातहरू बसेको हिमालयभूमिलाई स्वर्गभूमि मानेर सन्ध्यावन्धनरहित भएर किरातहरूसँग धेरै समयसम्म घुम्दै बसे। केवल यति मात्र होइन कालो कम्बलले बनेको कञ्चुक = मेखला = लामो फेर भएको दौरा लगाएर महर्षि वसिष्ठ पनि किरातहरूसँगै शिकार खेलन जान्थे।

यहाँ इतिहासको पृष्ठभूमिलाई पैल्याउँदा तीनओटा तथ्य प्रष्ट हुन आउँछन्। पहिलो तथ्य हिमालयप्रदेशमा किरातहरू त्यतिखेर निवास गर्दा रहेछन्। दोस्रो इतिहास किरातहरू अरू काममा कुशल भए पनि शिकार खेल्नुमा पनि चतुर थिए भन्ने प्रष्ट हुन्छ। तेस्रो नम्बरमा त्यस बेलाका किरातहरूले लामो पछ्यौरा भएको दौरा विशेष रूपले लगाउँदा रहेछन् भन्ने इतिहास पनि उपर्युक्त श्लोकले प्रष्ट पारेको छ। यो इतिहासले के बुझिन्छ भने रघुवंशका कुलगुरु वसिष्ठले पनि उत्तराखण्ड हिमालयको यात्रा गर्दा किरातहरूको स्वर्गभूमिमा वसिष्ठले पनि स्वर्गभूमि नै मानेर अरून्धतीसहित निवास गरेका थिए। चौथो कुरो, मूल श्लोकमा 'सन्ध्यावन्धन पराङ्मुखः' भन्ने वाक्य आएको छ। यस वाक्यले सन्ध्यावन्धन आदि नित्य नियमले रहित भएर महर्षि वसिष्ठले पनि किरातहरूजस्तै आचरण गरेका थिए। र उनीहरूजस्तै शिकार खेल्नु पनि गए भन्ने वाक्यार्थ हो।

यस परिस्थितिमा धेरै मात्रामा त्यतिखेरका किरातहरूले सन्ध्यावन्धन आदि नित्य नैमित्यिक कर्म गर्दैनथिए भनेजस्तो बुझिन्छ। त्यसैले महर्षि वसिष्ठले पनि किरातहरूजस्तै आचरण गरे। यहाँ केवल किरात र महर्षि वसिष्ठ मात्र होइन, अत्यन्त जाडो लाग्ने हिमवत्प्रदेशहरूमा कसैले पनि नित्य नियमहरू गर्न सक्तैनन्। यहाँसम्म कि नित्य नियमले गरम क्षेत्रहरूमा जो दिसापिसाप गरिन्छ, त्यो पनि अधिक शीत-

---

१. तस्मिन्नेव महाक्षेत्रे हिमदावाश्रमे मुनेः।
वसिष्ठो मुनिशार्दूलोऽरून्धत्या समन्वितः ॥ १ ॥
ययौ महादेवमनाः संयतात्मा दृढव्रतः।
चकार वसतिं तत्र भिल्लानां नियुतैर्युतः ॥ २ ॥
तत्तदाचरणं कुर्वन्स तथा भगवानृषिः।
मत्वा तां स्वर्गभूमिं वै न क्रिया वै विशेषिकाः ॥ ३ ॥
रेमे सोऽपि किरातैश्च सन्ध्यास्नानपराङ्मुखः।
मृगमांशासनो नित्यं कृष्णकम्वलकञ्चुकः ॥ ४ ॥ [के० ख० १०६ अ० १-२-३-४]

प्रदेशमा नियमले हुँदैन । प्रायः शीतप्रदेशका मानिसहरू बिहान पेट भरेर खाना खाइसकेपछि मात्र दिसा जाने गर्छन् । यस परिस्थितिमा गर्मीप्रदेशबाट जाने, संयमित जीवन बिताउने र नियमपूर्वक समयमा दिसा-पिसाप जाने व्यक्तिले पनि हिमवत्प्रदेशमा तुरुन्त नियमहरू बदलेको देखिन्छ । त्यसैले वहाँ वसोबास गर्नेहरूको अनुशरण गर्नु आवश्यक हुन्छ । त्यस्तै, हिमवत्प्रदेशमा बस्ने व्यक्तिहरूले पनि गरमप्रदेशमा आउँदा गरमप्रदेशवालाहरूकै आचरण गर्नुपर्छ । नगरे प्रकृतिले नै त्यो आचरण गराउँछ । यसैलाई भन्छन्—देश, काल, पात्र, परिस्थितिको दास । यी चार कुरालाई नजान्ने विद्वान् बुद्धिमान्, कवि, लेखक, इतिहासज्ञ हुन सक्दैनन् । हिमवत्प्रदेशमा वायु नै पवित्र मानिन्छ । त्यसैले वहाँ स्नानको केही महत्त्व हुँदैन । गरे नगरे बराबर ! यी कुरालाई महर्षि वसिष्ठले राम्ररी बुझेका थिए । त्यसैले त्यहाँको भौगोलिक तथा प्राकृतिक वातावरणसँग मिलेर महर्षि वसिष्ठले आफ्नो उद्देश्य पूरा गरेका थिए । यसमा जातिगत अपवित्रता अथवा सन्ध्यावन्धन आदिबाट विमुक्त हुँदैमा ती जाति जङ्गली हुन सक्तैनन् । यहाँसम्मन् रह्यो आचारविचार, रहनसहनको विश्लेषण, परन्तु मुख्य कुरा किरात-इतिहासको आभ्यन्तरिक विश्लेषण गर्दा स्कन्दपुराण सम्पूर्णमा तत्तत् स्थलहरूमा प्रचुर मात्रामा किरातहरूको उल्लेख भएको पाइन्छ । त्यो इतिहासलाई यहाँ लेखेर साध्य छैन । तीती ग्रन्थहरू हेर्नु नै पर्ने हुन्छ । त्यसैले प्राचीन किरात-इतिहासको अनुशीलन गर्दा पुराण र उपपुराणको अध्ययन नभएको खण्डमा किरातइतिहासलाई साँचो रूपमा पहिल्याउन सकिंदैन । यो कुरा कुरा मात्रै होइन, वस्तुसत्य हो । यहाँ केवल एक झलक देखाउनको लागि यो प्रयास गरिएको हो । पाठकवृन्दले सकेसम्म मूल पाठ अपनाउने र बुझ्ने प्रयास गर्नु उत्तम होला ।

पशुपतिपुराणमा किरात

केही व्यक्तिहरूको मतमा पशुपतिपुराण नवीन हुन पुगेको छ । तर हामी यहाँ पहिले आफ्नो अभीष्ट इतिहास लेखेपछि पुराणहरूको कालनिर्णय पनि गर्नेछौं तर अन्यत्र प्रसङ्गमा । यहाँ केवल किरात-इतिहाससँग सम्बन्ध राख्ने वाक्यांश वा श्लोकांशलाई मात्र आफ्नो कलमको विषय वनाउनेछौं । यस युगमा पुग नपुग प्रामाणिक दुइ हजार वर्ष पुरानो इतिहासको मूल जरो चाँगुनारायणको मन्दिर-मूर्ति र शिलालेख हुन पुगेको छ । त्यो मन्दिर किरातकालमा स्थापित भएको हो भन्ने प्रमाण पशुपतिपुराणको निम्न श्लोकहरूले दिएको छ—

चम्पकद्रुमच्छायाभिः शोभितो मम विग्रहः ।
चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः पूज्यते सदा ॥११॥
जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च ।
करिष्यति तदा राज्यं वैशाल्यधिपतिर्बली ॥१२॥
(पशुपतिपुराण अ० १७।११, १२)

अर्थ—चाँपको रूखको छायामुनि सुशोभित मेरो चार शिरवाला मूर्तिलाई स्थापनाकालदेखि नै श्रद्धाभक्तिपूर्वक म्लेच्छहरूले (किरातहरूले) सधैं पुज्ने गरेका छन् । त्यही म्लेच्छ किरातराजाका वंशमा उत्पन्न भएका राजालाई वचनले विश्वास दिलाएर बलशाली वैशालीका अधिपति अर्थात् लिच्छवि (निच्छवि) राजाले राज्य गर्नेछ । यी श्लोकका अर्थ हुन् । पशुपतिपुराणको नेपाली टीकामा 'चतुर्मूर्तिधरः' शब्दको अर्थ 'चतुर्मुखशिव' लगाएको छ । तर 'म्लेच्छ' शब्दको अर्थ खोलेको छैन । अर्को कुरा, मूलमा 'शिव' शब्द देखिंदैन । चम्पकद्रुमचाहिं 'चाँपको रूख' नै हो । त्यसो भएको हुनाले चाँगुनारायणलाई नै

पुराणले भनेको हो। फेरि, 'चतुर्मूर्ति' को अर्थ चारवटा मूर्ति भन्ने हुन्छ। 'मुख' अर्थले मूर्तिको ग्रहण हुँदैन, किनभने सम्पूर्ण विग्रहको नाम मूर्ति हो। विग्रहको कुनै एक अङ्गको नाम हात, मुख, कान, आँखा आदि हुन्छन्। मूल पाठ कतै 'चतुर्मूर्तिधर' थियो कि ? अस्तु, जे भए पनि चाँगुनारायणको स्थापना किरातकालमा भएको थियो। वि० सं० चौथो शताब्दीका प्रथम लिच्छवि किरातराजा मानदेवले जीर्णोद्धार गरेका थिए।

यसको प्रमाण 'म्लेच्छैर्भक्त्या सदा पूज्यते' यही हो। यहाँ 'म्लेच्छ' शब्दले भने अवश्य खलबल्याउनेछ। आजका 'किरात' भन्नेहरूले यी इतिहासलाई बुझेका छैनन्। एक शताब्दीभन्दा यता बुझ्ने क्षमता भएको किरात-इतिहासविद् जन्मनु पनि दुर्लभै छ। तर किरातहरू नै 'म्लेच्छ' थिए भन्ने कुरामा के प्रमाण छ ? यो प्रश्न मनमा उठ्नु स्वाभाविक कुरा हो। फेरि, ई० सं० प्रथम शताब्दीदेखि यता 'म्लेच्छ' शब्दको अर्थ अत्यन्त निन्दनीय, फोहरी, छुनै नहुने आदि लगाउन थालिसकेका थिए। पछिपछि किरात शब्द पनि झण्डै उसै कोटिमा पुगिसकेको थियो। तर ई० सं० पूर्व 'म्लेच्छ' शब्द निन्दनीय अर्थमा थिएन। यहाँसम्म कि महर्षि पाणिनि र महर्षि पतञ्जलिको समयसम्म पनि 'म्लेच्छ' शब्दको नीच, अछूत आदि अर्थ गरेका थिएनन्। 'म्लेच्छ = अव्यक्तशब्दे' भनेर अर्थ प्रष्ट्याएका थिए, जसको अर्थ हो 'साफ शुद्ध बोल्न नसक्नु'। तर पछि आएर यसको गलत अर्थ गरेको हो। जस्तै—ई० स० पूर्व तेस्रो शताब्दीसम्म पनि 'देवानां प्रिय' शब्दको देवताहरूलाई प्रिय लाग्ने अथवा देवताहरूका प्यारा भन्ने अर्थ हुन्छ। त्यसैले सम्राट् अशोकले सर्वत्र आफ्ना शिलालेखहरूमा 'देवानां पियेन' भन्ने शब्द लेखेका छन्। तर अलि पछि आएर 'देवानां प्रियेण' शब्दको गाली अर्थ हुन थाल्यो। यसमा पनि कुटिल राजनीति नै छ। के अशोकले आफूलाई गाली आफैंले लेखे त ? कदापि त्यसो हुन सक्दैन। अशोकपछि गाली-अर्थमा 'देवानां प्रिय' शब्द प्रयोग हुन थालेको हो। त्यसैले आज 'सिद्धान्त कौमुदी' आदि ग्रन्थ पढाउँदा 'देवानां प्रिय' र 'देवप्रिय' को भेद गरेर पढाउने गरेका छन्। वस्तुतः यस्तो अर्थ कदापि नहुनुपर्ने हो। समस्त पद र असमस्त पद भने अवश्य हुन सक्दछ। त्यसले समस्त असमस्त अर्थ हुन सक्छ। तर पृथिवी पल्टाउने अर्थ रागद्वेषको कारणले हुनुपर्छ। यस्तै महर्षि वाल्मीकिले 'मुनिपुङ्गव' शब्दमा 'पुङ्गव' शब्दको अर्थ 'श्रेष्ठ' 'उत्तम' गरे। त्यसैले 'मुनिपुङ्गव' शब्दको अर्थ मुनिहरूमा श्रेष्ठ भन्ने भयो र त्यहाँ त्यही अर्थ गरिन्छ। तर पछि आएर गाली गरेर गोरु-अर्थमा पनि प्रयोग हुन थाले। पण्डितराज जगन्नाथ आफ्ना समयका बृहस्पति जस्ता विद्वान्ले महावैयाकरण भट्टोजि दीक्षित जस्तालाई 'द्रविडपुङ्गवः' अर्थात् 'दक्षिणी गोरु' भनेर गाली गरेका छन्। अथवा 'गुरु' शब्द अत्यन्त पवित्र शब्द थियो। परन्तु आजको युगमा 'वाराणसी' आदि भारतमा गुरु शब्दको 'गुण्डा' अर्थ हुन्छ। 'का हो गुरु' भन्ने शब्द प्रचलित छ। नेपालमा गुरु शब्दले चालक = ड्राइवरलाई बुझाउँछ। यसरी मान्छेको मस्तिष्कले बिगार्दै गुरु शब्दलाई गुण्डा र ड्राइवरसम्म पुऱ्याए भने 'मण्डल' शब्दको अर्थ पनि पञ्चायती गुण्डासम्म नै पुगेको देखिन्छ। प्राचीन संस्कृत ग्रन्थहरूमा 'मण्डल' शब्दको ग्रन्थको भाग; जस्तै—ऋग्वेद प्रथम मण्डल, दशम मण्डल आदिमा 'मण्डल' शब्दको एक भाग अथवा खण्ड आदि अर्थ हुन्छ। तारामण्डल आदिमा समूह अर्थ हुन्छ। 'कस्मिन् मण्डले भवतां जन्म ?', कुन जिल्लामा तपाईंको जन्म भएको हो ? भन्ने वाक्यहरूमा 'मण्डल' शब्दको प्रयोग जिल्ला-अर्थमा भएको छ। अर्थ गर्दा खण्ड, भाग, समूह र जिल्ला आदि अर्थमा लिएको छ। तर नेपाल प्रज्ञाप्रतिष्ठानको 'बृहत् नेपाली शब्दकोश' मा अब मण्डल शब्दको बदमाश, गुण्डा अर्थ पनि हुन थालेको छ। यी सबै स्वार्थ र अज्ञानताको कारण हो। योग्यताको हत्या गरेर स्वार्थलाई अगाडि सारेको फल यही हुन्छ। नेपालमा प्रयोग

हुने यस्ता हजारौं शब्द छन् । निकट भविष्यमा फेरि भाषै अलग हुने सम्भावना पनि छँदैछ । उपरोक्त, कालीन, मनोकामना, उपत्यका, अधिराज्य आदि शब्द स्वार्थ र योग्यताको हत्याको कारणले नै भएको हो । अर्को कारण पण्डित विद्वान्‌हरूको रागद्वेषको कारण पनि ठूलो खाडल बन्न पुगेको छ ।

'म्लेच्छ' शब्द पनि यस्तै स्वार्थ-परिणामको शिकार भएको हो । प्रारम्भमा 'म्लेच्छ' शब्द 'किरात' शब्दको पर्यायवाची शब्द थियो र आजको 'मतवाली' शब्दजस्तै थियो । 'म्लेच्छ' शब्द र धातु वैयाकरण-हरूले दुवै मानेका छन् । यसको अर्थ अव्यक्त अर्थात् प्रष्ट बोल्न नसक्नु हो । यो त किरातहरूले मात्र होइन, अरू खसक्षत्रिय र बाहुनहरूले पनि सबैले प्रष्ट बोल्न नसकेको खण्डमा 'म्लेच्छ' नै हुने भयो । सबै बाहुनहरूले शुद्धै बोल्छन् भन्ने कुनै ठोकुवा छैन । त्यसैले महर्षि पतञ्जलिले महाभाष्यमा 'न म्लेच्छितं वै नापभाषितम्' आदि प्रयोग गरेका छन् । जसले अस्पष्ट बोल्छ त्यै 'म्लेच्छ', त्यही 'म्लेच्छ' हो र 'म्लेच्छ' शब्द त्यसै अर्थमा थियो । जाति-अर्थमा थिएन । जस्तै—'मतवाली' शब्द जसले 'मद', मात्तिने जाँड रक्सी पिउँछ अथवा खान्छ, त्यही मतवाली हो । 'मद' पिउने त खसक्षत्रिय र बाहुन आदि पनि हुन्छन् । यी सबै खाने पिउने मतवाली भए । तर आजको युगमा पनि जानी नजानी अन्याय अवश्य गरेका छन् । 'मद' क्षत्रिय, बाहुन आदि सबैले खान र पिउन थाले । तर 'मतवाली' नामचाहिं राई र लिम्बू आदिका थाप्लामा राखिदिएका छन् । यी बुद्धि नभएकाहरूले पनि आफूलाई गौरव मानेर हामी 'मतवाली' हौं भन्दै हिंड्छन् । के यी कुरा सत्य हुन् ? दूधवाला, पानीवाला, दोकानदार, वकील आदि शब्द जाति-वाचक शब्द हो र ? बी. ए., एम. ए., पीएच. डी. आदि जातिवाचक हुन् र ? होइन भने 'मतवाली' शब्द पनि जातिवाचक होइन । सबै जातमा मतवाली हुन सक्छन् र छन् पनि । यहाँ विचारणीय अर्को पक्ष पनि छ । शब्द कुन शुद्ध हो ? मतवाली कि ? मदवाली कि ? मदवाला ? हाम्रो देशमा दिमाग खुस्केका मान्छेको पनि कमी छैन । यो 'वाला' शब्द हिन्दी र ऊर्दूबाट भतुवा भएर आएको शब्द हो । तर 'मद' शब्दचाहिं संस्कृत शब्द हो । त्यसैले स्त्रीलिङ्गमा प्रयोग गर्दा 'मदवाली' र पुलिङ्गमा प्रयोग गर्दा 'मदवाला' हुनुपर्छ । तर 'मतवाली' शब्दको प्रयोग गर्छन् । यो शुद्ध हो ।

यस्तै 'म्लेच्छ' शब्द प्रारम्भमा अस्पष्टवादी सबैमा प्रयोग हुन्थ्यो । पछि आएर किरातहरूको पर्याय हुन पुग्यो । वि. सं. सप्त र अष्ठम शताब्दीतिर 'म्लेच्छ' शब्दलाई ज्यादै हेय दृष्टिले हेर्न थालेका थिए । त्यतिखेर ज्यादै छुवाछूतको भावना फैलिएको थियो । वि. सं. तीन हजार वर्षपूर्वसम्म पनि 'म्लेच्छ' जाति हेय थिएन । गुणवाचकै थियो । बाहुल्येन प्रयोग भने किरातहरूमै हुन्थे । कोषकारहरूले केही शब्द आफैं पनि बनाएका छन् । तर धेरैचाहिं सङ्कलन नै गरेका हुन्छन् । पाठकवर्गले हेर्नुपर्ने स्थलहरू यी छन्—'भेदाः किरात…म्लेच्छजातयः '(अ. को. शू. व. पृ. ८२), 'किरातो म्लेच्छभेदे स्यात्' (मे. को. श. व. १०५ श्लोक पृ. ६१), 'किरात-म्लेच्छादयः' (दृ. यु. को. २ का. ५९९ श्लोक) आदि यी कोषहरूमा किरातकै पर्यायमा 'म्लेच्छ' शब्दको प्रयोग भएको देखिन्छ । यसरी नै ब्राह्मणग्रन्थहरूमा पनि 'म्लेच्छ' शब्द किरातकै पर्याय भएको देखिन्छ । महाभारतमा सभापर्वमा विशेष 'म्लेच्छ' शब्दको प्रयोग किरातमा भएको पाइन्छ । यस्ता अनेकौं प्रमाणहरूले 'म्लेच्छ' शब्दले 'किरात' नै हो भन्ने कुरामा दुइ मत हुने ठाउँ छैन । यो अवश्य कतैकतै प्राचीन ग्रन्थहरूमा पनि तलमाथि हुनु स्वाभाविकै हो ।

यहाँसम्म कुरा खोदाल्नुको अर्थ 'पशुपतिपुराण' मा परेको 'म्लेच्छ' शब्दले किरातहरूलाई बुझाउँछ भन्नु हो । यसै गरी 'म्लेच्छैस्सदा पूजितः' शब्दले एउटा अर्को इतिहास प्रष्ट्याएको छ । त्यो चाँगुनारा-यणको मन्दिर र मूर्ति स्थापना लिच्छवि-किरातराजा मानदेवले स्थापना गरेका होइनन् । यद्यपि स्वयं मान-

देव लिच्छविवंशका किरातै थिए। किरातमूर्तिहरूमध्ये चाँगुनारायणको गरुडमूर्ति अत्यन्त सुन्दर किरातकालिक मूर्ति हो। किरात-किरात आपस्तमा फुट पर्नाले मानदेव या मानदेवका पुर्खाले 'किरात' शब्द लेख्न वा बोल्न छोडे। राजनीति भनेको यस्तै स्वार्थी हुन्छ। त्यहीदेखि 'लिच्छवि' चल्न थाल्यो। 'किरात' शब्द हरायो। पछिको पीढीले जस्तो देख्यो त्यस्तै लेख्यो। त्यस्तै भन्यो। तर लिच्छवि किरातै हुन्।

अब विचारणीय इतिहासको पक्षमा 'म्लेच्छ' शब्दपछि 'कैरातराजानम्' र तेस्रो इतिहासलाई प्रष्ट्याउने शब्द 'वैशाल्यधिपतिर्वली' हो। 'म्लेच्छ' शब्दको अर्थ र कहाँ प्रयोग भयो भन्ने कुरा बुझिसकेपछि कैरातराज र वैशालीको वली अधिपतिको ऐतिहासिक विवेचना हुनु आवश्यक देखिन्छ। बलशाली कुनै वैशालीको अधिपतिले किरातवंशका किरातराजालाई वाणीले विश्वास दिलाएर उसको राज्य खोसेर राज्य गर्नेछ भनेर भविष्यत्कालिक क्रियापद दिएको पाइन्छ। यसले एक अर्को कुरा जन्मायो। त्यो के हो भने 'पशुपतिपुराण' १५ शताब्दीमा लेखिएको हो भन्नेको मतको प्रवल खण्डन भएको छ। भविष्यत्कालिक क्रियापदलाई नहेरी व्यर्थको भ्रमात्मक कुरा मात्रै लेखेका हुन्। पशुपतिपुराणकै 'तदा राज्यं करिष्यति' पदले स्वयं खण्डन गरेको छ। अब विचार गर्ने कुरा छ किरातराजालाई विश्वास दिलाएर शासन गर्ने वैशालीका अधिपति को थिए ? त्यो वैशाली कहाँ थियो ? अथवा ऐले कहाँ पर्छ ? यी महत्त्वपूर्ण ऐतिहासिक बूँदाहरूको उत्तरमा हाम्रा धेरै जस्ता इतिहासकारहरू वर्तमान भारतको बिहारमा पर्ने वैशालीमा यात्रा गर्न अथवा पिकनिक खान जाने गरेका छन्। तर यो इतिहास सत्य होइन। काठमाण्डौभित्रकै वैशाली = विशालनगरमा कुनै राजनीतिज्ञ नेता हुनु युक्तिसंगत देखिन्छ। किरातराजालाई जितेर वैशालीको अधिपतिले शासन गर्नु भनेको भीमसेन थापालाई पदच्युत गरेपछि जङ्गबहादुर आएजस्तै हो। राणाशासन खतम गरेर सात सालमा कांग्रेस आएजस्तै हो। कांग्रेस समाप्त भएपछि पञ्चायत र पञ्चायत खतम भएपछि वहुदलीय प्रजातन्त्र आएकोभन्दा फरक छैन। त्यसो होइन भने इतिहास पल्टिनुपर्थ्यो। इतिहास पल्टेको देखिएन, किनभने भारतको वैशालीमा शासन गर्ने लिच्छविहरू गणतन्त्र-शासक थिए। नेपालका लिच्छविहरू राजतन्त्रात्मक शासक भए। कुनै पनि देशमा विदेशी शासक बनेर आएपछि आफ्नो शासन गर्छ र आफ्नै संस्कृति र भाषा फैलाउँछ। नेपालका लिच्छविहरूमा त्यो देखिंदैन। त्यसैले 'भाई फुटे गाँव लुटे' भएको हो। किरात-किरातहरू राजनीतिक बाजो परेर त्यतिखेरका राजालाई गद्दीबाट उतारेर अर्को लिच्छवि थरको राजा राज गर्न बस्यो। होइन भने ती लिच्छविहरू कहाँ गए त ? 'थरै' समेत लोप हुन नपर्ने हो ! मल्लकिरातहरूको जगजगीमा फेरि लिच्छविकिरातहरूले मुन्टो उठाउन पाएनन्। 'सेन' मगरहरूले जस्तै सामना गर्नुपऱ्यो होला। त्यसैले लिच्छविकिरात किरातवंशकै थिए। काठमाण्डौ अधित्यकाभित्र वैशाली (विशालनगर)-कै वासी थिए।

यसरी किरातहरूको शासन मल्लकिरातहरूसम्म रह्यो। तर निरन्तर किरातहरूको दुर्व्यसन, ऐश-आराम, अनावश्यक घमण्ड, राज्यशासनमा ढिलाइ या अत्याचार, साथै आपसीमा फुट आदिको कारणले किरातहरूको शक्ति घट्दै गएपछि मल्लकिरातहरूसम्म पुग्यो। मल्लकिरातहरू त झन् टुक्रिएर काठमाण्डौका चार गाउँका राजा हुन पुगे। त्यही मौका छोपेर खस-ठकुरी शाहवंशका व्यवहारचतुर, नीतिज्ञ, साहसी पृथिवीनारायण शाहले आफ्नो हातमा लिएपछि नेपाल किरात-क्षत्रियशासकहरूको हातबाट हजारौं वर्षपछि खसक्षत्रिय शाहवंशको हातमा परेको हो। यसरी स्कन्दपुराणको हिमवत्खण्ड तथा 'पशुपतिपुराण' आदिमा किरात-इतिहास प्रसुप्त रूपमा छ। यो इतिहासलाई पशुपतिपुराणको दुइवटा श्लोकले पुष्ट्याएको हो। यस्तै अनेकौं सामग्री छन्।

स्कन्दपुराणमा किरात

किरातराजा शंकु र विरूपाक्ष

वर्तमान समयमा प्राप्त किरातमूर्तिहरूमध्ये पशुपति आर्यघाटमा रहेको विरूपाक्षको मूर्ति सबैभन्दा प्राचीन मूर्ति हो । 'किरात'को सर्वश्रेष्ठ नमुनाको रूपमा चाँगुनारायणको गरुड र आर्यघाटको विरूपाक्ष नै मानिएको छ । यी मूर्तिहरू स्वयं किरातकै हातले खोपिएका थिए । अरू कलाकारले विशेषता ल्याउन सक्दैनन् । यहाँ किरातराजा शंकु र विरूपाक्षको बारेमा महाभारत र स्कन्दपुराण[1] हिमवत्खण्डका शंकु एकै हुन् कि भिन्न हुन् भन्नेबारे यो प्रसङ्ग उठाएको हो । होइन भन्नु सजिलो हुन्छ । ठीक छैन भन्नु अझ सजिलो छ । तर ठीक छ, हो भन्नु धेरै कठिन कुरा हो । किरात-इतिहास प्रस्तुत गर्दा प्राचीन ग्रन्थहरूलाई उठाउनु आवश्यक छ । तर हाम्रा केही लेखकहरू आफ्नो बाबु र आमामाथि पनि शङ्कास्पद देखिन्छन् । ए ! मत यस बाबुको छोरो होइन कि के हो ! तर हामी त्यस्ता छैनौं । आमाले यो तेरो बाबु हो भनेपछि मेरा पिता यिनै हुन् भनेर स्वीकार गर्ने गरेको छ । पिताको पत्ता लगाउनका लागि आमाभन्दा अर्को कुनै उपाय छैन । आमा नभए मात्र अरूको उपाय मान्य हुन्छ, किनभने सही पिताको टुंगो वा प्रमाण नै एक मात्र आमा हो ।

ठीक यस्तै हाम्रो देश, राष्ट्र, कला, कृति, संस्कृति, भूगोल, इतिहास आदि पत्ता लगाउने आमा हाम्रै पुराना वेद, पुराण, रामायण, महाभारत आदि ग्रन्थहरू हुन् । यी ऐतिहासिक ग्रन्थहरूलाई छोडेर हामी हाम्रो देशको इतिहासको सामु पर्न सक्दैनौं । यसरी नै यी ग्रन्थहरूलाई अप्रामाणिक मान्नुको अर्थ हो आफ्नै आमामाथि शङ्का गर्नु । यसरी विदेशी भतुवा कुरालाई प्रामाणिक मानेर आफ्नो इतिहासलाई शङ्कास्पद दृष्टिले हेर्ने दृष्टिकोण पाश्चात्यहरूले सृजना गरिदिएको हो । यो कुरा नबुझीकन आफ्नो छोड्ने र अरूको स्वीकार गर्ने बानी नछोडेसम्म राम्रो हुनेछैन । यहाँ यति भन्नुको अर्थ कसैकसैले स्कन्दपुराण अथवा अरू पुराणहरूलाई आधुनिक र अत्याधुनिक भनेर हेला गर्ने गरेका छन् । फेरि ती हेला गर्नेहरूले संस्कृत भाषा पनि ठीकसँग जानेकै छैनन् । कैयौंले अर्कालि गरेको परिश्रमबाट चोर्दै गोजीमा हाल्छन् । भरै शोधखोज गर्दा अत्तोपत्तो थाहा हुँदैन । यस्ता इतिहासकार पनि देखिन्छन् । मैले पुराणहरूको प्राचीनतावारे 'प्राचीन हिन्दू विज्ञान'मा प्रशस्त विवेचना गरेको छु । त्यहीं हेर्नुहोला पाठकवृन्दले ।

प्रसङ्गमा पशुपति आर्यघाटमा स्थित कलिको मूर्ति, विरूपाक्षको मूर्ति र पुरानो पशुपतिको मूर्ति आदि भन्ने चलन आज पनि सुनिन्छ । यीमध्ये कलि र विरूपाक्ष भन्ने धेरै पाइन्छन् । परन्तु उहिले शुरूमा यिनै विरूपाक्षलाई नै पशुपति भनेर पूजा गर्थे, मल्लराजाका पालादेखि पशुपतिको रूपमा पूजा गर्न छाडेका हुन् । असली पशुपतिनाथ यिनै विरूपाक्ष हुन् भन्ने बूढाबूढीहरू पनि पाइन्छन् । यस किम्वदन्तीमा पनि त्यति असत्यता छैनजस्तो लाग्छ, किनभने कुनै कथा, कहानी, किम्वदन्ती सर्वथा निराधार हुँदैनन् । यस्ताका केही न केही आधार हुन्छन् । त्यही किम्वदन्ती नै भविष्यमा इतिहासको रूपमा स्वीकृत भएको पनि हजारौं स्थलहरू पाउँछौं । एक क्षणको लागि पशुपतिको र विरूपाक्षको कुरा छोडेर शंकु र विरूपाक्षतिरै लागौं ।

---

[1] 'प्राचीन हिन्दू विज्ञान' पृ० नं० २५ देखि पृ० नं० ३४ सम्म पुराणहरूको प्राचीनतावारेमा मननपूर्वक पढ्नु आवश्यक छ । घाउमा कीरा नपान तत्त्वजिज्ञासु पाठकवृन्दले राम्ररी पढेर हेर्नु र गुन्नुहोला ।

महाभारतमा पाइएको इतिहासमा राक्षसीपुत्र[१], महाबल, विरूपाक्ष, महावक्र, शंकुकर्ण, विभीषण एउटैको विशेषण हो। यस्तो राक्षसीपुत्रलाई भीमसेनले जन्माए भन्ने अर्थ हुन्छ। यसको टीका लेख्दा अर्थराम शास्त्रीले 'विरूपाक्ष' शब्दको यस्तो समास गरेका छन्—'विशेषेण रूपणीये=दर्शनीये=अक्षिणी=नेत्रे यस्य सः विरूपाक्षः, तं विरूपाक्षं, एतादृशं पुत्रं प्रजज्ञे=जनयामास'। यसको अर्थ हेर्दा अथवा दर्शन गर्दा सुन्दर लाग्ने आँखा छ जसको त्यसलाई विरूपाक्ष भनिन्छ। यस्ता पुत्रलाई भीमसेनले जन्माए। यहाँ एउटा शङ्का अर्को भयो, किनभने हिडिम्बाबाट मात्र घटोत्कचको जन्म भएको स्पष्ट छ। तर यहाँ शंकु पनि देखिए। कतै पर्यायवाची नाम त होइन ? भन्ने पनि शङ्का हुनु स्वाभाविकै हो। जे होस् यसको खोज पाठकहरूकै हातमा छ। भीमपुत्र शंकु सप्त महारथहरूमा पनि देखिन्छ।

यहाँ भीमपुत्र शंकु[२] महाभारतका सप्त महारथहरूमा एक महारथ हुन पुगेको छ। अब यहाँ विचारणीय विषय यो छ कि स्कन्दपुराण हिमवत्खण्डमा विरूपाक्ष, शंकुको उल्लेख छ। महाभारतको भीमपुत्र विरूपाक्ष, शंकुभन्दा उक्त शंकु भिन्नै हो कि एकै हो भन्ने प्रश्न स्वाभाविकै भयो। यसमा कालको दृष्टिले विचार गर्दा महाभारतभन्दा 'पुराण' काल धेरै प्राचीन भएको हुनाले यो विरूपाक्ष, शंकु अझ प्राचीन शंकु हो भन्ने इतिहास ठहरिन्छ। तर धेरै यस्ता पाश्चात्यहरूले भ्रममा पारेकाहरूले कैयौं पुराणहरूलाई महाभारतभन्दा पनि धेरै पछिका सिद्ध गर्ने दुष्प्रयास गरेका छन्। त्यसमा यद्यपि कुनै प्रमाण दिन सकेका छैनन्, तैपनि त्यस्ता इतिहासकारहरूको कुरा स्वीकार वा प्रमाण मानेर हिन्नेहरूको लागि शंकु पछिको ठहर्छ। तर इतिहास त्यो होइन। पुराण महाभारत र रामायणभन्दा पनि प्राचीन हो। त्यसैले निस्सन्देह पुराणहरूको प्रामाणिकता विश्वस्त छ। अर्थगराइ र प्रसङ्ग मिलाउनमा भने अवश्य कठिन हुन्छ। संस्कृत नपढी खालि अर्काकै उतारेको भरोसामा हिंड्नेहरूलाई त सर्वदा सन्देह नै रहनेछ। उनीहरू त्यसरी नै रहने पनि छन्। त्योभन्दा माथि जानेछैनन्। यस रीतिले हिमवत्खण्डको प्राचीनतामा अवश्य नै सन्देह गराउने पाठभेद र झिकथपहरू हुन सक्छन् र छन् पनि, तर त्यतिले नै पुराणहरूको नवीनता सिद्ध गर्न खोज्नु अज्ञानता मात्रै हो भन्न सकिन्छ। त्यसैले यहाँ प्रस्तुत छ स्कन्दपुराण हिमवत्खण्डको इतिहास।

आसीदत्र विरूपाक्ष किरातानां गरिष्ठकः।
शंकुर्नाम बली म्लेच्छः किरातैरावृत सदा॥

(स्क० पु० हि० ख० अ० १५७।८)

यसमा प्रष्टै छ कि जो विरूपाक्ष हो, उही नै शंकु पनि हो, अनि किरातहरूमा श्रेष्ठ राजा थिए। 'गरिष्ठक' शब्दको राजाबाहेक अरू के अर्थ होला ? त्यसै विरूपाक्षलाई बली म्लेच्छ पनि भन्दा रहेछन्, जसको अर्को नाम शंकु पनि रहेछ। वर्तमान आर्यघाटमा भएको विरूपाक्ष किरातराजा शंकुकै मूर्ति हुनुपर्छ। यसै गरी भनेको छ।

---

[१] प्रजज्ञे राक्षसीपुत्रं भीमसेनान्महाबलम्।
विरूपाक्षं महावक्रं शंकुकर्णं विभीषणम्॥ (म० भा० आ० प० १५५।३१)

[२] एवमेते रथास्सप्त राजन्-अन्यान् निबोध मे।
कृतवर्मा, ह्यनाधृष्टिः, समीक, समितिञ्जयः।
कङ्क, शंकुश्च, कुन्तिश्च, सप्तैते वै महारथाः॥ [म० भा० स० प० १४ अ० १५८।५९]

एकाकी ह्यवसच्छङ्कुः कश्चित्कालं वने च तत्।
मुक्तः स एव वाग्वत्यां नरो नारायणोऽभवत्॥

(स्क० पु० हि० खं० अ० १६२।२७)

शंकु, राजपाटबाट वा अरू नै कारणबाट विरक्त भएर केही समय वाग्वती नदीको तटवर्ती वनमा बसेपछि त्यसै वाग्वतीको किनारामा शंकुको चोला उठ्यो। मुक्त भयो। नर माने मानव थियो। नर-चोलादेखि साक्षात् नारायण भए भन्ने इतिहासले वर्तमान कलिको मूर्ति किरातराजा शंकुको हो भन्ने बुझिन्छ। यो मूर्ति महाभारतभन्दा पूर्वको हो र किरातराजा शंकु अर्थात् महाभारतको शंकुभन्दा पूर्वको हुनुपर्छ, जसको नाम 'विरूपाक्ष' पनि थियो। त्यसको परम्परा पनि अति पुरानो देखिन्छ। तर एक थरीको कथाचाहिं सुन्न नसकिने नै छ। त्यो कुनै रागद्वेष राख्ने मान्छेले कल्पना गरेको देखिन्छ, किनभने आमासँग सुतकी पातकी भएको मान्छेको मूर्ति बनाएर पूजा गरेर राख्ने कुरै आउँदैन। फाल्तो बकवास पनि मान्छेको दिमागले पक्रन कुनै असम्भवको कुरा होइन। अब रह्यो मूर्तिको अध्ययन गर्ने कुरा, हाम्रा पुरातत्त्वविद्हरू घर छोडेर बाहिर निक्लँदैनन्। कथञ्चित् निक्ले पनि यसो आँगन चाहार्‍यो अनि सुत्त घरभित्र हुन्छन्।

तर त्यसो होइन। हाम्रो आर्यघाटको मूर्ति विरूपाक्षको मूर्ति हो। तर, भगवान् शङ्कर विरूपाक्षको मूर्तिचाहिं होइन, किनभने शिवजीको जटाजूट हुन्छ। विरूपाक्षको शिरको जटा होइन। बाल काटेर सिंगारेको छ। त्यो शिवजी वा भगवान् शङ्करको आवश्यकतादेखि बाहिरको कुरा हो। दोस्रो नम्बरमा शिवको जटाजूटमा द्वितीयाको चन्द्रमा पनि हुन्छ। त्यो प्रष्ट छैन। अब रह्यो त्रिनेत्रको कुरा, त्यो पनि देखिँदैन। त्यो आँखादेखि माथिल्लोपट्टि निधारमा आँखाको आकारजस्तो, आँखा त्रिनेत्रको प्रतीक होइन। त्यो त्यतिखेरको तिलकको चिह्न हो। त्यो तेस्रो नेत्र होइन भन्ने प्रमाण त्यो मूर्तिमा भएको डोरीले बाटेको कन्धनी र पछेउरा अर्थात् लङ्गौटी नै हो। शिवमूर्तिहरूमा कहीं पनि त्यस्तो चिह्न अथवा पोषाक हुँदैन। पाइँदैन पनि। त्यसैले त्यो कुनै किरातराजाकै मूर्ति हो। किरातराजा शंकुकै मूर्ति हो। भगवान् शङ्करको मूर्ति होइन। इतिहासकार र मूर्तिविशेषज्ञहरूलाई 'विरूपाक्ष' नामले भ्रम पार्‍यो। शङ्करको आभूषणको अध्ययनमा कमी परेर पनि होला। अरू जे जसो होस्, कन्धनी र लङ्गौटी शङ्करको हुँदै होइन।

अब आउनुहोस् त्यस आकारका मूर्तिहरू कहाँ-कहाँ छन्, हेरौं र विचार गरौं।

१—आर्यघाटको विरूपाक्षजस्तै मूर्तिहरू त्रिपुरा राज्यमा तीन स्थलमा छन्। सबैभन्दा धेरै मूर्ति त्रिपुरा राज्यको कैलाससरको सात किलोमिटर टाढा 'उनकोटि' भन्ने ठाउँमा छन्। वस्तुतः उनकोटि कुनै समयमा किरातहरूकै कलाकेन्द्र थियो। तर उनकोटिको मूर्ति र कलाकेन्द्रलाई त्यहाँका पुरातत्त्वविद्हरूले नवौं र दशौं शताब्दीका भनेका छन्। कतै ११ शताब्दी र १२ शताब्दी पनि लेखेका छन्। त्यो सही कालनिर्णय होइन। उनकोटिमा एउटा 'विरूपाक्ष' को मूर्तिचाहिं लगभग ५० देखि ६० इन्चको ठूलो मूर्ति एउटा पहाडैमा कपेर बनाएको छ। तर त्यहाँ त्यस मूर्तिमा सबै 'विरूपाक्ष' नै भए पनि विशेष कुण्डल छ। तर कानमा झुण्डाएका कुण्डल साना खाले मोटरका पांग्राजत्रै छन्। तर त्यो पहाड भुइँचालो आउँदा फुटेछ। त्यो मूर्ति चर्किएर एउटा कानको कुण्डल तल खसेको छ। अरू जस्ताको तस्तै छ। त्यहाँदेखि सीधा तल ओर्लेपछि सानो खोला आउँछ। त्यस खोलाको ढुङ्गामा पनि विरूपाक्षको टाउको मात्रै खोपिखोपेको छ। त्यो पनि ठूलै छ। त्यहाँदेखि अझ परतिर गएपछि एउटा सानो ढुङ्गामा विरूपाक्ष नै खोपि-

एको छ। यस्ता अरू पनि मूर्तिहरू छन् विरूपाक्षका। तर मूर्तिकलामा भने सफाइ छैन। आर्यघाटको मूर्तिकलाको सफाइ अभूतपूर्व देखिन्छ। अरू सबै उही हो। कुनै फरक छैन। यस्ता किरातकालिक मूर्तिहरू उनकोटिमा आज पनि हजारौं छन्। त्यहाँदेखि मास्तिर एउटा ढुङ्गामा ब्राह्मी अक्षरमा केही लेखिएका थिए। तर त्यो ढुङ्गा भुइँचालो अथवा उपद्रवीहरूको कारणले गर्दा फुटेको छ। दुइटा अक्षर मात्र शेष रहेको छ। त्योभन्दा माथि हनुमान्‌को गदाजस्तो बनेकोमा पनि ब्राह्मीको केही लेखोट थियो होला। तर त्यहाँ पनि एउटै अक्षर मात्र शेष रहेको छ। यसरी त्यो जङ्गलभरि तथा पहाडभरि नै हजारौंको संख्यामा आज पनि मूर्तिहरू विविध रूपमा पाइन्छन्। ठाउँको नामले पनि त्यही बुझाउँछ। 'उन' भनेको एक कम, 'कोटि' भनेको करोड हुन्छ। एक कम एक करोड मूर्तिहरू कुनै बेला थिए अरे। तर आज पनि हजारौंको संख्यामा मूर्तिहरू छरपस्ट भएका पाइन्छन्। तर 'विरूपाक्ष'का तीनवटा मूर्तिहरू प्रष्ट छन्। त्यसैले भन्न सकिन्छ, त्यस कालमा पनि त्रिपुरा उनकोटि र नेपालको कुनै बेला अवश्य सम्बन्ध हुनुपर्छ।

२—पूर्व-दक्षिणको माझमा पर्ने आसामको 'भुवनपहाड' भन्ने ठाउँ छ। त्यसमा कैयौं किरातकालिक मूर्तिहरू छन्। ती मूर्तिहरूमध्ये एक विरूपाक्षको मूर्ति पनि छ। भुवनपहाडमा गुफा छ। गुफाबाहिर हिन्दूनागाहरूले बनाएको मन्दिर छ। त्यहाँ पनि मूर्तिहरू छन्। तर त्योभन्दा देब्रेपट्टि तलतिर एउटा सानो मूर्ति नै बनाएर राखेको छ। त्यो भुवनपहाडको मूर्तिमा र आर्यघाटको विरूपाक्षको मूर्तिमा केही अन्तर छैन। ढुङ्गाको भने अन्तर छ। तर मूर्ति डेढ फीट अग्लो छ। त्यो मूर्ति कैयौं बार हराएको थियो भन्छन्। नाकमा खोट लागेको छ। मूर्ति आर्यघाटको जस्तै अर्धभागमै छ। पूर्णमूर्ति त्यता देखिएन। यो आसाम प्रान्तमा पाइने प्राचीन मूर्तिहरूमध्ये एक पर्छ। त्यो भुवनपहाडमा एउटा अज्ञात लिपि पनि छ। त्यो लिपि ऐलेसम्म कसैले पढ्न सकेको छैन। यसरी भुवनपहाडमा 'विरूपाक्ष' मूर्ति कसरी पुग्यो होला भन्ने शङ्का हुनु स्वाभाविकै हो।

३—हिमाञ्चलप्रदेशको जिल्ला मण्डी राजधानीमा कैयौं प्राचीनकालिक मन्दिरहरू छन्। ती मन्दिरहरूमा कैयौं किरातकालिक मूर्तिहरू छन्। व्यास नदीको वारि र पारि बस्ती शहर बसेको छ। मण्डीका अन्तिम राजा योगेन्द्रपाल सिंह थिए। यिनैको समयमा रजवाडा भारतमा विलय भयो। त्यसै मण्डी राजधानीमा प्राचीनकालिक मन्दिरका खण्डहरहरू वारिपारि, तलमाथि छरपस्टिएका छन्। प्राचीनकालिक मन्दिरहरू उपेक्षित खण्डहररूपमा परिणत भएका छन् भने डाँडामाथि एक भव्य मन्दिर राजाले बनाएका छन्। शहरदेखि पारिपट्टि गोपेश्वरको मन्दिर भन्दछन्। त्यसै मन्दिरमा प्राचीनकालिक अर्थात् किरातकालिक मूर्तिहरू छन्। ती मन्दिरका मूर्तिहरूमध्ये व्यास नदीको किनारैमा भएको मन्दिरको खण्डहरमा एउटा मूर्ति छ। त्यो मूर्ति र पशुपति आर्यघाटको विरूपाक्षको मूर्तिमा कुनै अन्तर छैन। केवल यति हो, त्यस मूर्तिमा जनै पनि छ। मण्डीमा पनि मूर्ति आर्यघाटकै जस्तो छ। लङ्गौटी, कन्धनी, जटा आदि सबै एकै हो, तापनि आर्यघाटको विरूपाक्षको कानको कुण्डलमा अन्तर छ। उनकोटिको कुण्डल गाडीको पांग्राजस्तो गोलाकार छ। परन्तु मण्डीको 'विरूपाक्ष' कुण्डलादि सबै आर्यघाटकै छ। तर विशेष जनै धारण गरेको छ। आर्यघाटकोमा जनै छैन। भुवनपहाडको विरूपाक्षमा र आर्यघाटको विरूपाक्षमा कुनै अन्तर छैन।

४—मण्डीदेखि लगभग मोटरबाट २ घण्टाको बाटो पश्चिममा जाँदा पालमपुर छाउनीदेखि एक घण्टाको बाटो वरै बैजनाथ भन्ने ठाउँ छ। उपरौला भन्ने ठाउँ पनि त्यहीं पर्छ। मण्डीबाट जाँदा विनोवा खोला तर्नुपर्दैन। पालमपुरबाट आउँदा उपरौला पुगेपछि विनोवा खोला तरेर अलिकति उकालो लाग्नु-

पर्छ । बाट्टैमा रावणको मन्दिर भेटिन्छ। त्यहाँबाट अलि माथि गएपछि प्राचीन वैद्यनाथको मन्दिरको खण्डहर शेष पाइन्छ । मूल मन्दिर खण्डहरै भए पनि सामान्य पूजा हुँदैछ । यस मन्दिरको देब्रे दक्षिणपट्टिको खोपीमा एक फीट ऊँचा मूर्ति छ । यो मूर्तिचाहिं सर्वाङ्ग पूर्ण विरूपाक्षको मूर्ति हो । प्राचीनताले गर्दा खुट्टाहरू खिहिसकेका छन् । अर्को खुट्टा भाँचिएको छ । पाइएका मूर्तिहरूमा सबैभन्दा सानो र शरीरले पूर्ण मूर्ति हो । तर खण्डित छ । विरूपाक्षको बनावट मटमैले ढुङ्गाले बनेको छ । त्यताका मानिस सबैले जान्दैनन् । कसैकसैले भूतको मूर्ति हो भन्छन् । कसैलेचाहिं किरातमूर्ति हो भन्छन् । तर मूर्ति विरूपाक्षको हो ।

ऐलेसम्म भनेका र खोजेका मूर्तिहरूमा नेपाल काठमाण्डौ, त्रिपुराको कैलाससर उनकोटि, आसामको भुवनपहाड, हिमाञ्चलको मण्डी र बैजनाथ छ ठाउँमा 'विरूपाक्ष'का मूर्ति प्राप्त छन् । यी मूर्तिहरूमा वैजनाथको मूर्ति सानो छ । तर शरीरले पूर्ण छ । खण्डित पनि छ । आर्यघाटको मूर्तिसँग केही अन्तर छैन । अब किरातराजा शंकुको मूर्ति हो, जसलाई 'विरूपाक्ष' पनि भन्ने गरेका छन् । परन्तु उक्त स्थानहरूमा यी मूर्तिहरू कसरी प्राप्त हुन गए, यो खोजकै विषय छ ।

यसको तुलनात्मक अध्ययन गर्नु शेषै रहे पनि 'विरूपाक्ष'को मूर्ति केवल पशुपति आर्यघाटमा मात्रै देख्नेहरूका लागि एउटा नयाँ खोजकै विषय बनेको छ । भविष्यमा पनि यस विषयमा अझ गहन खोज हुनेछ । र यसको निचोड तत्त्वबुभूत्सुहरूको सामु आउनेछ ।

त्यो सुँगुर को थियो ?

पाण्डवहरू[1] जब द्वैतवनमा थिए, त्यस बेला भगवान् कृष्ण त्यहाँ पुगेर पाण्डवहरूलाई सम्झाएर द्वारिका गए । यता दुर्योधनको गुणदोष परीक्षा गर्नको लागि एकजना अत्यन्त चतुर राजदूत भिल्ल (किरात)-लाई हस्तिनापुर बडा जोश र बुद्धिमानीको साथमा पाण्डवहरूले पठाए । दुर्योधनले राज्यमा गएर सबै कुरा यथार्थ रूपमा बुझेर त्यो किरात फर्कीकन पाण्डवहरूलाई सबै कुरा सुनाए । त्यसमा पाण्डव सारै दुःखी भए । त्यसपछि व्यासजीले पाण्डवहरूलाई सम्झाए । विशेष गरेर अर्जुनलाई भगवान् शङ्करको उपासना गरेर पाशुपत अस्त्र प्राप्त गर्ने मन्त्र दिए । पाशुपत[2] अस्त्रको प्रयोजन थियो महाभारतको युद्धमा कर्णलाई मार्नु ।

यस प्रकार व्यासजीले इन्द्रकील पर्वतमा गङ्गा (वाग्वती गङ्गा)-को किनारैमा भगवान् शङ्करको तप गर्न जा भनेर आज्ञा दिएपछि इन्द्रले पनि फेरि परीक्षा लिएर शङ्करकै तपस्या गर्ने उपदेश दिए । उपदेश स्वीकार गरेर इन्द्रकील पर्वतको अधित्यकामा वाग्वती गङ्गाको किनारमा लप्सीको जङ्गलमा विधिपूर्वक न्यासादि गरेर भगवान् शिवको ध्यान गर्न थाले । यसैबीचमा एक खुट्टाले उभिएर सूर्यलाई एकटक आँखाले हेरेर (त्राटक गरेर) शिवको पञ्चाक्षर मन्त्र जपेर पूजन गर्थे । यस प्रकारको घोर तपस्याले भगवान् शङ्कर प्रसन्न भइसकेका थिए । त्यसै बेला उता दुर्योधनलाई पनि कतैबाट अर्जुनको तपस्याको पता चल्यो । त्यसो हुँदा दुर्योधनले मूक नामक राक्षसलाई तुरन्त एकदम घोर सुँगुरको रूप धारण गरेर अर्जुनको तपस्यामा विघ्न गर्न पठाइहाले । त्यो सुँगुरको आकार विचित्र थियो । आवाज पनि विचित्र थियो । तर

---

[1] पाण्डवा अथ भिल्लश्च प्रेसयामासुरोजसा
गुणानाञ्च परीक्षार्थं तस्य दुर्योधनस्य च ।।१८।।

[2] शि० पु० श० रू० सं० अ० ३९

अर्जुनले आफ्नो इष्टदेव शिवको ध्यान गरेर त्यो सुँगुरलाई आफ्नो बाणले हाने । उता भिल्लहरूका राजाले पनि आफ्नो बाण छोडे । दुवैको बाण लाग्यो ।

दुवैले एकसाथ बाण[१] छोड्दा भिल्लराज शिवको बाण पुच्छरमा लाग्यो र छिट्टै मुखबाट निक्लेर भुइँमा विलीन भयो । अर्जुनको बाण मुखमा लाग्यो र पुच्छरबाट निक्लेर गयो । त्यो राक्षस मर्‍यो । देवताहरूले खुशी मनाए । पुष्प वृष्टि गरे । तर अब शिकार कसको ? मेरो सामुमा यो भिलराज किरातेश्वर मेरो उपास्य इष्टदेव भन्ने थाह अर्जुनलाई छैन । केवल सामान्य भिल ठानिराखेका छन् अर्जुनले । तपस्वी अर्जुनको रक्षा गर्नको साथै परीक्षा लिन भयङ्कर भिल किरातको रूप लिएर दैत्यको वध गर्न आफ्नो सेनासहित एकदम चाँडै त्यो ठाउँमा किरातेश्वर भगवान् शिव पुगे, जहाँ अर्जुन तपस्या गरेर बसेका थिए । त्यो भिल्लराज त्यतिखेरका किरातहरूको भेषभूषामा भगवान् शङ्करले कमरमा कच्छ = कटिवस्त्र, तीन प्रकारको ध्वजाले सुशोभित, शरीरमा सेतो प्रकारको रेखाले युक्त, धनुष बाणले शोभित बाण राख्ने ठोक्रो पछाडिपट्टि भिरेका शिव आफ्नो गणको साथमा किरातेश्वर भएर सुशोभित भए । यस प्रकार किरातेश्वर र अर्जुनको आपसी शिकार प्राप्त गर्ने सम्बन्धमा भनाभन भयो । अर्जुनले यहाँसम्म भने कि म राजा तिमीहरू वनेचर अर्थात् जङ्गली हौ । राजा जङ्गलीसँग डर्दैन ।

अर्जुनको साथमा भएको कुरा सुनाउने सेनापति[२] शिव = अवतार किरात जहाँ थिए, त्यहाँ पुगे । त्यो

---

१. एतस्मिन्समये ताभ्यां कृतं वाणविमोचनम्
शिववाणस्तु पुच्छे वै ह्यर्जुनस्य मुखे तथा ॥४६॥
शिवस्य पुच्छतो गत्वा मुखान्निस्सृत्य शीघ्रतः
भूमौ विलीनस्संयातस्तस्य वै पुच्छतो गतः ॥४७॥

क. एतस्मिन्नवसरे तत्र रक्षार्थं ह्यर्जुनस्य वै ।
तद्भक्तेश्च परीक्षार्थं शङ्करो भक्तवत्सलः ॥२५॥
विदग्धभिल्लरूपं हि गणैस्साधं महाद्भुतम्
तस्य दैत्यस्य नाशार्थं द्रूतं कृत्वा समागताः ॥२६॥
वद्धकच्छश्च वस्त्रीभिर्बद्धेशान ध्वजस्तदा
शरीरे श्वेतरेखाश्च धनुर्वाणयुतस्वयम् ॥५७॥.
गणश्चैव तथां जातो भिल्लराजोऽभवच्छिवः ॥२८॥

२. इत्युक्तस्तु गतस्तत्र भिल्लः पार्थेन वै मुने ।
शिवावतारो यत्रास्ते किरातो वाहिनीपतिः ॥३५॥
अथार्जुनस्य वचनं भिल्लनाथाय विस्तरात्
सर्वंन्निवेदयामास तस्मै भिल्लपरात्मने ॥३६॥
स किरातेश्वरः श्रुत्वा तद्वचो हर्षमागतः
आजगाम् स्वसैन्येन शङ्करो भिल्लरूपधृक् ॥३७॥
(क) अर्जुनश्च तदा सेनां किरातस्य च पाण्डवः
दृट्वा गृहीत्वा सशरं धनुः सम्मुख आययौ ॥३८॥

किरातदूतले आफूसँग भएको कुरा विस्तारपूर्वक किरातरूपधारी शिवलाई सुनाए। किरातेश्वर पनि अर्जुनको दागाधरेको वचनलाई सुनेर खुशी हुँदै आफ्नो सेनाको साथमा त्यहाँ आए।

यस प्रकार पाण्डुपुत्र अर्जुनले किरातको सेना आएको देखेर धनुषमा काँड चढाई लड्न भनेर सामुमा आए। त्यसपछि किरातले पनि त्यो चरलाई पठाएर भरतवंशमा उत्पन्न हुने अर्जुनलाई उसैको मुखबाट समाचार भन्न लगाए।

किरातेश्वरले भने, "अर्जुन ! मसँग लड्ने तुजुक नपार। यो मेरो सेना हेर। आफ्नो वाण छोडेर ऐले जाइहाल। यो सानो कामको लागि ऐले तिमी किन मर्न खोज्छौ ? तिम्रा दाजुभाइ दुःखी होलान्। त्योभन्दा पनि धेरै दुःखी तिम्री पत्नी (स्वास्नी) होली। पृथिवी पनि ऐले तिम्रो हातबाट निक्लेर जानेछिन्। त्यसो भएको हुनाले तिमी नभएपछि तिम्रो सर्वस्व खतम हुनेछ। अतः तिम्रो लड्ने प्रयत्न व्यर्थ छ।"

तर अर्जुनले वास्ता गरेनन् र भने, "हे किरात ! सिंह[1] फ्याउरादेखि डर्छ भन्ने कुरा मैले कहिलै सुनेको छैनँ। ठीक त्यस्तै वनेचर=जङ्गलीहरूसँग राजा कहिलै डर्दैन।"

यसरी घोर युद्ध शुरू भयो। केही बेरपछि अर्जुनले थाहा पाए। स्वयं लज्जित भए।

पहिले व्यासजीले भनेको सुन्दर रूप देखेर अर्जुन स्वयं लज्जित भए। ठूलो आश्चर्यमा परे। अनि अर्जुनले किरातेश्वर भगवान्को प्रार्थना गरे। मेरो लागि धिक्कार छ। जो मेरो इष्टदेव किरातेश्वरसँग स्वयं युद्ध गरें। हे प्रभो ! आफ्नो रूप लुकाएर किन मलाई भ्रमित पार्नुभयो ?

पाठकवृन्दले यस इतिहासलाई राम्ररी बुझ्नुभयो होला। दुर्योधनले अर्जुनको तपस्या भंग गर्न पठाएको 'मूक' नामक राक्षसले सुँगुरको रूपधारण गरेर अर्जुनको तपस्या भंग गर्नु लाग्दा आफ्नो बचाउ गरेको मात्रै हो। साथै भिल्लरूप=किरातस्वरूप भगवान् शिव केवल अर्जुनको परीक्षा लिन मात्र आएका थिए। यस परिस्थितिमा अर्जुनले 'सुँगुर' खाने कुरै छैन। भगवान् किरातेश्वर शिव भगवान् नै भइहाले। यता 'सुँगुर' पनि होइन 'मूक' नामको राक्षस मात्रै थियो। अनि कसरी किरातहरूले 'सुँगुर' खाने इतिहास आयो त ? किरातहरूले 'सुँगुर' र जाँड रक्सी खाने इतिहासै छैन। त्यसैले भ्रमात्मक चर्चा गर्नु ठीक होइन।

अथो किरातश्च पुनः प्रेसयामास तञ्चरम्
तन्मुखेन जगौ वाक्यं भारताय महात्मने ॥३९॥

(ख) पश्य सैन्यं तपस्विस्त्वं मुञ्च वाणं व्रजाधुना
मरणं स्वल्पकार्य्यार्थं कथमिछसि साम्प्रतम् ॥४०॥
भ्रातरस्तव दुःखार्ताः कलत्रश्च ततः परम्।
पृथिवीहस्ततस्तेऽद्य यास्यतीति मतिर्मम ॥४१॥

१. सिंहश्चैव शृगालाद्वा भीतो नैव मया श्रुतः।
तथा वनेचरा द्राजा न विभेति कदाचन ॥४७॥

(क) तदृष्ट्वा सुन्दरं रूपं ध्यानात्प्राप्तं शिवस्य तु।
वभूव विस्मितोऽतीव ह्यर्जुनो लज्जितस्स्वयम् ॥ (शि० पु० श० रू० सं० अ० ४१।१७)

पूर्वजन्मका किरात अर्जुन

जब पाण्डवहरू वनवास निक्ले, त्यसै बेला भेष बदलेर (गूढरूप) अर्जुनले तीर्थयात्रा गरे। महाभारतयुद्धको वीजन फुटिसकेको थियो। अर्जुनले आफ्नो प्रतिद्वन्द्वी शत्रुहरूलाई युद्धमा मजा चखाउने विचार गरे। यस अवस्थामा पाण्डवले नेपालको यात्रा गरे। यात्रा गर्दै जाँदा आजको काठमाण्डौ अधित्यकामा पुगे। यहाँ पुगेपछि वाग्वतीको संगममा स्नान गरेर भगवान् पशुपतिनाथको पूजा गरे। त्यहाँ भएका जति शिवलिंग थिए, सबैको यथोचित पूजा गरे। त्यस बेला धनुषबाण हातमा लिएका किरातहरूलाई अर्जुनले देखे। ती धनुर्धारी किरातहरूले वनमा भएको फलफूल दिएर स्वागत गरे। खानुहोस् भनेर प्रेमपूर्वक, नम्रतापूर्वक ती किरातहरूले अर्जुनलाई आग्रह गरे। तर अर्जुनले ती किरातहरूको अनन्य भक्तिभावलाई स्वीकार गरेनन्। उल्टो तिरस्कार गरे। "म यहाँ यो भगवान् किरातेश्वरको लिंगपूजा गर्न मात्रै आएको हुँ। तिमी जंगलीहरूको खान भनेर आएको होइनँ। वानरजस्तै तिमीहरूलाई पात्र र अपात्रको ख्यालै छैन।" अर्जुनको घमण्डपूर्ण वचन सुनेर किरातहरूले रिसमा उत्तर दिए, "मूर्ख! धागोको लुगा लगाएर आएको वीर हुँ भनेर धक्कु लगाउँछ! ऋषिमुनिहरूले लगाउने वत्कल धारण गर्नेहरूको (हामी किरातहरूको) वचनलाई हेला गर्छस्। तँजस्तो धनुर्धारीलाई हामी त भुत्लाजति पनि मान्दैनौं बुझिस्? त्यसो भएको हुनाले हामीले दिएको फलफूललाई तिरस्कार नगर्। बाणको शिकार हुनुपर्ला!"

यी कुरा सुन्नेबित्तिकै अर्जुनले आगोमा घिउ लगाउने काम गरेर भने, "शूरवीरले कहिल्यै पनि वकवास गर्दैन। परिआएको बेलामा आफ्नो शूरवीरता देखाउँछ। ए मेरा नोकरहो! तागत छ भने तिमीहरूको पराक्रम देखाओ।" यो चुनौतीपूर्ण कुरा सुन्नेबित्तिकै म्लेच्छहरू (किरातहरू) रिसले चूर भएर बाण उठाएर अर्जुनमाथि प्रहार गर्न थाले। चारैतिरबाट घेरा हालेर सबै म्लेच्छहरूले अर्जुनलाई लक्ष्य बनाए। अर्जुनले पनि आफ्नो कानसम्म बाण तानेर म्लेच्छहरूमाथि प्रहार गरे। त्यस प्रहारले किरातहरू घायल भए, केही मूर्च्छित भए। शेष म्लेच्छहरूले (किरातहरूले) आफ्नो इष्टदेव किरातेश्वरसँग प्रार्थना गरे, "हे प्रभो! हामीलाई बचाउनुहोस्।" तर अर्जुनको इष्टदेव किरातेश्वर अर्जुनको परीक्षा लिनलाई पहिले नै आइसकेका थिए। अर्जुनलाई थाहा थिएन। लड्दै अर्जुनले एक्कासि भने, "मेरा दाजु युधिष्ठिरले भनेका छन् कि केही विश्राम गरेर लड्नु। मैले किरातेश्वर भगवान्‌को उपासना गर्ने समय पनि आएको छ। म भगवान् किरातेश्वरलाई प्रसन्न गरेपछि लड्न आउँछु।" तर त्यसै समयमा भगवान् किरातेश्वरले अर्जुनलाई दर्शन दिनुभयो। अर्जुनले पिनाकपाणि भगवान् किरातेश्वरलाई सामु देखेर प्रणाम गरे। आफ्नो धनुषवाणलाई छोडेर भुइँमा लामो दण्डजस्तो भएर भगवान्‌लाई दण्डवत् प्रणाम गरे। अनि भक्तिपूर्ण भावले अर्जुनले भगवान् किरातेश्वरको प्रार्थना[1] गरे।

अकार, उकार, मकारस्वरूप, सद्‌गुण, रजोगुण, तमोगुणस्वरूप आदिदैविक, आदिभौतिक, आध्यात्मिक तीनै प्रकारका तापलाई नाश गर्ने सम्पूर्ण जीवहरूको (सात्त्वत) पनि पालन गर्ने रुद्रस्वरूप परमात्मालाई प्रणाम छ। त्रिनेत्रधारी प्रेतहरूका पनि रुद्रलाई मेरो प्रणाम छ। कहिल्यै जन्म नलिने भए पनि भक्त-

---

[1] ओन्नमो हराय रुद्राय सात्वतां पतये नमः।
त्र्यम्बकाय च रुद्राय प्रेतानां पतये नमः ॥५१॥
किरात देहिनेऽजाय किरातवेषिणे नमः।
किरातेशाय भगीय म्लेच्छ रूपाय वैनमः ।५२॥

हरूमाथि कृपा गरेर किरातदेह धारण गर्ने तथा किरातभेषभूषालाई मन पराउने भगवान् किरातेश्वरलाई मेरो प्रणाम छ । दुष्टहरूलाई (भर्गाय) भर्जन गर्ने, म्लेच्छरूप धारण गर्ने, किरातहरूका ईश=स्वामी किरातेश्वर भगवान्लाई मेरो प्रणाम छ । यसरी अर्जुनले धेरै बेरसम्म भक्तिभावले प्रार्थना गरे । भगवान् किरातेश्वरजीले भन्नुभयो—

"हे अर्जुन ! पहिलो जन्ममा तिमी म्लेच्छ किरातपुरुष भएका थियौ । यहाँ वाग्वतीमा स्नान गर्नाले तिमी अर्जुन भएका हौ । यसमा केही सन्देह छैन । तिम्रो प्रार्थनाले म प्रसन्न छु । वर माग ।"[1]

अर्जुनले भने—

"हे सर्वेश ! सर्वशक्तिमान् ! सबैले नमस्कार गर्ने योग्य परमात्मन् ! सबैको हृदयमा बसेर शुभ र अशुभ कर्मका दर्शक ! देव ! मेरो दुःखलाई तपाईंले राम्ररी जान्नुहुन्छ । तपाईंबाट कुनै कुरा लुकेको छैन । हे देव ! दुर्योधनले हाम्रो राज्य हरेर हामीलाई गुप्त वनबास बस्नलाई बाध्य गरेको छ । हे महादेव ! म क्षत्रिय हुँ । हे शंकर ! युद्धमा कौरवहरूलाई जितेर आफ्नो राज्य लिन पाऊँ, यही वर माग्छु ।"[2]

किरातेश्वर भगवान्ले पनि भने, "तथास्तु=त्यस्तै हुनेछ । केही कालपछि तिम्रो मनमा जे छ त्यही नै हुनेछ । अर्थात् मेरो वरप्रसादले तिम्रो मनकामना पूरा हुनेछ । त्यसो भएको हुनाले क्षत्रियतीर्थमा तिमी स्नान गर । महाभारतको युद्ध भइसकेपछि तिमीलाई विजय प्राप्त हुनेछ । त्यसपछि तिमीलाई शिवसायुज्य भन्ने मोक्ष मिल्नेछ ।"

यस प्रकार अर्जुनले कार्तिक पूर्णिमाको दिन वर प्राप्त गरेपछि स्नान गरेर आफ्ना भाइहरू जहाँ थिए, त्यहीं फर्किए । त्यहाँदेखि शैलेश्वर=किरातेश्वर नाम पर्‍यो ।

यस इतिहासलाई महाभारतमा र किरातार्जुनीय महाकाव्यमा अलि बेग्लै पारेर लेखेको देखिन्छ । भारविले किरातमहाकाव्यमा इन्द्रकील पर्वतमा गएर भगवान् शिवको तपस्या गरेर पाशुपत अस्त्र प्राप्त गरेका थिए । त्यसरी हेर्दा अर्जुन पूर्वजन्ममा म्लेच्छ=किरात भएर दोस्रो जन्ममा खसक्षत्रिय पाण्डुपुत्र अर्जुन भएका थिए भन्ने इतिहास बुझिन्छ । यो इतिहास प्रायः अन्यत्र पनि उल्लेख भएको देखिन्छ ।

गोत्रप्रवर्तक किरातऋषि

यस प्रसङ्गमा गोत्रप्रवर्तक किरातऋषिको ऐतिहासिक परिचय दिनुभन्दा पहिले सामान्य पाठकवृन्दलाई 'गोत्र' शब्दको अर्थ बुझाउनु आवश्यक देखिन्छ । त्योभन्दा पनि पूर्व 'गोत्र' शब्द कुनकुन अर्थमा प्रयोग भएको छ, यो पनि जान्नु आवश्यक देखिन्छ, किनभने समस्त लौकिक र वैदिक वाङ्मयमा प्रसङ्गानुसार वा प्रकरणानुसार तत्तत् स्थलहरूमा प्रयोग भएको पाइन्छ । अतः तीती स्थलहरूको सङ्गतीकरण नगरीकन अथवा अध्ययन नगरीकन यही अर्थ हो भनेर निर्णय गर्न धेरै कठिन छ । त्यसैले 'गोत्र' शब्दको

---

१. म्लेच्छोऽभूस्त्वं पुरा जीन्म किरातोऽसि ततो नरः ।
वाग्मत्यां स्नानतोऽत्रेह अर्जुनोऽसि न संशय ॥५६॥
(स्क० पु० हि० ख० अ० १५४।५१, ५२, ५६, ६१)

२. क्षत्रियोऽहं महादेव याचे राज्यं स्वकं त्वयि ।
कौरवान्युधि निर्ज्जित्यद्वरश्च शिव शङ्कर ॥

अर्थ खोज्दै जाँदा हामी ऋग्वेदमा पुग्छौं। तर ऋग्वेदमा[१] प्रायः 'गोत्र' शब्द समूह-अर्थमा प्रयोग भएको देखिन्छ। अथर्ववेदमा[२] 'गोत्र' शब्द परिवार-अर्थमा प्रयुक्त देखिन्छ। पाश्चात्य[3] विद्वान् राथले 'गोत्र' शब्दको 'गोठ' अर्थ गरेको छ। यस्तै गोल्डनेरले 'गोत्र' शब्दको 'झुण्ड' अर्थ गर्ने प्रयास गरेका छन्। अरू पनि पाश्चात्य लेखकहरूले पनि यस्तै भ्रमात्मक अर्थ गर्ने प्रयास गरेका छन्। यसरी 'गोत्र' शब्द अनेकार्थमा प्रयोग भए पनि 'गोत्र' शब्द वंश वा कुल-परम्पराको रक्षा गर्नु अर्थ हो। त्यसैले 'गो' शब्दको अर्थ वंश वा कुल हो। 'त्रैङ' पाल्ने धातुको अर्थ रक्षा गर्नु हो। यहाँ 'गो' उपपदक 'त्रैङ' पाल्ने धातुबाट बनेको 'गोत्र' शब्द हो। त्यसैले अमरकोषादिले[४] कुल र वंश अर्थ गरेको छ। यसैको प्रमाणमा छान्दोग्योपनिषद्मा[५] पनि माथिकै कोषार्थलाई प्रष्ट पारेको देखिन्छ। मनुस्मृतिको[६] द्वितीयाध्यायको ६८ श्लोकमा भने ऋषिदेखि पितामा आउनाले 'गोत्र' वा कुलको द्योतक भनेको देखिन्छ। त्यसैले प्रवराध्याय ५४ मा विश्वामित्र, जमदग्नि, भारद्वाज, गौतम, अत्रि, वसिष्ठ, कश्यप यी सप्तर्षि हुन्। यी सप्तर्षिका जो सन्तति-परम्परा छन्, त्यसैलाई 'गोत्र' भनेको हो। यसरी गोत्रपरम्परा चलेका देखिन्छन्। यो त भयो गोत्र शब्दको प्रयोग र अर्थ। परन्तु केवल सप्तर्षिबाट मात्रै गोत्र चलेका छैनन्, अपितु मत्स्यपुराणको १९८ अध्यायमा कश्यपवंश वर्णनमा एक सयभन्दा बढी संख्या गोत्रप्रवर्तक ऋषिहरूको देखिन्छ। ती गोत्रप्रवर्तक ऋषिहरूमध्ये हिरण्यबाहु किरात[७] पनि उल्लेख भएको छ।

यो गोत्रपरम्परा ऋषिहरूदेखि चल्दै आयो। बीचमा केही सामाजिक र केही राजनीतिक कारणहरूले गर्दा गोत्रहरूमा खलबली अवश्य भयो, तर जस्ताको तस्तै गोत्र मान्ने चलनचाहिं रहि नै रह्यो। त्यो परम्परा वर्तमान किरातहरूमा छँदैछ। छोड्ने कुरा छैन, किनभने वंश वा कुल-परम्पराको रक्षा शाखा-सन्तानले नै गर्नुपर्ने हुन्छ। त्यस परम्परालाई अर्कोले गरेर हुँदैन। 'गोत्र' र 'प्रवर' परम्परा किरातहरूमा कसैले लादेको होइन। किरातहरू स्वयं नै गोत्रप्रवर्तक थिए। स्वयं गोत्रप्रवर्तक ऋषिहरूका सन्तान हुन्। यसमा सन्देह गर्ने अवसर छैन। यी प्रमाणहरूले किरात हिन्दू=आर्य हुन् कि होइनन्? यो स्वयं विज्ञपाठकवर्गले निर्णय गर्नुपर्छ। त्यसैले नेपाल र भारतमा छरपस्टिएका किरातहरूले आज पनि काश्यप, भारद्वाज, अङ्गिरा, शौनक, सौर्य, गर्ग, मान, काशी, लासा आदि गोत्र छुट्याएर मात्र बिहावारी आदि गर्ने चलन छ। केही किरातहरू 'गोत्र प्रवर' बिराए अथवा बिर्से पनि आफ्नै बोलीमा 'पाछा' आदिको साथ काशी, काश्यप, मान, लासा गोत्रदिद्वारा गार्हस्थ्य विवाह आदि गर्ने गर्छन्। अतएव किरात गोत्रप्रवर्तक ऋषि थिए। उनैका सन्तान आजका किरातहरू हुन्।

यो मूल इतिहास हेर्दा 'कैराती' पद उल्लेखको साथ 'उभौ' द्विवचनान्त पद देखिएकाले किरातऋषिका गोत्रप्रत्ययवाला दुइवटा सन्तान देखिन्छन्। यसरी किरातऋषि गोत्रप्रवर्तक भएको इतिहासलाई

---

१. ऋ० २।२४।२३, ६।६५।५

२. अथर्ववेद ५।२१।३,

३. ऋ० १।५१।३,

४. अ० को० २।६।१, अ० को० ३।२।१८०,

५. छा० उ० ४।४।१,

६. म० अ० २।६८,

७. हिरण्यबाहुः कैरातावुभौ काश्यपगोभिली।
कुलहो वृषकण्डश्च मृगकेतुस्तथोत्तरः॥ (मत्स्य पु० अ० १९८।१५)

ढाकछोप गर्न सकिंदैन भने जसका पूर्वज गोत्रप्रवर्तक ऋषि थिए, उनका सन्तान अहिन्दू = अनार्य कसरी हुन सक्छन् ? एतावता किरातहरू हिन्दू नै हुन् । आर्य नै हुन् । यो उनीहरूको इतिहासैले बताउँछ ।

शौनकवंशी किरात

प्राचीनकालिक किरातहरूको इतिहास अध्ययन गर्दै जाँदा सूर्यवंशी, भारद्वाजवंशी, काश्यपवंशी आदिजस्तै शौनकवंशी किरात पनि आफ्नो इतिहासमा प्रष्टिएको छ । यी कल्पित कुरा होइनन् । महर्षि शौनकको 'वृहद्देवता' भन्ने ग्रन्थ यस विषयमा ठूलो प्रमाण छ । साथै यो लरोतरो इतिहास होइन, अपितु अति प्राचीन किरात-इतिहास हो । 'किराताकुली मायाविनौ द्विजौ' त्यसै शौनकले लेखेनन् । महर्षि शौनक-रचित 'वृहद्देवता' ऋग्वेदीय देवताग्रन्थ हो । यस इतिहासले किरातहरू इतिहास डोलिएर ऋषिवंशीय हुन पुग्दछन् । ऋषिवंश हुनु भनेको आर्य = हिन्दू हो ।

तर यति मात्रै होइन, अपितु पण्डित शिवशंकर काव्यतीर्थको 'वेदतत्त्वप्रकाश' भन्ने ग्रन्थको 'जाति-निर्णय' प्रकरणको पृ० ४०४ मा शौनकवंशीय किरातहरूको ऐतिहासिक वर्णन अत्यन्त मननयोग्य छ । ग्रन्थ झट्ट बुझिनेछैन । निकै बुद्धि लगाएर हम्मे गर्दा मात्र दिमागमा कुरा पस्छ । उपर्युक्त ग्रन्थ शिवशङ्करजीले अत्यन्त महत्त्वपूर्ण र परिश्रमको साथ लेख्नुभएको छ । ऐतिहासिक केही कुरा कलमीको मतसँग मेल खाँदैन, तथापि 'शौनकवंशी किरात' बारे दुइ मत हुने ठाउँ छैन । आजका किरातहरूले तुच्छ राजनीतिको स्वार्थले अथवा भेडाबाखाजस्तै बेचिएकाहरूले हामी हिन्दू होइनौं, हामी आर्य होइनौं भनेर झूठो डङ्का पिट्दै हिंड्नु, परन्तु प्रामाणिक इतिहासको सामुमा सधैं झुक्नुपर्नेछ । यस ऐतिहासिक प्रमाणलाई काट्न नसकेर नै अगमसिंह राई देवसाले 'वेदतत्त्वप्रकाश जातिनिर्णय' ग्रन्थबाट 'आशलच्छी शिक्षा' जस्ता ग्रन्थ लेख्ने प्रेरणा पाएका थिए । उही 'आशलच्छी शिक्षा' थुलुङ्गे राईबोलीको पहिलो ग्रन्थ हुनु पुगेको छ । शौनकवंशीय किरातहरूका यस्तै प्रेरणाप्रद ऐतिहासिक प्रसङ्गहरू त्यस ग्रन्थमा धेरै छन् । साथै छान्न सक्ने क्षमता पनि हुनु अत्यावश्यक छ ।

साथै शौनकवंशी किरातहरू हराएका छैनन् । भारद्वाजवंशी, सूर्यवंशी, कश्यपवंशी, चन्द्रवंशी, अग्निवंशी किरातहरूजस्तै शौनकवंशी किरातहरू प्राचीन इतिहासमा लेखिएका छन् ।

असुर किरात हो कि ?

वर्तमान समयमा 'असुर' शब्दलाई धेरै विवादको विषय बनाएको देखिन्छ । तर प्राचीनकालमा असुर शब्द विवादास्पद थिएन । कुनै उपाधि थियो । अथवा सार्थक सञ्ज्ञा मात्र थियो भन्ने कुरा प्रष्ट देखिन्छ । त्यसैले मत्स्यपुराणमा[१] गोत्रप्रवर्तक ऋषिको नाममा 'असुर' शब्द उल्लेख भएको देखिन्छ । गोत्र-प्रवर्तक 'असुर' ऋषि नभए गोत्रप्रत्यय लगाएर 'आसुर आसुरि' तथा 'आसुरायण' आदि शब्दहरू बन्ने नै थिएन । शतपथब्राह्मणमा[२] 'आसुरायण' गोत्रप्रत्ययवाला प्रयोग उल्लेख भएको छ । सांख्यशास्त्रको गुरुशिष्य-परम्परामा पनि 'आसुरि' ऋषिले सांख्यशास्त्र प्राप्त गरेको उल्लेख प्रष्ट भएको छ । यी प्रमाण-

---

[१] शालाहलेयाः कौरिष्ठाः कन्यकाश्चासुरा यथा
मन्दाकिन्यां वै मृगयामृगयाः श्रुतया भोजयापनाः ॥ (मत्स्यपुराण अ० १९८।३)

[२] भारद्वाजाच्चासुरायणाच्च यास्काच्च (श० प० ब्रा० १४।७।२७)

अनुसार 'असुर' उपाधि भएका ऋषि थिए। ती असुर-ऋषि गोत्रप्रवर्तक थिए। त्यसैको उल्लेख मत्स्यपुराणमा भएको हो। तर महाभारतकालमा आएर 'असुर' शब्द निन्दाको रूपमा प्रयोग भएको देखिन्छ। त्यसैले महाभारतको भीष्मपर्व आदिमा आसुरीप्रवृत्तिको निन्दा गरेको पाइन्छ। तर यो सत्य होइन। त्यस बेला पनि पठित र अपठितहरूको शब्दोच्चारणमा र अर्थगराइमा राजनीति लागेको मात्रै हो। असुर शब्द पछि आएर निन्दित हुन थालेको हो।

त्यत्रो औधि पुराण तथा अन्य वाङ्मयमा प्रायः 'असुर' शब्द सभ्य र शिष्टवाचक प्रसङ्गहरूमा प्रयोग भएको देखिन्छ। त्यसको साथै जाति छुट्याएर यही नै 'असुर' हो भनेर उल्लेख भएको देखिंदैन। वहुत्र उपाधिवाचक देखिन्छ। उपाधिवाचक शब्द भएपछि निश्चितै जसले त्यो उपाधि धारण गर्छ, त्यो त्यही नै कहलाउँछ। प्रारम्भमा 'असुर'[1] शब्द प्राण र प्राणरक्षा गर्ने अर्थमा प्रयोग भएको इतिहास पाइन्छ। यो शब्द यसै अर्थमा प्रयोग हुँदाहुँदै गलत अर्थमा प्रयोग हुन थाल्यो। जस्तै—आधुनिक रूपमा 'गुरु' शब्दको प्रयोग। यद्यपि गुरु शब्दको प्रयोग आदरणीय वा पूज्य गुरु वा आचार्य, शिक्षक, अध्यापकहरूनिम्ति गरिन्थ्यो भने भारतको वाराणसी आदिमा 'गुरु' शब्द गुण्डाको अर्थमा विशेष रूपले प्रयोग भएको देखिन्छ। नेपालमा भने मोटरचालक अर्थात् ड्राइवरलाई 'गुरु' भन्ने गर्छन्। 'महाराज' शब्द पूज्यपाद स्वामीजीहरूलाई प्रयोग गरिन्छ भने भारतको गुजरात प्रान्त आदिमा भान्से, नोकरलाई 'महाराज' भन्ने गरेका छन्। यस्तै अरू शब्दहरू पनि छन्। एकै कालमा उपर्युक्त शब्दहरू प्रयोग भएका छन्। कुनै न कुनैले प्रसङ्गवश कतै लेख्दा त्यसैले भ्रम उत्पन्न हुनु स्वाभाविक कुरा हो। तर प्राचीन इतिहासमा[2] 'असुर' शब्द दूषित अर्थमा थिएन। वर्तमान समयमा कतैकतै अर्थ नबुझीकन प्रयोग गरेको देखिन्छ। तथापि 'असुर' ऋषि गोत्रप्रवर्तक थिए भन्ने इतिहास प्रष्ट भएपछि गोत्रप्रवर्तक ऋषिको सन्तति आसुरि अथवा आसुरायण हुनु कुनै आपत्तिको कुरो होइन। 'असुर' किरातहरू थिए भन्ने प्रमाण त्रिपुराराजमालामा पाइन्छ।

दानव किरात हो कि देवजाति ?

प्राचीन इतिहासको गोडिनेलि गर्दै जाँदा प्रायः आज जुन शब्दलाई हामी गाली मान्ने गर्छौं, ती शब्दहरू प्राचीनकालमा सभ्य मानिन्थे। यहाँसम्म कि गोत्रप्रवर्तक ऋषिसम्म पनि त्यस शब्दको प्रयोग भएको रहेछ भन्ने इतिहास प्रष्ट भएको देखिन्छ। वस्तुस्थितिको अध्ययन गर्दा असुर र दानव आदि शब्दलाई दिन सकिन्छ। आजको युगमा असुर, दानव, राक्षस आदि शब्द निन्दनीय तथा अशुभ शव्दमा अथवा केवल गाली गर्दा प्रयोग गर्ने गरेका छन्। प्राचीनकालमा त्यसो नभएर केवल सञ्ज्ञावाचक शब्द मात्रै थियो। उपाधिवाचक नभएसम्म सञ्ज्ञावाचक शब्द हुनै सक्दैन। एउटै बाबुका छोराहरू सुर र असुर हुने इतिहासलाई पनि अत्यन्त बुझ्ने आवश्यकता देखिन्छ। परन्तु 'दनु' बाट भएको 'दानव' अथवा 'दानु'

---

[1] ऋ० १।२४।१४

[2] मत्स्यपुराण २५३, २६, २६८, १६, १५, ३, ४७, ५६, २४५, १,
(क) भागवत ६, ७, १८, ८, १, १७, ११, २४, १२,
(ख) वायुपुराण ९, ४, ५, ३१, ११, ९७, ६८, ९३,
(ग) ब्रह्माण्डपुराण २, ८, ५, ४, ९, ६७, ८, ३, ७२, ६९, ९३, ३, ७१, २६३,

शब्दले ऋग्वेदकालदेखि[1] पच्छ्याइराखेको देखिन्छ। तर मत्स्यपुराणमा[2] दानव गोत्रप्रवर्तक ऋषि हुन पुगेको देखिन्छ।

मत्स्यपुराणको इतिहासले पनि दानवहरू गोत्रप्रवर्तक ऋषि थिए तथा देवजातिका थिए। दानवहरू देवजातिका नभए 'देवजातयः' पद उल्लेख हुने थिएन। ऋग्वेदमा शम्बरले आफूलाई 'देवक' लेख्ने वा भन्ने कारणलाई मत्स्यपुराणले प्रष्ट पारेको देखिन्छ। पिताको नाम 'कुलितर' थियो। त्यसैले शम्बरले आफूलाई 'कौलितार' भनेको पाइन्छ। यस्तै, आमाको नाम 'दनु' थियो। अतएव शम्बरको अर्को नाम 'दानु' पऱ्यो। सायणाचार्यले इतिहासलाई प्रष्ट पार्दा 'दानुं=दानवम्' भनेर व्याख्या गरेका छन्।

यसरी यत्र तत्र वेदहरूकै ऐतिहासिक व्याख्या हामी पुराणहरूमा पाउँछौं। कतैकतै अवश्य अतिशयोक्ति देखिन्छ। कतैचाहिं रूपक र उत्प्रेक्षाको मात्रा धेरै मात्रामा देखिनु स्वाभाविकै कुरा हो। तर त्यतिले मात्रै झूठा हुन सक्दैन, सम्झने बुझ्ने र रिसर्च गर्ने आवश्यकता भने छँदैछ। यस प्रकार दानव पनि कश्यप ऋषिकै सन्तान थिए। दानव ऋषि पनि गोत्रप्रवर्तक ऋषि नै थिए। त्यसैले त ऋषिहरूमा प्रधान कश्यप[3] ऋषिले दाक्षायणी, दनु आदिबाट सम्पूर्ण मानवलाई उत्पन्न गरे भन्ने इतिहास प्रष्ट पारेको छ।

यति मात्रै होइन, अपितु एकै गोत्र भएको आपस्तमा बिहावारी नगर्नु भनेर गोत्रप्रवर्तक ऋषिहरूले नियम बनाइदिएका छन्। त्यो गोत्रपरम्पराको नियम आज पनि किरातहरूले अक्षरशः पालन गर्दै आएका छन्। त्यसैले किरातहरूमा दाजु बैनी दिदी भाइ आदिमा विवाह हुँदैन। एकै हाड, दूध र गोत्र एकै भएको हुनाले सुतकी पातकी हुनको साथ समाजबाट बहिष्कृत गरिन्छ। यसरी किरातहरूको इतिहास गम्भीर रूपले पैलाउँदै लाँदा कश्यप, आवच्छरण, नैध्रुव, त्रिपुवरान्वित काश्यपगोत्रीय शुक्लयजुर्वेदीय माध्यन्दिनीय शाखाका अध्येता किरातहरू हुन्। 'मातृगोत्रं सगोत्रञ्च परित्यज्य गुणैः=प्रवरैस्सहः कर्तव्यः' याज्ञवल्क्यले भनेअनुसार आमाको गोत्र र बाबुको गोत्रलाई छोडेर मात्र विवाह गर्छन्। अतएव भन्न सकिन्छ दानव किरात ऋषि-वंशकै हुन्। देववंशी नै हुन्। हिन्दू-आर्य नै हुन्। मंगोलचाहिं कुनै हालतमा पनि सिद्ध हुँदैन।

सूर्यवंशी किरात

केही इतिहासकारहरूले यस्ता कुरा सुनेर आश्चर्य मान्नु स्वाभाविकै हो, तापनि इतिहास इतिहासै हो। यसमा सन्देहको अवसर छैन। प्राचीनकालमा सूर्यपूजक 'सौर्यसम्प्रदाय'का किरातहरू थिए भन्ने प्रमाण आज पनि यत्र तत्र छरिएका किरातहरूबाट प्रष्टै बुझिन्छ। उडिसा खार्वेलको सूर्यमूर्ति र मध्यप्रदेश भरहुतको सूर्यचक्रमा उभिएका किराताकृतिहरूले पनि किरातहरू सूर्योपासक सूर्यवंशी किरातहरू प्रशस्त आर्यावर्तमा फैलिएका थिए भन्ने कुरा पनि पुरातत्त्वले बुझाउँछ। यस्तै मध्यप्रदेश भुमरा, हिमाञ्चलप्रदेश जिल्ला चम्वा, राजधानी चम्वाका सूर्योपासक किरातमूर्तिहरूलाई हेर्दा 'सौर्यसम्प्रदाय' कुनै नयाँ अर्को सम्प्रदायजस्तो लाग्दैन। राजस्थान, जैसोर, वाडमेरस्थित किरादू=किरातकूपका कैयौं किरातमूर्ति सूर्योपासक देखिन्छन्। यस्तै काश्मीर श्रीनगरको मार्तण्डमन्दिर तथा वरिपरिका सूर्यमन्दिरहरू सूर्यवंशी किरातहरूकै पालामा

---

[1] यसको व्याख्या अन्यत्र यसै ग्रन्थमा हेर्नुहोस्।

[2] निदाघमसृणी मत्स्यमहान्तः केवलाश्च ये।
शाण्डिल्यो दानवश्चैव तथा वै देवजातयः॥ (मत्स्यपुराण अ० १९८।१६)

[3] ऋषिप्रधानस्य च कश्यपस्य
दाक्षायणीभ्यः सकलं प्रसूतम्। (मत्स्यपुराण १९८।१९)

बनेका हुन् । उडिसा कोणार्कको सूर्यमन्दिर पनि अत्यन्त प्राचीन छ । तर समयसमयमा शैली मिल्ने कारीगरको हातबाट जीर्णोद्धार अवश्य भएको छ । काश्मीरको सूर्यमन्दिर, कोणार्कको सूर्यमन्दिर जगत्‌विख्यात छन् । यी प्राचीन मन्दिरहरूमा प्राचीन किरात-कलाकृतिमाथि समयसमयमा जीर्णोद्धार गर्दा अरूले पनि आफ्ना कलाकृतिहरू थपेका छन् । यस्तै कुमाऊँ आलमोडा जिल्लाको कोशी नदीपारिपट्टि कटारमल गाउँमा स्थित विशाल भव्य सूर्यमन्दिर र वागेश्वर, बैद्यनाथ, द्वाराहाट, जागेश्वर आदिमा विद्यमान सूर्यमन्दिरहरू निश्चितै अभूतपूर्व किरातसंस्कृतिको मूलमा निहित छ। केवल उपर्युक्त स्थलहरूमा मात्र सूर्यवंशी किरातहरू थिए भन्न खोजेको होइन, अपितु नेपालमा पनि लिच्छवि आदि सूर्यवंशी किरातहरू थिए र छन् भन्ने प्रमाण पाइन्छ । साथै पशुपति आर्यघाटको कुनै किरातराजाको मूर्ति पनि सूर्यमूर्ति नै हो जो विरूपाक्षको माथिल्लो भित्तामा पर्छ । वर्तमान नेपालको पूर्व क्षेत्रमा बसोबास गर्ने केही किरातहरूको पासमा भएको वंशावलीले पनि किरातहरू सूर्यवंशी थिए भन्ने बुझिन्छ । कतैकतै अद्यापि सूर्यवंशी किरातहरू[1] पाइन्छन् । जस्तै 'श्री सुर्ज्येवंसी केरातीसोरको वंसावली······स्वस्ती श्रीसम्वत् १९९४ साल कारतीक ९ गते ३ का वार······' इत्यादि लेखिएका छन् । यस्तै प्रकारले कालुमान[2] राई र गोकुलमान[3] राईहरूसँग भएको वंशावलीमा पनि 'लेखितं सोर्येवंसी किरातको वंसावली ····अघि पिता पुर्षा सोर्येवंसी थ्या, उनकै सनतान हामि हौं । राजा वादसाहा भएका हौं ·····' इत्यादि लेखेका छन् । किन्तु प्रसिद्ध वैदिक विद्वान् पण्डित दिलूसिह राप्तुङ्छा चामलिङ्को ज्वाइँ कृष्ण प्रधान चानमारी दार्जीलिङ्मा भएको वंशावलीमा भने 'सूर्यवंशी किरात वंशवली लिखेते ·····हाम्रा पुर्षा जुजु चेपाजुका पनि चेपाजुहरू अघाडी नै पीर्थवी भयाको वेलामा······ हामी सूर्येका पुजा मान्या सूर्यवंसी हाउ ·· · 'इत्यादि लेखेका छन् । उपर्युक्त वंशावलीहरूभन्दा यो वंशावली हातले नाप्दा दश हात लामो छ । चौडाइ भने दुइ बित्ता मात्र छ । यी वंशावलीबाट के स्पष्ट हुन्छ भने किरातहरू सूर्यवंशी थिए र छन् पनि ।

यति मात्रै होइन, नेपाल अधित्यकाभित्र पाइएका सूर्यमूर्तिहरूले[4] पनि किरातहरू सूर्यवंशी तथा सूर्योपासक थिए भन्ने बुझिन्छ । डा० जगदीशचन्द्र रेग्मीले वि० सं० ५३८ एक मात्र लिच्छविकालिक शिलालेख हो भनेर लेखेका छन् । त्यो सूर्यमूर्ति एकजना गुहमित्र नामका व्यापारीले स्थापित गरेका थिए । परन्तु किरातकालदेखि लिच्छवि-किरातकालसम्मका कैयौं पुरातत्त्व काठमाडौं अधित्यकामा लुकेर बसेका छन् । किरातकालिक कुनै पनि पुरातत्त्वको सामग्री खनाइ गरेर निकाल्न सकेका छैनन् । पाइएका सूर्यमूर्तिहरूमध्ये त्यही मात्र पाइएको छ भन्नु उचित होला । नेपालभित्र सूर्यमूर्ति थुप्रै होलान् । तर देखिएका मूर्तिहरूको मात्रा कम छ । तर नेपालभित्रका किरातहरू सूर्यवंशी थिए । सूर्यको उपासक पनि थिए । यसमा सन्देह छैन । स्वयं लिच्छविकिरातहरू सूर्यवंशी थिए । यसमा सन्देह गर्ने अवसर छैन ।

---

[1] स्वर्गपुरी रवि पाँचथरस्थित पुजारी ७८ वर्षीय पशुपतिनन्द एवए राईको पासमा संकलित वंशावली वि० सं० १९९४ मा संकलन गरेको छ ।

[2] भोटाङ थालझोडावासी कालुमान राईको घरमा भएको वंशावली । यसको साल सम्वत् फाटेर गएको छ ।

[3] गोकुलमान राई, पुंछ राज्य (जम्मु काश्मीर) । यसको मिति शाके १५१२ लेखिएको छ । तर दुवैको वंशावली एउटै हो जस्तो लाग्छ, किनभने लेख्ने क्रम र शब्द र अशुद्धिहरू एकै प्रकारका छन् ।

[4] नेपालको धार्मिक इतिहास—पृ० १९९-२०२, ले० जगदीशचन्द्र रेग्मी ।

खण्ड–६

रामायणमा किरातको उत्पत्ति

वाल्मीकिरामायण विश्वको आदिकाव्य हो। सृष्टिको विस्तार आर्यावर्तबाटै भएको हो। आर्यावर्तमा पनि सगरमाथा र त्यसैको सेरोफेरो मानसरोवरबाट मानवसृष्टि भएको हो। वाल्मीकिरामायण आदिकाव्य र महर्षि वाल्मीकि आदिकवि थिए। पाश्चात्य देशका होमरभन्दा लाखौं वर्षपूर्व वाल्मीकिले आफ्नो अमर रचना वाल्मीकिरामायण रचेर आदिकवि हुने सौभाग्य पाइसकेका थिए। त्यसैले काव्य महाकाव्यहरूमा आलङ्कारिक वर्णन पनि हुनु स्वाभाविकै हो। यहाँ वाल्मीकिले आलङ्कारिक वर्णनद्वारा राजर्षि विश्वामित्र र महर्षि वसिष्ठ दुवैको कामधेनुबारेमा युद्ध हुँदा किरातादिको उत्पत्ति वाल्मीकिरामायण बालकाण्डको ५५ सर्गमा आलङ्कारिक ढङ्गले भएको पाइन्छ। यो ऐतिहासिक तथ्य भए पनि आलङ्कारिक वर्णनले गर्दा सर्वसाधारणको मनमा यो इतिहास गफ हुन सक्छ, परन्तु 'यो कस्तो गोरु रहेछ' अथवा 'यो कस्तो गधा रहेछ' भन्दा फनन रिङ्गटा चलेजस्तै हो।

बुझ्नुपर्ने कुरा यो छ कि राजर्षि विश्वामित्र महर्षि वसिष्ठको आश्रममा शिकार खेल्दै पुगे। वसिष्ठले राजर्षिको स्वागत गरे। तर त्यस्तो निर्जन वनमा राजसी स्वागत कम थिएन। त्यसैले विश्वामित्र लोभिए। अर्काको चीजमाथि अनावश्यक लोभिएर आफ्नो पार्ने इच्छा राम्रो होइन। फलतः विश्वामित्र र वसिष्ठको आपसी युद्ध भयो। जसको लागि युद्ध भयो, त्यो कामधेनु गाई नै हो। कामधेनु गाई लिनु र ब्रह्मत्व प्राप्त गर्नु क्षत्रियको उद्देश्य थियो। सूर्यवंशको कुलगुरु र राजगुरुको मद वसिष्ठसँग थियो। यति मात्रै होइन, वसिष्ठ ब्रह्मज्ञानी पनि थिए। तर युद्धमा विश्वामित्रबाट हार मानेपछि वसिष्ठले कामधेनुलाई आज्ञा दिए।

ततस्तानाकुलान् दृष्ट्वा विश्वामित्रास्त्रमोहितान्।
वसिष्ठश्चोदयामास कामधुक् सृज योगतः ॥१॥

विश्वामित्रको अमोघ अस्त्रले घायल भएर व्याकुल भएको देखेर वसिष्ठले कामधेनुलाई आज्ञा दिए, "हे कामधेनु! तिमी अब आफ्नै योगबलले अर्को सैन्य तयार गर।" वसिष्ठको आज्ञा सुनेर कामधेनुबाट यी सेना उत्पन्न भए।

तस्या हुङ्कारतो जाताः काम्बोजा रविसन्निभाः।
ऊधसञ्चायं सम्भूता बर्बरा शस्त्रपाणयः ॥२॥

वसिष्ठको आज्ञा पाएपछि कामधेनुले हुङ्कार गरी। त्यस हुङ्कारबाट सूर्यको समान तेज भएका काम्बोजहरू उत्पन्न भए। त्यस कामधेनुको थुनबाट शस्त्रधारी बर्बरहरू उत्पन्न भए।

योनिदेशाच्च यवनाः शकृद्देशाच्छकाः स्मृताः ।
रोमकूपेतु म्लेच्छाश्च हारीताः सकिरातकाः ॥३॥
(वा० रा० बा० का० ५५ स० १, २, ३)

योनिदेशबाट यवन र शकृत्देश (गोबर गर्ने स्थान)-बाट शकहरू उत्पन्न भए । रोमकूप (सम्पूर्ण रौं हुने ठाउँ)-बाट किरातसहित हारीत म्लेच्छहरू उत्पन्न भए ।

यहाँ आलङ्कारिक ढङ्गले अथवा राजनीतिक ढङ्गले सैन्य गठन गरेको देखिन्छ । साथै पं० आचार्य काशीनाथकै अर्थ यसवारेमा पनि ग्राह्य छ, किनभने योगसामर्थ्य भनेको अलौकिक हुन्छ । कामधेनु पनि साधारण पृथिवीका गाई होइनन् । त्यसैले गाईको हुङ्कारबाट सूर्यको समान प्रकाशमान् काम्बोजहरूको उत्पत्ति हुनु, थुनबाट शस्त्रधारी बर्वरहरूको उत्पत्ति हुनु, योनिप्रदेशबाट यवनहरूको उत्पत्ति हुनु, गोबरबाट शक तथा रोमबाट किरात म्लेच्छहरूको उत्पत्ति हुने इतिहास मोटो बुद्धि भएको मान्छेले त के बुझ्थे र ! म बुद्धिमान् हुँ भन्नेले पनि बुझ्दैनन् । आलङ्कारिक रूपक हो भन्दा पनि त्यही रूपकवालाले बुझे मात्रै, सबैले बुझ्ने इतिहास होइन । यस्तो नबुझिने इतिहास वाल्मीकिले किन लेखे त ? वसिष्ठले त्यसै भने । अनि त्यस्तै लेखे । यो असत्य वा झूठो कुराचाहिं होइन ।

बुझ्नुपर्ने इतिहास यो हो । कामधेनु गाई भनेको पृथिवी हो । कामधेनुले जस्तै जे चितायो त्यही पृथिवीले पनि दिन्छ । अर्थात् पृथिवीरूपी कामधेनुबाट समस्त पदार्थ प्राप्त हुन्छ । विश्वामित्रका साथ मुकाबलामा कम्बोज, 'ऊधस्' स्थान भनेको समुद्रवासी बर्वर, योनिदेश भनेको पृथिवीको मध्यभाग तथा शकत भनेको विशेष उब्जनी हुने प्रदेश र रोमकूप भनेको वनजङ्गल धेरै भएको देशहरूबाट काम्बोज, बर्वर, यवन, शक, हारीत, किरातसहित म्लेच्छहरूको सङ्गठन गरेका थिए । यीमध्ये यवनलाई छोडेर काम्बोज, बर्वर, शक, हारीत किरातै हुन् । यी 'म्लेच्छ' भित्र पर्छन् । यहाँ रोमकूपबाट[१] किरातहरूको उत्पत्ति हुने इतिहास 'वनौकस' 'काननौकस' शव्दार्थको साम्य देखिन्छ । यद्यपि वसिष्ठले कामधेनुलाई आज्ञा गर्दा 'सृज' भन्ने क्रियापद प्रयोग भएको देखिन्छ । नन्दिनीको हुङ्कारमा 'जाताः' भन्ने क्रियापद देखिन्छ । यी आलङ्कारिक रूपकार्थ क्रियापद हुन् । त्यसैले वसिष्ठले चमत्कारिक सैन्यगठन गर्दा किरातहरूबाट पनि सेवागठन गरेका थिए, किनभने वसिष्ठ पनि किरातहरूसँग निवास गरिसकेका हुनाले किरातहरूको व्यवहार र वीरता तथा सत्य व्यवहार र छलकपटरहित कर्मबाट परिचित थिए । त्यसैले आपत्ति समयमा वसिष्ठले किरातहरूबाट सैन्य सहयोग लिएका थिए भन्ने इतिहास बुझिन्छ । साथै उपर्युक्त देशहरूमा कामधेनुको हुङ्कारको माध्यमले वसिष्ठले जोरदार सैन्य सङ्गठन गरेका थिए भन्ने इतिहासलाई पनि भुल्नु हुँदैन । यसै रूपकलाई कामधेनुको शरीरको अनेक अवयव अर्थात् अङ्गहरूबाट सेवाको उत्पत्ति हुने कुरा लेखिएको हो ।

किन रूपक बाँध्नुपऱ्यो त ? भन्ने प्रश्न अवश्य आउन सक्छ । यो कुनै ठूलो कुरो होइन । आज पनि राजनीतिज्ञहरू यस्ता रूपकालङ्कार बाँधेरै व्यवहार गरिराखेका हुन्छन् । साधारण जनताले बुझ्दैनन् । ठूलाले आफ्नो स्वार्थ पूरा गर्छन् अनि हिंड्छन् । पछि आउनेहरूलाई त्यसको अर्थ लगाउनु र बुझ्नु र बुझाउनु कठिन परेजस्तै हो । वाल्मीकिले यो इतिहास लेख्दा यसलाई बुझ्नु कठिन थिएन, किनभने प्रसङ्ग र व्यवहार तातै थियो । कालान्तरमा बुझ्न गारो परेको मात्रै हो ।

---

१. कामधेनोः पृथिवी सादृश्येन किराता वनौकसा एव नात्र संशयः । रोमकूप शव्देनापि काननराजिसादृश्यं भजते [वा० रा० बा० का० ५५ सं० १, २, ३ अप्रकाशित]

प्राचीन किरातहरूको इतिहास हेर्दा रामायणहरूलाई अध्ययन नगरी किरात-इतिहास खोज्न सकिंदैन भन्ने कुरा पाठकवृन्दलाई थाहा हुनैपर्छ भन्ने मलाई लागेको छ। इतिहास भनेको एकतर्फ एउटा कसैले लेखिदिएर वा भनिदिएर मात्रै हुने कुरा होइन, इतिहासको दुवै पक्ष डटेर, घोरिएर, शान्त दिमागले अध्ययनशील भई हेर्नु आवश्यक छ। अनि मात्रै केही पाउन सकिन्छ। अन्यथा केही हात लाग्नुको सट्टा दिमाग खराब हुनुबाहेक अथवा उल्टा र उटपट्याङ कुराबाहेक अरू केही हात लाग्नेछैन। यसरी सूक्ष्म दृष्टिले हेर्दा मनमा भएको कुराभन्दा र कल्पनाको कुराभन्दा इतिहासमा तथ्य कुरा तथा राम्रो इतिहास फेला पार्न सकिन्छ। यहाँ महर्षि वाल्मीकिको रामायणमा वर्णित किरात-इतिहास पाठकसामु राखिंदै छ। महर्षि वाल्मीकिले आफ्नै कलमले लेखेको इतिहास हेरौं।

टुप्पी राख्ने किरातहरू

महर्षि वाल्मीकिले रामायणकालिक किरातहरूको अत्यन्त सुन्दर र प्रभावशाली शब्दमा वर्णन गरेका छन्। पाठकवृन्दले पहिले मूल श्लोकमाथि मनन र दृष्टिपात गरिहाले राम्रो होला।

किरातास्तीक्ष्णचूडाश्च हेमाभाः प्रियदर्शनाः।
अन्तर्जलचरा घोरा नरव्याघ्रा इति श्रुताः॥
[वा० रा० कि० ४० स० २७–२८]

यस श्लोकमा वाल्मीकिले वर्णन गरेका किरातहरूमध्ये कस्ता वर्णका किरात थिए भन्ने मनको कुत्कुतीमा हेमाभाः=सुन जस्ता पहेंला वर्णका किरातहरू थिए। फेरि हेर्दा कस्ता लाग्दथिए ? प्रियदर्शनाः=हेर्दाखेरि अत्यन्त सुन्दर देखिन्थे। अरू के थिए किरातहरूका चिह्न ? तीक्ष्णचूडाः=लामा-लामा र सुन्दर टुप्पी राखेका थिए। जुन किरातहरू शिरमा लामा गोखुरप्रमाण व वत्सखुरप्रमाण अथवा कुशप्रमाण टुप्पी राखेका हेर्दा सुन्दर लाग्ने किरातहरू थिए भन्ने प्रमाण यस इतिहासले प्रष्ट परेको छ।

[आजको युगमा पनि राई, लिम्बू, मगर, गुरुङ, तामाङ, नेवार आदिमा यस्ता अनुहार भएका पाइन्छन्। टुप्पी पनि आजभन्दा बीस पच्चीस वर्षपहिलेसम्म थिए। आज पनि गाउँघरमा धेरै ठाउँमा छँदैछ। तर टुप्पी राख्ने चलन एकदमै तेजीले हट्दै जाँदैछ। वाल्मीकिको समयमा मङ्गोलियन कहाँ थिए र ?]

यस्ता टुप्पी राख्ने किरात कस्ता थिए ? वाल्मीकिको शब्दमा उत्तर, अन्तर्जलचराः=समुद्रको पानीभित्र घुम्ने, घोराः=भयङ्कर, र नरव्याघ्राः=पुरुषसिंह थिए। इति श्रुताः=इत्थं प्रकारेण श्रुताः=विख्याताः अर्थात् यस प्रकारका विख्यात किरातहरू थिए। वाल्मीकिको शब्दले यस इतिहासलाई पनि प्रष्ट पार्छ कि आधुनिक युगको पनडुबीजस्तै त्यतिखेरका किरातहरू पनि समुद्रभित्र घुमफिर गर्ने, त्यसभित्रको— समुद्रभित्रको पदार्थ निकालेर व्यापार गर्ने क्षमता भएका किरातहरू साधारण थिएनन् भन्ने इतिहास प्रष्ट छ। त्यतिखेरका किरातहरू एक राष्ट्रदेखि अर्को राष्ट्रसम्म सजिलै जान्थे भन्ने इतिहास पनि दोहोर्याइरहनुपर्दैन। समुद्रमुनि र माथि छान्न सक्ने जातिले एक देशदेखि अर्को देश नजाने के कुरा ? नत्र अन्तर्जलचर कसरी हुन्थे ? यसैले प्रष्ट पार्छ कि किरातहरू वैज्ञानिक पनि थिए। साथै त्यतिखेर किरातहरू समुद्रकिनारैको देश अथवा टापू-द्वीप आदिमा बसेका थिए भन्ने भौगोलिक आधार मान्न सकिन्छ। भौगोलिक आधारको लागि पनि 'अन्तर्जलचर' शब्दले नै बताउँछ। समुद्रचारी अथवा ठूला-ठूला नदी

भएको देशवासी नभईकन जलभित्र र बाहिर पस्ने निक्लने कला जान्न सकिंदैन । त्यसैले किरातहरू वाल्मीकिरामायणकालमा अत्यन्त उन्नतिशील थिए भन्ने बुझिन्छ । अर्को कुरा, यी किरातहरू केवल वैज्ञानिक मात्रै थिएनन् अपितु वीर, बहादुर पनि थिए । त्यसैले 'नरव्याघ्र' भन्ने उपमा पाएका थिए । यद्यपि यहाँ 'व्याघ्र' शब्द सानो चितुवाकै वाचक हो, तथापि नरव्याघ्रको अर्थ पुरुषहरूमा सिंहजस्तै किरातहरू थिए भन्ने अर्थमा अत्युक्ति हुनेछैन । जहाँ एकतर्फ सुन्दर, हेर्दा प्रिय लाग्ने किरातहरू थिए भने अर्को तर्फ शत्रुहरूका सामु घोर=भयङ्कर डरलाग्दा पनि थिए । यस्ता किरातहरू त्यस स्वर्णिम युगमा थिए । यसरी रामायणकालिक किरातहरूको स्वर्णिम इतिहासलाई हेर्दा आज गालामा हात राख्नुपर्छ, तर उपर्युक्त पाठमा पाठभेद छ । पाठ यस्तो हुनुपर्छ—

येषांमाश्रयास्सर्वे विचेया (विज्ञेयाः) काननौकसः ।
कर्णप्रावरणाश्चैव तथा चाप्योष्ठकर्णकाः ॥२९॥

घोरलोहमुखाश्चैव जवनाच्चैकपादकाः ।
अक्षया बलवन्तश्च तथैव पुरुषादकाः ।
किरातास्तीक्ष्णचूडाश्च हेमाभाः प्रियदर्शनाः ॥२७॥

आममीनाशनाश्चापि किराता द्वीपवासिनः ।
अन्तर्जलचरा घोरा नरव्याघ्रा इति स्मृताः ॥२८॥

[वा० रा० कि० स० ४०।२७,२८,२९]

यहाँ पहिले गोरखपुर संस्करणमा कसैले गरेको 'हिन्दी अर्थ' जस्ताको तस्तै राखेपछि ऐतिहासिक अर्थ गरौंला ।

हिन्दी—'जो कर्ण प्रावरण (वस्त्रकी भाँति पयर तक लट्के हुये कानवाले) ओष्ठकर्णक (ओठतक फैले हुये कानवाले) तथा घोरलोहमुख (लोहेके समान काले एवं भयङ्कर मुखवाले) है । जो एक ही पयरके होते हुये भी वेग पूर्वक चलने वाले है । जिनकी सन्तान परम्परा कभी क्षीण नहीं होती । वे (किरात) पुरुष तथा जो बलवान् नरभक्षी राक्षस है । जो सूचीके अग्र भागकी भाँति तीखी चोटीवाले सुवर्णके समान कान्तिमान्, प्रियदर्शन (सुन्दर) कच्ची मछली खानेवाले, द्वीपवासी तथा जलके भीतर विचरनेवाले किरात है । जिनके नीचेका आकार मनुष्य जैसा और उपरकी आकृति व्याघ्र की समान है । ऐसे जो भयङ्कर प्राणी बताए गए हैं । हे वानरों ! इन सबके निवास स्थानों में जाकर तुम्हें सीता तथा रावणकी खोज करनी चाहिए ।'

यो अर्थ गोरखपुरबाट प्रकाशित वाल्मीकिरामायणमा लेखिएको छ । मलाई प्रवचन गर्दा वाल्मीकिरामायणको अनेक टीकाटिप्पणी आदि हेर्नुपर्‍यो । त्यस बेला मलाई यो टीका पनि हात लाग्यो । राम्ररी मननपूर्वक अध्ययन गरें । हिन्दी टीका गर्ने विद्वान् त हो, तर इतिहास, भूगोल र व्यावहारिक ज्ञान नभएको रहेछ । रूढ शब्द र यौगिक शब्द छुटयाएर अर्थ गर्न नसक्ने पण्डितजस्तो बुझिन्छ । तर गोरखपुर संस्थाको उद्देश्य भने अत्यन्त राम्रो छ । त्यसमा पनि प्रधान सम्पादक स्व० हनुमान प्रसाद पोद्दार भइञ्जेलसम्म मेरो पनि ओहोरदोहोर भइरहन्थ्यो । हनुमान प्रसादको स्वर्गवास भएपछि मेरो पनि सम्बन्ध टुट्यो । यति भन्नुको अर्थ हो संस्था र प्रधान सम्पादकसँग मेरो घनिष्ठ सम्बन्ध थियो । त्यस संस्थाले प्रकाशित गरेको

ग्रन्थको अर्थमाथि कलम चलाउने विचार किन भयो ? कलम नचलाए भैहाल्यो । तर त्यसो होइन, यस्तै कारणले ई० सं० प्रथम शताब्दीदेखि यता इतिहास बिग्रिंदै आएको छ । केही जानेर पनि स्वार्थले इतिहास बिगारिएको छ भने केही अज्ञानवश इतिहास बिग्रेको छ । प्राचीनकालमा किरात-इतिहास बिगार्ने कोशिश भएको छैन, तर पछि आएर भने केही जानेर केही नजानेर किरात-इतिहास केही बिग्रेको छ । तीमध्ये यो पनि एउटा बिग्रेकै इतिहास हो ।

गोरखपुरबाट उक्त अर्थ भएको रामायण छापिएपछि मैले निक्कै मजा चाख्ने र चखाउने गरें । अर्काको छोरा मर्दा दुःख हुँदो रहेनछ । यस्तै आफैंले मरे मात्रै स्वर्ग देखिने कुरालाई पनि बिर्सनु हुँदैन । अब माथि लेखिएको अर्थमाथि विवेचनात्मक अर्थ पढ्नुहोस् । प्रसङ्ग छ सुग्रीव र वानरसेनाको । सुग्रीव, अङ्गदादिको मध्यमा सीतालाई खोज्ने सम्बन्धमा रामलक्ष्मणसँग वार्ता भइसकेपछि सुग्रीवले वानरी सेनालाई उपर्युक्त किरातहरूको देशमा गएर उनीहरूको परिवारभित्र पनि सीता लुकाइएको हुन सक्छ, यस्ता किरातहरू छन् भनेर सम्झाएका थिए । तर २६ औं श्लोकको अर्थ गोरखपुरे रामायणमा जो लेखिएको छ, त्यो एकदमै उपहासयोग्य छ । यहाँ विद्वत्प्रवर काशीनाथ आचार्यको[1] अर्थ पनि पाठकहरूले मनन गर्नुपर्नेछ ।

कर्णप्रावरणाः[2]

प्रकर्षेण कर्णौ आवृयते अनेनेति प्रावरणम् वस्त्रमित्यर्थः--श्रुतिपुटाच्छादनवस्त्रविशेषः । कर्णपर्यन्तमाच्छादनानि वस्त्राणि येषां सन्ति ये ते कर्णप्रावरणाः एतादृशाः किराताः; अर्थात् कानसम्म छोपेर लाउने वस्त्र विशेषलाई 'कर्णप्रावरण' भनिन्छ । 'कर्णप्रावरण' जसको छ ती कर्णप्रावरणा = अर्थात् यस्ता किरातहरू छन् ।

फेरि, कस्ता किरातहरू छन् त ? ओष्ठकर्णकाः = ओष्ठकर्णानामाच्छादकानि वस्त्राणि येषां सन्ति ते ओष्ठकर्णकाः, अर्थात् शिरदेखि लिएर कान र ओठसम्म छोप्ने वस्त्र जसका छन् ती ओष्ठकर्णक = किरात हुन् । त्यस्ता किरातहरू त्यहाँ रहन्छन् ।

फेरि, कस्ता किरातहरू छन् त ? घोरलोहमुखाः घोराणि लोहमुखानि अस्त्राणि तीक्ष्णीकृतानि यैस्ते घोरलोहमुखाः = घोर भनेको भयङ्कर, डरलाग्दा, लोह भनेको फलामको, मुख भनेको अग्रभाग अर्थात् अगाडिको भाग तीखो अथवा लाग्ने, तेज बनाएका छन् जसले तिनलाई घोरलोहमुख भनेका हुन् ।

अरू कस्ता किरात छन् त ? च जवनात्—एकपादकाः = एकेनैव पदा = पादेन वा जवने = धावने ये समर्थास्त एकपादकाः; दगुर्दा एक खुट्टाले पनि अरू मानिसभन्दा तेज दगुर्न सक्ने जो छन् तिनलाई भन्दछन् एकपादक किरातहरू छन् । यस विषयमा काशीनाथ आचार्यको अर्थ गोरखपुरको अर्थभन्दा वैज्ञानिक, ऐतिहासिक र भौगोलिक ठहर्छ, किनभने त्यहाँका भौगोलिक वातावरणअनुसार शिरदेखि कानसम्म र कानदेखि ओठसम्म छोपेर लगाउने वस्त्र बनाएका थिए । समुद्रद्वीपवासी किरात भएका हुनाले हावापानी र वातावरणको अनुकूल रहनसहन र आचरण गर्नु आवश्यक हुन्छ । बाँच्नका लागि द्वीपवासी किरातहरूले त्यस्ता वस्त्र आविष्कार गरेका थिए । त्यसैले गोरखपुरे टीकाको अर्थ असम्भव देखिन्छ । यति भन्नु पर्याप्त होला ।

---

[1] काशीनाथ आचार्य 'रामायणतात्पर्यटीका' जम्बूकाश्मीर रघुनाथ पुस्तकालयमा छ । यो ग्रन्थ अमुद्रित र खण्डित पनि छ ।

[2] कर्णप्रावरणाश्चैव तथा चाप्योष्टकर्णकाः ।
घोरलोहमुखाश्चैव जवनाश्चैकपादकाः ॥२६॥

मान्छे खाने किरात

गोरखपुरको रामायणमा 'पुरुषादका:' शब्दको पनि विचित्र अर्थ गरेका छन् । पाठकवृन्दले उपर्युक्त हिन्दी पाठमा हेर्नुभयो होला । नत्र फेरि पनि दोहोर्‍याएर हेर्नुहोला । किरातहरूको उल्लेख वैदिक कालदेखि नै हुँदै आएको छ र किरातहरू गुरु-पुरोहित भएको उल्लेख पनि पाइन्छ । त्यसैले 'मान्छे खाने' नरभक्षी किरात 'पुरुषादक' शब्दको अर्थ गर्नु व्यापक अर्थ नहुनाले नै भएको हो, यद्यपि शब्द पनि सङ्कटजनकै छ । यहाँ 'पुरुष' शब्ददेखि पर 'अद्‌भक्षणे' धातुको अर्थमा हेरेर अर्थ अनर्थ भएको हो । यहाँ पनि काशीनाथ आचार्यको अर्थ युक्तियुक्त र ऐतिहासिक छ भन्ने कुरामा सन्देह गर्ने अवसर छैन । आचार्यजीले दुइवटा अर्थ गरेका छन् । पुरून्=पुरुवंशीयवीरान् आसादितवन्तो ये ते 'पुरुषाद:' अर्थात् पुरुवंशीय वीरहरूलाई जसले प्राप्त गरे, ती पुरुषाद किरात हुन् । अथवा जसले पुरुवंशका वीरहरूलाई तिरस्कार गरे, अर्थात् आफ्नो वीरता र बाहुवलले पुरुषवंशी वीरहरूलाई परास्त गरे हराए ती पुरुषाद=किरात हुन् । इत्यादि 'षद्' धातुको गति अवसान अर्थबाट आफ्नो अभीष्ट अर्थ गर्न सकिन्छ र आचार्यजीले अर्थ गरेका पनि छन् । यो त भयो 'पुरुषाद' हलन्त पाठको अर्थ । तर अर्को पाठ भेद पनि देखिन्छ । त्यो हो पुरुषादक: । यस शब्दको अर्थ वहाँले 'पुरुषान्—मनुष्यान् अदन्ति ये ते पुरुषादका इति नार्थ: । अपितु वीरपुरुषबलानि अदन्तीत्यस्यार्थ: स्वशौर्यवीर्यद्वारा मर्दनं कुर्वन्तीत्यर्थ: । तस्मात्पुरुषादका: किराता: ।' यस्तो गर्नुभएको छ । अर्थात् 'पुरुषादक' शब्दले पनि मान्छे खाने अर्थ निक्लिदैन । जसले बल पौरुषले प्रतिपक्षी रिपुगणको मान मर्दन गर्छ, त्यै 'पुरुषादक' कहलाउँछ । त्यसैले गोरखपुरे रामायणको अर्थ ठीक छैन । भ्रम नपरोस् भनेर लेखेको हो ।

अक्षया बलवन्तश्च तथैव पुरुषादका: ।
किरातास्तीक्ष्णचूडाश्च हेमाभा: प्रियदर्शना: ।।२७।।

हेर्दा सुनजस्तो पहेंलो रङ्ग भएका, हेर्दा सुन्दर र प्रिय लाग्ने लामा र तीखा शिखा= टुप्पी राख्ने किरातहरू छन्, जो अत्यन्त बलवान् र रिपुगणका मान मर्दन गर्नेवाला छन्, जसका सन्तान-परम्परा कहिलै क्षीण हुँदैनन् । यस्तो अर्थलाई अनर्थ गरेर भ्रम फैलाउने बानी राम्रो होइन । त्यसैले यहाँ वास्तविक अर्थ गरेर सही इतिहासको बाटो प्रशस्त पारेको हो । पाठकहरूले घोरिएर हेर्नुपर्नेछ ।

माछा खाने किरात

किरातहरूको प्राचीन इतिहास पैल्याउँदा निकै पुराना इतिहास खोदालिएका छन् । यीमध्ये विशेष खानपानबारे पनि वाल्मीकिरामायणैमा जो उल्लेख भएको छ, त्यही यहाँ राखिंदै छ । किरातहरूले कहीं पनि कुखुरा, सुँगुर, जाँड, रक्सी खाएको इतिहास पाइएको छैन । यहाँ मूलमा विचार गरेपछि अगाडि हिंड्नु राम्रो होला ।

आममीनाशनाश्चापि किराता द्वीपवासिन: ।
अन्तर्जलचरा घोरा नरव्याघ्रा इति स्मृता: ।।२८।।

आमान्=अपरिपक्वमीनान् अश्नन्ति ये ते आममीनाशना:, द्वीपे समुद्रान्तरे वसन्ति ये ते द्वीपवासिन: । जो काँचो माछा खान्छन् तिनलाई भन्छन् आममीनाशन । जो समुद्रले घेरिएको द्वीप-टापूमा बस्छन् तिनलाई भन्छन् द्वीपवासी । जो समुद्रभित्र अर्थात् पानीभित्र घुम्ने, विचरण गर्ने गर्छन् तिनलाई

भन्छन् अन्तर्जलचर । यस्ता हेर्दा डर लाग्ने नरव्याघ्र=नरसिंह जस्ता किरातहरू थिए । यस पाठमा 'श्रुता' को ठाउँमा 'स्मृत' पाठ पनि छ । अर्थमा अवश्य पनि अन्तर हुन्छ । 'सुनिन्छ र स्मरण गरिन्छ' भन्ने पनि अर्थ हुन्छ । यदि यही नै अर्थ गर्ने हो भने पनि महर्षि वाल्मीकिले पनि पूर्वकालकै किरात-इतिहास यहाँ लेखेका रहेछन् भन्ने अर्थ बुझ्न कर लाग्छ । तर प्रसङ्गमा त्यो अर्थ नभएर प्रत्यक्ष निर्देश गरिएको हुनाले यहाँ भूतकालिक अर्थ नगरेर सामान्यार्थ गर्नु कर लाग्छ । यही अर्थ पनि हो ।

जङ्गली किरात

किरातहरूका खानपान र शासन-व्यवहार आदि सर्वत्र लेखिए पनि प्रायः इतिहासकारहरूले जङ्गली र गुफामा बस्ने भनेर टुङ्ग्याएका छन् । तर यो इतिहास सही होइन । यस्तै यहाँ पनि लेखेका छन् । वाल्मीकिले यस सम्बन्धमा 'येषामाश्रयास्सर्वे विचेया (विज्ञेयाः) काननौकसः' लेखेका छन् । यिन सबका निवास कानन=जङ्गलमा, ओकस=घर हुन्छन् भनी जान्नु भनेर लेखे । तर महर्षिको आशय त्यो होइन । काननेषु=ओकसो येषान्ते काननौकसः किराताः; जङ्गलमा घर बनाएर बस्नेलाई 'काननौकस' भन्ने कुराले ठीकै इतिहास बुझिन्छ तर यसको अर्थ यो होइन कि किरातहरू जङ्गली थिए । किरातहरू सुग्गर सफा भएर बस्ने जाति हुन् । आफ्नो घर अथवा भवन, बिल्डिङ्गकोठी आदिको चारैतर्फ सुन्दर हराभरा वन बनाएर राख्थे । अक्सीजनको लागि त्यतिखेरका किरातहरू आ-आफ्ना घरवारी, खरवारी आदिको छेउछाउमा आफूलाई आवश्यक्ता पर्ने वन, जङ्गल, वाटिका, फूलवारी आदि लगाएर सजाउँथे । त्यतिखेर अरू जातिले भन्दा किरातहरूले आफ्नो घरगाउँवरिपरि वनजङ्गल लाउँथे । मिलेर वृक्षारोपण गर्थे । त्यसैले किरातहरूलाई 'काननौकस' भनेका हुन् । तर 'काननौकस' र पवनौकस' शब्दको प्रयोग अरू जातिलाई गरेको छैन । केवल किरात तथा ऋषिमुनिहरूलाई मात्र प्रयोग भएको देखिन्छ । ऋषिमुनि बुद्धिमान् विद्वान् हुन्थे । वनजङ्गल नभई मानसून हुँदैन । मानसून नभए वर्षा हुँदैन । वर्षा नभए पृथिवीमा घाँस, पात, अन्न आदि उब्जनी हुँदैन । 'मरुभूमि' मात्रै हुन्छ । संसारमा मानवदेखि लिएर पशुपक्षी, झारपातले पनि बाँच्न पाउँदैनन् । पानीको अभावमा केही हुन सम्भव छैन । त्यसैले पानीको मूल वनजंगल हो भनेर किरातहरूले जानेका थिए । त्यसैले त्यतिखेरका किरातहरूले वनजंगल परिश्रम गरेर लगाउँथे । यज्ञ-समिधाको लागि पनि वनजंगलकै आवश्यकता हुन्छ । धूमो[1] भूत्वा मेघो भवति, मेघो भूत्वा प्रवर्षति भन्ने सिद्धान्त त्यतिखेरका किरात-ऋषिमुनिहरूलाई ज्ञात थियो । त्यसैले आफ्नो आवास, निवास, गाउँघर, देश राष्ट्र सम्पूर्णलाई हराभरा वन बनाउँथे । त्यसैले किरातहरूलाई सुन्दर शब्दमा 'वनौकस' र 'काननौकस' भनेका हुन् । असभ्य जंगली भनेको होइन ।

यो अवश्य हो कि पाश्चात्य इतिहासकारहरूको नकल गर्ने इतिहासकारहरूले किरातहरूलाई जंगली, असभ्य र गुफावासी आदि लेखेका छन् । ती प्राचीन इतिहास नपढ्ने, खालि पाश्चात्यहरूको पृष्ठलग्नहरूले आफ्नो इतिहास हेरेका भए त्यस्तो लेख्ने थिएनन् । त्यसैले 'अन्तर्जलचर' शब्द इतिहासका लागि अत्यन्त महत्त्वपूर्ण छ । पानीभित्र भनेको सागर अर्थात् समुद्रको पानीभित्र जाने काम निकै बुद्धिमानीको हुन सक्छ । केही महत्त्वपूर्ण वैज्ञानिक आविष्कार नगरी पानीमा प्रवेश गर्दा एउटा सानो समुद्रीय जीवकै आहार बन्नुपर्छ भने सारा समुद्रको पानीभित्रभित्र चाहार्नु भनेको सानो कुरा होइन । वैज्ञानिक यन्त्रबिना सम्भव छैन । जब त्यतिखेरका आधुनिक युगका जस्तै किरातहरूले कुनै यान्त्रिक आविष्कार गरेका थिए,

---

१. छान्दोग्य……………………

त्यसैले त पानीभित्र विचरण गर्थे। निर्भयपूर्वक विचरण गर्थे। यस्ता वैज्ञानिक आविष्कार गरेर एक द्वीपदेखि अर्को द्वीप अथवा एक राष्ट्रदेखि अर्को राष्ट्रमा ओहोरदोहोर गर्ने पुरुषसिंह किरातहरू कसरी जंगली हुन सक्छन् ?

वाल्मीकि किरातहरूसँगै बसेका थिए

त्यस बेला किरात-इतिहास लेख्ने वाल्मीकि[१] स्वयं किरातहरूसँग बसेर हुर्केका थिए। आफ्नो जीवनको संस्मरण आफैं वाल्मीकिले लेखेका छन्—

अहं पुरा=म पहिले, किरातेषु=किरातहरूमा, किरातैस्सह=किरातहरूसँग, वर्धितः=बढेको थिएँ। मे=मेरो, जन्ममात्रं=जन्म मात्र, द्विजत्वं=द्विज हो, (कर्मले) म सदा=सधैं, शूद्राचाररतः=शूद्रहरूको आचरणमा, रत=निमग्न थिएँ। यस श्लोकको तल्लो पंक्ति जातिवाद र छुवाछूतको बोलबाला प्रारम्भ भएपछि थपुवा भएको बुझिन्छ, किनभने द्विजलाई बढावा दिएर शूद्राचरणलाई सानो बनाउन खोजेको देखिन्छ। पाठभेद अवश्य देखिन्छ। त्यसको कारणैले थपुवा भयो भन्न कर लाग्छ। तर महर्षि वाल्मीकि स्वयं प्रचेता ऋषिका दशौं पुत्र थिए। वाल्मीकिरामायणको अन्तिम उपसंहार पुष्पिकामा 'प्राचेतसो दशमः पुत्रः···' भनेर लेखेको छ। अर्को कुरा, किरातहरू स्वयं द्विज किरात-क्षत्रिय थिए। फेरि, द्विज भन्नाले कसको उपलक्षण मान्ने ? रामायणकालमा छुवाछूत थिएन। त्यसैले यो पछि थपिएको वाक्यांश हो।

जे होस्, महर्षि वाल्मीकिले आफूलाई किरातहरूको माझमा किरातहरूसँगै खेल्ने र बढेको गौरव प्रकट गर्ने इतिहासले पनि किरातहरू गौरवशाली क्षत्रिय थिए भन्ने बुझिन्छ। अर्को स्वयं वाल्मीकिले नै लेख्नुहुन्छ 'किरातास्तीक्ष्णचूडाश्च···' किरातहरूका लामालामा टुप्पी हुन्छन् भनेपछि टुप्पी र जनैको स्वयं सम्बन्ध भइहाल्यो। 'शिखां बध्वा सूत्रं जपेत्' आदि वाक्यहरूले पनि शिखाधारी अर्थात् टुप्पी राख्नेले नै जनै राख्दो रहेछ भन्ने इतिहास बुझिन्छ। वाल्मीकि त्रिकालदर्शी महर्षि थिए। किरातहरूसँगै खेलेर किरात-इतिहास थोरै शब्द भए पनि लेखिदिए। नत्र त्रेतायुगको इतिहास हामीले कसरी पाउने थियौं र ?

वासिष्ठरामायणमा किरात

किरातको इतिहास वेदान्तदर्शनको ग्रन्थ 'वासिष्ठरामायण'मा पनि प्रसङ्गानुसार सुरक्षितै राखिएको देखिन्छ। यसैको प्रसिद्ध नाम 'योगवासिष्ठ' पनि हो। यो ग्रन्थ मूलतः अद्वैत वेदान्तको प्रतिपादक ग्रन्थ हो, तथापि वेदान्तदर्शन सम्झाउनलाई नाना दृष्टान्त दिइएका छन्। युद्धवर्णन, जनपदवर्णन, लीलोपख्यान आदि उपशीर्षकहरूमा बाँटिएका छन्। यसै प्रसङ्गमा जनपदवर्णन[२] गर्दा किरातहरूको उल्लेख

---

[१] अहं पुरा किरातेषु किरातैस्सह वर्धितः।
जन्ममात्रं द्विजत्वं मे शूद्राचाररतस्सदा॥ (वा० रा० आ० १।५५।३,४)

[२] व्याघ्रवक्त्राः किराताश्च············वा० रा० उत्पत्ति प्र० लील०, जनपद व० ३६।२४, ६६,

(क) अभिसासदजार्वाकाः पलोलकुविकौतुकाः।
किरातायामुपाताश्च दीनाः स्वर्णमही ततः॥

(ख) किरातसैन्यकन्यानां कामं कलकलारवैः।
अङ्गैरनङ्गतां नीत्वा भैरवैरिव गर्जितम्॥ वा० रा० उ० ली० ज० व० ३७।३०,

भएको छ। यस सर्गमा धेरै जस्तो किरातहरूकै राज्य वा जनपदको उल्लेख छ। साथै व्याघ्रको जस्तो मुखाकृति भएका किरातहरूको उल्लेख भएको छ। यस इतिहासमा वेदान्तीहरूले इतिहास, भूगोल देखेका हुँदैनन्। उनीहरू खुरुखुरु अद्वैतब्रह्मको प्रतिपादन गर्दा जगन्मिथ्यात्व सिद्ध गर्दा यी ऐतिहासिक व्यक्ति वा पात्रहरूलाई दृष्टान्तको रूपमा प्रयोग गर्ने गर्छन्। वस्तुतः व्यापक रूपले अध्ययन गर्ने हो भन्ने यसभित्र परेका जनपद, राज्य आदि र राजा-महाराज आदिका ऐतिहासिक र भौगोलिक अध्ययन गर्दा धेरै पाउन सकिन्छ। यी कुरा तत्तत् प्रकरणका श्लोकहरूले प्रष्ट पारेका छन्। यसलाई अझ व्यापक दृष्टिकोणले अध्ययन गर्ने आवश्यकता छ। वास्तवमा वेदान्तमा इतिहास लुकेको छ भन्न कर लाग्छ।

किरातराज्यमा कर्कटी राक्षसीको उपद्रव

कुरा इतिहासको हो। कर्कटी नाम गरेकी राक्षसीले उपद्रव गरेको इतिहास प्रसिद्ध छ। यो 'कर्कटी' हिमालयको[१] उपत्यका र अधित्यका आदिमा बास गर्ने राक्षसी भनेर लेखेको छ। यो कर्कटी अत्यन्त शक्तिशाली थी। तन्त्र, मन्त्रदेखि लिएर सबै विद्यामा निपुण थी। यसले अत्याचार पनि धेरै गरेकी थी। तर उसलाई जगत्स्रष्टा ब्रह्माले नै वरदान दिएका थिए। यस राक्षसीको अर्को नाम विसूचिका थियो। कैयौं नरमांसले[२] पनि तृप्ति हुँदैनथी। त्यस राक्षसीले किरातजनमण्डलमा[३] (राज्यमा) प्रवेश गरी। त्यो किरातराज्य हिमालयको नजीकमा पर्थ्यो भन्ने भौगोलिक संकेत पनि प्रष्ट छ। यो भूगोल 'शैलपादस्थ' भन्ने शब्दले प्रष्ट पारेको छ। त्यो राक्षसी किरातराज्यमा[४] गएर कालो रातजस्तै काली भएर हातले पक्रन सकिने अन्धकारको पिण्ड भई। किरातराजा र मन्त्री दुवैसँग तमःस्वरूपा राक्षसी भेट भई। राक्षसीसँग धेरै बेर विवाद गर्दा 'यी किरातहरूका[५] राजा हुन्, म यिनैका मन्त्री' भनेर मन्त्रीले परिचय दियो। तर राक्षसी राक्षसी मात्रै थिइन, अपितु राजालाई सद्बुद्धि दिने पनि थी। किरातमण्डलका राजाको नाम 'राजीवपत्राक्ष'[६] थियो। यसरी किरातराजा राजीवपत्राक्षसँग सल्लाह भएपछि, त्यस किरातमण्डलमा[७] जतिजति राजाहरू हुँदै जान्छन्, ती सबै राजाहरूसँग मैत्रीभाव बढाउँदै गई। यसरी कृष्णराक्षसी र किरातमण्डलका राजा राजीवपत्राक्षको मैत्री भयो।

यहाँ राजीवलोचन किरातराजासँग भएको इतिहासमा हिमालयभेकमा हुने किरातराष्ट्र थियो भन्ने बुझिन्छ, जसलाई 'किरातमण्डल' भनेर उल्लेख गरेको पाइन्छ। प्राचीनकालमा मण्डल, जनपद, विषय, राष्ट्र वा देश अयोग हुन्थे। यसबारेमा पाणिनिले 'विषयो देशे' भन्ने सूत्रै लेख्नुभएको छ। 'विषय'

---

१. हिमाद्रेरुत्तरे पार्श्वे कर्कटी नाम राक्षसी (वा० रा० उत्पत्ति प्र० ६८।२)
२. सर्वेषां नरमांसानां न तु तृप्तिमुपाययौ (वा० रा० उत्पत्ति प्र० ७१।१)
३. विवेश शैलपादस्थं किरातजनमण्डलम् (वा० रा० उत्पत्ति प्र० ७६।१५)
४. एतस्मिन्नन्तेर तत्र किरातजनमण्डले ।
हस्तहार्यतमः पिण्डा बभूवासितयामिनी (वा० रा० उत्पत्ति प्र० ७७।१)
(क) तस्यां रजन्यां भीमायां किरातजनमण्डले (……………७७।१६)
५. अयं राजा किरातानामस्याहं मन्त्रितां गतः (……………७८।३६)
६. राजा राजीवपत्राक्ष इदानीमेष भाषताम् (… …………८१।१)
७. किरातमण्डले तस्मिन्ये भवन्ति महीभृतः ।
तैस्तैस्सह परा मैत्री तस्याः समभिजायते । (वा० रा० उत्पत्ति प्र० ८३।१)

शब्द देश-अर्थमा छ भन्ने इतिहास यहींबाट बुझ्नुपर्छ । तर आजकल यस अर्थमा 'विषय' शब्द प्रयोग हुँदैन, केवल 'वासना' अर्थमा मात्र प्रयोग अएको देखिन्छ । जनपद र मण्डल शब्द भने आधुनिककालमा जिल्ला-अर्थमा प्रयोग गरेको देखिन्छ । यहाँ प्रसङ्गमा 'मण्डल' शब्दको अर्थ देश वा राष्ट्र नै हो । आधुनिकार्थले संकुचित अर्थ हुनु अर्कै कुरा हो । यद्यपि 'मण्डल' शब्द पनि अनेकार्थमा प्रयोग भएको देखिन्छ । जस्तै— ऋग्वेदका मण्डल, नक्षत्रमण्डल, किरातमण्डल आदि । यस्ता शब्दहरूमा प्रकरणार्थ बलवान् हुन्छ भने प्रसङ्गार्थ पनि उति नै महत्त्वको हुन्छ । यो कुरा विज्ञजनहरूले बुझिराख्नुपर्ने हुन्छ ।

प्राचीन इतिहासमा त अझ महत्त्वको अर्थ हुन्छ । यस्ता शब्दहरूमा कोशहरू पनि प्रामाणिक हुन सक्दैनन् । कोशमा शब्द प्राप्त भयो भन्दैमा प्रकरणार्थ र प्रसङ्गार्थ नबुझीकन कोशले अर्थ गर्दा त पाश्चात्य लेखकहरूको काम भ्रमात्मक भएको हो । त्यसैले उपर्युक्त 'मण्डल' शब्द देशवाची नै हो । यसमा सन्देह छैन ।

किरातराजा सुरघु

वासिष्ठरामायण सुप्रसिद्ध ग्रन्थ हो । वेदान्तदर्शनको चिन्तन-मनन गर्ने जिज्ञासुहरूले वासिष्ठरामायणको खुब स्वाध्याय प्रवचन गर्ने गरेका छन् । यसैको अपर नाम 'योगवासिष्ठ' पनि हो । यो ग्रन्थ वेदान्तीहरूले पढेकै हुनुपर्छ । यसमा जगन्मिथ्यात्व सिद्ध गर्नलाई नाना प्रकारका दृष्टान्तहरू दिएका छन् । यस्तै दृष्टान्तको क्रममा खोला, नाला, वन, वृक्ष, लता, देश, देशान्तर आदि दृष्टान्तका साथ राजा, महाराज आदिका पनि ऐतिहासिक दृष्टान्त प्रस्तुत गरिएका छन् । उपर्युक्त सम्पूर्ण ग्रन्थमा जे प्रसङ्ग आए पनि कुलगुरु वसिष्ठले रघुकुलतिलक मर्यादापुरुषोत्तम भगवान् रामलाई वेदान्तदर्शन सम्झाएका छन् । यसै प्रसङ्गमा महर्षि वसिष्ठले प्राचीन इतिहासलाई उपस्थापन गरेका छन् । यो प्राचीन इतिहासमा महर्षि वसिष्ठले पनि प्राचीन इतिहास[1]कै साक्षी तथा उदाहरण दिंदै रामलाई सम्झाएका छन् । यसै प्रसङ्गमा किरातराजा सुरघुको इतिहास आएको छ । किरातराजा सुरघु विस्मयकारी इतिहास विस्मयकारी नै छ । त्यो पनि आधुनिक किरातसमाजलाई हेर्दा अत्यन्त विस्मय लाग्नु स्वाभाविकै हो । तर यस विस्मयमाथि विस्मय लाग्नु पनि विचारवान् व्यक्तिको लागि स्वाभाविकै हुन आउँछ । कैलास पर्वतको समीपमा किरातराजा सुरघुको राजधानी थियो । सम्पूर्ण हिमाद्रि[2] भूभागमा उसको राज्य थियो । त्यस राज्यमा सुनका जस्ता पहेंला जटा भएका किरातहरू सुरघुका प्रजा थिए । किरातराजा सुरघुले अत्यन्त कुशलताका साथ शासन गरेका थिए । किरातराजा सुरघु सूर्यवंशी प्रतापी राजा रघुभन्दा पनि बढ्ता शासनकुशल, प्रजावत्सल थिए । त्यसैले 'रघु' भन्दा पूर्व 'सु' उपसर्ग जोडिएको हो । महर्षि वसिष्ठले रामका पूर्वजहरूको इतिहास पनि कोट्याउनु खोजेको हो । त्यसैले रघुमा पनि सुरघु किरातराजा थिए । सूर्यको समान ओजस्वी पराक्रम, साक्षात् वायुको मूर्ति सुरघु थिए । निश्चय नै आफ्नो राज्यवैभवले धनद = कुबेरलाई पनि जितेका थिए । सुरघु अत्यन्त बलवान् थिए । अरू त के ? सुरघु अत्यन्त उदारात्मा थिए । अर्को देशहरूलाई जित्नमा अत्यन्त चतुर थिए ।

---

[1] अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ।
किरातेशस्य सुरघोर्वृत्तान्तं विस्मयास्पदम् । (वा० रा० उपश० प्र० ५८।१)

[2] हिमाद्रेः शृङ्गमस्तीह कैलासो नाम पर्वतः ।
तस्य हेमजटा नाम किराताः संस्थितास्तले । (पा० भे० वा० रा० उपश० ५८।९)

तर राज्य बढाउनु, धन बढाउनु, सुखभोग गर्नु, मोजमस्ती उडाउनु मात्र जीवनको लक्ष्य होइन। यो त जति बढाउँदै गयो, उतिउति तृष्णा पिशाची बढ्दै जान्छे। यिनै तृष्णाहरूले दुःखी भइरहेको बेलामा माण्डव्य = ऋषि आइपुगे। श्रद्धापूर्वक किरातराजा सुरघुले ऋषिप्रवर माण्डव्यको पूजा सत्कार गरे। त्यसपछि 'हे ऋषे! म अत्यन्त चिन्तामा छु। मेरो तृष्णा निरन्तर बढिराखेको छ। यसबाट म कसरी मुक्ति पाउन सक्छु त?' भनेर सुरघुले प्रश्न गरे। माण्डव्यले भने, "आत्मज्ञानले नै तृष्णा समाप्त हुन सक्छ र तृष्णा समाप्त भएपछि चिन्ता आफैं खतम हुन्छ।" यी उपदेश सुनेपछि किरातराजा सुरघु आत्माचिन्तनमा लागे। यहाँसम्म राज्य शासन गर्दा रघुलाई जितेर सुरघु कहलाए। ब्रह्मज्ञान[1] भएपछि विदेह = ज़नक बन्न पुगे। यस प्रकार शुद्ध आत्मा नै ब्रह्म हो भन्ने ब्रह्मज्ञान भइसकेपछि हेमजटाधीश सुरघुले उत्तम पद प्राप्त गरे। यो मूल ग्रन्थको केही सार-संकेत मात्र दिएको हो। जिज्ञासुजनले वहीं हेर्नुहुनेछ।[2] किरातराज सुरघुजस्तै पारसीक देशवासी सुरघुको मित्र परिघ = पर्णादसँगको वार्तालाप पनि अत्यन्त ऐतिहासिक र मननीय छ।

परिघले पनि सुकेको पत्ता खाएर तपस्या गरेका थिए। त्यसैले परिघको अर्को नाम पर्णाद पऱ्यो। 'पर्णानि-अत्तुं शीलं यस्य सः पर्णादः' अर्थात् पात नै खाने शील = स्वभाव छ जसको त्यसलाई पर्णाद भनिन्छ। किरातराजा सुरघुको पारसीक देशवासी मित्र पनि सुरघुजस्तै तपस्वी ब्रह्मज्ञानी राजा थिए। त्यसैले सुरघुसँग मित्रता भयो। यस इतिहासले कुन इतिहासलाई पैल्याउँछ भने हेमजटाधीश किरातराज सुरघुसँग पारसीक देशसँग पनि साक्षात्सम्बन्ध थिंयो भन्ने बुझिन्छ। त्यो पनि घनिष्ठ सम्बन्ध भएको बुझिन्छ। यो सम्बन्ध-प्रसंगमा दुवै राजाहरूको आपसी तपश्चर्या र ब्रह्मज्ञानको माध्यमले भएको बुझिए पनि राजनैतिक, आर्थिक, वैचारिक सम्बन्ध हुनमा कुनै बाधा देखिंदैन। नत्र पर्णादसँगको आपसी वार्तामा यत्र तत्र दिएका उदाहरणहरू शुष्क हुनेछन्। वस्तुतः वेदान्तको विषय प्रतिपादन गरे पनि हेमजटाधीश सुरघुसँग आध्यात्मिक र राजनैतिक दुवै प्रकारका सम्बन्ध पर्णादको रह्यो होला। यस प्रसंगमा सुरघु र पर्णादको सर्गका सर्ग-सम्वाद र परिचर्चा भएको छ। बुझ्नयोग्य ऐतिहासिक प्रकरण छ।

यसरी इतिहासलाई बुझ्दै लैजाँदा भौगोलिक स्थिति पनि केही चर्चा हुनु आवश्यक देखिन्छ। वर्तमान मानसरोवरस्थित कैलास पर्वत नै कैलास पर्वत थियो कि अर्कै थियो? खोजको विषय भएको छ। यदि आधुनिक मानसरोवरकै कैलास हो भने आधुनिक मानसरोवरदेखि लिएर नेपाल, कुमाऊँ आदिमा पनि किरातराज सुरघुको शासन हुनुपर्छ। साथै आधुनिक ताकलाकोट (मानसरोवरको बाटोमा पर्ने) र त्यसको छेउछाउमा सुरघुको राजधानी थियो भन्न सकिन्छ। यहाँ अर्को पनि विचारणीय पक्ष छ। मेरो विचारमा सुमेरु पर्वत तथा कैलास पर्वत पर्यायवाची हुनुपर्छ। त्यसैले सम्पूर्ण जलप्लावन हुँदा सृष्टि प्रलय भयो। त्यस बेला केवल सुमेरु (सगरमाथा) नामक पर्वत मात्रै शेष रह्यो। त्यसै सुमेरु पर्वतमा मनुले आफ्नो नाउ पुऱ्याएर रोकेका थिए। त्यहींबाट पुनः मानव सृष्टि भयो। त्यो सम्पूर्ण सृष्टिको भूभागहरू पानीमा डुब्दा नडुब्ने पर्वत केवल सुमेरु पर्वत अर्थात् आजको नेपालमा स्थित 'सगरमाथा' हो। यसै सगरमाथाको प्राचीन नाम कैलास पर्वत हुनुपर्छ, किनभने आधुनिक मानसरोवरको कैलास विचित्र दर्शनीय अवश्य छ। कालो

---

[1] किरातमण्डलन्नेदं मम नाहञ्च मण्डलम् (वा० रा० उपश० ५९।४)

[2] यो० वा० उपश० प्र० सर्ग ५३,५४,५५, ५६, ५७, ५८ सम्म हेर्नुहोस्।

(क) यस्तै सर्ग ६० देखि ६५ सम्म हेर्नुहोस्।

तर समुद्रतलको हिसाबले हेर्ने हो भने आधुनिक कैलास मानसरोवर पनि जल-
ढुङ्गाको पर्वत देखिन्छ। तर समुद्रतलको हिसाबले हेर्ने हो भने आधुनिक कैलास मानसरोवर पनि जल-
प्लावनमा डुब्यो होला। जलप्लावनमा डुब्ने सम्भावना नभएको सुमेरु पर्वत = सगरमाथा नै हुनुपर्छ।
यही नै हो भने सुरघुको राज्य आधुनिक नेपाल नै हुन आउँछ। आजको आसामदेखि लिएर काश्मीरसम्मको
भूभागमा सुरघुको राज्य हुनुपर्छ। त्यसै बेला पारसीक देशको राजा पर्णादसँग मित्रता भयो होला। तेस्रो
इतिहास जान्नुपर्ने 'हेमजटा' को पनि हो। 'हेमजटा' राजधानीक नाम हो कि किरातहरूको विशेषण हो ?
किनभने 'हेम' भनेको सुनजस्तो पहेंलो रङ्ग भएको, जटा = केशराशि छन् जसका, तिनलाई 'हेमजटाः
किराताः' भनिन्छ। 'हेमजटा' गरेको राजधानी नै हो भने पनि कहाँ पर्छ ? यो अझ खोजको विषय बनेको
छ। तर जे होस् किरातराज सुरघुलाई 'हेमजटाधीश' लेखेको हुनाले देशवाचक पनि बुझिन्छ। परन्तु जे
भए पनि किरातराज सुरघुको इतिहास स्वर्णाक्षरमा लेखिएको छ।

* * *

खण्ड–७

महाभारतमा किरात

ईस्वीपूर्वका किरातसम्राट् अथवा राजामहाराजहरूमध्ये किरातसम्राट् भगदत्त अत्यन्त ख्यातिप्राप्त वीर, कुशल शासक थिए । यी प्रसिद्ध हुनका साथै कुरुक्षेत्रको युद्धमा कौरवको पक्षमा लागेर एक करोड सेना पाण्डवहरूको विरोधमा लड्न पठाएका थिए । भगदत्तको शासन वर्तमान आसामदेखि लिएर वर्तमान बङ्गलादेशसम्म थियो, किनभने आसाम ब्रह्मपुत्र नदीको किनारैको नरकासुर पहाडमाथि किरातसम्राट् भगदत्तको राजधानी थियो । यद्यपि यो राजधानी भगदत्तका पिता नरकासुरले किरातसम्राट् घटासुरबाट खोसेर लिएका थिए । नरकासुरपछि[१] भगदत्त नै यसको हर्ताभर्ता सम्राट् भए । भगदत्तको दोस्रो राजधानी बङ्गलादेशमा पर्ने 'लाउड' पर्वतमाथि थियो । लाउड पहाडमा अझ पनि भगदत्तको राजदरबार किलाको खण्डहर शेष छँदैछ । किरातसम्राट् भगदत्त कुनै समय प्राक्ज्योतिषपुर आसाममा बस्दथिए भने कुनै बेला 'लाउड'मा गएर बस्ने गर्थे । दुवै ठाउँबाट शासनसत्ता चलाउने गर्थे । भगदत्तको राजदरबार[२] एक हजार तले थियो । सुनैका झ्यालढोका सजिएका थिए । भगदत्तको त्यस राजभवनमा घटोत्कचले तीन रातसम्म बास बसेका थिए । भगदत्तको स्थापना स्वरूप गौहाटीमा तारादेवीको मन्दिर आज पनि प्रसिद्धै छ । प्राचीन किरातअनुहारका मूर्तिहरू गौहाटी र आसपासका प्राचीन स्थलहरूमा पर्याप्त मात्रामा पाइन्छन् । ई० सं० पूर्व तीन हजार वर्षका मूर्तिहरूमा आसाम प्रान्तका मूर्तिहरू किरात-इतिहासका लागि उनकोटि कैलाससर, उत्तर त्रिपुरा, भुवंन पर्वत पूर्वी आसाम, नवगाँव जिल्ला, जिल्ला रोणितपुर, जिल्ला शिवसागर, आसाम तथा मालिनी स्थान र परशुराम कुण्ड अरुणाचलप्रदेशका प्राचीन किरातकालिक पुरातत्त्वका मूर्तिहरू तथा अन्य कलाकृति महत्त्वपूर्ण छन् । यी सबै मूर्ति तथा कलाकृतिहरू एक्लै किरातसम्राट् भगदत्तले नै बनाएका हुन् भन्न खोजेको होइन, अपितु भिन्नभिन्न किरातराजा-महाराजहरूले पनि बनाएर थप पुऱ्याएका थिए । त्यस क्षेत्रमा सबैभन्दा प्रभावशाली किरातराजा-महाराजहरूमध्ये घटासुर, नरकासुर, वाणासुर, भगदत्त आदि थिए । भगदत्त किरातक्षत्रियहरूमध्ये सबैभन्दा प्रभावशाली र नीतिज्ञ वीर थिए । किरातसम्राट् भगदत्तका बारेमा महाभारतमा यस्तो भनेको छ—

किरातक्षत्रिय[३] कुलोत्पन्न दिव्यास्त्रका विद्वान् भगदत्त छ, जसका अगाडि यस्ता महाशूरवीर क्षत्रियहरूले तिम्रो सम्पूर्ण शत्रुहरूलाई नाश गर्नेछन् । भगदत्त दिव्यशास्त्र पारंगत विद्वान् थिए । केवल

---

[१] धेरै स्थलहरूमा नरकासुरको छोरा भगदत्त भन्ने उल्लेख पाइन्छ । तर अनुसन्धेय भने छँदैछ ।

[२] प्राचीन हिन्दू विज्ञान, पृ० नं० ७२ देखि ७४ सम्म अवश्य हेर्नुहोस् ।

[३] क्षत्रियाश्च महावीर्या भगदत्तपुरोगमाः ।
दिव्यास्त्रविदुषः शूराः क्षपयिष्यन्ति ते रिपून् ॥ [म० भा० व० प० अ० २५।२१९]

राजामहाराज मात्रै थिएनन्, सम्राट्[1] पनि थिए। ताराविलास तन्त्रको अनुसार सम्राट् हुनको साथै ताराका महान् साधक पनि थिए। गौहाटीमा तथा लाउड पर्वतमा ऐलेसम्म पनि तारामन्दिरहरूले यही सिद्ध गर्छन् कि किरातक्षत्रिय सम्राट् भगदत्त देवीका महान् उपासक थिए। तारामन्दिरको स्थापना स्वयं भगदत्तले[2] गरेका थिए। द्वादशशक्तिपीठ अथवा कसैको मतमा ५१ शक्तिपीठहरूमध्ये आसाम गौहाटी कामरूप कामाक्ष्यादेवी जगत्प्रसिद्ध मन्दिरको स्थापना पनि भगदत्तले नै गरेका हुन् भन्छन्। यो शोध-खोजको विषय भए पनि वर्तमान कामरूपको कामाक्ष्यामन्दिर अत्यन्त प्राचीन हो। कुनै सन्देहको अवसर छैन। तर मन्दिर कैयौंफेर जीर्णोद्धार (Repairing) भएको देखिन्छ। मन्दिरको भित्रको भाग महाभारतकालकै छ। बाहिरको भाग भने कैयौंफेरि भुइँचालो अथवा काला पहाड जस्ता बाहुनका छोराले भत्काए पनि जीर्णोद्धार गरेको स्पष्टीकरण स्वयं मन्दिरैले दिइराखेको छ। भित्रको भाग किरातसम्राट् भगदत्तकालिकै हो।

भगदत्तकालिक कलाकौशल राम्ररी हेर्न त्यहाँ पाइन्छ। यी मन्दिरहरूमा भगदत्त आदि किरात-राजामहाराज अथवा अरूको पनि कला हुन सक्छ। कला हेर्नयोग्य छन्। अझ पुरानो ढुङ्गा-कटाइ, इँट-हरूको बनावट, घर, मन्दिर, दरवार आदिको जग-लगाइ आदि विशेषताले त्यतिखेरका मानव कति उन्नत थिए भन्ने कुरा सहजै पत्ता लगाउन सक्छौं। भगदत्त जस्ता शासक हुनु र त्यस्ता शासकको निर्देशनमा भएको कलाकृति कति वैज्ञानिक थिए भन्ने कुरा यहाँ लेखेर साध्य छैन। स्वयं परिश्रम गरेर हेर्नु जान्नुपर्छ, बुझ्नुपर्छ। अरू त थिंदै थिए। परन्तु महाभारतकालिक किरात-कलाकृति सर्वत्र विशेष रूपले ऐले पनि पाइन्छ। आजको बंगलादेशमा पाइने किरात-आकृतिका कलाकृतिहरू समग्र महाभारतकालिक हुन्। ढुङ्गाहरूको भेदले र राखन-धरनको भेदले कलाकृतिहरूमा भने मनग्य अन्तर पर्ने कुरा स्वाभाविकै हो। आसामको नरकासुर पर्वतमा बनेको भगदत्तको राजदरबारको भग्नावशेष अत्यन्त परिश्रमले खोज्ने आवश्यकता छ, किनभने महाभारतकालमा अर्थात् भगदत्तको राजदरवार वैंशोमा हुँदा राजदरबारको छेउमै ब्रह्मपुत्र नदी बग्थ्यो। बिस्तारै कालगतिले ब्रह्मपुत्र कटान हुँदै आयो। फेरि, कुनै समयमा बाढी आउनाले पनि भगदत्तको दरबारको भग्नावशेष पूरा प्राप्त भएको छैन। तर नरकासुर पर्वतमा एक किनाराको अवशेष कतैकतै अझै पनि पाइन्छ। यसरी किरातसम्राट् भगदत्त एक करोड सैन्य लिएर बस्ने सम्राट्हरूमध्ये एक थिए। आज एक करोड सेना कुनै राष्ट्रको पनि सुनिएको छैन।

तर समयको प्रवाह यस्तै हुन्छ। कुरुक्षेत्रको युद्धमा इन्द्रसमान शक्ति प्रयोग गरेर लड्ने किरात-सम्राट् केवल इतिहासकै पानामा मात्र रह्यो। अत्यन्त सुन्दर सिखाएर तैयार पारेको 'सुप्रतीक' नामक आफ्नै हात्तीको साथ कुरुक्षेत्रको रणभूमिमा अर्जुनले किरातसम्राट् भगदत्तलाई मारे। इतिहासकार व्यासले लेखेको श्लोकमा आएको 'किरीटि' शब्दको अर्थ अर्जुन हो। भगदत्तलाई[3] अर्जुनले मारेका थिए। भगदत्तका एक करोड सेना पनि कुरुक्षेत्रकै रणभूमिमा स्वाहा भएका थिए। युद्धमा मारिएका सेनालाई कोनि केके गरे, तर राजामहाराजहरूलाई धर्मात्मा युधिष्ठिरको आज्ञाले ससम्मान शास्त्र-विधिअनुसार

---

१. 'भगदत्तो नाम यः सम्राट् दिव्यास्त्रपारगो महान्' [ताराविलास तन्त्रम्, पृ० २०३]

२. 'अश्मसारमयं भाण्डम्·····' भनेर युधिष्ठिरको सभामा सहयोग गर्न पुगेका थिए भगदत्त।
[म० भा० स० प० द्यु० प० ४७।१२, १३, १४]

३. भगदत्तो महाराजो यत्र शक्रसमो युधि।
सुप्रतीकेन नागेन सह शस्तः किरीटना॥ (म० भा० आ० प० २।१६१)

जलाएका[1] थिए । यसरी भगदत्तले पाण्डवहरूलाई शत्रु बनाएर आफ्नो इतिहासलाई सुरक्षित राखे । यो भगदत्तको आफ्नै विशेषता थियो ।

अस्सी वर्षका किरातसम्राट् भगदत्तको वीरता

तीन हजार वर्ष ईसापूर्व किरातहरूको स्वर्णिम युग थियो । अर्थात् आजभन्दा पाँच हजार वर्षपूर्वको यो इतिहास हो, जुन बेला भगदत्तले वीरता देखाएका थिए । कुन कारणले पाण्डवहरूको विरुद्ध भए भगदत्त, यसको उल्लेख नपाइए पनि कौरवपक्षबाट अस्सी वर्षीय किरातसम्राट् भगदत्तले जो वीरता देखाए, त्यो इतिहास महाभारत पढ्नेहरूले कैले पनि बिर्सन सक्दैनन् । कृपाचार्य[2] र कृतवर्मा आदि जस्ता महारथहरू भगदत्तका पछाडि लागेर हिंड्थे । कुरुक्षेत्रको विश्वयुद्धमा सम्राट् भगदत्तले स्वर्णदण्डले[3] बनेको शक्तिशाली अस्त्र चलाएका थिए । भगदत्त जब युद्ध गर्न निक्ले, सुन्दर देदीप्यमान[4] हात्तीमा देवराज इन्द्रजस्तै भएर निक्लेका थिए । भगदत्त योद्धा थिए तर साधारण होइन । उनी अर्कै इन्द्र देखिन्थे । भगदत्त उत्तम किरात-क्षत्रियकुलमा उत्पन्न भएका थिए । उनको स्वभाव उत्तम थियो । उच्च विचारवाला थिए । दुर्व्यसनरहित थिए । दूरदर्शी, साम, दाम, दण्ड, भेद र राजनीतिका अत्यन्त चतुर सम्राट् थिए । भगदत्तले आफ्नो समयमा आफूले कर्मको शत्रुपक्षलाई पनि उल्लेख गर्नु लगाएको छ । किरातसम्राट् भगदत्तलाई उत्तम क्षत्रियकुलमा जन्मेका हुन् भनेर प्रशंसा पनि गरेका छन् । साथै आठ महारथहरू[5] मध्ये भगदत्तलाई पनि 'महारथ' नै थिए भनेर उल्लेख गरेका छन् । त्यसको साथै युद्धमा प्राण त्याग्न पनि तत्पर छन् । यी कुरा कौरवकुलका राजा दुर्योधनले भनेका हुन् । केवल यति मात्रै होइन राजा भगदत्त[6] युद्धमा इन्द्रसमान अर्थात् अर्को इन्द्र नै हो भनेका छन् ।

यस्ता बलशाली राजा भगदत्तलाई आदरपूर्वक युद्धको निमन्त्रण दिने चर्चा उद्योग[7]पर्वमा उठेको

---

१. यत्र राजा महाराज्ञः सर्वधर्मभृतांवरः ।
राज्ञां तानि शरीराणि दाहयामास शास्त्रतः ॥ [म० भा० स० प० २।१९३]

२. भगदत्तस्ततः पश्चाद्गजानीकेन संवृतः ।
कृपश्च कृतवर्मा च भगदत्तमनुव्रतौ । (म० भा० भी० प० १०४।१३)

३. तस्य शक्ति महावेगां भगदत्तो महारथः ।
चिक्षेप समरे वीरः स्वर्णदण्डां महाघनाम् । (म० भा० भी० प० १०९।३४)

४. तेजसा दीप्यमानस्तु वारणोत्तममास्थितः ।
भगदत्तो ययौ राजा यथा वज्रधरस्तथा । (म० भा० भी० प० १७।२६)

५. त्वञ्च द्रोणश्च शल्यश्च कृपो द्रोणिस्तथैव च ।
कृतवर्मा च हार्दिक्यः काम्वोजश्च सुदक्षिणः ॥
भूरिश्रवा विकर्णश्च भगदत्तश्च वीर्यवान् ।
महारथाः समाख्याताः कुलपुत्रास्तनुत्यजः ॥ (म० भा० भी० प० ६१। २६;२७)

६. भगदत्तो महीपालः पुरन्दरसमो युधि (म० भा० भी० प० ९१।१५)

७. भगदत्ताय राज्ञे च पूर्वसागरवासिने (म० भा० उ० प० ४।११)
(क) .... (म० भा० श० प० २।१६)
(ख) .... (म० भा० श० प० २३।२८)
(ग) .... (म० भा० श० प० ३१।१९)

छ। साथै भगदत्तलाई पूर्व सागरका निवासी भनेर लेखेको छ। यस इतिहासले भगदत्तको राज्य कहाँसम्म थियो भन्ने भौगोलिक सीमाको पनि पता सहजै लगाउन सकिन्छ। यसले यो बुझाउँछ कि भगदत्तको समयमा त्रिपुरा राज्य भगदत्तकै अधीनमा थियो, किनभने आजको बङ्गलादेशको सिलहट (श्रीहट्ट) जिल्लाको 'लाउड' पर्वतमा भगदत्तको राजधानीको अवशेष आज पनि छँदैछ। कामरूप (आसाम)-मा कामाक्ष्या नरक-पर्वतमा गरी दुवै पर्वतमा राजधानी बनाएर प्रसिद्ध भएकै हुनाले भगदत्तलाई पर्वतराज पनि भनेका छन्। राजसूय यज्ञमा भगदत्तले धर्मराज युधिष्ठिरलाई पर्याप्त सम्पत्ति दिए पनि महाभारतको युद्धमा भगदत्तले दुर्योधनको हर्षवढाइको लागि एक अक्षौहिणी[1] सेना दिएका थिए। भगदत्तको उदारता र वीरताको[2] वर्णन पर्याप्त पाइन्छ। भगदत्त आदि महाबलशाली दिव्यास्त्रका[3] ज्ञाता महाशूरवीर क्षत्रियहरू हाम्रा पक्षमा उपस्थित छन् भनेर भगदत्त उपस्थित भएको युद्ध र सभाहरूमा साहसका राहत लिन्थे।

परन्तु किरातसम्राट् भगदत्तको अस्सी वर्षको उमेरमा सम्पूर्ण कुरुक्षेत्रका वीरहरूमध्ये धेरै उमेर भएको बुझिनका साथै कुरुक्षेत्रको रणभूमिमा आफ्नो अक्षौहिणी सेनाको मध्यमा उदयाचलको सूर्यजस्तै शोभायमान देखिन्थे। त्यस समयमा भगदत्त आफ्नै 'सुप्रतीक' नाम गरेको हात्तीमा नीलाचल पर्वतजस्तै सुशोभित भएका थिए। यो मनोहर वर्णन द्रोणपर्वमा[4] उभ्याइएको छ। अब महाभारतको युद्ध शुरू भयो। किरातसम्राट् भगदत्तले सबैभन्दा पहिले महाबली भीमसेनमाथि आक्रमण गरे। सुशिक्षित सुप्रतीक हात्तीलाई लड्न पठाए। यता भगदत्तलाई युद्धिष्ठिर[5] आदिले घेरे। यस घोर युद्धमा भगदत्तको अमोघ वाणले पाण्डवपक्षका धेरै वीरहरू हताहत भएपछि फेरि भगदत्तले नीलाचल पर्वतजस्तो देखिने ठूलो र नीलो रङ्गको सुप्रतीक हात्ती छोडे। त्यस रणभूमिमा सुप्रतीक हात्ती तथा किरातसम्राट् भगदत्तको अभूतपूर्व युद्धकौशल देखियो। सबैभन्दा ठूलो विलक्षण थियो भगदत्तले अति वृद्ध[6] हुने कुरा। यसरी कैयौं ठूला-ठूला वीरहरूलाई ढाल्दै जाँदा पर्वतराज भगदत्तले वीररुचिपर्वलाई[7] पनि यमपुरीको बाटो देखाइदिए। यसरी भगदत्तले, इन्द्रले ऐरावत चढेर दानवहरूलाई[8] मारेजस्तै पाण्डवहरूको सेनालाई मारे। भन्नु यो छ कि किरातराजा सुबाहुका भाइ राजकुमार युयुत्सु पनि वृद्ध भगदत्तसँग युद्धमा सामु परेका थिए। त्यसैले भगदत्तले राजकुमार युयुत्सुको[9] रथलाई एक बाणले समाप्त पारेका थिए। भगदत्तको हात्ती सुप्रतीकले[10]

---

१. भगदत्तो महीपालः सेनामक्षौहिणीं ददौ (म० भा० उ० प० १९।१४, १५)

२. .... (म० भा० उ० प० ५४।६०, ६४।७)

३. क्षत्रियाश्च महावीर्या भगदत्तपुरोत्रमाः ।
दिव्यास्त्रविदुषः शूरा क्षपयिष्यन्ति ते रिपून् । (म० भा० आ० प० २४०।९)

४. .... (म० भा० द्रो० प० १९।१७, १८, १९, २०)

५. .... (म० भा० द्रो० प० २५।२०, २१)

६. तदद्भुतमपश्याम भगदत्तस्य संयुगे ।
तथा वृद्धस्य चरितं कुञ्जरेण विशांपते ॥ (म० भा० द्रो० प० २५।२७)

७. .... (म० भा० द्रो० प० २५।४५)

८. तेन गजस्थेन काल्यन्ते भगदत्तेन पाण्डवाः ।
ऐरावतस्थेन यथा देवराजेन दानवाः ॥ (म० भा० द्रो० प० २५।४०)

९. .... (म० भा० द्रो० प० २५।४९)

१०. .... (म० भा० द्रो० प० २५।५९)

जो बहादुरी देखाएका छन्, ती बहादुरी अरू हात्तीहरूले देखाउन सकेका थिएनन् । यसरी पाण्डवसेनालाई हलहलाएको बिरुवामा उमालेको पानी हालेजस्तै पारेर भगदत्तले रणभूमिमा लडेर वृद्धावस्थाको वीरता देखाइराखेको बेलामा अर्जुनले आत्तिएर भगवान् कृष्णसँग भने, 'यो हात्ती र रथ सञ्चालन गर्नुमा दक्ष भगदत्त र इन्द्रमा को पहिलो होला त ?' यसरी कुरुक्षेत्रको रणभूमिमा भगदत्तरूपी[1] अर्को इन्द्र लड्दै गरेको अर्जुनले देखे ।

तर देवराज इन्द्रका परम मित्र वीर पराक्रमशाली वृद्ध भगदत्तका सामु युद्धमा इन्द्रपुत्र अर्जुन आफ्नो युवा जोशको साथ आएका थिए । भगवान् कृष्ण स्वयं रथ सञ्चालन गर्ने सारथि थिए । अर्जुन-भगदत्तका बीच कैयौं दिन युद्ध भयो । स्वयं इन्द्रपुत्र र इन्द्रको परम मित्र मीतबाबु र पुत्नी छोराका बीच घोर युद्ध भयो । हारजीत भनेको यस्तै राक्षस हुन्छ । आमाबाबु आदि कसैलाई छोड्दैन । यस्तै छोरानाति कसैलाई पनि छोड्ने कुरै नआउने भएको हुनाले किरातसम्राट् भगदत्तले आफ्नो अन्तिम अमोघ वैष्णवास्त्र चलाउने निश्चय गरे । त्यो अस्त्र लागेको भए अर्जुन बाँच्ने थिएनन् । त्यसैले भगदत्तले आफ्नो अमोघ वैष्णवास्त्र[2] चलाउनेबित्तिकै त्यो अस्त्र कृष्णले अर्जुनलाई पछाडि धकेलेर आफ्नो छातीमा लिए । फलस्वरूप कृष्णलाई केही भएन, किनभने त्यस अस्त्रको पूर्ण विधान कृष्ण जान्दथिए । आखेरी अर्जुन मरेनन् । फेरि पनि वृद्ध भगदत्तले रणभूमि छोडेनन् ।

फलस्वरूप अर्जुनले किरातसम्राट् भगदत्तलाई कुरुक्षेत्रको रणभूमिमा सदाको लागि सुताए । पृथिवीतलमा भगदत्त नाम मात्र शेष रह्यो । इतिहासको पानामा इतिहासका अध्यायहरूमा मात्र भगदत्त शेष रह्यो । अब फेरि महाभारत भयो भने मात्र भगदत्तले आफ्नो प्यारो सुप्रतीकलाई बोलाउनेछ । तर त्यो शत्रु पनि धन्य हो, जसले रणभूमिमा मरेपछि पनि परिक्रमा[3] गर्छ । यसरी देवराज इन्द्रका परम मित्र प्राग्ज्योतिषपुरका भगदत्तलाई रणमा मारेर उसको लाशलाई इन्द्रपुत्र अर्जुनले परिक्रमा गरे । ठूलो सम्मान गरे ।

यो थियो किरातसम्राट् भगदत्तको जीवनको अत्यन्त सानो अंश । भगदत्तको जीवनी बुझ्नको लागि महाभारतमा डुबुल्की नमारी हुँदैन । यस्ता शासकको देशको आर्थिक स्थिति र राजनीतिक स्थिति बुझ्नु आवश्यक हुन्छ । यीमध्ये राजनीतिक स्थिति जीवनको साथ बुझिसकियो । आर्थिक स्थितिचाहिं अलिकति मात्रै भए पनि बुझ्नुपर्छ ।

किरातसम्राट् भगदत्तका एक करोड सेना थिए

सम्पूर्ण महाभारत हेर्दा कौरव र पाण्डव दाजुभाइको लडाइँमा धेरै ठूलो क्षति भएको देखिन्छ । त्यसको साथै प्रत्येक वर्णका ठूलाठूला महायोद्धाहरू कुरुक्षेत्रको रणभूमिमा धराशायी भए । यस्ता उल्लेख-

---

[1] इन्द्रादनवरः संख्ये गजयानविशारदः ।
प्रथमो वा द्वितीयो वा पृथिव्यामिति मे मतिः ॥ (म० भा० द्रो० प० २६।४)

[2] विसृष्टं भगदत्तेन तदस्त्रं सर्वघातकम् ।
उरसा प्रतिजग्राह पार्थं संछाद्य केशवः । (म० भा० द्रो० प० २८।१७)

[3] प्रियमिन्द्रस्य सततं सखायममितौजसम् ।
हत्वा प्राग्ज्योतिषं पार्थः प्रदक्षिणमवर्तत । [म० भा० द्रो० प० २९।१)

नीय सम्राट्हरूमध्ये किरातसम्राट् भगदत्त पनि एक अत्यन्त बलशाली प्रतापी वयोवृद्ध थिए। सम्राट् भगदत्तले कुरुक्षेत्रको युद्धमा कौरवपक्षमा लागेर एक अक्षौहिणी[1] सेना अर्थात् एक करोड सेना पठाएका थिए। भगदत्तले आफ्नो सैन्यबलमा चीन र किरात आदिलाई समावेश गरेका थिए। विशेष गरेर अनूपद्वीपका किरातहरू भगदत्तका सेनामा प्रमुख थिए। कुरुक्षेत्रको युद्धमा केवल सेना मात्र नपठाएर आफैं पनि अत्यन्त वृद्ध भए पनि आफ्नो सेनाको बल बढाउन कुरुक्षेत्रको युद्धभूमिमा पुगे। आखेरी वयोवृद्ध किरातसम्राट् भगदत्त मदमस्त तन्देरी अर्जुनको हातबाट मारिए। तर यी घटनाहरूभन्दा पूर्व नै सभापर्वमा भगदत्तले आफ्नो अथाह सम्पत्ति पनि युधिष्ठिरको राजसूय यज्ञमा समावेश गर्न भगदत्त उत्साहका साथ हस्तिनापुर पुगेका थिए। भगदत्तले आफ्नो व्यावहारिकता र व्यवहारकुशल व्यक्तित्व प्रत्येक स्थलमा देखाएको देखिन्छ। युधिष्ठिरलाई यवनक्षत्रियहरूसँग गएर केके दिएका थिए, यस कुराको प्रष्ट इतिहास छ र भगदत्तको अमर इतिहास किरातसम्राट्हरूमा ऋग्वेदको शम्बर, वर्चिन्, शुष्ण आदिजस्तै अमर छ। ऋग्वेद र महाभारत नै मेटिए भने मात्रै किरातहरूको इतिहास मेटिनेछ। हारजीतको कुरा अर्कै हो। प्राक्ज्योतिषपुरका[2] म्लेच्छ (किरात)-हरूका शूर, वीर, बली महारथ राजा किरातक्षत्रिय भगदत्त यवनक्षत्रियहरूसित वायुको समान वेगले चल्ने घोडाहरू र अरू अमूल्य उपहार लिएर युधिष्ठिरको सभाभवनमा उपस्थित भएका थिए। तर द्वारपालहरूको व्यवस्थाले गर्दा द्वारैमा खडा रहनुपर्‍यो। त्यतिखेर किरातसम्राट् भगदत्तले व्यावहारिकताको लागि अत्यन्त मूल्यवान् हीरा, मोती, मणिले बनेका पात्रहरू र गजदन्तले बनेको मुठ्ठी=बेंड भएको खड्ग उपहार दिन गएका थिए। यसरी चीन र सागरान्त प्रवासी किरातसेनाले किरातसम्राट् भगदत्तको राजधानी प्राक्ज्योतिषपुर घेरिरहन्थे।

एकलव्य किरात होइनन्

एकलव्यको बारेमा निक्कै भ्रम फैलिएको देखिन्छ। कतिपय लेखकहरूले किरात हो भनेर लेखेका छन्। कतिपयले चाहिं लोकव्यवहारमा पनि एकलव्य किरात नै हो भन्ने कुरा गर्छन्। यहाँ पाठकहरूको सामुमा नढाँटीकन महाभारतको प्रसङ्ग राख्ने प्रयास गर्दैछु। तर यहाँ नजान्नेहरूलाई भन्दा जान्ने र

---

[1] भगदत्तोमहीपालः सेनामक्षौहिणीं ददौ।
तस्य चीनैः किरातैश्च काञ्चनैरिव संवृतम्।
बभौ बलमनद्यृष्य कर्णिकावरणं यथा (म० भा० उ० प० १८।१५-१६)

[2] प्राक्ज्योतिषाधिपः शूरो म्लेच्छानामधिपो बली।
यवनैस्सहितो राजा भगदत्तो महारथः॥
आजानेयान् हयानादायानिलरंहसः।
बलिश्च कृत्स्नमादाय द्वारि तिष्ठति वारितः॥
अश्मसारमयं भाण्डं शुद्धदन्तसरुनसीन्।
प्राक्ज्योतिषाथ तद् दत्वा भगदत्तोऽव्रजत्तदा॥
(म० भा० सं० प० द्यु० प० ४७।१२, १३, १४,)
सकिरातैश्च चीनैश्च वृतः प्राक्ज्योतिपोऽभवत्।
अन्यैश्च बहुभिर्योधैः सागरान्तप्रवासिभिः (म० भा० सं० प० २६।९)

विद्वान् हुँ भन्नेहरूलाई निक्कै सारो पार्ने प्रसङ्ग छ। यस प्रसङ्गमा आएको 'निषाद्' शब्द पनि किरात-वाचकै हो कि 'निषाद्' जाति भिन्नै हो ? निषाद् जाति भिन्नै हो भने एकलव्य किरात हैनन्। 'निषाद्' शब्द किरातको वाचक हो भने मात्रै एकलव्य किरात हुन सक्छन्। एकलव्य धनुष वाण चलाउने विद्यामा निक्कै ठूलो मात्रै नभएर अर्जुनभन्दा लाखगुणा वढी थिए। त्यसै भएको हुनाले त द्रोणाचार्यलाई पनि आफ्नो मूर्ति बनाएर अभ्यस्त हुने शिष्य एकलव्यसँग खराबभन्दा खराब राजनीतिको सहारा लिनुपऱ्यो। जे होस्, एकलव्य निषाद्राज हिरण्यधनुषका छोरा थिए। यो इतिहास आदिपर्व महाभारतको १२३ अध्यायले बताउँछ।

धनुर्विद्यामा पारङ्गत हुनको लागि निषादहरूका[1] राजा हिरण्यधनुषको छोरा एकलव्य आचार्य द्रोणको पासमा आए। द्रोणाचार्यले निषादको छोरा भनेर पढाएनन्। एक समय आफ्नो अभ्यासले पूर्ण विद्वान् भएर जङ्गलमा आएका पाण्डवहरूको कुकुरको मुख बन्द गरेपछि शिष्यहरूसहित द्रोणाचार्य एकलव्य भएका ठाउँमा पुगे। त्यस अवसरमा द्रोणाचार्यले परिचय माग्दा 'म निषाद्राज हिरण्यधनुषको छोरो हुँ। धनुर्विद्यामा परिश्रमी म गुरु द्रोणाचार्यको शिष्य हुँ। यो मेरो परिचय हो।' भने।

उपर्युक्त इतिहासको बारेमा वर्तमानकालिक राई, लिम्बू-किरातहरूको माझमा ठूलो भ्रम फैलिनु स्वाभाविकै हो, किनभने आफ्नो इतिहास बिर्सेको हजारौं शताब्दीपछि कसैले महाभारत पढेर (एकलव्य वीर तिमीहरूको किरात हो है) भनेर भ्रमात्मक कुरा सुनाइदिए होलान्। यस कुरालाई कुनै सहृदय भावुक आधुनिक किरातले हृदयङ्गम गरेपछि प्रचारमा ल्यायो। यो भ्रमात्मक प्रचार हुँदै रह्यो। यो प्रचार पनि शताब्दीयौंसम्मन् रह्यो होला। जब पहिलेबार मैले "एकलव्य किरात होइन" भन्ने शीर्षकको लेख गोरखापत्रलाई दिएँ तब पहिलोबार राई र लिम्बूहरू मसँग भएसम्मन्को गुनासो पोख्नु आए। कैयौं ठूला खाले व्यक्तिहरूले त यहाँसम्म पनि भने कि एउटै एकलव्य त हाम्रो किरातराजा थियो, त्यसलाई पनि धराशायी बनाइदिनुभयो, यो हाम्रो किरातहरूको दुर्भाग्य हो। त्यसमा मैले भनें, "महाभारतको प्रमाण-अनुसार एकलव्य किरात नभएर निषाद् भएको हुनाले मैले लेखेको हुँ। भविष्यको रिसर्चमा निषाद् पनि किरात ठहरिए भने स्वीकार गर्नुमा कुनै आपत्ति हुनेछैन।" तर यस कुरालाई नमान्नेहरूले मनाउने प्रमाण पनि दिनु सकेनन्। यस प्रसङ्गमा मैले पचासौं किरातराजा-महाराजहरूको नाम गन्ती गराइदिएँ, जो इतिहासको प्रसङ्गमा आएका किरातहरूको इतिहास प्रष्टिएको छ। तर आज पनि एकांगी एकलव्य-लाई मात्रै किरात मान्नेहरूले यो इतिहास बुझ्नु सकेका छैनन्। निश्चित यतिखेरसम्म एकलव्य निषाद्पुत्र निषादै भए पनि भविष्यमा प्रमाणहरूले निषाद पनि विशाल किरातपरिवारकै एक शाखा हो भने अत्युक्ति हुनेछैन। परन्तु प्रमाण नमिलेसम्म भन्न र लेख्नचाहिं नमिल्ला।

सात किरातराजा हारे

महाभारत सभापर्वको २७ अध्याय १३ श्लोकमा कुन्तीपुत्र भीमले सातजना किरातराजाहरूलाई हराएको इतिहास पाइन्छ। इतिहासकार व्यास र लेखक गणेश थिए। एकदेखि लिएर अठार पर्वहरूको

---

[1] ततो निषादराजस्य हिरण्यधनुषः सुतः।
एकलव्यो महाराज द्रोणमभ्याजगाम ह ॥
निषादाधिपतेर्वीर हिरण्यधनुषः सुतम्।
द्रोणशिष्यञ्च मां विद्धि धनुर्वेदकृतश्रमम् ॥

(म० भा० आ० प० अ० १२३।१०;२४)

बीचमा इतिहास र भूगोल मात्रै होइन अपितु त्यतिखेरका प्रचलित प्रायः सबै विषय लेखिएका छन् । त्यसैले संस्कृतवाङ्मयमा 'व्यासोच्छिष्टं जगत्सर्वम्' भनेका छन् । यसो विचार गर्दा तथा विषयवस्तुलाई गमेर हेर्दा चित्त बुझ्ने विषय छन् । तर संस्कृतकै पण्डितहरूले शीर्षासन गर्दा पनि अर्थ नलाग्ने श्लोकहरू पनि धेरै छन्, जसलाई कूट द्वयर्थक, प्रहेलिका आदि नामले अन्यत्र पुकारेका छन् । तर इतिहास राख्दा भने प्रष्टै राखेका छन् । व्यायाम गर्नुपर्ने स्थिति छैन । चोरेर लेख्ने चोरहरूलाई भने हरेक कुरामा व्यायाम गर्नुपर्नेछ । त्यो पनि प्रायः धेरै जस्तोले संस्कृत नपढीकनै अर्काले दिएका उद्धरणबाट नबुझीकन उद्धरण दिएर 'हो' जस्तै पार्नेहरूलाई त समयमा रुवाएरै छोड्छ । यो कुरा मैले अप्रासंगिक रूपमा भन्न खोजेको होइनँ, अपितु तल लेखेको श्लोक कुनै किरात (मन्त्री)-लाई याद रहेछ । इतिहासको अध्ययन नभएको जीवन सर्वस्व राजनीतिमा गएको व्यक्ति हो । उनीले आफ्नै राजनीतिमा लेखे सफल हुने थिए कि ? तर आजको वर्गको मुखमा अंग्रेजी झुण्डिएजस्तै उनको मुखमा पनि संस्कृतको अशुद्ध श्लोक झुण्डिएको रहेछ । उनीले लेखकलाई निधार चाउरी पारेर नाक चेपार्दै भने—

विदाहितस्तृ कुन्तिया इन्द्रपर्वतमुक्तिफात् ।
किरातानामधियान् व्यजपत्सप्त पाण्डव ॥

यसरी भनेपछि मैले ''अर्थ भन्नुहोस् त'' भनें । उनीले भने, ''अर्थ गरिरहनुपर्दैन आफैं छ ।'' ''यो कहाँको श्लोक ?'' भनें । ''हिन्दूहरूको किताबमा छ'' मात्रै उनले भने । तर देशको ख्यातिप्राप्त मान्छे ! फेरि उनी स्वयं कुनैकुनै बेला आफ्नो मुखबाट अशिष्ट शब्दहरू पनि निकाल्थे । यसरी विवाद गर्दै जाँदा मैले भनें, ''ठीक छ, तपाईंसँग विवाद गर्न आएको होइनँ । अचानक भेट भयो, ठीक छ । संस्कृत नपढीकन साधारण जनतालाई भ्रममा पार्नु हाम्रो कर्तव्य होइन ।'' तर त्यतिखेरसम्म उनलाई ग्रन्थको नाम उठेन । पाठकवर्गले यहाँ बुझ्नुपर्ने कुरा के छ भने जानेको तथ्य या सत्य कुरा लेख्ने र नजानेको कुरालाई नलेख्नु राम्रो हुन्छ, किनभने तोप र बमले त हजारौं मात्रै मर्छन् । परन्तु कलमले त अरबौं मानिस मर्छन् । यदि सत्य कुरा होइन भने जनतामा गलत धारणा हुन जान्छ । असत्य हुनाले ठूलो भ्रम फैलन जान्छ । किरातहरू मंगोलियाबाट आएका हुन् भन्नु र आर्यहरू एशिया मैनरबाट आएका हुन् भन्नु यस्तै भ्रमात्मक कुरा हो । त्यस्तै अमीबाबाट बाँदर हुँदै चेम्पाञ्जीबाट आजको मानव हुने कल्पना पनि ठूलो भ्रम हो । मैले यति भनेपछि झन्किएर 'तपाईंले भने मात्रै सही हुने, हामीले भनेकोचाहिं सबै गलत भन्ने' भन्दै बम्किए । यसरी हाम्रो देशको समाजको असली इतिहासमाथि पर्दा हालेर भ्रम फैलाउनाले नै हाम्रो देश पछि परेको हो । किरातसमाज आज जाँड रक्सीको भट्टी र सुँगुरको खोरदेखि माथि उठ्न सकेको छैन । यसमा तपाईंहरू जस्ता समाजका अगुवा जिम्मेवारी हुन्छन् । यहाँ माथि अशुद्ध भनेको श्लोक महाभारत सभापर्वको हो । शुद्ध श्लोक—

वैदेहस्थस्तु कौन्तेय इन्द्रपर्वतमन्तिकात् ।
किरातानामधिपतीन् व्यजयत्सप्त पाण्डवः ॥

(म० भा० स० प० अ० २७।१३)

अर्थ—कुन्तीपुत्र भीमसेनले विदेहदेशका राजा जनकलाई (आदि विदेह जनकलाई होइन) महाभारतकालिक जनकलाई हराएर कर वसुल गरेपछि इन्द्रकील पर्वत (इन्द्रपर्वत—सिक्किम) पुगे । इन्द्र-

पर्वतमा[१] भीमसेनले सैन्यबल जमाएपछि त्यसको छेउछाउमा राज्य गर्ने सात किरातहरूका अधिपति=राजाहरूलाई भीमसेनले जिते। तर यहाँ यतिकै इतिहास समाप्त हुँदैन। सातजना किरातराजाहरू कोको थिए ? उनीहरूका नाम केके हुन् ? साथै ठूलो शङ्का 'इन्द्रपर्वत' कहाँ छ ? ऐले त्यस पर्वतलाई कुन नामले पुकारिन्छ ? आदि जस्ता प्रश्नहरू यस इतिहासको बाटोमा आएर तेर्छिएका छन्। तर आजको सिक्किमलाई नै इन्द्रकील पर्वत र इन्द्रपर्वत भन्ने प्रचलन भने छँदैछ। यदि आजको सिक्किम नै 'इन्द्रपर्वत' हो भने इतिहासकारलाई भौगोलिक ज्ञान अवश्य नै हुनेछ। किनकि विदेह राज्यका राजालाई जितेर इन्द्रपर्वतमा जानको लागि बीचमा केही व्यवधान हुनुपर्छ। नेपाललाई नछोईकन विदेहराज्यबाट भीमले कसरी अगाडि बडे होलान्। त्यतिखेर विदेह राज्य आजको विहार, गोरखपुरदेखि पूर्व पर्थ्यो भने त्यतिखेर नेपाल एक स्वतन्त्र देश थियो। तर नेपालको सिमाना कहाँसम्म थियो भन्न गाह्रो छ। भीमले विदेह राज्यलाई आफ्नो वशमा पारेपछि 'इन्द्रपर्वत' डेरा जमाएर कुचविहार, सूर्यपहाड, स्वयं इन्द्रपर्वत (सिक्किम), भोटाङ आदिका किरातराज्यहरूलाई जितेर आफ्नो वशमा पारे होलान्। तर नेपाललाई भीमले छोएको अनुमान हुँदैन, किनभने 'विदेह' बाट नेपाल नजिक र सजिलो थियो। 'इन्द्रपर्वत' यदि आजको सिक्किमै हो भने अवश्य भौगोलिक कठिनाइ पर्छ। त्यसैले महाभारतकालमा अरूतिरबाट नेपाललाई छेडाखानी गरे कि ? तर भीमसेनबाट ती सात राजाहरूलाई जित्नुचाहिं सम्भव थियो। अतः सात किरातराजाहरू नेपालदेखि अन्यत्रकै हुनुपर्छ। तर कैयौं इतिहासकारहरूले नेपाललाई पनि आफ्नो वशमा पारेका थिए भनेर लेखेका छन्। यो प्रमाण होइन। सात राज्यमा नेपाल परेजस्तो लाग्दैन। यदि भीमले आक्रमण गर्नैपरे विदेहबाट सीधा नेपाल पसेर इन्द्रपर्वत जानसक्थे। त्यसो नहुनुको अर्थ अरू नै सात राज्य हुन् भन्ने बुझिन्छ।

यलम्बर र अलम्बर तथा अलम्बुष् राक्षस

नेपालका प्रथम किरातराजा 'यलम्बर' भन्ने कुरा नेपालमा प्राप्त राजवंशावलीबाट पता चलेको हो। धेरै व्यक्ति अर्थात् इतिहासाकाराभासहरूले नेपालमा किरातहरूको शासनै थिएन भन्नेसम्म पनि साहस गरे। कैयौंले यलम्बरको नाम महाभारतमा छ भने। यो कुत्कुती किरात भएको नाताले थिंदै थियो। संस्कृत भाषाको केही ज्ञान गरेपछि पुस्तकालयहरूमा गएर महाभारत हेर्न थालें। मलाई त्यस सम्बन्धमा अर्थात् यलम्बर सम्बन्धमा नामको सादृश्यमा दुइवटा नाम महाभारतमा प्राप्त भयो। त्यही इतिहास विज्ञ-पाठकसामु प्रस्तुत गर्दै छु।

वस्तुतः महाभारतमा नेपालको नाम प्रष्टसँग उल्लेख भएको छ। यसमा विवाद गर्ने आवश्यकता छैन। भीमले सातवटा राजाहरूलाई हराएको उल्लेख पनि प्रष्टै छ। नेपाल महाभारतकालमा पनि एउटा स्वतन्त्र राष्ट्र वा देश[२] थियो भन्नुमा पनि अत्युक्ति हुनेछैन। तर दैवहत हुनाले नेपालका राजाहरूको नाम-चाहिं प्रष्टसँगले उल्लेख भएको पाइएन, तैपनि अनुसन्धेय विषय छँदैछ। परन्तु नेपालको किरातराजा यलम्बरलाई खोज्दा राक्षसराज[३] अलम्बुष् भेट्टाइए। अलम्बुष्ले अभिमन्युसँग पनि लडेका थिए। राक्षस-

---

[१] अन्य प्रमाणहरूबाट इन्द्रकील पर्वत सिक्किममा नभएर नेपालभित्रकै बुझिन्छ। त्यसमा पनि काठमाडौंको सेरोफेरोमा पर्ने पर्वतमालाहरूमध्येको हो कि भन्ने शङ्का हुन्छ। यो शोधखोजको विषय छँदैछ।

[२] नेपालविषये ये च राजानस्तानवाजयत् (म० भा० ....)

[३] म० भा० भी० प० ९६।८, १२,१९)

राज घटोत्कचसँग पनि अलम्बुष् लडेका थिए। कुन्तिभोजले[1] अलम्बुष्लाई वारण गर्दा जो वीरता देखाए, त्यो अविस्मरणीय भएको छ। यहाँ नेपालको किरातराजा यलम्बरलाई खोज्दा अलम्बुष्लाई त पाइयो। परन्तु ठूलो कुरा के पत्ता लाग्यो भने ऋष्यशृङ्ग पनि राक्षस[2] कुलोत्पन रहेछन् भन्ने इतिहास प्रष्ट गरी बुझिन्छ। यसमा स्वयं विज्ञपाठकवृन्दलाई नै निर्णयको लागि छोडिदिएको छ। अमर्षणशील ऋष्यशृङ्गका पुत्र राक्षसश्रेष्ठ अलम्बुष्लाई भीमसेनले हाँसी-हाँसी नौवटा वाणले भेदन गरे। अलम्बुष्को 'वक' वा 'वकास्य' नाम गरेको भाइलाई भीमसेनले मारेका थिए। त्यसैले अलम्बुष् आफ्नो भाइको बदला चुकाउनका लागि मायावी विद्याले लोप भएर वाण वर्षा गर्न थाले। अलम्बुष्ले पाण्डवहरूको हात्ती, घोडा, पैदल सेना आदि धेरै नाश गरे। तर पाण्डवहरूको तर्फबाट महाबली घटोत्कच र कौरवतर्फबाट अलम्बुष् मायावी युद्ध गर्दागर्दै पाँचौं पाण्डव पनि अलम्बुष्सँग लडेका थिए। तर सालकटङ्कटका[3] पुत्र अलम्बुष् वीर घटोत्कचकै हातबाट मारिए। यहाँ आएर यो बुझियो कि ऋष्यशृङ्गको अर्को नाम 'सालकटङ्कट' रहेछ। अलम्बुष् साधारण वीर थिएनन्। सात्यकिलाई[4] मार्न अगाडि सरेका थिए। सात्यकिलाई आच्छु-आच्छु पारेर छोडेका थिए। यी प्रसङ्गहरूलाई हेर्दा 'यलम्बर' नाम त पाइएन। तर अलम्बुष् पाइए। राक्षसऋषि ऋष्यशृङ्ग=सालकटङ्कटको पता भने अवश्य लाग्यो। यलम्बरको अथवा जितेदष्ट्रीको भने पत्ता लाउन शेषै भए पनि विचारको बाटो खुलस्त छ। त्यसैले राक्षसहरू निन्दनीय थिएनन्, अपितु पूजनीय ऋषि तथा रणवाकुरे वीरवरहरू थिए भन्ने इतिहासलाई हामीले भुल्नु हुँदैन। अलम्बल[5] र घटोत्कचको घोर युद्ध भयो, अलम्बल मारिए तर अरू देशको राजाको जस्तो उल्लेख छैन।

ययातिका सन्तान म्लेच्छ

खोज गर्दै लैजाँदा राजा ययातिले[6] जेठी श्रीमती देवयानीको कोखबाट दुइभाइ छोरा जन्माएका थिए। ती दुइ भाइमध्ये जेठा यदु तथा कान्छा तुर्वसु थिए। कान्छी रानी शर्मिष्ठाबाट द्रुह्यु, अनु र पुरु तीनभाइ छोरा जन्मे। महाराज ययातिको जेठा छोरा राजकुमार यदुबाट[7] कालान्तरमा यादवहरू भए।

---

१. अलम्बुषं राक्षसेन्द्रं ………(म० भा० द्रो० प० ७०।४७
,, ,, ,, ,, ७१।१८)

२. अलम्बुषस्तु समरे भीमसेनं महाबलम् (म० भा० द्रो० प० ८३।१३)
(क) आर्ष्यशृङ्गि ततो भीम नवभिर्निशितैः शरैः।
विव्याध प्रहसन् राजन् राक्षसेद्रममर्षणम् (म० भा० द्रो० प० ८३।१५)

३. स विस्फुरित सर्वाङ्गश्चूर्णितास्थिविभूषणः।
घटोत्कचेन वीरेण हतः सालकटङ्कटः॥ (म० भा० द्रो० प० ८४।२४)

४. …. …. ….. …. …. (म० भा० द्रो० प० ११५।१२
,, ,, १४)

५. द्रो० प० १४९।१०।११, १२, १५, २३ (,, ,, १७)

६. देवयान्यामजायतां यदुस्तुर्वसुरेव च।
द्रुह्यश्चानुश्च पुरुश्च शर्मिष्ठायां प्रतिजज्ञिरे॥ (म० भा० आ० प० ७० अ० ३२)

७. यदोस्तु यादवा जातास्तुर्वसोर्यवनाः सुताः (स्मृताः)।
द्रुह्योरपि सुता भोजा, अनोस्तु म्लेच्छजातयाः॥ (म० भा० आ० प० ८०।२६)

जेठीपट्टिको कान्छा छोरा तुर्वसुबाट यवनहरू[1] भए । कान्छी रानी शर्मिष्ठापट्टिका जेठा छोरा राजकुमार द्रुह्युका भोजहरू भए भने माइला छोरा 'अनु' बाट म्लेच्छहरू भए । यताबाट पनि 'म्लेच्छ' कुनै सानो अछूत जाति देखिंदैन । क्षत्रिय राजकुमार नै म्लेच्छहरू देखिन्छन् । यति मात्रै होइन अपितु यदुले[2] सहस्रौं यातुधान = राक्षसहरूलाई जन्माए भन्ने इतिहास पनि हामीले भुल्नु हुँदैन । यस इतिहासले ययाति पनि किरातै थिए भन्ने बुझिन्छ । ययाति पनि 'म्लेच्छ' नै थिए । परन्तु यो इतिहास मान्न सबै तैयार हुँदैनन् । तर मकैबाट मकै नै फलेजस्तो किरातबाट किरात वा म्लेच्छबाट म्लेच्छ नै हुनु स्वभावसिद्ध कुरा हो । त्रिपुराको इतिहास र वंशावली हेर्दा ययातिबाट 'किरात' वंश चलेको देखिन्छ । त्रिपुराको इतिहासमा 'दैत्य खण्ड' नै अलग लेखेको पनि देखिन्छ । यसरी इतिहास पैल्याउँदै जाँदा कश्यप ऋषिकी जेठी पत्नीबाट जन्मेका वंशलाई 'दैत्य' अथवा 'दैतेय' नाम दिएको हो । त्यसैले किरातहरूकै अर्को नाम 'दैत्य' पनि हो भन्ने इतिहास पनि प्रष्टै देखिन्छ । वर्तमान कैयौं किरातहरूले आफ्नो गोत्र भुले पनि कैयौं किरातहरूको गोत्र आज पनि काश्यपगोत्र र काशीगोत्र छँदैछ । त्यसैले प्राचीन इतिहास पैल्याउँदा म्लेच्छहरू पनि क्षत्रिय नै थिए भन्ने इतिहास प्रष्ट देखिन्छ ।

किरातहरूलाई पनि म्लेच्छ भनेर उल्लेख गरेको छ

कुनै उपाधि अथवा कुनै नाम सुन्नेबित्तिकै आत्तिने अथवा रिसिने काम बुद्धिहीन कुरा हो । समय अनुसार अथवा परिस्थितिअनुसार त्यही उत्तम वस्तु पनि निन्दनीय अथवा हेय हुन जान्छ । तर त्यतिले मात्र त्यो वस्तु निन्द्य वा अग्राह्य हुन सक्दैन । देश, काल, पात्र, परिस्थितिको अनुसार कुयोग र सुयोग हुन्छ । जस्तै भए पनि 'म्लेच्छ' निन्दनीयचाहिं थिएनन् । तर मध्यकालमा आएर अलिकति अर्थ बाङ्गियो । जस्तै—'गुरु' शब्द पूजनीय आचार्य अथवा मान्यजनमा प्रयोग हुन्थ्यो र आज पनि कतैकतै उसै पूजनीय अर्थमा प्रयोग भएको पाइन्छ । तर सालाखालारूपमा हेर्दा वर्तमान समयमा भारतमा 'गुरु' शब्दले 'गुण्डा' र ड्राइवरलाई बुझाउँछ । त्यसैले अब मान्य गुरुजनहरूले 'गुरु' शब्द सुन्नेबित्तिकै बिसञ्चो भइदिने गरेका छन् । अब त नेपालमा पनि गुरुको स्थान ड्राइवरले लिइसक्यो । गुरुजी ! भनेर पुकार्दा पनि ड्राइवरहरूले मात्रै उत्तर दिन्छन् । गुरुजनले उत्तर दिन छोडे । झन् शिक्षित परिवारमा त आमा र बाबु या माता र पिता शब्द त पटक्कै पच्दैन । ठयाम्मै रुच्न छोडे । छोराछोरीले मम्मी र डेड्डी भनेनन् भने ठूलो अपमान भइहाल्छ र कैयौं ठाउँमा छोरा-छोरीले गोरुकुटाइ खाँदै गरेको स्वयंले देखेको कुरा भुलेको छैनँ । आमा र बाबु तथा 'गुरु' जस्ता शब्दहरू दूषित र अपमानजनक भइसके भने हजारौं लाखौं वर्ष पुरानो समयमा 'म्लेच्छ' शब्द सामान्य रूपमा इज्जत र प्रतिष्ठाकै रूपमा प्रयोग हुन्थ्यो । मध्ययुगमा आएर दूषित हुनथाले । के त्यतिले उसको असली इतिहास मेटिन्छ त ? यति मात्रै होइन, बाहुन वा ब्राह्मण भन्नुमा पनि बाहुनहरू रिसाउनु थालिसकेका छन् । यस इतिहासले के बताउँदैछ त ? विज्ञपाठकवृन्दले स्वयं बुझिहाल्नुभयो । कुनै पनि नाम पेशागत अथवा 'ध्वनि'गत या स्थानगत राखिने गरेको बुझिन्छ । तर कालान्तरमा

---

[1] पण्डितहरूले 'यवन' शब्दको अर्थ गर्दा 'यवन' भनेको मुसलमान हो भन्ने गरेका छन् । यो अर्थ ठीक होइन । शूद्र, म्लेच्छ, देवानां प्रिय आदि शब्दहरूको अर्थमा भ्रम परेजस्तै भ्रममा परेका हुन्, किनभने 'यवनहरू' ईसापूर्वका हिन्दू-आर्यक्षत्रिय हुन् । मुसलमानहरू ईसाभन्दा सात सय वर्षपछि भएका हुन् । त्यसैले इतिहासको ज्ञान नहुँदा पण्डितहरू भ्रममा परेका हुन् ।

[2] यदुस्तु जनयामास यातुधानान् सहस्रशः (वा० रा० उ० कां० ५९।२०)

गएर त्यसलाई नबुझीकन प्रयोग गरेर अपमानित शब्द मान्नु अर्कै कुरा हो। तर त्यसको इतिहास कुनै हालतमा हराउँदैन। जितुवा शासकले हार्नेलाई त्यस शब्दले ज्यादै थिचोमिचो गरेको हुनाले त्यस शब्दलाई अथवा त्यस उपाधिलाई त्यसले आफूलाई अपमानित मान्न थालेको मात्रै हो। त्यसैले उसको पूर्व-इतिहास मेटिन कुनै हालतमा सक्दैन।

यस्तै किरातहरूलाई पनि परापूर्वकालमा 'म्लेच्छ' शब्ले पुकार्दथिए। उनीहरूको यस इतिहासलाई प्राचीन इतिहासको पाना-पानामा अङ्कित गरेका छन्। सामवेदीय[1] ताण्डचमहाब्राह्मण, अमरकोष[2], लिङ्ग-पुराण, हलायुधकोष[3], मेदिनीकोष[4], वायुपुराण[5], मत्स्यपुराण[6], ब्रह्मवैवर्तपुराण[7], वाल्मीकि रामायण[8], महाभारत[9] आदिमा प्राचीन इतिहासमा किरातहरूलाई 'म्लेच्छ' पुकार्दथिए भन्ने प्रष्ट उल्लेख भएको पाइन्छ। परन्तु नीच अथवा अछूत वा सानो जातिमा गणना गरेर लेखेको देखिंदैन। साथै स्वयं किरातहरू पनि विद्वान्, कवि, ऋषि, मुनि र लेखक, विचारक थिए। त्यसैले आफूले होचिने लेख लेख्दैन थिए। लेखाउँदैन थिए। यो अवश्य छ कि जातिसम्बन्धी रागद्वेष उत्पन्न हुन थालिसकेका थिए।

त्यसैले ब्रह्मवैवर्तपुराणमा क्षत्रियवीर्यबाट म्लेच्छको उत्पत्ति र अरू पुराणादिमा उल्लेखित म्लेच्छहरूमा तुलनात्मक अध्ययन गर्नु पनि आवश्यक देखिन्छ। तर ऐतिहासिक तथा धार्मिक अध्ययनले किरातहरू अर्को पर्यायवाची 'म्लेच्छ' थिए भन्नुमा अत्युक्ति नहोला, किनभने म्लेच्छहरू पनि क्षत्रिय नै देखिन्छन्। केही जातीय र सामाजिक बहिष्कार भने अलि पछि भएकै हो भन्नसकिन्छ। शतपथब्राह्मणादि ग्रन्थहरूमा 'म्लेच्छ' शब्द प्रयोग भएको देखिन्छ। तर आजजस्तो अर्थ र व्यवहारमा मानिंदैन थियो। त्यतिखेर त्यो व्यवहार र धारणा थिएनन्। प्रतिद्वन्द्विता वा हारजीतको वातावरण भने थिंदैथियो। एउटाले अर्कालाई होच्याएर भन्नु त्यतिखेर पनि थियो र आज पनि छँदैछ। तर बिस्तारै 'किरात' भन्न र लेख्न बिर्से झैं म्लेच्छ, असुर, राक्षस, दानव भन्न पनि भुल्दै गए। केवल प्राचीन ग्रन्थहरूमा मात्र शेष रह्यो। म्लेच्छहरू किरात=क्षत्रिय नभए कुरुक्षेत्रको रणभूमिमा रणवाकुरे भएर कसरी जाने थिए ? महाभारत

---

१. 'किराता म्लेच्छाः' (सा० ता० ब्रा०, सा० भा० १३ अ० १२ खं० ५ मं०)

२. भेदाः किरातशवराः पुलिन्दा म्लेच्छजातयः (अ० को० शू० व० पृ० ८२)

३. किराताः शवराः······ म्लेच्छजातयः (ह० यु० को० २ का० ५९९)

४. किरातो म्लेच्छभेदेस्यात्······ (मे० को० श० व० १०५)

५. केचिन्म्लेच्छाः पुलिन्दाः······ (वा० पु० भु० को० ५२ अ० २९)

६. द्वीपो ह्युपनिविष्टोऽयं म्लेच्छैः······(वा० पु० उ० ४५ अ० ८२)

७. ······ · ··············(म० पु० अ० ११३।१३)

८. ······ ······वभूवुर्म्लेच्छजातयः (ब्र० वै० पु० १० अ० ११९)

९. तत्र म्लेच्छान् पुलिन्दांश्च········(वा० रा० कि० का० ४३।११)

  (क) स सर्वान् म्लेच्छान् (म० भा० स० प० अ० २७।२५)

  (ख) सागरद्वीपवासांश्च नृपतीन् म्लेच्छयोनिजान् (म० भा० स० प० अ० २८।४४)

  (ग) ततः सागरकुक्षिस्थान् म्लेच्छान्············(म० भा० स० प० अ० २९।१५)

  (घ) सहसर्वैस्तथा म्लेच्छैः··················(म० भा० स० प० अ० ३१।१०)

  (ङ) सर्वे म्लेच्छाः सर्व वर्णाः ··············(म० भा० द्यु० प० अ० ४८।३३)

  (च) ··········म्लेच्छाश्च बहुसाहस्राः···· (म० भा० शा० प० २।३६)

शान्तिपर्वमा स्पष्ट उल्लेख भएको छ । तर किरातहरूलाई मध्यकालदेखि आजसम्म जो मान्यता आफ्नै समाजले दिंदै आए, निश्चय नै वैदिक कालदेखि महाभारतकालसम्म त्यो स्थिति थिएन । स्मृतिहरूमा भने धेरै झिकथप गरेर अप्ठ्यारो पारेको देखिन्छ । स्मृतिहरूमा पनि केही स्वार्थीहरूले गरेको काम हो । कैयौं किरातहरूले इतिहास पढेकै छैनन् । त्यस्ता किरातहरूले नाक चेपार्न सक्छन् । तर त्यतिले मात्रै पुग्दैन । उपर्युक्त प्रमाणहरूको तुलनात्मक अध्ययन गर्नु आवश्यक छ ।

किरातहरू काला पनि हुन्थे

किरात-इतिहासको अध्ययन गर्दै जाँदा रङ्गसम्बन्धी अध्ययय पनि आवश्यक देखिन्छ । यति मात्रै होइन, अपितु पाश्चात्यहरूले लेखेका भ्रमात्मक कुराहरूलाई पढेर रङ्ग छुट्याएर हामी त आर्य-हिन्दूहरू-भन्दा अलगै हौं भन्नेहरूले किरात-इतिहासमाथि विशेष विचार गर्ने आवश्यकता देखिन्छ । अनूपद्वीपवासी सम्पूर्ण किरातहरू काला रङ्गका थिए । राजा मात्रै होइन प्रजाहरू पनि काला रङ्गका थिए । किरातहरू दक्षिण समुद्रतटमा पनि थिए । यी किरातहरू पनि कालै रङ्गका थिए । त्रिपुरी र आराकनी किरातहरू पनि काला धेरै थिए । आज पनि उनका सन्तान धेरैजसो कालै छन् । मध्यप्रदेशमा बसोबास गर्ने किराड (किरात)-हरू पनि धेरै मात्रामा कालै छन् । कोल, भील, शवर किरातकै हाँगाबिंगा किरातै हुन् । यी सबै काला छन् । आज पनि भारतको मध्यप्रदेश तथा छोटा नागपुरको इलाकादेखि लिएर मेकल (आजको अमरकण्टक) पर्वत तथा समस्त प्राचीन विन्ध्याचलको क्षेत्रहरूमा प्राचीन कोल, भील, शवर, किराड आदि किरातहरूले छोडेका छैनन् । केवल यति नै हो कि किरात शब्द भने बिर्सेका छन् । तैपनि कतैकतै 'किरात' हौं भन्ने पनि सुनिन्छ । आसामका बोडो पनि धेरै काला देखिन्छन् । अहोम र मीरी आदिमा भने कालोपन कम छ तापनि कालोपनले छोडेको भने छैन । आजको राई, लिम्बू, मगर, गुरुङ, सुनार, तामाङ, नेवार आदि किरातहरू पनि काला र गोरा दुवै रङ्गका पाइन्छन् । वाल्मीकिरामायणमा भने सुनौला रङ्गका-किरातहरूको वर्णन पनि पाइन्छ । पुरुषोचित पुरुषहरूलाई सुहाउने दाढी जुंगा पनि हुन्थे ।

ऋग्वेदमा पनि कालागोरा किरातहरू थिए । अरू जात पनि कालागोरा थिए । सबैमा कालागोरा हुनु स्वाभाविकै कुरा हो । मणिपुरेहरू पनि कालागोरा दुवै छन् । तर मणिपुरे खासचाहिं सुनौलो रङ्गकै धेरै देखिन्छन् । चित्राङ्गदका सन्तान मानिन्छन् । त्यसैले कालाले मात्रै दस्यु हुने आदि इतिहास गलत हो ।

मिरी, मिक्री, गालुङ, हाप्लुङ, आङ्गामी, कुकी आदि किरातहरू पनि काला र गोरा दुवै रूपका देखिन्छन् । किरातहरूको मूल रूप यही हो भन्नु नसकिए पनि वाल्मीकिरामायणको आधारमा सुनजस्तो पहेंलो वर्ण भएको र वासिष्ठरामायणको आधारमा 'हेमजटा' सुनको जस्तो जटा हुने किरातहरू किरात-मण्डलमा निवास गर्थे । वाल्मीकिरामायणका किरातहरू समुद्रकिनारैमा रहन्थे । यो इतिहास वाल्मीकि-रामायणको स्पष्टीकरणबाट बुझिन्छ । यद्यपि भौगोलिक विचार गर्दा सामुद्रिक किरातहरू सुनको जस्तो पहेंलो वर्ण नभएर कालै वर्णका हुनुपर्ने हो, किनभने समुद्रतटमा निवास गर्ने व्यक्ति त्यहाँको जलवायुले गर्दा भौगोलिक परिवर्तन भएर कालै देखिन्छन् । स्वयं अनूपद्वीपवासी किरातहरूका राजा नीलाम्बुद= नीलराज कालै थिए भन्ने महाभारतको इतिहासले प्रष्ट गरेको छ । उसका प्रजा पनि काला रङ्गकै थिए भन्ने इतिहास प्रष्ट भएको छ । तर वाल्मीकिरामायणका किरातहरू भने समुद्रतटकै भए पनि स्वर्ण-

वर्णका देखिन्छन् । वस्तुतः रङ कुनै जाति या वर्ग विशेषमा आधारित हुँदैन । खानपान, रहनसहन र भौगोलिक वातावरणमा आधारित हुन्छ । जस्तै—काश्मीर र पेशावरका मानिसले ताजा फलफूल अधिक मात्रामा खान पाउँछन् । त्यसैले उनीहरू रातापिरा देखिन्छन् । ताजा फलफूल नपाउने प्रान्तहरूमा जन्मेका या रहनसहन गर्ने व्यक्तिहरू लुब्धो, दुब्लो, फुस्रो र काला रङ्गका हुन्छन् । कतै गोरै रङ्गका भए पनि फुस्रो गोरो हुन्छ । त्यसैले खानपान र जलवायुको महत्त्वको साथसाथै भौगोलिक वातावरणको महत्त्वलाई कहिल्यै विर्सनु हुँदैन । वास्तविक कुरा भन्ने हो भने यिनै उपर्युक्त वातावरणले आप्लावित भएका किरातहरू काला वर्णका पनि थिए । विशेष रूपले किरातहरू कालै हुन्छन्चाहिँ भन्न खोजेको होइन । वर्तमान समयमा पाइने किरातहरू नेपालको पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशामा छरिएर बसेका छन् । प्रत्येक किरातहरू काला वर्ण र कालोफुस्रो वर्णका धेरै पाइन्छन् । सुनौलो वर्णका किरातहरू सारै थोरै पाइन्छन् । एउटै आमा-बाबुका छोराछोरीहरूमा पनि कालो, कालोफुस्रो र फुस्रो वर्णको धेरै पाइन्छ भने गहुँवर्णको पनि केही मात्रामा पाइन्छन् । कतैकतै मात्र पहेंलो वर्णका किरातहरू पाइन्छन् । जब एउटै देशभित्रको हावापानी, माटो र खानपानले भेद पर्छ भने निकै टाढो परेको हावापानी र भौगोलिक वातावरणले त अवश्य नै अन्तर पारेकै हुन्छ । त्यसैले किरातहरू गोरै मात्रै हुन्छन् भनेर प्रतिज्ञा गर्नु हुँदैन । इतिहासको प्रतीक्षा पनि गर्नुपर्छ । त्यस्तै प्रकारले देशदेशान्तर घुमेर पत्ता लगाउँदा मात्र रङ्गसम्बन्धी वातावरण पत्ता लगाउन सकिन्छ । किरातहरू काला रङ्गका पनि थिए । आज पनि छँदैछन् ।

रामायण महाभारतकालभन्दा पूर्व नै थियो

कैयौं इतिहास ठीकसँग नजान्नेहरूले वाल्मीकिरामायण बुद्धपछिको हो भन्ने गरेका छन् । वस्तुस्थितिमा इतिहासको गहिरो अध्ययन नगर्नाले यस्तो भूल गर्ने गरेको पाइन्छ । बुद्धभन्दा तीन हजार वर्षपूर्वको ग्रन्थमा एउटा 'बुद्ध' शब्द देखिनाले रामायण बुद्धभन्दा पछि भएको हो अथवा बुद्धभन्दा पछि लेखिएको हो भन्नु पनि बुद्धिको कुरा भएन । रामायणमा आएको 'बुद्ध' शब्दको अर्थ भगवान् बुद्ध होइन । अर्थात् त्यो 'बुद्ध' शब्द भगवान् बुद्धको लागि प्रयोग भएको होइन । वाल्मीकिरामायणको जाबालि ऋषिको प्रकरण पूरा नपढेसम्म त्यसको अर्थात् त्यहाँ रामायणमा उल्लेख भएको 'बुद्ध' शब्दको अर्थ लाग्नेछैन । अन्यथा 'मेरो बाजेको बिहामा म पनि जन्ती गएको थिएँ' भन्नुपर्ला । यो पागलपनाको कुरा हो ।

महाभारतमा अलम्बुष् र घटोत्कचको युद्ध हुँदा उदाहरणमा यसरी भनेका छन्—

तयोर्युद्धं महाराज चित्ररूपमिवाभवत् ।
यादृशं हि पुरावृत्तं रामरावणयोर्मृधे ॥

(म० भा० द्रो० प० ७१।२८)

अर्थात् राक्षसराज अलम्बुष् र घटोत्कचको युद्ध कस्तो भयो ? भन्दा प्राचीन इतिहास रामायणमा राम रावणको जस्तै भयो भनेर राम र रावणको युद्धको तुलना गरेको कुरागराइ मात्रै होइन । यो प्राचीन इतिहासको उदाहरण प्रमाणरूपमा महाभारतमा प्रष्ट उल्लेख भएको छ भने रामायण बुद्धपछिको कसरी भए र ? यति मात्रै होइन अपितु अलम्बुष्लाई घटोत्कचले कसरी प्रहार गरे आदि वर्णनमा 'यथा दाशरथि राम' (म० भा० द्रो० प० ८२।२८) दाशरथि रामले रावणमाथि जस्तै प्रहार गरे भन्ने उल्लेख पाइन्छ ।

परन्तु यो प्रश्न नयाँ प्रश्न होइन। वाराणसी क्वीन्स कालेजको प्रिन्सिपल डा० ग्रीफ्थले वाल्मीकि-रामायणको इंग्लिशमा पद्यानुवाद गर्दा वाराणसीमा नै दिग्गज पण्डित विद्वान्हरूको माझमा यो प्रश्न उठेको थियो। यसको समाधान गर्दा प्रकाण्ड विद्वान्हरूले प्रकरणसङ्गतीकरण, सर्गसङ्गतीकरण, प्रसंगसंगतीकरण-बाट समाधान गरेका छन्। वाल्मीकिरामायणमा बुद्धको नाम आएको छ भन्ने व्यक्तिले प्रकरणसंगतीकरण, सर्गसंगतीकरण आदिलाई राम्ररी बुझेर मात्रै वाल्मीकिले बुद्धलाई भेटेको हो कि होइन भन्नु कर लाग्छ। कहाँ त्रेतायुगका वाल्मीकि कहाँ कलियुगमा अवतार लिने भगवान् बुद्ध! शव्दसादृश्य हुँदैमा अर्थसादृश्य हुँदैन। त्यस्तै नामसादृश्य हुँदैमा व्यक्तिसादृश्य हुँदैन। त्यसैले बुद्ध शव्दको 'ज्ञान' प्राप्त गर्नेवाला 'ज्ञानी' अर्थ भए पनि अर्थसंगतीकरण गर्दा प्रकरणसंगतीकरण लगाउनु आवश्यक देखिन्छ। प्रस्तुत प्रसंगमा प्रसंगसंगतीकरण के हो? प्रकरणसंगतीकरण के हो? अध्याय वा सर्गसंगतीकरण के हो? यी शब्दहरूको अर्थ नजान्ने व्यक्तिले बुद्ध शब्द आयो भन्दैमा बुद्धपछि वाल्मीकिरामायण बनेको भन्नु अबुझ कुरा हो। केही विद्वान्हरूले वाल्मीकि रामायणमा झिकथप हुने शंका पनि गरेका छन्। त्यो हुन सक्छ, सम्भव छ। तर प्रसंगार्थ नलागेको खण्डमा सम्भव छ। अथवा प्रकरणार्थ वा सर्ग र अध्यायार्थ संगती-करण नलागेको खण्डमा झिकथप भएको कल्पना गर्न सकिन्छ र झिकथप भएको मान्नु पनि पर्छ। तर प्रस्तुत प्रसंगमा त्यस्तो देखिंदैन। त्यसैले एक्कासि झिकथपको कल्पना गर्नु पनि आफ्नो इतिहासको वा आफ्ना शास्त्रहरूको आफैंले दुर्बलता देखाउनु हो। त्यसैले त आचार्यहरूले अर्थसंगतीकरण, पादसंगतीकरण, अध्यायसंगतीकरण आदि बनाएर राखेका हुन्।

उपर्युक्त प्रसङ्गमा जावालि ऋषि र भगवान् रामको सम्वादको प्रसङ्ग छ। 'बुद्ध' शब्दको अर्थ भगवान् बुद्ध हो भने यस प्रसङ्गमा प्रसङ्गार्थ, प्रकरणार्थविरुद्ध अर्थ हुन जान्छ। त्यसैले यस्तो अर्थको कल्पना गर्नु अनर्थ हो। यसको सही अर्थ 'बुद्ध' शब्द भए पनि भगवान् बुद्धचाहिं होइन। कालमा पनि भेद छ। रामायणको समय त्रेतायुग हो। बुद्धको समय कलियुग हो। यसमा लाखौं वर्षको अन्तर पर्छ। त्यसैले मनपरी अर्थको कल्पना गर्नु हुँदैन। मनपरी अर्थ गर्दा इतिहासको हत्या हुन्छ। यहाँ पनि सामान्य संस्कृत पढ्नेवालाहरूले प्रकरणार्थ नबुझेर इतिहासको हत्या गर्ने गरेका छन्। केही व्यक्तिले बुझेर पनि बुझ पचाउने गरेका छन्। यस परिस्थितिमा दुवैको माझबाट समझदारीको साथ अध्ययन गरेर प्रकरणार्थ आदि बुझेर इतिहासको सुरक्षा गर्नु पनि आवश्यक छ। एतावता महाभारतकालभन्दा धेरै पहिले वाल्मीकिले रामायण लेखेका थिए। यसमा सन्देहको कुरा छैन।

काम्वोज-किरात ?

प्राचीन किरात-इतिहास पत्ता लाउँदा क्षत्रियहरूमध्ये पर्ने काम्वोजक्षत्रियलाई पनि मनुस्मृतिले गन्ती गरेको छ। आजको कम्बोडियासम्म किरातहरूले बसोबास गरेको प्रमाण यत्रतत्र छरपस्टिएका छन्। तर मनुस्मृतिले भनेअनुसार पुण्ड्रक, उड्र, द्रविड, काम्वोज, यवन, शक, पारद, पह्लव, चीन, किरात, दरद, खस (मस्नु० १०।४३, ४४) यी १२ क्षत्रियहरूमध्ये किरातक्षत्रियहरूको अलग्गै गन्ती गरेको देखिन्छ। परन्तु क्षत्रियचाहिं अवश्य नै हो। महाभारतमा[१] पनि क्षत्रिय नै भनेको छ। यसले यो सिद्ध छ कि

---

१. शका यवनकाम्वोजा दार्वाश्चोलाः सकेरलाः ।
सर्वे वै क्षत्रिया राजन् ? धर्मस्तेषां निराकृतः ।। (म० भा० व० प० १४, १५, १९)

काम्वोज क्षत्रिय थिए । तर कहाँ छन् त ? भन्ने प्रश्नको उत्तरमा वर्तमान भारत र नेपालमा 'काम्वोज' थर, गोत्र वा नाम, उपनाम केही पनि सुनिंदैन । त्यसैले आजको कम्बोडियामा बस्नेहरूले आफूलाई कम्बोडियन मात्रै भन्छन् र त्यहींका केही आफ्नो जाति बताउँछन् । तर काम्वोजहरू हिन्दू-आर्यक्षत्रिय नै थिए । आज बिर्से पनि इतिहासका आधारमा काम्वोजहरू हिन्दू=आर्य नै देखिन्छन् । यो त रह्यो हिन्दू=आर्य= क्षत्रिय नै हुने प्रमाण । परन्तु स्कन्दपुराणको पाँच खण्डमध्ये हिमवत्खण्डमा[१] 'काम्वोज' किरातक्षत्रिय देखिन्छ । 'किरात' शब्दजस्तै 'काम्वोज' शब्द पनि संस्कृतवाङ्मयमा व्यापक प्रयोग भएको देखिन्छ । यो खोजीको विषय अवश्य भएको छ । पाश्चात्यहरूको भनाइमा हिंड्दा कत्रो भ्रम पर्‍यो भन्ने कुरा प्रष्ट हामीले बुझ्नुपर्ने भएको छ ।

काम्वोजको सम्बन्धमा यास्काचार्यले आफ्नो अमर रचना 'निरुक्त'[२] मा अरू भाषाभन्दा भिन्न भाषावाला हुन् भन्ने संकेत गरेको देखिन्छ । तर कम्वोजहरू बाहिरका चाहिं होइनन् । बाहिर गएको हुन सक्छ । आपत्ति पनि छैन । वंशब्राह्मणमा मद्रगारको शिष्य काम्वोज औपमन्यव नामक गुरु-शिष्यको उल्लेखले पनि काम्वोजहरू विदेशी होइनन् भन्ने प्रमाण प्रष्ट छ । काम्वोजहरू प्राचीनकालमा उत्तर मद्रदेशमा विशेष निवास गर्दथिए । तर विदेशीहरूले[३] आफ्नो उद्देश्यअनुसार बाहिरकै भतुवा बनाउने प्रयास गरेका छन् । त्सिमर, मैक्समूलर आदि यसै मतको पुष्टि गर्छन् । तर सही इतिहास त्यसो होइन । कम्वोज, आजको कोम्वोडियासम्म[४] किरातहरूको शासन पुगेको थियो भन्ने इतिहास धेरैले लेखेका छन् । यसमा सन्देहको कुरा छैन । किरातहरूकै एक शाखा काम्वोज पनि थिए । किरातै थिए । परन्तु आज काम्वोजले पनि आफूलाई किरात भन्न वा लेख्न बिर्सेका छन् । वराहमिहिराचार्यले पनि काम्वोजको[५] उल्लेख गरेका छन् । यस्तै प्रकारले अरू इतिहासकारहरूले पनि काम्वोजहरूको बारेमा इतिहास कोट्याउने प्रयास गरेका छन् । साथै काम्वोजहरू प्राचीनकालिक प्रसिद्ध जाति भएका हुनाले प्राचीन इतिहासमा यत्रतत्र उल्लेख भएको पाइन्छ । परन्तु काम्वोजहरू उपर्युक्त कैयौं प्रमाणले विशाल किरातपरिवारकै एक शाखा-किरातै हुन् भन्ने अनुमान भए पनि कैयौं परम्परागत प्रमाणहरूले काम्वोजहरू पनि किरातै हुन् भन्ने सिद्ध भएको देखिन्छ । तर जातीय गणना गर्दा भने काम्वोजहरूलाई पनि किरातहरूभन्दा अलग हुन् कि भनेजस्तै पारेर लेखेको छ, तैपनि यसको खोज भने बराबरी जारी नै छ ।

हेमिलटनको भूल

हेमिलटनले कर्कपेट्रिकको धेरै सहारा लिएर 'एकाउन्ट ओफ नेपाल' भन्ने पुस्तक लेखेको छ । यसमा धेरै अंश आजको इतिहासकार हुँ भन्नेहरूलाई सन्तोष दिलाउने नै इतिहास भए पनि मूल अध्ययन गर्नेहरूलाई र साधारण पठितहरूको लागि भने ठूलो भ्रम फैलाएको छ । उदाहरणको लागि वर्तमान समयमा

---

[१] शृणु कश्चित् पुरा प्रोक्तः काम्वोजो नाम विश्रुतः ।
म्लेच्छो हिमवतश्चाधो भूष्युत्तरदिशि स्थितः ॥ (हि० खं० १५९।५०)

[२] निरुक्त २।२ ।

[३] वेबर (इण्डिशे स्ट्रीफेन २, ४९३।३, ३८४)

[४] राजतरङ्गिणी तृ० त० ३९ पृ० को टिप्पणी हेर्नुहोस् ।

[५] वृ० सं० रा० विचार (५।३५)
(क) ,, ,, ,, ८०

नेपालभित्र जतिले आफूलाई किरात भन्ने र लेख्ने गरेका छन्, तिनीहरूले 'गोमांस'[१] खाँदैनन्। तर हेमिलटनले यो कुरालाई नबुझीकन 'किरातहरू बलवान् हुन्छन्। तर गोमांसभक्षक हुन्छन्' भनेर लेख्नु झूठो इतिहास होइन? यो हेमिलटनको मात्रै होइन अरूले पनि यस्तै इतिहास बिगार्ने धेरै प्रयास गरेका छन्। कैयौं हाम्रा नेपाली इतिहासकारहरूले पनि यी पंक्तिहरूलाई पढेका थिए होलान् र ऐले पनि यी पंक्तिहरूलाई पढ्ने हुन सक्छन्। तर कसैले पनि हेमिलटनले गलत लेखे। किरातहरू गोमांसभक्षक हुँदैनन्। अर्थात् वर्तमान समयमा आफूलाई किरात घोषणा गर्नेहरूले 'गोमांस' खाँदैनन् भनेर विरोध गरेको देखिएन। त्यसैले यो भन्न कर लाग्छ कि हाम्रा इतिहासकारहरूले इतिहास पढेकै छैनन्। होइन, इतिहास पढेकै हो भने बुझ पचाएको भन्न कर लाग्छ। यदि बुझ पचाएको हो भने यी हाम्रा इतिहासकारहरूको पनि 'किरात' प्रति धारणा ठीक छैन भनेर बुझ्नुपर्ने हुन्छ। 'किरात' प्रति धारणा ठीक नहुने इतिहासकारहरूले राष्ट्र र राष्ट्रका जनताको भलाइ सोचेर लेखेको उनीहरूको इतिहास पनि होइन भने कुनै आपत्ति नहोला। त्यसैले किरातहरूप्रति यस्तो नमीठो धारणा स्वयं नेपाली इतिहासकारहरूले राख्नु कतिको उचित हो? यो स्वयं विज्ञपाठकवृन्दले बुझ्नुहुनेछ। हेमिल्टन, लेभी, टुची, नौली, कर्कपेट्रीक, राइट आदि पाश्चात्यहरूले लेखेका गल्तीहरूमा मौन धारण गरेर बुझपचाइदिनाले एक ठूलो नोक्सान नेपालले उठाउनुपरेको छ। यो राम्रो होइन। धेरैले सोचेका होलान् मेरा छोरा-नातिहरूलाई विदेश पढाउनुपर्ने भएको हुनाले यस्ता कुरा लेख्नु राम्रो होइन। मेरो छोरा-नाति आदि पढेर आएपछि लेखौंला 'मा' पनि होलान्। कैयौंले अरू नै सोचेका होलान्। कैयौं इतिहासलेखकले स्वयं कलमीलाई 'हामी त पाश्चात्यहरूले शोध गरेको प्रामाणिक इतिहास मात्रै लेख्छौं' भन्ने गरेका छन्। तर यो हाम्रो राष्ट्र र समाजको लागि उचित इतिहास होइन।

हाम्रा देशका इतिहासकारहरू अहिलेसम्म पाश्चात्यहरूले लेखिदिएको मात्रै सही हो, हाम्रो देशमा कुनै सही कुरा छैन भन्ने आदि धारणाले ग्रसित भएका छन्। त्यसैले पाश्चात्यहरूले जे लेखिदिए पनि 'दादा वाक्यम् प्रमाणम्' मानेर हिंडिराखेका छन्। त्यसैले हाम्रो राष्ट्रिय शिक्षानीतिमा परिवर्तन आउनु सकेको छैन। अन्यथा नेपालका आफूलाई मूल किरात मान्ने राई, लिम्बू आदि गोमांसभक्षक छैनन् भने कसरी हेमिल्टनले लेखे? के आधारमा लेखे? फेरि हेमिल्टनको इतिहास पढ्नेवाला इतिहासकारहरूले किरातहरू गोमांसभक्षक हुँदैनन् भन्ने बुझेका थिएनन् कि? अन्यथा हेमिल्टनको झूठो इतिहासको धज्जी उडाउनुपर्ने थियो। त्यसो नगर्नु नै खेदको कुरा हो। हेमिल्टनले यस्ता अरू पनि प्रलाप गरेका छन्। बकवास गरेका छन्। यी बकवासका कुराहरू यहाँ प्रस्तुत गर्दा ग्रन्थविस्तार हुने भयले यहाँ दिइएको छैन। नीरक्षीरविवेकी पाठकवृन्दले उहीं हेर्नु उचित होला।

तन्त्र-मन्त्रका विद्वान् किरातहरूका साथमा ब्राह्मण

विदुरले शकुनिलाई सम्झाइराखेका छन्–एक समय हामी तन्त्र-मन्त्र जान्ने देवताको समान किरात[२]

---

[१] The Kirats being vigorous beef eaters, did not readily submit to the Rajputas.
(Account of Nepal, P. 45, M. D. Hamilton.)

[२] वयं किरातैस्सहिता गच्छामो गिरिमुत्तरम्।
ब्राह्मणैर्देवकल्पैश्च विद्याजम्भकवार्तिकैः॥
ततः किरातास्तद् दृष्ट्वा प्रार्थयन्तो महीपते।
विनेशुर्विषमे तस्मिन् ससर्पे गिरिगौह्वरे॥ (म० भा० उ० प० ६२।२१)

र ब्राह्मणहरूसँग उत्तरदिशामा स्थित गन्धमादन पर्वतमा गएका थियौं। त्यो गन्धमादन पर्वत सबैतिरबाट फूलवाटिकाजस्तै सुशोभित थियो। त्यहाँ दिव्य औषधिहरू प्रकाशित भइराखेका थिए। सिद्ध र गन्धर्व त्यस पर्वतमा निवास गर्दथिए। त्यस गन्धमादन पर्वतको अभेक मान्छेले नआँट्ने ठाउँ पहरामा मधु थियो। त्यस 'मह' को अद्भुत गुण देखेर किरात (भील)-हरूले प्राप्त गर्ने चेष्टा गरे। तर अविवेकको कारणले गर्दा त्यो गुफामा सर्पकै चौकीदारी थिए। त्यहाँ किरातहरूले भविष्यलाई देखेनन्। त्यसैले किरातहरू निकै नष्ट भए।

यस्तै दुर्योधनले खालि पृथिवीको राजा बन्ने मधु 'मह'लाई मात्र देखेको छ। तर भविष्य देखेकै छैन।

अनूपद्वीपका किरातराजा नीलाम्बुद

यस प्रकारको युद्ध कहिलै हुनेछैन जस्तो युद्ध कुरुक्षेत्रको रणभूमिमा भयो। यो इतिहास गवलापुत्र सञ्जयले[1] सम्पूर्ण राज्यको आशा राख्ने अन्धा धृतराष्ट्रलाई सुनाएको हो। यसै प्रसङ्गमा अनूपद्वीपका कैयौं अभूतपूर्व किरातवीरहरूका सहयोगको विपरीत पाण्डववीर भीमका अनन्य मित्र किरातराजा नीलाम्बुद पनि कौरवसेनालाई खतम पार्ने पक्षमा देखिन्छ भन्ने अनूपद्वीपका[2] धेरै किरातसेना कौरवपक्षबाट पनि सखाप भइसकेका छन्। तर धेरै ठाउँमा यस्तो विचित्र देखिन्छ कि कसैले आफ्नो पराय नदेखेजस्तो पनि देखिन्छ। अनूपद्वीपका[3] किरातराजा नीलले ठूलो रथको दण्डाले हैडिम्वलाई कौरवपक्षबाट तर्काए। राजा नीलको अर्को नाम थियो नीलाम्बुद। किरातराजा नीलाम्बुद भीमसेनका परम मित्र थिए। कौरवपक्षबाट लड्ने महारथ अश्वत्थामाको छक्का छोडाएका थिए नीलाम्बुदले[4]। यसरी घोर युद्ध अश्वत्थामा र नीलाम्वुदको हुँदा रणभूमि थर्कमान् भएका थिए। यस्ता वीर, बहादुर किरातराजा नीलराजलाई[5] सादर पत्र पठाएर आमन्त्रण दिने उल्लेख महाभारतको उद्योगपर्वमा भएको छ। आफ्नो पराक्रमले अत्यन्त प्रसिद्ध किरातराजा नीलराजले कौरवपक्षको धेरै सेनालाई खतम पारेका थिए। धेरै ठूलाठूला वीरवर योद्धाहरूलाई नीलराजले स्वाहा पारेका थिए। त्यसैले अश्वत्थामा र नीलराजको फेरि घमासान युद्ध भयो। नीलाम्बुदको अस्त्रकौशलमाथि अश्वत्थामालाई विचार गर्न बाध्य तुल्याउँथे। तर आखेरीमा अश्वत्थामाकै हातबाट अनूपद्वीपका राजा नीलाम्बुदले[6] वीरगति प्राप्त गरेका थिए। यसरी सागरका द्वीपमा भएका अनुपद्वीपवासी किरातहरूका[7] राजा नीलाम्बुद सदाको लागि इतिहासका पानामा अमर भए। किरातक्षत्रिय भगदत्तसँग हाराहारीमा नीलाम्बुदको उल्लेख हुनु ठूलो कुरा हो। ठूलाठूला राजा, महाराज, सम्राट्का साथ दाँजिएर हिंड्नु, लडाइँ गर्नु र लेख्नु नै यसको ठूलो महत्त्व छ भन्ने बुझिन्छ।

---

[1] नैतादृशानि युद्धानि भविष्यन्ति कथञ्चन (म० भा० भी० प० ४८।४६)

[2] अनूपगाः किराताः··· ···············(म० भा० भी० प० ४६।४६)

[3] अनूपाधिपतिश्चैव नीलः स्ववलमास्थितः।
महता रथदण्डेन हैडिम्वं पर्यवारयन्। (म० भा० भी० प० ८९।१४)

[4] ···· ···· ··· ···· ···· ···· ····(म० भा० भी० प० ९०।२७)

[5] ···· ···· ··· ···· ···· ···· ··· (म० भा० उ० प० ४।२१)

[6] म० भा० द्रो० प० ३०।१९,२७

[7] किरातानामधिपतिः सागरानूपवासिनाम् (म० भा० कर्ण प० ४।१५, १६)

अनूपद्वीपका किरातहरूका राजा नीलाम्बुद तथा देवराज इन्द्रका परमप्रिय मित्र, धर्मातमा र सधैं क्षत्रियोचित धर्ममा रत भगदत्तलाई पनि अर्जुनले सदाको लागि यमपुरीमा पुर्‍याइदिए । यस्ता वीरहरूको इतिहास अत्यन्त ओजस्वी ढंगले लेखिएको छ ।

यसरी महाराज नीलाम्बुद महाभारतको युद्धमा अमर भएका थिए । यहाँ एउटा कुरा के याद राख्नुपर्नेछ भने 'नील' र 'नीलराज' दुइटा राजाहरूको नाम छ । यसको तात्पर्य यो हो कि एउटा किरातक्षत्रिय अनूपद्वीपका शासक नीलराज, नील, नीलाम्बुद यी तीनवटा नामले महाभारतमा लेखेका छन् । किरातराजा नीलाम्बुद पाण्डुपुत्र भीमसेनका परम मित्र थिए । पाण्डवपक्षबाट लडेका थिए । परन्तु अर्को नीलराज (नील)-चाहिं आजको मध्यप्रदेश रेवा-नर्मदा नदीको किनारैमा स्थित माहिष्मतीका राजा थिए । यी राजा खसक्षत्रिय थिए अथवा किरातक्षत्रिय ? यी नील दुर्योधनको पक्षमा थिए । यिनै नीलराजाले दक्षिणदेशका बलशाली सैनिकहरूलाई दुर्योधनको पक्षमा पारेर ल्याएका थिए । माहिष्मतीका राजा नील महाभारतको मैदानमा धेरै बेर टिक्न सकेनन् । पाण्डवपक्षको योद्धावाट नील घायल भएपछि दक्षिणदेशवासी[1] सेनाबल यिनले ल्याएका हुन् ।

परन्तु अनूपद्वीपवासी किरातक्षत्रिय राजा नील केवल राजा मात्रै थिएनन् । महाराज नील नाम थियो । परन्तु नीलराजको असली नाम नीलाम्बुद थियो । नीलाम्बुद अत्यन्त सुन्दर थिए । यिनको सुन्दरताको वर्णन महाभारतमा एक ठाउँमा भएको छ । नील भनेको नील रङ्गको, अम्बुद भनेको बादलको समान सुन्दर रंग भएको हुनाले उनको नाम नीलाम्बुद राखेका थिए ।

यहाँ इतिहासको अर्को बूँदा यो पनि बुझ्नुपर्नेछ कि आजको सम्पूर्ण मध्यप्रदेशमा महाभारतकालमा किरातहरूकै शासन थियो । त्यसैले 'माहिष्मती नगरी' जो आज माहेश्वर नामले प्रसिद्ध छ, त्यो राजधानी पनि महाभारतकालमा किरातहरूकै राजधानी थियो कि ? भन्ने धारणा हुनु स्वाभाविक हो । साथै अनूपद्वीप भनेको पनि मध्यप्रदेशकै कुनै क्षेत्रलाई भनिएको हो भने महाराज नीलाम्बुद नै त्यहाँको राजा हुन् कि ? भन्ने शंका हुनु स्वाभाविकै हो । यस प्रकारले अनूपद्वीपका किरातराजा र माहिष्मतीका किरातराजालाई भिन्न हो भनेर छुटचाउनु निकै कठिन काम छ । त्यसैले राजधानीको अथवा देशको भेदले गर्दा यी दुइटा नीलराज अलगअलग्गै हुन् भन्ने विचार यहाँ हामीले प्रस्तुत गरेका छौं, तापनि नीलाम्बुदको अनूपद्वीप देश भने पत्ता लगाउनु बाँकी नै छ । अनूपद्वीप अहिले कहाँ पर्छ ? के नामले पुकारिन्छ ? यसको भौगोलिक अध्ययन अहिलेसम्म विद्वान्हरूले गरेका छैनन् । बिस्तारै यसको भौगोलिक अध्ययन हुनेछ र तथ्य इतिहास पाठकवृन्दका सामु आउनेछ । अहिले 'नीलराज' नाम एउटै जस्तो देखिए पनि यी भिन्न-भिन्न राजा हुन् । एउटा अनूपद्वीपका शक्तिशाली राजा नीलराज र अर्को माहिष्मती नगरीका नीलराज गरी दुइटा अलगअलग राजा हुन् र नामचाहिं एकै हो भन्ने इतिहास राखिन्छ ।

महाभारतकालमा प्रायः प्रसिद्ध किरातहरू थिए । कृष्णद्वैपायन व्यासजीले लेखेरै छोड्नुभयो । महाभारत भीष्मपर्वको ५१ अध्यायको ४८ श्लोकमा अनूपद्वीप (देश)-वासी किरातहरूको इतिहास लेखिएको छ । यो इतिहासले त्यतिखेर अनूपद्वीपमा पनि किरातहरूको बसोबास थियो भनेर प्रष्ट बुझाउँछ । यद्यपि युधिष्ठिरको राजसूय यज्ञमा सबै देश-देशान्तरका राजा तथा धनीमानी विद्वान् ऋषिमुनिहरू

---

[1] तथा माहिष्मतीवासी नीलो नीलायुधैस्सह ।
महीपालो महावीर्यै दक्षिणापथवासिभिः ॥ (म० भा० उ० १९।२३)

सम्मिलित भएका थिए। तीमध्ये किरातहरूको उपस्थिति पर्याप्त मात्रामा थियो। ससम्मान सबैको व्यवहार भएको पनि देखिन्छ। त्यतिखेरका राजा तथा प्रजा दुवैले युधिष्ठिरको राजसूय यज्ञमा भाग लिएका थिए।

अनूपकाः किराताश्च ग्रीवायां भरतर्षभः ।
पाटच्चरैश्च पौण्ड्रैश्च राजन् पौरवकैस्तथा ॥
(म० भा० भी० प० अ० ५१।४८)

हे भरतवंशमा श्रेष्ठ! ग्रीवायां=गलामा अनेक प्रकारका आभूषणहरूले सुशोभित अनूपद्वीपका किरातहरू पाटच्चर, पौण्ड्र तथा पौरवकहरू पनि थिए। यस इतिहासले यो पनि बताउँछ कि अनूपद्वीपका किरातहरू अनेक प्रकारका आभूषण आविष्कार गरेर बनाएर स्वयं प्रयोग गर्ने र व्यापार पनि गर्ने गर्थे। अनूपद्वीपवासी किरातहरूको मुख्य पेशा के थियो? त्यो स्पष्ट उल्लेख नभए पनि गलामा अनेक प्रकारका आभूषण धारण गर्ने किरातहरू निश्चित पनि जङ्गली थिएनन्। एक सय करोडसम्मका आभूषण, द्रव्य, हीरा आदि भेंटमा ल्याउन सक्ने किरातहरूलाई कसरी जंगली भन्ने? फेरि त्यो पनि एकदेखि लिएर एक सय करोडसम्मको हिसाब राख्ने किरातहरूलाई जंगली अथवा असभ्य जाति भन्नु न्यायसंगत हुनेछैन। त्यसमा पनि एक सय करोडसम्म त अर्कालाई दान अथवा भेंट चढाउन सक्ने मुटु भएका दानी किरातहरूका पासमा अरू कति होलान्, यो आजका अर्थशास्त्रीहरूले हिसाब लगाउनुपर्ने विषय भएको छ।

किरातसम्राट् भगदत्तका सेनामा पनि अनूपद्वीपका किरातसेना सम्मिलित थिए। साथै भगदत्तले चीन-किरातहरूलाई पनि आफ्नो सेनामा सम्मिलित गरेका थिए। प्राक्ज्योतिषपुरको राजधानी करोडौं सेनाले भरिएको थियो। भगदत्तका सेनामा सागरको द्वीपमा परेका अनूपद्वीपवासी योद्धा वीर किरातसेनालाई किरातसम्राट् भगदत्तले विशेष स्थान दिएका थिए। त्यसैले स्पष्ट रूपमा भनिएको छ—

तत्र राजा महानासीद्भगदत्तो विशांपतिः ।
तेनासीत्सुमहद्युद्ध पाण्डवस्य महात्मनः ॥१८॥
सह किरातैश्च चीनैश्च वृतः प्राक्ज्योतिषोऽ भवत् ।
अन्यैश्च बहुभिर्योद्धैः सागरानूपवासिभिः ॥१९॥
(म० भा० स० प० अ०२३)

अर्जुनले अनेक देश-देशान्तरका राजा-महाराजहरूलाई जितेर आफ्नो वशमा पार्दै लैजाँदा प्राक्ज्योतिषपुरका किरातसम्राट् भगदत्तको[१] राजधानीमा पनि पुगे। त्यहाँ प्रजापालक महान्=ठूला सम्राट् भगदत्त थिए। त्यहाँ किरातसम्राट् भगदत्तका अनूपवासी किरात, चीन तथा अरू योद्धाहरूसँग अर्जुनको घोर युद्ध भयो। यद्यपि भगदत्तको राजधानी प्राक्ज्योतिषपुर चारैतिर महाबली सेनाले घेरिएको थियो। तर अर्जुनले टसमस गरेको उल्लेख भने छैन। बरु अर्जुन किरातसम्राट्का सैन्यको घेरामा परे। प्राक्ज्योतिषपुरलाई नसकेर सीधा अनूपद्वीपवासी किरातहरूमाथि अर्जुन धावा बोल्न पुगे। यस प्रकार सानासाना राजाहरूलाई जिते। ठूलाहरूलाई अजमाउँदै छोडे। यसरी अर्जुनले अनूपद्वीपबाट खास हात नपारे पनि दाज्यू युधिष्ठिरको आज्ञा पालन गर्ने उद्देश्यले पश्चिम-उत्तरदिशापट्टि लागेर केही दिग्विजय गरे। भीमसेनले पूर्वतिर लागेर

दिग्विजय गरेको छ। यहाँ यो इतिहास स्पष्ट छ कि किरातसम्राट् भगदत्तलाई अर्जुनले हल्लाउन सकेनन् । बरु अनूपद्वीपवासी किरातहरू राजसूय यज्ञमा सम्मिलित भएका छन् । तर युद्धले मात्रै होइन अपितु मित्रभावले पनि सम्मिलित भएको हुनुपर्छ ।

त्यतिखेर प्राक्ज्योतिषपुरलाई बलियो वनाउन चीन देशका किरातहरूले सघाएका थिए भने सागरानूपवासी किरातहरूले पनि सघाएको इतिहासलाई भुल्नु हुँदैन । भगदत्तलाई सघाउन सक्ने अनूपदेशवासी किरातहरू थिए । त्यसैले यो निश्चय नै भन्न सकिन्छ कि अर्कालाई दिने या सहयोग गर्दा पहिले आफ्नो घर वा भाँडा वा खजाना हेरिन्छ। त्यसपछि मात्रै आफूले सक्दो सहयोग अर्कालाई अर्थात् मित्रलाई गरिन्छ। किरातसम्राट् भगदत्तलाई सहयोग गर्ने अनूपद्वीपवासी किरातहरूको पासमा कति हुनुपर्छ ? यो स्वयं बुद्धिमान्ले बुझ्नुपर्ने कुरा हो। अनूपद्वीपवासी किरातराजा-महाराजहरूले धर्मराज युधिष्ठिरलाई कतिसम्म भेंट लगेर उपहार दिएका थिए, त्यसको लेखाजोखा यस प्रकार दिएको छ । ती किरात आज कहाँ गए त ? यो कस्तो विडम्बना हो ? परन्तु यता अर्को पक्ष पनि छ । अनूपद्वीप अहिले कहाँ पर्छ ? ठीकसँग इतिहासकारहरूले यही नै हो भन्न सकेका छैनन् ।

जे होस् आज किरात हुँ भन्नेहरू करोडपति पनि छैनन् । त्यसैले कताकता डा० श्रीराम गोयलको[1] वचन याद आउँछ । अनूपद्वीपवासी किरातहरूले दान दिएको इतिहास हेर्नुहोस्, तर यहाँ मूलमा राजस्व-कर दिएकै उल्लेख छ ।

स सर्वान् म्लेच्छ पतीन् सागरद्वीपवासिनः ।
करमाहरयामास रत्नानि विविधानि च ।।२५।।
चन्दनागुरुवस्त्राणि मणिमुक्तामनुत्तमम् ।
काञ्चनं रजतं वज्रं विद्रुमञ्च महाधनम् ।।२६।।
सकोटिशतसंख्येन धनेन महता तदा ।
अभ्यवर्षदमेयातमा धनवर्षेण पाण्डवम् ।।२७।।
इन्द्रप्रस्थमथागम्य भीमो भीमपराक्रमः ।
निवेदयामास तदा धर्मराजाय तद्धनम् ।।२८।।
[म० भा० स० प० अ० २७]

यस प्रकार भीमसेनले सागरद्वीपमा निवास गर्ने म्लेच्छराजाहरूबाट[2] (किरातहरूबाट) अनेक प्रकारका रत्नहरू करमा लिएका थिए । अनूपद्वीपवासी किरातराजा-महाराजहरूले अत्यन्त सुगन्धले युक्त भएको चन्दन, अर्थात् श्रीखण्ड चन्दन, अत्यन्त सुवासित अगरबत्ती, नाना प्रकारका रेशमी आदि बहुमूल्य वस्त्र (लुगाफाटा आदि) र सुन, चाँदी तथा मणिहरूमा मोती, वज्र=हीरा, विद्रुम आदि सय करोडौं युधिष्ठिरलाई दिएका थिए । यो अरबौं धनराशि लिएर महापराक्रमशाली भीम इन्द्रप्रस्थ (हस्तिनापुर= दिल्ली) पुगेर महाराज युधिष्ठिरको पाउमा भीमले चडाएका थिए ।

यद्यपि यो इतिहास किरातहरूको इतिहास हो र सारै महत्त्वपूर्ण इतिहास हो ।

दक्षिण देशका किरातहरू

युधिष्ठिरको आज्ञानुसार सहदेवले शूरपार्क, उपकृत, दण्डक नाम गरेका महाबली तथा महापराक्रमी (किरात) राजाहरूलाई आफ्नो वशमा पारेका थिए। त्यसपछि समुद्रले घेरिएको द्वीपमा बस्ने म्लेच्छ-योनिमा (किरात) उत्पन्न भएका राजाहरूका देशमा पुगे। त्यस अनूपद्वीपवासी पुरुषलाई खाने, कानसम्म लुगा लगाउने, निषाद राजालाई पनि सहदेवले जिते। त्यसपछि ती राजाहरूबाट करको रूपमा त्यहाँबाट पनि नाना प्रकारका चन्दन, अगरबत्ती, सुन्दर गहना, बहुमूल्य वस्त्र, रत्न र मणि आदि प्राप्त गरेर इन्द्र-प्रस्थ (हस्तिनापुर=दिल्ली)-मा पुगी सहदेवले महाराज युधिष्ठिरको पाउमा समर्पण गरे। यसले के बुझिन्छ भने सागरले घेरिएको 'अनूपद्वीप' निकै ठूलो देश थियो, किनभने भीमसेनले अनूपदेशकै किरातराजा-महाराजहरूलाई वशमा पारेर अरबौंको सम्पत्ति इन्द्रप्रस्थ पुऱ्याएका थिए भने सहदेवले पनि अनूपद्वीपकै किरातराजा-महाराजहरूलाई वशमा पारेको इतिहास छ। शूरपार्क, उपकृत, दण्डक आदि राजाहरूलाई अनूपदेशमा गएर विजय गर्ने कुरा अन्यथा सङ्गतीकरणमा बस्न सक्दैन। प्रष्टै भनेको छ—

सागरद्वीपवासाश्च नृपतीन् म्लेच्छयोनिजान्।
निषादन् पुरुषादाश्च कर्णप्रावरणानपि ॥

[म० भा० स० प० अ० २८।४४]

सागरद्वीपवासी म्लेच्छयोनिमा उत्पन्न हुने राजाहरूलाई वशमा पारे, जो निषाद, पुरुषाद, कर्ण-प्रावरण जातिका थिए। परन्तु पुरुषादको अर्थ कैयौं व्याख्याकारहरूले ठीक गरेका छैनन्। 'पुरुषाद' र 'पुरुषादक' पाठ मिल्छ। तर पुरुषादक या पुरुषादको अर्थ मान्छे खाने होइन। त्यो नबुझीकन लेखेका हुन्। जे भए पनि अनूपद्वीप ठूलो देश वा द्वीप थियो। जो आज के नामले पुकारिन्छ ? खोजीको विषय छँदैछ। परन्तु अनूपद्वीपमा कैयौं किरातराजा-महाराजहरूको शासन थियो भन्ने इतिहासलाई नकार्न सकिंदैन। जो अरबौं-अरबौंको दाता, धनी, सम्पन्न देश थियो भन्ने कुरामा पनि सन्देह छैन। त्यतिखेरका राजनीतिको स्थिति बुझेर किरात-महाराजहरूले युधिष्ठिरलाई सहयोग पुऱ्याएका थिए। कुरुक्षेत्रको युद्धमा भगदत्त कौरवपक्षमा लागेर लडेका थिए। परन्तु अनूपद्वीपवासी किरातराजा-महाराजहरूसँग भगदत्तको राम्रो सम्बन्ध थियो भन्ने कुरा भगदत्तकै सैन्यबलमा अनूपद्वीपवासी किरातसेना भएकोले पनि प्रष्ट हुन्छ।

करोडौं सेना पाल्नलाई निक्कै दम चाहिन्छ। चीनसँग पनि भगदत्तको राम्रो सम्बन्ध देखिन्छ। तर पाण्डवहरूसँग भगदत्तको राम्रो सम्बन्ध देखिंदैन। त्यसैले अर्जुन प्राक्ज्योतिषपुर जाँदा पनि सफलता हात लागेन। भीमले पनि आफ्नो राजनीतिको चतुऱ्याइँ देखाएर चाल खेलेका थिए। त्यसैले प्राक्ज्योतिषपुर र अनूपद्वीप किरातराजा-महाराजको अचूक गढ थियो।

पश्चिमदिशाका किरात

युधिष्ठिर इन्द्रप्रस्थ (हस्तिनापुर=दिल्ली)-मा बस्थे। परन्तु नकुललाई पश्चिमदिशातिर दिग्विजय गर्न पठाए। नकुलले पनि पश्चिम सागरको द्वीपमा निवास गर्ने परम दारुण म्लेच्छ (किरात) पह्लव र वर्वरहरूलाई वशमा पारे।

पाण्डुकुमार नकुलले पनि अनूपद्वीपजस्तै पश्चिम द्वीपवासी दया नभएका क्रूर म्लेच्छ[१] (किरात)-हरूलाई जितेपछि मात्र पल्लव र वर्वरहरूलाई जितेको देखिन्छ । आज पल्लवहरू दक्षिण भारतमा धेरै छन् । साथै 'बर्वर' शब्द वर्तमान युगमा 'क्रूर अत्याचारी' अर्थमा मात्र प्रयोग भएको देखिन्छ । तर आजभन्दा पाँच हजार वर्षपूर्व 'बर्वर' पनि एक जातिविशेष नै थियो । त्यसैले बर्वरान् भन्ने शब्द प्रयोग भयो । पल्लव र बर्वरहरूको चर्चाभन्दा प्रासङ्गिक चर्चा किरातहरूको देखिन्छ । यहाँ किरात-इतिहासलाई गोडीनेली हेर्दा दिग्विजयको क्रममा उत्तर, पूर्व, दक्षिण र पश्चिम चारै दिशामा चारै भाइलाई युधिष्ठिरले पठाएर दिग्विजय गराए । तर पश्चिममा पनि 'सागरकुक्षिस्थान् म्लेच्छान् परमदारूणान्' भन्ने पदले पश्चिमी द्वीपहरूमा पनि किरातहरू निवास गर्दा रहेछन् भन्ने इतिहास प्रष्ट भएको छ । अर्को इतिहास पनि पत्ता लाग्छ । त्यो के भने प्रत्येक द्वीप र प्रत्येक देशहरूमा महाभारतकालमा सुसम्पन्न किरातहरू निवास गर्दथिए ।

यसरी चारै दिशाका राजा-महाराजहरूलाई जितेपछि युधिष्ठिरले राजसूय यज्ञ गर्ने निश्चय गरे । तर दिग्विजय गर्दा सबै शत्रु भएका थिएनन् । पाण्डवपक्षका मित्र पनि राजामहाराजहरू धेरै थिए । त्यसैले अनेक देश-देशान्तरका मित्र भएर बसेका राजा-महाराजहरूलाई महाराज युधिष्ठिरले आमन्त्रण र निमन्त्रण दुवै दिए । धेरैजसो किरातहरू पाण्डवपक्षमा नै थिए । राजसूय यज्ञमा धेरै राजामहाराज र प्रजा उपस्थित भएका थिए । निमन्त्रणमा आउने राजा-महाराजहरू यी थिए---यज्ञसेन (द्रुपद) पुत्रसहित, पृथिवीपति शाल्व, प्राक्ज्योतिषपुरका नृपति महाशय भगदत्त, पर्वतीय राजाहरूका साथमा राजा वृहद्बल (कोसलका राजा) पनि यज्ञमा उपस्थित थिए । यी सबै किरातराजा-महाराज मात्रै थिए (म० भा० स० प० अ० ३१।९।१०) । यी राजामहाराजहरूले अनेक प्रकारका उपहार ल्याएका थिए । यिनीले अनेक मान-सम्मान प्राप्त गरेका थिए । यज्ञसेन र वृहद्बललाई छोडेर सबै किरातै थिए ।

यस प्रकारको वृहद् यज्ञमा भगदत्तभन्दा अर्को शक्तिशाली राजा पाण्डवहरूको पक्षमा उपस्थित हुनु सकेनन् । परन्तु किरातसम्राट् भगदत्त पनि पछि गएर पाण्डवहरूका विरुद्ध भएका थिए । यसको कारण दुर्योधनको दुर्निमन्त्रणा नै थियो । साथै सम्पूर्ण जम्बूद्वीप, आर्यावर्तभित्रका किरातशासकहरूले एकआपस्तमा युद्ध गरेर समाप्त भएको बुझिन्छ । थोरै मात्रामा दुश्मनपक्षका शिकार भएका छन् । 'गाउँ फुटे भाइ लुटे', 'भाइ फुटे गाउँ लुटे' भन्ने उखान महाभारतमा चरितार्थ भएको पाइन्छ । किरातहरू निश्चय पनि राजामहाराज, विद्वान्, बुद्धिमान्, साहित्यकार, इतिहासकार, धनाढ्य, कलाकार आदि थिए । तर महाभारतको युद्धको बहानामा एकआपस्तमा फुट भएर किरातहरू समाप्त भएको देखिन्छन् । नभए युधिष्ठिरको राजसूय यज्ञमा सम्मिलित नहुने राजनीति पनि देखाउन सक्ने थिए । यो इतिहास गम्भीर रूपले बुझ्नुपर्नेछ ।

किरातराजाहरूसँग यज्ञसेन

नाम झट्ट सुन्दा कतै नयाँ झपट लाग्नु मनन नभएको व्यक्तिलाई स्वाभाविकै हो । तर अध्ययन, मनन, खोज आदिमा संलग्न पुरुषार्थीहरूलाई यो कुरा आश्चर्य लाग्दैन । यहाँ प्रसङ्गानुसार शाल्व, भगदत्त-लाई कैयौंले किरात होइन भनेका छन् । त्यसमा प्रमाणहरूको अनुसन्धान गर्दा इतिहास अध्ययन नगर्नेहरूले

---

[१] ततस्सागरकुक्षिस्थान् म्लेच्छान् परमदारूणान् ।
पल्लवान् बर्वरांश्चैव तान् सर्वाननयद्वशम् ॥ [म० भा० स० प० २९।१५]

चाहिं किरात नाम नभएको हुनाले किरात होइन भन्छन्, किनभने आधुनिक युगमा कतैकतै किरात हुँ भन्नेहरूको नाम लेप्ताङ, हाङ, पापोहाङ, किवाहाङ, लेप्सुमेम्मा, थाम्पुक आदि राख्न थालेका छन् । यो नामरखाइ वि० सं० २०४ को हो । अथवा सोभन्दा ४०।५०।६० वर्षपहिला राख्न थालेका नाम हुन् । उक्त किरातराजा-महाराजहरूको नाम त ई० सं० तीन हजार वर्षपूर्वका हुन् । ईस्वी सन् पनि दुइ हजार वर्ष हुन केवल ६ वर्ष मात्र शेष छ । जम्मा पाँच हजार वर्षसम्म किरातहरूका नाम संस्कृतैमा थियो भने ५०।६० वर्षदेखि यता दुइ-चारजनाले यो आफ्नो बोलीमा नाम फेर्दैमा हजारौं लाखौं वर्ष पुराना किरातहरूका नाम नपढीकन 'होइन, किरात नाम त यस्तो पो हुनुपर्छ' भन्न मिल्ला त ? यो दिमाग नभएको एकान्द्रेज्वरोमा बोलेको कुरा अज्ञानी, अबुझ, अपढ, सङ्गत र देश-देशान्तर भ्रमणको ज्ञान नभएको कुरा हो । त्यसैले इतिहासज्ञाताहरूले यस्ता कुरालाई महत्त्व दिंदैनन् । चारै दिशामा गएर चारै भाइहरूले दिग्विजय गरेपछि युधिष्ठिरको 'राजसूय यज्ञ' को इच्छा पूर्ति भयो । त्यसमा आफ्नो इष्टमित्र, अनेक देश-देशान्तरका राजा-महाराजहरूलाई निमन्त्रणा दिए । यज्ञको निमित्त निम्तो पाएर भाग लिन आउने राजाहरूमा यज्ञसेनलाई छोडेर वसुधाधिप, शाल्व, प्राक्ज्योतिषपुरका भगदत्त महाशय, वृहद्बल जस्ता प्रभावशाली किरात-राजाहरू थिए ।

यज्ञसेन सपुत्रश्च शाल्वश्च वसुधाधिपः ।
प्राक्ज्योतिषश्च नृपतिर्भगदत्तो महाशयः ।।
सह सर्वैस्तथा म्लेच्छैः सागरानूपवासिभिः ।
पर्वतीयाश्च राजानो राजा चैव वृहद्बलः ।।

[म० भा० स० प० अ० ३१।९,१०]

छोरासहित राजा यज्ञसेन=द्रुपद (द्रौपदीका पिता) पृथिवीलाई पालन गर्ने महान् यशस्वी किरात-राजा शाल्व, कामरूप प्राक्ज्योतिषपुरका भगदत्त महाशय, समुद्रद्वीप=अनूपद्वीपवासी सबै किरातराजा-महाराजसहित पर्वतीय राजाहरू तथा राजा वृहद्बलले पनि यज्ञमा भाग लिएका थिए । साथै अनेक प्रकारका वहुमूल्य उपहार भेंट गरेका थिए । यहाँ शाल्व र वृहद्बलको बारेमा विशेष लेख्नुपर्ने कुरा छैन । प्रसिद्ध छन् ।

किरातराजा शूकर

महाभारतको अवलोकन गर्दा एकै श्लोकमा भए पनि किरातराज शूकरको[१] नाम गौरवको साथमा लेखेको देखिन्छ । युधिष्ठिरको राजसूय यज्ञमा शूकराधिपतिले सयकडौं हात्ती तथा अरबौं खरबौं रत्न दिएका थिए । हीरा, मोती, जवाहर आदिको नाम रत्न हो । यस्ता रत्न र सयकडौं हात्ती प्रदान गर्न सक्ने शूकर राजाको नाम जान्न सकिएन । साथै शूकरदेश कहाँ छ ? त्यो पनि खोजीकै विषय बनेको छ । केवल महाभारतको सभापर्वभित्र पर्ने उपपर्व 'द्युतपर्व'मा उल्लेख भएको छ ।

कृती तु राजा कौरव्य शूकराणां विशां पते ।
अददद्गजरत्नानां शतानि च बहुन्यपि ।।

(म० भा० द्यु० प० ४८।२४)

---

[१] सातवलेकर तथा महाभारत तात्पर्य आदिमा 'म्लेच्छ र किरात' पर्यायवाची रूपमा प्रयोग गरेको देखिन्छ ।

शत्रुको उन्नति हेर्नु नसक्ने दुर्योधनले धृतराष्ट्रलाई "हे कुरुवंशका मणि धृतराष्ट्र ! म्लेच्छराज शूकरले सयकडौं हात्ती र रत्नहरू युधिष्ठिरलाई दिए" भनेर सुनाए । सातवलेकरले 'शूकर नामक म्लेच्छोंके सुयोग्य राजा ने सैकडौं श्रेष्ठ हाथी दिए' भनेर लेखेको छ । जे होस् शूकराधिपति किरातै देखिन्छ । यसरी त्यस राजसूय यज्ञमा सम्मिलित हुनका लागि सबै म्लेच्छ=किरातहरू तथा उत्तम, मध्यम, अधम, अन्त्यज सबै वर्ण र नाना देशका नाना जातिले युधिष्ठिरको राजभवन र यज्ञशाला ठसाठस भरिएका[1] थिए । यस इतिहासले के पनि सिद्ध हुन्छ भने अनेक वर्णका देश र विदेशबाट भाग लिन आउने आगन्तुकहरूलाई जाति र छुवाछूतको प्रतिबन्ध थिएन । अर्को कुरा 'सर्वे म्लेच्छा' भन्नाले सम्पूर्ण मान्य गण्य किरातवर्ग उपस्थित भएका थिए भन्ने इतिहास पनि भुल्नु हुँदैन । त्यसपछि 'सर्ववर्णाः' भनेको छ । त्यसैले शूकराधिपतिका साथमा अन्य वर्णले पनि राजसूय यज्ञमा भाग लिन सकेका थिए ।

यस इतिहासले के बुझिन्छ भने महाभारतकालमा जातिवाद शुरू भइसकेको थियो । त्यसैले यहाँ 'सर्ववर्णाः' भन्ने शब्द मूलमा आएको हो । यसको अर्को ठाउँमा 'नानाजाति' भन्ने शब्द पनि प्रयोग भएको देखिन्छ । त्यसैले महाभारतकालभन्दा पूर्व वर्ण र जाति भन्ने शब्दको प्रयोग संस्कृत-वाङ्मयभित्र पाउँदैनौं । महाभारतमा भने यत्र तत्र संकेत मात्र होइन अपितु स्पष्ट उल्लेख भएको पाइन्छ । किरातराज शूकरको तात्कालिक इतिहास आफ्नो पिता धृतराष्ट्रलाई सुनाउँदा दुर्योधनले शूकरदेशका सम्राट् म्लेच्छ किरातको दान र सहयोगको उल्लेखनीय इतिहास प्रस्तुत गरेको छ ।

यद्यपि दुर्योधनले पाण्डवहरूको यज्ञमा सामेल हुने शूकराधिपति किरातराजालाई राम्रो नजरले हेरेका थिएनन्, तथापि किरातराजाले ऐश्वर्यसम्पत्ति र सयकडौं हात्ती दान दिएको देखेर सहन नसकी आफ्नो पितालाई सुनाएको हो । एक त शूकराधिपति किरातराजले सयकडौं हात्ती दिनु एउटा ऐतिहासिक घटना हो, किनभने हज्जारौं हात्ती नपाली सयकडौं हात्ती दान दिनु सकिंदैन । अरबौं, खबौं नभई करोडौं दान दिनु सकिंदैन । यहाँ सयकडौं हात्ती र करोडौं रत्न दान दिनुको अर्थ शूकराधिपति किरातराजको शूकरदेश एक सम्पन्न देश थियो भन्ने स्पष्टीकरण हुन आउँछ । जुन देशको प्रजा सम्पन्न हुन्छ, त्यसै देशको सरकार पनि सम्पन्न हुन्छ । सरकारले वा राजाले सम्पन्न धनी हुनुको अर्थ हो त्यस देशको जनता कृषिबल, उद्योगशील र अनेक प्रकारका व्यापारहरूबाट अधिक उत्पादन गर्दा राष्ट्र समृद्ध हुनु जान्छ । शूकरदेशका किरातहरू ज्यादै परिश्रमी, उत्पादन गर्नमा दक्ष थिए भन्ने बुझिन्छ । त्यसैले शूकराधिपति किरातराजले युधिष्ठिरलाई सयकडौं हात्ती र करोडौं रत्न दिनु सकेको हो । तर शूकरदेश भने कहाँ पर्छ ? जम्बूद्वीप, आर्यावर्तको कुन प्रान्तमा पर्छ ? यो आजसम्म थाहा हुन सकेको छैन । यसको भौगोलिक अध्ययन हुनु बाँकी नै छ । यति मात्रै होइन, प्राग्ज्योतिषपुर, मेकल, माहिष्मती, बदरीकाश्रम र कुणिन्दलाई छोडेर शेष किरातराजाहरूको देश र राजधानीको भौगोलिक अध्ययन गर्दा सयकडौं वर्ष लाग्ने सम्भावना छ । जे भए पनि किरातराज शूकराधिपतिको अनन्तकालसम्म यशः इतिहासले राख्नेछ । यसमा सन्देह छैन ।

---

१. सर्वे म्लेच्छाः सर्ववर्णा आदिमध्यान्तजास्तथा ।
नानादेशसमुत्थैश्च नानाजातिभिरागतैः ।
पर्यस्त इव लोकोऽयं युधिष्ठिरनिवेशिने ॥
(म० भा० स० प० द्यु० प० ४८।३३)

किरातक्षत्रियहरूले जनै कहिलेदेखि छाडे ?

किरातहरू क्षत्रिय हुन् भन्ने कुरामा सन्देह मान्ने अवसर छैन । तर आधुनिक किरातहरूको जनै देखिंदैन किन ? प्रश्न ठीकै छ । तर जुन बाहुनको जनै हामी देख्दैनौं, जुन बाहुनकै टुप्पी देख्दैनौं किन ? यस्ता प्रश्नहरूको उत्तर सबैले जानेकै हुन्छन् ।

भगवान् कृष्णले युधिष्ठिरलाई प्राचीन इतिहास सम्झाउँदै हुनुहुन्छ—धर्मपुत्र युधिष्ठिर ! जमदग्नि ऋषिको पुत्र परशुरामले जुन क्षत्रियकुलको नाश गरेका थिए, तीभन्दा साना आजका क्षत्रियहरू मानिन्छन् । ऐले अनेक राजाहरूको समूह तथा अरू क्षत्रियहरू 'ऐल' र 'ईक्ष्वाकु' का सन्तान हुँ भनेर मान्दछन् । युधिष्ठिर ! उनै ऐलवंशमा सय कुल भए । यसै गरी 'ईक्ष्वाकु' वंशमा पनि सय कुल[१] नै भए । यस इतिहासको आधारमा कृष्णले भन्नुभयो—हाम्रो कुलमा १८ हजार व्रात=व्रात्य (पतीत क्षत्रिय)-हरू छन् । तीमध्ये आहुकको मात्रै सयवटा छोराहरू छन् । त्यसमा पनि हरेक तीनतीन सयको समान[२] छन् । यसरी व्रात्यहरूको परम्परा परशुरामकै पिता जमदग्नि ऋषि र महाबली सहस्रार्जुन कार्तवीर्यको कारणबाट शुरू भयो । उता जमदग्निले मर्नु, यता परशुरामले कार्तवीर्यलाई मारेपछि परशुरामले २१ पल्ट पृथिवीमा क्षत्रियहरूको नाश गर्ने प्रतिज्ञा गरे । परशुरामले जस्तो प्रतिज्ञा गरेका थिए, त्यस्तै आतंक पनि मच्चाए । रघुवंशी क्षत्रियबाहेक अरू क्षत्रियहरूले यस पृथिवीमा बाँच्ने स्थिति थिएन । केवल एउटै उपाय थियो 'हामी क्षत्रिय होइनौं' भन्नु । केवल भनेर मात्रै पनि हुँदैन थियो, क्षत्रिय नभएजस्तै आचरण गर्नु पनि आवश्यक थियो । त्यसैले रघुवंशी क्षत्रियबाहेक परशुरामको अत्याचार र डरले सबै क्षत्रियहरूले जनै उतारे अनि मात्रै क्षत्रियहरूले श्वास फेर्न पाए । नत्र युद्धमा ललकारिहाल्थे । ललकारेपछि युद्धमा गए पनि नगए पनि परशुरामले मारि नै हाल्थे । परशुरामको शत्रु केवल क्षत्रिय मात्रै मानिन्थे । क्षत्रिय चाहे जुन कुनै होस्, मेरा पिताका शत्रु मेरो शत्रु हो भन्दै क्षत्रियहरूलाई छानीछानी मार्थे । यो परशुरामले शक्ति र परशु भगवान् शिवबाट प्राप्त गरेका थिए । त्यसैले परशुराम ओजस्वी, वीर, प्रतापी, बलवान् त थिंदै थिए । साथै उपासना र साधनाले धनुर्विद्याका अलौकिक आचार्य पनि थिए । पछिपछि परम्परामा गुरु द्रोणाचार्य जस्ता शिष्य पनि परशुरामकै थिए । अर्थात् द्रोणाचार्यले अलौकिक धनुर्विद्या परशुरामकै परम्पराबाट प्राप्त गरेका थिए । द्रोणाचार्यका पनि सय कौरव र पाँच पाण्डवहरूमा अर्जुन विलक्षण धनुर्विद्याविशारद थिए । जुन परशुरामको यस्तो परम्परा रह्यो, त्यस परशुरामले आफ्नो पिता जमदग्निको शत्रु सम्झेर नाश गर्दा किरातक्षत्रियहरू पनि आतङ्कित भए । शिवशक्ति प्राप्त गरेका परशुरामसँग किरात-

---

१. जामदग्नेन रामेण क्षत्रं यदवशेषितम् ।
तस्मादवरजं लोके यदिदं क्षत्रसञ्ज्ञितम् ॥
ऐलस्येक्ष्वाकुवंशस्य प्रकृतिं परिचक्षते ।
राजानः श्रेणीवद्धाश्च ततोऽन्ये क्षत्रिया भुवि ।
ऐलवंश्यास्तु ये राजंस्तथैवेक्ष्वाकवो नृपाः ।
तानि चैकशतं विद्धि कुलानि भरतर्षभ ॥
(म० भा० स० प० १३।२,४,५)

२. अष्टादशसहस्राणि व्रातानां सन्ति नः कुले ।
आहुकस्य शतं पुत्रा एकैकास्त्रिशतावरः ॥
(म० भा० स० प० १३।५५)

क्षत्रियहरूले मुकाबला गर्न सकेनन् । बाँच्ने स्थिति भएन । त्यसैले किरातक्षत्रियहरूले सामूहिक रूपले जनै उतार्नुमा विवश हुनुपर्‍यो ।

किनभने विवशता सबैभन्दा ठूलो हत्यार हो । मनुष्य परिस्थितिको दास हुन्छ । के गर्ने मुकाबलामा उभिन नसकेपछि जनै उतारेर 'हामी क्षत्रिय होइनौं' भन्न कर लाग्यो । परन्तु दुर्भाग्यले गर्दा साथै दुर्व्यसनमा पनि फसिहाले । यो ठूलो दुर्दिन थियो । परशुरामको डरले जनै उतार्ने किरातक्षत्रियहरूले आज जनै हाम्रो संस्कृति नै होइन भन्छन् भने उसले आफ्नो इतिहास बिर्स्यो । फेरि आफ्नो इतिहास पढ्ने आवश्यकता छ ।

नत्र जुन किरातहरूमा किरात र आकुलि जस्ता ऋषिहरू थिए, जो ऋषि महाराज असमातिका पुरोहित हुन सक्छन्, ती किरातऋषि के बिनाजनैका थिए त ? जो किरातऋषि बन्धु, सुबन्धु, विप्रबन्धु, श्रुतबन्धु जस्ता मन्त्रद्रष्टा ऋषिहरूका प्रतिद्वन्द्वी थिए, त्यसै हावामा प्रतिपक्षी ऋषि भएका थिएनन् । राजा असमातिले त्यसै गफमा आफ्ना पुरोहित नियुक्त गरेका थिएनन् । आखेरी किरात र आकुलि जनैधारी ऋषि थिए । योग्य थिए । विद्वान् थिए । प्रतिपक्षी ऋषिहरूसँग टक्कर लिन सक्ने ऋषि थिए । वक्ता थिए । पूर्ण वेदहरूका ज्ञाता, व्याख्याता, कर्मकाण्डका विद्वान् थिए । वैज्ञानिक थिए । त्यसैले त महाराज असमातिले आफ्ना पुरोहित नियुक्त गरेका थिए । वि० सं० १४ शताब्दीका सायणाचार्यले यसको इतिहासरूपमा सप्रमाण व्याख्या गरेका छन् । ऋग्वेद १० मण्डलको एउटा सूक्त नै यस्तो छ जो किरात र आकुलि ऋषिको प्रसङ्गको साथ महाराज असमातिलाई छोडेको खण्डमा अर्थ र सूक्त सङ्गतीकरण गर्नु सकिंदैन । त्यसैले ऋग्वेदको सूक्तद्रष्टा ऋषिहरू किरातकुलका पनि थिए । परन्तु केही मन्त्र र सूक्तहरू नै ऋग्वेदको पनि प्राप्त छैनन् । ती अप्राप्त मन्त्रहरू भित्र परेका थिए होला । अर्को कुरा वर्तमान प्राप्त वेदहरूमा पनि मन्त्रद्रष्टा कुनै जाति विशेषका ऋषि नै हुनुपर्छ भन्ने नियम छैन । यस विषयलाई महाराज असमातिको पुरोहित किरातऋषि र आकुलिऋषिको प्रमाणको प्रसङ्गले प्रष्ट पारेको छ । त्यसैले ऋग्वेदकालदेखि लिएर जनैधारी किरातहरू परशुरामको अत्याचारमा परे, ज्यान बचाउनुपर्‍यो । त्यसैले किरातहरूले जनै छोडेका थिए । त्यसैले जनै धारण गर्ने संस्कृति किरातहरूको होइन भन्न किरातहरूकै इतिहासले पट्टकै दिंदैन । किरातऋषिका परम्पराका किरातहरू तथा जनैधारी पारुहाङ=थेवासाम्=शिवका सन्तान, उपासक किरातहरू जनैबिना कसरी किरात हुन सक्छन् र ? अँ, दुर्व्यसनको खाडलबाट उठ्न नचाहने, आफ्नो र पारिवारिक बालबच्चाको जीवनसँग खेलबाड गर्ने, राष्ट्र र समाजको गरीबी र बुद्धिहीन हुन चाहने किरातहरूलाई भने सोच्नुपर्नेछ ।

दश हजार किरात-युवति

आफैं मात्रै खाऊँ, आफैंले मात्रै लगाउनुपर्छ । यो दुर्योधनको धारणा आफ्नै भाइहरूमाथि अन्याय थियो । तर अन्याय गर्नेले आफूले अन्याय गरेको कहिलै मान्दैन । मैले अन्याय गर्दैछु भनेर पनि कहिलै सोच्दैन । उसलाई सोच्ने अवसर पनि मिल्दैन । दुर्योधनको यही हालत थियो । पाण्डवहरूको उन्नति र वैभव देखेर दुर्योधनलाई बेचैनी थियो । निद्रा आउँदैन थियो । युधिष्ठिरको 'राजसूय यज्ञ' दुर्योधनलाई मन परेन । त्यसैले विदुरसँग गएर एकान्तमा दुर्योधनले भन्यो—हे प्रभो ! युधिष्ठिरको द्वारमा असंख्य राजा-महाराजहरू उपस्थित छन् । भित्र सभामा पुग्न नसकेर स्वागतढोकामा नै रोकिएर बसेका छन् । हिमा-

लयको[1] आधाभाग सूर्योदयशिखरमा निवास गर्ने, समुद्रको किनारैसम्म राज्य भएका वारिषेण (नारीश) देशवासी तथा लौहित्य पर्वतको दुवै पाटामा बसेर कन्द, मूल, फल आदि खाई आफ्नो रुचिले मृगचर्म, बाघाम्बर आदि राम्रो छालाका कपडा बनाएर लाउने किरातराजा-महाराजहरू पनि युधिष्ठिरको 'राजसूय' यज्ञमा ताँत लगाएर उपस्थित भएका थिए। राजसूय यज्ञमा कोसेली चढाउनका लागि चन्दन, अगरवत्ती आदि भारीका भारी ल्याएका थिए। राम्रा राम्रा जङ्गलमा पाइने पशुपक्षी आदिका छाला तथा अनेक प्रकारका हीरा, मोती, जवाहर, सुन आदि रत्नहरू तथा नाना प्रकारका सुगन्धी पदार्थहरू राशिका राशि कोसेली भेंट गर्नलाई किरात-राजामहाराजहरूले ल्याएका थिए। त्यति मात्रै होइन अपितु त्यतिखेरका प्रथानुसार दश हजार किराती दासीहरू पनि भेंट गर्न लगेका थिए। यस्तै टाढाटाढा देख्ने, हेर्दा सुन्दर लाग्ने, मृग र सुन्दर चराचुरुङ्गीहरू पनि बटुलेर लगेका थिए। यसै प्रकारले हिमालय पर्वतका सेप, चेप तथा काखीबाट भेला पारेका अत्यन्त तेज, चमकिला पदार्थ सुवर्णादि पनि कोसेलीको लागि युधिष्ठिरका यज्ञशालामा किरात-राजामहाराजहरूले पुऱ्याएका थिए।

यस इतिहासले के बुझाउँछ भने काश्मीरदेखि लिएर बर्मासम्मका हिमालय पर्वतवासी किरात-राजामहाराजहरू युधिष्ठिरको यज्ञमा सामिल भएका थिए। 'हिमवतः सूर्योदयगिरौ' भन्ने शब्दले यस इतिहासलाई प्रष्ट पारेको देखिन्छ। भौगोलिक दृष्टिले हेर्दा आजको दिल्लीदेखि २५ मील टाढाको हस्तिनापुर (इन्द्रप्रस्थ)-वाट सूर्यपहाड, कामरूप, सोणितपुर, भीष्मकनगर, सदिया, परशुरामकुण्ड, मालिनी-स्थान, भुवनपहाड, त्रिपुरा कैलास शहर उनकोटि आदि 'सूर्योदयगिरि'मा पर्छन्। आज पनि महाभारत-कालिक पुरातत्त्व (Archaeology) प्राप्त छ। त्यसैले लौहित्य पर्वतको उल्लेख पनि प्रष्टै भएको छ। आजको आसाममा बग्ने ब्रह्मपुत्र नदीको प्राचीन नाम 'लौहित्यनद' हो। नदीनदहरूमा भारतमा बग्ने सबैभन्दा ठूलो 'नद' हो। लौहित्यको उद्गमस्थान तिब्बतको मानसरोवर झील हो। मानसरोवर झीलबाट तीनवटा नदीहरू निक्लेका छन्। सिन्धु नदी पश्चिममा, मध्यमा भागीरथी गङ्गा, पूर्वमा लौहित्य (ब्रह्मपुत्र)

---

[1] ये परार्धे हिमवतस्सूर्योदयगिरौ नृपाः।
वारिषेणसमुद्रान्ते लौहित्यमभितश्च ये॥
फलमूलाशना ये च किराताश्चर्म वाससः।
चन्दनागुरुकाष्ठानां भारान्कालीयकस्य च॥
चर्मरत्नसुवर्णानां गन्धानाञ्चैव राशयः।
कैरातिकानामयुतं दासीनाञ्च विशांपते॥

आहृत्य रमणीयार्था-दूरञ्जान्मृगपक्षिणः।
निचितं पर्वतेभ्यश्च हिरण्यं भूरि वर्चसम्॥
वलिञ्च कृत्स्नमादाय द्वारि तिष्ठन्ति वारितः। (म० भा० स० प०, द्यु० प० ४८ अ० ८, ९, १०, ११)

(क) सोऽथ प्राक्ज्योतिपाद् वाह्ये महोपवनसंस्थितम्
सहस्र भूमिकं गेहमपश्यत् हिरण्मयम्॥१॥
वेणुवीणामृदङ्गानां निः स्वनैः परिपूरितम्
दशसाहस्रसंख्याभिश्चेटीभिः परिपूरितम्॥२॥
आयद्भिः प्रतियद्भिश्च भगदत्तस्य किङ्करैः।
वदासाद्य सः हैडिम्व ···· ····· ···· ····

(स्क० पु० कु० खं० ६०)

निक्लेका छन् । सिन्धु नदी पाकिस्तानमा परे पनि सिन्धु नदीको घाटीमा किरातहरूको बसोबास थियो । यस्तै बलुचिस्तान आदिमा पनि किरातहरूको राज्य र बसोबास थियो । मध्यभारतमा पर्ने नर्मदा नदी हो । नर्मदा नदीका किरातहरूको विषयमा लेखिसकेको छ । गङ्गा नदीको पहाडी पर्वतभेकमा गढवाल र हिमाञ्चलप्रदेशको केही भेक पर्छ । यस गङ्गाघाटीमा किरातराजा सुबाहुको तीन हजार वर्ष ई० पूर्व राज्यशासन थियो । यस्तै यमुना नदी र रावी नदीको सीमाभित्र किरातराजा कुणिन्दको राज्यशासन थियो । यसरी नै कूर्माचल (कुमाऊँ)-मा कत्युरी किरातहरूको शासन थियो । यो प्रमाण डिड्डिहाट, गङ्गोलीहाट, वागेश्वर, वैद्यनाथ र रामगंगा आदिका पुरातत्त्वले प्रष्ट पारेको छ । महाभारतमा नेपालको नाम र किरातराजाहरूलाई हराएको इतिहास प्रष्ट छ । तर राजाहरूको नाम भने उल्लेख भएको देखिएन । नेपालदेखि सीधा पूर्वतिरका राजाहरूमा सर्वशक्तिसम्पन्न कामरूप देशको किरातसम्राट् भगदत्त थिए । महाभारतमा भगदत्तको सम्मान जति भयो, त्यति अरू किरातराजा-महाराजहरूको सम्मान भएको छैन । भगदत्तको राजधानी प्राक्ज्योतिषपुरमा थियो । एक हजार तले दरबार सुनको पाटाले मडेको झ्यालढोका भएको राजदरबार थियो । सर्वशक्तिमान् भगदत्त हुनका साथै आजको अरुणाचलभित्र पर्ने किरातराजा भीष्मकको भीष्मकनगर, परशुरामकुण्ड, सदिया, मालिनीस्थान भगदत्तको हातमा थियो । यस्ता पुरातत्त्व आज पनि अनेकौं छन् । नागालेण्डमा केवल डिमापुरको स्तम्भहरू मात्रै पुरातत्त्वको रूपमा देख्न पाइन्छ । मणिपुरमा पुरातत्त्वको खोजी भएको देखिंदैन । बर्मा र त्रिपुरामा पनि किरातहरूकै राज्य थिए । यसरी समुद्रको छेउसम्म राज्य गर्ने पनि किरातराजा नै थिए । यसरी पहाड, पर्वत, मैदान आदि कुनै खाली नराखी शासन गर्ने किरात, बसोवास गर्ने किरात, हीरा, मोती, जवाहर, पन्ना, सुन आदिको व्यापारी र पारख गर्ने किरात, अनेक प्रकारका सुगन्धीदार औषधिहरू र तेलहरूको आविष्कार गर्ने किरात, अगरबत्तीदेखि लिएर अनेक प्रकारका पशुपक्षीहरूको छाला, ऊन, रौंहरूबाट सुन्दर वस्त्र, बर्को, कम्बल, राडी आदि तैयार पार्न सक्ने किरात, करोडौं र अरबौं सामाजिक कार्यमा दान दिन सक्ने किरातहरूको बारेमा हाम्रा नेपालका इतिहासकारहरूले गन्ध पनि सुङ्न सकेका छैनन् जस्तो लाग्छ । खालि मङ्गोल र गुफामा बस्ने, सुँगुरको शिकार खेलेर जीविका गर्ने जंगलीदेखि बाहेक नेपालका इतिहासकारहरूले किरातहरूलाई अरू उच्चकोटिका पनि किरात थिए भनेर जानेका छैनन् । सूर्यविक्रम ज्ञवाली जस्ता अरू पनि छन् इतिहासकार । केही इतिहासकारहरूले किरातहरूलाई दोधारेमा राखेका छन् । तर हामीले झूठो इतिहासलाई कैलेसम्म साँचो मान्ने ?

फेरि किरातहरू स्वयं आज सचेत छैनन् । आफ्नो इतिहास पढ्न चाहँदैनन् । यो के विडम्बना हो ? जे होस् महाभारतकालसम्म किरातहरूको स्वर्णयुग थियो । त्यहाँदेखि खिहिंदै आएर ऐलेका किरात हौं भन्नेहरू गर्जेका छन् । कैयौंले हामी किरात हौं भन्ने इतिहासै बिर्सेका छन् । किरात शब्द सुन्दा नाक चेपार्छन् हामी किरात हौं र ? भन्छन् । कैयौंले आफैंले आफ्नै छाया देखेर तर्सिने गरेका छन् । यो मेरो छाया हो र ? भनेर सोध्ने गरेका छन् । कुसंस्कारले, कुशिक्षाको ज्वरले, आफ्नै इतिहासको हत्या गर्नाले यस्तो भ्रम फैलन गयो । विदेशीहरूले भ्रम फैलाइदिए । तैपनि अब चेत आउँछ कि ! हेरौं ।

किरातराजा कुणिन्द

किरातराजा कुणिन्द पनि किरातसम्राट् भगदत्त, सुबाहु आदिजस्तै ख्यातिप्राप्त र इतिहासमा महत्त्वपूर्ण स्थान पाएका राजा थिए । महाभारतकालमा अर्थात् आजभन्दा पाँच हजार वर्षपूर्व भएको

महत्त्वपूर्ण दुइवटा घटना किरात-इतिहासको लागि सारै नै महत्त्वपूर्ण घटना थियो। तर एकै शब्दमा भन्दा महाभारतकाल भन्नु अत्युक्ति हुँदैन। ती दुइ घटनाहरूमध्ये एक युधिष्ठिरको राजसूय यज्ञ थियो भने दोस्रो घटना कुरुक्षेत्रको युद्धको घोषणा थियो। यी दुवै घटनालाई लिंदा किरातराजा कुणिन्दको उल्लेख पनि महत्त्वपूर्ण ढङ्गले सभापर्वमा भएको देखिन्छ। इतिहासको दृष्टिले हेर्दा सभापर्व महाभारतको मुटु हुन पुगेको छ।

यसमा त्यतिखेर भेला हुने महत्त्वपूर्ण राजामहाराज र केही देशहरूको नामसहित उल्लेख भएको छ। जस्तै—राजाहरूमा जटासुर, मन्द्रकान्त (भद्रकान्त), राजा कुन्ति र किरातराज कुणिन्दका नाम[1] यसमा उल्लेखनीय छन्। यसरी नै देशहरूमा अङ्ग (·····), बङ्ग, पुण्ड्रक, पाण्ड्य (वर्तमान केरलप्रान्त), उड्र (वर्तमान उडिसा) तथा आन्ध्र देशका राजा-महाराजहरू जुटेका थिए। यीमध्ये केही राजामहाराजहरूका देश यसैमा निर्देश भए पनि यस देशको यही नै राजा हो भन्नेचाहिं अझ पुष्ट प्रमाणहरूको आवश्यकता देखिन्छ। तर यति अवश्य भन्न सकिन्छ कि यी युधिष्ठिरका सहयोगी अथवा राजनीतिक दबाउमा परेका राजामहाराज थिए। साथै यस यज्ञमा कतै समुद्रतटका राजा-महाराज थिए भने कतै द्वीपवासीहरू पनि थिए। कतै हिमालयभेकका राजा-महाराजहरू पनि थिए। त्यतिखेर पनि किरातहरू काश्मीरको हिमालय-देखि लिएर बर्मा अराकान, कच्चिनसम्म फैलिएर बसेका थिए। यसै गरी मध्यदेशमा विन्ध्यापर्वतको दुवै पाटा र नर्मदा=रेवानदीका घाटी सतपुडा पहाडका पूरा मेकल पर्वत र सेरोफेरो किरातहरू नै वसोबास गर्दथिए। त्यसको प्रमाण खजुराहो, राजस्थानको किराडू (किरातकूप) आदि आज पनि छँदैछन्। किराड र भील आदि आज पनि आफ्नो पुरानै मातृपितृभूमिमा बसेकै छन्। यसरी किरातहरूले दक्षिण र पूर्वीय भारतको समुद्रतट आन्ध्र, मैसूर, केरल, उडिसा आदि र अनूपद्वीप आदिमा पनि बसोबास गरेका थिए भन्ने प्रमाण यत्र तत्र महाभारतकै उल्लेखबाट प्रष्ट भएको छ।

परन्तु यहाँ प्रसङ्गमा आएका किरातराजा कुणिन्द कुन देशका राजा थिए ? भन्ने प्रश्नको उत्तर भने अवश्य सोचनीय छ। भगदत्त प्राक्ज्योतिषपुरका किरातसम्राट् थिए। किरातराजा सुबाहु वर्तमान गढवालका राजा=शासक थिए। वाणासुर शोणितपुरकै शासक थिए। भीष्मक वर्तमान अरुणाचलका राजा शासक थिए। परन्तु किरातराजा कुणिन्दको राज्यशासन डा० चारुदेव वर्माले दक्षिण आन्द्रप्रदेशका राजा थिए भनेर लेखेका छन् (कुछ ऐतिहासिक विचार, पृ० नं० २१५)। परन्तु सत्यकेतु विद्यालङ्कारले वर्तमान हिमाञ्चलप्रदेशभित्र पर्ने कुल्लुप्रदेश भनेर लेखेका छन्। चारुदेव वर्माको प्रमाण उपर्युक्त श्लोक नै हो। परन्तु विद्यालङ्कारजीले प्रमाण दिएका छैनन्। तर कुणिन्दका केही तथ्य दक्षिण भारतमा नभएर उत्तर भारतको यमुना नदीको भेक र कुल्लुप्रदेशमा नै पाइन्छ। यसमा उल्लेख त होइन अपितु जनजिब्रो एक क्षणको लागि अगाडि सार्न सकिन्छ। 'कणिन्दको पोलियो' कुल्लु र यमुनाको घाटीमा प्रचलित छ। उनीहरूले पनि 'किरात' र राजा भन्न त भुले। तर 'कुणिन्दको पोलियो' 'कुणिन्दलाई पोल्यौ' भन्ने अर्थ

---

[1] जटासुरो मन्द्रकान्तश्च राजा कुन्तिः कुणिन्दश्च किरातराजः।
तथाङ्गवङ्गौ सह पौण्ड्रकेण पाड्योड्रराजौ सह चान्ध्रकेश ॥

(म० भा० स० प० अ० ४।२१)

(क) 'शूरसेना भद्रकारा···कुणिन्दाः कुन्निभिस्सह' भनेर 'किरात' विशेषणविना पनि किरातराजा-महाराजहरूको नाम लेखिएका छन्। अन्वेषणीय छ।

आज पनि छँदैछ । यो कुल्लु हिमाञ्चलप्रदेशभित्र पर्छ । साथै कुल्लुका राजा बुद्धिसिंह प्रसिद्ध राजा थिए । कुल्लुको राज्य पनि भारतमा गाभिएको हो । यता यमुनाको नदी गढवालको जिल्ला उत्तरकाशीको र हिमाञ्चलप्रदेशको सिमाना भएर वगेकी छ । यमुनादेखि पारिपट्टि व्यासा नदीको घाटी यसबीच आजको शिमला, कोटरवाई, कोटघर, रामपुर, किनोर, लाउस्पीति आदि हिमालको फेदी र तल अम्बाला आदिसम्म किरातराजा कुणिन्दकै शासन थियो । यो भू-भाग धेरै ठूलो छ । हिसाबमा आजको नेपालभन्दा धेरै ठूलो मानिन्छ । राजधानीको सूत्रपात किनोरमा गरेको केही प्राचीन ज्ञात र अज्ञात खण्डहरहरूले बताउँछ। किरातराजा सुबाहुको यमुनावारिपट्टि आज उत्तरकाशी, गङ्गा नदी, अलकानन्द नदी तथा पिण्डर नदी र पौडीसम्म देहरादून सहारनपुरसम्मको भूभाग तथा हिमालयसम्मको भूभागमा शासन थियो । वर्तमान पिण्डर नदी नै कूर्माचल राज्यको सिमाना रह्यो होला । महाभारतकालमा कालीगङ्गादेखि पश्चिम र पिण्डर नदी तथा ग्वालदमदेखि पूर्व खन्नेङ र लिपुधुरा हिमालयदेखि दक्षिण र पीलीभित, हरिद्वार आदिसम्म कत्युरी किरातराजाको शासन थियो। परन्तु नेपाल महाभारतकालमा एउटा सम्मानित राष्ट्र वा देशको रूपमा रहे पनि क्षेत्रफल सारै ठूलो थियो जस्तो लाग्दैन । अथवा भए पनि दुइजना अथवा तीनजनासम्म राजाहरूको राज्य भएको अनुमान गर्न सकिन्छ । कूर्माचलको सिमाना महाकाली नदीदेखि पश्चिम थियो । यता महाकालीदेखि पूर्व र कालीगण्डकीदेखि पश्चिम-उत्तरमा नाम्पी हिमाल, अन्नपूर्ण, माछापुछ्रे हिमाल र दक्षिण गङ्गाघाटीका केही भाग घटोत्कचको अधीनमा भएको बुझिन्छ । तर यसबीचमा बर्वरीको पनि शासन थियो भन्ने इतिहासलाई नकार्न सकिंदैन । कालीगण्डकीदेखि पूर्वका भूभाग, सिक्किम, इन्द्रकील पर्वतदेखि पश्चिम-उत्तरमा सगरमाथा, कुम्भकर्ण हिमाली भाग र दक्षिणमा विदेहराज्यदेखि उत्तर यति क्षेत्रफलभित्र यलम्बर आदि किरातराजाहरूले राज्य गर्थे । सबैभन्दा सुदृढ, बलियो, व्यवस्थित, शक्तिशाली किरातराष्ट्र प्राक्ज्योतिषपुर, अनूपद्वीप, त्रिपुरा, यामुन, बदरी आदि नै थिए । यी राज्यहरूमध्ये एक शक्तिशाली राज्य कुणिन्द राज्य यामुनक्षेत्रमा थियो, जसलाई कुल्लु व्यासा यमुनाको घाटी र त्यसको बीचमा बसेको हुनाले यामुनप्रदेश अथवा व्यास यामुनप्रदेश भन्ने गरेका छन् । संक्षेपमा इतिहास, भूगोलको विधि पुऱ्याउने शब्दले भन्ने हो भने व्यासानदी र यमुनानदीको घेराभित्रको प्रदेश शक्तिशाली शासक किरातराजा कुणिन्दको थियो । किरात-इतिहासमा यसको गौरवपूर्ण उल्लेख छ । पाण्डवहरू किरातराजा सुबाहुको देश बदरीकाश्रमबाट कुणिन्द[१] (कुलिन्द) देशमा पनि गएका छन् । पाण्डवहरूले आफ्नो साथमा इन्द्रसेन नाम गरेको भान्से पनि साथै राखेका थिए । कुणिन्द राजाको देशमा जाँदा पाण्डवहरू पैदलै हिंडेका थिए । कुणिन्द देशमा पुगे पनि सातवलेकर सम्पादित महाभारतमा किरातराजा कुणिन्दले स्वागत भने गरेका छैनन् । परन्तु दिल्ली संस्करण महाभारतमा किरातराजा कुणिन्दले पनि पाण्डवहरूको स्वागत गरेको उल्लेख पाइन्छ ।

किरातहरूको स्वर्णिमकाल महाभारतका प्रसिद्ध रणवाकुरे राजा कुणिन्द र सुबाहुको देशको सिमाना महाभारतकालमा अर्थात् ईसाभन्दा तीन हजार वर्षपूर्व यमुना नदी नै थियो । किरातराजा-महाराज, सम्राट्हरूमा भगदत्तपछि किरातराजा कुणिन्दकै नाम उल्लेखनीय छ । राजा कुणिन्द सुसम्पन्न राष्ट्रको शासक थिए । कुणिन्द वीरवर, योद्धा, साहसी थिए । महाभारतको युद्धमा किरातसम्राट् भगदत्तको जस्तै किरातराजा कुणिन्दको पनि नाम पढ्न पाइन्छ ।

---

[१] राज्ञः कुणिन्दाधिपतेः परिदाय महारथाः ।
पद्भिरेव महावीर्या ययुः कौरवनन्दनाः ।
[म० भा० व० प० १४०।२८]

कुणिन्ददेश पहाड अर्थात् पर्वतीय भाग तथा मैदानभाग दुवै बराबर थियो भन्ने इतिहास राजाको हात्तीपालन र हात्तीसधाइवाट बुझिन्छ। आजको हिमाञ्चलप्रदेशमा पर्ने कुलूको घाटीदेखि लिएर आजको उत्तरकाशी गढवालको यमुना नदीको घाटीमाथि हिमालयदेखि लिएर तल मैदान आजको हरियाणा रियासतमा पर्ने जिल्ला कुरुक्षेत्रदेखि उत्तर पञ्जाबमा पर्ने लुधियाना, होशियारपुर आदि सबै किरातराजा कुणिन्दकै राज्यमा पर्थ्यो। कुणिन्ददेश र कुणिन्दराजा एकै नामले उल्लेख भएको पाइन्छ। कुणिन्द-राजपुत्रको पनि उल्लेख भएको पाइन्छ। पितापुत्र दुवै हात्ती सधाउनु र युद्धकलामा वीर, कुशल थिए भन्ने कुरा प्रष्ट हुन्छ।

कुणिन्ददेशको किरातराजाको काला रङ्गका हात्तीले पाण्डवहरूको सेनामा तहल्का मच्चाएका थिए। बिजुलीको चमकको इशारामा लडाइँ लड्ने हिमाञ्चलप्रदेशका मदवाले हात्ती थिए। ती हात्ती साधारण थिएनन्। सुनको जालले सुसज्जित, युद्धको इच्छा राख्ने, युद्धमा अत्यन्त कुशल किरात-महावीरहरूले सुसज्जित हात्ती थिए। त्यसै वेला कुणिन्ददेशका राजपुत्रले आफैंले बनाएका फलामका वैज्ञानिक वाणहरूले कृपाचार्य जस्ता रणवाकुरेलाई व्याकुल बनाएका थिए। युद्धकुशल घोडा र सारथिहरूले पनि त्यसरी नै कृपाचार्यको दोहोलो काडेका थिए। तर अन्तमा कृपाचार्यले आफ्नो अमोघ वाण प्रयोग गरे र अत्यन्त युद्धकुशल हात्ती र कुणिन्द-राजकुमार मारिए। फेरि कुणिन्द-राजकुमारको सानो भाइ किरात-राजकुमारले गान्धारराज शकुनिको धज्जी उडाएर छोडे। तर सानो राजकुमारले जति नै बहादुरी देखाए पनि शकुनिले शिर काटिदिए। वीर किरात-राजकुमार सदाको लागि धराशायी भए।

दुवै राजकुमार मारिएपछि किरातराजा कुणिन्दको सेनामाथि कृपाचार्य र शकुनिले धावा बोले। तर पनि किराती सेनाले मैदान छोडेनन्। फेरि तेस्रो कुणिन्द-राजकुमारले दुर्योधनैमाथि आक्रमण गऱ्यो। तर दुर्योधनको वाणले कुणिन्दराजकुमारको हात्ती घाइते भयो। त्यस हात्तीलाई छोडेर कुणिन्द-राजकुमारले अरू हात्ती, घोडा र सेनालाई अगाडि बढाए। तर ती सबै स्वाहा भए। त्योभन्दा पूर्व कुणिन्द-राजपुत्रले[1] नकुलपुत्र शतानीकलाई पनि घायल पारेका थिए। यसरी किरातराजा कुणिन्दका राजकुमारहरूले पनि आफ्नो पिता कुणिन्दराजजस्तै वीरता देखाएर महाभारतजस्तो ईसापूर्वको तृतीय विश्वयुद्धमा अमर भए। जब पनि किरात-इतिहास पढिनेछ, किरातराजा कुणिन्द र राजकुमारहरूको अमर नाम स्मृतिपटलमा अवश्य रहनेछ। यसरी कुणिन्दले आफ्नो सल्लाह र बहादुरी देखाएको छ। कुणिन्दराजकुमारहरूले कर्णपर्वमा वीरगति प्राप्त गरेका थिए भने स्वयं किरातराज कुणिन्दले द्रोणपर्वमा अभूतपूर्व वीरता देखाएका छन्। कुणिन्दले सात्यकिलाई हरबर पार्दै गए।

सात्यकिको दोहोलो काड्दै गए पनि आखेरी कुणिन्दराजले सात्यकिकै हातबाट वीरगति प्राप्त गरे।

यसरी किरातराजा कुणिन्दले महाभारतको युद्धमा करोडौंको खर्च गरेर आफ्ना राजकुमारहरूलाई गुमाएर आफैंले पनि कुरुक्षेत्रको रणभूमिमा नै वीरगति प्राप्त गरे। यसरी पाण्डवपक्षबाट प्रहार गर्दै आफ्नै वीरतामा अमर रहे।

---

१. (म० भा० कर्ण प० ६२।३७, ३८, ३९, ४४, ४६, ५०, ५२)

(क) (म० भा० क० ५।१९)

(ख) (म० भा० द्रो० प० ९७।१४
" " " " ९७।४०)

किरातराजा सुबाहु

पाँच हजार वर्षपूर्व वर्तमान गढवालमा किरातराजा सुबाहुको राज्य थियो। किरातराजा सुबाहुको राजधानी वर्तमान गढवालको पुरानो राजधानी श्रीनगरमै थियो। किरातराजा सुबाहुको राज्यशासन समाप्त भएपछि पनि फाटाकफुटुक शासकहरू थिए। तर उनीहरूको इतिहास स्थिर रहन सकेन। किरातराजा सुबाहुको इतिहास कपोलकल्पित होइन। आजभन्दा अर्थात् ईसापूर्व तीन हजार वर्षपूर्वको इतिहासमा प्रष्ट छ।

अर्थ—ततः = त्यसपछि, क्रमेण=क्रमैले, यथागतेन पथा=जुन बाटोबाट आएका थिए, समग्राः नृवीरा= सम्पूर्ण नरहरूमा उत्तम वीरहरूले, सुखिनो मासं विहृत्य = सुखपूर्वक एक मास बिताएर, बदर्यां = वर्तमान बदरिकाक्षेत्रमा, किरातराज्ञो सुबाहोः विषयं-उपययुः = किरातराजा सुबाहुको देशमा (गढवालमा) गए।

यहाँ किरात-इतिहास लेख्दा 'किरातराज्ञो सुबाहोः[1] विषयं बदर्याम् उपययुः' अर्थात् किरातराजा सुबाहुको विषय = देश, बदरिकाश्रमतिर ती वीरहरू गए भन्ने शब्दार्थले किरात-इतिहास प्रष्टिएको छ, जसलाई आजको गढवाल प्रान्त भनिन्छ। त्यस गढवालको आधुनिक राजधानी चानपुर, श्रीनगर, पौडी तथा टिहरीमा पुगेपछि गढवालको राजकाज सकियो। राजाले गर्ने राज्य पनि सिद्धियो। टिहरी गढवालको अन्तिम राजा मानवीन्द्र शाहा थियो। ऐले पनि दिल्लीमा छँदैछ। गढवाल ऐले पौडी, चमोली, देहरादून, टिहरी र उत्तरकाशी जिल्लामा बाँटिएको छ। जिल्ला चमोलीभित्र केदारनाथ बदरीनाथ धाम पर्छ भने जिल्ला उत्तरकाशीभित्र यमुनोत्तरी र गङ्गोत्तरी, बूढाकेदार आदि धामहरू पर्छन्। देहरादून जिल्ला गोर्खालीहरूले बसोबास गर्ने ठाउँ र अंग्रेजहरूको समयमा 'मन्सुरी' पहाडमा सामान ओसार्ने अड्डा हो। यसै देहरादूनमा गढवालको राजा प्रद्युम्न शाहा गोर्खाली वीरद्वारा मारिएका थिए। यसै देहरादूनभित्र पर्ने 'खलङ्गा' को किलाबाट गोर्खाली वीर बलभद्रले धावा गर्दा जर्नेल जिलेस्पी मारिएका थिए। देहारादूनकै युद्धले विश्वमा 'गोर्खा' भन्ने शब्द चम्कियो। यसै देहरादून जिल्ला र टिहरी जिल्लासँग लागेको पौडी गढवाल छ। वास्तविक पौडी समुद्रतलदेखि लगभग दश हजार फीट उँचाइमा छ। अत्यन्त सुन्दर रमणीक ठाउँ छ। पौडीबाट प्रायः सम्पूर्ण हिमालय देखिन्छ। यसै पौडीको फेदमा अलखानन्द नदीको किनारैमा आज पनि श्रीनगर शहर वसेको छ। यसमा कमलेश्वरमहादेव किरातकालिक स्थापना हो र आज पनि विद्यमान छ। मन्दिरको जीर्णोद्धार कैयौंफेर भएको छ। श्री ५ रणबहादुर र राजेन्द्रका पालाका ताँवापत्रहरू छन्। पुरानापुराना मन्दिरहरू आज पनि छन्। अलखानन्द नदीको किनारमा धेरै प्राचीन मन्दिरहरू र मूर्तिहरू छन्। तीं किरातराज सुबाहुका पालादेखि लिएर वि० सं० ८ शताब्दीको शङ्कराचार्यले स्थापना गरेका मूर्तिहरू पनि छन्। यसै श्रीनगरको लाइनमा श्रीनगर शहरदेखि उत्तर २० मील टाढा रुद्रप्रयाग छ। यो लेखक पनि रुद्रप्रयागमा पूरा पाँच वर्षसम्म बसेको थियो। रुद्रप्रयागबाट बदरीनाथ र केदारनाथ जाने बाटो छुट्टिन्छ। केदारनाथ जाने बाटोमा अगस्तमुनि पर्छ। त्यसपछि गुप्तकाशी र गौरीकुण्ड पुगेपछि सात मील बाँकी रहन्छ

---

[1] ततः क्रमेणोपययुर्नृवीरा यथागतेनैव पथा समग्राः।
विहृत्य मासं सुखिनो बदर्यां किरातराज्ञो विषयं सुबाहोः ॥
[म० भा० व० आजगर प० अ० १७७।११]

(क) तुलना गर्नुहोस्—आसीन्म्लेच्छः पुरा कश्चित्सुबाहुर्नाम विश्रुतः।
मृगया सुरतो धन्वी श्लेष्मान्तकवनेऽवसत् ॥ [स्क० पु० हि० ख० ७८ अ० २१]

केदारनाथ पुग्नलाई। यस लाइनमा जति प्राचीन मन्दिर र मूर्तिहरू छन्, ती सबै किरातराजा सुवाहुका पालाका नभए पनि कैयौं मूर्तिहरू र खण्डहरहरू किरातराजा सुबाहुकै पालाका छन्। यीमध्ये वसुकेदार र 'दाणकोट' मा पर्ने मूर्तिहरू निश्चित महाभारतकालकै हो। स्वयं केदारनाथको स्थापना पाण्डवहरूले गरेका हुन् भनिन्छ। तर इतिहास कोट्याउँदा ती क्षेत्र अर्थात् समस्त गढवालमा पाइने प्राचीन मूर्ति र मन्दिरहरूको खंडहर विशेष किरातराजा सुबाहुकै पालामा स्थापित भएको इतिहास ती मूर्तिहरू र खण्डहरहरूले तथा शैलीले नै बताउँछन्। यी स्थल वा देवमन्दिरहरूमा आज पनि सयकडौं किरात-फेसका देवमूर्तिहरू छन्। रुद्रप्रयागबाट अर्को बाटो बदरीनाथ जाने बाटो छुट्टिएको छ। गढवालमा यो लाइन पनि उत्तिकै महत्त्वपूर्ण इतिहासको पोका देखिन्छ। अब रुद्रप्रयागदेखि महत्त्वपूर्ण स्थान कर्णप्रयाग, नन्दप्रयाग, विष्णुप्रयाग यी तीन प्रयाग आउँछन्। देवप्रयाग श्रीनगर राजधानीभन्दा तलै पर्छ। हरिद्वारबाट ऋषिकेश, त्यहाँदेखि देवप्रयाग अनि श्रीनगर राजधानी पुगिन्छ। यहाँ कुरा रुद्रप्रयागदेखि चलेको हो, तापनि तीन प्रयागहरूको मध्यमा अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक र पुरातात्त्विक स्थलहरू पर्छन्। यी हुन् नन्दप्रयाग र विष्णुप्रयागको माझमा पर्ने स्थानहरू। नन्दप्रयागबाट लगत्तै अगाडि बढेपछि चमोली भन्ने ठाउँ आउँछ। यो चमोली जिल्लाको सदरमुकाम हो। यो पनि अलखानन्दकै किनारामा पर्छ। ऐले चमोली सदरमुकामको बजारचाहिं खास गोपेश्वर हुन पुगेको छ। यो गोपेश्वर पुरातत्त्वको दृष्टिले अत्यन्त प्राचीन मन्दिर भएको ठाउँ हो। स्वयं गढवालको पुरातत्त्व विभागले पनि प्राचीन मानेको छ। यसै गोपेश्वरको मन्दिरमा नेपाल डुल्लुका राजा क्राचल्ल र अशोक चल्लको त्रिशूललेख छ। यो गोपेश्वर मन्दिर भगवान् शङ्करको मन्दिर हो। केदारनाथ र गोपेश्वर दुवै भगवान् शिवका मन्दिर हुन्। यी मन्दिरहरू किरातराजा सुबाहुकै पालामा स्थापित भएका हुन्। तर तुङ्गनाथ अलि पछिका मन्दिर हुन्। परन्तु रुद्रनाथ पनि प्राचीनै हो। अब चमोली गोपेश्वरदेखि अगाडि बड्दा किरातकालिक महत्त्वपूर्ण अवशेष भएको स्थल आउँछ। त्यो हो जोशीमठ। ज्योतिर्मठ पनि भन्दछन्। यहाँ आठौं शताब्दीका शङ्कराचार्यसँग जोडिएका धेरै कुराहरू छन्। तर ती सबै सत्य होइनन्। शङ्कराचार्यभन्दा हज्जारौं वर्ष पुराना अवशेषहरू छन्। तीमध्ये जोशीमठको वासुदेव मन्दिरको अवशेष किरातराजा सुबाहुका पालाका उल्लेखनीय छन् भने जोशीमठदेखि उत्तर २५ किलोमिटरमा पर्ने तपोवनका खण्डहरहरूले किरातकालिक इतिहासलाई बताइराखेका छन्। परन्तु यी दुइ ठाउँमा प्राचीन मूर्तिहरू छैनन्। प्रायः हराइसके। मन्दिरहरू भने आज पनि खण्डहरको रूपमा आफ्नो इतिहासलाई प्रष्ट पारेरै बसेका छन्।

यसरी जोशीमठबाट अगाडि लागेपछि विष्णुप्रयाग आउँछ। यहाँ अलखानन्द र विष्णुगङ्गा मिलेको दोभान छ। यहाँबाट अगाडि महत्त्वपूर्ण स्थान आउँछ पाण्डुकेश्वर। गोपेश्वर र पाण्डुकेश्वर मन्दिरहरूमा प्रष्ट किरातकालिक छाप छ। पाण्डुकेश्वरमा पनि प्राचीन मन्दिर छ। यो मन्दिर भगवान् शङ्करको मन्दिर हो। यो किरातकालकै मन्दिर हो। यसमा वि० सं० पाँचौं शताब्दीको ताम्रपत्र पनि छ। बदरीनाथ भगवान् विष्णुको मन्दिर हो। यसलाई शङ्कराचार्यले जीर्णोद्धार गरेको भनिन्छ। तर मन्दिर अवश्य पनि जीर्णोद्धार भएकै हो। अत्यन्त प्राचीन बदरीनाथको मूर्ति छ। यसको इतिहास बौद्धहरूसँग जोड्ने गरेका छन्। हुनसक्छ आपसीमा केही भयो होला। तर मूर्ति किरातकालिकै हो। यसरी किरातराजा सुबाहुको शासनकाल तथा त्योभन्दा पूर्वको किरातराजा-महाराजहरूका स्थापना गरेका मन्दिर र मूर्तिहरू आज पनि गढवालमा अज्ञातरूपमा यत्रतत्र परेकै छन्। यसरी किरातराजा सुबाहुले आफ्नो क्षेत्र अर्थात् बदरिका-क्षेत्रमा (गढवालमा) स्वर्णिम युगमा शासन गरेका थिए। कलियुग लाग्नुभन्दा केही पूर्व नै अर्थात् ई०

सं० भन्दा तीन हजार वर्षपूर्व किरातराजा सुबाहुले गढवालमा राज्य गरेका थिए। सुबाहुको राजधानी श्रीनगर नै भए पनि गर्मीको दिनमा ज्योतिर्मठमा थियो।

किरातराजा सुबाहुका अतिथि पाण्डव

जब पाण्डवहरू वनबास लागे, त्यतिखेर अनेक वन, पर्वत, हिमालय, खोला, नाला, अनेक राष्ट्र, राज्य आदि भ्रमण गर्दै किरातराजा सुबाहुको राज्यमा पनि पाण्डवहरूले खुट्टा टेके। किरातराजा सुबाहुको राज्यशासनभित्र पर्ने बदरिकाश्रम तथा त्यहाँका ऋषि, मुनि, विद्वान् आदिले सुशोभित बदरिकाश्रमको शोभा देखेर पाण्डवहरू अत्यन्त प्रसन्न भए। जहाँ पाण्डवहरूले एक रात निवास गरेका थिए, त्यस आश्रमको नाम थियो 'नारायणाश्रम'। त्यस आश्रमबाट फर्केर आउँदा जुनबाट पहिले गएका थिए, उसैबाट फर्के। त्यहीं किरातराजा सुबाहुको[1] राज्यको राजधानीमा पुगेका थिए। त्यहाँ चीन, तुषार, दरद र कुणिन्द-देशको पृथिवीमा उत्पन्न भएका रत्नले परिपूर्ण हिमालयको दुर्गम देशका राजा सुबाहुको राजधानीमा पुगे।

वीर किरातराजा सुबाहु मेरो राज्यमा पाण्डवहरू आएका छन् अरे भन्ने सुनेपछि पाण्डवहरूसँग मिल्न गए। मेरो राज्यमा पाण्डवहरू आए भनेर किरातराजा सुबाहु धेरै खुशी भएका थिए। त्यहाँ विशोक आदि पुत्र र इन्द्रसेन आदि भोजन बनाउने भान्से, परिचारक आदिसँग मिले, प्रसन्न भए। यस प्रकार किरातराजा सुबाहुको राज्यमा पाण्डवहरू सपरिवारले एक रात सुखपूर्वक बिताएका थिए। राजा सुबाहुकै राज्यबाट अनुचर घटोत्कचलाई पाण्डवहरूले विदा गरिसकेका थिए। यस प्रकार आफ्नै सारथि र रथहरूलाई (?) लिएर किरातराज कुणिन्दको राज्य यमुना नदी पार गरेर यामुनपर्वतमा गए।

यस प्रकार किरातराज सुबाहुले पाण्डवहरूलाई एक रात भए पनि आनन्दसित निर्भयपूर्वक बिताउन दिएका थिए। त्यति गर्न पनि दुर्योधनको चकचके शासनमा ठूलो साहसको काम थियो। यो क्रम पाण्डवहरूको वनबासको थियो। राजनीति भनेको हमेशा गन्दा नीति हो। यो नीति ऋग्वेद, ब्राह्मण, पुराण, रामायणदेखि लिएर महाभारतसम्म पनि चल्दै आयो र महाभारतको युद्धमा दाजु किरातराजा सुबाहु र राजकुमार भाइ युयुत्सु दुवैले आपसमा घोर युद्ध गरे। परिणामस्वरूप बाणैबाणको घेराभित्र परेका दाजु

---

[1] ततः क्रमेणोपययुर्नृवीरा यथागतेनैव पथा समग्राः।
विहृत्य मासं सुखिनो बदर्यां किरातराज्ञो विषयं सुबाहोः॥
चीनांस्तुषारान्दरदान्सदार्वान्देशान्कुणिन्दस्य च भूरिरत्नान्।
अतीत्य दुर्गं हिमवत्प्रदेशं पुरं सुबाहोर्ददृशुर्नृवीराः॥
श्रुत्वा च तान्पार्थिवपुत्रपौत्रान्प्राप्तान्सुबाहुर्विषये समग्रान्।
प्रत्युद्ययौ प्रीतियुतः स राजा तं चाभ्यनन्दन् वृषभाः कुरुणाम्॥
समेत्य राज्ञा तु सुबाहुना ते सुतैर्विशोकप्रमुखैश्च सर्वैः।
सहेन्द्रसेनैः परिचारकैश्च पौरोगवैर्ये च महानसस्थाः॥
सुखोषितास्तत्र त एकरात्रं सुतानुपादाय रथांश्च सर्वान्।
घटोत्कचं सानुचरं विसृज्य ततोऽभ्ययुर्यामुनमद्रिराजम्॥ (म० भा० आ० पं० १७४।११-१५)

सुबाहुको भाइ युयुत्सुले दुवै हात काटिदिए। दाजु सुबाहु[1] कौरवपक्षमा थिए भने भाइ युयुत्सु पाण्डवपक्षमा लागेर लडेका थिए। सुबाहु धेरै ठूला वीर तथा धनुर्विद्या-पारङ्गत थिए। सुबाहुले[2] अर्जुनको पनि छक्का छोडाएका थिए। सुबाहुले अर्जुनलाई दश बाण हानेका थिए। किरातराजा सुबाहुले महाबली भीमसेनलाई[3] पनि छोडेनन्। भीमलाई कैयौं बाण हानेर घाइते पारेका थिए। सुबाहुले वीर बलवान् राजाहरूको पंक्तिमा प्रायः महाभारतमा[4] सबै ठाउँमा आफूलाई उल्लेख गराएको देखिन्छ। किरातराजा कौरव र पाण्डव दुवैको तर्फ सम्माननीय थिए। त्यसैले उद्योग[5]पर्वमा निमन्त्रण दिने क्रममा सुबाहुको नाम उल्लेख भएको छ। सुबाहु पनि साधारण राजा मात्रै थिएनन्। महाभारतको शल्यपर्वमा सुबाहुको पूर्वविशेषण 'महारथ' लेखिएको छ। अर्थात् महारथ सुबाहु जस्ता वीर किरातक्षत्रियहरू पनि मेरो लागि रणभूमिमा सर्मपित छन् भन्दै अन्धा धृतराष्ट्रले आफ्नो दुःख पोखेका छन्, यद्यपि पहिले नै महाराज सुबाहुले कुरुक्षेत्रको रणभूमिमा वीरगति प्राप्त गरिसकेका थिए। यसरी भाइ-भाइको युद्धमा भाइ-भाइ नै मरे पनि किरातराजा सुबाहु महारथहरूमा एक महारथ थिए।

किरातराजा सुबाहुको राज्य जमुना नदी निक्लने कालिन्दहिमालयदेखि लिपुधुरासम्मको हिमालयदेखि दक्षिण र यमुनानदीदेखि पूर्व गङ्गा र अलकानन्दनदीको घाटी साथै आजको कूर्माचल (कुमाऊँ) रामगङ्गाको घाटी थियो भने पश्चिमको सिमाना यमुना, उत्तरकाशी, दक्षिणको सिमाना जमुनानगर, सहारनपुर थियो। पूर्वको सीमा कुमाऊँ नै थियो। अर्थात् आजको कुमाऊँ र गढवाल सम्पूर्ण क्षेत्रमा किरातराजा सुबाहुकै शासन थियो। अलि पछि कुमाऊँमा कत्युरीवंशले अधिकार गरेका थिए। कत्युरीहरू पनि किरातै भएका थिए।

यसरी किरातराजा सुबाहुको सिमानामा किरातराजा कुणिन्दको राज्य पर्दथियो। पूर्वको सिमाना नेपाल नै पर्थ्यो। तर नेपालको राजाको नाम भने खोज्नै बाँकी छ। यति भन्न सकिन्छ कि किरातराजा सुबाहुको राज्यशासन आजको महाकालीदेखि पारि नै थियो। किरातै भने पनि सुबाहुको नेपालसँगको सम्बन्ध प्रष्ट उल्लेख छैन। तर किरातराजा कुणिन्दसँगको सुन र रत्न आदान-प्रदानसम्बन्धी संकेत भने अवश्य मिल्छ। त्यसैले किरातराजा सुबाहुको आर्थिक स्थिति अत्यन्त राम्रो थियो भन्ने इतिहासले बुझाउँछ। 'कुणिन्दस्य च भूरिरत्नानाम्' भन्ने पदले विशेष रूपले रत्नहरूको व्यापार हुन्थ्यो भन्ने कुरा पनि प्रष्टै छ। प्रजा सम्पन्न नभएसम्म राष्ट्रपति, प्रधानमन्त्री अथवा राजाले सम्पन्न हुने कुरै आउँदैन। किरातराजा सुबाहु सम्पन्न हुनुको अर्थ प्रजा सम्पन्न थिए। यसरी आजको गढवाल र कुमाऊँ मिलाउँदा एउटा ठूलो राष्ट्रको शासक राजा सुबाहु थिए भन्ने स्पष्टीकरण बुद्धिमा आउनु स्वाभाविकै हो। तर यति भएर पनि

---

[1] युयुत्सुं पाण्डवार्थाय यतमानं महारथम्।
सुबाहुर्भ्रातरं शूरं यत्ते द्रोणादवारयत्॥
सुबाहोः स धनुर्वाणास्यतः परिघोपमौ।
युयुत्सुः शितपीताभ्यां क्षुराभ्यामच्छिनद्भुजौ॥ (म. भा. द्रो. प. २४।१३, १४)

[2] (म. भा. द्रो. प. १७।२०)

[3] (म. भा. कर्ण प. ३५।८)

[4] (म. भा. द्रो. प. १७।६)

[5] (म. भा. उ. प. ४।१४)
(क) (म. भा. श. प. २।२०)

राजा सुबाहुको भाइ युयुत्सुसँग मेल थिएन भन्ने इतिहास पनि प्रष्टै छ। राजकुमार युयुत्सुले पनि दाजुको सम्मान गरेको देखिंदैन। जे होस् सुबाहु किरातहरूको स्वर्णिम युगको एउटा शक्तिशाली राजा थिए भन्नुमा अत्युक्ति हुनेछैन।

किरातराजा सुमना

किरातराजा सुमनाको पनि प्राचीन किरात-इतिहासमा स्वतन्त्र नाम उल्लेख भएको छ। परन्तु यवनक्षत्रियहरूको साथ उल्लेख भएको छ। किरातक्षत्रिय र यवनक्षत्रियहरू प्रायः पूर्व र पश्चिममा बसोबास गरेको उल्लेख पाइन्छ। तर सभापर्वमा भने किरातराजा सुमना र यवनराज, चाणूर, देवराज, भोज, भीमरथ जोडिएका छन्। यी अलग-अलग देशका राजा-महाराज हुन्। तर यसमा पनि किरातराजा कुणिन्द जस्तै नाम मात्रै उल्लेख भएको पाइन्छ। किरातराजाहरूको खोजको लागि अझ हैंसे नलगाई हुँदैन। महाभारतको सभापर्व अध्याय ४ को २२ श्लोकमा किरातराजा सुमनाको नाम प्रष्ट उल्लेख भएको छ।

किरातराजः सुमना[1] यवनाधिपतिस्तथा।
चाणूरो देवराजश्च भोजो भीमरथश्च य.॥

[म० भा० स० प० अ० ४।२२]

किरातराज सुमना, यवनराज, चाणूर, देवराज, भोज, भीमरथ यी छजना राजा-महाराजहरूको नाम उल्लेख गर्दा किरातराज सुमनाको नाम पहिले परेको छ। इतिहास प्रकाश पृ० नं० १३९ मा अत्रिदेवले किरातराज सुमनालाई मध्यदेशका शासक राजा थिए भनेर लेखेका छन्। साथै 'राजदूत' भन्ने पत्रिकामा 'सुमना' राजस्थान एरियाका राजा थिए। इतिहासमा अन्यत्र किरातराजा सुमनाको नाम उल्लेख भएको पाइएको छैन। तर महाभारतमा भने उक्त स्थलमा उल्लेख भएको पाउँछौं। 'पूर्वे किरातः' को प्रमाण मानेर लेख्दा 'यवन' क्षत्रियहरू तीन हजार वर्ष ई० सं० पूर्व आजको युनान देशमा बस्थे। यवनदेश किरातदेशजस्तै थियो। रिसर्च र प्रमाणाभावको कारणले धेरै भन्न नपाए पनि सुमना किरातराजा थिए। यसमा सन्देह छैन। उपर्युक्त पुस्तक र पत्रिकाहरूमा पनि स्वयं लेखकलाई सन्तोष भएको छैन। अरूलाई सन्तोष होस् नहोस्, परन्तु लेखकलाई आफ्नो काम र कलमबारेमा विश्वास भयो भने त्यस लेखकले आफ्नो परिश्रमद्वारा अकाट्य प्रमाण पनि जुटाएकै हुन्छ। हँ, हुनसक्छ ती प्रमाण पनि अर्का प्रबल प्रमाणद्वारा काटिन सक्छन्। तर कल्पनाभन्दा प्रमाण जुटाएर लेख्ने र घुमेर अनुभव गर्ने इतिहासकार कस्तै बेकूप दुनियाको नजरमा भए पनि ऊजस्तै परिश्रमी पाठक र इतिहासकारको समक्ष आदरनीय र प्रशंसनीय पनि हुन्छ। आफूले केही नगर्ने, एउटा कुनामा थुप्रिरहने, अर्को काम गर्नेमाथि यो भएन, त्यो भएन, हुँदैन आदि भन्दैमा त्यो परिश्रमी हेय हुन सक्दैन। हुन सक्छ त्यो परिश्रमी दिलको र दिमागको कमजोर अथवा फ्यातुलो छ भने हतोत्साह भएर हात बाँधेर बस्ला। त्यतिमै सिन्का नभाँच्ने आलोचकले पनि आफ्नो आलोचनाको सफलतामा फुर्फुरिन सक्ला। तर दुवैले विचार गर्ने हो भने न त्यसको आलोचनाको सिङ-पुच्छर छ, न त्यो काँतर हिकमतहारा लेखकले हात बाँधेर कलम बन्द गर्नुमा नै औचित्य छ।

---

[1] 'सुहनुर्दुर्मुखः शङ्खः सुमनाः……' [म० भा० स० प० ९।१३] 'किरात' पद नदीकन पनि नाम मात्र उल्लेख भएको छ। त्यसैले धेरै यस्ता किरातहरू किरात-पदविना पनि उल्लेख भएका छन्। त्यसैले धेरै खोजीको विषय छ।

वरु राष्ट्र र समाजको हत्यारा अवश्य सिद्ध हुन्छ। तोप र बम आदिले मात्रै हत्या हुँदैन। त्यसैले इतिहासकारले निष्पक्ष भएर, निडर भएर लेख्नु सक्नुपर्छ। यहाँ प्रसङ्गमा किरातराजा सुमनाको बारेमा अन्य ग्रन्थहरूको ऐलेसम्म प्रमाण पाइएको छैन भन्दैमा किरात-इतिहासको प्राचीन ऐतिहासिक पाना च्यातेर फाल्ने काम राम्रो होइन। इतिहास त लेखिएकै छ। तर त्यसको पुष्ट्याइँमा मात्र अभाव देखिन्छ।

किरातराजा सुमनाको जस्तै राज्यशासनको टुङ्गो लाउन गारो छ, त्यस्तै उसको देश कहाँ थियो ? कति वर्ष शासन गरे ? प्रजापालन र दौत्यसम्बन्ध, अर्थतन्त्र के कस्ता थिए भन्ने कुरामा धेरै जानकारी गर्न शेष छ। समय त निर्विवादै छ, पाश्चात्य संस्कारका व्यक्तिले गरेका समयको कल्पना ठीक छैन। महाभारतको समय निश्चित छ। महाभारतपछिका वा पूर्वका राजा-महाराजहरूका बारेमा भने निश्चित समय टुङ्गो लगाउनुपर्ने हुन्छ।

नेपालका किरातराजा

नेपाल ई० सं० तीन हजार वर्षपूर्व पनि एउटा स्वतन्त्र राष्ट्र वा देशकै रूपमा थियो भन्ने इतिहास महाभारतले प्रष्ट पारेको छ। साथै नेपालका राजाहरूलाई कर्णले जितेको इतिहास पनि लुकाउन सकिंदैन होला।

भगदत्तश्च निर्जित्य राधेयो गिरिमारूहत्।
हिमवन्तं महाशैलं युध्यमानश्च शत्रुभिः॥
प्रययौ च दिशः सर्वान् नृपतीन् वशमानयत्।
स हैमवतिकान् जित्वा करं सर्वानदापयत्॥
नेपालविषये ये च राजानस्तानवाजयत्।
अवतीर्य च ततः शैलात् पूर्वां दिशमभिद्रुत॥

[म० भा० व० प० २५४ अ० ५-७]

'कामरूप निवासी' महाराज भगदत्तलाई जितेपछि हिउँले ढाकिएका ठूला-ठूला पर्वतराज गिरिराजमा कर्ण पसे। अर्थात् भगदत्तलाई जितेपछि राधेय = कर्ण नेपालको पहाडी प्रदेशमा पनि दिग्विजयको लागि शत्रुहरूसँग युद्ध गर्दै पसे। सबै दिशाका राजाहरूलाई जितेर आफ्नो वशमा पारे। कर्णले पर्वतीय अर्थात् हिमाली भेकका राजाहरूलाई जितेर कर लिए। नेपाल देशमा जो राजा (किरातराजा) थिए, उनलाई जिते। त्यसपछि हिमालयभेकबाट उत्रेर कर्ण पूर्वदिशातिर लागे। यस इतिहासमा राजाहरूको नाम लेखिएको छैन। ती राजाहरूलाई जिते भन्ने मात्र उल्लेख देखिन्छ। तर प्रष्ट यस अर्थमा छ कि 'नेपाल देशमा जो राजाहरू थिए, ती राजाहरूलाई जिते भन्ने इतिहास भुल्नयोग्य छैन।'

यहाँ कर्णको दिग्विजयको प्रसङ्गमा आएको इतिहासले त्यतिखेर नेपालभित्र सासाना राजाहरू थिए भन्ने कुरा बुझिन्छ। अथवा नेपालको क्षेत्रफल ठूलो हुनुपर्छ किनभने 'राजानः' बहुवचन प्रयोगले धेरै राजा थिए भन्ने कुरा जनाउँछ। परन्तु नेपाल त्यतिखेर पनि राष्ट्र नै थिएछ भन्ने कुरामा दुइ मत नहोला। त्यतिखेर नेपालभित्र पहाड र तराईमा गरी तीन वा चारसम्म राजा हुनुपर्छ। तर यी सबै किरातक्षत्रियकुलकै राजा थिए। किरातक्षत्रिय राजाहरू आपसमा भाँडिएर फुट परिसकेको भान हुन्छ। कोली, लिच्छवि आदि किरातहरू मूल किरातहरूबाट टुक्रिने खण्डमा पुगिसकेका थिए होलान्। त्यसैले कर्णले

अन्त नपाएर नेपालमाथि पनि आक्रमण गऱ्यो। साथै कर्णलाई सफलता पनि हात लाग्यो। यसरी चारैतर्फ किरातहरूको बसोबासबारे धेरै उल्लेख पाइन्छ। नेपालका वंशावलीमा पाइने राजाहरूको नाम भने महाभारतमा जस्ताको तस्तै पाइँदैन। अरू पनि छ कि छैन, ऐले भन्न सकिने स्थितिमा छैन। शोधकै विषय छ। तर नेपालमा शक्तिशाली किरातराजा-महाराजहरू अवश्य थिए। नेपाल राष्ट्र पनि स्वतन्त्र थियो।

किरातराजाले सात सय हात्ती दिएका थिए

महाभारतको किरात-इतिहास हेर्दा 'किरात' शब्द सुन्नेबित्तिकै किरातहरूलाई गौरव मात्र होइन, अपितु ती हात्ती अब सुँगुरको रूपमा खिहिएर पुगेजस्तो देखिनु स्वाभाविकै हो। सञ्जयले इतिहास सुनाउँदैछ। महाराज युधिष्ठिर र महाभारतको वीरवर सात्यकिको आपसी कुरा हुँदैछ। महाभारतको युद्धमा किरात-राजामहाराज, सम्राट्हरू कौरव र पाण्डव दुवै पक्षमा लागेका थिए। देवराज इन्द्रका मित्र किरातसम्राट् भगदत्तले कौरवपक्षमा लागेर वीरगति प्राप्त गरिसकेका थिए भने अनूपद्वीपका किरात-सम्राट् नीलाम्बुद (नीलराज) पाण्डवपक्षमा लागेका थिए। साथै नीलराजले पनि कुरुक्षेत्रको युद्धभूमिमा वीरगति प्राप्त गरिसकेका थिए। धेरै म्लेच्छ किरातसेना, राजामहाराज तथा अन्य वीरवरहरू स्वाहा भइसकेका थिए। अब सिन्धुराज जयद्रथको पालो आएको छ। यसै अवसरमा महारथ सात्यकिले यो इतिहास युधिष्ठिरलाई सुनाउँदैछ। यी किरात (म्लेच्छ)-राजकुमार योद्धाहरूलाई भगवान् कृष्णले पनि महारथ भनेर पुकार्छन्। सधैं भगवान् कृष्णले[1] पनि आदरपूर्वक नै व्यवहारको साथ प्रशंसा गर्ने गरेका छन्। यस्ता किरातसैन्य आज मसँग लड्न तैयार छन्। उनीहरूसँग म लड्नेछु। साथै अर्जुनको पक्षलाई बलियो बनाएरै छाड्नेछु भन्दै यी कवचले आच्छादित सात सय हात्ती तपाईंका सामु उपस्थित छन्, जुन हात्तीहरूमा किरातयोद्धा वीरवरहरू सवार भएका छन्। पहिले किरातराजाले आफूलाई बचाव गर्नका लागि ती सात सय हात्तीहरूमा सुनको आभूषण अर्थात् गहना सजाएर अर्जुनलाई दिएका थिए। यी सम्पूर्ण हात्ती युधिष्ठिरजी तपाईंकै आज्ञाको पालन गर्थे। तपाईंकै दास थिए। परन्तु कालको कस्तो उल्टो गति रहेछ, किन्तु आज तपाईंको विरुद्धमा[2] युद्ध गर्नु तैयार छन्। यी प्रत्यक्ष उपस्थित किरात केवल युद्धमा मात्र होइन

---

[1] 'एतान् तु वासुदेवोऽपि रथोदारान् प्रशंसति'
यांस्तवेतानपरान्राजन्नागान्सप्तशतानि च।
प्रेक्षसे वर्मसंछन्नान् किरातैः समधिष्ठितान् ॥२७॥
किरात राजोयान् प्रादाद्गृहीतः सव्यसाचिना।
स्वलङ्कृतान् तथा प्रेष्यानिच्छञ्जीवितमात्मनः ॥२८॥

[2] आसन्नेते पुरा राजंस्तव कर्मकरा दृढम्।
त्वामेवाद्य युयुत्सन्ते पश्य कालस्य पर्ययम् ॥२९॥

तेषामेते महामात्राः **किराता** युद्धदुर्मदाः।
हस्तिशिक्षाविदश्चैव सर्वे **चैवाग्नियोनयः** ॥३०॥

एते विनिर्जितास्सर्वे संग्रामे सव्यसाचिना।
मदर्थमद्य संयत्ता दुर्योधनवशानुगाः ॥३१॥

एतान् भित्वा शरै राजन् किरातान् युद्धदुर्मदान्।
सैन्धवस्य वधे यत्तमनुयास्यामि पाण्डवम् ॥३२॥

अपितु हात्तीको माहुते तथा हात्तीहरूलाई पूर्ण शिक्षा दिनमा पनि अत्यन्तै कुशल छन् । यी किरातहरू अग्निबाट उत्पन्न भएका हुन् । यी सम्पूर्ण महावीर किरातहरूलाई पहिले अर्जुनले युद्धमा पराजित गरेका थिए । तर दुर्भाग्यले दुर्योधनको वशीभूत भएर आज म (सात्यकि)-सँग लड्न कटिबद्ध छन् । तथापि म आज यी किरातहरूलाई वाणले टुक्राटुक्रा पारेर सिन्धुराज जयद्रथलाई मार्न प्रयत्न गर्ने अर्जुनको लागि बाटो खुलस्त पारिदिन्छु । साथै म अर्जुनको अनुगामी पनि बन्नेछु । परन्तु यी महान् हात्तीहरू देखिंदैछन् । ती अञ्जन हात्तीका वंशमा उत्पन्न भएका हात्ती हुन् । यी हात्तीहरूका स्वभाव अत्यन्त क्रूर हुन्छन् । यी सबै हात्ती अत्यन्त शिक्षित छन् । यी हात्तीहरूको गण्डस्थलबाट मदका धारा चुहिराखेका छन् । यी हात्ती अत्यन्त खतरनाक छन् । यी सम्पूर्ण हात्तीहरू सुनको कवचहरूले विभूषित छन् । हे राजन् ! यी हात्तीहरूलाई आफ्नो लक्ष्य भेदन गर्न अत्यन्त कुशलतापूर्वक सिखाएका छन् । यी हात्तीहरू युद्धमा एक-एक ऐरावत हात्तीको समान पराक्रम राख्छन् । यस्ता हात्ती र यस्ता हात्तीलाई शिक्षा दिने किरातयोद्धाहरूसँग आज मैले लड्नुपर्नेछ । यी किरातहरू उत्तर पर्वतदेखि आएका छन् । कालो र रातो वर्णका वर्म धारण गरेका छन् । जो क्रूर स्वभावका छन् । निर्दयी डाकूहरू हुन् । परन्तु श्रेष्ठ योद्धा पनि छन् । उनै किरातहरू ती हात्तीहरूमा सवार भइराखेका छन् । उनीहरूमध्ये कैयौं गोयोनिबाट उत्पन्न भएका छन् । कैयौं वानरयोनिबाट उत्पन्न भएका छन् । कैयौं मनुष्ययोनिबाट पनि उत्पन्न भएका छन् । अरू पनि कैयौं योनिहरूबाट उत्पन्न भएका छन् । हिमालय पर्वतकै समान दुर्ग=किला बनाएर बस्ने यी पापी म्लेच्छहरूदेखि पापले परिपूर्ण भएर सम्पूर्ण सेना (पाण्डवसेना) धूवाँ जस्तो कालिमाले पूर्ण कालै देखिंदैछ ।

शूर, वीरता र कार्यकुशलताको कारणले गर्दा ती किरातराजा-महाराज र वीरहरूलाई दुर्योधनले सधैं सत्कार गरिराखेका हुन्छन् । त्यसैले दुर्योधनकै हितैषी भएका छन् । युद्धमा शत्रुहरूमाथि प्रहार गर्न अत्यन्त सिपालु छन् । विषधर[1] सर्पजस्तै क्रूर छन् । यस्ता किरातहरूका साथमा आज मलाई युद्ध गर्नुपरेको छ ।

यो उद्गार थियो पाण्डवहरूको पक्षबाट लड्ने अत्यन्त बलशाली महारथ सात्यकिको । किरातहरूको सेनादेखि पाण्डवपक्षका सबै डर्दथिए भन्ने इतिहास यी उपर्युक्त पंक्तिहरूबाट प्रष्ट हुन्छ । त्यसैले सात्यकिले पेट भरेर किरातवीरहरूलाई गाली दिनु स्वाभाविकै थियो ।

ये त्वेते सुमहानागा अञ्जनस्य कुलोद्भवाः ।
कर्कशाश्च विनीताश्च प्रभिन्नकरटामुखाः ।।३३।।

जाम्बुनदमयैस्सर्वैर्वर्मभिस्सुविभूषिताः ।
लब्धलक्ष्या रणे राजन् ! ऐरावतसमा युधि ।।३४।।

उत्तरात्पर्वतादेते तीक्ष्णैर्दस्युभिरास्थिता ।
कर्कशैः प्रवरैर्योधैः कार्ष्णायसतनुच्छदैः ।।३५।।

सन्ति गोयोनयश्चात्र सन्ति वानरयोनयः ।
अनेकयोनयश्चान्ये तथा मानुषयोनयः ।।३६।।

अनीकमसमतामेतद् धूमवर्णमुदीर्यते ।
म्लेच्छानां पापकर्तॄणां हिमवद् दुर्गवासिनाम् ।।३७।।

[1] किरातैश्च समेष्यामि विषकल्पैः प्रहारिभिः ।
लालितैः सततं राज्ञा दुर्योधनहितैषिभिः ।। (म० भा० द्रो० प० ८७।४९)

अग्निगर्भकिरात

वर्तमानकालिक किरातहरूले विचार गर्नुपर्ने आवश्यक इतिहास यो छ। हामी आर्य होइनौं, हामी हिन्दू होइनौं, हामी त मङ्गोलियन हौं, यो इतिहास ठीक छ कि छैन, यो पनि सोच्नु आवश्यक छ। किरातहरूको उत्पत्तिको बारेमा अन्यत्र कामधेनु आदिबाट उत्पत्ति भएको बताएको छ। परन्तु महाभारतमा किरातहरू[1] 'अग्नियोनि' (अग्निवंशमा उत्पन्न हुने) अर्थात् अग्निबाट उत्पन्न भएका हुन् भनेर लेखेका छन्। कैयौं ब्राह्मणहरूलाई[2] पनि अग्निबाटै उत्पन्न भएका हुन् भनेर लेखेका छन्। परन्तु द्रोणपर्वले किरातहरूबारे एउटा राम्रो इतिहास प्रस्तुत गरेको छ भन्न सकिन्छ। त्यसै पनि किरातहरू रणवाकुरा र युद्धदुर्मद त थिंदै थिए। त्यसको साथमा पनि 'महामन्त्राः' पदले अझ ज्यान फुकिदियो। महान् छन् मन्त्र जसका तिनलाई 'महामन्त्र' भनिन्छ। यस शब्दबाट व्याकरणका विद्वान्ले बहुव्रीहि समासबाट जो अभीष्टार्थ निकाल्न सक्छ, त्यो अरूले निकाल्न सक्दैनन्। त्यसको अर्थले इतिहासलाई त अवश्य प्रष्ट्याउने नै भयो। त्यसको साथसाथ किरात-इतिहासको वैशिष्ट्यलाई अझ चहकिलो पारेर राखेको देखिन्छ। तलको पदमा 'हस्तिशिक्षाविदश्चैव' भन्ने पदले अझ गहकिलो इतिहास बोकेको देखिन्छ।

पहिले मन्त्र शब्दको के अर्थ हो, यसलाई पाठकवृन्दले जान्नु आवश्यक छ। 'मन्त्र' शब्दको अर्थ आधुनिक युगमा गरेजस्तो मारण, मोहन, उच्चारन, सम्मोहन र उद्भेदन आदि मात्रै होइन। 'मन्त्र'[3] शब्दभित्र पर्ने यन्त्र अर्थात् वैज्ञानिक (Scientist) उत्पादन र प्रयोगविधिहरू पनि छन्, जसलाई प्रयोगात्मक पद्धति (Practical method) पनि भन्ने गरेका छन्। यी मन्त्र केवल शास्त्रीय मात्रै नभएर वैज्ञानिक ढङ्गले प्रयोगात्मक पनि थिए, किनभने यसको मूल उद्देश्य युद्धमा शत्रुपक्षको सेनाहरूले चलाउने शस्त्रहरूलाई फिल गरेर आफ्नो अस्त्रले शत्रुलाई मार्नु थियो। त्यसैले तिनै मन्त्रहरूको आधारमा हात्तीहरूलाई पनि शिक्षा-दीक्षा दिइएका थिए। ती मन्त्रहरूलाई राम्ररीसित जान्ने माहुतेहरूले उसै रूपमा मन्त्रशिक्षा दिएका थिए। यिनै मन्त्रशिक्षाका आधारमा ती हात्तीहरूले युद्धमा शत्रुपक्षका हात्ती, घोडा, रथ र सेनाहरूलाई ढाल्ने गर्थे। किरातसम्राट् भगदत्त र किरातमहाराज शाल्व आदिका हात्तीहरू यस्तै मन्त्रसिद्ध हात्तीहरू थिए। एउटै हात्ती पनि रणभूमिमा घुम्दा हजारौं हात्ती घुमेको शत्रुपक्षका सेनाले देख्थे। यस्तै तन्त्रमन्त्रविज्ञानको शिक्षाले ती हात्तीहरू परिपूर्ण थिए। यसरी हात्तीहरूलाई शिक्षा दिन सक्ने शिक्षाविद् किरातहरू थिए।

ती किरात कहाँबाट उत्पन्न भएका थिए ? भन्ने प्रश्नको उत्तरमा 'अग्नियोनयः'; यहाँ पनि निकै गहिरो खोज गर्ने आवश्यकता देखिन्छ। 'अग्निरेव योनिः कारणम् उत्पत्तिस्थानं येषां ते अग्नियोनयः' अर्थात् अग्नि नै छ 'योनि' भनेको कारण वा उत्पत्तिस्थान जसका छन् तिनलाई भनिन्छ 'अग्नियोनि'। किरातहरू अग्निपूजक त अवश्य नै हुन्। 'अग्निमीले पुरोहितम्' आदि मन्त्रहरूले पनि बताएकै छ। किरात-इतिहासलाई यसमा सन्देह छैन। अर्को इतिहास किरातहरू जन्मदेखि लिएर मरणपर्यन्त अग्निकै उपासक हुने कुरा आजसम्म पनि प्रत्येक किरातहरूले यसलाई अनुष्ठान गर्दै आएका छन्। त्यसैले पनि

---

[1] एतेषामेते महामन्त्राः किराता युद्धदुर्मदाः ।
हस्तिशिक्षाविदश्चैव सर्वे चैवाग्नियोनयः ।। (म० भा० द्रो० प० ८७।४९)

[2] ब्राह्मणाश्चाग्निमुखास्तथैवाग्नियोनयः (स्मृ० सं० ५।९)

[3] 'प्राचीन हिन्दूविज्ञान' पृ० नं० १४५ देखि १४७ सम्म मनोयोगले हेर्नुहोस्।

किरातहरू 'अग्नियोनि' नै हुन् । यस्ता किरातहरू कसरी मङ्गोलियन हुन सक्छन् र ? जो जन्मदेखि मरण-पर्यन्त अग्निपूजक हुन्छन्, जसको जन्म अग्निबाटै भयो, जसका पूर्वज वेदशास्त्रका ज्ञाता विद्वान् थिए, ती किरात हिन्दू-आर्य थिए । उसको सन्तान पनि हिन्दू-आर्य नै छन् । भविष्यमा पनि रहनेछन् ।

यो अवश्य छ कि यस्ता वीरवांका, वैज्ञानिक किरातहरूलाई पाश्चात्यहरूको इतिहासको लहैमा लागेर किरातहरू जङ्गली, असभ्य, चोर, डाका, गुफामा बस्ने आदि लेख्नु वा भन्नु उचित कुरा होइन । वस्तुतः ती इतिहासकारहरूले किरात-इतिहास पढेकै थिएनन् । जे होस्, आजभन्दा पाँच हजार वर्ष पुरानो इतिहासले किरातहरू 'अग्निगर्भ' 'अग्नियोनि' 'अग्निपूजक' र 'अग्निवंश' आदिका थिए भंन्ने उनकै इतिहासले बताउँछ । आज पनि किरातहरू अग्निपूजकै छन् । यसमा सन्देह छैन ।

दैत्यपुरका किरातराजा शाल्वका मदवाला हात्ती

किरातराजा शाल्वको बहादुरी त महाभारतको युद्धमा छँदैछ । त्योभन्दा पनि ठूलो हात्तीको पराक्रम र आकारको भयङ्करता थियो । दैत्यपुरका किराताधिपति शाल्वले जब पाण्डवसेनासँग लड्न गए, त्यस बेला आफ्नो हात्ती सिंगारेका थिए । किरातराज शाल्व पर्वतको समान विशाल शरीरवाला, ऐरावतको समान मदवाला, शत्रुनाशक, पराक्रमी हात्तीमा बसेर कुरुक्षेत्रको युद्धभूमिमा डटे । म्लेच्छाधिपति[1] शाल्वले चढेको जो हात्ती थियो, त्यो हात्ती 'भद्रक' वंशमा उत्पन्न भएको थियो, जुन हात्तीलाई धृतराष्ट्रका पुत्र राजा दुर्योधनले सधैं आदर सम्मान गर्दथिए, जो सधैं युद्ध गर्ने सिपालु हात्तीहरूको पनि अगाडि लागेर हिंड्थ्यो । अर्थात् हात्तीहरूको नेतृत्व गर्ने हात्तीराज थियो । साथै शास्त्र जान्ने सेवक र माहुतेहरूले कसेको सजाएको हात्ती चढेर किरातराजा शाल्व युद्धभूमिमा आएका थिए । त्यस हात्तीमा चढेका राजश्रेष्ठ शाल्व उदयाचलको प्रातःकालिक सूर्यजस्तै सुशोभित थिए । यसरी राजा शाल्वले त्यस श्रेष्ठ हात्तीमा चढेर अत्यन्त तीक्ष्ण वाणले पाण्डवहरूका वीरहरूलाई मारे । म्लेच्छराज शाल्वको एउटै हात्ती रणभूमिमा घुमिरहे पनि सोमक, सृञ्जय आदि पाण्डवसेनालाई हजारौं हात्ती घुमेजस्तो देखाइदिन्थ्यो । अर्थात् पाण्डवसेनाले जता घुमेर देखे पनि इन्द्रको ऐरावत हात्ती देखेजस्तै शाल्वको हात्ती देख्थे । किरातराजा शाल्वको हात्तीको वेगले पाण्डवको नारायणी सेना चारै दिशातिर भागे । यसरी पाण्डवहरूको सेना भागेको देखेर शाल्वको प्रशंसा गर्न कौरवहरूको तर्फबाट शङ्ख बजाए । परन्तु धृष्टद्युम्नले शाल्वको हात्तीलाई घाइते बनाए । फेरि हात्तीले धृष्टद्युम्नको रथ र सेनालाई पृथिवीमा थेचार्दै मार्न थाल्यो । यस प्रकार शाल्वको पराक्रमले पाण्डव थरथर भए । फेरि पाण्डवी सेनाले हात्तीलाई घेरे । धृष्टद्युम्नले गदा उठाएर हाने । शाल्वको हात्तीले सदाको लागि कुरुक्षेत्रको मैदानमा वीरगति प्राप्त गर्‍यो । जबसम्म महाभारत रहन्छ, तबसम्म शाल्व र उसको हात्ती अमर रहनेछन् । शिनिवंशीय सात्यकिले शाल्वको शिर काटे । यसरी किरात-इतिहासको एक अध्याय समाप्त भयो । गजराज र शाल्व कुरुक्षेत्रको रणभूमिमा इन्द्रको वज्रले पर्वतशिखर टुटेजस्तै दुवै सदाको लागि ढले ।

---

[1] सन्निवृत्ते बलौघे तु शाल्वो म्लेच्छगणाधिपः ।
अभ्यवर्तत संक्रुद्धः पाण्डूनां सुमहद्‌वलम् ॥
योऽसौ महाभद्रकुलसूतः सुपूजितो धार्तराष्ट्रेण नित्यम् ।
सुकल्पितः शास्त्रविनिश्चियज्ञैः सदोपवाह्यः समरेषु राजन् ॥ (म० भा० श० प० १९।१, ३)

मत्स्यदेशको विराटनगर

विराटनगर महाभारतकालिक राजा विराटको मत्स्यदेशको राजधानी थियो। विराट एक शक्तिशाली राजा थिए। पाण्डवहरू बदरिकाश्रमदेखि किरातराजा सुबाहुको आतिथ्य स्वीकार गरेर किरातराजा कुणिन्दको देशतिर लागे। त्याँबाट पनि यमुना नदीको किनारैकिनारा लागेका थिए। त्यहाँबाट पनि यमुना नदीको दक्षिण किनारा पक्डेर गएका थिए। त्यसपछि शूरसेनदेश पहिले प्राप्त भयो, जो आजको जिल्ला मथुरा भनेर प्रसिद्ध छ। जिल्ला मथुरा पनि ठूलो छ। भारतको उत्तरप्रदेशमा पर्छ। शूरसेनदेशको सिमाना नाघेपछि 'यक्रल्लोम' देशमा पाण्डवहरू पसेका छन्। यस 'यक्रल्लोम' देश कसलाई भन्थे, आजसम्म पत्ता लगाउन सकेका छैनन्। यसै यक्रल्लोम देशको सिमाना पार गरेपछि राजा विराटको 'मत्स्यदेश'[1] को सिमानामा पाण्डवहरू पुगेका थिए। पाण्डवहरू राजा विराटको दरबारमा आआफ्ना कर्तव्यमा लागिसकेपछि त्रिगर्त (जिल्ला कांगडा, हिमाञ्चलप्रदेश)-का राजा सुशर्मालि हस्तिनापुरको राजा दुर्योधनसँग मिलेर मत्स्यदेशमाथि आक्रमण गरे। राजा सुशर्मालि आफ्नो सेनासहित मत्स्यदेशमा आक्रमण गर्न जाँदा हस्तिनापुर=इन्द्रप्रस्थ (आजको दिल्ली)-बाट अग्निकोणतिर लागेको इतिहास महाभारतमा[2] प्रष्ट छ। सुशर्मालि हस्तिनापुर छोडेर मत्स्यदेशमा धावा बोल्नु जाँदा कृष्णपक्षको सप्तमी तिथि थियो। सेनापति त्रिगर्तराज सुशर्मा थिए। अर्को दिन अर्थात् कृष्णपक्षको अष्टमीको दिन सबै कौरव मिलेर मत्स्यदेशको राजा विराटमाथि आक्रमण गरे। हजारौं गाई सुशर्मालि हात पारेका थिए।

यो इतिहासको एक पक्ष हो। साथै ई० पू० तीन हजार वर्ष पुरानो इतिहास हो। तीन र दुइ मिलाउँदा पाँच हजार वर्ष चानचुन पुरानो इतिहासलाई हामीले गम्भीरतापूर्वक अध्ययन गर्ने आवश्यकता छ। विराटनगर नाम नेपाल र भारत दुवै देशमा छन्। तर नेपालको विराटनगर अत्यन्त प्रसिद्ध छ। यसको तात्पर्य यो हो कि नेपालको आन्दोलन 'जूटमील' विराटनगरबाट शुरू भएको हुनाले र चारजना नेपालका प्रधानमन्त्रीहरूले विराटनगरै रुचाएका हुनाले पनि विश्वको रेडियो र समाचारपत्रहरूमा नेपालको विराटनगरको नाम सहर्ष उल्लेख हुनु स्वाभाविकै थियो। त्यसैले नेपालको विराटनगर विश्वमा प्रसिद्ध भयो। तर यस विराटनगरको ऐतिहासिकता खोज्दा महाभारतकालिक विराटनगरसँग जोडिन पुग्नु पनि स्वाभाविकै देखिन्छ। परन्तु कुरा रह्यो प्रामाणिक र अप्रामाणिकताको बारेमा। प्राचीन इतिहासले इतिहासको साथै साधारण भूगोलको पनि उल्लेख गरेकै हुन्छ। त्यसैले इतिहासको साथै भौगोलिक संकेतको ज्ञान हुनु आवश्यक छ। यता नेपालको विराटनगर नामी भएको हुनाले यसको इतिहास खोज्नु पनि आवश्यक छ। ऐले भारतले मान्दै आएको कैयौं विराटनगर छन्। ती पनि खोज्नैपर्ने भएको छ। यहाँ महाभारतले भनेअनुसार 'मत्स्यदेश' पुग्ने वा सिमानामा पुग्ने पहिलो भूगोल यमुना नदी नै हो। आजको गढवाल र हिमाञ्चलप्रदेशको यमुनाघाटीमा शासन गर्ने किरातराजा सुबाहु र किरातराजा कुणिन्दको राज्यमा पाण्डवहरूले निवास र भ्रमण गर्दै 'मत्स्यदेश' को लागि यमुना नदीको किनारैकिनारा लागेपछि दक्षिण किनाराको बाटो पाण्डवहरूले पक्रेका छन्। त्यसपछि कुणिन्ददेश छोड्नका साथै पहिले शूरसेनदेश (मथुरा)-मा

---

[1] (म० भा० वि० प० ५।२,३,४)

[2] स स्म गत्वा यथोपदिष्टां दिशं वह्नेर्महीपतिः।
आदत्त गाः सुशर्माथ घर्मपक्षस्य सप्तमीम्॥
अपरं दिवसं सर्वे राजन् सम्भूय कौरवाः।
अष्टम्यां तान्यगृह्णन्त गोकुलानि सहस्रशः॥ (म० भा० वि० प० २९।२७, २८)

पाण्डवहरू आइपुगेका छन् । त्यहाँबाट 'यकृल्लोम' देशको सिमाना नाघेपछि मात्रै 'मत्स्यदेश'को सीमामा पाण्डवहरू आइपुगेका छन् । यता 'यकृल्लोम' देशको निर्णय नभए पनि 'शूरसेन' देश त निश्चितै छ । शूरसेनबाट 'मत्स्यदेश' एक क्षणको लागि नेपालकै विराटनगरलाई माने पनि शूरसेन नाघेर 'यकृल्लोम' देश पुगेपछि उत्तर-पूर्व हिंड्ने हो भने काशी, कोसल, नैमिष, मगध चारवटा देशको सिमानाहरू नाघेपछि मात्रै मत्स्यदेश पुग्ने भए । परन्तु यी चार देशहरूको उल्लेखै मत्स्यदेशको छेउछाउमा देखिंदैन । सबैभन्दा ठूलो अप्ठ्यारो त यमुना नदीको किनारै हो । त्यो 'शूरसेन' सम्म नै रह्यो । त्यसैले नेपालको प्रसिद्ध विराटनगरले 'मत्स्यदेश' हुने प्रामाणिक भाग्य पाएको देखिंदैन । यद्यपि हाम्रा भू० पू० प्र० मन्त्री मातृकाप्रसाद कोइराला आदिले नेपालकै विराटनगर 'विराटनगर' हो भन्ने विचार कतैकतै व्यक्त गरेको पाइन्छ । यद्यपि यो विषय निष्पक्ष इतिहासकारहरूको विषय हो, तापनि वहाँहरूले पनि लेख्नुभएको छ । वास्तवमा इतिहासकारले निष्पक्ष नै हुनुपर्छ ।

दोस्रो पक्ष हस्तिनापुरबाट त्रिगर्तराज सुशर्माले सेना लिएर मत्स्यदेशमा चढाइँ गर्नु हिंड्दा 'अग्निकोण' तिर लागेका छन् । हस्तिनापुरबाट 'अग्निकोण' कता पर्छ ? यस दिशाबोधको खोजले पनि नेपालको 'विराटनगर'ले आफ्नो भाग्यमा निर्णय गर्न पाएजस्तो लाग्दैन । त्यसैले नेपालको 'विराटनगर' र मत्स्यदेशको 'विराटनगर' खोज गर्नु अझ शेष छ । परन्तु पुरातत्त्व पनि नेपालको विराटनगरको बारेमा मौन देखिन्छ । त्यो भविष्यले आफैं बताउनेछ । निश्चय गर्ने सामग्रीले ऐले यति नै निश्चय गरेको छ ।

किरातविजयको जयदेश ?

स्कन्दपुराणको परिशीलन गर्दा अनेक ऐतिहासिक तथ्यहरू पाइन्छन् । यो अवश्य छ कि कतै विस्तृत रूपमा पाइन्छ भने कतै सूत्ररूपमा पाइन्छ । तर अवश्य पाइन्छ । किरात-इतिहासमा शोधखोज (Research) गर्ने क्रममा 'सार्धलक्षस्तथा प्रोक्तः किरातविजयो जयः' स्कं० पु० खं० ३९ अ० १५६ मा जम्बूद्वीपभित्र पर्ने देशहरूमा भएको ग्रामसंख्या बताउने क्रममा उपर्युक्त इतिहास आएको छ। यस श्लोकमा 'किरात' शब्द प्रष्ट छ र 'विजय' शब्द विशेषणको रूपमा प्रयोग गरेको देखिन्छ। त्यसपछि 'जयः' शब्दको प्रयोग देखिन्छ । तर प्रथमान्तै देखिन्छ । 'सार्धलक्ष' एक लाख पचास हजार भन्ने अर्थ बुझिन्छ । सवै वाक्यांशको अर्थ बुझ्दा 'किरातविजयको जयदेशमा एक लाख पचास हजार गाउँ भनेको छ' भन्ने अर्थ हुन्छ । किरातविजय नामको कुनै राजाको जयदेशमा त्यस बेला एक लाख पचास हजार गाउँ मात्रै थिए भने घरसंख्या कति होला ? प्राचीनकालमा एक सयदेखि लिएर पाँच हजारसम्म घरहरू भएको समूहलाई एक गाउँ[1] भन्ने चलन थियो । यो किरातविजयको अर्थमा भने निक्कै व्यायाम गर्ने कुरा छ, तापनि 'जय' देश हो भन्न सकिन्छ ।

तर प्रश्न हुन्छ कि किरातविजयले जितेको 'जय' देश कुन हो त ? वर्तमान समयमा कहाँ पर्छ ? ऐले के नामले पुकारिने गरेको छ ? आदि प्रश्नहरू थुप्रै छन् । प्राचीनकालको भूगोल पत्ता लगाउन यस युगका भूगोलवेत्ताहरूलाई पनि कठिनै छ भने एक प्रति इतिहास र अर्को प्रति भूगोल जस्ता प्रसङ्ग आउँदा लेखकलाई कठिनाइ हुनु स्वाभाविकै हो । यस परिस्थितिमा प्रकरणको छेउछाउ प्रत्येक लेखकलाई घुम्ने आवश्यकता परेको हुन्छ । यस गणनाको अनुसार कुरुदेशको ग्रामसंख्या ६४ हजार बताएको छ । परन्तु

---

[1] 'शुक्रनीति भाष्यम्' मदनपाल भाष्य, पृ० ३१७

विदर्भदेशको ग्रामसंख्या पाँच लाख लेखेका छन्। विदर्भदेश वर्तमान महाराष्ट्र नै हो। यसको प्राचीन राजधानी 'विदर्भ' थियो। विदर्भलाई ऐले बडसार भन्ने गरेका छन्। महाकवि सुकीर्तिदत्त पन्तले आफ्नो अमर महाकाव्य कार्तवीर्योदय महाकाव्यमा विदर्भनरेश भोजकी राजकुमारी कनकप्रभा र माहिष्मतीका परम प्रतापी महाराज कार्तवीर्यको मनोहर वर्णन गरेका छन्। माहिष्मती ऐले मध्यप्रदेशको महेश्वर भन्ने ठाउँमा पर्छ। नर्मदा नदीको तटमा ऐले 'महेश्वर' नामले प्रख्यात छ। महारानी अहिल्याबाईको राजधानी पनि यही नै हो। कुरुक्षेत्र वर्तमान समयमा हरियाणा प्रान्तमा पर्दछ। आजको हरियाणा प्रदेश र केही पञ्जाब कुरुदेशमा पर्थ्यो। आज कुरुक्षेत्र हरियाणामा पर्छ। पञ्जाब अलगै छ। यस भौगोलिक चित्रणको अनुसार 'जयदेश' कुरुक्षेत्र र विदर्भदेशको माझमा अथवा दुवै देशको छेउ पर्ने देश हुनुपर्छ। कुरुक्षेत्र र विदर्भको माझमा नै हो भने त सीधा विन्ध्याचल नै परिहाल्यो, किनभने विन्ध्याचल पूरा किरातदेशै परिहाल्यो। अर्थात् आजको महाराष्ट्रदेखि सीधा उत्तर तथा कुरुदेशदेखि सीधा दक्षिणमा 'जयदेश' पर्थ्यो। त्यसलाई आज मध्यप्रदेश भनिन्छ। मध्यप्रदेशमा अंग्रेजहरूको शासनकालसम्म रिंवा, महेश्वर, ग्वालियर आदि गरी कैयौं रजवाडाहरू थिए। साथै ठूलाठूला रजवाडाहरू थिए। राजस्थानमा त बूँदी, कोटा, जयपुर, सीकर, भरतपुर, अलवर, जोधपुर, बीकानेर आदि धेरै रजवाडाहरू थिए, जसमा 'जयपुर' सबैभन्दा शक्तिशाली र नामी थियो। त्यसपछि जोधपुर र बीकानेर हुन्। तर यी राज्य धेरै पछिका हुन्। वि० सं० १२ शताब्दीसम्म मात्र यिनीहरूको शासन थियो। अब त केवल किलाहरू मात्र खण्डहरको रूपमा शेष देखिन्छ। यसै मध्यप्रदेश र राजस्थानको केही प्रदेश मिलेर 'जयदेश' बनेको थियो भन्ने अनुमान मात्र नभएर आज पनि 'जैसोर' अपभ्रंश शब्द छँदैछ। यसै जैसोरबाट बाडमेर हुँदै 'किराडू' जानुपर्छ। यस 'किराडू' को असली नाम 'किरातकूप' हो। किरातकूप 'किराडू' मा प्राचीनकालिक पुरातत्त्व खण्डहर आज पनि विद्यमान छ। यसमा धेरैजसो किरातकालिक पुरातत्त्व पाइन्छ। किराडू जस्तै मध्यप्रदेशको सतना र पन्नाको बीचमा पर्ने खजुराहोमा पनि किरातकालिक पुरातत्त्व नै धेरै पाइन्छ। तर वहाँका पुरातत्त्वविद्हरूले सातौं आठौं शताब्दीदेखि दशौं शताब्दीसम्मको पुरातत्त्व हो भनेका छन्। तर धेरै पुराना ई० सं० पूर्वका पुरातत्त्वहरू छन्। त्यसैले मध्यप्रदेश र राजस्थान एरियाभित्र, विन्ध्याचल मेकल पर्वत आदि पर्ने प्रदेशभित्र किरातविजयको 'जयदेश' थियो। किरातविजय त्यतिखेरको शासक किरातराजा थियो। 'विशेषेण जेतुं शीलमस्येति विजयः, किरातश्चासौ विजयः किरातविजयः', विशेषरूपले जित्ने शील-स्वभाव जसको छ, त्यसलाई विजय भन्ने चलन छ। 'विजय' त्यस राजाको नाम हो। 'किरात' भन्नुको तात्पर्य किरातक्षत्रिय थिए। त्यसैले आफ्नो गौरवबोधक शब्द आफ्नो नामभन्दा पूर्व जोडेर 'किरातविजय' भन्ने नाम राखे। राजा किरातविजयले आफ्नो समयमा युद्ध गरेर त्यो देश अथवा भूभागलाई प्राप्त गरेपछि 'जय' नाम राखे होलान्। यसरी प्राचीन इतिहासभित्र 'इतिहास' एक-एक शब्दमा लुकेको हुन्छ। यस इतिहासलाई कोट्याउने, हेर्ने, पढ्ने, मनन गर्ने, छलफल गर्ने, सुन्ने र सुनाउने नगर्नेहरूले इतिहासको बाटो देख्दैन। अनि नदेखी भीरमा फाल हान्ने भेडाको चाल लिएर 'किरातहरू' मंगोल हुन्, हामी मंगोल हौं भन्ने भेडा बनेका हुन्छन्। तर यी लाखौं वर्षका इतिहासले किरातहरूलाई 'मंगोल' कुनै हालतमा पनि बन्न दिंदैन। किरातविजय नाम राख्ने 'जय' देशका बीसौं हजार वर्षपूर्व 'जयदेश' का शासक बनेर बस्ने किरातक्षत्रियहरू कसरी मंगोल हुन सक्छन् र? यसरी कुरुदेशको राजधानी हस्तिनापुर थियो भने शूरसेनको राजधानी मथुरामा थियो। तर किरातविजयको मूल राजधानी पत्ता लगाउनुपर्नेछ। किरातविजय ख्यातिप्राप्त एक लाख पचास हजार गाउँका शासक थिए भन्ने इतिहासले बताउँछ। प्रत्येक घरको पाँचजना मानिसको हिसाबले जनसंख्या पनि निकाल्न सकिन्छ। यद्यपि कुनै घरमा पाँचभन्दा बढ्ता

पनि हुन सक्छ र कुनै घरमा एक-दुइजना र कुनै घरमा नहुनु पनि सक्छ। त्यसैले औसतन प्रतिघर पाँचजना राखेको हो। यो पनि उसैको इतिहासले बताउँछ। यत्रो देशको शासक अथवा 'जयदेश' मा यति जनसंख्या रहेछ भन्ने इतिहासको स्पष्टीकरण स्वतः भइहाल्छ। यो जयदेश कस्तो थियो भन्ने कुरा उसको जनसंख्याको आधारले बताउँछ। 'जय' देशको इतिहास प्रष्ट भएको छ।

'किरातविजयो जय' शब्दमा विचार गर्दा धेरै खोज (Research) गर्नुपर्ने देखिन्छ। पुराणहरूमा पनि 'जय' शब्दको उल्लेख छ। 'जय' शब्द देशवाचक हो कि राजाको वाचक हो कि अथवा ग्रन्थको वाचक हो कि केवल 'जय'वाचक हो। यी सबै समयमा विचार शोधखोज अरू खुलस्त र साफ हुनेछ। महाभारतमा[1] ठाउँठाउँमा उल्लेख भएको प्रमाण यहाँ प्रस्तुत गरिंदै छ। सभापर्वमा ११ राजाहरूको गन्ती गर्दा 'जय' पनि राजैको नाम देखिन्छ। यसरी नै भीष्मपर्वमा[2] पनि वृद्धक्षत्रका पुत्र भूरिश्रवा, पुरुमित्रका साथ राजा 'जय' पनि युद्धमा उपस्थित देखिन्छन्। द्रोणपर्वमा[3] पनि 'जय' देखा पर्छन्। यी प्रमाणहरूले 'जय' कुनै प्रसिद्ध राजाको नाम देखिन्छ। तर 'किरातविजयो जय' भन्ने शब्दमा चाहिं श्लोकबाट अर्थ निश्चय गर्नु निकै गारो देखिन्छ।

वृद्धक्षत्रको पुत्र भूरिश्रवा र पुरुमित्रका साथ 'जय' पनि युद्धमा उपस्थित थिए। 'म० भा० भी० प० २१।१२, ४२, १६'मा यसको उल्लेख भएको छ। तर यहाँ 'जय' मात्र उल्लेख भएको छ। तर 'म० भा० भी० प० १०।४४' मा विदेहका मागधाश्च···विजयस्तथा भनेर लेखेको देखिन्छ। यहाँ 'विजय' शब्द बहुवचनमा प्रयोग भएको देखिन्छ। यसमा अरू खोजी गर्ने आवश्यकता छ, किनभने 'किरातविजयोजय' भन्ने पंक्तिको अर्थ इतिहास भौगोलिक खोज नगरी लाग्नेछैन।

महाभारतमा उल्लेखित किरात

महाभारतमा किरातहरूलाई वसिष्ठकी नन्दिनी गाईको पार्श्व भागबाट उत्पन्न भएको हो भनेर रूपक[4] दिएको छ। भगदत्त[5] स्वयं किरात थिए। त्यसैले भगदत्तको सेनामा किरात धेरै थिए। भीमसेनले[6] पूर्वदिशामा सात किरातराजाहरूलाई हराएका थिए। नकुलले पश्चिमदिशाका किरातहरूलाई हराएका[7] थिए। किरातहरूले युधिष्ठिरलाई[8] अरबौंको भेंट दिएका थिए। किरातहरूले युधिष्ठिरको राजसूय यज्ञमा[9] खुलेर भाग लिएका थिए। गङ्गाद्वारमा त्यतिखेर किरातहरू विशेषरूपले बसोबास[10] गर्दथिए। यी

---

[1] औशिनरः पुण्डरीकः शर्यातिः शरभः शुचिः।
अङ्गोऽरिष्टश्च वेनश्च दुःषन्तः सञ्जयो जयः ॥ (म० भा० स० प० ८।१४)

[2] म० भा० भी० प० २१।१२,४२।१६,

[3] पुरुमित्र जयो काम्वोजश्च सुदक्षिणः (म० भा० द्रो० प० ५२।१६)
(क) शल्यो भूरिश्रवाश्चैव पुरुमित्रो जयस्तथा (म० भा० द्रो० प० ६१।२७)
(ख) ततो 'जय' महाराज कृतवर्मा च सात्वतः (म० भा० द्रो० प० ६६।३६)

[4] म० भा० १—१७५–३७

[5] ,; ,, २–१४,२०
२–२६–९

[6] ,, ,, २–२३–१५

[7] म० भा० २–३२–१७

[8] ,, ,, २–५२–९

[9] ,, ,, ३–५१–२४

[10] ,, ,, ३–९०–२०

किरातहरू किरातसम्राट् भगदत्तको अक्षौहिणी सेनामा धेरै मात्रामा सम्मिलित[१] थिए । यी किरात दुर्योधनको सेनामा पनि सम्मिलित[२] थिए । महाभारतकालमा किरातहरू उत्तरदिशामा[३] पनि विशेष मात्रामा निवास गर्दथिए । युद्धमा किरातहरूले कृपाचार्यको[४] पनि अनुसरण गरेका थिए । किरातहरू युधिष्ठिरको सेनामा पनि संलग्न[५] थिए । यसै गरी कर्णले किरातहरूलाई हराएर वा अरू प्रलोभनले दुर्योधनको[६] पक्षमा पारेका थिए । किरातहरूले जुन हात्ती दिग्विजयका समयमा अर्जुन आदिलाई दिएका थिए । रणवाकुरे किरातहरू अद्वितीय हात्ती सधाउनेवाला थिए । किरातहरूका हात्ती पनि अञ्जना जातिका थिए । यी हात्ती किरातहरू जस्तै अत्यन्त कठोर कुलका हात्ती थिए । युद्धमा अत्यन्त कुशल थिए । गण्डस्थलबाट मद चुहिन्थ्यो । किरातका हात्ती सबै सुवर्ण कवचले विभूषित थिए । साथै युद्धमा सबै हात्ती ऐरावत हात्तीको समान पराक्रमी थिए । (उन गजराजों पर तीक्ष्ण स्वभाववाले लुटेरा और डाकू आरूढ़ थे । जिन्होंने लोहेके कवच आदि धारण कर रखेथे ।[७]) यी सबै किरातहरू सबै प्रकारका अस्त्र शस्त्रहरूले सुसज्जित थिए । साथै सात्यकिको[८] विरुद्धमा लडाइँ लडेका थिए । सात्यकिले हजारौं किरातहरूको[९] रणभूमिमा वध गरेका थिए । अर्जुनले[१०] पनि किरातहरूलाई परास्त गरेका थिए । किरातहरूको गणना बर्वर[११] जातिमध्ये गरिएको छ । शिवले[१२] किरातरूप धारण गरेका थिए । किरातहरूको पतन शूद्ररूपमा[१३] भएको थियो । अश्वमेध यज्ञको घोडाको दिग्विजय गर्दा अर्जुनले किरातहरूलाई पराजित[१४] गरेका थिए ।

यहाँ रामकुमार रायलाई किरातहरूको इतिहासबारे पत्ता लाग्न सकेन र 'चोर-लुटेरा-डाकू' आदि लेख्न पुगेका छन् । वस्तुस्थितिमा त्यो इतिहास होइन । यस्ता भूल अरूले पनि कैयौं ठाउँमा गरेका छन् ।

यस्तै किरातभेषधारी शिवको[१५] उल्लेख महाभारतमा धेरै ठाउँमा भएको छ । किरातराज पुलिन्द[१६] युधिष्ठिरसँग मिलेका थिए । किरातराज सुमनाले[१७] पनि युधिष्ठिरको राजदरबारको शोभा बढाएका

---

१. म० भा० ३–१४०–५०
,, ,, ५–१९–१५
,, ,, ५–६४–१६,२१
२. ,, ,, ५–१९५–७
,, ,, ६–९–५१–५७
३. ,, ,, ६–९–६९
४. ,, ,, ६–२०–१३
५. ,, ,, ६–५०–४८
६. म० भा० ७-४-७
७. ,, ,, ७-११२-२८
३०-३२-४९
८. ,, ,, ७-११९-१४
९. ,, ,, ७-११९-४६
१०. ,, ,, ८-७३-२०
११. म० भा० १२-६५-१३
,, ,, २०७-४३
१२. ,, ,, १३-१४-१४१
१३. म० भा० १३-३५-१८
१४. ,, ,, १४-७३-२५
,, ,, १४-८३-४
१५. ,, ,, १-१-१६२
,, ,, १-२-१५८
,, ,, ३-३९-५
,, ,, ३-३९-११
,, ,, १३-१७-२२
,, ,, २८-३२-३६
,, ,, ५४-५७-५९
,, ,, ६६-१६७
,, ,, २२-४३
,, ,, ४-४९-७
,, ,, ८-३१-३
१६. ,, ,, २-४-२४
१७. ,, ,, २-४-२५

थिए। किरातराज सुमनाले[1] अर्जुनलाई हात्ती भेंट गरेका थिए। किरातराजा सुबाहु[2] पनि महाभारतको युद्धमा उपस्थित थिए।

म्लेच्छ-क्षत्रियहरूको उत्पत्ति

यहाँ किरातहरूलाई पनि म्लेच्छ भनिएको हुनाले म्लेच्छहरूको उत्पत्तिको बारेमा पनि खोज गर्न आवश्यक देखिन्छ। म्लेच्छहरू किरातभन्दा भिन्दै भए जस्तो कैयौं ग्रन्थहरू प्राप्त भए पनि धेरै संख्यामा किरात र म्लेच्छ पर्यायवाची शब्दको रूपमा प्रयोग गरेको देखिन्छ। किरात, म्लेच्छ र अन्त्यज भन्ने शब्दहरूमध्ये अन्त्यज भन्ने शब्दचाहिं धेरै पछि भएको हो। म्लेच्छ शब्दको प्रयोग पनि निक्कै प्राचीन छ। परन्तु किरात शब्दभन्दा पुरानो होइन, हाराहारी अथवा अलि पछिको हुनुपर्छ। ब्राह्मणग्रन्थहरूदेखि पछिका ग्रन्थहरूमा प्रायः सर्वत्र म्लेच्छ शब्द प्रयोग भएको पाइन्छ। साथै जहाँ किरात र अत्यन्ज भन्ने शब्द प्रयोग भएका छन्, प्रायः त्यहीं म्लेच्छ शब्दको प्रयोग भएको देखिन्छ। 'अन्त्यज' शब्द निक्कै पछि प्रयोग भएको देखिन्छ। जब छुवाछूत र ऊँच-नीचको भावनाको जन्म भइसकेको थियो, त्यस बेला 'अन्त्यज' शब्दको जन्म भएको बुझिन्छ। साथै अन्त्यज शब्दको अर्थ पनि 'आखेरीमा जन्मने' मात्र हुन्छ। अन्ते=अन्तिमावस्थायां जन्म येषां ते अन्तजाः' यस अर्थमा प्रयोग भएको हो। तर 'य'कारसहितको पाठ-प्रयोग देखिन्छ, चिन्तनीय छ। यहाँ म्लेच्छक्षत्रियहरूको उत्पत्तिको बारे एउटा सानो ऐतिहासिक जानकारी प्रस्तुत गर्दै छु। विज्ञपाठक-वाचकवृन्दले घोरिएर हेर्नुहुनेछ।

ब्रह्मवैवर्तपुराणको इतिहासले के बुझाउँछ भने म्लेच्छहरू[3] अछूत जाति होइनन्। म्लेच्छहरू क्षत्रिय जातिका हुन् भन्ने इतिहास प्रष्ट भएको छ। शूद्रा नाम गरेकी स्त्री वा युवति स्वभावैले ऋतुमती अर्थात् रजस्वला भई। त्यसपछि कुनै क्षत्रिय पुरुष वा युवासँग सहवास भयो। त्यसको दश महिनापछि बालक जन्म्यो। त्यस बालकको नाम 'म्लेच्छ' भन्ने राखे। त्यो बालक हुनहार डरलाग्दो बलवान् थियो। त्यो पनि समय पाउँदा युवा भयो। त्यसको पनि सन्तान भए। आफू जस्तै निडर, भयानक छोराहरू जन्मायो। उसका सन्तति बढ्दै गए। कालान्तरमा यही 'म्लेच्छजाति'को नाममा प्रख्यात भयो। यो म्लेच्छ-बालक प्रारम्भमा प्रष्ट बोल्दैनथ्यो होला। जस्तै आज पनि ए लेम्डे! ए लाटा! भनेर पुकार्ने गरेका छन्। ती पूर्ण लेम्टे वा पूर्ण लाटाचाहिं हुँदैनन्। पछि सुध्रिन्छन् पनि। तर प्रारम्भमा राखेको नाम र थेगोहरूलाई पछिसम्म पनि पुकार्ने गरेका छन्। अनि 'ए! त्यो लाटेलाई बोला त!' आदि उसको छोराछोरीसम्म पनि प्रयोग हुँदै गरेको देखिन्छ। यो 'म्लेच्छ' शब्द पनि यस्तै हो। त्यसैले महर्षि पतञ्जलि र महर्षि पाणिनिले

---

[1] म० भा० ७-११२-२८

[2] म० भा० ३-१७७-११

[3] क्षत्रवीर्येण शूद्रायामृतुदोषेण पातत:।
वलवन्तो दुरन्ताश्च बभूवुर्म्लेच्छजातय:॥
(ब्र० वै० पु० ब्र० खं० अ० १०।११९)

(क) शतपथब्राह्मण ३, २, १, २४, ३, २, १, २३,
(ख) मत्स्यपुराण १०, ७, ३४, ३०, ४, ५४, १६, १६, २७३, २५,
(ग) भागवत ९, २३, १६, ९, १६, ३३,
(घ) ब्रह्माण्डपुराण २, १८, ४३

'म्लेच्छ अव्यक्त शब्दे' भनेर ऐतिहासिक धातु वा शब्द निर्देश र प्रयोग गरेको देखिन्छ। मनुले पनि··· ··· ठाउँठाउँमा पाठभेदको रूपमा भनेको छ। तर १२ क्षत्रियहरूले वृषलत्व प्राप्त गर्ने इतिहास अकाट्य छ। यो स्मृति सबै स्मृतिहरूमा प्राचीन, ऐतिहासिक र त्यस बेलाका सम्पूर्ण कानून, विधान आदि भएको ग्रन्थ हो। यद्यपि मनुस्मृतिमा पनि केही अंशहरू पछि थपिएका छन्। तर लघुव्याससंहितामा[1] धेरै पछि आएर गलत कुराहरू पनि लेखिए। शूद्र र ब्राह्मणको संयोगबाट जन्मेका 'चण्डाल' तीन प्रकारका हुन्छन्। ती हुन् वद्धकी, नापित, गोप, आशाप, कुम्भकार, वणिक, किरात, कायस्थ मालाकार यिनीहरू कुटुम्बी हुन्। अर्थात् यिनीहरूको आपसी सरवर चल्छ। परन्तु वरट, भेद 'म्लेच्छ', चाण्डाल, दास, श्वपच, कोल यी अन्त्यज हुन्।

यीमध्ये केही 'गोमांस' खानेवाला पनि हुन्छन् भनेर लेखेको छ। उक्त ग्रन्थ ब्राह्मणहरूले ज्यादै छुवाछूत गरेका बेला लेखिएको हुनाले धेरै अंशमा प्रामाणिक छैन। जे भए पनि म्लेच्छ र किरात पर्यायवाची शब्द प्राचीन इतिहासका पानाहरूले प्रष्ट्याएका छन्। म्लेच्छक्षत्रिय, किरातक्षत्रिय एकै हुन्। ईसापछिका ग्रन्थहरूमा सानो मान्ने चलन आएको हो। ब्रह्मवैवर्तपुराणको इतिहास युक्तियुक्त छ। लघुव्याससंहिताको भनाइ पनि उत्पत्ति विषयमा ठीकै छ। प्राचीनकालिक इतिहासमा हिंड्दा निश्चय नै जातिमै जातिले सन्तान उत्पादन गर्ने र एक जातिले अर्को जातिमा सन्तान उत्पादन नगर्ने भन्ने कुनै नियम थिएन, किनभने छुवाछूत र ऊँच-नीच आदि भावना पछि ई० सं० पछि जन्मेको हो। त्योभन्दा पूर्व ब्राह्मण, क्षत्रिय, वैश्य आदि सबै नाम थिए तापनि छुवाछूत आदि थिएन। त्यसैले मानव मात्रमा समान व्यवहार थियो। जातिको आधारमा सन्तान उत्पादनको नियम लागू थिएन। परन्तु हाड र दूध छुटचाउने प्रथा र नियम भने अवश्य थियो। त्यसैले सगोत्रीय विवाह हुँदैन थिए। त्यसैले ब्रह्मवैवर्तपुराणमा क्षत्रिय र शूद्रबाट म्लेच्छहरूको उत्पत्ति तथा लघुव्याससंहिताको ब्राह्मणी र शूद्रबाट अन्त्यजहरू उत्पत्ति हुनुमा कुनै आपत्ति छैन, किनभने १८ पुराण र उपपुराण लेख्ने विश्वविख्यात व्यासको जन्म महर्षि पराशर र मत्स्यगन्धाबाट भएको इतिहास प्रसिद्धै छ। यसै गरी पराशरको जन्म पनि अक्षमाला चाण्डालीको गर्भबाट भएकै हो। रघुवंशीहरूका कुलगुरु महर्षि वशिष्ठको जन्म मैत्रावरूणा र उर्वसीबाट भएको इतिहास प्राचीन इतिहासकारहरूले भुलेका छैनन्। यस्ता अनेकौं प्रमाण पाइन्छन्। त्यसैले 'म त अहो ! ठूलो जातको हुँ, पवित्र कुलको हुँ' भनेर सपक्क नाक चेपार्ने अथवा नाक ठड्याउने काम छैन। इतिहास इतिहासै हो। इतिहासको सामुन्ने सबैले झुक्नुपर्छ। ऋग्वेदकालदेखि लिएर आजसम्म यो प्रथा निरन्तर चलेकै छ। यो अवश्य छ हिन्दू-आर्यहरूभित्र सगोत्रीय सम्बन्ध र विवाह हुँदैन, किनभने सगोत्रीय भएपछि दाजुबैनी र दिदीभाइ अर्थात् एक आमाबाबुका छोराछोरी हुन्। त्यसैले मानव र पशुमा अन्तर अवश्य हुनुपर्छ भन्ने उद्देश्यले वैज्ञानिक ऋषिहरूले मानवीय विधान बनाएको हो। विश्वमा नै यो प्रथा कुनै न कुनै रूपमा आ-आफ्ना ढङ्गले मानेकै हुन्छन्। त्यसैले म्लेच्छक्षत्रियहरू र किरातक्षत्रियहरूको खोजी हुनु अझ शेष भए पनि धेरैजसो इतिहासले म्लेच्छ र किरातहरूमा अभेद बताएको देखिन्छ।

---

१. ब्राह्मण्यां शूद्रजातितश्चाण्डालस्त्रिविधस्मृतः।
वद्धकी, नापितो, गोप, आशापः कुम्भकारकः॥
वणिक्किरातकायस्थमालाकारकुटुम्बिनः।
वरटो भेद (म्लेच्छ) चाण्डालदासश्वपचकोलकाः॥
एतेऽन्त्यजास्समाख्याता ये चान्य च गवाशनाः।

किरातकालिक बौद्धिक जनजीवन

प्राचीनकालमा मान्छे जङ्गली थिए, इतिहास जान्दैन थिए, लेख्ने पढ्ने कुरै थिएन, पशुतुल्य जीवन बिताउँथे भनेर केही अधौरा लेखकहरूले लेख्ने दुस्साहस गरेका छन्। तर यो इतिहास सत्य होइन। इतिहास बिगार्ने षडयन्त्रमा लेखेको हो।

यस्तै किरातहरूलाई पनि गुफामा बस्ने, शिकार गरी खाने, जङ्गली जाति भनेर लेखेका छन्। यी दुवै प्रकारका लेखक पाश्चात्य तथा तदनुयायी हुन्। हामी जब ऋग्वेदका पानाहरूमा इतिहास खोज्न पुग्छौं, तब त्यहाँ शिक्षाको चरमोत्कर्ष देख्न पाउँछौं। ऋग्वेद स्वयं सृष्टिको आदिकालिक इतिहास हो। जब दध्यङ्[1] ऋषिसँग अश्विनीकुमारहरू मधुविद्या पढ्न आएका थिए, त्यसको अलौकिक इतिहास उल्लेख भएको छ। यसै गरी अनेक राजा-महाराजहरूले आफ्ना राजकुमारहरूलाई शिक्षा दिन शिक्षासदन, विद्यालय, पाठशाला तथा गुरुकुल आदि खोलेका थिए। यिनै शिक्षणसंस्थाहरूमा प्राचीन किरातकालिक राजा, राजकुमारी तथा प्रजावर्गले आध्यात्मिक, ऐतिहासिक, भौगोलिक, वैज्ञानिक आदि विद्याको शिक्षा पाउँथे। परन्तु सदन, पाठशाला तथा विद्यालय सामान्य प्रजावर्गदेखि लिएर राजकुमारहरूले पढ्ने आ-आफ्ना क्षमताका हुन्थे। किन्तु गुरुकुलतः—पूर्ण विश्वविद्यालय थियो। गुरुकुलहरूमा सोह्र वर्षभन्दा तलका छात्रछात्राहरूले पढ्दैन थिए। सोह्र वर्षमाथिकै विद्यार्थीहरू भर्ना हुन्थे। गुरुकुलहरूमा सामान्यतः अठ्ठार वर्षदेखि लिएर ३६ वर्षसम्ममा समावर्तन कर्म गर्थे। अर्थात् पढिसकेर घर फर्किन्थे। त्यसपछि गृहस्थाश्रममा लाग्थे। यो मनुको विधान[2] हो। मनुको यो परिपक्व विचार ग्राह्य छ। परन्तु सर्वत्र ब्रह्मचर्यमा रहेर मात्र विद्याध्ययन गर्नुपर्ने इतिहास पनि प्रसिद्धै थियो र आज पनि प्रचलित छँदैछ। त्यसैले कालिदासले रघुवंश[3] महाकाव्यको पञ्चम सर्गमा 'वर्णी' शब्दको प्रयोग गरेर वरतन्तुको शिष्य कौत्सको उत्कर्ष बढाएको देखिन्छ। वरतन्तुको गुरुकुलमा दश हजार वर्णीहरूले विद्याध्ययन गर्थे। यस्तै कण्वः ऋषिको गुरुकुलमा पनि उत्तिकै अध्ययन गर्थे। त्यसैले महर्षि पाणिनिले[4] पनि 'वर्णी'हरूको ठूलो महत्त्वको साथ उल्लेख गरेको छ।

छत्तीस वर्षसम्म अध्ययन गरेर समावर्तन कर्म गर्ने उदारता विद्यार्थीले अध्ययन र धारण गर्न सक्ने क्षमतालाई हेरेर दिएको हो। आज पनि यो क्रम जस्ताको तस्तै जारी छ। छात्रहरूले गुरुको सान्निध्यमा गएर श्रद्धापूर्वक अध्ययन गर्थे। विज्ञान आदि अरू विषयहरूको अध्ययन गरेर अध्यात्म विद्याको अध्ययन गर्थे। त्यो विद्याध्ययन रक्तसम्बन्धी थियो भन्ने संकेत महाभारतमा[5] प्रष्ट भएको छ। तर प्राचीनकालिक शिक्षणसंस्थाहरूमा आजको जस्तो भ्रष्ट पढाइ हुँदैन थियो। योग्य इञ्जिनीयर, योग्य कलाकार, योग्य विद्वान्, लेखक तथा योग्य वक्ता निकाल्नका लागि शततः प्रयत्नशील रहन्थे, किनभने योग्य नबनेसम्म

---

[1] ....

[2] मनुस्मृतिः ३।१

[3] रघु० म० का० पञ्चम सर्ग

[4] अष्टाध्यायी ५।२।१३४

[5] म० भा० अनुशा० प० ७।२४-२५
(क) मनुस्मृति २।१४६

राष्ट्रको सुयोग्य नागरिक बन्नै सक्दैन। त्यसैले महाभारतमा[१] विद्यार्थीहरूको कर्तव्य र दायित्वबारे विशद विवेचना गरिएको छ, जसमा छात्रहरूले विनयशील भएर गुरुहरूबाट विद्याध्ययन गर्थे, गुरुसेवामा रत रहन्थे, गुरुकृपाबाट प्राप्त विद्यामा आफूलाई गौरवान्वित मान्दथिए। साथै आफूले सग्दो गुरुदक्षिणा दिएर घर फर्किन्थे। यस प्रकारले विद्यार्थीहरूको चार भाग गरेर गुरुकुलहरूमा शिक्षा दिएपछि राष्ट्रका योग्य नागरिक, शासक, विद्वान् आदि सर्वगुणसम्पन्न बनाएर विद्यार्थीहरूको समावर्तन समारोह अर्थात् दीक्षान्त समारोह भनौं अध्ययन समाप्त गरेर कुलपति, उपकुलपति तथा गुरुजनहरूबाट आशीर्वाद र विद्या लिने उत्सव कर्म गरेर घर फर्कन्थे। घर फर्केर गृहस्थ आश्रमी बन्थे।

यस्तै शिक्षक, गुरुजनहरूको पनि विभाग गरेका थिए। प्राचीन किरातकालिक शिक्षणपद्धतिमा विशेषता नभए यी विभागहरू किन गरिन्थे र ? राजर्षि मनुले[२] यसबारे इतिहास प्रष्ट पारेको छ। 'आचार्य' तथा 'उपाध्याय' गरी मनुले अध्यापकहरूको दुइ भेद गरेका छन्। परन्तु आधुनिक युगमा मास्टर, लेक्चरर, रीडर, प्रोफेसर भने जस्तै प्राचीनकालमा पनि अध्यापक, प्रवक्ता, श्रोत्रिय तथा आचार्य यी चार भाग हुन्थे। आचार्य पाणिनिले अष्टाध्यायीमा[३] प्रष्ट उल्लेख गरेको छ। यीमध्ये आचार्य सर्वोपरि पदमा र योग्य पनि हुन्थे। यही आचार्य गुरुकुलका कुलपति वा उपकुलपति पनि हुन्थे। आचार्यको विशेषता मनुले विशेषरूपमा लेखेको छ। जसले भोजन, वस्त्र, आवास आदिसहित शिक्षा-दीक्षा दिन्छ उसैलाई आचार्य भनेको छ। यो परम्परा अक्षुण्य रह्यो र महाभारत[४]कालमा पनि किरातहरूले 'आचार्य'को आवश्यकता सम्झेकै थिए। परन्तु यो 'आचार्य'परम्परा वैदिक कालदेखि नै अक्षुण्य चलिआइराखेको छ। त्यसैले त अथर्ववेदमा[५] पनि आचार्यको सर्वोपरि स्थान देखिन्छ। यसरी महर्षि व्यास, मनु, पाणिनि आदिले जो शिक्षकहरूको विभाग उल्लेख गरेका छन्, ती विभागहरू तात्कालिक नभएर पारम्परिक हो जो किरातहरूको स्वर्णयुग थियो।

यस रीतिले प्राचीन इतिहासमा व्यास, शौनक, शाकल्य, कण्व, वरतन्तु, द्रोणाचार्य, परशुराम आदि आचार्यहरूले किरातकालमा शिक्षाको ज्योति जलाएका थिए। यीभन्दा पूर्वको उल्लेख उनै ग्रन्थहरूमा भएको छ। साथै समस्त वैदिक वाङ्मयको इतिहास सुरक्षित छ। परन्तु त्यसपछि पनि तक्षशिला[६] आदि

---

[१] म० भा० शा० प० २४२।१६-२९

  क) ,, ,, उ० प० ४४।१०
  ख) ,, ,, उ० प० ४४।१२-१३
  ग) ,, ,, उ० प० ४४।१५

[२] उपनीय तु यः शिष्यं वेदमध्यापयेद्द्विजः।
सकल्पं सरहस्यञ्च समाचार्यं प्रचक्षते॥

एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः।
योऽध्यापयति वृत्त्यर्थमुपाध्यायः स उच्यते॥ (मनु २ अ० १४०-४१)

[३] अष्टाध्यायी २।१।६५

[४] म० भा० उद्योग प० ४४।६

[५] आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भमन्तः (अ० वे० ११।५।३)

[६] छा० उ० ६।१४

  क) कौ० ब्रा० ७।६
  ख) पोलिटिकल हिष्ट्री, पृ० ६१-६२

जस्ता विश्वविद्यालय थिए, जुन विश्वविद्यालयबाट आचार्य पाणिनि र आचार्य चाणक्य–कौटिल्य आदि जस्ता विश्वविख्यात विभूतिहरू निक्ले । वस्तुतः वैज्ञानिक पद्धतिले अध्ययन-अध्यापनको पद्धति हुनाले नै पाणिनि, यास्क, चाणक्य आदि जस्ताबाट विश्वविख्यात इतिहास, व्याकरण, भाषाविज्ञान र अर्थशास्त्र तथा राजनीतिशास्त्रहरूको प्रणयन हुनु सम्भव भयो । अन्यथा सम्भव हुने थिएन ।

स्त्रीशिक्षा

पुरुषवर्गमा प्राचीनकालमा शिक्षा-दीक्षामा कुनै भेदभाव थिएन । सबै वर्गले समान रूपमा शिक्षा ग्रहण गर्न सक्थे । पाठशाला, शिक्षालय, विद्यालय र गुरुकुल सबैको लागि खुला थियो । कुनै जातिपातिको भेदभाव थिएन ।

यस्तै स्त्रीहरूलाई पनि शिक्षा, दीक्षामा कुनै भेदभाव थिएन । अपाला, वाक्, वागाम्भृणी, रोमशा, सूर्या आदि महिला[१] विदुषीहरूको इतिहास हामी ऋग्वेदभित्रै पाउँछौं । मैत्रेयी तथा गार्गी आदि महिलाहरू उपनिषद्कालका इतिहासमा पाउँछौं । मदालसा, कुन्ती, मन्दोदरी, सीता, सावित्री, अनसूया आदि समस्त महिलाहरू केवल लोग्नेमान्छेको भात पकाएर नानी खेलाउने आइमाई मात्रै थिएनन् । यी महिलाहरू त्यतिखेरका विद्यालय र विश्वविद्यालयहरूमा पढेर प्रकाण्ड विदुषी भएका महिलाहरू थिए । मन्त्रद्रष्टी ऋषिकाहरू थिए । आइपर्दा राज्यशासनदेखि लिएर सबै प्रकारका निर्देशन दिन सक्ने विदुषीहरू थिए । यस्ता विदुषीहरूले अध्ययन-अध्यापन नगरी कसरी विदुषी भए होलान् त ? प्राचीनकालमा वैदिक र लौकिक दुवै प्रकारका विद्याध्ययन महिलाहरूले गर्थे । यसै परम्परालाई देखेर पाणिनिले[२] महिला छात्रीहरूको आवासस्थान र छात्रीशालाको उल्लेख गरेको छ । यस उल्लेखलाई पाणिनिको कल्पना भन्नु मूर्खता हो । परम्परा नभई यस्तो उल्लेख हुनै सक्दैन । यस परम्परालाई 'काशिका'[३] मा पनि छोडेको छैन । यस्तै 'यमस्मृति'[४] मा पनि महिलाले साधिकार विद्याध्ययन गरेको इतिहास पाइन्छ । यस्तै उपनिषद्हरूमा[५] पनि पाइन्छन् ।

विद्याध्ययन गरिसकेपछि ब्रह्मवादिनी भएर बस्ने एक थरी महिला थिए । अर्को थरी महिलाले गुरुकुलहरूमा आवास गरेर विद्या अध्ययन गरिसकेपछि विवाह गर्थे । दुवै थरी महिलाहरूले यज्ञोपवीत= जनै धारण गर्थे । यस प्रकार विदुषी भएर गृहकार्यमा पनि कुशल हुन्थे । आमा कुशल नभईकन छोराछोरीहरूलाई कुशल बनाउन सकिंदैन भन्ने आज मात्रै होइन, यो अति प्राचीन धारणा र समस्या पनि हो । यस्ता सुशिक्षित किराती आमाहरू थिए । त्यस्ताका छोरा किरातसम्राट् घटासुर, नरकासुर, भगदत्त, नीलाम्बुद, सुमना, सुबाहु, किरात किरराज, कुणिन्द आदि किरातहरूको उज्वल इतिहास आज हामीले पढ्न पाएका छौं । यो महिलावर्गले शिक्षित हुनुको फल हो । महिलावर्गले शिक्षित भएको फल थियो ।

---

१. वेदमा के छ ?, पृ० १२८-१३१

२. अष्टाध्यायी ६।२।८६

३. काशिका ४।१।४९

४. पुराकाले तु नारीणां मौजीबन्धनमिष्यते ।
अध्यायनन्तु वेदानां गायत्री वचनं तथा ॥ य० स्मृ० ७।११५

५. 'स्त्रियो द्विधा ब्रह्मवादिन्यः सद्यो वध्वश्च', मै० उ० ३५,

महिलाहरूको विवाह

ऋग्वेदकालमा जब महिलाहरूको उत्कर्ष थियो भन्ने इतिहास पाउँछौं, तब ऋग्वेदपछिको महिलावर्गको उन्नति अवश्य थियो भन्ने अनुमान गर्न सकिन्छ। परन्तु समाजमा उत्थान-पतनको नियम आजको होइन। उत्थान पतनको पूर्व रूप हो भने पतन उत्थानको उत्तर रूप हो भन्न सकिन्छ। साथै यही सिद्धान्त विश्वमा लागू भएको देखिन्छ। यस्तै कैयौं राष्ट्रको उत्थानपछि पतन हुन्छ र पतनपछि उत्थान हुन्छ। यस्तै वैदिक कालिक महिलाहरूको उत्कर्ष थियो भने मध्यकालमा आएर महिलाहरूको अपकर्ष हुन थाल्यो। ईस्वी सन्पछि महिलाहरूको धेरै अपकर्ष भयो। त्यसपछि त महिलाहरूले घरको सिकुवा, बार्दली, कौसी, आँगन, पँधेरा, खेत, बारी, तल्लो घर र माथिल्लो घरहरूमा जीवन बिताउन थाले। यहाँसम्म कि रानी-महारानीहरूले पनि दरवारको घेरादेखि बाहिर हेर्दा घुम्टोभित्र हुनुपर्‍यो। यो कत्रो अन्याय थियो! यस्ता महिलाको बिहावारी प्राचीनकालमा आठ प्रकारका हुन्थे भनेर मनुले[1] लेखेका छन्। ती विवाह हुन् ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस।

१. जुन विवाहमा वर (बेउला)-लाई आदरसत्कारपूर्वक बोलाएर पूजा गरी वरको हातमा कन्यालाई अर्पण गरिन्थ्यो, त्यस विवाहलाई 'ब्राह्म'[2] विवाह भन्दथिए।

२. जुन विवाहमा कन्यालाई नाना प्रकारका वस्त्र र आभूषणहरूले विभूषित गरेर ऋत्विक्लाई दिन्थे, त्यस विवाहको नाम 'दैव' विवाह थियो।

३. जुन विवाहमा गाई, गोरु आदि अन्य वस्तु सामग्री वरबाट लिएर छोरी दिन्थे, त्यस विवाहलाई 'आर्ष' विवाह भन्ने चलन थियो।

४. जुन विवाहमा गृहस्थधर्म सञ्चालन गर्नका लागि दाम्पत्य जीवन व्यतीत गर्नका लागि मात्र छोरी दिने चलन थियो, त्यस विवाहलाई 'प्राजापत्य' विवाह भन्दथिए।

५. जुन विवाहमा वरले कन्याको आमाबाबु तथा अन्य सम्वन्धीहरूलाई यथाशक्य धन दिएर कन्या ग्रहण गर्थे, त्यस विवाहलाई 'आसुर' विवाह भन्थे।

६. जुन विवाह गर्दा युवा र युवति दुवैको आफ्नो मन खुशीले एकले अर्कालाई जीवनसाथीको रूपमा

---

[1] ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः॥ (मनुस्मृति ३।२१)
(अ) म० भा० आ० ७३।८-९
(आ) ,, ,, ,, १०२।१२-१५

[2] मनुस्मृति ३।२७
(अ) ,, ३।२८
(आ) ,, ३।२९
(इ) ,, ३।३०
(ई) ,, ३।३१
(उ) ,, ३।३२
(ऊ) ,, ३।३३
(ए) ,, ३।३४

चुनाव गर्थे र साथै यसबीचमा प्रेम सहवास भएपछि जो विवाह हुन्थ्यो, त्यसलाई 'गान्धर्व' विवाहको सञ्ज्ञा दिएका थिए ।

७. आफ्ना मातापिता र अभिभावकहरूबाट अलग पारेर केटीले नमान्दा पनि जबरजस्ती अथवा केटीको इच्छाको विपरीत आफ्ना सम्बन्धीहरूलाई मारेर भए पनि केटीलाई लगेर जो बिहा गर्थे, त्यस विवाहको नाम 'राक्षस' विवाह थियो ।

८. 'पैशाच' विवाह पिशाचकै जस्तो हुन्थ्यो ।

यस प्रकारले यी उपर्युक्त आठ प्रकारका विवाहपद्धति आज पनि जस्ताको तस्तै चलिराखेकै छ । किरातवर्गभित्र पनि अलि-अलि बदलेर यथावत् नै चलिराखेको छ ।

तर विवाह गर्दा निर्दोष अङ्ग भएकी, प्रिय तथा सुन्दर नामवाली, शान्त स्वभाव भएकी, धीर गति भएकी तथा सुन्दर केश पास र दाँतहरूले युक्त भएकी, सुडौल दर्शनीय शरीर भएकी विदुषी वा गृहकर्म-कुशल कन्याको विवाह सुयोग्य वरसँग हुने चलन थियो । यस इतिहासलाई मनुले[1] मनोहररूपमा उभ्याएको छ । यस्ता कन्याहरू आ-आफ्ना पतिगृहमा 'भार्या' भएर समस्त गृहकार्य चलाउने क्षमता राख्थे । भार्याको स्वर्णिम महत्त्व किरातकालिक स्वर्णिम इतिहास महाभारतमा[2] अति सुन्दर रीतिले उल्लेख भएको छ । मनुले[3] भार्याको तुलना साक्षात् भगवती लक्ष्मीसँग गरेको छ । यो किरातकालिक सामाजिक नारी-जीवन-पद्धति थियो, जहाँ 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः' भन्ने इतिहास चरितार्थ थियो । यी महिलाहरू गोत्रको सदस्या पनि हुन्थे । 'गार्ग्यः' आदि यसको इतिहास हो । यस्तै 'अङ्ग' सम्बन्धी अर्थात् अङ्ग जनपदका सदस्य हुनाले 'आङ्गेयः' प्रयोग भयो । चरण अर्थात् वैदिक पाठशालाहरूको सदस्य हुनाले नै बह्वृची र कठशाखाका अध्यत्रीलाई 'कठी' भन्ने चलन थियो । महिलाहरू शिक्षणसंस्थानहरूमा 'आचार्या'[4] हुन्थे । प्राचीनकालिक महिलाहरू आजीवन संन्यासिनी पनि रहन्थे, जसलाई पाणिनिले 'श्रमणा' भनेको छ । यस प्रकार किरातकालिक महिलाहरूले ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यास गरी चारै आश्रमको विधिपूर्वक पालन गर्थे । यति भए पनि पुरुषवर्गमा भने बहुपत्नीप्रथा पनि थिंदै थिए । रामायण र महाभारत आदिमा यो इतिहास प्रष्टै छ, लेखिरहने आवश्यकता छैन । यस्तै निस्सन्तान हुँदा स्त्रीहरूले पनि 'नियोग' द्वारा सन्तान उत्पादन गर्ने अधिकार थियो । तर पछि आएर 'वर्णसंकर' भनेर हेय दृष्टिले हेर्न थालेको पनि देखिन्छ ।

सुरक्षा तथा युद्धनीति

प्राचीनकालमा जुन कुनै पनि देशमा आपस्त सम्बन्ध राजनीतिको मूल मन्त्र कूटनीतिको सिद्धान्तमा आधारित थियो भन्न सकिन्छ । आज कालजस्तै प्राचीनकालमा प्रथम कर्तव्य देशलाई वाह्य आक्रमण[5]बाट

---

[1] मनुस्मृति ३।१०

[2] म० भा० आ० प० ७४।४१-४२
(अ) ,, वन प० ६१।२९
(आ),, वि० प० २१।४०-४२

[3] प्रजार्थं महाभागाः पूजार्हा गृहदीप्तयः ।
स्त्रियः स्त्रियश्च गेहेपु न विशेषोऽस्ति कश्चन ॥
(मनु० ९।२६-२८)

[4] अष्टाध्यायी ४।१।४९
(अ) ,, २।१।७०

[5] मनुस्मृति ७।३
(क) म० भा० शां० १२०।३

बचाउनु थियो। बाह्य आक्रमणबाट भयभीत हुनु स्वाभाविकै कुरा थियो। आज पनि यस सिद्धान्तलाई नकार्ने कुनै देश वा राष्ट्र छैनन्। त्यसको विरुद्ध सतर्कता अपनाउनु पनि स्वाभाविकै कुरा हो। त्यसै उपायको अवलम्बनले नै कूटनीति र वैदेशिक सम्बन्धको उदय भएको हो। यो सुरक्षाव्यवस्था र युद्ध-नीतिको इतिहास ऋग्वेदकालदेखि नै प्रशस्त इतिहास भइसकेको थियो। शम्बरको[१] सयवटा किला र वर्चिन् आदिको लाखौं सेनाको साथ सीमासुरक्षा गर्दा दासराज्ञ युद्ध भएको इतिहास लुकेको छैन। यस्तै रामायण, महाभारत आदि इतिहासमा प्राचीनकालिक सुरक्षा र युद्धनीतिको उल्लेख प्रष्ट भएको छ। नन्दवंशलाई उखालेर फेंक्न आचार्य कौटिल्यले[२] अर्थशास्त्रमा यस विषयलाई व्यापक रूपमा उल्लेख गरेको छ। षाड्गुण्यसूत्रको अवलोकन प्राचीनकालमा अपनाउने गर्थे। तर वर्तमानकालमा पनि केही फरक परेको छैन। केवल नाममा अवश्य अन्तर आएको देखिन्छ। 'षाड्गुण्य' सूत्रमा सबैभन्दा पहिले सन्धि, विग्रह = युद्ध अथवा कूटनीति, विजय, आसन = शत्रुको विरुद्धमा कुनै पनि व्यूहस्थानको रचना र अनुरक्षण गर्नु, यान = आक्रमणको लागि पूरा तैयार रहनु, संश्रय = कुनै बलवान् मित्रराष्ट्रको आश्रय लिनु, द्वैधीभाव = द्वैतनीतिको अवलम्बन गरेर शत्रुपक्षलाई दोधारोमा पार्नु यी छवटा विधालाई 'षाड्गुण्य' भनिथ्यो। प्राचीन किरातकालमा यिनै 'षाड्गुण्य' व्यवहारले आआफ्ना राष्ट्र-देश-विषय वा जनपदहरूको रक्षा गर्थे। परन्तु यो षाड्गुण्यसूत्र कौटिल्यको आफ्नो कल्पना र रचना होइन अपितु प्राचीन आचार्यहरूको राजनीतिशास्त्रको सिद्धान्तलाई उल्लेख गरेको प्रष्ट बुझिन्छ। त्यसैले 'इति-आचार्याः' पद दिएको पाइन्छ। यसरी षाड्गुण्यसूत्र व्यवहार गर्नुभन्दा पहिले नै राजाले सप्ताङ्गको पूरा विचार राख्नुपर्थ्यो, किनभने कुनै पनि अङ्गमा कमी बेसीको प्रभाव सम्पूर्ण राज्यको रचनामा पर्नु स्वाभाविक हुन्छ। यी कुराको ख्याल राखेर प्रयोग गर्ने गर्थे। किरातकालिक सुरक्षा र सन्धि-विग्रह आदि खुबै ख्याल राख्दथिए भन्ने कुरा प्राचीन इतिहासबाट पूर्ण रूपले बुझ्नु सकिन्छ।

यस प्रकार क्षत्रियले राष्ट्ररक्षा तथा प्रजारक्षा र हितको लागि युद्धमा जानु आवश्यक मानिन्थ्यो। राष्ट्रधर्ममा मर्नु पनि स्वर्ग प्राप्त गर्नु नै हो। यसै इतिहासलाई बुझेर प्राचीनकालिक किरातहरू आफ्नो राष्ट्रको रक्षाको लागि युद्ध गर्थे। हारजीत भनेको सामान्य नियम हो। जिते राष्ट्रको ऐश्वर्य भोग गर्नु र हारेको खण्डमा हरुवा जीवन बिताउनु स्वाभाविकै कुरा हो भने युद्धमा वीरगतिं प्राप्त गर्नु पनि एउटा स्वाभाविक घटना हो। यी तीनैओटा विकल्पलाई प्राचीन किरातहरूले बुझेका थिए। त्यसैले वीर प्राचीन किरातक्षत्रियहरू आआफ्ना राष्ट्ररक्षाको लागि अथवा मित्रराष्ट्रको सहयोगको लागि क्षात्रधर्मको परिपालन गर्थे। यो इतिहास भुलिनसक्नु छ। यसको प्रमाण किरातसम्राट् घटासुर, भगदत्त, नीलाम्बुद, कुणिन्द, सुबाहु आदि हुन्। यी किरातसम्राट्हरूले अभूतपूर्व क्षात्रधर्मको पालन गरेका थिए।

किरातकालिक राजतन्त्र-व्यवस्था तथा गणतन्त्रको विकास

हामी जब प्राचीन इतिहासको मूल बाटोमा हिंड्छौं, त्यस बेला अतीतको सम्पूर्ण चित्र सामुन्ने आउँछ। यस्तै प्राचीन इतिहासका प्रत्येक पानाहरूमा रुमलिएको 'पूर्ववृत्त'हरूको सामग्रीहरूले हाम्रो पूर्वज-

---

[१] वेदमा के छ ?, पृ० ११६

[२] कौ० अ० शा० ६।२।१६–३१

(क) ,, ,, ,, ६।२।२९–३०

(ख) सन्धिविग्रहासनयानसंश्रयद्वैधीभावाः षाड्गुण्यमित्याचार्याः (कौ० अ० शां ७।१।२)

हरूको रहन, सहन, खान, पान, लुगा, फाटा, गरगहना, खेती, शिल्प, युद्ध, हार, जीत, व्यापार, राजनीति, शिक्षा, दर्शन, विज्ञान आदि पत्ता लाग्छ। तर यो अवश्य छ कि आधुनिक तारिके इतिहासको ढंगले खोजे इतिहासै पनि नदेखिएला। परन्तु दूधमा घिउ नदेखिंदैमा घिउ छैन भन्नु बुद्धिमत्ता होइन।

यसरी खोज गर्दै लैजाँदा कुनै पनि देश वा राष्ट्रमा एउटा प्रमुख व्यक्तिको आवश्यकता हुन्छ भन्ने कुरा प्रत्येक बुद्धिजीवीवर्गले जानेकै कुरा हो। त्यसैले प्राचीनकालमा मान्छे जङ्गली थिए, कविलामा हिंड्थे, ओडारमा बास बस्थे आदि अनर्गल कुराले सामान्य जनतालाई भ्रममा पार्नु पनि बुद्धिमत्ता होइन। न त यो इतिहास नै हो। प्राचीनकालमा पनि आधुनिककाल जस्तै अझ योभन्दा पनि बढ्ता उन्नतिशील देश, राष्ट्र र जनपदहरू थिए। वैज्ञानिक, बुद्धिजीवीहरू थिए। आपसी फुट भने अवश्य थियो। त्यसैले आपसी युद्ध हुन्थे। यो कुनै नयाँ कुरा होइन कि राजनीति भनेको आधुनिक होइन, यो त प्राचीनकालदेखि नै चल्दै आएको छ। संहिताकालदेखि लिएर ब्राह्मणकालसम्ममा दुइ वर्गमा युद्ध भएको देखिन्छ। त्यसलाई ऋग्वैदिक कालमा 'दासराज्ञ' युद्ध भन्दथिए। तर ब्राह्मण[1]ग्रन्थहरूमा देव र असुर भन्न थाले। देव तथा असुरहरूको आपसमा युद्ध भयो तर देवताहरू बिनाराजाका थिए। त्यसैले असुरहरूबाट हारे। हामी बिनाराजाका छौं। त्यसैले हामी युद्धमा हारिराखेका छौं। हामीले पनि राजा बनाउनुपर्छ भनेर सरसल्लाह गरेको इतिहास ऐतरेय र शतपथब्राह्मण आदिमा मनोहररूपमा उभ्याइएको छ। यस इतिहासले यो बुझिन्छ कि राष्ट्र वा देश, विषय अथवा जनपद चलाउनको लागि राजाको आवश्यकता पर्दो रहेछ। त्यसैले राजतन्त्र-सिद्धान्तको इतिहास शतपथब्राह्मणमा[2] प्रष्टरूपमा उभ्याइएको छ, किनभने राजा नभएको समाज वा देश, राष्ट्र वा जनपद चलन सक्दैन। एउटा माछाले अर्को माछालाई खाए जस्तै एक बलशालीले अर्को दुर्बललाई निल्छ। त्यसैले रामायणमा[3] स्पष्टरूपमा राजाको आवश्यकता सप्रयोजन उल्लेख गरेको छ। यस्तै प्रकारले महाभारत[4] आदि इतिहासहरूमा बिनाराजाको समाज तथा राष्ट्रको दुर्दशा भएको उल्लेख पर्याप्त मात्रामा पाइन्छ।

परन्तु राजा कस्तो हुनुपर्छ भन्ने प्रश्नको उत्तर पनि स्वयं प्राचीन इतिहासले दिएको छ। राजृ दीप्तौ र रञ्ज रागे दुवै धातुवाट 'राजा' शब्द निष्पन्न हुन्छ। प्रजाहरूलाई[5] रञ्जन गर्ने राजा कहलाउँछ। यस प्रकारले प्राचीनकालका राजा-महाराजहरू परस्परमा राजा-प्रजा रञ्जनको साथ राष्ट्रका पूरक भएर बसेका थिए। यो किरातकालिक स्वर्णयुग थियो। जो शासित प्रजावर्गलाई सुखी तथा समृद्ध राख्नु राजा-महाराज शासकहरूको प्रमुख उद्देश्य थियो। यति मात्रै होइन अपितु राजाले धार्मिक हुनु पनि आव-

---

[1] देवासुरा एषु लोकेषु समयतन्त····तान् ततोऽसुरा अजयन्····देवा अब्रुवन् अराजतया वै नो जयन्ति, राजानं करवामह इति तथेति (ऐ० ब्रा० १।१४) वृहद्दारणकोपनिषद् २१।१।९

[2] श० प० ब्रा० ११।१।६।२४

[3] नाराजके जनपदे स्वकं भवति कस्यचित्।
मत्स्या इव जनाः सर्वे भक्षयन्ति परस्परम्॥ (वा० रा० अ० का० ६७।३१)

[4] म० भा० आ० प० ४२।२८,
(क) म० भा० ,, १०६।४४
(ख) म० भा० उद्यो० प० १०।४९

[5] रञ्जिताश्च प्रजास्सर्वास्तेन राजेति शब्यते। (म० भा० शान्ति प० ५९।१२५)

श्यक थियो । राजाले कुलीन, विद्वान्, नीतिज्ञ, राजनीतिकुशल आदि हुनुको साथै देशाचार, कुलाचार तथा धर्मज्ञ नभएको खण्डमा राष्ट्रमा, प्रजामा नाना प्रकारका कष्ट र अपकर्ष हुन्थ्यो । त्यसैले राजाले धार्मिक भएर धर्मको आचरण गर्नु किरातकालिक शासनमा आवश्यक मानिन्थ्यो । महाभारत[1] वनपर्व र आश्वमेधिक पर्वहरूमा यस इतिहासलाई प्रष्ट पारेर राखेको छ । स्वयं राजाको न्यायनीति र देश, काल, पात्र, परिस्थितिको अनुसार धर्माचरणले प्रजावर्गमा अभूतपूर्व शान्ति, उत्साह बढ्नु स्वाभाविकै हो । यो आदर्श राजतन्त्र ऋग्वेदकालदेखि महाभारतकालसम्म अक्षुण्यरूपले चल्दै आएको थियो । परन्तु योभन्दा पूर्व उपनिषद्कालिक इतिहासको एक झलक हेर्नु छ भने महाराज अश्वपतिको उद्घोषमा ध्यान दिनु आवश्यक छ । महाराज अश्वपति भन्नुहुन्छ—'मेरो राज्यमा चोर, डाका आदि छैनन् । कुनै कदर्य=ठग आदि छैनन् । न त मदिरा सेवन गर्ने नै छ । मेरो राज्यमा अग्निहोत्र, पूजापाठ आदि धार्मिक कृत्य नगरी कोही पनि बस्दैनन् । अविद्वान् कोही छैनन् । सबै पठित, शास्त्रज्ञ र विज्ञ छन् । मेरो राज्यमा वेश्या नै छैन । वेश्यागामीको त कुरै के ?' छान्दोग्य उपनिषद्मा[2] यस इतिहासलाई मनोहर रूपमा उभ्याइएको छ ।

परन्तु केवल यति होइन अपितु रावण, कंस, जरासन्ध आदि जस्ता प्रजावर्गलाई दुःख दिने राजाहरू पनि नभएका होइनन् । भएकै हुन् । त्यो युगको राजनैतिक उत्थान र पतनको नमुना हो । स्वार्थ तथा आततायी कर्मले गर्दा फुट पर्नु स्वाभाविक कुरा थियो । त्यसमा पनि राजनैतिक सत्ता हडप गर्ने तथा पद र सम्मान-लोलुपता प्राचीनकालमा पनि थिएन भन्न मिल्दैन । जसको कारण आततायीतन्त्रले जनपद-राज्यको स्वरूप लियो । उदाहरणको लागि वृजि, मल्ल, अन्धक, वृष्णि, कुरु, पाञ्चाल, त्रिगर्त, नेपाल आदि राष्ट्र परम्परागत राजतन्त्रित थिए । तर इतिहासले भन्छ मगध, अवन्ति, काशी, चेदि, वत्स आदि राजतन्त्र भए पनि आततायीतन्त्रले गणतन्त्रमा परिणत गऱ्यो । यी विषयहरूमा प्राचीन राजनीतिको ठूलो भूमिका छ । यसको स्वतन्त्र विषय पनि छ ।

यस्ता राजा, महाराज, सम्राट्, एकराट्हरूलाई मान्ने प्रजा र राजा दुवैको बीचमा एउटा राज्याभिषेकको कार्यक्रम हुन्थ्यो । त्यो थियो सम्वैधानिक राजतन्त्रको सिद्धान्त । जहाँ नयाँ राजा बनाउँदा त्यसको संस्कार अत्यधिक महत्त्वपूर्ण थियो । राज्याभिषेकको लागि तीन प्रकारको अभिषेक महत्त्वपूर्ण मानिन्थ्यो । यसको उल्लेख शतपथब्राह्मणमा[3] प्रष्ट भएको छ । ती हुन् राजसूय, वाजपेय र सर्वमेध अनुष्ठेय संस्कार । राजसूय अनुष्ठान गर्नेलाई राजा भन्ने गर्थे । वाजपेय अनुष्ठान गर्नेलाई सम्राट् भन्दथिए । सर्वमेध=ऐन्द्रमहाभिषेक गर्नेलाई एकराट् भन्दथिए । राजा वा सम्राट् यसै जातिका मानिसले हुनुपर्छ भन्ने नियम थिएन । तथापि राजा वा सम्राट् अथवा एकराट् क्षत्रिय नै हुनुपर्छ भन्ने उल्लेख पाइन्छ । परन्तु 'क्षत्रिय' शब्दको अर्थ हो देश, राष्ट्र, समाजलाई आपत्तिबाट बचाउन सक्ने बुद्धिमान्, नीतिज्ञ, शौर्य,

---

[1] पार्थिवानामधर्मत्वात्प्रजानामभवः सदा । (म० भा० वन प० २०७।३६–३७)
(क) म० भा० आश्वमेधिक प० ४।१२

[2] म मे स्तेनो जनपदे न कदर्यो न मद्यपः ।
नानाहिताग्निर्नाविद्वान्न स्वैरी स्वैरिणी कुतः ॥ (छा० उ० ५।११।५)

[3] राजा वै राजसूयेनेष्ढ्वा भवति, सम्राट् वाजपेयेनावरं
नि राज्यं, परं साम्राज्यम् (श० प० ब्रा० ५।१।१।१२-१३)
(क) ऐ० ब्रा० ८।१५

वीर्य तथा युद्धकलासम्पन्न साहसी पुरुषको नाम हो क्षत्रिय। यस्ता राजा वा सम्राट्ले जनताको सामुन्ने राज्याभिषेकको अवसरमा प्रतिज्ञा गरेको इतिहास पनि पाइन्छ। म मन, वाणी र कर्मले प्रतिज्ञा गर्छु, जो धर्मनीति र दण्डनीतिको आश्रय लिएर निःशङ्क भएर राज्यको शासन सत्ता चलाउँछु। तर आफ्नै वशमा भएर होइन।[1] राजाले आत्माजित हुनु आवश्यक छ। अनि मात्र अरूलाई जितेर वशमा[2] राख्न सक्छ। आदर्श राजाले धैर्यवान्, उत्तम विचार र विवेकले युक्त, देश, काल, पात्र, परिस्थितिज्ञ, मित्र सम्पन्न र सतर्क बुद्धिवाला हुनुपर्छ। वाल्मीकिरामायणमा राजा दशरथलाई 'पौरजानपदप्रियः' आदि शब्दले विभूषित गरेको देखिन्छ। आदर्श मर्यादापुरुषोत्तम रामको विषयमा लेखिरहने आवश्यकता देखिंदैन। यस्तै किरातसम्राट् भगदत्त, नीलाम्बुद, घटासुर, कुणिन्द आदि पनि थिए।

यस्ता राजा, महाराज, सम्राट्हरूको राज्याभिषेक योग्य पुरोहितद्वारा हुन्थ्यो। यसवारेमा महाभारत[4] आदि प्राचीन इतिहासमा पर्याप्त उल्लेख भएको छ। पुरोहित असली राजाको मन्त्री मानिन्थे। अर्थात् राजाको मार्गनिर्देशक हुनुको साथै राज्य वा राष्ट्रमा आइपरेको सुखदुःखको भागी राजाको पूर्ण कार्यसाधक पुरोहित नै हुन्थे। तर प्राचीनकालमा पुरोहित सबै जातिका हुन्थे। महाभारतकालमा आएर धेरैजसो पुरोहितवाद ब्राह्मणवादमा आश्रित भएको देखिन्छ। यद्यपि 'ब्राह्मण' कुनै जातिगत शब्द होइन। यो त उपाधि मात्रै हो। पछि उपाधिले जातिवादको रूप लियो। चाणक्यको अर्थशास्त्र[5]सम्म आइपुग्दा यो ब्राह्मणवाद धेरै असह्य मात्रामा चर्किएको बुझिन्छ। तर सबै राजा-महाराजहरूको पुरोहित हुन्थे। प्राचीन पुरोहित धार्मिक कृत्यको साथ राजाको प्रमुख सचिव वा सल्लाहकार हुन्थे।

यिनै पुरोहितले युवराजलाई राज्याभिषेक गरेर राजा बनाउने इतिहास मनोहररूपमा उभ्याएको पाइन्छ। वाल्मीकिरामायणमा[6] राम र दशरथको परम्परामा युवराजको कस्तो गुण हुनुपर्छ भन्ने वर्णन

---

१. म० भा० शान्ति प० ५९।१०६+७

२. आत्माजेयः सदा राज्ञा ततो जेयाश्च शत्रवः।
अजितात्मा नरपतिर्विजयते कथं रिपून्॥ (म० भा० शा० ६९।४)
   (क) गुणवान् शीलवान् दान्तो मृदुधर्म्यो जितेन्द्रियः
   सदर्शः स्थूललक्ष्यश्च न भश्येत सदाश्रियः (म० भा० शा० ५६।१९)
   (ख) म० भा० शा० ११८।१७-२७

३. वा० रा० बा० का० ६।१
   (क) वा० रा० अयो० का० १।९।३०

४. म० भा० आदि १७२।७६-७७
   (क) म० भा० शान्ति ७४।१,७३-२९
   (ख) म० भा० शान्ति ७२।१,१५,७३-१

५. अर्थशास्त्र १।१।९

६. स हि रूपोयपन्नश्च वीर्यवाननसूयकः।
भूमावनुपमः सूनुर्गुणैर्दशरथोपमः॥
तथा सर्वप्रजाकान्तैः प्रीतिसजननैः पितुः।
गुणै विरुरुचे रामो दीप्तः सूर्य इवांशुभिः॥ (वा० रा० अयो० १।९,३३)

भएको छ। एउटा युवराजमा हुनुपर्ने गुण युवराज राममा थियो। युवराज सुन्दर रूप हुनको साथै वीर तथा राग-द्वेषरहित हुनुपर्छ। साथै सर्वगुणसम्पन्न हुनको साथै प्रजावर्गमा प्रिय र ख्यातिप्राप्त हुनु आदि गुणले युक्त हुनुपर्छ। शिक्षा-दीक्षानिपुण र देश-विदेशको नीतिज्ञ तथा देश, काल, पात्र, परिस्थितिज्ञ हुनु आवश्यक थियो। यस्ता युवराजलाई राजा बनाएपछि त्यस राजाको मन्त्रीमण्डल कस्तो थियो त भन्ने शङ्का हुनु स्वाभाविकै हो। यसको उत्तर प्राचीन इतिहासले सुन्दर र स्वाभाविक रूपमा दिएको छ।

प्राचीन किरातकालिक मन्त्रिपरिषद्

राज्य या राष्ट्र अथवा देश, विषय जे होस्, त्यसको प्रमुख शासक राजा वा महाराज, सम्राट्, एकराट् जे भए पनि राष्ट्राध्यक्ष हुनुपर्छ। राष्ट्राध्यक्षमुनि मन्त्रीपरिषद नभई सुचारुरूपले राष्ट्रको सञ्चालन हुनै सक्दैन। शत्रुपक्षबाट सावधान हुनु, राष्ट्रविरोधी अराजक तत्त्वहरूबाट राष्ट्रलाई जोगाउनु, जनताको पीर-मार्कालाई बुझेर न्याय गर्नु, अथवा सुरक्षा गर्नु, राष्ट्रमा कुनै पनि प्रकारको विप्लव हुन नदिनु आदि मन्त्रीपरिषद्को काम हुन्थे। यसको स्वयं मन्त्रीपरिषद्ले राजालाई परामर्श दिन्थे। साथै तत्सम्बन्धी प्रशासन चलाउँथे। तर मन्त्रीपरिषद्मा कति संख्यामा मन्त्रीगणलाई लिइन्थे ? यसबारेमा प्राचीन इतिहासकारहरूमा मतैक्य छैन। मनुले बाह्रजना हुनुपर्छ भनेका छन् भने बृहस्पतिले सोह्रजना हुनुपर्छ भनेका छन्। उशनले बीसजना भनेका छन् भने चाणक्यले[1] आवश्यकतानुसार संख्या बढाउनु घटाउनु सकिने प्रावधान राखेको छ। चाणक्यले परिस्थिति हेरेर लेखेको देखिन्छ। तर यो विचार त्योभन्दा पूर्व पनि थियो। त्यसैले त चाणक्यले पनि लेख्यो। यी मन्त्रीपरिषद्को अध्यक्ष महामात्य हुन्थे। स्वयं मनुले[2] पनि मन्त्रीपरिषद्को संख्या सात र आठ पनि बताएको छ। त्यसैले चाणक्यले आवश्यकतानुसार बताएको हो।

यस संख्यालाई रामायणमा[3] आठै हुनुपर्छ भनेको छ। महाभारत[4] शान्तिपर्वमा पनि 'अष्टानां मन्त्रिणां मध्ये मन्त्र राजोपधारयेत्' भनेर मन्त्रीपरिषद्मा आठजना हुनुपर्छ भनेको छ। तर यसमा पनि आपेक्षिक घटबढको उल्लेख[5] पाइन्छ। यसरी मन्त्रीहरूको संख्या किरातकालमा आवश्यकतानुसार गठित गर्थे। साथै यिनै मन्त्रीमण्डलबाट राजतन्त्र सत्ता राजाले चलाउने गर्थे। तर मन्त्रीहरूको योग्यता हुनु पनि अत्यावश्यक थियो। त्यसैले विद्याले विनीत, व्यवहारमा नम्र, व्यवहारकुशल, इन्द्रियजित, वचननिष्ठ, वीर, अरूको भेद जान्नमा समर्थ, धन तथा शक्तिसञ्चयमा तत्पर, प्रशासनकलामा प्रवीण, मिष्टभाषी तथा देशवासीहरूको रक्षा गर्नुमा सदैव तत्पर यस्ता गुणले युक्त भएका मन्त्रीहरू थिए। यस योग्यताको उल्लेख

---

[1] अर्थशास्त्र १।१।१५

[2] मनुस्मृति ७।५४

[3] वा० रा० बा० का० ७।३

[4] म० भा० शान्ति प० ८४।११

[5] मनुस्मृतिः ७।६०
(क) वा० रा० बा० का० ७।३-५
(ख) म० भा० शा० ८४।७-११

वाल्मीकिरामायण[1] तथा महाभारत आदि ग्रन्थहरूमा विशद रूपमा भएको छ । यसमा पनि राजशास्त्रज्ञ, शास्त्रज्ञ, धर्मशास्त्रतत्त्वज्ञ हुनु अत्यावश्यक मानिन्थ्यो । यस्तै गरी महाभारतमा[2] अमात्यको योग्यताबारे विशेष उल्लेख भएको छ । साथै त्यस बेला पनि मन्त्री, अमात्य[3] आदि हुने अधिकार देशवासी अथवा आफ्नै देशमा जन्म लिने जन्मना नागरिकले मात्र उपर्युक्त पदहरू प्राप्त गर्न सक्थे भन्ने इतिहास पनि प्रष्ट भएको देखिन्छ । अरबौं वर्षपूर्वको नियम आधुनिक युगमा पनि चलिराखेकै छ । सचिवको[4] योग्यता पनि सानो छैन । कुलीन, शिक्षित, सम्पूर्ण ज्ञान-विज्ञान-पारङ्गत, सम्पूर्ण शास्त्रहरूको तत्त्व जान्ने हुनको साथै सचिवले सहिष्णु हुनु आवश्यक थियो । त्योभन्दा ठूलो नियम थियो 'देशज' अर्थात् जन्मना नागरिकता प्राप्त गर्नु । प्राचीन किरातकालिक राजतन्त्रीय वा गणतन्त्रीय शासनपद्धतिमा यस्ता गुणले युक्त भएका अमात्य, मन्त्री र सचिवहरू हुन्थे ।

राष्ट्र-सञ्चालनको लागि राजाले, मन्त्री, अमात्य, सचिव र मन्त्रीपरिषद्ले मात्रै हुँदैन थियो । त्यसैले सेनाको पनि आवश्यकता पर्ने नै भयो, किनभने राष्ट्रसुरक्षा सेना र पुलिसकर्मी नभई असम्भव थियो । साथै आज पनि उही समस्या छ । कुशल सेनाको लागि कुशलै सेनापतिको आवश्यकता हुन्छ । त्यसैले किरातकालिक सेनापतिको योग्यता मन्त्री र अमात्यको योग्यतासमान थियो । परन्तु सेनापतिको लागि विशेष योग्यता सेना-सञ्चालन, युद्धकला[5] आदिमा दक्ष हुनु थियो । तर सेनापतिको योग्यता मन्त्रीहरूको बराबरै

---

१. विद्याविनीता ह्रीमन्तः कुशला नियतेन्द्रियाः ।
श्रीमन्तश्च महात्मानः शास्त्रज्ञा दृढविक्रमाः ।
वीराश्च नियतोत्साहा राजशास्त्रमनुष्ठिताः ।
शुचीनां रक्षितारश्च नित्यं विषयवासिनाम् ॥ (वा० रा० बा० का० ७।६।१२)
(वा० रा० बा० का० ७।१७।१९)
(क) परस्य वीर्यं स्वबलञ्च बुध्वा स्थानं क्षयञ्चैव तथैव वृद्धिः ।
तथा स्वपक्षेप्यनुमृश्य बुध्या वदेत् क्षमं स्वामिहितं स मन्त्री ॥ (वा० रा० युद्ध कां० १४।२२)

२. धर्मशास्त्रार्थतत्त्वज्ञः सन्धिविग्रहिको भवेत् ।
मतिमान्धृतिमान् ह्रीमान् रहस्यविनिगूहितः ॥
कुलीनः सत्त्वसम्पन्नः शुक्लेऽमात्यः प्रशस्यते । (म० भा० शान्ति प० ८५।३०-३१)

३. म० भा० शान्ति प० ८३।१९-२२

४. कुलीनं शिक्षितं प्राज्ञं ज्ञानविज्ञानपारगम् ।
सर्वशास्त्रार्थतत्त्वज्ञं सहिष्णु देशजं तथा ॥
... ...

सचिवं यः प्रकुरुते न चैनमवमन्यते ।
तस्य विस्तीर्यते राज्यं ज्योत्नाग्रहपतेरिव ॥ (म० भा० शान्ति प० ११८।४-१५)

५. व्यूहयन्त्रायुधानाञ्च तत्त्वज्ञो विक्रमान्वितः ।
वर्षशीतोष्णवातानां सहिष्णुः पररन्धवित् ॥
एतैरेव गुणैर्युक्तस्तथा सेनापतिर्भवेत् ॥ (म० भा० शान्ति प० ८५।३०–३२)
(क) एवं ये कुशलं शूरं हितेप्सितकलमषम् ।
सेनापतिं प्रकुर्वन्ति ते जयन्ति रणे रिपून् ॥ (म० भा० उद्यो० प० १५६।१०)

भए पनि मन्त्रीपरिषद्मा गाभेको देखिंदैन, किनभने सुरक्षा विभाग भएको हुनाले मात्र सुरक्षा सम्बन्धमा मात्र आधिकारिक रूपले सेनापतिलाई राखेको देखिन्छ ।

प्राचीन किरातकालमा आफ्नै प्रकारका मन्त्रीपरिषद् तथा आफ्नै प्रकारका संसद् हुन्थे भन्ने कुरामा शङ्का मान्ने आवश्यकता छैन । ईसापूर्वको जैन तथा बौद्धसाहित्यहरूमा तत्तत् सम्बन्धमा यसको पर्याप्त मात्रामा उल्लेख भएको छ । यीभन्दा पूर्वका इतिहासमा सम्वन्धित स्थलहरूमा निश्शङ्क प्राप्त गर्न सकिन्छ । यस प्रकारले राजतन्त्र र गणतन्त्रको विभाग महाभारतकालमै[1] भएको देखिन्छ, जहाँ कुलपरम्पराबाट चलेर आएको राजतन्त्र तथा गणतन्त्रको इतिहास पाइन्छ । यो इतिहास पूर्ववर्ती तथा परवर्ती इतिहासहरूमा पर्याप्त मात्रामा उल्लेख भएको छ । यस विषयमा स्वतन्त्र ग्रन्थ तैयार हुन सक्छ । तर राजतन्त्रको हुकुमी शासनमा पनि संसद् जस्तै परिषद्, सभा हुन्थ्यो भने गणतन्त्रको संसद् पनि हुन्थे, जहाँ राज्यशासनको लागि तैयार पारेको निर्णय गुप्त राख्न कठिन मानिन्थ्यो । महाभारत[2] शान्तिपर्वमा यसलाई प्रष्ट उल्लेख गरेको छ । त्यसैले मन्त्रगुप्तिको कार्यभार गणप्रमुखलाई छोडेको देखिन्छ । यस इतिहासको परम्परा पनि अनादिकालदेखि चल्दै आएको देखिन्छ । यस परम्पराको इतिहास ऋग्वेदको 'पञ्चजन' मन्त्र आदिबाट तुलना गरेर हेर्न सकिन्छ । तर राजतन्त्रको परम्पराको अझ सुदृढ र पुरानो इतिहास देखिन्छ । तर केही विचारणीय पक्षहरू पनि छँदैछन् । अम्बष्ठ, मालव, शूद्रक, कठ तथा अन्यत्र संसद्को उल्लेख काशीप्रसाद जायसवालले[3] गरेको छ । 'संसद्' जस्तै सभाभवनको उल्लेख पनि पर्याप्त भएको छ । बुद्धकालिक कपिलवस्तुको शालय, पावा र कुशीनगरका मल्लहरूको 'सन्थागार' को उल्लेख बौद्धसाहित्यमा[4] भएको पाइन्छ । तर यी सभाभवनहरूको उल्लेख कुनै नयाँ होइन । वैदिक कालदेखि[5] नै ठूलाठूला सभा हुन्थे र ठूलाठूला सभागृहहरू बनेका थिए । यस इतिहासलाई महाभारतको[6] सुभद्राहरण प्रसङ्गमा अन्धक र वृष्णिहरूको ठूलाठूला सभाभवनका कक्षहरूको वर्णनले बौद्धकालसम्म पुऱ्यायो । त्यही परम्परा आधुनिककालसम्म पनि चलिराखेको देखिन्छ । यो किरातकालको स्वर्णिम युगको अनुकरण हो भन्न सकिन्छ ।

यी सभाहरूमा सदस्यहरूलाई आसन ग्रहण गराउने अधिकारीलाई 'आसनप्रज्ञापक' भन्दथिए । बैठकलाई सचेत गर्ने अधिकारीलाई 'गणपूरक' सञ्ज्ञा दिएका थिए । सभामा महत्त्वपूर्ण वक्तव्य राखेर सभाको कार्य सुधार गर्नेलाई 'शलाकाग्राहक' भन्दथिए । सभाको सभापतित्व गर्ने महानुभावलाई 'सभापाल' भन्दथिए । सभा बोलाउने अधिकार पनि 'सभापाल' लाई नै थियो । महाभारत[7] आदिपर्वको सुभद्राहरण

---

१. गणानाञ्च कुलानाञ्च राज्ञां भरतसत्तम (म० भा० शान्ति १०७।१०)

२. भेदमूलो विनाशो हि गणानामुपलक्षये ।
मन्त्रसंवरणं दुःखं बहूनामिति मे मतिः ॥
(क) मन्त्रगुप्तिः प्रधानेषु चारञ्चामित्रकपर्णः ।
न गणाः कृत्स्नशो मन्त्रं श्रोतुमर्हन्ति भारत ॥ (म० भा० शान्ति प० १०७।८, २४)

३. हिन्दू पोलिटी, पृ० ७३

४. राइस डेविड्स, बुद्धिष्ट इण्डिया, पृ० ११

५. डा० स्वामी प्रपन्नाचार्य, वेदमा के छ ?, १११–११२

६. म० भा० आ० प० २२२।११

७. म० भा० आ० प० २२२।११–१६
क–म० भा० आ० प० २२२।३३,२२३।२–१२

प्रकरणको इतिहासले यो इतिहास प्रष्ट भएको छ। सभाहरूमा स्थायीरूपले बसेर सभासद्हरूको भाषण तथा वक्तव्य आदि लेख्ने अधिकारीलाई 'सभालिपिक' भन्ने सञ्ज्ञा दिएका थिए। यसरी प्राचीन किरातकालको अन्तिम चरणसम्म पनि यो नियम प्रचलित थियो। उपर्युक्त इतिहासलाई पुनः बौद्धहरूले बुद्धकालमा सुचारु रूपले चलाएका थिए। यसको उल्लेख बौद्धग्रन्थहरूमा[1] पनि पर्याप्त मात्रामा भएको पाइन्छ। यस प्रकारले त्यस बेला पनि सम्पूर्ण विकसित साधन र सूझबूझपूर्ण कार्य सभाहरूमा राष्ट्र, धर्म, संस्कृति र जनताको हितको लागि हुँदो रहेछ भन्ने इतिहास छर्लङ्ग भएपछि हामी एक क्षणका लागि किरातकालको विचारविमर्शतिर पनि लागौं। सभासद्हरूलाई आसनमा ससम्मान इङ्गित गरेर बसाउने चलन थियो। आकस्मिक सभा बोलाउँदा घण्टा वा नगरा बजाउने[2] परिपाटी थियो। सभाको प्रारम्भमा प्रस्ताव अथवा वक्तव्य राख्नेलाई 'ज्ञप्ति' भन्दथिए। प्रस्तुत विषयलाई 'प्रतिज्ञा' भन्दथिए। यसरी प्रतिपाद्य विषयलाई उपस्थापन गर्थे।

किरातकालिक अर्थशास्त्र

कुनै पनि राष्ट्र वा समाज उसको आफ्नै अर्थनीतिले मात्रै स्वावलम्बी भएर ज्यून सक्छ। जो राष्ट्र आफ्नो अर्थतन्त्रमा दुर्वल हुन्छ, त्यस राष्ट्रले उन्नति गर्न सक्दैन। अर्को समृद्ध राष्ट्रको हाराहारीमा शिर उठाएर दाँजा लाउनु सक्दैन। त्यसै प्रकारले त्यस राष्ट्रको सामाजिक स्थितिमा पनि ठूलो हलचल मच्चिएको हुन्छ। प्रजावर्ग समृद्ध नभएसम्म राष्ट्र कुनै हालतमा पनि समृद्ध हुन सक्दैन। राष्ट्रले अथवा दरवारले समृद्ध तथा वैभवशाली हुनुको अर्थ त्यस राष्ट्र वा देश अथवा जनपदको प्रजा अर्थनीतिमा समृद्ध हुनु हो। यस्तै प्रकारले प्राचीन किरातहरू राजा, महाराज, सम्राट् थिए। उनको अर्थनीति कस्तो थियो त ? भन्ने जिज्ञासा हुनु स्वाभाविक हो।

प्राचीन किरातकालिक अर्थ-व्यवस्थाको अध्ययन गर्दा किरातराजा, महाराज तथा सम्राट्हरूको राजदरवार, किला तथा युद्ध एकले अर्कासँग आदान-प्रदान गर्दा त्यस कालको अर्थनीतिको पूर्णरूपले आकलन गर्न सकिन्छ। नैयायिकहरूले भान्साघरको धूवाँ देखेर पर्वतको पल्लोतिरवाट निक्लेको धूवाँको अनुमान सत्य भए जस्तै राजदरवारको अर्थनीतिबाट प्राचीनकालिक प्रजाको अर्थनीति प्रष्ट हुन आउँछ। उदाहरणको लागि किरातसम्राट् घटकको[3] अर्थनीति प्रस्तुत गर्न सकिन्छ। पच्चीस हजार

---

[1] चुल्लवग्ग १२।२–७
क– ,, ,, ४।१४।२४
ख–महावग्ग ३।६।६
ग–काशीप्रसाद जायसवाल
'हिन्दू पोलिटी' पृ० ९३
,, ,, पृ० ९५-९६
,, ,, पृ० ९७
,, ,, पृ० ९९
घ–राइस डेविड्स, द लाइफ ओफ द बुद्ध, पृ० ११८–१९

[2] म० भा० आ० प० २२२।१२

[3] का. पु. अ. ३८। १३४-१३५

हात्तीहरूको दाना-व्यवस्था दैनिक रूपमा गर्न निकै ठूलो अर्थ-व्यवस्थाको आवश्यकता हुन्छ। त्यो पनि अनेक प्रकारका हीरा, मोती, जुहार, पन्ना, वज्र आदि रत्नहरूले जडित आभूषणहरूले सजिएका हौदा कसेका सुसज्जित र सुशिक्षित हात्ती थिए। मीलौंमील भूमि त हात्तीहरूलाई दाना ख्वाउनका लागि बनाएका थिए। लोहाले बनेको आठ चक्र भएको, जालीले घेरिएको स्थानभित्र हात्तीहरूलाई दाना ख्वाउने र सधाउने गथ। मनको वेग जस्तै अति शीघ्रगामी सहस्रौं घोडाहरू पनि अनेक प्रकारका रत्नजडित आभूषणहरूले सुसज्जित थिए। यस्तै वज्रमणिबीचमा चारैतिर सुनको तारले बुनेको कतै सुनको दण्डा त कतै वैदूर्यमणिजडित ध्वजाहरूको दण्डा थिए। कतै सिंह, व्याघ्र आदिका छालाहरूले मडेका, कतै लोहजालले ढाकिएका अनेक प्रकारका वैज्ञानिक शक्तिसम्पन्न शस्त्रास्त्रहरू किरातसम्राट् घटकका पासमा थिए।

जलदुर्ग, भूमिदुर्ग, वृक्षदुर्ग, अरण्यमरुदुर्ग, शैलज[1] पाँच प्रकारका दुर्गहरूमध्ये किरातसम्राट् घटकले जलदुर्ग[2] बनाएका थिए। किलाको चारैतिर ठूल-ठूला खाडी खनेर शत्रुले वारपार गर्न नसक्ने परिखाभित्र दुर्गको माझमा राजभवन थियो। त्यो जलदुर्ग सर्वतो भद्राकारमा बनेको थियो, जो हिन्दूहरूको मूल प्रतीक मानिन्छ। देवताहरूले पनि अन्त पाउन नसक्ने खालका दुर्ग थिए। आजका राष्ट्रहरूको किला, दुर्गहरूको तुलना गर्ने हो भने चीनको ऐतिहासिक देवललाई छोडेर अन्यत्र पढ्न वा सुन्न पाइएको छैन। तर चीनको दीवार ई० पू० दोस्रो शताब्दीदेखि ईसाको प्रथम शताब्दीसम्म इतिहासकारहरूले मानेका छन्। परन्तु किरातसम्राट् घटकको इतिहास त लाखौं वर्षभन्दा यताको होइन। किरातराजा घटकलाई युद्धमा वीरगति प्राप्त भएपछि उपर्युक्त सम्पूर्ण राज्य, सम्पत्ति नरकासुरको अधीनमा पुग्यो।

राजनीतिको स्वार्थिक होडमा किरातराज घटकलाई मारे जस्तै वसिष्ठको श्रापको निहुँमा नरकासुरले पनि राष्ट्र र समाजमा अत्यधिक अत्याचार गरे। त्यसैको फलस्वरूप नरकासुर पनि कृष्णको हातबाट मारिए। नरकलाई मारेपछि कृष्ण नरकको अन्तःपुरको कोषागारमा गए। नरकको कोषागारमा कृष्णले मुक्ता, मणि, प्रवाल, वैदूर्य आदि रत्नहरू थाकका थाक देखे। मानौं रत्नहरूको पर्वतै हो। कतै चाँदीको थुप्रो, कतै वज्रमणिको थुप्रो, कतै सुनको थुप्रो, वहान र शैया आदि नाना प्रकारका रत्नहरूले जडिएका थिए। पृथिवीमा अन्यत्र कहीं पनि देखिएन जो नरकासुरको राजधानीमा थिए। कुबेर पनि नरकको सामुमा फिका थिए।

किरातसम्राट् घटकको राज्य नरकासुरले लिएपछि त्यहाँ भएका सुन, चाँदी, हीरा, मोती, पन्ना, वैदूर्यमणि, वज्रमणि, नीलमणि आदि अमूल्य रत्न र त्यसको खानी तथा सर्वस्व राज्य आफ्नो हातमा लिएर स्वयं नरकासुरले प्राक्ज्योतिषपुरमा केही अर्थशास्त्रीय निर्माण गरेका थिए, जो अमूल्य मणि रत्नहरूले जडेर 'मणिपर्वत' नामको राजमहल बनाएका थिए। हेर्दा साँचै नै मणिहरूले बनेको पर्वत जस्तै देखिन्थ्यो। टाढाबाट हेर्दा सूर्यको किरण जस्तै त्यो मणिपर्वत[3] नामक राजभवन चम्किन्थ्यो, जो देवपरीहरूको निवासका लागि बनाएका थिए। कृष्णको सुदर्शन चक्रले नरकासुर मारिएपछि मणिपर्वतको सम्पूर्ण

---

[1] का० पु० ८४ अ० ११२-११३

[2] का० पु० ३८ अ० १३३

[3] यः कृतः सुरकन्यार्थे भौमेन मणिपर्वतः ।
मणिरत्नौघसम्पूर्णो दिवाकरसमप्रभः ॥१३४॥

खजाना गरुडमा चढाएर द्वारिका लगे । शेष रहेको राज्यसमेत नरकासुरका जेठा छोरा भगदत्तलाई राजगद्दी दिएर छोडे । यो घटना महाभारतको युद्ध हुनुभन्दा एक पीढीपूर्वको हो । परन्तु स्वयं कालिकापुराणले 'त्रेतायाञ्च व्यतीतायां द्वापरस्य तु शेषतः' (का० पु० ३९ अ० २) भन्छ । यस प्रमाणका आधारमा यो अर्थव्यवस्था लाखौंलाख वर्षपूर्वको देखिन्छ तर कालको समन्वय बाँकी नै रहला । यस्तै नरकासुरका ज्येष्ठपुत्र भगदत्त जब राजा बने, केवल राजा मात्र होइन अपितु सम्राट् बने । एक करोड सेना भगदत्तले कुरुक्षेत्रको युद्धमा पठाएका थिए । आज कुनै पनि राष्ट्रको एक करोड सेना देख्न, सुन्न वा पढ्न पाइएको छैन । यो साधारण अर्थव्यवस्थाले एक करोड सेना पाल्न सकिंदैन भन्ने कुरा साधारण व्यक्तिलाई पनि थाहा छ भने विज्ञ इतिहासविद्हरूलाई त भन्ने कुरै छैन । यस्तै किरातराज शाल्व, कुणिन्द, सुबाहु, सुमना, नीलराज, सुशर्मा आदि किरातराजा-महाराजहरूको अर्थव्यवस्थासम्बन्धी अध्ययन गर्न सकिन्छ । यहाँ अति संक्षेपमा विज्ञपाठकवृन्दलाई चस्क्याउनु मात्रै लक्ष्य राखिएको छ । किरातकालिक अर्थशास्त्र विषयमा स्वतन्त्र कैयौं भोलूमको ग्रन्थ हुनु सक्छ । निकट भविष्यमा यस विषयमा लेखिएला । यहाँ यति नै सूचना दिएको छु ।

परन्तु आर्थिक व्यवसाय नभैकन कुनै पनि राष्ट्र समृद्ध हुन सक्दैन । त्यसको मूल आयस्रोत नभईकन राजा-महाराजहरूले राष्ट्र-सञ्चालन गर्ने कुरै छैन । त्यसैले किरातकालिक अर्थशास्त्रीय व्यवस्थामा अर्थशास्त्रमूलक अनुसन्धान हुनु आवश्यक देखिन्छ । यी अर्थ-उपार्जनका स्रोतहरू व्यक्तिगत, सामाजिक र राष्ट्रिय तथा अन्ताराष्ट्रिय भेदले अनेक हुन्छन् । तीमध्ये व्यक्तिगत-उपार्जन सामान्य जीवननिर्वाहको लागि हुन्थ्यो । यसैको विकसितरूप अर्थव्यवस्थालाई सामाजिक अर्थव्यवस्था भनिन्छ । यसैलाई अझ विकसितरूप दिंदा राष्ट्रिय अर्थ-व्यवस्थाको रूप हुन्छ । यसैलाई विश्वप्रसिद्ध प्राचीन अर्थशास्त्री कौटिल्य (चाणक्य)-ले 'वार्ता'[1] सञ्ज्ञा दिएको छ । तर 'वार्ता' भित्र पर्ने आयस्रोतहरूमा कृषि, पशुपालन, शिल्प, वाणिज्य आदि थिए । यसै 'वार्ता' शब्दलाई महर्षि पाणिनिले 'वृत्ति'[2] सञ्ज्ञा दिएको छ ।

किरातकालिक कृषिव्यवस्था

यसरी प्राचीन इतिहासलाई गोडेर हेर्दा राष्ट्रको सबैभन्दा ठूलो आयको साधन कृषि नै हो भन्ने बुझिन्छ । तर भूमि नभई कृषि वा खेती हुनै सक्दैन । त्यसैले प्राचीन 'वृत्ति' को साधन मूलरूपमा थियो भन्ने बुझेपछि, भूमिलाई दुइ भागमा बाँटेका थिए भन्ने इतिहास प्रष्ट बुझिन्छ । पहिलो भूमि 'कृष्ट' अर्थात् जोतेर प्रशस्त मात्रामा अन्न, फल, फूल, साग, सब्जी आदि उत्पादन गर्न सकिने तथा प्रशस्त वनजंगल भएको भूमि थियो । दोस्रो भूमि 'अकृष्ट' अर्थात् कृषि वा खेती नहुने अथवा ऊसर केही पनि उब्जनी नहुने भूमि थियो । तेस्रो भूमि गोचर अर्थात् गाईले चर्ने गोचर भूमि तथा व्रज-गाई, गोरु आदि बाँधेर राख्ने ठाउँ पनि 'अकृष्ट' नै भनिन्थे । चौथो ग्राम, शहर बसिसकेको भूमि थियो । पाँचौं देवस्थल आदि र हाट बजार आदिका लागि छोडिएका भूमि हुन्थे । यसै भूमिको नाम हो 'अकृष्ट' भूमि । आचार्य कौटिल्यको अनुसार कृषि, पशुपालन, शिल्प, वाणिज्य आयका साधनहरूमा 'कृषि' नै सर्वोत्तम राष्ट्रको आयको साधन

उत्पाटच तं जगन्नाथस्तार्क्षापृष्ठे न्याधापयत् ।
तथैव वारुणं छत्रं गरुडोपरि माधवः ।।१३५।। (का० पु० ४० अ०)

[1] 'कृषिपाशुपाल्ये वाणिज्या च वार्ता' (कौ० अ० १।३।१)

[2] ,, ,, ,, (अष्टाध्यायी ४।१।४२)

मानिन्थ्यो। यो कृषियोग्य भूमि सा-साना खण्डहरूमा विभक्त गरिएको हुन्थ्यो। तर कृषि अर्थात् खेती हुने भूमि पनि दुइ किसिमले बाँटेका थिए। जस्तै --पानी धेरै भएको सीम भागलाई 'केदार' भन्थे, पानी नपुग्ने अथवा परिश्रमले मात्र पानी पुग्ने भूमिलाई 'क्षेत्र' भनिन्थ्यो। त्यसो त सर्वसाधारण भूमिलाई पनि प्रसिद्ध लोकव्यवहारमा 'क्षेत्र' नै सञ्ज्ञा दिएका थिए। यसरी किरातकालिक कृषि-उत्पादनका साधनहरूमा विचार गर्दा सर्वप्रथम सिंचाईको साधन प्राकृतिक वर्षा नै थियो भन्न सकिन्छ। परन्तु किरातकालमा पनि एक वर्षमा दुइ या तीनबारसम्म बाली उठाउने गर्थे। कैयौं आचार्यहरूले यस्ता बाली-नालीको चर्चा गरेका छन्। तीमध्ये महर्षि पाणिनिले आश्वयुजक[1] र वासन्तक दुवै बालीको उल्लेख गरेका छन्। जो आश्विन-मासमा पाकेर तैयार भएपछि उठाइन्छ, त्यस बालीको नाम 'आश्वयुजक' हो। जो बाली वसन्त ॠतुमा तैयार हुन्छ र उठाइन्छ, त्यस बालीको नाम 'वासन्तक' हो। यो इतिहासले के बुझिन्छ भने प्राचीन किरात-कालमा पनि दुइ फसल त सामान्य रूपमा हुँदो रहेछ। परन्तु वर्षाको अभावमा कृषकगणले पोखरी, सानो नदी, ठूला नद आदिबाट नहर, कुलो निकालेर सिंचाई गर्थे। विशेष गरेर नद, नदीको किनारैको खेत-बारीको सिंचाईबाट खाद्यान्न उत्पादन गरेर राष्ट्र र समाजमा कृषकहरूले आपूर्ति गर्दथिए।[2] पाणिनिले त्यसैले त सिन्धु, तक्षशिला आदिमा सिंचाई गरिने नद-नदीहरूको नाम उल्लेख गरेका छन्।

जहाँ नदनदीहरूबाट सिंचाईको सुविधा हुँदैन थियो, त्यहाँ कुवाको पानीले सिंचाई गर्थे। यो सिंचाईको लागि गोरु वा घोडाको आँखामा पट्टी बाँधेर तथा छालाको डोल बनाएर पानी निकालेपछि सानो-सानो नालीहरूबाट आ-आफ्ना खेतबारीहरूमा पानी पुर्‍याएर सिंचाई गर्थे। त्यसै सिंचाईहरूबाट[3] उत्पन्न भएको अन्न, साग, सब्जी आदि प्राचीन किरातहरूले प्रयोगमा ल्याउँथे। यस प्रकारका चतुर कृषक किरातहरूको समयमा बाली पनि समयमा नै लगाउँथे। आश्विन मासमा बाली उठाएर तुरुन्त अर्को बाली लाउने गर्थे। त्यसैको नाम आश्वयुजक कृषि हो। त्यो बाली वसन्तसम्म तैयार भएपछि त्यस बालीलाई उठाएर अर्को बाली लाउँथे। त्यो बाली ग्रीष्म ॠतुमा तैयार हुन्थ्यो। यसरी प्राचीनकालिक किरातहरूले तीनै प्रकारका बाली तैयार पारेका हुन्थे। यस प्रकारको कृषिलाई अर्थशास्त्रमा[4] आचार्य कौटिल्यले पनि हेमन्त र ग्रीष्म ॠतुहरूमा बीउ छर्ने उल्लेख गरेको छ, किनभने हेमन्त ॠतु र ग्रीष्म ॠतु-हरूमा बीउ छर्नुको अर्थ हो प्रचुर मात्रामा पानीको व्यवस्था हुनु। तर पाणिनिको साथमा तुलना गर्दा आश्वयुजक = र हैमनमा केही फरक परे पनि ॠतु र लेक, बेंसी, हिमालय, भित्री मधेस र मधेस आदि प्रान्त वा स्थानभेदले बीउ छर्नु र बाली उठाउनुमा अवश्य भेद हुन्छ। अन्तर पनि पर्छ नै। यसमा सन्देह छैन।

कृषि-उत्पादन विशेष गरेर धान, दाल, उखु, शूक धान, गहुँ आदि महत्त्वपूर्ण हुन्थे। यी अन्नहरूमा पनि धानको विशेष महत्त्व थियो। प्राचीनकालमा प्रयोग हुने अन्नहरूमा महर्षि पाणिनिले आफ्नो विश्व-प्रसिद्ध ऐतिहासिक ग्रन्थ अष्टाध्यायीमा[5] धानको उल्लेख गरेको छ। धानका कैयौं भेदहरू हुन्छन्। ती-

---

[1] अष्टाध्यायी ४।३।४५-४६

[2] अग्रवाल वा०, इण्डिया एज नोन टू पाणिनि, पृ० २०४

[3] हर्सिल, प्राचीन सिंचाईका साधन, पृ० २१५

[4] कर्मोदकप्रमाणेन केदारं हैमनं ग्रैष्मकं सस्यं स्थापयेद् (अ० शा० २।२४।१७)

[5] 'व्रीहिशाल्योर्ढक्' अष्टाध्यायी ५।२।२

मध्ये व्रीहि, शालि, महाव्रीहि, हायन, नीवार आदिको उल्लेख पाणिनिले गरे पनि तैतिरीयसंहितामा व्रीहिलाई शरद्कालिक भनेको छ। साथै अन्य धानहरूभन्दा 'व्रीहि' धेरै उत्पादन हुन्थ्यो। त्यसैले धनीहरूलाई प्राचीनकालमा 'व्रीहिमान्' विशेषणले विभूषित गर्थे। 'व्रीहि' पछि 'शालि'को खेती गर्थे। यसको उल्लेख प्राचीन वैदिक[२] वाङ्मयमा कृष्टधान्य र ग्राम्यधान्यको नामले पुकारिएका छन्। यस्तै 'महाव्रीहि'[३] भन्ने धान आकार-प्रकारमा अरू धानभन्दा ठूलाठूला हुन्थे। यस धानको उल्लेख तैतिरीयब्राह्मणमा[४] पनि भएको छ।[५] 'षष्ठिक' साठी रातमा पाक्ने धान थियो, जसलाई 'षष्ठिकाः षष्ठिरात्रेण पच्यन्ते' भनेको छ। यस्तै 'हायन' आदि धानहरू पनि थिए। प्राचीन इतिहासमा यस्ता अनेक अन्नहरूका नाम छन्। धानैका प्रकारहरूमध्ये 'नीवार' पनि आउँछ।

अकृष्टपच्य धानहरूमध्ये 'नीवार'को गणना हुन्छ। यो धान जोत-खन नगरीकनै वनमा हुने धान हो। कालिदास आदि महाकविहरूले 'नीवरपकादि' शब्दले मनोहर रूपमा यसको उल्लेख गरेको छ। ऐतिहासिक विचार मात्रै होइन, अपितु ऐतिहासिक रूपमा 'श्यामाक' पनि आउँछ।

यस्तै मुंग, कालो दाल, मसुरको दाल, गहुँ, तिल, जौ, प्रियङ्गु, कुलत्थ उत्पादन हुन्थे। रुवाको[६] उत्पादन पनि धेरै मात्रामा हुन्थ्यो भन्ने कुरामा साँदी लगाउने आवश्यकता छैन। यसको अन्यत्र पनि प्रचुर मात्रामा उल्लेख भएको छ। रुवा उत्पादन नभए केको लुगा लाउँथे त ? यस प्रश्नको उत्तर जङ्गलमा हुने रूखको बोक्रा, पात आदि लाउँथे भनेर हुँदैन, किनभने किरातहरू राजा, महाराज, सम्राट् थिए भन्ने उसैको इतिहासले बताउँछ। त्यस्ता शासकहरूका प्रजा पनि कम थिएनन् भन्ने कुरा वा इतिहास पनि स्वतै बुझिन्छ। यसै रूपमा उखुको उत्पादन पनि प्रचुर मात्रामा गर्थे। उखुको रसको गुड[७] र शक्कर[८] पनि बनाउँथे। यी गुड र शक्करहरूबाट गुलियो[९] र मधुर पेय पदार्थ तैयार गर्थे। राम्रोभन्दा राम्रो उत्पादन गर्न जान्ने किरातहरू कसरी जङ्गलमा वा ओडारमा बस्ने हुन्थे। कपडा आदि रङ्गाउने रङ्गहरूमा पनि नीली र मञ्जिष्ठको सर्वाधिक उल्लेख पाइन्छ। ऐतरेय[१०] आरण्यक तथा सांख्यायन[११] आरण्यक आदिमा यी रङ्गहरूको उल्लेख भएको छ। यस्तै गरी यी रङ्गहरूको व्यापार किरातकालमा पनि विदेशहरूमा व्यापार वा निर्यात हुन्थे भन्ने पुष्टि ग्रीक[१२] इतिहासकारहरूले गरेका छन्।

पशुपालन

यसरी कृषिसम्बन्धी व्यापक चर्चा भएपछि कृषिको लागि मल-जलको पनि उति नै आवश्यकता हुन्छ। पशुपालन कुनै जाति विशेषको पेशा थिएन। आ-आफ्ना आवश्यकतानुसार सबैले पशुपालन गर्थे। पशुपालनबाट कृषिको लागि मल, जोत्नलाई गोरु, सवारीको लागि हात्ती र घोडा आदि सबै पशु

---

१. तै० सं० ७।२।१०।२

२. वा० सं० १८।१२, बृ० दा० उ० ६।३।१३,

३. अष्टाध्यायी ६।२।३८

४. तै० ब्रा० ३।१।५।२

५. अष्टाध्यायी ५।१।९०

६. अष्टाध्यायी ३।१।२५

७. ,, ,, ८।४।५

८. ,, ,, ४।४।१०३

९. ,, ,, ६।२।७०

१०. ऐ० आ० ३।२।४

११. सांख्याय आ० ८।७

(क) अष्टाध्यायी ८।३।९७

१२. अग्रवाल, इण्डिया एज नोन टू पाणिनि, पृ० २०९

पालन गर्थे । परन्तु जबदेखि जातिवाद प्रारम्भ भयो, त्यहाँदेखि पशुपालन वैश्यहरूको हुन थालेको उल्लेख पनि मनुस्मृति, महाभारत आदि ऐतिहासिक ग्रन्थहरूमा पर्याप्त मात्रामा पाइन्छ । परन्तु जातिवादपरक इतिहास धेरै पछिको हो । यसरी पछि आएर वैश्यवर्गले[1] पशु पाल्ने उल्लेख हुन थाल्यो ।

गाई, भैंसी, भेडा, बाख्रा दूधका लागि पालिन्थे । साथै मल-जलको लागि पनि पालिएका हुन्थे । हात्तीपालन किरातहरूको सबैभन्दा ठूलो विशेषता थियो । तर राजा-महाराज तथा अर्व-खर्वपतिहरूले मात्र हात्ती पाल्थे । घोडा, खच्चड, गधालाई सर्वसामान्य जनतादेखि लिएर सबैले पाल्थे । यी पशुहरूको उपयोगिता देश, काल र परिस्थितिअनुसार हुन्थे । गाई, भैंसी आदि दूधको लागि पालिन्थे भन्ने प्रमाण महाभारतको वनपर्वबाट[2] प्रष्ट हुन्छ । प्राचीन किरातकालिक पशुपालनको इतिहास हेर्दा आश्चर्य लाग्छ । शाल्व, कुरु तथा मत्स्य आदि देशहरूमा पालित गोशाला र गाईका बथान देखेर एक राज्यले अर्को राज्यको गाई हरण गरेको इतिहास पनि लुकेको छैन । महाभारत वनपर्वमा यो इतिहास प्रष्टसँग उल्लेख भएको छ । कौरवहरूको सहायताले त्रिगर्त (जालन्धर, वर्तमान जिल्ला कांगडा, हिमाञ्चलप्रदेश)-को किरात-राजा सुशर्मालि मत्स्यदेशको राजा विराटको गाई हरण गरेको इतिहास विश्वप्रसिद्ध इतिहास हो । यति मात्रै नभएर शक्तिप्रयोग पनि गरेको इतिहास पाइन्छ । यति गर्नुको अर्थ यो थियो कि गाईको दूध राज-परिवार र प्रजामा पनि पुऱ्याइन्थ्यो । यसको मूल्यवान् सम्पत्ति गाई र गोरु मानिन्थे । ऋग्वेदकालदेखि नै गाई र गोरु राष्ट्र र समाजको मूल धन मानिएका थिए । यसरी गाई राष्ट्रको सर्वस्व सम्पत्ति थियो । परन्तु हात्ती, घोडा, ऊँट, खच्चर आदि विशेष सैनिकप्रयोगमा लगाइन्थे । हात्तीलाई छोडेर प्राचीनकालमा जस्तै आज पनि घोडा, खच्चर र ऊँटलाई विशेष प्रयोगमा ल्याउने गरेकै छन् । यसरी किरातकालमा पशुपालन गर्ने सुदृढ प्रथालाई हेर्दा पशुबाट प्राप्त हुने अर्थप्राप्तिमा पनि सम्पन्न थिए भन्ने कुरामा साँदी लाउने आवश्यकता देखिन्न ।

गाई तथा गोरुको आर्थिक उपयोगिता

गाई तथा गोरु केवल धार्मिक उपयोगिताको लागि मात्रै पालिंदैन थिए । यसको विशेष आर्थिक महत्त्व थियो । प्राचीनकालमा मुद्राको प्रचलन भए पनि मुद्राको अतिरिक्त गाई विनिमयको काममा ल्याइन्थे । साथै गाईलाई मूल्यमा पनि बेच्दथिए । यसको साथै संविधाननिर्माता मनुले[3] गाईगोठालाहरूलाई मजदूरी (ज्याला) दिने इतिहास उल्लेख गरेको छ । प्रत्येक गाईको धनीले प्रत्येक दश गाईको दूध गाई चराउने गोपाललाई दुहुन दिनु भन्ने विधान छ । पाणिनिले पनि ऋण[4] चुकाउँदा कर्जा खानेको गाईको दूधको उपभोग गर्ने उल्लेख गरेको छ । यसरी जुन गाईहरूले आफ्नो जीवनकालमा मानवसमाजको सेवा दूध, बाच्छा, बाच्छी, गोबर आदिले गरेका थिए, तिनै गाईको[5] मृत्यु भएपछि छाला, हड्डी आदिबाट जुत्ता

---

[1] मनुस्मृति १।९०।९
    (क) म० भा० उ० प० २९।२५
    (ख) ,, ,, क० प० ३२।४६
    (ग) ,, ,, भी० प० ४३।४४

[2] म० भा० व० प० २४०-४-५

[3] मनुस्मृति ८।२३१

[4] अष्टाध्यायी ४।४।८९

[5] मनुस्मृति ८।२३४

आदि अनेक जीवनोपयोगी वस्तुहरू वनाएर उपयोगमा ल्याउँथे। गोरुको उपयोग विशेष कृषिकार्यमा जोत्नु नै हुन्थ्यो। शेष गाडा तान्ने काम गर्थे। गोरु पनि मरेपछि उसको छाला आदिले जुत्ता, पेटी आदि सामग्री वनाएर उपयोगमा ल्याउँथे। यसरी जीवनदेखि लिएर मृत्यूपरान्त पनि पशुहरूले सेवा गर्थे भने किरातकालमा पशुको सर्वाङ्गीण उपयोग गर्न पनि जानेका थिए। परन्तु यस्ता राष्ट्रका सर्वाङ्गीण विकास गर्ने पशु हजारदेखि लाखौंलाख पालेका हुन्थे। त्यसैले गाईको गोठालाले पनि आफ्नो गाई र अर्काको गाई चिन्न नसक्ने हुनाले आ-आफ्ना गाईहरूमा आ-आफ्ना चिह्न लगाउँथे। यस इतिहासको उल्लेख वैदिक[1] संहिताहरूमा पनि पाइन्छ। महाभारत वनपर्वमा[2] राजकीय गौशालामा हुने पशुहरूको चिह्न लगाउने र गणना गर्ने प्रष्ट उल्लेख भएको छ। पाणिनिले[3] पनि यसको निर्देश गरेका छन्। यी चिह्नहरू गाई नहराऊन् भन्नका लागि लगाइन्थे। अथवा अर्काको बथानमा मिले भने आफ्नो स्वामीको चिह्नले चिन्ने गर्दथिए। यसरी पशुपालनमा दक्ष किरातहरू आफ्नो सर्वाङ्गीण राष्ट्र उन्नतिमा लागेका थिए।

तात्कालिक वाणिज्य

आजभोलि कल्पना गर्नेहरूले वाणिज्यशास्त्र भनेको आधुनिक हो भन्ने गरेका छन्। तर गहन अध्ययन गर्दा यो कुरा सत्य होइन। ऋग्वेदमा[4] पणिहरूको इतिहास वाणिज्यको लागि प्रसिद्ध छ। किरातकाल वाणिज्य व्यापारको अत्यन्त उन्नत काल थियो। तर किरातहरू मात्रै थिए भन्न खोजेकोचाहिं होइन। किरातक्षत्रिय राजा-महाराजहरू जस्तै अरू पनि समाज थिए। किरातकालमा स्वदेशी र विदेशी दुवै प्रकारका वाणिज्य व्यापार हुन्थे। व्यवहारमा निर्यात र आयात बराबर हुन्थे। स्वदेशीय वा स्थानीय क्रय-विक्रयमा 'पण' को व्यवहार गर्थे। ठूला-ठूला व्यापारीहरूलाई वणिक् अथवा वणिज भन्दथिए। उनीहरूले व्यापार गर्ने स्थानलाई 'आपण' नाम दिएका थिए। त्यस बेलाको व्यापारी व्यवहार गर्ने रुपैयाँलाई 'पणक' भन्थे। त्योभन्दा सानालाई 'पण' मात्र भन्थे। तर यी व्यापारीवर्गका पनि अनेक विभाग थिए। यस विषयमा पाणिनिको अष्टाध्यायी[5] हेर्नु र बुझ्नु आवश्यक छ। अर्थात् थोरै लगानी लगाएर किनबेच गर्ने वणिक्लाई 'क्रयविक्रयिक' भन्दथिए। व्यवसायमा धेरै धन लगानी गर्नेलाई 'वस्तिक' भन्दथिए। व्यापारिक संघका सदस्य 'संस्थानिक'[6] नामले पुकारिन्थे। यस व्यापारभित्र पर्ने लुगा, छाला, पशुहरूमा हात्ती, घोडा आदि तथा प्रास्तरिक द्रव्यहरू हीरा, वज्र हीरा, वैदूर्यमणि, पन्ना, मोती, सुन, चाँदी आदि व्यापार हुन्थे, जसलाई खनिज व्यापार भनिन्थ्यो। यति मात्रै होइन अपितु यो वाणिज्य देश र विदेशमा हुने भएको हुनाले मद्र वाणिज्य, गान्धार वाणिज्य आदि नाम जुनजुन देशमा व्यापार गर्न पुगेका हुन्थे, तीती देशका[7] नामबाट वणिक्हरूका नाम राखिएका हुन्थे। मद्रदेश तथा गान्धारदेश आदिमा भ्रमण गरीगरी व्यापार गर्नेहरू मद्रवणिक्, गान्धारवणिक् आदि शब्दले विभूषित गरिन्थे। यस रीतिले वैदेशिक व्यापारको ठूलो महत्त्व थियो। यस प्रकार किरातकालिक व्यापार एक राज्यदेखि अर्को राज्यमा नियमित-

---

१. अथर्ववेद ६।१४१।२–३,१२,४–६,
(क) मैत्रायणी संहिता ४।२।९

२. म० भा० व० प० २४०।४–५

३. अष्टाध्यायी ६।३।११५

४. ऋग्वेद··· ····

५. अष्टाध्यायी ४।४।१३

६. ,, ,, ४।४।७२

७. अष्टाध्यायी ६।२।१३
(क) 'इण्डिया एज नोन टू पाणिनि' पृ० २३८–३९

रूपले भएको देखिन्छ । जस्तै—काश्मीर र गन्धार तथा विदेह, मगध, सौवीर, वाराणसी, उज्जैनी, नेपाल आदिबीच खुबै वाणिज्य व्यापार चल्थे । भारतवर्षदेखि बाहिरको देश अर्थात् विदेशहरूमा पनि वाणिज्यको आयात र निर्यात हुन्थे । साथै जल[१] र थल[२] दुवै मार्गबाट सुगम रीतिले आयात-निर्यात गरिन्थे । यसरी व्यापारीहरूको वर्गीकरण साथै पूर्ण आधुनिककालको जस्तै प्राचीनकालमा पनि विनिमयको चलन थियो भन्ने इतिहास प्रष्ट छ । लेनदेनको कारोबार सम्पूर्ण राष्ट्रमा, सम्पूर्ण समाजमा धेरै तेजीले हुने गर्थ्यो । अन्न, वस्त्र, औषधि, पशु आदिका विनिमय हुन्थे ।

विनिमयका साथै प्राचीन किरातकालमा 'मुद्रा' पनि प्रचुर मात्रामा चलाउने प्रथा थियो । मुद्राको लेनदेन 'ऋण' को लागि प्रयोग गरिन्थे, किनभने प्राचीन इतिहासमा प्रचुर मात्रामा उल्लेख पाइन्छ । जस्तै—सुनको सिक्का-निष्क[३], सुवर्ण[४], शातमान[५], चाँदीको सिक्का-शाण[६], कार्षापण[७], माष[८] तथा तामाले बनेका सिक्कालाई अपवर्तक भन्ने गर्थे । यस प्रकारले मुद्राविनिमय पनि आधुनिक युगको देन होइन भन्ने इतिहास प्रष्ट भएको देखिन्छ । साथै किरातहरू जङ्गली थिए वा गुफा, ओडारमा मात्र बस्थे । शिकार मात्र गरिखान्थे भन्नु कहाँसम्म उचित हो ? यो नीरक्षीर पाठकवृन्दमा छोडिन्छ । यसरी प्राचीन किरात-इतिहासको गहन शोध र खोज गर्दै लैजाँदा वैदिक र लौकिक वाङ्मयका अध्याय र पानाहरूमा लेखिएको इतिहास, एउटैलाई मात्र बोध गराउने एकलकाँटे इतिहास होइन ।

जहाँ मुद्रा वा सिक्काको प्रचलन थियो, त्यहीं ऋणस्वरूप आदान-प्रदान हुनु पनि स्वाभाविकै हो । पछि आएर व्यापारीवर्गले मुद्रा ऋण अथवा ब्याजमा दिने उल्लेख मनुले[९] गरेको छ । बौद्धजातकहरूमा ब्याजमा ऋण दिनेबारेमा अनेक प्रकारका दरहरू उल्लेख भएका छन् । यी दरहरू त्योभन्दा पूर्व प्रचलनमा नभएसम्म जातककारले लेख्ने थिएनन् । जातकभन्दा पूर्वको व्यवस्था वसिष्ठको वचनलाई स्वीकार गरेर मनुले[१०] अस्सी भागसम्म ब्याज लिने व्यवस्था दिएको छ । यसरी ऋण र ब्याजको बारेमा पनि

---

१. इण्डिया एज नोन टू पाणिनि, पृ० २४४–५५
   (क) अष्टाध्यायी ५।१।७७
   (ख) इण्डिया एज नोन टू पाणिनि, पृ० २४४
   मलालशेखरको पालि शब्दकोष हेर्नुहोस् ।

२. शतपथब्राह्मण ११।४।१।८

३. अष्टाध्यायी ६।२।५५

४. श० प० ब्रा० ५।५।५।१६, ८।२।३।२

५. म० भा० व० प० १३४,४

६. मनुस्मृति ८।१२६

७. अष्टाध्यायी ५।१।३४,

८. मनुस्मृति ८।१३५

९. पशूनां रक्षणं दानमिज्याध्ययनमेव च ।
   वणिक्पथं कुसीदञ्च वैश्यस्य कृषिमेव च ॥ मनु० १।९०
   (क) प्राचीन भारत में जनपदराज्य, पृ० १९८
   (ख) बौद्धजातक, पृ० ४।४२२

१०. अस्शीति भागं गृह्णीयाद्, मनु० ८।१४०

मनु[1], वसिष्ठ, पाणिनि[2], कौटिल्य[3] आदिले पर्याप्त मात्रामा विचार गरेका छन् । यसरी आदान-प्रदान ऋण, व्याज आदि लेनदेन सबै कुराबाट प्राचीन किरातहरू परिचित मात्र थिएनन् अपितु दक्ष आविष्कर्ता पनि थिए । त्यसैको सर्वाङ्गीण उल्लेख सूत्र रूपमा उपर्युक्त ऋषि, मुनि, आचार्यहरूले आफ्ना कलमको विषय बनाएका थिए ।

यसरी व्यापारविनिमय गर्दा प्राचीन किरातहरूले हीरा, मोती, सुन, चाँदी, कपडालत्ता, राडी, गलैंचा, पशु, अन्न, औषधि आदि समस्त व्यापारिक अङ्गलाई पुऱ्याएर व्यापारविनिमय गर्थे । अर्थशास्त्रको मूल स्रोतहरूमा उपर्युक्त सबै पदार्थहरूको आ-आफ्नो क्षेत्रमा विनिमय हुन्थे भने पर्वतीय र मैदानभाग दुवै क्षेत्रका औषधिहरूको निर्यात अधिक मात्रामा हुन्थे । त्यसैले अथर्ववेदमा अविवाहिता किराती युवतिले पर्वतीय क्षेत्रहरूमा औषधि खनेर बटुल्दै गरेको इतिहासलाई पनि हामीले भुल्नु हुँदैन भने किराततिक्त (चिराइतो)-को नाममा जोडिएको किरात शब्दले किरातहरू औषधिको रिसर्च गर्ने र आविष्कारक पनि थिए भन्ने इतिहास प्रष्ट हुन्छ । यी इतिहासबाट किरातकालिक अर्थशास्त्र कस्तो थियो भन्ने प्रश्नको उत्तरमा सहजै भन्नु सकिन्छ कि किरातकालिक अर्थतन्त्र अत्यन्त सुदृढ थियो । सुदृढ अर्थतन्त्रको साथ राज्यशासन गर्ने किरातहरू कसरी जङ्गली हुन सक्छन् ? यो पाठकहरूलाई नै छोडिन्छ ।

शिल्पकला र कौशल

कुनै पनि राज्य वा राष्ट्रको कृषि, पशुपालन, व्यापार आदि व्यवस्था सम्पन्न भएपछि त्यस राष्ट्रमा बस्ने जनजीवन सुसंस्कृत हुन्छ, किनभने जनताले राष्ट्रलाई समृद्ध पार्छ भने राष्ट्रले पनि जनतालाई समृद्ध बनाउँछ । यी दुवैको अन्योन्याश्रय सम्बन्ध हुन्छ । त्यसमा सरकारदेखि लिएर जनतासम्म कृषिकला, भवन, पुल, बाटो निर्माणकला, काष्ठ उद्योगकला, लुगाफाटा, जुत्ता आदि सिउने शिल्पकलादेखि लिएर विज्ञानकलासम्म किरातकालमा सहज रूपमा प्रयोगमा ल्याएका थिए । यसरी ललितकला, हस्तकला यी सबै पूर्णरूपमा किरातशासनमा विकसित थिए ।

यद्यपि कलाहरूमा प्राचीन इतिहासविद्हरूमा[4] केही भेद अवश्य देखिन्छ । जस्तै—कौषीतकि ब्राह्मणमा[5] सङ्गीतमा प्रयोग हुने गायन, वादन र नृत्यलाई ललितकलाको सञ्ज्ञा दिएको पाइन्छ । तर यो

---

[1] मनु ....८।१५२
....८।१४२
....८।१५१

[2] अष्टाध्यायी ४।४।३१
,, ,, ५।१।४८

[3] अर्थशास्त्र ३।११।१०

[4] शु० य० सं० मा० शा० १६।२७
क—कृ० य० तै० सं० ४।५।४
ख—कृ० य० काठ० सं० १७।१३।४९
ग—कृ० य० मै० सं० २।९।५।३१
(तक्ष, रथकार, कुलाल, कर्मार आदि)

[5] कौषीतकिब्राह्मण २४।५

केवल ब्राह्मणग्रन्थको देन होइन, यो परम्परागत प्राचीन इतिहास हो। तथापि महर्षि पाणिनिले पनि अष्टाध्यायीमा[१] समर्थन गरेको पाइन्छ। केवल शब्दमा अन्तर देखिन्छ। त्यो शब्द हो शिल्पी। यही शिल्प बौद्धसाहित्यमा 'सिप्प' भएको हो। यही 'सिप्प' नेपाली भाषामा 'सीप' भएर व्यवहार भइराखेको छ। परन्तु आचार्य कौटिल्यले[२] भने सैनिककौशललाई पनि 'शिल्प' सञ्ज्ञा दिएको छ। यसरी शिल्पका अनेक भेदहरू भए पनि शिल्पीहरूको कार्यभेदले अनेक भेद छन्। शिल्पीहरूमा ग्राम्य शिल्पी र राष्ट्रिय शिल्पीहरूको सर्वाधिक महत्त्व थियो। नाई, धोबी, कुमाले, लुगा सिउने, फलाम कमाउने तथा काठको काम गर्ने प्रमुख ग्राम्य शिल्पी हुन्थे।

त्यतिखेर योग्य र अयोग्यहरूको पनि छानबिन हुन्थ्यो। त्यसैले योग्य शिल्पीहरूलाई 'राज' पद अथवा अरू योग्य विशेषणयुक्त पद जोडेर अयोग्यहरूबाट व्यावर्तन गर्दथिए। जस्तै—राजवैद्य, राजकारु, राजशिल्पी, कुशलकारु आदि। त्यस बेलादेखिको परम्परा आज पनि चलिराखेकै छ। यसरी ग्राम्य शिल्पीहरूबाहेक राजभवन, राजदरबार, किला, दुर्ग आदिमा काम गर्ने राजशिल्पी हुन्थे। यी शिल्पीहरूले राजा, महाराज र धनीहरूबाट प्रशंसा प्राप्त गरेका हुन्थे। त्यसैले राजा-महाराजहरूको कामबाहेक अरूको काम गर्दैन[३] थिए। तेस्रो पंक्तिमा कोटशिल्पी हुन्थे, जो आफ्नै कार्यशालामा बसेर वस्तु उत्पादन गर्थे। उत्पादित वस्तुलाई दोकान, हाट, बजार आदिमा बिक्री गर्थे। प्राचीनकालमा शिल्प तथा व्यवसायको संख्या धेरै थियो। त्यसैले त पाटलिपुत्रका सम्राट् अजातशत्रुले बुद्धको सामुमा पच्चीस प्रकारका शिल्पीहरूको[४] उल्लेख गरेका थिए।

यसरी सामान्यतया काष्ठशिल्पीले[५] समस्त काठको काम गर्थे। लौहशिल्पीले[६] सम्पूर्ण फलामको काम गर्थे। उत्तम धातु सुन, चाँदी आदिका समस्त आभूषण बनाउने शिल्पीलाई अलङ्कारशिल्पी भन्थे। पाषाणशिल्पीले समस्त ढुङ्गाको काम गर्थे। तन्तुशिल्पीले समस्त धागोले बन्ने जति सबै काम गर्थे, जसमा पाटलिपुत्रदेखि उत्तर भागको कम्बलको वर्णन जातक[७] ग्रन्थहरूमा पनि उल्लेख भएको छ। यसले के बुझिन्छ भने नेपालको 'राडी' त्यतिखेर पनि प्रसिद्ध रहेछ। चर्मकार=छालाको काम गर्नेले सम्पूर्ण छालाको काम गर्थे भने कुम्भकार=कुमालेले समस्त माटोको काम गर्थ्यो। यस्तै हात्तीदाँतको शिल्पी र वैदूर्यमणि आदिका शिल्पीहरू आ-आफ्ना काममा दक्ष थिए। रंगाउने रञ्जकको समस्त रङ्गकै कार्य हुन्थ्यो। मणिकारहरूको उल्लेख समस्त आर्यवाङ्मयमा प्रायः पाइन्छ। यस्तै सूपकार=हलवाई, नापित=नाई, मालाकार, नाविक,

---

[१] अष्टाध्यायी ३।२।५५
,, ,, ३।१।१४६
,, ,, ४।४।५६

[२] अर्थशास्त्र ५।३।१५

[३] इण्डिया एज नोन टू पाणिनि, पृ० २२९

[४] प्राचीन भारत में जनपदराज्य, पृ० २००

[५] अष्टाध्यायी ··· ··· ···· ···· ···· ५।४।९५

[६] ,, ,, ४।४।९

[७] जातक ४।३५२
,, ,, ५००।२६

वेतशिल्पी तथा चित्रकार र मूर्तिकार समाज तथा राष्ट्रका शिल्पकार थिए। यिनै शिल्पकारहरूबाट प्राचीन किरातहरू गौरवान्वित र स्वयं उत्तम शिल्पकार थिए। साथै विश्वमा किरातक्षत्रिय नाम कहलाए। यी शिल्पीहरू हुँदा किरातहरूको युग स्वर्णिम युग थियो। यति मात्रै होइन प्राचीन युगमा व्यावसायिक सङ्घको जो रूपरेखा तैयार पारिएको थियो, त्यही नै निरन्तर आधुनिक युगसम्म पनि अविच्छिन्न रूपमा चलिराखेकै छ। मात्र केही सानासाना कुराहरू केही परिवर्तन भएको हुन सक्छ। परन्तु मूल अविच्छिन्न रूपमा देखा पर्नु ठूलो आश्चर्यको कुरा छ।

श्रम तथा पारिश्रमिक

प्रसङ्गानुसार कर्मकर, कारु, शिल्पीभेदले शिल्पीहरूको तीन विभाग गरेको देखिन्छ। त्यो विभाग योग्यतानुसार भएको हो। सर्वसाधारण नोकर नै कर्मकरको रूपमा थियो। यसले जे गरे पनि पारिश्रमिकको रूपमा भोजन र वस्त्र पाउँथ्यो। त्यसैबाट पारिवारिक जीवन धान्न पुग्थ्यो। कुशल कर्मीलाई 'कारु'[1] वा शिल्पी भन्दथिए। अकुशल शिल्पीलाई 'कर्मकर'[2] भन्ने प्रचलन थियो। यस्ता शिल्पीहरूलाई परिपूर्ण मात्रामा मजदूरी, ज्याला वा पारिश्रमिक दिने प्रचलन थियो। पाणिनिले[3] निर्धारित मासिक वेतन पाउने श्रमिकहरूको ऐतिहासिक उल्लेख गरेको छ। कतैकतै निर्धारित मासिक वेतनको आधारमा दैनिक भुक्तान[4] गरेको उल्लेख पनि पाइन्छ। कतैकतै मुद्रा या पशु वा वस्तु पनि पारिश्रमिकमा दिने प्रचलन थियो भन्ने उल्लेख तात्कालिक आचार्यहरूले गरेका छन्। भोजन, वस्त्रको अतिरिक्त पनि प्रतिमास १·२५ पण श्रमिकहरूलाई दिने कुरा आचार्य कौटिल्यले अर्थशास्त्रमा[5] लेखेको छ। यी उल्लेख त्यसै बत्तालिएर लेखिएका होइनन्, यो प्राचीन किरातकालिक सार्वजनिक अर्थशास्त्रीय इतिहास हो। यसरी किरातकालमा मजदूरी तथा वेतनमानको पनि अत्यन्त सुदृढ व्यवस्था थियो भन्ने प्रष्ट इतिहास पाइन्छ।

यसरी किरातकालिक अन्नहरूमा व्रीहि, शालि, निवार, श्यामाक आदि अनेक प्रकारका धान तथा जौ, गहुँ, तिल, मास, मुंग, चना, प्रियङ्गु, कङ्गु, अणु मसुर, खर्व आदि अन्नहरू उत्पादन गर्दथिए। वेदहरूमा[6] यस्ता इतिहास उज्वलरूपमा पाइन्छ। यस्ता इतिहासलाई नपढेर प्राचीनकालमा मान्छे जङ्गली थिए, ओडारमा वस्थे आदि प्रलाप गर्नु कहाँसम्म उचित हो ? यो नीरक्षीरविवेकी पाठकवृन्दले निष्पक्ष भएर बुझ्नुहुनेछ। वस्तुतः प्राचीन आर्य-हिन्दू-इतिहासलाई बङ्गचाउने कुप्रयासमा लेखिएको इतिहास पढेर

---

[1] अमरकोष २।१०।५
    (क) अर्थशास्त्र २।३६।७
        ,, ,, २।२४।४०
    (ख) अष्टाध्यायी ४।१।१५२

[2] अमरकोष २।१०।१५
    ,, ,, ३।१।१९
    (क) अष्टाध्यायी ३।२।२२

[3] ,, ,, ५।१।५६

[4] इण्डिया एज नोन टू पाणिनि, पृ० २३७

[5] अर्थशास्त्र २।२४, ३८-३९

[6] शु० य० सं० मा० शा० १८।१२
    (क) कृ० य० मै० सं० २।११।४
    (ख) कृ० य० काठक सं० १८।९
    (ग) कृ० य० तै० सं० ४।७।४

अन्धाधुन्ध आँखा नदेखी हिँड्नेहरूले त्यसो भन्ने गरेका छन् । अर्काको आँखाले हेर्ने, अर्काको खुट्टाले हिँड्ने यस्तै हुन्छन् । हाम्रा इतिहासकारहरू पनि यस्तै पृष्ठलग्न भएर हिँडिराखेका छन् । निकट भविष्यमा सही बाटोमा आउनुहुनेछ भन्ने विश्वासमा यस प्रकरणलाई यहीं टुङ्ग्याइन्छ ।

किरातकालिक सरकार तथा प्रशासन

जब ऋग्वैदिक कालिक किरात शंबर, वर्चिन्, द्रुह्यु आदिको राजतन्त्र सरकार-व्यवस्था उनैको सय-सय किलाहरूको समृद्धताले बताइराखेको छ भने किरातहरू इतिहास समृद्ध शक्तिशाली राजतन्त्र सरकार धेरै मात्रामा थिए भन्ने बुझिन्छ । केही आधुनिक लेखकहरूको लेखाइ र भनाइअनुसार 'सरकार' भनेको आधुनिक हो, प्राचीनकालमा हुँदैन थिए । परन्तु गहिरो शोध-खोज गर्दै जाँदा त्यसो होइन, किनभने सरकार बनाउने परिपाटी प्राचीनकालबाटै चल्दै आएको परम्परा हो । त्यही प्राचीन शासन-परम्पराको अनुकृति आजको 'सरकार' शब्द हो । यसले यो बुझिन्छ कि केवल 'सरकार' शब्द अवश्य आधुनिक हो । प्राचीनकालमा पनि नामान्तरले सरकार चलाएको इतिहास पाइन्छ । त्यसैले त 'अष्टानां मन्त्रिणां[1] मध्ये मन्त्रं राजोपधारयेत्' भनेर प्रष्ट भनेको इतिहास पाइन्छ । सरकार नभए आठ मन्त्रीहरूको माझमा राजाले मन्त्रणा गर्नुपर्ने के काम ? यी प्राचीन इतिहासहरूमा अनुसन्धेय विषय पर्याप्त मात्रामा पाइन्छन् । यिनै मन्त्रिमण्डलद्वारा राजाले राष्ट्र वा देश, जनपद आदिको नागरिक जीवन, परिस्थिति, सामाजिक, नैतिक, मानसिक, शारीरिक, आर्थिक, धार्मिक, शैक्षिक आदि समस्त प्रशासन कारोबारलाई हेर्थे । तर मन्त्रिमण्डलको संख्या भने कार्य घटबढको अनुसार घटबढ पनि हुन्थ्यो । तथापि वाल्मीकिरामायण[2] र महाभारत आवश्यक मन्त्रीहरूको आठ संख्यामा सहमत भएको देखिन्छ । तर चाणक्यले[3] भने अझ घटाएर तीन या चार मन्त्रीहरूको साथमा मन्त्रणा गर्नुपर्छ भनेको छ । आचार्य कौटिल्यको मतमा 'मन्त्र'[4] पाँचोटा हुन्थे भन्ने इतिहास पनि बुझिन्छ । यी पाँचवटा अङ्गबाट राजाले शासनसत्ता चलाउँथे । त्यसैले राजालाई 'परिषद्-बल'[5] को सञ्ज्ञा दिएको पाइन्छ । तर मन्त्रिपरिषद् भए पनि चाणक्यले सबै कुरा राजाकै[6] जिम्मामा सुम्पेको देखिन्छ । अर्थात् मन्त्रिपरिषद्मा आउने विकृतिको रोकथामको लागि चाणक्यले राजालाई प्रमुख स्थान दिएको देखिन्छ । तर यो चाणक्यकै परम्परा होइन । अपितु त्योभन्दा पनि प्राचीन परम्परा देखिन्छ, जुन परम्परालाई चाणक्यले अलि झिकथप गरेर मानेको देखिन्छ । त्यस बेलाको शासनपद्धति अर्थात् महाभारतकालको शासनपद्धतिकै परम्परालाई चाणक्यले पनि धेरै ठाउँहरूमा छायानुवाद गरेको छ ।

त्यस शासनपद्धतिको हामी उभय पक्षको रूप लिएर हेर्न चाहन्छौं । अर्थात् अत्यन्त प्राचीन परम्परा

---

[1] म० भा० शान्ति प० ८४।११

[2] धृतिर्जयन्तो विजयः सुराष्ट्रो राष्ट्रवर्धनः ।
अकोपो धर्मपालश्च सुमन्त्रश्चाष्टमोऽर्थवित् । (वा० रा० बा० का० ७।३)

[3] 'मन्त्रिभिस्त्रिभिश्चतुर्भिर्वा सह मन्त्रयेत्' (अ० शा० १।१।१५)

[4] कर्मणामारम्भोपायः, पुरुषद्रव्यसम्पत्, देशकालविभागः, विनिपातप्रतीकारः कार्यसिद्धिरिति पञ्चाङ्गो मन्त्रः
(कौ० अ० शा० १।१।१५)

[5] वासुदेव शरण अग्रवाल 'इण्डिया एज नोन टू पाणिनि' पृ० ४००

[6] 'मन्त्रिपुरोहितादिभृत्यवर्गमध्यक्षप्रचारं पुरुषद्रव्यप्रकृतिव्यसनप्रतीकारमेधनञ्च राजैव करोति'
(कौ० अ० शा० ८।१२७।२)

तथा मध्ययुगको शासनपरम्परा यी दुइमध्ये चाणक्यसम्म पनि प्राचीन परम्परा नै मान्नेहरूले प्राचीन इतिहासको गला घोटे पनि हामी यसलाई मध्ययुग मान्दछौं। महाभारतकालमा वृष्णि तथा अन्धक तथा वाह्लिककुलमा जाँड रक्सीको दुर्व्यसन व्याप्त थियो। त्यस बेलाको सरकारी अनुशासनको उल्लेख मौसलपर्वमा[1] प्रष्टसँग उल्लेख भएको छ।

यही शासनपद्धतिको परम्परा आधुनिक युगसम्म पनि चल्दै आएको देखिन्छ। तर प्राचीन इतिहास नपढ्नेहरूले भने आधुनिक शासनपद्धतिलाई ग्रीक, रोमहरूबाट ओसारेको हो भन्छन्। त्यसो भन्नमा शरम मान्नेहरूले चाहिं आधुनिककालमा उत्पन्न गरेको शासनपद्धति हो भन्छन् तर यो लेखाइ भनाइहरूमा वास्तविकता रत्ति मात्र पनि छैन। जब कि प्राचीन राजशास्त्रहरूमा यसको इतिहास पर्याप्त मात्रामा लेखिएका छन्। अँ, यो भन्न सकिन्छ कि सुशासनको पद्धति थियो भने कुशासनको पद्धति पनि उत्तिकै थियो। वेददेखि लिएर ब्राह्मण, आरण्यक, उपनिषद्, पुराण, रामायण, महाभारत, मनुस्मृति, शुक्रनीति, पाणिनि तथा कौटिल्य अर्थशास्त्र आदिको अध्ययन गर्दा राजतन्त्रीय शासनपद्धतिको इतिहास प्रष्ट हुन्छ। प्राचीन किरातकालिक इतिहासमा प्रशासन आठ भागमा[2] बाँटेका थिए। यसको क्रमलाई यसरी बुझ्नु सकिन्छ। तलको क्रमलाई राम्ररी मनन गर्नुहोस्।

१. धृष्टि–प्रधानमन्त्री, यही मन्त्रीपरिषद्को अध्यक्ष पनि हुन्थ्यो। २. जयन्त–यो विदेशसम्बन्धी मंत्री थियो। ३. विजय–सैन्य तथा सुरक्षासम्बन्धी मन्त्री थियो। ४. सुराष्ट्र–यो आधुनिक गृहमन्त्री जस्तै उतिखेरको गृहमन्त्री थियो। ५. राष्ट्रवर्धन–यो सम्पूर्ण राष्ट्रविकास तथा राष्ट्रलाई संवर्धन गर्ने मन्त्री थियो। ६. अकोप–यो कानून अर्थात् विधि-न्यायविभागको मन्त्री थियो। ७. धर्मपाल–यो समस्त धर्मसम्बन्धी मन्त्री थियो। ८. सुमन्त्र–यो वित्तमन्त्री थियो।

तर शुक्रनीतिमा भने संख्या उही भए पनि मन्त्रीपरिषद्को नाम परिवर्तन भएको पाइन्छ। मन्त्रीपरिषद्को नाम पनि 'अष्टप्रकृति'[3] भनेर राखेको छ। साथै उनीहरूको योग्यता[4] पनि बताएको छ। शुक्रनीतिको अनुसार यस प्रकारको विभाग गरेको छ—

---

[1] अघोषयंश्च नगरे वचनादाहुकस्य ते।
जनार्दनस्य रामस्य बभ्रोश्चैव महात्मनः॥
अद्य प्रभृति सर्वेषु वृष्ण्यन्धककुलेष्विह।
सुरासवो न कर्तव्यः सर्वैनगरवासिभिः॥ (म० भा० मौ० प० १।२८-२९)

[2] धृष्टिजयन्तो विजयः सुराष्ट्रो राष्ट्रवर्धनः।
अकोपो धर्मपालश्च सुमन्त्रश्चाष्टमोऽर्थवित्॥ (वा० रा० वा० ७।३)
क–मनुस्मृति ७।५४
ख–म० भा० शां० प० ४१।९-१५

[3] अष्टप्रकृतिभिर्युक्तो नृपः कैश्चित्स्मृतः सदा।
सुमन्त्रः पण्डितो मन्त्री प्रधानः सचिवस्तथा॥
अमात्यः प्राड्विवाकश्च तथा प्रतिनिधिः स्मृतः। (शुक्रनीति २।७१-७२)

[4] सर्वदर्शी प्रधानस्तु सेनावित् सचिवस्तथा।
मन्त्री तु नीतिकुशलः पण्डितो धर्मतत्त्ववित्॥

(१) प्रधान–सर्वदर्शी अर्थात् सबै कुरा जान्ने र सबै कुरामा चतुर मन्त्रीपरिषद्को अध्यक्ष हुन्थे ।

(२) पण्डित–धर्मको बारेमा विशेष विद्वान्, अरू विषयमा पनि ज्ञान भएको, धर्म र विधिमन्त्री थिए ।

(३) मन्त्री–नीतिकुशल, राष्ट्रको मर्म जान्ने, गृहमन्त्रीको रूपमा नियुक्त गर्दथिए ।

(४) सचिव–सेनासम्बन्धी ज्ञानले परिपूर्ण, युद्धकुशल, युद्धमन्त्रीको सञ्ज्ञा दिएका थिए ।

(५) सुमन्त्र–राष्ट्र र परराष्ट्रसम्बन्धी वित्तको यथार्थ वित्तमन्त्री भन्दथिए । आय-व्ययको विशेष ज्ञाता ।

(६) अमात्य–देश र कालको पूर्ण ज्ञान राख्ने, राजस्व वा कृषिमन्त्रीलाई भन्दथिए ।

(७) प्राड्विवाक–लोकशास्त्रनयज्ञहरूलाई भन्दथिए । यो न्यायसम्बन्धी विभागको मन्त्री थियो ।

(८) प्रतिनिधि–यी समन्वय मन्त्रीका रूपमा थिए । यिनले राजा र मन्त्रीपरिषद् सबैको समन्वय गर्नुपर्थ्यो ।

यसरी प्राचीन किरातकालमा मन्त्रीगणको विभाजन गरेर राजाले शासन चलाउँथे ।

अध्ययन गर्दै जाँदा प्रधान या प्रधानमन्त्रीपछि महत्त्वपूर्ण स्थान विदेशमन्त्रीको हुन्थ्यो भन्ने बुझिन्छ, किनभने विदेशमन्त्रालय नभएसम्म 'दूत' राजदूतको कल्पनै हुँदैन । प्राचीन किरातकालिक इतिहासमा[1] विदेशविभागलाई अत्यन्त महत्त्व दिएको छ । यति मात्रै होइन अपितु दूतको योग्यता[2] पनि कस्तो हुनुपर्छ भनेर उल्लेख गरेको छ । पछि आएर अर्थशास्त्री चाणक्यले[3] दूतहरूको तीन प्रकारको श्रेणी

लोकशास्त्रनयज्ञस्तु प्राड्विवाकः स्मृत सदा ।
देशकालप्रतिज्ञाता ह्यमात्य इति कथ्यते ॥
आयव्ययप्रविज्ञाता सुमन्त्रः स च कीर्तितः ।
अहितश्चापि यत्कार्यं सद्यः कर्तुं यदोचितम् ॥
अकर्तुं यद्धितमपि राज्ञः प्रतिनिधिः सदा ।
बोधयेत् कारयत्कुर्यान्नि कुर्यान्न प्रवोधयेत् ॥
सत्यंवा यदिवासत्यं कार्यजातश्च यत्किल ।
सर्वेषां राजकृत्येषु प्रधानस्तद्विचिन्तयेत् ॥ (शुक्रनीति २।८४-१०६)

[1] वा० रा० यु० का० ११७-९
क–,, ,, सु० का० २।३७-३८
ख–,, ,, कि० का० ३।२८-३२
ग–म० भा० शा० प० १४०।४०-४२
घ–,, ,, उ० प० ३७।२७

[2] दूतञ्चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम् ।
इङ्गिताकारचेष्टज्ञं शुचि दक्षं कुलोद्गतम् ॥
अनुरक्तः शुचिर्दक्षः स्मृतिमान्देशकालवित् ।
वपुष्मान् वीतभीर्वाग्मी दूतो राज्ञः प्रशस्यते ॥ (मनुस्मृति ७।६३–६४)

[3] अमात्यसम्पदोपेतो निसृष्टार्थः,
पादगुणहीनः परिमितार्थः,
अर्धगुणहीनः शासनहरः, (कौ० अ० शा० १।१६।२–४)

विभाजन गरेको देखिन्छ। यो चाणक्यकालको विशेषता हो भन्न सकिन्छ। यस्तै सैन्यमन्त्री, गृहमन्त्री, विधिमन्त्री, धार्मिकमन्त्री, वित्तमन्त्री, राष्ट्रविकास आदि मन्त्रीहरू आवश्यकतानुसार देश, काल, परिस्थितिलाई हेरेर बनाउने गर्थे। यसको साथै राजा तथा मन्त्रीहरूको अङ्गरक्षक[1] कस्तो योग्यता भएको हुनुपर्छ ? त्यसको उत्तरमा कुलीन, मूल नागरिक = देशज, विद्वान्, रूपवान्, बहुश्रुत आदि गुणले युक्त हुनुपर्छ भनेर लेखेको छ। जहाँ साधारण अङ्गरक्षकको योग्यता यत्रो महत्त्वको थियो, वहाँ अरू विभागीय मन्त्रीहरूको कति महत्त्व थियो होला ? यो अवश्य सोच्ने विषय हो। आजको अङ्गरक्षकहरूसँग तुलना गर्न सकिन्छ। परन्तु तुलनीय भने अवश्य पनि छैन।

राजप्रासाद तथा राजपरिवार

महाभारतमा किरातहरू कस्ता राजप्रासाद अथवा किलाहरूमा रहन्थे भन्ने इतिहास प्रष्ट लेखेको छ। हिमालय[2] पर्वतको समान ठूलाठूला राजप्रासादमा किरातराजा-महाराज, सम्राट्हरू रहन्थे, किनभने दुर्ग र निलय दुवै मूल पाठमा छ। दुर्ग किला त छँदै थिए, त्यसभित्र राजप्रासाद पनि हिमालयकै नक्कलमा ठूलाठूला बनाएका हुन्थे। के बुझिन्छ भने किरातहरू अथाह धन-सम्पत्तिवाला थिए। राजा तथा प्रजा दुवै समृद्ध थिए, किनभने प्रजा समृद्ध नभएसम्म देश वा राष्ट्र समृद्ध मानिंदैन। साथै दरबार अथवा सरकार पनि मोटाउन सक्दैन। यस्तै स्कन्दपुराणमा[3] किरातसम्राट् भगदत्तको एक हजार तले सुनको झ्याल, ढोका तथा गोपुरले सजिएको राजदरबारको राजप्रासादमा घटोत्कचले तीन रात निवास गरेको उल्लेख पनि कम महत्त्वको छैन। यस्तै वाल्मीकिरामायण[4] र महाभारतमा[5] पनि उल्लेख भएको छ। यी इतिहासहरूमा वर्णित राजप्रासाद ठूला फराकिला क्षेत्रमा बनाइएका हुन्थे। राष्ट्रका गौरव हुनका साथै पुर तथा नगरका दर्शनीय शोभा पनि थिए। इन्द्रप्रस्थ (दिल्ली) तथा द्वारिका (सौराष्ट्र)-मा बनेका राजदरबार केवल कृष्ण र युधिष्ठिरको मात्रै होइन, अपितु अरू राजामहाराजहरूका पनि थिए र उनीहरूका राजदरबार वा राजप्रासाद पनि यस्तै थिए। किरातसम्राट् घटासुरको दरबार वा राजप्रासाद पनि त्यस्तै अलौकिक थिए, जसमा किरातराजा नरकासुरले विष्णुको सहयोगले नष्ट पारेका थिए। फेरि पछि वसिष्ठको श्रापको निहुँले कृष्णले नरकासुरलाई समाप्त पारेर मणिपर्वत नामक राजप्रासादको सम्पूर्ण सामग्री तथा ऐश्वर्य द्वारिकामा पुऱ्याए। यहाँ इतिहासले यो भन्छ कि जिताहाको सबै कुरा उल्लेख हुन्छ, तर हरुवाको उल्लेख हुँदैन। प्रसङ्गमा कतैकतै जिताहालाई आच्छु पार्ने हरुवा छ भने मात्रै उल्लेख भएको

---

१. कुलीनाः देशजाः प्राज्ञाः रूपवन्तो बहुश्रुताः।
प्रगल्भाश्चानुरक्ताश्च ते तव स्युः परिच्छदाः॥ (म० भा० शां० प० ८३–६)

२. हिमवद्दुर्गनिलयाः किराताः रणकर्कषाः (म० भा० कर्ण प०)

३. प्राचीन हिन्दूविज्ञान, पृ० ७२–७४

४. वा० रा० अयो० का० १५।३०–३७
क–,, ,, आ० का० ५५।७–११
ख–,, ,, किष्किन्ध्या का० ३३।५–१५

५. म० भा० आदि प० २०९।३०–३६
क–,, ,, वन प० १५।५–११

देखिन्छ । यस्ता राजप्रासादको सुरक्षा 'दौवारिक' भन्ने ठूलो राजकर्मचारीले गर्थ्यो । दौवारिकमुनि हजारौं अरू रक्षक तथा कर्मचारी हुन्थे, जो राजप्रासादको सुरक्षामा तत्पर थिए । यस्ता राजप्रासादहरूमा राजा तथा राजपरिवार निवास गर्थे । दौवारिक दुइ प्रकारका हुन्थे । केवल राजप्रासादको दौवारिक सर्वगुण सम्पन्न र साधिकार हुन्थे । अर्को मात्र महल र निवासका दौवारिक हुन्थ्यो । यी दुवै दौवारिकहरूको सतर्कताले सबै कर्मचारी सतर्क रहन्थे, जो आउने जानेहरूमाथि सतर्क दृष्टि राख्थे । राजमहिषीको रनिवासको देखभाल कुरूप[1] महिला-कर्मचारीहरूबाट हुन्थे । यस्तो महिला कर्मचारी राख्ने कारण अरू बाह्य कर्मचारीहरूको नजर नपरोस् भन्नाको लागि नै हो । तर यी कुरूप महिला-कर्मचारी रूपले मात्र कुरूप हुन्थे, बुद्धिले राजा-रानीको बुद्धिमाथि बुद्धि थप्न सक्थे । यस्ता महिलाहरू हुन्थे । यसको अतिरिक्त कुलीन, देशज नागरिक, विद्वान्, रूप र शीलले परिपूर्ण, बहुश्रुत, प्रगल्भ तथा राजभक्तिमा अनुरक्त राजाका अङ्गरक्षक[2] हुन्थे । यसबाहेक राजालाई देख्नेबित्तिकै स्वागतको जयघोष गर्ने 'स्वागतिक' हुन्थे । त्यसको तुरुन्त स्वस्तिवाचन गर्नेलाई 'सौवस्तिक' भन्दथिए । राजालाई राति सुखपूर्वक निद्रा आयो कि आएन भनेर सोध्नेलाई 'सौखशयनिक' भन्थे । 'सौखरात्रिक' को पनि यही काम थियो । राजालाई स्नान गराएपछि अभिवादन गर्नेलाई 'सौस्नातिक' भन्दथिए । राजाले यस प्रकारको कर्मचारीवर्गबाट काम लिएर आफ्नो राजमन्त्रीमण्डल चलाउँथे । प्रायः सबै राजप्रासाद उपर्युक्त प्रकारकै हुन्थे । आफ्नो औकातअनुसार केही घटबढ हुनु अर्कै कुरा हो ।

यसरी राजाले राष्ट्रको शासन गर्थे । जनपद, ग्राम, नगर आदिमा शासनको विभाग गरेका थिए । न्याय-प्रशासन पनि राजाकै अधीनमा थियो । नागरिक[3] प्रशासनको सुविधाको लागि पर्याप्त मात्रामा प्रयास गर्थे । एक सय ग्रामदेखि लिएर एक हजार ग्रामसम्म देखभाल गर्नका लागि अलगअलग अधिकारी नियुक्त हुन्थे । राजकर्मचारी योग्य छानेर राख्ने गर्दथिए । यो प्राचीन किरातकालको शासनव्यवस्था आधुनिक प्रशासन-व्यवस्थाभन्दा धेरै उत्तम कोटिको थियो । राजाले स्वयं न्याय र शासन गरे पनि स्वतन्त्र राजाले नै मनमानी गर्दैन थिए । ठूलाठूला सभा बैठक बोलाएर सभामा उपस्थित ठूलाठूला विद्वान्, धर्म र न्यायवेत्ता बुद्धिमा चतुर, राष्ट्रभक्त सभासद्वृद्धजनहरूसँग सल्लाह लिने गर्थे । त्यसपछि राजाले न्याय गर्दा साक्षीको सङ्गत गराउँथे । अन्यायको पूरा पता नलागेसम्म अपराधी घोषणा गरिंदैन थिए । अपराधी या अन्यायी सिद्ध नभएसम्म अपराधीलाई सजा दिंदैन थिए । त्यसैले प्राचीन किरात-कालिक शासनव्यवस्थामा साक्षीको ठूलो महत्त्व हुनुको साथै साक्षीमा ठूलो जिम्मावारी पनि थियो ।

त्यसैले महाभारतमा[4] साक्षीको लागि कुनकुन अयोग्य हुन्छ भन्ने प्रमाण प्रष्ट उल्लेख भएको छ । जस्तै--सामुद्रिक, वणिक्, चोर, जुवाडी, चिकित्सक, अरिमित्र तथा वेश्याको दलाल; यी सात 'साक्षी'को

---

[1] वा० रा० अयो० का० १०,१३

[2] म० भा० शां० प० ८३।६

[3] ग्रामस्याधिपतिः कार्यो दशग्राम्यास्तथापरः ।
द्विगुणायाः शतस्यैवं सहस्रस्य च कारयेत् ॥
धर्मज्ञः सचिवः कश्चित्तत्तत्पश्येदतन्द्रितः ।
नगरे नगरे वा स्यादेकः सर्वार्थचिन्तकः ॥ (म० भा० शा० ८७।३–१०)

[4] सामुद्रिकं वणिजं चोरपूर्वं शलाकधूर्तंश्च चिकित्सकञ्च ।
अरिञ्च मित्रञ्च कुशीलवञ्च नैतान्साक्ष्ये त्वधिकुर्वीत सप्त ॥ (म० भा० उद्योग प० ३५।३३–३४–४४)

लागि अयोग्य ठहरिन्थे । तर सामुद्रिक, चिकित्सक तथा अरिमित्रलाई आजको युगमा पनि साक्षी राख्ने चलन छैन । त्यस बेलाको सामान्य नियम थियो होला । त्यसैले सामुद्रिक र वैद्य-चिकित्सकलाई साक्षीमा नराखेका होलान् । परन्तु मित्रले मित्रको पक्ष लिने भएको हुनाले न्याय हुने भएन । त्यसैले मित्रलाई पनि निषेध गरेको देखिन्छ । मनुस्मृतिको[1] अनुसार 'लोभले, मोहले, भयले, मित्रताले, कामले, क्रोधले, अज्ञानले, बालभावले साक्षीले झूठो बोल्छ' । त्यसैले महाभारत[2] शान्तिपर्वमा निष्पक्ष साक्षीको बारेमा धेरै महत्त्वपूर्ण उल्लेख गरेको छ । यो किरातकालिक न्याय र शासनपद्धतिको सानो झलक हो । यस विषयमा स्वतन्त्र ग्रन्थ तैयार हुन सक्छ ।

महाभारतकाल निर्णय

सबैभन्दा धेरै स्वर्णिम युगको रूपमा किरातहरूको उल्लेख महाभारतमा छ भन्ने कुरामा दुइ राय हुने ठाउँ छैन । तर आर्यहरूको महाभारतकालिक प्रामाणिक इतिहासलाई धमिल्याउने काम भने पाश्चात्य लेखकहरूले पर्याप्त मात्रामा गरेका छन् । यहाँ नीरक्षीरविवेचनपेशल पाठकवाचकवृन्दसामु पाश्चात्यहरूको भ्रमात्मक मत प्रस्तुत गरिँदै छ । विवेकपूर्ण ढङ्गले हेर्नुहुनेछ ।

१—जैकोवीले	ई०	पू०	९००	वर्ष	मानेको	छ ।
२—पार्जिटरले	,,	,,	९५०	,,	,,	,,
३—पी. एल. भार्गवले	,,	,,	९४०	,,	,,	,,
४—एस. एल. प्रधानले	,,	,,	११५०	,,	,,	,,
५—कैलाशचन्द्र वर्मालि	,,	,,	१४००	,,	,,	,,
६—अनन्त फडकेले	,,	,,	९५०	,,	,,	,,
७—के. पी. जायसवालले	,,	,,	१४२४	,,	,,	,,
८—गोपाल एयरले	,,	,,	११९३	,,	,,	,,
९—डा.आर.एस. शास्त्रीले	,,	,,	१२००	,,	,,	,,
१०—प्रो. बी. बी. लालले	,,	,,	८३६	,,	,,	,,

यसरी पाश्चात्यहरूले आफ्नो अड्कल पच्चेसी गरेर भ्रम फैलाएका छन् । महाभारत कालनिर्णयमा त्यस्ता सुदृढ प्रमाणहरू पनि देखिंदैनन् । परन्तु भारतीय विद्वान्हरूमा पनि राय बाझेको देखिन्छ ।

१-भट्टोत्पलले २-कल्हणले ३-आर्यभट्टले	...	...	...	...	ई० पू०	२४४८	मानेका छन् ।
४-वराहमिहिरले ५-चिन्तामणि वैद्यले	....	....	....		,, ,,	३१०९	,, ,,

---

[1] लोभान्मोहाद् भयान्मैत्रात्कामात्क्रोधात्तथैव च ।
अज्ञानाद्बालभावाच्च साक्ष्यं वितथमुच्यते ॥ [मनुस्मृति ८।११८]

[2] म० भा० शा० प० ८५।१९

६–के० जी० सरकारले	ई० पू०	११९२	मानेका छन् ।
७–प्रो० अथवलेले	,, ,,	४३२०	,, ,,
८–राजा रावले	,, ,,	११९८	,, ,,
९–वैद्यले	,, ,,	३१०२	,, ,,
१०–श्रीरामले	,, ,,	३१४०	,, ,,
११–त्रिवेदीले	,, ,,	३१३७	,, ,,
१२–अभ्यङ्करले	,, ,,	३००२	,, ,,
१३–करन्दीकरले	,, ,,	१९३१	,, ,,
१४–देवले	,, ,,	१४००	,, ,,
१५–दफ्तरीले	,, ,,	११९७	,, ,,
१६–प्रबोधचन्द्रसेन गुप्तले	,, ,,	२४४९	,, ,,

यी उपर्युक्त भारतीय विद्वान्हरूको कालगणनाको आधार राजवंशावली परम्परा र गुरुशिष्य-परम्परा हो । केही विद्वान्हरूको भनाइ छ कि उपर्युक्त परम्परालाई सर्वथा प्रमाण मान्न सकिंदैन । परन्तु सर्वथा अप्रमाण पनि मान्न सकिंदैन, किनभने विश्वको कुनै पनि इतिहासको मूल आधार वंशावली, राजवंशावली तथा गुरुशिष्य-परम्परा नै मुख्यरूपमा देखिन्छ । यीमध्ये पाश्चात्यहरूको कालनिर्धारण स्वीकार गर्न सकिंदैन, किनभने अर्कालि कथेको इतिहासभन्दा आफ्नै बाजे-बोजूले भनेको गाउँले कथा प्रामाणिक हुन्छ । त्यही गाउँले कथा भविष्यमा गएर इतिहास बन्छ । त्यही बंशावली र राजबंशावली नै भविष्यको इतिहास हुन्छ । त्यही गुरुशिष्य-परम्परा नै भविष्यको प्रामाणिक इतिहासलाई जन्माउने प्रमाण हुन्छ ।

त्यसैले वंशावली भनेर हेला गर्नु उचित कुरा होइन । महाभारतको कालनिर्णय गर्ने सम्बन्धमा पनि यही नियम लागू हुन्छ । यद्यपि पाश्चात्यहरूले पनि अनुसन्धान नगरेका होइनन्, अपितु अनुसन्धान गरेकै हुन् । तर सबै कुरा ठाउँमा परेका छैनन् । धेरैजसो पाश्चात्य लेखकहरू सुनियोजित ईसाईकरणको राजनीति उद्देश्यपूर्तिमा लागेका थिए भने कैयौंले रिसर्च त गरे, तर सही मार्गनिर्देशक उनीहरूलाई मिलेन । अर्को कुरा धेरै यस्ता विदेशी लेखक थिए, जो संस्कृत भाषा जान्दैन थिए । केहीले संस्कृतको नाममा अलिअलि टापलटोपल जान्दथिए । परन्तु संस्कृत भाषामा अधिकार नभएको हुनाले शब्दार्थ वा भावार्थ आदिको गलत अर्थ गर्दै गए । त्यसैको परिणाम वेद, ब्राह्मण, पुराण, रामायण, महाभारत आदि वैदिक र लौकिक वाङ्मयमाथि केही विदेशीहरूले शोधखोज र अध्ययन गर्ने चेष्टा गरे पनि कुनै पनि भविष्यको लागि खाडल, खोइरोदेखि लिएर भीर, पहराको साथै संस्कृतवाङ्मयमा भयङ्कर पैह्लो भत्काउने चेष्टा गरेका छन् ।

यस्ता काममा पाश्चात्यहरूले हमेशा आपसमा भयङ्कर फुट परेका पण्डितलाई साथ लिएका छन् । योग्य र अयोग्यको झगडामा अयोग्यले मुकावला योग्यतामा गर्नुपर्ने हुन्छ । त्यसो गर्नु नसक्दा पाश्चात्यहरू जस्ताको साथ लागिदिंदा जीविकोपार्जनको साथै 'योग्य' हुँ भन्नेहरूको नाक कान काटेर राखिदिने गरेका थिए । यी घटनाहरू लाहोर संस्कृत कालेज, बनारस संस्कृत कालेज, कलकत्ता संस्कृत कालेज आदिमा घटेका र इतिहासका पानाहरूमा लेखिएका छन् । तर सबै पाश्चात्यहरूलाई यसै हिलोमा मुछ्नु खोजेकोचाहिं पक्कै होइन । कलकत्ता एशियाटिक सोसाएटीको स्थापना पनि एकदम राम्रो उद्देश्य लिएर

भएको होइन । यस संस्थाको उद्देश्य पनि 'विषकुम्भं पयो मुखम्' नै थियो । यो कुरा अवश्य नै मान्नुपर्नेछ कि सर विलियम जोंसले जुन लगनको साथमा संस्कृत पढेका थिए, त्यसपछि पाश्चात्य जगत्मा संस्कृत भाषाको जो प्रभाव पर्‍यो, त्यो श्रेयः विलियम जोंसलाई दिनुपर्छ ।

तर एशियाटिक सोसाएटीले उत्पादन गरेकै विद्वान्हरूमध्ये धेरैले पाश्चात्य अन्धानुकरण काल-निर्धारणमा गरेका छन् । परन्तु महाभारतकाल तीन हजार वर्ष ईसापूर्व थियो । त्यसैले आज हामीले पाँच हजार वर्ष पुरानो इतिहास महाभारत हो भन्दछौं । किरात-इतिहासका पानाहरूमा महाभारतकालिक किरातहरूको पाएसम्म उल्लेख गरिएको छ ।

उपर्युक्त कालनिर्णयमा ई० सन्पूर्व तीन हजार वर्षभन्दा कम मान्नेहरूले निश्चय नै पाश्चात्य लेखकहरूको अन्धानुकरण गरेको बुझिन्छ । तर तीमध्ये आर्यभट्टले पनि पाश्चात्यहरूको अनुकरण गरे भन्नचाहिं पाइँदैन, किनभने आर्यभट्टले पाश्चात्यहरू भारत प्रवेश गर्नुभन्दा पूर्व नै आफ्नो सैद्धान्तिक ग्रन्थ लेखिसकेका थिए । अनि किन ती पाश्चात्यहरूसित मिल्न पुगे त ? भन्ने शंका हुनु स्वाभाविकै भए पनि आर्यभट्टको काल-निर्णय स्पष्टतया ज्योतिर्विद्हरूमै बुझाबुझ नभएको बुझिन्छ । ज्योतिर्विद्हरूको राय बाझेको हुनाले पछिका पाश्चात्य र पौरस्त्य दुवै थरी विद्वान्हरूले नाजायज फाइदा उठाउन पुगे । वस्तुस्थितिमा वराहमिहिरले गुरुशिष्य-परम्पराको आधारमा तथा नक्षत्रगणना संकेतको आधारमा महाभारतको काल ई० पू० ३१०९ मानेका हुन् । प्रो० अथवलेले ई० पू० ४३२० जो कालनिर्धारण गरेका छन्, त्यसमा पनि अझ शोधखोज हुनु आवश्यक छ । शेष कालनिर्धारण गर्ने विद्वान्हरूले वराहमिहिरको परिक्रमा गरेका छन् ।

पाश्चात्यहरूले यसरी विनाप्रमाण[1] बकवाद गर्दै लैजाँदा रामायण, महाभारतमा पनि महाभारत ई० पू० २०० वर्ष र त्यसपछि रामायण भएको कुरा लेखेका छन् । यो सत्य कुरा होइन । महाभारत ईसाभन्दा तीन हजार वर्षपूर्वको ग्रन्थ हो र वाल्मीकिरामायण त्योभन्दा पनि धेरै पूर्वको हो भन्ने प्रमाण रामायणको गणितबाटै सिद्ध भइसक्यो भने अरू कुरै के गर्ने ? यसरी नै पाश्चात्यहरूले दर्शनहरूको बारेमा पनि अत्यन्त भ्रम फैलाएका छन् । सांख्यदर्शनको वीज ऋग्वेदमै पाइन्छ भने दर्शन नजान्नेहरूले दर्शन नजान्नेहरूलाई भ्रममा पार्ने कुरा लेखेर भ्रम फैलाउनु पनि ठूलो अपराध हो ।

यहाँ वैदिककालदेखि[2] उपनिषद्काल निर्णयमा धेरै ठूलो गल्ती भएको छ । धेरै ठूलो गल्ती गरेर

---

[1] In the second, or classical, period the literature was mostly secular, or non sacred. The outstanding epics are the Mahabharat (200 B. C.) and the Ramayana. Dramas were produced in India as early as in the western world, first appearing in the 400's B. C. The author, Kalidasa, appears to be India's Shakespear. There are also lyric and instructive poems. Laws (Manu), and philosophical work of various shools. Shuck as the vedant, sankhya, and yoga. (Encyclopaedia, P. 100)

[2] Sanskrit literature began with the vedas. They constitute the oldest work in any Indo-European language. The work of the vedic period are religious and were long transmitted orally. They consist of the Rigveda (about 1000 B. C.), the Samaveda, the Yajurveda, and the Atharvaveda, the Brahman (about 800-600 B. C.) discuss the vedas. Religious philosophy is taught in the upanishad (about 600-300 B. C.). (Encyclopaedia, P. 100)

साधारण पाठकहरूलाई भ्रममा पार्ने षडयन्त्र देखिन्छ । सही कालनिर्णय यो होइन । यस विषयमा 'वेदमा के छ ?' र 'प्राचीन हिन्दूविज्ञान' हेर्नुहोस् ।

पाश्चात्यहरूको आधारमा पौरस्त्यहरूको कालनिर्धारण गर्नु असम्भव हुनेछ

आधुनिक इतिहासकारहरूले पाश्चात्य अन्धानुकरण गरेर पाश्चात्यहरूकै रीतिले प्रत्येक राष्ट्रका इतिहासमा कालनिर्धारण गर्नु निश्चय नै त्यस राष्ट्रको इतिहासको हत्या गर्नु हो । त्यसैले पाश्चात्यअन्धानुकरण गर्नुभन्दा हाम्रो आफ्नै पूर्वज ऋषिमुनि, आचार्यहरूले निर्धारण गरिदिएको समयको (कालको) उपयोग गर्नु उत्तम हो, किनभने पाश्चात्यहरूले निर्धारण गरिदिएको समय हाम्रो लागि उपयुक्त छैन । जस्तै :---

(१) **मन्वन्तर**—१. युग, २. दिव्ययुग, ३. नित्यकल्प, ४. सप्तकल्प, ५. त्रिंशतकल्प भेदले मन्वन्तर पनि पाँचै प्रकारका हुन्छन् ।

(२) **सृष्टि**—१. सृष्टिक्रम, २. सृष्टिको विषयमा विभिन्न मत, ३. अवतार, ४. आयति, ५. ब्रह्माण्ड भेदले सृष्टि-अंश पनि पाँचै प्रकारका छन् ।

(३) **विसृष्टि**—१. शास्त्रावतरण, २. कल्पशुद्धि, ३. सृष्टिसंहार, ४. ज्योतिषचक्र, ५. भूगोल भेदले विसृष्टि पनि पाँचै प्रकारका हुन्छन् ।

(४) **वंश**—१. ऋषिवंश, २. पितृवंश, ३. सूर्यवंश, ४. चन्द्रवंश, ५. अग्निवंश भेदले वंश पनि पाँचै प्रकारका हुन्छन् ।

(५) **वंश्यानुचरित**—१. ऋषिचरित, २. देवयोनिचरित, ३. सूर्यादिवंश चरित, ४. देववंशचरित, ५. असुरवंश चरित भेदले वंश्यानुचरित पनि पाँचै प्रकारका हुन्छन् । यसैलाई अर्को शब्दमा—

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंश्यानुचरितं चैव पुराणं पञ्चलक्षणम् ।।

यसलाई मन्वन्तरविज्ञान, सृष्टिविज्ञान, प्रतिसृष्टिविज्ञान, वंश-विज्ञान, वंश्यानुचरित विज्ञान शब्दले पनि व्यवहार भएको छ ।

पुराणहरूको अथवा शास्त्रहरूको अर्थ गर्दा उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद, उपपत्तिको साथ निर्णय गर्दा पाठक्रमभन्दा अर्थानुक्रम बलवान् मानिन्छ । अत एव 'पाठानुक्रमादर्थानुक्रमो बलवान्' (मीमांसामा) भनिएको छ । यद्यपि पूर्वकल्पमा भगवान् वादरायणले आख्यान, उपाख्यान, गाथा तथा कल्पशुद्धि भेदले पुराणसंहिता बनाएका थिए ।

यसरी विचार गर्दै लैजाँदा यी हाम्रा प्राचीन इतिहासको उपयोग कहाँ गर्ने ? कल्ले गर्ने ? भन्ने आदि प्रश्नहरूको उत्तर पनि पाश्चात्य अन्धानुकरण गर्नेहरूमाथि नै छोडिन्छ । अर्को कुरा जब कुनै पनि राष्ट्रको राष्ट्रध्वजा अलग हुन्छ, राष्ट्रधर्म अलग हुन्छ, राष्ट्रभाषा अलग हुन्छ, उसको साहित्य अलग हुन्छ, उसको इतिहास अलग हुन्छ भने उसको कालनिर्धारण अलग हुन सक्दैन र ? यति त हो कि अरूको कालनिर्धारणभन्दा आर्य-हिन्दूहरूको कालनिर्धारण अत्यन्त प्राचीन भएको हुनाले सबैभन्दा जेठो ठहरिने

भयो । त्यसैले कान्छो हुनु नचाहनेहरूले अवश्य नै यसमा आपत्ति गर्नेछन् । तर यो आपत्ति होइन र आफ्नो ज्येष्ठता आफैंमा छ ।

कालक्रमको भेदलाई भरतखण्ड, जम्बूद्वीप, आर्यावर्तान्तर्गतमा पर्ने मनीषिहरूले आजभन्दा लाखौं वर्षपूर्व ज्योतिर्विज्ञान, नक्षत्र्विज्ञान, भूतविज्ञान, भौतिकविज्ञान आदिले सम्पन्न कालगणना गरिसकेका थिए भने ईसामसीहको जन्म वा मृत्युबाट निर्धारित गरिएको संवत्सँग हाम्रो के मतलब ? जुन देशमा जो हुर्किन्छ, जसले जन्म लिएर ठूलो हुने अवसर पाएको छ र जसको जन्मपत्रिका तिथिक्रम, संवत्सर आदि आफ्नै भाषामा वैज्ञानिक ढंगले लेखिएको छ भने अर्काको संवत्सर पैंचो माग्न किन जाने ? यहाँ अर्काको घरमा गएर पैंचो माग्नाले हाम्रो देशको इतिहास बिग्रेको हो ।

किरातहरूले कालनिर्धारण गर्दा ध्यान राख्नुपर्ने प्रमाण

केवल विदेशीहरूको मात्रै छ, आफ्नो भन्ने केही पनि छैन भने राष्ट्रचाहिं कसरी आफ्नो भयो त ? यदि राष्ट्र वा देश आफ्नो स्वतन्त्र छ भने धर्म, संस्कृति, सभ्यता आदि पनि स्वतन्त्र आफ्नो हुनैपर्छ । अनादिकालदेखि हाम्रो राष्ट्र स्वतन्त्र रूपमा रहिआएको इतिहास पनि स्वतन्त्र छ । यस्तै दिन, वार, महिना, पक्ष, तिथि, नक्षत्र, ग्रह, अयन, ऋतु सबै आफ्नै हुनुपर्छ । साथै आफ्नै छन् पनि । यसमा सन्देह छैन ।

वस्तुतः चार प्रकारका दिन-रात हुन्छन् । यीमध्ये २४ घण्टाको दिन, रात मनुष्यको हुन्छ । शुक्लपक्षको दिन र कृष्णपक्षको रात पितृहरूको हुन्छ । उत्तरायण र दक्षिणायन देवताहरूको हुन्छ । यस्तै एक हजार चतुर्युगीनको एक दिन र एक हजार चतुर्युगीनको एक रात ब्रह्माको हुन्छ । यस हिसाबले २८ कल्प (कतैकतै ३० कल्प) मानेका छन् ।

१—श्वेतवराहकल्प
२—नीललोहितकल्प
३—वामदेवकल्प
४—रथन्तरकल्प
५—शैशवकल्प
६—प्राणकल्प
७—वृहत्कल्प
८—कन्दर्पकल्प
९—सद्यकल्प
१०-ईशानकल्प
११—व्यानकल्प
१२—सारस्वत्कल्प
१३—उदानकल्प
१४—गारुडकल्प
१५—कौर्मकल्प
१६—नरसिंहकल्प
१७—समानकल्प
१८—आग्नेयकल्प
१९—सोमकल्प
२०—मानवकल्प
२१—तत्पुरुषकल्प
२२—वैकुण्ठकल्प
२३—लक्ष्मीकल्प
२४—सावित्रीकल्प
२५—घोरकल्प
२६—वाराहकल्प
२७—वैराजकल्प
२८—माहेश्वरकल्प
२९—पितृकल्प
३०—गौरीकल्प

यस्तै १४ मनुहरूको हिसाब अलगै छ ।

१—स्वायंभुमनु
२—सारोचिमनु
८—सावर्णिमनु
९—दक्षसावर्णिमनु

३—उत्तममनु
४—तामसमनु
५—रैवतमनु
६—चाक्षुषमनु
७—वैवस्वतमनु

१०–मेरुदण्डसावर्णिमनु
११–सूर्यसावर्णिमनु
१२–चन्द्रसावर्णिमनु
१३–रुद्रसावर्णिमनु
१४–विष्णुसावर्णिमनु

यसरी आर्य-इतिहासको कालगणना गर्दा ४ मन्वन्तरको एक कल्प मानिन्छ। एक कल्प ब्रह्मको एक दिन हुन्छ। यसरी ३६० कल्पको ब्रह्मको एक वर्ष हुन्छ। वर्तमान किरातहरूले इतिहास भुले। सबै कुराहरू भुल्दै गए पनि उपर्युक्तमध्ये दिन, रात, पक्ष, तिथि, मास, नक्षत्र, उत्तरायण, दक्षिणायन आदि जस्ताको तस्तै मानिराखेकै छन्। फेरि कसरी अहिन्दू भन्ने ? प्राचीनकालदेखि किरातहरू आर्य=हिन्दू थिए। आज पनि आर्य=हिन्दू नै छन् र पाश्चात्य आधारमा पौरस्त्यकाल-निर्धारण गर्नु असम्भव मात्र होइन अपितु हास्यास्पद हुनेछ। इतिहास-परिशीलनपेशल पाठकवृन्दले हाम्रो वैज्ञानिक पूर्वज ऋषिमुनिहरूले देखाइदिएको कालनिर्धारणको बाटो घोरिएर हेर्नुहुनेछ। यहाँ केवल कोटचाइएको मात्र हो, पाण्डित्य देखाउन खोजेको होइनँ।

खण्ड—८

बुद्धकालिक किरात

नेपालमा बौद्धधर्मको विकास

गौतम बुद्ध नेपाली आमाकै छोरा थिए भन्ने इतिहासमा शङ्का छैन । परन्तु सिद्धार्थ गौतमका पिता महाराज शुद्धोदनको राजधानी कपिलवस्तुमा थियो । त्यस बेला ऊन किन्नका लागि नेपालको राजधानी अधित्यकामा व्यापारीहरूसँग बौद्धभिक्षुहरू बसेको वर्णन मूलसर्वास्तिवाद विनयसङ्ग्रहमा पाइन्छ । यस इतिहासलाई कपोलकल्पित भनेर नकार्न सकिंदैन । दोस्रो इतिहास कान्तिपुरमा प्राप्त दुइवटा शिलालेखहरू हुन् । यी दुइ शिलालेखहरूमा बुद्धका मावली कोलीहरूको प्रष्टरूपमा उल्लेख भएको छ । कान्तिपुरको अत्यन्त प्राचीन वस्तीहरूमा कोलीग्राम र दक्षिण कोलीग्रामहरूको उल्लेख हुनुको तात्पर्य यो हो कि गौतम बुद्धको मावली कोलीहरू काठमाण्डौ अधित्यकामा पनि बसोवास गर्दथिए । यद्यपि कैयौं लेखकहरूले तराईबाटै आएर बसेका हुन् पनि भनेका छन् । जे भए पनि कोलीहरू पति शाक्यहरू जस्तै हिन्दू नै थिए । वैदिक सनातन हिन्दूसंस्कृतिकै हाँगाबिंगा थिए । त्यसैले बौद्धधर्म सनातन हिन्दूधर्मकै शाखाको रूपमा विकसित भएको देखिन्छ । यद्यपि गौतम बुद्धकै अन्तिम जीवनतिर कपिलवस्तुमा आक्रमण भएको कारणले केही कोली र शाक्यहरू काठमाण्डौ अधित्यका आदिमा पस्नु धेरै सम्भव छ । तर बाहिरबाट मात्रै आउने इतिहास ठीक छैन । यो पाश्चात्य-अन्धानुकरण मात्र भन्न सकिन्छ । यसरी बौद्धधर्म किरातकालैमा काठमाण्डौ अधित्यकामा प्रवेश गरेर फुल्न फल्न थालेको थियो भन्न सकिन्छ । तर कोलीहरू आउनाले होइन अपितु भिक्षुहरू आउनाले बुद्धको सन्देश काठमाण्डौ अधित्यकामा पस्नु अत्यन्त स्वाभाविक इतिहास हो । काठमाण्डौ अधित्यकाका कोलीहरूले आफ्नो भान्जा सिद्धार्थले बुद्धत्व प्राप्त गरेर उपदेश गरेको सहजरूपमा कोलीहरूले नै सर्वप्रथम स्वीकार गरे होलान् । यसमा सन्देह छैन । यसरी नेपालभित्र बुद्धधर्मको विकास भएको पाइन्छ । यस सम्बन्धमा प्रसिद्ध इतिहासकार प्रा० धनवज्र वज्राचार्यको 'हिन्दू' धर्ममा बौद्धधर्मको स्थान—एक ऐतिहासिक विवेचना' आदि लेख पनि मनन गर्नयोग्य छ ।

---

१. (क) 'ललित सन्देश' वर्ष १ अङ्क १–२०४६, प्रधान सम्पादक—जगदीश लाल श्रेष्ठ, सनातन धर्म सेवा समिति, जिल्ला शाखा ललितपुर

(ख) ध्येयचिन्तन वि० हि० मा० सं० वि०, पृ० न० १०४ देखि ११३ सम्म द्रष्टव्य, लेखक प्रामाणिक विद्वान् धनवज्र वज्राचार्य, धर्मसन्देशादिमा पनि वज्राचार्यजीको लेख अत्यन्त मनन गर्नयोग्य छ ।

यसरी लिच्छविराजाहरूदेखि लिएर मल्लराजाहरूका शासनकालमा हिन्दूधर्मकै शाखाको रूपमा प्रशस्तरूपमा बौद्धधर्मले फुलेको फलेको इतिहास हामी त्यस बेला बनेको मानी, गुम्बा, चैत्य आदिबाट जान्न सक्छौं । यति मात्र होइन, धार्मिक समन्वय पनि अद्‌भुत थियो भन्ने इतिहास पनि प्रष्ट छ ।

नेपालदेखि बाहिर बौद्धधर्म-विस्तार

बौद्धधर्मको प्रामाणिक ग्रन्थ लङ्कावतार सूत्रको अनुसार भगवान् बुद्धकै समयमा स्वयं भगवान् बुद्ध लङ्का गएका थिए । बुद्धले लङ्का यात्रा गरेपछि लङ्कावतार सूत्रको अवतरण भएको हो भन्ने बौद्धविद्वान्हरूको पनि कमी छैन । यसमा मुख्य प्रमाण ग्रन्थको नाममा लागेको 'लङ्का' शब्द नै हो भन्छन् । तर यसमा हीनयान र महायान बौद्धहरूमा नै मतो मिलेको देखिंदैन । होइन भन्नु पनि सकिंदैन, 'लङ्का' शब्द निरर्थक देखिन्छ । बुद्ध लङ्का गएका थिए भनौं भने प्रामाणिकताको आवश्यकता देखिन्छ । त्यसैले 'लङ्का' मा 'ल' को अगाडि 'अ' जोडेर 'अलङ्कारसूत्र' भनेर ग्रन्थको नाम भन्ने गरेका छन् कसैले । तर त्यसले पनि सन्तोष हुँदैन, किनभने 'लङ्कावतारसूत्र' 'अलङ्कार' ग्रन्थ होइन । बुद्धको सिद्धान्त र क्रियाकलापादिकै प्रतिपादन भएको देखिन्छ । त्यसैले भगवान् बुद्ध आफ्नो जीवनकालमा लङ्का गएनन् कि ?

यदि त्यस्तो हो भने त नेपालबाट विदेशमा सर्वप्रथम बौद्धधर्मको प्रचार 'लङ्का' मा नै भएको मान्नुपर्नेछ । यसबारेमा ईसापूर्वको महाकवि अश्वघोषको 'बुद्धचरितम्' मा पनि अरू स्पष्टीकरण देखिंदैन । बुद्ध हिन्दू=आर्य इक्ष्वाकुकुलनन्दन[1] थिए भन्ने इतिहासचाहिं महाकवि अश्वघोषले पनि लेखेका छन् । दोस्रो ग्रन्थ 'मिलिन्द पन्ह' हो । यसमा पनि भगवान् बुद्धको सम्पर्क समुद्रपारका विदेशहरूसँग थियो भन्ने इतिहास बुझिन्छ । परन्तु प्रसिद्ध बौद्धविद्वान् राहुल सांस्कृत्यायनको अनुसार चीनमा बौद्धधर्मको प्रचार ई० सं० ५६ मा भएको थियो । कोरियामा ई० सं० ३७२ मा तथा जापानमा ई० सं० ५३८ मा बुद्धधर्म पुगेको थियो । परन्तु अत्यन्त छिमेकी तिब्बतमा चाहिं ई० सं० ६४० मा बौद्धधर्म पुगेको थियो । यसरी नेपालको लुम्बिनीमा जन्मेर कपिलवस्तु राजधानीमा युवा हुने सिद्धार्थले भारतको गया भन्ने ठाउँमा निरञ्जना नदीको किनारामा घोर तपस्या गरेर बुद्ध भएपछि सर्वप्रथम वाराणसीको सारनाथ ऋषिपत्तनमा चार शिष्यहरूलाई उपदेश दिन पुगे । त्यसपछि पञ्चशील सिद्धान्तको प्रचार गरे । आज विश्वको अरू राष्ट्रहरूमा पनि बौद्धधर्म व्याप्त छ ।

के बुद्ध हिन्दू थिए ?

संसारमा अनेक महापुरुषको जन्म भयो । अनेक अवतार अवतरित भए । तर ती अवतार त्यहींदेखि भएका होइनन् । ती महापुरुष पनि त्यहींबाट शुरू भएका होइनन् । ती अवतारले अवतरित हुँदा कुनै न कुनै जातिवंशमा अवतरित भएको हुन्छ । जस्तै—रामको अवतार रघुकुल सूर्यवंशमा भएको थियो भने कृष्णको अवतार हैहय यदुकुलमा भएको थियो । यस्तै प्रकारले बुद्ध पनि शाक्यवंशीय किरातक्षत्रियकुलमा

---

[1] ततः शमविहारस्य मुनेरिक्ष्वाकुनन्दनः ।
अडारस्याश्रमं भेजे वपुषा पूरयन्निव । (बु० च० १३।१)
इति धर्ममडारस्य विदित्वा न तुतोष सः ।
विशेषमथ शुश्रूषुरुद्रेकस्याश्रमं ययौ । (बु० च० १३।८४)

अवतरित भएका थिए। भगवान् राम, कृष्ण आदि जस्तै भगवान् बुद्ध[१] पनि हिन्दूसंस्कृतिमा हिन्दूमर्यादाभित्र अवतरित भएका थिए। तर के बौद्धहरू हिन्दू हुन् ? भन्ने प्रश्न जतातत्तै सुन्दा कताकता इतिहासका पानाहरूमा विहार गर्न मन लाग्यो र यहाँ केही इतिहासका बूँदाहरूबाट बुद्ध हिन्दू थिए कि थिएनन् ? भन्ने प्रश्नहरूको समाधान गर्ने प्रयास गरिंदै छ। यद्यपि जैन, बौद्ध, सिख, वैदिक सनातनी एउटै हिन्दूसंस्कृतिका हाँगाबिगा हुन्। तथापि गुरु तथा आचार्यहरूको उपदेश-भेदले अलग भए जस्तो देखिनु स्वाभाविकै हो। परन्तु एकै वृक्षका हाँगाबिगा अलग हुँदैमा ती हाँगाबिगा अलग हुन सक्दैनन्। त्यस्तै ती हाँगाबिगा विनावृक्ष पनि अस्तित्वशून्य हुन्छ। यी इतिहासका तथ्यलाई नबुझेर कैयौं हाम्रा बौद्धबन्धुहरूले हामी हिन्दू होइनौं भनेर दुष्प्रचार गर्दा कतै आफ्नै इतिहासको जरा त काटिएन होला ? यस्तै आफ्नै हठवादमा अडिन गएका केही वैदिक सनातनीहरूले पनि बौद्ध हिन्दू हैनन्, हिन्दू भनेका त हामी मात्रै हौं भन्नेहरू पनि कतै शाखा प्रशाखा नभएका रूखका ठूटा मात्रै त होइनन् ? हाँगाबिगा र रूखको आपसी अस्तित्वमा बाझो पर्नु असम्भव कुरा हो। कथञ्चित् भइहालेछ भने त्यो शाखा रहँदैन। त्यो वृक्षको अस्तित्व भेटिन्छ। अनि त्यस ठाउँमा अर्कै वृक्षको साम्राज्य हुन्छ। यही स्थिति बौद्ध र वैदिक सनातनीहरूमा भइराखेको छ, जो आजको युगमा राष्ट्र र समाजको लागि एउटा ठूलो समस्या भएको छ। रूख र हाँगाबिगाको बाझोमा आफ्नै हजारौं वर्षको इतिहासमा कालो दाग बस्न थालिसकेको छ। आफ्नो राष्ट्रिय अस्तित्व नै मेटिन गइरहेको छ। लाखौं वर्ष पुरानो हिन्दूसंस्कृतिको अस्तित्वलाई विदेशी लेखकहरूले उडाएर दुइ-चार हजार वर्षमा लगेर टुङ्ग्याइदिए। त्यसै इतिहासको गोरेटोमा हिंड्ने कतिपय तथाकथित लेखकहरूले 'दादा वाक्यं प्रमाणम्' मानेर हाम्रो इतिहासमा कालकूट विष पनि घोलिदिए। त्यसले हाम्रो सम्पूर्ण शिक्षानीति नै दूषित भएको छ। आमूलचूल शिक्षानीतिमा परिवर्तन नभएसम्म हिन्दूराष्ट्र नेपालको सत्य इतिहास प्राप्त हुनेछैन।

जो इतिहास पढाइन्छ, त्यो पनि गलत पढाइने गरेको छ। जस्तै—बौद्ध र हिन्दू अलग हुन् भन्दै फाटो पारेर पढाइएको हुन्छ। जबकि बौद्धहरू शुद्ध हिन्दूसंस्कृतिबाट उब्जिएका हिन्दू नै हुन्। पाठ्यपुस्तकहरूमा पढाइने पाठहरूमा 'बौद्ध र वैदिक सनातनी' भनेर लेख्नु, पढ्नु र पढाउनुपर्थ्यो। यस्तै प्रकारले आर्य र मङ्गोल भन्ने गलत पाठ पनि स्कूल, कालेज र विश्वविद्यालयहरूमा नै पढाइए। यस्तै गलत इतिहास पढाउनाले हिन्दूराष्ट्र नेपालमा पनि मङ्गोल राज्य माग्न थालिसकेका छन्। यो दूषित पाठ्यक्रमको परिणाम हो। यस्तै पाठ्यक्रम कक्षाहरूमा सञ्चालन गर्नाले नै राष्ट्र टुक्रने स्थिति पनि आइसकेको देखिन्छ। जबकि नेपाल राष्ट्रभरि नै मङ्गोल नामको गन्ध पनि छैन। हिन्दू-आर्य किरातक्षत्रियहरू भने प्रशस्त मात्रामा छन्। नेपालमा नै किन विश्वकै धेरैजसो भागहरूमा किरात-फेस (अनुहार)-का मानिस रहन्छन्। तर 'फुट पार राज गर' भन्ने नियतले नै आर्य, द्राविड, मङ्गोल र आष्ट्रिक यस्ता भेद देखाएका छन्। परन्तु 'आष्ट्रिक'को कुरा छोडेर शेष तीनै एक आर्य हुन्। फुट पार्नेहरूले व्यर्थको कलहको गुँड बनाएका मात्र हुन्। यसरी फुट पार्ने इतिहासलाई नबुझी पाठ्यपुस्तकहरूमा राख्दा अब सम्पूर्ण राष्ट्रको रङ्गरूपै बिग्रने स्थिति आइसकेको देखिन्छ। यी गल्तीहरूलाई अब पनि सुधारिएन भने जनताले सर्वथा आफ्नो राष्ट्रलाई

---

[१] 'Buddhist Religion and his life' Tams Merorlogy, P. 150

(क) Introduction of Buddhism Philosophy, S. K. Kumar

(ख) Comperative Study of Ancient Buddha Philosophy, K. P. Bir, P. 151

भुलेर कुबाटो लाग्नेछन् । आफ्नो धर्म र संस्कृति भुल्नेछन्, जो राष्ट्रकै लागि खतरा हुने सम्भावनालाई टाल्न सकिन्न । यसरी आर्यसंस्कृति र धर्मलाई टुक्र्याउने विदेशी लेखकहरूको अभिप्रायलाई नबुझीकन स्वीकार गर्दा हाम्रो देशमा यो स्थिति आयो ।

यसरी नै जैन, बौद्ध, सिख, वैदिक सनातनी यी पनि एकै वैदिक हिन्दूसंस्कृति र धर्मको रूप हो । तर आज असली इतिहासलाई बिर्सेर कतिपय इतिहास तथा बौद्धग्रन्थहरूकै अनभिज्ञहरूले बौद्ध हिन्दू होइनन् भन्ने दुःसाहस गर्दैछन् । परन्तु उनीहरूलाई मैले यो लेख लेखेको होइनँ, किनभने 'वादी भद्रन्न पश्यति' भन्ने आचार्योक्ति पनि याद राख्नैपर्ने हुन्छ । यो लेख वास्तविक तथ्य बुझ्न या जान्न खोज्नेहरूका लागि लेखिएको हो । त्यसैले यहाँ महायानिक बौद्धग्रन्थ 'ललितविस्तर' आदिको केही ऐतिहासिक र सांस्कृतिक बूँदाहरू पाठक-वाचकवृन्दसामु राखिंदै छ । सत्य र झूटो के हो ? त्यो नीरक्षीरविवेचनपेशल पाठकवृन्दबाटै भविष्यमा सुन्न पाइएला भन्ने विश्वास पनि राखिएको छ ।

मूलतः शाक्यवंशीय किरातक्षत्रियहरू इक्ष्वाकुका[1] वंशज हुन् । शाक्यहरू इक्ष्वाकुवंशका हुन् भने के इक्ष्वाकु अहिन्दू थिए त ? वस्तुतः इक्ष्वाकुलाई अहिन्दू बनाउने कसैको साहस छैन । त्यसैले महाराज शुद्धोदन अहिन्दू हुनै सक्दैन । यसै प्रकारले 'किमर्थं बोधिसत्वा[2] ब्राह्मण क्षत्रियकुलद्वय एवोत्पद्यन्ते' [ल० वि० ३।२९] यस वाक्यमा प्रश्नकर्ता भिक्षुले सोध्यो—'भन्ते ! बोधिसत्वा = बुद्धहरू किन ब्राह्मण र क्षत्रिय-कुलमा मात्रै जन्म लिन्छन् ?' यहाँ प्रश्नकर्ताको आशय साह्रै गहिरो र मननयोग्य छ । सर्वार्थसिद्धको जन्म हुनुभन्दा पहिले पनि बुद्धहरूले ब्राह्मण र क्षत्रियकुलैमा जन्म (अवतार) लिएका रहेछन् भन्ने इतिहास प्रष्ट हुन्छ । त्यसो हो भने ब्राह्मण र क्षत्रिय अहिन्दू हुन् त ? होइनन् भने ब्राह्मण र क्षत्रियवंशमा उत्पन्न हुने बुद्धहरू कसरी अहिन्दू भए ? यो स्वयं ठण्डा दिमागले विचार गर्नुपर्नेछ । हिन्दूको वंशज अहिन्दू हुँदैन भन्ने कुरा सबैलाई थाहा छ । सर्वार्थसिद्ध गर्भमा हुँदा मायादेवीलाई माइत जाने दोहद इच्छा भयो । कपिलवस्तुको राजभवन छोड्नुभन्दा पूर्व कैयौं ब्राह्मण तथा कन्याकुमारीहरूलाई यथेच्छ अनेक प्रकारका भान्सा ख्वाएपछि मायादेवीले यथेच्छ दान-दक्षिणा दिइन् । याद रहोस् ब्राह्मण-भोजन र कुमारीपूजा र दान-दक्षिणा आदि हिन्दूसंस्कृतिबाहेक विश्वमा कतै कुनै संस्कृति छैन । जहाँ छ त्यो हिन्दूसंस्कृति नै हो । महाराज शुद्धोदन र मायादेवीले यति मात्रै होइन अपितु जव लुम्बिनी शालोद्यानमा सर्वार्थसिद्धको जन्म भयो, त्यस बेला नवजात बालकलाई लिएर कपिलवस्तु फर्किदा मायादेवीलाई 'सिन्दूरयात्रा' उत्सवको साथ लगे । के 'सिन्दूरयात्रा' अहिन्दूको संस्कृति हो र ? पाँचौं दिनमा नामकरण गर्दा लावा, अबीर आदिको मङ्गलोत्सव संस्कृति अवश्य पनि अहिन्दूहरूको होइन । नामकरण गर्दा तथा रानीलाई बिदा दिंदा तीनै वेदका पारङ्गत १०८ ब्राह्मणहरूलाई[3] वेदपाठ गराएर ब्राह्मणभोज र दक्षिणा दिने राजारानी कसरी अहिन्दू हुन सक्छन् र ? यो आर्यहिन्दूहरूको अति प्राचीन संस्कृति हो, जुन संस्कृतिलाई महाराज शुद्धोदन र महारानी मायादेवीले पालन गर्दै आएका थिए । उपर्युक्त ब्राह्मणहरूले महाराज शुद्धोदनको राजभवन-

---

[1] शाकवृक्षप्रतिच्छन्नं वासं यस्माद्धि चक्रिरे ।
तस्मादिश्चाकुवंश्या हि भुवि शाक्याः प्रकीर्तिताः ॥ (अ० को० रा० टी०……)

[2] बौद्धधर्मग्रन्थहरूमा कतै ४ त कतै ७ त कतै २७ त कतै ५१ सम्म बुद्धहरूको भेद पाइन्छ । यसको लागि 'ललितविस्तर' आदि बौद्धग्रन्थहरू हेर्नु आवश्यक छ ।

[3] ती १०८ वेदपारायण गर्ने ब्राह्मणहरूको नाम यस प्रकार थियो—राम, ध्वज, लक्ष्मण, मन्ती, कौडिन्य, भोज, सुयाम, सुदन्त आदि प्रकाण्ड वेदका विद्वान् थिए ।

लाई वेदमन्त्रका स्वरले गुन्जायमान पार्थे । यिनै ब्राह्मणहरूले बालकको नाम 'सर्वार्थसिद्ध' राखेका थिए। सर्वार्थसिद्ध आफ्ना मातापिताका एकै पुत्र थिए । त्यसैले भगवान् बुद्धको न्वारनको नाम सम्पूर्ण अर्थलाई सिद्ध गर्ने हुनाले राखेको 'सर्वार्थसिद्ध' हो ।

यस्तै दान दिएर पुण्य[१] मान्नु, पूर्वजन्ममा[२] गरेका पुण्यले राम्रो र नराम्रो हुनु, मङ्गल गाथा गाउनु, शङ्ख घण्टा बजाउनु, चमर डोलाउनु तथा नक्षत्रमण्डलको[३] आधारमा शुभकार्य गर्नु शुद्ध वैदिक हिन्दूसंस्कृति हो । पाँच हजार पूर्णकलशले[४] स्वागत गर्नु जस्ता अनेकौं प्रमाणहरू ललितविस्तर ग्रन्थमा पाइन्छन्, जो बुद्धको जीवनमा प्रत्यक्ष घटेका थिए । महाराज शुद्धोदनले पाद्य र अर्घ्यादिले महर्षि असितका स्वागत गरेका थिए । महर्षि असितले सर्वार्थसिद्धलाई बत्तीस लक्षणले[५] युक्त बताएका थिए । भान्जाभान्जीहरूलाई मीठो भान्सा ख्वाएर राम्राराम्रा लुगा र दान-दक्षिणा पनि शुद्धोदनले[६] दिएका थिए । यसरी सर्वार्थसिद्ध पाँच वर्षका भएपछि महाराज शुद्धोदनले आचार्य विश्वामित्रको पाठशालामा लिपिज्ञान गर्न पठाए। सर्वार्थसिद्ध उरग सारचन्दनले बनेको सुन्दर, सुनौलो रङ्गको तिलक[७] निधारमा लगाएर पढ्न गएका थिए। त्यस बेला पाँच वर्षका बालक सर्वार्थसिद्धले ब्राह्मी, खरोष्ट्री आदि ६४ लिपिहरूको नाम गनाएर आचार्य विश्वामित्रलाई आश्चर्यचकित पारेका थिए । यहाँ यो भन्नु छ कि निधारमा तिलक लगाउने संस्कृति प्राचीन हिन्दूधर्मभित्रको संस्कृति हो। के तिलक लगाउने अहिन्दू हुन्छन् र? यस्तो सिंग न पुच्छरको विवाद आफ्नो इतिहास र संस्कृति तथा धर्मको ज्ञान नहुनेले मात्र गर्छ ।

यति मात्रै होइन अपितु सर्वार्थसिद्धले राजभवन परित्याग गर्नुभन्दा पूर्व आलारकालाम[८], अजितकम्बल र उद्दकरामपुत्र आदि जस्ता उद्भट वैदिक विद्वान्हरूबाट सांख्य र योगशास्त्र पढेका थिए । चित्त नबुझ्ने कुरा अर्कै हो, तर यी विद्वान् आचार्यहरू अहिन्दू थिएनन् । यसरी सर्वार्थसिद्धले २९ वर्षको उमेरमा राजभवनको त्याग गरेका थिए । त्यसपछि पनि अनेक तीर्थस्थल र तपोभूमिहरूमा तीर्थ, व्रत र तप गर्दै हिंड्दा गयामा पुगे । वहाँ सर्वार्थसिद्धले बोधि=पिपलवृक्षमुनि बसेर तपः गर्दा ज्ञान=बुद्धत्व प्राप्त गरे । त्यसै दिनदेखि सर्वार्थसिद्ध बुद्ध कहलाउन थाले । सर्वार्थसिद्ध बुद्ध भएर सारनाथ आदिमा भ्रमण गरी पहिलोपटक कपिलवस्तु पुग्दा पिता महाराज शुद्धोदनले 'निग्रोड्राम' (निग्लिहावा)-मा निवास-व्यवस्था गरिदिएका थिए । शुद्धोदन स्वागत गर्न जाँदा कपिलवस्तुका ब्राह्मण[९], क्षत्रिय, वैश्य र शुद्र सबै समान रूपले बुद्धको स्वागत गर्न पुगेका थिए। बुद्धकी श्रीमती यशोधराले ९ हजार क्षत्रियसेविकाहरूसहित 'निग्रोड्राम'[१०] गएर बुद्धको स्वागत गरेकी थिइन् । पाँच हजार कन्या तथा पाँच हजार ब्राह्मणहरू घण्टा बजाउँदै मङ्गल शब्द-उच्चारण गर्दै हिंड्नु अहिन्दू संस्कृति हो र ? यति मात्रै होइन अपितु सर्वार्थसिद्धले बुद्ध भएपछि वर्तमान विहारको राजगिरि, पावा आदि र उत्तरप्रदेशका गया, वाराणसी, ऋषिपत्तन, श्रावस्ति, कुशिनगर, मध्यप्रदेशका साँची आदि प्रदेशहरूमा यथेच्छ भ्रमण गरेका थिए । भगवान् बुद्धमा महापुरुषहरूमा हुनुपर्ने ३२ लक्षण विद्यमान थिए । तीमध्ये आकर्षक व्यक्तित्व, मोहक सौन्दर्य र अर्कालाई

---

१. ल० वि० जन्म पृ० १९७
२. ल० वि०···· पृ० १८२
३. ल० वि०··· पृ० १७२
४. ल० वि०··· पृ० १९९
५. ल० वि० ज० पृ० २०६
६. ल० वि० ज० पृ० २११
७. ल० वि० लि० सं० पृ० २५१
८. बुद्ध जीवनी, पृ० नं० ४१
९. बुद्ध जीवनी, पृ० नं० ९८
१०. 'निग्रोड्राम'लाई अहिले निग्लिहावा भन्ने गरेका छन् ।

तत्काल वशीभूत पार्ने सम्मोहक वाक्सिद्धि अपूर्व थिए । त्यसैले भगवान् बुद्धको दर्शन गर्न जो कोही आउँथे, ती सबै बौद्ध भएरै जाने गर्थे । यसरी अस्सी वर्षका अवस्थामा पावादेखि कुशीनगर आएपछि बुद्धले निर्वाण प्राप्त गरे । निर्वाण भएपछि बुद्धको पार्थिव शरीरको अन्तिम संस्कार गर्ने अधिकारबारे ठूलो विवाद खडा भयो । त्यतिखेरका राजा-महाराजहरू बुद्धकै अनुयायी र शिष्य भइसकेका थिए । कोली, मल्ल, शाक्य आदि सबै राजाहरूले आ-आफ्ना अधिकार खोजे । कुशीनगरमा महानिर्वाण भएको हुनाले त्यहाँका मल्लहरूले बुद्धको शरीरलाई नदिने अवस्थामा पुगे । यस अवस्थामा परम कारुणिक, शान्ति र अहिंसाका अग्रदूत बुद्धको मृत शरीरको बहानामा हजारौं मानिसको रगत बग्ने अवस्था आइपुग्यो । त्यस बेला द्रोणाचार्य नामक ब्राह्मणले निर्णय दिंदा हजारौंको हत्या हुनुवाट बच्यो । त्यसपछि भगवान् बुद्धको पार्थिव शरीरको दाह-संस्कार गरेर त्यो धातु (खरानी)-को ८ भाग गरेर आठजना राजाहरूलाई दिए । त्यो खरानी लगेर आठ ठाउँमा स्तूप बनाएका छन् । त्यसका खण्डहरू अझ पनि छँदैछन् । पाठकवृन्दले अवश्य याद राख्नुपर्नेछ दाह-संस्कार[१] र गाड्ने प्राचीन वैदिक हिन्दूधर्मभित्र पर्ने मृतक-संस्कार हो । त्यसैले बुद्धलाई कसरी अहिन्दू भन्ने ?

जसको साथमा जन्मदेखि लिएर मरणपर्यन्त वेदज्ञ ब्राह्मण रहन्थे, जसको पार्थिव शरीर जलाइयो, जो हिन्दूसंस्कारभित्र जन्मे, जसले हिन्दूसंस्कृतिभित्रै शिक्षा पाए, जसले हिन्दूभित्रै बुद्धत्व पनि प्राप्त गरे, जसले हिन्दूभित्रै बुद्धत्वको प्रचार पनि गरे, जसले आनन्द, मौद्गल्यायन, सारिपुत्र, कौडिन्य आदि दिग्गज ब्राह्मणहरूलाई नै प्रथम शिष्य बनाएका थिए, त्यस बुद्धले हिन्दू नहुनु कति आश्चर्यको कुरा हो ! कति अभिज्ञ कुरा हो । आश्चर्य छ । बुद्ध स्वयं शाक्यवंशीय हिन्दू-किरातक्षत्रियकुलका कुलीन राजकुमार थिए । अन्तिम परिनिर्वाण-संस्कार पनि हिन्दूकै थिए भने बुद्ध अहिन्दू कसरी भए ? यो आश्चर्यको कुरा छ । 'हामी हिन्दू होइनौं' भन्नेहरूले अवश्य नै विचार गर्नुपर्ने कुरा छ । स्वार्थी चरित्र हो भने हामीले केही भन्नु छैन ।

जब भगवान् बुद्ध हिन्दूपुत्र थिए, तब बुद्धलाई मान्ने उनका अनुयायी सबै हिन्दू नै हुन् । यसमा आश्चर्य मान्ने कुरै छैन । स्वार्थको कुरा र अज्ञानको कुरा अर्कै हो । 'बुद्धो देवता आचार्यो वा यस्यस बौद्ध'; अर्थ—बुद्ध नै छ देवता अथवा आचार्य जसको, त्यसलाई बौद्ध भनिन्छ । यहाँसम्मको संस्कृति, क्रियाकलापादिले बौद्धहरू हिन्दू होइनन् कुनै बुद्धिमान्ले पनि भन्न सक्दैन । यसरी बौद्धहरू हिन्दूसंस्कृति परिपोषक हिन्दूहरूको नवमा अवतारका अनुयायी हिन्दू नै हुन् भन्ने प्रमाणहरूमा सन्देह छैन । उपर्युक्त प्रमाणहरूले सिद्ध भइसकेको छ ।

बुद्धको मूल उद्देश्य

भगवान् बुद्धको आफ्नै हिन्दूधर्ममा आएको विकृतिलाई हटाउनु नै मूल उद्देश्य थियो । अहिंसा र प्राणीहरूमाथि दया तथा शान्ति, इन्द्रियनिग्रह र चार आर्य सत्य आदि भगवान् बुद्धका उपदेश हुन् । यी

---

२. शरीरं भस्मान्तं क्रतोस्मर कृतं [शु० य० ४०।१५]

(क) अग्निष्वाताः पितरः—[ऋ० १०।१।१५।११]

(ख) ये अग्निदग्धा ये अनग्निदग्धा [१०।१।१६।१४]

(ग) ये उत्खाता परीक्षा अग्निदग्धा [अथर्व १८।२।३४-३५]

सबै मानवको लागि पालनीय छन्। परन्तु यी उपदेशहरू वेद, आरण्यक, उपनिषद् शास्त्रहरूदेखि बाहिरका होइनन, केवल व्यक्त गर्ने भाषा पालि थियो। परन्तु बुद्ध संस्कृत भाषामा लेखिएका वेद, ब्राह्मण, आरण्यक आदिका प्रकाण्ड विद्वान् थिए। यसरी हेर्दा बौद्धधारा हिन्दूधर्ममा आएका विकृतिहरू हटाउनको साथै हिन्दूत्वको खुलस्तपना मात्रै हो भन्न सकिन्छ।

ईश्वरको नाम लिएर अनाचार, अत्याचारका साथ मानिसमा अकर्मण्यवाद र भाग्यवाद फैलिन थाले। त्यसैले बुद्धले ईश्वर मान्नु हुँदैन भन्ने संकेत गरेका थिए। त्यसैको लागि ईश्वरको अस्तित्वलाई नमान्ने सल्लाह दिएका थिए। त्यतिले बुद्ध वा बौद्ध अहिन्दू हुन सक्दैन। तर बुद्धको आन्तरिक भावमा जगन्नियन्ताको सत्ता थिँदै थियो। यही नियम मान्ने हो भने त सांख्य र पूर्वमीमांसकहरू पनि ईश्वर मान्दैनन्। तर सांख्य र मीमांसकहरूले बुद्ध जस्तै ईश्वरास्तित्व स्वीकार नगरे पनि उनीहरू हिन्दू नै छन्। पूर्वजन्म र पुनर्जन्म[1] पनि नयाँ होइन। दोस्रो विकृति थियो यज्ञमा[2] पशुबलि गर्ने चलन। यज्ञादिको नाममा सहस्रौं पशुबलि गर्ने प्रथामाथि भगवान् बुद्धले ठूलो आन्दोलन गरेका थिए। तेस्रो कुरा त्यतिखेर छुवाछूतको बहानाले मानवमाथि अमानवीय व्यवहार हुन्थे। त्यसैले शान्तिका अग्रदूत महामानव बुद्धले छुवाछूत, पक्षपात र जातिवादबाट माथि उठेर मात्रै बुद्धत्व प्राप्त गर्न सकिन्छ भन्ने उपदेश गरेका थिए। यज्ञको नाममा पशुबलि नगर्नु, आफूले गरेको अपराध ईश्वरको शिरमा नहाल्नु इत्यादि विकृतिहरू हटाउनका लागि भगवान् बुद्धको अवतार भएको थियो। भगवान् बुद्ध स्वयं हिन्दू भएको हुनाले त्यतिखेरका हिन्दूराजामहाराज र हिन्दूजनतामा आएका विकृतिहरूलाई सुधार्नु बुद्धको उद्देश्य थियो, किनभने त्यतिखेर भारतवर्षभरि नै हिन्दू मात्रै थिए। नेपालको त कुरै के! अरू जातको नाम निशाना पनि थिएन। अनि बुद्ध कसरी अहिन्दू हुन सक्छन् र? बुद्धका अनुयायी बौद्धहरू स्वतै हिन्दू भैहाले।

यसरी हिन्दूधर्मको सुधारवादी भगवान् बुद्ध हिन्दू थिए भन्ने कुरामा अत्युक्ति हुने ठाउँ छैन। तर भगवान् बुद्धको परिनिर्वाण भएपछि 'त्रिपिटक' संग्रहका लागि बुद्धका प्रधान शिष्यहरूको सभा बस्यो। यस सभाले ठूलो काम गऱ्यो, जो आज हाम्रो सामु भगवान् बुद्धको उपदेश संग्रह 'त्रिपिटक' को नामले सुन्न र पढ्न पाएका छौं। तर उपर्युक्त सभामा केही वर्षपछि ठूलो फुट भयो। त्यसैको परिणाम हीनयान, र महायान दुइ सम्प्रदायमा विभाजन भयो। त्यसपछि विदेशमा भगवान् बुद्धका उपदेश प्रचार हुन थाले। तर यता केवल महायान र हीनयान मात्रै होइन अपितु बज्रयान, तन्त्रयान, सहजयान आदि अनेक भेदमा विभाजन हुँदै गए। यसरी नै दार्शनिक क्षेत्रमा पनि एकै बुद्धका उपदेश भेदले चार सम्प्रदायमा बाँटिएका छन्, जसलाई सौत्रान्तिक[3], वैभाषिक, योगाचार र माध्यमिक नामले जानिन्छ। यिनीहरूमा पनि केही न केही खटपट छँदैछ। पूजा, उपासना आदिको विधि तथा सामग्रीहरूमा केही तल-माथि परेकै हुन्छ। दर्शनमा पनि त्यसरी नै तल-माथि परे पनि बौद्धदर्शनका भेद र उपभेद नामले पुकारिन्छ। यसमा पनि 'म जेठो र तँ कान्छा' भन्ने बाझो त कम छैन। बौद्धहरूमा यो झगडा टुङ्गिएको छैन। टुङ्गिने पनि छैन। जब कि भगवान् बुद्धले अवतार लिएको पच्चीस सय वर्ष मात्रै हुँदैछ र पनि बौद्धहरूमा यत्रो विघ्न भेद र उपभेद भए। हिन्दूधर्म-संस्कृति त लाखौं वर्ष पुरानो हो। हिन्दूधर्मका शाखाहरूमध्ये सौर[4], शाक्त, गाणपत,

---

[1] रमणीयचरणा रमणीयां योनिमापद्येरन् (छान्दोग्योपनिषद् द्रष्टव्या, छा० उ० ५।७)

[2] अश्वमेध, गोमेध, सोमयाग, सौत्रामणियागहरूमा पशुबलि गर्थे र रक्सी पिउँथे।

[3] बौद्धदर्शनको तुलनात्मक अध्ययन (पृ० न० २०५) भगवतीचरण बाबू।

[4] 'हिन्दूधर्मको पाँच सय पचास भेद' (हस्तलिखित ग्रन्थ ११५ पृ०)

पाञ्चरात्र, वासुदेव, जैन, बौद्ध, सिख, आर्यसमाज आदि प्रमुख हुन् । केवल यति हो कि आफ्नो मूल इतिहास भुल्नाले 'हिन्दू होइनौं' भन्ने भूल परेको हो । केहीले व्यावहारिक स्वार्थमा चिडिएर आफ्नै इतिहासको ढाकछोप गर्नु अर्कै कुरा हो । तर आफ्ना-आफ्ना आचार्यभेद र उपासनापद्धतिले भिन्न भए पनि मूल रूपमा हिन्दू हिन्दू नै हो । 'एकं सद्विप्रा बहुधा वदन्ति' एक परमात्मालाई व्याख्या गर्नेहरूले अनेक प्रकारका बताउँछन् । यस्तै हिन्दूसंस्कृति र धर्मका सन्तति अनेक देखिए पनि हिन्दू नै हुन् । भगवान् बुद्ध हिन्दू र हिन्दूसंस्कृतिका महान् सुपुत्र थिए । हिन्दू नै रहनेछन् । बुद्धका अनुयायी बौद्धहरूले हिन्दू नहुने के कुरा ? मूल हिन्दू । शाखा हिन्दू । पात हिन्दू । जरा हिन्दू । पूरा रूख पनि हिन्दू । नेपाली आमाका छोरा बुद्धले हिन्दू नहुनु आश्चर्यको कुरा छ । यसमा के सन्देह !

बुद्ध पनि सनातनी थिए भन्नुमा पनि अत्युक्ति हुनेछैन, किनभने बुद्धले शिष्यहरूलाई उपदेश दिंदा 'एष धम्म सनन्तनो' भनेको 'धम्मपद' आदि बुद्धग्रन्थहरूमा जताततै पाइन्छ । यसरी बुद्धले वैदिक सनातन हिन्दूराजा शुद्धोदनको कुललाई पवित्र पारेर हिन्दूधर्ममा आएको स्वार्थपूर्ण विकृतिलाई हटाउन ठूलो योगदान पुऱ्याउनुभएको देखिन्छ । त्यसैले बुद्ध भगवान् नवमा अवतार हुनुभयो । यस्ता प्रमाण हजारौं पाइन्छन् बौद्धग्रन्थहरूमा । त्यसैले बुद्ध अहिन्दू हुनै सक्दैनन् ।

यसरी नै देवता मान्ने विषयमा पनि पूर्ण हिन्दूत्व देखिन्छ, किनभने एक देवता[१] र बहुदेवतावाद[२] मात्र प्राचीन हिन्दूपरम्परा हो । भगवान् बुद्धले[३] आफूलाई देवता, मार, ब्रह्मा, श्रवण, ब्राह्मणहरूमा अनुत्तर घोषित गरेका थिए । संयुक्त निकायका प्रथम सगाथवर्ग लौकिक र अलौकिक शक्तिहरूको चित्रणले परिपूर्ण छ । त्यसैले बुद्धले वैदिक देवता, ब्रह्म, शक्र, देवता र देवपुत्र आदि अलौकिक शक्तिलाई मानेको वर्णन 'संयुक्त निकाय' आदि बौद्धग्रन्थहरूमा पाइन्छ । सहम्पति ब्रह्मा, वकब्रह्म आदि सात ब्राह्मणको उल्लेख ब्रह्मसंयुक्तमा[४] पाइन्छ भने वकब्रह्मासुत्तमा ७२-७२ ब्रह्मका संख्या बताएका छन् । बुद्धलाई[५] सहम्पतिब्रह्माले नै उपदेश दिएका थिए । त्यसैले बौद्धहरूमा सहम्पतिब्रह्मको ठूलो स्थान छ । यसै प्रकाले 'देवतासंयुक्त' आदिमा[६] बुद्धले देवताहरूलाई मानेको प्रमाण पाइन्छ । हो, मान्ने र वर्णन गर्ने शैलीमा भने भिन्नता ल्याउने प्रयास गरेको अवश्य देखिन्छ । परन्तु ब्रह्मादि देवताहरूको परिकल्पना र मान्यता वैदिक हिन्दूधर्मभित्रको मूल संस्कृति हो, जुन संस्कृतिलाई भगवान्ले मानेर ल्याएका थिए ।

यसरी नै परलोकवाद र कर्मफल भोगवाद पनि हिन्दूदर्शनको मूल स्तम्भ हो । तर बुद्ध-मतानुसार पनि उही परलोक र उही कर्मभोग प्रष्ट उल्लेख भएको छ । बौद्धहरूको मूल ग्रन्थ 'धम्मपद'को केही अंश पाठकवृन्दसामु प्रस्तुत गरिन्छ । हो कि होइन पाठकवाचकवृन्दले नीरक्षीरविवेक दृष्टिले हेर्नुहुनेछ ।

---

१. एकं सद्विप्रा बहुदा वदन्ति

२. इन्द्रं वरुणं मातरिश्वानं (ऋ० १।अ० २२।सू० १६४।४६)

३. सदेके लोके समारके सब्रह्मके सस्समण ब्राहम्मण्यिा पजाय सदेव मनुस्साय तथागतो आरियो

(संयुक्तनिकाय ५ पृ० ३७३)

४. ब्रह्मसंयुक्त पृ० १३७-१५३.

५. संयुक्तनिकाय पृ० १३९-१५२

६. देवता संयुक्त पृ० २३-३३
   (क) देवपुत्र संयुक्त पृ० ४३-६६
   (ख) शक्र संयुक्त पृ० २३०

धम्मपद पनि ललितविस्तर जस्तै बौद्धसमाजमा आदरणीय छ । भगवान् बुद्धले भिक्षुहरूलाई सम्झाउँदा 'नरकमा[१] फलामको गोला निल्दा हाय हाय गरेर कराउनु नपरोस् । मिथ्या भाषण गर्ने नरकमा[२] जान्छ । राम्रो कर्म गर्ने मानिसलाई दुवै लोकमा[३] सुख मिल्छ । मनुष्य नराम्रो[४] कर्मको फलले कहीं पनि बाँच्न सक्दैन । कैयौंले जन्म लिन्छन् । तर पापी नरकमा जान्छ । पुण्यात्मा स्वर्गमा जान्छ । जो सांसारिक बाधाहरूले मुक्त छ, उसैले 'निर्वाणपद'[५] प्राप्त गर्छ । सारै नै थोरै मान्छे सांसारिक जालबाट छुटेर चरा जस्तै स्वर्गमा[६] जान्छन् । यस शरीरलाई बनाउने कर्तालाई खोज्दा मलाई अनेक जन्म लिनुपर्‍यो । हे शरीरकर्ता ! अब मैले तिमीलाई[७] पाएँ ।' भनेका छन् ।

उपर्युक्त प्रमाणहरूले के सिद्ध हुन्छ भने कर्मफल र परलोकवादी मात्रै नभएर बुद्ध ईश्वरवादी पनि थिए । नत्र 'खोजेर पाएँ', 'हे शरीरकर्ता' जस्ता सम्बोधन आदिको प्रयोग बुद्धले नगर्नुपर्ने थियो । वस्तुतः बौद्धधर्ममा मूलरूपमा अहिंसा र सत्यलाई प्रथम स्थान दिइएको छ । त्यसैले कुनै पनि अनात्मवादी अथवा अनीश्वरवादीले अहिंसामा जोड दिन सक्दैन । आत्मा, ईश्वर, कर्मफल र परलोकको अस्तित्व स्वीकार गर्नेले मात्रै अहिंसक भएर अहिंसाको उपदेश दिन सक्छ । 'बौद्धजातक कथा' नामक ग्रन्थमा बुद्धका अनेक जन्मकथा पाइन्छन् । अतएव भगवान् बुद्ध हिन्दू थिए । बुद्धका अनुयायीहरू त स्वतै हिन्दू भए । जसका मातापिता हिन्दू थिए, जसको नाम हिन्दू नै छ, जसको गोत्र हिन्दू नै छ भने त्यो कसरी अहिन्दू हुन सक्छ र ? त्यसैले भगवान् बुद्ध हिन्दू थिए । बुद्धका अनुयायी बौद्धहरू हिन्दू नै हुन् । यी उपर्युक्त प्रमाणहरूले सिद्ध भैसकेको छ । बौद्धहरू हिन्दूसंस्कृति र धर्मका अभिन्न अङ्ग हुन् । यस्ता प्रमाण धेरै छन् । कोट्याउने प्रयास मात्र गरेको हो । यो अवश्य हो कि इष्ट र उपासनापद्धतिहरूमा स्वतन्त्रता छ । अतः विश्वको कुनै पनि कुनामा बौद्धहरू बसेका छन्, ती साक्षात् परस्परमा हिन्दू नै हुन् । यसमा सन्देहको अवसर छैन ।

बुद्ध निश्चितै शाक्यवंशीय किरातक्षत्रियकुलमा उत्पन्न भएर विश्वमा चम्केका थिए । सुनीति कुमार चटर्जीको अनुसार पनि शाक्य[८], कोली (कोलिय), लिच्छवी (निच्छवि), वृजि, मोरिय (मौर्य) आदि किरातक्षत्रिय थिए । पाश्चात्य संस्कारमा परेर चटर्जीले 'मङ्गोल' लेख्नु अर्कै कुरा हो । चटर्जी संस्कृतका पनि उच्चकोटिका विद्वान् थिए । परन्तु उनी बहुमतमा पर्नाले वास्तव मतबाट झुकिएर अलग भएका थिए । यी पङ्क्तिहरू लेखिंदा उनी ज्यूँदै भएका भए उनीले अवश्य वास्तव मत स्वीकार गर्ने थिए । त्यसैले शाक्यवंशीय किरातक्षत्रियकुलमा उत्पन्न हुने भगवान् बुद्धले किरातक्षत्रिय हिन्दू नहुने कुरै छैन ।

---

[१] धम्मपद व० ३७१

[२] धम्मपद व० ३०६

[३] ध० प० व० १८

[४] ध० प० व० १२७

[५] ध० प० व० ३७२

[६] ध० प० व० १७४

[७] ध० प० व० १५३-१५४

[८] The Sakyas, the Koliyas, the Licchavis, the Vrijis, the Moriyas, and other, were ultimately of Mongoloid origing, •••• ••• ••• ••• •••

(A) If this view is correct, then Buddha himself would be an, Indo-Mongoloid. He would be recially like the Gorkhas of Nepal,

(Kirat Janakriti, P. 59)

बौद्धधर्मको प्रचारमा ब्राह्मणहरूको भूमिका

१. कश्यपबुद्ध, कक्रुच्छन्द, कनमुनिबुद्ध ब्राह्मणकुलैमा जन्मेका थिए। स्वयं शाक्यमुनि किरातक्षत्रियंकुलोत्पन्न गौतमबुद्धका प्रिय शिष्य आनन्द आदि पनि ब्राह्मणकै कुलविभूति थिए। तर यी सबै नेपालका विभूति थिए।

२. यसै गरी बुद्धपछि किरात-महाराज कनिष्कका पालामा ईसाको प्रथम शताब्दीमा महाकवि अश्वघोष थिए। महाकवि अश्वघोषको जन्म साकेत=अयोध्याको ब्राह्मणकुलमा भएको थियो। अश्वघोषका अनेकौं ग्रन्थहरूमध्ये 'बुद्धचरित्र' विश्वविख्यात ग्रन्थ हो।

३. ई० सं० १७५ मा आचार्य नागाजुन ब्राह्मणकुलैमा भएका थिए। यिनको जन्म वर्तमान मध्यप्रदेशको दक्षिण सीमा महाराष्ट्रमा पर्ने 'विदर्भ देश'मा भएको थियो। बौद्धदर्शनको शून्यवादका संस्थापक यिनै नागार्जुन थिए। यिनी विदर्भैमा जन्मे पनि श्रीपर्वत् नागार्जुनको कोण्डामा धेरै वर्षसम्म साधना गरेर बसेका थिए। यिनका दर्जनौं ग्रन्थहरूमध्ये 'माध्यमिककारिका' शून्यवादी ग्रन्थहरूमा जगत्विख्यात छ।

४. असङ्ग र वसुबन्धु यी दुवै दाजुभाइ थिए। उत्तरभारतमा बौद्धधर्मका प्रचारक यी दुवै ब्राह्मणबन्धु थिए। यी दुवै तेजस्वी वन्धुहरूले ईसाको चौथो शताब्दीतिर खुबै प्रचार गरेका थिए। यी दुवैको जन्म गान्धार देश पेशावर (पाकिस्तान)-मा भएको थियो। वैदिक परम्परामा कौशिक गोत्रका ब्राह्मण थिए। यिनमा वसुवन्धुको मृत्यु अयोध्यामा ८० वर्षको उमेरमा भएको थियो। सर्वास्तिवाद बौद्धधर्मको वैभाषिक शाखाका महान् आचार्य थिए। वसुबन्धुको 'अभिधर्मकोष' जबसम्म पृथ्वीमा रहन्छ, तबसम्म वसुबन्धु अमर रहनेछ।

५. असङ्ग योगाचार विज्ञानवादी बौद्धदर्शनका अत्यन्त प्रभावशाली विद्वान् थिए। भाइ वसुबन्धुले सर्वास्तिवादलाई छोडेर 'विज्ञानवाद'को सिद्धान्तलाई स्वीकार गरेका थिए। असङ्ग मैत्रेयनाथका शिष्य थिए। असङ्गका 'महायानपरिग्रह' आदि अनेक ग्रन्थ प्रसिद्ध छन्।

६. दिङनाग बौद्धन्यायका संस्थापक थिए। वसुबन्धु यति भाग्यमानी थिए कि दिङनाग जस्ता प्रतिभाशाली शिष्य प्राप्त गरे। दिङनाग बौद्धन्यायका मात्र होइन, अपितु मध्यकालिक न्यायका पनि पिता मानिएका छन्। दिङनाग दक्षिणभारतको काञ्चीमा सिंहवस्त्र स्थानमा ब्राह्मणपरिवारमा जन्मेका थिए।

७. आचार्य धर्मकीर्तिले मैत्रेयनाथको परम्परामा दिङनागको शिष्य ईश्वरसेनबाट न्याय पढेका थिए। यिनी पनि अद्वितीय नैयायिक थिए। यिनको जन्म पनि दक्षिण भारतको चोलप्रदेशको तिरूमलई गाउँमा एक ब्राह्मणकुलमा भएको थियो। धर्मकीर्तिपछि नालन्दा विहारका धर्मपालका शिष्य भएका थिए। आचार्य धर्मकीर्तिका अनेक ग्रन्थहरूमध्ये 'प्रमाणवार्तिक', प्रमाणविनिश्चय, न्यायविन्दु आदि विश्वप्रसिद्ध छन्।

८. बौद्धरुचि पनि दक्षिण भारतीय काश्यप गोत्रीय ब्राह्मणकुलमा जन्मेका थिए। जीवनको शेष भाग चीनमा गएर बौद्धग्रन्थहरूको अनुवाद गर्नुमा बिताएका थिए। यिनको समय ५७१ देखि ७२७ मानिन्छ।

यस्ता अनेकौं आचार्यहरूलाई बौद्ध-इतिहासबाट अलग गर्ने हो भने खोस्टा मात्रै रहनेछ[१]। यी उपर्युक्त आचार्यहरू हिन्दू नै थिए भने बौद्धहरू अहिन्दू कसरी हुन सक्छन्?

---

[१] कादम्बिनी कविता विशेषांक, डा० राहुल साभार

बुद्धमूर्तिमा जनै यज्ञोपवीत

प्राचीन बुद्धमूर्तिहरूमा जनै (यज्ञोपवीत) लगाएको प्रष्ट देख्न पाइन्छ भने बुद्ध हिन्दू कसरी होइन ? बुद्धविहारको ७ र आठौं शताब्दीका मूर्तिहरूले बुद्ध हिन्दू होइन भन्न सकिंदैन । मञ्जुनाथ, स्वयम्भुनाथको अक्षोभ्यबुद्ध तथा अवलोकितेश्वर ८ शताब्दीका काठमाडौंका ९ शताब्दीका, क्वाबहालका ९ शताब्दीका अवलोकितेश्वर, यम्पिबहाल, पाटनका १० शताब्दी आदि अवलोकितेश्वर बुद्धमूर्तिहरूमा जनै देखिन्छन् । बुद्ध हिन्दू-आर्य नभए जनै धारणै गर्ने थिएनन् । त्यसैले बुद्ध भगवान् हिन्दू नै हुन् भन्ने इतिहासमा सन्देह छैन । सम्पूर्ण अवलोकितेश्वर बुद्धको मूर्तिहरूमा जनै हुनु सानो आश्चर्यको कुरा होइन । अनि बौद्धहरू कसरी हिन्दू होइनन् ?

निश्चय नै भगवान् बुद्ध हिन्दू = आर्य = शाक्यवंशीय किरातक्षत्रिय थिए र भगवान् बुद्धलाई इष्टदेव र आचार्य मान्ने या स्वीकार गर्ने समस्त बौद्ध हिन्दू नै हुन् । यो दुराग्रह होइन, अपितु बौद्ध-इतिहासले नै पुष्ट पारेर बताइराखेको छ ।

यो अवश्य छ कि बुद्धकालदेखि नै बुद्धविरोधी टक्कर लिनका लागि पौंठेजोरी हुँदै आएको देखिन्छ । बुद्धका धेरै विद्वान् शिष्य प्रशिष्यहरू अर्थात् आनन्द, सारीपुत्र, मौद्गल्यायन, वसुबन्धु, दिङ्नाग, धर्मकीर्ति आदि ब्राह्मणै थिए । किरातक्षत्रिय शाक्यमुनि बुद्धका शिष्यहरू अहिन्दू कसरी हुन सक्तछन् र ?

(आर्टको ग्रन्थबाट)

भगवान् बुद्ध तथा भगवान् महावीरको समसामयिकता

प्राचीन किरात-इतिहासलाई कोट्याउँदा जहाँ भगवान् बुद्धको बारेमा जान्ने इच्छा हुन्छ, त्यहीं भगवान् महावीरको बारेमा पनि उति नै जान्ने इच्छा हुनु स्वाभाविकै कुरा हो । लिच्छविहरूको भान्जा थिए भगवान् महावीर । यो कुरा तात्कालिक इतिहासबाट विदित भएको छ । यदि यो इतिहास सत्य हो भने महावीर पनि किरातहरूसँग सम्बन्धित किरात शाखाभित्रै पर्नुहुन्थ्यो भन्ने बुझिन्छ । भगवान् बुद्ध त स्वयं शाक्यवंशीय किरातक्षत्रियकुलकै राजकुमार थिए । भगवान् महावीर पनि राजकुमारै हुनुहुन्थ्यो । भगवान् महावीरले[1] बिहारको वैशालीकुण्डन ग्राममा ई० पू० ५९९ मा जन्म लिएका थिए भने ई० पू० ५६९ मा प्रव्रज्या लिएका थिए । ई० पू० ५५७ मा कैवल्य र ई० पू० ५२७ मा बिहारको पावापुरीमा निर्वाण प्राप्त गरेका थिए । यस्तै भगवान् बुद्धले ई० पू० ५८२ मा कपिलवस्तुमा जन्म लिएका थिए भने ई० पू० ५५४ मा प्रव्रज्या लिएका थिए । ई० पू० ५४७ मा कैवल्य प्राप्त गरेका थिए भने ई० पू० ५०२ मा कुशीनगरमा निर्वाण प्राप्त गरेका थिए । महावीरको पिताको नाम सिद्धार्थ थियो । आमाको नाम त्रिशला थियो । त्रिशला लिच्छवि-राजकुमारी थिइन् । तात्कालिक लिच्छविवंशका राजा चेटककी[2] बैनी थिइन् । चेटक र त्रिशला महाराज केकका एक पुत्र र एकै पुत्री थिए । लिच्छवि-किरातको साथमा वैवाहिक संबन्ध एउटा ऐतिहासिक महत्त्वको छ । त्यसैले भगवान् महावीर किरातवंशले सम्बन्धित किरातै-परिवारको हुनु स्वाभाविक देखिन्छ । यद्यपि महापुरुषहरू कुनै जातिपाति र सम्प्रदायको बन्धनमा बाँधिएका हुँदैनन्, तथापि

---

१. 'महावीर और बुद्ध की समसामयिकता' कवर पृष्ठबाट, मुनि श्रीनगराजजी डी० लिट्०

२. भारतीय इतिहास, पृ० ४० सतीशचन्द्र अग्रवाल

कुनै न कुनै कुलमा उत्पन्न हुन्छन् । यस्तै यी दुवै महापुरुषहरू शाक्यवंशीय किरातक्षत्रिय र लिच्छविवंशीय किरातक्षत्रिय थिए । परन्तु नेपालका लिच्छविवंश र वैशालीका लिच्छवि-किरातहरू भिन्नभिन्न लिच्छवि थिए । महाराज केक र महाराज चेटक गणतन्त्रीय शासनपद्धतिका शासक थिए भने नेपालका लिच्छविकिरातहरू राजतन्त्रात्मक शासक थिए । त्यसैले गणतन्त्रात्मक लिच्छविहरू एक्कासि नेपाल पसेर राजतन्त्रात्मक हुनु अस्वाभाविक कुरा हो । लिच्छविहरूको भित्र भएका भेद र उपभेदहरू अनुसन्धेय विषय नै भए पनि भारतको वैशालीमा भएका लिच्छवि र नेपालका लिच्छवि अलग हुन् भन्नेमा सन्देह छैन । उनै भारतीय लिच्छविहरूको भान्जा भगवान् महावीर थिए ।

खण्ड–१

लिच्छवि-किरात

वंशावली-परम्परानुसार नेमुनिले स्थापना गरेको काष्ठमण्डप अधित्यकामा सर्वप्रथम गोपालवंशी राजा भुक्तमानले शासन गरेका थिए। त्यसको आठ पुस्ता शासन चलेपछि अहीरवंशीहरूको शासन फेरि आठ वर्षसम्म चल्यो। अहीरवंशका अन्तिम राजा भुवनसिंहलाई किरातराजा यलम्बरले परास्त गरेपछि किरातहरूको २७–२९–३३ पीढी शासन चल्यो। तर किरातहरूका शासन ईसापूर्व नै खतम भैसकेका थिए। किरातहरूका अन्तिम राजा को थिए? यो शोधखोजकै विषय भएको छ। तर ईसापछि पनि नेपालमा ठाउँठाउँमा किरातहरूकै शासन रह्यो। तर अन्तिम किरातराजादेखि यता र प्रथम मानदेवको पूर्वजदेखि उत्ता बीचमा इतिहासमा खाल्डो परेको छ। तर प्रथम मानदेव लिच्छविराजादेखि यताका नेपालको इतिहास प्रामाणिक र आफ्नो समयको गहकिला राजा थिए भन्ने प्रमाण चाँगुनारायणका शिलालेखहरूबाट बुझिन्छ। चाँगुनारायणको जीर्णोद्धार गर्ने राजा मानदेव पनि लिच्छवि-किरातै थिए। यसरी हुँदै जाँदा वि० सं० ४५० तिर जमेका लिच्छविहरूले फेरि लिच्छवि-किरातराज्य गुमाए। वि० सं० दशौं शताब्दीतिर लिच्छविहरूमा फुट परेपछि मल्ल-किरातहरूको शासन काठमाण्डौ अधित्यकामा शुरू भयो। लिच्छवि मानदेवको शासन निक्कै फैलिएको पाइन्छ भने मल्ल-किरातहरूको शासन काठमाण्डौ अधित्यकाका गाउँहरूमा मात्र सीमित रहेको बुझिन्छ। काठमाण्डौका मल्लकिरातहरूको राज्यभन्दा काठमाण्डौबाहिर पाल्पा, मकवानपुर, विजयपुर, चौदण्डीगढी आदिका किरात सेनराजाहरूका राज्य निक्कै विस्तृत थिए। यी सबै कुराको उत्थान गर्ने आवश्यकता के पर्‍यो भने लिच्छवि-किरातहरूको बाहिरबाट आउने अस्तित्व सिद्ध हुन्छ कि हुँदैन।

धेरै इतिहासकारहरूले लेखेका छन्। लिच्छविहरू बाहिरबाट आएका थिए भनेर लेख्ने इतिहासकारहरू धेरै छन्। बिहारको वैशालीबाट आएका थिए भन्नेहरूका संख्या पनि कम छैनन्। अनि लिच्छविहरूलाई ‘किरात’ भन्दा अलगै जातिका मानेका छन्। यो इतिहास वस्तुस्थितिमा सही होइन।

सही इतिहास हो भने लिच्छविहरू किन हराए? किरातहरूको शासन थियो। किरातहरू शासनच्युत भए। तर नेपालमा आज पनि किरातहरू छँदैछन्। मल्लशासन थियो। मल्लहरू शासनच्युत भए। तर मल्लहरू पनि नेपालमा छँदैछन्। तर नेपालमा विक्रमको दोस्रो शताब्दीदेखि शासनसत्ता हातमा लिएर लगभग दशौं शताब्दीसम्म झण्डै हजार वर्ष जति शासन गर्ने लिच्छविहरू कहाँ गए त? यो धेरै ठूलो आश्चर्यको कुरा छ। भारतमा यदुवंशीहरू मासिए जस्तै नेपालमा लिच्छविवंशले मासिने इतिहास पनि पाइँदैन। त्यसैले भन्न वा लेख्न कर लागेको छ लिच्छविहरू किरातै थिए। किरात नभए मासिने र चर्चामा नआउने कारणै छैन। लिच्छविहरू किरातहरूकै एक शाखा-किरातै थिए। किरातहरूमा आप-

स्तमा राजनीतिक फुट पर्‍यो। सत्तापक्षका किरातहरूले फेल खाए। लिच्छवि थरका किरात शासनसत्तामा आए। यसरी लिच्छविहरू शासक बने। फेरि मल्लकालसम्ममा लिच्छवि-शासकहरूमा फाटो पर्‍यो। योग्य र अयोग्य, व्यावहारिक र अव्यावहारिक शासक परे। प्रजालाई दुःख दिने अथवा आपसी 'भाइ फुटे घर लुटे' भन्ने उखान भयो। लिच्छवि-शासन खतम भयो। शासनसत्ता मल्लहरूले हातमा लिए। यसरी लिच्छविहरूले निक्कै नराम्रो तरीकाले हार खाएको हुनुपर्छ, किनभने धेरै शताब्दीसम्म नामै मेटाएर शिरै उठाउनु नसक्नु नै यसको प्रष्ट कारण बुझिन्छ। केही वर्ष यतादेखि राई, लिम्बू र नेवारहरूमा आफूलाई लिछिया, लिच्छावा र लिच्छवि भन्नेहरू देखा परेका छन्। तर लेखकले धेरै परिश्रम गरेपछि मात्र यो पत्ता लाग्यो। आफ्नो राजनैतिक कारणहरूले गर्दा लिच्छविहरू ज्यादै दबेर बसे। यो धेरै सम्भव इतिहास हो। तर लिच्छविहरू बाहिर वडसाड (विहार)-बाट आएको कदापि हुन सक्दैन। नेपालकै किरातहरूमा फुट परेको कारणले लिच्छविहरूले आफ्नै थरवालाहरूलाई मात्र समावेश गरेर शासन गरेको बुझिन्छ। किरातहरूमा जसको हातमा शासन थियो, उसमा कमी आयो। सत्ता चलाउन सकेन। भाइ-भाइमा नै फुट परेपछि सत्ता चलाउन सक्ने अगाडि आए। अगाडि पर्ने लिच्छवि भए। लिच्छविले सत्ता चलाए। यसरी लिच्छवि किरातै थिए भन्ने इतिहास बुझिन्छ। नत्र त्यत्रो समयसम्म शासन गर्ने लिच्छवि कहाँ गए त?

अर्को प्रमाण विहारमा पर्ने 'वडसाड'[1] का लिच्छविहरूको शासन गणतन्त्रीय शासन थियो। नेपालका लिच्छविहरूको राजतन्त्रीय शासन थियो। जित्ने शासकले हार्ने शासकको शासनपद्धति स्वीकार गर्दैन। उसले आफ्नो जिताहापद्धति नै चलाउँछ। यो सर्वत्र देखिन्छ। त्यसैले विहारको 'वडसाड' का लिच्छविहरू आएर यहाँको राजतन्त्र स्वीकार गरेर शासन गरे होलान् भन्ने कुरा घतपर्दो छैन। अतः नेपालमा शासन गर्ने लिच्छविहरू नेपालकै लिच्छवि-किरात थिए। लिच्छविहरू बिहारप्रान्तको वडसाड भन्ने ठाउँबाट नेपालमा पसेका हुन् भन्ने धेरै इतिहासकारहरूले अडकल काटेका छन्। तर यहाँ सोचविचार गर्ने विषय यो छ कि लिच्छविहरू वडसाडबाट आए भने उनका संस्कृति, सभ्यता पनि साथ आए होलान्, किनभने बाहिरबाट आउनेहरूले आफ्नै संस्कृति, भाषा, भेषभूषा बोकेर ल्याएका हुन्छन्। यसमा रत्ति पनि सन्देह छैन। जस्तै—मुसलमान र अंग्रेजहरूले भारतमा आआफ्ना भाषा, संस्कृति र भेषभूषा ल्याएर लादेका थिए। त्यसैले आजसम्म पनि मुसलमान र अंग्रेज दुवैको भेषभूषा र भाषा चलिराखेका छन्। यस्तै प्रकारले नेपाल अधित्यकामा लिच्छविहरूले बाहिरबाट आएर शासन गरेको हो भने उनीहरूको भाषा, भेषभूषा, संस्कृति कहाँ गए त? यो ध्यानमा राख्ने कुरा छ कि जिताहाले कहिले पनि हार्ने पक्षको मत स्वीकार गर्दैन। यो कटुसत्य सिद्धान्त हो। त्यसैले लिच्छविहरू भारतबाट आएका होइनन् अपितु नेपालकै लिच्छविहरू राजनीतिको फेर बदलमा शासनकर्ता भए। किरातहरूकै शाखा प्रशाखामा लिच्छविकिरातहरू पनि थिए। रिसर्चको मार्ग भने प्रशस्त छ।

तेस्रो प्रमाण भारतको बिहारप्रान्तमा भएको वैशाली (वडसाड)-बाट नेपालमा आएपछि काठमाण्डौको विशालनगर बसाएका हुन् भन्ने गरेका छन्। तर यो इतिहास सत्य होइन, किनभने स्कन्दपुराणको हिमवत्खण्डमा 'विशालनगर'को उल्लेख भएको देखिन्छ। पुराणमा 'विशालनगर' उल्लेख हुनु एउटा इतिहासको क्षेत्रमा विचार गर्नयोग्य कुरा हो। तर कैयौं पाश्चात्यहरूका अनुयायीहरूले नबुझीकन

---

[1] वर्तमान मुजफ्फरपुर जिल्लामा पर्ने 'वडसार' नै 'वैशाली' थियो। यसबारेमा डा० गोविन्द टण्डनको 'लिच्छविकालमा किरातकालको प्रभाव' शीर्षक लेख, पृ. ८५-१०९ सम्म 'किरातेश्वरसन्देश' १-वर्ष १ मनन गर्नयोग्य छ।

झट्ट भनिदिएर मानिहाल्ने कुरा पनि छैन। बिहारको 'वैशाली' ई० पू० पाँचौं शताब्दीतिरको हो। जैनीहरूको चौबीसौं तीर्थङ्कर महावीर स्वामीसँग त्यसको इतिहास जोडिएको छ। महावीरको जन्म वैशालीको 'कुन्दनग्राम' मा भएको थियो। त्यहाँदेखि महावीरले राजगिरि र पावामा नै आफ्नो शेष जीवन बिताएका थिए। यो इतिहास जैनसाहित्यमा प्रष्टै छ। तर पुराणहरूमा उल्लेखित 'विशालनगर' महावीर-कालभन्दा धेरै प्राचीन हो। पुराणहरूको समय ब्राह्मणग्रन्थहरूभन्दा पनि प्राचीन हो। त्यसैले 'वडसाड'-का लिच्छविहरूले बसाएको विशालनगर होइन।

यहाँ यो अवश्य छ कि 'विशालनगरी' पाठ हेर्दा थपथाप गरेको शङ्काबाट चाहिं मुक्त हुन सकिंदैन।

विशालनगरं[1] रम्यं किरातैः परिपूरितम्।
धर्मदत्तो ददर्शादौ सहप्राकारतोरणम्॥
कथञ्जेयाः किरातास्ते इतिचिन्ताकुलोऽभवत्।
अस्मिन् राज्ये कथं स्थास्ये बुद्धिक्षमाशु मे वद॥

हरिपुर महाराजको (हिमाञ्चलप्रदेश, हरिपुर) हस्तलिखित पाठमा उक्त पाठ छ। योगी नरहरिद्वारा सम्पादित पाठ यस्तो छ।

विशालनगरीं सम्यां किरातैः पूरिता मुने।
धर्मदत्तो ददर्शादौ साट्टप्राकारतोरणाम्॥
कथञ्जेयाः किरातास्ते इति चिन्ताकुलोऽभवत्।
अस्मिन् राज्ये कथं स्थास्ये बुद्धिक्षमाशु मे वद॥

(स्क० पु० हि० खं० १६२।८३-८४)

यहाँ भन्नु यति छ कि वैशालीबाट लिच्छविहरू आएर काठमाण्डौको 'विशालनगर' बसाएका होइनन्। त्यसमा परेको 'विशालनगरीम्' पाठ ठीक छैन। 'नगरी' सारै सानो हुन्छ। नगर ठूलो हुन्छ। फेरि राजधानीहरूमा 'नगरी' हुने कुरै छैन। त्यहाँ त नगर नै हुन्छ। त्यसैले योगीजीले सम्पादन गर्नुभएको पाठ संशोधनीय देखिन्छ। त्यसैले 'वडसाड' को वैशालीभन्दा धेरै प्राचीन 'विशालनगर' हो।

जुन बेला किरातहरू आफ्नो शासन चलाउन असमर्थ भैसकेका थिए, धर्मदत्त नामका लिच्छवि-किरातले शासनसत्तामा हुने किरातबाट सत्ता आफ्नो हातमा कसरी लिए त ? ठूलाठूला अट्ट = राजभवनले सुशोभित चारैतिर प्राकार = चौघेरा लगाएर चारैतिर तोरण = ठूलाठूला द्वारहरूले सुशोभित राजधानी, त्यसमा किरातसेनाले परिपुरित विशालनगरको तोरण अर्थात् राजद्वार नाघेर जान कठिन भएको इतिहास प्रष्ट भएको छ। यहाँ धर्मदत्तले बाहिरबाट विशालनगरको किरात-राजधानीलाई सुटुक्क घरभित्र चोर पसे जस्तो कल्पना गरेर लेख्नु विवेकहीन कुरा हो। अट्ट अट्टालिकापूर्ण राजदरबार बनाएर बस्ने राजा सानातिना गाउँले मुखिया थिएनन्। त्यसमा पनि चारैतिर प्राकार = अर्थात् सुरक्षाको लागि प्रकोटा लाउने साथै राजधानीको सजावट र सुरक्षा दुवै दृष्टिले तोरण बनाएर सुरक्षाका लागि किरातसैन्य सुरक्षित गर्ने किरातराजालाई बाहिरबाट धर्मदत्त आएर राजधानी हत्याउने गर्नु भनेको घरभित्र 'मूसा' पस्नु भनेको हो। ती किरातराजा त्यति अथाह निद्रामा सुतिराखेका थिए कि के हो ? आखिरी राजधानी-

---

[1] हिमाञ्चलप्रदेश, हरिपुर महाराजको हस्तलेख हिमवत्खण्ड जालन्धरखण्ड, पोका नं० ११५ ग्र० नं० ३०७

भित्र त्यत्रो व्यवस्था गरेर बस्ने राजाको राजधानीबाहिर पनि आफ्नो देशको सीमासम्म सेना, पुलिस, चौकी, गुप्तचर आदि थिएन होला भन्न सकिंदैन। राजधानीमा त्यो व्यवस्था गरेर बस्ने राजाले अवश्य पनि आफ्ना सीमा सुरक्षा गरेका थिए। राजदूत र गुप्तचर-परम्परा आजको परम्परा होइन। वेद, ब्राह्मण, पुराण, रामायण र महाभारत आदि समस्त ग्रन्थहरूमा गुप्तचर र दूत-व्यवस्था, सेना, पुलिस आदि व्यवस्था भएको देखिन्छ। यस्तै प्रकारले विशालनगर राजधानीमा राजदरवार बनाएर बस्ने किरातराजाका पनि उपर्युक्त सबै व्यवस्था थिए। त्यसैले धर्मदत्तले चोरमूसा भएर वैशाली अथवा अरू नै कुनै ठाउँबाट काठमाण्डौको विशालनगरस्थित किरात-राजधानी हत्याउनेबारे चिन्ता गर्नै युक्तिसंगत कुरा देखिंदैन। बुद्धिगम्य कुरा पनि होइन। त्यसैले धर्मदत्त कुनै लिच्छवि-किरात थिए। 'धर्मदत्त' किरातहरूको नाम हुनै सक्दैन भन्ने अडकलपचुवाको अडकललाई भने आदर दिने गुन्जायस छैन। सुबाहु, सुमना, धर्मस्कन्ध, भगदत्त प्राचीन नाम र आधुनिक हरिप्रसाद, रामप्रसाद, पद्मसुन्दर आदि लाखौं नाम किरातहरूकै हुन्। यो अवश्य छ कि मनबहादुरको जगामा 'ए मने', कृष्णप्रसादको ठाउँमा 'कृष्णे' 'रामे' 'हरे' आदि नाम बिगारेर भन्नु लेख्नु अर्कै कुरा हो।

त्यसैले 'धर्मदत्त' लिच्छवि-किरातकै नाम हुनुपर्छ भन्ने मेरो धारणा छ। कुनै विद्वान्लाई यसमा सबल प्रमाण मिलेछ भने विचार गरौंला। किरातहरूभित्रै लिच्छवि थिए। मूल किरातको सत्ता लिच्छवि-किरातले हत्याएको निश्चय नै हो। यसमा सन्देह छैन। नेपाल राष्ट्रको शासनसत्ता बाहिर कुनै विदेशी शासकको हातमा गएको छैन। एतावता किरातशासकहरूको २७ पीढी वा २९ पीढी अथवा ३३ पीढी शासन र त्यसपछि लिच्छवि-किरात-शासन रह्यो। लिच्छवि-किरात-शासनपछि मल्लकिरात-शासन भयो। मल्ल-नेवार किरात र सेनमगर किरातहरूको शासनको दुर्बलता, आपसी फुट देखेर खसक्षत्रिय शाहवंशी पृथ्वीनारायण शाहाले आजको नेपालको एकीकरण गरेको हो। यदि यो इतिहास ठीक छैन भने गोपालवंशीले बेलायतबाट आएर काठमाडौंमा शासन गर्न थाले, किरातहरूले कन्याकुमारीको खाडलबाट निक्लेर भुवनसिंहको शासनसत्ता हत्याएर राज्य गर्न थालेका थिए, किरातहरूमाथि वैशालीबाट लिच्छविहरू आएर शासन गर्थे, मल्ल-नेवारहरूले इरावती नदीको चेपबाट निक्लेर काठमाण्डौ आएर 'लिच्छवि' शासन खोसे, त्यसपछि चीनबाट पृथ्वीनारायण शाहा बर्मा पुगेर बेलायतदेखि काठमाण्डौका नेवारमल्लहरूको शासनसत्ता हत्याउन पुगे भन्ने इतिहासलाई पनि मान्नुपर्ला। यस्तो वाहियातका कुरा लिएर बकवास गर्ने अवसर कहाँ ?

नेपाल महाभारतकालभन्दा पूर्वदेखि नै सत्तामा देखिन्छ। महाभारत पूर्वकालदेखि लिएर निरन्तर किरात, लिच्छविकिरात र मल्लकिरातहरूको शासन रह्यो। आज पनि शाहवंशीय शासन छँदैछ। यो अवश्य छ। महाभारतको इतिहासले विदेह र इन्द्रकील पर्वत तथा तप्तकुण्डदेखि रामक्षेत्र अर्थात् परशुराम कुण्डको अन्तसम्मको सिमाना निर्धारित गरेको देखिन्छ भने नेपाल काठमाण्डौ अधित्यकाभित्र शासन गर्ने किरातहरूको शासन-सीमा श्रावस्ती, विदेह जनकपुर, इन्द्रकील 'सिक्किम' उत्तरमा हिमालयदेखि दक्षिण किरातराज्यको शासन-सीमा भएको बुझिन्छ। तर यो सीमा लिच्छविकिरातकालमा पश्चिममा गण्डकी र पूर्वमा वरुणसम्मको सीमा भएको देखिन्छ भने मल्ल-किरातकालमा आएर आफ्नो आफ्नो राजदरबारको छानाबाट आ-आफ्ना प्रजालाई हेर्ने शासनसत्ता पनि देखिन्छ। किरातहरू आपसमा टुक्रिनुसम्म टुक्रिएकै हो। तर शाहाकालभन्दा पूर्व अर्थात् ससाना भुरुङ्गे किरातराजाहरूको शासन नभएका होइनन्।

यसरी किरातहरूको आपसी फुटानाममा लिच्छविकिरातहरू शासक भएका हुन् । बाहिरबाट आएका होइनन् । यो इतिहासले बताउँछ ।

किरात-इतिहासको इतिहास पैल्याउँदा लिच्छविकिरातहरूलाई कदापि छोड्न सकिन्न । परन्तु वंशावलीबाहेक लिच्छविहरूको बारेमा जान्ने बुझ्ने सरसामग्री के छ त ? भन्ने प्रश्न भने प्रश्नैमा थियो । यस प्रश्नको उत्तर दिने काम सर्वप्रथम भारतको गुजरातप्रान्त निवासी पं० भगवानलाल इन्द्रजीले नेपालका लिच्छविकालिक १५ वटा अभिलेख प्रकाशित गरेपछि भएको हो । भगवानलाल इन्द्रजीले वि० सं० १९३७ मा शिलालेख प्रकाशित गरेका थिए । यस शिलालेख-प्रकाशनले सम्पूर्ण नेपालका इतिहासकारहरूको आँखा खोल्यो । यहींदेखि पुरातात्त्विक शोधखोज (Archaeological Research) हुन थालेका हुन् । यसमा सन्देह छैन । अब त पुरातत्त्व र नृतत्त्व (Anthropology)-सम्बन्धी आदि सबै खोज जारी छ । यस दृष्टिले नधकाई हेर्दा भगवानलाल इन्द्रजीले प्रकाशित गरेको शिलालेखको आधारमा नेपालको प्रामाणिक शिलालेखहरूद्वारा इतिहास पैल्याउने काम हुनु प्रारम्भ भएको १११ वर्ष भयो । साथै भगवानलाल इन्द्रजीलाई मुरीमुरी प्रशंसा पनि प्राप्त छँदैछ । तर नेपालको लिच्छविकालको इतिहास भगवान्को नाममा भएको शिलालेखहरूमा मात्रै पाइन्छ । त्यसैले धार्मिक आधारमा लिच्छवि-किरातहरू आ-आफ्ना काम कर्तव्य गर्दथिए भन्ने इतिहास पनि बुझिन्छ । त्यो लिच्छविराजा प्रथम मानदेवको चाँगुनारायणको शिलालेख हो ।

वंशावलीमा लिच्छविकालैमा ठूलो बदमाशी भयो होला । त्यसपछि मल्लकालमा आएर अन्य विकृतरूप वंशावलीले लियो भन्न सकिन्छ । तर वंशावलीलाई सर्वथा असत्य र अप्रामाणिकचाहिं भन्न मिल्दैन, किनभने विश्वभरमै वंशावलीकै आधारमा प्रामाणिक इतिहास तैयार पारिएको हुन्छ । यो अवश्य छ कि हरुवा र जिताहाको पक्ष हुने भएको हुनाले हरुवाको पक्षलाई जिताहापक्षले होच्याएरै लेखेका हुन्छन् । केवल नेपालको मात्र होइन, विश्वकै इतिहासलाई कोट्याउनुहोस् । जिताहाको यशः गान र हार्नेवालाको अवगुण, अकीर्ति, अव्यावहारिक र नीतिज्ञानशून्य आदि कुराहरू लेखिएका हुन्छन् ।

वि० सं० ५२१ को प्रथम मानदेव लिच्छविराजाका शिलालेख पढ्न पाएपछि नेपालको पुरातात्त्विक इतिहासमा दृढता आएको हो । त्यहाँभन्दा अगाडि र पछाडिका शिलालेख संवत् पाएसम्म र पढाइ राम्रोसँग गर्न सकेसम्म त वास्तविक निर्णय मान्नु स्वाभाविकै हो । तर शिलालेख मिले पनि संवत्रहित मिले भने अन्दाधुन्द नै हुन्छ । तर यति मात्रै प्रमाण हो भन्ने बाटोचाहिं लिनु हुँदैन, किनभने नेमुनिको स्थापनाकालमा गोपालवंशीले शासन गरेपछि अहीरवंशीले तीन पुस्तासम्म शासन गरेको पनि पाइन्छ । तर यसमा सबै इतिहासकारहरू एकमत छैनन् । यद्यपि गोपालवंशावलीअनुसार अन्तिम किरातराजा खिगु थिए ।

हिमवत्खण्डअनुसार अन्तिम किरातराजा शंकु (खिगु-खिबु) थिए ।

सूर्यवंशी (चन्द्रवंशी) लिच्छवि-किरातराजा धर्मदत्तले किरातराज शंकुलाई जिते र पहिलो लिच्छवि-शासक हुन पुगे धर्मदत्त । किरातराजा शंकुलाई किरातनेता धर्मदत्तले जितेर काठमाण्डौ अधित्यका विशालनगरमा राज गरेको उल्लेख हिमवत्खण्ड अध्याय १६३ मा मनोहररूपमा वर्णन भएको छ । किरातहरू सूर्यवंशी र चन्द्रवंशी दुवै थिए । त्यतिखेरका राजनैतिक कारणले बिस्तारै गोत्र र वंश बहिष्कार गर्दै गएका हुन् । जस्तै—हिजोआज दशैं बहिष्कार गर्न थालेका छन् । लिच्छवि-किरात धर्मदत्तदेखि चलेको शासन मानदेव र अंशुवर्मासम्म सारै नै फलेर रह्यो । लिच्छवि-किरातहरूलाई मनुस्मृतिमा 'निच्छवि' भनेर लेखेको छ । यति मात्रै होइन, अन्य किरातहरूलाई जस्तै व्रात्य-क्षत्रिय भनेका छन् ।

झल्लो मल्लश्च राजन्यात् व्रात्यान्निच्छविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ॥ (मनु० १०।२२)

१. यिनैका पाँचौं पुस्ताका राजा सुपुष्पदेव प्रसिद्ध पशुपतिनाथको मन्दिरको जीर्णोद्धार गरेर साथै नेपालमा सर्वप्रथम वर्णव्यवस्थाको संस्थापक पनि वन्न पुगे ।

२. भास्करदेवले दक्षिण भारतको काञ्चीसम्म विजय गरेर प्राप्त गरेको सुनले पशुपतिनाथको मन्दिरलाई सुनैसुनको पारी देवपाटनको नाम 'काञ्ची' इतिहास गोपालवंशावली र हिमवत्खण्डमा उल्लेख भएको छ ।

३. लिच्छविराजा हरिदत्तले चाँगुनारायण, शिखरनारायण आदि चार नारायणहरूको स्थापना र चार नारायणसहित बूढानीलकण्ठको वर्णन हिमवत्खण्डमा भएको हुनाले 'हिमवत्खण्ड' विष्णुगुप्तपछिको हो भन्ने केही लेखकहरूको भनाइ छ । यो अझ खोजको विषय छ ।

४. लिच्छविकिरात-राजाहरूमध्ये धर्मदत्त, सुपुष्पदत्त, हरिदत्त, मानदेव प्रथम, जयदेव प्रथम, जयदेव द्वितीय, नरेन्द्रदेव, अंशुवर्मा आदि उल्लेखनीय छन् ।

५. जयदेव प्रथमले लिच्छविवंशलाई ओजस्वी बनाए ।

६. यिनका चौधौं पीढीपछि प्रथम मानदेवले चाँगुनारायणको जीर्णोद्धार गरेर कीर्तिस्तम्भ राखे । मानगृहको निर्माण गरे ।

७. यिनै मानदेवकी छोरीका छोरा महाकवि भारवि थिए, जसले किरातार्जुनीय महाकाव्य लेखे ।

८. गुणकामदेवले कान्तिपुर राजधानीको स्थापना गरेका थिए । इन्द्रयात्रा, लाखेयात्रा आदि गुणकामदेवले चलाएका थिए ।

९. अरिदेवको छोराको पालादेखि 'मल्ल' लेखिन थालेका हुन् ।

लिच्छवि-किरातहरूको उत्पत्ति

डा० श्रीराम गोयलले लिच्छविहरूको उत्पत्ति र विकासबारे विल, विद्याभूषण, स्मिथ, वी० सी० लाहा, के० पी० जायसवाल आदिको मत दिएर आफ्नो मत 'प्राचीन नेपाल का राजनीति और सांस्कृतिक इतिहास' नामक ग्रन्थको पृ० २४ देखि पृ० ३३ सम्म विचार तथा ऊहापोह गर्दै लैजाँदा 'मनुस्मृति' मा उल्लेखित 'निच्छवि' लिच्छविहरू किरात-परिवारका थिए भनेका छन् । डा० गोयलले लिच्छविहरूलाई वैदिकेतर भनेर लेखेका छन् । यसबारेमा निकै तुलनात्मक कुरा राख्न खोजेका छन् । तर लिच्छविहरू व्रात्य किरात-क्षत्रिय-परिवारभित्र अवश्य पर्छ । परन्तु 'वैदिकेतर' चाहिं कदापि हुनु सक्दैन, किनभने उपर्युक्त इतिहासकार वैदिक वाङ्मयमा प्रामाणिक परिचित व्यक्ति होइनन् । साथै भारतको वैशालीको लिच्छवि र नेपालको लिच्छवि भिन्नभिन्नै हुन् । लिच्छविहरू सूर्यवंशी र चन्द्रवंशी दुवै थिए । नेपालका लिच्छवि सूर्यवंशी किरात-क्षत्रिय-परिवारका थिए । अठ्ठकथा, महापरिनिवाव्वानसुत्तन्त, खुद्दकपाठ, परमत्थजोतिका, कल्पसूत्र आदि जैन-बौद्धग्रन्थहरूमा लिच्छविहरूलाई भिन्नरूपमा उभ्याए पनि काशीको रानीको मांसपिण्डवाट लिच्छविहरूको उत्पत्ति भने अझ शोधखोजको विषय छ । 'प्रा० ने० इ० पृ० २९' मा डा० श्रीराम गोयलले 'आर्यों की किसी वैदिकेतर शाखा के सदस्य (लिच्छवि) रहे होंगे' लेख्नुभएको छ । यो

---

१. हिमवत्खण्ड १६३।१८, २५, ३६, ४०, ५५, ६२, ११५ हेर्नुहोस् ।

डा० गोयलको प्राचीन इतिहासमाथि प्रश्नचिह्न लगाउने वाक्य हो, किनभने आर्य भएपछि 'वैदिकेतर' कसरी हुन्छ ? किनभने आर्य र वेद एक ज्यान भएपछि वैदिकेतर हो भने स्वतः आर्येतर भइहाल्यो। निश्चय नै लिच्छविहरू वैदिक आर्य-किरात-परिवारका थिए ।

लिच्छविहरू किरातक्षत्रिय थिए । किरातै थिए । डा० जी० पी० सिंहले पनि 'किरातराजा[1] मानदेव' भनेर लेखेको छ, किनभने खसक्षत्रियहरूलाई 'व्रात्य वा व्रात' भनिंदैन, किनभने खसक्षत्रियहरूले ब्राह्मणहरूलाई अतिक्रमण गरेको मानिंदैन । किरातक्षत्रियहरूले ब्राह्मणहरूको अदर्शन वा अतिक्रमण गरेका हुनाले 'व्रात्य' भएका हुन् भनेर मनुस्मृति आदिमा इतिहास प्रष्ट्याएको छ भने अरू कल्पनाको आवश्यकता छैन ।

लिच्छवि शब्दमा भ्रम

'लिच्छवि' एक प्रसिद्ध किरातहरूको शाखाभित्र पर्ने किरातै थिए । ती लिच्छविहरूलाई इतिहासकारहरूले कैयौं कारणवश भ्रमात्मक ढङ्गले हेरेका छन् र लेखेका पनि छन् । धेरैजसो इतिहासकारहरूले लिच्छविहरू किरात हुन् भन्ने थाहा नै पाएका छैनन् । त्यसैले उच्चारणभेदले अथवा लेखाइको भेदले गर्दा लिच्छवि, लेछवी, लेछी, निछवि, निच्छवि, लिच्छवी आदि अनेक प्रयोग देखिन्छ । यसबारेमा पूर्व इतिहासकारहरूले अनेक रूपमा प्रयोग गरेका छन् । जस्तै उदाहरण लिनुहोस्—

१—मनुस्मृतिमा 'निच्छवि' प्रयोग भएको पाउँछौं ।
२—बौद्धग्रन्थ 'महावस्तु अवदान' (पालिग्रन्थमा) अनेक बार 'लिच्छवि' प्रयोग गरेका छन् ।
३—जैनसाहित्यमा 'लेछी' शब्द प्रयोग भएको पाउँछौं ।
४—यसैलाई कौटिल्यले 'लिछविक' प्रयोग गरेका छन् ।
५—कुलक बङ्गाली टीकाकारले 'निच्छवि' प्रयोग गरेको छ ।
६—प्रथम चन्द्रगुप्तको मुद्राहरूमा 'लिच्छव्याः' प्रयोग भएको पाइन्छ ।
७—लिच्छविहरूको उल्लेख अनेक गुप्त-शिलालेखहरूमा पाइन्छन् ।

यीमध्ये लिच्छवि र निच्छवि उच्चारणभेदले फरक पर्न गयो । अरू शब्दचाहिं लेखाइले फरक परेको देखिन्छ ।

लिच्छविहरू आउने भ्रम

१—नेपालका 'लिच्छवि'हरू सूर्यवंशका किरातक्षत्रिय थिए ।
२—डा० वी० ए० स्मिथले लिच्छविहरूलाई तिब्बतबाट आएका हुन् भनेका छन् ।
३—डा० एस० सी० विद्याभूषणले लिच्छविहरू पर्सियाबाट आएका पार्सी थिए भनेका छन् ।
४—डा० हजसनले लिच्छविहरूलाई सिथियन थिए भनेका छन् ।
५—यसरी विदेशीहरूले हमेशा इतिहास बिगारेर सन्देह उत्पन्न गर्ने काम गरेका छन् । यस्तै विदेशीहरूको कुरालाई 'दादावाक्यं प्रमाणम्' मान्ने भारतीय आदि लेखकहरूले पनि भूल गरेका छन् ।

---

[1] The Kirat king Mandeva, (Kirat in Ancient India, P. 399)

(G. P. Singh, Manipur)

यो भूल सुधारेर बाटोमा ल्याउन युगौं लाग्नेछ। तर सबै विदेशीलाई भन्न खोजेकोचाहिँ होइन, किनभने पाश्चात्य लेखक राथले जानी नजानी भए पनि 'लिच्छविहरू उच्चकुलका थिए' भनेका छन्।

६—संस्कृत-वाङ्मयका कोषकारहरूले लिच्छविहरू व्रात्य क्षत्रिय थिए भनेर लेखेका छन्। लिच्छविकिरातहरू वस्तुतः व्रात्य क्षत्रिय नै थिए। तथापि सम्मानित शासकखलक थिए भने केही प्रशासित पनि थिए। कोषकारहरूमध्ये अमरसिंह, हलायुध र हेमचन्द्र आदिले लिच्छविहरूलाई व्रात्य क्षत्रिय लेखेका छन्। तर यो मनुस्मृतिको अनुकरण मात्र हो भन्न सकिन्छ।

७—'दुलवा' भन्ने ग्रन्थमा लिच्छविहरूलाई वसिष्ठकुलमा उत्पन्न भएको हो भनेको छ।

८—दिग्ध निकायको महापरिनिवान सुत्तमा बुद्धको शरीर लिच्छवि थियो, त्यही हामी पनि हौं भनेर माग गरेको उल्लेख प्रष्टसँग राखेको छ।

९—जैनकल्पसूत्रमा लेखेअनुसार महावीर लिच्छविहरूका मामा थिए।

१०—डी० वी० महाजनले 'प्रा० भा० इ०' पृ० नं० २०६ देखि २०८ सम्म उपर्युक्त विषयलाई उल्लेख गरेको छ।

११—'महाली' नाम गरेका लिच्छवि-सरदारले 'म क्षत्रिय हुँ, बुद्ध पनि क्षत्रिय नै हो' भनेको छ।

यसरी लिच्छविहरू किरातै हुँदाहुँदै पनि कैयौंले भ्रमात्मक कुरा लेखेर किरातहरूबाट छुट्याउने प्रयास गरेका छन् भने कैयौंले विदेशबाट भत्तुवा लागेर आएका हुन् लिच्छविहरू भनेका छन्। परन्तु सही इतिहास यो हो लिच्छविहरू भत्तुवा होइनन्। मूल रूपमा आर्यावर्तकै निवासी थिए। आर्यकिरातक्षत्रियै थिए।

महाराजमहासामन्त क्रमलील को थिए ?

लिच्छविकालिक अभिलेखहरूको अध्ययन गर्दै जाँदा किरातकालिक शासन लिच्छविकिरातहरूको हातमा आएको देखिए पनि त्योभन्दा पूर्व सत्ताधारी किरातहरूको पनि निर्मूल त भएको थिएन भन्ने इतिहास अभिलेखहरूले प्रष्ट पारेको छ। महाराजमहासामन्त क्रमलील उल्लेखबाट पनि यही इतिहास प्रष्ट भएको देखिन्छ। अभिलेख संख्या ३१ चौकिटारको वसन्तदेवको अभिलेखमा[१] 'सर्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन महाराजमहासामन्तश्रीक्रमलीलेन च···' भनेर लेखेको छ। शासक महाभट्टारक महाराज श्रीवसन्तदेव नै भए पनि क्रमलीलको नाममा 'महासामन्त' अलग देखिन्छ। महाभट्टारक र महासामन्तमा मात्र फरक देखिन्छ भने 'महाराज' र 'श्री' दुवै पद वसन्तदेव र क्रमलील दुवैमा समान देखिन्छ। 'संवत् ४५४ ज्यैष्ठ शुक्लदिवा छ' भनेर लेखेको छ। यस्तै पासिख्यको वसन्तदेवको अभिलेखमा पनि उल्लेख भएको छ। 'क्रमलील'को बारेमा 'महाराजमहासामन्त पदधारी यी क्रमलील को हुन्, कहाँका हुन् ?' थाहा पाउन सकिएको छैन।[२]····परन्तु क्रमलील वसन्तदेवको सहायक थिए। द्वैतशासन हुँदाहुँदै रविगुप्त र

---

[१] लिच्छविकालका अभिलेख, पृ० नं० १४५, धनवज्र वज्राचार्य

(क) अभिलेख संख्या ३२, पृ० न० १४७,

[२] लि० का० अ० पृ० १४९-१५०,

वसन्तदेवको अन्त भयो । क्रमलील अझ शक्तिशाली[1] भए । यो रामदेवको शिलालेखबाट बुझिन्छ । यसरी यी शिलालेख वा अभिलेखहरूलाई हेर्दा लिच्छवि-किरातहरूभन्दा पूर्व शासन गर्ने किरात-राजकुलका महाराज क्रमलील नै लिच्छविकिरात-राजा वसन्तदेवको शासनकालमा त्यतिखेरको राजनैतिक कारणवश 'महासामन्त' हुन पुगे । त्यसैले राजावसन्तदेव र रविगुप्तको अन्त पनि महाराजमहासामन्त श्रीक्रमलील-द्वारा भएन होला भन्न सकिन्न, किनभने राजनैतिक उतार चढाव सर्वत्र यस्तै हुन्छ । किनभने राजनैतिक बाटो ढुक्ने प्रथा सर्वत्र प्रसिद्धै छ ।

महाराजमहासामन्त श्रीक्रमलील उनै ३३ पीढीसम्म शासन गर्दै आउने किरात-खानदानका अन्तिम दुर्वल राजा हुनुपर्छ भन्ने मेरो विचार छ । लिच्छविकिरातहरूको राजनैतिक उतार चढावमा तरङ्गित हुँदा कैले तल र कहिले माथि हुँदै आए होलान् । वसन्तदेवभन्दा पूर्वको राजनैतिक तरङ्गमा क्रमलीलको बाबु, बाजे तल परेका थिए भने वसन्तदेवको पालामा क्रमलीलले करवट नलिने कुरै थिएन । त्यो करवट लिएपछि रामदेवको पालासम्म क्रमैले लीला गर्दै बसे । त्यसपछि लिच्छवि-पूर्वकालिक किरात-शासनको पूर्णतः अन्त भएको देखिन्छ ।

किनभने ३३ पीढीसम्म शासन गर्ने किरातहरू सामान्य थिए भनेर हाँक दिनु इतिहासमाथि अपराध हुनेछ । स्वयं धनवज्र बज्राचार्य लेख्नुहुन्छ, 'कैयौं शताब्दीसम्म नेपालमा किरातहरूले शासन चलाएको र नेपाल-अधित्यका र आसपासमा किरातकालमै प्रशस्त बस्तीहरू पनि वसिसकेका हुनाले लिच्छविकालमा पनि यहाँ किरातहरू थिए भन्ने कुरामा शङ्का छैन । हनुमान्ढोकानेरको एउटा शिलालेखमा 'किरात' को उल्लेख आएको[2] पनि छ ।' जब पूर्वकालिक किरातवंशको शासन सर्वथा उन्मूलन भएको थिएन । त्यसैले त महाराजमहासामन्त श्रीक्रमलीलको महासामन्तको रूपमा आविर्भाव भयो । यी पूर्वकिरातकुलका अन्तिम शासक थिएभन्दा अत्युक्ति नहोला ।

◆

---

[1] लि० का० अ० पृ० १७५,

[2] लिच्छविकालिक अभिलेख, पृ० १७२,

खण्ड–१०

तन्त्रमा किरात

संस्कृत-वाङ्मय तन्त्रवाङ्मय पनि किरात-इतिहासको लागि अत्यन्त महत्त्वपूर्ण छ। तन्त्र-साहित्य पनि पुरानो छ, जति पुराण-साहित्य छ। किरातहरूको महत्त्वपूर्ण इतिहास योगिनीतन्त्रबाट पनि धेरै प्रष्ट हुन्छ। किरातहरूबारे उल्लेख गर्दा मूल ग्रन्थ वा पाठ हेर्नु अत्यन्त आवश्यक हुन्छ। त्यसैले यहाँ मूल हेर्नुहोस्।[१]

विष्णुको वीर्यबाट पृथिवीका पुत्र महापराक्रमी दानवहरूको राजा शासक नरकासुर उत्पन्न भयो। विष्णुले नरकासुरलाई महाफलदायक कामरूप [प्राक्ज्योतिष]-को राज्य दिए। कामरूपको राज्य पाएपछि युद्धदुर्धर नरकासुरले कामरूपमा शासन गरिआएका किरात-सम्राट् घटासुरलाई जितेर कामरूप = अर्थात् शङ्करै जस्तो भयो। फेरि भगवान् विष्णुको निवास र राज्यशासनको लागि प्राक्ज्योतिषपुरको राज्य दिएर अभिषेक पनि गरे। त्यतिखेर प्राक्ज्योतिषपुर कामरूप देशको माझमा पर्थ्यो। त्यो राज्य दिएपछि विष्णुले राज्यशासन गर्ने अर्ती, बुद्धि र अरू भौतिक, आध्यात्मिक शक्ति पनि दिए।

यसरी प्राक्ज्योतिषपुरको राज्य घटासुरको हातबाट नरकासुरको हातमा पऱ्यो। घटासुरको उल्लेख कालिकापुराणमा छ। प्रसङ्गानुसार लेखौंला। घटासुर किरात-सम्राट् थिए। नरकासुर पनि किरातै थिए। नरकासुरको छोरा किरात-सम्राट् भगदत्त[२] थिए, जसको राज्यशासन आजको आसाम

---

[१] नरकासुरनामा तु विष्णुवीर्यसमुद्भवः।
पृथिवीगर्भसम्भूतो दानवानामधीश्वरः ॥४॥
तस्मै विष्णुर्ददौ राज्यं कामरूपं महाफलम्।
पृथिवीवचनात्सोऽपि दानवो युद्धदुर्धरः ॥५॥
किरातैर्घटितं जित्वा रणे कामरूपोऽभवत्।
पुनश्च भगवान् तस्मै निवासाय ददौ मुदा ॥६॥
प्राक्ज्योतिषं पुरं ख्यातं कामाख्यायोनिमण्डलम्।
जित्त्वाऽभिषेचनं राज्ये विष्णुः शक्तिं ददावति ॥७॥ (यो० त० पू० ख० १२ प० पृ० नं० ६२)

(क) समस्त तन्त्रवाङ्मयमा कुनै न कुनै रूपमा किरातहरूको इतिहास लेखिएकै छन्। परन्तु यसलाई समग्र रूपमा अध्ययन गर्ने हो भने 'तन्त्रवाङ्मयमा किरात' एउटा अलग्गै ग्रन्थ तयार हुन्छ। यहाँ कलमीले सूत्रपात मात्रै गरेको हो। विशेष जिज्ञासु पाठकवृन्दले उहीं गाडिनुपर्नेछ।

[२] भगदत्तलाई नरकासुरको पुत्र भनेर लेखेको छ। (भ्रामरिका कु० नं० १३५ मा, अप्रकाशित ग्रन्थ)

कामरूपदेखि आजको बङ्गालको 'लाउड' पर्वतसम्म थियो। भगदत्तको किलाको भग्नावशेष 'लाउड' पर्वतमा आज पनि छँदैछ।

परन्तु घटासुर र नरकासुरको शासनकाल महाभारतको युद्धभन्दा एक सय वर्षपूर्व हुनुपर्छ, किनभने नरकासुर र भगदत्तको बीचमा एक अर्को राजा शासन गर्थे। त्यो राजालाई हराएपछि भगदत्तले शासनसूत्र पूरा आफ्नो हातमा लिएको थियो। यो 'पृथिवीमा इतिहास' को पृ० नं० ३०७ ले (दुर्गादास लाहिडी) स्पष्टरूपमा उभ्याएको छ। यति मात्रै होइन अपितु किरातहरूले[1] संन्यास पनि लिन्थे भन्ने इतिहास उपर्युक्त श्लोकबाट बुझिन्छ, किनभने पार्वतीले शिवजीलाई प्रश्न गर्दा माथिको श्लोक किरातेश्वर भगवान् शिवको मुखारविन्दबाट निक्लेको हो। यो किरातहरूको शासित राज्य थियो। किरातहरूले उत्पन्न गरेको कैरात धर्म अर्थात् वैदिक सनातन धर्मभित्र मोक्ष मार्ग अपनाउने संन्यास मार्गको पनि कामरूपदेशमा हुने योगिनीपीठको दर्शन गरेपछि संन्यासको आवश्यकता पर्दैन। यसरी नै लामो व्रत गर्ने पनि आवश्यकता छैन। यहाँ यस इतिहासले यो प्रष्ट भएको छ कि किरातहरू अत्यन्त सुदृढ ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा चतुर्थाश्रम संन्यास आश्रमको पनि परिपक्व पालन गर्दथिए भन्ने कुरा प्रष्ट बुझिन्छ। तीर्थ र व्रत पनि गर्दा रहेछन् भन्ने इतिहास पनि यसैले बुझाउँछ।

यति मात्रै हैन अपितु किरातहरू तीर्थ, व्रत, पूजा, पाठ, दान, धर्माचरण आदि धार्मिक, सामाजिक, आध्यात्मिक आदि वैदिक र तान्त्रिक सबै अनुष्ठान गर्दथिए भन्ने इतिहास बिर्सिनु हुँदैन। यसरी कामरूप देशको राजधानी प्राक्ज्योतिषपुरमा पुरातत्त्वसम्बन्धी अध्ययनबाट पनि यी तथ्यहरू पत्ता लाउन सकिन्छ।

कुनै पनि कुराको निषेध अथवा हटाउने कुरा हुन्छ भने त्यसले त्यो मानेर ल्याएको हुन्छ। अनि मात्र उसलाई अनावश्यकको अथवा निष्येध्य भएको खण्डमा निषेध गर्छ। आधुनिक केही स्वार्थी वा अज्ञानी किरातहरूले 'हामी हिन्दू=आर्य होइनौं' भन्दैमा प्राचीन इतिहास मेटिने होइन। उसको अस्तित्वले उसलाई बाँधेकै हुन्छ। यस इतिहासलाई ब्रह्मा, बृहस्पतिले पनि नकार्न सक्दैन। योगिनीतन्त्रको पूर्व खण्डमा म्लेच्छाचारपरायण किरातको[2] इतिहास आफ्नै अस्तित्वपरक देखिन्छ।

किरातदेशको सिमाना

शक्तिसङ्गमिनी तन्त्रमा किरातदेशको सिमाना भौगोलिक तरीकाले बताएको देखिन्छ। श्लोकमा स्पष्टरूपले लेखेको आधारमा अनुसन्धेय विषय छँदैछ। मूल हेर्नुहोस्।[3] यस श्लोकमा परेको भौगोलिक अनुसन्धान गर्दा हिमालयभेक र मैदान दुवैतर्फ किरातहरू फैलिएर बसेका थिए। परन्तु शक्तिसङ्गमिनी तन्त्रकालमा तप्तकुण्ड कहाँ पर्थ्यो? साथै रामक्षेत्र कहाँ छ? त्यसको अन्त कहाँ छ? भूगोल र इतिहासका

---

१. सवेशि ? योगिनीपीठे धर्मं कैरातजं [कैतवजम्] मतम्।
कामरूपेण न सन्यासः तथा दीर्घव्रतं प्रिये ? ॥१४॥ (यो० तं० उ० सं० ९ प० १४)

२. योगिनीतन्त्र पूर्व खण्ड १६ पटल १४-१५

३. तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे ?
किरातदेशो विज्ञेयो विन्ध्यशैलेऽवतिष्ठति ॥

(क) परन्तु त्रिपुरा, आराकान (बर्मा), चटगाँव आदिलाई पनि किरातदेश भनेरै पुकार्ने गर्थे। कैलासचन्द्र सिंहको राजमाला, कालीप्रसन्न सेनको श्रीराजमाला तथा दुर्गादास लाहिडीको 'पृथिवीको इतिहास' दृष्टव्य छ।

विद्वान्‌हरूलाई यी प्रश्नहरूले कुत्कुत्याइराखेका हुन्छन् । त्यसमा पनि विशेष किरात-इतिहासमाथि खोज गर्ने र जिज्ञासा राख्ने पाठक र विद्वान् दुवै वर्गलाई यस्तो अप्ठ्यारोमा पार्नु स्वाभाविकै हो । यस परिस्थितिमा जहाँसम्म खोज गरेअनुसार शक्तिसङ्गमिनी तन्त्रकालमा 'तप्तकुण्ड' काश्मीर श्रीनगरदेखि पश्चिम-दक्षिण वर्तमान पाकिस्तानभित्र पर्छ । तर त्यो 'तप्तकुण्ड' ऐले छैन, नष्ट भ्रष्ट भएको छ । पुञ्छ राज्यबाट पैदल हिंड्दा पाँच दिनमा पुग्ने कुरा त्यहाँबाट समय-समयमा ओहरदोहर गर्नेहरूले भनेको हो । लेखकले जाने प्रयास गरे पनि पाकिस्तान परेको हुनाले जान सकिएन । तर यो इतिहास भौगोलिक सीमाले सही सत्य हो, किनभने 'पुञ्छ' राज्यमा पर्ने बूढा अमरनाथ, रामवन आदि तीर्थस्थानहरू आज पनि उतै छन् । यीमध्ये 'तप्तकुण्ड' पाकिस्तानभित्र पर्छ र कुण्ड नष्ट भ्रष्ट भएर पनि असली 'तप्तकुण्ड', जुन तन्त्रमा लेखिएको छ, त्यो छैन । किरातकालमा 'तप्तकुण्ड' तन्त्रसाधनका प्रमुख पीठहरूमध्ये एक प्रधान पीठ थियो, किनभने किरातहरू स्वयं वैदिक र तान्त्रिक उपासक थिए । शासकहरू थिए कि थिएनन् भन्ने स्पष्टीकरण तन्त्रमा नदेखिए पनि धेरै संख्यामा किरातहरूको वसोवास थियो । साधनस्थल थियो । विद्वान्, धनी, साधक, कलाकार आदि किरातहरू'तप्तकुण्ड' प्रदेशमा रहन्थे ।

त्यो तप्तकुण्डदेखि कामरूपदेश (आसाम) हुँदै रामक्षेत्र=परशुरामकुण्ड र त्यसको अन्त आखेरी बर्मादेशसम्म तप्तकुण्ड किरातहरूको सम्बन्ध र ओहरदोहर थियो । अब पाठकवृन्दले यस भूगोललाई गोडेर हेर्नुपर्छ । परशुराम कुण्डलाई नै 'रामक्षेत्र' भनेको हो, किनभने 'लोहित्यनदसंस्थिते[१] रामक्षेत्रे' वाक्य तारावलीकल्प तन्त्रमा लेखेको छ । 'लोहित्यनद' भनेको आजको ब्रह्मपुत्रनदीलाई प्राचीन ग्रन्थहरूमा लोहित्य र लौहित्यनद र नदीको नामले उल्लेख भएको छ । यसले निर्विवाद सिद्ध छ कि 'रामक्षेत्र' आजको परशुरामकुण्डकै नाम हो । त्यो परशुरामकुण्ड यस बेला अरुणाचल प्रदेशभित्र पर्छ । प्राचीन किरातकालिक पुरातत्त्वको खानी परशुरामकुण्ड, भीष्मक (भीष्म) नगर र मालिनीस्थान आज पनि अरुणाचल प्रदेशको राष्ट्रिय पुरातत्त्व सम्पत्ति भएको छ । इटानगर अरुणाचलको राजधानी स्वयं पनि पुरातत्त्वको खानी नै हो । परन्तु सदिया, शिवसागर, नवगाँव, सोणितपुर, गौहाटी, कामरूप, भुवनपहाड र सूर्यपहाड आदि आसाम प्रदेशका किरातकालिक पुरातत्त्वको खानी हुन पुगेको छ । मेघालयको गारोहिल, मोसीनग्राम र चेरापुंजी पुरातत्त्वको महत्त्वपूर्ण स्थान छ भने मिजोरमको दुर्गावाडी, कपिलनदीको किनाराका जङ्गल र खोलाका किनारा किरातकालिक मूर्ति र अवशेष, खण्डहर, गुफाहरू आज पनि छँदैछन् । त्रिपुराको उदयपुर, अमरपुर र उनकोटि प्राचीन महाभारतकालिक किरातहरूको पुरातत्त्वको निधि हुन पुगेका छन् । मणिपुरमा पनि विष्णुपुरको मन्दिर तथा कब्रूलेखा र माराम पहाडको गुफाहरूले किरातकालिक इतिहास र पुरातत्त्वहरूलाई प्रष्ट पारेको छ । बर्माको माण्डले र इरावती नदीको घाटीहरूमा भएको पुरातत्त्वको सामग्रीहरूले प्राचीनकालमा अर्थात् किरातकालमा त्यहाँ किरातहरू थिएनन् भन्न सकिंदैन । आराकानमा त धेरै पछिसम्म पनि विक्रमको पाँचौं शताब्दीदेखि वि० सं० १६ शताब्दीसम्म पनि किरातहरूकै शासन थियो । त्रिपुरा र आराकानको किरातराजाहरूको सम्बन्ध भएको ऐतिहासिक तथ्य इतिहासकार चन्द्रसिंह अचौवाले लेखेका छन् ।

यसरी कश्मीरको छेउमा पाकिस्तानभित्र पर्ने तप्तकुण्डदेखि लिएर पूर्वतर्फ लाग्दा बीचमा हिमालयभेक किरात-इतिहासले काहीं छुटेको छैन । ठूलो अथवा सानो राजा-महाराज हुनु अर्कै कुरा हो । प्राचीन इतिहासमा महत्त्वपूर्ण र उल्लेखनीय उल्लेख छ । यसरी यता हेर्दा तप्तकुण्डदेखि यता पर्वतीय क्षेत्र

---

[१] 'लोहित्यनदसंस्थिते रामक्षेत्रे' [अप्रकाशित हस्तलेख त्रिपुरा पुस्तकालयमा सुरक्षित छ ।]

र केही भूभाग मैदान पर्नेहरूमा रामवन, बूढाअमरनाथ, श्रीनगर, रामगढ, हिमाञ्चलप्रदेशका चम्बा, काङ्गडा, मण्डी, मणिकर्ण र किनोरको घाटी तथा गढवालको उत्तरकाशी, बूढाकेदार, वसुकेदार, दाणकोट, रुद्रनाथ, तुङ्गनाथ, गोपेश्वर, जोशीमठ, तपोवन, पाण्डुकेश्वर आदि र कुमाऊँमा वैद्यनाथ, गरुडगङ्गा, द्वारहाट, भुवनपाताल, वागेश्वर, गङ्गोलिहाट, डिड्डिहाट, जागेश्वर र रामगङ्गाको घाटी आदिहरूमा प्राचीन किरातकालिक पुरातत्त्व आज पनि प्रत्यक्ष रूपमा प्रमाण विद्यमान छ। अब रह्यो काठमाण्डौदेखि पश्चिम नेपालमा पर्ने अवशेषमा गोकुले, धवलकांडा, जिल्ला बैतडीको पुर्चणी, चौलानी खोलाको घाटीमा ठाउँ ठाउँमा खोजको विषय भएको छ। कन्दलीखोला, रुद्रेश्वर गाउँ पञ्चायत, जिल्ला डडेलधुराको घटालस्थान, आछामको वैद्यनाथ, खपटडको केही क्षेत्र, वझाङ, जुम्ला, कालिकोट, सिंजा, सुरखेत आदि र तराईमा कपिलवस्तु, लुम्बिनी, काठमाण्डौको समस्त अधित्यका र केही बाहिर तथा जनकपुर एरिया, वराहक्षेत्र, पिण्डेश्वर, विराटनगर आदिमा किरातकालिक अवशेषहरू छन्। धेरैजसो खोजी भएकै छैन। धेरैजसो चिन्नै सकेका छैनन्। यो त भयो तप्तकुण्डदेखि शुरू भएको रामक्षेत्र अन्तसम्मको किरात देशको पर्वतीय क्षेत्र, अधित्यका, उपत्यका र केही मैदान-इलाकाहरूको संकेत, जहाँ किरातकालिक अवशेषहरू पर्याप्त मात्रामा पाइन्छन् र पाइने स्रोतहरू पर्याप्त मात्रामा छन्। तर निरन्तर शोधखोज गर्ने आवश्यकता छ। किरातकालिक अमूल्य पुरातत्त्वमाथि काठमाण्डौ राजधानीले शहर बनाएर बसेको छ। यस्तै अरू ठाउँमा पनि खोज गर्नुपर्ने विषय धेरै छन्। यसमा सन्देह छैन।

विन्ध्याचलका किरात

मूल पाठमा 'विन्ध्यशैलेऽवतिष्ठति'[१] भन्ने पाठ पनि छ। उपर्युक्त किरात-इतिहास पाइने पुरातत्त्व स्थलहरूमा प्रायः लेखक स्वयं घुमेको छ र अनुसन्धानको लागि ती स्थानहरूको नाम दिएको हो। यस्तै मैदान-क्षेत्रहरूमा जहाँजहाँ किरातकालिक अवशेषहरू पाइन्छन् र लेखक स्वयं घुमेको छ। ती स्थलहरूको नाम संक्षेपमा पाठकवृन्दको ज्ञानवर्धनको लागि यहाँ दिइन्छ। मैदान-क्षेत्रमा पनि किरातहरू वि० सं० को पाँच हजारपूर्वदेखि लिएर विक्रमको आठ दश शताब्दीसम्म किरातहरू रहन्थे। परन्तु विक्रमपूर्व किरातहरू राजामहाराज शासक थिए भने विक्रमको पाँचौं शताब्दीदेखि यता किरातहरू अवनतितिर लागेका थिए। साथै छरपस्टिन थालेका थिए, तैपनि उनीहरूका अवशेष आज पनि छँदैछन्। त्यस बेलाको किरात-अवशेष राजस्थानमा पर्ने जैसोर र बाडमेरको बाटो जाँदा 'किराडू' (किरातकूप) भन्ने ठाउँ पर्छ। यो किरातकालिक पुरातत्त्व हो। मध्यप्रदेशको जिल्ला सतनामा पर्ने खजुराव किरातकालिक अवशेष हो। यसमा तीन मन्दिर किरातकालिक छन्। यसरी उज्जैन, अमरकण्टक र रेवा अर्थात् नर्मदा नदीको समस्त घाटीहरूमा किरातकालिक अवशेषहरू पाइन्छन्। यसै मध्यप्रदेशमा उत्तर र दक्षिण भारत छुटयाउने विन्ध्याचल पर्वत छ। दक्षिणपट्टि सतपुडा पहाडले महाराष्ट्रलाई ओगटेको छ। यी दुवै पहाडको माझमा रेवानदी बग्छिन्। यसैको अर्को नाम नर्मदा र मेकलकन्यका हो। विन्ध्यागिरि पश्चिममा भरूच गुजरातदेखि लिएर समस्त मध्यप्रदेश र कतै राजस्थान हुँदै विहारको राजगिरिमा आएर टुङ्गिएको छ। यसै विन्ध्याचलको दुवैतिर किरातहरूको दीर्घकालिक बसोबास थियो। त्यहाँका पुरातत्त्व र प्राचीन इतिहासले बताउँछ। विन्ध्याचलको लाइनमा पनि भरूचदेखि प्रारम्भ गरेर उज्जैन ओङ्कारेश्वर, रेवाको दुवै

---

[१] तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे: ?
किरातदेशो विज्ञेये विन्ध्यशैलेऽवतिष्ठति ॥

किनारा, विन्ध्याचलको दुवै पाटा, राजस्थान, जैसोर, किराद्रू (किरातकूप), खजुराव हुँदै विहार राजगिरिसम्म नै किरातहरूको बसोबास थियो। स्वयं प्रथम चन्द्रगुप्त किरातहरूकै भान्जा थिए। नेपालसँग पनि सम्बन्ध थियो भन्ने कुरा नेपालका किरातराजा पर्वकी छोरी 'मुरा' का छोरा चन्द्रगुप्त मौर्य थिए। यसरी यसबीचमा अर्को शाखा-किरातहरूको इलाहबादको प्रतिष्ठानपुर, वाराणसी र बीचमा पर्ने विन्ध्यावासिनी क्षेत्र तथा त्यसैको माथि किरातेश्वर महादेवको मन्दिरले किरातहरूको इतिहास प्रष्ट पारेको छ।

●

खण्ड–११

अर्थशास्त्र र ज्योतिषमा किरात

अर्थशास्त्रमा किरात

ई० सं० पूर्वका अर्थशास्त्रमा किरातहरू कस्ता थिए ? के गर्थे ? आजकै जस्ता बुद्धिहीन नै थिए कि ? भन्ने प्रश्नहरूका उत्तरमा आचार्य चाणक्यले चित्रण गरेको इतिहासलाई ध्यान दिएर पढ्न आवश्यक देखिन्छ। त्यतिखेरका सामाजिक, आर्थिक, धार्मिक र दरवारमा किरातहरूको प्रवेशदेखि लिएर उपर्युक्त कार्यकलापको लागि अधिकारको साथ आचार्य चाणक्यले आफ्नो लेखनीको विषय बनाएको छ।

राजाले चातुर्वण्यरक्षार्थम्[१] = चारै वर्णको रक्षाको लागि यी मन्त्र तथा औषधिको, अधर्मिष्ठेषु = अधर्माचरण गर्नेहरूमाथि, प्रयुञ्जीत = प्रयोग गर्नु। यसरी कालकूट विषवर्गको प्रयोग कसरी गर्ने ? गराउने ? कोबाट प्रयोग गराउने ? भन्ने कुरामा आचार्य चाणक्यको बुद्धिले यसो भन्छ—जुन राजाले विजयादिको इच्छा राख्छ—त्यस राजाले श्रद्धायोग्य देश, भेष, शिल्प तथा सुपात्रको स्वाङ्ग भर्नु सक्ने कुब्डे, वाउन्ने, किरात, बोल्नु नसक्ने गुंगा, बहिरा, मूर्ख र अन्धाको रूपमा यताउता घुमिहिंड्ने आफ्नो आफ्नो अनुकूल म्लेच्छ, स्त्री, पुरुषद्वारा आफूले विजय चाहने राजाले शत्रुवर्गको भोजन आदि र शरीरमा विष प्रयोग गर्नु, त्यतिखेरका राजनीतिक कुशल र अत्यन्त प्रख्यात विद्वान् आचार्य चाणक्यले कौटिल्यार्थशास्त्रमा अर्थशास्त्रसम्बन्धी विवेचनाको अवसरमा प्रसङ्गानुसार त्यतिखेर आवश्यक पर्ने सबै विषयहरूमाथि विशद चर्चा गरेका छन्। नन्दवंशको नाश गर्ने मुख्य सूत्रधार चाणक्यबाट यी कुरा लुकिरहला भन्ने कुरा थिएन। त्यसैले गुप्तवंशको राजकाजमा प्रधानमन्त्री हुने चाणक्य केवल कोरा सुखा विद्वान् मात्रै थिएनन्। चाणक्यले राजालाई सल्लाह दिंदा त्यतिखेरका किरातहरूलाई विष प्रयोग गर्ने काममा पनि लगाउँदा रहेछन् भन्ने स्पष्टीकरण पंक्तिले दिएको छ।

काना, लुला, लङ्गडा आदिका स्वाङ्ग भर्न सक्ने, नृत्य, गायन, वादन आदि कला देखाएर अर्कालाई रिझाएर आफ्नो काम सिद्ध गर्न सक्ने किरातहरू कम बुद्धिका थिएनन्। सम्पूर्ण राष्ट्रको खबर बोकेर राजालाई बाटो देखाउने काममा किरातहरूलाई नियुक्त गरिंदो रहेछ भन्ने इतिहास प्रष्ट भएको छ।

---

[१] चातुर्वर्ण्यरक्षार्थमौपनिपदिकमधर्मिष्ठेपु प्रयुञ्जीत ॥१॥
कालकूटादिविषवर्गः श्रद्धेयदेशवेषशिल्प भाजनापदेशैः
कुब्जवामनकिरातमूकबधिरजडान्धच्छद्मभिः
म्लेच्छजातीयैरभिप्रेतैः स्त्रीभिः पुंभिश्च परशरीरोपभोगेष्वपधातव्यः।
(कौ० अ० शा० औ० ४ अ० अ० प०)

किरातहरू गुप्तचर विभागमा पनि थिए

आचार्य चाणक्यले आफ्नो लेखनीलाई अझ विस्तृत रूप दिंदै यस्तो पनि लेखेका छन्। यो पनि किरात-इतिहासको लागि गौरवको कुरा हो।

आचार्य चाणक्यले यहाँ धेरै खालका मान्छेको गन्ती गर्दै लैजाँदा 'किरात' शब्द पनि परेको छ। काम गुप्तचर र 'चार' अर्थात् राजाको राजदरबारमा गायन, वादन, नृत्य आदि कला प्रदर्शनका साथै गुप्तचर विभागमा गुप्तचरको काम गर्नु आदि महत्त्वपूर्ण पदहरू किरातहरूले ओगटेका थिए भन्ने कुरा बुझिन्छ। बाहिरको शत्रुपक्षदेखि लिएर आफ्नै भित्रको मन्त्री आदिमा पनि गुप्तचर नियुक्त गर्नुपर्छ। राजाले मन्त्रीहरूको घर आदिमा 'रसद'[1] गुप्तचरको नियुक्ति गरेन भने त्यो राजा सफल हुन सक्दैन। ती गुप्तचर कस्तो हुनुपर्छ भन्ने कुरामा चाणक्यले भनेका छन्, भान्सा पकाउनुमा, मासु पकाउनुमा, स्नान गराउनुमा, हातखुट्टा धोइदिनुमा, ओछ्यान लगाइदिनुमा, बाल बनाउने काममा, लुगा लगाइदिने कलामा, पानी भर्ने, पिउने बेलामा पानी ल्याइदिने कलामा, सिपालु, चनाखो, मीठो बोल्ने, बुद्धिमान् र व्यवहार-कुशल यस्ता व्यक्तिलाई राजाले कसैले थाहा नपाईकन नियुक्ति गर्नुपर्छ। ती गुप्तचरहरू बाउन्ने, कुबडे, मूर्ख, गुंगा, बहिरा, पागल, अन्धा आदिको स्वाङ भर्न सक्ने र बेला मौका पर्दा नाच्ने, गाउने, बजाउने, कथा कहानी सुनाउने, खेल तमासा देखाउन सक्ने पुरुष र स्त्रीहरूलाई भित्रको गुप्तचर विभागमा नियुक्त गर्नुपर्छ।

यस इतिहासले यो बताउँछ कि चाणक्यको लेखनकालमा किरातहरू सुपरिचित थिए। त्यतिखेर किरातहरू कुनै देशका राजामहाराज थिए भने कुनै देशका उच्चकोटिका नागरिक पनि थिए। विश्वस्त र बुद्धिमान् नागरिक थिए र नै त गुप्तचर जस्ता अत्यन्त विश्वासयोग्य काममा नियुक्त गरिन्थे। नन्द-वंशको जरै उखालेर फेंक्ने कुशले खुट्टा घोच्दा नून र अमिलो मोही लगेर कुशको जरामा हाल्ने चरम प्रतिशोध लिनसक्ने, राजनीतिज्ञ चाणक्यले पनि किरातहरूलाई गुप्तचर आदिको काममा पत्याएर नियुक्त गर्ने सल्लाह दिनु, त्यतिखेरका किरातहरूको वैदुष्य, कार्यकुशलता, नीतिज्ञ हुनु हो। त्यस कामका योग्य नभए आजका किरातहरू जस्तै 'हामीलाई मन्त्रीपद दिएन' भन्दै बस्ने थिए। यदि किरातहरू योग्य नभए आचार्य चाणक्य जस्ताको लेखमा आउने थिएन। साथै किरात-इतिहास पनि बन्ने थिएन। विदेशी र बुद्धि नभएकाहरूलाई 'गुप्तचर' जस्ता काममा लगाउन सकिंदैन।

ज्योतिषमा किरात

पाञ्चालाः=पाञ्चालदेशवासी, कलिङ्गाः=कलिङ्गदेशवासी, शूरसेना=शूरसेन राजाका देशमा बस्ने (मथुरावासी), काम्बोजाः=काम्बोजदेशवासी (कम्बोडियावासी), औड्राः=उड्रदेशवासी (उडिसा), किराताः=किरातहरू, एते सर्वे जनाः शस्त्रवार्ताः=यी सबैजना हत्यार चलाएर जीविका गर्ने, हुताशन-वृत्या=आगोबाट अर्थात् सुन चाँदी आदि कमाएर जीविका गर्नेहरू मेषराशिमा सूर्य र चन्द्रमा परे, पीडा-

---

[1] सूदारालिकस्नापकसंवाहकास्तरकल्पकप्रसादकोपरिचारका 'रसदः' कुब्जः, वामनः, किरातः, मूकः, बधिरः, जडः, अन्धः, छद्मः, नर्तकः, गायनः, वादकः, वाग् जीवनः, कुशीलवः, स्त्रियश्चाभ्यन्तरं चारं विद्युः

[कौ० अ० वि० अ० १,१२ अ०]

मुपयन्ति=दुःखी हुन्छन्। यसै अध्यायको ८० श्लोकमा पनि किरातहरूको शुभाशुभ[1] विचार गरेको देखिन्छ।

वि० स० पाँचौं शताब्दीको प्रसिद्ध ज्योतिषाचार्य वराहमिहिरले भूगोल, इतिहास दुवैलाई राशिफलको साथ जोडेको प्रष्ट देखिन्छ। यस इतिहासमा पाञ्चाल, कलिङ्ग, शूरसेन, कम्बोज, उड्रदेशवासीहरूको राशिफलको साथै किरातहरूको राशिफलबाट हुने हानि नोक्सानीको उल्लेख किरात-इतिहासको लागि महत्त्वपूर्ण प्रमाण भएको छ। यति मात्रै होइन विक्रमको पाँचौं शताब्दीसम्म पनि किरातहरू धेरै उन्नत अवस्थामा थिए भन्ने प्रमाण प्रष्ट हुन आएको छ।

त्यतिखेरका किरातहरूले कसरी जीविका गर्थे भन्ने प्रश्नको उत्तरमा आचार्य वराहमिहिरले धेरै ठूलो संकेत इतिहासको लागि गरेको छ। त्यसमा पहिलो शब्द हो 'शस्त्रवार्ताः'; यस शब्दको व्यापक अर्थ छ। तर शाब्दिक अर्थ गर्दा शस्त्र चलाएर जीविका गर्ने भन्ने हुन्छ। 'शस्त्रवार्ता' भित्र पर्ने अर्थ हो तोप, बन्दुक आदि चलाउनु र बनाउनु, कृषिसम्बन्धी हात-हत्यार चलाउनु र बनाउनु, विज्ञान (Science)-का जति हात-हत्यार छन्, ती सबै शस्त्रवार्ताभित्र पर्छन्। त्यसैले त्यतिखेर विक्रमको पाँचौं शताब्दीपूर्व र वराहमिहिरको समयसम्म पनि किरातहरू वैज्ञानिक पनि थिए भन्ने इतिहास बुझिन्छ।

दोस्रो शब्द 'हुताशनवृत्ति'; यसको सीधा अर्थ हुन्छ आगोले जीविका गर्ने। आगोले जीविका गर्नु भनेको सुन चाँदी कमाउने गाल्नेदेखि लिएर ठूलाठूला मसीन बनाउने धातुहरू गाल्ने आदि काम गरेर खान्थे। त्यसैले 'हुताशनवृत्या' भन्ने प्रयोग गरेको हो। यस इतिहासले प्रष्ट हुन्छ कि त्यतिखेर पनि किरातहरू जाँड रक्सी आदि दुर्व्यसनमा परेका थिएनन्। दुर्व्यसनीले 'शस्त्रवार्ता' र 'हुताशनवृत्ति' को काम गरेर खान सक्दैन। जो आजको किरातहरूमा देखिन्छ। साइंस (Science)-को काम गर्ने मान्छे दुर्व्यसनी हुँदैन। दुर्व्यसनी वैज्ञानिक हुन सक्दैन।

किरातराजाको मृत्यु

अत्राक्रान्ते मृत्युः किरातभर्तुः पिनष्टि चेक्ष्वाकून्।
प्रत्यन्तावन्तिपुलिन्दतङ्गणाम् ··· ··· शूरसेनाश्च ॥

(वृ० सं० शु० वि० अ० ९।१७)

अस्मिन्-मण्डले=ग्रहमण्डलको प्रसङ्गमा, अन्येन ग्रहेण=अर्को ग्रहले, शुक्रे=आक्रान्ते=शुक्रग्रहलाई आक्रमण गरेमा, किरातभर्तु=किराताधिपस्य=किरातराजाको मृत्यु हुन्छ। च=र, इक्ष्वाकून्=इक्ष्वाकुवंशलाई पनि, पिनष्टि=सारै दुःख दिन्छ। साथै प्रत्यन्ता=गह्वरवासिनः (गुफामा बस्ने); यो उत्पलाचार्यको अर्थ हो। तथा अवन्तिदेशवासी, पुलिन्द, तङ्गण, शूरसेन यी सबैलाई दुःख दिन्छ। यसरी नै वृहत्संहिताको ९ अध्याय ३५ श्लोकमा पनि 'किरात यवनानाम्' भनेर किरातहरूलाई ग्रहले पिर्ने इतिहास लेखेको छ।

---

१. पाञ्चालकलिङ्गशूरसेनाः काम्वोजोड्रकिरातशस्त्रवार्ताः।
जीवन्ति च ये हुताशनवृत्या ते पीडामुपयन्ति मेषर्सस्थैः ॥ (वृहत्संहिता राहुविचार अ० ५।३५)
(क) आनर्तपौण्ड्रभिषजश्च तथा किरातान्।
दृष्टोऽसुरोऽश्वयुजि भूरि सुभिक्षकृच्च ॥ (वृ० सं० रा० वि० ५ अ० ८०)

उपर्युक्त पंक्तिहरूमा इक्ष्वाकुवंशमा उत्पन्न हुने पुलिन्द र तङ्गण आदिलाई पनि त्यो ग्रहले पिर्छ भन्ने अर्थको साथ धेरै महत्त्वपूर्ण किरात-इतिहास यहाँ प्रष्ट हुन आएको छ। अन्यत्र पुलिन्द र तङ्गण किरात हुन् भन्ने इतिहास स्पष्ट भइसकेको छ भने यहाँ वराहमिहिराचार्यले पुलिन्द र तङ्गण-किरात इक्ष्वाकुवंशीय अर्थात् सूर्यवंशीय थिए भन्ने इतिहास पनि स्पष्ट पारेका छन्। शूरसेन पनि इक्ष्वाकुवंशी नै थिए। यी किरातहरूका भर्ता किरातराजाको मृत्यु हुन्छ भन्दै अरू किरात र शूरसेनहरूलाई दुःख दिन्छ भन्नुको अर्थ हो पुलिन्द, तङ्गण किरातै थिए। शूरसेन पनि किरातै देखिन्छ। परन्तु विशेष शोधखोजको विषय भने छँदैछ।

भरणी नक्षत्रमा किरातराजाको हानि

आचार्य वराहमिहिरले किरातराजाहरूको नाम नलेखे पनि त्यतिखेरका प्रसिद्ध किरातराजा-महाराजहरूको शुभाशुभ ग्रहको विचार निकै राम्रो गरेको देखिन्छ। वृहत्संहिताको ९ अध्यायको ५४ श्लोकमा 'भरणीषु किरातपार्थिवं हन्यात्' भनेर वराहमिहिरले लेखेको छ। अर्थात् भरणी नक्षत्रमा किरातराजाको हानि हुन्छ भन्ने अर्थ हो। यसमा आचार्य भट्टोत्पलले यस्तो व्याख्या गरेको छ। 'एवं भरणीषु किरातपार्थिवं = किराताधिपतिं हन्यात्'; यहाँ ऐतिहासिक दृष्टिले हेर्दा यी राशिहरूमा किरातहरूलाई समावेश गर्ने अत्यन्त आवश्यकता देखिन्छ। किरातक्षत्रियहरूको आफ्नो प्राचीन इतिहासलाई वराहमिहिरले भुल्नु सकेन र नै राशिको शुभाशुभ विचारको माध्यमबाट ज्योतिषमा किरात-इतिहासको सूत्रपात गऱ्यो।

निमिषराजा र किरातराजालाई पिर्ने ग्रह

नैमिषारण्य नेपालको अत्यन्त नजीकमा छ। त्यसैले निमिषराजाको साथै किरातराजालाई पनि रेवती नक्षत्रमा पर्ने ग्रहले पिर्ने इतिहास प्रष्टचाएको छ। मेरो विचारमा किरातराजा नेपालकै शासक हुनुपर्छ। मूलकार वराहमिहिरले 'नैमिषनृपं किरातं ....' भनेर वृहत्संहिताको केतु ग्रह विचारमा लेखेको छ। उपर्युक्त श्लोकको व्याख्या भट्टोत्पलले यसरी गरेको छ—उत्तरभाद्रपदायां = उत्तर भाद्रपदमा, रेवत्यां = रेवतीनक्षत्रमा, नैमिषारण्याधिपतिं = नैमिषारण्यको अधिपति स्वामी राजालाई हानि गर्छ। किरातं = किराताधिपतिं = किरातराजालाई पिर्छ।[१] यहाँ झट्ट हेर्दा 'नैमिषनृपं किरातं' नैमिषारण्यको राजा किरात थियो भनेजस्तो अर्थ हुन आउँछ। तर त्यसो होइन। त्यसैले भट्टोत्पलको व्याख्यालाई अँगालेर हिंड्नुपरेको हो। मूल नहेर्नेहरूले यसमा भ्रमात्मक कुरा लेख्न सक्छन्। वराहमिहिरलाई नैमिषारण्यको राजाको बारेमा लेख्दा नेपालको किरातराजाको बारेमा लेख्नु केही आपत्ति थिएन। त्यसैले लेख्यो। परन्तु त्यो किरातराजा को थिए ? यो खोजीकै विषय भएको छ।

वराहमिहिरको समयमा किरातहरू कता बास गर्थे ?

वराहमिहिरले वृहत्संहिताको नक्षत्रकूर्माध्याय अध्याय १४ को १८ श्लोकमा भौगोलिक वर्णनको साथै त्यतिखेर किरात कता ? कहाँ बास गर्थे ? भन्ने इतिहास प्रष्ट पारेर राखेको छ। यद्यपि वि० सं० पाँचौं शताब्दीतिर किरातहरू नैऋत्य दिशामा अधिक रूपमा बस्दथिए भन्ने कुरा प्रष्ट हुन्छ।

---

[१] (वृ० सं० के० वि० ११ अ० ६०)

बर्वरकिरातखण्डक्रव्यादाभीरपञ्चकाः, (वृ० सं० न० कू० अं० १४।१८) यस पंक्तिको व्याख्या यसरी भट्टोत्पलले गरेका छन् ।

व्याख्या—नौऋत्यां = दक्षिणपश्चिमायां = दक्षिणपश्चिम, दिशि = दिशामा पर्ने फेणगिरि देशहरूमा यवन, मार्गर, कर्मप्रावेय, पारशव, शूद्र, बर्वर, किरात, खण्ड, क्रव्यात् आभीर, चञ्चूकहरू निवास गर्थे ।

यस रीतिले त्यस वेला किरातहरू नैऋत्यदेशहरूमा रहँदा रहेछन् भन्ने स्पष्टीकरण हुन्छ ।

किरातहरू उत्तरमा धेरै रहन्थे

पाराशरीय पंक्तिको उद्धरण दिंदै 'अथ प्रागुत्तरस्याम् किरात-पशुपालचीनसुवर्ण भूमिदेवस्थलदेवोद्यानानि', अथ = योभन्दा, प्राक् = पूर्व, उत्तरस्याम् = उत्तरदिशामा किरात, पशुपाल (गोपाल), चीन निवास गर्थे । जसलाई सुवर्णभूमि भनिन्थे । जुन सुवर्णभूमि देवस्थल र देवताहरूको उद्यान = नाना प्रकारका वाग बगैंचाले सुशोभित छ । यस इतिहासमा केवल 'उत्तर' शब्दले उत्तरदिशा मात्रको वोध हुन्छ । साथै 'सुवर्णभूमि' रिसर्चकै विषय भएको छ । परन्तु उत्तरदिशामा पर्ने सुवर्णभूमिमा किरात, पशुपाल र चीन निवास गर्दथिए । यो कुरा स्वतः स्पष्ट भएको छ । धेरैले 'मणिपुर' लाई सुवर्णभूमि हो भनेका छन् । मणिपुरमा किरातहरू आज पनि छँदैछन् । मूल मणिपुरेहरू पनि किरातै हुन् । तर मणिपुरलाई 'सुवर्णभूमि' स्वीकार गर्नेबारेमा सुदृढ प्रमाणको अभावमा 'सुवर्णपुरी' अथवा 'सुवर्णभूमि' लाई रिसर्चको गर्भमा छोडिएको छ । यति अवश्य छ, सुवर्णपुरी मुख्यरूपले किरातहरूकै अधिपत्य भएको देश हो । यस इतिहासलाई वि० स० आठौं शताब्दीको बाणभट्टले पनि स्वीकारेको छ ।

ब्रह्मपुरे किरात

समाससंहिता पनि प्रसिद्ध संस्कृत-वाङ्मय राशिको पूर्ति गर्ने ग्रन्थ मानिन्छ । तर ऐलेसम्म यो ग्रन्थ मूल रूपमा उपलब्ध छैन । तथापि प्रसङ्गानुसार भौगोलिक र ऐतिहासिक तथ्यहरू उक्त ग्रन्थमा प्राप्त छन् । यहाँ पनि समाससंहिताको एक वाक्य किरात-इतिहासको सन्दर्भमा प्रष्ट्याउन पाइएको छ । तर उदाहरणकै रूपमा छ । मूल ग्रन्थ अन्वेषणीय छ । त्यो वाक्य यो हो —'तङ्गणकिरातकीरब्रह्मपुरजटासुराश्चेति' यस वाक्यमा परेका तङ्गण, किरात र कीर जाति विशेषरूपमा प्रयोग भएको देखिन्छ । तर 'ब्रह्मपुर' चाहिं स्थान अथवा देश विशेषको नाम हो । यसमा 'जटासुर' शब्द अत्यन्त विचारणीय छ । यो स्थान विशेषको नाम हो कि व्यक्ति विशेषको नाम, खोजको विषय बनेको छ । निकट भविष्यमा स्पष्ट होला । 'ब्रह्मपुर' चाहिं वर्तमान 'वर्मा देश' नै हुनुपर्छ, किनभने बर्मामा पर्ने आराकानमा किरातहरूको शासनपछिसम्म नै थियो । साथै कच्चिनको पहाडमा बस्ने कुकी कच्चिन आदि किरात नै हुन् । आज पनि नेपालका कुनै न कुनै किरातको बोलीसँग उनीहरूको बोलीले मेल खान्छ । ध्वनि र उच्चारणमा शैली सम्पूर्ण किरातवर्गको प्रायः एकै छ । त्यसैले 'ब्रह्मपुर' वासी किरातहरूको उल्लेख भएको पाइन्छ ।

कैयौं आनुमानिक विचार गर्नेहरूले कुमाऊँ, गढवाल र मध्यप्रदेशभित्रका केही स्थानहरूलाई ब्रह्मपुर भन्ने गरेका छन् । तर त्यो ब्रह्मपुरलाई सही रूपमा स्वीकार गर्न सकिंदैन । यहाँ पाठकवृन्दलाई सामान्य ज्ञानको लागि लेखेको हो । ब्रह्मपुरका किरातहरू निश्चित रूपमा लब्ध-प्रतिष्ठित थिए र कैयौंले आसाम ब्रह्मपुत्रको छेउछाउको नगरलाई ब्रह्मपुर भन्ने कल्पना गरेका छन् । तर यो पनि भविष्यमा अनुसन्धेय नै छ । अवश्य यति जानौं कि ब्रह्मपुरमा पनि किरातहरू थिए । यो ब्रह्मपुर राजधानी हो कि भन्ने अनुमान गरिन्छ, किनभने देशको वाचक 'पुर' शब्दले निषेध गर्दछ ।

मेकलवासी किरात

किरातहरूको महत्त्वपूर्ण निवास आजको मध्यप्रदेश पनि थियो। यहाँ मेकलवासी किरातहरूको उल्लेख गर्नुभन्दा पहिले सम्पूर्ण विन्ध्याचलको उल्लेख गर्नु आवश्यक छ। विन्ध्याचल पर्वत गुजरात प्रान्तको 'भरूच' बाट शुरू भएर 'विहार'को राजगिरिमा आएर टुङ्गिन्छ। विन्ध्याचल पर्वत लगभग पाँच हजार मील लामो छ। ई० स० चार हजार, पाँच हजार वर्षपूर्व किरातहरू विन्ध्याचल पर्वतको दुवै पाटामा बसोबास गर्दथिए। त्यसको अवशेष अझ पनि घोर जङ्गल र नर्मदा आदि नदीहरूको दुवै पाटा, पर्वत, भञ्ज्याङ्ग आदिमा पाइन्छ। आज पनि शवर र किराड आदिले नर्मदा नदीको तट र विन्ध्याचलको पाटाहरूलाई छोड्न सकेका छैनन्। यसै नर्मदा नदीको शिर अर्थात् जहाँबाट नर्मदा नदी निक्लिन्छ, त्यसै पर्वतको नाम 'मेकल' पर्वत हो। आधुनिक युगमा 'मेकल' नाम कम प्रचलित छ। वर्तमान समयमा 'अमरकण्टक' को नामले प्रसिद्ध छ। यसै 'मेकल' (अमरकण्टक) पर्वतबाट निक्लेकी नदीको नाम 'रेवानदी' हो। यसको अर्को नाम 'नर्मदा' र 'मेकलकन्यका' पनि हो। यस नर्मदा नदीले समस्त मध्यप्रदेशलाई सिंचेको छ। समस्त मध्यप्रदेशभित्र पर्ने किरातहरूले बसोबास गरेको स्थानहरू उज्जयन (उज्जैन), महेश्वर; महन्त, ओङ्कारेश्वर, भरहुत, भुमरा, खजुराव, राँची आदि र समस्त विन्ध्याचल अनि रेवानदीको किनारामा रहनाका साथै 'मेकल' पर्वतमा विशेष किरातहरूको बास थियो। मेकल पर्वतको क्षेत्रफल आजको 'अमरकण्टक' मात्रै होइन अपितु सतपुडा पहाडको उत्तर तथा विन्ध्याचल पर्वतको बीचमा बग्ने रेवानदीको सिंचाई-क्षेत्र 'मेकल पर्वत' कै क्षेत्र हो।

यसै मेकलवासी किरातहरूको बारेमा आचार्य वराहमिहिरले 'मेकलकिरातविटका' (वृ० सं० ग्र० भ० यो० अ० १६।२) भनेर लेख्नुभएको छ। किरातहरूको खोज 'मेकल' क्षेत्रमा पनि भएको छैन। कालीदासको मेघदूत खण्डकाव्यमा वर्णित यक्ष किरातै थिए। साथै मेकल क्षेत्रका निवासी थिए। यक्षको सम्बन्ध आफ्नो जन्मभूमि मेकल क्षेत्रदेखि उत्तरको किरातहरूको साथ पनि थियो। कुवेर स्वयं किरात थिए। जे होस् मेकलवासी किरातहरूको उल्लेख नामै मात्र भए पनि गरिदिएर वराहमिहिराचार्यले किरात-इतिहासका लागि ठूलो गुन लगाएको छ।

प्राक्ज्योतिषपुरका किरात

किरात-इतिहास पैल्याउँदा प्राक्ज्योतिषपुरलाई कुनै हालतमा पनि छोड्न सकिन्न। आचार्य वराहमिहिरले काश्यपको नाम लिंदै 'काम्बोज मेकला (खला ?) सुल्याः सुह्याः प्राक्ज्योतिषकिराताः' भनेर लेखेको छ। आचार्यले आफ्नै विषय र आफ्नै प्रसङ्गमा घटाए पनि त्यतिखेर किरातहरू कहाँ-कहाँ बस्दथिए ? भन्ने इतिहासको सुइँको त अवश्य नै दिएको छ। उपर्युक्त पंक्तिमा कम्बोज, मेखल (मेकल), सुल्य, प्राक्ज्योतिषका किरातहरूको उल्लेख गरेका छन्। यीमध्ये 'सुल्य' शब्द दुर्वोध छ। यो रिसर्चकै विषय छ, किनभने देशवाचक भए पनि त्यसलाई ऐले के भनेर पुकारिन्छ ? त्यो देश वा प्रान्त कहाँ छ ? भन्ने शंका भइ नै रहन्छ। तर प्राक्ज्योतिषपुरका घटासुर, बाणासुर, भगदत्त आदि किरातसम्राट्हरूको किरात-इतिहासमा अत्यन्त महत्त्वपूर्ण स्थान छ। एक्लै किरातसम्राट् भगदत्तका एक करोड सेना थिए। साथै महाभारतको युद्धमा पाण्डवहरूको विरोधमा कौरवपक्षमा लागेका थिए। यो स्वतन्त्र लेख्ने विषय बनेको छ।

खण्ड–१२

महाकाव्यहरूमा किरात

रघुवंश महाकाव्य काव्यको दृष्टिले मात्रै होइन अपितु ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण स्थान राख्दछ। विशेष गरेर त्यतिखेरका प्रसिद्ध राजा रघुले कहाँ-कहाँ र कस्ता व्यक्ति वा राजाहरूसँग युद्ध गरे ? त्यसको मनोहर इतिहास रघुवंश[1] महाकाव्यमा कालिदासले चित्रण गरेका छन्। कालिदासले भौगोलिक ज्ञानको साथ ऐतिहासिक वर्णनलाई स्पष्ट रूपमा राखेका छन्। रघुको दिग्विजय यात्राको प्रसङ्गमा देश देशान्तर वर्णनको साथै किरात-इतिहासको स्पष्टीकरण गरेका छन्। महाराज रघुले दक्षिण दिशाका पाण्डेय देश आदि अनेक देश जितेर पार्सिक, शक, हूण, कम्बोज देशहरूलाई जित्न उत्तरतिर आए। यसरी दिग्विजयका महत्त्वाकाङ्क्षी महाराज रघु आफ्नो दिग्विजयी सेना लिएर उत्तरतिर लाग्छन्। ठूला-ठूला तथा सुन्दर देवदारूका वृक्षहरूले टम्म सजिएको देशमा पुगे। त्यस देशमा पुगेर एक ठाउँदेखि अर्को ठाउँमा सेनाको पडाव सार्दा सेनामा भएका महाराज रघुका हात्तीहरूलाई उचा उचा देवदारूका वृक्षहरूमा साङ्लाले बाँध्दा कोरिएका देवदारूका वृक्षहरूलाई देखेर त्यहाँका किरातहरूले रघुका हात्तीका उचाइको अनुमान गरेका थिए।

यहाँ रघुवंश महाकाव्यको इतिहासले दुइटा कुरा पत्ता लगाएको छ। एउटा कुरा किरातहरूको अनुमान गर्ने तरीका र बुद्धिको परिचय, अर्को कुरा त्यतिखेर किरातहरू उत्तरमा रहँदा रहेछन् भन्ने ऐतिहासिक तथ्यको साथमा भौगोलिक तथ्य पनि स्पष्ट भएको छ। यति मात्रै होइन अपितु पार्सिक, हूण आदि देश पनि कालीदासले यो काव्य जहाँ बसेर लेखेका थिए, त्यहाँबाट उत्तर पर्दो रहेछ भन्ने बुझाउँछ। यद्यपि यसको भौगोलिक अध्ययन संशोधित रूपमा गर्नु आवश्यक देखिन्छ भने यसको ऐतिहासिक परम्परालाई उसै रूपमा अँगाल्नु पनि आवश्यक देखिन्छ।

भारतवर्षको उत्तर भागमा देवता जस्तै पूजनीय पर्वतराज हिमालय[2] छ। यो पर्वतराज पूर्वदेखि पश्चिम समुद्रसम्म फैलिएको छ। मानौं यो पृथिवीलाई नाप्ने मापदण्ड हो। यस प्रकारको पर्वतराजको फेदमा अर्थात् उपत्यका र अधित्यकामा बस्ने सिंहहरू नव हात्तीहरूलाई मारेर आफ्नो-आफ्नो भोक, तिर्खा पूरा गरेर जान्छन्। त्यतिखेर रगतले रातो भएको सिंहको पञ्जाको छाप हिउँको धाराले पखालिए पनि सिंहको नङ्ग्रा गाडिएका गजमुक्ताको चिनो देखेर 'सिंह कस्ता थिए त ?' भन्ने कुराको अनुमान त्यहाँका वासिन्दा किरातहरूले जानिहाल्छन्।

---

१. तस्योत्सृष्टनिवासेपु कण्ठरज्जुक्षतत्वचः।
गजवर्ष्म किरातेभ्यः शशंसुर्देवदारवः॥ (रघुवंश ४ सर्ग ७६ श्लोक)

२. पदं तुषारस्रुतिधौतरक्तं यस्मिनदृष्टापि इत द्विपानाम्।
विदन्ति मार्गं नखरन्ध्रमुक्तैर्मुक्ताफलैः केसरिणां किराताः॥ (कु० सं० स० १।६)

उपर्युक्त श्लोकमा कालिदासले त्यतिखेरका किरातहरूको स्वभावोक्ति वर्णन गरेका छन्। यसै पंक्तिमा शिकार खेल्नमा अत्यन्त चतुर किरातहरूको बुद्धिको प्रशंसा कालीदासले मुक्तकण्ठले गरेका छन्। तर हिउँमा हात्तीलाई मार्ने र हिउँमा सिंहको पञ्जा गाडिने इतिहास घत पर्दो छैन। तर विश्वप्रसिद्ध महाकविले लेखेको इतिहासलाई नबुझी झटारो हान्नु पनि न्यायसंगत देखिंदैन, किनभने हात्ती र सिंह दुवै हिउँ भएको ठाउँ हिमालयमा बस्ने जन्तु होइनन्। त्यसो हुँदा कालीदासलाई भौगोलिक ज्ञान थिएन भन्न कर लाग्छ। परन्तु त्यसो नभएर कालीदासको समयसम्म हिमालयमा बस्ने हात्ती र घोडा थिए। जस्तै—अरू मानवको सामुमा नपर्ने हिममानव आज कथावशेष मात्र रहेको छ। यसको शोधखोज वा Research गर्नेहरूले पत्ता लगाएका छन्। 'ऊट' नाम गरेको चरा हुँदैन भन्थे। तर ऐले दक्षिण-अफ्रिकामा प्राप्त भएको छ। हिउँ काग, हिउँ स्याल, हिममानव, हिउँ भालू आदि भए जस्तै हिमसिंह र हिमहात्ती हुनु अत्युक्ति होइन। जे होस्, कालिदासले यहाँ कल्पनाले मात्र किरातहरूको इतिहास लेखेको होइन, अपितु वास्तविक तथ्य पनि प्रष्ट छ। अगाडिको पन्ध्र श्लोकमा पनि ऐतिहासिक दृष्टिपात गर्नुहोस्।

कालीदासले यस श्लोकमा पनि प्राकृतिक वर्णनको साथै किरातहरूको मनोहर इतिहास उभ्याएको छ। अग्ला छाँगाबाट खसेका गङ्गाजीको[1] पानीको झर्ना प्राकृतिक फुहरा जस्तै देखिन्थे। त्यस झर्नाका साथ मिलेर वायुले देवदारूको रूखलाई बारबार कँपाउथे। त्यसै प्रकारले त्यहाँका निवासी किरातहरूको आङमा सजिएका मयूरका प्वाँख पनि फर्फरिएर उड्थे। यसरी मृगको शिकार खेल्न घुमिरहेका किरातहरूको थकावट पनि भागीरथी गङ्गाको शीतल कण संमिश्रित वायुले मिटाइदिन्थे।

यहाँ इतिहास पइलाउनुपर्ने विषय यो छ कि किरातहरूले आज हाम्रो खाद्य आहार सुँगुर हो भन्ने गरेका छन्। तर यहाँ स्पष्ट छ कि किरातहरू अर्थात् ई० पू० सुँगुर खाँदैन थिए। मृग खान्थे। मृगको शिकार गर्थे। किरातहरू बुद्धिमान् थिए। मयूरको प्वाँखले सजाएको लुगाफाटा लगाउँथे। अथवा मयूरको प्वाँख जस्तै बुटाहरूले सजिएको लुगा हावाले हल्लिदा मयूरको प्वाँख हल्ले जस्तै देखिन्थे। यहाँ विशेष रूपले मयूरको पंखा किरातहरूले प्रयोग गर्थे भन्ने कालीदासले एउटा नयाँ इतिहास उपस्थापन गरेको छ। उपर्युक्त पंक्तिले बुझाएको मयूरको प्वाँख त्यतिखेरका किरातहरूको आफ्नो संस्कृति नै पो थियो कि भन्ने अनुमान हुन्छ। परन्तु मयूरको प्वाँख जस्तै सुन्दर बेलबुट्टा भएको कपडा लगाउनु धेरै सम्भव देखिन्छ। यसको अभिप्राय किरातहरू सुशिक्षित र सभ्य थिए भन्ने बुझिन्छ।

किरात-महाकाव्यमा किरात

'किरातमहाकाव्य'को अर्को नाम 'किरातार्जुनीय महाकाव्य' पनि हो। यस महाकाव्यमा महाकवि भारविले किरातहरूको स्वाभाविक भाव खोलेर राखेको छ। यद्यपि यो महाकाव्यको इतिहासको मूल पनि महाभारत नै हो, तथापि यस महाकाव्यमा महाकवि भारविले काव्यात्मक ढङ्गले इतिहास राखेको छ भन्ने मूल महाभारतमा सीधा इतिहास छ। पाठकवृन्दले मूल[2] हेर्नुहोस्।

---

[1] भागीरथीनिर्झरसीकराणां वोढा मुहुः कम्पितदेवदारूः।
यद्वायुरन्विष्टमृगैः किरातैरासेव्यते भिन्न शिखण्डिबर्हः॥ (कु० सं० १।१५)

[2] श्रियः कुरुणामधिपस्य पालनीं प्रजासु वृत्तिं यमयुङ्क्त वेदितुम्।
स वर्णि लिङ्गी विदितः समाययौ युधिष्ठिरं द्वैतबने वनेचरः ॥१॥ (कि० म० का० प्र० सं० १)

अन्वय=कुरुणाम्–अधिपस्य श्रियः पालनीम्, प्रजासु वृत्तिं वेदितुं यम्-अयुङ्क्त, सवर्णि लिङ्गी विदित वनेचरः, द्वैतवने युधिष्ठिरं समाययौ ।

अर्थ=कुरुदेशका स्वामी दुर्योधनको राज्यलक्ष्मी रक्षा गर्नमा समर्थ, प्रजावर्गका साथ सद्व्यवहार र दुर्व्यवहारलाई राम्ररीसँग जान्ने वनेचर=जुन किरातलाई गुप्तचर-कार्यमा नियुक्त गरेका थिए, त्यस किरातले गुप्त ब्रह्मचारीको रूपमा गएर दुर्योधनको राज्यशासनको व्यवस्था पत्ता लगाएर राम्ररी बुझेपछि त्यो किरात द्वैतवनमा निवास गर्ने युधिष्ठिरको पासमा पुगे । युधिष्ठिरको पासमा पुगेपछि किरातले हस्तिनापुरको जनतामा भएको हाल खबर युधिष्ठिरलाई सुनाए । राज्यव्यवस्थाको बारेमा नीति, नियम, शासन, सङ्गठन आदिको बारेमा ब्रह्मचारी किरातले सुनाएपछि युधिष्ठिरले आफ्ना भाइहरूसँग सल्लाह गरे । वनबास निकालेर स्वदेशको बारेमा किरात 'गुप्तचर'को सूचनाले युधिष्ठिरको नीतिमा ठूलो अन्तर आयो । निकट भविष्यमा कुरुक्षेत्रमा महाभारतको युद्ध निश्चय भयो । यो महाभारतको इतिहास हो ।

द्वैतवनका किरातराजा

यहाँ किरात-महाकाव्यको इतिहास के छ त ? यसमा 'किरात' हरू त्यतिखेर द्वैतवनमा पनि निवास गर्दथिए भन्ने इतिहास बुझिन्छ । त्यो 'द्वैतवन' कहाँ थियो ? यो खोजको विषय भए पनि केही विद्वान्-हरूले सरस्वती नदीको किनारमा थियो भनेर लेखेका छन् । परन्तु सरस्वती नदीकै पत्तो छैन । तर जे होस् 'द्वैतवन' पूरा प्रदेश अथवा राज्य नै थियो । द्वैतवनको किरातराजासँग मिलेर गुप्त रूपमा द्वैतवनमा युधिष्ठिर आदि द्रौपदीसहित चारै भाइ बसेका थिए । द्वैतवन प्रदेशको किरातराजासँग युधिष्ठिरको गुप्त सल्लाह भयो । दुर्योधनले पत्ता नपाउने गरी आफूले सधाएर राखेका गुप्तचरहरूमध्ये एउटा अत्यन्त सधिएको गुप्तचर किरातद्वारा युधिष्ठिरलाई यही सहयोग पहिले गराएका थिए । अन्यथा नसधाएको मान्छे गुप्तचर हुनै सक्दैन । महाकवि भारवि पनि किरातहरूसँग अत्यन्त परिचित थिए । हस्तिनापुर (इन्द्रप्रस्थ)-को पूरा पत्ता लगाएपछि किरात गुप्तचर जब युधिष्ठिरलाई समाचार बुझाउन आए, त्यतिखेर किरात गुप्तचरले आफ्नो राजा, मालिकसँग गर्नुपर्ने उच्च शिष्टाचार गरिसकेपछि किरात गुप्तचरले आफ्नो स्वभावलाई नै पहिले राखेर भने, "प्रभो ! मेरो स्वभावको बारेमा क्षमा पाऊँ, किनभने हितचिन्तक नोकरले कटुसत्य भन्दा नरिसिनुहोला भन्ने अनुरोध गर्छु ।" गुप्तचर किरात गुप्तचर मात्रै थिएनन्, अत्यन्त कुशल वक्ता पनि थिए भन्ने इतिहास पनि प्रष्टिएको देखिन्छ । किरात गुप्तचर संस्कृत भाषामा प्रकाण्ड विद्वान् हुनका साथै वेद, वेदान्त, स्मृतिशास्त्र, राजनीतिशास्त्रका प्रकाण्ड विद्वान् थिए । सामान्य लोकव्यवहारदेखि लिएर कर्मचारी तथा राजामहाराजसम्मको रीति, स्थिति र क्रियाकलाप बुझेर बुझाउन सक्ने किरात गुप्तचर थिए । यस्तो चतुर गुप्तचर राजा युधिष्ठिरलाई वन-जङ्गलमा ढुङ्गा, मूढा, घाँस, पात-पतिङ्गर मिले जस्तै मिलेको होइन । न युधिष्ठिरले त्यतिखेर गुप्तचर सधाउने अवसर नै थियो, किनभने दिनैपिछे, हप्तैपिछे, महिनैपिछे निवासस्थान सार्नु र बदल्नु-पर्थ्यो । यस परिस्थितिमा विहान-वेलुकाको समस्या र अरू समस्यालाई धान्नु नै कठिन थियो भने गुप्तचर सधाउने कल्पना पनि गर्न सकिँदैन । फेरि एक्कासि सधिएका प्रकाण्ड विद्वान्, राजनीतिज्ञ, लोकव्यवहार र राजव्यवहारकुशल गुप्तचर कसरी प्राप्त भए ? यो निश्चय नै द्वैतवन राज्यशासन गर्ने किरातराजाका सधिएका किरात गुप्तचर युधिष्ठिरले प्राप्त गरेर आफ्नो काम साधेका थिए ।

कैयौं स्थलमा गुप्तचरले राजा युधिष्ठिरलाई उपदेश दिए । तर त्यो उपदेश किरात गुप्तचरले युधिष्ठिरको सामने अत्यन्त समझदारी र बुद्धिको साथ राखे ।

जो मित्र[1] अथवा मन्त्री आफ्नो मित्र, स्वामी वा राजालाई सही कुरा भन्दैन, सही बाटो देखाउँदैन, त्यो निन्दनीय मित्र हो। यस्तै प्रकारले जो मित्र मित्रको कटु सत्य कुरा सुन्दैन, जो राजा वा शासक मन्त्रीको कटुसत्य हितकारक कुरा सुन्दैन भने, किंप्रभुः = निन्दनीय मालिक वा राजा हो। निकट भविष्यमा त्यसको कल्याण हुँदैन भनी अवश्य जान्नु, किनभने राजा र मन्त्री नोकर र स्वामी वा मालिक आपस्तमा अनुकूल भए मात्रै व्यवहार ठीकसँग चल्न सक्छ भनेर किरात गुप्तचरले आफ्नो कटुसत्य कुरा युधिष्ठिरको सामु राखेर आफ्नो किरात-स्वभाव प्रकट गरिहाले। अर्को 'हितं मनोहारि च दुर्लभं वचः'[2] हितकारी र सुन्दर लाग्ने वचन संसारमा दुर्लभ हुन्छ पनि भनिहाले। फेरि गुप्तचरले भन्यो 'वरं विरोधोऽपि समं महात्मभिः'[3] नीच मूर्ख मानिसको सम्पर्क सम्मान र करोडौंका वैभव प्राप्त गर्नुभन्दा सज्जन महापुरुषहरूको विरोध कल्याणकारी हुन्छ। हो पनि, किरात गुप्तचर अत्यन्त नीतिज्ञ थिए। मूर्खको रिस र बुद्धि ढुङ्गाको लकीर हुन्छ। ठूला महापुरुषको रिस पानीको लकीर हुन्छ। यसरी किरात गुप्तचर सफल भएका थिए। आज यस्तो किरात देखिंदैन। जाँड रक्सी र सुँगुरमै डुबेका भए त्यतिखेर पनि किरात गुप्तचर वा राजा, मन्त्री अर्बपति हुने थिएनन्। इतिहासले यही बताउँछ।

इतिहास भनेको कटुसत्य हुन्छ। त्यसैले किरात-इतिहासमा कैयौं इतिहास कटुसत्य हुनु पुगेको छ। महाकवि भारविको बारेमा पनि कटुसत्य कुरालाई छोड्न सकिंदैन। गुप्त, किरात-स्वभावलाई जान्ने महाकवि भारवि पनि नेपालैका थिए भन्ने इतिहास अब प्रष्ट भइसकेको छ। यहाँ काठमाडौंमा लेखिएका शिलालेखहरूमा मानदेव प्रथमका दौहित्र भारवि हुन पुगेको देखिन्छ। समय पनि ठीकै मिलेको देखिन्छ। यद्यपि कतिपय विद्वान्हरूले भारविलाई भारतीय नै सिद्ध गर्न खोजेका छन्। तर किरातस्वभावले परिचित भारवि निश्चित रूपले नेपालका हुन् भन्ने सिद्ध भएको छ। दोस्रो नम्बर शिलालेखलाई अघि सार्नु सकिन्छ। त्यसैले वास्तविक किरात-इतिहास भारविले प्रस्तुत गरेको हो। यसमा सन्देह छैन।

ब्रह्मचारी र संन्यासी किरात

अर्को पनि इतिहास किरात गुप्तचरसँग जोडिएको देखिन्छ। माथि मूल श्लोकमा 'स वर्णि = लिङ्गी' आएको छ। 'सः' शब्द 'किरातगुप्तचर' को बोधक हो। 'वर्णि' पद पनि किरातकै विशेषण हो र 'वर्णि' ब्रह्मचारीको वाचक हो। 'लिङ्ग' शब्द यहाँ चिह्नको वाचक हो। त्यसैले 'लिङ्ग चिह्नम् अस्यातीति लिङ्गी' लिङ्ग भनेको चिह्न छ जसको, त्यसलाई 'लिङ्गी' भनिन्छ। के चिह्न छ त? भन्दा 'वर्णि' भनेको ब्रह्मचारी भेष नै चिह्न छ जसको, त्यसलाई भनिन्छ 'वर्णिलिङ्गी'। 'स वर्णिलिङ्गी' को शब्दार्थ हुन्छ त्यो ब्रह्मचारी चिह्नवाला भेषवाला। यो इतिहासले के भन्छ भने प्राचीनकालमा किरातहरू गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ र संन्यासी[4] चारै आश्रमलाई पालन गर्थे भन्ने इतिहास प्रष्ट बुझिन्छ। हुन पनि किन नहोस्। ऋषि, मुनि, आचार्य आदि पनि किरातहरू थिए भने ब्रह्मचारी, वानप्रस्थ र संन्यास नलिने त कुरै छैन। त्यसैले 'वर्णि' भएर गुप्तचर भेषमा सफल भए। यद्यपि यो पूज्यरूपमा मानिएको प्रथमाश्रम ब्रह्मचारी आश्रम।

---

[1] स किंसरवा साधु नशास्ति योऽधिपं हितान्न यः संसृणुते स किंप्रभुः।
सदानुकूलेषु हि कुर्वते रतिं नृपेष्वमात्येषु च सर्वसम्पदाः॥ (किरातमहाकाव्य १।५)

[2] कि० म० का० १।४

[3] कि० म० का० १।८

[4] यो० त० उ० ख० ९ प० १४

तृतीयमा वानप्रस्थ र चौथोमा संन्यास अन्तिम आश्रम हो। त्यसैले शुद्ध वैदिक आर्य-हिन्दू किरातहरू ब्रह्मचारी र संन्यासी पनि थिए भन्ने इतिहासले बताउँछ।

यसलाई आजका आधुनिक किरातहरूले इतिहासको रूपमा घोरिएर हेर्नुपर्ने भएको छ। वस्तुस्थितिमा किरातहरू आर्य=हिन्दू नभए उनीहरूको इतिहास यस रूपमा उपस्थापित हुने थिएन। यो विक्रमको सातौं आठौं शताब्दीको इतिहास हो। तर महाभारत त आजभन्दा पाँच हजार वर्षपहिलेको इतिहास हो। सबै इतिहासमा किरातहरूको चारै आश्रमको अधिकारपूर्ण वर्णन प्राप्त हुन्छ। जब डाडूपन्यू उनीहरूकै हातमा थियो भने इतिहासको पानाहरू पनि उनीहरूकै हातमा हुनु स्वाभाविकै हो। यस परिस्थितिमा यो किरात-इतिहास अर्कालि लेखिदिएको होइन। महाकवि भारवि किरातहरूसँग भिजेका महाकवि थिए। किरातहरूसँग सम्बन्धित थिए। लिच्छविकिरातका दौहित्र थिए। उनैले लेखेको इतिहास हो।

सुँगुर खाने किरात

धेरै यस्ता मानव छन्, जसले सुँगुरलाई आफ्नो संस्कृति मानेका छन्। तर प्राचीन इतिहास हेर्दा किरातहरू सुँगुर खाने जात हैनन्। यस्तै जाँड रक्सी खाने जात पनि होइनन्, किनभने कहीं पनि प्रामाणिक पाइँदैन। यो अवश्य छ खसक्षत्रिय अर्जुन र किरातेश्वर भगवान् शङ्कर (पारूहाङ)-को युद्ध अवश्य सुँगुरकै बारेमा भएको देखिन्छ। तर सुँगुर सुँगुर थिएन, त्यो त 'मूक' नामको राक्षस थियो। मायावी मूक सुँगुर भएर आफ्नो काम सिद्ध गर्थ्यो। अर्काको कार्यमा विघ्न बाधा गर्थ्यो। यो इतिहास पुराणहरूमा र महाभारतमा पनि छ। महाकवि भारविले महाभारतबाटै यस प्रसङ्गलाई यहाँ उठाएर राखेको हो, तर पनि किरातहरूले सुँगुर खाने चर्चा छैन। स्कन्दपुराण हिमवत्खण्डमा र महाभारतमा सुँगुर रूपधारी 'मूक' राक्षसलाई मारेर अर्जुन र किरातेश्वर शिवले शिकारमाथि आ-आफ्ना दावी गरेका छन्। तर त्यहाँ निर्णय भएको पनि देखिएन। मासु बाँटेको अथवा एक-अर्कालि लगेको पनि देखिएन। त्यस राक्षसको मासुको आवश्यकता पनि थिएन। अर्जुन खसक्षत्रिय थिए। उनलाई सुँगुरको मासुको आवश्यकता नै थिएन। भगवान् शिव वा शङ्कर किरातेश्वर भगवान् नै भइहाले। सुँगुरको 'मासु' तौलिंदै खाँदै हिंड्नुपर्ने कुरै छैन, किनभने उनी भगवान् थिए। शिव भगवान् हुन्। यहाँ दुवैलाई सुँगुरसँग गोरु बेचेको साइनो पनि छैन। केवल अर्जुनको परीक्षा लिन 'मूक' राक्षस आएको देखियो। त्यसैले स्वयं शिवले आफ्नै मायाले मूक राक्षस बनाएर अर्जुनतिर बाधा गर्नको लागि दगुराएको हो। यो स्थिति महाभारत हुनुभन्दा पहिलेको हो। त्यसैले भगवान् शिवले परीक्षा गरेका थिए। यसले कुरुक्षेत्रको युद्धमा मेरो 'पाशुपत' अस्त्रलाई सफल पार्न सक्छ कि सक्दैन भन्ने परीक्षा गरेपछि भगवान् किरातेश्वरले अर्जुनलाई 'पाशुपत' अस्त्र दिएको थियो। त्यो सुँगुर मार्दा अर्जुनको बहादुरी र बुद्धिमत्तालाई भगवान् किरातेश्वरले बुझिसकेका थिए। त्यसैले पाशुपत अस्त्र दिएर पठाए। अर्जुन पनि भगवान् किरातेश्वरको पाउमा परेर आफ्नो धृष्टतालाई क्षमा मागीकन आफ्नो बाटो लागे। यहाँसम्मको इतिहास यही हो।

अनि व्यर्थको 'किरातहरूले सुँगुर खान्थे' भन्ने कुरा राखेर बकवास किन ? यो सत्य कुरा होइन। आजको स्थिति अर्कै छ। तर प्राचीनकालमा किरातहरूले सुँगुर खाँदैन थिए। मद्यपान आदि गर्दैन थिए। त्यसैले किरातहरू ऋषि, मुनि, आचार्य, विद्वान्, राजा-महाराज र अरबपति थिए। आज किरात हुँ भन्ने-

हरू करोडपतिसम्म पनि छैन भने हुन्छ। एक-दुइ भएका नभएकै समान हो। त्यसको कारण दुर्व्यसन र घमण्ड हो।

यहाँ प्रसङ्गमा महाकवि भारविले पनि 'मूक' राक्षसलाई मार्ने प्रसङ्ग सुन्दर शब्दावलीमा उभ्याएको छ। बाह्रौं[1] सर्गको ५४ श्लोकमा किरातेश्वर भगवान् स्वयं वीर किरातसेना लिएर 'मूक' राक्षसको वध गर्न घनघोर वनतिर पसेको वर्णन मनोहर छ। यसै प्रकारले किरातसेना र अर्जुनको[2] युद्ध भएको प्रसङ्ग पनि मनन गर्न योग्य छ। यसरी अर्जुनले शिवजीबाट वरप्रसादस्वरूप 'पाशुपतास्त्र' प्राप्त गरेपछि आशीर्वाद प्राप्त गरे। त्यसपछि आफ्नो घर फर्के। आफ्नो जेठा दाजु धर्मपुत्र युधिष्ठिरलाई नमस्कार गरे। यो किरात-महाकाव्यको उपसंहार हो। यस १८ सर्गको काव्यमा सम्पूर्ण इतिहास राजनीतिपरक किरात र अर्जुनको वार्ताप्रधान भए पनि युधिष्ठिर आदिसँग पनि यस महाकाव्यले 'किरात' इतिहास उभ्याउनका साथै त्यतिखेरका इतिहासलाई प्रष्ट पारेको छ। परन्तु जबदेखि आफ्नो इतिहास पढ्न छोडेर दुर्व्यसन र घमण्ड तथा रागद्वेष आदिमा लागे, त्यहींदेखि किरात पतित भएका छन्। झन्सारो संस्कृत पढ्न छोडेपछि त किरातहरू कुइरोको कागै भइराखेका छन्। फेरि त्यो दिन आउला कि? भन्ने विश्वासको बीउ रोप्दै जाऊँ भन्ने मेरो प्रयासचाहिं अवश्य जारी छ।

सुवर्णपुरका किरात

विक्रम सम्वत् आठौं शताब्दीका प्रख्यात संस्कृत-उपन्यासकार महाकवि बाणभट्टले लेखेको 'कादम्बरी' विश्वप्रसिद्ध ग्रन्थ हो। विशेष गरेर 'कादम्बरी' को माध्यमबाट संस्कृत-जगत्मा पौरस्त्य र पाश्चात्य दुवै जगत्ले बाणभट्टलाई राम्ररी चिनेका छन्। यिनै महाकवि बाणभट्टले आफ्नो अमर रचना कादम्बरीको पूर्व भाग चन्द्रापीडको आख्यानमा महत्त्वपूर्ण किरात-इतिहास थोरै शब्दमा लेखेको छ। 'कादम्बरी' सही मानेमा ऐतिहासिक उपन्यास हो। जस्तै—नेपालीमा डायमन शमशेरको 'सेतो बाघ' को केही कुरालाई छोडेर शेष राणाकालको इतिहास हो भने अत्युक्ति हुनेछैन, यस्तै आठौं शताब्दीको बाणभट्टले पनि केही प्राचीन र केही आठौं शताब्दीमा उसैको समयमा भएको गुप्तवंशी राजाहरूको छाया त कतै प्रत्यक्ष लेखनीको विषय बनाउने प्रयास गरेको छ। यस इतिहासमा तारापीड र चन्द्रापीड दुवै पिता-पुत्र राजा थिए। उनीहरू अत्यन्त पराक्रमी वीर थिए।

कदाचित्=कुनै बेला, कैलाससमीपचारिणां[3]=कैलास पर्वतको समीप=नजीक विचरण गर्ने, किरातानां=किरातहरूका, सुवर्णपुरं=सुवर्णपुर नाम गरेको निवासस्थान वा राजधानीलाई जितेर लिए। त्यो सुवर्णपुर पूर्वीय समुद्रको नजीकै थियो। यहाँ किरातहरूको इतिहास हेर्दा भूगोलको सिमाना अत्यन्त विचारणीय छ। एउटा कैलासको समीपमा विचरण गर्ने अर्को पूर्वीय समुद्रको नजीकमा चन्द्रापीडले जितेको इतिहास खोजेको विषय भएको छ। 'कैलास' भन्नाले मानसरोवरस्थित कैलास हो कि सामान्य कैलास हो। कैलास पर्वतको समीपमा पनि हेमकूट नामका किरातहरूको सुवर्णपुर नामको निवासस्थान थियो।

---

[1] कच्छान्ते सुरसरितो निधाय सेनामन्वीतः सः कतिपयैः किरातवर्यैः (कि० म० का० १२।५४)

[2] किरातसैन्यादुरुचापनोदिताः समं समुत्पेतुरुपात्तरंहसः (कि० म० का० १४।१।४५)

[3] 'कदाचित्कैलाससमीपचारिणां हेमकूटनाम्नां किरातानां सुवर्णपुरं नाम निवासस्थानं नातिविप्रकृष्टंपूर्वजलनिधेर्जित्वा जग्राह' (का० पू० भा० च० क० पृ० नं० ४०६)

त्यसैका नजीकमा पूर्वीय समुद्र थियो। अर्थात् पूर्वीय समुद्रको किनारैमा चन्द्रापीड र किरातराजाको युद्ध भयो।

किरातराजा हारे। चन्द्रापीडले सुवर्णपुर आफ्नो कब्जामा लियो। तर यहाँ कैलासदेखि पूर्वीय समुद्रसम्म शासन गर्ने किरातशासक साधारण राजा थिएन। बाणभट्टको भौगोलिक सीमाङ्कन महत्त्वपूर्ण छ। तर पूर्वीय समुद्र कता छ? 'सुवर्णपुर' आजको मणिपुरलाई प्राचीनकालमा भन्ने गरेका थिए। मणिपुरे इतिहासकारहरूले मणिपुरलाई 'सुवर्णपुरी' 'सुवर्णपुर' भनेर लेख्ने गरेका छन्। पूर्वसमुद्र आजको वङ्गालको समुद्र हुन सक्छ। तर मणिपुरबाट 'कैलास' धेरै टाढा पर्छ। त्यसैले कन्चनजङ्घाको समीप भन्नु खोजेको होला। यदि त्यसो हो भने चन्द्रापीड कहाँका राजा थिए? यस प्रकारको उत्तर निक्कै हम्मेको साथ जुझेको देखिन्छ। नामको अन्तमा 'पीड' शब्द जोडिएका राजाहरू कश्मिरका पाइन्छन्। जस्तै—मधुपीड, शिवपीड, जयापीड आदि राजाहरू काश्मीरी थिए। यीमध्ये काश्मीरी राजा जयापीडले नेपालका कुनै किरातराजा अरमुडिसँग युद्ध गरेका थिए। नेपाली राजा अरमुडिले जयापीडको सेनालाई महाकालीको बाढीमा बगाइदिए। स्वयं राजा जयापीडलाई पक्डेर काली नदीको किनारैको जेलमा बन्द गरेर राखेका थिए। यो इतिहास कल्हणको 'राजतरङ्गिणी' इतिहासमा प्रष्ट लेखेको छ। यसरी 'पीडान्त' नाम गरेका राजाहरू काश्मीरका थिए। परन्तु तारापीड तथा चन्द्रापीड पिता-पुत्र कुन देशका राजा थिए? यो खोजकै विषय छ। त्यसैले काश्मीरका थिए भन्न मिल्दैन। काश्मीरबाट 'मणिपुर' धावा बोल्न पुग्नु धेरै विचारणीय कुरा छ। ऐलेसम्म काश्मीरको इतिहास पाइएको पनि छैन। उतै छेउछाउकै राजा थिए भनौं भने पनि ऐतिहासिक तथ्यमा आधारित हुनुपर्‍यो। त्यो तथ्य प्राप्त छैन। अर्को कुरा बाणभट्ट जहाँ जुन देशको राजाको समयमा थियो, विशेष त्यसैलाई लक्ष्य गरेर लेख्ने गर्छन्। अथवा पूर्व-इतिहास हेरेर लेखे होलान्। बाणभट्टले हेरेको इतिहास अब प्राप्त छैन।

जे भए पनि 'सुवर्णपुर' मा किरातहरू थिए। त्यहाँका किरातहरू शासक थिए। यो अवश्य छ। आजको डिमापुरमा प्राचीन खण्डहर खोपेको ढुङ्गा आदि आज पनि छँदैछ। पुरातात्त्विक दृष्टिले त्यो अत्यन्त महत्त्वपूर्ण छ। प्राचीनकालमा आजको मणिपुरदेखि डिमापुरसम्म 'सुवर्णपुर' हुनुमा सम्भव छ। त्यसबाट कञ्चनजंघादि हिमालय नजीकै देखाइदिन्छ। तारापीड र चन्द्रापीड अत्यन्त बलशाली राजा थिए। खस वा दरदक्षत्रियहरूमध्येका थिए। किरातक्षत्रियहरू आपसी फुट हुनका साथै वैभवमा विलासी भएको देखेर चन्द्रापीडले युद्ध गरे। किरातराजालाई हराएर आफ्नो हातमा पारे।

यद्यपि तारापीड र चन्द्रापीड निश्चित रूपमा कुन ठाउँका शासक थिए भन्नु कठिन भए पनि वीर शासक अवश्य थिए। साथै किरातहरूको देश सुवर्णपुर ऐश्वर्यसम्पन्न, सुन्दर, वैभवले परिपूर्ण देश थियो। अथवा सुवर्णपुर राजधानीको नाम मात्रै हो कि? यसलाई निश्चित गर्नुको लागि पुनः शोधखोजको उति नै आवश्यकता भए पनि सुवर्णपुरको किरातराजालाई हराउने इतिहासचाहिं सत्य हो। वासिष्ठरामायणमा पनि अलिकति नामको व्यत्यय गरेर लेखेको पाइन्छ। जस्तै—कादम्बरीकार वाणभट्टले सुवर्णपुर भनेर लेखेको छ भने वासिष्ठरामायण[1] (योगवासिष्ठ)-मा कैलासपर्वतको नजीकमा निवास गर्ने हेमजटा नाम गरेका किरातहरू थिए भनेर लेखेका छन्। दुवैको भौगोलिक ज्ञान साम्य देखिन्छ। तर विशेष गरेर सुवर्णपुरका किरात र हेमजटा नाम गरेका किरातमा अवश्य नै अन्तर भने देखिन्छ। कैलास शब्दको वाणभट्टको

---

[1] वा० रा० उपसम ५८।९

लेखमा पनि कैलासपर्वतमा विचरण गर्ने हेमकूट नाम गरेका किरातहरू थिए भनेर लेखेको छ भने वासिष्ठरामायणमा कैलासपर्वतमा विचरण गर्ने हेमजटा नाम गरेका किरातहरू थिए भनेर लेखेका छन् । दुवैमा कैलास पनि छ । केवल हेमकूट र हेमजटामा मात्र अन्तर देखिन्छ । यसमा वासिष्ठरामायणका रचनाकार वाल्मीकि हो भनेर लेखेको छ भने कादम्बरीकार वाणभट्ट विक्रमको आठौं शताब्दीमा विद्यमान थिए । अतः लेखकद्वयको विद्यमानता भूइँ-आकाशको फरक पर्न जान्छ । वाल्मीकिको समय धेरै प्राचीन हो । त्यसैले हेमकूट र हेमजटा नाम गरेका किरातहरू सुवर्णपुर गरेको देश वा राजधानीमा रहन्थे भन्ने इतिहास त प्रष्टै भयो । तर सुवर्णपुर देश विशेषको नाम हो कि राजधानीको नाम हो ? यो छुट्याउनु निकै गारो छ. किनभने धेरैजसो नाम देशवाचक भए पनि कैयौं नाम राजधानीबाट मात्र प्रचलित भएको पनि पाउँछौं । उदाहरणको लागि कुणिन्द र त्रिगर्त आदि देशवाची संज्ञाबाट प्रसिद्ध भए भने प्राग्ज्योतिषपुर तथा इन्द्रप्रस्थ आदि राजधानीको नामले प्रसिद्ध भएको पाउँछौं । यी उपर्युक्त नामहरू महाभारत आदि ग्रन्थहरूमा प्रष्टै उल्लेख भएका छन् । तर सुवर्णपुरको चिनारी भने देश र राजधानी कुनै पनि रूपमा लिन सकिन्छ । अरु प्रमाण नमिलेसम्म इदमित्थम् भन्न सकिंदैन । व्युत्पत्तिलभ्य अर्थ गर्ने हो भने सुवर्णपुरका 'सुष्ठु, वर्ण यस्य तत् सुवर्णपुरम्' भन्ने अर्थ हुन्छ । यसलाई खुलस्त भन्ने हो भने सुनको जस्तो चम्किने वर्ण भएको 'पुर' भनेको 'नगर' अर्थ हुन्छ । यहाँ पुर शब्द पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा प्रयोग भएको पाइन्छ । त्यसैले लिङ्गमा वैमत्य भए पनि सामासिक वैमत्यमा साम्मत्य हुनुसक्छ । यस्तै हेमकूट र हेमजटामा पनि व्युत्पत्तिलभ्य अर्थ बुझिन्छ । जस्तै = हेमस्य हेम्नः कूट हेमकूट अथवा हेमस्य इव कूटम् जटाजूटम् यस्य येषां वा ते हेमकूटाः किराताः = सुनको जस्तो छ जटाजूट जसको, त्यसलाई भन्छ हेमकूट । यस्ता हेमकूट किरातहरू थिए भन्ने अर्थ वाणभट्टको कादम्बरीले बताउँछ । यद्यपि कादम्बरीको टीकाकारहरू पनि यसमा एकमत छैनन् । तथापि उनीहरू इतिहासपरक अर्थ गरेर लेख्ने टीकाकारहरू होइनन् । जे भए पनि किरातहरू थिए र किरात-इतिहास छोटकरीमा स्पष्ट पारेर राखिदिएको छ भन्न सकिन्छ ।

वासिष्ठरामायणमा भने प्रष्टै रूपमा 'हेमजटाः किराताः' भनेर लेखेको पाइन्छ । यस पङ्क्तिमा किरात शब्दमा विवाद गर्ने आवश्यकता छैन । परन्तु 'हेमजटा' शब्दमा अवश्य चिन्तन गर्नु उपयुक्त देखिन्छ, किनभने उपर्युक्त वाणभट्टको हेमकूटमा 'कूट' शब्दको अर्थ जटाजूट र सुनको पहाड भन्ने हुन्छ भने वासिष्ठरामायणको 'हेमजटा' शब्दले सुनको जटा भएका किरातहरू भन्ने अर्थ बुझिन्छ । परन्तु किरातहरूको शिरमा सुनको कपाल उम्रिनु सम्भव छैन । त्यसैले त्यतिखेरका किरातहरूका शिरमा पहेंलो रङ्गको बाल उम्रिन्थे कि ? भन्ने अडकल गर्न सकिन्छ । त्यसो हैन भने सुनको जस्तो रङ्ग भएको शिरमा त्यतिखेरका किरातहरूले कुनै आभूषण वा दुपट्टा लगाउने चलन थिए कि ? त्यसैले वासिष्ठरामायणकारले 'हेमजटा' पाठ दिएको होला । दुवैको पाठमा 'जटा' र 'कूट' शब्दमा अन्तर देखिन्छ, अरु साम्य छ । वासिष्ठरामायणले कैलासपर्वतको मात्र उल्लेख गरेको हुनाले कुनचाहिं कैलास हो, विशेष कैलास र सामान्य कैलास छुट्याउने आवश्यकता देखिन्छ । यदि सामान्य कैलास नै हो भने आजको कञ्चनजङ्घा नै कैलास हो र मणिपुर नै सुवर्णपुर हो भन्ने ठहरिन्छ । तर यसमा अनेक विप्रतिपत्तिहरू छन्, जो भौगोलिक र ऐतिहासिक दुवै प्रकारले परिहार गर्न अशक्य देखिन्छ । तथापि 'हेमकूट' र 'हेमजटा'को विश्लेषण गर्ने अवसर भविष्यका विद्वान्हरूलाई छोडिदिएकै छ । यस्तै सुवर्णपुर पनि । यहाँ यो अवश्य छ उपर्युक्त विवेचनामा आएका शक्तिशाली किरातहरू त्यो युगमा थिए भन्ने कुराचाहिं नकार्न सकिंदैन । यो ऐतिहासिक तथ्य हो ।

कालीदासको यक्ष को थिए ?

आजको किरातहरूले निश्चित 'लेफराइट' पेशा छोडेर संस्कृत पढेर आफ्नो इतिहास पैल्याउने काम गर्नुपर्छ। होइन भने संसारबाट 'किरात' शब्दको बीउ खतम भइसक्यो। त्यसैले दुइ-चारजना ईसाईहरूले लेखिदिएको तारिके इतिहासले किरात-इतिहासको भुत्ला पनि छुनु सक्दैन। महाकवि कालीदासले आफ्नो खण्डकाव्य 'मेघदूत'मा सारै मार्मिक वर्णन यक्ष र यक्षणीको गरेका छन्। यहाँ केवल यक्षकिरातको सम्बन्धमा मात्र इतिहास राख्ने प्रयास गरिएको छ। यक्षकिरातको मालिक कुवेर पनि किरातै थिए। यसको प्रमाण कुमाऊँ वैद्यनाथको कुवेरको मूर्ति भएको छ। यक्षहरू धेरै प्रसिद्ध थिए। धेरै शिवोपासक थिए। जहाँ पनि 'यक्ष' को मूर्ति पाइन्छ, ती सबै किरात-अनुहारका मूर्ति हुन्छन्। उज्जैनको पुरातत्त्व संग्रहालय, मथुरा, इलाहाबाद, विहार, दिदारनगर (दिलदारनगर) आदिका संग्रहालय आदिमा पाइने यक्षमूर्ति किरात-अनुहारमा भएको प्रमाणले 'यक्ष'हरू किरात थिए। यहाँ भन्नु यो छ कि मध्यभारत विन्ध्याचलका किरातहरूमध्ये कालीदासको 'मेघदूत'को यक्ष विन्ध्यावासी किरात थियो। उसको बिहा हिमालयभेककी किरातकन्या वा अरू कुनै कन्यासँग भएको थियो। ज्यादै प्रेम-लम्पटताले गर्दा उसको मालिक कुवेरले सजाय दियो। त्यस बेला कालीदासको शब्दावलीमा मार्मिक वर्णन भएको छ। कैयौंले किरातराजा सुमनालाई पनि विन्ध्यावासी भनेका छन्। कुवेर त्यस बेलाका धनीमानी किरात भएका हुनाले कहीं पनि वस्न सक्थे। तर मूल निवास अलकापुरी थियो, जो आज गढवाल र तिब्बतको सिमाना हिमालय पर्छ र वदरीनाथदेखि लगभग चालीस मील उत्तरमा पर्छ। कुवेरको समयमा अलकापुरी हिमालय थिएन। मानिस वस्ने उन्नतिशील स्थान थियो।

त्यो कुन समय थियो भनेर तारिके इतिहासको समय जोडेर आश्चर्य मानेर हुने कुरा होइन, किनभने राम, रावण र कुवेर यी सँगै थिए। आर्यहरूको गणनानुसार त्रेतायुगको समय हो। यसरी नै दक्षिणभारत समुद्रतटीय क्षेत्रहरूमा अनूपद्वीप आदिमा किरातहरूको शासन हुने कुरा इतिहासमा स्पष्ट भइसकेको छ।

यहाँ रामक्षेत्रदेखि लिएर वर्मा तथा तप्तकुण्डदेखि लिएर रामक्षेत्रसम्मको भूभागलाई 'किरातदेश' भन्ने सिमाना बाँधेको छ भने भौगोलिक अध्ययनको आधारमा 'किरातदेश' धेरै ठूलो देखिन्छ। तर 'किरातदेश' भित्र अनेक राजा-रजौटाहरू भएको इतिहास पाइन्छ। ऐले अरब कण्ट्रीभन्दा कैयौं मुसलमान देश परे जस्तै किरातदेशभित्र अनेकौं सा-साना देश वा राज्य हुनु कुनै आश्चर्यको कुरा होइन। यसरी किरातदेशको सिमाना बाँधेको देखिन्छ। परन्तु भगदत्त, कुणिन्द आदि किरातराजा-महाराज आदि सम्राट्कोटिका थिए। यसरी तप्तकुण्ड र रामक्षेत्रको अन्तसम्मको भूगोल र विन्ध्यागिरि क्षेत्रको भौगोलिक अध्ययनले किरातदेशको क्षेत्रफल ठूलो थियो भन्ने बुझाउँछ। तर यति मात्रै होइन, यो त जम्बूद्वीपभित्र बस्ने किरातहरूको हिमालयभेक, मध्यभाग तथा मैदान-क्षेत्र आदिको संक्षेप मात्र हो। यसको व्यापक खोज अझ बाँकी नै छ। यसरी किरातहरू आफ्नो समयमा आफ्नो विद्वत्ता, कला, कौशल, शासन आदिले एक समय विश्वविजयी भएका थिए भन्ने कुरा प्राचीन किरात-इतिहासले बताउँछ। परन्तु पाठभेद पनि देखिन्छ। 'तप्तकुण्ड' शब्दमा 'नटेश्वर' र 'वटेश्वर' पाठ पनि देखिन्छ। तर 'नटेश्वर' र 'तप्तकुण्ड' सारै फरक फर्दैन। नटेश्वर भनेको अमरनाथ हो र बूढा अमरनाथ अथवा अमरनाथै होस्। थोरै फरक पर्छ। तर 'वटेश्वर' भने निक्कै व्यायामदायक छ। त्यसैले कसैले 'न' को ठाउँमा लेख्दा 'व'

जस्तो पर्न गएको हो। असलमा त्यो 'न' अक्षर नै हो, किनभने 'वटेश्वर' बाट भूगोल उदाउँदा सम्पूर्ण काश्मीर, हिमाञ्चलप्रदेश, गढवाल, कुमाऊँ आदिमा यस प्रकारको स्थान वा देवस्थान छैन। 'बालेश्वर' भने कुमाऊँको जिल्ला अल्मोडामा पर्ने बालेश्वर (बागेश्वर) तथा जागेश्वरमा पर्ने 'वालेश्वर', जिल्ला पिथौरागढमा पर्ने चम्पावतीको 'वालेश्वर' र जिल्ला उत्तरकाशीमा पर्ने 'वालेश्वर' गरी धेरै बालेश्वर छन्। तर शक्तिसङ्गमिनी तन्त्रमा बालेश्वरको उल्लेख देखिंदैन। अर्को कुरा निर्णयमा ठूलो बाधा पर्ने देखिन्छ। त्यसैले 'नटेश्वर' र 'तप्तकुण्ड' किरातदेशको प्रामाणिक भूगोल हो। बालेश्वर कुनै कालमा पनि सिमाना रहेन। यो यस क्षेत्रमा किरातराजाहरू रहँदा अवश्य पनि आपसी सिमाना भने अवश्य थियो भन्ने साक्षी महाभारतकालिक राजाहरूको भौगोलिक सीमाहरूबाट बुझिन्छ।

खण्ड–१३

नाटकमा किरात

श्रीहर्ष भन्ने धेरै ठूला दार्शनिक तथा साहित्यिक, नाटककार आदि नामले प्रख्यात थिए। आज पनि संस्कृत-जगत्‌मा श्रीहर्ष नभए शून्य मानिन्छ। दार्शनिक जगत्‌मा अलौकिक तार्किक ग्रन्थ 'खण्डनखण्डखाद्य' छ भने अलौकिक काव्यत्व भएको नैषधमहाकाव्य पनि श्रीहर्षकै नाममा छन्। साथै निर्विवाद छ। श्रीहर्षको समय वि० सं० १२ को हो। परन्तु 'रत्नावली नाटिका' अथवा नाटक भने विवादास्पदै देखिन्छ। यो नाटक श्रीहर्षकै हो कि अथवा अर्कै श्रीहर्षको हो, ऐलेसम्म भन्न सक्ने कसैको ताकत देखिंदैन। जे होस् 'प्रकृतमनुसरामः' हामीले त आफ्नै लाटे मेसो पैल्याउनु छ। त्यो के हो भने प्राचीन किरात-इतिहासको वाटो। यहाँ किरात-इतिहास खोज्दा पुरानो कुनकुन स्थलहरूमा किरातहरूलाई केके भनेर लेखेका छन् अथवा केके भनेर चियाएका छन्, कुनकुन प्रकृतिका किरातहरू थिए आदि इतिहासको स्रोतहरू यथेष्ट रूपमा प्राप्त गर्न सकिन्छ।

नष्टं वर्षवरैर्मनुष्यगणनाभावादपास्य त्रपा
मन्तः कञ्चुकिकञ्चुकस्य विशति त्रासादयं वामनः।
पर्यन्ताश्रयिभिर्निजस्य सदृशं नाम्नः किरातैः कृतम्
कुब्जा नीचतयैव यान्ति शनकैरात्मेक्षणाशङ्किनः॥

(रत्नावली नाटक अं० २।३)

अर्थ—मनुष्यगणनाभावात्=मनुष्यगणनाको अभावले, त्रपाम्=लज्जालाई, अपास्य=छोडेर, वर्षवरैः=नपुंसकहरूले, नष्टं=पलायितम्=भागे। अयं=यो, वामनः=सानो बाउन्ने अथवा पुडके पनि, त्रासात्=डरले, कञ्चुकिनः=कञ्चुक लगाउने बूढापाकाहरूको, कञ्चुकस्य=चोलाको, अन्तः=भित्र, विशति=प्रवेश गर्दैछ। पर्यन्ताश्रयिभिः=अन्तःपुरको अथवा रानीवास राजमहलको छेउछाउ बस्ने, किरातैः=किरातहरूले, निजस्य=आफ्नो, नाम्नः=नामका, सदृशम्=अनुरूप नै, कृतम्=गरे। तथा; आत्मेक्षणाशङ्किनः=आफूलाई देखाउनु लाज मान्ने, कुब्जा=कुबडेहरू, शनकैः=बिस्तारबिस्तारै, नीचतया=एव=निहुरिएरै, यान्ति=जाँदैछन्। यो श्लोकको अर्थ हो।

नाटकमा हास्यरसप्रधान प्रस्तुतीकरण हुँदाखेरि यो प्रसङ्ग आएको हो। यहाँ नाटककारले सबैको स्वभाव र कर्म प्रष्ट पारेको भए पनि किरातहरूको चाहिं केही लेखेनन्। केवल 'निजस्य नाम्नः सदृशं कृतम्' अर्थात् 'आफ्नै नामकै अनुरूप नै गरे' भने। अर्थात् यस नाटकमा 'व्यङ्ग्य हानेर 'किरात' भनेको डरपोक कायर हो। 'किरात' शब्द पनि त्यसैमा सार्थक छ। त्यसैले किरातहरू पनि भागे। तर अरूहरूको

साथमा दरबारमा बाँदर पस्दैमा किरातहरूको वीरताको उपहासको साथै नाटककारले लेखेअनुसार किरातहरू राजदरबारभित्र रनीवासदेखि लिएर सबै स्थानहरूमा नियुक्त भएका रहेछन् भन्ने इतिहास प्रष्ट बुझिन्छ। तर नाटक भएको हुनाले वीरमहापुरुषहरूको पनि खिल्ली उडाउनैपर्छ भन्ने नियम नभए पनि किरातहरूको पनि खिल्ली उडाएको देखिन्छ। यहाँ यति बुझ्नु छ कि जो उल्लेखनीय हुँदैन, त्यसको उल्लेखै हुँदैन। किरातहरू उल्लेखनीय थिए। त्यसैले उल्लेख गरे। यति मात्रै होइन अपितु 'सुभाषित मञ्जरी' जस्ता ग्रन्थहरूमा पनि किरातबारे लेख्नै परेको छ। सुभाषितमञ्जरीमा वैयाकरण किरातदेखि[1] डरेर अपशब्दरूपी मृग अर्थात् अशुद्ध शब्द नाटक गर्ने नटगण, उटपटाङ्ग बोल्ने वैद्य र वैतालिकहरूको मुखरूपी गुफा नभए कहाँ जाने थिए त?

वैयाकरणकिरात

सुभाषित मञ्जरीमा किरातलाई वैयाकरण त्यसै लेखेका होइनन्। किरातहरू ऋषि थिए भने वैयाकरण पनि अवश्य थिए। वैदिक, वैयाकरण, नैयायिक, साहित्यिक आदि कुनै जाति विशेषको ठेक्का होइन। यो भनेको विद्या हो। कला हो। जसले पढ्छ, जसले मेहनत गर्छ, अभ्यास गर्छ, उसैको हो। किरातले व्याकरणाध्ययन गऱ्यो। वैयाकरण भयो। ईसापूर्व नै किरातहरू राजा, महाराज, सम्राट्, धनाढ्य, करोडपति, अरब-खरबपति, दानी, ऋषि, मुनि, नाट्यप्रवीण, गुप्तचर, कलाकार, अन्तःपुरको कार्य गर्ने सबै थिए भन्ने इतिहास प्रष्टरूपले प्राचीन इतिहास केलाउँदा प्रष्ट हुन्छ। कालीदासले रघुवंशको १६ सर्गमा 'उपात्तबालव्यजनां किरातीम्' भनेर अन्तःपुरभित्र काम गर्ने किरातीको इतिहास लेखेको छ भने चाणक्यले कौटिल्य अर्थशास्त्रमा गुप्तचर र भान्सा पकाउने आदिको उल्लेख प्रष्ट गरेको छ। किरातमहाकाव्यमा भारविले किरातवनेचरद्वारा न केवल गुप्तचर माग अपितु युधिष्ठिरलाई सल्लाह दिने सल्लाहकार किरातको उल्लेख गरेको इतिहास अविस्मरणीय छ। त्यसै परम्परालाई लिएर १८ शताब्दीतिरका विश्वनाथले पनि 'साहित्यदर्पण'[2] ग्रन्थको तृतीय परिच्छेदमा 'वामन, शण्ड, किरातम्लेच्छ, आभीर, शकार, कुब्ज' आदिलाई अन्तःपुरमा नियुक्त गर्ने कुराको उल्लेख गरेको छ। ग्रन्थहरूमा अनेक स्थलहरूमा किरात छुटेको छैन। त्यसैले धेरैले सुँगुरको खोर थापेर चोया काड्दै बस्ने, यसो मन पर्दा डबकातिर फर्कने अथवा हुटेलमा गएर डिलर्स फेक्टरीलाई अरबपति बनाएर आत्महत्या गर्ने किरातहरूलाई देख्दैमा किरातहरू वैयाकरण, नैयायिक वा ऋषिमुनि अथवा राजा-महाराज, सम्राट् अथवा अरबपति खरवपति आदि हुँदैन थिए भन्नु या धक्कु देखाउनु इतिहास-ज्ञान नभएर मात्र हो र डबका नपिउने, सुँगुरको खोर नथाप्ने किरातहरू आज पनि राम्रै स्थितिमा छन्। त्यसैले ऋग्वेदकालिक सयसय फलामको किला बनाएर बस्ने शम्बरादिदेखि लिएर महाभारतका किरातसम्राट् भगदत्त, कुणिन्द, सुबाहु, सुमना आदिदेखि लिएर बुद्धकालसम्म किरातहरू जागरित थिए। बुद्धकालपछि 'किरातहरू' निरन्तर दुर्व्यसन र अवनतिमा लागेर खिहिंदै गएको इतिहास प्रष्ट छ। यसरी हजारौं र लाखौं वर्षको अवधिमा कोही त किरात वैयाकरण र नैयायिक आदि भए होलान्। एउटा 'किरातवैयाकरण' उल्लेख आउँदा झूठा कुरा लेखे। 'किरात' वैयाकरण हुनै सक्दैन भन्नु ठीक होइन। त्यसैले नाटक र सुभाषितहरू जस्ता ग्रन्थहरूमा पनि 'किरात' शब्दले स्थान पाउनु

---

[1] वैयाकरणकिरातादपशब्दमृगाः क्व यातुं संत्रस्ताः।
यदि नटगणचिकित्सकवैतालिकवदनकन्दरा न स्युः॥ (सु० मं० ३३)

[2] तद्वदवरोधे वामनशण्डकिरातम्लेच्छाभीराः शकारकुब्जादयः (सा० द० तृ० परिच्छेद)

उसको महत्त्व र अस्तित्वको कुरा हो। यो कसैले लेख्न लाउँदा लेखिने कुरा होइन, यो 'किरात' को व्यापकता र कर्मठपनाले गर्दा प्रत्येक आर्यवाङ्मयदेखि लिएर सम्पूर्ण एशिया र यूरोप आदिमा कुनै न कुनै रूपले उल्लेख हुनु स्वाभाविक हो। किरातको यो आफ्नो विशेषता हो। उसको आफ्नो विशेषता थियो र लेखियो। लेखिनेछ।

मुद्राराक्षसमा किरातराजा पर्वतक

मुद्राराक्षस नाटक संस्कृत भाषामा लेखिएको महत्त्वपूर्ण नाटक हो। यस नाटकको विषयवस्तु ऐतिहासिक र राजनैतिक घटना प्रस्तुत गर्नु हो। कालीदासको अभिज्ञानशाकुन्तल नाटक आफ्नो समयको इतिहास, संस्कृति, सभ्यता आदि दिनमा जति समर्थ छ, उति नै तात्कालिक राजनीतिको इतिहास प्रस्तुत गर्नुमा मुद्राराक्षस नाटक पनि समर्थ छ। विशाखदत्तको मुद्राराक्षस नाटक र महाकवि भारविको 'किरातार्जुनीय' महाकाव्यले प्राचीन किरात-इतिहासलाई सारै राम्रो उभ्याएको छ। 'मुद्राराक्षस' ईसापूर्व साक्षात् घटित नन्दवंशको पतन र मौर्यवंशको उत्थानको सजीव चित्रण हो। यो नाटक पढ्दा घटनास्थलमा उभिएजस्तै लाग्छ। यस नाटकमा कौटिल्य (चाणक्य)-ले अत्यन्त महत्त्वपूर्ण भूमिका निभाएको छ। नन्दवंशका अन्तिम राजा सर्वार्थसिद्धिको साथ प्रथम चन्द्रगुप्त मौर्यको युद्ध हुँदा चन्द्रगुप्तले अनेक देशका राजाहरूसँग गुहार मागेका थिए। तीमध्ये मगधको सीधा नजीकमा पर्ने नेपालेश्वर किरातराजा पर्व (पर्वतक)-लाई पनि सादर निमन्त्रण दिएका थिए। चन्द्रगुप्त मौर्य नेपालको किरातराजा पर्वकी छोरी 'मुरा' का छोरा थिए। त्यसैले नन्दवंशका राजा सर्वार्थसिद्धिको पतनको लागि राजनैतिक युद्धमा आफ्नै मावली बाजे पर्वलाई पनि बोलाएका थिए। तर राजा पर्वलाई पर्व, पर्वतक, पर्वतेश्वर आदि नामले पुकारिएको छ। चन्द्रगुप्तको भाइ वैरोधक र चन्द्रगुप्तको आफ्नै छोरा मलयकेतु आदिले अनेक वीरता देखाएका थिए। यी सवैमा 'पर्वतक' को विषयमा अनेक भ्रम लेखकहरूमा परेको देखिन्छ। एच० सी० सेठले पर्वतकलाई[1] 'पोरस' भन्ने दुःसाहस गरेको छ। तर राय चौधरीले स्वीकार गरेका छैनन्, किनभने 'पोरस' राय चौधरीको मतमा उच्चवंशका थिए। पर्वतक प्रष्टरूपमा म्लेच्छवंशका थिए। 'म्लेच्छ' को अर्थ किरात हो। यति मात्रै होइन, जैनग्रन्थको आधारमा पर्वतकलाई हिमकूटका शासक भनेर लेखेको छ। मुद्राराक्षस तथा जैनग्रन्थको साक्ष्यानुसार 'हिमकूट' नेपाल नै हो भन्ने सिद्ध छ। निश्चय पनि 'पर्वतक' नेपालकै किरातराजा थिए। यो अवश्य छ कि चन्द्रगुप्तको पालादेखि 'म्लेच्छ' शब्द दूषित भएको देखिन्छ। 'पर्वतक' राजाकै कारणले नाति चन्द्रगुप्त मौर्यलाई पनि कट्टरवादीहरूले म्लेच्छ र शूद्र[2] भन्दथिए।

यहाँ विशेष विचार गर्नुपर्ने विषय पर्वतक राजाको साथमा चन्द्रगुप्त मौर्य को थिए? आफ्नो मावली बाजे पर्वतकको कारण चन्द्रगुप्तलाई शूद्र र म्लेच्छ भनेका हुन् कि चन्द्रगुप्त पनि किरातहरूको एक शाखाकिरातै थिए कि? मलाई लाग्छ चन्द्रगुप्त प्रथम पनि किरातहरूकै शाखाभित्र पर्थ्यो र नै केही कट्टरवादीहरूद्वारा म्लेच्छ या शूद्र भनिमाग्नुपर्‍यो। यसै परम्पराका विन्दुसारका पुत्र प्रियदर्शी 'देवानां प्रिय' सम्राट् अशोकले आफ्नो शिलालेखमा चलाएको 'देवानां प्रिय' शब्दलाई पछि कट्टरपन्थीहरूले 'मूर्ख' अर्थमा

---

१. रेखा थपलियाल, 'प्राचीन मध्य हिमालय' (पृ० ५०–५१)
(क) राय चौधरी, एच० सी० 'चन्द्रगुप्त एण्ड बिन्दुसार, एज ओफ द नन्दाज एण्ड मौर्य', पृ० १४७।

२. मरकार डी० सी० 'अशोक के धर्मलेख' पृ० ३। (क) मुद्राराक्षस अ० २।७

प्रयोग गर्न थालेका छन् । यस्तै राजनैतिक महाजालमा पर्दा म्लेच्छ र शूद्र जस्ता शब्दहरू हीन अर्थको द्योतक हुन पुगेको देखिन्छ । परन्तु चन्द्रगुप्त मौर्यसँग राजनैतिक सम्बन्ध नेपालका किरातराजा पर्वतकको अवश्य थियो । राजनैतिक सम्बन्धले नै वैवाहिक सम्बन्ध पनि जोडिएको हुन सक्छ । यद्यपि कुलुतदेखि लिएर सम्पूर्ण पर्वतीय आयुधजीवीहरूको राज्यसँग पनि चन्द्रगुप्त मौर्य परिचित थिए । विशाखदत्तको मुद्राराक्षसानुसार केही पर्वतीय[1] राज्यहरूमाथि पनि चन्द्रगुप्तले दावा गरेको पाइन्छ । तर किरातराजा पर्वतकचाहिं चन्द्रगुप्तको सहयोगी नै थिए । यो इतिहास मुद्राराक्षसको रचनाकालभन्दा पूर्वको हुनुपर्दछ । स्वयं मुद्राराक्षस पनि ई० पू० को नाटक ग्रन्थ हो । कैयौं विद्वान्हरूले साक्षात् चन्द्रगुप्तको दरबारमा घटेको घटना हो भनेका छन् भने कैयौंले चाहिं पछिको हो भनेका छन् । चन्द्रगुप्तको दरबारकै घटना भए पनि अथवा पछिको घटना भए पनि यो नाटक ई० पू० तिर अवश्यै लेखिएको घटना साक्षात् रूपमा स्वीकार गर्न सकिन्छ । होइन भने पनि विशाखदत्तले यो नाटक लेख्दा पर्व र चन्द्रगुप्तको सम्बन्धमा कुनै ऐतिहासिक ग्रन्थ उपलब्ध थियो, जसको आधारमा विशाखदत्तले मुद्राराक्षस नाटक तयार पारे । पछि गएर त्यो ऐतिहासिक ग्रन्थ लुप्त भयो होला, किनभने मुद्राराक्षस जस्तो साक्षात् इतिहासलाई प्रस्तुत गर्ने अरू इतिहासको ग्रन्थ पाइँदैन र बिनाधार नाटक-रचना वा कुनै ग्रन्थ रचना हुनु सक्तैन । चन्द्रगुप्तलाई म्लेच्छ भन्नुको अर्थ चन्द्रगुप्त किरातहरूको एक शाखा-किरातै थिए भन्ने कुरा नाटकीय इतिहासले नै प्रस्तुत गरेको छ । अर्को इतिहास मुद्राराक्षसले के बताउँछ भने जातिवादको पराकाष्टा चन्द्रगुप्तको कालमा आइसकेको रहेछ । त्यसैले 'शूद्र' शब्दको अर्थ 'हीन' जातिको बोधक हुन थालेको थियो, जसले गर्दा नाटकमै पनि शूद्र शब्द तथा म्लेच्छ शब्द अपमानजनक तथा अपयशजनक हुन थालेका थिए । त्योभन्दा पूर्व उपर्युक्त शब्दहरू 'हीन' बोधक अपमानजनक अर्थमा प्रयोग भएको पाइँदैन । सामान्य उपाधिवाचक अर्थमा भने प्रसङ्गानुसार प्रयोग भएको पाइन्छ । स्वयं छान्दोग्य आदि उपनिषद्हरूमा पनि सामान्य उपाधिवाचक अर्थमा प्रयोग भएको देखिन्छ । आचार्य रामानुजले ब्रह्मसूत्रको अपशूद्राधिकरणमा 'शूद्र' शब्द हीनार्थबोधक नभएर मात्र सामान्य उपाधिबोधक अर्थमा 'शूद्र' शब्दको निष्पत्ति गरेका छन् । वेदान्तदेशिक स्वामीले पनि भाष्यार्थ गर्दा शूद्र शब्दमाथि विचार पुऱ्याएरै लेखेका छन् । त्यसैले पछिका आचार्यहरूमा पनि 'शूद्र' शब्दमा निकै ठूलो विप्रतिपत्तिजनक अर्थ भएको देखिन्छ । तर यी अर्थमा प्रयोग गर्ने आचार्य र अर्थसङ्गतीकरणको विश्लेषण गर्दा तात्पर्यावबोधक वाक्य घटित शब्दहरूलाई प्रयोग गरेको भने देखिंदैन । जे होस्, यहाँ मुद्राराक्षसको ऐतिहासिक घटनामा किरातहरूको ठूलो हात थियो भन्न सकिन्छ । त्यसैले मुद्राराक्षस नाटक प्राचीन किरात-इतिहासको एक अध्याय हो भन्न कर लाग्छ । म्लेच्छ शब्दको अर्थ र विश्लेषण मैले यसै ग्रन्थमा अन्यत्र गरेको छु । प्रथम चन्द्रगुप्त मौर्यलाई पनि म्लेच्छ शब्द प्रयोग गर्नाले र म्लेच्छ किरातै हो भन्ने इतिहास पनि सप्रमाण अन्यत्र निरूपण गरिएको छ । यहाँ यति भन्नु छ कि यस्ता किरात-इतिहास केवल मुद्राराक्षसमा मात्रै हैन, अन्य नाटकहरूमा पनि देखिएका छन् । शोधखोज गर्दै जाने आवश्यकता भने छँदैछ ।

* * *

---

[1] विशाखद्रत्त (मुद्राराक्षस ३।१९, १।२०)

खण्ड–१४

राजतरङ्गिणीमा किरात

राजतरङ्गिणी आठौं शताब्दीतिरको ग्रन्थ मानिन्छ। कतैकतै सीधा दशौं शताब्दीको हो पनि भन्ने र लेख्ने गरेका छन्। परन्तु यहाँ लेख्न खोजेको यो हो कि किरातकालिक स्वर्णयुग ईसापूर्व गौतम बुद्धको समयतिर समाप्त भइसकेका थिए। स्वयं गौतम बुद्ध पनि शाक्यवंशीय किरातक्षत्रियकुलका अन्तिम महापुरुष थिए। परन्तु ईसापछि पनि सानासाना भुरुङ्गे भारुङ्गे किरातराजाहरू त अवश्य नै थिए। परन्तु मरे बाँचे बराबर थिए। त्यसैले ईसापछिको किरातको त्यत्रो गतिलो इतिहास पाइँदैन, किनभने किरातहरू निरन्तर पतनको बाटोमा लागिराखेका थिए। एक-आपस्तमा मिल मिलाव थिएन। एकले भनेको अर्कालि मान्दैन थिए। साथै सबैभन्दा ठूलो दुर्व्यसनमा डुब्न थालेका थिए। दुर्व्यसनको नशाले गर्दा बुद्धि ठीक रहँदैन थियो। त्यसैले उन्नतिको कुरा वा कामको थालनी भयो भने कुरै मिल्दैन थिए। काम थाले भने शुरू गरेर छोडिदिन्थे। अथवा आधा पुऱ्याएर छोड्दथिए। त्यसै दुर्व्यसनको रङ्गमा शिक्षालाई वास्ता गर्न छोडेका थिए। धार्मिक कार्यहरूमा आफ्नै मनमर्जीका काम कुरा, सामग्रीहरू बटुलेर गर्न थालेका थिए। गुरु, पुरोहित आदि वास्ता गर्न छोडेका थिए। सम्मानको बदलामा दुर्व्यसनको नशामा अपमान गर्न थालेका थिए। यस्तै कारणहरूले स्वर्णिम युगका किरातराजा-महाराजहरू खिहिएर दुइ-चार गाउँका मुखिया भएर आफूलाई राजा मान्ने स्थितिमा पुगे। त्यसपछि त्यो पनि रहेन। अब त ती किरात गाउँले मुखिया सुब्बा, पगडी आदिको नामसम्म पनि संसारबाट हराइसकेका छन्। उता करोडौंका उपहार र दान दिने किरात धनी, मानी, अरबपतिहरू खिहिएर आफ्नो विहान बेलुकाका समस्यालाई पनि आच्छु आच्छु गर्ने स्थितिमा पुगे। यता नीलगिरि पर्वतको समान आकारवाला नीलरङ्गका हात्तीहरू खिहिएर खोरमा बन्द भइराखेका छन्। यस्तै स्थितिमा पुगे पनि किरातहरूको सर्वनाशचाहिं भएको थिएन। हुने पनि छैनन्। 'किरात' नाम छोडेरै भए पनि बाँचिरहनेछन्।

यस्तै परिस्थितिमा पुगेका एकजना किरातको उल्लेख विक्रमको आठौंका काश्मीरी इतिहासकार महाकवि कल्हणले संस्कृत-जगत्को प्रसिद्ध ग्रन्थ 'राजतरङ्गिणी'[1] मा लेखेका छन्—'हे किरात! तिमी कातर न हौ। अर्थात् तिमी नडर। म आफैं रक्षा गर्नेछु। जसको बन्धु भाइहरू धेरै छन्। त्यसो हुँदा बन्धुहीन मार्नयोग्यको पनि म रक्षा गर्छु।' यस श्लोकको टिप्पणी गर्दा भाष्यकार रघुनाथ सिंहले शोधपूर्ण टिप्पणी लेखेका छन्। परन्तु दु:खको कुरा यो छ कि नभएको कुरामा पनि 'मङ्गोल' मै लगेर टुङ्ग्याउँछन्।

---

[1] किरात ? कातरो मा भूः स्वयं संरक्ष्यते मया।
बहुबन्धुस्तव सुतो बध्योऽप्ययमबान्धवः ॥३९॥

(रा० त० तृ० त० ३९। पृ०४७२)

यो काम रघुनाथ सिंहले पनि गर्नुभएको छ। जसले महाभारतसम्म पनि पढिसकेका थिए। फेरि कसरी किरातहरू मङ्गोलियन हुन पुगे ? यो उल्टो शिक्षाको परिणाम हो। लिम्बूहरूको बारेमा भने कोनि कसरी जाने। यो भन्न सकिन्न। तर पनि रघुनाथ सिंहले 'पूर्व नेपालमा बसोबास गर्ने, आफूलाई किरात हुँ भन्नेहरूले छोरीलाई बेच्ने गरेका छन् भने लोग्नेमान्छेले स्वास्नी किन्ने गर्छन्, नभए घरज्वाइँ पनि बस्छन्' भनेर लेखेको छ। यति लेखे पनि विक्रमको पाँचौं र छैटौं शताब्दीको शिलालेखहरूले यो बुझिन्छ कि त्यतिखेर बर्मा र कम्बोडियाको मूल निवासी किरातै थिए। रघुनाथ सिंहजीको खोजाइअनुसार 'पूर्वे' शब्दको अर्थ पूर्वी हिमालयदेखि भोटाङ, मणिपुर, बर्मा, कम्बोजसम्म किरातहरू नै निवास गर्थे। राजतरङ्गिणीमा किरातहरूको महत्त्व छैन। धेरै उल्लेख पनि भएको छैन। कातर किरातको नाम मात्र उल्लेख भएको पाइन्छ। कल्हणको समयमा त्यही एउटा किरात देखिए होला। परन्तु अगाडि पछाडिका सङ्केतहरू भने छँदैछन्।

केवल टिप्पणीकार भाष्यकार रघुनाथ सिंहको भाष्य र टिप्पणीमाथि इतिहासको दृष्टिले विचार गर्दा भोटाङ, मणिपुर, बर्मा, कम्बोज, पूर्वी हिमालयको अञ्चलमा किरातहरू फैलिएका थिए भन्ने कुरा अलि संशोधनीय देखिन्छ, किनभने सर्वत्र पुराणहरूमा 'पूर्वे किराताः' 'पश्चिमे यवनाः'[1] भनेर लेखेको पाइन्छ। त्यसैले यवनहरूको देश (यूनान)-देखि पूर्व भनेको हो। आजको यूनान नै प्राचीन यवनक्षत्रियहरूको देश थियो। यवनहरू किरातहरू जस्तै प्राचीन क्षत्रियहरु थिए। परन्तु कम्बोजहरू भने किरातै थिए। तर प्राचीन ग्रन्थहरूमा पनि धेरै ठाउँमा कम्बोजहरूलाई पनि किरातहरूदेखि अलगै पारेर लेखेको देखिन्छ, तापनि कम्बोज किरातै हुन् भन्ने पनि प्रमाण पाइन्छ। त्यसैले कम्बोज बर्मा आदिबाट पूर्व नभएर यूनान देश (यवन देश)-देखि पूर्व हिमालयभेक तथा समुद्रतट, मध्यभाग सबै ठाउँमा किरातहरूले बसोबास गरेको इतिहास पाइन्छ। विस्तारै हिमालयपारितिर पनि किरातहरू फैलिन गए। यसै क्रमले यूरोपतिर पनि फैलिंदै गए। परन्तु मूल निवास हिमवत्खण्ड मानसरोवरदेखि सगरमाथाको सेरोफेरोबाट किरातहरूको बसोबास र आविर्भाव भएको हो। यो उसको प्राचीन इतिहासले बताउँछ। यो इतिहास रघुनाथ सिंहजीले नपैल्याएको होइन, तर संस्कार अर्को पर्न गयो। त्यसैले किरातहरू मङ्गोलियन[2] हुन् भनेर लेख्न पुगे। यो सत्य इतिहास होइन। यति मात्रै होइन, 'सम्भवतः यो जाति (किरात जाति) अनार्य[3] थियो' भनेर पनि लेखेको देखिन्छ। यति परिश्रमको साथ शोधखोज गर्ने इतिहासकारले यसरी लेख्दा उसको इतिहासको प्रामाणिकता नै रहेन। तर खोजीको क्रम भने टुङ्गिएको छैन।

रघुनाथ सिंहले राजतरङ्गिणीमाथि भाष्य लेख्दा किरातहरूको प्राचीन इतिहासबारे विशेष रूपले पाएसम्म खोज गरेका छन्। त्यस खोजको अनुसार प्रमाण पुर्‍याउने चेष्टा भने गरेका छैनन्। काहीं प्रमाण पुर्‍याए पनि दिमागमा मङ्गोल र अनार्य शब्दचाहिं घुसिहाल्छ। यति मात्रै हैन, सुनीतिकुमार चटर्जीले 'किरातजनाकृति' भन्ने ग्रन्थमा पाएसम्मका प्राचीन संस्कृत ग्रन्थहरूको अकाट्य प्रमाण राखेर पनि मङ्गोल, अनार्य, मङ्गोलाइड, तिब्बतोबर्मिज् आदि शब्द लेखेर पाठकवृन्दलाई भ्रममा पारेका छन्। परन्तु रघुनाथ सिंहले त्यसो गरेका छैनन् र पनि मंगोल र अनार्य शब्द अनावश्यक झुण्डाउनाले उनको ग्रन्थमा खल्लोपना भने देखिन्छ। वस्तुतः इतिहास जानेर होइन, पाश्चात्यहरूको अन्धानुकरण र राजनीतिक पृष्ठलग्न हुनाले

---

[1] वा० मि० रा० मा०

[2] रा० त० तृ० त० ३९ पृ० ४७२ टिप्पणी हेर्नुहोस्।

[3] ,, ,, ,, ,, ,,

यिनीहरूले त्यसो गरेका हुन् । रघुनाथ सिंहका ती अंशहरूलाई छोडेर अरू अंशहरूमा किरात-इतिहासबारे वैमत्य छैन ।

किरग्रामका किरात

यो किरग्राम वर्तमान समयमा हिमाञ्चलप्रदेशको १२ जिल्लामध्ये जिल्ला काङ्गडाको पालमपुर तहसीलको वैजनाथ (वैद्यनाथ) भन्ने ठाउँमा पर्छ । भगवान् किरातेश्वर नै वैद्यनाथ हुन् भने वैद्यनाथप्रति अगाध श्रद्धा राख्ने भक्तहरूको लागि चार वैद्यनाथ प्रसिद्ध छन् । हिमाञ्चलको वैद्यनाथ, कुमाऊँको जिल्ला आल्मोडाको गरुडगंगाको वैद्यनाथ, नेपाल सेती अञ्चलको जिल्ला आच्छाममा पर्ने वैद्यनाथ र भारतको विहार प्रान्तको देवघरमा पर्ने, यी चार वैद्यनाथ प्रसिद्ध छन् । यी वैद्यनाथहरू आआफ्ना क्षेत्रमा अत्यन्त प्रसिद्ध छन् । साथै विहार देवघरको वैद्यनाथलाई छोडेर तीनै वैद्यनाथ अत्यन्त प्राचीन र प्रसिद्ध छन् । तीमध्ये जिल्ला काङ्गडाको वैद्यनाथ असली प्राचीन वैद्यनाथ देखिन्छ ।

यसै वैद्यनाथको स्थापना किरग्रामवासी किरातहरूले गरेका थिए । यसै वैद्यनाथको नाम किरग्राम= किरातग्राम = कीरग्राम भएको बुझिन्छ । यसै क्षेत्रको नाम पुराणकालमा जलन्धर अथवा जालन्धर क्षेत्र थियो भने महाभारतकालमा 'त्रिगर्त'को नामले प्रसिद्ध थियो । महाभारतकालमा पनि त्रिगर्तमा किरातहरूकै शासन थियो भने किरग्राममा किरातहरूको घनघोर बस्ती थियो । यसको उल्लेख प्राचीन लेखहरूमा पाइन्छ । यो किरग्राम ऐले विनोवा नदीको दाहिनो पाटामा बसेको छ । त्यसै किरग्रामको माथि भगवान् वैद्यनाथको प्राचीन जीर्ण मन्दिर छ । तल सडकमुनि रावणको मन्दिर छ । यहाँ विचार गर्नुपर्ने विषय कीरग्राम र किरग्राम शब्दमा हो । एउटामा ह्रस्व र एउटामा दीर्घ हुनु लेखाइको भूल हुनुपर्छ । तकारको उच्चारण गर्नु भुलेर 'किरग्राम' हुन पुग्यो । वस्तुतः 'किरातग्राम' नै ऐतिहासिक देखिन्छ, किनभने 'कीरग्राम' भन्दा तोता पक्षीविशेषको बोध हुन्छ । पक्षीहरूको गुँड हुन्छ । घोसला हुन्छ । परन्तु गाउँ हुँदैन । त्यसैले 'किरातग्राम' नै उपयुक्त देखिन्छ । अथवा किरातहरूले त्यतिखेर तोता धेरै पाल्ने गरेका थिए कि ? परन्तु तोता आदि पक्षी पाल्ने परम्परा किरातहरूको होइन । तोता आदि पक्षी पालेर जीविका गर्ने परम्परा वहेलिया जातिको हो । किरातग्रामको रमा आकार र तकारको उच्चारणवश अथवा अरू नै कुनै कारणले लोप हुनाले 'किरग्राम' भएको प्रष्ट बुझिन्छ । परन्तु पूरा आजको जिल्ला काङ्गडालाई महाभारतकालमा 'त्रिगर्त'को नामले पुकारिन्थ्यो । त्यस बेला त्रिगर्तको शासक सुशर्मा थियो, आज जसको नाम सुन्दा किरात हुन सक्दैन भन्ने तर्क आजका व्यक्तिहरूले उपस्थापन गर्न सक्छन् । परन्तु सुवाहु, सुमना, नीलाम्बुद, नीलराज, भगदत्त, अमोघभूति आदि त्यस कालका किरातहरूका नाम थिए भने सुशर्मा नाम किन हुन सक्दैन ? यद्यपि ई० सं० १८ शताब्दीभन्दा केही कालपूर्व काङ्गडाको राजा संसारचन्द्रले काङ्गडामा किला वनाएका थिए । तर किरातराजा सुशर्माको राजधानी त्यहाँ थिएन । किरातराज सुशर्माको राजधानी विनोवानदीको किनारै किरातग्राममा नै थियो भन्ने इतिहास वैद्यनाथको अवशेषले प्रष्ट बताउँछ । त्यो राजधानी विनोवानदीले खतम पारेको बुझिन्छ । परन्तु साँचो भन्ने हो भने किरग्रामको शोधखोज भएकै छैन । केवल मध्यप्रदेशको जिल्ला सतनामा पर्ने खजुराहोको एक अभिलेखमा काङ्गडा-नरेशलाई कीरराज[1] (किरातराज) प्रयोग भएको पाइन्छ । त्रिगर्त देश थियो भने किरग्राम (किरातग्राम) त्यतिखेर

---

[1] प्राचीन मध्य हिमालय, पृ० ३७

(क) कीलहर्न, उद्धरण राजवली पाण्डेय, पृ० १९२-१९५

राजधानी थियो । सही रूपमा शिलालेख पनि प्रष्टरूपमा पढ्न सकिएको छैन । कसैले किरराज राजाकै नाम हो पनि भनेका छन् । जे भने पनि त्रिगर्त, यामुनप्रदेश, कुलुत, आजको गढवाल, कुमाऊँ, नेपाल, कुचबिहार, सिक्किम, आसाम, मणिपुरदेखि लिएर त्रिपुरा, आराकान (बर्मा)-सम्म हिमालयभेकमा किरातहरूकै शासन र बसोबास थियो । यसमा सन्देह गर्ने अवसर छैन । कालभेदको इतिहास अर्कै हो । त्यसैले त्रिगर्त पनि प्रमुख किरातदेश थियो । किरातराजको र त्योभन्दा पूर्वको किरातहरूको ध्वंसावशेष वैद्यनाथ मन्दिर तथा मण्डीको केही पुराना मन्दिरहरू खण्डहररूपमा अवशेष छ । व्यासनदी र विनोवा-नदीको घाटीहरूमा प्राचीन किरातहरूको कलाकृति विर्सिनसक्नु छ । त्यसैमा किरग्रामको किरातहरूको कलाकृति चिरस्थायी भएर बसेको छ । किरातहरूले रिसर्च गर्ने आवश्यकता छ ।

आसकोटका कत्यूरी किरात

आसकोट नेपालको महाकाली अञ्चलको ऊकुमहलदेखि सीधा पारिपट्टि काली कुमाऊँ जिल्ला पिथौरागढभित्र पर्छ । आफ्नो समयमा आसकोट राजी किरातको शासनक्षेत्र थियो । सम्पूर्ण कुमाऊँमा शासन गर्ने राजी किरात कैयौं इतिहासकारहरूको मतानुसार कत्यूरी[1] किरातवंश नै हुन् । आसकोट राजधानी अब खण्डहरको रूपमा पाइन्छ । राजकिरात (राजीकिरात)-हरूको पनि वंश सारै थोरै छन् । परन्तु कत्यूरी किरातहरूको मूल राजधानी गरुडगङ्गा वैद्यनाथ कुमाऊँमा नै थियो । राजकिरातहरू आज अरण्यवासीका रूपमा देखा परेका छन्, तापनि आफूलाई ‘राजकिरात’ भन्नमा गौरव मान्छन् । स्थानीय प्रचलित भाषामा ‘राजी’ नामले पुकारिन्छ ।

यस्तै किरातहरूको अवशेष अझ पश्चिमबाट शुरू गर्ने हो भने लद्दाखबाट शुरू गर्नुपर्छ । लद्दाख आज काश्मीरको श्रीनगरबाट पनि बसबाट दुइ दिनमा पुगिन्छ । त्यहाँ पनि भोटेहरू किरातकै अवशेषमा रहेका छन् । हिमाञ्चलप्रदेशको चम्बा जिल्लामा ‘लाहुली’ जातिले प्राचीन किरात-परम्परालाई बोक्न नसके पनि प्राचीन किरातको अवशेषरूपमा रहेकै छन् । स्पीतिको सिपत्याल जाति र कूलुको मलाणी जाति, किन्नोरका किनोरी जाति तथा जांण जाति, बदरीनाथ गढवालका नीति, माणा आदिमा बसोवास गर्ने मार्छा तथा तोल्छा जाति, कुमाऊँकै शौखा र राजी जाति, राउटे र कुसुन्डे जाति प्राचीन किरातहरूकै अवशेष रहेका छन् । तीमध्ये आसकोटका राजी किरात = राजकिरात हुन् र कत्यूरी राजवंशमध्येका हुन् । समयले पल्टा खाँदा राजगद्दीदेखि साधारण जङ्गली परिवारमा गनिन पुगे । तैपनि आसकोटको शासनसत्ता वि० सं० १७ शताब्दीसम्म थियो । यसबारेमा प्रसिद्ध लेखक राहुल सांकृत्यायनले ‘कुमाऊँ[2]’ भन्ने पुस्तक आदिमा

---

१. रेखा थपलियाल (प्राचीन मध्य हिमालय, पृ० २०) (१९९१)
    (क) पाण्डेय, बदरीदत्त (कुमाऊँ का इतिहास, पृ० २२) (१९३७)
    (ख) रेखा थपलियाल, प्राचीन मध्य हिमाल (पृ० ३६)
    (ग) शिवप्रसाद डवराल

२. राहुल (कुमाऊँ, पृ० ८३)
    (क) रेखा थपलियाल, प्राचीन मध्य हिमालय, (पृ० ३७-३८)
    ,, ,, ,, ,, ,, (पृ० १०७)

ऊहापोह पर्याप्त मात्रामा गरेका छन् । परन्तु समस्त कत्यूरीवंश किरातवंशभित्र पर्ने भएको हुनाले किरातै भनिएको देखिन्छ, किनभने आसकोटको राजवंशावलीले प्रष्ट पारेको छ ।

राजीकिरात-बोलीको नमूना

राजी	नेपाली
ध्यो भिक् अल् हिंचये	= धेरै समयपहिले ।
हरग बटा पिइये बा-डा	= स्वर्गबाट एउटा पुरुष उत्र्यो ।
आइक् हिंइये पयाउ न्ही	= उसका दुइभाइ छोरा थिए ।
भउआ ठूलो ह्वँअ स्या चु हाङ्ग क ओ झिक् अल्	= ठूलो दाजुले धेरै मासु चाहन्थ्यो ।
अइ झिः क् आलै मनङच हौ अइअं	= त्यो धेरैजसो जङ्गलैमा रहन्थ्यो ।
धिङ डा अह मनङ् य स्या खड् उवा हाँर	= एक दिन त्यो जङ्गलमा शिकार खेल्दै थियो ।
अजालैं अगा या देहो पिइये	= त्यसै बेला आकाशमा बादल छायो ।
टिठ परे पौवअ धिङ् या	= दिनैमा अन्धकार छायो ।
लज्जर अँ चमकहानै	= बिजुली चम्कन लाग्यो ।

यस प्रकारले शोभाराम शर्मले 'राजी वोली एक भाषा वैज्ञानिक अध्ययन' शीर्षक—पहाड पत्रिकामा भाषिक विचारको साथ ध्वनि, स्वर, वर्ण, क्रिया—भूत, भविष्य, वर्तमानकालिक, अव्यय आदिको निष्कर्ष निकालनुभएको छ । यो लेख अत्यन्त पठनीय र भाषा-वैज्ञानिकहरूको लागि मननीय छ । राजकिरात (राजी)-हरू वि० सं० १८ शताब्दीको अन्तसम्म पनि कुमाऊँको आशकोटमा राज्य गर्दथिए । आज एक अविकसित जङ्गली जातिको रूपमा जौलजीवी कुमाऊँ र ऊकु नेपालको जङ्गलहरूमा मात्रै देखिन्छन् । अब राजकिरात संख्यामा पनि धेरै छैनन् । कुमाऊँतिरकाले केही खेती पनि गर्छन् ।

किरातपुत्र को थिए ?

कुमाऊँको इतिहासमा त्रिभुवनराजदेवको नाम कैयौं स्थलमा उल्लेख भएको देखिन्छ । रेखा थपलियालले 'कल्याणराजदेव'[1] र महारानी लद्धादेवीका पुत्र त्रिभुवन राजदेव महत्त्वपूर्ण राजा थिए' भनेर लेखेकी छ । यिनले कुमाऊँको व्याघ्रेश्वर मन्दिरलाई उब्जाउ हुने दुइ द्रोणी खेत दानमा दिएका थिए । साथै उनका परममित्र किरातपुत्रले पनि व्याघ्रेश्वर[2] मन्दिर र 'गंवियपिण्ड' देवताको लागि ढाई द्रोणी भूमि दान दिएका थिए । यहाँ किरातपुत्रको नाम के थियो ? त्यो सबै इतिहासकारहरूको कलमले भन्न र लेख्न सक्ने क्षमता छैन । तर यो अवश्य छ कि कुनै किरातराजाका पुत्र थिए । वागेश्वरको शिलालेखमा 'आसीत् किरातोऽत तस्य पुत्रेण' लेखेअनुसार किरातराजा थिए । उनको मृत्युपछि उनै किरातराजाको पुत्रले त्रिभुवनराजदेवसँग सन्धि गरेको बुझिन्छ । यसको अर्थ यो निक्लन्छ कि किरातराजा युद्धमा मारिए

---

१. प्राचीन मध्य हिमालय (पृ० ९५)

२. एटकिङ, भूदेवशिलालेख (पृ० ४७०)

होलान् । ई० सं० ८१५–८३३ मा कन्नोजको राजा नागभट्ट द्वितीयले किरातहरूको पहाडी दुर्ग-किलालाई बलपूर्वक[1] खोसेका थिए भन्ने ग्वालियरको लेखबाट पुष्टि भएको देखिन्छ । यी प्रमाणहरूले आठौं शताब्दीसम्म पनि कुमाऊँ र गढवालमा किरातहरूले शासन गर्दै थिए भन्ने बुझिन्छ । किरातहरूको राजभाषा पनि संस्कृतै रहेछ भन्ने कुरा प्रष्ट भएको छ ।

किरातराजा भीमसेन

संस्कृत भाषामा लेखिएको प्रसिद्ध ऐतिहासिक ग्रन्थ राजतरङ्गिणी हो । यस ग्रन्थका लेखक कश्मीरका प्रसिद्ध इतिहासकार महाकवि कल्हण थिए । कल्हण संस्कृतका कवि मात्रै थिएनन् अपितु प्रसिद्ध र विद्वान् इतिहासकार पनि थिए । उनले राजतरङ्गिणी ग्रन्थमा काश्मीरको राजाहरूको इतिहास लेख्दा आफ्नो राजाहरूसँग अरू देशका राजाहरूसँग भएका वैवाहिक सम्बन्ध, सन्धि-विग्रह, युद्ध आदि सबै कुरा लेखेका छन् । तीमध्ये काश्मीरदेखि पूर्वपट्टि काश्मीरकै राजा जयापीडको सन्धि-विग्रह आदिको उल्लेख 'राजतरंगिणी'मा कल्हणले मनोहररूपमा उभ्याएका छन् । यो इतिहास लगभग विक्रमको आठौं शताब्दीतिरको हो । काश्मीरका राजा जयापीड घमण्डको साथ जताततै राजाहरूसँग लडाइँ गर्दै हिंड्थे । यसै अवसरमा जयापीडले राजा भीमसेनको किलाभित्र छलकपटले प्रवेश गरे । राजा भीमसेनले जयापीडको काला करतुतलाई बुझेपछि तुरुन्त थुनामा हालिदिए । थुनामा परेका राजा जयापीड लूतोको रोगले मरणासन्न भएर कुहिन थाल्यो । त्यो जयापीड लूतोले कुहेर मर्न लागेको देखेर राजा भीमसेनले जयापीडलाई देशनिकाला गरिदिए । जयापीड कुनै मुश्किलले आफ्नो राजधानीमा पुगे । कल्हणले[2] राजा भीमसेनको थर-जात लेखेका छैनन् । तथापि गोविन्दप्रसाद भट्टराईले लेख्नुभएको छ—'पश्चिम नेपालका किरात[3] सामन्त थिए ।' जे भए पनि राजा भीमसेन राजा वा शासक त अवश्य थिए, तर राजा अरमुडिको अधीन वा सीमारक्षकचाहिं अवश्य थिएनन् । एउटा राजासँग पूर्ण राजा नभई त्यो व्यवहार गर्नु सक्दैन । साथै राजा भीमसेन किरात-परिवारकै कुनै किरात-शासक थिए, किनभने दशौं शताब्दीसम्म हिमाञ्चल प्रदेश, गढवाल, कुमाऊँ, नेपाल, कुचबिहार, आसाम कामरूप, शिवसागर, त्रिपुरा, बर्माको आराकन आदिमा किरात-राजामहाराजहरूको शासन चलिराखेकै थिए । त्यसैले नेपाल काठमाण्डौदेखि पश्चिममा तीनओटा किरात-शासक देखिन्छन् । ती हुन्—राजा भीमसेन, राजा डियाँ र राजा अरमुडि । यो कल्हणको राजतरंगिणीबाट प्रष्ट हुन्छ । तर यस विषयमा खोज जारी नै छ । डियाँ राजालाई कल्हणले राजतरंगिणीमा लेखेको छैन । परन्तु नेपालको महाकाली अञ्चलको ऊकुमहल, अइरीछाना र चिन्तपूर्णि आदिका प्रसिद्ध किंवदन्तीवाला राजा हो । यसको बारेमा मैले अन्यत्र यसै पुस्तकमा चर्चा गरेको छु ।

वर्मन किरात

प्राचीन इतिहासमा हामी पाउँछौं कि 'ब्राह्मणस्य शर्मान्तन्नामकरणं कर्तव्यम् क्षत्रियस्य वर्मान्तन्नामकरणं कर्तव्यम्' इत्यादि नामको अन्तमा जोडेर 'नाम' राख्ने इतिहास प्रष्ट देखिन्छ । परन्तु वर्तमान समयमा यो इतिहास हराएको देखिन्छ । तथापि यो त अवश्य नै भन्न कर लाग्छ कि 'वर्मान्त' नाम गरेका

---

[1] आनर्त, मालव, किरात·········गिरिदुर्गाः (एपि० ई० १८।९९)

[2] राजतरङ्गिणी (४।५१९–५२९)

[3] नेपाल र नेपाली (पृ० ७८–७९)

किरातहरू कहाँ छन् त ? यसको उत्तर त्रिपुरा राज्यका देववर्मा, डवर्मा, डवर्मन् आदि किरातहरूबाट मिल्छ। यद्यपि 'देववर्मा' हरूले पनि आफूलाई 'किरात' भन्न भुल्दै आएको देखिन्छ। तर पुराना बूढा-बूढीहरूमा भने सुरक्षित छ। यस सम्बन्धमा त्रिपुराका प्रसिद्ध इतिहासकार कैलासचन्द्र सिंह र कालीप्रसन्न सेनले लेखिसकेका छन्। 'देववर्मा' थर गरेका किरातहरू आज पनि लाखौं छन्।

केवल यति मात्रै होइन अपितु नेपालमा पनि प्रथम किरातराजा अलम्बर (यलम्बर ?)-देखि लिएर १९ पीढीमा 'श्रीवर्मा' नामको किरातराजा भएको उल्लेख प्रसिद्ध विद्वान् पं० नयराज पन्तको सङ्कलनमा भएको किरातवंशावलीमा पाइन्छ। किरातराजा 'श्रीवर्मा', किरातराजा 'थौको' र किरातराजा गुञ्जको बीचमा उल्लेख भएको देखिन्छ। किरातराजा श्रीवर्माले जम्मा ७३ वर्ष र ९ महिना राज्यशासन चलाएको उल्लेख पनि त्यसै वंशावलीमा छ। त्यसैले किरातहरू मङ्गोलियन नभएर किरातक्षत्रिय नै हुन् भन्न प्रमाणहरूले कर लगाएको देखिन्छ।

यस्तै पाल्पाका प्रसिद्ध राजा 'मुकुन्द सेन' को नामको अन्तमा पनि उनकै पुरोहित पं० कुलनिधिले 'श्रीश्रीश्रीमन्महाराजाधिराज मुकुन्दसेनवर्मणा…' भनेर लेखेको छ। यो ग्रन्थको नाम 'कर्मकाण्डनिबन्धावलि' हो। यस ग्रन्थलाई महाराज मुकुन्दसेनले लेख्न लगाएका थिए र पं० कुलनिधिले लेखेका हुन्। यस ग्रन्थमा उल्लेख भएको 'वर्मणा' शब्दको ऐतिहासिक महत्त्व अवश्य नै छ त्यसैले मकुवानी राजाहरू 'वर्मन' किरातै थिए। यति मात्रै होइन अपितु तीस चालीस वर्षपूर्वसम्म पनि राई, लिम्बू, मगर, गुरुङ आदिहरूको सङ्कल्प गर्दा नामको अन्तमा 'वर्मान्ति' शब्द जोडेर सङ्कल्प पढेको कलमीले पनि सुनेकै हो। अतः यी प्रमाणहरूबाट पनि किरातहरू हिन्दू-क्षत्रिय नै देखिन्छ। वर्म किरातै हुन् भन्ने पनि सिद्ध हुन्छ।

हराएका किरातहरू

किरातहरूको प्राचीन इतिहास हेर्दा यिनीहरू आर्यावर्त जम्बूद्वीपका मूल जाति थिए। हजारौं वर्ष राज्य गरेका थिए। यिनका हजारौं शाखा प्रशाखा थिए। ती शाखाहरूमध्ये जो अत्यन्त प्रसिद्ध थिए। जुन शाखाले राष्ट्र वा समाजमा उल्लेखनीय काम गरे, प्राचीन इतिहासमा उनीहरूकै नाम उल्लेख भएको पाइन्छ। परन्तु आजको युगमा ती जातिहरू हराएका छन्। प्राचीन जाति त हराउने नै भए। परन्तु आजभन्दा दुइ डेढ हजार वर्षपूर्वका जातिहरू पनि हराएकै देखिन्छ। उदाहरणका लागि नेपालकै शासक लिच्छविहरूलाई लिन सकिन्छ। विक्रमको तेस्रो शताब्दीदेखि शासनसत्तामा देखिन थालेका लिच्छविहरूले पुग नपुग वि० सं० दशौं शताब्दीसम्म नेपाल अधित्यकामा शासन गर्ने जाति आज देखिँदैन। यस्तै सेन-किरातहरू पनि लोप भएर गए। कुमाऊँ र गढवालका कत्यूरी किरात र नाग-किरात लोप भएका छन्। परन्तु नागालेण्डका नागा-किरातहरू गढवाल र कुमाऊँका नागा-किरातभन्दा भिन्न किरात हुन्, किनभने कुमाऊँ, गढवालका नागकिरातहरू नागपूजक तथा कलाकार थिए। उनीहरूको चिह्न आज पनि प्रशस्त मात्रामा पाइन्छ। यस्तै प्रकारले प्राचीनकालका किरातहरू पनि प्राचीन इतिहासका पानाहरूमा मात्र पाइन्छन्। ऐले नामै मात्र पाइन्छन्। उदाहरणको लागि पुलिन्द, कुणिन्द, शवर, मूतिव आदि अत्यन्त प्रसिद्ध शासक जाति थिए। कुणिन्दराजा अमोघभूतिको त मुद्रासम्म पनि प्राप्त भएको छ। तर यिनीहरूको वंश-परम्परा कहाँ छन् ? कता गए ? भन्ने प्रश्न इतिहासकारहरूको दिमागमा हुनु स्वाभाविकै

हो। प्राचीनकालदेखि ऐलेसम्म उल्लेख हुँदै आएको जाति 'भील' देखिन्छ। संस्कृतमा 'भिल्ल' भनेर उल्लेख भएको छ। प्राचीनकालमा नागकिरातहरूको साथमा भिल्लकिरातहरू पनि गढवाल प्रान्तमा विशेष बास गर्थे। तर आज ती भीलहरू बसाइँ सर्दै जाँदा मध्यप्रदेश नर्मदा नदीको घाटी र महाराष्ट्र प्रदेशको छोटा नागपुरको इलाकाहरूमा वसोवास गर्न पुगेका छन्। यी भीलहरू पनि ऐले जङ्गली जातिमै गनिन्छन्। काला वर्णका हुन्छन्। प्राचीन समयमा पनि त्यति प्रशंसनीय उल्लेख देखिंदैन। ऐले पनि पूर्ण दुर्व्यसनले भरेको समाज देखिन्छ।

निषादहरूचाहिं प्रायः प्रसिद्ध ठाउँहरूमा छन्। ब्राह्मणग्रन्थहरूमा यज्ञ गर्ने अधिकारबारे 'निषादस्थपतिं याजयेत्' आदि वाक्य प्रयोग भएको देखिन्छ। महाभारतमा पनि हिरण्याक्ष र उसकै पुत्र एकलव्यको गुरुभक्तिको तथा वीरताको अभूतपूर्व उल्लेख भएको छ। कसैको मतमा किरातहरूकै शाखा निषाद पनि हुन् र कसैका मतमा होइनन्, आफूलाई किरात भन्न बिर्सेको पनि हुन सक्छ। तर यो खोजीकै विषय रहेको छ। नेपालका पारम्परिक केही किरात-राईहरूले एकलव्यलाई किरात मानेको देखिन्छ। तर त्यसको ऐतिहासिक प्रमाण भने केही देखिएन। निषादहरूको रहन, सहन, खान, पान, बसोबास आदि केही मेल नखाने र केही कुरामा आंशिक साम्य पनि देखिन्छ। सबैभन्दा ठूलो भाषिक प्रमाण लिन सकिन्छ। निषादहरूको बोली कुनै किरात-बोलीहरूसँग कुनै पनि प्रकारले मिल्दैन। आफूलाई किरात भन्न त धेरै किरातहरूले नै भुलिसके। निषादहरूलाई 'किरात' शब्द सपना जस्तो लाग्नु स्वाभाविकै हो।

यसरी प्राचीन शासक किरातहरूका सन्तान पूराको पूरा हराएको देखिन्छ। किरातसम्राट् भगदत्त, नीलाम्बुद, सुमना, सुबाहु, कुणिन्द, घटासुर आदिका सन्तानको राजनीतिक कारण तथा अरू कारणले पतन हुँदै गयो। हार भएपछि पतन हुन्छ भन्ने कुरा निश्चित छ। माथि उठ्नु निकै गारो हुन्छ। राजनैतिक र सामाजिक हार भएपछि दुर्व्यसनले पनि घेरेकै हुन्छ। त्यसमाथि पनि लापरवाहीले अझ फुर्तीले घेर्दै जान्छ। त्यसपछि त्यसको शीघ्र पतन हुन्छ। आज जो किरातहरू हराएका छन्, त्यसको कारण पनि यही नै हो। यसमा सन्देह छैन। जिताहाको नाम काम चल्दै गयो। हार्नेको नाम पनि दब्दै गयो। काम पनि दब्दै गयो। यसरी नै नेपालमा पनि हराउन लागेका किरातजातिहरूमध्ये राउटे र कुसुण्डे, राजी आदि छन्। यी ऐले आधा जङ्गली नै मानिएका छन्। सबै कुराबाट आफूलाई बिर्सिंदै आएका छन्। कुमाऊँमा राजी किरात त अब समाप्तिमा नै पुगेको छ भन्दा फरक नपर्ला। यस्तै गढवालमा 'मार्छा किरात' पनि डाँडा काट्न मात्रै शेष छ। यस प्रकारले प्राचीन किरातहरू हराए। केवल इतिहासका पानाहरूमा मात्रै छन् भने वर्तमान किरातहरूको मासिने दशा यस्तै छ। आफ्नो बुद्धि वैभवले अगाडि बढ्ने युक्तिलाई उनीहरूले छोडिसके। जिन्दगी भनेको यति नै हो भनेर ठानेका छन् भने सुबुद्ध समाजले पनि मानव-अधिकार दिएर समाजमा बाँच्न दिएका छैनन्। यस्तै प्राचीनकालिक किरातहरूसँग पनि भयो होला। त्यसैले ती किरातजातिहरूको नाम मात्रै शेष रह्यो। यसरी नै अरू जातिहरू पनि हराएका छन्। अरू हराउँदै जाँदै पनि छन्। हराउन नदिनु मानव-अधिकार हो। तर मानवाधिकारको बारेमा प्राचीनकालदेखि नै गला फाडेर ऋषिमुनि, आचार्यहरू कराउँदै आइराखेका छन्। अतः मानवाधिकार भन्दै कराउने इतिहास पनि आधुनिक होइन। एकतर्फ जहाँ मानवाधिकारको हनन हुँदै गयो अथवा मानवाधिकारको हनन गरियो भने अर्कोतर्फ मानवाधिकारको सुरक्षा गर्ने जबरजस्त आवाज पनि उठ्तै गयो। यसैलाई 'ईशावास्यं इदं सर्वम्'···इत्यादि मन्त्रहरू सङ्कलित हुन थालेका थिए। यो प्राचीन किरातकालिक मानवतावादी करुणामय आवाज थियो र आज पनि करुणामय आवाज छँदैछ। यस्तै हराएका किरातहरूसँग पनि मानवाधिकार

खोसिने र मानवाधिकार खोजेर आवाज गर्ने दुवै थरी थिए। तर मानवाधिकार खोसिने आवाज प्रबल भयो। मानवाधिकार प्राप्त गर्ने आवाज दबियो। त्यसैले उपर्युक्त किरातहरू आज केही हराए भने केही जङ्गली, असभ्य अवस्थामा छन्। स्वयं यी किरातहरूले मानवाधिकारलाई प्राप्त गर्ने प्रयास गरेनन्, बरु अकर्मण्य भएर दुर्व्यसनमा डुब्नैतिर लागे। त्यसैले किरातहरूको पतन भयो। किरातहरू हराउँदै गए र आज हराएको इतिहास इतिहासकारहरूलाई लेख्नु कर लाग्यो। समयले पासा पल्ट्यो भने त्यो अर्कै कुरा हो।

गढवालका नागवंशी किरात

हिमालयको पाँच खण्डहरूमध्ये गढवाल केदारखण्डमा पर्छ। यसको पनि अरु खण्डहरू जस्तै महत्त्वपूर्ण स्थान छ। प्राचीनकालमा बदरीवन=गढवालमा यक्ष, किन्नर, नाग, तङ्गण, यौधेय आदि किरातहरूले वसोबास गर्थे (गढवाली भाषा और उसका साहित्य, पृ० २)। यसको प्रमाण आज पनि धरासु, लंघासु, कटलस्यूं, वछणस्यूँ, कण्डारस्यू आदि किरात-बोलीका स्थानवाची नामहरू छँदैछन्। किरातहरूको उपर्युक्त अनेक शाखाहरूमध्ये नागकिरातहरू गढवालमा शाके १२ शताब्दीदेखि १५-१६ शताब्दीसम्म रहे होलान्, किनभने आज पनि नागजातिका किरातहरूको अवशेष छँदैछ। विशेष गरेर नागपूजा गर्ने प्रथा गढवालमा आज पनि धेरै छन्। यसै गरी नागहरूकै नामबाट ठाउँको नाम राख्ने चलन पनि नागजातिकै किरातहरूले चलाएको बुझिन्छ। जस्तै—पाण्डुकेश्वरमा शेषनाग, नागनाथ, पुष्करनाथ, रथगाँवमा भेंकलनाग, सेमगाँवमा नागराजा, पौडीमा नागदेव, खार्हमा कलिङ्गनाग, जसोलीमा तक्षकनाग, तरोल गाँवमा मङ्गलनाग, नेलन (नीटिधारी)-को गाँवमा लोदियानाग, टकनौर गाँवमा स्युरियानाग, मर (मगर) गाँवमा वनपुरनाग, थतिकैर गाँवमा महासागरनाग, उरगम (पैनखण्ड)-मा वोर्चानाग, नागपुरमा वासुकिनाग, भद्रामा आदिमा हूणनाग आदिको पूजा आज पनि चलिराखेकै छन्। यी सम्पूर्ण नागस्थान गढवालमै पर्छन्। गढवालको[1] सीमावद्ध भूगोल पनि बताएको छ।

किरातहरू पश्चिमतिरबाट नेपालमा पसेको विशेष पुरातत्त्वहरू पाइन्छन्। गढवाल र कुमाऊँदेखि ती नागवंशी किरातहरू कता लागे? यो खोजकै विषय छ, तापनि आजको नागाहिलमा वसोवास गर्ने नागाहरूले भने उनीहरूको भाषामा कतैकतै नागवंशी हुने इतिहास त ल्याउँछन्, तर नागपूजा गरेको देखिएन, तथापि आजका ती नागाहरू निश्चित रूपले शताब्दीऔंपूर्व गढवाल, कुमाऊँ र नेपाल हुँदै आजको नागालैण्डसम्म पुगेको केही अनुमान भने गर्न सकिन्छ। पूर्व नेपालमा ती नागाहरूका कतैकतै जङ्गलमा अवशेषहरू पाइन्छन्। नागालैण्डमा पुगेपछि भने ती नागाहरूले आफू वसेको ठाउँमा आफूभन्दा मान्यजन मरे भने ठूल्ठूला ढुङ्गा उभ्याएर एउटा चिह्नको रूपमा छोड्ने प्रथा शुरू गरे होलान्। त्यसैले आजको नागाहरूमा

---

[1] पञ्चाशद्योजनायान्तु त्रिंशद्योजनविस्तृतम्।
इदं वै स्वर्गगमने न पृथिवी सा महाविभोः॥
गङ्गाद्वारमर्यादं श्वेतान्तं वरवर्णिनि?।
तमसातटतः पूर्वभागे बौद्धाचलं शुभम्॥
केदारमण्डलंख्यातं भूम्यास्तव् भेदकं स्थलम्।
वात्सल्याद् तव देवेशि? कथितं देशमुत्तम्॥ (स्क० पु० के० खं० अ० ४०।२७, २८, २९)

सबै नभए पनि केही थरी नागाहरूले ढुङ्गा उभ्याउने गरेका छन् । त्यो ढुङ्गा उनीहरूको पूर्वजको चिह्नरूपमा मान्ने गरेका छन् । नागाहरू नागालैण्डभित्र अठार जातमा विभाजित भएर बसेका छन् भने मणिपुरमा दश जातिमा विभाजित भएर बसेका छन् । तर ढुङ्गा उभ्याउने प्रथा एक-दुइ जातिका नागाहरूमा मात्रै छ । साथै यो ढुङ्गा खडा गर्ने प्रथा नेपालदेखि नागालैण्डसम्म पुगेपछि मात्रै शुरू गरेका हुन् भन्ने बुझिन्छ । तर गढवाल कुमाऊँमा भने नागवंशी किरातहरू कताबाट आएर बसोबास गर्न थाले ? यो खोजकै विषय भए पनि मङ्गोलियनचाहिं होइनन् ।

नेपाल काठमाडौं अधित्यकामा प्रवेश गर्नुभन्दा पहिले किरातहरू पश्चिममा बसोबास गर्थे भन्ने इतिहास नागवंशका किरातहरूबाट पनि पत्ता लाग्छ । विशेष गरेर गढवाल र कुमाऊँ राज्यमा नागवंशका किरातहरूले बसोबास गरेको नाम र अवशेषहरूले पनि थाहा पाइन्छ । आज पनि कुमाऊँको पिथौरागढको जङ्गपाङ्गी जातिले आफूलाई नागवंशी हौं भन्दछन् । हुन सक्छ नागहरूको शाखासन्तान अवशेष मात्र रहेको होला । तर ई० पू० द्वितीय शताब्दीदेखि लिएर ई० सं० चौथो तथा पाँचौं शताब्दीसम्म गढवाल र कुमाऊँमा नागकिरातहरूको जल्दोबल्दो अवस्था रहेको देखिन्छ । परन्तु यी नागहरूसँग र नागालैण्डको नागहरूसँग तुलना गर्नु मिल्दैन । कुमाऊँ र गढवालका नागकिरातहरू सभ्य तथा नागपूजक र नागवंशी किरातहरू थिए । विशेष गरेर पिथौरागढ जिल्लामा यत्रतत्र नागमन्दिरहरू पाइन्छन् । जस्तै— महरपट्टीमा शेषनाग, पाण्डेयगाँव छखातामा कर्कोटकनाग, दानपुरमा वासुकिनाग, सालममा नागदेव आदि छन् । यस्तै स्थानको नाम पनि वेणीनाग, पिङ्गलनाग, कालीनाग, फणीनाग, धौलनाग, कर्कोटकनाग, खरहरिनाग, अठगुलीनाग आदि पर्याप्त नागस्थान र नामहरू आज पनि प्रचलित छन् । कालिकुमाऊँमा एउटा थुम्कामा किरातेश्वर भगवान् शङ्करको मन्दिर पनि विद्यमान छ ।

हूणवंशका-किरात

यस्तै हूणकिरातहरूको इतिहासकारहरूले धेरै उल्लेख गरेका छन् । तर हूणहरू पनि किरात थिए भन्नेबारेमा थाहा भएन । तर दुर्गादास लाहिडीलाई आभास भयो । त्यसैले 'पृथिवीको इतिहास' पृ० ३१९ मा ई० पू० १४१ मा हूणहरूको राज्य विच्छिन्न भइसकेको थियो । हूणहरूले ईसाको दुइ सय वर्षपूर्व रोम साम्राज्य र चीन साम्राज्य दुवैलाई लुटेका थिए । ब्रह्माण्डपुराणमा हूणदेशलाई क्षत्रियदेश भनेर उल्लेख गरेको छ । परन्तु कौरवपाण्डवको युद्धसमयमा हूणदेशलाई 'म्लच्छ' भनेर उल्लेख गरेको छ । हूणहरूको उत्पत्तिको बारेमा (पृ० इ० पृ० ३२०) क्षत्रिय पिताको कुनै अछूत कन्याको गर्भबाट जन्मेका हुन् भनेका छन् । हूणहरूको आकृति साधारण मानिसभन्दा छाती र काँध विस्तृत तथा नाक चेप्टो, आँखा कालो, दाह्री-जुँगा नभएका, सुन्दर तथा बूढा भए पनि बूढा नदेखिने हुन्छन् । यो वर्णनले हूणहरू पनि किरातहरूकै एक शाखा-किरातै थिए । यी हूणहरू त्यतिखेर अङ्गदेश = विहारमा निवास गर्थे । बिहारमा पनि किरातहरूको शासन कुनै बेला थियो । त्यसैले हूणहरूले अङ्गदेशमा निवास गर्नु कुनै ठूलो कुरो होइन । एक समय आजको बिहार प्रान्तमा हूणकिरातहरूको राज्यशासन रह्यो भन्ने दुर्गादास लाहिडीको मत छ ।

खण्ड–१५

कुषाणकालिक किरात, मुद्रा तथा मूर्ति

कुषाण-किरातहरू

कुषाणहरूमा कनिष्क प्रथम धेरै प्रभावशाली थिए। तर प्रथम कनिष्कको जन्मसंवत् र मृत्युसंवत्मा भने धेरै विवाद छ। तर त्योभन्दा पनि भूल मात्र 'कुषाणवंश' लेख्नु हो। वस्तुस्थितिमा कुषाणहरू पनि किरातै थिए। कुषाणवंशका किरात थिए कनिष्क। आजकल जहाँतहाँ कुषाणकालिक मूर्तिहरू पाइन्छन्। ती सबै किरातै-अनुहारको पाइन्छ। पहिलो प्रमाण कनिष्कको किरात-आकृति मूर्ति हो। जे भए पनि कुषाणकिरातहरू प्रभावशाली शासक थिए। पाश्चात्य लेखक फ्लीटले ५८ ई० पू० संवत् स्थापना गर्ने कनिष्क नै हो भनेको छ। साथै यसको समर्थन कनिंघम, डौसन, फ्रेंक्, केनेडी आदिले गरेका छन्। परन्तु मार्शलले फ्लीटको कुरालाई स्वीकार गरेन। कनिष्कले वि० सं० को स्थापना गरेको होइन मार्शलले भनेको छ। मार्शलको पक्ष स्वीकार गर्नेहरू धेरै छन्। होयनसाङले कनिष्कलाई गान्धारका शासक थिए भनेर लेखेको छ। यो अन्वेषणीय र विचारणीय छ।

मार्शल, स्टेन, कोनो, स्मिथ, वान वाइक आदि विद्वान्हरूले कनिष्कको राज्य ई० सं० १२५ मा आरम्भ भएको थियो भनेर लेखेका छन्। दोस्रो शताब्दी ई० उत्तरार्धको मध्यमा समाप्त भयो। डी० वी० महाजनले पनि 'प्रा० भा० इ० पृ० ३८५' मा यही कुरा लेखेका छन्। यसरी अनेक विद्वान्हरूको कनिष्कको जन्म र राज्यशासनसम्बन्धी मतभेद देखिन्छ।

जे भए पनि कनिष्कको पछि वासिष्कको शासन भयो र त्यसपछि हुविष्क महाराज भएका थिए। हुविष्कपछि वासुदेव प्रथम राजा भयो। यो राज-परम्परा १७६–७७ ई० सं० सम्ममा समाप्त भएको थियो। यो कुषाणकिरातहरूको ऐतिहासिक परम्परा थियो।

राहुलले मानेको तिथिक्रम

प्रसिद्ध लेखक राहुल सांकृत्यायनले 'कुमाऊँ, पृ० नं० ३३' मा कुषाणकिरात-शासकहरूको तिथिक्रम यसरी दिएको छ—

१. कनिष्क	७९–१०६ ई०
२. वसुष्क	१०६–१४ ई०
३. हुविष्क	११४–५२ ई०
४. वासुदेव	१५२–७६ ई०

वासुदेवको शिलालेख वर्तमान गढवालको जिल्ला चमोलीको जोशीमठ भन्ने ठाउँमा प्राप्त भएको छ। जोशीमठमा भग्नावशेषको रूपमा वासुदेवले बनाएको वासुदेवको मन्दिर पनि छँदैछ। त्यहाँबाट तीस किलोमीटर टाढा तपोवन भन्ने ठाउँ छ। त्यहाँ वासुदेवकालिक र तीभन्दा पूर्वका खण्डहर मन्दिर भग्नावशेषहरू पाइन्छन्। शिलालेखका ढुङ्गाहरू रोडवेजले सडक बनाउँदा सडकमुनि पारेका छन्। यो इतिहासको दुर्भाग्य नै हो। ऐले भारत-सरकारको सुरक्षा-व्यवस्था पनि देखिंदैन। यसरी इतिहासको पानाहरूमा विचार गर्दै लैजाँदा वासुदेवभन्दा व्यापकरूपमा उसैको पूर्वज कनिष्कले शासन गरेका थिए। अतः काबुल, गान्धार आदिसम्म पनि कनिष्कको शासन रह्यो होला। तर ऐलेसम्म उसको राजधानीको किटान भने हुन सकेको छैन। शोधखोजको विषय नै बनेको छ। तर वासुदेव प्रथमको अन्तिम तिथि ई० सं० १७६-७७ भनेर 'प्राचीन भारतको इतिहास, पृ० नं० ३९४' मा डी० वी० महाजनले लेखेको छ।

कनिष्कको वंशपरम्परा

कनिष्कको वंश-परम्परालाई सतीशचन्द्र अग्रवालले 'भारतीय इतिहास'[१] पृ० नं० १०५ मा 'युहचौ कविले की एक शाखा से सम्बन्धित थे' भनेर लेखेका छन्। परन्तु चीनबाट आउने कुराचाहिं निराधार देखिन्छ। यी कुषाणहरू पाँच कबिलामा विभाजित थिए। तीमध्ये प्रथम 'कुजुल फडफाइस' थिए। त्यसपछि 'विम फडफाइस' भए। यसैको उत्तराधिकारी महान् कनिष्क भएर कनिष्कले ७८ ई० मा शासनसत्ता सम्भालेका थिए। कनिष्क कुषाणवंशका महान् शासक हुनका साथै द्वितीय 'अशोक' मानिन्थे। कनिष्कको प्राचीन मूर्तिहरूलाई हेर्दा पनि किरात-किरातै देखिन्छ।

विद्वान् लेखक के० वी० चौगले कुषाणसम्राट् कनिष्क 'किरातै' थिए भनेर 'ऐतिहासिक तथ्य'[२] पृ० नं० २१९ मा लेखेका छन्। के० वी० चौगलेको तर्क मूर्तिहरूमा छ। हो पनि, ऐलेसम्म मूर्तिहरूमाथि कसैको ध्यान गएकै छैन। भारतीय इतिहास बौद्धसाहित्यका सुप्रसिद्ध कुषाणमणि कनिष्कलाई नजान्ने इतिहासकार को होला र? तर कनिष्क बौद्धधर्मका संरक्षक भएर पनि 'किरात' कुलका थिए भन्ने इतिहासचाहिं इतिहासकारहरूलाई पनि थाहा छैन नै भन्नु उचित होला।

प्राचीनकालिक किरातमुद्रा

मुद्राविकासको बारेमा इतिहास खोज्दा प्राचीन ग्रन्थहरूको अध्ययन गर्नु आवश्यक देखिन्छ। तर अमीबादेखि विकास भएर बाँदर ढेंडूसम्म पुगेर फेरि चेम्पान्जी र वनमानव भएर आजको वैज्ञानिक मानवसम्म पुग्ने कुराचाहिं पाश्चात्य झूठो कल्पना मात्र हो। यस्तै प्रकारले ढुंगे युग आदिका कुरा पनि निराधारै हो। यस परिस्थितिमा समाज, राष्ट्र र राष्ट्रिय तथा अन्ताराष्ट्रिय आदि व्यवहारका साधन केही हुन आवश्यक देखिन्छ। ती समस्याहरू विनिमयले मात्रै सम्भव हुँदैन र सम्भव थिएन पनि। त्यसको लागि रुपैयाँ पैसाको अथवा मुद्राको आवश्यकता अवश्य पर्थ्यो। त्यसको सामान्य आदान-प्रदान विनिमय हात्ती, घोडा, गाई, भेडा, बाख्रा, अन्न, तेल, राडी, ऊन र औषधि आदिबाट हुने गर्थ्यो। तर मानवले एकै ठाउँमा

---

[१] महाजनी टोल इलाहाबाद ३

[२] के० शूरवीर सिंह पँवार, पुरानो राजदरबार पुस्तकालय, टिहरी गढवाल।

वसेर आफ्नो व्यवहार चलाउन सक्दैन। त्यसैले देश र विदेशमा पनि जानुपर्छ। एक राष्ट्रदेखि अर्को राष्ट्रमा जाँदा विनिमय अर्थात् अदला-बदलीको सामान लिएर हिंड्नु पनि सम्भव नहुने भएको हुनाले विशेष गिन्नी तथा मुद्राहरू प्राचीन वैज्ञानिकहरूले आजभन्दा लाखौं वर्षपूर्व प्रचलनमा ल्याइसकेका थिए। त्यस मुद्राको[1] नाम ऋग्वेदमा 'निष्क' भनेर लेखेको छ। ऋग्वैदिक कालमा प्रशस्त मात्रामा सुनको चलन थियो। त्यतिखेरको मुद्रा 'निष्क' को नामले चल्थ्यो। निष्क शुद्ध सुनले बनेको हुन्थ्यो। यस्तै ब्राह्मण-ग्रन्थहरूमा[2] 'कृष्णलान्' शब्द प्रयोग भएको पाइन्छ। 'निष्क' र 'कृष्णल' आदि दान-दक्षिणामा दिनका साथै परदेश विदेश आदिमा जाँदा प्राचीन हिन्दू-आर्यहरूले प्रयोग गर्थे। यी मुद्राहरू किरातक्षत्रियहरूले पनि प्रयोग गर्दथिए। यसरी सम्पूर्ण भरतखण्ड, जम्बूद्वीप, आर्यावर्तमा किरातक्षत्रियहरूको पनि बाहुल्य थियो। प्रारम्भकालमा 'निष्क' चले पनि विस्तारै संख्या बढ्दै जाँदा मुद्राहरूको अनेक विधा हुन थाले। अनेक राज्यहरू भए पनि सबै राज्यले मुद्रा चलाएका थिएनन्। नेपालको 'मुद्रा' विषयमा पनि केही चर्चा गर्नु आवश्यक देखिन्छ।

वंशावली-अनुसार गोपालवंश, अहीरवंश, किरातवंश, लिच्छविकिरातवंश र मल्लकिरातवंशपछि खसक्षत्रिय शाहवंशको चर्चित मुद्राहरू प्राप्त छन्। गोपालवंश, अहीरवंश तथा किरातशासकहरूको मुद्रा प्राप्त भएको छैन। साथै शोधखोज पनि भएको छैन। यीमध्ये किरातहरूकै शाखा-सन्तान लिच्छविकिरात र मल्लकिरात हुन्। नेपाल अधित्यकाभित्र बसन्तपुर राजमहलको संग्रहालयमा दुइवटा मुद्रा हुविष्ककिरातराजाका पनि संग्रहीत भएका छन्। धेरैले किरातराज हुविष्कलाई किरात हुन् भनेर जानेका छैनन्। त्यसपछि लिच्छविकिरात-शासकहरूको मुद्रा प्राप्त भएका छन्। यी मुद्राहरूमा सत्यमोहन जोशीले राम्रो काम गर्नुभएको छ। कैयौं कुरा प्रामाणिकताको कसौटीमा कसी लाउन शेषै भए पनि नेपाली भाषामा नेपालका शासकहरूको मुद्रासम्वन्धी पहिलो ग्रन्थ 'नेपाली राष्ट्रिय मुद्रा' नै हो भन्नुमा अत्युक्ति हुनेछैन। मुद्राको उत्पत्ति, क्रमिक विकास, वनाउने प्रणाली, मूल्य, नाप तौल, साल, मिति, लिपि, भाषा, रीति, स्थिति आदि अनेक महत्त्वपूर्ण विषयहरूमाथि दृष्टि पुऱ्याएर लेखेको उपयोगी ग्रन्थ भए पनि मुद्राको उत्पत्ति आदिबारेमा कलमी सहमत हुन सकेको छैन। लिच्छविमुद्राको फोटो नम्बर १ देखि ८ सम्म, लिच्छविमुद्रा ९ देखि १३ सम्म, लिच्छविमुद्रा १४ देखि २१ सम्म दिएको देखिन्छ। त्यसपछि काठमाण्डौ, ललितपुर र भक्तपुरका मल्लकिरात-शासकहरूको मुद्रा संग्रहीत भएपछि शाहवंशको मुद्रा देखाइएको छ। यी मुद्राहरू आ-आफ्ना ठाउँमा सबै महत्त्वपूर्ण भए पनि लिच्छविकालिक मुद्राहरूले त्योभन्दा पूर्वकालिक शासकहरूको मुद्राको ऐतिहासिकतालाई आभास मात्रै होइन, धेरैजसो विश्वास पनि गराउँछ। किनभने लिच्छविकिरातहरूले किरातकालिक कुनै पनि कुरालाई वदलेको देखिंदैन। लिच्छविहरूले एकदम एकैचोटि मुद्रा बनाएनन् होला। यो अवश्य छ राजनैतिक प्रतिस्पर्धामा होमिंदा पूर्वशासकहरूको मुद्रा समाप्त गरेर लिच्छविकिरात-शासकहरूले पनि आ-आफ्नो नाममा मुद्रा चलाए होलान्। यसमा आश्चर्य मान्नुपर्ने कुरा छैन।

नेपाली मुद्रा पनि प्रारम्भमा विदेशीहरूले नै खोजी दिएका हुनाले उनीहरूलाई नै धन्यवादको श्रेयः जाने भयो। यो न्यायिक कुरा पनि हो। तर ऐलेसम्म प्राप्त मुद्राहरूको भने तीनै भाग मात्र लाउन पाइएको छ। ती हुन् लिच्छविमुद्रा, मल्लमुद्रा र शाहामुद्रा। नेपाल काठमाण्डौ अधित्यकामा सर्वप्रथम

---

[1] वेदमा के छ ?, पृ० ११४ देखि ११२ सम्म द्रष्टव्य।

[2] 'कृष्णलान् श्रपयेत्' (मै० सं० इ० का० ३५।२-३)

साभार—'प्राचीन भारतीय मुद्राएँ'



५७ कुणिन्दकिरातहरूको रजतमुद्रा

आजभन्दा पाँच हजार वर्षपूर्व महाभारतकालमा कुणिन्दकिरात-शासकहरूले यस्ता मुद्रा चलाउँथे। त्यो किरातहरूको स्वर्णिम युग थियो, जुन बेला किरातहरूको यो मुद्रा चल्यो। आज यी मुद्राहरूलाई खोजेर प्रकाशित गर्ने डा० परमेश्वरीलालजीलाई साभार धन्यवाद दिइन्छ। त्योभन्दा पहिले यी मुद्राहरू ज-जसकामा थिए र ज-जसले संग्रह गरेर राखेका थिए, ती सबै धन्यवादका पात्र छन्।



५८ यौधेयकिरातहरूको ताम्रमुद्रा

यौधेयहरू पनि किरातै थिए। अतः यौधेयमुद्रा पनि किरातकालिक किरातमुद्रै हो। मुद्राभित्र शासकहरू प्रष्टरूपमा देखिन्छन्। तर शासक होइन, इष्टदेव शिव प्रष्टरूपमा खडा छ। आजको किरातहरूले यी किरातमुद्राहरूलाई राम्ररी हेरेर अध्ययन गरेर आफ्नो इतिहासलाई बुझ्न सक्ने दिन आएको छ।



५३ त्रिपुरी किरातहरूको ताम्रमुद्रा

त्रिपुराको किरातशासन पनि महाभारतकालदेखि नै चलिआएको हो। जुन सिंहासनमा पाण्डुपुत्र युधिष्ठिर वसेका थिए, त्यो हात्तीदाँतको सिंहासन ऐले पनि त्रिपुराको राजधानी 'अगरतल्ला' मा छँदैछ। उपर्युक्त मुद्रा कुनचाहिँ किरातराजाको पालाको हो? यो शोधको विषय भए पनि त्रिपुरामा किरातले वाहेक अरूले राज्य गरेका छैनन्।



९ मगधजनपद (विहार)-को रजतमुद्रा

मगधको प्रथम प्रभावशाली राजा प्रथम चन्द्रगुप्त थिए, जो नेपालका किरातराजा पर्वतकी छोरीका छोरा थिए भने कतै स्वयं चन्द्रगुप्त पनि किरातै थिए भन्ने गरेका छन्। जे भए पनि किरातकालिक मुद्राहरूको खोज गर्नुपर्नेछ।



३७ कुषाणकिरात कनिष्कको स्वर्णमुद्रा



३९ कुषाणकिरात हुविष्कको स्वर्णमुद्रा



३६ कनिष्कको स्वर्णमुद्रा



३७ कनिष्कको स्वर्णमुद्रा



४० कुषाणकिरात हुविष्कको स्वर्णमुद्रा



४१ हुविष्कको ताम्रमुद्रा



४२ हुविष्कको मुद्रा



४३ कुषाणकिरात वासुदेव प्रथमको मुद्रा



४४ कुषाणकिरात वासुदेव द्वितीयको मुद्रा



६६ कलिङ्ग-पुरी कुषाणको ताम्रमुद्रा



८० रुद्रसेनको रजतमुद्रा



११० शशाङ्कमुद्रा



१११ अज्ञात स्वर्णमुद्रा

प्राप्त भएको मुद्राहरूमध्ये 'मानाङ्क' मुद्रा मानिन्छ। मुद्राविशेषज्ञहरूले यस मुद्रालाई प्रथम मानदेवको भनेर मानेको छ। मिति, संवत् आदिमा भने मुद्राविशेषज्ञहरू[1] एकमत छैनन्। ई० सं० पाँचौं शताब्दीको भनेर उल्लेख गरेका छन्। दोस्रो प्रकारका मुद्रा अंशुवर्मा (६३५–६५४ ई०)-को प्राप्त भएको छ। तेस्रो प्रकारको मुद्रा जिष्णुगुप्त र वैश्रवण मुद्रा आदि प्राप्त भएका छन्।

तात्पर्य यो हो कि तेतीस पीढीसम्म राज गर्ने मूल किरातशासकहरूको मुद्राको अनुकरण मानांकादि मुद्रा हुनुमा सन्देह गर्ने अवसर देखिंदैन। सम्पूर्ण काठमाण्डौ पुरातत्त्वको छातीमा बसेको छ। कसैले खोजी गरेकै छैन। खोजी गर्ने आवश्यकता भने छँदैछ। किरातहरूले नै किरातहरूको उन्मूलन गरेर आफ्नो आफ्नो शासनसत्तालाई अगाडि बढाएको हुन सक्छ। यो राजनीतिको गन्धा नीति अनादिकालदेखि चल्दै आएको प्रष्ट देखिन्छ। लिच्छविहरू आफ्नो नीतिमा कट्टर थिए। त्यसैले मल्लकिरातहरूको पाशा पल्टिनेबित्तिकै लिच्छवि-किरातहरूको नाम-निशाना नै हराएर गयो। तर गोपालवंशी तथा अहीरवंशी र किरातशासकको मुद्रा पनि यसरी नै लोप भएर गएको हुन सक्छ।

केही विदेशीले कुषाणकिरात-मुद्रा पनि प्राप्त गरेका छन्। यस लेखमा धेरैलाई नचाहिंदो शङ्का होला। तर लिच्छवि, मल्ल, कुषाण आदि किरातै थिए। किरातहरूकै शाखा-प्रशाखा थिए। छन् पनि। इतिहासकारहरूले भूल गरेर अलग लेखेका हुन्। जस्तै—वर्तमानकालमा पनि केही बिर्सेर, केही अज्ञानवश, केही राजनीतिक स्वार्थवश देवान राईहरूलाई र अठपरे राई आदिलाई 'राई' भन्दा भिन्नै हो भनेर लेखेका छन्। तर यी हुन् त 'राई' नै। यस्तै प्रकारले मुद्राहरूभित्र पनि अझ गम्भीर अध्ययन गर्ने आवश्यकता छ।

कुणिन्दराज अगरजका मुद्रा

प्राचीन कुणिन्दहरूको राजधानी आधुनिक देहरादून जिल्लामा पर्ने यमुनाको किनारामा पर्छ। त्यो 'कालसी' को नामले प्रसिद्ध छ। कुनै बेला अर्थात् महर्षि पाणिनिको समय एक हजार वर्ष ई० स० पूर्व किरातराजा अगरज (अंगराज, अग्रराज)-को राजधानी स्रुघ्न थियो। पाणिनिको समयमा स्रुघ्न पनि तक्षशिला (वर्तमान पाकिस्तान) र पाटलीपुत्र (वर्तमान पटना, विहार) जस्तै प्रसिद्ध थियो। स्रुघ्नको उल्लेख पाणिनिले गजबको साथ गरेको छ। परन्तु पछि गएर 'स्रुघ्न' नाम हरियाणा प्रदेशको 'अम्बाला' लाई जनाउन थाले भनेर केही इतिहासकारहरूले[2] लेखेका छन्। कुणिन्दकिरातहरूका सबैभन्दा धेरै मुद्रा तथा अभिलेख 'स्रुघ्न' बाटै प्राप्त भएको छ। यमुनाको घाटी 'स्रुघ्न', कालसी, लाखामण्डल आदि स्थानहरूबाट कनिङ्घमले किरातकालिक मुद्रा तथा अभिलेखहरू धेरै प्राप्त गरेका छन्। यसरी किरातहरू यमुनाको किनारा हिमालयदेखि मैदानसम्मको घाटीहरूमा कुणिन्दको नामले प्रसिद्ध थिए।

तर कनिङ्घमले किरातमुद्रा भनेर जानेका थिएनन्। कनिङ्घमले यति जान्यो कुनै राजा-महाराजको मुद्रा हुन्। तर पछि खोज गर्दै जाँदा जहाँ ती मुद्राहरू पाइए, त्यस बेला त्यहाँका मूल बसोबास गर्ने तथा शासकहरू किरातै थिए भने ती मुद्राहरू किरातहरूको बाहेक अरू कसको हुनु सक्छन् र? निश्चित किरातमुद्रा नै हुन्। यसमा सन्देहको अवसर छैन।

---

[1] नेपाली राष्ट्रिय मुद्रा, पृ० ४७ देखि ४९, संस्करण २, (साझा प्रकाशन, २०४२, काठमाण्डौ)

[2] रेखा थपलियाल 'प्राचीन मध्य हिमालय का इतिहास' पृ० ५६।

कुणिन्दराज बलभूति

कुणिन्दहरूको इतिहास खोज्दा अर्को कुणिन्दराज बलभूतिको नाम पनि उल्लेखनीय देखिन्छ। यद्यपि 'कुणिन्द' र 'स्रुघ्न' शब्दले कुणिन्दकिरातहरूको राजधानी यामुन प्रदेशमा थियो भन्ने इतिहासकार सत्यकेतु विद्यालङ्कार आदिले लेखेका छन् भने महाभारतको अनुसार कुणिन्दहरू किरातै थिए भन्ने इतिहास प्रष्ट हुन आएको छ। साथै यमुना, गङ्गा तथा अलकानन्द नदीहरूका घाटीहरूमा किरातहरूले बसोबास गर्दै आएको प्राचीन इतिहासले प्रष्ट पारेको छ। परन्तु यामुन र गङ्गा घाटीको किरातकालिक राजधानी स्रुघ्न, कालसी र लाखामण्डल थियो। अलकानन्दको घाटी बदरीवनको किरातहरूको राजधानी गर्मीको महिनामा जोशीमठ, तपोवन थियो भने जाडाका महिनाको राजधानी श्रीनगर गढवालमा थियो। महाभारतकालमा किरातराजा सुवाहुको शासन भएको कुरा महाभारतमा प्रष्ट उल्लेख भएको छ। जोशीमठ र त्यहाँबाट २५ किलोमीटर उत्तर तपोवनमा महाभारतकालिक पुरातत्त्व प्राप्त भएको छ। त्यहाँका राजा वासुदेवको उल्लेख भएको साक्षी प्राप्त भएको छ। तर वासुदेव पनि किरातै थिए। हुविष्क पछिका हुन्। यीभन्दा पूर्व 'सुवाहु' शासक थिए। वासुदेव कत्यूरीवंशका किरात थिए।

यहाँ प्रसङ्गमा स्रुघ्नबाट प्राप्त मुद्रा र अभिलेखमा उल्लेख भएको कुणिन्दराजा 'बलभूति' महाभारतकालभन्दा पछिका हुन् कि उसै समयका हुन्, यो शोधखोजको विषय छँदैछ। तर कुणिन्दराज बलभूति पनि आफ्नो समयको शक्तिशाली राजा थिए भन्ने स्पष्टीकरण[1] मुद्राबाट भएको छ।

कुणिन्दराज धनभूति

स्रुघ्नबाट प्रसारित गरेका मुद्राहरूको अध्ययनले मात्र नपुगेर अरू साक्षीको आवश्यकता पर्नु स्वाभाविकै कुरा हो। यस प्रसङ्गमा मैले मध्यप्रदेशको 'भरहुत' पनि शुद्ध किरातकलाकृति हो भनेर यत्र तत्र लेखिसकेको छु। कालसी, लाखामण्डल आदिमा पाइएका कुणिन्दमुद्रा र मध्यप्रदेशको भरहुतको पूर्वी तोरण स्तम्भलेखमा कुणिन्दराज-परम्पराको एउटा लेख ब्राह्मी लिपिमा कनिंघमलाई प्राप्त भएको थियो। त्यस लेखमा (विसदेव) विश्वदेवको पनाति अगरज (अग्रराज, अङ्गराज)-को पुत्र धनभूतिको र अग्रराजको दानसूचक स्तम्भलेखबाट द्वितीय धनभूतिको पुत्र वाघपाल (वृद्धपाल)-को उल्लेख भएको छ। यस परम्पराका शिलालेख, वंशावली रेखा थपलियालले[2] यसरी देखाएकी छन्—

१—विसदेव–विश्वेदेव
२—आगरजु–अग्रराज, अंगराज
३—धनभूति–धनभूति प्रथम
४—वाघपाल–वृद्धपाल
५—धनभूति–धनभूति द्वितीय

---

१. थपलियाल रेखा (प्राचीन मध्य हिमालय, पृ० ५७)

२. थपलियाल रेखा 'प्राचीन मध्य हिमालय' पृ० ५७।
(क) बरुआ सिंह 'भरहुत इन्सक्रिप्सन' पृ० १०२।
(ख) कनिङ्घम 'स्तूप आफ भरहुत' पृ० १६-१७।

६—बलभूति
७—अमोघभूति

उपर्युक्त कुणिन्दकिरातराजा-महाराजहरूमा धनभूति प्रथमको चर्चा प्रभावकारी थियो। धनभूति, बलभूति र अमोघभूतिको शासनकालमा केवल हिमाञ्चल, गढवाल, कुमाऊँ मात्र नभएर पश्चिमको हिमालय प्रदेश, दक्षिणमा सुनेत, अम्बाला, सहारनपुर, विजनोर, कालसी आदि कुणिन्दकिरातहरूको शासनको क्षेत्रफल थियो। यो शासन-परम्परा महाभारतदेखि प्रारम्भ भएर ईसाको प्रथम द्वितीय शताब्दीसम्म रह्यो। रेखा थपलियालले प्रसिद्ध लेखक टालेमीको उद्धरण दिएर लेख्नुभएको छ। यसरी कुणिन्दकिरातहरूको शासन धेरै लामो समयसम्म रहेको देखिन्छ। यी हरेक कुरामा समर्थ र सफल थिए। जब कुषाणहरूको आक्रमण भयो, त्यतिखेर कुणिन्दहरूले डटेर मुकाबला गरेका थिए। स्वयं 'भगवता छत्रेश्वर-महात्मना' उपाधिले विभूषित कुणिन्दसम्राट् अमोघभूतिले आफ्नो सैन्यबलले कुषाणहरूलाई परास्त गरेको बुझिन्छ। यसको समय ईसाको द्वितीय अथवा तृतीय शताब्दी हो भनेर रेखा थपलियालजीले दिनुभएको छ। परन्तु यो समयनिर्धारण भ्रमात्मक छ, किनभने कुणिन्द शासन ईसापूर्व नै समाप्त भइसकेको थियो।

राजा शीलवर्मा

कुणिन्दकिरातहरूको उल्लेख गर्दा किरातराजा शीलवर्माको उल्लेख गर्नु पनि अत्यन्त आवश्यक देखिन्छ। यद्यपि दत्त, भूति, वर्मा आदि नामको अन्तमा लागेको देखेर इतिहास नजान्नेहरूले यी किरात होइन भन्न सक्छन्। परन्तु इतिहासको मेसो केलाउनेहरूले त्यसो भन्नेछैनन्। रेखा थपलियालले मुनीशचन्द्र जोशीको उद्धरण दिएर जोशीजीले शीलवर्मालाई[1] कुणिन्दहरूको राजा भनेको छ। निश्चित शीलवर्मा किरात कुणिन्दहरूका राजा थिए। कसैले शीलवर्मालाई यौधेयहरूको राजा पनि मानेका छन्। कुनैले शालिवाहन कत्यूरी शासक मानेका छन्। यहाँ बुझ्नुपर्ने कुरा यौधेय, शालिवाहन, कत्यूरी एकै किरात-परिवारका थिए। त्यसैले विस्तृत रूपमा कुणिन्दकिरातरूपमा फैलिएका थिए। यो अवश्य छ कि शासन-क्षेत्र, राजधानी र शासक तथा कालनिर्णयसम्बन्धी खोज गर्नु अझ शेष छ। शीलवर्मा यामुनप्रदेशभित्रका किरातराजा कुणिन्दराज थिए।

किरातहरूको बारेमा चौतर्फी खोज भएकै छैन। किरातहरू प्राचीन जाति थिए मात्र भनेर केही इतिहासकारहरूले लेखेका छन्। परन्तु वर्तमानकालमा किरातहरू छन् कि छैनन् भन्ने कुरामा धेरैजसो इतिहासकारहरू मौन छन्। यस परिस्थितिमा किरातहरूको 'मुद्रा' को विषयमा त कसैले पनि चर्चा गरेकै छैनन्। कैयौं इतिहासकारहरूले किरातहरूलाई छुट्याउनै सकेका छैनन्। यस परिस्थितिमा किरातमुद्राहरूको अध्ययनको कुरै के गर्नु ?

कैयौंको मतमा किरातहरू जङ्गली बर्बर थिए। उनीहरूलाई मुद्राको के आवश्यकता ? पनि भनेर लेखेका छन्। तर शोधखोज र गम्भीर अध्ययन गर्दा उपर्युक्त कुरा झूठो ठहरिन्छ, किनभने किरातहरू जङ्गली थिएनन्। किरातहरू उपवन र वाटिकाप्रिय थिए। किरातहरूले अक्सिजनको लागि

---

[1] जोश, एम० पी० 'स्मारिका' संयुक्त अङ्क, ८१-८२
(क) कुमाऊनी इतिहास, पृ० ४९
(ख) प्राचीन मध्य हिमालय, पृ० ७१

आफ्नो घर-गाउँको समीपमा वन-जङ्गल लाउँथे। त्यसैले विरोधीहरूले जंगली भनेका हुन्। यसैलाई नबुझेर परवर्ती इतिहासकारहरूले पनि किरातहरूलाई जंगली भनेका छन्। किरातहरू जंगली नै भए धनाढ्य करोडपति, राजा-महाराज आदि किन हुन्थे र? किरातहरू राजा-महाराज भएर आ-आफ्ना राज्यमा माटो र सुन, चाँदी, ताँबा आदिका मुद्रा चलाएका थिए भन्ने प्रमाण प्राचीन मुद्राध्यता कतिपय विद्वान्-हरूले प्रमाणित गरेका छन्। तर यी किरातमुद्रा हुन् भन्नेचाहिं उनीहरूले पनि छुट्याउन सकेका छैनन्। तर भारतको अनेक प्रान्तहरूमा अनेक प्रकारका मुद्राहरू प्राप्त भएका छन्। ती मुद्राहरूको बारेमा डा० परमेश्वरीलाल[1] गुप्त आदिले मनग्य अध्ययन गरेका छन्। परन्तु यस अध्ययनमा पनि किरातहरूको मुद्रा छुट्याइएको देखिएन। यद्यपि कुणिन्दहरूको मुद्रा भनेर प्रष्ट उल्लेख भएको छ। छुट्याउनु पनि कठिनै पर्छ। डा० परमेश्वरीलालजीले कुणिन्दहरू किरात हुन् भन्ने थाहा पाएका छैनन् जस्तो लाग्यो। परन्तु महाभारतादि इतिहासले कुणिन्द किरातै हो भन्ने प्रष्ट भएको छ। मुद्रा पाइएका स्थलहरू शूरसेन, उत्तर पाञ्चाल, दक्षिण पाञ्चाल, वत्सदेश, कोसल, काशी, मल्ल, मगध, कलिङ्ग, आन्ध्र, अश्मक, गान्धार आदिमा प्राचीन मुद्राहरू प्राप्त भएका छन्। प्रायः प्राप्त भए जति मुद्राहरू डा० परमेश्वरीलालजीले आफ्नो ग्रन्थमा फोटोसहित धेरै ठूलो परिश्रमको साथ प्रकाशित गर्नुभएको छ। छूटपूट अरूहरूले पनि मुद्रा-सम्बन्धी खोज र अध्ययन गरेका छन्, तर डा० गुप्तको अध्ययन निकै गहकिलो देखिन्छ। डा० रायगोविन्द, कनिंघम आदिले पनि मुद्रासम्बन्धी अध्ययन गरेकै हो, तापनि डा० गुप्तको अध्ययनको तुलनामा नगण्य देखियो। डा० गुप्तको पुस्तकको आकार सानो छ, तर सारले भरिभराउ देखिन्छ।

तथापि डा० गुप्तले पनि कुमाऊ, गढवाल, 'लाखामण्डल', कालसी आदिको मुद्राहरूको चर्चा गरेको देखिएन। कुणिन्दकिरातको राजधानी लाखामण्डल, कालसी नै हो भन्ने प्रमाण डा० रेखा थपलियालले 'प्राचीन मध्य हिमालय' को इतिहास पृ० ३२ मा प्रष्ट उल्लेख गरेको छ। तर श्रीमती रेखा थपलियालले पनि धेरै परिश्रम गरे पनि कुणिन्दलाई किरात भनेर ठोकुवा गर्न सकेकी छैन। परन्तु कुणिन्दको मुद्राको चर्चाचाहिं अवश्य नै गरेकी छ। जे भए पनि माथि लेखेको देशहरूको सामान्य भौगोलिक परिचय दिएर पाठकवृन्दलाई अगाडि बढाउनु उचित होला भनेर लेख्दै छु। किरातकालिक मुद्राबारेमा एउटा छुट्टै पुस्तकाकार प्रस्तुत हुन सक्ने कुरालाई पनि पाठकवृन्दले बुझ्नुपर्नेछ। यहाँ जुनजुन ठाउँमा मुद्राहरू पाइ-एका छन्, ती स्थलहरू कहाँकहाँ पर्छन् भन्ने प्रश्न नउठोस् भन्नाका लागि तीती भौगोलिक स्थलहरूको नाम आजको रीतिले राखिदै छ। तल हेर्नुहोस्। यी स्थलहरूमा प्राचीनकालमा किरातहरूले वसोबास गरेका थिए। आज ती स्थलहरूबाटै धेरैजसो मुद्राहरू प्राप्त भएका छन्।

यी देशहरूमा प्राचीन मुद्रा प्राप्त भएका छन्

१–शूरसेन, वर्तमान मथुराको छेउछाउमा फैलिएको ब्रजभूमि।
२–उत्तर पाञ्चाल, मध्यप्रदेश रुहेलखण्डको क्षेत्र।
३–दक्षिण पाञ्चाल, गंगादेखि चम्बल घाटीसम्मको भू-भाग।
४–वत्सदेश, गंगादेखि दक्षिण अवंती अर्थात् उज्जैनको सीमासम्म फैलिएको भू-भाग।

---

[1] 'प्राचीन भारतीय मुद्राएँ' डा० परमेश्वरीलाल गुप्त एम० ए० पी-एच्० डी० एफ० आर० एन० एस०, निदेशक इण्डियन इन्स्टीट्यूट अफ रिसर्च इन न्यूमिसमेटिक स्टडीज, अन्जानेरी नासिक, महाराष्ट्र, प्र० सं० १९८९

५–कोसल, पश्चिममा गोमती र दक्षिणमा सर्पिक आधुनिक 'सई', पूर्वमा सदानीरा, आधुनिक गण्डकी तथा उत्तरमा नेपालको केही पर्वतले घेरिएको भू-भाग ।

६–काशी, वाराणसीको चारैतर्फ घेरिएको भूभाग ।

७–मल्ल, देवरिया तथा गोरखपुरको भू-भाग ।

८–मगध, उत्तरमा गंगा तथा पश्चिममा सोननदी, दक्षिणमा छोटा नागपुरको पठार, पूर्वमा भागलपुर आदिले घेरिएको प्रदेश ।

९–कलिंग, उडिसाको वैतरणीदेखि लिएर आन्ध्रप्रदेशको सीमासम्म समुद्रतटवर्ती प्रदेश, पश्चिममा अमरकण्टकको विस्तृत वनप्रदेशसम्म फैलेको भू-भाग ।

१०–आन्ध्र, कृष्णानदी र गोदावरीले घेरेको प्रदेश ।

११–अश्मक, गोदावरीको दक्षिण भू-भाग ।

१२–गान्धार, अफगानिस्थानको सीमासँग जोडिएको पश्चिमोत्तर प्रदेशहरूमा ब्राह्मण र उपनिषद्कालिक सुनको 'सिक्का' चल्ने गर्थ्यो ।

१३–'लाखामण्डल' देहरादून समीप, गढवाल प्रदेश आज हिमाञ्चलको सीमासँग मिलेको छ ।

किरातमहाराज अमोघभूतिको मुद्रा

यीमध्ये कुणिन्दहरूको मुद्रा धेरै महत्त्वपूर्ण किरातकालिक मुद्रा हो। डा० गुप्तले छायाचित्रसहित आफ्नो 'प्राचीन भारतीय मुद्राएँ' भन्ने ग्रन्थको पृ० नं० ९८ को चित्र नं० ५७ मा चित्र र विवरण दिनुभएको छ ।

५७ 'किरातराजा' कुणिन्दको 'मुद्रा' रजतको छ। त्यो मुद्रा दक्षिणमुखी मृग र सामुमा एउटा देवी उभिएकी छ। मृगको तल-माथि सानो चिह्न छ। त्यस मुद्रामा ब्राह्मी लिपिमा 'राज्ञः कुणिन्दस अमोघभूतिस्य महाराजस्य' भन्ने लेखिएको छ। पट छत्रयुक्त छ। पटकूट, माथि नन्दिपद, देब्रेपट्टि माथि स्वस्तिक तल इन्द्रयष्टि, दाहिनेपट्टि चैत्यवृक्ष, तल सर्पिल रेखा छन् ।

प्राचीन मुद्राहरूले पनि किरातहरू हिन्दू-आर्य नै देखिन्छन्। उपर्युक्त मुद्रामा संस्कृत भाषा लेखिएको छ। कुणिन्दकिरातमहाराजको नाम 'अमोघभूति' संस्कृतैमा लेखिएको छ। लिपि ब्राह्मी छ। यो मुद्रालेखले के बुझिन्छ भने किरातसम्राट् अमोघभूतिको राज्यकालमा किरातहरूको भाषा संस्कृत थियो। लिपि ब्राह्मी लेख्दथिए भन्ने बुझिन्छ। किरातहरूको भाषा अलगै भए त संस्कृत भाषामा नलेख्नुपर्ने हो। 'अमोघभूतिस्य' यो पद भने विचारणीय देखिन्छ। यस्तै 'कुणिन्दस' संस्कृतबाट पालि भाषा हुन पुगे जस्तो देखिन्छ। हुनुपर्ने 'राज्ञः कुणिन्दस्य-अमोघभूतेर्महाराजस्य' हो। यो अशुद्ध संस्कृतमा लेखिएको देखिन्छ, तथापि किरात-इतिहास मुद्रामा पनि प्रष्ट रूपमा प्राप्त भएको देखिन्छ। यति मात्रै हैन, यस्ता मुद्रा सैकडौं हजारौं होलान्। तर परिश्रमपूर्वक रिसर्च गर्ने आवश्यकता भने छँदैछ। मुद्राको बारेमा भारतीय विद्वान्हरूले पनि यी किरातमुद्रा हुन् भनेर छुटयाउन सकेका छैनन्। यहाँ प्रथमबार किरातमुद्राहरूको बारेमा कोटयाएर भविष्यको रिसर्चको बाटो खलस्त पारेको छ ।

त्रिपुरी किरात-मुद्रा

यसै गरी त्रिपुरी किरातमुद्रा पनि प्राप्त भएको छ। त्रिपुरी मुद्राको विशेषता मेरु र चतुष्क वेदिका हो। तर यहाँ विचार गर्नुपर्ने कुरा गहन छ। किरातहरूलाई मंगोल भनेर लेख्ने इतिहासकारहरूले राम्ररी सोच्नुपर्नेछ, किनभने चतुष्क वेदिका पनि शुद्ध सनातन हिन्दूहरूकै परम्परा हो। यस परम्परालाई अनादिकालदेखि किरातहरूले पालन गर्दै आइराखेका छन्। यो किरातहरूकै शासन र मुद्राहरूले वताइराखेको छ। त्यसैले त्रिपुरी किरातहरू ययाति र द्रुह्यु आदिदेखि लिएर अन्तिम मानिकचन्द्र देव वर्माको शासन १८ शताब्दीको अन्तसम्म चल्यो। यो अवश्य छ कि दुर्व्यसनको कारणले गर्दा किरातहरूको पतनचाहिं अवश्य नै भएकै हो। आधुनिक त्रिपुरी किरातहरू पनि नेपालकै किरातहरू जस्तै दुर्व्यसनमा डुबिराखेका छन्। त्यसैले त्रिपुरी किरातहरूले पनि आफ्नो प्राचीन इतिहास र मुद्रा आदिबारे शोधखोज गर्न सकेका छैनन्। उही नेपालकै किरातहरू जस्तै केवल आफ्नो सामान्य आजीविकामा मस्त छन्। यद्यपि चन्द्र सिंह तथा कालिप्रसन्न सेन आदिले त्रिपुरी किरातराजमाला संग्रह गरेर प्रकाशित गर्नाले किरातहरूलाई ठूलो गुन लगाएको छ। परन्तु यी दुवै इतिहासकारले मुद्रासम्बन्धी अध्ययन भने गरेका छैनन्। उपर्युक्त विद्वान्द्वयले राजमालाको प्रकाशन गर्नाले प्राचीन किरात-इतिहासमा भने पर्याप्त प्रकाश परेको छ। त्रिपुरी किरातमुद्राको बारेमा प्रकाश पार्ने विद्वान् डा० परमेश्वरीलाल नै हो।

यौधेयकिरात-मुद्रा

धेरै ठाउँमा यौधेयहरूको गणना गर्दा इतिहासकारहरूले यौधेय जाति किरातहरूभन्दा अलगै हुन् भनेका छन्। इतिहास तथा पुरातत्त्व र नृतत्त्व आदि विषयहरूलाई केलाएर हेर्दा यौधेय पनि किरातभित्रै पर्छन्। जातीय शब्दमाथि विचार गर्दा पनि 'यौधेय' भनेको युद्धमा कुशल भन्ने अर्थ[1] हुन्छ। जस्तै— आजका किरातहरूमा राई र लिम्बू आदि भए पनि सबैले किरात लेख्दैनन्। 'राई' मात्रै नामको अन्तमा लेख्छन्। फेरि राईहरूमा पनि 'राई' लेख्न छोडेर थुलुङ, कुलुङ, वान्तवा, चामलिङ आदि लेख्छन्।

यस्तै लिम्बूहरूमा पनि सबै लिम्बू नै हुन्। तर सबैले लिम्बू लेख्दैनन्। थेवे, आग्देम्बे, लावती, लिङदेन आदि लेखे जस्तै किरातभित्र पर्ने यौधेयहरूले किरातले किरात नलेखेर वान्तवा लेखे जस्तै यौधेय मात्रै लेखे। समय पर्दा यौधेयहरूमा पनि वीर तथा शासकहरू निक्ले। त्यसैले इतिहासमा नाम आयो। यो जाति महाभारतकालमा पनि प्रसिद्ध थियो। तर डा० गुप्तले पनि यौधेयहरूलाई किरातमा गनेका छैनन्। यौधेयकिरातहरूको मुद्रा भने सङ्कलन गरेका छन्।

यौधेयहरूको ताम्रमुद्राको विवरण डा० गुप्तले दिनुभएको छ। यौधेय मुद्राको विशेषता चित्र नं० ५८ मा चित-कटिविन्यस्त कार्तिकेय सामुमा खडा दाहिने हातमा शक्ति लिएको छ। ब्राह्मी लिपिमा 'यौधेयगणस्य जयद्धि' भनेर संस्कृतमा लेखिएको छ। पट विन्दुमालाको बीचमा वाममुखी कटिविन्यस्त देवसेना देखाइएका छन्। 'कार्तिकेय पत्नी' पनि देखाइएका छन्। मुद्राको[2] चित्र दुवैतिर छ।

यहाँ विचारणीय कुरा के छ भने कार्तिकेय किरातेश्वर शिवकै पुत्र भएको हुनाले प्राचीन कार्तिकेयको

---

१. 'युद्धे कुशलो: यौधेय:'

२. प्राचीन भारतीय मुद्राएँ, पृ० नं० ९८, मुद्रा चित्र नम्बर ५८

मूर्तिको अनुहार पनि किरातकै अनुहार देखिन्छ । मान्य देवता पनि किरातहरूकै हो । तर वर्तमान समयमा दक्षिणभारतमा कार्तिकेय भगवान्‌को पूजा धेरै गर्छन् ।

कनिष्कको मुद्रा

कनिष्कको राज्यविस्तार र राज्यशासनको बारेमा शङ्का छैन, किनभने इतिहासका पानापानामा यसको चर्चा भएको छ । तर इतिहासकारहरूले कनिष्क पनि किरात थिए भनेर छुट्याएका छैनन् । ती इतिहासकारहरूमध्ये पनि नेपालको इतिहासले कनिष्कलाई छोएको छैन । भारतीय इतिहासकारहरूले भने कनिष्कको बारेमा धेरै लेखेका छन् । लेखकले आठ कक्षामा पढ्दा भारतको इतिहासमा कनिष्कको फोटोसहित पढेको हो । त्यही विद्यार्थी अवस्थामा नै कनिष्कको फोटो हेर्दा कुनै 'किरात' महाराजको फोटो देखेको अनुभव भयो । निश्चय पनि कनिष्क बौद्धधर्मावलम्वी बुद्धको उपदेश अनुसरण गर्नेवाला किरात-राजा थिए । बुद्ध स्वयं शाक्यवंशीय किरात थिए । किरातकुलमा महापुरुषले जन्म लिएर उपदेश दिएर विदा भइसकेका थिए । त्यसको धेरै शताब्दीपछि पनि बुद्धको पञ्चशीलोपदेश ताजै थिए, कनिष्क प्रभावित भए । बौद्धधर्ममा दीक्षित भए । तर कनिष्कको अनुहार हेर्दा किरात नै भएको पाइन्छ ।

डा० परमेश्वरीलाल गुप्तले कनिष्कको चारवटा मुद्राहरू प्राप्त गरेका थिए । मुद्राको ३५ नम्बरमा महाराज कनिष्कको[1] स्वर्णमुद्रा प्राप्त भयो । त्यस मुद्रामा भएको चित्रमा अग्निकुण्डमा आहुति दिंदै गरेको वाममुखी शासक उभिएको छ । यवन आलेख छ । 'शावनानो शाव कनिष्की कोशनी' भनेर लेखेको छ । दक्षिणमुखी देवी उभिएकी छ । यस्तै गरी ३६ नम्बरको कनिष्क मुद्रामा पनि ३५ कै समान पटमा चतुर्भुज शिव खडा छ भने ३७ को कनिष्क मुद्रामा पटसम्मुख बुद्ध उभिएको छ । तीनवटै स्वर्णमुद्रा छन् । ३८ नम्वरको मुद्राको चित्रमा मैत्रेयबुद्धको चित्र देखाएको छ । ताम्रमुद्रा छ ।

हुविष्कको मुद्रा

३९ कनिष्कको शासनपछि हुविष्क शासक हुन पुगे । कुषाणवंशका किरातहरूमध्ये कनिष्क जस्तै हुविष्क पनि शक्तिशाली शासक थिए । परन्तु यी राजा, महाराज, सम्राट्‌हरूलाई कसैले 'किरात' भनेर चिनेका छैनन् । सबै इतिहासकारहरूले 'कुषाण' शब्दले मात्रै पुकारेका छन् । वस्तुतः यी किरातवंश-भित्रै पर्छन् ।

महाराज हुविष्कका चार मुद्रा प्राप्त भएका छन् । तीमध्ये दुइ स्वर्णमुद्रा छन् । दुइ ताम्रमुद्रा छन् । हुविष्कको मुद्रामा अङ्कित भएको चित्रमा वाममुखी शासकको ऊर्ध्वङ्ग भाग र दाहिने हातमा अंकुश सुशोभित छ । लिपि-अध्यताहरूले वास्त्री लिपिमा लेखिएको बताउँछन् । डा० परमेश्वरीलाल गुप्तले पनि यही कुरा लेखेका छन् । भाषागत अध्ययन र लिपिगत अध्ययन अझ शेष छ । हुविष्कको मुद्रा केही काठमाडौं वसन्तपुर राजदरबारभित्रको सङ्ग्रहालयमा पनि छन् । ४० नम्बरको हुविष्क मुद्रा पनि स्वर्णमुद्रा नै हो । यस सिक्काको चित्रमा देब्रे हातले पक्डेको भाला काँधमा अडाएको शासक राजा, दक्षिणतिर फर्केको हातमा विषाण लिएकी देवी उभिएकी छ । तेस्रो ४१ नम्बरको सिक्काको चित्रमा दक्षिणमुखी हात्तीमा चढेको शासक देखिन्छ । यो हात्ती सवार गर्ने प्राचीन इतिहास किरातहरूकै हो भन्ने इतिहास महाभारतले प्रष्ट

---

[1] 'मुद्रा परिचय' पृ० ९५ देखि ९६ सम्म हेर्नुहोस् ।

वताएको छ । हात फैलाएका दक्षिणाभिमुख इष्टदेव उभिएको देखिन्छ । ४२ हुविष्कको मुद्रा ताम्रमुद्रा छ। यस मुद्रामा मञ्चमा आसीन शासक सामुन्ने देखिन्छ । ४३ हुविष्कपछि वासुदेव शासक भए । तर वासुदेव प्रथम र वासुदेव द्वितीय गरी दुइ वासुदेव इतिहासकारहरूले मानेका छन् । डा० गुप्तले पनि दुवै वासुदेव मानेर मुद्राविवरण दिएको छ । प्रथम र द्वितीय नाम राखेर लेखेको छ । प्रथम वासुदेवको स्वर्णमुद्रामा वामाभिमुख उभिएको त्रिशूलयुक्त दण्डधारी, दाहिने हातले अग्निकुण्डमा आहुति दिंदै गरेको शासक छ । किनारैको आलेखमा 'शाओ नानो शाओ वाजदो कुशानो' भनेर लेखेको पाइन्छ । द्वितीय वासुदेवको स्वर्णमुद्रामा पनि अग्निकुण्डको छेउमा त्रिशूलदण्ड, नन्दीसहित त्रिशूलधारी शिव उभिएको देखिन्छ । यस्तै ५३ को त्रिपुरी ताम्रमुद्रामा पनि मेरु र चतुष्क वेदिका देखाइएको छ ।

यी मुद्राहरूमा अङ्कित अग्निकुण्ड, आहुति, भाला, दण्ड, त्रिशूल, हात्ती आदि संकेतचिह्नले प्राचीन किरातहरूको संस्कृति, धर्म, कर्म, आभूषण, शस्त्रास्त्र र पशुपालनमा विशेष हात्ती पालेर सधाउने किरात-राजा-महाराजहरू थिए भन्ने इतिहास प्रष्ट हुन्छ । यसको साथै आर्थिक स्थितिमा त्यस बेलाका किरातहरू सुदृढ थिए भन्ने कुरामा पनि दुइ राय नहोला, किनभने स्वर्ण र ताम्रमुद्रा सामान्य रूपमा चलाउन सकिने कुरा होइन । यो मुद्राध्ययनले अरू के कुरा प्रष्ट हुन्छ भने किरातहरू हिन्दू-आर्य नै हुन् भन्ने उपर्युक्त प्रमाणहरूले सिद्ध भएको छ ।

यो आश्चर्यको कुरा छ कि किरातहरू आपसीमा एकले अर्कालाई जितेपछि हार्ने किरातै रहे । जित्नेले आफ्नो वर्गविशेषको जाति र नाम राख्दै गए । त्यसैले वर्तमानकालमा किरातहरूको पत्ता लाग्न सकेको छैन । यसबारे शोधखोज पनि भएकै छैन । शोधखोज हुनु आवश्यक छ ।

किरातकालिक किरातमूर्तिहरू

नेपालभित्र प्राप्त किरातमूर्तिहरू

वर्तमान राष्ट्रिय संग्रहालय छाउनी ताहाचल काठमाडौंमा केही किरातमूर्ति संग्रहीत भएका छन् । यी किरातमूर्तिहरू प्रायः काठमाण्डौ अधित्यकाभित्र प्राप्त मूर्ति हुन् ।

१—अपर्णाको रूपमा पार्वतीको तपस्या,	प्राप्तिस्थान—नघटोल–	समय ५–६ शताब्दी
२—पार्वतीको साथमा ब्रह्मचारीको रूपमा शिव	,, ,,	,, ५–६ शताब्दी
३—नाचिरहेको शिव-पार्वती	,, ,,	,, ५–६ ,,
४—शिवपार्वतीको श्रृङ्गार	,, कङ्केश्वर	,, ५–६ ,,
५—शिवको मूर्ति	,, हाँडीगाउँ	,, ५–६ ,,
६—कुमारसहित शिव-पार्वती	,, कोठे सिंभु	,, ५–६ ,,
७—एक राजाको मूर्ति	,, मृगस्थली पशुपति	,, चतुर्थ शताब्दी
८—विरूपाक्ष	,, वानेश्वर	चतुर्थ शताब्दी
९—पूर्णकलश	………………	दोस्रो शताब्दी
१०—कलिको मूर्ति (विरूपाक्ष)	,, पशुपति आर्यघाट	दोस्रो शताब्दी
११—किरातेश्वर शिवलिङ्ग	,, मृगस्थली	प्रथम शताब्दी



विरूपाक्ष-किरातराजा शंकु, आर्यघाट, पशुपति

प्राचीनकालिक शुद्ध किरात-कलाकृतिहरूमा एक हो। अरूले जे भने पनि यो महाभारतकालिक मूर्ति हों। विशुद्ध किरात-अनुहारको साथै युवा अवस्थाको किरातराजाको मूर्ति हो। यस मूर्तिको साथमा त्रिपुरा उनकोटिको मूर्तिको तुलना गरेर हेर्नुहोस्। नेपालमा विरूपाक्षको बारेमा विविध किंवदन्ती र भ्रान्ति फैलेको देखिन्छ। स्वयं केही इतिहासविद्हरूले पनि यस मूर्तिलाई शिवको मूर्ति मानेका छन्। केहीले पशुपतिको पूजा पहिले यसै मूर्तिमा हुन्थ्यो भन्छन् भने कसैले चाहिं आमासँग बिग्रेको कलिको मूर्ति हो पनि भन्छन्। पहिलो र दोस्रो पक्ष गवेषणीय भए पनि तेस्रो पक्ष अत्यन्त असत्य दुष्प्रचार मात्र हो। जे होस् विशुद्ध किरातकालिक मूर्तिकलाको इतिहास प्रष्ट छ। किरातकालमा नेपालैभित्र यस्तो मूर्तिकलाको इतिहास पाउनु किरातकालको गौरव हो। (साभार—पुरातत्त्व विभाग)



चाँगुनारायणको किराताकार गरुड

ऐलेसम्म जति गरुडको मूर्ति पाइएका छन्, तीमध्ये चाँगुनारायणको गरुड सबैभन्दा विलक्षण छ। सम्पूर्ण भारतवर्षभरि गरुडको मूर्ति हेर्ने अवसर लेखकले पाएको छ, तर यत्रो वृहद् आकारको गरुड भारतमा पनि दर्शन गर्न पाएको छैनँ। त्यसमा पनि विलक्षण कुरा किराताकारको गरुड हुने सौभाग्य चाँगुनारायणले मात्रै पाएको देखिन्छ। यस गरुडमूर्तिको स्थापना राजा मानदेवले गरेको हो भन्छन्। कसैले स्वयं राजा मानदेवको मूर्ति गरुडको रूपमा राखेको हो भन्छन्। वस्तुतः वैष्णव राजा थिए। नारायणका अनन्य उपासक थिए। त्यसैले स्वयं मानदेवलाई नै गरुडको रूपमा स्थापना गर्नु सम्भव छ। अतएव किराताकृतिका गरुड निर्माण हुन पुग्यो, किनभने लिच्छविकिरात मूल किरातहरूभन्दा भिन्न थिएनन्।



ब्रह्मचारीको भेषमा शिवजी तथा पार्वतीको तपस्या (काठमाण्डौ)

यस मूर्तिलाई वि० सं० ५–६ शताब्दीको मानेका छन् । यी मूर्तिहरूको कालनिर्णय सन्तोषजनक छैन, किनकि ५-६ शताब्दीतिर यस्ता ऐतिहासिक मूर्ति खोप्ने किरातहरू समाप्त भइसकेका थिए ।

(साभार—महेन्द्र संग्रहालय)



शिव-पार्वती शृङ्गारभेषमा, कङ्केश्वरी, काठमाण्डौ
(वि० सं० ५–६ औं शताव्दी ?)



कुमारसहित शिव-पार्वती, प्राप्तिस्थान काठे सिंभु, काठमाण्डौ (वि० सं० ५–६ शताब्दी)
यस मूर्तिमा नेपालमा पाइने किरातमूर्तिहरूमा सबैभन्दा राम्रो किरात-अनुहार उत्रेको छ ।
(साभार—संग्रहालय)



विश्वविख्यात राष्ट्रदेव पशुपतिनाथको मन्दिर

पशुपतिनाथको मन्दिरको चारपाटे कला प्राचीन किरातकालिकै हो। समय-समयमा यसको जीर्णोद्धार हुँदै आएको देखिन्छ। वंशावलीहरूमा पशुपतिनाथको स्थापना गोपालहरूबाट भएको उल्लेख पाइन्छ, तर गोपालहरू पनि किरातै थिए। पछि गुणकामदेव आदि यसका विशेष जीर्णोद्धारक भए। प्राचीन किरातकालिक मन्दिरहरूको शैलीमा पशुपति र चाँगुनारायण मात्रै शेष छन्। शेष गुम्बजशैली, शिखरशैली, अर्धगुम्बज, अर्धशिखर, वाणाकार आदि शैलीहरू नेपालमा पछि पसेका हुन्।

(साभार—पुरातत्त्व विभाग)



चाँगुनारायणको मन्दिर, वि० सं० चौथो शताब्दी

चाँगुनारायण मन्दिरको कला पनि प्राचीन नेपाली किरातकालिक कला हो। लिच्छविराजा मानदेव प्रथमले जीर्णोद्धार गरेको हो। केही इतिहासकारहरूले राजा मानदेवकै स्थापना हो पनि भन्छन्। मानदेवको हातवाटै जीर्णोद्धार भएको भने पनि मानदेवभन्दा पूर्वकालिक कलाकै आधारमा जीर्णोद्धार भयो। यस परिस्थितिमा किरातकालिकै कलाकृतिको मानदेवले अनुसरण गरेको हो भन्न सकिन्छ। स्वयं मानदेवकै स्थापना भए पनि पूर्वकालिक कलाकृति हुन्छ। दुवै स्थितिमा आज देखिने चाँगुनारायण किरातकालिक कलाको भग्नावशेष रहेको बुझिन्छ।

(साभार—पुरातत्त्व विभाग)



महादेव र पार्वती

टङ्गालबाट प्राप्त, विशालनगर, काठमाण्डौ

यी दुवै मूर्तिहरूको कालनिर्णयबारे लेखोट नभएको हुनाले हुन सकेको छैन । कमण्डलु र रुद्राक्षको मालाको आधारमा शिव-पार्वती भनेका हुन् । परन्तु शिव चतुर्भुज देखिएको छैन । साथै कानको आभूषण र शिरो वेष्टनले तथा अरू उपकरणहरूले पनि शिव नभएर विष्णु प्रतीत हुन्छ । जे भए पनि किराताकार र किरातकालिक मूर्ति प्रतीत हुन्छ । किरातै कलाकारको हातबाट कुँदिएको हुनुपर्छ ।

(साभार—पुरातत्त्व विभाग, काठमाण्डौ)



अज्ञात किरातराजाको मूर्ति, ईसापूर्व

यस मूर्तिलाई सबैभन्दा पहिले प्रथम किरातराजा यलम्बर हाङ भनेर घोषणा गर्ने योगी नरहरिनाथ हुन्। उनीले 'इतिहास-प्रकाश'मा लेखेका छन्। तर प्रमाण भने भेटिएको छैन। कुनै अज्ञात किरातराजा भने अवश्य नै हुन्। निश्चित किरातै हुन्। प्रमाण नपाएसम्म यलम्बरचाहिं भन्न मिल्दैन। भविष्यको सन्तानलाई भ्रम पार्न हुँदैन। यो मूर्ति योगीजीले मृगस्थलीमा प्राप्त गरेका हुन् भन्ने सुनिन्छ। यस मूर्तिको काल चौथो शताब्दी मानेका छन्। योगीजीले अझ पुराना मानेका छन्। मृगस्थलीमा त्यो मूर्ति पछि आएको अरे! मृगस्थलीमा हुनुभन्दा पूर्व हाँडीगाउँमा थियो अरे! यो कुरा डा० गोविन्द टण्डनले मुकुन्दराज अर्ज्यालबाट सुनेको अरे! जे होस्, यस्ता विवादास्पद किरातमूर्तिहरू अनेक छन् र होलान् पनि। तर काठमाण्डौ-अधित्यकाभित्र पाइने कुनै प्रभावशाली किरातराजाको मूर्ति भने अवश्य नै हो।

(साभार—संग्रहालय)



१३० उमामहेश्वर, डुगाहिटी, साँखु, ८ औं शताब्दी (?)
(आर्ट ओफ नेपाल)

नेपाल-अधित्यकाभित्र प्राप्त भएका विशुद्ध किरातमूर्तिहरूमध्ये यो पनि एक हो ।



१३९ मिथुन, पिथालखोरा
(आर्ट ओफ नेपाल)

यो मिथुनविग्रह पनि प्राचीन किराताकार नै देखिन्छ । तर संग्रहकर्ताले किरातमूर्ति भनेर लेखेका छैनन् । यो अनुहारले निश्चित किरातमूर्ति हो ।



२५२ नागराज, चावहिल, ८ औं शताब्दी
(आर्ट ओफ नेपाल)

ईसापूर्व प्रथम शताब्दीदेखि ७-८ शताब्दीसम्म गढवालमा नागवंशी किरातहरूको स्थिति थियो। नागवंशीहरू गढवाल हुँदै कुमाऊँ पसेका थिए भने कुमाऊँबाट नेपालमा पनि पसे। आफ्नो समयका प्रभावशाली जाति थिए नागहरू।



उमामहेश्वर, १० औं शताब्दी

वेदमा किरातेश्वर भगवान् शङ्करले यज्ञोपवीत धारण गरेको वर्णन पाइन्छ। यस मूर्तिमा भगवान् शङ्करले जनै धारण गरेको प्रष्टसँग देखिन्छ। त्यसैले त 'नमो हरिकेशायोपवीतिने' भनेको पाइन्छ।

(साभार—आर्ट ओफ नेपाल)



बुद्धजन्म भएको बेला मायादेवी, देवपाटन
काल १०–१३औं शताब्दी (?)

लुम्बिनीको मायादेवीको मूर्तिको अनुहार अब प्रष्ट देखिंदैन । तर कोलीवंशकी किरातपुत्री मायादेवी थी । शाक्यवंशीय किरातक्षत्रियकुलमा महाराज शुद्धोदन जन्मेका थिए, जसबाट बुद्धको जन्म भयो । त्यही लुम्बिनीको मायादेवीको अनुहार १० औं शताब्दीसम्म प्रष्टै देखिन्थ्यो होला । त्यसैले देवपाटनमा कारीगरले किराताकारमा मायादेवी र बुद्धको मूर्ति उभ्याएको हुनुपर्छ ।

(साभार––आर्ट ओफ नेपाल)



शिव-पार्वति, कौसाम्वी, भारत, ई० सं० ४५९

यस मूर्तिमा जो विशेषताहरू छन्, ती विशेषताहरूले कुनै किरातराजा-रानीका मूर्ति हुन् भन्ने बुझिन्छ। यी युगलमूर्तिमा शिव-पार्वतिका कुनै चिह्न वा विशेषताहरू छैनन्। अनुहारले पनि किरात-राजा-रानी देखिन्छन्। रानीको खुट्टामा एक प्रकारको मोटो कल्ली देखिन्छ। रानी र राजा दुवैका शिर देवी देवको छैन, अपितु राजसी ठाँटले सिंगारिएको छ। तल पादपीठमा एक प्रकारको अक्षरमा लेखिएको छ। यो अक्षर काठमाण्डौमा धेरैलाई पढ्न लगाइयो, तर अर्थ नभएका पढाइ मात्रै आए, तापनि प्रिय दिनेशराज पन्तले चाहिं 'भीमवर्मा' सम्म पढ्नुभएको छ। खोज अरू जारी नै छ। यहाँ भन्नु यति छ कि भारतको काशी, कौसाम्वी आदिमा किरातहरूकै शासन थियो। त्यसै बेलाका कुनै किरातराजा-रानीको मूर्ति आज प्राप्त भएको छ।

(साभार—आर्ट ओफ नेपाल, प्रतापादित्य)



२११ अवलोकितेश्वर, काश्मीर, भारत, १० औं शताब्दी

अवलोकितेश्वर बुद्धको मूर्तिमा जनैको साथ गान्धार-शैलीलाई छोडेर सम्पूर्ण बुद्धमूर्ति किरात-अनुहारका हुन्छन् । यहाँ जनैधारी किरात-अनुहारको अवलोकितेश्वर बुद्धमूर्ति दर्शनीय छ ।

(साभार—आर्ट ओफ नेपाल)



किरातदेवी हारिती, बालाजु, ई० सं० तेस्रो शताब्दी
(आर्ट ओफ नेपाल)

दुवै मूर्ति किरातदेवी हारितीकै मूर्ति हुन् ।



किरातदेवी हारिती, क्वाबहाल, ई० सं० तेस्रो शताब्दी
(आर्ट ओफ नेपाल)

खुट्टामा कल्ली लगाउने प्रथा प्राचीन किरातहरूकै हो । आज पनि गाउँघरमा पुराना बूढीमान्छे-हरूका खुट्टामा कल्ली देख्न पाइन्छ । त्यसैले कल्ली लगाउने कुनै प्रभावशाली किरातमहिला थी । पछि त्यस महिलाको मूर्ति बनाएर पूजा गर्न थाले ।



भगवान् बुद्ध, २१ बुद्धविहार, ७ तथा ८ शताब्दी

यस मूर्तिमा भगवान् बुद्धले जनै लाउनुभएको छ। यही मात्रै होइन, ईसापूर्वको साँची मध्य-प्रदेश आदिको स्तूपको बुद्धमूर्तिहरूमा पनि जनै लगाएकै देखिन्छ।

(साभार—आर्ट ओफ नेपाल)

१२–किराताकृतिको गरुड ———————— ,, चाँगुनारायण चौथो शताब्दी
१३–शितलादेवी ———————————— ,, वालाज्यू काठमाण्डौ ,, ,,

यस्ता किरातमूर्ति अनेक स्थलमा काठमाडौंको भूमिभित्र पसेका होलान्। यसको शोधखोज र तुलनात्मक अध्ययन (Research and Comperative Study) हुन सकेको छैन। यी उपर्युक्त १२ किरातमूर्तिहरूबारे चाँगुनारायण (चम्पकनारायण)-को गरुडमूर्तिको कालबारे प्रायः विद्वान्हरू विश्वस्त देखिन्छन्। वि० सं० चौथो शताब्दीतिरको शिलालेख त्यहाँ भएको हुनाले मानदेवले नै त्यो गरुडमूर्ति स्थापना गरेको हुनुपर्छ भन्ने पक्षको धारणा छ। तर मानदेवले चाँगुनारायणको स्थापना होइन अपितु जीर्णोद्धार मात्र गरेको संकेत पनि पाइएको छ। यदि लिच्छविराजा मानदेवले जीर्णोद्धार नै गरेको हो भने चाँगुनारायणको मन्दिर लिच्छविकिरातहरूभन्दा धेरै पूर्व किरातकालमै बनेको इतिहासलाई नकार्न सकिन्न। जब शिलालेख साक्षी भएको इतिहास त यस्तो छ भने अरू ११ वटा किरातमूर्तिहरूको शिलालेख आदि केही संकेत प्राप्त छैन। खालि कल्पनाको आधारमा विनाप्रमाण ५–६ शताब्दी भन्दै संग्रहालयमा राखिएका छन्। कैयौं मूर्तिहरूलाई दोस्रो र तेस्रो शताब्दीका हुन् भनेर इतिश्री गरेको देखिन्छ। वस्तुतः यी मूर्तिहरू कुनै पनि प्रथम शताब्दीदेखि यताका छैनन्। यी मूर्तिहरू बुद्धकालभन्दा पूर्व र महाभारतकालसम्मका हुनुपर्छ। किरातहरूको स्वर्णिम युग महाभारतकालै थियो। अभूतपूर्व र अविस्मरणीय किरातहरूको ऐतिहासिक युग थियो।

अतः काठमाण्डौ अधित्यका तथा कपिलवस्तु लुम्बिनी उपत्यका आदिमा प्राप्त किरातमूर्तिहरूको विशेष अध्ययन गरेर मात्र समय निर्धारण गर्ने आवश्यकता छ। ई० सन्पूर्वका किरातमूर्तिहरूमा कोली किरातक्षत्रिय कुमारी मायादेवी शाक्यवंशीय किरातक्षत्रिय महाराज शुद्धोदनलाई बिहा गरिदिएपछि महारानी मायादेवी भइन्। मायादेवी आफ्नो माइत कोलीग्राम जाँदा लुम्विनी वाटिकामा बुद्धलाई जन्माएकी हुनाले लुम्बिनीमा मायादेवीको मूर्ति स्थापित भयो। साथै अशोकले स्तूप बनाएर स्तम्भ गाडेर शिलालेख राखिदिएका हुनाले मायादेवी तथा बुद्धको ई० सन्पूर्वको मूर्तिहरूमा सन्देह गर्ने अवसर नभए पनि काश्यप, कनक मुनि, कक्रुच्छन्द बुद्ध गौतम बुद्धभन्दा पूर्वका बुद्ध भएका हुनाले उनीहरूको मूर्ति छुट्याउन पनि निक्कै कठिन पर्नेछ। तर शाक्यवंशीय किरातक्षत्रियकुलोत्पन्न बुद्धको मूर्ति किरातमूर्ति हो र ई० स० पूर्व पाँच सय वर्षसम्मका मात्र किरातमूर्ति छुट्याउनमा बाधा पर्नेछ। नेपालभित्र प्राप्त किरातकालिक किरातमूर्तिहरूमध्ये मायादेवी र बुद्ध आदिका मूर्तिहरू पर्छन्। किरातकालिक मूर्तिहरूमा यी मूर्तिहरूको पुरातात्त्विक र ऐतिहासिक महत्त्व अत्यन्त छ। प्राचीन किरात-इतिहासको धेरैजसो अंश यी मूर्तिहरूको अध्ययनबाट जान्न सकिन्छ।

किरातेश्वर भगवान्

प्राचीनकालिक किरात पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशाहरूमा व्यापक रूपले फैलिएका थिए भन्ने इतिहास तात्कालिक देवमूर्ति तथा पुरातत्त्व आदिमा स्पष्ट भएको छ। यसै प्रसङ्गमा दक्षिण भारतको प्राचीन कोचीनको राजधानी अर्नाकूलंदेखि केही टाढा 'त्रिपुणितुरै' ठाउँमा किरातरूपमा प्रकट भएको भगवान् शङ्करको मूर्ति छ। त्यो मूर्ति नीलवर्णको ढुङ्गामा कुँदिएको छ। किरातेश्वर भगवान्को हातमा छुरिका र धनुष वाण सुसज्जित छ। त्यो मूर्ति कलात्मक सौन्दर्यले परिपूर्ण छ। स्वरूपको दृष्टिले

अत्यन्त विलक्षण देखिन्छ। त्यो किरातेश्वर भगवान्को युद्धरूप हो। यस विग्रहको उल्लेख कल्याणको देवताङ्क पृ० ३७० मा भएको छ।

यस इतिहासले के वताउँछ भने किरातहरू कति व्यापक थिए ? साथै कति ठूलो कलाकार थिए ? त्यो किरातमूर्ति कुनै किरात-कलाकारले नै वनाएको किरातमूर्ति हुनुपर्छ, किनभने कुनै अर्को कलाकारले त्यो अलौकिक सजीवता ल्याउन सक्दैन। युद्धवीर किरातेश्वर भगवान् शिवको ऐतिहासिक र पुरातात्त्विक कला ई० सं० पूर्व १२ शताब्दीतिरको हो। दक्षिण भारतमा महाभारतकालमा किरातहरूकै शासन थियो भन्ने इतिहास प्रष्ट भएको देखिन्छ।

किरात-महारानी

भारतको मध्यप्रदेशमा पर्ने भरहुतको समग्र संस्कृति किरातसंस्कृति हो। परन्तु भारतीय पुरातत्त्वविद्हरूले पनि किरातकालिक किरातसंस्कृति हो चाहिं भन्न सकेका छैनन्। केवल भरहुतको मात्रै होइन अपितु भुमराको पुरातत्त्वलाई पनि किरातसंस्कृति भन्न सकेका छैनन्। यस्ता अनेकौं संस्कृति र पुरातत्त्व छन्, जो आजसम्म पनि पूर्ण रूपले पत्ता लगाउन सकेका छैनन्। यस परिस्थितिमा नेपालको पुरातत्त्व त भर्खरै वामे सर्न थालेको छ। 'भरहुत की रानी ३०० ई० पूर्व' भनेर 'कल्याण हिन्दू संस्कृति अङ्क, पृ० नं० ७०५'मा फोटोसहित छापिएको छ। यो रानीको मूर्ति प्रष्ट किरातमूर्ति देखिन्छ। त्यो मूर्ति किरातमूर्ति होइन भन्ने शंकै गर्नुपर्दैन। भरहुतको संस्कृति नै शुद्ध किरातसंस्कृति हो। त्यहाँको मूर्तिकला र मूर्तिहरूको फेस=अनुहारले नै प्रष्ट वताउँछ। मध्यप्रदेशको यस्तो कुनै क्षेत्र छैन, जहाँ किरातहरूले नटेकेको होस्।

अहिच्छत्रको किरातेश्वर

अहिच्छत्रको मृण्मय अर्थात् माटोले बनेको शिव-पार्वतीको मूर्ति पुरातत्त्व र ऐतिहासिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण देखिन्छ। पुरातत्त्वविद्हरूवाट यत्र तत्र प्रशंसित छ, कलामा सजीवता छ। पूर्ण किरात-फेसमा बनेको शिव-पार्वतीको मृण्मय मूर्ति बनाउनमा कुनै सिद्धहस्त किरात-कलाकारकै हात थियो भन्न सकिन्छ। ती मूर्तिहरू वनेको समयमा किरातराजा-महाराज र धनीमानी र कलाकारहरूले बसोबास गरेका थिए। यसमा सन्देह गर्ने अवसर छैन। सम्पूर्ण भारतवर्षको प्रत्येक प्रान्तभित्र किरातहरूले बसोबास र शासन गरेको पुरातात्त्विक इतिहास भारतका संग्रहालयहरूले बताइराखेका छन्। भारतका प्रत्येक संग्रहालयका मूर्तिकला, स्थापत्यकला आदिमा किरात-सजीवता पाइन्छ। यसमा खिचातानी गर्ने आवश्यकता छ।

महाबलिपुरम्‌को किरात-मूर्ति

दक्षिण भारतको महाबलिपुरं भन्ने ठाउँमा पनि अर्जुनले तपस्या गरेको इतिहास दक्षिण भारतीयहरूले बताउने गरेका छन्। उनीहरूले यहाँसम्म पनि बताउने गरेका छन् कि महाभारतको युद्ध गर्नलाई अर्जुनले महाबलिपुरंवाट पाशुपत-अस्त्र प्राप्त गरेका थिए। परन्तु स्कन्दपुराणको हिमवत्खण्डादि प्राचीन ऐतिहासिक ग्रन्थहरूलाई हेर्दा अर्जुनले पाशुपतास्त्र हिमालयको काखमा सुरम्य लप्सिका वनमा प्राप्त गरेका थिए। यी ऐतिहासिक प्रमाणहरूलाई हेरविचार गर्दा महाबलिपुरंमा अर्जुनले पाशुपतास्त्र प्राप्त गर्ने इतिहास मनगढन्त नै देखिन्छ। तर किरात-इतिहास र पुरातत्त्व पैल्याउँदै लैजाँदा महाबलिपुरं र सेरो-

फेरोमा किरातकालिक किरातमूर्तिहरू भने प्राप्त हुने नै गरेको छ । कतै शिव र कतै शिवपार्वतीका मूर्ति छन् भने कुबेरका मूर्तिहरू पनि छन् । तीमध्ये वीर भेषभूषामा उभिएको शिवमूर्तिलाई त्यहाँ पनि 'किरातेश्वर' नै भन्ने गरेका छन् । यी प्रमाणहरूले के बुझाउँछ भने महाभारतकालमा दक्षिण भारतमा पनि किरातशासकहरू व्याप्त थिए । यो उसैको इतिहासले वताउँछ ।

जनैधारी यक्ष-किरात

यक्षको वारेमा ऐलेसम्म कसैले पनि ठीकसँग खोज (Research) गरेका छैनन् जस्तो लाग्छ । धेरै ठाउँको पुरातत्त्व विभाग (Archaeology department)-हरूमा यक्षका मूर्ति सजाइएका छन् । प्रायः सबैजसो मूर्तिहरू किरातस्वरूपकै छन् । किन त्यसो भयो होला ? यो एक प्रश्न मात्रै होइन, वस्तुसत्य पनि हो । यक्ष किरातै थिए । यक्ष-किरातहरूको उन्नत अवस्थामा सर्वत्र मूर्ति बनाउँदै उभ्याउँदै गए । आज तिनै यक्ष[1] 'याखा' हुन पुगेका छन् । यसरी मध्यप्रदेश जस्तै उत्तरप्रदेश कौसाम्बी पनि कुनै बेला किरातहरूकै चकचकीमा थियो । यो 'कौसाम्बी' उत्तरप्रदेशको इलाहाबाददेखि केही टाढा बसेको छ । यसै कौसाम्बीमा वि० सं० प्रथम शताब्दीको एउटा यक्षमूर्ति मिलेको छ । मैले धेरै ठाउँमा लेख्दै आएको छु कि सम्पूर्ण किरातहरू जनैधारी थिए । यस्तै यक्ष-किरात पनि जनैधारी थिए भन्दा अत्युक्ति नहोला । यहाँ प्रस्तुत छ किरात यक्षको मूर्ति । घोरिएर हेर्नुहोस् । अध्ययन गर्नुहोस् । यद्यपि गरीबीले गर्दा सबै ठाउँको यक्षमूर्तिहरूलाई प्रस्तुत गर्न सकिनँ । यसको लागि खेद छ ।

भूमराका किरात-मूर्तिहरू

भूमरा मध्यप्रदेशभित्र एक 'प्राचीन किरात-इतिहास' को खानी देखिन्छ । यद्यपि 'भूमरा' भन्ने ठाउँमा शिवमन्दिर नै विशेष प्रसिद्ध भए पनि अरू पनि मूर्तिकलाहरू थुप्रै छन् । परन्तु सम्पूर्ण शिवमन्दिर र शिवमन्दिरको ढुङ्गाहरूमा कुँदिएका मूर्तिकला महाभारतकालिक किरातसंस्कृति हो भन्न सकिन्छ । मन्दिरको भित्ता, गारो, सङ्गार, ढोका र पट्टा आदिमा केवल किरातमूर्ति मात्रै कुँदिएका छन् ।

अर्को विशेषता के छ भने महिषमर्दिनी दुर्गाको मूर्ति किराती मूर्ति छ । एउटा ढोकामाथि सजावटको लागि लगाइएको ढुङ्गामा चतुर्भुज भगवती दुर्गाले दाहिने हातले भैंसीलाई त्रिशूलले घोचिराखेकी छ भने देब्रे हातले भैंसीको पुच्छर पक्रेकी छ । अरू दुइ हातमा अरू नै अस्त्र लिएकी छ । किरातस्वरूपा दुर्गाको सामुमा एउटा दूत पनि उभिएको छ । यसरी किराती भगवती दुर्गाको मूर्तिलाई भारतीय पुरातत्त्वविद्हरूले ५ शताब्दीका मानेका छन् । परन्तु मेरो विचारले यी धारणाहरूलाई स्वीकार गर्दैन । जे भए पनि मध्यप्रदेश 'भूमरा' प्राचीन किरातकालिक संस्कृतिको धरोहर हो ।

(१) म० प्र० सतना जिल्लाभित्र भूमरा र भरहुत पर्छ । ती दुवै ठाउँमा पुरा-किरातसंस्कृति र किरात-फेसका मूर्तिहरू छन् ।

(२) छत्रपुर जिल्लामा 'खजुराहो' पर्छ । खजुराहोमा भएका प्रायः जसो मूर्तिहरू किरात-फेसका छन् ।

---

[1] यक्षको चित्र प्रयाग 'कम्पनीवाग संग्रहालय' इलाहावादबाट डाइरेक्टर डा० एस० डी० त्रिवेदीजीको सौजन्यबाट प्राप्त गरेको हो । भनेअनुसार वहाँले ढिलो नगरीकन फोटो उपलब्ध गराइदिनुभएकोमा डा० त्रिवेदीजी र फोटोग्राफर भाइलाई सहर्ष धन्यवाद छ ।

(३) स्वयं छत्रपुरमा भएको संग्रहालयमा किरात-फेसका मूर्तिहरू धेरै छन् ।

(४) उज्जैनमा पनि किरातमूर्ति धेरै छन् ।

(५) सांचीको स्तूपमा पनि छन् ।

(६) जिल्ला मण्डलेश्वर = महेश्वर (माहिष्मति), केवटी (क्योटी), रिवां जिल्ला आदिमा पनि किरातमूर्ति पर्याप्त मात्रामा पाइन्छन् ।

(७) शिरमा शिवलिङ्ग लिएका भक्त पुरातत्त्व विभागले ६ शताब्दीको बताएको छ । तर अझ पुरानो हो । वाराणसी B. H. U. संग्रहालयको ढुङ्गा केही सेतो रातो रङ्गको छ । शिवलिङ्ग बोक्ने कुनै किरातभक्त हो ।

(८) शिवगणको नामले प्रसिद्धमूर्ति किरातमूर्ति हो । मथुरामा प्राप्त भएको भनेर लेखेको छ । ५ शदीभन्दा अझ पुरानो हो ।

(९) प्रसाधिका कुषाणकालको मूर्ति किरातमहिलाको मूर्ति हो । दोस्रो शताब्दीको हो भनेका छन् । मथुराबाट प्राप्त भएको अरे ! मूर्ति रातो ढुङ्गाको छ ।

(१०) चतुर्मुखी शिवलिङ्ग पनि किरातमूर्ति नै हो । उही मथुराबाट प्राप्त छ । तृतीय शताब्दीको हो भनेका छन् । तर ई० पू० कै हो, किनभने त्यस प्रकारको मूर्ति ई० सं० पछि खोपिएको देखिंदैन ।

(११) ईसापूर्व प्रथम शताब्दीको अमरावतीबाट प्राप्त बुद्ध उभिएको तथा हात्ती नुहेको मूर्ति छ । त्यो पनि किरातमूर्ति नै हो ।

(१२) यक्ष-किरातको ३ शताब्दीको मूर्ति (मथुरा) ।

पशुपति सेरोफेरोको किरातमूर्ति

किरातकालिक मूर्तिहरूको अध्ययन गर्दा पशुपति मृगस्थलीको राणाकालिक मूर्तिहरूमा विशेष ध्यान दिनुपर्ने देखिन्छ, किनभने किरातहरूको बारेमा नेपालमा 'रिसर्च' भएकै छैन । किरातसंस्कृतिको बारेमा शोधखोज गर्ने त कुरै के गरौं ? राणाकाल सारै पुरानो नभए पनि मृगस्थलीको राणाकालिक मूर्तिहरूमा एक प्रकारको अजीब विशेषता पाइन्छ । यो राणा-इतिहासलाई हेर्दा वि० सं० १९०३ देखि राणाशासन प्रारम्भ भएको हो । प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणा र अन्तिम प्रधानमन्त्री मोहनशमशेर राणा थिए । २००७ मा मोहनशमशेर खुस्के । तर मृगस्थलीमा प्रायः सबै राणाहरूको स्मृतिस्मारक मन्दिर, सत्तल, पौवा, पाटी आदि बनेका छन् । राणाहरूले स्थापना गरेका शिवमन्दिरै छन् र शिवलिङ्गै स्थापना गरेको देखिन्छ । ती मन्दिरहरूको अगाडिपट्टि सानो सानो खोपा खडा गरेर ती खोपाहरूमा एक मूर्ति स्थापना गरेका छन् । ती सबै मूर्तिहरू शिवकै हुन् । ती मूर्तिहरूमा चार हात छन् । त्रिशूल, माला र बायाँ हातमा चिण्डो लिएको देखिन्छ । यो चिण्डोलाई राईहरूले आफ्नो बोलीमा 'वाभु' भन्ने गरेका छन । ती मूर्तिहरूमा शिरको आभूषणचाहिं एकनासे छैन । कतै जटा, कतै मुकुट, कतै फेटा जस्तो शिरो वेष्टन देखिन्छ । त्रिशूल र वाभु = चिण्डोचाहिं प्रत्येक मूर्तिमा देखिन्छ । यी मूर्तिहरूमा चिण्डोको कल्पना त्यसै गरेनन् होला । यसमा केही न केही रहस्य लुकेको हुनुपर्छ । यो विशेष खोजको विषय देखिन्छ । यद्यपि यो चिण्डो चलाउने राई-किरातहरूको अति प्राचीन प्रथा होइन । तथापि पाँच सयदेखि हजार वर्षसम्मको अडकल काट्न सकिन्छ । त्यो पनि अरू प्रमाण नमिलेसम्म । परन्तु सुदृढ प्रमाण नै प्रमाण मान्न सकिन्छ । राणाहरूका यी मूर्तिहरू भने अनुसन्धेय नै छन् ।



किरातेश्वर शिवलिङ्ग, मृगस्थली, काठमाण्डौ

काठमाण्डौ-अधित्यकाभित्र ३३ पीडीसम्म शासन गर्ने किरातहरू अनादिकालदेखि शिव र शिवलिङ्गको पूजा गर्दै आएका रहेछन् भन्ने प्रमाण किरातेश्वरको शिवलिङ्गले प्रष्ट पारेको छ। यसको स्थापनाकाल ईसापूर्व र प्रथम शताब्दीसम्म मान्ने विशेषज्ञहरू पनि छन्। कुनैले अझ पछि पनि मानेका छन्। तर यो शिवलिङ्ग ईसापूर्वकै हुनु उचित देखिन्छ। यद्यपि यसको आसपासको खोदाइ गरे यसको पुष्टिमा अरू प्रष्ट प्रमाण प्राप्त हुने थियो कि ?



ड्राइगन, चन्द्रेश्वर, मृगस्थली

यो पनि नेपालमा मात्र होइन, भारतमा पनि ठाउँठाउँमा पाइन्छन् । तर नेपालका मन्दिरहरूमा विशेष पाइन्छन् । यो किरातहरूकै कला हुन् । ड्राइगनका विविध भेद छन् । गरुडले साँप खाँदै गरेको आकृतिदेखि शुरू भएर सिंहाकृति, भेडाको थुँवा आकृति आदि अनेक आकृतिका पाइए पनि नेपालमा सिंह र थुँवा आकृतिका ड्राइगन धेरै मात्रामा पाइन्छ । यसको रिसर्च भविष्यमा हुनेछ ।



विचित्र मूर्ति, चन्द्रेश्वर, मृगस्थली

यी मूर्तिहरू चन्द्रेश्वर धर्मशालाको साथमा लहरै बनेका ६ वटा मन्दिरहरूको साना-साना खोपा भएका मन्दिरहरूमा बनाएका छन् । यी खोपावाला मन्दिरहरूमा एक-एक मूर्ति राखेका छन् । ती मूर्तिहरू चतुर्भुज छन् । बायाँ हातमा चिण्डो (वाभु) पक्रेको छ । यो किरात-राईहरूको परम्परामा पर्ने वस्तु हो । विशेष गरेर पितृपूजा आदिमा राईहरूले काममा ल्याउने गरेका छन् । तर राणाहरूले यस प्रकारका किरात-संस्कृतिपरक मूर्तिहरू किन बनाए होलान् ? अथवा बुझ्न शेष छ कि ? शोधको गर्भमा छ ।



सिन्धुघाटीका किरात-परीहरू

ईसापूर्व पाँच हजार वर्षभन्दा पूर्वका पुरातत्त्वविद्हरूले अनुमान गरेका छन् ।

सिन्धुघाटीको सभ्यतामा किरातहरू पनि भागिदार थिए भन्ने प्रमाण काहू जो दडोमा प्राप्त भएको इँटाका मूर्तिहरूले प्रष्ट पारेको छ । उपर्युक्त सिन्धु-सभ्यताको किरात-महिलाहरूको मूर्ति राम्ररी हेर्नुहोस् । त्यतिखेर के लाउँथे ? रहन-सहन, आच्छादन आदिको ऐतिहासिक अनुमान सहजै काट्न सकिन्छ । किरात-अनुहार प्रष्टसँग प्रष्टिएको देखेर पनि किरात-इतिहासलाई लुकाउने कसको ताकत छ ? अतः सिन्धुघाटीको सभ्यता शुद्ध आर्य = हिन्दूसभ्यता हो ।

(साभार—'प्राचीन सिन्धु-सभ्यता')



भरहुतकी किरात-महारानी

भरहुतकी किरात-महारानी ई० सं० ३ सय वर्षपूर्व भनेर लेखेको छ। तर विन्ध्यागिरि र मेकल-पर्वतको सेरोफेरोमा लाखौं वर्षपूर्वदेखि किरातहरू बसोबास गर्दै आइरहेका थिए। यो किरात-महारानीको मूर्ति तेस्रो शताब्दी ई० सं० भन्दा तीन हजार वर्षपूर्व महाभारतकालिक हो भनेर केही पुरातात्त्विक विद्वान्हरूले शोध गरेका छन्। मेरा गुरु स्व० पद्मभूषण विष्णु श्रीधर वाकणकरले पनि महाभारतकालिकै मानेको छ। यस मूर्तिको आधारमा महाभारतकालिक किरातराजा-महाराजका रानी-महारानीहरूको वस्त्र लगाउने तरीका तथा आभूषणहरूको राम्रो अध्ययन हुन्छ। यो मूर्ति गारोमा लाउने ठूलो ढुङ्गामा कुँदिएको छ।

(साभार—हिन्दू-संस्कृति अङ्क, कल्याण)



किरात-परी, पशुपति

पशुपतिमुनि घाट जाने बाटैमा सरस्वतीफाटकको एउटा ठूलो दैलाको ढुङ्गा तेर्छिएको छ। त्यसै ढुङ्गामा यी दुवै किरातपरीहरू दायाँ-बायाँमा खोपिएका छन्। ईसापूर्वको अनुमान हुन्छ ढुङ्गा हेर्दा। परीका मूर्तिहरू खिहिसकेका छन्।



किरात-परी



अग्निभेष किरातको मूर्ति, ईसापूर्व ५ शताव्दी

यो मूर्ति गढवालमा प्राप्त भएको हो। महाभारतकालदेखि वि० सं० ८ शताव्दीसम्म गढवाल र कुमाऊँमा किरातहरूकै शासन थियो। त्यसै बेला अग्निभेषधारी किरातको मूर्ति बनेको हो। 'प्राचीन मध्य हिमालय' भन्ने ग्रन्थमा यस मूर्तिलाई अग्निदेवको मूर्ति हो भनेर लेखे पनि यो कुनै शक्तिशाली जटा-जूटधारी किरात हुनुपर्छ। शिरमा जटा, कानमा आफ्नै प्रकारका आभूषण, काँधमा जनै 'यज्ञोपवीत' धारण गरेर पद्मासनमा बसेको किरातमूर्ति।

('प्राचीन मध्य हिमालय'को पृष्ठकवरवाट साभार)

काठमाण्डौ अधित्यकाभित्र प्राचीन किरातकालिक मूर्तिहरूमा शोधखोज (Research) हुनु अझ शेषै छ, किनभने ज-जसको शिलालेखहरू पाइएका छन्, तीती मूर्तिहरूको त सन्देह रहेन । उसैले बना-एर स्थापित गरेको हो भन्ने प्रष्ट हुन्छ । तर जुन मूर्तिहरूको शिलालेख आदि पाइएन, ती मूर्तिहरूलाई लिच्छविकालैमा गाभ्नु न्यायसङ्गत देखिंदैन । कैयौं किरातमूर्तिहरू वाग्वतीको वारिपारि गाराहरूमा गारा लगाइएका छन् । कैयौं किरातकालिक मन्दिरहरू भत्कनाले ती मूर्तिहरू आर्यघाट, पशुपति, राजेश्वरीघाट, गौरीघाट आदि स्थलहरूमा गारा गारामा चिनाइ गरिएको आज पनि देख्न पाइन्छ । किरातकालिक मूर्तिहरू सम्पूर्ण काठमाण्डौ अधित्यकाभित्र हजारौं छरिएका छन् । तर पाइएका मूर्तिहरूलाई पनि हाम्रो पुरातत्त्वविद्हरूले लिच्छविकालको खोरमा थुनेर राखेका छन् । तर भविष्यमा यसको सही मूल्याङ्कन हुने आशा गरिन्छ ।

ड्राइगनमूर्ति

सबैभन्दा धेरै 'ड्राइगन' पाइने मन्दिरहरू नेपालमा छन् । केवल मन्दिरमा मात्र होइन, प्राचीन पौवा, पाटी, सत्तल, धर्मशाला र प्रत्येक घर, राजदरबारहरूको ढोका-सजावटमा ड्राइगन प्रयोग गरिन्थे । नेपालदेखि बाहिर कुमाऊ, गढवाल, हिमाचल प्रदेश, जम्मूकाश्मीर आदिमा कतै कतै मन्दिरहरूमा ड्राइगन पाइन्छन् । तर नेपालको ड्राइगनको आकारभन्दा केही भिन्न देखिन्छ भने कैयौं स्थलहरूमा एकदमै भिन्न 'ड्राइगन' पाइन्छन् । नेपालैभित्र पनि ड्राइगनहरूमा एकरूपता देखिंदैन । मध्यप्रदेशमा पनि कतै कतै ड्राइगन पाइन्छन् । तर भिन्न आकार प्रकारमा पाइन्छन् । खोज गर्दै जाँदा भारतवर्षभरि नै 'ड्राइगन' पाइने सम्भावना छ । तर नेपालैमा विशेष मन्दिर आदिमा ड्राइगनको प्रयोग हुनु एक विचारणीय इतिहास छ । आसाम, अरुणाचल आदिमा पनि ड्राइगन पाइन्छ ।

ड्राइगनको आकार प्रकार भने गजबको देखिन्छ । विशेष गरेर गरुडको आकारको मुखले दुवै हातले साँप पक्डेर खाइराखेको 'ड्राइगन' देखिन्छ भने कतै सिंहको आकारको मुखले दुइटा हातले साँप खाइराखेको देखाइएको छ । कतै आकाशभैरवको मुखले साँप खाइराखेको छ भने कतै बिरालो जस्तो मुखाकृति भएकोले साँप खाइराखेको देखाइएको छ। कतै भेडाको थुँबाको आकृति भएको मुखले साँप खाइराखेको देखिन्छ । भारतको कतै कतै मन्दिरहरूमा 'ड्राइगन' सिंहाकृति र गरुडाकृतिका पाइन्छन् । अन्ताराष्ट्रहरूमा पनि पाइएलान् कि ? यो 'ड्राइगन' मूलतः किरातदेवताको रूपमा पुजिने कुनै देवता हुनुपर्छ । किरातहरूकै कुनै शाखा प्रशाखाभित्र ड्राइगनलाई अर्थात् यस आकारको देवतालाई पूजा गर्ने चलन थियो होला । ती किरातहरूको जल्दो बल्दो समयमा त्यो ड्राइगन खुब प्रचारमा आयो । केही कारणवश उनीहरू शक्तिहीन भए होलान् । त्यो ड्राइगन देवता पनि हराउँदै गयो । केही अरू जातिकाले पनि ड्राइगन देवतालाई अपनाउँदै गए । पछि पछि उनीहरूले पनि छोड्दै गए । त्यसैको जीर्ण अवशेष नेपालमा पाइने 'ड्राइगन' हो । अब नेपालमा पनि ड्राइगन निर्माण हुन छोड्यो ।

साथै यसको असली मूल नाम के थियो ? यो पत्ता लाग्न सकेको छैन । पत्ता नलाग्दै हराउने हो कि ? भन्न गारो छ । यसको रिसर्च हुनु गारो छ । तैपनि पाएसम्म रिसर्च हुनैपर्छ भन्ने मेरो धारणा छ । ड्राइगनलाई कसैले इन्द्रदेवता भनेर मान्ने गरेका छन् भने कसैले गरुडदेवता भनेर मान्ने गरेका छन् । जे होस्, यसको अनुसन्धान निकट भविष्यमा हुने नै छ ।

किरातमूर्ति खोपिएका केही गुफाहरू

१—**अजन्त**—अजन्त गुफा विश्वप्रसिद्ध गुफाहरूमध्ये एक हो। यो दक्षिण भारतको औरङ्गाबाद जिल्लादेखि १०४ किलोमिटर टाढा छ भने जलगाँवदेखि ६४ किलोमिटर मात्रै पर्छ। यी गुफाहरू प्राकृतिक हुन्। तर प्राकृतिक सौन्दर्यले परिपूर्ण छ। यस गुफामा ईसापूर्व दोस्रो शताब्दीतिरै मूर्तिकला तथा चित्रकला आदि खाप्नु थालिसकेका थिए। गुफाहरू धेरै भए पनि मुख्य दश गुफा छन्। यी गुफाहरूमा एक हजार वर्षसम्म काम हुँदै रह्यो भनेर डी० वी० महाजनले पनि लेख्नुभएको छ। जम्मा तीस गुफाहरूमध्ये पाँच बौद्धहरूको चैत्य मन्दिर वनेका छन् भने अरू जनसभा र निवासको लागि ठूला-ठूला होल बनेका छन्।

यी एक हजार वर्षभित्र वनेका कलाहरूमध्ये धेरैजसो किरातमूर्तिहरू देखिन्छन्। कलाहरूको अध्ययन गर्नु शेष रहे पनि चित्रकला र मूर्तिकला दुवै किरातहरूको भागका पनि छन्। मूर्ति र मूर्तिकलाले त प्रष्टै वताएको छ। ती गुफाहरूमा आफ्नो कला छोड्ने किरातहरूले 'किरात' शब्द नलेखे पनि विशेष गरेर बौद्धमूर्तिहरू पूर्णतया किरात-अनुहारमा देखिन्छ। बुद्ध स्वयं पनि इक्ष्वाकुकुलका शाक्यवंशीय किरातकुलका दीपक थिए। बुद्धका अनुयायी सबै जातका भए पनि लिच्छवि, मल्ल, आटविक, कोल, भील, बर्बर आदि किरातहरू पनि बुद्धका अनुयायी वनेका थिए। तीमध्ये दक्षिण भारतको कलाकृति द्राविडियन कलाकृति कहलाउँछ। तर 'द्रविड' जातको नाम होइन, देशको नाम हो। द्राविडदेशभित्र किरात पनि रहन्थे। अतः त्यहाँका सभ्य राजा-महाराज किरातहरूले अजन्ताको गुफामा आफ्नो छाप छोड्नु कुनै ठूलो कुरा होइन।

२—**एलोराको गुफा**—प्राचीन कलाकृतिले भरिएको भारतीय गुफाहरूमध्ये 'एलोरा' अजन्ताको गुफाभन्दा पनि आश्चर्यजनक ठूलो छ। साथै धेरै परिश्रमले वनेको र बनाएको देखिन्छ। जम्मा गुफासंख्या २४ छन्। तीमध्ये १२ गुफाहरूमा बौद्धधर्मसम्बन्धी कलाको प्रदर्शन भएका छन् भने १७ गुफाहरूमा वैदिक सनातनीहरूको विविध कला भरिएका छन्। पाँचवटा गुफाहरूचाहिं जैनकलाकृतिले भरिएका छन्। तीमध्ये वैदिक सनातनी कलाकृति १२ शताब्दीमा वनेका हुन् र जैनकलाकृति १३ शताब्दीतिर बनेका हुन् भनेर डी० वी० महाजन आदिले लेखेका छन्। तर घोरिएर विचार गरेर ती मूर्ति र कलाकृतिहरूलाई हेर्दा 'न्याय' पाए जस्तो लागेन। धेरै प्राचीन मूर्ति र कलाकृतिहरू त्यहाँ छन्।

एलोरामा पनि प्राचीन किरातमूर्ति र कलाकृति प्रशस्त छन्। तर अनुसन्धानकर्ता विद्वान्हरूले खालि वैदिक, जैन, बौद्ध आदि मात्रै भन्दै लेख्दै गएका छन्। ती किरात-कलाकृतिहरूलाई त्यति मात्रै भनेर लेखेर पुग्दैन। एलोराको गुफाहरूमा पनि सयकडौं किरातमूर्तिकलाहरू विद्यमान छन्।

३—**अमरावती** पनि दक्षिण रेलवेको (मद्रास) गुन्टूरू जिल्लाको स्टेशनदेखि मोटरको बाटो लगभग ६४ किलोमिटर जति पर्छ। अमरावतीलाई चाहिं बौद्धकलाकृति प्रधान हो भने केही आपत्ति हुनेछैन जस्तो लाग्छ। तर आश्चर्यको कुरा के छ भने त्यहाँ पनि प्रशस्त मात्रामा किरात-अनुहारका मूर्तिहरू पाइन्छन्।

४—**नागार्जुन कुण्ड** पनि दक्षिण रेलवेमा नै पर्छ। मोटरबाट जाँदा मच्छेरलावाट २५ किलोमिटर टाढा पर्छ। यसको प्राचीन नाम 'श्रीपर्वत' हो भनेर लेखेका छन् लेखकहरूले। यो खोजकै विषय भए पनि वर्तमान बङ्गलादेशको 'सिलहट' जिल्लालाई प्राचीनकालमा 'श्रीहट्ट' भनिन्थे भने त्यहाँका पर्वतलाई 'श्रीपर्वत' को नामले व्यवहार गरिन्थे भनेर केही लेखकहरूले लेखेका छन्। यस्ता लेखालीहरूमा श्रीपाल, मजुमदार आदि पर्दछन्। तर नागार्जुन=श्रीपर्वत निकै प्रसिद्धिमा आइसकेको हुनाले धेरैले विश्वास गर्न थालिसकेका छन्। तर नागार्जुनमा धेरैजसो समाधिमन्दिर देखिन्छन्। ती पनि धेरैजसो खण्डहरको

रूपमा धराशायी भइसकेका छन् । नागार्जुनमा केही विहारहरू पनि छन् । ती विहारहरूमध्ये एक विहार-को नाम 'सिंहल विहार' पनि रहेछ । यसरी नागार्जुनलाई हेर्दा ठाउँ ठाउँमा धेरै किरातमूर्तिहरू पाइन्छन् । त्यसैले दक्षिणभारत तथा समुद्रतटहरूमा निवास गर्ने जागरुक किरातहरूले पर्याप्त मात्रामा आफ्ना कलाकृति छोडेका छन् । त्यहाँ उत्कीर्ण मूर्ति-कलाकृतिले प्रष्टै बताउँछ ।

५—**भरहुत** भन्ने ठाउँ पुरातत्त्वको लागि महत्त्वपूर्ण मानिन्छ । काशी हिन्दूविश्वविद्यालयका प्राध्यापक डा० अग्रवालले निकै खोज गरेको छ । भरहुत इलाहावाद र जवलपुरको बीचमा पर्छ । तर मध्यप्रदेशभित्र पर्छ । भरहुतमा कैयौं किरातमूर्तिहरू पाइएका छन् । तर अब् जहाँ 'मूर्ति' विशेष पाइन्थे, त्यहाँ खण्डहर, अवशेषहरू मात्रै छन् । यसैं भरहुतबाट सूर्योपासक किरातमूर्तिहरू पाइएका हुन् । यस्ता अनेक किरात-कलाकृतिहरू छन् ।

६—**भूमरा** भन्ने ठाउँ मध्यप्रदेशको सतना र प्रसिद्ध खजुराहोको दक्षिण-पश्चिममा पर्छ । भूमरामा जो शिवमन्दिर छ, त्यसमा भएको सम्पूर्ण मूर्ति-कलाकृतिहरू किरातकालिक किरातकलाकृतिहरू हुन् । भूमरा किरातयुगको अवशेष हो ।

७—**खजुराहो**मा पनि धेरै कला किरातकालिक भए पनि केही कलापछिका पनि छन् । तर खजुराहोमा प्राचीन कला प्रायः समाप्त भइसके । केवल छैठौं शताब्दीपछिका कलाकृति मात्रै शेष छन् । तथापि किरातकलाकृतिको अभावचाहिं छैन । खजुराहोको सबैभन्दा पुरानो भगवान् शिव चन्द्रशेखरको मन्दिर हो । यस्तै अरू मन्दिरहरू पनि पुराना छन्, जो किरातकालिक छन् । तर पुरातत्त्वविद्हरूले बुँदेलखण्डका 'चन्देल' वंशका राजाहरूले वनाएका हुन् भन्छन् । परन्तु त्यसो भन्नाले त्यहाँका पुरातात्त्विक सामग्रीहरूले न्याय पाएका छैनन् । पूर्णकलाकृतिहरूले सुसज्जित कैयौं मन्दिरहरू धराशायी भए पनि सात आठ मन्दिर आज पनि दर्शनीय छन् ।

८—यस्तै राजस्थानको जैसोर लाईनमा पर्ने किराद् = किरातकूप पनि किरातकालिक कला पूर्ण खण्डहर अवशेष छ । तर यसमा १२ शताब्दीतिर जीर्णोद्धार भएको हुनाले त्यहाँका पुरातत्त्ववालाहरूले १२ शताब्दीकै हो भन्ने गरेका छन् । तर त्यो नामैबाट प्रष्ट छ । यो किराद् = किरातकालिक किरातकूप थियो । अनेक मन्दिरहरू बनेका थिए ।

कुषाणकिरातहरूको अवशेष

मथुरा त मुख्य कुषाणकिरातहरूको अवशेषप्राप्त स्थल नै हो । मथुरा उत्तरप्रदेशको जिल्ला आगरामा पर्छ । यो प्रसिद्ध कृष्णको जन्मभूमि हो । मथुराबाट वृन्दावन पाँच मील पर्छ । ऐलेसम्म मथुरामा कुषाणकिरातहरूको कलाकृति प्राप्त भएको छ । यो प्राचीनकालिक नगर हो । साँचै भन्ने हो भने कुषाणकिरातकालिक अन्वेषणकेन्द्र हो भन्न सकिन्छ ।

ऊनकोटिको किरातहरूको अवशेष

उनकोटि त्रिपुरा राज्यको उत्तर जिल्लामा पर्छ । यहाँ जंगल र पहाडैभरि किरातहरूको मूर्तिकला पाइन्छन् । कैलाससरदेखि सात किलोमिटर टाढास्थित ऊनकोटि = उनकोटि अर्थात् एक कम एक करोड भन्ने अर्थ हुन्छ । सम्पूर्ण त्रिपुरामा किरातहरूको जगजगी हुँदाखेरिको कलाकृतिहरू देख्न पाइन्छ । उनकोटिमा पशुपति आर्यघाटस्थित विरूपाक्षको जस्तो मूर्ति सातवटा छन् । चारवटा त पहाडमा कुँदेका

ठूला ठूला छन् । अरू मूर्तिहरू हजारौं छन् । यस्तै त्रिपुराको पश्चिम र दक्षिण जिल्लामा पनि मुख्य रूपमा त्रिपुरासुन्दरी देवीको मूर्ति किराती मूर्ति छ । प्राचीनकालदेखि १९ शताब्दीसम्म अबाधगतिले किरातहरू नै पुजारी थिए । तर केही वर्षदेखि यता ब्राह्मण पुजारी छन्, तापनि मुख्य उत्सवहरूको पूजामा चाहिं त्यहाँका किरातहरू नै पुजारी हुने चलन छ । अमरपुरकी देवी पनि किराती देवी नै हो ।

भुवनपहाड

यो आसाम प्रान्तको पूर्वी क्षेत्रमा पर्छ । भुवनपहाड जाँदा अति प्राचीन गुफा भेटिन्छ । यहाँ मेरा गुरु स्वर्गीय श्रीधर विष्णु वाङ्कणकरसँग मलाई जाने अवसर प्राप्त भएको थियो । यद्यपि त्रिपुरा, उनकोटि आदिमा पनि वहाँसँग भ्रमण गरेको थिएँ । भुवनपहाडमा अनौठो लिपिको शिलालेख पनि छ ।

नेपालमा किरातकालिक लिपि

वर्तमान् समयमा लिच्छविकालिक लिपिमा लेखिएका धेरै शिलालेख प्राप्त छन् । भगवान लाल इन्द्रजी, टुची, नौली आदि धेरैले लिच्छविलिपिका शिलालेखहरू प्राप्त गरेका छन् । धनवज्र बज्राचार्यजीले पाएसम्म सबैको अनुवाद गरेर 'लिच्छविकालिक अभिलेख' नामले प्रकाशित गरेका छन् ।

परन्तु लिच्छविकिरातहरूले लिच्छविलिपि आफैं आविष्कार गरेका हुन् त ? वस्तुतः नेपालमा पाइने लिच्छविलिपि उत्तरब्राह्मी लिपि हो र लिच्छविकिरातहरूको लेख यसै उत्तरब्राह्मी लिपिमा धेरै पाइएका हुनाले यस लिपिलाई लिच्छविलिपि भन्न थालिएको हो । वस्तुस्थितिमा यो लिपि लिच्छविहरूभन्दा पहिलेदेखि नै चल्दै आएक्नो अनुमान गर्न सकिन्छ, किनभने राजा, राज्यशासन, लेखपढ लिच्छविकालदेखि आरम्भ भएको होइन । त्योभन्दा पूर्व किरातकालदेखि नै प्रारम्भ भएको बुझिन्छ, किनभने मूल किरातकालमा पनि लेख पढ चल्थ्यो । त्यो राज्यशासनको लेख पढ कुन लिपिमा हुन्थ्यो ? लिच्छविकिरातहरूको शासन त तात्कालिक राजनैतिक हेरफेरमा मात्र चलेको बुझिन्छ । लिच्छविहरूले भारत बिहारको वैशालीबाट लिपि बोकेर आउने इतिहास भने निराधार देखिन्छ । यो मूल ब्राह्मी हो र ब्राह्मीको मूल देवनागरी लिपि हो । लेखाइका तरिकाहरू बिग्रँदै जाँदा देवनागरी र ब्राह्मी अलगै देखिन गए पनि देवनागरीकै छोरी ब्राह्मी हो । आज शिलालेख आदिबाहेक ब्राह्मी लिपि चल्तीमा छैन । आज समस्त भारत, नेपाल आदिमा देवनागरी लिपिको चल्ती छ । तर नेपालमा प्राचीन लेखहरू उत्तरब्राह्मीमा बाहेक देवनागरी लिपिमा अझसम्म पाइएको छैन । भारतमा भने ई० स० पू० को साँचीको स्तूप आदिमा पूर्वी ब्राह्मीसाथ देवनागरी लिपिमा पनि लेखेको पाइन्छ । काशीनरेश जयनन्दको वि० सं० ५०६ को सनदपत्र पनि देवनागरी लिपिमा छ । त्यो सनदपत्र ऐले वाराणसी जंगमबाडी मठमा सुरक्षित छ । नेपालको महाकाली अञ्चलको बैतडी जिल्ला रुद्रेश्वर गाउँ पञ्चायतको कन्दलीखोलाको शिरमा एउटा पानीको प्राचीन कुवाँ छ । त्यसलाई त्यहाँका वासिन्दाहरूले 'नौलो' वा 'नौला' भन्ने गरेका छन् । त्यसै नौलाको ढुंगामा शाके १२५ जाँदा लेखेको शिलालेख छ । त्यो शिलालेखमा देवनागरी लिपिको प्रयोग भएको छ । त्यसैले देवनागरी लिपिको आविष्कार वि० सं० को दशौं शताब्दीदेखि भएको हो भन्ने मत ठीक छैन । देवनागरी लिपि प्राचीन लिपि हो । नेपाल काठमाण्डौ अधित्यकामा भने यस लिपिको अस्तित्वभन्दा उत्तरब्राह्मी लिपिको अस्तित्व पूर्व देखिन्छ । यो खोजकै विषय भए पनि काठमाण्डौको लिच्छविकिरातहरूभन्दा पनि मूल



पञ्चमुखी किरात-शिवलिङ्ग, उनकोटि, उत्तर त्रिपुरा

त्रिपुराराज्यमा भएका चार जिल्लामध्ये उत्तर त्रिपुरा कैलाससरदेखि ७ कि०मी० दूर 'उनकोटि' भन्ने तीर्थस्थान छ। यो किरातकालिक मूर्तिकलाको खानी हो। उनकोटिको अर्थ एक कम एक करोड हुन्छ। जे होस् जङ्गलैभरि, डाँडैभरि, खोलैभरि, खाल्टैभरि सहस्रौं मूर्ति आज पनि देख्न पाइन्छ। यिनै मूर्तिहरूमध्ये यो पञ्चमुखी शिवलिङ्ग पनि हो। यस शिवलिङ्गको पुजारी त्रिपुरी किरातै छ। त्रिपुराको पुरातत्त्व विभागले यस शिवलिङ्गलाई ईस्वी सन् १० देखि १२ सम्म मानेको छ। तर यो कालनिर्धारण ठीक छैन, किनभने दशौं शताब्दीतिर त्यस प्रकारका लाखौं किरातमूर्ति बनाएर राख्ने कुनै किरात भएनन्। अरूको त कुरै के गर्नू ?

(साभार—उनकोटि)



खोलाको ढुङ्गामा बनेको विरूपाक्ष

यस विरूपाक्षमा त्रिनेत्र देखिन्छ । तर लेखक सहमत छैन । त्यो तेस्रो नेत्र होइन । किरातकालिक 'तिलक' हो । आर्यघाटको विरूपाक्ष शङ्कर भगवान् होइन । कुनै (शंकु) किरातराजाको मूर्ति हो । यस्तै उनकोटिको विरूपाक्ष पनि शङ्कर होइन अपितु नेपालको विरूपाक्षको नकल उनकोटिवालाले उतारेको हो कि उनकोटिको नकल आर्यघाटवालाले उतारेको हो, यो शोध-खोजको विषय छँदैछ । तर उनकोटिको विरूपाक्षमा जुँगा पनि छ । तर त्यतिले नै अलग्गै हो भन्नुचाहिं नमिल्ला कि ? आर्यघाटको ज्यादै युवापनको र उनकोटिको प्रौढावस्थाको हुन सक्छ । तिलक एकै छ । व्यक्ति एकै हो । कारीगरी र अवस्थामा फरक देखिन्छ । जे भए पनि विरूपाक्ष प्रभावशाली किरातराजा हुनुपर्छ । त्यसैले उनको स्मृतिमा उनकोटि त्रिपुरा र नेपाल आर्यघाटमा किरातमूर्ति बने । नाम भने विरूपाक्ष नै हो कि अरू नै थिए कि ? यो पनि खोजकै विषय भएको छ ।

(साभार)



उनकोटिको विरूपाक्ष

तल खोल्सामा नेपाल पशुपति आर्यघाटमा जस्तै विरूपाक्षको मूर्ति ढुङ्गामा खोपिएको छ। यस मूर्तिको सबै कुरामध्ये कर्धनी मात्रै छैन। अरू सबै कुरा मिल्छ। बनावट शैलीमा भने भिन्नता छ। त्यसको कारण मूर्ति नभएर ढुङ्गामा खोपाइ हुनु अथवा अपरिपक्व कारीगर हुनु आदि कारणहरू हुन सक्छन्। दीपक शर्माको साथमा लेखक अनुसन्धान गर्दै हुनुहुन्छ। त्यसैको छेउमा पचास फीट अल्को चाक्लो पहाडमा ठूलो विरूपाक्ष खोपिएको छ। यो विरूपाक्ष र आर्यघाटको विरूपाक्षमा अन्तर छैन। जटा जस्ताको तस्तै छ। तर कानमा कुण्डल छ। एउटा कुण्डल भुइँचालोले फुटेर गयो। अरू शेष छँदैछ।

(साभार--उनकोटि)

उनकोटिको 'गदा' आकारको ढुङ्गा

यसमा ब्राह्मी लिपिमा भित्रपट्टि केही लेखिएको छ। तर ती अक्षर खिहिएर गइसकेका छन्। अलि-अलि संकेत मात्रै देखिन्छ। त्यसको अर्थ बुझ्ने ऐलेसम्म निक्लेका छैनन्। त्यसको तलतिर एउटी किराती देवीको मूर्ति सजीवरूपमा छ। तर त्यो खोल्सावारि नै पर्छ। यो त्यतिखेरको किरातहरूको कुनै संकेत हो, 'गदा' को चिह्न। तर आज त्यसको अर्थ लगाउन गारो भएको छ। मेरा गुरु स्व० वाकणकर भन्नुहुन्थ्यो, "ये किरातों के विशेष चिह्न के रूप में हैं।"

(साभार – उनकोटि)



त्रिपुरेश्वर शिवलिङ्ग, त्रिपुराराज्य

यो शिवलिङ्ग महाभारतकालभन्दा पूर्व किरातमहाराज त्रिपुरले स्थापना गरेको हो। शिवलिङ्गहरूमध्ये यो अत्यन्त प्राचीन शिवलिङ्ग हो। यो शिवलिङ्ग त्रिपुराको प्राचीन राजधानी उदयपुरमा छ। शिवपूजन र शिवलिङ्गपूजन तथा शङ्ख, घण्टा, डमरु, त्रिशूल किरातहरूको अति प्राचीन धार्मिक बाना हो। यी बानालाई चन्द्रवंशी, सूर्यवंशी आदि सबै किरातहरूले प्रयोग गर्दै ल्याएका छन्। तिलक, चन्दन, फूलपाती पूजा हुन्छ। यति हो कि हजारौं लाखौं वर्षदेखि किरातहरू नै पुजारी थिए। वि० सं० १८ शताब्दीदेखि यता ब्राह्मण पुजारी भएको इतिहास छ।

(साभार—त्रिपुरेश्वर मन्दिर, उदयपुर)



दर्शनीय किरातमूर्ति

उनकोटिका प्राचीन किरातमूर्तिहरूमा यो दर्शनीय मूर्ति रहेको छ। यस मूर्तिलाई पनि कैयौंले शिवमूर्ति भन्छन् । मूर्ति अत्यन्त प्राचीन भएको हुनाले आभूषण अरू विग्रहादिबाट ठम्याउन निकै गारो मात्रै होइन अपितु सारो पनि छ। झलस्स हेर्दा कुनै मुकुटधारी किरातराजा-महाराजजस्तै देखिन्छ। मुकुट र पोजले गर्दा महादेव होइन, अपितु कुनै शक्तिशाली किरातमहाराज नै हुनुपर्छ। महाभारतकालमा किरातसम्राट् भगदत्तको राज्यशासन आसाम कामरूपदेखि लिएर बङ्गलादेशको 'लाउड' पर्वतसम्म थियो। यी मूर्तिहरू भगदत्तका पालाभन्दा पूर्व र धेरैंजसो भगदत्तका पालामा बने होलान्। केही त्यसपछि पनि बनेका छन् । तर पुरातत्त्व विभागले भनेअनुसार दश र बाह्र शताब्दीका मूर्ति कम छन् ।

(साभार)

किरातकालको लिपि हुनुपर्छ। त्यो लिपि ब्राह्मी नै थियो कि ? आज खोजकै विषय छ। तर लिच्छविलिपि स्वतन्त्र होइन र हुनु पनि सक्दैन। मूल किरातहरूले चलाउँदै ल्याएको लिपि नै लिच्छविकिरातहरूले पनि चलाएका थिए।

१. जम्मा प्राप्त ६४ लिपिहरू छन्। अहिलेसम्म सबैभन्दा प्राचीन पाइएको लिपि ब्राह्मी र देवनागरी नै हो।

२. समस्त प्राचीन वाङ्मय र हिन्दी, नेपाली, भोजपुरी, डिंगल, अवधी र व्रज आदि भाषाहरूमा देवनागरी लिपिकै प्रयोग गरिन्छ।

३. ब्राह्मी लिपिचाहिं ई० पू० तेस्रो शताब्दीका सम्राट् अशोकका शिलालेख आदिमा मात्रै पाइन्छ।

४. खरोष्टी, बिम्बी, शङ्ख आदि धेरै लिपिहरू बौद्धग्रन्थ ललितविस्तरमा र जैनग्रन्थ भगवती सूत्र आदिमा उल्लेख गरेको पाइन्छ। तर सबैभन्दा प्राचीन देवनागरी र ब्राह्मी लिपि नै हो। कसैकसैले देवनागरी लिपि धेरै पछिका हुन् भन्ने साहस गरेका छन्। तर त्यो सत्य होइन। किनभने मध्यप्रदेशको साँची भन्ने ठाउँमा भएको शिलालेखहरूमा देवनागरी र ब्राह्मी दुवै लिपि उत्कीर्ण भएका छन्। यो शिलालेख ई० पू० दोस्रो शताब्दीको हो। दोस्रो प्रमाण वाराणसीस्थित जंगमवाडी मठलाई रामनगरको राजा जैनन्दले सनदपत्र लेखी दिएको छ। यो सनदपत्र वि० सं० ५०६ मा लेखिएको हो। तेस्रो प्रमाण नेपालको महाकाली अञ्चल बैतडी जिल्लाको रुद्रेश्वर गा० पं० को कन्दलीखोलाको शिरमा भएको ढुंगामा लेखिएको शिलालेखमा पनि देवनागरी अक्षर लेखिएको छ। यो शिलालेख शाके १२५ मा लेखिएको हो। यस्ता अरू पनि प्रमाणहरू छन्। त्यसैले देवनागरिक लिपि पुरानो होइन, दशौं शताब्दीभन्दा पहिले थिएन भन्नु गलत कुरा हो, किनभने उपर्युक्त प्रमाणहरूले स्वतः खण्डन गरेको छ।

५. देवनागरिकदेखि बाहेक पनि भारतमा बंगाली, तामिल, तेलगू, मलियालम, गुजराती, पंजाबी, मैथिली र उर्दू, हिन्दी आदि यति भाषा र लिपि चलिराखेका छन्। विदेशी भाषाहरूमध्ये अंग्रेजी लिपि प्रचलित छ। नेपालमा चाहिं सर्वत्र देवनागरी लिपि नै प्रचलित छ। त्यसपछि नेवारी, तिब्बती, मैथिलि लिपि दोस्रो नम्बरमा आउँछ। आज-भोलि कतैकतै महागुरु फाल्गुनन्दले आविष्कार गर्नुभएको 'लिम्बू किरात' लिपि पनि चल्नु थालेको छ।

किरातहरूको धर्म

वर्तमान समयमा किरातहरू अनेक शाखाप्रशाखामा बाँटिए पनि उनीहरूको धर्म, संस्कृति प्राचीन किरातधर्म-संस्कृतिभित्रै भएको देखिन्छ। किरातधर्म भन्नुको अर्थ हिन्दू-आर्य-सनातन धर्म हो। ऋग्वेदकालदेखि लिएर आजसम्म किरातहरूको धर्म-संस्कृति एकनासै चलिआइराखेको छ। किरातहरूको आफ्नो आफ्नो बोली बन्नु थालेपछि आआफ्नै बोलीभित्र पूजाआजा र काजकिरिया आदि गर्दै आए पनि आआफ्नो बोलीभित्र पनि उही वैदिक सनातनक्रियाकलाप प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ। केवल उपकरण वा केही सामग्री विशेषमा भने अवश्य अन्तर देखिन्छ। परन्तु त्यो नगण्य मानिन्छ। समाजबाट बेग्लिएर आआफ्ना समाज बनाउँदै जाँदा केही न केही अन्तर पर्नु स्वाभाविक कुरा हो। यस्तै बाहुनहरूमा पनि उत्तर भारतीयहरूले मामाको छोरीलाई बैनी भन्छ र मामाको छोरीसँग बिहा गर्दैन भने दक्षिण भारतीय वाहुनहरूले मामाको छोरी खोजीखोजी बिहा गर्छन्। यसबारेमा उत्तर भारतीय वाहुनहरूले विरोध गरे भने

दक्षिणीहरूले 'इमे काशी शूद्राः' भनेर गाली गर्छन् । शूद्रलाई उत्तर र दक्षिणका दुवै बाहुनहरूले अत्यन्त सानो जातका मानेका छन्, तापनि उत्तर भारतीय बाहुनहरूलाई 'शूद्र' शब्दले गाली गर्दा दक्षिणीहरूले आफ्नो आत्मालाई सन्तुष्ट मानेका छन् । यो वाहुनहरूकै आपसी भेदभावका क्रियाकलाप हुन् । तर उत्तर-भारतीय वाहुनहरूले मामाको छोरीसँग बिहा नगरे पनि मासु भने खाने गरेका छन् । त्यसैले 'दक्षिणे मातुल-कन्या उत्तरे मांस भोजनम्' भनेर आपसीमा आतमतुष्टि गर्ने गरेका छन् । यस्तै लामो परम्परादेखि चल्दै आएका लाखौं वर्ष पुराना किरातहरूले महाभारतकालसम्म त्यतिसारो केही नवदले पनि बुद्धकालदेखि यताचाहिं केही न केही आफ्नो बोलीहरूमा बदल्ने चेष्टा गरेका छन् । मन्त्रको जगामा 'मुन्धुम' भन्ने र लेख्ने गरेका छन् भने अरू किरातहरूले पनि आफ्ना-आफ्ना बोलीमा आफ्नै पाराका नाम राखेर व्यवहार गर्ने गरेका छन् । परन्तु घोरिएर विचार गर्दा तथा रुजु गरेर हेर्दा फरक परेको देखिंदैन । त्यसैले भन्नु सकिन्छ किरातहरू वैदिक संस्कृतिभन्दा अलगका होइनन् ।

जुनजुन किरातले जे गर्नु खोजे पनि वैदिक संस्कृतिभित्रै जोडिएको देखिन्छ । वैदिक सनातन धर्मभित्रै गाभिएको देखिन्छ । चाहे विहावारी होस्, चाहे मृतकसंस्कार होस्, चाहे अरु नै सामाजिक क्रियाकलाप होस्, सबै एकसाथ मिल्नु आएको हुन्छ । एक-दुइ सामग्रीहरू नमिल्नु अर्कै कुरा हो । त्यसैले आजका किरातहरूले आफूलाई हिन्दू-आर्यधर्म लेखे पनि आफ्नो पैतृक अधिकार छँदैछ । किरातधर्म लेख्छ भने पनि हिन्दूधर्म नै हो । त्यसमा केही आपत्तिको कुरा छैन । तर बिस्तारै किरातधर्मभित्र पनि वान्तवाधर्म, चामलिङधर्म, थुलुङ्ग धर्म, कुलुङ्ग धर्म आदि तथा थेवेधर्म, लाउतेधर्म आदि प्रत्येकले विभाजन गरेर मान्ने थिति पनि आउन सक्छ । यस्तै वान्तवाभित्र पनि बूट्टाङधर्म, खेङ्याङधर्म, वार्तामधर्म आदि र चामलिंगेहरूमा लाफिहोङ्छाधर्म, वाडाछाधर्म आदि अनावश्यक र अव्यावहारिक धर्मको कल्पना गर्दै जानुपर्ने हुन्छ । यो राष्ट्र र समाजको लागि ठीक छैन । त्यसैले यी कुराहरूलाई ध्यानमा नराखी, विचार नगरी सीधै किरातधर्म भनिहाल्नु पनि विचारणीय कुरा छ । भनिहाले पनि सनातन हिन्दूधर्मभन्दा अलग हुन सक्तैन । त्यसैले सनातन हिन्दूधर्मभित्र किरातहरूले शैवधर्मको परिपालना अनादिकालदेखि गर्दै आइराखेका छन् । त्यसैले किरातधर्म, हिन्दूधर्म, शैवधर्म भन्नु एकै हो । किरातहरूको शैवधर्म हो भने किरातदर्शन शैवदर्शन हो, किनभने अनादि इष्टदेव शिव र पार्वती भएको हुनाले किरातधर्म शैवधर्म त अकाट्य हुँदै हुन् र हिन्दूधर्मभित्र पर्ने सौर्य, शाक्त, गाणपत, लिङ्गायत, पाञ्चरात्र, शैव आदि हिन्दूधर्मका शाखा प्रशाखा हुन् । किरातहरू अनादिकालदेखि शिवोपासक भएका हुनाले शैव कहलाएका हुन् । यस्तै दर्शन पनि वीर-शैव, काश्मिरी शैव र शैव आदि दर्शनको भेदले अनेक भए पनि किरातहरूको मूल दर्शन शैवदर्शनै हो । यहाँ यो केवल सूत्रपात मात्रै देखाएको हो । निकट भविष्यमा यसबारेमा अरु विचार स्फुट रूपमा राखिनेछ । त्यसैले किरातहरूले 'हाम्रो धर्म शैवधर्म हो, हाम्रो दर्शन शैवदर्शन हो' भनेर गर्व गर्नुपर्छ ।

किरात-दर्शन पाशुपत शैव-दर्शन

नेपालका आदिवासी किरातहरूका इष्टदेव शिव भगवान् पशुपतिनाथ हुन् । पशुपतिनाथको स्थापनाबारे आधुनिक इतिहासमा गुणकामदेव आदिको नाम लिइने गरे पनि भगवान् पशुपतिनाथको स्थापना किरातकालमै भइसकेको बुझिन्छ । वंशावलीमा पनि गोपाल-किरातहरूले स्थापना गर्ने कुरा उठाइएको छ । जे होस्, पशुपतिनाथको थापना किरातकालमै भयो र पछि गुणकामदेव आदिले त्यसको जीर्णोद्धार आदि

गराए होलान् । यसको छुट्टै इतिहास छ । यहाँ प्रकरणमा पाशुपत-शैव-दर्शन नै किरातहरूको दर्शन हो भन्नेबारे केही विचारपेशलधीवरहरूको सामुमा दुइटा कुरा राख्ने प्रयास गरिएको छ ।

यहाँ पशुपति शब्दमा 'पशु' शब्दको अर्थ चन्द्र[1], सूर्य, वायु आदि लिएर समग्र जीवात्मालाई पशु भनेको हो । ''सर्वान् अविशेषेण पश्यतीति पशुः'' ''सर्वान् विशेषेण पश्यतीति पशुः'' भनेर यसको व्युत्पत्ति देखाइएको छ । पहिलो व्युत्पत्तिको अर्थ सामान्य ज्ञान राख्नेवाला र दोस्रो व्युत्पत्तिको अर्थ विशेष ज्ञान राख्नेवाला प्राणी, जीवात्मालाई पशु भन्छन् । 'पशून् पाति रक्षतीति पशुपतिः' सम्पूर्ण प्राणीहरूलाई जसले रक्षा गर्छ, त्यसलाई पशुपति भनिन्छ । पशुपति शब्ददेखि पर 'नाथ' शब्द जोडयो भने 'पशुपतिनाथ' शब्द बन्दछ । नाथ शब्द ऐश्वर्यको स्वामी अर्थमा छ । सम्पूर्ण विश्वका ऐश्वर्य पशुपतिको हातमा छ । त्यसैले 'पशुपतिश्चासौ नाथः पशुपतिनाथः' भनेर विग्रह देखाएको छ । सम्पूर्ण विश्वको प्राणी र ऐश्वर्यको स्वामी भएको हुनाले पशुपतिनाथ नाम पऱ्यो । यही पशुपतिलाई शिव, रुद्र, भव, मृड, मृतुञ्जय आदि अनेक नामले पुकारिन्छन् । यही पशुपति शिवलाई सूक्ष्म रूपले पत्ता लगाउने विचारसाधनलाई दर्शन भन्छ । यो दर्शन शैवदर्शनको नामले दर्शन-जगत्मा प्रख्यात भएको छ । यस दर्शनको स्वरूप 'दृश्यते ब्रह्मतत्त्वम् आत्मतत्त्वम् शिवतत्त्वम् वा अनेन इति दर्शनम्'; जसबाट सूक्ष्म रूपले ब्रह्मतत्त्व वा आत्मतत्त्व अथवा शिवतत्त्वलाई विचार-परामर्शले ज्ञान गरिन्छ, त्यो साधन हो दर्शन शब्दको अर्थ । यो दर्शन लौकिक वैदिक भेदले दुइ प्रकारका हुन्छन् । लौकिक दर्शन पनि अनेक प्रकारका छन् । यी दर्शनहरूमध्ये पाशुपत-शैव-दर्शन शैवदर्शन हुन् र यही दर्शन किरातहरूको असली दर्शन हो । जीव के हो ? जीव कसरी बन्यो ? सृष्टि कसरी बन्यो ? सृष्टि केले बन्यो ? सृष्टि भनेको के हो ? माया के हो ? ब्रह्म के हो ? शिव के हो ? तत्त्व के हो ? यो सृष्टि अन्तिममा कहाँ जान्छ ? आदि शैवदर्शनका गहन विषयहरू छन् । प्राचीनकालमा सर्वगुण सर्वकर्मसम्पन्न किरातहरूले यसै शैवदर्शनको श्रवण मनन निदिध्यासन गर्थे । यसै निदिध्यासनबाट शिवतत्त्वलाई प्राप्त गरेर शिवसायुज्य प्राप्त गर्थे । यो त्यतिखेरको किरातदर्शन हो । वर्तमान समयमा यो आफ्नो दर्शनलाई किरातहरूले भुलेका छन् र आफूलाई विनाधर्म, विनादर्शनका मानेर बसेका छन् । वस्तुतः धर्म र दर्शनले परिपूर्ण विश्वविख्यात किरातजाति धर्म र दर्शनले विहीन कसरी हुन सक्छ ? शैवधर्मका धनी र शैवदर्शनको चिन्तक किरातहरू धर्म र दर्शनविहीन कुनै कारणमा हुन सक्तैन ।

शिवलिङ्गका पूजक किरात

ऋग्वेदमा लेखेको 'शिश्नदेव' भन्ने शब्दको व्याख्या लिङ्ग होइन र शिवलिङ्ग होइन भन्ने व्याख्या मैले यसै ग्रन्थमा अन्यत्र गरिसकेको छु । शिश्नदेवको सही अर्थ 'अब्रह्मचर्य' हो भनेर लेखिसकेको छु । यहाँ चर्चा गर्दै जाँदा मूल ऋग्वेद आदिमा आजको युगमा प्रयोग हुने शिवलिङ्ग या स्वतन्त्र लिङ्ग शब्द पाइँदैन । तर शिव शब्द र रुद्र शब्द पाइन्छ । 'शिव' कल्याणको वाचक र अरू अर्थमा पनि वेदहरूमा प्रयोग भएको छ भने रुद्र शब्द जटाजूट शिवकै अर्थमा ऋग्वेदमा प्रयोग भएको देखिन्छ । जस्तै — 'वृद्ध स्वरूपवाला[2] जटाजूटवाला रुद्रलाई स्तुति गर्छु' आदि स्तुतिहरू ऋग्वेदमा पाइन्छन् । अर्थात् ऋग्वेदको अध्ययन गर्दा ऋग्वेदमा किरातहरूले भगवान् शिवको मूर्ति पूजा गरेको प्रष्ट पाइन्छ भने यजुर्वेदादिमा कुकुरको स्वामी

---

[1] यजुर्वेद··············

[2] इमा रुद्राय तवसे कपर्दिने···· ·······, ऋग्वेद १।९०।६,७,८ ।

किरातभेषधारी शिवको वर्णन पाइन्छ । यसरी अन्यत्र पनि वैदिक वाङ्मयमा पाइन्छ । तर लौकिक वाङ्मयमा भने पुराण, रामायण, महाभारत, तन्त्रादि समस्त वाङ्मयमा शिवलिंगको पूजा र पूजा-विधान तथा त्यसको महत्त्व आदिबारे पर्याप्त मात्रामा प्रकाश परेको छ । यद्यपि कुनैकुनै पुराणहरूमा स्वार्थीहरूले झिकथप गर्दा अश्लील व्याख्या पनि दिएका छन् । तर ती प्रामाणिक होइनन् । शिवलिंगको बारेमा पुराणहरूपछि वाल्मीकिरामायणको रावणले जहाँ-जहाँ यात्रा गर्थ्यो, राक्षसेश्वर रावण जहाँ-जहाँ जान्थ्यो, स्वर्णमय लिंग लिएर जान्थ्यो । पाठकहरूले वाल्मीकिरामायणमा हेर्नुपर्छ ।

यहाँ किरातहरूले पौराणिककालमा शिवोपासना गरेको र शिवलिंगको स्थापना तथा उपासना गरेको थुप्रै प्रमाण पाइन्छ । किरातहरूले शिवलिंगको उपासना गरेको प्रमाण त आजको सबैभन्दा प्रामाणिक प्रमाण पुरातत्त्व (Archaeology)-मा पनि प्रायः सर्वत्र पाइन्छ । उदाहरणको लागि नेपालभित्र पाइने प्रसिद्ध मृगस्थलीको किरातेश्वर शिवलिंगलाई लिन सकिन्छ । त्यस्ता किरातहरूले स्थापना गरेको तथा पूजन गरेको शिवलिंगहरू काठमाडौं अधित्यका र बाहिर पनि हजारौं होलान् । तर नेपालका पुरातत्त्वविद्हरूले किरातकालिक सबै कुरोलाई माया मारेका छन् । निकट भविष्यमा यस विषयमा न्याय पाउने पनि आशा राखिएको छ । काठमाडौं मृगस्थलीको किरातेश्वरले यो सिद्ध गर्छ कि नेपालका शासक किरातहरूले तथा जनताले तात्कालिक अवस्थामा शिवलिंग पूजा गर्थे भन्ने इतिहास छर्लङ्ग पारेको छ । यसको साथै पशुपतिको सेरोफेरोमा पचासौं किरातकालिक शिवलिंग बेवास्तासँग लडिराखेको आज पनि पाइन्छ । यस्तै बनारसको केदारघाटको किरातेश्वर शिवलिंगले पनि किरातहरू शिवलिंगपूजक थिए भन्ने प्रमाण पाइन्छ । त्यहाँ बनारसमा किरातहरूको बसोबास परापूर्वकालमा नभए किरातेश्वर शिवलिंगको स्थापना कल्ले गरिदिने ? आज काशी गोत्रका किरातहरूले मनन गर्नुपर्ने विषय भएको छ । काशीको किरातेश्वर शिवलिंग र काशी गोत्रको निकै ठूलो ऐतिहासिक सम्वन्ध छ भन्ने मेरो विचार छ । यस्तै मिर्जापुर जिल्लाको विन्ध्यवासिनी देवीको मन्दिरदेखि माथि डाँडाको जंगलमा प्राचीन खण्डहर किरातेश्वर महादेवको शिवलिंगले पनि यसै इतिहासलाई दोहोऱ्याउँछ । कुमाऊँको जिल्ला पिथौरागढमा पर्ने किरातमूर्तिहरूको साथै किरातेश्वर भगवान्को शिवलिंग तथा मध्यप्रदेश भूमराको किरातेश्वर शिवलिंगले किरातहरू शिवलिंगका पूजक थिए भन्ने स्पष्ट बुझाउँछ । किरातहरू निश्चित रूपमा शिवलिंगका पूजक थिए । यसमा सन्देह गर्ने अवसर छैन । अर्को प्रमाण जिल्ला अलमोडाको वागेश्वर गडुर गङ्गाको किनारै बसेको वैद्यनाथधामको किरातेश्वर शिवलिंगले पनि यही बताउँछ कि किरातहरू शिवलिंग पूजक थिए । त्यस्ता सैकडौं तथा हजारौं शिवलिंगहरू पूजेर किरातहरूले यस भूतलमा आफ्नो इतिहास छोडेका छन् । यसलाई कसैले मेटाएर मेटिनेछैन । यो इतिहास किरातहरूको अक्षुण्य इतिहास हो । धेरै इतिहासकारहरूले अज्ञानवश किरातहरू प्रकृतिपूजक थिए भनेका छन् । परन्तु यो यिनीहरूको अज्ञानै हो । किरातहरू शुद्ध ईश्वरपूजक, शिवलिंगपूजक, अवतारपूजक, देवी-देवतापूजक, तीर्थव्रत मान्ने, दार्शनिक, पुनर्जन्ममा विश्वास गर्ने थिए । आज पनि उनै किरातहरूको सन्तान विश्वको कुना-कुनामा अनेक रूपमा फैलिएर बसे पनि आ-आफ्ना भौगोलिक परिवेश, संगत र आपसी धारणाको कारणले केही अलग जस्तो देखिए पनि नेपालका किरातहरूले चाहिं सुम्निमा, पारुहाङ तथा थेवासाम र युमासाम, शिव र पार्वती आदिको रूपमा मानी आएकै छन् । यसलाई हामी प्राचीन किरातहरूको सौभाग्यपूर्ण देन मान्छौं ।

●

भाग–२

विविध विषय

प्राचीन इतिहास जान्ने प्रमुख साधनहरू

यो सत्य र कटुसत्य कुरा छ कि कुनै पनि साध्य सिद्ध गर्नका लागि प्रचुर साधनको आवश्यकता पर्दछ। जुन कुनै प्रयोगशालामा होस्, यदि साधन छैन भने साध्य सिद्ध हुँदैन र साधन सीमित छ भने साध्यसिद्धि भर पर्दो हुँदैन। यो कटुसत्य कुरा छ। यस्तै प्राचीन किरात-इतिहासको खोजबारे पनि कटु अनुभव हुनु स्वाभाविकै कुरा हो। त्यसैले कैयौं लेखकहरूले 'प्राचीनकालमा इतिहास लेख्न जान्दैन थिए' सम्म पनि भनेर लेखेका छन्। तर यो उनीहरूको अध्ययनको कमी र गलत धारणाको परिणामले भ्रमात्मक धारणा हुन गएको हो। यहाँ प्राचीन किरात-इतिहासको अनुसन्धान गर्दा अनुसन्दिधित्सुजनले ध्यान दिनुपर्ने आवश्यक सामग्री-सन्दर्भमा ध्यान दिन आवश्यक देखिन्छ। तीमध्ये (१) प्राचीनवाङ्मय-साक्ष्य, (२) अभिलेख, तात्कालिक राजामहाराजहरूका मुद्राहरू, (३) विदेशी यात्रीहरूका संस्मरण विवरण, (४) पुरातत्त्व तथा (५) नृतत्त्व।

वाङ्मयसाक्ष्य—प्राचीनवाङ्मय अत्यन्त प्राचीन हुनका साथै अत्यन्त समृद्ध पनि छ। उपर्युक्त वाङ्मयसाक्ष्यले तात्कालिक (प्राचीनकालिक) भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, नैतिक, राजनैतिक, वैज्ञानिक, ऐतिहासिक सामग्री प्राप्त हुन्छ। यो कुरा अवश्य छ कि आजको तारिके इतिहास जस्तो नहोला। परन्तु इतिहास पूर्ण छ। यस वाङ्मयको विभाग गर्दा कैयौं विभाग हुन्छ। ती अनावश्यक विभाग यहाँ नगरेर प्रासङ्गिक विभाग गर्दा लौकिकवाङ्मय र वैदिकवाङ्मय भेदले दुइ प्रकारको हुन्छ। यी दुइमध्ये वैदिकवाङ्मय विश्वको सबैभन्दा प्राचीन वाङ्मय हो। जुन बेला समस्त विश्व समुद्रको गर्भभित्र थियो, जुन बेला विश्वको भूभाग निर्जन कानन थिए, त्यस बेला मात्र सगरमाथा र मानसरोवरको सेरोफेरो भरतखण्ड, जम्बूद्वीपले अजवर्ष=आर्यावर्त मात्र विकसित थियो। ज्ञान, विज्ञान तथा वाङ्मयले परिपूर्ण थियो। त्यही वाङ्मयराशि वेद हो र वेदको अर्थ ज्ञानराशि हो।

१—वेदराशि समस्त आर्य=हिन्दूहरूको मात्र नभएर समस्त विश्वमानवको प्राचीन निधि ऋग्वेद हो। यसको भाषा संस्कृत हो। ऋग्वेदलाई व्यासले चार भागमा विभाग गरेका छन्। यसरी पैललाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनिलाई सामवेद, सुमन्तुलाई अथर्ववेद वेदव्यासले विभाग गरेर पढाएका थिए। यी चारै वेदहरूमा शुक्ल, कृष्ण भेदले यजुर्वेद दुइटा छन्। यसरी भन्ने हो भने वेद पाँचवटा छन्। तर वेद तीनैवटा मात्रै छन् भन्ने पनि धेरै छन्। तर तीन पाँचलाई छोडेर वेद चारै छन्। यसलाई मैले अन्यत्र लेखिसकेको छु। यहाँ वैदिकवाङ्मयभित्र पर्ने चार वेद, तत्तद् वेदहरूको ब्राह्मणग्रन्थ, तत्तद ब्राह्मणग्रन्थहरूको आरण्यक ग्रन्थ र समस्त उपनिषद्हरू वैदिकवाङ्मय भनिन्छ। यिनै वैदिकवाङ्मयका व्याख्या गर्ने सूत्रग्रन्थ र तत्सम्बन्धी अन्य ग्रन्थहरूलाई वैदिकवाङ्मयभित्रै गन्ती गर्ने गरेका छन्। प्राचीन इतिहास जान्नका लागि समस्त वैदिकवाङ्मय अत्यन्त आवश्यक र उपयोगी छ। वैदिकवाङ्मयलाई छुनु डराउनेले प्राचीन इतिहासको कुरै गर्नुपर्दैन।

२—दोस्रो लौकिकवाङ्मयमा समस्त पुराण र उपपुराण, रामायण, महाभारत, काव्य, महाकाव्य, नाट्यशास्त्र, अर्थशास्त्र, ज्योतिष, तन्त्र, नाटक आदि पर्छन्। पुराणहरूमा विष्णुपुराण, ब्रह्मपुराण, ब्रह्म-

वैवर्तपुराण, वायुपुराण, मत्स्यपुराण, कालिकापुराण आदि पुराणहरूलाई अध्ययन नगर्नेहरूले इतिहाससँग नाता जोड्नु बेकार हुन्छ । समस्त पुराण तथा उपपुराणहरू मननीय इतिहासले भरिएको छ ।

३—सूत्रग्रन्थहरूमा पनि मानवगृहसूत्र, कात्यायनश्रौतसूत्र, लाट्यायनश्रौतसूत्र, द्राह्यायनश्रौतसूत्र आदि महत्त्वपूर्ण सूत्रग्रन्थहरूले तात्कालिक संस्कृति, सभ्यता, धार्मिक क्रियाकलापको प्रष्टरूपमा इतिहास प्रस्तुत गरेको छ । यद्यपि केही अंशहरू आजको युगको अनुकूल नपर्ला, त्यो अर्कै कुरा हो । तर इतिहास त इतिहासै हो । आज ती अंशलाई गलत भनौंला । तर त्यस बेला त्यही सही थियो । परन्तु प्राचीन इतिहासको लागि महत्त्वपूर्ण छ ।

४—रामायणहरूमा वाल्मीकिरामायण, वासिष्ठरामायण[1] आदि अनेक प्राचीन रामायणहरू छन् । यी रामायणहरूमा पनि प्राचीन इतिहास प्रचुर मात्रामा पाइन्छ । साँच्चै भन्ने हो भने रामायण रामायणकालिक इतिहास हो । साथै आफ्नो समयको पूर्ण इतिहास हो । यसमा सन्देह छैन ।

५—महाभारत आजभन्दा पाँच हजार वर्षपूर्वको ऐतिहासिक ग्रन्थ हो । यो प्राचीनकालिक तृतीय विश्वयुद्धको अद्भुत विश्वकोष हो । यस ग्रन्थको प्रशंसा गर्नुको लागि शब्दैले पुग्दैन । यस्तै अनेक ग्रन्थ छन् ।

६—तन्त्रभागमा पनि मेरुतन्त्र, शक्तिसङ्गमिनीतन्त्र आदि अनेक तन्त्रहरू छन् । जो आ-आफ्ना तन्त्रको माध्यमबाट इतिहास प्रस्तुत गर्दछन् ।

७—कौटिल्यको अर्थशास्त्रले मौर्यवंशको शासनव्यवस्थाको इतिहास र अर्थशास्त्र प्रष्ट पारेको छ ।

८—नाटकहरूमा मुद्राराक्षस, मालविकाग्निमित्र, देवीचन्द्रगुप्त आदि नाटकहरूले प्रमुख रूपमा इतिहास प्रस्तुत गरेको देखिन्छ ।

९—गद्यपद्यसाहित्यमा वाणभट्टको कादम्बरी, हर्षचरित, गार्गीसंहिता, कामन्दकीय नीतिशास्त्र, कल्हणको राजतरङ्गिणी, नवसाहसाङ्कचरित, विक्रमाङ्कदेवचरित आदि ग्रन्थहरूले तत्तत्कालिक इतिहास उपस्थापन गरेका छन् ।

१०—जैनागमको अध्ययनविना प्राचीन इतिहास जान्न सकिंदैन । जैनपुराणहरूमा व्यापक त्यस बेलाको इतिहास अङ्कित भएको छ । यीमध्ये 'परिशिष्टपर्व' आदिको ठूलो ऐतिहासिक महत्त्व छ । ई० पू० पाँच शताब्दीमा लेखिएका ग्रन्थहरूमा विम्वसारभन्दा पूर्व र विम्वसारसम्मको तात्कालिक इतिहास प्राप्त हुन्छ ।

११—यस्तै बौद्धागममा प्रमुख सुत्तपिटक, विनयपिटक, अभिधम्यपिटक, दीपवंश, महावंश आदि वौद्धग्रन्थहरूले तात्कालिक धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक आदि महत्त्वपूर्ण इतिहास प्रस्तुत गरेको छ । त्यसैले जैन र बौद्धसाहित्य अध्ययन मनन नगर्ने व्यक्ति इतिहासको एकाङ्गी पनि हुन सक्दैन ।

१२—अभिलेखसाक्ष्य (Inscription Evidence)-को पनि प्राचीन किरात-इतिहास जान्नलाई अध्ययनको उति नै आवश्यकता छ, जति कि अन्य ग्रन्थहरूको आवश्यकता छ । त्यसैले इतिहास लेख्दा अभिलेखको ठूलो महत्त्व छ । जस्तै—भारतको चन्द्रगुप्त, अशोक, समुद्रगुप्त आदि महान् सम्राट्हरूको बारेमा अभिलेखहरूबाटै जान्न सक्छौं भने नेपालका मानदेव प्रथम, जयदेव, अमरदेव, नरेन्द्रदेव, शिवदेव,

---

[1] अन्य रामायणहरूको चर्चा लेखकको पुस्तक 'वेदमा के छ ?' मा हेर्नुहोस् ।

अंशु वर्मा आदिका बारेमा अभिलेखद्वारा नै जान्न सक्यौं। यस प्रकार अभिलेखको कैयौं विभाग गर्न सकिन्छ। जस्तै—शिलालेख (१), स्तम्भलेख (२), गुहालेख (३), मूर्तिलेख (४), पात्रलेख (५), ताम्रलेख (६), मुद्रालेख (७) आदि अभिलेखका भेदहरू हुन्छन्। परन्तु अभिलेखहरू पनि धेरै सन्दिग्ध पनि हुन्छन्। परस्पर घटनाहरूको असत्य विवरण, नयाँ नयाँ संवत्हरूको प्रयोग, एकै घटनाको परस्पर विरोधी विवरण, वर्णनशैली अतिशयोक्तिपूर्ण हुनु आदि अभिलेखहरूमा पनि ठूला दोष छन्। विचार गरेर, गहन अध्ययन गरेर इतिहासको निर्णय गर्नुपर्ने हुन्छ।

१३—मुद्रालेखद्वारा पनि प्राप्त भएसम्म प्राचीन इतिहास प्राप्त हुन्छ। भारतका चन्द्रगुप्त मौर्य, कुणिन्दराज, नेपालमा प्रथम मानदेव आदिका मुद्रा प्राप्त हुनाले त्यस समयको इतिहास जान्नलाई निकै ठूलो सहयोग पुगेको छ। मुद्राहरूमा अङ्कित मूर्ति, तिथिक्रम, नाम, धार्मिक चिह्न आदिबाट तात्कालिक इतिहासको निश्चय हुन्छ, किनकि धेरैजसो मुद्राहरूमा संवत्, तिथि लेखिएको हुन्छ भने त्यस मुद्रा-अध्ययनबाट शासकहरूको धर्म र अभिरुचिको इतिहास पनि पत्ता लाग्छ। देशको आर्थिक स्थिति, व्यापार, राज्य वा राजधानी आदिको पत्ता मुद्राहरूबाट लाग्छ।

१४—विदेशी यात्रीहरूको विवरणबाट पनि महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकिन्छ। जस्तै—मित्रराष्ट्र भारतमा यूनानी (१), चीनी (२), अरबी (३) तीन थरैका यात्रीहरू आएका थिए। हेरोडोटस (१), स्ट्रैबो (२), प्लिनी (३), एरियन (४), मेघस्थनीज (५), प्लिनी दि एलडर (६), प्लूटार्क (७), जस्टिन (८) बादशाह सिकन्दरभन्दा केही पूर्व र केही पछि तथा बादशाहसँगै आएका थिए। यी यात्रीहरूको यात्राविवरण (Travel Account)-ले तात्कालिक जनजीवन, शासन, शासक, आर्थिक व्यवस्था आदिको ऐतिहासिक पत्ता लाग्न सक्छ। जस्तै—मेघस्थनीजको यात्राविवरणले भारतको चन्द्रगुप्तको बारेमा धेरै कुरा प्रष्ट भएको छ। यस्तै अरू पनि पत्ता लाग्छ। यी यूनानी यात्रीहरू प्रायः ई० सं० पूर्व नै आएका थिए।

१५—यस्तै चीनी यात्री समयसमयमा भारतको यात्रामा आएका थिए। जस्तै—सुमाचीन (१), फाइयान (२), ह्वेनसांग (३), इत्सिंग (४) हुन्। यी यात्रीहरूमा ह्वेनसांगले नेपालको बारेमा पनि आफ्नो यात्रासंस्मरणमा लेखेका छन्। तर विवरण भने सन्तोषजनक छैन, किनभने त्यतिखेरका नेपालीहरूले ह्वेनसांगसँग त्यस्तै अभद्र व्यवहार गरे होलान् अथवा ह्वेनसांगले सुनिसुनाइमा आफ्नो यात्राविवरण लेखे होलान्। जे भए पनि यात्रीहरूले आफू घुमेको देश वा प्रान्त र त्यसको छिमेकीहरूको पनि केही न केही सूचना दिएकै हुन्छन्।

१६—चीनी यात्रीहरूचाहिं ई० सं० पछि नै आएका थिए भने अरबी यात्रीहरू ई० सं० को आठौं शताब्दीपछि भारतमा आएका थिए। प्रसिद्ध अरबी यात्री अलबरुनी ई० सं० दशौं शताब्दीमा भारतभ्रमणमा आएका थिए। उसको 'तारीखे हिन्द' भन्ने यात्राविवरणबाट धेरै जान्न सकिन्छ। यस्तै सुलेमान आदिको यात्राविवरण पनि महत्त्वको छ। यी यात्रीहरूले आफ्नो बुद्धिमा आएसम्म र भ्याएसम्म टिपेकै हुन्छन्। साथै विशेषरूपले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र कतै राजनैतिक पनि उल्लेख गरेका हुन्छन्। यी यात्रीहरूले किरातहरूबारे उल्लेख गरेका छैनन्, तथापि विदेशी यात्रीहरूको यात्राविवरण महत्त्वको हुन्छ भन्ने कुरामा विवाद छैन।

१७—पुरातत्त्वसम्बन्धी साक्ष्य (Archaeological Evidence)-को पनि प्राचीन इतिहासको लागि ठूलो महत्त्व छ। प्राचीन मन्दिर, स्तूप, विहार, किला, राजदरबार, नगर, शहर, बजार, पौवा,

पाटी, धारा, इनार, कूप, मूर्ति आदि सबै पुरातत्त्वसाक्ष्यभित्र पर्छन् । सिन्धुसभ्यतामा पर्ने मोहन जोदडो, हडप्पा, तक्षशिला (वर्तमान पाकिस्तान) आदि भारतका पाटलीपुत्र, कुशीनगर, नालन्दा, सारनाथ, कौशाम्वी, नागार्जुनी कौण्ड आदि तथा नेपालको समग्र काठमाण्डौ अधित्यका, लुम्विनी, कपिलवस्तु आदि ठाउँहरूमा प्राचीन किरातकालिक इतिहासको पुरातात्त्विक सामग्री पाइन्छन् ।

१८—नृतत्त्वसाक्ष्य (Anthropological Evidence) पनि इतिहासको एकाई सामग्री मानिन्छ । तर एन्थ्रोपोलोजीको साक्षी धेरै मात्रामा भ्रमात्मक हुन्छ । आधुनिक मानवजातिको विभाजन एन्थ्रोपोलोजीको आधारमा गरेको हुनाले धेरै भ्रमात्मक देखिन्छ ।

१९—यसरी उपर्युक्त विषयहरूको सर्मपित भएर अध्ययन गरेको खण्डमा प्राचीन किरात-इतिहास निर्विवाद सुरक्षित पाउँछौं । तर लगनशील, धैर्य, विवेकपूर्ण तर्क, कार्य निरन्तर जारी राख्नु पनि उति नै आवश्यक छ ।

आजको इतिहासकारहरूले कति इतिहास जानेका हुन्छन् ?

उपर्युक्त विषयहरूमा ध्यान दिएर अध्ययन, चिन्तन, मनन तथा विवेक र तर्कपूर्ण ढंगले इतिहास जानेर इतिहास लेख्ने विद्वान् खोज्दा औंलो ठ्याउनु पनि मुश्किल पर्छ, औंलो भाँच्ने त कुरै नगरौं । केवल पाश्चात्यहरूले लेखेको केही किताब हेरेर कैयौंले जस्ताको तस्तै नपचाईकन पेटबाट बाहिर निकालेका हुन्छन् । धेरैले पाँच पास गरेर इतिहासकार बनेका छन् भने कुनैले आठ पास गरेर इतिहासकार बनेका छन् । कुनै दश पास गरेर इतिहासको शिर जगट्याउन पुगेका हुन्छन् त कुनैले स्कूलहरूको मुख नदेखीकनै इतिहासकारको धुर्रि उडाउन कमर कसेको देखिन्छ । के इतिहासको बारेमा यो चाल ठीक हो त ? म भन्छु बिलकुल अन्याय हो । असत्य हो । वर्तमान र भविष्यको जनतालाई मात्र होइन, आफ्नै प्यारा छोरानातिहरूलाई खाडलमा ज्यूँदै हालेर पुर्ने काम हो । जहाँसम्म कक्षा पास गर्ने कुरा छ, त्यो एक क्षणको लागि अलि टाढै राखौं । कुनै कक्षा पास नगरे पनि अध्यवसायी र लगनशील, परिपक्व रिसर्च गर्ने, प्रामाणिक विद्वान्हरूसँग अध्ययन गरेर देश-देशान्तर भ्रमण गरेर ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक, वैज्ञानिक, नृतत्त्वसम्बन्धी पत्ता लगाएर लेख्न बसे, त्यस इतिहासको ऐतिहासिक महत्त्व हुन्थ्यो । परन्तु धेरैजसो इतिहासकार हुँ भन्नेहरू यस ढङ्गका छैनन् । भविष्यमा न्यायको अपेक्षा राखिएको छ ।

*

इतिहास शब्दको अर्थ

इतिहास शब्द सुन्नेबित्तिकै उसको अर्थतिर कमै मान्छेको ध्यान जान्छ । खालि 'त्यस्तो थियो अरे । उस्तो थियो अरे । रावणको दशवटा शिर थियो अरे । बीसवटा हात थियो अरे । सहस्रबाहुका हजार हात थिए अरे ।' आदि भन्छन् । अर्का थरीले 'के सिंग न पुच्छरका पुङ्वाङे कुरा गर्छन् काम नपाएर' भन्छन् । तर साँचै विचार गर्ने हो भने यी दुवै थरीका व्यक्तिहरूले इतिहासको गन्ध पनि सुँघेका हुँदैनन् । परन्तु झन्सारो ठूलो भङ्गालोमा पर्ने व्यक्ति उत्पातमा परेको हुन्छ । उपर्युक्त दुइ थरीको भनाइमा कुन थरीको भनाइ ठीक हो ? यस प्रकारको सन्देहमा परेर तेस्रो कोटिको व्यक्ति या त हिसाबबाट विमुख भएर इतिहास र इतिहासकारलाई अश्रद्धाको दृष्टिले हेर्ने हुन्छ या त अप्रामाणिक भ्रमात्मक कुरा सुनेर भ्रमको खाडलमा परेर बसिरहन्छ ।

परन्तु इतिहास विषयलाई केलाउने यी तीन कोटिका मानिसदेखि भिन्न चौथो कोटिको मानिस हुन्छ । जो साँचो इतिहास बोकेको हुन्छ, जसले प्राचीन संस्कृति, सभ्यता, धर्म, कर्म, बोली, भाषा, राजनीति, अर्थशास्त्र, मानवता, पुरातत्त्व आदि समस्त विषयलाई बोकेर सिंगो राष्ट्र भएर उभिन्छ, त्यसै व्यक्तिले इतिहासको अर्थ बुझेको हुन्छ । अरू त 'इतिहास' शब्दको व्याख्या मात्रै हो । त्यसैले 'इतिहास' शब्दमा तीनवटा अर्थ लुकेको देखिन्छ । ती शब्दार्थ हुन् 'इति-ह-आस' । इति = इत्थं प्रकारेण—यस प्रकारले, ह = प्रसिद्धरूपेण निश्चयेन—प्रसिद्धरूपले निश्चय नै, आस = थियो भन्ने पूर्ववृत्तलाई[1] जसले बताउँछ; त्यसलाई इतिहास भनिन्छ । धर्म, अर्थ, काम र मोक्ष यी चार पदार्थभित्र समस्त विश्व र विश्वको इतिहास अटाएको छ । यस्तो फराकिलो इतिहासको अर्थ विश्वको कुनै कुनामा पनि पाइँदैन । प्राचीन किरातकालमा यत्रो व्यापक 'इतिहास' शब्दको अर्थ गर्ने क्षमता थियो भने कसरी जंगली मान्ने ? इतिहास नजानी इतिहासको अर्थै हुन सक्दैन । यस्ता किरातहरूको बारेमा अझ गहन अनुसन्धान हुन बाँकी नै छ ।

* * *

---

[1] धर्मार्थकाममोक्षाणामुपदेशसमन्वितम् ।
पूर्ववृत्तकथायुक्तमितिहासं प्रचक्षते ।। (वि० ध० उ० ३।१५।१)

सिन्धुघाटीको सभ्यतामा किरातसभ्यता

भारतीय पुरातत्त्वविभागको महानिर्देशक सर जान मार्शलले सिन्धुघाटीभित्र पर्ने मोहनजोदडोको उत्खनन गरेका थिए। उत्खननको काम ई० सं० १९२१ देखि ई० सं० १९२७ सम्म भयो। यहाँ 'मोहन-जोदोडो'-को अर्थ 'मरेको मुर्दा लगेर राखेको डाँडा' हो। यो 'मोहनजोदोडो' वर्तमान पाकिस्तानमा पर्ने सिन्धुप्रान्तको लर्काना जिल्लाको एउटा मैदानको अग्लो डाँडाको नाम हो। यो सिन्धुप्रान्त कराचीदेखि लगभग ३०० मील उत्तरमा पर्छ। यसको छेउछाउको भूमि अत्यन्त उर्वर छ। यसलाई त्यहाँका जनताले 'नखलिस्तान' या सिन्धका 'बाग' बगैंचा भन्दछन्। यसमा पाँच हजारदेखि पच्चीस हजार वर्ष पुरानो पुरातत्त्व (Archaeology) पृथिवीमुनि दवेर बसेको छ। डा० मार्टिमर ह्वीलरले अझ पुरानो बताएको छ। मोहनजोदडो र हडप्पा मोन्टीगुमरी जिल्ला रावीनदीको किनारामा प्रायः एकैसाथ उत्खनन भएको थियो। मौन्टीगुमरी जिल्ला लाहोरदेखि लगभग एक सय मील टाढा पर्छ। डा० कनिंघमले मोहनजोदडो र हडप्पाको सभ्यता लगभग एउटै बताएका छन्। साथै मोहनजोदडोभन्दा हडप्पाको शहर अझ ठूलो र विस्तृत थियो भन्ने विश्वास पुरातत्त्वविद्हरूले मानेका छन्। हडप्पाको उत्खनन डा० ह्वीलरले गरेको हो।

मोहनजोदडोदेखि लगभग चालीस मील दक्षिण तथा जमाल किरियो गाउँको दक्षिणमा आधा मील-भित्र नजीक नजीकमा तीनवटा टिला=डाँडा छन्। ती डाँडाहरूलाई त्यहाँका जनजिब्रोले 'चहुनदारी' भन्दछन्। यसको खोज ई० सं० १९३१ मा भएको थियो। यसमा पनि हडप्पासँग मिल्दो जुल्दो वस्तु प्राप्त भएका थिए। फेरि १९३५-३६ मा पनि उत्खनन भयो। त्यस बेला पनि हडप्पासँग मिल्ने तीनवटा घरको भग्नावशेष प्राप्त भएको थियो।

यस्तै प्रकारले हरियाणा प्रान्तको जिल्ला अम्बाला रोपडको छेउमा भारत-सरकारले उत्खनन गरायो। त्यहाँ रोपड र हडप्पाको वस्तु तुलनाको दृष्टिले समान पाइयो भनेर पुरातत्त्वविद्हरूले भने। सौराष्ट्रको रङ्गपुर भन्ने ठाउँमा र लोथलमा पनि हडप्पाको जस्तै ताँबाको बञ्चरो र माटोको भाँडा आदि तथा भवनको नालीहरू एक समान प्राप्त भएको छ। अवश्य यति फरक देखिन्छ कि मोहनजोदडोको सभ्यता अचानक दुर्घटनाले समाप्त भएको बुझिन्छ भने हडप्पा, रङ्गपुर आदि कालगतिले समाप्त भएको देखिन्छ। यसरी विद्वान्हरूले धेरै तुलनात्मक अध्ययन गरेका छन्। साथै उपर्युक्त सबै ठाउँको सभ्यतालाई एक समान भएको हुनाले सिन्धुघाटीको सभ्यता भनेको हो।

परन्तु यसभित्र सबै मिसिएको भए पनि किरातहरूको धेरै भाग पर्छ भन्ने दावा भने छँदैछ, तर विशेष शोधखोजको आवश्यकता पनि छँदैछ। यीमध्ये पशुपति=शिवको पूजा सिन्धुसभ्यतामा प्रधान थियो। शिव=पशुपति सबैको देवता भए पनि मूलरूपमा किरातको इष्टदेव मानिन्थ्यो। आज पनि किरातहरूकै इष्टदेव शिव=महादेव=पशुपतिलाई पारुहाङ=थेवासाम् आदिको रूपमा मानेको देखिन्छ। जलहरीसहित शिवलिंगको पूजा सिन्धुसभ्यतामा प्रधानरूपले थियो। तर पछि आएर केही व्यक्तिहरूले श्लील व्याख्या गर्न थालेका थिए। आधुनिक इतिहासकारहरूले त नबुझीकन योनि र लिंगको पूजा गर्थे भनेर लेखेका छन्। तर त्यो इतिहास सत्य होइन। लिंग भनेको चतुर्दशकोटि ब्रह्माण्डको प्रतीक हो।

जलहरी वा जलधरी भनेको पृथिवीको प्रतीक हो। त्यसलाई प्रकृतिको प्रतीक हो पनि विद्वान्हरूले भनेका छन्। तर आधुनिक लेखकहरूले आध्यात्मिक रहस्यलाई बुझ्न सकेनन्। अनि पाश्चात्यहरूले जसो भने उसै गर्न थाले। यो ठूलो भूल थियो।

जे होस् सिन्धुसभ्यता द्रविडहरूको मात्रै होइन, अपितु सिन्धुसभ्यता विशुद्ध आर्यसभ्यता हो। द्रविड र किरातहरू पनि आर्य नै हुन्। शिवलिङ्ग, पशुपतिको पूजा, साँडे आदि किरातहरूको मूल सभ्यताभित्र पर्ने भएको हुनाले मूलरूपमा सिन्धुसभ्यता किरातसभ्यता नै हो। परन्तु किरातहरू आर्यभन्दा भिन्नचाहिं कथमपि हुन सक्दैनन्। किरातहरू शुद्ध आर्यकिरातक्षत्रिय हुन्। सिन्धुसभ्यतामा मृतकसंस्कार गर्दा जलाउने, गाढ्ने, जलप्रवाह गर्ने तीनै प्रकारको चलन थियो। यस सभ्यताको उल्लेख ऋग्वेद, अथर्ववेद आदिमा भएको छ। यी प्रकरणहरूलाई डा० वी० डी० महाजनले 'प्राचीन भारत का इतिहास' पृ० ४८ देखि ६४ सम्म प्रष्ट पारेको छ। परन्तु महाजनलाई पनि किरातसभ्यताबारे थाहा थिएन होला। त्यसैले चर्चा विचर्चा किरातबारे गरेनन्। परन्तु अनावश्यक चर्चा हुनुपर्छ भनेको होइन, अपितु किरातहरूको सभ्यता स्पष्टरूपमा देखिन्छ भने किन चर्चा नगर्ने ? बरु भविष्यमा त्यसको छानबीन हुने गरी चर्चा गर्नु, लेख्नु उचित हो। यस विषयमा डा० महाजन त के, अरू इतिहासकारहरू पनि मौन छन्। तर केहीले बुझेर, केहीले नबुझेर आर्य र द्रविड लेखेर फुट पार्ने चेष्टाचाहिं अवश्य गरेका छन्, जबकि आर्य = द्रविड, किरात एकै आर्य नै थिए।

सिन्धुघाटीको सभ्यताभित्र चर्चित स्थानीय नाम पनि किरातहरूको हुनुमा एउटा प्रमाण देखिन्छ, किनभने आज पनि 'जमाल किरियो' नामको स्थान सिन्धुप्रान्तभित्र विद्यमान छ। भाषावैज्ञानिक दृष्टिले 'जम्भाल' शब्दको अपभ्रंस 'जमाल' हुन पुग्यो र 'किरात' शब्दको अपभ्रंस 'किरियो' हुन पुगेको देखिन्छ। प्राचीनकालमा त्यस स्थानको नाम 'जम्भाल किरात' थियो। आज त्यो बिग्रिंदै आएर 'जमाल किरियो' बन्नु स्वाभाविकै हो। यति मात्रै होइन, पाकिस्तानमा पर्ने बलुचिस्थान पनि कुनै बेलामा 'बलोच्चस्थान' थियो, जो 'बलोच्च' शब्द किरातहरूको वाचक थियो। स्थान उनीहरूले रहने संकेत हो। त्यो बिग्रिंदै गयो बलुचिस्थान भयो। यसरी विचार गर्ने हो भने आज पाकिस्तानमा पर्ने सिन्धुनदी र रावी नदीको घाटी तथा बलुचिस्थान आदि समग्र स्थानहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा किरातसभ्यता, किरातसंस्कृति, किरातकलाहरू लुकेका छन्। तीमध्ये सिन्धुघाटीको सभ्यतामा देखा परेका कैयौं सामग्रीहरू किरातसभ्यताका परेका छन्। तर भविष्यको शोधखोज गर्ने विवेकी इतिहासकारहरूसँग भने पूर्ण न्यायको अपेक्षा गरिन्छ।

*

इतिहासको संशोधन र पुनर्लेखन हुनैपर्छ

मानव बुद्धजीवी प्राणी हो। यसमा सन्देह गर्ने अवसर छैन, तर चार्ल्स रावर्ट डार्विनको कल्पनाको घरेडी पनि वैज्ञानिक ढङ्गले भत्किसकेको छ। अन्यथा अमीवादेखि मानवसम्मको विकास भएपछि मानवमा पुगेर विकास रोकिनु विकासवाद होइन, किनभने अमीवाभन्दा उत्ता पनि केही हुनुपर्छ र मानवदेखि पछि पनि केही बन्नैपर्छ। नवने घरेडी खतम भइहाल्यो। डार्विनको 'प्रकृतिको चुनाउ'ले एक अर्को आपत्ति उभ्याएको देखिन्छ। त्यो के हो भने डार्विनको विकासवाद सही हो भने मान्छेबाट मान्छे जन्मनु हुँदैन। अर्थात् स्त्री-पुरुषको मिलनबाट मैथुनी सृष्टि हुनु हुँदैन। भए डार्विनको सिद्धान्त त्यसै खण्डित भइहाल्छ। डार्विनको विकासवादको अनुसार अमीवाबाट मानव सृष्टि हुनुपर्छ। वस्तुतः यो सिद्धान्त डार्विनको पनि होइन। यो सिद्धान्त त ईसापूर्व छैटौं शताब्दीको ग्रीकवासी दार्शनिक थेलीजको शिष्य एक्जिमेनीज र एक्जिमेनिण्डरको थ्योरी मात्र हो। यो थ्योरी जस्ताको तस्तै १७ र १८ शताब्दीको माझ डार्विनसँग भेट गर्न पुगेछ। तर यत्रो अवधिमा डार्विनको 'हो-हल्लामा' दुनियाका प्रोफेसर र मास्टर धुइरिए। तल-माथि, वरपर हेर्ने अवसर पनि पाएनन्; आश्चर्यको कुरा छ। जता हेर्‍यो जता सुन्यो उतै हो कि हो छ। आखिरी के हो त ? डार्विनको होक्काँ ठीक हो त ? तर अब वैज्ञानिक कसौटीबाटै डार्विनको 'प्रकृतिको चुनाउ' फेल भइसक्यो। सही मानेमा डार्विनको विकासवाद बुद्धिगम्य कुरो होइन।

मानव यतिले मात्र सन्तोष मानेर बस्ने प्राणी पनि होइन। त्यसो भएको हुनाले संस्कृतलाई नछुए पनि संस्कृतको प्रमाण दिएर अवतारवादलाई डार्विनको विकासवादसँग जोड्न खोजेको देखिन्छ। परन्तु यो कल्पना झन् भ्रमात्मक छ। अमीवावादको र अवतारवादको कुनै सम्वन्ध छैन। अमीवा एउटा कीटाणु हो। अवतार परमात्माको हुन्छ। परमात्मा सर्वज्ञ सर्वशक्तिमान् छ। अमीवा उसै परमात्माको अर्को सृष्टिमा एउटा सूक्ष्म सृष्टि हो। परमात्माले मत्स्य, कच्छप, वराहा आदि अवतार लिएर हरेक युगमा पृथिवीको उद्धार गरेको इतिहास साक्षी छ। भक्तहरूको दुःख नाश भएको प्रमाण पाइन्छ। यस तुलनामा अमीवाको अत्तोपत्तो केही देखिँदैन। सूक्ष्म यन्त्रको सहारादेखि अर्को सहारा छैन। अतएव हामी भन्न सक्छौं कि विकासवादसँग अवतारवादलाई जोड्नु बुद्धिको हत्या गर्नु मात्र हो। यस्तै कैयौं नहुँदो कुरो आजको युनिभरसीटी, स्कूल, कालेज आदि शिक्षणसंस्थाहरूमा कलिलो मस्तिष्क भएको केटाकेटीहरूलाई पठाइन्छ। यी बालक-बालिकाहरूले पनि हामी रत्नलाल र बासुकी देवीका छोरा-छोरी हौं भन्न छोडेर हामी अमीबाका छोराछोरी हौं भन्न बेर लाउनेछैनन्। सर्वशक्तिमान परमात्माको सृष्टिलाई अमीबाबाट भएको सृष्टि भन्नु मूर्खता मात्र नभएर प्राचीन इतिहासको हत्या गर्नु हो। वस्तुतः भरतखण्ड जम्बूद्वीपको आधुनिक इतिहास लेख्ने विद्वान् भनाउँदाहरू इतिहास लेख्ने अधिकारी नै थिएनन्। कुनैकुनै अधिकारी थिए तर संस्कृत नजान्ने हुनाले सुनेको भरमा अथवा केही पढेको भरमा मात्रै लेखे। कतिले चाहिं त्यस देश या प्रान्तका भ्रमण पनि गरे। तर सही मानेमा यस देशको भाषा, संस्कृति र संस्कृतमा लेखिएको प्राचीनकालिक इतिहास हेर्ने र पढ्ने प्रयत्न गरेनन्। कुनैले चाहिं किरायाका टट्टु पण्डितहरूलाई पैसाले किनेर केही बुझ्ने र लेख्ने प्रयास गरे। तर ती किरायाका टट्टुहरूले पनि आफ्नो देशको सही इतिहास वताउन सकेनन्। स्वार्थ भनेका यस्तै हुन्छन्। स्वार्थले समाजको हत्या गर्छ। स्वयं संस्कृत नजान्ने हुनाले त्यस देशको प्राचीन इतिहासको

हत्या गरेर नयाँ इतिहास लेख्ने परिपाटी बसाएका नयाँ तरिकाले खोजी गर्ने प्रस्ताव पनि पास भयो। तर यिनीहरूले नयाँ खोज के गरे ? 'आर्यन कम फ्रम एशिया माइनर' 'किरात कम फ्रम मंगोलिया' अर्थात् आर्यहरू एशिया माइनरबाट आए, किरातहरू मङ्गोलियाबाट आए; बस यही त नयाँ खोज हो। तर यो प्राचीनकालिक इतिहासलाई ओझेल पार्ने षडयन्त्र मात्रै हो। त्यसमा सत्य लेश मात्रै पनि छैन। यति हो कि भतुवा बनाउने पाराचाहिं हो। तैपनि एउटा प्रश्न गरिहालौं। आर्य र किरात दुवै भतुवा रहेछन्। तर आर्य र किरात आउनुभन्दा पहिले यस देशमा कसको बसोबास थियो ? यसको उत्तर दिने इतिहासकार जन्मेको थिएन। भविष्यमा पनि संभव छैन। भनौं भने १७ र १८ शताब्दीमा लेखिएको इतिहास 'फुट पार राज्य गर' भन्ने मुख्य उद्देश्यले मात्र लेखिएको हो। साँच्चै भनौं भने आर्य र किरात मूल आर्यावर्त भरतखण्ड, जम्बूद्वीपकै निवासी हुन्। यी भतुवा हैनन्। आर्य र किरात हिन्दू हुन्; अलग होइनन्। किरातहरू शुद्ध आर्य-हिन्दू हुन्। प्राचीनकालिक १२ क्षत्रियहरूमा किरात पनि द्विज, तागाधारी क्षत्रिय हुन्। त्यसो भएको हुनाले किरातहरू, मंगोलियाबाट झट्टारिएर आएका भतुवा हुन् भन्ने इतिहासकारहरूले झूटो इतिहासको पानालाई बदल्नु नै पर्छ। आर्य-किरातहरूको लाखौं वर्ष पुरानो इतिहास संस्कृतमा सुरक्षित छन्। ती प्राचीन इतिहासमा आर्य-किरातहरू बाहिरबाट आएका उल्लेख कहीं छैन। यदि बाहिरबाट आएका हुन् भने त प्राचीन इतिहासमा पनि उल्लेख अथवा संकेत हुनुपर्ने हो। तर निरन्तर १८ वर्षको रिसर्चमा पनि संकेत नपाउनु नै आश्चर्यको कुरा छ। त्यसो हुँदा १८ र १९ शताब्दीमा लेखिएको इतिहास गलत छ भन्ने प्रमाणले सिद्ध भइसक्यो।

यहाँ विचारणीय विषय यो पनि छ; आर्य–अनार्य, द्राविड र मङ्गोलियन यो जाति अलग अलग हुन् भन्नेहरूले शब्दको अर्थलाई बुझेकै छैनन्। त्यसै भएको हुनाले अनार्य, द्राविड, मङ्गोलियन आदिलाई अलग मानेका छन्। तर प्राचीन इतिहासलाई हेर्दा द्राविडहरू ब्राह्मणमा परेका छन्। पञ्चगौंड पञ्च द्राविड भन्ने इतिहास प्रष्ट छ। यसै प्रकारले किरातहरू क्षत्रिय हुन् भनेर लेखेका छन्। किरात अवश्य पनि क्षत्रिय हुन्। यो कसैले ढाँटेर काटिने इतिहास होइन। त्यसो हुँदा 'अनार्य' शब्द द्राविड अथवा मङ्गोलियनहरूलाई प्रयोग गरेका होइनन्। किरातहरूलाई मङ्गोलियन 'अनार्य' भनिन्छ भन्नु त बुद्धिहीन कुरा मात्रै हो। आर्य र अनार्यको अर्थ 'पठित र अपठित' भने जस्तै हो। 'आर्य अनार्य' द्राविड सबै आर्य नै हुन्। संस्कृत व्याकरण नजान्नेहरूलाई अनार्य शब्दको अर्थ लाग्नु सक्दैन। त्यसै भएको हुनाले गलत अर्थमा प्रयोग गरेका छन्; यी किरातहरू मंगोलियाबाट आउने इतिहासमा। त्यो त चण्डुरवालाको गफ मात्र हो!

यसो घोरिएर विचार्नुहोस्। वर्तमान मंगोलियाको आविर्भाव केवल तीन हजार वर्ष मात्रै छ। त्योभन्दा पूर्व हिमालयको मरुभूमि मात्रै थियो। आज पनि 'गोभी'को विश्वप्रसिद्ध मरुभूमि वहीं छ। ई० सं० १३ शताब्दीदेखि शुरू भएको इतिहास प्रसिद्ध छ। मङ्गोल शब्दको विशेष प्रयोग गर्ने चंगेजखाँ र कुवलयखाँ आदि हुन्। चंगेजखाँ र कुबलयखाँको शासनको धुम संसारभरिको इतिहासमा प्रसिद्ध छ। यिनीहरूभन्दा पूर्व 'मंगोल' शब्द प्रयोग भएको पाइएको छैन। यता किरातहरूको इतिहास हेर्दा पाँच हजार वर्षपहिले किरातसम्राट् सुबाहु, किरातराजा कुणिन्द, किरातराजा सुमना, किरातसम्राट् भगदत्त आदि महाभारतको युद्धमा एक-एक अक्षौहिणी सेना लिएर लड्न गएका थिए। अब विचार गर्नुहोस् मंगोलियाको वसोवास केवल ढाई हजार वर्ष मात्रै भएको देखिन्छ। यता किरातहरू मंगोलियाभन्दा साढे तीन हजार वर्षपहिलेदेखि नै सभ्य योद्धा, वीर सम्राट्, राजा-महाराज भएर बसेका थिए। अब भन्नुहोस् किरातहरू कुन शताब्दीमा मंगोलियाबाट आए ? यति मात्र होइन, महाभारतभन्दा पनि धेरै पुरानो रामायण हो।

रामायणमा पनि किरातहरूको उदात्त चरित्रको इतिहास प्रष्ट छ। रामायणभन्दा पुरानो इतिहास पुराण हो। पुराणहरूभन्दा पुरानो ब्राह्मणग्रन्थ हुन्। ब्राह्मणभन्दा पुरानो वेद हो। किरातहरूको इतिहासले लाखौं वर्ष पुरानो वेदलाई पनि छोडेका छैनन् भने ३००० वर्ष आयु भएको मंगोलियाबाट किरातहरूले भतुवा भएर आउन सुहाउला र? हामीले धेरै वर्षसम्म झूटो इतिहासलाई साँचो मानेर पढ्यौं। बिग्रेको इतिहासलाई सच्चाएर पढ्नु पढाउनु छ। राई, लिम्बू, मगर, गुरुङ्ग, सुनार, तामाङ, थारू, धिमाल, नेवार, राजवंशी, गारा, नागा, कचिन आदि किरातक्षत्रिय हुन्। यीमध्ये धेरैले आफ्नो इतिहासलाई भुलेर आफूलाई किरात भन्न र लेख्न भुलेका छन्। मानव अमीवाको सन्तान होइन, किनभने अमीवाले अमीवा नै जन्माएको देखिन्छ। बाँदरको सन्तान पनि होइन। ढेंडूको सन्तान पनि होइन, किनभने अमिवाले अमिवा नै जन्माएको देखिन्छ, बाँदर ढेंडूले बाँदर ढेंडू नै जन्माएको देखिन्छ। पुच्छर घिस्सिएर मान्छे बन्यो भनौं भने लाखौं करोडौं वर्षदेखि ढेंडू बाँदर दगुरिरहेकै छन्। खै त! एउटा पनि मान्छे भएको देखिंदैन! सर्कस आदिमा दिएको शिक्षा पनि मानवको मनोरञ्जनको लागि मात्र बनेको देखिन्छ। मानवले मानव जस्तै बनाउने प्रयासमा ढेंडू, बाँदर, भालू, चेंपान्जी, वनमानव, हिममानव आदिलाई चिडियाघर आदिमा लाखौं रुपियाँ खर्च गरेर शिक्षा दिइराखेका छन्। यसै शिक्षाको असफलताले पनि बताउँछ कि मानव मानवै हो। परमात्माको सृष्टिमा सर्वश्रेष्ठ बुद्धिजीवी सृष्टि मानव नै हो भन्ने केही आश्चर्य छैन। मानवको उत्पत्ति र विकास अपेक्षित विकासमा मानवरूप हुन स्वाभाविकै हो। अपेक्षित आधारित छ। तर मानवसृष्टि ईश्वरवाट नभएर ढेंडूबाट हुने इतिहासको पानालाई नफेरेसम्म सही इतिहास लेख्न सक्दैनौं। बच्चाले पनि नपत्याउने मानवसृष्टि राख्नु हास्यास्पद मात्र हो। अन्तमा बुद्धिजीवीवर्ग, नीरक्षीरविवेकी इतिहासकारहरूले एक पक्षीय नभई घोरिएमा हामी निश्चय नै हाम्रो इतिहासको संशोधन र पुनर्लेखनको स्थितिमा पुग्नेछौं। तर ठण्डा दिमागले सोच्नु पनि उत्तिकै आवश्यक छ।

त्यसैले विश्वविद्यालय र स्कूल कालेजहरूको पाठचक्रम पूर्णरूपेण परिवर्तित गरेर सही इतिहासको अध्ययन र अध्यापन हुनुपर्छ। इतिहासको संशोधन र पुनर्लेखन नभएसम्म हाम्रा भविष्यका राष्ट्रका कर्णधारहरूलाई इतिहासको नाममा कालो खाडलमा पुर्नुपर्नेछ। त्यसैले पाश्चात्य मोहको निद्रा तोडौं, तुरुन्त जागौं र आफ्नै सही इतिहास पढौं, पढाऔं। यसैमा समाजहित र राष्ट्रहित हुनेछ।

---

* दैनिक हिमालचुली पत्रिकामा १९८३ मा सिलिगुडीवाट प्रकाशित साभार।

प्राचीनकालमा इतिहास जान्दैन थिए ?

प्राचीनकालमा इतिहास लेखिएका थिएनन् । सबै जङ्गली थिए । जङ्गलमा झुण्ड बनाएर शिकार खेल्दै गिट्टा भ्यागुर आदि खाएर जीवन निर्वाह गर्थे । बिस्तारै आगो पार्न जाने । त्यसपछि गाई, भैंसी, भेडा, कुकुर आदि जस्ता पशुहरूलाई पनि पाल्तो बनाएर राख्न थाले । बिस्तारै घुमन्ते यायावर जीवनले मात्रै नचल्ने भएको हुनाले खेती पनि गर्न थाले । बिस्तारै भूमि निर्धारित गर्न थाले । पछि आएर गीतहरू लिपिबद्ध गर्ने आवश्यकता पऱ्यो र लिपिको आविष्कार गरे । बिस्तारै साहित्य सङ्ग्रह गरे । त्यसपछि इतिहास लेख्न थालेका हुन् । 'History was not written in olden time'. त्यसैले प्राचीन इतिहास लेखिएका थिएनन् ।

परन्तु यो भनाइ वा लेखाइ ठीक छैन । हाम्रो प्राचीन इतिहास चारै वेद हुन् । वेदहरू केवल धार्मिक पूजा पाठ गरिखाने वा मागिखाने भाँडो मात्रै होइन, अपितु विश्वकै सबैभन्दा प्राचीन इतिहास हो । यी कुरा मैले सप्रमाण अन्यत्र पनि लेखिसकेको छु । प्राचीनकालमा पनि इतिहास पढाइन्थे । किन्तु प्राचीनकालको इतिहास-पढाइमा तथा आधुनिककालका इतिहास-पढाइमा भने अवश्य अन्तर हुनु स्वाभाविकै हो । इतिहास नभए अथवा इतिहास पढाइँदैन थिए भने इतिहासको उल्लेख किन गरे त ? 'चतुर्थमितिहासः'[1] किन भन्थे र ? शतपथब्राह्मणमा[2] अनेक विषयहरूको अध्ययन गर्ने क्रममा इतिहासलाई पनि नित्य पढ्नुपर्छ भनेर उल्लेख गरेको छ । इतिहासै लेखिएको थिएन भने नित्य पढ्ने कुरै के ? इतिहास नभए इतिहासको लक्षण वा परिभाषा नै ऋषिहरूले लेख्ने थिएनन् ।

✳

---

[1] छान्दोग्योपनिषद् अ० ७।२

[2] वाकोवाक्यमितिहासः पुराणमित्यहरहः स्वाध्यायमधीते (श० प० ब्रा० ११।५।७।९)

(क) इतिहासः पुराणं विद्या उपनिषदः (बृ० उ० २।४।११)

केही आश्चर्यजनक शब्द र त्यसको अर्थ

भाषावैज्ञानिक दृष्टिले हेर्दा धेरै विदेशी अथवा आफ्नै देशका पनि ध्वनिसाम्य, शब्दसाम्य देख्दा अर्थसाम्य हुन सक्छ कि सक्तैन ? विचार गर्नु आवश्यक देखिन्छ। उदाहरणको लागि वान्तवा राईभाषिकाको एउटा सञ्ज्ञा राखेर पाठकवृन्दलाई सम्झाउने प्रयास गरिंदै छ। जस्तै –'आमचोक' भन्ने शब्द छ। यस शब्दलाई झट्ट सुन्दा आधुनिक नेपाली राष्ट्र भाषाको शब्दमा कुनै गाउँको नाम राखेको हो भन्ने बुझिन्छ। यसको 'आमको रूख भएको चौक' भन्ने अर्थ हुन्छ। तर धेरै विचार गर्दा 'आम' भनेको 'तिम्रो', 'चोक' माने 'माथि' भन्ने अर्थ हुन्छ। यस्ता सहस्रौं शब्द हुन्छन्।

परन्तु प्रस्तुत विषयमा विदेशी शब्दहरूमा केही नेपालका किरातभाषिकाको शब्दहरू मिले जस्तो देखिन्छ। शब्दसाम्य अवश्य देखिन्छ। तर अर्थसाम्यको लागि तत्तद् देशवासीहरूकै अर्थ सुन्नु पाउँदा मात्रै सन्तोष हुन सक्छ। उनीहरूको आआफ्नो भाषामा ती शब्दहरूको के के अर्थ लाग्छ ? यो स्वयं लेखकलाई सुन्ने र जान्ने उत्कट इच्छा छ। परन्तु भेट्टाइने हो कि होइन ? यो अर्कै कुरा हो।

१. एउटा विश्वप्रसिद्ध छ, जसको नाम 'मोनालिसा', 'मुनालिसा', 'मनालिसा' आदि विविध मानिसले विविध उच्चारण गर्छन्। सही उच्चारण र अर्थको पता छैन। यस चित्रको विशेषता जुन दिशाबाट हेरे पनि हेर्ने मान्छेलाई नै हेरेकी हुन्छे। फ्रांसमा बनेको हो र लेओ नार्डोको प्रेमिका हुन् धेरैले भन्दछन्। चित्रकार विश्वप्रसिद्ध कलाकार थिए। यहाँ भन्नु यो छ कि 'मुना लिसा' को अर्थ 'मान्छे भयो' भन्ने हुन्छ। 'मोना लिसा' को अर्थ 'मनमा सोचे जस्तै भयो' भन्ने हुन्छ। यसको अर्थ उनीहरूको भाषामा के होला ?

२. नेपालमा आजकल 'टोयोटा' भन्ने जापानी कार चलेको छ। 'टोयोटा' र 'टायाटा' उच्चारण गर्छन्। तर वान्तवा राईबोलीबाट यसको अर्थ बुझ्दा 'बुद्धिमा आयो' भन्ने हुन्छ।

३. 'टोङ्याङ्' कोरियन सीमिन्ट कम्पनीको नाम हो। तर 'टोङ्याङ्'को अर्थ 'मिल्दै छ' अथवा 'मिलिरहेको छ' भन्ने हुन्छ।

४. 'साङ्याङ्' यो जापानी कम्पनीको नाम हो। यसको अर्थात् 'साङ्याङ्' को अर्थ 'बज्दै छ' हुन्छ। 'साङ् या आङ' को भने 'को छ ?' भन्ने अर्थ हुन्छ।

५. 'फेण्टा' नेपालको ओरेञ्ज कम्पनीको नाम हो। तर यसको 'भत्कियो', 'भत्किसक्यो' भन्ने अर्थ हुन्छ।

६. 'कोक्' यूरोपबाट भारतमा पस्यो। त्यसपछि नेपाल पसेको हो। तर 'कोक्' को अर्थ 'भात' हुन्छ।

७. 'लियो' नेपाल हेटौंडा वियर कम्पनीको नाम हो। परन्तु 'लियो' को अर्थ 'हुनेछ' हुन्छ।

यी उपर्युक्त अर्थ प्रायः वान्तवा राईभाषिका आदिका हुन्। शब्द पनि प्रायः वान्तवासँगै मिलेको छ। तर निश्चय पनि आज बोलिने राई, लिम्बूभाषिकाहरू हजारदेखि पाँच सय वर्षभित्रका हुन् भन्न सकिन्छ। मलाई लाग्छ विदेशी शब्द कसरी मिल्न गए। अर्थ निश्चय नै भिन्न होला। जे होस् विचार र शोधखोज (Research)-को अवसर छँदैछ। परन्तु ध्यान दिने कुरा यो छ कि उपर्युक्त विदेशी शब्दहरू जस्तै किरातहरूको इतिहासमा अनेक प्रकारको भ्रम पर्न गएको छ। वास्तविक अर्थ नबुझेसम्म त्यसको स्वरूप टुङ्गो लगाउनु कठिनै छ। त्यसैले अनुसन्धानको निरन्तर आवश्यकता छ।

* * *

धत्तेरी गोबरगणेश !

मानवजीवन विचित्र हुन्छ । त्यसमा पनि भित्रको भागमा अझ विचित्रसँग साँगुरिएको हुन्छ । यो साँगुरिएको बाटोलाई सम्याएर फराकिलो अथवा सीधा पार्नु निक्कै गारो पर्छ । त्यसमा पनि कसैको मन साँगुरिएको हुन्छ । कसैको कल्पना साँगुरिएको हुन्छ । कतै विचार साँगुरिएको हुन्छ भने कतै बुद्धि साँगुरिएको हुन्छ । कतै भाव साँगुरिएको हुन्छ भने कतै शब्द र अर्थ साँगुरिएको हुन्छ । जसको जे साँगुरिएको हुन्छ, उसले उही देख्छ र उही बोल्छ ।

'वाराणसी' सरस्वती र लक्ष्मी दुवैको साझा नगरी हो । यसमा विशेष सरस्वतीका उपासक धेरै छन् । यो नगरी धेरै कारणले इतिहासको 'पेवा' पनि भएकी छ । कलमीले पनि विद्यार्थी अवस्थाको तेह्र बसन्तसँग मीत लगाएको छ । यसै प्रसंगमा सन् १९६९ मा नेपालको भूतपूर्व प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासँग भेट गरेर फर्कंदा बाटैमा सरस्वतीका महान् उपासक मिल्यो । मान्छे वास्तवमा सरस्वतीसँग भेट गरेकै हो । तर राजनीतिको जामा र दर्शन अनि विकासवादको पुच्छर पनि झुण्डाएको थियो । वाराणसीको साँगुरो गलीमा (ठठेरी गर्लीमा) झन्सारो बुद्धि साँगुरिएको रहेछ । दुवैले शिष्टाचारको जामा लगाएपछि वाराणसीको ठठेरी गलीमा मानवविकासदेखि राजनीतिको विकाससम्मको कुरा खोदालियो तर सित्तैं बाउसे गर्ने मेसो मात्रै परेको थियो । 'वादे वादे जायते तत्त्वबोधः' भन्ने कुरा उसले पनि सुनेकै रहेछ । त्यो सज्जनको भनाइ थियो —डार्विनको विकासवादबाट मान्छे आजको राजनीतिसम्म पुगे । तर मेरो भनाइ थियो – त्यसो होइन । मानवको बुद्धिविकास मानवचेतनाबाटै हुन्छ । अमीवाबाट हुँदैन । स्कूल, कालेज, विश्वविद्यालयहरूमा नबुझीकन डार्विनको विकासवाद पढाउनु बुद्धिमत्ता होइन ।

हामीले बाँदरका सन्तानै भन्न थालेका पनि निक्कै शताब्दी वितिसक्यो । तर वालुवालाई हातमा राखेर चीनी होइजा भने जस्तै भएको देखिन्छ । हामीले बाँदरका सन्तान हौं भन्ने पाठ पढ्नुभन्दा पहिले सर्वशक्तिमान् परमात्माले रचेका मानवकै सन्तान हौं भन्ने पाठ पढ्यौं । तर आज सानासाना नानीहरूको स्कूलदेखि लिएर निम्नमाध्यमिक, माध्यमिक तथा कालेज र विश्वविद्यालयहरूसम्ममा पनि बाँदरको पुच्छर घिसिएर मानव भएको पाठ गौरवपूर्वक पढाइन्छ । टी० भी० र समाचारपत्रहरू तथा भाषणहरूमा पनि गौरवको साथ प्रचार गर्छन् । के यो सिद्धान्त वैज्ञानिक छ ? बुद्धिगम्य छ ? वास्तवमा डार्विनले[1] सही अनुसन्धान गरेर देखाएको हो भने डार्विनको विकासवाद रोकिन हुँदैन । डार्विनको सिद्धान्तानुसार अमीवादेखि मानवसम्म पुगेका विकास मानवमै गएर टुङ्गिने हो भने विकासै होइन, किनभने विकास रोकिंदैन । रोकिनेलाई विकास भन्न सुहाउँदैन । डार्विनको विकास त पढाइन्छ तर 'अमीवा' भन्दा पहिला के थियो भनेर सोध्दा यसको उत्तर उनका अनुयायीहरूले पनि दिन सकेका छैनन् । फेरि अन्तिम विकास मानव हो भन्छन् । यो पनि ठीक छैन । मानवको पूर्वरूप त बाँदर नै थियो, अथवा वनमानिस, चेम्पाञ्जी, हिममानव आदि जे थिए, हामी एक क्षणको लागि मानिदिन्छौं । तर मानवपछि मानवको विकास भएर के बने ? यसको पनि वैज्ञानिक उत्तर छैन । खोस्टे कुराको उत्तर पनि छैन ।

---

[1] Charles Robert Darwin (1809-1882 A.D.)

दोस्रो कुरा के हो भने डार्विनको विकासवादी सिद्धान्त सही हो भने मानवबाट वच्चा जन्मनु हुँदैन। अर्थात् स्त्री-पुरुष संयोगबाट बच्चाहरूको उत्पत्ति हुनु हुँदैन। अमीवादेखि क्रमैले माछा, भ्यागुता आदि वन्दै बाँदर, भालू र चेम्पान्जी, वनमानिस, हिममानिसपछि मान्छे बन्नुपर्छ। तर आज त्यस्तो क्रम देखिन्न। खालि मानव-मानवको संसर्गबाट मात्रै मानवको बालकबालिका जन्मेको देखिन्छ। वैज्ञानिक बुद्धिले पनि यही नै भन्छ। कोदोको विकास भयो भने नल अग्लो होला। दाना ठूला लाग्लान्। धेरै मात्रामा कोदो फलेर प्रशस्त मात्रामा उपयोगमा ल्याउन पाइएला। कोदोको विकास योभन्दा धेरै के हुन सक्ला र? धानको विकासमा पनि यही प्राकृतिक नियम लागेको देखिन्छ। आम फले पनि, फर्सी फले पनि सर्वत्र प्रकृतिको यही नियम लागू भएको देखिन्छ। न कि कोदोको विकास हुँदा धान फल्छ।

यसै प्रकारले धानको विकास हुँदा धानको परालमा फर्सीको दाना फल्दैन। तर डार्विनको भनाइ र सोचाइचाहिँ यस्तै छ। जस्तै—कोदोको विकास हुँदा कोदोको नलमा फर्सी फल्नु। नत्र अमीवाबाट मानवविकासको कल्पना गर्नु असम्भव कुरा हो। सबैभन्दा आश्चर्यको कुरा यो छ कि सबै नानीहरूलाई भेला पारेर 'ए नानीहो? यी बाँदर, भालू, वनमान्छे, चेम्पान्जी आदि तिमीहरूका बाजे-बराजु हुन्' भन्दा बच्चाहरूले गलल्ल हाँसेर हल्ला गर्न थाल्छन्। लेखकले कैयौं बच्चाहरूमा यो प्रयोग गरिसकेको छ। यस्ता बच्चाहरूले पनि नमान्ने विषयहरूलाई वैज्ञानिक ठोकुवा गरेर अध्यापक या प्रोफेसरहरूले डार्विनको बुद्धिको प्रशंसा गर्दा त कता हो कता भित्रबाट खित्का छुटेर आउँछ। सही सिद्धान्त के हो भने डार्विनको पुर्खा बाँदर, ढेंडू थिए होलान्। डार्विनको बारीमा कोदोको नलमा फर्सी या आम फल्यो होला। परन्तु वैज्ञानिक आर्यसिद्धान्तको पृष्ठभूमि त्यो होइन। कोदोमा कोदै फल्छ। आममा आमै फल्छ। यसै प्रकारले बाँदरबाट बाँदरै जन्मिन्छन्; ढेंडू जन्मँदैन। यस्तै मान्छेबाट मान्छे नै जन्मन्छ, हात्तीबाट गधा जन्मँदैन र कुकुर्नीबाट सिंह या सिंहनी जन्मँदैन। यस्तै मान्छेबाट मान्छे नै जन्मन्छ; न कि बाँदर, भालू। यहाँ यो अवश्य भन्नु छ कि आर्य-इतिहासमा पनि मान्छेबाट बाँदर या भालू जन्मेको इतिहास छ। कृष्णकी श्रीमती जाम्भवती 'भालू' जाम्भवान्‌कै छोरी थिइन्। हनुमान्, अङ्गद, नल, नील र समस्त वानरी सेना यी के हुन्? भन्ने प्रश्न अवश्य राख्न सकिन्छ। परन्तु यी वानर, भालू डार्विनको विकासवादलाई पैलाउँदै आएका बाँदर, भालू होइनन्। हनुमान्, अङ्गद, नल, नील, जाम्भवान् बाँदरकुलका क्षत्रिय थिए। यस बारेमा संस्कृत नजान्ने, खालि पुराण गरी खाने या कर्मकाण्ड मात्रमा जीवन निर्वाह गर्ने वाहुन र उनकै कथा सुन्ने चेलाहरूले मात्रै यी कुरा पत्याएर दुष्प्रचार गर्छन्। परन्तु जो महान् विद्वान्‌हरूको समक्ष गएर बुझेमा बल्ल पत्ता लाग्छ। त्यसो भएको हुनाले उपर्युक्त हनुमान्, जाम्भवान् आदि महावीर क्षत्रिय थिए। यसको बारेमा विस्तृतरूपले अन्यत्र हेर्नुहुनेछ।

तेस्रो नम्बरमा के भन्छन् भने मत्स्य, कच्छप, वराह, नृसिंह, परशुराम, राम, बलराम यी दश अवतार आर्य अर्थात् हिन्दू-सिद्धान्तमा मानिएको छ। यो ठीक डार्विनको विकासवाद हो भन्छन्। साथै आश्चर्य लाग्दो कुरा छ। संस्कृतको एक ग्रन्थ पनि ठीकसँग पढ्दैनन्। संस्कृतमा लेखिएका विषयहरूमा चुचा गाड्न खोज्छन्। यहाँ भन्नु यो छ कि डार्विनको विकासवादसँग दशावतारको गोरु वेचेको साइनो पनि छैन, किनभने डार्विनको अमीवा ईश्वरीय सृष्टिभित्रै पर्छ। दशावतार स्वयं ईश्वरकै भूलीला हो। यसलाई डार्विनसँग जोड्नु ठूलो मूर्खता हुनेछ। यसको विचार भैसक्यो, किनभने मत्स्य, कच्छप, वराह, नृसिंह अवतार हुनु भनेको डार्विनको थेउरी (theory)-अनुसार कोदोको विकास भएर कोदो नै धान भएर फल्न थाल्यो भन्नु हो। यसरी धानबाट आम, आमबाट फर्सी, यो नहुँदो पागलपना मात्रै देखिन्छ।

परमात्माको अवतारमा त सम्भव छ। तर अवतारलाई ठाडो पुच्छर लगाएर खेद्नेहरूको पनि कमी छैन। उनीहरूले पनि नबुझीकन भन्न उचित छैन। बाबुपछि छोरा हुँदैन भन्न सक्दैनन्। प्रसङ्गमा माछा, कछुवा, सुँगुर अनि आधा मान्छे र बाघको रूप भएको नृसिंह भएपछि त्यसको विकास भयो र हातमा बन्चरो लिएर परशुराम खडा भए। अनि राम तथा बलराम भए। यदि यही दशावतारलाई नै लिएर डार्विनको सिद्धान्त र यो आर्य-सिद्धान्त एउटै विकासवादका घडेरीमा दुवै उभिएका छन् भन्ने हो भने अन्तिम 'कल्की' अवतार त घोडाको रूपमा छ। त्यसो भए त माछा, कछुवा, सुँगुर, नृसिंह, परशुराम, राम, बलराम आदि अमीवा, माछादेखि मानवसम्म भएको विकास घोडामा पुग्यो। अब घोडादेखि अमीवासम्म नै पुग्छ होला। यो कस्तो विकास हो! त्यसै हुनाले हाम्रो आर्य-सिद्धान्तमा आपेक्षिक र सजातीय विकासवाद मानिएको छ। यो हाम्रो पूर्वीय सिद्धान्त परिमार्जित, वैज्ञानिक, 'विकासवादी' सिद्धान्त हो। अवतार-सिद्धान्तमा हयग्रीव र कल्की दुइ अवतार मात्र घोडाको शिर भएका अवतार छन्। ऋषिहरूमा ऋग्वेदमा मधु विद्याचार्य दध्यङ ऋषि घोडाको शिर भएका ऋषि थिए। गणेशको शिर हात्तीको थियो। दक्षको शिर बोकाको थियो। यसभित्र भएको रहस्यलाई नबुझीकन डार्विनको गफलाई सिद्धान्त अथवा मानवसृष्टि-सिद्धान्त भनेर स्कूल, कालेज, विश्वविद्यालयहरूमा पाठ्यपुस्तकहरूमा पढाउने काम पनि अन्धाले अन्धालाई घचेट्ने काम हो। चाहे नेपाल होस्, चाहे मित्रराष्ट्र भारत आदि होस, चाहे विश्वकै शिक्षणसंस्थाहरू हुन्; यो विवेक र विचारशून्य विषयहरूलाई विचारपूर्वक पाठ्यग्रन्थमा राखिंदैछ भने त्यसको ठूलो अपराधी को ? यसको मूल अपराधी पाठ्यक्रम निर्धारण गर्नेवाला हुनेछ। दोस्रो नम्बरमा ती विषयका अध्यापक र प्रोफेसर आदि पनि अपराधको सीमादेखि बाहिर जानेछैनन्। हामी हाम्रो इतिहास खोज्छौं। हामी हाम्रो संस्कृति र सभ्यता खोज्छौं। हामी आफूले आफूलाई खोज्छौं। तर खै आफूलाई चिनाउने सामग्री ? आफूलाई चिनाउने इतिहास खै ? नानीहरूले आमा-बाबु, बाजे-बोजू चिन्न छोडे। विद्यार्थीहरूले मास्टर, अध्यापक, प्रोफेसर, गुरुजनहरूलाई चिन्न छोडे। आफ्नो संस्कृति, सभ्यता तथा राष्ट्र र राष्ट्रियतालाई चिन्न छोडे। शेक्सपियर, लिङ्कन, दाँते, कान्ट, हेगल, सेक्रेटीज, प्लेटो, गेटे, एरिष्टोटल आदिलाई त कामले नभएर पनि नामले चिन्ने गरेका छन्। तर काल, पराशर, गौतम, कपिल, कणाद, जैमिनि, कालिदास, वाल्मीकि आदि को थिए ? हाम्रा भविष्यका सन्तानमा यसको उत्तर छैन। डार्विनको विकासवाद याद छ। बाँदर तेरो बाबु हो अथवा बाजे हो भने पैंचो तिर्न आउँछन्। वास्तवमा यसको अपराधी त शिक्षानीति नै हो, किनभने बाँदरको सन्तान हुने शिक्षानीतिले बाँदरभन्दा धेरै सोच्ने क्षमता हुँदैन। बाँदरले पनि धेरै उन्नति गरेको छ भनौं भने धेरै वर्ष भैसक्यो; सर्कसमा लौराको इशारादेखि बाहेकमा अरू केही गर्न सकेका छैनन्। सिखाउँदा त यो हालत छ भने करोडौं वर्षदेखि दक्षिण अफ्रिकाको जङ्गलमा उफ्रिरहने बाँदरहरूको खै त ? एउटाको पनि पुच्छर घिसिएर मान्छे बनेको देखिएन ! यसैले भन्न कर लाग्छ कि मानवसृष्टि परमात्माको सर्वोत्तम बुद्धिजीवी सृष्टि हो। बुद्धिमान् मानवका बच्चा बुद्धिमान् र बुद्धिमती नै हुन्छन्। कारणवश बुद्धि नभएकै जन्मेछ भने पनि मान्छे नै जन्मन्छ; पशु या बाँदर होइन। अत एव हामी भन्न सक्छौं कि हामी अमीवाबाट बाँदर भएका सृष्टि होइनौं। मानव त सर्वशक्तिमान परमात्माको सृष्टिमा परमात्माकै सर्वश्रेष्ठ कला माता-पिताका उत्तराधिकारी हौं। यसमा मन नपर्नेहरूले झुसुले डकार डकार्दै गरे हुन्छ। तर सत्यासत्यको टुङ्गोचाहिं लाग्नैपर्छ।

यति सुनाउनेबित्तिकै 'धत्तेरी गोबरगणेश' भनेर हिंडिहाले।

यी हिन्दू विश्वविद्यालयको एकजना प्रसिद्ध विकासवादी प्रोफेसर थिए। उनीसँग यो विवाद भएपछि पछिसम्मन् पनि 'All India Philosophical Congress Conference'मा पनि जमेर

चर्चा-विचर्चा हुँदै रह्यो । परन्तु यसको उत्तर दिनु सकेनन् । जब ठूल्ठूला विकासवादी विद्वान् हुँ भन्नेहरूको त यो हालत छ भने अरुको के कुरा गर्ने ? यहाँ भन्नुको तात्पर्य यति छ मानवसृष्टि अमीवाबाट भएको सृष्टि होइन, अपितु साक्षात् परमात्माका उत्तराधिकारी सृष्टि हो । त्यसैले वैज्ञानिक तवरले विचार गर्दा डार्विनको विकासवादको घडेरी पूर्वीय विकासवादको भुइँचालोले तहसनहस भएको देखिन्छ । होइन भने मानवसृष्टिदेखि पछि कुन विकास हुने हो र अमीवाभन्दा पहिले के थियो ? यसको उत्तर पनि दिनुपर्छ । तर स्वयं डार्विन नै भए पनि यसको उत्तर भने दिनु सक्ने थिएन, किनभने अनवस्था दोष आउँछ । त्यसैले पाठकवृन्दले मनन गरेर पूर्वीय सिद्धान्तलाई स्वीकार गर्नु अत्युत्तम हुनेछ ।[१]

*

---

[१] यो लेख वैंशालु पत्रिकामा सन् १९७८ मा दार्जीलिङ घुमपहाडबाट प्रकाशित भइसकेको छ ।

पाषाणयुगको झूठो कल्पना

पहिलो पाषाणयुग

गोगोसे र माउकासे आदिले पाषाण युगदेखि मानवयुगसम्मका खोजी गरेका छन् । 'Knowledge of Archaeology' Go Go Say तथा 'Anthropological Science and his theory' Mouka Say आदिका पुरातात्त्विक ज्ञान र नृतत्त्वविज्ञान र उसको सिद्धान्त आदि ग्रन्थहरूबाट यो निश्चित बुझिन्छ कि पुरातनकालमा मानव मानवबाट भएको होइन । मानव अमीवाबाट चेम्पाञ्जीसम्म भएपछि ढुङ्गे युगका मानव भएका थिए । अर्थात् जङ्गल र ओडारमा बस्थे । चुच्चे ढुङ्गा खोजेर आफ्ना कामको लागि आवश्यक हत्यार बनाउँथे । त्यस बेलाका ढुङ्गा यही बज्रगाँठे ढुङ्गा हो भनेर आज पनि कलकत्ता, मद्रास, बम्बई, दिल्ली, वाराणसी आदिका पुरातत्त्व र नृतत्त्व (Anthropology and Archaeological Department) संग्रहालयहरूमा देखाइन्छ । हामीले पनि पढेका थियौं । हाम्रो गुरुजनहरूले हामीलाई सम्झाएका थिए । यी पुरापाषाणयुगका मानव हुन् । यी बज्रगाँठे ढुङ्गाहरू आदिमानवका हत्यार हुन् । आदि-कुरा पढ्न पायौं । आदिमानवको दर्शनचाहिं कलकत्ता र मद्रासका चेम्पाञ्जी र दक्षिण अफ्रिकाका ठूलाठूला बाँदरहरूलाई देखाए । मलाई त चित्त बुझेन । मेरो साथीहरूलाई पनि चित्त बुझेनछ । तर उनीहरूले कुरा काटेनन् । मैलेचाहिं कुरा काटें । अनि सोधें, "के हाम्रा पुर्खा बाजे, बोजू, चेब्जु आदि यिनै हुन् त ?" "Don't speak without knowledge" अर्थात् तिमीलाई त्यसको ज्ञान छैन भने बकवास नगर भने । यी आफ्ना विद्यार्थी अवस्थादेखिकै जिज्ञासाहरू हुन् ।

वस्तुस्थितिमा चार्लस रावर्ट डार्विनले जो सिद्धान्त राखिदिए, उही सिद्धान्त अपनाएर गोगोसे र माउकासे आदिले पनि पाषाणयुगका कुरा राखेका हुन् भन्ने मलाई लागेको छ । तर यो अनुभवविरुद्ध कुरा हो । यो भ्रमणजन्य ज्ञानरहित सिद्धान्त हो, यिनीहरूले पनि अर्काले गरेको परिश्रममाथि कोठाको टेबलमा बसेर गफ हाँकेको पक्कै हुन सक्छ, किनभने आजको युगलाई कसैले पनि 'पाषाण' युग भन्दैनन् । किनभने अमेरिकाले ११ अपोलो राकेट चन्द्रलोकसम्म उडायो भने रूसले 'लुना' राकेट चन्द्रलोकमा उतारेको थियो । अझ माथि मङ्गल, वृहस्पतिलोक आदिमा पनि पुगिसके । चन्द्रलोकमा त अब बस्ती बसाउने योजनामा पनि छन् । आकाश र पृथिवी, समुद्र आदि कुनै ठाउँ नछोडने वैज्ञानिक युगमा आदिमानव 'पाषाण' युग हुने सम्भावना गर्नु पागलपना अथवा दिमाग खुस्केकोबाहेक केही भन्नु सकिंदैन । हो पनि; आजको वैज्ञानिकहरूले नखोजेका र नजानेका केही छैनन् । तर आखेरीमा मानवै त हुन् । परन्तु यस्ता वैज्ञानिकहरू आफ्नै खोजमा लागिरहे । पुरामानव र आधुनिक मानवको खोजमा सही मानेमा लागेकै छैन । सम्पूर्ण आकाश-पृथिवी र समुद्र छानेर पार लगाउने वैज्ञानिकहरूले अथवा नृतत्त्व र पुरातत्त्ववेत्ताहरूले नेपालैभित्र पनि त्यति चाख लिएर हेरेका छन् कि छैनन्; यो भन्न गारो मात्रै नभए सारो पनि होला । नेपालको हिमालयभेगमा पाइने 'यति' वा हिममानव आज पनि पाषाणयुगकै मानव भएर बसेको छ । उसको खान, पान, रहन, सहन आदिको शोधखोज (Research) आजको वैज्ञानिकहरूले गर्न सकेका

छैनन् । जहाँ 'यति' वा हिममानवको स्थिति त्यस्तो छ भने नेपालको पश्चिम महाकाली अञ्चलको 'ऊकु', जौलजीवि आदि स्थलहरूमा खालि गुफा र जंगल नै मन पराउने 'राउटे' मानव आज पनि पाषाणयुगकै मानव छ । यस्तै कुसुण्डेको पनि स्थिति छ । परन्तु विचार गर्ने कुरा यो छ कि काठमाडौं राजधानीमा हवाईजहाज उड्ने वस्ने गरेको छ । विश्वको प्रायः सबैजसो राष्ट्रहरूको सम्पर्कस्थल बनेको छ । नेपालैमा पनि धेरै ठाउँमा जहाज उड्ने गरेको छ । धेरै ठाउँमा मोटरको बाटो पुगिसकेको छ । मोटर नपुगेको ठाउँमा घोडेटो र गोडेटो वाटो पनि पुगिसकेको छ । फेरि त्यसै क्षेत्रका प्रधानमन्त्री पनि बने, जो सम्पूर्ण राष्ट्रलाई चलाएर देखाए । फेरि त्यसैको क्षेत्र अर्थात् प्रधानमन्त्री बन्ने क्षमता राख्ने बुद्धिजीवीको क्षेत्रमा कुरै नजान्ने, भाषै नजान्ने, लुगै लगाउनु मन नपराउने, खेतीपाती गर्न मन नपराउने, गुफामै बस्न चाहने, शिकार मात्रै खेल्न रुचाउने, ढुङ्गा माटाकै भाँडा चलाउने आदि कामले यस आधुनिक वैज्ञानिक युगमा 'पुरापाषाण' युगदेखि लिएर 'मध्यपाषाण' युग हो भन्ने पारेको छैन र ? त्यो पनि नेपाल जस्तो सानो देशमा यस्तो विडम्वना छ भने ठूला देशहरूमा त कुरै गर्नुपर्दैन । प्रत्येक मानिसले यो बुझ्नुपर्छ कि हरेक युगमा, हरेक देशमा, हरेक वर्षमा विकसित र अविकसित मानव अवश्य हुन्छ । तर अपेक्षाकृत विकसित र अविकसित भने एकै समयमा नै अवश्य स्वीकार गर्नुपर्छ । राणाकालदेखि यता राष्ट्रिय र अन्ताराष्ट्रिय क्षेत्रमा निक्कै विकास गर्ने नेपालमा आज पनि राउटे र कुसुण्डे आदिले एकतर्फ 'पुरा र मध्य पाषाणयुग'-लाई ओगटेकै छन् भने सोलुखम्बु आदि अभेक गाउँघरमा बिहान र बेलुका आन्द्रा भर्न पाए भइहाल्यो । त्यसको लागि कोदो, मकै, फापर आदि लगाउनुपर्छ नत्र खान पाइँदैन भन्ने मानिस नेपालमा धेरै छन् । के यिनीहरूले नवपाषाणयुग बोकेका छैनन् र ? यो त भयो नेपाल जस्तो सानो देशको कुरा ।

भारत विश्वको ठूला देशहरूमा पर्छ । गाडीमा हिंड्दा पनि हप्तौं-हप्ता लाग्छ । जहाजमा उड्दा पनि घण्टौं-घण्टा लाग्छ । साथै भारतले विश्वको राष्ट्रहरूमध्ये वैज्ञानिक र आर्थिक तथा शैक्षिक उन्नति प्रतिद्वन्द्विता (Compitition)-का लागि निक्कै गरिसकेको छ । कलमीले भारतको कुनै प्रान्त छोडेको छैन । जिल्ला भने छुटेका छन् । तीमध्ये भारत विज्ञानमा विश्वमा गनिन थालेको छ भने नागालैण्ड र अरुणाञ्चल, अण्डमान आदि पाषाणयुगैमा छन् भन्न कर लाग्छ । नागालैण्डका मुकुप्चुङ आदि जस्ता जिल्लाका अभेक गाउँहरूमा लेखकले 'पाषाणयुग' देखेर आएको छ । आज पनि धेरै ठाउँमा २० तथा २५ वर्षका युवा-युवतिहरू सर्वाङ्ग नाङ्गै देख्नुमा आयो । आमाबाबुले भने केही टाट जस्तो जङ्गलमा पाइने वृक्षहरूका बोक्रा वा मान्छेहरूसँग सम्पर्क गर्नेहरूले केही लुगाफाटा अगाडिको इज्जत ढाक्नुको लागि झुण्डाएका हुन्छन् । उनीहरूको खान-पान शिकार र मासु नै छन् । ढुङ्गै घोटेर मासु छिनाउने धारे ढुङ्गा पारेका हुन्छन् । पूरा काट्नुलाई भने अब नागाहरूले फलामको 'दाउ' भन्ने अस्त्र चलाउँछन् । नागाहिलका १८ जातका नागाहरूमा 'कोन्यक' आदि यस स्थितिमा आज पनि छँदैछन् । यी नागा शहरबजारमा आउँदैनन् । आफ्नो समस्या उतै जंगल र आपस्तमै पूरा गर्छन् । अरुणाञ्चल त झन्सारो जनसंख्या कम र जंगल मात्र धेरै भएको प्रान्त हो । अंग्रेजको शासनमा पूरा उपेक्षित प्रान्त थियो । अरुणाञ्चल प्रान्तको महिनौं दिन हिंडेर जाने अभेक गाउँवासीहरूले पूर्ण 'पुरापाषाण' युग वुझाउँछ । साथै ती गाउँहरूमा घुम्दा पाषाणयुगको स्मरण हुन्छ । यस्ता राष्ट्र अनेक छन्, जसमा एकतिर राकेट उड्दैछन् भने अर्कोतिर 'पुरापाषाणयुग' ऐले पनि छँदैछ । अमेरिका आदिका हवाई आदि प्रान्त वा देशहरूले उही 'पुरापाषाणयुग' र 'मध्यपाषाणयुग' पूर्णरूपले पालन गरेका छन् । नवपाषाणयुग प्रत्येक राष्ट्रमा छन् । कुनै राष्ट्रले फुटानी लगाउनुपर्दैन । कुनै वैज्ञानिकहरूले धक्कु लगाउनुपर्दैन । प्रत्येक राष्ट्रमा आन्द्रा मात्रै फुलाएर वाँच्न मात्रै पाएका छन् र बिहान बेलुकाको लागि जोहो गर्ने सवै नवपाषाणयुगका मानिस हुन् ।

त्यसैले पहिले अमीवा थियो। बिस्तारै विकास भयो। माछा, भ्यागुता, बाँदर, चेम्पान्जी, वनमानिस आदि भए। आज हामी विकास गर्दै चन्द्रलोकमा पुग्यौं भन्ने धक्कु गलत हो। प्रत्येक युगमा, प्रत्येक भू-भागमा एक थरी विकसित भइसकेका हुन्छन् भने त्यसै देश वा राष्ट्रमा ढुङ्गे मान्छे पनि हुन्छन्। त्यसैले अमीवाबाट चेम्पान्जीसम्म पुगेपछि पुरापाषाणयुग, मध्यपाषाणयुग र नवपाषाणयुगको कल्पना नै गलत हो। माथि देखाएको अनुभवले पनि त्यही नै भन्छ। 'Experience is a greatest teacher'. अर्थात् अनुभव नै ठूलो गुरु हो। अध्ययनको साथ भ्रमण गरेर हेर्दा 'छोटा नागपुर' आदिमा बास गर्ने आजका किरात, कोल, भील आदिले पनि नवपाषाणयुग पार गर्न सकेका छैनन्। तर हाम्रो नेपालका किरातहरूले आफूलाई राजनीतिका ठूला-ठूला नेता घोषित गराइसके। एउटा किरातले 'नवपाषाणयुग' पार गरेकै छैन। अर्को किरातले गाडी र हवाईजहाज हाँकिराखेको देखिन्छ। एउटा किरात चित्रकार, पत्रकार, चान्सलर, मन्त्री भइसक्यो। अर्को किरातले उही ढुङ्गा घोटेर लाग्ने पारेर उही जंगलमा शिकार खेलेर बस्छ। के यो एकै युगमा भएको छैन र? किन तीन युगमा बाँट्ने? के आवश्यकता पऱ्यो? यो केवल बेवकुफ बनाउने जालसाज मात्रै देखिन्छ। यसमा गम्भीर विचार गर्दा कुनै तत्त्व देखिंदैन।

नवपाषाणयुगमा मानवले आफ्नो अन्न आदि उत्पादनव्यवस्था आफैंले गर्न थाले। मध्यपाषाणयुगमा कन्दमूल, फल आदिका खेती गर्न थालेका थिए। पुरापाषाणयुगमा चराचुरुङ्गी मार्नलाई धनुष बाणका प्रयोग गर्थे। साना ठूला पशुहरूका शिकार पनि गर्थे। यी भनाइ पाषाणयुग पत्ता लगाउनेहरूका हुन्। त्यसो भए ऐले पनि उत्पादनव्यवस्था आफैंले गर्दैछन्। त्यस्तै 'नवपाषाणयुग' ऐले पनि छँदैछ। यसै गरी कन्द-मूल, फल-फूल आदि खेती गर्ने अरबौंका संख्यामा छन्। वनतरुल, घरतरुल, इसकुस, आलु, सकरकन्द आदि र केरा, कटहर, लिची, आम, सेव, अंगूर, नासपाती आदि फल, फूल अरबौं रुपैयाँका उत्पादन गरेर आफ्नो व्यवस्था गर्दैछन्। ऐले पनि मध्यपाषाणयुग छँदैछ। आज पनि धनुष बाण, गुलेली, मटेङ्ग्रा आदिले शिकार मार्ने नागाहिल, अरुणाञ्चल, मिजोरम, छोटा नागपुर र नेपालका धेरै यस्ता जिल्लामा धनुष काँड चलाउनेहरू छँदैछन्। के यो पुरापाषाणयुग हो त? मलाई लाग्छ यिनीहरूले बुद्धिले खोज गरेको होइन। केवल हावामा उडेको मात्रै देखिन्छ। त्यसैले बुद्धिमान् व्यक्तिहरूले यो विचार गर्नुपर्छ कि यिनीहरूले गरेको 'पाषाणयुग'को तीन भाग आजको वैज्ञानिक युगमा भएको विकसित अविकसित मान्छे वा जनता भए जस्तै पुराकालमा पनि एकतिर 'त्रिपुर'[१] र पुष्पक' आदि जस्ता विमानहरू उडाइराखेका थिए भने अर्को कुनामा अथवा अर्को देश, प्रान्तमा अर्धविकसित मानव हुनु त सम्भव छ। तर अमीवाबाट चेम्पान्जीमा पुगेर पुरापाषाणयुग, मध्यपाषाणयुग र नवपाषाणयुगको कल्पना निराधार हावा हो।

एकजना कुनै अमेरिकीले रिसर्च गर्न भारततिर प्रस्थान गरेछ। आउँदा-आउँदा गोवामा आइपुगेछ। त्यहाँ गोवामा आएपछि त्यो रिसर्च गर्ने अमेरिकनले भारतका नागासाधुहरूलाई देखेछ। त्यसपछि त्यो अमेरिकन अमेरिका फर्कियो। अमेरिकामा उसलाई भारत-भ्रमणको सम्वन्धमा भाषण गर्न लगाए। विशेष गरेर भारतको मान्छेहरूको रहन-सहनबारे भाषण गर्न लगाए। त्यस विद्वान् (Research Scholar)-ले जे भने-भने तर विशेष रहन-सहन, खान-पानबारे बोल्दा दिसा जाने प्रसंगमा उसले भन्यो, "भारतका मानिस पूरा नाङ्गै बस्छन्, शरीरभरि खरानी घस्छन्, गोबरको गुइँठामा, हाँडीमा खिचडी पकाएर खान्छन्, दिसा जाँदा लौकीको तुम्बामा पानी लगेर जान्छन्, भारतीयहरू यस्तै छन्।" दैव-

---

[१] 'प्राचीन हिन्दूविज्ञान'मा हेर्नुहोस्।

संयोगले त्यस सभामा भारतका विद्वान् इतिहासकार पनि उपस्थित रहेछ। भारतीय विद्वान्ले सोध्यो, "तपाई कुन भारतमा पुगेर आउनुभयो ?" पत्ता लगाउँदा त भारतको नागासाधुलाई पो हेरेर गएको रहेछ। त्यस भारतीय विद्वान्ले उसँग झगडा नगरीकन त्यो अमेरिकनलाई भारत ल्याएर देखाउँदा पो उसको होश खुल्यो। यस्तो उन्नतिशील, ज्ञान-विज्ञानले भरिएको देशमा यस्ता पनि मानिस रहँदा रहेछन्। भारतीय विद्वान्ले सम्झाएपछि मान्यो। यो यहाँका साधु, सन्त, महन्त वा ऋषिमुनिहरूको रहन-सहन, भेष-भूषा मात्रै हो। यहाँका राजा-महाराज, सेठ-साहूकार, उद्योगपति, सेनापति आदि र अरु सामान्य जनता यस प्रकारले रहन्छन् भनेर देखाएपछि स्वीकार गरे। यस्तै विकसित देशहरूमा पनि विकसित र अविकसित मस्तिष्कका मानिस रहे जस्तै प्राचीनकालमा पनि एकतिर विकसित र अर्कोतिर अविकसित मानव रहन्थे। यसमा सन्देह छैन। त्यसो हुँदा पुरापाषाणयुग, मध्यपाषाणयुग र नवपाषाणयुगको झूठो गफ लेखेर विद्यार्थीहरूको दिमागमा भ्रमको बीउ किन छर्ने ? तर विकसित मात्र थिए, अविकसितचाहिं थिंदै थिएन भन्न खोजेको होइन।

अब पाश्चात्यहरूले निर्धारण गरेको सभ्यता, तिथि-विकासक्रमलाई पनि हेर्नुहोस्। कति सही, कति असही (गलत) छ; छानबीन गर्नुहोस्।

सभ्यता[१]	तिथि	विकास
जेरिको, काताल हुयुक लेपान्स्कीवीर	९०००–७७०० ई० पू०	आदिमानवले जौ, गहुँ तथा कोसा लाग्ने साग-सब्जी आदिलाई उत्पादन गरे।
मेसोपोटामिया	५००० ई० पू०	यिनले ललितकला, बौद्धिक र नैतिक विकासका साथै प्रारम्भिक क्यूनिफार्म लेखनशैलीका विकास गरेका थिए।
सिन्धुघाटी	५००० ई० पू०	यिनले कृषिमा आधारित अर्थव्यवस्था, माटोका भाँडाकुँडा बनाउने विकास, नगर योजना तथा निकासीको व्यवस्था सर्वोत्तम थियो।
मिश्र	५००० ई० पू०	वैभवपूर्ण वास्तुकलापूर्ण पिरामिडहरूको निर्माण आत्मिक तथा नैतिक विकासको तुलनामा भौतिक उन्नतिलाई धेरै महत्त्व दिएको छ।
इण्डो-आर्य[२]	२००० ई० पू० देखि ७०० ई० पू०	यिनले काव्य, दर्शन, भाषा-विज्ञानका विकास र ऋग्वेद ऋचाहरूको रचना भयो।

---

[१] तुलना गरेर हेर्नुहोस् (प्राचीन हिन्दूविज्ञान) 'पृ० नं० १८ देखि २४'सम्म।

[२] वास्तवमा सबैभन्दा पूर्व आर्यहरू नै थिए। त्यसैले २००० वर्षको अडकल गलत हो।
World Famouse Civilization, Gita Lal Sahaya, Pustak Mahal, Khari babeli, Delhi.

हित्ति	२०० ई० पू०	यस सभ्यताको पूर्ण जानकारी छैन ।
मिनो अन	४०० ई० पू०	चित्रकला र वास्तुकलामा निपुण थिए ।
मायसिरियन	१७०० ई० पू०	सुसज्जित माटोको बर्तन र हात्ती-दाँतको कला ।
यूनानी	१५०० ई० पू०	काव्य, दर्शन, प्राकृतिक, विज्ञानका विकास गरे ।
फिनिशिया	२९०० ई० पू०	वास्तुकला, व्यापार, फिनिसियन, लेखनकला ।
यूरोप	२५०० ई० पू०	लेखनशैली, सैल्ट जातिको समय-मा लोहा संस्कृतिको स्वर्णयुग ।
चीन		धार्मिक, दार्शनिक, कलात्मक आविष्कार ।
जापान	प्रथम प्रामाणिक विवरण तेस्रो शताब्दीदेखि मात्र प्राप्त भएको देखिन्छ ।	जापानलाई फलाम, काँसे र माटोको पात्रको प्रयोग गर्नेहरूमध्ये जानिन्छ ।
अमेरिका	यसको सही इतिहास कसैलाई थाहा छैन ।	कला र वास्तुकलाको विकास ।
माया अनुमानित	५००० ई० पू०	कृषि र स्मारककेन्द्रमा प्रसिद्ध ।
जिम्बाब्वे	यसको तिथिको जानकारी छैन ।	वास्तुकला-विकास ।

यहाँ किरात-इतिहासको विषयमा खोज गर्दा विश्व-सभ्यताका केही बूँदाहरूले के भन्छ भनेर राखेको हो । उपर्युक्त बूँदाहरूमा नौ हजार ई० पू० देखि २५ सय वर्षसम्म विश्वसभ्यतालाई गनेका छन् । यो कति सही छ, आफैं तुलना गरेर हेर्नुहोला । आफ्नो भन्ने कुरा म अन्यत्र भनौंला । यहाँ तल दिएको तालिका-सँग पनि मिलाएर हेर्नुहोस् । यहाँ सृष्टि भएको संवत्देखि लिएर अहिलेसम्म चल्दै गरेका र केही चलेर लोप भएका संवत्हरू यी हुन् ।

सृष्टिको प्रारम्भदेखि ऐलेसम्म जति प्रकारका संवत् प्रचलित छन्, उनका नक्शा ई० सं० १९१४ प्रारम्भ ।

कैसंवत्को नाम	**लेबाट शुरू भयो**	**साल संवत्**
सृष्टि संवत्	जबदेखि सृष्टि भयो	१९७२९४९०१६
वैदिक संवत्	,, ,, ,,	१९७२९४९०१६

आर्य संवत्	,, ,, ,,	१९७२९४९०१६
चीन संवत्	चीनको पहिलो बादशाहदेखि	९६००२४१३
खताई संवत्	खतामा सबैभन्दा पहिले बसेका मानिसदेखि	८८८४०२८६
पारसी संवत्	इरानको पहिलो बादशाहदेखि	१८९८८३
कालडी संवत्	मूरत अलिदेखि	१५१९१३
मिस्री संवत्	मिहानन् बादशाहदेखि	२७५६७
कुसुतुन्तुनिया संवत्	मिहानन् बादशाहदेखि	७५२०
इन्ताकी संवत्	,, ,, ,,	७४०६
जुलेन संवत्	,, ,, ,,	६६२७
ईसाई संवत्	,, ,, ,,	५९१८
इरानी संवत्	आदम र हव्वाको जन्मदेखि लिएर	५९१८
यहूदी संवत्	,, ,, ,,	५६७४
कलियुग संवत्	कलियुगको प्रारम्भ जबदेखि भयो।	५०१५
नोहका संवत्	हजरत नोहको समयदेखि	५०१५
युधिष्ठिर संवत्	राजा युधिष्ठिरदेखि चलेको	४३६२ (?)
परशुराम संवत्	मरूजामगलोरदेखि राजकुमारीसम्म।	४०८८
इब्राहिम संवत्	हजरत इब्राहिमदेखि	३८३४
सिरपटा संवत्	शहर सिरपाटाको समयदेखि	३६१७
मुसवी संवत्	हजरत मूसादेखि	३४८६
दाऊदी संवत्	हजरत दाउदको पालादेखि	२९४८
यूनानी संवत्	ओलेवियाको अखोडदेखि	२६८९
रूमी संवत्	शहर रूमीदेखि	२६६६
बालुसारी संवत्	बावलको पहिलो बादशाहदेखि	२६६०
शाक्यमुनि संवत्	बुद्धको ५० वर्षदेखि	२४६०
ब्राह्मी संवत्	वाद पियाजन राहनदेखि	२४५८
सिकन्दर संवत्	सिकन्दर आजमदेखि	२२६७
विक्रमी संवत्	राजा विक्रमदेखि	१९७१
ईसवी संवत्	हजरत ईसाका चार वर्षपछि	१९१४
शालिवाहन् संवत्	राजा शालिवाहनदेखि	१८३६
मुहम्मदी, हिजरी संवत्	हजरत मुहम्मद शाहब मदीना जाँदादेखि	१३३२
वङ्गाली संवत्	,, ,,	१३२१
यदिजादी संवत्	....	१२८३

शाहु संवत्	मलिलो मरूजा महाराष्ट्र	५८२
नानक शाहि संवत्	गुरुनानक साहेको समयदेखि चलेको ।	४४४
विलायती संवत्	मरूजा १ सितम्बर	१५५५ ई०

यसरी यी साल संवत् दिए पनि हाम्रो असली सृष्टि-संवत्लाई चाहिं भ्रममा पार्ने प्रयास गरेको देखिन्छ । हाम्रो किरात-आर्यगणनाको अनुसार हेर्नुहोस् ।

सृष्टि-संवत् जसलाई ब्राह्म संवत्सर पनि भनिन्छ ।

जबदेखि सृष्टि भयो जबदेखि वेदका ऋचाहरू सङ्कलित भए जबदेखि आर्यहरू यसमा आवाद भए ।

१५ नील, ५५ खरब, २१ अरब, ९७ करोड, २९ लाख, ४९ हजार, ९ सय, ८२ बयासी वर्ष भयो । अर्थात्—

१५,५५,२१,९७,२९,४९,९८२

वर्ष भयो । विशेष ‘वेदमा के छ ?’[1]मा हेर्नुहोस् ।

यसमा विशेष उल्लेख गर्नयोग्य कुराको प्रसङ्गमा ‘गीता लाल सहाय’ को लेखाइ बुद्धिदेखि बाहिरको कुरा भयो, किनभने सिन्धुघाटीको सभ्यता शुद्ध वैदिक आर्यसभ्यता हो । वैदिक आर्यसभ्यता ई० पू० पाँच हजार वर्षको होइन । फेरि अगाडि गएर ‘गीता’ जीले लेख्नुभयो ‘इण्डो आर्यहरूको सभ्यता ई० पू० २००० वर्षदेखि ७०० वर्षपूर्व’ भने । यो आंकलन ठीक छैन । यो इतिहास ठीक होइन । हिन्दू-आर्यसभ्यता विश्वको सबैभन्दा प्राचीन सभ्यता हो । यसमा सन्देह गर्ने अवसर छैन । वेदमा के छ ? पृ० नं० ५ देखि १५ सम्म हेर्नुहोस् । यहाँ विस्तारभयले थोरै लेखेको हो । वेदमा के छ ? पृ० नं० १६ देखि २५ सम्म इतिहास गोडेर हेर्नुहोस् । आर्यकिरात-इतिहासलाई बङ्ग्याएर पाश्चात्यहरूले स्वार्थ सिद्ध गर्न खोजेको इतिहास भारतीय वा नेपाली इतिहासकारहरूले बुझ्ने प्रयास गरेनन् । उतै बग्ने प्रयासचाहिं अवश्य गर्दै गए । त्यसको परिणाम हो । सिन्धुसभ्यता शुद्ध आर्यसभ्यता हो । उसको पुरातत्त्वले बताउँछ । आर्यपरिवारभित्र पर्ने ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र जसलाई द्राविड, मङ्गोल भनिन्छ; ती सबै आर्यहिन्दू नै हुन् । यिनै आर्यहरूको सिन्धुसभ्यता महाभारतकालभन्दा धेरै पूर्व सिन्धु नदीको दुर्घटनापूर्ण बाढले क्षतिग्रस्त भएको थियो । शुद्ध आर्यसभ्यतालाई भ्रमात्मक कुरा लेखेर इतिहास बङ्ग्याउनु ठीक होइन । अनि पाषाणयुग, लोहयुग, ताम्रयुग आदि युगकल्पना पनि निराधारै छ, किनभने प्रत्येक युगमा एकै देशमा सभ्य र असभ्य एकै समयमा प्रत्यक्ष देखिराखेकै छौं भने ‘मुनेरा’ देखि मानवसम्मको पागलपनमा किन जाने ?

⁂

---

[1] वेदमा के छ ?, पृ० नं० १५ मा हेर्नुहोस् ।

किरातसभ्यता : एक चर्चा

प्राचीनकालिक इतिहासको अध्ययन गर्दा हाम्रो वास्तविक स्वरूपको हामीलाई ज्ञान हुन्छ। यहाँ प्राचीन इतिहास भन्नाले वैदिक कालदेखि लिएर आजभन्दा ५०८८ वर्षपूर्वको महाभारतकाल र ईस्वीको छैटौं शताब्दीपूर्वसम्मको समयलाई भनिएको हो। बुद्धजन्मभन्दा केही वर्षपूर्वसम्म किरातहरूको राजधानी काठमाडौं अधित्यकाभित्र थियो। बुद्धको उद्भवकालसम्म पनि किरात-राजामहाराजहरूको शासन विद्यमान थियो। परन्तु कालक्रमले ग्रसित भएर निरन्तर पतनको दिशातिर अभिमुख भैरहेका थिए। त्यसैले गर्दा काठमाडौं अधित्यकाका किरातशासकहरूको पतनपछि किरातहरू काठमाडौं अधित्यकादेखि पूर्वतिर लागे। केही प्रभावहीन भएर त्यहीं बसे। केही इतिहासकारहरूका अनुसार किरातहरूको प्रथम राजा यलम्वर हाङले अहिरवंशीय अन्तिम राजा भुवन सिंहलाई पूर्वपट्टिबाट आएर जितेका थिए। सम्भवतः यो पंक्ति वंशावलीको आधारमा लेखिएको होला र यसमा केही इतिहासकारहरू प्राचीन इतिहासको प्रमाण उद्धृत गर्दा विष्णुपुराण आदिका प्रमाण दिएर पूर्वमा किरातहरू र पश्चिममा यवनहरूको शासन थियो भन्छन्। वस्तुस्थितिमा ती पंक्ति लेख्नेहरू संस्कृत भाषामा अनभिज्ञ भएका हुनाले ठीक अर्थ लगाउन सकेको देखिंदैन, किनभने पूर्व शब्दको प्रासङ्गिक अर्थ के हो ? त्यसलाई जान्न पनि आवश्यक छ। कहाँदेखि पूर्व ? कुन सिमानादेखि पूर्व ? कुन समयदेखि पूर्व ? इत्यादि प्रश्नहरूमा भूगोल र इतिहास दुवैको नालीबेली पहिल्याउन आवश्यक देखिन्छ, किनभने पूर्व भन्नाले काठमाडौं अधित्यकादेखि पूर्वबाट किरातराजा यलम्वर हाङले प्रवेश गरेर भुवन सिंहलाई जिते भन्नुमा सुदृढ प्रमाण पाइँदैन। पुरातत्त्वको दृष्टिले पनि अधित्यकादेखि पूर्वको क्षेत्रमा कुनै त्यस्तो पुरातात्त्विक अवशेष पाइएको छैन। यलम्बर जस्ता नामी राजा जहाँ बसेका थिए, त्यहाँ केही न केही क्रियाकलाप भएको हुनुपर्ने हो। त्यस्तो अवस्थामा पुरातात्त्विक अवशेष पनि केही न केही पाइनुपर्ने हो। वि० सं० २०३५ देखि पूर्व र पछि अनुसन्धानको दृष्टिले जनकपुर, सगरमाथा, मेची, कोशी र वाग्मती अञ्चलको भ्रमण गरियो। त्यो भ्रमणमा अधित्यकादेखि पूर्व किरातकालको हुनसक्ने कुनै प्रकारको पुरातात्त्विक अवशेष पाइएन। काठमाडौं अधित्यकामा भने केही पाइएका छन्। केही पाइँदैछन्। अझ खोज्नुपर्ने, जान्नुपर्ने कुरा निक्कै बाँकी छन्। परन्तु काठमाडौंदेखि पश्चिममा भने जति जति पश्चिमतिर गइन्छ, त्यति त्यति किरातकालिक अवशेषहरू प्राप्त हुन्छन्। यहाँ पाठकहरूलाई वाग्मती अञ्चलदेखि पश्चिम किरातकालिक पुरातात्त्विक सामग्री उपलब्ध गराउनलाई काश्मीरसम्मको इतिवृत्त संक्षिप्तमा प्रस्तुत गर्नुपरेको छ। जम्बु काश्मीरमा पर्ने पुन्छ राज्यको प्रमुख अंगमा पर्ने बूढा अमरनाथको घाँटीमा सात ठाउँमा किरातकालिक अवशेषहरू पाइएका छन्, जसमा स्वयं बूढा अमरनाथको मन्दिर र शिवलिङ्ग किरातकालिक हो। त्यो शिवलिङ्ग पाकिस्तानअन्तर्गत पर्दा मुसलमानहरूले खण्डित पारिदिए। तथापि त्यसले आफ्नै इतिहास बोकेको छ। बूढा अमरनाथको मन्दिर पनि उतिकै पुरानो छ। मन्दिरभित्रको गर्भगृह र शिवलिङ्ग एउटै प्रस्तरले बनेको छ। त्यो प्रस्तरले केही सेतो रङ्ग लिएको छ। बूढा अमरनाथदेखि करीब डेढ दिन हिंडेर राजारानी नामक पहाड जुन अहिले भारतमा पर्छ, त्यहाँ एक प्राचीन खण्डहर छ। त्यो खण्डहर राजारानीको पहाडको चट्टान र गुफासँग

---

* योगसन्देश, वर्ष १ अङ्क एक, २०४५ मा प्रकाशित।

जोडिएको छ । पहिले पहिले त्यो अंश एउटै हुनुपर्छ । त्यहाँबाट छुट्टिँदै गइरहेको छ । यस्तै हुँदै जाने हो भने अब त्यो प्राचीन खण्डहर धेरै समयसम्म नरहने निश्चित प्रायः छ । त्यसै ठाउँमा अर्को एउटा मूर्ति छ, त्यो खण्डित छ । त्यसको देब्रे हात भाँचिएको छ । अरू सबै यथावत् छन् । भाँचिएको हातमा के चिह्न थियो ? भन्न सकिन्न । तर दाहिने हातको नाडीमा एक विशेष प्रकारको चुरा लगाएको छ । दुवै खुट्टामा मोटो कल्ली लगाएको छ । अनुहार अर्थात् आकृति पूर्ण रूपमा किराती महिलाको जस्तो छ । त्यसैको नजिकमा एउटा शिवलिङ्ग छ, त्यसको एकपाटा खण्डित छ । सो शिवलिङ्गको दाहिनेपट्टि एउटा मूर्ति अञ्जलि मुद्रामा घुँडा टेकेर बसेको अवस्थामा छ । अञ्जलियुक्त हातमा केही लिएको देखिन्छ । तर त्यो चिन्न सकिन्न । शिरमा मुकुट जस्तो चिह्न छ । मूर्ति कुनै किरातराजाको जस्तो देखिन्छ । परन्तु मुकुटको हिस्सा खण्डित छ । यस्तै त्यहींको रामवन भन्ने ठाउँमा प्राचीनकालिक खण्डहर अझै छ । त्यो खण्डहर कुनै भवन विशेषको हो वा मन्दिरैको हो, ठम्याउन गाह्रो छ । तर त्यस स्मारकका स्तम्भहरू छरपस्ट छन् । त्यहाँका गाउँलेहरूले छरिएर रहेका स्तम्भहरू लगेर आ-आफ्ना घरमा प्रयोग गरेका छन् । त्यसैमा एउटा प्राचीन धाराको अवशेष छ । ती अवशेषहरूमा कैयौं ठाउँमा साना ठूला आकृतिका मूर्तिहरू कुँदिएका छन् । मूर्तिहरू भग्न भएकाले अस्पष्ट भै चिन्न नसकिने अवस्थामा छन् । कुनै मूर्तिको चाहिं तल्ला भाग छन्, माथिल्ला भाग छैनन् । केहीको टाउको आदि छन् तर तल्लो भाग छैनन् । त्यसैको छेउमा एउटा सानो ढुङ्गा घोप्टिएको छ । त्यसमा पाँचवटा मूर्ति एकैसाथ उत्कीर्ण गरिएका छन् । दायाँ-बायाँ एक-एकजना छन्, बीचमा अग्लो आसनमा एक व्यक्ति आसीन छन् । त्यो बीचको मूर्तिको पहिरनको शैली र अग्लो आसनमा बसेको हुनाले कुनै राजाको मूर्ति हो कि भन्ने भान पर्छ । दायाँ-वायाँका मूर्तिहरू भारदारहरूको हुन नसक्ने होइन, यिनीहरूको मुखाकृति किरातहरूको जस्तो छ ।

पुन्छुबाट जम्बु आउँदा बाटोमा रजौरी भन्ने ठाउँ पर्छ । रजौरीबाट पाण्डव मन्दिर पुग्नलाई लगभग एक घण्टाको बाटो पार गर्नुपर्छ । म त्यहाँ जाँदा पाण्डव मन्दिरमा भारतीय सेनाको अधीन थियो । त्यो मन्दिर बीच जङ्गलमा पर्छ । त्यहाँको जनविश्वास त्यो मन्दिर स्वयं पाण्डवहरूले वनाएका हुन् भन्ने छ । परन्तु त्यहाँको शिवलिङ्ग त्यति प्राचीन जस्तो नदेखिए पनि मन्दिरको केही जग र केही मूर्तिहरूचाहिं प्राचीन देखिन्छन् । पाण्डव मन्दिरभित्र जाँदा त्यहाँको सुरक्षाको निमित्त कर्णेलको स्वीकृति लिनुपरेको थियो । पाण्डव मन्दिरको उत्तर-दक्षिण र पूर्व हिस्सामा केही मूर्तिहरू खण्डित भएकोले असरल्लसँग फ्याँकिएका छन् । ती खण्डित मूर्तिहरूमा एउटा मूर्तिको तल्लो भाग खण्डित भए पनि माथिल्लो हिस्सा स्पष्ट रूपले किरातमूर्ति हो भनेर चिन्न सकिन्छ । त्यसको अनुहारले ती मूर्तिहरू किरातकालका हुन् भन्ने देखिन्छ । तर मूर्ति प्राचीन भएकोले निक्कै भग्न छ र निधारमा केही तिलकविशेष लगाएको देखिन्छ । मूर्ति निश्चित रूपमा किरातको हो । परन्तु देब्रे काँधदेखि दाहिने काँधतिर धागोविशेष लगाएको देखिन्छ। त्यो जनै हो वा अन्य केही हो, खोजी गर्नु बाँकी नै छ ।

काश्मिर श्रीनगरको मार्तण्ड मन्दिरलाई आधुनिक इतिहासकार र पुरातत्त्वविद्हरूले पाँचौं शताब्दीदेखि बाह्रौं शताब्दीबीचको बताएका छन्। परन्तु मार्तण्ड मन्दिरलाई हेर्दा र त्यस मन्दिरको केही प्रस्तरमा कुँदेको शैलीलाई हेर्दा त्यो मन्दिर ईस्वीपूर्वको देखिन्छ । त्यसको मर्मत भने धेरैपटक भएको अनुमान गर्न सकिन्छ ।

यद्यपि वर्तमान मार्तण्ड मन्दिर भारतको प्रसिद्ध सूर्यमन्दिरहरूमध्ये एउटा प्रसिद्ध मन्दिर हो, परन्तु मार्तण्ड मन्दिर आफैं पनि किरातकालिक हो । यसको आसपासमा निक्कै मन्दिरहरू पाइन्छन् । तीमध्ये

एउटा खम्बामा भएको मूर्तिलाई पार्वतीको मूर्ति भन्ने गरेका छन् । त्यो मूर्ति पूर्णतया किराती स्वरूपमा छ । मार्तण्ड मन्दिरको दक्षिण-उत्तरमा एउटा सानो शिलामा बनेको मूर्तिलाई पनि त्यहाँका जनता सूर्यको मूर्तिभन्दा रहेछन् । तर त्यो मूर्ति पनि कुनै अज्ञात किरातराजाको मूर्ति हुनुपर्छ । त्यसको भेषभूषा र त्यसको बसाइ राजपरिवारको छाँटकाँटमा छ । परन्तु अनुहार शुद्ध किरातको छ । अरू मूर्तिहरू त्यो अनुहारभन्दा विल्कुलै भिन्न अनुहारका छन् । तेस्रो मूर्ति खण्डित छ । त्यसको हुनसक्ने शिर त्यहीं छ । त्यसको टाउको जटायुक्त छ । यस शैलीको मूर्ति पहल गाउँ पाण्डव मन्दिरको भित्तामा पनि कुँदेको पाइन्छ । अनन्तनाग र भेरी नागमा पनि केही यस्ता मूर्तिहरू किरात-अनुहारका छन् । रामनगर त जम्बु काश्मिरका राजाहरूले समय-समयमा बस्ने राजदरबार भएकै ठाउँ हो । परन्तु त्यो राजदरबार अठारौं उन्नाइसौं शताब्दीको नभएर ईसापूर्वको कुनै किरातराजाको राजधानी पनि हुनुपर्छ । रामनगरमा पनि एउटा सानो भैरवको मूर्ति स्थापित छ । पूजा भने आजकल हुँदैन । पुरानो खण्डहर मन्दिरमा भएकोले त्यो मूर्ति प्राचीन हुनुपर्ने देखिन्छ । दुवै कानमा कुण्डल लगाएको छ । एकातिरको खुट्टा भाँचिएको छ । त्यो मूर्ति आग्नेय प्रकारको प्रस्तरद्वारा निर्मित छ । त्यो मूर्ति भैरवको हो कि गोरखनाथको हो, यो भविष्यमा अध्ययन गरी पत्ता लगाउनुपर्ने विषय छ । तर लेखकको मतानुसार त्यो मूर्ति गोरखनाथको त हुनै सक्तैन, किनभने गोरखनाथको मूर्ति सर्वत्र जटायुक्त पाइन्छ । त्यो मूर्तिको टाउको खुइलिएको छ । भैरवको रूपमा मान्दै आइरहेका छन् परन्तु त्यसको पनि अनुहार हेर्दा पूर्णरूपेण किरात प्रतीत हुन्छ । यस्तै हिमाचल प्रदेशमा कुनै वेला 'चम्वा' प्रसिद्ध राजधानी थियो । ईस्वीपूर्व द्वितीय शताब्दीको हरिरायको मन्दिर अहिले पनि विद्यमान छ । यस मन्दिरलाई आधुनिक इतिहासकार तथा पुरातत्त्वविद्हरूले पनि ईस्वीको द्वितीय शताब्दीदेखि सातौं शताब्दीको पूर्वार्धको मानेका छन् । यसको आसपासमा कैयन् प्राचीन मन्दिरहरू खण्डहर भएर लडिराखेका छन् । तिनीहरूमध्ये हरिरायको मन्दिर पनि एक हो । यस मन्दिरको छेउमा पदमासनमा बसेका सानो शिवजीको मूर्ति छ । त्यो मूर्तिलाई पनि त्यसैका मानिसहरू भैरवको मूर्ति भन्दछन् । तर त्यो मूर्ति शिवजीको हो । परन्तु त्यसको अनुहार किरातको छ । चम्बा प्रदेशमा खजिणर, दलीजी, भरमेर र बक्लोहको उतरी हिस्साको पहाडको ठाउँ-ठाउँमा पाइने खण्डहरहरूमा किरातकालिक मूर्तिहरू पर्याप्त मात्रामा पाइन्छन् ।

हिमाञ्चल प्रदेशको कांगडा जिल्लामा पर्ने खन्जनेश्वर महादेव, भाक्सुनाथ र प्रसिद्ध वैद्यनाथ मन्दिर मण्डी, व्यास नदीको किनारमा भएका यी प्राचीन मन्दिरहरूमा सबैभन्दा प्राचीन र बहुचर्चित वैद्यनाथको मन्दिर हो । यस्ता वैद्यनाथका मन्दिर चार ठाउँमा छन् । बिहार, नेपालको अछाम, कुमाउ र हिमाञ्चल प्रदेशको विनोवा नदी किनारको वैद्यनाथ । यी चार वैद्यनाथ मन्दिरहरूमा पालमपुरको वैद्यनाथ अत्यन्त प्राचीन मन्दिर हो । उत्तिकै प्राचीन गरुडगङ्गाको किनारको कुमाउको वैद्यनाथको मन्दिर हो ।

नेपालमा अछाम जिल्लास्थित वैद्यनाथको मन्दिर पनि उति नै प्राचीन छ । तर यीमध्ये पालमपुरको वैद्यनाथ र कुमाउको वैद्यनाथको मूल शिवलिङ्गको स्थापना पनि किरातकालिक नै हो भन्न सकिन्छ । परन्तु यी दुवै मन्दिरहरूमा बनावटी शिवलिङ्ग छैनन्, प्राकृतिक शिवलिंग छन् । पहिलो शिवलिंग धेरै ठूलो थियो; पछि खिइएर अब सानो-सानो भैसकेको छ ।

गढवालको प्राचीन मन्दिरहरूमा केदारनाथ, त्रियुगीनाथ, बूढा केदार, वसुकेदार, तुङ्गनाथ, रुद्रनाथ, गोपेश्वर र पाण्डुकेश्वर मानिन्छन् । गढवालभित्र पुरातत्त्व र मूर्तिकलाको दृष्टिले ठाउँठाउँमा किरातकालिक सामग्रीहरू पर्याप्त मात्रामा पाइन्छन् । केदारनाथमा किरातहरूको मूर्ति नपाइए पनि केदारनाथ

मन्दिरको जुन शिवलिंग छ, त्यो किरातकालिक नै हो। यस्तै माथि गन्ती गरिएका मन्दिरहरूमा एक-एक मूर्तिकला र शिवलिंगहरू, कतै खण्डहरहरू विवेचना गर्न योग्य छन्। जसमा गढवालको शिवलिंग त किरातकालमा किरातराजा सुवाहुको राजधानी नै थियो। यस कुरामा भैरवदत्त धुलियाले राम्रो ऐतिहासिक व्याख्या आफ्नो ग्रन्थमा गरेका छन्। श्रीनगरमा भएको कमलेश्वर मन्दिरको शिवलिंग र भिल्लेश्वर शिवलिंग किरातकालका चिह्न हुन्। यस्तै उत्तर काशीको विश्वनाथ मन्दिरको शिवलिंगलाई पनि यस प्रसंगमा उल्लेख नगरिरहन सकिन्न। जोशीमठको अगाडिको पाण्डुकेश्वर मन्दिरमा स्थापित शिवलिंग र मन्दिर दुवै किरातकालिक हुन्। परन्तु यहाँ पाइएको तामापत्रचाहिं छैटौं शताब्दीदेखि आठौं शताब्दीसम्मका छन्। ती तामापत्र जारी गर्ने राजा वा शासकको नाम त्यहाँ उल्लेख नभए पनि 'कार्तिकेय पुरात्' भन्ने शब्दले वर्तमान कुमाऊँको वैद्यनाथबाट प्रसारित गरेको थाहा पाइएको छ, किनभने कर्तृपुर र कार्तिकेय शब्द कुमाउको वैद्यनाथलाई भनिन्थ्यो भन्ने धेरै उल्लेख पाइएको छ। यस्तै जोशीमठको वासुदेव मन्दिर किरातकालिक वासुदेव नामका राजाले भगवान् वासुदेवकै नाममा बनाएको मन्दिर हो। त्यहाँदेखि अगाडि २० किलोमीटर तपोवन भन्ने ठाउँमा तीनवटा मन्दिर छन्। तीमध्ये एउटा देवीको एउटा सानो मन्दिरको दक्षिणपट्टिको प्रस्तरमा तीनवटा किराती देवीहरूको मूर्ति उत्कीर्ण गरिएको छ। अनुहार पूरै किरातरूपको छ। त्यसैको उत्तर-पश्चिममा हातमा कुनै शासनसूत्र लिए जस्तो एउटा किरातराजाको मूर्ति छ। त्यो मूर्तिको एउटा आँखा भग्न छ। एकापट्टिको कान पनि भग्न छ। तर त्यतिखेरको राजचिह्न विशेषले युक्त भएको देखिन्छ। त्यसैको छेउमा प्राचीन शिलालेख पनि थियो भनिन्छ। तर सडक बनाउने क्रममा पी० डब्लु० डी० ले त्यहाँबाट उठाएर नदीतिर पल्टाउँदा हरायो। त्यसको उत्तर-पूर्व दिशामा भएका मन्दिरहरू खण्डहरतुल्य बनेका छन् र आफ्नो अत्यन्त प्राचीन इतिहासलाई तिनीहरूले स्पष्टचाइरहेका छन्।

गढवालको किरातकालिक पुरातत्त्वसम्बन्धी कुराहरू पाठकहरूलाई माथि वताइयो। अब कुमाउको वारेमा केही चर्चा गर्नु आवश्यक छ। कुमाउमा रामगंगाको घाटीलाई अहिलेसम्म पुरातत्त्व-विभागले छुन सकेको छैन। तर अत्यन्त प्राचीन पुरातत्त्व त्यसभित्र विद्यमान छ। यहाँ केही मन्दिर र केही स्थलहरूको नाम निर्देश गर्दा सबैभन्दा पहिले कार्तिकेयपुर वैद्यनाथको मन्दिरको पुरातत्त्व महत्त्वपूर्ण देखिन्छ। वैद्यनाथको मूल मन्दिर अत्यन्त प्राचीन छ। त्यसको आसपासमा प्राचीन साना-ठूला धेरै मन्दिरहरू छन्। ती मन्दिरहरूमध्ये जसलाई केदारनाथको मन्दिर भनिन्छ, त्यसको वरिपरि कैयौं मूर्तिहरू छन्। त्यसैको नजीक एउटा अत्यन्त प्राचीन वैद्यनाथको मन्दिर छ। त्यस मन्दिरभित्र रहेको शिवलिंग स्वयम्भू लिंग हो र त्यो मन्दिर अहिलेसम्म कैयन्‌चोटि जीर्णोद्धार भैसकेको भए पनि त्यसको जगचाहिं उही पुरानै छ। त्यसको नजीक तेलिया नामक गाउँ छ। त्यहाँ पनि कैयौं मन्दिरहरू छन्। ती पनि प्राचीनै मन्दिरहरू हुन्। त्यहाँ एउटा चौतारो जस्तो मण्डप छ। त्यसमा प्रशस्त मूर्तिहरू छन्। ती मूर्तिहरूमध्ये एउटा मूर्तिमा त्यहाँ पनि नेपाली शैलीको कल्ली लगाइएको छ। कल्ली काठमाडौंस्थित वालाजुको शितला मूर्तिमा पहिर्‍याएको जस्तै मोटो छ। हातमा भने के थियो भन्न सकिन्न, किनभने हात भाँचिएको छ। मूर्ति किरातकालिक हो। वैद्यनाथको अगाडि एउटा मूर्ति छ। त्यो केही अग्लो छ। सुखासनमा आसीन गरी उत्कीर्ण छ। त्यहाँका वासिन्दाहरूले त्यसलाई कुबेर भनी पुज्छन्। परन्तु त्यस मूर्तिको अनुहार र काठमाडौंस्थित पशुपतिको आर्यघाटको विरूपाक्षको मुखाकृति झण्डै एक प्रकारको छ। केवल वैद्यनाथको मूर्ति स्थानक अवस्थामा छ भने पशुपतिको उठेको अवस्थामा छ। वैद्यनाथदेखि केही माथि उच्चाइमा कौसाम्बी भन्ने ठाउँ छ, जहाँ प्रसिद्ध कवि सुमित्रानन्दन पन्तको जन्म भयो। त्यहाँदेखि केही अगाडि माथि डाँडामा केही मन्दिरहरू

भेटाइन्छन् । त्यहाँ पनि शिवजीको एउटा मन्दिर छ । त्यहाँका केही मूर्तिहरू किरातकालिक छन् । ती मूर्ति र वागेश्वरको मूर्ति तथा द्वाराहातका मूर्तिहरू एकै कालको जस्तो देखिन्छ । वागेश्वरको मन्दिरमा एकै विशेषता पाइन्छ, त्यो के हो भने किरातमूर्तिको साथमा पूर्णकलशको आकृति पनि उत्कीर्ण छ । अल्मोडा-पारि कटारमल भन्ने ठाउँमा प्रसिद्ध सूर्यको मन्दिर छ । त्यसको वरिपरि समाधिको रूपमा साना-साना मन्दिर छन् । त्यहाँका कैयन् मूर्तिहरूमध्ये एउट मूर्ति उड्दै गरेको अप्सराको छ । त्यस मूर्तिको आकार र अनुहार किरातको भएकोले त्यो किरातकालिक हो भन्ने देखिन्छ । तर त्यो पुरुष या स्त्री केको मूर्ति हो चिन्न सकिन्न । कुमाउको प्रसिद्ध मन्दिरमध्ये जागेश्वरको नाउँ लिन सकिन्छ । जागेश्वरको वरपर साना-ठूला गरी करीब डेढ सय प्राचीन मन्दिरहरू छन् । वास्तवमा यी मन्दिरहरू प्राचीन इतिहासका अमूल्य स्रोतहरू हुन् । भारतको अरू ठाउँमा नपाइने चिह्न, आकृति र मूर्तिहरू त्यहाँ पाइन्छन् ।

शान्त मूर्तिहरू जागेश्वरमा पाइन्छन् । त्यस्तै प्रकारले वैष्णव मूर्तिहरू पनि धेरै छन् । परन्तु शान्त मूर्ति जति छन्, प्रायः किरात-आकारकै छन् । वैष्णव मूर्तिहरू अन्य आकार-प्रकारका देखिन्छन् । दुइ मन्दिर दक्षिणका गोपुरशैलीमा बनेका छन् । अरु मन्दिरहरू शिखरशैलीमा बनेका छन्, जसमा जागेश्वर र मृत्युञ्जयको मन्दिर सारै नै महत्त्वपूर्ण छ । त्यसै मन्दिरका भित्ताहरूमा प्राचीन ब्राह्मी लिपिमा केही लेखिएका छन् । तर लामो समयको कारण खिइएकाले पढ्न भने सकिन्न । मृत्युञ्जयको मन्दिरबाहिर ठूला-ठूला दुइवटा ढुङ्गामा पनि अभिलेख कुँदिएका छन् । तर अहिले पढ्न सकिन्न । जागेश्वरको मन्दिर-भित्र राजा दीपचन्द्र र पवनचन्द्रको अष्टधातुका मूर्ति छन् । त्यसदेखि बाहिर केही मूर्तिहरू छन् । तीमध्ये एउटा पार्षदको मूर्ति पूरै किरातको अनुहारको छ । अर्को पार्षद अर्कै अनुहारको छ । यस प्रकारले दण्डेश्वर, वृद्धजागेश्वर आदिका मन्दिरहरू पनि किरातकालिक इतिहासको लागि अनुसन्धानयोग्य छन् । यसपछि गंगोलीहाटको पाताल भुवनेश्वर गुफाले अजन्ता आदि गुफाको याद दिलाउँछ । परन्तु अजन्तामा सबै मूर्तिहरू मानवनिर्मित छन् । पाताल भुवनेश्वरको सबै प्राकृतिक छन् । गुफा धेरै ठूलो छ । त्यसै गुफाको बाहिर एउटा गाउँमा प्राचीन मन्दिर छ । केही मन्दिर जीर्ण छन् । त्यसमध्ये एउटा मन्दिर सँगै छ । त्यस मन्दिरको बायाँपट्टि कैयौं मूर्तिहरू छन् । त्यसमा शिवलिंगहरू पनि छन् । ती मूर्तिहरूमध्ये दुइवटा मूर्ति किरातराजा र रानीको जस्तो देखिन्छ । मूर्ति प्राचीन हो । ढुङ्गा फुस्रो प्रकारको छ तर समयले गर्दा खिइ-सकेका छन् । यस्तै पिथौरागढ जिल्लामा पर्ने डिडी हाटमा पनि प्राचीन किरातकालिक अवशेष र मूर्तिहरू पर्याप्त मात्रामा पाइन्छन् । लहरै सातवटा मूर्ति छन् । तिनीहरू किरात-आकृतिका छन् । सोही जिल्लामा पर्ने अर्को मन्दिर चम्पावतको बालेश्वर र द्वाराहाटको गुजर मन्दिर एउटै कालिगडले बनाएको हुनुपर्ने देखिन्छ, किनभने दुवैको हात उस्तै छन् । शैली ठ्याक्कै मिल्दछन् । मन्दिरमा राखिएका हात्ती उस्तै छन् । सम्पूर्ण हिमाली क्षेत्रमा त्यस किसिमको कालीगडी पाउन गाह्रो छ । यति अवश्य हो द्वाराहाटको मन्दिर खण्डहर भए पनि विष्णु-चिह्नहरू र अनेक मूर्ति छन् । बालेश्वरमा चाहिं भगवान् शिवको लिंग छ । परन्तु यो नयाँ देखिन्छ । त्यसको बाहिर पानीको कुवा छ; त्यो प्राचीन छ । त्यसको आसपासमा कैयौं प्राचीन किरातमूर्तिहरू पाइन्छन् ।

नैनीतालको छेउमा भीमताल पर्छ । भीमतालको किनारैमा भीमेश्वर महादेवको मन्दिर छ । कुनै बेला त्यो मन्दिर त्यहाँ थिएन । त्यहाँको ठूलो पोखरी सुकेर गएपछि ती पुराना ढुङ्गाहरू जोडेर मन्दिर बनाएको हुनुपर्छ । त्यस मन्दिरको छेउमा भएका कैयौं मूर्तिहरूमध्ये दुइवटा मूर्तिहरू एउटै ढुङ्गामा

कुँदिएका छन् । त्यो स्थानक अवस्थामा छ । महिलाको पोषाक बडो विचित्र ढङ्गको छ । पुरुषको पोषाक कुनै प्रकारको जामा जस्तो छ । तर यो मूर्ति प्राचीनताले खिइसकेको छ । यो मूर्ति पूर्ण किरात-अनुहार छ ।

यस प्रकारले हाम्रा इतिहासकारहरू यलम्बर हाङले अहिरराजा भुवन सिंहलाई पूर्वतिरबाट प्रवेश गरेर जिती काठमाडौं अधित्यकामा शासन जमाए भन्छन् तर काठमाडौंदेखि पूर्व आजसम्म कुनै त्यस्तो प्रकारको पुरातत्त्व प्राप्त भएको छैन । यद्यपि किरातहरूको बसोबास भने वर्तमानकालमा पनि काठमाडौंदेखि पूर्वमा बढी देखिन्छ । अतएव यो भन्न सकिन्छ कि यलम्बर जस्तो प्रभावशाली राजा काठमाडौंदेखि पूर्वको राजा भए त्यस बेलाको प्राचीन अवशेषहरू केही मिल्नुपर्ने हो । अहिलेसम्म त्यस्तो केही नपाइएको हुनाले र काठमाडौंदेखि पश्चिम धेरै संख्यामा किरातहरूको कलाकृति तथा मूर्तिहरूका अवशेष पाइएका हुनाले किरातहरू पश्चिमैबाट काठमाडौं प्रवेश गरेको ठहर्छ । काठमाडौंमा पस्दा थाङ्कोट जस्तो नामकरण गरिनु र मातातीर्थ, वलम्वु जस्तो स्थानहरूमा राजधानी हुन पनि त्यसैको प्रमाण हो भन्न सकिन्छ । निकट भविष्यमा यससम्बन्धी अन्य विस्तृत खोज हुनेछ ।

*

आजको माझकिरातको प्राचीन अस्तित्व

किरातहरू निश्चित आर्य-हिन्दूकिरातक्षत्रिय हुन् भन्ने कुरामा दुइ राय छैन। प्राचीन इतिहासले सिद्ध भइसक्यो। तर पूर्वनेपालमा स्थित आजको माझकिरातको प्राचीन पुरातात्त्विक के छ त ? भन्ने जिज्ञासामा वि० सं० २०४२ सालमा जनकपुर, सगरमाथा, कोशी, मेची अञ्चलहरूको प्रत्येक जिल्लाहरूमा पुरातत्त्वको अन्वेषण ऐतिहासिक, सामाजिक, धार्मिक नृतत्त्व (Anthropology)-सम्बन्धी अनुसन्धान (Research) गर्न भ्रमण गरें। मनग्य भ्रमण गरें। ठूलै दुःख गरें। तर सन्तोषजनक कुरा किरातहरूबारे पाइएन। मलाई विशेष अनुसन्धान गर्ने इच्छा किन भयो भने वंशावली र केही इतिहासकारहरूले किरातहरूको प्रथम राजा पूर्वतिरबाट काठमाडौं अधित्यकामा पसेर अहीरवंशका राजा भुवन सिंह परास्त गरी किरातशासकहरूमा प्रथम बने। किरातराजाहरूमा पहिलो पंक्तिमा यलम्बरको नाम आउँछ। तर प्रश्न यो छ कि किरातराजा यलम्बर एउटा गोठाला थिए त ? वस्तुस्थिति त्यसो होइन। यलम्बर पनि शासकै थिए। तर कहाँका थिए ? त्यो रिसर्चकै विषय छ। तर मोटो बुद्धिले पनि नमान्ने कुरा इतिहासकारहरूले पनि लेखिदिने गरेका छन्। त्यो पछि गएर भ्रमात्मक बन्न जान्छ। यो यलम्बरको प्रसङ्ग पनि यस्तै बन्न पुगेको छ।

यहाँ विचार गर्ने कुरा यो छ कि भुवन सिंह पनि गोठाला नै थिए भने मात्रै यलम्बर गोठालाले लाप्पा खेल्दा भुवन सिंहलाई निचर्‍यो होला। त्यसपछि भुवन सिंहको गोठमा कब्जा जमायो होला यलम्बरले। यदि यस्तै कुरा हो भने मलाई आपत्ति छैन। परन्तु अहीरवंशका भुवन सिंह कुनै देशका शासकै थिए भने त चाहे सानो होस् वा ठूलो; अवश्य त्यसको राजधानी हुन्छ। सेनावल हुन्छ। सीमा-सुरक्षाबल हुन्छ। गुप्तचर हुन्छ। लुते ल्याङ्ग्रे नै भए पनि गोठालाले ह्याकेर ङ्याकेर राज्यसत्ता हत्याउने कुरा केटा-केटीको खेलाँची मात्रै हो। शत्रुता हमेशा समकक्षमा हुन्छ। तीन पीढीसम्म शासन खानदानी शासन चलाएर राजा भएर बसेको भुवन सिंहलाई कमसल भन्न सकिंदैन। हँ, यो अवश्य भन्न सकिन्छ कि भुवन सिंहभन्दा शक्तिसम्पन्न किरातराजा यलम्बरसँग युद्ध भयो। भुवन सिंह हार्‍यो। यलम्बरले शासनसत्ता आफ्नो हातमा लियो। त्यहाँबाट किरातशासनको प्रारम्भ भयो। त्यहींबाट 'थाङ्कोट' शुरू भएको हुनुपर्छ। तर वंशावलीमा पनि १४ शताब्दीदेखिको मात्र प्राप्त हुनाले तीभन्दा पूर्वका कागजपत्र, वंशावलीहरू नष्ट भ्रष्ट भए। केही राजनैतिक रागद्वेषको कारणले घट बड पारे। केहीचाहिं पूरा नष्ट पारे जस्तो देखिन्छ[1]। प्रमाणको लागि किरातराजाहरूको नाम संस्कृतबाट बिगारेर राखेको देखिन्छ। यो अन्यत्र 'वंशावलीमा किरातराजाहरूको नाम किन परिवर्तन गरियो ?' भन्ने शीर्षकमा लेखिसकेको छ।

यसरी काठमाण्डौका अधित्यकाभित्र राजधानी वनाएर शासन गर्ने राजा भुवन सिंहलाई युद्धमा परास्त गरेर काठमाण्डौ अधित्यकामा शासन गर्न पुग्ने वीर शक्तिशाली किरातराजा यलम्बरको राजधानीको खण्डहर पुरातत्त्व, अवशेष कहाँ छ त ? अवश्य पनि भुवन सिंहलाई जित्ने राजा ऊभन्दा हरेक कुरामा

---

[1] लेखकको विचारमा गोपालवंशी र अहीरवंशीहरू पनि किरातै थिए। यसको प्रमाण आज पनि जस्ताको तस्तै रूपमा विद्यमान छन्। वंशावलीलाई चौधौं शताब्दीमा सङ्कलन गर्नाले त्योभन्दा पूर्वको कागजपत्रमा लेखेको सामग्रीहरू नष्टभ्रष्ट पारेर गोपालवंश र अहीरवंशलाई किरातहरूभन्दा भिन्न पार्नु खोजे जस्तो देखिन्छ।

शक्तिशाली हुनु स्वाभाविकै कुरा हो। पृथिवीनारायण शाहाले मकवानपुर, नुवाकोट र काठमाण्डौ अधित्यकाभित्रका तीनवटा राजाहरूलाई भैंसी चराउँदै आएर हप्काएर जितेका होइनन्। कालु पाण्डे जस्ता प्रिय व्यक्तिलाई गुमाउनुपरेको थियो। भाइको आँखासमेत गायव भएको थियो। तैपनि कीर्तिपुरलाई हातमा लिन तीनपल्टसम्म कोशिश गर्नुपऱ्यो। कीर्तिपुर, काठमाण्डौ हात लागेपछि पनि आफ्नो मूल राजधानी 'गोरखा' त छँदैछ। खण्डहरैको रूपमा भए पनि अवश्य भइ नै रहने थिए। तर यलम्वरले पूर्वतिरबाट गएर भुवन सिंहलाई जिते भन्छन्। काठमाण्डौदेखि पूर्व नेपालभित्र पर्ने यस्तो राजधानीको खण्डहर अवशेष कहीं पाइएको छैन। किनभने जहाँ राजधानी हुन्छ, त्यहाँ सानो ठूलो जे होस् राजधानीको नियमहरू हुन्छन्। जस्तै –किला, दरवार, त्यसको परकोटा, तोरण, सडक, मन्दिर, दरबारको अवशेष, राजधानीयोग्य स्थल विशेषको घेराबन्दी आदि राजधानीका नियमहरू हुन्। ठूला साना जस्तो राजधानी बनाए पनि उपर्युक्त नियमहरूको पालन भएकै हुनुपर्छ। जस्तै—पाहाडका सिंजा, डुल्लू, दैलेख, ऐरिछाना, ऊकु, गोकुले, डिङकोट, पाल्पा, मकवानपुर आदि जस्तै तराईहरूमा तिलोडाकोट, कुदान, पत्थरघट्टा, चौदण्डीगढी, विजयपुर आदि जस्तो भए पनि राजधानीको नियमभित्र पर्छन्। गहिरो अनुसन्धान गर्नेहरूमा यो कुरा लुकेको छैन। परन्तु काठमाण्डौदेखि पूर्व पहाडक्षेत्र मेचीसम्म नै यस्ता कुनै पुरातात्त्विक चिह्न आजसम्म प्राप्त भएको छैन। त्यसैले पूर्वको मैदानी भेक विजयपुर, विराटनगर आदि भेकबाट यलम्बर काठमाण्डौ पुगेका थिए भनौं भने पनि त्यति प्राचीन कुनै इमारत देखिंदैन। त्यसैले आजको माझकिरात, वल्लोकिरात, पल्लोकिरात भनाउँदाहरूमा प्राचीन किरातकालिक कुनै पुरातात्त्विक वस्तुहरू प्राप्त भएका छैनन्। यद्यपि केही व्यक्तिहरूले मकवानपुर, चौदण्डीगढी, हथुवागढी, मौर्यगढी (मौर्यडाँडा), विजयपुर, पिण्डेश्वर, वराहक्षेत्र, सैनामैना, बेलासीको वन आदिलाई बताउने गरेका छन्। परन्तु मकवानपुर पूर्वमा पर्दैन र त्यति प्राचीन पनि होइन। हथुवागढी राजधानीको ठाउँ नै होइन। कुनै मान्छेले सानो घर बनाएर बसेको थियो होला। मौर्यडाँडामा कुनै प्राचीन, नवीन अवशेषहरू देखिंदैनन्। चौदण्डीगढी पनि पुरानो होइन। विजयपुर पनि पुरानो होइन। परन्तु पिण्डेश्वर मन्दिरको बनावट र त्योभन्दा पूर्वको ढुङ्गाको कटिङहरू भने प्राचीनताको महत्त्व राख्ने खालका छन्। यस्तै वराहक्षेत्रको मूर्तिसम्बन्धी अध्ययन प्राचीन महत्त्वको छ। तर त्यसले यलम्बर पूर्वबाट काठमाण्डौ पसेर भुवन सिंहलाई जितेर शासन गर्ने इतिहास जोड्नु मूर्खता हुनेछ। त्यसैले वंशावली आदिमा यलम्बर राजा पूर्वबाट पस्ने कल्पना गलत हो। यसमा ऐलेसम्म कुनै प्रमाण प्राप्त छैन। भविष्यमा प्राप्त भएछ भने हेरौंला। परन्तु किरातराजा यलम्बरले पूर्वबाट नभएर पश्चिमतिरबाट भुवन सिंहमाथि आक्रमण गरेका थिए। पश्चिम कुन ठाउँबाट यलम्बर आक्रमण गर्न आए भन्ने इतिहास अझ खोजकै विषय भए पनि प्राचीन किरातकालिक अवशेषहरू हिमाचल, गढवाल, कुमाऊँ र नेपालभित्रै पनि गोकुले, ऊकु, चिन्तपुर्णी, घटाल आदि अनेकौं प्राचीन किरातस्थल छन्।

त्यसैले यलम्बर किरातराजा पश्चिमबाट पसेका थिए। पूर्वको कोशी, मेची, सगरमाथा, जनकपुर अञ्चलको जिल्लाहरूमा अन्वेषण गर्दा त्यस्तो कुनै प्रमाण पाइएको छैन। साथै 'यलम्बर' यस जातिका 'किरात' थिए भन्ने प्रमाण पनि छैन। आजको पूर्व नेपालको वल्लोकिरात, माझकिरात र पल्लोकिरातमा सुनुवारराई, राई, लिम्बू, मगर, गुरुङ, तामाङ, नेवार आदि किरातहरू लगभग हजार वर्ष उताको देखिंदैन, किनभने यिनीहरूको पनि आफ्नो पूर्वज अथवा आफ्नै प्राचीन अस्तित्वलाई बट्ल्ने वानी देखिंदैन। अलि प्राचीनताका झल्को देखाउने पिण्डेश्वर र वराहक्षेत्र हो। तर हलेसी प्राकृतिक हो।

हलेसीको इतिहास अर्थात् पौराणिक केही महत्त्व मान्न सकिए पनि पुरातत्त्वसँग त्यसको सम्बन्ध छैन। मधेस इनरुवाको छेउमा भएको खण्डहरको खोदाइ भएकै छैन। यसरी माझकिरात आदिमा वर्तमान-कालमा केही नपाइए पनि महाभारतकालमा मत्स्यदेशका राजा विराटको उल्लेख छ। त्यो मत्स्यदेश राजस्थान र मध्यप्रदेशबीचमा बताएका छन्। परन्तु हालको नेपालको विराटनगर नै महाभारतकालका 'मत्स्यदेश'को तर्कना गर्ने ठाउँ छ। विराटनगर पनि यही नै प्रसिद्ध छ। 'किचक' एक बदमाश, दुराचारी किरातै थियो। उसैको भेनाजु राजा विराट पनि किरातै थिए। परन्तु विराटराजा के थिए भन्ने सामग्री-को अभावमा मौन रहनु कर लाग्छ। तर 'किचक' को भेनाजु हुँदैमा 'किरात' नै हो भन्न सकिंदैन, किनभने वसिष्ठ, शक्ति, पराशर, व्यास, गौतम, भरद्वाज आदि पनि यसै जातिका थिए भन्ने कुनै प्रमाण छैन। पछि आएर घोर जातिवादको धुनमा 'ब्राह्मण' भन्ने हल्ला चलेको मात्रै हो। त्यतिखेर सबै समान थिए। त्यसैले विहावारी त्यतिखेर 'जाति' निर्धारणको सीमा थिएन। त्यसैले 'किरात' कुलमा विराटले हुनु नहुनुमा खोजीकै विषय छ। अब रह्यो किरातहरूले आजको पूर्वनेपाल माझकिरातमा आधुनिक किरातहरू धेरै पछि आएर बसेका हुन्, किनभने महाभारतकालपछि सयकडौं वर्षसम्म जङ्गलै-जङ्गल मात्र रहने इतिहासलाई पनि नकार्न सकिंदैन, किनभने महाभारतको युद्धमा धेरै जनता सखाप भएका थिए। तथापि महाभारतकालसम्म अथवा केही पछिसम्म आजको 'तमोर' नदीको क्षेत्रमा, यस्तै माझकिरातको क्षेत्रहरुमा 'तामर' अथवा 'ताम्रलिप्तक' जातिले बसोबास गरेको उल्लेख महाभारतको भीष्मपर्वको अध्याय दशको ६८ श्लोकमा उल्लेख भएको छ।

माझकिरातमा किरातहरू कहिलेदेखि बसोबास गर्न पुगे ?

शाके १०१७ (वि० सं० ११५२) दश सय सत्रभन्दा पहिले नै राईहरू आजको माझकिरातमा पुगि-सकेका थिए भन्ने केही ऐतिहासिक प्रमाण प्राप्त भएको छ। त्यसै ऐतिहासिक क्रमको प्रसङ्ग यहाँ प्रस्तुत गर्ने प्रयास गरेको छु। म प्राचीन किरात-इतिहासको खोज गर्दै जाँदा टेहरी गढवाल पुगें। टेहरी आधुनिक गढवालको राजधानी हो। योभन्दा पूर्व राजधानी चानपुर थियो। तर त्योभन्दा पनि प्राचीन गढवालको राजधानी श्रीनगर हो। श्रीनगरदेखि अलि माथि पौडीमा पनि शीतल र प्राकृतिक सौन्दर्यको दृष्टिकोणले राजारानी गएर बस्ने गर्दथे। तर पछिपछि श्रीनगरलाई पनि छोडेर टेहरीमा राजधानी बनाउन पुगे। टेहरी हेर्दा सुन्दर छैन। तर राजाले बसिदिंदा त्यो ठाउँको काम चल्दो रहेछ। यस्तै रूपमा राजधानी सारेपछि पनि टेहरीमा कैयौं राजाहरू शासक भए। ती राजाहरूमध्ये महाराज कीर्ति शाह अत्यन्त यशस्वी, दानवीर, विवेकशील राजा भए। विश्वविख्यात दार्शनिक वेदान्तका सूर्यस्वामीराम तीर्थ जस्ता र सर्वशास्त्र-पारङ्गत महामहोपाध्याय धर्मरत्न हरिशर्मा मुनि जस्ता महापुरुषहरूले महाराज कीर्ति शाहको राजदर-बारका शोभा बढाएका थिए भने महाराजले स्वयं दुवै महापुरुषहरूलाई राजगुरु मानेका थिए। यी दुइ महापुरुषहरूमा स्वामी राम तीर्थ पञ्जाबी थिए। म० म० हरिशर्मा मुनि नेपाली थिए। साथै जोशमुनि सम्प्रदायका उद्भट विद्वान् र शशिधर दिलदासले स्थापना गरेको पौडीको क्योंकालेश्वर मन्दिरको जीर्णो-द्धारक थिए। यिनी दुवै महापुरुषका शिष्यसम्पत्स्वरूप टेहरी-महाराज कीर्ति शाहकै पुरानो दरबारमा वहाँकै भतिजो केप्टन शूरवीर सिंह पवार आज पनि बसिराख्नुभएको छ।

शूरवीर सिंहजीलाई गढवालको चल्ने फिर्ने शब्दकोष हो भन्दछन्। लेखकले हेर्दा धेरै अंशमा शूरवीर सिंह पँवार साँच्चै नै एउटा शब्दकोष नै हुनुहुन्छ भन्ने मलाई पनि लागेको छ। तर राज-

दरबारभित्र भएको संग्रहचाहिं झट्ट कसैको नजरमा पर्न सक्दैन । यसको तात्पर्य गजबको छ । त्यो तात्पर्य के हो भने त्यो ग्रन्थसंग्रह राजदरबारभित्र पर्छ । अर्को कुरा स्वयं शूरवीर सिंह पँवार कडा स्वभावका हुनुहुन्छ । मान्छे पुड्के नै भए पनि राजपरिवारका राजकुमार हुनाले पनि होला, उनमा क्षत्रियत्वको ओज देखिन्छ । जस्तातस्तै ठूलै मान्छेले पनि ह्याउन सक्तैनन् । उनको आफ्नो आवाज र बोललाई, आफ्नो अध्ययनको याद तथा वाक्चातुर्यको घुमाउरोपन र राजसी गम्भीर सिंहावलोकन आदिले गर्दा कें० शूरवीर सिंह अर्काले चलाउन नसक्ने भारी देखिन्छन् । तर उनलाई अर्को पक्षबाट हेर्दा उनी सरल र नम्र, सहृदय पनि देखिन्छन् । म कैयौंपयक महिनौं महिना कें० शूरवीर सिंहको राजदरवारको पुस्तकालयमा रमेको छु । पुस्तकालयचाहिं व्यवस्थित छैन । यस पुस्तकालयमा धेरै ग्रन्थ संकलन भएका छन् । म० म० धर्मरत्न, हरि शर्मा मुनिको सङ्कलनबाट गएको होला । दोस्रो उनैका पट्टशिष्य धर्माधिकारी पं० महीधर डंगवालको पुस्तकालय पनि त्यही दरबारैमा रह्यो । तेस्रो टेहरी महाराजको मन्त्री इतिहासकार हरिकृष्ण रतूडीको पुस्तकालय पनि पुरानो राजदरबारैमा सङ्कलित भयो । यसरी सङ्कलन भएका ग्रन्थहरू अमूल्य लेखमालामा सङ्कलित भएका छन् । ती ग्रन्थहरूमध्ये शाकमुनि ऋषिको निघण्टु-निरुक्त ३२ अध्याय, गर्ग ऋषिको निरुक्त, म० म० हरिशर्मा मुनिका रचनाहरू योगसिद्धान्त र महीधरको विवेकसारावली, हर्कवली रायको काशिकावृत्तिको टिप्पणी र काव्यसुधानिधिः आदि हजारौं ग्रन्थ राजदरबारको पुस्तकालयमा छन् ।

ती ग्रन्थहरूमध्ये हर्कवली रायको काशिकावृत्तिको टिप्पणीको अन्तिम पुष्पिकामा 'इति श्री नेपालस्य पूर्वाञ्चल-खोटाङक्षेत्रवास्तव्येन चामलिङरायकुलभूषणेन हर्कबलीना विरचिता टिप्पणी समाप्त शाके १०१७ शुभम्' भनेर लेखेको रहेछ । अर्को ग्रन्थ काव्यसुधानिधि नामक ग्रन्थको अन्तिम पुष्पिकामा पनि यस्तो लेखेको रहेछ—इति नेपाल पूर्वाञ्चलखोटाङवास्तव्येन चामलिङरायकुलतिलकेन गौरीमायाबलिराजद्वितीयात्मजेन व्याकरणसाहित्यादिसुधारसपानचतुरेण हर्कबलिरायपदवाच्येन 'काव्यसुधानिधिः प्रपूरितः इति शुभम् शाके १०२८' भनेर लेखेको छ ।

यी दुइ ग्रन्थमध्ये 'काशिका' विश्वप्रसिद्ध पाणिनिमुनिको व्याकरण अष्टाध्यायीको टीका ग्रन्थ हो । यो काशिकावृत्तिको रचयिता वामनजयादित्याचार्य थिए । यी पनि प्रसिद्ध वैयाकरण थिए । यसै वामनाचार्यको काशिकावृत्तिको कठिन स्थलहरूमा हर्कबली रायले महत्त्वपूर्ण र विस्तृत टिप्पणी लेखेका छन् । प्रत्येक अध्यायको अन्तिम पुष्पिकामा उपर्युक्त वाक्यांश लेखेको छ । यसबाट हर्कबली राईको साहित्यविषयक ग्रन्थ 'काव्यसुधानिधि' हो । आकारमा काशिकावृत्तिभन्दा अति सानो छ । तर साहित्य र व्याकरण दुवै ग्रन्थ राम्रो खाले भोजपत्रमा लेखिएको छ । धेरै ठाउँमा च्यातिएर अक्षर दुर्वाच्य भइसकेको छ । कैयौं स्थलहरूमा दुला परेका छन् । त्यसैले पनि अक्षर पढ्न कठिन भइसकेको छ । तर 'काव्यसुधानिधि' सुधानिधि नै देखिन्छ । यो ग्रन्थ काव्यको गुणदोषबारेमा सुन्दर प्रकाश पार्ने ग्रन्थ हो भन्न सकिन्छ । तर कालिदास, अश्वघोष, मुन्तककवि आदिका पर्याप्त मात्रामा आलोचना गरेको देखिन्छ । दुवै ग्रन्थ गजपका छन् ।

तर दुर्भाग्यले भनौं अथवा दुवैको अव्यावहारिकताले हो; कें० शूरवीर सिंहजीले फोटोकपी गर्न दिएनन् । साथै सार्नसम्म पनि दिएनन् । तैपनि पुष्पिकाचाहिं उनको आँखा छलेर भए पनि उतारिहालें । तर अर्को दिनदेखि कलमकागज लगेर जान बन्द भयो । खालि पढ्ने काम शेष रह्यो । यसरी मैले टेहरी राजदरवारमा अलभ्य सामग्री पाएर पनि पाउन सकिनँ ।

यहाँ यी दुइ ग्रन्थ प्राप्त गर्नाले कैयौं इतिहास पत्ता लाग्छ ।

१. पहिलो; शाके १०१७ भन्दा पहिले (राय) राईहरू नेपाल काठमाडौंदेखि पूर्व आजको माझकिरात खोटाङ आदिमा बसोवास गर्न पुगिसकेका रहेछन् भन्ने इतिहास प्रष्टरूपले बुझिन्छ । नत्र पुष्पिकामा त्यसरी लेखिने थिएन । यस प्रमाणले किरातराईहरू माझकिरातमा लगभग डेढ हजार वर्षपूर्व बसोबास गर्न पुगेका थिए भन्ने देखिन्छ । शाके १०१७ तिरसम्म पनि राईहरूलाई 'राय' नै भन्ने चलन बुझिन्छ।

२. दोस्रो; किरातराईहरूले प्राचीनकालदेखि संस्कृतको विद्वत्परम्परा अक्षुण्ण राख्दै आएको स्पष्ट हुन्छ ।

३. तेस्रो; 'राय' शब्दबाटै 'राई' भएको प्रष्ट इतिहास छ । तर स्वयं ग्रन्थकार हर्कबली राईले नै 'राय' शब्द लेख्नुभएको छ ।

४. चौथो; आजको माझकिरातको 'खोटाङ' त्यतिखेर पनि प्रसिद्धै भइसकेको रहेछ । अर्थात् शाके १०१७ पूर्व नै खोटाङ नाम राखिसकेका रहेछन् । नत्र 'खोटाङ' कसरी लेख्थे र !

५. पाँचौं; हर्कबली राईले आफूलाई 'चामलिङकुलतिलकेन' पदावलिले विभूषित गर्ने प्रयास गरेको बुझिन्छ। यस पुष्पिकाले के बुझाउँछ भने राईहरूको अनेकौं थरहरू त्यतिखेर पनि रहेछ भन्ने बुझिन्छ । त्यसमध्ये हर्कबली चामलिङ रहेछन् भन्ने बुझिन्छ, प्रष्ट हुन्छ । तर 'पाछा' भने लेखेका छैनन् । कुनि त्यतिखेर-सम्म पाछा र सामे नै बनेको थिएन कि कविले लेखेनन् कि ? यो अझ खोजीको विषय छ ।

६. छैठौं; विक्रमको दशौं शताब्दीसम्म राईहरू 'राय' को रूपमा हिमाचल, गढवाल र कुमाऊँ आदिमा छासाकछुसुक रूपमा बसोवास गरि नै राखेका थिए भन्ने त्यहाँको सामयिक जनजीवन, बोलीचालीमा प्रयोग हुने शब्द आदिको अध्ययनबाट थाहा हुन्छ ।

७. सातौं; हर्कबली राईले आफूलाई जन्म दिने आमा र बाबु दुवैको नाम लेखेर 'म माहिला छोरा हुँ' भनेर लेख्नु ठूलो इतिहास हुन पुगेको छ । त्यतिखेरका राईकिरातहरूले कस्ता किसिमका नाम राख्थे भन्ने ऐतिहासिक नमुना पनि प्रष्ट भएको छ भन्ने यसबाट झल्किन्छ ।

यसरी यसबाट के थाहा हुन्छ भने संस्कृतको अध्ययन नगरी आफ्नो इतिहास पनि बुझ्न सकिने रहेनछ । कताकता राजनैतिक स्वार्थले तथा किनबेचको हावाले संस्कृतको विरोध आजकल हुनथालेको देखिएको छ । यसले कतै आफ्नै इतिहास, संस्कृति र सभ्यतालाई कुठाराघात गर्न खोजेको त होइन ? मलाई लाग्छ संस्कृतको विरोधले जनजातिको पूर्व-इतिहास, संस्कृति र परम्परा नै मेटिन्छ र यसले गर्दा उनीहरू इतिहासविनाका मुर्कट्टा बन्न पुग्ने सम्भावना अधिक छ । यसमा समयमा नै विचार पुऱ्याउनु आवश्यक देखिन्छ ।

*

तमोर नदी र तामर जाति

आज नेपालमा आर्य-हिन्दूकिरातक्षत्रियहरूमा पर्ने तामाङ र गुरुङ छन् । तामाङ, तोमर, ताम्रलिप्तक समान रूपमा छन् । उच्चारणको मात्र भेद देखिन्छ । त्यसैले आजको तमोर नदीको घाटी, पहाड-पर्वत आदिमा महाभारतकालसम्म ताम्रलिप्तक=तामाङहरूले नै बसोबास गरेका थिए भन्ने अड्कल छ । त्यसैले तामरखोला, तमरखोला, तम्मरखोलाको रूपमा आज पनि चलिराखेकै छ । अर्को पक्ष हिजोआज 'गुरुङ' हरूले पनि आफूलाई गुरुङ नभनेर आफूलाई कतै-कतै 'तम्र' भन्ने गरेका छन् । कतै 'तम्र' बाटै 'तमोरखोला' नाम परेको त होइन ? परन्तु 'तम्र' बाट 'तमरखोला' नाम पर्नुमा इतिहास बाधक छ, किनभने यो 'तमु' शब्द गुरुङबोली (Dilect) बनेपछिको कुरा हो । महाभारतकालमा यी राई, लिम्बू, मगर, गुरुङ, तामाङ आदिका बोली थिएनन् । यी राई, लिम्बू, नेवार आदि किरातभित्रै समावेश थिए । किरातै हुन् । परन्तु भाषा संस्कृत थियो । त्यै संस्कृत बुद्धकालसम्ममा पालि प्राकृत भाषा भयो । त्यो संस्कृतै बिग्रँदै गएर पालि प्राकृत भएको हो । त्यसपछि आर्यावर्तमा अरू भाषा र बोलीहरू बन्न थाले । ती बोलीहरूमध्ये आज नेवारकिरातहरूको साहित्य भएको हुनाले नेवारी भाषा भयो । अरू किरातहरूको भाषा हुन सकेको छैन । बोली नै छ । त्यसैले गुरुङको 'तमु' बाट नभएर ताम्रलिप्तकको 'ताम्र' बाट 'तम्मर खोला' को नाम पर्न गएको बुझिन्छ । यस प्रदेशमा तम्मरखोलाको घाटी र सेरोफेरोमा महाभारतकालमा ताम्रलिप्तक=तामरहरू नै बसोबास गर्दथे भन्ने इतिहास प्रष्ट छ, जसलाई आज तामाङ भनिन्छ । तर तामाङ त आधिक्येन बसोबास गर्थे । त्यसको साथै अरूहरू पनि निवास गर्थे । यी सबै कुरा केलाउँदै जाँदा 'थाङकोट' बाट राजधानी वा हेर-चाहको कोट प्रारम्भ गर्ने प्रथम किरातराजा यलम्बरलाई पूर्वबाट पसे भन्नु वा लेख्नु युक्तियुक्त इतिहास देखिंदैन । यद्यपि गोपालवंशावली[१] र 'इतिहास प्रकाश'[२] आदि ग्रन्थहरूमा 'ताम्रस्वर्णकौशिकीटटोद्भवाय…' आदि पद उल्लेख भएको देखिन्छ । तर यो अनुसन्धान-दृष्टिले ठीक छैन । पछि थपेको देखिन्छ । गोपालराजवंशावली आदि प्रकाशित अप्रकाशित अनेक हस्तलिखित ग्रन्थहरूमा पाठभेदले पनि किरातराजा यलम्बर पूर्वबाट होइन अपितु पश्चिमबाटै काठमाण्डौमा पसेका थिए । पश्चिममा प्राचीन किरात-अस्तित्व खण्डहरहरू धेरै पाइन्छ । पश्चिममा विशेषरूपले किरातहरूको अवशेषबारे अनुसन्धान गर्नुपर्नेछ । विशेष कर्णाली, भेरी, सेती, गण्डकी, महाकालीको खोला, नाला, डाँडा, काँडा आदिमा किरात-अवशेष छ तर छरपस्टिएको देखिन्छ । कुमाऊँको डिड्डिहाट, गङ्गोलीहाट, रामगङ्गाको घाटी, वैद्यनाथ, वागेश्वर, द्वाराहाट आदि र गढवालको जोशीमठ, तपोवन, पाण्डुकेश्वर, गोपेश्वर, केदारनाथ, रुद्रनाथ, श्रीनगर आदि मुख्य हुन् । यी उपर्युक्त स्थानहरूमा गढवाल, कुमाऊँ र पश्चिम नेपाल कुनै ठाउँबाट किरातराजा यलम्बरले आफ्नो सेनाको तैयारीको साथ योजनाबद्ध ढङ्गले काठमाण्डौ अधित्यकामा राजधानी बनाएर बस्ने अहीरवंशी राजा भुवन सिंहमाथि चढाई गरेका थिए । त्यसपछि थाङकोट, मातातीर्थ,[३] दहचौक, कीर्तिपुर, गोकर्ण, भइमल, गोदावरी, फर्पिङ, शंखमूल, पाटन,

---

[१] 'तामज्जाणकोशकीटशद्भवाय'····Gopalbanshavali, p. 45. Ancient Nepal, Journal of the Department of Archaeology, Number 21, October 1912, Published by the Department of Archaeology, His Majesty's Government, Kathmandu, Nepal.

[२] इतिहासप्रकाश, भाग १, पृ० नं० २५५ ।
(क) 'हिमवत्संस्कृति' त्रैमासिक प० वर्ष १, अं० १ पृ० ९ ।

[३] Ne Muni called the place Matatirth, (History of Nepal, P. 108).

वाणेश्वर, जयवागीश्वरी, विशालनगर यसरी ३३ पीढीसम्म किरातहरू नेपालमा शासन गर्दा १३ स्थानमा राजधानी सारेका थिए। यसरी किरातराजा-महाराजहरूले शासन गर्दा 'इन्द्रकील पर्वत' बाट भीमले लडाइँ गरेर किरातराजाहरूलाई जितेको उल्लेख महाभारतमा छ। ऐले सिक्किमलाई 'इन्द्रकील' भन्ने गरेका छन्। त्यसैले त्यतिखेरका किरातराजाका शासन-सीमा पनि आजको सिक्किमसम्म नै थियो भन्ने कुरा बुझिन्छ। यता उत्तर प्रदेशको 'श्रावस्ती' सम्म भएको उल्लेख पनि पाइन्छ। यो 'सीमा' घट बड पनि भइरह्यो होला। तर एक समय शक्तिशाली भएर फेरि शक्ति क्षीण हुनु स्वाभाविकै हो। त्यसपछि लिच्छवि = निच्छविकिरात, त्यसपछि मल्लकिरातहरूको शासन चल्यो। त्यसपछि शाहावंशी शासन चलेको हो।

यसरी द्वापरको अन्त कलियुगको थालनीमा किरातराजा यलम्बरले अहीरवंशी राजा भुवन सिंह-माथि आक्रमण गरेका थिए। सबै कुरा पाश्चात्यको मात्रै प्रामाणिक मानेर हिंड्दा नेपाल काठमाण्डौ अधित्यकामा किरातराजा यलम्बरले शासन गरेको पाँच हजार केही सय वर्ष बित्यो। तर मुन्शी शिव-शङ्करसिंह र पं० गुणानन्दले अनुवाद गरेर विदेशी विद्वान् दानिल राइटले सम्पादन गरीकन सन् १८७७ मा पहिलोबार दिल्लीबाट प्रकाशित भएको नेपालको इतिहासमा धेरै कुरा विचारणीय नै देखिन्छ। तर यसमा राइटलाई धेरै दोष लगाउने ठाउँ छैन। थोरै मात्रै दोष लगाउन पाइएला, किनभने शिवशङ्कर सिंह र पं० गुणानन्दकै गल्ती मानिनेछ। राइटले किरातराजाहरूको वंशावली[१] (Dynasty)-मा यलम्बरको छोरा पवि आदि लेख्दै गएर सातौं पीढीमा हुमतिको;छोरा जितेदस्ति)Jitedasty)-लाई महाभारतको युद्धबाट[२] फर्केन भनेर लेखेको कुरा विचारणीय छ, किनभने महाभारतमा मैले 'जितेदस्ति = जितेन्द्रदास्ति'लाई पाउनको लागि निकै मरिमेटेको छु। तर हुन सक्छ मेरो आँखाबाट ओझेल पर्‍यो कि म भन्न सक्तिनँ। तर मेरो दृष्टिमा जितेदस्ति महाभारतकालिक र प्रभावशाली किरातराजा त अवश्य नै हो तापनि जस्ताको तस्तै नामबाट पाइएन। नाम बदलेर उल्लेख भएको छ भने पनि भविष्यले बताउने नै छ। यस्तै विचार-णीय पक्ष अर्को पनि छ। हेर्नुहोस् किरातराजा गुननको छोरा राजा खिम्बुको पाला २७ पीडीमा आएर गोकर्णबाट[३] गोदावरीमा श्यालको कारणले राजदरवार सार्ने इतिहास घत पर्दो छैन। यसरी नै खिम्बुको छोरा पटुकको[४] पालामा पनि राजदरवार सारिए। किरातराजा पटुकको छोरा गस्तिले पनि शङ्खमूल-देखि गोदावरीमा[५] दरवार सारेको हेर्दा किरातराजाहरूलाई अनेक प्रकारका सामना गर्नुपरेको इतिहास प्रष्ट हुन्छ। अरू ठाउँमा दरवार सार्नेबारे त्यस्तो उल्लेख देखिंदैन। तर यी सबै कुराहरूमा यलम्बरले पूर्वबाट काठमाण्डौ पसे जस्तै गोकर्णबाट श्यालको कारणले दरबार सार्ने इतिहासले निश्चय नै किरात-इतिहासमा एउटा नपुंसक पाना थपेको देखिन्छ। अनि पं० गुणानन्द र सिंहको अनुवाद पनि कहाँबाट प्राप्त

---

१. The Rajas of the Kirat dynasty were (1) Yalambar, who reigned 13 years, (2) His son Pavi. (History of Nepal, p. 109)

२. As Raja Jitedasti did not return from the wars recounted in the Mahabharata. (History of Nepal, P. 110).

३. These Kirat Rajas lived in an inaccessible durvar, built in the jungles of Gokarna. The Kiratis began to kill the jackals, which infested the place, and these animals took refuge at Guteswara,......(History of Nepal, P. 112).

४. Across the Shankhamul Tirth, where he built another durvar. (P. 112)

५. The Kiratis built a durvar near Godavary, at the foot of the Phulochcha mountain. (History of Nepal, 112).

कुन भाषाको केको अनुवाद हो ? धेरै वंशावलीहरूमा राजाहरूको नाम र भोग्य वर्षसूची मात्रै देखिन्छ । त्यसैले गोकर्णबाट दरबार सार्दा श्यालको उल्लेख बड्ता भए जस्तो देखिन्छ, किनभने एक त राजदरबार, दोस्रो राजाको राजधानी, तेस्रो राजदरबारको हजारौं नसही सयकडौंका संख्यामा दरबार र त्यसको वरपर तलमाथि कर्मचारी नोकर-चाकर र राजधानीका जनसमुदाय गोकर्ण दरबारको छेउ-छाउमा हुनु स्वाभाविक हो । राजदरबार कहीं पनि असुरक्षित हुँदैन । साथै मन्त्री, मन्त्रीमण्डल, उच्च राजकर्मचारी, साधारण कर्मचारी, पुलिस अनि राजधानीमा ठूलाठालु, धनीमानी, विद्वान्, साहित्यकार, कलाकार, बुद्धिमान् आदिले बास गरेकै हुनुपर्छ । राजधानीलाई सुहाउँदो व्यवस्था छैन भने त्यो राजधानी नै हुँदैन । सानो ठूलो राजधानी हुनु अर्कै कुरा हो । एउटा साधारण गृहस्थको घरमा त कत्रो सुरक्षाको व्यवस्था हुन्छ; अरू केही नभए पनि कुकुरै पालेर पनि आफ्नो सुरक्षा गरेर बस्छन् । अर्को कुरा श्याल-भन्दा बाघ, भालू, ब्वाँसो खतरनाक पशु हो । उनीहरूबाट पनि कस्ता कस्ता जङ्गलमा सुरक्षित भएर बस्छन् भने गोकर्णको राजदरबारको खिल्ली उडाएको मात्रै भन्न सकिन्छ । यो पंक्तिको लेखक धेरै जङ्गलैमा बसेको हुनाले अनुभवविरुद्ध कुरा हो । अर्को कुरा राजधानीको सुरक्षा गर्नु नसक्ने, त्यसमा पनि राजदरबारको सुरक्षा गर्न नसक्ने राजाले राष्ट्र र जनताको के सुरक्षा गर्नु सक्छ र ? के कुखुरा पालेर बस्ने गोठाला जातिको पनि किरातराजा खिम्बु थिएन र ? जो कि श्यालहरूको कारणले दरबार सार्नुपऱ्यो ? यो फटाइँको कुरा मात्र हो ।

यसरी नै किरातकालका वास्तविक इतिहास र वंशावली गायब गरेका थिए भन्ने कुरा प्रष्ट हुन आउँछ । एउटा किरातराजाको बुद्धि थिएन भनेपछि वंशावलीमा राजनीतिको फटाइँ अवश्य भयो भनी जान्नुपर्छ । एक त किरात, त्यसमा पनि राजा, त्यसमा पनि श्यालबाट राजधानी नै सार्नु केही व्यङ्ग्य पनि अवश्य ध्वनित हुन्छ । त्यसैले यस्ता फटाइँका कुरालाई छोडेर केही राजनैतिक कारण अथवा राजपरिवारको कलहले गर्दा राजधानीहरू सारिन्छ । त्यस्तै किरातराजा खिम्बुले पनि राजदरबार सारे होलान् । तर श्यालको कुरा फटाइँ, झूठा कुरो हो । यसमा केही दम छैन । यो त्यस्तै बुद्धि नभएको कुरा हो, जस्तै मल्लकालका कुनै राजाले दरबारको छानाबाट घरहरूबाट आगोको धूवाँ निक्लेको चियाउँथे । सबैको घरबाट धूवाँ निक्ले भने सबै प्रजाले खाना खाएछन् भनेर राजाले पनि खाना खान्थे अरे ! यसले के बुझिन्छ भने त्यो राजा दुइ-चार गाउँको मुखिया रहेछ । 'राजा राष्ट्रस्य कारणम्' राजा त सम्पूर्ण राष्ट्रका हर्ता, भर्ता, कर्ता सबै हुन्छ । सबै प्रजाको घरको 'धूवाँ' चियाएर भान्सा खाने राजा न्यायिक उपलक्षण मात्र हो ।

यसरी वंशावली र इतिहास बिगार्ने, बङ्ग्याउने क्रम आधुनिककालमा धेरै भएको छ । कर्कपेट्रिकले[१] २७ किरातराजाहरूको नाम उल्लेख गरेको छ । तर राजाहरूको धेरै नामले मेल खाँदैन । त्यसमा पनि कर्कपेट्रिकको भाषा र लेखाइले पनि अर्थांशमा धेरै अन्तर परेको छ । त्यसैले भ्रम हुनु स्वाभाविकै हो । कर्कपेट्रिकले सातौं 'श्रुपुस्त' (Sroopust) भोग ३८ वर्ष ६ महिना लेखेको छ भने राइटको लेखाइमा सातौं राजा 'जितेदस्ति' उल्लेख भएको छ । कर्कपेट्रिकको २७ औं राजा 'गलिञ्ज' छ भने राइटको 'खिम्बु' छ । 'वेदमा के छ ?' पृ० नं० २३० को अनुसार सातौं राजा 'तुस्क' र दशौं राजा 'जितेदस्ति' परेको देखिन्छ ।

---

[१] An account of the kingdom of the Nepoul. (P. 257-258, Kirpatrick)

खम्बु शब्दले राईहरूलाई बुझाउँदैन

केही दिन यता राईहरूले 'खम्बु' शब्द मन पराउन थालेका छन्। त्यो बुझेर होइन; मूर्खहरूको होहल्लामा लागेर नबुझीकन 'खम्बु' शब्दलाई रुचाउन थालेका हुन्। 'खम्बु' शब्दको ऐतिहासिकतालाई हेर्दा 'लिम्बू' शब्दको सादृश्यमा जन्माइएको हो। 'लिम्बू' शब्द लगभग साढे तीन सय वर्ष जति भयो जन्मेको। पृथ्वीनारायण शाहको लालमोहर, रूक्का आदिमा 'लिम्बू' शब्द प्रयोग भएको पाइन्छ। उनैको शब्दावलीमा भन्ने हो भने 'समस्त राई लिम्बूकै' आदि शब्दमा लेखेको पाइन्छ। अझ गहिरो इतिहास केलाउने हो भने 'राई' शब्दबाट अलग भएपछि 'लिम्बू' शब्द जन्मेको[१] निश्चय नै हो भन्न सकिन्छ। यदि पहिलेदेखि नै 'खम्बु' शब्दको प्रयोग हुनथालेको भए 'समस्त खम्बु लिम्बूकै' लेख्नुपर्ने हो। त्यसो नलेखेर 'राई लिम्बूकै' लेख्नुको अर्थ हो कि 'खम्बु' शब्द राईहरूको 'वाचक' होइन। तर केही बुद्धि नभएका राईहरूले आफूलाई खम्बु लेख्दा गौरवान्वित मान्न लागेका हुन्। यसबाट आफ्नै इतिहासको गलत रेखा खिच्न थालेको देखिन्छ। त्यो राम्रो होइन। आफू स्वयं पनि इतिहास जान्दैन, इतिहास जान्ने विद्वान्हरूको छेउमा पनि झूठो बोलेको पापले जानै दिंदैन। जाऊँ पनि कसरी ? आफू सानो होइन्छ। ढोलको पोल पनि खुल्ने भयो। तर सच्चाई लुकाउँदा लुक्ने चिज होइन। एक दिन न एक दिन अवश्य प्रकट भइहाल्छ। 'खम्बु' शब्द पनि यस्तै हो।

यद्यपि राईहरूबाट लिम्बूहरू अलग भएपछि कतैकतै लिम्बूहरूले आफ्नो घरायसी कागजपत्रहरूमा 'खम्बु' शब्द लेखेको पाइन्छ। तर सरकारी कागजपत्र तथा लेखपढहरूमा भने 'राई' हरूलाई 'खम्बु' शब्द लेखेको पाइँदैन। अतएव राईहरूले दिमागले सोचविचार गर्नु आवश्यक देखिन्छ।

'खम्बु' शब्दको अर्थ

भाषिक शब्दमा विचार गर्दा 'खम्बु' शब्द शेर्पाजातिको शब्द हो भन्ने प्रष्ट बुझिन्छ। भौगोलिक दृष्टिले पनि त्यस क्षेत्रमा अधिक मात्रामा शेर्पाहरू नै बसोबास गर्दै आएको देख्न पाइन्छ। राईकिरातहरू आजको माझकिराततिर काठमाडौं भेगबाट आठौं शताब्दीतिर पसेका थिए। आजको 'सोलुखम्बु' भन्ने ठाउँमा तिब्बतबाट शेर्पाहरू पसेर बसोवास गर्न थाले। त्यस बेला शेर्पाहरूलाई लेख र वेंसीको आवश्यकता पऱ्यो। उसै वेला शेर्पाहरूले आफ्नो बोली भाषिकामा 'शेर खुम्बु' भन्न थाले। 'शेर' को अर्थ 'बेंसी' तथा 'खम्बु'को अर्थं 'लेख' हो। यही 'शेर खुम्बु'को उच्चारण बिग्रेर 'सोलु खम्बु' हुन थाल्यो। एक थरीले 'शेर खुम्बु'को अर्थ सबैभन्दा पहिले आएर बसेको ठाउँ पनि भनेका छन्। यो उनीहरूको भाषिकागत कुराहरूवाट पनि 'खम्बु' शब्दको अर्थ राईहरूलाई प्रयोग गरेको भन्ने अर्थ लाग्दैन। यहाँ यो अवश्य छ कि 'भात्-सात्' 'दूध-सुत्' 'तिहुन-सिहुन्' आदि जस्तै लिम्बूहरूले खम्बु पारेकोचाहिं अवश्य नै बुझिन्छ। खम्बु लिम्बू यी दुवै शब्द ऐतिहासिक तथ्यमा आधारित छैन। तैपनि 'लिम्बू' को अर्थ ईमान सिंह चेमजोङ्ले वाणले हानेर जितेको देशलाई 'लिम्बुवान' भन्छ भन्ने अर्थ गरेको छ। त्यो बिनाप्रमाणको कपोलकल्पित

---

[१] लिम्बूहरूको वंशावली हेर्दा कतै सात, कतै १०, कतै १२ तथा ३० पीडीसम्म पनि 'राय' र 'राई' लेखेको पाइन्छ।

अर्थलाई काजीमान कन्दङ्वाजीले एक चुट्कीमा उडाइदिएको छ।[१] काजीमान कन्दङ्वाको तर्क निकै गह्किलो देखिन्छ, तैपनि अरू अगाडि खोजको विषय भने छँदैछ।

त्यसैले भौगोलिक भाषिक दृष्टिले पनि 'खम्बु' शब्दले राईहरूलाई बुझाउँदैन भने जातिगत दृष्टिले त 'खम्बु' शब्दले राईहरूलाई बोध गराउने कुरै गर्नु व्यर्थ छ। त्यसैले राई-राईहरूले आवेशमा आएर होइन अपितु ठण्डा दिमागले सोचेर काम गर्नु उचित होला। बिगार्नु सजिलो हुन्छ, विरोध गर्नु धेरै सजिलो हुन्छ, परन्तु इतिहास बनाउनु धेरै कठिन हुन्छ। सपार्नु धेरै कठिन हुन्छ। बिगार्नु र विरोध गर्नु भनेको भत्काउनु त हो। तर बनाउनु त दाँतबाट पसीना आउँछ। रगत र पसीना एक पार्नुपर्छ। यस्तै 'खम्बु' शब्द लेख्ने र स्वीकार गर्नेहरूले पनि यही सोचेर काम गर्नुपर्छ। यसरी नै किरातहरूलाई परापूर्वकालमा कसैले म्लेच्छ, असुर, राक्षस, दानव आदि लेखेका छन्। त्यस बेला पनि किरातहरूको मति बिग्रिसकेकै थियो। त्यसैले केही स्वीकार गर्ने पक्षमा थिए भने केही विरोधपक्षमा पनिं थिए। इतिहास जान्नेहरूको विरोधमा प्रदर्शन गरेर के गर्नु ! सत्य सत्य नै हो। झूठो झूठो नै हो।

वर्तमान समयमा राईहरू सबैभन्दा अस्त-व्यस्त भएका छन्। जहाँ आ-आफ्नो भाषिका र संस्कृतिकै व्यवस्थित रूप छैन भने 'खम्बु' शब्दले विभूषित हुनु कत्रो ठूलो मूर्खता हो ? त्यसको अर्थ पनि 'लेख' 'लेक' भन्ने हुन्छ। वर्तमान समयमा चामलिङे राईले मात्रै २४० पाछा बोकेका छन्। यस्तै थुलुङ्गे, कुलुङ्गे, खालिङ्गे, हाङखिमे, लुङखिमे, बोखिमे, साङपाङ्गे, लोरुङ्गे, कोयू, अठपरे, देवान आदि राईहरूले अनन्त पाछा बोकेका छन्। पहिले व्यवस्थित किरातहरूको गोत्र थियो। गोत्र मात्रै नभएर प्रवर, शाखा, सूत्र, वेद सबै थिए र छन् पनि।[२] लाखौं वर्षका इतिहासलाई झूठो बनाउने कसको तागत ? तर किरातराईहरूले गोत्रको साथमा पाछा र सामे पनि राख्न थालेपछि राईहरूको दिनैपिच्छे जस्तो पाछा बढ्न थाल्यो। अनि पाछैपिछे केही न केही फरक हुन थाल्यो। यसले गर्दा बोलीमा पनि केही न केही भिन्नता ल्याउने प्रयास गर्नथाले। कुनैले चाहिं राईराईमा नै निकै नबुझ्ने भाषिका तैयार गर्न थाले। त्यसैले ऐले राईहरूको बोली वा भाषिका बुझिनसक्नु भएको छ।

हिन्दूराष्ट्र नेपालमा वर्तमान समयमा अनेक भाषाभाषिकाहरू छन्। तीमध्ये राईहरूको भाषिकाहरूमा धेरै ठूलो झमेला देखिन्छ। बहुदलीय प्रजातन्त्रात्मक शासन आएपछि हिन्दूराष्ट्रभित्रका सबै भाषाभाषिकाहरूले उन्नति गर्न पाउने प्रावधान भयो। संविधानले घोषणा गर्‍यो। पाँच कक्षासम्मं आ-आफ्नो मातृभाषा पढाउने कुरा सबै वर्गले स्वीकार गरे। यो सोचाइ उचित पनि हो। तर यस विषयमा लागिमर्ने को ? यो प्रश्नचिह्नकै रूपमा रहेको छ। समस्त किरातराईवर्गले फलगुनन्द महागुरुले जस्तो त्याग र तपस्या गर्न सक्ने लक्षण देखिंदैन।

राजनैतिक उल्लू सीधा गर्नु अर्कै कुरा हो। जे होस्, केही क्षणको लागि राईबोलीको पाठचक्रमतिर लागौं। प्रत्येक थरका राईहरूले आ-आफ्नो भाषिकाको पाठचक्रम तैयार पार्नुपर्‍यो। त्यो कैलेसम्म ? त्यो पनि एक कक्षादेखि पाँच कक्षासम्म। भाषिका त आ-आफ्नै राखौंला रे। लिपि कुन राख्ने ? कथञ्चित राईकिरातहरूको लिपि पाइएको छैन। लिम्बूहरूको लागि त फलगुनन्द महागुरुले लिम्बूकिरातलिपि तैयार पारिदिएका छन्। ईमानसिंहले केही लिम्बू-शब्दकोष पनि तैयार पारिदिएका छन्। सिक्किममा लगभग १२ वर्षदेखि कक्षा एकदेखि दश र १२ सम्मको पाठ लिम्बूलिपि र लिम्बूभाषिकामा वी० वी० सुब्बा, मुरिङ्ला नुगोले तैयार पारिरहेको छ। त्यसको लागि सिक्किम सरकारले करोडौं रुपैयाँ पेलेको छ।

---

[१] किरातेश्वर सन्देश पत्रिका द्रष्टव्य छ।

[२] किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन्—द्रष्टव्य।

साथै लिम्बूहरू एकमत भएर हातेमालो गरिरहेको पनि देखिन्छन् । केही लिम्बूहरू अलग छन् भने केही लिम्बूहरू उदासीन पनि छन् । केहीले राजनैतिक उल्लू सीधा गर्ने बाटो पनि सोझ्याइराखेका छन् ।

परन्तु राईकिरातहरूलाई त त्यस्तो सहयोग सपनामा पनि प्राप्त होला भन्ने आशा छैन । आशा राख्नु पनि व्यर्थ छ । साथै कायेन वाचा मनसा राईबोलीमा लागिमर्ने तपस्वी व्यक्तिहरू पनि देखिंदैनन् । अर्को समस्या पनि राईहरूको पाठचक्रम बनाउनुमा आइलाग्नेछ । त्यो के हो भने राईवर्गमा पठित सारै थोरै छन् । त्यसमा पनि अनुभवी विद्वान्हरूको अत्यन्त खाँचो छ । पढलेख गर्ने मात्रै होइन, पाठचक्रम तैयार गर्नका लागि दूरदर्शी अनुभवी विद्वान्हरूको आवश्यकता हुन्छ । राईहरूमा त्यसको अभाव छ । यस परिस्थितिमा पाठचक्रमकै समस्या आदिले घेरिराखेको देखिन्छ । यो आलोचना होइन, सत्य समस्याहरू हुन् । अर्को कुरा पाठचक्रममा पाँच वर्षसम्म राईभाषिका पढाउनुको लागि राईबोलीको गणितको अत्यन्त आवश्यकता देखिन्छ । लेखकले ऐलेसम्म धेरै राईहरूलाई सयसम्मको गन्ती सोधेको छ । सय त के; दशसम्मको गन्ती पनि बताउन सक्तैनन् । वान्तवाहरूले तीनसम्म भनेको सुनिएको छ । यस स्थितिमा जोड, घटाउ, गुणा, भाग आदिको हिसाब धेरै टाढा देखिन्छ । रेखागणित र बीजगणितको कुरै के गर्ने ? यस्तै इतिहास, भूगोल, नागरिकशास्त्र आदि विषय पाँच कक्षासम्म तैयार पार्नु निक्कै हम्मेको कुरा छ । भन्न सजिलो छ, गर्नु धेरै कठिन छ ।

लौ पाठ्यक्रम त येनकेन प्रकारेण तैयार पारौंला; पढ्नेवालाहरूले पढिदिने हो कि होइन ? आधुनिक साइन्सको प्रवाहमा अंग्रेजी, गणित, साइन्स आदि विषय पढ्दा चाँडै नोकरी मिल्ने गर्छ । नेपाली राष्ट्रभाषा दैनिक व्यवहारमा चलिराखेको हेर्दा हेर्दै कुनै पनि बुद्धिमान् बाबुआमा अभिभावकहरूले आफ्नो बालबालिकाहरूको पाँच वर्ष खराब या बरबाद गर्न चाहला के त ? प्रत्येक अभिभावकहरूले आफ्नो बालबालिकाहरूको भविष्य उज्वल होस् भनेर सोच्नुपर्ने हुन्छ । फेरि मासिक खर्चको हिसाब लगाउँदा एक वर्षको शिक्षामा गरेको व्ययले आकाश छुन्छ । यस हिसाबले पाँच वर्षको व्ययको हिसाब गर्दा साधारण परिवारको दिमागमा पैरो भत्किन्छ । त्यो दिमागी पैरो थाम्नु सारै गारो हुन्छ ।

फेरि राईबोली पढेर नोकरी अथवा कुनै काम मिल्नु सम्भव छैन । यस परिस्थितिमा काम लाग्ने विषय नेपाली, अंग्रेजी, गणित आदि पढ्नैपर्ने हुन्छ । यसरी डबल खर्च, डवल समय बरबाद गर्नु कति बुद्धिमानी होला । तर राईभाषिका पढ्नु पढाउनु हुँदैन भनेकोचाहिं होइन । जजसले सक्छ, आ-आफ्नो भाषिकाको उन्नति गर्नु उत्तम कुरा हो । परन्तु राईहरूको भाषिकालाई एक गर्नु पनि आकाशमा फूल रोपेर फुलाउनु जस्तै हुनेछ । गौतम बुद्धले आफ्नो प्रिय शिष्य आनन्दलाई ज्यूँदै एक धार्नी भ्यागुता ल्या भने जस्तै हुनेछ । ज्यूँदै भ्यागुताहरूलाई एक धार्नी तौलिनु कसैको तागत छैन । एउटा राख्यो अर्को उफ्रेर गइहाल्छ । कैले धार्नी पुगेन । राईभाषिकाको एकताको बारेमा पनि यही न्याय लागू भएको देखिन्छ ।

अर्को कुरा एक गर्नु भनेको एकले अर्काको अस्तित्व अवश्य मेटाउनु भनेको हो । सबै राईहरूको भाषिकाको जगेर्ना गरेर उन्नति गर्नुपर्ने कुरामा अस्तित्व नै मेटाउने काम प्रजातन्त्रको सिद्धान्तका विरुद्ध हुन जान्छ । त्यो काम ठीक होइन । त्यसैले बुद्धिमत्ताले शान्त दिमागले साँप पनि मरोस् लौरो पनि नभाँचियोस् भन्ने उखानलाई चरितार्थ पार्नुपर्छ ।

अब राईभाषिकाको शब्दहरूमाथि विचार गरौं । आउनुहोस् । शान्त दिमागले सहृदय भएर सोचौं । कुनकुन थरको राईभाषिकामा कति शब्द होलान् त ? कति तत्सम शब्द छन् ? कति तद्भव शब्द छन् ? कति अपभ्रंश शब्द छन् ? कति स्थानीय स्वाँठे शब्दहरू छन् ? किरातहरूको भाषा प्राचीन होइन । किरातहरूको प्राचीन भाषा संस्कृत हो । त्यसैले किरातहरूको जो इतिहास पाइन्छ, त्यो संस्कृत भाषामा

पाइन्छ । किरातहरूको भाषा पुरानो भए त किरातभाषामै उसको लाखौं वर्षको इतिहास लेखिहालिने थियो । यसै प्रमाणले बुझिन्छ कि किरातहरूको भाषिका डेढदेखि दुइ हजारभित्रका हुन् भन्न सकिन्छ र किरातबोलीका एक सयदेखि हजार शब्दसम्म मात्र पाइन्छ । तीमध्ये चीनी, तिब्बती, वर्मी, थाईलेण्डी आदि यद्यपि काफी प्राचीन भाषा हुन्, तथापि संस्कृतभन्दा लाखौं वर्षपछिका भाषा हुन् । नेपालभित्र बोलिने किरातभाषिकाहरूको अस्तित्व त धेरै पछिको हो । त्यसैले राईकिरातभाषिकाको अस्तित्व डेढदेखि दुइ हजारभित्रको बुझिन्छ । त्यसैले समस्त राईकिरातहरूको भाषिकाहरूमा संस्कृतको तत्सम शब्द, तद्भव तथा अपभ्रंश र स्थानीय शब्दहरू किरातराईभाषिकाहरूमा प्रयोग भएका छन् । अथवा आफ्नो मूल शब्द भुल्दै आए । त्यसैले अरू शब्दले रिक्त स्थानमा स्थान पाए ।

उदाहरणको लागि 'ह्यौं पारी खारा' । यहाँ 'पारी' संस्कृतको 'पार' शब्दबाट 'पारी' बनेर नेपालीमा प्रयोग भयो । तर वान्तवाभाषिकामा पनि 'पारी' नै प्रयोग भयो । 'खारा' खर्वगतौ धातुको अपभ्रंश रूप हो । 'दूधा लो बाट्टाने' दूध ल्याउनु है भन्ने अर्थ हो । तर 'दूध' को दूध नै प्रयोग भएको छ । 'बाट्टाने' 'वा गति' धातुबाट बनेको शब्द हो । यस्तै लामडा गोवरा या आङ्कोने 'बाटोमा गोबर छ है' भन्ने अर्थ हो । परन्तु गोबर गोवर प्रयोग भएको छ । 'या पापणे' धातुको व्यत्यय 'या आङ' प्रयोग भयो ।

केही अबूझ अज्ञानीहरूले नबुझीकन आफ्नै किरात-इतिहासको हत्या गर्दैछन् । सिंग न पुच्छरको विचारले संस्कृतको विरोध गरेको सुनिन्छ । तर संस्कृत भाषाको ज्ञान शून्य भएर किरातहरू कदापि बाँच्न सक्दैनन् । किरात मरेपछि ईसाई भएर बाँच्न सक्लान् तर त्यो बाँच्नु होइन, ज्यूँदै मर्नु हो । किरातहरूको भाषिका तत्सम, तद्भव, अपभ्रंश र स्थानीय शब्दहरूमाथि आधारित छ । भाषा-वैज्ञानिक दृष्टिले पनि राईभाषिका संस्कृत[1] मूलकै देखिन्छ । एक छिनको लागि संस्कृतसँग द्वेष नै गरे पनि जो किरातहरूको आज यो दशा भइराखेको छ, त्योभन्दा पनि अझ नराम्रो दशामा पुग्नेछन् । 'किरात' भन्ने अस्तित्व संस्कृतले नै राखेको छ । संस्कृत नरहे किरात भन्ने अस्तित्व नै सदाको लागि समाप्त हुनेछ, किनभने प्राचीन अथवा लाखौं वर्ष पुरानो किरात-इतिहास मात्र संस्कृतमा पाइन्छ ।

सबै राईभाषिकाको परिमार्जित पाठ्यपुस्तक तयार पार्नको लागि पनि सबैले संस्कृतकै शरणमा नगई हुनेछैन । त्यसो नगरी न किरात शब्दको अर्थ बुझिन्छ, न भाषागत विकासक्रम प्रष्टिन्छ, न कुनै किरातपरिवारको वैज्ञानिक शब्दकोष तयार हुन्छ, न व्याकरण तयार हुन्छ । प्राचीन मातृभाषा संस्कृतसँगको द्वेषले हानि संस्कृतको विरोध गर्नेकै हुन्छ, किनभने संस्कृतविना किरात-इतिहास तयार हुँदैन । इतिहासविनाको किरातहरू भतुवा, मगन्ते र शरणार्थी इतिहासको फेरमा हुन के बेर ? दीर्घदृष्टि र दूरदर्शिता किरातहरूमा आवश्यक छ । खोक्रो राजनीतिको लागि हिन्दूधर्म र संस्कृतलाई अघि सार्नु कदापि हितकर हुँदैन ।

लेखक नबुझी नजानी वा कसैको लहैलहैमा लागेको नभई वृहत् संस्कृतवाङ्मयको सूक्ष्म चिन्तन, मनन तथा गाउँ, बस्ती, शहरमा त्यहाँको सांस्कृतिक विभिन्न पक्षको अध्ययन-मनन गरेर नै सत्यको बाटोमा हिंड्न सकेको हो । कसैको लहैलहैमा अरु किरातहरू जस्तै लागेको भए सत्य इतिहास जान्नबाट वञ्चित भई जीवन व्यर्थ रहने थियो भन्ने अहिले सम्झन्छु । लेखक काले राई त जरूर हुँ तर खम्बुचाहिं होइन ।

---

[1] 'किरातहाङ्छा भाषिकाको कर्मकाण्ड' पृ० ९ देखि ४६ सम्म द्रष्टव्य ।

किरात-इतिहासलाई कसैले जलाएका छैनन्

लाखौं वर्ष पुरानो किरातजातिको इतिहासबारे भ्रम हुनु स्वाभाविक कुरा हो तर अध्ययन गर्नेभन्दा फाल्तो बकवास गर्ने वा राजनीतिको पुच्छर निमोठेर हाम्रो इतिहास पृथिवीनारायण शाहले पोलिदियो भन्नु गलत कुरा हो, किनभने यसमा ऐतिहासिक र पुरातात्त्विक कुनै पनि प्रमाण पाइँदैन। धेरैले राणाहरूले किरात-इतिहासलाई पोलिदिए भन्ने प्रचार गरेको पनि सुनिन्छ। यो पनि सत्य कुरा होइन। किनभने राणाकालमा अत्याचार त अवश्य भएकै हो, तर त्यस अत्याचारमा किरातहरूको लाखौं वर्ष पुरानो इतिहास राणाशासक अथवा शाहाशासकहरूले जलाए भन्नुचाहिं इतिहासको ज्ञान नहुनेले आफ्नै ब्रदनामी गर्दै हिंड्नु भनेको हो। किनभने लाखौं वर्ष पुरानो किरात-इतिहास १८ तथा १९ शताब्दीसम्म रहे त त्यसको कहीं न कहीं अवशेष भागहरू आज पनि अवश्य प्राप्त हुनुपर्ने हो। खै ऐलेसम्म कसैलाई पनि प्राप्त भएको छैन। अर्को कुरा यहुदीहरूसँग हिटलरले जो अत्याचार गरेका थिए, त्यस्तो अत्याचार नेपालमा राणाहरूले गरेका थिएनन्। यसको मतलब यो होइन कि राणाहरूले अत्याचार गरेनन्। राणाहरूले अत्याचार अवश्य गरेका थिए। परन्तु इतिहास र साहित्य जलाउने अत्याचार गरेका थिएनन्। यो इतिहास प्रत्यक्ष छ। राणाहरूले गरेका अत्याचार आफ्नो शासनमाथि दुष्प्रभाव पर्ने लेख तथा किताबहरूमा अवश्य नै प्रतिबन्ध थियो। लेखेमा सजा हुन्थ्यो। त्यस्तै आफ्नो शासनमा खलबल पुऱ्याउनेहरूलाई सजा र ज्यानको सजा पनि दिन्थे। शुक्रराज, गङ्गालाल, दशरथचन्द्र आदि यस्तै कुरामा हुतात्मा भएका हुन्। भ्रमवश 'मकै खेती' जस्ता किताबका लेखकहरूलाई सजा दिने अमानुषिक काम भए। देशनिकाला गरे। चार पाटे दुइ पाटे मुडेर खेदे। यस्ता अमानुषिक अत्याचार अवश्य राणा-शासनकालमा नभएका होइनन् तर प्राचीन किरात-इतिहासलाई छानी-छानी पोल्ने, च्यात्ने, बगाउने आदि जस्ता कुराको कुनै प्रमाण देखिंदैन। केही राणाशासकहरूको उद्देश्य शिक्षाको बारेमा राम्रो थिएन, किनभने जनता शिक्षित भयो भने हाम्रो शासन चल्दैन भन्ने राणा-शासकहरूको भ्रमात्मक सोचाइ थियो। त्यसैले जनतालाई शिक्षित बनाउन चाहँदैन थिए। परन्तु यसको विपरीत जनतालाई शिक्षित पार्नुपर्छ भन्ने पनि राणा-शासक थिए। त्यसैले जङ्गबहादुर स्वयं र उसका भाइहरूमा केही राणाहरू जनतालाई शिक्षित बनाउने, पढाउने, लेखाउने कामका विरोधी थिए भने रणोद्दीपसिंह र देवशमशेर जस्ता राणाशासकहरू जनतालाई शिक्षित बनाउने पक्षमा थिए। त्यसैले नेपालराष्ट्रमा काठमाण्डौ अधित्यकाभित्र सर्वप्रथम अधिकांश विद्यालयहरू रणोद्दीपले नै स्थापना गरेको देखिन्छ। स्वयं १९०८ सालतिर नै दरवार हाईस्कूल खोलेर कैलास चन्द्र गङ्गवाल पहिलो हेडमास्टर बनेको इतिहास निजामतिखानाको वि० सं० १९०८ को ढड्डाले बताएको छ। यी सबै कुरा इतिहासका लागि एक सामग्री हुन पुगेका छन्। त्यसका साथै मुख्य-मुख्य घटनाहरूको तिथि क्रमका साथ उल्लेख भएका छन्। त्यसैले यो निश्चित भन्नु सकिन्छ कि किरात-इतिहास जलाउने भ्रमात्मक प्रचार मात्र हो। यस्तै शाहाकालमा पनि वि० सं० १८···पृथिवीनारायण शाहले गाउँले मुखिया र साना-साना बाईसे चौवीसे भुरुङ्गे राजाहरूलाई एकीकरण गर्ने अभियान चलाए। काठमाडौं पश्चिम नुवाकोट, लम्जुङ, मकवानपुर र काठमाण्डौ अधित्यकाका मल्लराजाहरूलाई जितेर गोर्खामा मिलाएपछि काठमाण्डौदेखि पूर्वमा अभिमानसिंह बस्नेतको नेतृत्वमा सेना पठाए। त्यस अभियानमा माझकिरातका केही व्यक्तिहरूले

केही दिन अभिमानसिंहसँग तथा उसको सेनासँग मुकाबला गरे। तर अभिमानसिंह सेनासहित तैयारीका साथमा आएका हुनाले माझकिरातका किरातहरूले हार खाए। त्यसपछि लिम्बूकिरातहरूले युद्ध गरेको कुरा इतिहासमा छैन। अर्थात् माझकिरातपछि लिम्बूवान स्वयं सहजैमा गोर्खामा गाभिएको इतिहास बुझिन्छ। यसरी नेपाल एकीकरण भएर आजको नेपाल बन्यो। पूर्वमा मेची सिमाना भयो भने पश्चिममा महाकाली सिमाना बन्न पुगे। यही नेपाल रणबहादुर शाह आदिका पालामा पूर्वमा टिष्टा रङ्गित, पश्चिममा कांगडाको छेउ 'सतलोज' नदीसम्म सिमाना हुन पुगेका थिए। यसभित्र बस्ने किरातहरूले केको इतिहास ? कुनचाहिं इतिहास राखेका थिए र आगोमा पोलिदिए ? वस्तुस्थितिमा आफ्नो इतिहासलाई बुझ्ने निर्व्यसनी र बुद्धिमान् हुन्छन्। दूरदर्शी हुन्छन्। फेरि त्यसको साथमा आफ्नो इतिहास बचाएर राख्ने समाज पठित र विद्वान् हुन्छ। सानो ठूलो जे भए पनि पुस्तकालय, संग्रहालय आदि हुन्छ। त्यसको लेखाजोखा कतै न कतै कुनै न कुनैले गरेकै हुन्छ। त्यसैले कहीं उसको इतिहास साहित्य नष्ट भयो भने पनि अर्को ठाउँको उल्लेखबाट इतिहासको बाटो सजिलोसँग पैल्याउन सकिन्छ। तर दुःखको कुरा छ; न त काठमाण्डौपूर्व नै किरात-इतिहासको कुनै स्विको वा पुरातत्त्व नै पाइन्छ, न त लेखौटै पाइन्छ। त्यसैले त भन्न वा लेख्नु कर लाग्छ किरात-इतिहास काठमाण्डौपूर्वमा स्थित आधुनिक किरातहरूको पासमा १८ वा १९ शताब्दीमा कुनै 'किरात-इतिहास' थिएन।

यो हुनु सक्छ; त्यतिखेरका गाउँले मुखियाहरूको केही सन्देहात्मक आपसीमा मेल-मिलाप नहुने खाले केही कागजपत्रहरू खोसिए होलान्। अथवा जबरजस्ती गरागरिमा पोलिएको पनि हुन सक्छ। परन्तु 'किरात-इतिहास' राख्ने किरातहरू नै थिएनन्। कसरी मान्ने कि शाहाकाल वा राणाकालमा 'किरात-इतिहास' पोलिए अथवा नष्ट गरिदिए भनेर कसरी मान्ने? इतिहासका विद्वान्हरूले यस्ता कुरालाई स्वीकार गर्दैनन्, किनभने स्वीकार गर्ने विश्वस्त प्रमाण नै नभएपछि भनाइको आधारमा चोर पक्रनु मूर्खता नै हो। हुन सक्छ किरात र लिच्छविकिरातहरूको राजनैतिक जुझाइमा गडबडी अवश्य भयो होला। यसमा धेरै कुराहरूको स्विको पाइन्छ। तर यो कुरा दुइ हजार वर्ष पुरानो कुरा हो। काठमाण्डौभित्र अधिक मात्रामा किरातकालिक पुरातत्त्वहरू पूर्णतया शोधखोध नभएको हुनाले ऐलेसम्म पाउन सकिएको छैन। भविष्यमा काठमाण्डौ अधित्यकाभित्र तथा काठमाडौंबाहिरका इतिहास प्राप्त हुने विश्वास छ। यो किरात-किरातहरूकै आपसी राजनैतिक प्रतिद्वन्द्विता र वैमनस्यको कारण हो। तर आजको माझकिराततिर किरातहरू पसेको धेरै भएको छैन। त्यसैले नाक चेप्राए पनि, मन नपरे पनि किरात-इतिहास सम्पूर्ण संस्कृत ग्रन्थहरूमा सुरक्षित छन्। किरातले संस्कृतको कुनै पनि ग्रन्थहरूलाई नछोड्नुको कारण के हो त ? यसको उत्तर पनि किरातहरूले खोज्नुपर्छ। मेरो भनाइ छ। ईसापूर्व किरातहरूको बोलीचाली व्यवहारको भाषा नै संस्कृतै थियो। त्यसैले उसको इतिहास उसैको भाषामा लेखियो। त्यसैले लाखौं वर्षको किरात-इतिहास आज पनि सुरक्षित छ। किरात-इतिहास पोलिएको छैन। संस्कृत भाषा र संस्कृतका ग्रन्थहरू खतम भयो भने मात्र किरात-इतिहास खतम भएको मानिनेछ।

* * *

प्राचीन तथा आधुनिक किरात

प्राचीनकालिक किरातहरूको सन्तान आधुनिक किरात हौं भन्ने केही किरातहरू आज पनि छँदैछन् । तर प्राचीन किरातहरूको विपरीत हामी हिन्दू = आर्य होइनौं भन्ने तर्कशून्य र प्रमाणशून्य भनाइचाहिं एकदम सारहीन देखिन्छ । यसबारेमा आधुनिक किरातनामधारी केही व्यक्तिहरूले सामु पर्ने दम नभए पनि टाढैबाट रुईको फुहाराले 'हामीलाई डा० स्वामी प्रपन्नाचार्यले हिन्दू = आर्य बनायो' भन्दै हान्ने गरेका छन् । यो लेख त्यसैको गम्भीर उत्तर वा गम्भीर चिन्तन मननको लागि दिंदैछु । याद रहोस्, भेडा बाखासरि किनुवा बेचुवा किरातहरूलाई यस लेखले छुनेछैन । राजनीतिको पाखे र खोस्टे बोक्रे भुत्ला उखाड्नेहरूले पनि परिश्रम नगरी बुझ्नेछैनन् । यी दुवैदेखि अलग तेस्रो कोटिको वस्तुतः किरातै छन्, उनीहरूको वास्तविक इतिहासको तथ्य कुरा यहाँ खोलिएको छ । निष्पक्ष दूध-पानी छुट्याउने विवेकी पाठकवृन्दले यस लेखलाई परिश्रमको फल हो भनेर बुझ्नेछन् ।

किरातसम्राट् भगदत्त, किरातसम्राट् नीलाम्बुद, किरातराजा सुमना, किरातराजा सुबाहु आदिका सिक्का = मुद्राहरू प्राप्त भएको छैन । प्राप्त भएका मुद्राहरूलाई पनि मुद्रा र लिपिविशेषज्ञहरूले पढ्न र चिन्न सकेका छैनन् । कनिष्क, हुविष्क, अमोघभूति, वासुदेव, कुणिन्द आदिका मुद्राहरू भने प्राप्त भएका छन् । यी मुद्राहरूलाई डा० परमेश्वरीलाल गुप्तले धेरै परिश्रम गरेर पढेका छन् । यी मुद्राहरूमध्ये कुणिन्दराज अमोघभूतिचाहिं अवश्य नै किरात थिए भन्ने प्रमाण प्राप्त छ । तथापि डा० गुप्तले पनि अमोघभूतिलाई किरात लेख्न सकेनन् । अरू किरातसम्राट्हरूलाई पनि किरात लेखेका छैनन् । यो वहाँहरूले अझ अध्ययन गर्नपर्ने देखिन्छ । नेपालमा कुनै इतिहासकारले पनि किरातहरूबारे रिसर्च वा शोध खोज गरेका छैनन् । अझ पनि किरात-इतिहासलाई हरेक प्रकारले लुकाउने नै गरेका छन् । ईमानसिंह चेमजोङले १८ तथा १९ शताब्दीका गाउँले सुब्बाहरूलाई अथिङहाङ, मथिङहाङ आदि 'हाङ' शब्द जोडेर 'राजा' भनेर लेखेका छन् । यसको छानबीन भविष्यको बुद्धिमान् समाजले गर्ने नै छन् । म यति मात्रै भन्छु । ईमानसिंहजीले आधुनिक किरातहरूलाई ठूलो भ्रममा पारेको छ । हामी सँगै हिंड्दा भनेका कुराहरू मैले अन्यत्र लेख्नेछु । तर ईमानसिंहले समग्र लिम्बूहरूलाई ईसाई बनाउँछु भन्नुहुन्थ्यो । त्यसमा उनी सफल हुन सकेनन् । आज पनि किरातहरू हिन्दू = आर्य नै छन् । केही किनुवा बेचुवाहरूलाई छोडेर भविष्यमा पनि किरातहरू किरातक्षत्रिय हिन्दू नै रहनेछन् ।

* * *

भाषाविज्ञानको जाल

विदेशीहरूले[1] जब पौरस्त्य वाङ्मयमाथि अनुवाद, कोष, टिप्पणी र भाषाविज्ञान आदिको तोप र बम हाने, त्यसले सम्पूर्ण भारतवर्षको साहित्यमाथि त्यसको असर पऱ्यो। तर मूल र जान्नेहरू अझसम्म पनि भएका हुनाले चोटपटक मात्र लाग्यो। ढल्न सकेन। जार्ज ग्रीयर्सनले भाषाविज्ञान 'Linguestic Survey of India' लेखेर एशिया-खण्डमा भारतवर्षमा बोलिने भाषा र भाषिकाहरू आर्यन्, मङ्गोलाइड, द्राविडियन र आष्ट्रिक आदि भेद गरेर कायापलट गर्ने चेष्टा गरे। यसरी ग्रीयर्सन, मैक्समूलर आदि विदेशी विद्वान्हरूले लेखेको भाषाविज्ञानलाई पच्छयाएर डा० सुनीतिकुमार चाटुर्ज्य, डा० भोलानाथ तिवाडी, डा० बाबूराम सक्सेना, डा० श्यामसुन्दर आदि बङ्गाली, मद्रासी, उत्तरप्रदेश आदिका भाषावैज्ञानिकहरूले लेख्न थाले।

भाषाविज्ञान यो नाम मात्र परिवर्तन गरेर व्याकरणदेखि भिन्नै छलफल राखे। तर आजसम्म कुनै पनि भाषावैज्ञानिकले व्याकरणभन्दा भाषाविज्ञान अलगै हो भन्ने परिभाषा बनाउनु सकेका छैनन्। पंक्तिका लेखकले एकफेर इलाहाबाद यूनिभरसीटीका भू० पू० उपकुलपति डा० बाबूराम सक्सेना र डिल्ली यूनिभरसीटीका अध्यापक भोलानाथ तिवाडीसँग सोध्यो। "कृपया आप 'व्याकरण' को छुये विना केवल 'भाषाविज्ञान' से ही 'भाषाविज्ञान' सिद्ध कीजिये।" यो सुनेर एक फेर रातो पीरो भए। अनि 'हम व्याकरण से भाषाविज्ञान अलग है कहां कहते हैं' भने। तर जहाँ गए पनि व्याकरणभन्दा बाहिर जान सकेनन्। अनि फेरि मलाई 'Linguestic is comparative grammar' भनेर टाले। तर आज पाश्चात्यहरूले फुट पार्ने उद्देश्यले देखाएको मङ्गोलियन र आर्यन 'भाषाविज्ञान' अलगै हो भनेर पढाइन्छ भने 'यो देश पनि हाम्रो अलगै हो, तिमीहरू बाहिरबाट आएकाले यो देशलाई छोडेर जाऊ' भनेर आन्दोलन गर्दा के आपत्ति भयो त ? तर यो देश वा राष्ट्रलाई टुक्र्याउने कुरा वा आन्दोलन कसैलाई पनि सहन हुनेछैन।

तर के यो इतिहास र भाषाविज्ञानको भूल होइन र ? उसको शिक्षा नै त्यस्तो छ भने त्यो शिक्षा पाउनेले के गर्छ ? साइन्स पढ्नेले साइन्सको काम गर्छ। इञ्जिनीयरिङ्ग पढ्नेले इञ्जिनीयरको काम गर्छ। मेडिशिन पढ्नेले डाक्टरको काम गर्छ। किनभने त्यस विषयको शिक्षा प्राप्त गर्नाले दक्ष भयो। तर राष्ट्र र समाज फुटाउने भाषाविज्ञान र इतिहासले समाजलाई फुटाउँछ। राष्ट्रलाई टुक्र्याउँछ। किनभने आर्य र मंगोल भनेर टुक्र्याउने पाठ नै पढाइन्छ। आर्य र मंगोल भाषाविज्ञान पढाएर राष्ट्र र समाजले के सुखी रहन सक्छ ? जब कि एकै संस्कृतभाषाभाषीहरूलाई टुक्र्याएर त्यसको परिणाम के राम्रो हुने हो ? यद्यपि

---

[1] व्यूमफील्ड, काल्डवेऴ १८१४–१८९१

(क) केलाग १८३९–१८९९

(ख) जान वीम्स १८५७। हार्नले, ग्रीयर्सन, डा० रामकृष्ण भण्डारकर १८–७७

हीराचन्द्र गौरीशङ्कर ओझा १८६३–१९४७

कामताप्रसाद गुरु १८७५–१९४७

यिनलाई विदेशी भाषाविज्ञानले प्रभावित पारे।

एशियाको केही भाषा र बोलीहरू तीन हजार वर्षभित्र बनेको देखिन्छ भने केही बोली दुइ हजार र केही हजार वर्षभित्र बनेको देखिन्छ। ऐले भर्खरै बोलिने नेपाली भाषाबाट पनि छुट्टै भाषा निर्माण हुँदै गरेको देखिँदैछ। ‘म्लाई आन्सरे, तिम्ला आम्मले ब्लन्छरे, इन्द्रान्धिको छोर मर्छरे, गोर्मुन्ट नै हाम्लान्छरे’ इत्यादि शब्दहरूबाट भाषा नै बन्न थालेको छ। यी उपर्युक्त शब्दहरूमा भाषाविज्ञानले के गर्ने हो ? व्याकरणले त शब्दलाई संयममा राख्ने काम गर्छ। शब्दलाई शुद्ध रूप दिने प्रयास गर्छ। परन्तु भाषाविज्ञानले अवश्य पनि भाषा र शब्द दुवैमाथि अराजकता फैलाउन सक्छ। भोलानाथ तिवारीले लौकिक र वैदिक संस्कृत भाषाको छुट्याउँदा ‘वैदिक[1] शब्द’ बाहिरबाट बनेर आएको हो भनेका छन्। यो ‘य एव वैदिका:[2] शब्दा: त एव लौकिका: शब्दा:’ भन्ने इतिहास वा भाषाविज्ञानलाई नबुझीकन पाश्चात्यहरूको पछाडि लागेको देखिन्छ। यस सम्बन्धमा हामी आफ्नै आचार्यहरूलाई प्रमाण मानेपछि मात्र पुगेन भने अरूलाई प्रमाण मानौंला। तिवारीजीले वैदिक र लौकिकशब्दसँग नबुझीकन भ्रम फैलाउनु गलत हो। संस्कृतमा द्रविडबाट[3] एक हजार शब्द आएका छन्। आष्ट्रिक भाषाबाट पनि एक सयभन्दा माथि नै संस्कृतमा शब्दहरू आएका छन्। यूनानबाट पनि कैयौं शब्द संस्कृतमा आएका छन्। रोम, अर्बी, ईरान, चीनबाट पनि केही शब्द संस्कृतमा आएका छन्। यसरी भोलानाथले घोर परिश्रम गरेर दैनन्दिनीमा टिपोट गरेको ज्ञानराशि ‘भाषाविज्ञान’ को ग्रन्थरूपमा प्रकाशित गरे। तर खालि पाश्चात्यहरूको इतिहास बिगार्ने सिद्धान्त अपनाएर ‘नातिले बाजेलाई सयवटा शब्द सिखाएका थिए। पनातिले जुजु चेप्जुहरूलाई पचासौं शब्द सिखाएका थिए। त्यसैले जुजु, चेप्जु, परचेप्जुहरूलाई पनाति, जनाति, खनातिहरूले शब्द प्रयोग गर्न सिखाएका हुनाले मात्रै बोल्न जानेका थिए’ भने जस्तै फ्यातुलो, अवैज्ञानिक, अव्यावहारिक, अनुभवशून्य कुरा पक्रेर भोलानाथ तिवारीले राखेको कुरा कसैले पत्याउने सिद्धान्त हो के त ? यो कुरा तिवारीजीले अंग्रेज ईसाईहरूको फुट पार्ने मूल बाटोलाई खुरुखुरु सोझ्याएको मात्रै हो।

यसै गरी किरातहरूलाई[4] ‘Mongoloid’ र द्रविडहरूलाई पनि आर्येतर भनेर भाषाको विभाजन गर्ने प्रयास गरेको छ। जब कि किरात, द्रविडहरू आर्य = हिन्दू नै हुन्। यसरी नेपाली इतिहासकार र केही भाषावैज्ञानिकहरूले पनि धेरै मात्रामा पाश्चात्यहरूलाई नै पच्छ्याएर किरातहरू आर्य होइनन् भन्ने पक्षमै पुगेका छन्। यो भाषाविज्ञान र इतिहास ठीक छैन। प्राचीन इतिहासलाई अध्ययन गर्दा यी उपर्युक्त कुराहरू पाइँदैनन्। त्यसैले नेपालमा पनि गलत इतिहास र भाषाविज्ञानको पढाइले गर्दा राष्ट्र टुक्रने अवस्था आएको छैन र ? वस्तुस्थिति राहुल जस्तै भोलानाथ तिवारीले पनि हिन्दू-आर्यहरूको ईसाईकरण गरेर खोइरो खनेको हो। नबुझ्नेहरूले यस खोइरोमा जाकिएर पुरिनु पनि बेर लाउनेछैनन्।

धन्न ! तिवारीजीले बिर्से छ कि के हो, नत्र अंग्रेजी भाषाबाट संस्कृत भाषामा चालीस प्रतिशत तत्सम, तद्भव र अपभ्रंस गएर भएको छ भनेर लेख्नुपर्ने थियो। सत्य इतिहास यो हो कि सृष्टिको आदिकालमा आर्य-हिन्दूहरूमात्रै थिए। उनीहरूको भाषा संस्कृत थियो। बिस्तारै संख्या बढ्दै गयो। छर-

---

[1] भाषाविज्ञान, पृ० नं० १४४

[2] शवरस्वामी मी० शा० भा०—

[3] संस्कृत में द्रविड से एक हजार से ऊपर शब्द आए हैं।
(क) संस्कृत में आष्ट्रिक के भी सौ से ऊपर शब्द हैं।
(ख) यूनान से भी संस्कृत में कई शब्द आए हैं। (भा० वि० भोलानाथ तिवारी, पृ० नं० १४८–१४९)

[4] भाषाविज्ञान, पृ० नं० १३२–१३३

पर्स्टिदै गए । एक-आपसीमा भेटघाट गर्ने अवसर कम हुँदै गयो । पूर्वकालमा बोल्दै लेख्दै गरेको संस्कृत भाषा भुल्दै गए । आफ्नै उच्चारणमा शब्दहरू ध्वनिहरू बिग्रँदै गए । यसरी सम्पूर्ण विश्वमा अलग अलग भाषा बन्दै गए । ती भाषाहरूमा आफ्नो पूर्वजहरूले बोल्दै आएका संस्कृत शब्द जतिले धेरै मात्रामा सुरक्षित राखे, आज पनि त्यसको भाषामा संस्कृतको तत्सम, तद्भव, अपभ्रंस त्यति नै पाइन्छ । जसले सुरक्षा गर्न सकेनन्, त्यसको भाषामा चालीस, तीस प्रतिशत मात्रै रह्यो । यो ध्यान रहोस्; नाति, पनाति, जनाति, आदिको बाबु, बाजे, जुजु, चेप्जु आदिमा प्रभाव पर्दैन । किनभने जन्माउनेको प्रभाव अनुभवसिद्ध छ । जन्म लिनेमाथि जन्म दिने बाबु-आमा, बाजे-बजू आदिको प्रभाव परेको देखिन्छ । यस्तै पढ्नेको प्रभाव पढाउनेमाथि कहिले पनि पर्दैन । पढाउने अध्यापक, मास्टर, गुरुजनको प्रभाव विद्यार्थी, शिष्य, छात्रहरूमा पर्छ । यस्तै संस्कृतको प्रभाव संस्कृतदेखि जन्मिदै अलग हुँदै गएका भाषाहरूमा पर्नु स्वाभाविक र बुद्धिगम्य इतिहास पनि हो । अतः पाश्चात्यहरूको सिद्धान्त इतिहास बिगार्नु थियो । भोलानाथ[1] तिवारीजीले त्यो बुझ्नुभएन । त्यसैले यस्ता भ्रमात्मक कुरा भाषाविज्ञानमा लेख्नुभयो । यस्ता अनेकौं विसंगतपूर्ण स्थलहरू छन् । धेरैले ग्रीयर्सनको गलत बाटोमा हिंड्नाले बाटो बिराएका छन् ।

अंग्रेजीले ऐलेसम्म पनि संस्कृतलाई छोड्न सकेको छैन

अंग्रेजीका पुजारीहरूले अवश्य नै यी पंक्तिहरूलाई पढ्दा ज्वरो आउनु स्वाभाविकै भए पनि सत्य के हो ? छानबीन, शोधखोज हुनु आवश्यक छ भन्ने कुरा सबै शिक्षित, बुद्धिजीवीहरूलाई थाहा भएकै कुरा हो । यो कुनै नयाँ विषय होइन । यसमा साँचो भाषावैज्ञानिकले दुःख नमानीकन विचार गर्ने आवश्यकता छ । आजको अंग्रेजी भाषा चसरदेखि शुरू भएको मानिन्छ । यो इतिहास कति सत्य छ ? त्यो अंग्रेजी इतिहासकारहरूलाई नै छोडिदिएको छु । अर्थात् चसरअगाडि र पछाडिको इतिहास पैल्याउने जिम्मा उनीहरूमै छ । यस्तै गरी वर्तमान अंग्रेजी भाषाको जननी हिब्रू र लैटिन भाषा हो भन्ने गरेका छन् । हो कि होइन यो जिम्मा पनि उनीहरूमाथि नै छोडिन्छ । हिब्रू र लैटिनभाषामा कति प्रतिशत संस्कृत शब्द छन् ? त्यो शोधखोज (Research)-कै विषय छ । तर यो अवश्य भन्नु सकिन्छ कि वर्तमान अंग्रेजी भाषामा प्रयोग गरिने साठी प्रतिशत शब्द संस्कृतबाट गएका छन् र कैयौं संस्कृत शब्द अंग्रेजीमा पनि तत्सम नै छन् । कैयौं शब्द तद्भव भएर बसेका छन् । विज्ञ नीरक्षीरविवेचनपेशल पाठक-वाचकवृन्दले तुलना गरेर हेर्नुहुनेछ । यो केवल नमुना मात्र दिएको हो । जस्तै—

संस्कृत	अंग्रेजी	नेपाली	संस्कृत	अंग्रेजी	नेपाली
नाम	Name	नाम	नखः	Nail	नंग्रा
सूनुः	Son	छोरा	हस्तम्	Hand	हात
मुखम्	Mouth	मुख	स्वसा	Sister	बैनी
दुहिता	Daughter	छोरी	भ्राता	Brother	भाइ
प्रत्यक्षम्	Present	प्रत्यक्ष	पिता	Father	बाबु = पिता

---

[1] तिवारीजीले कृष्णयजुर्वेद संहितादेखि ब्राह्मण, आरण्यक, पदपाठ, प्रातिशाख्य, शिक्षा, निघण्टु, इन्द्रव्या, चान्द्रव्या आदि नौ तथा पाणिनी, कात्यायन, पतञ्जलि तथा टीकाकारहरूदेखि लिएर न्याय, मीमांसा, साहित्य, वेदान्त र आदि नौ तथा पाणिनी, कात्यायन, पतञ्जलि तथा टीकाकारहरूदेखि लिएर न्याय, मीमांसा, साहित्य, वेदान्त र

संस्कृत	अंग्रेजी	नेपाली
पन्था	Path	बाटो
प्रार्थना	Pray	प्रार्थना
रक्षकः	God	रक्षक = भगवान्
विधवा	Widow	विधुवा
माता	Mother	आमा = माता
क्रूरः	Cruel	क्रूर
शीघ्र	Soon	चाँडो

यस्ता हजारौं शब्द अंग्रेजी भाषामा प्रयोग भइराखेका छन् । तर संस्कृतको भुत्ला उखाल्ने र संस्कृतलाई छुँदै नछुनेहरूको दिमागमा भने उपर्युक्त शब्दहरू पस्न अथवा घुस्नु गारो मात्रै होइन सारो पनि पर्नेछ। डा० भोलानाथ तिवारी आदि र पाश्चात्य भाषावैज्ञानिक ग्रीयर्सन आदिले यी कुरालाई बुझेका थिए कि थिएनन् ? यो प्रश्न दूध-पानी छुट्याउने पाठकवृन्दले पनि अवश्य नै विचार गर्नुहुनेछ । भोलानाथ तिवारीले त बुझेकै थिएन भन्ने कुरा अरु ठाउँमा पनि लेखिसकेको छु । किनभने बुझेको भए 'मेरो बाजेको पनि वाजेको विहामा म जन्ती गएको थिएँ' भनेर लेख्ने थिएन होला । अथवा बुचपचाएको हो कि ? यी दुइ विकल्पबाहेक तेस्रो विकल्प देखिदैन जुन बेला संस्कृतदेखि बाहेक विश्वमा कुनै भाषा नै थिएन, त्यस भाषामा संस्कृत भाषावाट जन्मेका हजारौं वर्षपछि संस्कृतले लिने कुरा एकदम झूठो कुरा हो । विश्वको प्रायः सबै यूरोप, एशिया आदि महाद्वीपहरूमा संस्कृतले जन्माएका भाषाहरू मात्रै बोलिने गरेका छन् । लिपि भने आवश्यकतानुसार पछि पछि आविष्कार गर्दै लगेका हुन् । यसमा सन्देहको कुरा छैन ।

*

Sanskrit Language and Literature

1. Ome is a sacred syllable in the Sanskrit language, similar in meaning to the English Amen. It might well be translated, so it shall be. It was supposed to be uttered at the beginning of every vidic recitation and again at its close. The gave Assurance that the understanding of what was spoken should not be lost. Later the syllable referred to the Hindu Trinity of Vishnu, Brohm, and Siva. It symbolized the abstract unity of the univers. Absolute (a) and Relative (u) are related (m) the three letters a u m, and pronunced Om.

(Encyclopaedia, P. 100)

The Importance of Sanskrit

2. The knowledge of Sanskrit reached Europe in the late 1700's. It enabled Franz Bopp (1791-1867), a German linguist, to lay the foundation for the comparative study of languages. Many word in the Greek, Latin, English, German, Persian, and other languages are also found in Sanskrit. The Sanskrit word mata became mater in Latin, mutter in German, and mother in English. The English word brother, sister, daughter, and son are directly related to the Sanskrit bhratar, svasar, duhita and sunu.

(The Encyclopaedia, P. 100)

किरातहरू गुफामा बस्थे ?

किरातहरूको बारेमा धेरै पाश्चात्य र पौरस्त्यहरूले टिपनटापन लेख्ने प्रयास गरेका छन्। तीमध्ये धेरैजसो पाश्चात्यहरूले किरात-इतिहास बिगार्ने उद्देश्यले नै कलम चलाएका थिए। यी कुराहरू प्रसंगानुसार मैले लेखिसकेको छु। पाश्चात्यहरूको कुरै नबुझीकन पछाडि लागेर भारतीय इतिहासकारहरूले केही लेखेका छन् भने नेपाली इतिहासकारहरूले पनि पाश्चात्यहरूको कुरै नबुझी अनुसरण गरेको देखिन्छ। यहाँ हाम्रो नेपालका प्रसिद्ध इतिहासकार स्व० सूर्यविक्रम ज्ञवालीको लेखको अलिकति समीक्षा गर्ने आवश्यकता परेको देखिन्छ, किनभने उनलाई इतिहासकारकै रूपमा चिनिन्छ। त्यसैले उनले लेखेको भ्रमात्मक हुनु हुँदैन भन्ने मेरो धारणा हो। वहाँ ज्ञवालीजी प्रज्ञाप्रतिष्ठानको कुलपति हुँदैखेरिदेखि वहाँसँग मैले यो प्रसंग चलाएको हो। वहाँले भन्नुभएको थियो 'म आफ्नो लेखलाई संशोधन गर्छु' तर अब वहाँ हुनुहुन्न। सूर्यविक्रम ज्ञवालीजीले भारतको दार्जिलिङबाट निक्लने 'नेपाली साहित्य सम्मेलन' पत्रिकाको वर्ष ३, संख्या १, भाद्र १९९१ मा 'संस्कृतसाहित्यमा किरात' भन्ने शीर्षकमा 'किरात' बारे केही लेख्नुभएको छ।

ज्ञवालीजी लेख्नुहुन्छ 'अत्यन्त प्राचीनकालमा किरातहरू घर वनाएर बस्दैन थिए। पर्वतका कन्दरामा यिनीहरूका घर थिए'। शुक्लयजुर्वेदको ३० मन्त्र तथा कालिदासको कुमारसम्भवको साथ 'सुभाषित मञ्जरी' को उपहासास्पद श्लोकहरू उद्धृत गर्नभएको छ। असलमा ज्ञवालीजीलाई इतिहासकार नै भए पनि संस्कृतको ज्ञान थिएन। यो मैले स्वयं अनुभव गरेको छु। मैले आफैंले १९५८ मा स्थापना गरेको नेपाली छात्रसंघको वार्षिक उत्सवमा प्रमुख अतिथि बनाएर दिल्लीबाट हरिद्वार लगेपछि धेरै तर्क-वितर्क भयो। त्यसै अवसरमा ज्ञवालीजी नेपाली; अंग्रेजी त जान्नुहुन्छ; प्रसिद्ध इतिहासकार पनि हुनुहुन्छ तर संस्कृतज्ञान भने थिएन। यो १९६६ को कुरा हो। परन्तु उक्त लेख १ भाद्र १९९१ मा नै उनले दार्जिलिङबाट प्रकाशित गरिसकेका थिए। अब पाठकवृन्दले स्वयं विचार गर्नुहोस्। १९६६ मा ज्ञवालीजी भारत-नेपाल मैत्री संघको सांस्कृतिक मन्त्री भएर दिल्ली आउनुभएको थियो। उसै अवसरमा हामीले हरिद्वारमा बोलाएका थियौं। मेरो हरिद्वार ने० छा० को वार्षिक भाषण सुनेर ज्ञवालीजी प्रसन्न हुनुभयो। पछि ऐतिहासिक प्रमाण राखराखिमा ज्ञवालीजी अलि नराज पनि हुनुभयो। तर ६६ देखि बराबर ज्ञवालीजीसँग सम्पर्क-रह्यो। मलाई ज्ञवालीजीले नेपालमा आएर आफ्नो ज्ञानको प्रचार गर्ने आमन्त्रण पनि दिनुभयो। परन्तु प्राचीन इतिहास र मध्यकालिक इतिहास तथा आधुनिक इतिहासको चर्चा गर्दा किरातहरूबारे जो लेख्नुभएको थियो, त्यही नै भन्नुभयो। मैले वहाँकै सामने 'श्वतिभ्य:' मन्त्रले खण्डन गरें। 'त्यत्रो संस्कृत मैले पढेको छैन' भन्नुभयो। सुन्ने मान्छे अरू पनि धेरै थिए। त्यस बेला म संस्कृतैमा कुरा गर्ने, भाषण गर्ने गर्थें। नबुझ्नेलाई मात्र हिन्दी, नेपालीमा अलिअलि भनिदिने गर्थें। त्यसैले पनि वहाँले भन्नुभयो 'मेरो जन्म यद्यपि दुग्ध विनायक वाराणसीमै भएको हो; मेरै छिमेकमा हाम्रा अत्यन्त यशस्वी विद्वान् पद्मप्रसाद भट्टराई रहन्थे तर म अंग्रेजीतिर लागें। त्यसैले मेरो संस्कृतको अध्ययन साधारण छ।' जे होस् वहाँको इतिहासकै ज्ञानबारे यहाँ अलिकति चर्चा गर्ने कुरा वहाँ स्वयंले लेख्नुभयो। त्यो के हो भने किरातहरू परापूर्वकालमा डार्विनले भने जस्तै जंगली ओडार, गुफाहरूमा बस्ने जाति हो भन्नु

ठीक हो के त ? यो त ज्ञवालीजीको इतिहास-ज्ञान नभएर पाश्चात्यहरूको अनुकरण मात्रै देखिन्छ। किरातहरू जंगली थिएनन्। गुफामा बस्ने पनि थिएनन्। यो ज्ञवालीजीले पाश्चात्य अनुकरण गरेको हो।

यस्तै त्यसै प्रसंगमा हरिद्वारमा सिन्धी पाठशालामा हामीले निवासको व्यवस्था गरेका थियौं। स्वयं महन्तजीले व्ययभार वहन गर्नभएको थियो। मेरा मित्र देवीप्रसाद आदि छात्रहरू थिए। मैले प्रश्न गरें, "नेपाल काठमाण्डौ अधित्यकामा किरातहरूले ३१ पीढी वा ३३ पीढी अथवा २७-२८ सम्म शासन गरेको बारेमा केही प्रकाश पारिदिनुहुन्छ कि ?" यस प्रश्नको उत्तरमा सोधेको र नसोधेको दुवैको उत्तर दिनुभयो। यी दुइमध्ये नसोधेकोचाहिं उत्तर पहिले दिनुभयो। त्यो के भने किरातहरू आर्येतर अनार्य हुन् र काठमाण्डौमा वंशावलीको आधारमा किरातहरूले शासन गरेको कुरा बताइन्छ। तर भन्ने हो भने किरातहरूले शासन गरेको लेखित प्रमाण पाइँदैन भन्नुभयो। यो उत्तर सुनेपछि मेरो चित्त बुझेन। वहाँको इतिहासज्ञानमाथि मलाई सन्देह भयो, किनभने एक थरी इतिहासमा काठमाण्डौमा किरातहरूले शासन गर्ने प्रमाण प्रष्ट छ। शिलालेख तथा पुराणहरूको साथमा महाभारत आदि प्रबल प्रमाण छन्। अर्को कुरा ज्ञवालीजीले (म० भा० स० प० ३० अ० १५) भीमसेनले किरातराजाहरूलाई जित्ने प्रमाण त दिनुभयो तर 'नेपालविषये ये च राजानस्तानवाजयत्' (म० भा० व० प० २५४ अ० ७) भन्ने प्रष्ट 'नेपाल' राष्ट्र वा देशकै नाम भएको श्लोक प्रमाणचाहिं दिनु सक्नुभएन किन ? यो पाश्चात्य परम्पराको बाटो नदेखी हिंड्दा यस्तै हुन्छ। आफ्नो पूर्वजहरूको र आफ्नो इतिहासको अनावश्यक अतिरञ्जित आलोचना गरेर आधुनिक ईसाई इतिहासको बुद्धिले पढ्दा पढाउँदा यस्तै हुन्छ। यहाँसम्म कि आफ्नो राष्ट्रैलाई बिर्सनु बेर लाउनेछैनन्। त्यो दिन पनि धेरै टाढा छैन। त्यसैले आफ्नो, आफूलाई चिनाउने इतिहास पढाइएन भने दुर्दिन अवश्य आउनेछ। किनभने आफ्नो भन्ने केही छैन, सबै विदेशी बुद्धि र टाउको पनि विदेशी छन् भने हातखुट्टा र ढाड आफ्नो भएर हुँदैन। त्यसैले ज्ञवालीजी र यस्ता अरू पनि केही इतिहासकार छन्, जो आफ्नो आमाबाबुमाथि विश्वास गर्दैनन्। खालि विदेशीहरूमाथि भर पर्ने गर्छन्। यो बानी कहाँसम्म चल्दो रहेछ हेरौं। यति अवश्य हो कि नजानेको भाषाको विषय छेडेर अर्कालाई भ्रममा पार्नु राष्ट्रधर्मको हत्या गर्नु हो। राष्ट्रको धर्म भनेको उसको संस्कृति, पूजा, पाठ, झण्डा आदि नै हो। त्यसैले त 'राष्ट्रिय' झण्डाको अपमान भयो भने राष्ट्रको अपमान मानिन्छ। फेरि उसको संस्कृतिको अपमान हुँदा राष्ट्रको अपमान किन हुँदैन ? उसको संस्कृति र धर्मलाई बुझाउने उसको भाषा छ। त्यो भाषा हो संस्कृत। संस्कृतलाई सम्यक् बोध नगरी त्यसको इतिहास कोट्याउने काम हास्यास्पद होइन र ? यो त विज्ञ इतिहास विद्हरूले बुझ्नुपर्ने विषय हो। वहाँहरूलाई नै यो विषय अर्पण गर्छु।

*

विदेशी साहित्यमा किरात

किरातहरू आज जस्तै साँगुरिएर बसेका थिएनन् । मात्तिएर पनि बसेका थिएनन्, किनभने मातिने त किरातहरूको स्वभावै थिएन । आजसम्म पाइएका प्राचीनभन्दा प्राचीन इतिहासमा पनि सुँगुरे, कुखुरे भएर जाँड रक्सीले मात्तिएर बुद्धिको हत्या गर्ने किरातहरूको कुनै इतिहास पाइएको छैन । अपितु ठूला-ठूला विद्वान्, योद्धा, पराक्रमी भएर ग्रीक आदि विदेशसम्म पुगेर आफ्नो प्रभाव छोडेर आएको इतिहास छर्लङ्ग पाइन्छ । उदाहरणको लागि ग्रीक साहित्यको प्रसिद्ध ग्रन्थ 'पेरीप्लस अफ दि एरिथिएन सी' भन्ने ग्रन्थमा पनि किरातहरूको उल्लेख पाइन्छ । यो ग्रन्थ ई० सं० प्रथम शताब्दीमा लेखिएको हो । यस ग्रन्थमा ग्रीक पुगेर प्रभाव जमाउने किरातहरूको उल्लेख भएको छ । नाक, स्वरूप, वर्ण-रङ्ग आदिको उल्लेखको साथै त्यतिखेरका किरातहरूले बस्ने स्थानहरूको र खानपान आदिको उल्लेख गरेका छन् । उनीहरूको वीरताको प्रशंसा र निन्दा त सर्वत्र भएको देखिन्छ । भौगोलिक वातावरण र हावापानीको प्रभावले गर्दा 'किरात' शब्दको उच्चारण, लेखाइमा चाहिं निक्कै अन्तर आएको देखिन्छ । जस्तै --किरेद, किरेस, किरेप, किरेब, किरिद, किराद, किरिति आदि अपभ्रंश शब्दले किरातहरूको उल्लेख भएको छ । यस 'पेरिप्लस अफ दि एरिथियन सी' मा चर्चा भएअनुसार चेप्टो नाक, सुनको जस्तो सुन्दर वर्ण, जङ्गल धेरै भएको ठाउँमा बस्दथिए, जसको नाम 'दशरेने' (दशार्ण) थियो । दशार्णको दोस्रो भागमा बस्ने भनेर उल्लेख गरेका छन् । यसको तात्पर्य यही हो कि किरातहरू ईसाको प्रथम शताब्दीसम्म पनि पश्चिमी बङ्गाल, बर्मा, कच्चिन, नागा, आसाम, त्रिपुरा, मनिपुर आदि तथा गङ्गा नदीको पश्चिम 'दशरेने' दशार्ण र आजको उडिसाको उत्तरपूर्वमा किरातहरू बस्दथे । 'पेरिप्लस' को अनुसार किहर्दयीको[1] नजीकमा बसेर चीन र भारतखण्ड तथा ग्रीक आदि देशहरूमा किरातहरूले सिल्कको अर्थात् अनेक प्रकारका कम्बल, राडी, रेशमी, आदि कपडाहरूको व्यापार गर्थे । वर्मा, ग्रीक, यूनान, आसाम, अरब आदिको बाटो भएर किरातहरूले ईसाभन्दा हजारौं वर्षपूर्व नै व्यापार गर्दै थिए । किरातहरूको यो व्यापार ईस्वी संवत्को आरम्भ हुँदा-हुँदै समाप्त भयो । यस प्रकारको उल्लेख अनेक विदेशी साहित्यमा पाइन्छ । यसै प्रकारले यहूदीहरूको पुरानो धर्मशास्त्र 'ओल्ड टेष्टामेण्ट बाइबिल' आदिमा पनि किरातको उल्लेख पाइन्छ । यस्ता कैयौं विदेशी ग्रन्थहरूमा किरात-इतिहास लुकेको होला । अत्यन्त शोधखोजको विषय छ । तर कसले खोज्ने ? अरूलाई यसको आवश्यकता छैन ।

स्वयं किरातहरू दुर्व्यसनमा मस्त छन् भने यस इतिहासलाई अरू कसले खोज गरिदिने ? यो स्वयं किरातवर्गले नै विचार गर्नुपर्नेछ । कसैले होच्यायो, कसैले उचाल्यो भनेर नाक चेपार्ने या नाक फुलाउने काम गर्नुभन्दा आफ्नो साँचो इतिहास पैल्याउनु र अध्ययन गर्नु राम्रो होला कि ?

*

---

[1] यो नाम आजसम्मन् कसैले प्रष्ट पार्न सकेका छैनन् र यसको भौगोलिक स्थिति पनि पत्ता लाग्नु सकेको छैन । 'किहर्दयी' लाई आज कुन नामले पुकारिन्छ ? यसको बारेमा शोधखोज हुनु बाँकी नै छ ।

बौद्धसाहित्यमा किरात

हाम्रो इतिहासको अनुसन्धानमा बौद्धसाहित्यले पनि ठूलो सघाउ पुऱ्याएको देखिन्छ । शोधखोज गर्दै लैजाँदा अनेकौं बौद्धग्रन्थहरूमा किरात-इतिहास फेला पार्न सकिन्छ । तर पर्यायवाचीको रूपमा अथवा तद्भव वा अपभ्रंसको रूपमा पाउन सकिन्छ । कतै तत्समको रूपमा पनि होला । तर खोज्ने आवश्यकता छ ।

यहाँ प्रसिद्ध 'सर्वास्तिवाद विनय' बौद्धग्रन्थहरूमा किरातकालिक व्यापारसम्बन्धी चर्चाले किरात-इतिहासलाई निकै गहकिलो सघाउ पुऱ्याएको छ । किरातहरू रामायण र महाभारतकाल तथा ग्रीक साहित्यको साक्षीअनुसार व्यापार र युद्ध दुवै सम्बन्धमा विदेश निक्लने गर्थे । यस्तै साक्षीको अध्ययन गर्दै जाँदा सर्वास्तिवाद विनयले पनि किरातहरूको व्यापारकै इतिहासलाई पैल्याएको छ । यस इतिहासले यो बुझाउँछ कि त्यतिखेर सुन, चाँदी, हीरा, मोती, वैदूर्य, माणिक्य र राडी, गलैंचा, कस्तूरी, चन्दन, अगरबत्ती, औषधिमा चिरैंतो आदिका महान् आदान प्रदान गर्ने व्यापारी थिए । बौद्धसाहित्यमा 'ललित विस्तर' एक मजाको ग्रन्थ छ । यो ग्रन्थ प्रायः बौद्धहरूमा प्रामाणिक मानिन्छ । यो ग्रन्थ लेखिएको समय ईसाको प्रथम शताब्दी हो भन्छन् । तर केही मतभेद पनि छँदैछ । तर जे भए पनि एक दुइ तीन सौ वर्षभन्दा पर त जाँदैन । यस ग्रन्थमा भगवान् बुद्धको जीवनसम्बन्धी चर्चा छ । त्यहाँ (लिपिशालादर्शन, पृ० नं० ८८, मिथिला विद्यापीठ, दरभङ्गा, ई० सं० १९५८ मा) ६२ लिपिहरूको उल्लेख छ । महाराज शुद्धोदनले बोधिसत्वलाई लिपिशालामा पठाए । लिपिशालामा गएर अक्षर सिखाउने गुरु विश्वामित्रलाई बोधिसत्वले ६२ लिपि गनेर सुनाए । अनि बोधिसत्वले भने—गुरु ! मलाई यी लिपिहरूमा कुन लिपि पढाउनुहुन्छ ? विश्वामित्र छक्क परे । उनले त्यति धेरै लिपिका नामै सुनेका थिएनन् । यहाँ बुद्धले लिपि पढ्ने इतिहासले किरातहरूको लिपिसम्बन्धी इतिहास पनि प्रष्टिएको छ । ललितविस्तर ग्रन्थको कालसम्म किरातहरूको कुनै लिपि प्रचलित थियो भन्ने इतिहास प्रष्ट छ । तर वैदिक कालदेखि रामायण, महाभारतकालसम्म संस्कृत भाषा र देवनगारी लिपि (ब्राह्मी) नै थिए, किनभने प्राचीन वैदिक वाङ्मयमा किरातलिपिको उल्लेख पाइँदैन । बौद्धग्रन्थहरूमा अत्यन्त प्रसिद्ध ग्रन्थ 'मिलिन्द पन्ह' पनि एक हो । यो ग्रन्थ पाली भाषामा छ । यस ग्रन्थलाई।आर० डी० वाडेकरले देवनागरी लिपिमा १९४० मा बम्बईबाट प्रकाशित गरेको छ । यसको भाग ४, ८, ९४, पृ० ३२१ मा 'चीन विलात' शब्दको उल्लेख विद्वान्हरूले निक्कै गरेका छन् । तर 'विलात' शब्द प्रमादवश लेखिएको हुन सक्छ । कति ठाउँमा चाहिं 'चिलात' पनि पाइन्छ । वस्तुतः 'विलात' 'चिलात' केही हैन, अपितु चीन किरात नै हो । यद्यपि पाश्चात्य विद्वान् टी० डब्लू० राइस डेविसले आफ्नो 'सेक्रेड बुक अफ दि इष्ट' पृ० २०३-२०४ को अनुवादमा 'विलात' शब्दको अर्थ 'टांटरी' गरेका छन् । प्रख्यात भाषावैज्ञानिक सुनीति कुमार चाटुर्ज्येले यस अनुवादको श्यामी भाषाको रूप पनि मिल्छ भनेका छन् । तर यहाँ शंका गर्ने अवसर छैन कि 'किरात' शब्द नै शुद्ध रूप हो । लिपिमा हेरफेर भएको मात्रै हो । यस उद्धरणलाई सिलवल लेवीले पनि दिएका छन् । यस प्रकारले हामीले बौद्धसाहित्यमा पनि राम्ररी खोज गर्दै लग्यौं भने किरात-इतिहास पर्याप्त मात्रामा पाउन सक्छौं । तर अझ खोज्नु आवश्यक छ । यहाँ मैले केवल दिग्दर्शन मात्रै गर्ने प्रयास गरेको छु ।

* * *

वैदिक इण्डेक्सको दृष्टिमा किरात

किरातहरूको सम्बन्धमा मैकडनाल र कीथले आफ्नो 'वैदिक इण्डेक्स'मा यी टिप्पणीहरू दिएका छन्। किरात त्यो वर्गको मानिसको नाम हो, जो पहाडको गुफाहरूमा निवास गर्छन्। जस्तै– वाजसनेयी संहिता र तैतिरीय ब्राह्मणग्रन्थमा किरातहरूले गुफामा वस्ने स्पष्ट वर्णन छ। अथर्ववेदमा पनि एक किरात-कन्याले पहाडको डाँडा, थुम्कामा ओखति खन्ने वर्णन छ। यसपश्चात् पूर्वनेपालमा बस्नेहरूलाई पनि किरात भनेका छन्। तर यो नाम कुनै पनि पहाडी व्यक्तिलाई दिए जस्तो लाग्छ। परन्तु मानवधर्म-शास्त्रको अनुसार (१०–४४) यी व्यक्तिहरूलाई सङ्कर क्षत्रिय मानेका छन्। भारतीय धर्मशास्त्रमा जब कुनै अनार्य या विदेशी व्यक्तिलाई सङ्कर क्षत्रियवंशको भनिन्छ भने यसको तात्पर्य यो पनि हुन सक्छ कि त्यो व्यक्ति प्रगतिशील संस्कृति अथवा सैन्य संगठनले सम्बन्धित छ। त्यसैकारणले उनीहरूलाई (किरात) एकदम असभ्य भनेर उपेक्षा गर्न सकिन्न।

संस्कृतवाङ्मयमा किरात शब्दको उल्लेख त व्यापक रूपमा भएको छ, तर ती प्रसङ्गहरूमा आएका किरात शब्दको प्रासङ्गिक अर्थहरू गर्नु सकेको जस्तो देखिएन। यद्यपि पाश्चात्यहरूले बनाएको शब्दकोष अथवा इन्डेक्सलाई पौरस्त्य विद्वान्हरूले धेरै प्रशंसा गरेर मानेका छन्। कतिपय कारणले मान्नैपर्ने पनि देखिन्छ। परन्तु पाश्चात्यहरूले लेखिदिएको शब्दकोष कैयौं स्थलहरूमा सारै भ्रमात्मक छ। 'गुफा' शब्द सुन्नेबित्तिकै ओडारमा बस्थे भन्ने पाश्चात्य विद्वान्हरूले अड्कल काटेका हुन्। त्यही नकल किरातहरूको बारेमा आधुनिक पौरस्त्य विद्वान्हरूले पनि गरेका हुन्। अन्यथा प्राचीन आचार्यहरूले किरात-इतिहास त्यसरी बिगार्ने प्रयास गरेका छैनन्।

✱

अभिलेखहरूमा किरात

नेपाललाई छोडेर पाश्चात्यहरूले किरातहरूको खोज गर्नमा निक्कै चाख लिएको देखिन्छ। तर त्यो चाखभित्र निक्कै गहिरो दोष पनि देखिन्छ। त्यो दोष के हो भने आर्य र मङ्गोल लेखेर फुट पर्नु। झण्डै यसै रीतिले सुनीतिकुमार चटर्जीको भाव व्यक्त भएको छ। 'किरातजनाकृति' पृ० नं० ३० मा महाभारतको प्रमाण दिंदा उनले वर्तमान राजस्थानको जोधपुरमा फेला परेको केही साक्षीलाई यसरी प्रस्तुत गरेका छन् –'जोधपुर राज्यमा किरात नामले सम्वद्ध एक प्राचीन नगरको नाम पाइन्छ, जो पश्चिमी राजस्थानको खादिन स्टेशन (जोधपुर बारमेर लाइन)-मा स्थित छ। यस नगरको नाम 'किरादु' छ। त्यो नगर ऐले खण्डहरको रूपमा छ। यसमा २७ मन्दिर छन्, जो खादिमबाट चार मील पश्चिम हटमा या हत्माको छेउमा छन्। यज्ञमा सम्वत् १२३५ को एउटा शिलालेख छ। हुन सक्छ 'किरादु' नाम 'किरातकूप'-बाट बनेको होला। उसलाई किरातकूप भन्दछन्। यस रेगिस्थानको मध्यमा यस्ता अनेक कप छन्। यिनलाई किरातकूटको अपभ्रंश पनि भन्दछन्।'

माथिको प्रमाणले प्रष्ट हुन्छ कि ईसवी सन्को आरम्भभन्दा अलि पहिले तथा उनको केही पछि किरातवर्गको मानिस आर्य-हिन्दूजातिमा त्यस स्थलको निवासीको रूपमा विख्यात थिए, जो हिमालयको तराईपूर्वको पहाड – विशेषरूपले आसाममा निवास गर्दथिए। यी किरातहरू सुन जस्ता पहेंलो वर्णका हुन्थे। साथै यिनीहरूको सुस्पष्ट संस्कृति पनि थियो। ती किरातहरू वङ्गालको मैदानमा पूरा समुद्रसम्म फैलिएका थिए। ती किरातहरू खनिजरूपमा प्राप्त धातुहरूले परिपूर्ण थिए। वनको उत्पादनबाट पनि धनी थिए। वस्त्र लुगाफाटा बनाउने कलामा पनि निपुण थिए, जस्तै उनको वंशज आज पनि कुशल छन्। किरातहरू-द्वारा बनाइएको ऊन र सूती वस्त्रको चलन भारतको मैदानमा प्रचलित थियो। त्रिपुरा राज्यको राजमाला वंशावलीमा किरातहरूलाई भारतीय आर्यक्षत्रिय मानेका छन्।

चटर्जीको यहाँसम्मको लेखमा पाश्चात्यहरूको प्रभाव र दबाउले गर्दा किरातहरूलाई मङ्गोलियन पार्न खोज्ने पारा मात्रै ठीक छैन। अरु विवेचना युक्तियुक्त र स्वतन्त्र छ। अर्को कुरा चटर्जीले यो गलत लेख्नुभएको छ कि 'किरातहरूको एक सुस्पष्ट संस्कृति थियो।' यो पनि पाश्चात्यहरूको खोलामा बग्नाले यस्तो लेखिन गएको हो, किनभने किरातहरू कतै बाहिरबाट आएको प्रमाण आजसम्म कसैले देखाउन सकेका छैनन्। सुनीतिबाबू पनि उसैमा मुच्छिए। हाम्रो प्राचीन इतिहासमा किरातहरूको स्वतन्त्र संस्कृतिको उल्लेख कहीं छैन। त्यसो हुँदा आर्य = हिन्दूसंस्कृति जो छ त्यही नै किरातसंस्कृति हो।

यसै प्रकारले कल्हणको राजतरङ्गिणीका भाष्यकार रघुनाथ सिंहले पनि हिन्दी भाष्य लेख्दा 'रा० त० तृ० त० ३९ पृ० ४७२' मा किरातहरूको बारेमा निकै हैंसा लगाएको देखिन्छ। सुनीतिबाबूले जोधपुरको शिलालेखको उल्लेख र खण्डहरको प्रमाणले किरातहरू राजस्थानको मरुभूमिमा पनि बसोबास गरिसकेका रहेछन् भन्ने इतिहास प्रष्टिएको छ। तर रघुनाथसिंहजीले क्रमशः तीन ठाउँको शिलालेखको उल्लेख गर्नुभएको छ। पहिलो शिलालेख खारबेलको अभिलेख हो। खारबेलको अभिलेखमा चीन र किरात दुवैको एक साथ उल्लेख गरेका छन्। दोस्रो उल्लेख सांचीको स्तूपमा एक किराती भिक्षुणीको दानको उल्लेख अङ्कित

छ। यो अभिलेखपछि नागार्जुनीय कोङ्कोणको एक अभिलेखमा किरातहरूको उल्लेख गरेको पाइन्छ। यी शिलालेख, अभिलेखहरूबाट के बुझिन्छ भने नेपालमा मात्रै नभएर भारतको कुना-कुनामा पनि किरातहरूले राजनीतिदेखि लिएर भिक्षु, विद्याध्ययन, कलाकारिता र व्यापार आदिमा व्यापकरूपले आफ्ना सत्ता जमाएका रहेछन् भन्ने अकाटच इतिहास बुझिन्छ।

तर नेपालमा भने किरातसम्बन्धी शिलालेख सारै थोरै छ। तर अभाव र अत्यन्ताभावचाहिं भन्न पाइँदैन। नेपालमा किरातसम्बन्धी शिलालेख नपाइने कारण के हो भने ऐलेसम्म फेला परेका शिलालेख-हरूमा साक्षात् 'किरात' शब्द पाइएको छैन। केवल हनुमान्‌ढोकाको अभिलेख मात्रै साक्षी मान्न कर लागेको छ। यो अभिलेख धनवज्र बज्राचार्यको अभिलेख-संग्रह 'लिच्छविकालका अभिलेख' संख्या ९१, पृ० नं० ३७४ मा छापिएको छ। यस सम्बन्धमा टालेमीले पनि निक्कै चर्चा गरेका छन्। यो उल्लेख रघुनाथसिंहले गरेको छ। ईसाको पाँचौं तथा छैटौं शताब्दीको शिलालेखहरूले यो बुझिन्छ कि त्यतिखेर वर्मा र कम्बोजका मूल निवासी किरात नै थिए। यी प्रमाणहरूबाट निश्चय हुन्छ कि पूर्वी हिमालयको अञ्चल भोटाङ, मणिपुर तथा कम्बोज (कम्बोडिया)-सम्म किरातजाति फैलिएका थिए। यो इतिहास रा. त. तृ. त. श्लो. पृ. नं. ४७२ मा रघुनाथसिंहजीले आफ्नो टिप्पणीमा खोल्नुभएको छ।

रघुनाथ सिंहजीको टिप्पणीमा केचाहिं भ्रमात्मक छ भने 'लिम्बूहरूले स्वास्नीको किन बेच गर्छन्' 'गरीब लिम्बूले ससुराको घरमा नोकर बसेर स्वास्नी पाउँछन्' भनेर लेखेका छन्। तर यो कुरा उनले कुनै अधकल्चो मान्छेबाट सुने होला अथवा सिङ्गै सुँगुर र कैयौं घ्याम्पा जाँड रक्सी बोकेर केटीको आमा-बाबुको घरमा पुऱ्याउने कुप्रथालाई व्यङ्ग्य हानेको हुन सक्छ। नत्र लिम्बुवान बस्ने अथवा लिम्बूहरूको थितिमितिलाई जान्ने लेखकले एकासि त्यसरी लेख्दैनन्। अर्को कुरा के छ भने 'वल्लोकिरात र पल्लो-किरात' भन्ने चलन त प्रसिद्ध छ। तर 'वल्लोकिरात' लिम्बू तथा 'रायस' श्रेणीमा विभक्त छन् भनेर लेखेका छन्। मेरो विचारमा 'रायस' भनेकोचाहिं 'राई' होला। तर वल्लोकिरात भनेको 'माझकिरात' र 'पल्लोकिरात' भनेको लिम्बुवान प्रसिद्धै छ। अतः वल्लोकिरातमै दुइ श्रेणीको विभाग गर्नु रघुनाथ सिंहजीको भौगोलिक ज्ञानको अभाव हो। अर्को कुरा 'नेपालका किरात बौद्ध तथा हिन्दू दुवै छन्' भनेर लेखेका छन्। तर यहाँ पनि रघुनाथसिंहजीले फेल खाए। 'किरात-परिवार' भनेका भए उत्तम हुने थियो, किनभने आधुनिक किरातमा प्रसिद्ध त राई, लिम्बू नै छन्; यी राई, लिम्बू कुनै पनि बौद्धमार्गी छैनन्। बौद्ध-धर्मावलम्बी नेवार, गुरुङ्ग, तामाङ्ग, शेर्पा, खाम्पा, डुक्पा आदिले आफूलाई 'किरात' हुँ भन्न हिच-किचाउँछन्। हुन त यी पनि किरात-परिवारकै हुन्, तैपनि वर्तमानकालिक किरातहरूमा राई, लिम्बूकै गणना देखिन्छ। अनि व्यवहारमा पनि सुनिन्छ। त्यसो हुँदा रघुनाथसिंहजीले किरातपरिवार भनेर लेखेका भए परिभाषा विस्तृत हुने थियो।

* * *

लालमोहर कुन सही ?

इमानसिंहजीले ‘लालमोहर’[१] रोका, टोका आदिको पनि संग्रह गर्नुभएको छ । तर काठमाण्डौदेखि पूर्व माझकिरात र लिम्बुवानतिर पाइने ‘लालमोहर’ प्रष्टरूपले जाली देखिन्छ । यद्यपि इमानसिंहजीले घोर परिश्रमद्वारा प्राप्त गरे होलान् । साथै परिश्रमको मूल्य हामीलाई थाहा छ । पाठकवृन्द हैरान हुनुहुन्छ होला । परन्तु साँचो साँचै हो र झूठो झूठै हुन्छ । यसमा आश्चर्य मान्ने कुरै छैन । आउनुहोस् श्री ५ पृथ्वीनारायणशाहले लेखेका पत्र र लालमोहर हेर्नुहोस् । काठमाण्डौदेखि पूर्व नेपालमा पाइने लालमोहरहरूमा पृथ्वीनारायणशाहका विरूदावलीमा ‘शमशेरजंगदेवानाम्’ पाइन्छ । यसमा शमशेर पहिला भए कि जंग पहिला भए ? इतिहासमा जंगपछि शमशेर भएको देखिन्छ । साथै ‘जंग’ र शमशेर पृथ्वीनारायणशाहभन्दा पहिले थिए कि पछि भए ? यी प्रश्नहरूको उत्तरमा अवश्य घोरिनुपर्नेछ । सही कुरा श्री ५ रणवहादुरशाहपछि जंग भएको हो । त्यसपछि ‘शमशेर’ जन्मिए । अनि कसरी श्री ५ पृथ्वीनारायणशाहका विरूदावलीमा ‘शमशेरजंगदेवानाम्’ जोडिए ? अतएव भन्न कर लाग्छ कि इमानसिंहजीले प्राप्त गर्नुभएको लालमोहर आदि जाली फर्जी छ । विज्ञपाठकवृन्दले यी पत्र लालमोहरहरूमा घोरिएर हेर्नुहुनेछ । श्री ५ पृथ्वीनारायणशाहले वि० सं० १८११ मा रणरुद्रशाहलाई पत्र लेखे । वि० सं० १८१२ मा हरिदेव पण्डितलाई र जमदग्नि उपाध्यायलाई लालमोहरसहित पत्र लेखेका छन् । वि० सं० १८१४ मा कान्तिपुरको राजा जयप्रकाश मल्ललाई धर्मपत्र लेखिदिए । वि० सं० १८१६ मा धनदत्तलाई पत्र लेखेर सम्झाएका छन् । वि० सं० १८१८ मा गिन् दुन् पां वा लामालाई लालमोहर पत्र लेखिदिएका छन् । वि० सं० १८२१ मा ज्ञानकर वांडालाई लालमोहर पत्र लेखेका छन् । वि० सं० १८२४ मा देबु राना (मगर)-लाई लालमोहर पत्र गरिदिएको छ ।

वि० सं० १८२८ को लालमोहर पत्र आदिमा ‘शमशेरजंग देवानाम्’ पद विरूदावलीमा छैनन् । अतः काठमाण्डौदेखि पूर्व अथवा नेपालभरिमै ‘शमशेर’ र ‘जंग’ भएको लालमोहर जाली नै ठहरिनेछ । ठहरिएन भने श्री ५ पृथ्वीनारायणशाहभन्दा पहिले नै ‘शमशेर’ र ‘जंग’ को उदय भैसकेको थियो भनी भन्नु कर लाग्छ । यस परिस्थितिमा साँचो-झूठोको केलाइ-निफनाइ हुनैपर्छ ।

* * *

---

[१] किरातेश्वर सन्देश, अङ्क ३ वर्ष ३, पुष्प ३ वि० सं० २०४४ को प्रधान सम्पादकीय ‘ठ’ वाट उद्धृत । विशेष पाठकवृन्दले वहीं हेर्नुहोला ।

किरात शब्द कुन-कुन अर्थमा प्रयोग भएको छ ?

प्राचीनकालिक शास्त्रहरूमा किरात शब्द अनेक अर्थमा प्रयोग भएको देखिन्छ । तीमध्ये आयुर्वैदिक ग्रन्थहरूमा चिरौतोलाई[१] 'किरात' भनेको देखिन्छ । त्रिकाण्डकोषमा 'किरात' शब्द 'म्लेच्छ'[२] 'भूनिम्बु' को अर्थमा प्रयोग भएको देखिन्छ । मेदिनीकोषमा 'किरात' शब्द 'अल्पतनु'[3] अर्थमा पनि प्रयोग भएको छ । शारंगधर संहितामा चांहिं 'चिरौतो' अर्थ नै गरेको छ । सारस्वतकोषमा 'किरात' शब्द घोडा रक्षा[४] गर्ने अर्थमा छ । हलायुधकोषमा 'किरात' शब्द 'अन्त्यज'[५] अर्थमा परेको छ । 'किरात' शब्द माछाको जातिमा र व्याधादिमा पनि प्रयोग भएको सङ्केत शब्दकल्पद्रुमकोष आदिमा बताएको छ । यस्तै गरी किरात शब्द 'वृषल' मा पनि प्रयोग भएको छ । 'किरात' शब्द देशवाची[६] पनि हुन पुगेको छ । यसरी 'किरात' शब्द यजुर्वेदमा 'श्वपति'[७] (कुकुर पाल्ने मालिक) अर्थमा प्रयोग भएको छ । स्कन्दपुराणमा 'किरात' लाई 'देवता'[८] अर्थ प्रयोग गरेको छ । यस्ता अनेक अर्थमा 'किरात' शब्दको प्रयोग हुनु आश्चर्यको कुरा देखिन्छ । किनभने यस्तो प्रयोग त्यसै देशको वासी नभै त्यस देशको माटो, पानी, हावा, रूख, वृक्ष, लता आदिमा एकात्म अर्थात् तादात्म्य भएर भिज्नै सक्दैन । यहाँ औषधि, लता, ढुङ्गा मुढा सबैमा 'किरात' शब्दले एक ज्यान भएर मिल्नु भनेको सानो इतिहास होइन । जातिवाचकदेखि लिएर मत्स्य-पुराण हिमवत्प्रदेशमा वृक्ष[९] लतासम्म पनि किरात हुन पुगेको छ ।

किरात र किङ्किरात वृक्ष आज कुन कुन वृक्ष र लताहरूलाई भन्छन् ? त्यो शोध खोजको विषय भए पनि लेखकले गरेको अनुमान चाँप, गुराँस, सुन्चरी आदि नै किरात र किङ्किरात वृक्षहरू हुन् । हिमालय-भेकमा धेरैभन्दा धेरै फुलेर झकमक्क वनै सेतै र रातै हुने वृक्षहरू यिनै हुन् । यी वृक्षहरूको साथमा 'सुन्चरी' आदि लताहरू पनि हुन्छन् । चाँप र गुराँस आदि फुल्ने वृक्षहरू सँगसँगै वेरिएर सँगसँगै वसन्त ऋतुदेखि लिएर वैशाख, जेठ, आषाढ, साहुन र कतै कतै भदौ र असोजसम्म पनि फुलेको पाइन्छ । रातो गुराँसको फूलमा सेतो, पहेंलो र हरियो, नीलो रंगको लताहरूको फूलले सौन्दर्यको पराकाष्टामा पुऱ्याएको हुन्छ भने चाँपको अग्ला अग्ला रूखहरूमा माथि नपुगीकनै सेतो चाँपको फूलको अलि तलतिरै हरियो, नीलो, सेतो, पहेंलो रंगको फूलहरूले चाँपको वन नै सजिएको हुन्छ । कतै रूखैमा उम्रेको 'अम्लावुङ' फूलहरूको आधिक्यले इन्द्रको नन्दन काननको तिरस्कार भएको अनुभव हुनु स्वाभाविकै हो । त्यस वनमा डाँफे, मुनाल,

---

१. किरातः सारको रूक्षः [भा० प्र० नि० ५४]

२. किराती म्लेच्छ भूनिम्वौ [त्रि० को० ना० १५३]

३. किरातो म्लेच्छभेदे स्यात् भूनिम्वे-अल्पतनावपि [मे० को० श० व० १०५]

४. किरातो घोटकरक्षके [सा० को० पृ० १११]

५. किराताः……कथ्यन्ते ह्यन्त्यजादयः [ह० यु० को० २।५९९]

६. किरातदेशो विज्ञेयः [श० सं० त० पृ० ११२]

७. नमः श्वभ्यः श्वपतिभ्यश्च [शु० य० मा० शा० १६।२८]

८. किरातः किलदेवः [स्क० पु० म० खं० अ० १६]

९. किरातैः किङ्किरातैश्च केतन्दैः श्वेतकेतकैः [म० पु० ११७ अ० ११]

रानी चरी आदि चराचुरुंगीको मधुर मधुर स्वरले कानको स्वागत हुन्छ भने कस्तूरी मृग, साने मृग, फूलवारे मृग, गोणिमृग आदिको चाञ्चल्य र सुन्दरता नयनगोचर हुन्छ भने फूलवारे, कतै राघे र कतै टोपजे बाघको भयङ्कर आवाज दिनमै पनि सुन्नु र देख्नु पाइन्छ। भुइँ भालु भैंसीलाई र भैंसीको दुइ वर्षे पाडालाई याद दिलाउँछ भने रूख भालु, ब्वाँसो आदिले कता कता चीसो पसिराखेको हुन्छ। यस्तो स्थितिमा फूलबारे बाघ (चिता) रूखमाथि नै बसेर शिकार खेल्ने गर्छ। त्यो फूलबारे बाघ रूखमाथि बसेको देखियो भने सात्तै जान्छ। सबैभन्दा खतरनाक ब्वाँसो र फूलबारे बाघै हिमालयको समस्या हो। दोस्रो कुरा बाटो भुल्ने काम। यस्तै ठाउँहरूमा 'किरात' र किङ्किरात वृक्षहरूले साम्राज्य गरेको हुन्छ। यी वृक्षहरूबाट किरातहरूको 'किरात' नाम पऱ्यो कि ? किरातहरूको प्रदेशमा धेरै हुनाले यी वृक्षहरूको नाम 'किरात' र 'किङ्किरात' परेको हो कि ? यो खोजको विषय भए पनि प्राचीनकालदेखि नै किरातहरूको देशमा भएकै हुनाले देवदारू, चाँप, गुराँस आदि वृक्षहरूको नाम किरात र किङ्किरात परेको हो। 'चिरौता' प्रमुख औषधि हो। यो किरातहरूकै खोजबाट निक्लेको हुनाले 'चिरौता' (चिराइता–हिन्दी)-को नाम किरात र 'किराततिक्त' परेको हो। आयुर्वेदाचार्य अन्तिम वर्षको ग्रन्थ 'चरकसंहिता'[१] मा 'किरात'को मार्मिक ढंगले उल्लेख भएको छ। यसरी प्रत्येक क्षेत्रमा 'किरात' नाम परेको महत्त्वपूर्ण उल्लेखहरूले के बुझाउँछ भने किरातहरूको उत्पत्ति र साम्राज्य आर्यावर्त भारतखण्डमा नै भयो। त्यसैले उसको अर्थात् किरातहरूको शुरूदेखि आजसम्मको इतिहास यसै आर्यावर्तदेशमै छ। उसको रग रगमा 'किरात' भिजेको छ भने कसरी मङ्गोल भन्ने ? किरातहरूको साँचो वा असली इतिहासको हत्या गर्नु होइन र ? आर्यावर्त भारतखण्डको जे उठायो त्यसैमा किरात किन ? यसको उत्तर इतिहासले यही दिन्छ। किरातहरू मङ्गोल होइनन्। किरातक्षत्रिय हिन्दू-आर्य हुन्। उसको मातृभूमि, उसको पितृभूमि, उसको जन्मभूमि, उसको दर्शनभूमि र साहित्यभूमि यही आर्यावर्त नै हो। किरातहरूको कविताको भूमि, उसको गीतको भूमि, उसको बचपनको भूमि यही आर्यावर्त हिन्दूभूमि नै हो। यसबारे उसैको इतिहासले बताउँछ। किरातहरूको मातृभाषा संस्कृत थियो र आज पनि केही अंशमा छँदैछ। उसको इतिहास त संस्कृतैमा छ। अन्यत्र उसको इतिहासै छैन। यहाँसम्म कि गङ्गाको नाम पनि 'किराती गंगा' भनेर राख्ने जाति आज चानचुन छ सय वर्षको गरीब इतिहासतिर भतुवा लाग्नु बुद्धिमानी हो के त ?

किरात शब्द कुन भाषाको हो ?

अमरकोष (अ० को० द्वि० का० २०) आदि पछिको ग्रन्थहरूमा कतिपय विद्वान्हरूले किरातहरूलाई हीन वर्गमा राखे पनि वस्तुस्थितिमा किरातहरू क्षत्रिय हुन्। शब्दस्तोम महानिधिकोष पृ० १२२ मा

---

[१] किराततिक्तम् [चि० ४।७४।७६]

(क) किराततिक्तं मुक्तं गुडुचिम् [चि० ३।१९९]

(ख) किराततिक्तममृतं चन्दनं विश्व भेषजम् [चि० ३।२०२]

(ग) किराततिक्तेन्द्रयव [चि० १५।१३७।१४०]

(घ) किराततिक्तषड्ग्रन्थाः [,, ,, ,,]

(ङ) किराततिक्तको मुस्तं वत्सकः [चि० १९।५३]

(च) किराततिक्तं लोध्रं चन्दनम् [चि० २१।५५।५७]

(छ) किराततिक्तं शुण्ठीम् [चि० ३०।२६७]

आप्टे संस्कृतकोष पृ० २७७ शब्दकल्पद्रुमकोष आदिमा किरात शब्दको अर्थपरक नाम दिएका छन्। वाचस्पत्यम् पनि शब्दहरूको समूह हो। त्यसको पृ० नं० २५१ भाग ३ मा विस्तृत उदाहरणसहित किरात शब्दको उल्लेख गरेको छ। वस्तुतः किरात शब्द वैदिककालदेखि नै मूलरूपले प्रयुक्त हुँदै आएको देखिन्छ। नेपालदेखि समुद्रपर्यन्त शासन गर्ने किरातहरू नै हुन्। त्यसो हुँदा कृ=विक्षेपे धातुबाट किरतीति किरः रूप हुन्छ। यसको अर्थ हो (अवस्करादिः निक्षेपस्थान पर्यन्त भूमि) समुद्रसम्मको भूमि। किरमतन्ति=गच्छन्ति ये ते किराताः। अर्थात् समुद्रपर्यन्त भू-भागलाई पराक्रमले जितेर शासन गर्नेलाई किरात भन्दछन्। 'कृ' विक्षेपे र 'अत' सातव्य गमने यी दुइटा धातुबाट बनेको किरात शब्दले वेद, पुराण, स्मृति, तन्त्र, कोष आदि समस्त प्राचीन साहित्यको इतिहासलाई ओगटेको छ। त्यसो हुँदा 'किरात' शब्द संस्कृतको हैन, मङ्गोलिया शब्द हो भन्ने संस्कृत-ज्ञानशून्यहरूसँग क्यै प्रमाण छैन। बिनाप्रमाण वस्तु सिद्ध हुनै सक्दैन। ऐले यति नै भन्नु छ कि पौण्ड्र, आन्द्र, द्रविड, कम्बोज, यवन, शक, पारद, पह्लव, चीन, किरात, दरद, खस आदि क्षत्रिय नै हुन्। नभए माथि गनाएका जातिहरूमा 'द्रविड' पनि म्लेच्छ नै हुनुपर्ने हो। तर आजसम्म पनि 'द्रविड' ब्राह्मण नै कहलाएका छन्। यहाँ कुरा यसो भयो कि उतिखेर द्रविड क्षत्रिय नै थिए होलान्। कुनै कारणले यी आज ब्राह्मण भए। अथवा यसको विपरीत स्थान विशेषले या उपाधि विशेषले ब्राह्मण, क्षत्रिय आदिको बोधक हुन पुग्यो होला। वस्तुतः विशुद्ध आर्य-हिन्दूहरूको सन्तान हिन्दू नै हुन्। आर्य नै हुन्।

◆

किन वंशावलीमा किरातराजाहरूको नाम बदलियो ?

वर्तमान समयमा नेपालमा उपलब्ध भएको किरातराजाहरूको वंशावली-अनुसार काठमाण्डौ अधित्यकाभित्र शासन गर्ने किरातराजाहरूको नामावली एक रूपमा पाइँदैन। यस परिस्थितिमा कसको वंशावलीको नामावली सही अथवा शुद्ध मान्ने ? पाश्चात्य विद्वान्हरूमा कर्कपेट्रिक[1], राइट आदि र नेपाली विद्वान्हरूमा नयराज पन्त तथा योगी नरहरिनाथ आदिले फेला पारेका वंशावलीमा धेरै नामान्तर पाइन्छ। कैयौं वंशावलीमा एक-अर्को वंशावलीमा भएको नाम नै छैन। यहाँ पाठकहरूको सामुमा श्री नयराज पन्तजीको संग्रहबाट सत्यासत्य विवेकको लागि वंशावली राखिँदै छ। तुलना गरेर हेर्नुहोस्। (योगवर्ष ७९३ लेखेको छ।)

वंशावलीको तथाकथित नाम तथा हुनुपर्ने शुद्ध संस्कृत नाम :

(१)	यलम्बर		अलम्बर	: अत्यन्त बहादुर
(२)	पवि		पवि	: वज्र
(३)	यंवी			
(४)	धस्क	योगवर्ष ३७	धर्मस्कन्द	:
(५)	वलञ्च	,, ,, ३१,६	वलञ्चय	:
(६)	ह्लति (?)	,, ,, ४१,१	हृदय	:
(७)	हुमति	,, ,, ५०	सुमति	:
(८)	तुस्क	,, ,, ४१,८	चतुस्क	:
(९)	सूर्य	,, ,, २८,६	सूर्य	: सूर्यसमान प्रकाशमान्
(१०)	पार्व	,, ,, ५६	पर्व	:
(११)	जितेमदास्री	,, ६०	जितेन्द्र	:
(१२)	पञ्च	,, ,, ७१	पञ्च	:
(१३)	कैंके	योगवर्ष ५६	कैकेय	:
(१४)	सोनन्द	,, ,, ५०,८	सानन्द	:
(१५)	थुंको	,, ,, ५८	पुंस्कोकिल	:
(१६)	गृघ्नि	,, ,, ५९,६	गृध्नु	:
(१७)	जाजने	,, ,, ७६,२	याजन	:
(१८)	लुके	,, ,, ६०,१	लम्बकर्ण	:
(१९)	थोर	,, ,, ७१	स्थिर	:
(२०)	थौको	,, ,, ८३	स्थिरकर्म	

मन्त्रीको नाम (हार्येत) छ।

[1] कर्कपेट्रिक, राइट तथा जायसवालको नामावली (ने० ऐ० वि० पृ० २८) मा हेर्नु।

(२१) श्रीवर्मा	योगवर्ष	७३,९	···श्रीवर्मा
(२२) गुञ्ज	,, ,,	७२,२	···गुञ्ज :
(२३) पुष्क	,, ,,	८१	···पुष्कर :
(२४) केस्तु	,, ,,	५६	···केतु :
(२५) मुगुम	,, ,,	५८	···मुकुन्द :
(२६) संस	,, ,,	६३	···संसार :
(२७) गुणञ्ज	,, ,,	७४	···गुणज :
(२८) खिम्बु	,, ,,	७५	···किम्पुरुष :
(२९) गलिञ्ज	,, ,,	८१	···कलिञ्ज :

किरातराजाको दरबार गोकर्णको जङ्गलभित्र थियो। किरातराजाहरूको जम्मा भोगवर्ष १७४१ (७४००, मास ६) कलि लाग्दादेखिन् कलिगत वर्ष १५१६ किरातराजाहरूको समय भनेर लेखेको छ। '७४००, मास छ' चाहिं मसिना अक्षरमा पछि थपेका छन्। पं० नयराज पन्तजीकाँ भएको वंशावलीमा यो पनि लेखेको छ। (५० योजनभित्रसम्मको नेपाल भनी शास्त्रमा कहिन्छ।) 'वेदमा के छ ?'[१] परिशिष्ट भागमा छापिएको वंशावली, योगी नरहरिनाथजीले सम्पादन गरेको वंशावली, राइट-सम्पादित वंशावली तथा गोपालराजवंशावली आदिमा किरातराजाहरूको नाममा केही न केही अन्तर छ। कैयौं वंशावलीहरूमा 'पटुक' आदि किरातराजाहरूको नाम लेखिएका छैनन्। हुन सक्छ नामान्तर भएको होला।

यसरी किरात-राजामहाराज र सम्राट्हरूका नाम वदलेर वा बिगारेर वंशावलीकारहरूले राखेको कुरा प्रष्ट बुझिन्छ। जुन किरातहरूको भाषा संस्कृत थियो, जुन किरातको इतिहास संस्कृतमा लेखियो, जुन किरातको शासनपद्धति र शिलालेखको भाषा संस्कृत थियो, उनीहरूको जन्म, कर्म र मृत्यु संस्कृतमै भयो, ती किरातसम्राट्हरूको नाम कसरी असंस्कृत हुन सक्छ ? संस्कृत नाम परिवर्तन गरेर असंस्कृत नाम राख्नुमा केही कारण हुनुपर्छ।

पहिलो कारण—कुनै मान्छेले भन्दै गए। लेख्नेले लेख्दै गए। दुवै पढे लेखेका थिएनन्। बाह्रखरी छिचोलेर बसेका थिए होलान्। मात्रा, वर्ण, शब्द र ह्रस्व दीर्घ तथा उच्चारणपद्धतिको ज्ञान थिएन होला। त्यसैले अशुद्ध लेख्दै गए। संशोधन गर्ने मानिस थिएनन्। अथवा कुनै राजनैतिक कारणहरू पऱ्यो होला, किनभने वंशावलीमा लेखिएको संस्कृत भाषा पनि धेरै अशुद्ध छ।

दोस्रो कारण—भन्दै जाने र लेख्दै जानेहरूमा शुद्ध उच्चारण छैन भने 'न्याङ्ग' को ठाउँमा 'ठ्याङ्ग' हुनु स्वाभाविकै हो। उत्ता लेख्ने मान्छे पनि सुल्झेकै हुनुपर्छ। नत्र उसले पनि अशुद्धै लेख्छ। आज पनि 'गौरूमुन्टा' 'इन्द्रान्धि' 'तिम्लाई आम्ले ब्लान्छरे' 'नेपोलो' 'नेपोरो' जस्ता शब्दहरू प्रत्यक्ष सुन्न पाइन्छ। साथै लेख्नेले पनि त्यसै लेखेको देखिन्छ। असलमा 'गभर्नमेण्ट' 'इन्दिरा गान्धी' 'तिमीलाई आमाले बोलाउँदैछ अरे' भन्न खोजेको हो। तर उच्चारण र लेखाइले गर्दा अर्थै नलाग्ने शब्द भयो। किरात-वंशावली पनि त्यस्तै हुन गएको हो। कर्कपेट्रिकको इतिहास प्रमाणको रूपमा लिन सकिन्छ। यस्ता अनेकौं प्रमाण छन्।

---

[१] उपर्युक्त महानुभावहरूको वंशावली संकलन तत्तद् ग्रन्थहरूमा हेर्नुहोस्।

तेस्रो कारण—कुनै न कुनै कपटपूर्ण राग द्वेष भएको व्यक्तिको हातबाट वंशावली लेखिएको हुनुपर्छ, किनभने लिच्छवि किरात थिए । मल्ल पनि किरात नै थिए । परन्तु लिच्छवि र मल्ल दुवैले 'किरात' शब्दलाई मन पराएनन् । यस्तै गोपाल र महिपालहरू पनि किरातै थिए । कुनै कारणवश उनीहरूबाट किरात शब्द हटाइए । अथवा कुनै कारण थियो होला । राजनीति भनेको यस्तै हुन्छ । यस परिस्थितिमा असली किरातकालिक किरात-राजामहाराजहरूको वंशावली खतम पारेर हिजो-आज पाइने वंशावली तैयार पारेको हुन सक्छ । लिच्छवि किरातै भए पनि राजनीतिको कूटनीतिले गर्दा किरातकालिक वंशावलीलाई कति काँट-छाँट गरे होलान् । त्यसपछि मल्लहरू पनि किरातै भए । मल्लहरूकै पालामा अर्थात् जयस्थिति मल्लको शासनकालमा चौधौं शताब्दीमा आज पाइने किरात-वंशावली हो भनेर कैयौंले लेखेका छन् । तर किरातहरूको वंशावली लिच्छविहरूभन्दा पूर्व पनि लेखिएको हुनुपर्छ । त्यत्रो ५० योजनसम्म शासन गर्ने राजामहाराज साना बुद्धिका थिए भन्नु वा लेख्नु आफ्नो बुद्धिको मूर्खता देखाउनु हो । किरातकालमा किरातराजा-महाराजहरूले शासन गरेको नेपाल पनि आजको नेपालभन्दा सानो थिएन । भारतको श्रावस्तिसम्म नेपालको सिमाना किरातराजाहरूकै शासनकालमा थियो । त्यसैले किरातकालिक वंशावली लिच्छवि-कालमा नष्ट हुन सम्भव छ । शेष मल्लकालमा यताउताका कुरा जोडेर केही कागज-पत्रहरूमा भएको, केही केरकार र केही थप-थाप गर्दा आज पाइने वंशावली तैयार भएको हुन सक्छ । यस परिस्थितिका किरात-महाराजहरूको नाम बदलिनु स्वाभाविकै हो । अतएव संस्कृत नाम बिग्रेर अपभ्रंस नाम हुन पुग्यो । यो निश्चित कुरो छ ।

चौथो कारण—चौधौं शताब्दीभन्दा पूर्व नलेखिएको वंशावलीलाई चौधौं शताब्दीमा आएर लेख्ने प्रयास किन गरियो ? योभन्दा पूर्वको वंशावलीमा अवश्य नै केही थिए, जसलाई परिवर्तन गर्न कर लाग्यो होला । नवीकरण गर्न करै लाग्यो । त्यो के थियो ? यस शंकाले पिरोलो पार्नु स्वाभाविकै हो । तर वंशावली संशोधन गर्न लाउनेको हृदयमा तथा वंशावलीमा अवश्य केही थियो । नभए लगभग २००० वर्षपछि एकैचोटि वंशावली लेख्न तथा संग्रह गर्न लाग्नु तुक मिल्दैन । यहाँ दुइ चार सय वर्षको वंशावली तैयार पार्न त धेरै कठिन छ भने हजारौं वर्ष लगाएर तैयार पारेको ग्रन्थहरूमा इतिहास तयार पार्न नसकीकन वंशावली नै किन तयार पार्ने ? इतिहासै किन नलेख्ने ? यी शङ्कापिशाचीको सामु उभिने अवसर आउँछ । धेरै मात्रामा त्यसो हुनु सम्भव छ । परन्तु अहिले पाइने वंशावली नै भए पनि नामै परिवर्तन गरे पनि हामीलाई जुन उपलब्ध गराइदिए ती पूर्वजलाई धन्यवाद ।

किरातराजा-महाराजहरूको नाम परिवर्तन गर्नमा अरू पनि अनेक कारणहरू हुनसक्छन् । सबै कारण लेख्दा छपाउने समस्या हुने भएको हुनाले यहाँ यति नै सूचित गरिएको छ । विशेष कुरा के छ भने २७ अथवा २९ वा ३३ पीढीसम्म नेपालमा शासन गर्ने किरातराजा-महाराजहरूभन्दा पूर्वका किरातराजा-महाराजहरूका नाम पनि संस्कृतैमा छन् । अनि ती किरातराजा-महाराजहरूभन्दा पछिका किरातहरूका नाम पनि संस्कृतमा छन् । ३३ पीढीसम्म शासन गर्नेहरूको नाम किन संस्कृतमा राखेनन् ? यसमा केही चालबाजी हुनैपर्छ । उदाहरणको लागि अलम्वर (यलम्बर)-भन्दा पूर्व तथा समकालिक सुमना, सुवाहु, ययाति, नहुष, जलन्धर तथा यलम्बरपछिका शुद्धोदन, शाक्यसिंह, गौतम, मानदेव, नरेन्द्रदेव, अंशुवर्मा, अरिमल्ल, जयस्थिति मल्ल, भूपतीन्द्र मल्ल, सिद्धिनरसिंह मल्ल, जयप्रकाश मल्ल, पालपाली मुकुन्दसेन, मकवानपुरे माणिकसेन, हेमकरण सेन, चौदण्डी गढीको कर्ण सेन तथा विजयपुरको हरिसेन आदि किरातराजा-महाराजहरूका नाम संस्कृतैमा छन् भने केवल यलम्बरदेखि लिएर यलम्बरको २७-२९ वा ३३ पीढी-

सम्मको नाम असंस्कृत कसरी भए ? यो अत्यन्त विचारणीय कुरा छ। यी त ई० पू० पाँच हजार वर्षदेखि लिएर विक्रमको १८ शताब्दीसम्मका किरातहरूको नाम भए। १८ शताब्दीदेखि यताको नाम पनि सुन्नुहोस्। नारदमुनि, रामप्रसाद, हरिप्रसाद, विजयप्रकाश, पद्मसुन्दर, रणधीर आदि तथा स्त्रीहरूमा हरिमाया, आशा, रेखा, सरस्वती, गीता आदि नाम मङ्गोलहरूको होइन। अपितु शुद्ध आर्य-हिन्दूकिरातक्षत्रियहरूको नाम हो। फेरि कसरी किरातहरू मङ्गोलियन भए ? कसरी यलम्बर आदि राजाहरूको नाम असंस्कृत भए ? यसको उत्तरमा भन्न सकिन्छ किरातराजा यलम्बर आदिका नाम संस्कृतैमा थिए। वंशावलीकारहरूले परिवर्तन गरेका हुन्। स्वादिलो इतिहास यो छ कि हि० ख० पृ० ३९ मा किरातकवि पद्मनाभ पनि छन्।

नाम-परिवर्तन बुद्धिमानीले गरेको देखिन्छ

नेपालका किरातराजा-महाराजहरूको नाम परिवर्तन गर्दा परिवर्तन गर्ने वंशावलीकारले बुद्धिमत्ताको साथ परिवर्तन गरेको देखिन्छ। यलम्बर र अलम्बरमा खास अन्तर छैन। संस्कृत नजान्नेहरूलाई भिन्न लाग्ने कुरा अर्कै हो। 'पवि' वज्रको नाम हो। माझाको मकारसहित रेफ र अन्तिमको 'न्द' उडाएपछि 'धस्क' नाम राखेको हो। 'बलञ्च' मा यकार मात्र हटाएको छ। 'ह्लति' र 'हृदय' मा खास अन्तर छैन। 'हूमति' मा 'सु' हटाइदिए। 'च' हटाएर 'तुष्क' बनाएको हो। जितेन्द्रियद्रष्टालाई 'जितेमद्रासी' बनाएको हो। 'पञ्च' र 'पञ्चमः' मा फरक छैन। 'कैके' मा 'य' हटाइदिए। 'सोनन्द' मा 'स' मा 'ओ' बढाइदिएको हो। 'थुको' मा 'पु' लाई 'थु' बनाएर 'स' हटाइयो। 'किल' लाई पनि साफ गरे। 'गृध्नि' र 'गृध्नु' संस्कृतै हो। 'गृधि' आकाङ्क्षा धातुवाट बनेको सञ्ज्ञा हो। 'जाजने' मा 'या' हटाएको हो। 'लम्बकर्ण' को 'ल' मा 'उ' थपी 'म्ब' हटाई 'के' बनाएर 'र्ण' लाई हटाएपछि 'लुके' नाम राखेका हुन्। 'स्थिरः' लाई थोर बनाइयो। स्थिरकर्मलाई 'थौको' पारेर राखेका हुन्। श्रीवर्मा, गुञ्जः संस्कृतकै नाम हो। 'पुस्क' मा 'र' हटाएका हुन्। 'केतु' मा बीचमा आधा 'स' थपेका हुन्। 'मुगुम' मा 'मु' पहिला अक्षर रहनु दिएर 'क' लाई 'गु' बनाई 'न्द' को ठाउँमा 'म' ल्याएर राखेका हुन्। 'संसार' लाई 'संस' बनाएका हुन्। 'गुणञ्ज' संस्कृत हो। 'गुणञ्ज' लाई संस्कृत नजान्नेहरूले संस्कृतको शब्द होइन भने पनि फरक पर्दैन। 'कलिञ्ज' 'थ' लाई 'गलिञ्ज' बनाएका हुन्।

यसरी अलग-अलग वंशावली पाइए पनि पाश्चात्यहरूले हात पारेका वंशावलीमा अझ धेरै ठाउँ-ठाउँमा बाङ्गिएको देखिन्छ। तर इतिहासको पाना निक्कै अघिदेखि बिग्रेको पाइन्छ।

* * *

प्राचीनकालमा नाम राख्ने चलन

कतिपय आधुनिक इतिहासको अडेस लाग्नेहरूले भन्छन् सेन, पाल, देव, वर्मा, सिंह, दत्त आदि नाम किरातहरूको हुन सक्दैन । तर त्यो भनाइ सत्य होइन । यी इतिहासकारहरू केवल राजनीति अथवा अरू एउटा कुनै कुरालाई कोट्याएर मात्रै हिंड्दछन् । मूल पैल्याउने प्रयासमा हुँदैनन् । धेरैजसोले अर्काले लेखेको मात्र उतार्दछन् ।

परिश्रम गरेर अध्ययनपूर्वक लेखेका भए अवश्य पनि आफ्नो पंक्तिमा आफ्नै कलमले लेखेको उद्धरण तथा प्रमाणहरूलाई भन्नु सक्नुपर्ने हो । तर धेरैजसो त्यस्ता देखिएनन् । परन्तु यी पंक्तिहरूलाई पढेर साँचो परिश्रम र अध्ययन गरेर लेख्ने इतिहासका विद्वान्हरूले चाहिं रिसिनु हुँदैन । प्राचीनकालमा जातिप्रथाको आधारमा नाम राख्ने चलन थिएन । जन्मराशि तथा लोकप्रियताको आधारमा नाम राख्ने चलन थियो । साथै गोत्र तथा अपत्य अर्थमा पनि नामकरण गरिन्थे । यास्क, पाणिनि, कात्यायन आदि गोत्र तथा अपत्य अर्थमा राखिएका नाम हुन् । कार्यपरक नाम पनि राखिन्थे । जस्तै—वेदव्यास आदि । जसले वेदलाई चार भागमा बाँट्यो, त्यसको नाम वेदव्यास पऱ्यो । यसरी नै 'मैत्रावरुण' आदि नाम पनि जान्नुपर्छ । यसरी पाल, सेन आदि नामको इतिहास खोज्दै लैजाँदा त्रिपुराको 'राजमाला' मा ययातिको दशौं पीढीमा 'राजा धर्मपाल' पहिलो पाल नाम गरेका पहिला पालराजा थिए । धर्मपालपछि १४२ राजाहरू भए । यी सबै किरातै थिए । नेपालमा डुल्लुको शिलालेखहरूमा 'आदिपाल' 'अमरपाल' आदि नाम आएको छ । कताका 'पाल' पुराना हुन्, यो खोजको विषय छँदैछ । तर त्रिपुरी पालहरू किरात नै हुन् । कैलासचन्द्रसिंहको 'त्रिपुराराजमाला' पृ० नं० ३९ तथा कालीप्रसन्नको 'त्रिपुराराजमाला' भाग २ पृ० नं० ७९ आदिमा प्रष्टै परेको छ । सेनहरू पनि किरातै हुन् । बङ्गालमा हिजोआज बङ्गालीहरूले 'सेन' र 'राय' लेख्ने गरेका छन् । तर किरातहरूकै शाखा प्रशाखाबाट छुट्टिएर 'सेन' लेख्ने गरेका हुन् । नेपालमा पालहरू सिंजा र डुल्लुमा प्रसिद्ध भए । यी पालहरू खसक्षत्रिय थिए कि किरातक्षत्रिय थिए ? यो पनि खोजको विषय छँदैछ । सेनहरूमा पाल्पाका पृथिवीपाल सेन, मुकुन्द सेन, मकवानपुरका मानिकसेन, चौदण्डी गढीका कर्णसेन, विजयपुरका कामदत्तसेन, हरिसेन तथा हथुवागढीका सोनाराय किरातक्षत्रिय 'सेन' वंशी राजाहरू थिए । यिनीहरूको अन्त १८ शताब्दीमा भयो । परन्तु त्रिपुराका देव वर्मा (डवर्मा) किरातराजाहरू १८ शताब्दीसम्म थिए । अब भारत स्वतन्त्र भयो । त्यस बेला सबै रजवाडाहरूलाई एकीकरण गरेपछि त्रिपुराको किरातराज्यको पनि अन्त भयो । तनहुका हरकुमारदत्तसेन, रिसिङ्गका मधुसूदनसेन यी खसक्षत्रिय सेन हुन् । तर किरातक्षत्रिय सेनहरूसँग यिनीहरूको व्यवहार थियो । त्यसैले भन्न कर लाग्छ कि सेनवंशीय किरातक्षत्रियहरूको व्यापक र लामो परम्परामा खसक्षत्रियहरूले पनि 'सेन' लेख्न थालेका हुन् । शाक्यसिंह भगवान् बुद्धको नाम हो । बुद्ध पनि शाक्यवंशीय किरातक्षत्रियकुलमा उत्पन्न भएका थिए ।

यसरी नाम र नाम राख्ने चलनबाट पनि किरातहरू मङ्गोलियाबाट आएका भतुवा होइनन् भन्ने इतिहास सिद्ध भएको छ । नामको अन्तमा 'दत्त' जोडिएको किरातसम्राट् भगदत्त थिए । यसरी दत्त, पाल, सेन, देव, वर्मा, सिंह आदि नाम कुनै जाति विशेषले राख्ने चलन थिएन । 'ब्राह्मणस्य शर्मान्तोनाम, क्षत्रियस्य वर्मान्तो नाम, वैश्यानां शूद्राणञ्च दासान्त नाम करणम्' भन्ने व्यवस्था छुवाछूत हुन थालेपछि बनाएका हुन् । साथै यो नियम लागू छैन पनि । त्यसैले सबै जातिमा सबै प्रकारको नाम पाइन्छ । त्यसैले भन्न सकिन्छ कि वंशावलीको संस्कृत नाम बदलेर राखेको हो ।

*

किरातहरूले जनै धारण गर्थे

किरातहरूले धेरै पछि आएर जनै छोड्ने कारणहरू दुर्व्यसन नै हो । तर परापूर्वकालमा किरात-क्षत्रियहरूले जनै धारण गर्थे भन्ने प्राचीन इतिहासमा धेरै प्रमाण पाइन्छ । सबैभन्दा पूर्वकालमा परशुरामले क्षत्रियहरूको २१ बार आतङ्कपूर्वक संहार गर्नाले आफूलाई डरपोक ठान्ने किरातहरूले जनै फालेको इतिहास प्रष्ट छ । शेष विश्वामित्रको करामत पनि कम थिएन । ऋग्वेदीय ऐतरेयब्राह्मण स्पष्टरूपमा सामु छ । तर संस्कृत नजान्ने किरातहरूले आफ्नो इतिहास खोज्न संस्कृत भाषा नजान्नाले सधैं अन्यायमा पर्नेछन् । सही किरात-इतिहास पाउनेछैनन् । हमेशा भत्तुवा भएर बरालिरहनेछन् । संस्कृतलाई गाली गरिरहनेछन् । त्यसैले जुन दिनदेखि संस्कृत पढ्न छोडे, त्यसै दिनदेखि दुर्व्यसनमा परेर आफ्नो इतिहासलाई बिर्से । यहाँ मतङ्ग ऋषिको वर्णन गर्दा महाकवि दण्डीले सारै मार्मिक भावमा यज्ञोपवीत धारण गर्ने किरात-ऋषिको वर्णन गरेको छ । पाठकवर्गले ध्यान दिएर हेर्नु आवश्यक[1] छ ।

यज्ञोपवीत = जनै धारण गर्नाले, विप्र = ब्राह्मणको अनुमान हुन्थ्यो । जसको शरीर कालो फलामको जस्तो कर्कश = कठिन अथवा सारो थियो । प्रष्टरूपमा किरातको प्रभाव देखिन्थ्यो भने नयन परुष पनि प्रष्टै थियो । यस्तो कुनै पुरुषलाई ददर्श = देख्यो ।

यस प्रमाणले स्पष्ट हुन्छ कि शवरकिरातहरू जनैधारी थिए । किरातहरूले जनै धारण गर्दैन थिए भने प्राचीन इतिहासमा किन लेखिए त ? स्वार्थसिद्ध गर्ने कुरा अर्कै हो । अज्ञानीले आफ्नो इतिहास भुलेर मूर्ख भत्तुवा भएर बस्नु अर्कै कुरा हो । तर प्राचीन इतिहासलाई ढाक छोप गर्दा ढाक छोप हुने कुरा होइन । कतै न कतैबाट त्यो इतिहास उत्रिन्छ । त्यसैले प्राचीन इतिहासमा किरातहरू जनैधारी थिए भन्ने प्रमाण छ भने अर्को विकल्प किरातहरूलाई केही चाहिँदैन ।

तर आज शवरकिरातहरूले पनि जनै लगाएको देखिएन । मध्यप्रदेशको केही क्षेत्र तथा छोटा नागपुर क्षेत्रहरूमा शवरहरू आज पनि प्रशस्त मात्रामा छन् । तर अरू जातिको अपेक्षाकृत शवर र भीलहरू जङ्गली नै देखिन्छन् । फाटफुट आधुनिक शिक्षातिर पनि लम्किदैछन् त पनि अशिक्षित र दुर्व्यसन मात्र उनीहरूमा धेरै देखिन्छ । यसरी किरात-ऋषिमुनिहरूका सन्तान पछाडिएका हुन् । पछाडिँदै जाँदा जनै त छोडे; साथै आफ्नै ऐतिहासिक जीवनलाई पनि अस्तव्यस्त पारेर बसेका छन् ।

✱

---

[1] 'तत्र हेति हेति किणाङ्कं कालायसकर्कसकायं यज्ञोपवीतेनानुमेयविप्रभावं व्यक्तकिरातप्रभावं लोचन परुषं कमपि पुरुषं ददर्श ।' (द० कु० च० २ उ०)

किरात र शवरमा भेद छैन

कैयौं व्यक्ति वा लेखकहरूले किरात भिन्न हो र शवर भिन्नै हो भन्ने दुःसाहस गरेका छन् । तर इतिहास राम्ररीसँग गोड्ने हो भने किरातहरूकै एक शाखा शवरहरू देखिन्छन् । व्यापकरूपले अध्ययन र मननको आवश्यकतालाई भने नकार्न सकिंदैन । हाम्रो देशका लेखक धेरैंजसो टेबलठोकुवा इतिहासकार छन् । धेरै चोर छन् । केही डाका इतिहासकार पनि छन् । यस्ताले सजिलैसँग इतिहास लेख्छन् । गहिराईमा डुबेका हुँदैनन् । वास्तविकतालाई बुझेको हुँदैन । अनि वास्तव मतको हत्या गरेर बहुमतले पास गरेको हुन्छ ।

महाकवि दण्डीले यसरी लेखेका छन् ।[1]

यसको व्याख्या गर्दा टीकाकार गुरुनाथ भट्टाचार्य तथा प्रसिद्ध विद्वान् कालीपद तर्काचार्य दुवैले 'शवर'को अर्थ किरात गरेका छन् । यो व्याख्या यस्तो छ —शवरबलेन = किरातजातीयसैन्यबलसमूहेन रभसाद् = अतिवेगेन[2], शवर सेनाले अर्थात् किरात जातीयसैन्यसमूहले...... भन्ने अर्थ हुन्छ । यहाँ किरात र शवर शब्द पर्यायवाची व्याख्या हुन पुगेको छ । यसैको अगाडि ''शवरै किरातगणैः पूर्वं विदेहराज मास्कन्दितवद्भिः' यो व्याख्या अर्थ चिन्तनमूलक छ ।

यसरी 'शवर' नै किरात हुन् भन्ने व्याख्याकार तथा टीकाकारहरूले गरेका छन् । तर यस्तो व्याख्या मनमानी गर्न पाइँदैन । मूलमा नभएसम्म र प्रमाण नपाएसम्म यस्तो व्याख्या हुन सक्दैन । त्यसैले 'शवर' व्याख्याकारको मत हो कि मूलमा पनि छ ? यस्तो शङ्का भयो भने बुद्धिमान् विद्वान्हरूले मूल हेर्ने गरेका छन् । मूलकार दण्डीले ''तत्र सन्ततमेवंविधविजयसिद्धये कुमारं देवतोपहारं करिष्यन्तः किराताः...... ...' भनेर लेखेको छ । योभन्दा पनि पूर्वको पाठमा 'ननु किरातोपमा......' पाठ स्पष्ट देखिन्छ । फेरि यसको व्याख्या गर्दा व्याख्याकारले 'किरातोत्तमा = शवरश्रेष्ठाः' गरेका छन् । जे होस् दण्डीले प्रयोग गरेको समयमा शवर र किरात अभेदरूपमा व्याख्येय थियो भन्दा अत्युक्ति नहोला । यति मात्र होइन, निश्चित किरातहरूकै शाखाभित्र शवरहरू पर्छन् । शवर-किरातहरूकै शाखामा भील पनि पर्छ । यो केवल दण्डीले मात्र होइन, अपितु ऋग्वेदका ऐतरेयब्राह्मणादि प्राचीन ग्रन्थहरूमा पनि शवरहरू किरातहरूकै शाखा देखिन्छ । यद्यपि महाभारत भीष्मपर्वको ५० अध्याय ५३२ श्लोकमा किरातहरूभन्दा 'शवर' अलगै हुन् भन्ने झलक देखिन्छ । ठीकसँग संस्कृत नजान्नेलाई अप्ठचारो पनि पार्नु सक्छ । परन्तु त्यहाँ पनि शवर र किरात अलिकति थरभेद मात्र हो ।

✳

---

[1] ''ततो वनमार्गेण दुर्गेण गच्छन्नधिकबलेन शवर बलेन
रभसादभिहन्यमानः... ... ...(दशकुमारचरितको प्रथम उच्छ्वासमा)

[2] द० कु० च० प्र० उ०

प्राचीन किरातहरूको जाति र गोत्र

प्राचीनकालमा गोत्रको परिपाटी सामाजिक तथा धार्मिक संयमका लागि ऋषिमुनिहरूले बनाएको नियम गोत्र हो । त्यही गोत्र आधुनिक युगमा केही किरातहरूले 'पाछा' भनेर पुकार्ने गरेका छन् । वस्तुतः प्राचीनकालमा गोत्र नै थियो । आज पनि समस्त हिन्दू-आर्य मात्रले गोत्र नै पुकार्ने गरेका छन् । किरातहरू पनि शुद्ध हिन्दू-आर्यकिरातक्षत्रिय नै हुन् । त्यसैले उनीहरूको गोत्र नहुने कुरै भएन । किनभने अठ्ठासी हजार ऋषिमुनिहरूको सन्तानभन्दा बाहिर त जानै सक्दैन । त्यही गोत्रको आधारमा धार्मिक सङ्कल्प, बिहावारी गर्ने आजसम्म पनि नियम चल्दै आएको छ । गोत्र छुट्याएर र मात्र बिहावारी गर्ने चलन थियो र आज पनि ब्राह्म, प्राजापत्य, विवाह गर्दा नातागोता छुट्टाएर मात्रै विवाह गर्ने वचन दिनुपर्छ है भन्ने गरेका छन् । यो परिपाटी किरातहरूको लाखौं वर्ष पुरानो र ऐतिहासिक परिपाटी हो । हिजो-आजको नयाँ परिपाटी होइन । त्यसैले बूढापाकाको उखानमा 'नाता' भनेको नजीकको सम्बन्ध हो । त्यस्तो सम्बन्ध अर्थात् एक पुस्ते दुइ पुस्ते सम्बन्ध र 'गोता' भनेको 'गोत्र'[1] हो । 'गोत्र'को उच्चारण गर्न सकेनन् । त्यसैले 'गोता' मात्रै रह्यो । 'गोत्र' नछुट्याएमा दाजु-बैनी र दिदी-भाइ पनि पर्न जान्छ । त्यसो भयो भने 'पशु'को तरह आचरण भयो । मानव आचरण भएन । त्यसैले यस्तो अमानवीय आचरण नहोस् भन्नका लागि जाति र गोत्र छुट्टाएको हो । संस्कृत भाषामा पहाड, पर्वतलाई 'गोत्र' भनिन्छ । प्राचीनकालमा मानवसृष्टि पहाड-पर्वतदेखि नै भएको इतिहास प्रष्ट भैसकेको छ ।

जब पहाड, पर्वत, गोत्रहरूमा बसोबास गर्थे । एउटा 'गोत्र' डाँडामा उभिएर कराउँदा अथवा आवाज दिंदा जहाँसम्म सुनिन्थ्यो, त्यहाँसम्म केवल आफ्नै खानदान अर्थात् जुठोलाग्ने, छाक बारण गर्नुपर्नेहरूले मात्रै बसोबास गर्थे । उनीहरू दुःख-सुख, मराउ-पराउ परेको बेला शङ्ख, घण्टा, डमरू, ढोल अथवा ठूलो आवाज डाक मार्न सक्ने मान्छे गएर डाक मार्थे । त्यो डाक सुनेर गाउँघरमा शुभाशुभ कर्ममा भेला भएर सर-सल्लाह गरेर गर्नुपर्ने कार्य गर्थे । यस्तै अवसरमा अबदेखि यो 'गोत्र' माने डाँडाबाट डाक मार्दा सुन्ने जति ठाउँमा बस्ने हामी सगोत्री अथवा एकै गोत्रवाला भयौं; त्यसो भएको हुनाले सगोत्रीय अथवा एकै गोत्रभित्र पर्नेहरूले एक-आपसमा बिहावारी गर्नु हुँदैन, किनभने दाजु-बैनी, दिदी-भाइ, ममेरा फुफेरा आदि साइनोसम्बन्धी 'गोत्र' केलाएर अर्थात् 'गोत्र' 'प्रवर' शाखा सोधेर मात्रै बिहावारी गर्ने भन्ने नियम ऋषिमुनि आचार्यहरूले बाँधिदिए । सगोत्रीयमा जुठो पर्ने नियम चलेको हो । 'गोत्र' चलाउने नियम चलाउँदा पञ्च वा साक्षीको रूपमा जतिजाना मान्छे अथवा ऋषिमुनिहरूलाई राखेका थिए, त्यही नै प्रवरको नामले पुकारिए । त्यसैले प्रवर भन्नुपर्दा तीन 'प्रवर', पञ्च 'प्रवर' कतै एकै 'प्रवर' पनि भन्ने चलन छ । त्यो साक्षी राख्दा जति थिए, त्यति नै भनेको हो । त्यसैले प्रवरको अर्थ 'साक्षी' अर्को शब्दमा भन्न सकिन्छ । तर 'प्रवर' अब पारिभाषिक 'शब्द' भैसक्यो । फेरि 'शाखा' हुन्छ ।

ती प्रवरहरू कुन वेदको, कुन, शाखाको ज्ञाता थिए ? त्यसैले शाखा सोध्ने गरेको हो । त्यसमा पनि त्यस 'शाखा' को 'सूत्र' हुन्छ । यसरी गोत्र, प्रवर, शाखा, सूत्र आदिलाई छुट्याएर विवाह आदि कर्म गर्ने

---

[1] 'गोत्र'को अर्थज्ञानको लागि देवराज यज्व कृत 'कश्यप निघण्टु' पृ० नं० ३७ अवश्य हेर्नुहोस् ।

विधान प्राचीन ऋषिमुनि अर्थात् पूर्वजहरूले राखेका हुन् । त्यसैले 'नमः पूर्वजेभ्यः ऋषिभ्यः' भनेर वेदमा पूर्वजहरूको स्मरण गरिएको छ । यी गोत्र, प्रवर, शाखा, सूत्र, किरातक्षत्रियहरूका पनि थिए । त्यसैले त आत्रेय, भारद्वाज, औपगव, काश्यप आदि किरातहरूको गोत्रसहितको जातिको उल्लेख भएको छ। पाठकवृन्दले मनन गर्ने प्रमाण[1] यी हुन् । शान्त चित्तले मनन गर्नुहोस् ।

यस श्लोकमा किरातहरूको जाति गणना गर्दा आत्रेय, भारद्वाजसहित स्तनयोषिक, औपगव (औपक), कुलिन्द (पुलिन्द) यी किरातहरूका जाति हुन् भनेर लेखेको देखियो । केवल यति मात्रै होइन, ब्रह्मपुराणमा पाँच जाति अझ धेरै उल्लेख भएको देखिन्छ । विवेकी पाठकवृन्दबाट ध्यानपूर्वक मनन हुनेछ ।[2]

यहाँ किरातहरूको जाति आत्रेय, भारद्वाज, पुष्कल, दशेरक, लम्पक, शुनः, शोक, कुलिक, जाङ्गल, औषध्व, चलचन्द्र यी किरातहरूका जाति हुन् भनेर कुरा प्रष्ट देखियो । तसर्थ यो प्रमाण देखेर पनि किरातहरू मङ्गोलियन हुन् भन्नु मूर्खतादेखि बाहेक के हुन सक्छ र ?

अब वायुपुराणमा पनि ध्यानपूर्वक मनन गरौं ।[3]

यहाँ पनि दुइ जाति अरू थपिए । यसरी आत्रेय, भारद्वाज, स्तनयोषिक, औपक, कुलिन्द, पुष्कल, दशेरक, लम्पक, शुनः, शोक, कुलिक, जाङ्गल, औषध्य, चलचन्द्र, अपगा, चालिमन्द्रा गरी १६ (सोह्र) जातिका किरातहरू गोत्र, प्रवर, शाखा, सूत्रसहित, विद्वान्, ऋषि, मुनि, आचार्य, वैज्ञानिक, कलाकार, राजा, महाराज, सम्राट्, लेखक, कवि आदि भएर बसेका थिए भन्ने इतिहास उपर्युक्त प्रमाणहरूबाट प्रष्ट बुझिन्छ । यदि किरातहरू त्यस्ता नभए वेदहरूदेखि लिएर समस्त प्राचीन वाङ्मयमा किन लेखिन्थे ?

यो अवश्य छ कि ब्रह्मपुराण र वायुपुराणादिमा किरातहरूलाई उपनिवेशवादी क्षत्रिय भनेर लेखेका छन् । यो पाठ ठीक देखिन्छ । किरातहरू वैदिक युगका प्रवर्तक जातिमध्ये एक जाति हो । वेदमन्त्रको सङ्कलनमा किरात-ऋषिहरूको पनि ठूलो सहयोग छ । यो भन्नुको तात्पर्य वैदिक मन्त्रद्रष्टा ऋषिहरूमा किरातहरू पनि थिए । "नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमः" इत्यादि मन्त्रले प्रष्ट पारेकै छ । गोपायनहरूका पुरोहित किरातै थिए । पुरोहितदेखि लिएर 'चार' (गुप्तचर)-सम्मका कुनै काम किरातहरूले छोडेका छैनन् । यस्ता किरातहरू कसरी मङ्गोल=मुसलमान हुन सक्छन् र ? त्यसैले नसोचीकन लेख्न र बोल्न दुवै काम खतरनाक हुनेछ । जसले गर्दा भविष्यका राष्ट्रको सन्तानको दिमाग या मस्तिष्कको हत्या हुन्छ । अरू लाभ केही छैन । वैदिक किरातक्षत्रियहरू अत्यन्त मननशील थिए । त्यसैले मानव व्यवहारोपयोगी भएर बसेका थिए । यस्ता किरातहरू मंगोल हुन सक्दैनन्; नत्र उपर्युक्त जाति, गोत्रादि नहुनुपर्ने हो । त्यसैले किरात मंगोल हुन् भन्ने र भनाउने दुवैले यसको उत्तर खोज्नुपर्नेछ ।

आज हामी किरातहरूको जो रूपरेखा पाउँछौं, ती प्राचीनकालमा पनि थिए । तर मगर, गुरुङ्ग, सुनार, तामाङ्ग, राई, लिम्बू आदि भित्र पर्ने थर त्यति खेर थिएनन् । त्यस्तै प्रकारले मगरभित्र पर्ने पुलामी,

---

१. आत्रेयास्सभारद्वाजास्तथैव स्तनयोपिकाः ।
औपकाश्च कुलिन्दाश्च किरातानाञ्च जातयः ॥ म० भा० भी० प० १०।६७

२. आत्रेयाश्च सभरद्वाजाः पुष्कलाश्च दशेरकाः ।
लम्पकाः शुनः शोकाश्च कुलिका जाङ्गलैस्सह ॥
औपध्याश्चलचन्द्राश्च किरातानाञ्च जातयः । (ब्रह्मपुराण २७ अ० ४८।४९)

३. "अपगाश्चालिमद्राश्च किरातानाञ्च जातय" वा० पु० उ० पा० ४५ अ० १२०

पोखरेल, थापा, राना आदि र गुरुङ्गभित्र पर्ने धले, गोतामे, लामा, लामिछाने, घोण्डे आदि पनि थिएनन् । यस्तै सुनार राईहरूमा मार्पाछे, कुलुङ्ग, थुलुङ्गे, चामलिङ्ग, वान्तवा आदि र तामाङ्गभित्र पर्ने घिसिङ, पाख्रिङ, वमजन, मोक्तानादि र लिम्बूभित्र पर्ने थेवे, लावती, तुम्बाफो, लिङदेन, फागो आदि पनि थिएनन्, किनभने प्राचीन इतिहास तथा शिलालेख आदिमा कहीं पनि उल्लेख भएको देखिंदैन ।

तर प्राचीन इतिहासमा[१] किरातहरूको उल्लेख भने महत्त्वपूर्ण ढंगले भएको छ । यहाँ विचारणीय कुरा यो छ कि वर्तमान समयमा केही किरात हिन्दू-आर्यक्षत्रियहरूले दुर्व्यसनले गर्दा आफ्नो असली प्राचीन इतिहास बिर्से । संस्कृत पढ्न छोडे । धेरैजसो किरातहरूले राष्ट्रभाषालाई नै शुद्ध गरी जानेका हुँदैनन् । कसैले कनि कुथि गरेर केही पास गरेको छ भने पनि भाषामा अधिकार हुँदैन । यस परिस्थितिमा एक-दुइ जनाले सात समुद्रपारिको अंग्रेजी भाषाको मेनिङ्ग रटेर के नै पो बुझेको हुन्छ र !

त्यस्ताले अलिअलि टाटाङ-टुटुंग गरेर एक-दुइजना अनधिकारी तथाकथित इतिहासकारहरूको पुस्तक पढेका हुन्छन् । त्यो पनि पाश्चात्यहरूले फुट पार्ने लेखेको इतिहासको केही पानाहरू हेरेका हुन्छन् । त्यसैको आधारमा नसोचीकन नविचारीकन 'ए ! हामी त मंगोलियन पो रहेछौं !' भन्ने गरेको सुनिन्छ । तर यो इतिहास होइन । यो कथन ठीक छैन । प्राचीन इतिहास नहेरीकन फतफत्याउनु आफ्नो इतिहासको हत्या गर्नु हो । र आफ्नो इतिहासको हत्या गर्नु आफ्नै आत्माको हत्या गर्नु हो । त्यसैले विदेशीहरूले फुट पार्ने लेखिदिएको इतिहासको केही पाना हेरेर तथाकथित अनधिकारी इतिहासकार 'हुँ' भन्नेहरूले लेखेको आधारमा बुद्धि भएका किरातहरूले नबुझीकन आफ्नो इतिहासको हत्या गर्नु हुँदैन । बुझ्ने प्रयास गर्नु आवश्यक छ । बुझे पनि बुझ्ने विद्वान्ले खण्डन मण्डन आलोचना जे गरे पनि हुन्छ । तर त्यसो गर्ने अधिकारी विद्वान् हुनुपर्‍यो । स्वार्थको दूनो सोझ्याउनेहरूसँग पनि सावधान रहनु आवश्यक हुन्छ । यी कुराबाट होश नपाएका किरातक्षत्रियहरूले आफूलाई चार सय वर्षपहिलेको मंगोलियातिर धकेलेर प्रश्न गर्ने गरेका छन् ।

हामी किरातक्षत्रिय हिन्दू-आर्य नै हौं भने हाम्रो थर अलग किन छन् त ? त्यसैको उत्तर यो हो । व्याख्या माथि भैसकेको छ । प्राचीनकालिक किरातहरूको जाति महाभारतमा प्रष्ट लेखेको छ ।

---

[१] शु० य० वा० सं० ३०।१६
अ० वे० १० का० ४।१४
तै० ब्रा० ३–४–१२–१
म० स्मृ० १०।४४
वा० रा० वा० का० ५५ स० ३
म० भा० आ० प० १७४–३७
म० भा० भी० प० १०४९–१०–५५–१०–६७
म० भा० व० प० ९०–२०–२१
म० भा० स० प० ३०–१५
म० भा० स० प० ३२–१७
आदि ग्रन्थहरूमा ध्यान दिएर हेर्नु र मूल ग्रन्थलाई पढ्नु आवश्यक छ । मूल ग्रन्थ नहेरीकन कसैले लेखेको खुरुखुरु उतारेर इतिहासकार वन्ने चेष्टा समाज र राष्ट्रको हत्या गर्ने काम हो । कसैले त्यस्तो अपराध नगर्ने सुझाव दिइन्छ ।

(१) भारद्वाज
(२) आत्रेय
(३) स्तनयोषिक
(४) औपक (ग)
(५) पुलिन्द

यी पाँच जातिका किरातहरू महाभारतकालसम्म थिए। परन्तु कश्यप गोत्रका किरातहरू आज पनि ठाउँ-ठाउँमा पाइन्छन्। उपर्युक्त प्रमाणबाट यो बुझिन्छ कि 'आत्रेय' जाति तथा गोत्रका किरात-क्षत्रियहरू धेरै थिए। अतएव मूलमा 'आत्रेयाः' बहुवचनान्त पाठ देखिन्छ। साथै भारद्वाज गोत्रसहित अरू जातिका पनि किरातक्षत्रिय थिए। त्यसैले 'सभारद्वाजाः' मूलमा पाठ दिएको देखिन्छ।

संस्कृत भाषामा समासको साथमा बहुवचनको ठूलो महत्त्व हुन्छ। त्यसको व्यापक अर्थ निस्कन्छ। 'स्तनयोषिकाः' यहाँ पनि बहुवचनकै प्रयोग भएको छ। अर्को पंक्तिमा 'औपकाः' तथा 'पुलिन्दा' दुवै बहुवचनान्त प्रयोग देखिन्छन्। त्यसपछि 'किरातानाश्च जातयः' भनेर टुङ्ग्याए। यी किरातहरूका जाति हुन् भनेर लेखेका छन्। अन्य पुराणादिमा 'औपका' शब्दको ठाउँमा 'औपगाः' पाठभेद देखिन्छ। 'पुलिन्दाः' को ठाउँमा 'चालिमद्रा' यस्तो पाठ छ। 'औपक' भन्दा 'औपग' र 'औपगव' पाठ धेरै राम्रो देखिन्छ। महर्षि पाणिनिले 'उपगोरपत्त्यम् औपगवः' प्रयोग बनाएका छन्। भारद्वाज, आत्रेय, औपगव, चालिमद्र, पुलिन्द आदि थर, गोत्र, जाति भएका किरातक्षत्रियहरू कसरी मङ्गोलियन हुन सक्छन् र! किरातहरूलाई उनीहरूको पूर्वज ऋषि, महर्षि, गोत्र, जाति र इतिहासले नै मङ्गोलियन हुन दिंदैन। किरातहरू जता गए पनि इतिहास जान्ने इतिहासकारहरूले 'तिमीहरू हिन्दू-आर्य किरातक्षत्रिय हौ। यसमा सन्देह नगर। नबरालियौ। तिम्रो इतिहासले त्यही भन्छ। तिमीहरू किरातक्षत्रिय हौ। तिमीहरूले बाटो बिराएर बरालिएको खण्डमा भविष्यमा पनि तिम्रो इतिहासले क्षमा गर्नेछैन।' यिनै राय दिनेछन्।

भनेको पनि त्यही नै हो। उपर्युक्त इतिहासको प्रमाणले सिद्ध गरेको तथ्यलाई कसैले होइन भन्न सक्दैन। त्यसैले किरातहरू आज पनि काश्यपगोत्रीय, काशीगोत्रीय, मानवगोत्रीय, लासागोत्रीय आदि छँदैछन्। नाम राख्ने परम्परा, शुद्ध गर्ने परम्परा, गोत्र-परम्परा, शिवलाई इष्टदेव मान्ने परम्परा आफूलाई 'किरात' भन्ने परम्परा हटाए भने निश्चय नै किरातहरू हिन्दू-आर्य होइनन्। यदि माथिका परम्परालाई हटाउन सक्दैनन् भने किरातहरू निश्चय नै हिन्दू-आर्यक्षत्रिय हुन्। फेरि कसले मङ्गोलियन बनाउन सक्छ र? पेटको लागि अथवा आफ्नो तुच्छ स्वार्थको लागि कसैसँग मिलेको होस्। तर त्यो हिन्दू-आर्य किरातक्षत्रिय नै रहन्छ, किनभने कश्यपको सन्तान हुन् किरात। अत्रिका सन्तान हुन् किरात। भारद्वाजका वंशपरम्पराका हुन् किरात। त्यसैले किरातहरूको प्राचीन पुर्ख्यौली-परम्परामा काश्यप, भारद्वाज, आत्रेयादि लेखेका पाउँछौं।

* * *

आधुनिक किरातहरूमा चामलिङ्गहरूको पाछा

यहाँ नेपालका आदिवासी किरातहरूमध्ये चामलिङ्गे राईहरूको हाँगाबिंगा केलाउने प्रयत्न गरेको छु। किरातबाट 'राई' भए। किन्तु 'राय' शब्दको अपभ्रंसबाट 'राई' हुन गएको हो। प्राचीन वैदिक साहित्यमा 'राय' शब्दको उल्लेख धेरै छ। अनि त्यतिखेर 'राय' । 'रा'य शब्द धन र धनीको वाचक थियो। किरातहरू प्राचीनकालमा वीर, पुरुषार्थी, उद्योगपतिदेखि लिएर राजा-महाराज, सम्राट् र वैज्ञानिक थिए। यो इतिहास महाभारत आदिले प्रष्ट गरेर चिनाएको छ। तर शेष ऐले बाँचेको किरातहरूले संस्कृतसँग साइनो नजोडेको हुनाले अथवा संस्कृत पढ्नु बाहुनको काम हो, हाम्रो काम होइन भनी संस्कृतलाई मन नपराउने भएकोले आफ्नो सही इतिहासलाई बुझ्न सकेका छैनन्। संस्कृतलाई छोडेर किरातहरूको इतिहास अन्यत्र मिल्नु असम्भव छ, किनभने महाभारतकालसम्म त किरातहरूको भाषा पनि संस्कृत नै थियो। जैन तीर्थङ्करहरूको कालदेखि केही प्राकृत भाषा छुट्टिएको हो। महावीर स्वामी र बुद्धको समयमा त पाली भाषा प्रचलित भइसकेको थियो। बुद्धकालदेखि यता किरातहरूको भाषा बेग्ला-बेग्लै भएको हो। त्यहाँदेखि धेरै पछि राईहरूको भाषा बन्दै गयो। आज त चामलिङ्गे मात्र २५९ पाछाका छन्। अनि चामलिङ्गले चामलिङ्गको कुरा बुझ्दैन भने थुलुङ्गे, कुलुङ्गे आदि राईहरूसँग त आपसमा टुलटुलु हेराहेर मात्रै हुन्छ। आज पनि नेपाली भाषा नजान्ने बलमटाको चामलिङ्गे कुरा मात्रै जान्ने सोलुखुम्बुका थुलुङ्गे, कुलुङ्गे कुरा मात्रै गर्ने राईहरू आपसमा भेटघाट गर्दा टुलटुलिएका मात्रै देखिए।

यहाँ चामलिङ्गेहरूको 'सामय' (सामे) दिइएको छैन। केवल 'पाछा' को संख्या मात्रै दिइएको छ।
अर्को कुरा के हो भने सगरमाथा अञ्चल छोडेर बाहिर मौलान पस्ने र तराईतिर ओसारिने धेरैजसोहरू-
लाई अब 'सामय' र 'पाछा' को थाहा नै छैन। वास्ता पनि छैन। भविष्यमा यसको सुरक्षा होला जस्तो
छाँट पनि छैन। अनि चामलिङ्गेहरूले प्रायः आफ्नो पुर्ख्यौली बसोबासोबाट नै धेरैजसो पाछा राखेको
बुझिन्छ।

तर कतै 'सामे' को आधारमा त कतै पूर्वनिवास या पुर्ख्यौली स्थानको आधारमा 'पाछा' को कल्पना
गरेको देखिन्छ। कतै कला र पेशाबाट पनि 'पाछा' बन्यो होला। तर यत्रो बिग्न चामलिङ्गे मात्रको
हाँगाबिंगा, पाछा कसरी बन्न पुग्यो होला ? अर्को आश्चर्य यो छ कि 'पाछा', 'सामे' या 'सामय' पनि कतै
संस्कृतमा छ। कतै तद्भव भएको छ। कतै 'अपभ्रंस' भएको छ। कतै आजको युगमा अज्ञात ठाउँ या
वस्तुको नाममा छ। त्यसो हुँदा मङ्गोलिया नश्ल वा मङ्गोलबाट किरातहरू आएका होइनन्।

चामलिङ्गे राईका पाछा र हाँगाबिंगा

थर	गाउँ	जिल्ला
१. दोबालीछा	लालीखर्क	पाँचथर
२. दोबालीछा	दोबेला	खोटाङ्ग
३. नामथिबुछा	मावे	खोटाङ्ग

४. याङोछा	मावे	खोटाङ्ग
५. दिबुछा	मावे	खोटाङ्ग
६. खुलापाछा	चुइचुम्मा	खोटाङ्ग
७. मालेबुङ्छा	,,	,,
८. बोमाखाछा	,,	,,
९. लाफिहोंछा	,,	,,
१०. दामलिहोछा	,,	,,
११. रोंदोलेछा	किवा	खोटाङ्ग
१२. रोंदोहोछा	,,	,,
१३. पोकेप्सुङ्छा	,,	,,
१४. शिवहाङ्छा	,,	,,
१५. बुचेपाछा	,,	,,
१६. हाइदिबुङ्छा	,,	,,
१७. खरेपाछा	,,	,,
१८. नियुङ्छा	,,	,,
१९. बाडाछा	,,	,,
२०. योनछेनछा	,,	,,
२१. रानोछा (रानाछा)	किवा	खोटाङ्ग
२२. खिर्सुङ्छा	किवा	,,
२३. दिखुलीपाछा	मगमले	,,
२४. यालुङ्छा	,,	,,
२५. पोतोछा	,,	,,
२६. यम्वनिछा	,,	,,
२७. वामोछा	,,	,,
२८. … … … … …	… … …	… … …
२९. याहुछा	केसरी	,,
३०. पचाबुङ्गछा	,,	,,
३१. छिलेबुङ्गछा	,,	,,
३२. सालेब्रिछा	खिदिमा	खोटाङ्ग
३३. त्योलापाछा	सोलमा	,,
३४. … … … … …	… … …	… … …
३५. मारेमलुङ्छा (?)	सोलमा	,,
३६. निनाबुङ्छा	वातिखुङ	,,
३७. वालेबुङ्छा	रतुन्छा	,,
३८. देवासाछा (?)	रतुन्छा	,,

थर	गाउँ	जिल्ला
३९. वीराछा	हलेसिमहादेव	खोटाङ्ग
४०. नामाछा	,,	,,
४१. महाराजाछा	,,	,,
४२. मानसुनछा	,,	,,
४३. होर्सुंङ्छा	पुवाला	खोटाङ्ग
४४. होमलिङ्छा	,,	,,
४५. साप्रुंगिछा	,,	,,
४६. झुलुंकिछा	,,	,,
४७. ल्फोमोछा	,,	,,
४८. मौलौछा	,,	,,
४९. बोयङ्छा	,,	,,
५०. होमैछा	,,	,,
५१. युन्छरछा	,,	,,
५२. सिलुङ्छा	बुईपा	,,
५३. पातेखुङ्छा	,,	,,
५४. मानसुङ्छा	,,	,,
५५. मुखराछा	,,	,,
५६. दिप्रुङ्‌गछा (?)	दिप्रुङ	,,
५७. दामदिङ्वाछा	मक्कु	खोटाङ्‌ग
५८. राखुमिछा	,,	,,
५९. मुन्धुमछा (मैदुंछा)	,,	,,
६०. तिमलिमीछा	,,	,,
६१. मेलेहोछा	,,	,,
६२. दूभोछा	बामराङ	,,
६३. वाम्राङ्ङछा	,,	,,
६४. डोङ्छोछा	,,	,,
६५. होलुङ्छा	होर्लुङ	,,
६६. मालेकुङ्छा	,,	,,
६७. राप्तेछा (राप्तुङ्छा)	,,	,,
६८. मूलेहाछा	दिक्तेल	,,
६९. मैसुङ्ङछा	,,	,,
७०. सेरालुङ्छा	,,	,,
७१. स्योनामछा	,,	,,
७२. पित्रुङ्छा	,,	,,

थर	गाउँ	जिल्ला
७३. वालेमरूङ्छा	दिक्तेल	खोटाङ्ग
७४. बाबोङ्छा	दोर्पा	,,
७५. पोतोखाछा	,,	,,
७६. छिनांखुङ्छा (?)	,,	,,
७७. बुइपाछा	,,	,,
७८. दिवुछा	,,	,,
७९. साप्सानाम्छा	वैराङ	,,
८०. सिप्तुवांछा	,,	,,
८१. योन्तिमछा	,,	,,
८२. वावुङ्गछा (वाभुछा)	,,	,,
८३. होमदिहोछा	,,	,,
८४. फुलोहोंछा	,,	,,
८५. लोकेचीछा	वनपाला	,,
८६. दामदिङ्होछा	बलमटा	उदयपुर
८७. कोसुङ्छा	,,	,,
८८. दिप्सालीछा (?)	,,	,,
८९. छिमिक्माछा	,,	,,
९०. राप्तुङ्छा	दार्जिलिंग	दार्जिलिंग
९१. थिलुङ्गेछा	,,	,,
९२. भुसनामछा	पुङ्मा	खोटांग
९३. सातेरूङ्छा	,,	,,
९४. नाम्पिबोछा	सीमपानी	,,
९५. दिबुचिप्छा	,,	,,
९६. खणैछा	बेंसी	,,
९७. पदेराछा	,,	,,
९८. लिपुँहोछा	हर्लुङ्छा	,,
९९. पूर्वाछा	कार्तिके	,,
१००. मेरोतिपाछा	चिपरूङ	,,
१०१. रानाहोछा	लामाखु	,,
१०२. याहोछा	,,	,,
१०३. वालिवांछा	,,	,,
१०४. मैचुङ्छा	,,	,,
१०५. डालोछा	,,	,,
१०६. होपाछा	,,	,,

थर	**गाउँ**	**जिल्ला**
१०७. रिङलुङछा	नेर्पा	खोटाङ्ग
१०८. रोसिङछा	,,	,,
१०९. मेलिहोछा	,,	,,
११०. पोरोप्सोंछा	,,	,,
१११. नाकछोरपाछा (?)	दुम्बा	,,
११२. सिप्तिहोंछा	,,	,,
११३. हुइलाछा	,,	,,
११४. वा भूछा	दार्जिलिंग	दार्जिलिंग
११५. कुवासाङछा	,,	,,

*११६. उन्प्रावधुछा
११७. उन्प्रवलछा
११८. वराथारेछा
११९. व्हिमयलीछा
१२०. विजाहीछा
१२१. विकुलपाछा
१२२. विराजाछा
१२३. बोयेङछा
१२४. बोयोन्छा
१२५. बुचिनामछा
१२६. बुसेरीछा
१२७. चालीपाछा (चालिमद्र)
१२८. चामदाछा
१२९. चामलिङ्गछा
१३०. चामलिङ्गछा
१३१. चारिपाछा
१३२. चिवरिनजीछा
१३३. चिपिनछा
१३४. चुपाछा
१३५. डालिङछा
१३६. दमधिङछा
१३७. दैवालीछा
१३८. दिवुङछा
१३९. दिवुङलेछा
१४०. दिकुछा
१४१. दिकुलिकपाछा
१४२. दिकुलीपाछा
१४३. दिलपाछा
१४४. दिनालीछा
१४५. दिपुछा
१४६. दोवालछा
१७४. दोङदेवाछा
१४८. दोर्कलीछा
१४९ दरवालीछा
१५०. दुङबुनछा
१५१. दुङवाछा
१५२. इलुङछा
१५३. ग्वापाछा
१५४. हैदुङछा
१५५. ह्वलिपाछा
१५६. होमयैछा
१५७. हरसुङछा
१५८. होमदिमछा
१५९. हामेवाछा
१६०. होङडारछा
१६१. होपुङछा

---

* श्री रामकृष्ण चामलिङ्गवाट पाएको सूची हो । टकभरकमान, दार्जिलिङ्ग ।

१६२. हवरपाछा
१६३. होवाबुङ्छा
१६४. इचाराछा
१६५. कलेनछा
१६६. केराराङ्छा
१६७. कववाचाछा
१६८. करेपुङ्छा
१६९. कोसाङ्छा
१७०. कोलपछा
१७१. कोतवाछा
१७२. कोरैंछा
१७३. कुशानछा
१७४. लापिनोन्छा
१७५. लिकुवाछा
१७६. लेदोछा
१७७. लुङ्बुछा
१७८. लुङ्वानाछा
१७९. मैदुङ्छा
१८०. मैरानछा
१८१. माखाछा
१८२. मालछा
१८३. मेहराछा
१८४. मालेकुङ्छा
१८५. मालेपुङ्छा
१८६. मालेबुङ्छा
१८७. मेनुन्छा
१८८. मालुछा
१८९. मोमपोलान्छा
१९०. मोङ्छा
१९१. मोसिङ्छा
१९२. मुकुमलछा
१९३. नावुङ्चाछा
१९४. नामोङ्छा
१९५. नामरङ्गाछा
१९६. नापिदुइपाछा
१९७. नामचाछा
१९८. नेनुचाछा
१९९. निनामछा
२००. निरपालीछा
२०१. नोमान्छा
२०२. पाचिसाङ्छा
२०३ पालङ्मोछा
२०४. पालियोछा
२०५. परापाछा
२०६. पोयनछा
२०७. पतिसाङ्छा
२०८. पित्राङ्छा
२०९. पित्रुङ्छा
२१०. पोगुमसोछा
२११. पोकेमसाङ्छा
२१२. पोरूङ्छा
२१३. पुलोमछा
२१४. पुमवोछा
२१५. पुङ्ग्वेछा
२१६. पन्तेपाछा
२१७. रदुलीछा
२१८. रकमीछा
२१९. रकुछा
२२०. रनुकाछा
२२१. रसुङ्नाछा
२२२. रतह्निछा
२२३. रतुन्छा
२२४. रयामछेङ्छा
२२५. रिमडोङ्छा
२२६. रिङालुङ्छा
२२७. रुलेछा
२२८. रहुपाछा (रहुगणका सन्तान)
२२९. समोयङ्छा
२३०. सलिविरछा
२३१. सकुरामछा

२३२. सप्सनामछा
२३३. शवरखालीछा (शवर)
२३४. सत्यरोङ्छा
२३५. सेनमाछा
२३६. सेरालुङ्छा
२३७. शिविदिछा (राजा शिवि)
२३८. सिलुङ्छा
२३९. सिङ्दुछा
२४०. सोङ्दोलछा
२४१. सोङ्याङ्छा
२४२. समैछा
२४३. तपरेछा
२४४. तपरेहोङ्छा
२४५. तमोहाछा
२४६. थुङहिङ्गीछा
२४७. तिङ्गवाछा
२४८. तिलुङ्छा
२४९. तिलुयाछा
२५०. त्रिङ्खाछा
२५१. बावुछेछा
२५२. वालेमगदाछा
२५३. वालीङ्ग्रीछा
२५४. वातानछा
२५५. योङ्छेनछा
२५६. योङ्यारछा
२५७. योङ्गाछा
२५८. एलङ्छा—सोलमा—खोटाङ्ग
२५९. साह्लेहोंछा—चुइचुम्मा

यसरी दुइ सय उनान्साठी चामलिङ्गे राईहरूको पाछा कसरी हुन गयो ? यो खोजको विषय छ। तर आज चामलिङ्गेहरूमा आफ्नो पाछा, सामे, इतिहास र भाषाको अनुसन्धान गर्ने व्यक्ति जन्मेला कि ? भन्ने आशङ्कामा छोडिएको छ। तर भाषासम्बन्धी केही चर्चा गरिँदै छ।

चामलिङ्गे भाषिका र संस्कृतमा साम्य

चामलिङहरूको भाषिकाबारे विस्तृतरूपमा शोधखोज र विचार गर्ने आवश्यकता देखिन्छ। तर ऐलेसम्म यस विषयमा स्वदेशी र विदेशी कसैले पनि खोज गरेको छैन। अगमसिह देवसा राईले 'आसलच्छी शिक्षा' भन्ने पुस्तक लेखेर थुलुंगेराईहरूको भाषिकाबारे निकै राम्रो काम गरेको छ। खालिङ्गे भाषिका होइन अपितु खालिङ्-परिवारको वारेमा एकजना विदेशीले लेखेको छ। त्यो पर्याप्त छैन। त पनि विदेशी भएको नाताले उसको प्रशंसा गर्नुपर्छ। यो कलमीले 'वान्तवा हाङ्छा मुन्धुम' सम्पादन गर्दा विस्तृत भूमिका लेखेको छ। धर्मगुरु भवेन्द्रराईले स्व० ज्योतिनन्दबाट सङ्कलन गरेको हो। डा० नवलकिशोर राईले पाँचथर 'खेसाङखोपा' गाउँको वान्तवा-भाषिकामा पीएच्० डी० गर्नुभएको छ। तर ऐलेसम्म डा० नवलकिशोरजीको शोधप्रबन्ध (Thesis) प्रकाशित भएको छैन। टापटिपे शोधखोज किरात-राईभाषिकामाथि शोध (Research) हुँदैछन्। सबैभन्दा ठूलो समस्या संस्कृत नपढ्नेले कुनै पनि भाषा वा भाषिकाहरूमा शोध गर्नु अधौरा अपूर्ण काम गर्नु हुनेछ, किनभने समग्र एशिया तथा यूरोप आदि देशहरूमा बोलिने भाषा वा भाषिकाहरूमा संस्कृत भाषाका तत्सम शब्द नभए पनि तद्भव र अपभ्रंश शब्द त अवश्य नै रहेको छ।

अंग्रेजीमा चालीस[1] प्रतिशत, हिब्रू[2], लैटिन आदिमा अस्सी प्रतिशत, चाइनीज[3] आदि भाषाहरूमा पनि चालीस प्रतिशत तद्भव र अपभ्रंश शब्द पाइन्छन्। उपर्युक्त यी विद्वान्हरूले जो लेखेका छन्, ती त छँदैछन्। तर तुलनात्मक भाषाविज्ञानको दृष्टिले अध्ययन गर्दा स्वयंसिद्ध छ। तर धेरै दिक्भ्रमित भाषावैज्ञानिकहरूले चीनी, तिब्बती, बर्मीज भाषाहरूमा संस्कृत तत्सम, तद्भव, अपभ्रंश आदि शब्द छैनन् भनेका छन्। त्यस्तै वर्तमान किरातभाषिकाहरूमा पनि संस्कृत भाषाको शब्दको गन्ध मात्र पनि

छैन भन्नेहरूको पनि कमी त छैन । तर छ कि छैन ? हो कि होइन ? आफैं स्वयं तुलना गरेर, पढेर, अनुगमन गरेर हेर्नुहोस् । त्यसैको लागि केही चामलिङ राई किरातभाषिकाको शब्द भाषाविज्ञानको तुलनात्मक अध्ययनको लागि यहाँ राखिएको छ । यस्तै वान्तवा-भाषिकाको पनि उसैको ठाउँमा तुलना गरेर राखेको छ । विज्ञपाठकवृन्दले दूध-पानी छुट्याउनै हुनेछ । मेरो मत त सीधा र सत्य छ । संस्कृत आदिमानवको भाषा हो । यस्तै संस्कृत विश्वभाषाको जननी हो । त्यसैले विश्वको समस्त भाषा र भाषिकाहरूमा कुनै न कुनै रूपले संस्कृत पुगेकै छ; दुराग्रह होइन सत्यको खोज हो ।

चामलिङ र संस्कृत शब्दमा साम्य

चामलिङ	**संस्कृत**	**नेपाली**
आपा	आप	बाबु
आले	अद्य:	आज
आसो	अद्य:	अब
इतो	एक:	एक
इरा	एक:	एक
इला	इला	भाषा
ओसको	एतादृश:	यस्तो
ओसो	एवम्	यसो
ङाभुरि	भूरि:	धेरै धेरै
त्योदा	तत्र	त्यहाँ
त्यस्कोम्	तादृश	त्यस्तो
तोषाला	तत:	त्यहाँबाट
त्योषोमुषा	तेनैव प्रकारेण	त्यसरी नै
त्योकोपा	तेन	त्यसले
त्योपालै	तस्मिन् दिने	त्यस दिन
त्योदानाका	तदनन्तरम्	त्यहाँबाट-देखि
त्योसोम्सा	तेन प्रकारेण	त्यसरी
द्युखारी	दु:खी	दु:खी
द्युखा	दु:खम्	दु:ख
द्युखारीपा	दु:खी	दु:खिया
नाख्ल्या	नासिकामलम्	सिंगान
मामा	माता	आमा

---

1. India in Bible, Dr. J. Kaliat.
2. Mythological Knowledge, Dr. Roudel.
३. डा० वागीश शास्त्री, अनुसन्धान अधिकारी, सं० सं० वि० वि० वाराणसी ।

चामलिङ	**संस्कृत**	**नेपाली**
मीना	मनुष्यः	मान्छे
मी	अग्निः	आगो
मैसी	महिषी	भैंसी
लेम	लेह्यम्	जिब्रो
वा	वारि	पानी
आराखा	इरा	रक्सी
तुइ	तुलम्	रूईको कपडा

विज्ञजनले यो त नमुना मात्र हेर्नुभयो । यस्ता कैयौं शब्द चामलिङ-भाषिकामा लुकेर बसेका छन् ।

*

दोबालीछा चामलिङहरूको सामे र इतिहास

किरातक्षत्रियहरूमध्ये राईहरू धेरै थरी र पाछाका हुन्छन् । चामलिङहरूमा पनि दोबालीछा, वाडाछा, वीराछा, निनावुङ, लाफिहोङ आदि अनेक पाछाका राईहरू हुन्छन् । प्रत्येक चामलिङ्गेहरूको पाछा र सामे अलग अलग हुन्छन् । अन्यत्र पनि मैले लेखिसकेको छु कि पाछाले बिहावारी आदिमा नाता-गोता छुट्याउने काम दिन्छ भने सामेले आफ्नो पूर्व-इतिहास बताउँछ। चामलिङ शब्दको पनि आफ्नै इतिहास बनेको छ। चार्मलिगे बूढापाकाहरूको भनाइअनुसार दुइटा मत देखिन्छ । चामा वा चाम् भनेको खानेकुरा र खाने पदार्थलाई पनि भन्ने गरेका छन्। 'लिङ' र 'लुङ्' अर्थमा केही विवाद देखिन्छ। फुप्चिरिङ कमानमा भेट भएको ९८ वर्षका वृषबहादुर दोबालीछा चामलिङको भनाइअनुसार ढुङ्गामा 'खाना' खाएको हुनाले 'चामलुङ' थरको नाम परेको हो भनेका छन् । अर्को अर्थ पनि वृषबहादुरजीले गर्नुभएको छ। 'लिङ' को अर्थ डाँडा, पहाड, पर्वत आदि हो । विशिष्ट खाद्य पदार्थ भोज-भत्यारको रूपमा डाँडा, पर्वत-पहाडमा लगेर खाएको दिन छोरा जन्मेको हुनाले त्यस छोरालाई चामलिङ भन्दाभन्दै त्यसबाट जन्मेका सबै 'चामलिङ' कहलाउन थाले । जे होस् यसको शोधखोज अझ हुँदैछ । परन्तु 'दोबेला' चाहिं 'दोवाली' छाहरूको 'बिर्ता' हो । 'दोवा' भनेको ज्यादै गुराँसघारी भएको जङ्गल बिर्ता पाउँदा गुराँसको जङ्गल फाँडेर बसोवास गरेको हुनाले पाछामा 'दोबालीछा' लेख्न थालेका हुन् । त्योभन्दा पनि विशेष ध्यान दिने कुरा यो छ कि दोबालीछा चामलिङ्ग हरूले आफ्नो 'सामे' बताउँदा 'नाम्पिछा बाछापा तोरोप्छा' छोरामान्छेको 'सामे' भन्ने गरेका छन् । साथै छोरीमान्छेको 'सामे' भन्दा 'नामपिछा वाछाप्मा सेम्लेछा' भन्ने गरेका छन् । राईहरूको सामेले इतिहास बताउँछ भन्ने चलन पनि प्रसिद्धै छ । सबैको सामे बटुली इतिहास खोज्नु बाँकी नै भए पनि 'दोबालीछा' हरूको 'सामे' ले इतिहास बताउँछ ।

'नाम्पिछा' शब्दमा ठूलो इतिहास लुकेको छ । मैले अन्यत्र पनि लेखेको छु । किरातहरू काठमाण्डौको पूर्वबाट होइन अपितु काठमाण्डौको पश्चिमबाट काठमाण्डौ अधित्यकामा पसेका हुन् । त्यस्तै दोबालीछाहरूको सामेमा पनि 'नाम्पिछा' शब्दले प्रष्ट हुन्छ कि दोबालीछाहरू पश्चिमबाटै काठमाण्डौ अधित्यकामा आइपुगेका थिए । यिनीहरू काठमाण्डौबाट पूर्व पसेको सारै धेरै भएको छैन । लगभग पाँच सयदेखि हजार वर्षसम्मको स्थिति बुझिन्छ । दोबालीहरूको सामेमा परेको 'नाम्पि' हिमालय ऐले महाकाली अञ्चलको दार्चुला जिल्लामा पर्छ । दार्चुला जिल्लामा जम्मा चार क्षेत्र छन् । लेकम्, दूँहु, व्यासा, मर्मा यी चार क्षेत्रमध्ये व्यासामा त आज पनि 'शौखा' जातिका किरातहरू नै बसोबास गर्छन् । तर आफूलाई 'किरात' हुँ भन्न बिर्सेका छन् । अरु तीन क्षेत्रमा छासमिले बसोबास छ । यी तीनमा पनि मर्मा दुइटा छन् । तल्लो मर्मा र माथिल्लो मर्मा । दँहु, माथिल्लो मर्मा, र बुङकोट आदि खर्लप्प 'नाम्पि' हिमालयको फेदीमा वसेका छन् । मकरकोट (मगरकोट) आदि माथिल्लो मर्मामा पर्छन् । सामेको आधारमा दोबालीछाहरू पश्चिम 'नाम्पि' हिमालयको फेदीबाट पूर्वतिर बसाइँ सर्दै आएका हुन् भन्ने प्रष्ट बुझिन्छ । यस्तै दोबालीछाहरूको 'सामे' भित्र 'वाछाप्पा' 'वाछाप्मा' परेको शब्दले पनि आफ्नो इतिहास वताइराखेको छ । 'वाछाप्पा' को अर्थ पानी मिलाएर लेख्ने वाबुको छोरा हर्कबहादुर दोवालीछा चामलिङ (कोहीमा नागालेण्ड) र हरिप्रसाद गोरखा राई चामलिङ (कोहीमा)-हरूले गरेको अर्थ हो । 'वाछापा' वरुणको पुत्रको

पुत्र भन्ने अर्थ मणिराम दोबालीछाको अर्थ हो। यसरी बूढापाकाहरूबाट सुनेको अर्थले बुझिन्छ कि सामेले इतिहास पूरा नबताए पनि अवश्य नै इतिहास कोट्याउँदो रहेछ। 'नाम्पि' नाम पनि|'नाम्पिता' भन्ने शब्दमा परेको 'ता' अक्षर हुनाले नै 'नाम्पि' शब्द शेष रह्यो। शाब्दिक अर्थ हो 'घाम डुब्यो'। यसरी दोबालीहरू 'नाम्पि' हिमालयको फेदीमा कताबाट आएका थिए र त्यहाँ आउनुभन्दा पूर्व उनीहरूको इतिहास के थियो ? यो खोजीकै विषय भएको छ। दोबालीछा 'पाछा' चाहिं 'बिर्ता' को आधारमा राखेको बुझिन्छ।

यसरी 'सामे' को इतिहास र इतिहासको 'सामे' खोजी गर्दा किरातराईहरू सगरमाथा र मानसरोवरको सेरोफेरोभन्दा अन्यत्रका होइनन् भन्ने इतिहास प्रष्ट भएको छ। ऐलेसम्म दोबालीछाहरू दुवै थरी छन् भने चामलिङका मात्रै २५९ पाछा प्राप्त भएका छन्। किंवदन्तीमा पनि 'चामलिङहरूको १६ सय हलेसी' भन्छन्। इष्टदेव वैदिककालदेखि नै भगवान् शङ्कर (पारुहाङ) नै भएको इतिहास पनि प्रष्ट छ। हलेसी महादेव चामलिङहरूकै माझमा आज पनि विद्यमान छ। सबैले मानी आएको हलेसी महादेवको इतिहास भस्मासुरसँग जोडेको किंवदन्ती सुनाउने गरेका छन्। रिसर्च गर्नु भने शेष नै छ। परन्तु कुनै पनि राईहरूले आजको माझकिरातमा प्राचीनकालदेखि बसोबास गरेको पुरातत्त्व भने पाइएको छैन। लिम्बूहरू त राईहरूबाट भरखरै तीन सय वर्षदेखि ५०० वर्षभित्र मात्र छुट्टिएका हुन्। जम्मा तीन सय वर्षभन्दा पुरानो प्रमाण पाउनु सकेका छैनौं। त्यसैले लिम्बूकिरातहरू दुइ सय वर्षको मात्र इतिहास कोट्याउन इमानसिंह चेमजोङले प्रयास गरेको छ। तीन सय वर्षभन्दा पहिले 'लिम्बू' शब्दको अस्तित्व नै थिएन। त्योभन्दा पुरानो इतिहास लेखोस् पनि कसरी ? 'किरात-इतिहास' चाहिं अशुद्ध हो। 'लिम्बू-किरात-इतिहास' इत्यादि लेख्नु उचित हो र लेख्नु उचित थियो। यी इतिहासका बूँदाहरू मैले ठाउँ-ठाउँमा लेख्दै गएको छु। पाठकहरूले ठाउँ-ठाउँमा गोडेर हेर्नुहुनेछ।

दोबालीछाहरूको भेद

एक्कासि सुन्दा दोबाली चामलिङहरू एउटै भए जस्तो लाग्छ। परन्तु शोधखोज गर्दै लैजाँदा सुकेको वालुवामा पानी निक्ले जस्तै भेद र उपभेद निक्लेको देखिन्छ। वर्तमान समयमा दोबालीछाहरू पाँच प्रकारका देखिएका छन्। जस्तै—(१) नाम्पिछा, (२) तेसरौंछा, (३) होंदैछा, (४) दिलुङ्छा[1], (५) घिलुङ्छा। परन्तु केवल यति मात्रै होइन, दोबालीछाहरू अरू पनि हुन सक्छन्। कैयौं राईहरूका पाछा चामलिङहरूबाट छुटे जस्तो देखिन्छ। तर यो निर्णय गर्नु कठिन देखिन्छ, किनभने चामलिङ हुन आएका हुन् कि चामलिङबाट गएका हुन् ? यस विषयमा अकाट्य प्रमाण नभएसम्म निर्णय हुनै सक्दैन। माथि लेखेअनुसार घिलुङ्छा र दिलुङ्छा उच्चारण र कानले सुन्नमा फरक पर्नालि लेखाइमा फरक परे जस्तो देखिन्छ। 'दिलुङ्छा' हरूले ऐले आफूलाई आङतेपे राई भन्दछन्। तर दोबालीछा चामलिङहरूले पनि 'दिलुङ्छा' र 'घिलुङ्छा' दुवै भन्ने गरेका छन्। यस्तै 'नामदुङ्छा' पाछा पनि चामलिङ र वान्तवा दुवैमा प्रचलित देखिन्छ। यति नै फरक छ कि एकले चामलिङ भन्छ भने अर्कोले वान्तवा भन्ने गरेको छ। यस्तै अरू पनि धेरै यस्ता विवादास्पद पाछाहरू थुप्रै छन्। विज्ञपाठकवृन्दले तत् तत् पाछा सूचीहरूमा हेरेर तुलना गर्नुहोला।

*

---

[1] 'दिलुङ्छा' हरूले ऐले चामलिङ भन्न छोडेका छन्। यस समय दिलुङ्छाहरूले आफूलाई 'आङतेपे राई' भनेर परिचय दिने गरेका छन्। वस्तुतः 'आङतेप' गाउँको नाम हो।

सामे र पाछामा अन्तर

किरातक्षत्रिय राईहरूको बिहावारी, कुल पितृ पुज्दा, वरपर चिनाजानी गर्दा 'पाछा' र 'सामय' अर्थात् 'सामे' सोध्ने चलन आज पनि छँदैछ। तर यो 'सामे' भनेको के हो ? यस्तो जिज्ञासा हुनु आजको युगमा साधारण कुरा हो। यस परिस्थितिमा चामलिङ बान्तवा आदि राईहरूले पहिले पाछा भनेपछि 'सामे' शोधखोज गरेको खण्डमा बताउने गरेका छन्। त्यसमा सबैभन्दा पहिले बूढापाकाहरूसँग शोधखोज गरेअनुसार सामय=सामेको अर्थ बताउनु आवश्यक देखिन्छ। त्यसो हुँदा सबैभन्दा पहिले सामेको अर्थ के हो ? भन्दा जुन वाक्यले आफ्नो प्रथम जन्मस्थलबाट उत्रेको अथवा आफ्नो सबैभन्दा पहिलो जन्मस्थान बताउने मुन्धुमलाई 'सामे' अर्थात् 'सामय' भनिन्छ। यसको अभिप्राय यो छ कि को कताबाट कता गए ? कहाँबाट यहाँ आए ? यस इतिहासको पत्ता सामयबाट लाग्छ। तर सारै संक्षेप हुन्छ। तर 'पाछा'बाट पत्ता लाग्दैन। त्यसो भएको हुनाले 'सामे'='सामय' कहिले पनि बदलिंदैन। जस्तै 'लिपोछा' यो 'पाछा' हो। 'भूसुरी वाछापा', यो 'लिपोछा' चामलिंगहरूको 'सामय' हो। यसै प्रकारले 'परोप्साछा' चामलिंगहरूको 'सामय' (पाँल्मु, यल्माय, मात्सेम्बु, तिम्माय) हो। यस 'सामय' ले के बताउँछ भने 'पाँल्मु' भनेको 'प्वाँला' भन्ने ठाउँबाट 'मात्सेम्बु' भनेको मात्सेम्मा गएर बसे। यो इतिहास 'पाछा' ले बताउँदैन। यहाँ विशेष जान्नुपर्ने कुरा यो छ कि 'पाछा' बदलिएर सयसम्म भए पनि 'सामय' एकै हुन्छ। जस्तै बुचेपाछा, नाम्बोङ्गछा, परोंप्साछा आदिका 'सामय' (पाल्मु, यल्माय, मात्सेम्बु, तिम्माय) हो। अब त प्रायः पुराना पुर्खा बूढापाकाहरूले भन्छन्–सामय र पाछा सोद्दा बताउन सक्तैनन्। भुलिसके। यद्यपि किरातराईहरूको सामय र पाछा सारै पुरानो होइन, तैपनि शोधखोजको विषय अवश्य नै छ। तर गहिरो पाराले सामय र पाछाको खोज गर्दा पनि किरातहरू मङ्गोलियाबाट आएको देखिंदैन। यही नै सारै घत नपर्दो कुरा छ। राईहरूको जति जति 'सामय' छन्, ती सामयहरूले मङ्गोलियाबाट आउने इतिहास बताउँदैन। बरु भारतखण्ड, हिमवत्खण्ड, जम्बूद्वीपको यताबाट उता सरेको मात्रै देखिन्छ। जति 'सामय' छन्, ती सबैले भारतखण्ड, जम्बूद्वीपको मात्रै बताउँछ। अनि कसरी किरातहरूलाई मंगोलियाबाट आएको मान्ने ? त्यसो हुँदा किरातहरू शुद्ध आर्य=हिन्दू हुन् भन्ने प्रमाण सिद्ध छ। त्यसो हुँदा प्रकृतमा सामेले इतिहास बताउँछ भनिसकियो। पाछाले चाहिं बिहावारी गर्ने रीतिस्थिति बताउँछ। जस्तै—कसैको आपसमा क्यै बिग्र्यो भने त्यसको 'पाछा' छुटिन्छ। उदाहरणको लागि मालेम्माबाट खोटांग पुगेर बसे भने 'खोटाछा' भएर 'पाछा' बदलिन्छ। तर 'सामे' चाहिं बदलिंदैन। यस प्रमाणले पनि किरात मंगोलियाबाट आएको सिद्ध हुँदैन। यसरी नै घिलुंछा, दोबाली र नाम्पिछा दोबालीहरूको पनि 'सामय' (वायवी, योपिया, मावेको, याप्सुमा) यसको सही अर्थ निक्कै जान्ने चाह गरियो। तर मावेबाट=वायवी, योपिया, याप्सुमा आदि ठाउँमा दोबालीछा चामलिङ्गहरू गएर बसे। तर वायवी, योपिया, याप्सुमा यी ठाउँहरूलाई शोधखोज गरेर पत्ता लगाउँदा पत्ता लागेनन्। केवल 'मावे' भन्ने ठाउँ मात्र पत्ता लाग्यो। यति बेलाको 'मावे' खास खोटाङ्ग सिमपानीदेखि अलि पर पर्छ। तर त्यहाँ मैले दोबालीछा चामलिङ्गहरू देखिनँ। हुन सक्छ बसैं सर्दै सकिए होलान्। ऐले दोबालीछा चामलिङहरू दोर्पा दिक्तेलमा केही छन्। घिलुङछा दोबालीहरू केही रतुन्छा, मूलाबारी, यांसोला आदिमा छन्। नाम्पिछा, दोबाली, दिनुवा आदिमा छरपस्टिएका छन्। यस प्रकारले आज पाइने दुइ सय उनसाठ्ठी जति 'पाछा' भएका चामलिंगेहरूले चीनदेखि लिएर रूपाकोट लंगुरखोलाले छिनेको कोशी, बुकिचमदेखि लिएर बुम्मादुर घाटसम्म, सुनकोशी र दूधकोशीले घेरिएको उत्तरभाग विशेष गरी चामलिंगेहरूको पुर्ख्यौली थलो अरे। यो कुरा दिक्तेलका गोकुलमान चामलिंगेले भनेको हो। बूढामान्छेको केही कुरालाई छोडेर केही सत्य पनि देखिन्छ। अझ खोजको विषयचाहिं छँदैछ।

●

बिहा गर्दा वाक्दान र सिन्दूर-पोतेको चलन

किरातहरूमा केही पछिको झिक-थप कुरादेखि बाहेक एक-एक संस्कृति र सभ्यता आदान-प्रदान आदि आर्य = हिन्दूहरूकै देखिन्छ। तीमध्ये राईहरूले विहावारी गर्नेबारेमा पनि विचार गरिहेरौं। राईहरूमा आफ्ना आफ्ना रीति दस्तुरलाई लिएर केटी माग्न जान्छन्। त्यसमा कुरा पक्का भएकोलाई 'वाक्दान' भन्दछन्। 'वाक्दान' दुवैतिर पक्का हुन्छ। त्यसपछि केटाले केटीलाई सिंदूर र पोते लगाइदिन्छ। कतै कतै विवाहको दिन नै सिन्दूर-पोते लगाइदिन्छन्। आजको युगमा दश-बीस वर्षभित्र कसै कसैले छोड्नु अर्कै कुरा हो। कसैले छोड्दै गरेको देखिंदैछ। तर पुराना बूढापाका पुर्खाहरूले त गरिआएकै हो। आज पनि बराबारी गरिराखेकै छन्। भविष्यमा पनि गर्नेछन्। यो निश्चित छ कि कतिले छोडे पनि कतिले त अवश्य नै पालन गरिराखेकै छन्। तर प्रश्न यो छ कि यति लामो समयदेखि चलिआएको 'वाक्दान' र सिन्दूर-पोतेको चलन मंगोलियाको चलन हो त ? यसको उत्तरमा राजनीतिको षडयन्त्रलाई छोडेर निश्चय नै भन्न सकिन्छ कि यो संस्कृति मंगोलियाको होइन। यो त अनादि हिन्दूसंस्कृति हो, जो आजसम्म पनि क्षत्रिय, बाहुन, किरातक्षत्रियहरूमा राई, लिम्बू आदिले पालन गरिआएको हो। यसबारे हामी पुरानाभन्दा पुराना 'किरात कल्चर' लाई उठाएर हेर्न सक्छौं। यो सिन्दूर-पोतेको चलन र केटी माग्न जाँदा 'वाक्दान' को चलनले पनि 'किरात' हरू मंगोलियन सिद्ध हुँदैनन्। किनभने जो आफ्नो जन्मस्थानमा बसिरहेको हुन्छ, त्यहाँको आफ्नो पुर्ख्यौली रीतिस्थितिलाई छोड्दैन। उदाहरणको लागि विश्वको हरेक देशमा आज पनि हिन्दूहरू पुगेका छन्। उनीहरू आफ्ना आफ्ना मूलमा नै उब्जिएका हुन्; छन् र छन् पनि। फेरि मूल मुहान पैल्याउँदै हाँगा-बिंगा केलाउने चलनले पनि यो तथ्यलाई अझ बलियो पार्छ। त्यत्रो औधि केलाइ फट्काइ गर्दा त कुनै न कुनै रूपमा मंगोलियाको उखान, वखान, मुन्धुम हुनुपर्ने हो। तर नदेखिनु नै आश्चर्यको कुरा छ।

त्यसो हुँदा किरातहरूको मंगोलियाबाट आउने कुरा वा इतिहास एकदम झूटा हो। नभए त मंगोलियामा मूल भएको हुनाले त्यहाँ यसको मूल पाउनुपर्ने हो। शोधखोज र पत्ता लगाउँदा पाइएन। १८ शताब्दी यताका अंग्रेज लेखकहरूले किरातहरूको इतिहासको हत्या गरेका मात्रै हुन्। नबुझेर हाम्रा इतिहासका गफाष्टक लेखालीहरूले पनि जसो जसो वाहुन बाजे उसै उसै ''स्वाहा'' गरेका मात्रै हुन्।

★

मरेपछि शुद्ध गर्ने चलन

जन्म लिएपछि अवश्य नै मर्नुपर्छ। जन्मेकै दिन मरेको हो। तर नबुझ्नेहरूले यस वाक्यलाई सत्य भए पनि तीतो भएको हुनाले अँगाल्न सक्दैनन्। तर कुरा एकदम सही सत्य छ। तर के मरेपछि शुद्ध गर्ने चलन किरातको होइन ? योभन्दा माथि पनि ठाउँ-ठाउँमा सङ्केत गर्दै आएको छु कि कतिपय दुर्व्यसनी सामग्रीहरूदेखि बाहेक सबै कुरा आर्यहरूकै छ, किनभने किरातक्षत्रिय शुद्ध आर्य हुन्।

त्यसो भएको हुनाले घरगाउँमा मरिमराउ पर्‍यो भने गाउँघरका छिमेकी इष्टमित्र, साल, सम्बन्धी सबै भेला भएर मुर्दालाई बाँसमा नखस्ने गरी कसेर बाँधेर जम्मै मलामी भएर लैजान्छन्। च्यानघारीमा पुर्‍याएपछि अगाडि हिंड्दा बोकेर लगेको अगुल्ठो र दुइ चिण्डो जाँड राखेर बिजुवा या आफ्ना कुलका कुनै वूढा मान्छेले केही शशि मुन्धुम फलाकेर राखिदिन्छ। त्यसपछि गाड्ने हो भने च्यान खन्न थाल्छन्। पोल्ने हो भने चिता वनाउँछन्। पानीमा बगाउने हो भने राम्रोसँग बाँधेर पानीमा डुबाइदिन्छन्। प्रायः पहाडी क्षेत्रमा गाड्ने नै चलन देखिन्छ। कतै पानीमा बगाउने चलन पनि छँदैछ। कतै ठूलाखालेहरूमा चिता बनाएर राम्रोसँग दाह-संस्कार गर्ने चलन पनि छँदैछ। यी तीनै प्रकारका मुर्दालाई गर्ने संस्कार शुद्ध रूपले मंगोलियाको उदय हुनुभन्दा लाखौं वर्षपूर्वको आर्य-इतिहासमा भएको पाउँछौं। वेदहरूमा 'उत्त्खाता' 'परीप्ता' 'अग्निदग्धा' भनेर तीनै प्रकारका पितृहरूलाई श्राद्ध गर्दा बोलाएको इतिहास पाउँछौं। त्यसो हुँदा मुर्दालाई गरिने संस्कार पनि मंगोलियाको नभएर शुद्ध हिन्दू-संस्कार नै हो। यसै रीतिले मुर्दा-संस्कार गरेर घर पुग्दा घरको दैला या बलेसीमा उभिएर थाङ्ना सल्काएर मलामीमाथि घुमाएर फेंकिदिने चलन पनि छँदैछ। त्यो के गरेको भने आगोले शुद्ध गरेको हो। आगोले पानीलाई पवित्र गर्छ र पानीले आगोलाई पवित्र गर्छ। आगो र पानीले मान्छेलाई पवित्र अर्थात् शुध्याएको हो। त्यसपछि मलामीलाई खाजा-पानी गरेर सात दिन या ग्यारह दिनभित्र शुध्याउने सल्लाह गरी विदा हुन्छन्। घरमा एकजना किरियामा वस्छन्। भने वमोजिमको दिन पूरा भएपछि मलामी र इष्टमित्र, पुरोहित सबैलाई बोलाएर शुद्धि किरिया गर्छन्।

शुध्याउँदा आफूले सक्दो जाँड रक्सी, कुखुराको मासु आदि पनि तैयार पार्छन्। तर शुद्धचाहिं गौंत, दूवो, तिल, जौ छर्केर नै गर्छन्। त्यसपछि भान्जा-भान्जीलाई र पुरोहित (विजुवा र फेदाङ्वा)-लाई दक्षिणा पनि दिन्छन्। कुनैले दुर्व्यसनले गर्दा वाहुन नचलाएर माङ्पा, बिजुवा, फेदाङ्वा, धामी, झाँक्री नै पुरोहित मान्छन्। त्यसो हुँदा अलगै चिन्ता बसाउँछन्। तोङ्बा, चिण्डो, डबकाको भरमार हुन्छ। कैयौं कुखुरा, परेवा, वाख्रा, वोका, राँगाहरूको पर्सिने दिन आउँछ। यस प्रकारले पनि किरिया गर्छन्। तर माथि पनि भनिसकियो कि यी केवल दुर्व्यसन र गरीब हुने उपाय मात्र हुन्। यहाँ विशेष बुद्धि खियाएर विचार गर्नुपर्ने विषय यो छ कि किरात हिन्दू=आर्य होइनन् भने किन शुद्धि गर्नुपर्‍यो ? जेले भए पनि आखेरी शुद्धि गर्ने चलन नै कसरी आयो ? यस शुद्धि-प्रथाले पनि किरात मंगोलियन होइनन् भन्ने कुरा प्रष्ट हुन्छ। अझ यसमा पनि तिल, जौ, दूवो र गौंत नभएसम्म त हुँदै नहुने के कारण हो ? कुनै आधुनिक मानिसहरूले आँखामा धूलो हाल्नुलाई 'हामी मान्दैनौं' भने पनि 'दूबो' त कुनै हालतमा पनि छुट्दैन। त्यो किन ? त्यसै

भएको हुनाले त किरात शुद्ध हिन्दू नै हुन् । यसमा तानातानको आवश्यकता नै छैन । जुन किरातले 'दूबो'[1] जस्तोलाई मानेको छ, त्यस 'दूबो' को उल्लेख आजको होइन अपितु ऋग्वेदमा नै यसको उपयोगिता सिद्ध भइसकेको छ ।

चामलिङ्गेहरूमा केही विशेष कुरा जान्नुपर्नेछ । चामलिङ्गे राईहरूमा मर्ने मान्छेका ६ भेद मानेका छन् । जस्तै —सुनाखाली, रूपाखाली, देसिमखाली, भुसिमखाली, कोरिप्पा र कोरिमा । यीमध्ये सुनाखाली सबैभन्दा उत्तम हुन्छ । सबैभन्दा पवित्र हुन्छ । यिनैलाई पितृ मान्ने गरेका छन् । तर सक्त नियम यो छ कि मृतक ८० भन्दा माथिकै उमेरको हुनुपर्छ । अनि कुनै दुर्गतिले नमरेको हुनुपर्छ । यस्तालाई पितृ मान्ने चलन छ । यसै नियममा आउने 'रूपाखाली' आइमाई मान्छे पनि पितृको कोटिमा आउँछे । अर्थात् उसलाई पनि पितृ मानिन्छ । तर यीदेखि तलका कोटिकालाई पितृ मानिँदैन । जस्तै —'देसिमखाली' ४० वर्षदेखि उँभोका मरेकालाई भनिन्छ । यो पितृको कोटिमा आउँदैन । रह्यो 'भुसिमखाली' । यी त साना साना नानीहरू मरेकालाई भन्दछन् । यिनलाई पितृको कोटिमा प्रवेश गर्दैनन् । सबैभन्दा दुर्गतिचाहिं 'कोरिप्पा' 'कोरिमा' को हुन्छ । 'कोरिप्पा' लोग्नेमान्छेलाई भनिन्छ भने 'कोरिमा' आइमाईलाई भनिन्छ । यी दुवै परदेश गएका बेला अथवा घरदेखि वाहिर गएका बेलामा घरदेखि वाहिरै मरे भने 'कोरिप्पा' र 'कोरिमा' नामले पुकारिन्छ । यिनलाई पितृ मान्न त परै जाओस् उल्टै सेँहे हान्नुपर्छ । सातो बोलाउनुपर्छ । सातो काढ्नुपर्छ । कोनि केके हो केके गर्नुपर्छ । नभए सेँहे जाग्छ अरे । तर्साउँछ अरे । त्यसो भएको हुनाले बिजुवाले चिन्ता बसेर सातो काढ्छ । गौंडा छेक्छ । अनि मात्रै घरमा सञ्च सुविस्ता हुन्छ अरे । नत्र परदेश गए पनि तर्साउँछ । सिकुवामा बसे पनि तर्साउँछ । करेसैमा भए पनि तर्साउँछ । साँझ परेपछि घुरेनतिर हेरे पनि तर्साइहाल्छ । पालीको ढोका कर्र करायो भने पनि तर्साउँछ । खोल्मामा हावा चलेर केही हल्लियो काम्यो भने पनि तर्साउँछ । कोनि 'कोरिप्पा' र 'कोरिमा' माथि बिजुवा, माङपाहरूको यत्रो अत्याचार किन ?

यसरी सेँहे मारेर मन्साइ पन्साइ गरे बल्ल बिजुवाले भालेको टाउको र वासीन अर्थात् जाँड वा आराखा (रक्सी)-को घुट्को घाँटीवाट मुन्तिर ओरालेपछि मात्रै कोरिप्पा र कोरिमाले विदा लिन्छन् अरे । यस्ता कैयौं असुहाउँदा, अवैज्ञानिक र दुर्व्यसनी परम्पराको कुराले भरिए पनि चामलिङ्गेहरूले पितृ गर्दा केश खौरेर मात्रै श्राद्ध गर्छन् । नयाँ पीढीकाले नगर्ने कुरा अर्कै हो । अर्थात् आफ्नो ढङ्गको श्राद्ध गर्दा शालीबुङ्ग क्याराबुङ्ग वेथु=अदुवा, वातम्माचा=धान, मुलुङ्गचा=मकई, सोलेमा=चिण्डो, बोलेमा=घण्टी, गौंत, दूबो तीतेपाती आदि राखेर तात्कालिक श्राद्ध गर्छन् ।

यो चामलिङ्गेभित्रको केही झल्को हो । यसै रीतिले हाँकिच्यु देवसाली थुलुङ्गे राईहरूले पनि यसै रीति-स्थितिलाई अंगालेको देखिन्छ । तर एकदम सारै अंगालिएको पनि हुँदैन । केही न केही बेग्लिएको पनि छ । तीर्थसिंह थुलुङ्गे राईसँग भेटघाट गर्दा भएको कुरामा पनि धेरै नै मेल खायो ।

*

---

[1] ऋग्वेद १०।१४२।७

चौतारा र पौवा-पाटीले पनि मङ्गोलियन सिद्ध हुँदैन

राईहरूमा बूढापाका अथवा ठूलाठालु मरे भने छोरा-नातिहरूले उनीहरूको अर्थात् मर्ने मान्छेको नाममा चौतारा बनाइदिन्छन्। त्यो ठाउँ दोबाटो, चौबाटो परेको हुनुपर्छ। अथवा परदेशी, आउने जानेहरूले बिसाउने ठाउँ नभएकोमा काठ या गारो लगाएर भए पनि चौतारा बनाइदिन्छन्। त्यस चौतारोमा मान्छेले भारी बिसाएर बस्ने ठाउँ, हावा खाने ठाउँ बनाएका हुन्छन्। त्यस चौतारोको माझमा एउटा चेप्टो लामो ढुङ्गामा देब्रो र दाहिनोपट्टि जुन र घामको चित्र खोप्छन्। जुन र घामको माझमा त्रिशूल बनाएको हुन्छ। जुन र घामको अर्थ चन्द्र र सूर्य हो। त्रिशूल आफ्नो इष्टदेव पारुहाङ्ग (शिवजी)-को हत्यारको चिह्न हो। यी तीन चीज खोपेपछि तलतिर जसको नाममा त्यो चौतारा बनाइँदै छ उसको जन्मतिथि, कुन सम्वत्मा जन्मे अनि कुन सम्वत्मा स्वर्गे भए आदि खोपेर चौताराको माझमा खोपी बनाएर बलियो गरी गारोसँग मिलाएर राखिदिन्छन्। त्यसको दायाँ-बायाँ वर-पिपलको बिरुवा रोपिदिन्छन्। यही वर-पिपल बढेपछि झ्याम्म छाया पारेर हिंड्ने मान्छेहरूले घाममा शीतल छाया पाउँछन्।

त्यो किन गरेको भन्दा धर्मको लागि गरेको भन्छन्। यसले यो बुझिन्छ कि किरातहरूको सनातन वैदिक धर्म नै अभिन्न अङ्ग रहेछ। त्यो धर्म गरेर त्यो मरेर जानेलाई के फाइदा हुन्छ भन्दा उसलाई यस पुण्यको फलले स्वर्ग मिलोस्, सुख पाओस् भनेर हामीले उसको नाममा यो पाटी चौतारा वर-पिपलको छायादार वृक्ष=रूखहरू लगाएको हो। यसैको साथमा मर्नेको नाममा सक्नेहरूले घोडादान, गौदान, शय्यादान, भूमिदान, पानी, कुलो, पोखरी आदिको व्यवस्था पनि गरिदिन्छन्। नसक्नेले पनि माना मुट्ठी र छोरी चेली कन्याहरूलाई केही न केही दान दिइहाल्छन्। यो क्रम आजसम्म पनि चलिआएकै देखिन्छ। कतै कुनैलाई चिहानघारीमा लाँदा भेला हुन सकेनन्, टाढा कहीं परदेश गएको थिए भने चौतारा आदि बनाएको ठाउँमा सामिल भएर केश खउरेर किरियाकाज गर्छन्।

तर के केश खउरनु मङ्‌गोलियनको पुर्खौली हो र? चौताराको ढुङ्‌गामा नाउ खोप्दा जुन, घाम रोप्नु मङ्गोलियन परम्परा हो? जुन घामको माझमा आफ्नो इष्टदेव पारूहाङ्ग=शिवजी=महादेव=रुद्रको हत्यार 'त्रिशूल' खोप्नु मङ्गोलियनहरूले सिकाएका हुन् त?

दान, पुण्य र धर्म गर्ने परिपाटी शुद्ध हिन्दूहरूको हो। वर-पिपल रोप्ने चलन पनि शुद्ध हिन्दूहरूकै हो। विनाप्रमाण, विनासाक्षी, विनातर्क, विनायुक्ति कुनै वस्तु पनि सिद्ध हुनै सक्दैन। एउटा चोर पक्रनलाई त युक्ति, प्रमाण, तर्क र साक्षीको आवश्यकता पर्छ भने हज्जारौं वर्ष पुरानो कुरालाई कोट्याउँदा नाक नेप्चिएको हुनाले मङ्गोल हो भन्दा हुन्छ? या आँखा बाहिर निक्लेको, गोरो रङ्ग, पुड्के भएको हुनाले मङ्गोलियाबाट आउने कुरा सिद्ध हुन्छ र? के डाँडाघरे बाहुन बाजे खोलाघरे कामीभन्दा कालो भएको हुनाले दक्षिण अफ्रिकाबाट आएको भन्ने तर्क ठीक छ? अथवा आजका हब्सी नै आजको नेपालको बाहुनहरू हुन् भन्ने युक्तियुक्त कुरा हो? यस्ता नहुँदो गफाडी कुरालाई गिदीबाट निकालेर सदाको लागि फेंकिदिए मात्रै किरातहरूको कल्याण हुनेछ।

रह्यो राजनीतिको कुरा। ती उनीहरूले नै जानून्। लेखालीलाई राजनीतिसँग केही वास्ता छैन। अतः उपर्युक्त संस्कृति, सभ्यता, कर्मकाण्ड शुद्ध आर्य=हिन्दूहरूको हो। यी प्रमाणले पनि किरात शुद्ध आर्यक्षत्रिय हुन्।

*

वर्तमानकालिक किरातराईहरूको रीति

दश लिम्बूहरू जस्तै राईहरूमा पनि दश राई हुन्छन् । कुनै-कुनै वृद्धहरूले ती दश राईहरूलाई चामलिङ्ग, वान्तवा, थुलुङ्ग, कुलुङ्ग, खालिङ्ग, यान्दरङ्ग, साङ्गपाङ्ग, गोधङ्ग, दासीङ्ग, मनथर्नु यस रीतिले गरेका छन् । तर यान्दरङ्ग, गोधङ, दासीङ, मनथर्नु यी चार राईहरूका नाम अति अप्रचलित भैसके । तैपनि खोजको विषय छँदैछ । अरू पाँचको पनि अनेक पाछा (थर) छन् । तर यी सबै पाछा या थर, नाम जति छन्, ती सबै भारतखण्ड जम्बूद्वीपभित्रका ठाउँका नाममा आधारित छन् । कतै आफ्ना पूर्वज बाजे-बोजूको नामबाट पनि राखेको बुझिन्छ । तर आश्चर्य यो छ कि गोत्रोच्चारण गर्दा ऋषि प्रवर गोत्र नै राईहरूमा पनि उच्चारण गरेको सुनिन्छ । ती गोत्रहरूमध्ये काश्यप गोत्र र काशी गोत्र प्रचलित छन् । अनि लासाहाङ्गको पालादेखि लासागोत्र प्रचलित भएको छ । आजको प्रसिद्ध लासा कुनै बेला किरातहरूको राजधानी थियो । हुन सक्छ आफ्नो प्यारो शासकको नामवाट नै त्यो गोत्र चलेको हुनुपर्छ । अथवा लासाहाङ्गको वंशबाट चलेकोलाई लासागोत्रीय किरात भनियो । अनि प्रायः अरू सबैले काश्यप र काशी गोत्र नै पुकारेर आफ्ना धार्मिक कार्य गर्छन् । साथै धेरै यस्ता पनि छन्, जो आफ्नो गोत्र र पाछाको बारेमा ज्ञानै छैन । चाहे पठित हुन्, चाहे अपठित हुन् । तर हामी यस प्रमाणलाई कुनै हालतमा फेक्न सक्दैनौं । त्यो प्रमाण छ गोत्र । त्यसो हुँदा किरात ऋषिहरूकै सन्तान हुन् भन्ने इतिहास प्रष्ट हुन्छ ।

त्यो पनि आदि-ऋषि कश्यप र मनुको सन्तान मनुको, किनभने कश्यप गोत्र भइहाले । अनि मनुबाट भएको मनुष्य—मानव हो । अनि किरातहरूले आ-आफ्ना भाषामा मान्छेलाई मुना या मना भन्छन् । यो 'मनुष्य' शब्दको अपभ्रंश मात्रै हो । अर्थमा कुनै प्रकारको अन्तर छैन । वाउलाई सबै किरातहरूले आप्पा, पापा, पपा, पाप्पा, पेपा आदि भनेर बोलाउँछन् । यो केवल पितृ शब्दको अपभ्रंश मात्रै हो । त्यसै प्रकारले आमालाई मम्मा, अम्मा, अम्बा, ममा, मुमा, मेआ आदि भनेर पुकार्छन् । तर यो पनि मातृ शब्दको अपभ्रंश मात्रै हो । यस दृष्टिले हेर्दा भाषावैज्ञानिक दृष्टिले पनि किरातहरू अनार्य अथवा मङ्गोलियन सिद्ध हुँदैनन् । अनि यी अनार्य नै हुन् भने पाछा या गोत्रको चलन किन र कसरी पऱ्यो ? शुद्धिको चलन किन ? मूल भाषा र शब्द किन मिल्छन् ? मूल देवता र उपासना किन मिल्छन् ? दर्शन किन मिल्छ ? न्यागी खाने चलन, उँधौली उँभौली पूजाको चलन किन ? मर्दाखेरि गाड्ने, चिता जलाउने, पानीमा बगाउने, जन्मँदाखेरि तीन दिन चार दिनमा चोखाउनु किन पऱ्यो ? फेरि चोखिँदा फेदाङ्वा, बिजुवा आदिलाई ख्वाउनु किन पऱ्यो ? यस्ता सयकडौं प्रश्नका उत्तर राईलिम्बूहरूमा छैन ? जसको उत्तर खोज्न अंग्रेजी इतिहासको पानामा जान्छन्, उति-उति आफ्नो इतिहासलाई भुलेर किरात-अस्तित्वलाई समाप्त पार्नेछन् । रह्यो, पूजाआजामा जाँड, रक्सी, चिण्डो, तोंबा, राँगा, कुखुरा, सुँगुर, परेवा आदिको चलन; यो पछि आएको कुप्रथा मात्रै हो । यसले किरातपना देखिँदैन । यसले मूर्ख र आफ्नो आफ्नो इतिहास, विज्ञान, संस्कृति, सभ्यतालाई बुझ्न नसक्ने, सम्झन नसक्ने पारेको हुन्छ ।

माझकिरातमा आज पनि किरातहरूको एउटा पुरानो परम्परा छँदैछ । त्यो परम्परा के हो भने 'साकेला'; त्यसैलाई 'चण्डीनाच' पनि भन्दछन् । यो 'साकेला' के हो ? यसको इतिहास के हो ? त्यसको शाब्दिक अर्थ के हो ? यो प्रश्नमाथि मनग्य घोरिएर विचार गर्दा 'सहकाल' शब्दको तद्भवरूप मात्रै देखिन्छ । अर्थात् 'सह' शब्दको अर्थ साथ अथवा संग हो । 'काल' शब्दको अर्थ समय अथवा टाइम हो ।

ती दुवै शब्दलाई मिलाउँदा के अर्थ निक्ल्यो ? भन्दा साल या वर्षमा एकफेर सबै बूढा-बूढी, अधबैंसे, तरुणी, तन्देरी र बिजुवा, बिजवानी, सबैले मुन्धुम गाउँदै कोम्बी अर्थात् सानो सानो खुर्पाले अदुवा अथवा नपाएको खण्डमा कचूरको चाना हान्दै काट्दै नाच्दै खुशी मनाउने परम्परा नै 'सहकाल' शब्दको शाब्दिक र भावार्थ हो। 'सहकाल' शब्द उच्चारण बिग्रिँदै गयो, 'साकेला' भयो।

यस्तै अरू राईहरूको पनि अलि अलि अन्तरको साथ प्रायः 'राई' 'राई' को मध्यमा आ-आफ्ना कुलपितृपरम्परा केही न केही रूपमा मिलेकै हुन्छ। केही नमिल्नु थर या पाछाको भिन्नताले हो। यहाँ तल थुलुङ्गे आदि राईहरूको हाँगा-बिंगाको बारेमा केही सूची दिइँदै छ। पाठकवृन्दले मननपूर्वक हेर्नुहुनेछ। तर यो यति नै हो भनेको होइन। अरू कैयौं हुन सक्छन्।

थुलुङ्गे राईहरूको हाँगाबिगा[1]

थर	गाउँ	जिल्ला
१. रिपामुछा	जुबू	सोलुखुम्बु
२. हाजिरीपछा	मुकली	,,
३. हेडिलछा	सेसेलेम	,,
४. चम्कुचाछा	भिकुइमीर	,,
५. देनासोपचेछा	पश्चन	,,
६. आदिखामछा	तिदुला	,,
७. तेदिचेछा	देउपूजे	,,
८. वारातिछा	दोमालिजा	,,
९. तोलिन्दोछा	दमकु	,,
१०. जेतिमलछा	कांगेल	,,
११. तूहूताछा	चसपु	,,
१२. दुङ्गेछा	रोनी	,,
१३. हादिखम्चेछा	नेचा	,,
१४. सेमरेछा	मुकली	,,
१५. हार्दीपछा	देखु	,,
१६. ह्यामुरछा	लोखिम	खोटाङ्ग
१७. हुवार्मोछा	राङखे	,,
१८. लोलमीछा	सल्ले	,,
१९. वाखामछा	खिदुङ	,,
२०. बुर्याछा	दुम्मे	,,
२१. लामदाचुछा	धौलङ	ओखलढुङ्गा

---

[1] थुलुङ्गे राईहरूको पनि पूर्ण र स्वतन्त्र ग्रन्थ लेख्नुपर्नेछ। यद्यपि राईहरूमा थुलुङ्गेहरू शिक्षित र ठूला ठूला पोष्टमा पनि थिए। तर अगमसिंह राई देवसाबाहेक कसैले कलम चलाएनन्। प्रथम कर्नेल तथा आई० आर० ज़ी० सिद्धिमान राई आदिले पनि लेखेनन्।

खालिङ्गे राईहरूको हाँगाबिगा[1]

थर	गाउँ	जिल्ला
१. राप्छाली	पाखिूवास	शङ्खुवासभा
२. रूमदुकछा	जुविङ	सोलुखुम्बु
३. कसिङ्गछा	,,	,,
४. मुकत्यारछा	,,	,,
५. हरोखाछा	,,	,,
६. खेपचरूछा	,,	,,
७. प्रोञ्जेसछा	वासा	,,
८. डेंमेछा	,,	,,
९. लोमरूसछा	,,	,,
१०. थुलासछा	फुलेली	,,
११. व्यार्लुछा	कांकु	,,
१२. मुलकुछा	काङ्गदेल	,,
१३. हाङसीछा	कांक	,,
१४. जिन्तीछा	सोरेमा	,,
१५. डसाछा	खाखताप	,,
१६. रातदासछा	खाली	,,
१७. वेलरूछा	,,	,,
१८. रातोदछा	वापसा	,,

बोइङ्गे राई[2]

थर	गाउँ	जिल्ला
१. तिलचाछा	पङखु	ओखलढुङ्गा
२. मुनारीछा	,,	,,
३. हलेन्दिछा	,,	,,
४. देउसाछा	नेचा	,,
५. दिबुचाछा	,,	,,

---

[1] खालिंगे राईहरूमा सर्वे ओफ इण्डियाक्रो प्रथम राई अफिसर दलवीर राई र उनकै जेठा छोरा राईहरूमा प्रथम इञ्जिनीयिर प्रसिद्ध नरभूप राई थिए। नरभूप (नरु) अंग्रेजी भाषाका प्रसिद्ध लेखक पनि थिए। तर खालिङ राईवारे उनले पनि लेखेनन्। यहाँ मेरो भ्रमणमा पाए जति पाठकहरूको सामु राख्ने प्रयास गरेको छु। तर यति मात्रै होइन, खालिङ्गहरू पनि अझ पर्याप्त छन्।

[2] बोइङ्गेहरूमा पनि अझ भेद र उपभेद छन्। त्यसको संग्रह स्वतन्त्र गर्नुपर्नेछ।

६. नेचाछा	नेचा	ओखलढुंगा
७. रिनामसाछा	अधेरी	,,
८. मुकाचाछा	,,	,,
९. मेयोसचाछा	,,	,,
१०. सेत्रोचाछा	सल्याना	,,
११. खारापुछा	,,	,,
१२. खेकथोकपाछा	,,	,,
१३. वजीकपाछा	रांगादीय	,,
१४. प्रिथाचाछा	,,	,,
१५. दिवलुचाछा	मुली	,,
१६. तोलाचाछा	बुसेत्रा	,,
१७. दुङ्माछा	रंगा	,,
१८. नाम्बरछा	छित्रा	,,

नाछिरङराईको हाँगाबिंगा[1]

थर	गाउँ	जिल्ला
१. आदिचीछा	पारा	ओखलढुंगा
२. नासमीछा	,,	,,
३. सात्तीपाछा	,,	,,
४. रामलैछा	,,	,,
५. ङपाचछा	,,	,,
६. हाङ्केलछा	राखा	,,
७. रगगेछा	वाङ्गदेल	,,
८. हमेलाछा	,,	,,
९. हरेपछा	,,	,,
१०. तेमसुङ्गेछा	,,	,,
११. तोदुसेअतेत्पाछा	,,	,,
१२. चादुम्मेवातामीछा	,,	,,
१३. वाछेपा पारेपाछा	,,	,,
१४. सिविरोपाछा	,,	,,

---

[1] नाछिरङ्गराईहरूको पनि यहाँ लेखेकोभन्दा अझ बढ्ता भेद छन् ।

साङ्गपाङ्गे राईको हाँगाबिगा[1]

थर	गाउँ	जिल्ला
१. भालुछा	रवि	पाँचथर
२. भालुछा	साक्फारा	”
३. भालुछा	रूक्से	”
४. भालुछा	सिंहाङ	”
५. भालुछा	लुम्ते	भोजपुर
६. हीराहाङछा	सांगपांग	”
७. साभारूङछा	खार्तम्छा	खोटाङ्ग
८. हामखेछा	………	”
९. बुलतीमछा	दादीम	”
१०. तोरियाङछा	वासपानी	”
११. वारामुखीछा	मामातीम	”
१२. रायाछात्ती	मामातीम	”
१३. रानाछा	रवि	पाँचथर

मादेहाङ्गबाट फुटेका हाँगाबिगा

राईहरूमा मादेहांग र सोम्मेहाङ प्रसिद्ध छन् । यिनीहरूलाई ‘याखा[2]’ राई पनि भन्दछन् ।

थर	गाउँ	जिल्ला
१. आनरूङाछा	आद्रुङ	धनकुटा
२. हाकिमछा	बोधे	”
३. लाबुंगछा	लिङलिङ	शङ्खुवासभा
४. एलावाछा	सिंमुवा	”
५. चुकिमछा	फार्कलिग	”
६. देवानछा	मादी	”
७. चितलाङछा	आर्खाभुइँ	”
८. छयालाछा	मार्मलिग	”
९. हेङवाछा	हात्तीसूँडे	”
१०. कङगारेङछा	”	”
११. हाङदेनछा	आर्खामुह	”

---

[1] यसरी सांगपांगे राईहरूको हाँगाबिगा अरू शोधखोज गर्न र लेख्नु अझ बाँकी नै छ । यहाँ विस्तार गरेर लेख्दा एउटा स्वतन्त्र ग्रन्थ हुने भयो । त्यसमा पनि लेख्नुभन्दा छपाउन ठूलो समस्या पर्ने हुँदा भविष्यको लागि छोडेको छु ।

[2] ‘याखा’ राईहरूका ‘पाछा’ पनि धेरैजसो संस्कृत शब्दबाटै बनेको देखिन्छ । साथै याखाहरूको पनि अरु हाँगा-बिगा फुटेको देखिन्छ । यो पनि भविष्यको ताकमै रहोस् ।

१२. हङ्हङ्छा	आर्खामुह	शङ्खुवासभा
१३. इलोङ्छा	तामाफुक	,,
१४. कोइयुङ्वाछा	किङरिङ	,,
१५. कोकलुवाछा	खाराङ	,,
१६. कुमछाछा	चापाभुइँ	,,
१७. दुमसाहाछा	नामसालिंग	इलाम
१८. हाङहाङछा	सुम्बेक	,,

सोम्बेहाङ्गबाट फुटेका हाँगाबिगा[1]

थर	गाउँ	जिल्ला
१. योयङहाङछा	इलाम	इलाम
२. बाइहाहाङछा	आन्द्रङ	धनकुटा
३. लिङखाछा	बोधे	,,
४. टिकासोलोङछा	सिभुवा	शंखुवासभा
५. अक्तुहाङछा	,,	,,
६. तोम्बाछा	,,	,,
७. चेयोकहाङछा	लिङलिङ	,,
८. पाङलुङछा	,,	,,
९. तामाफुकीछा	तामाफोक	,,
१०. सोमोयाङछा	मामलिङ्ग	,,
११. सोबारनछा	स्वावन	,,
१२. पुटलुङछा	मादी	,,
१३. सुम्माछा	चुङखुङ	,,
१४. लिम्बुखिमछा[2]	खाराङ	,,
१५. मादमानछा	आमारुवा	,,
१६. माकाराछा	तामाफोक	,,
१७. मारेनछा	तेल्लोक	,,
१८. मेवाहाढ़छा	आर्खाभुइँ	,,

लामसङबाट फुटेका हाँगाबिगा

'लामसङ' लोरूङे राईहरूलाई भनिन्छ। लोरूङेहरू प्रायः आफ्नै उत्पत्तिस्थानमा बसेका छन्। यी आज पनि जिल्ला शङ्खुवासभामा धेरै छन्।

---

[1] यस्तै सोम्बेहाङ्बाट फुटेका अरू धेरै शाखा प्रशाखा छन्। यिनीहरूको बोलीमा पनि अरू राईहरूभन्दा केही भिन्नता पाइन्छ। तर जुन राईको प्रधानता छ, त्यहाँ त्यसैको बोलीले ढाकेको देखिन्छ।

[2] यो पाछा राईहरूबाट लिम्बू अलग भएपछि बनेको देखिन्छ।

थर	गाउँ	जिल्ला
१. टेङ्साछा	पाख्रिवास	शंखुवासभा
२. बनपाला	हेलुवा	"
३. टेमराछा	"	"
४. देहेरेनछा	दिदिङ	"
५. आङ्लाछा	"	"
६. हाङ्सिमछा	पाङ्मा	"
७. लिङ्खिमछा	"	"
८. हेलुवाछा	हेलुवा	"
९. विवाछा	पाङ्मा	"
१०. याङ्खङ्छा	"	"
११. पाङ्माछा	"	"
१२. लामसङ्हाङ्छा	"	"
१३. लुम्बेनछा	"	"
१४. याङ्खिलाछा	"	"
१५. विकसिकछा	"	"
१६. देकिङ्छा	"	"
१७. देकहिमछा	"	"
१८. लङ्वाछा	"	"
१९. सियासङ्छा	सिम्ले	"
२०. खिम्पुछा	माल्टा	"
२१. टिङ्सुभाछा	इमादेवीटार	"
२२. केठराछा	मार्लिगेटार	"
२३. याङ्खुङ्हाङ्छा	धूपु	"
२४. विकसिकछा	पाङ्मा	"
२५. युङ्पाङ्छा	"	"
२६. खाहसोङ्छा	"	"

मेवाहाङबाट फुटेका हाँगाबिगा

मेवाहाङलाई याम्फुराई पनि भनिन्छ ।

थर	गाउँ	जिल्ला
१. हेदाङ्नाछा	हेदाङ्ना	शङ्खुवासभा
२. आलाछा	हेदाङ्ना	"
३. याम्फुछा	"	"

४. मेवाहाङ्छा	तामकु	शङ्खुवासभा
५. सिलिमाछा	,,	,,
६. विलिङ्छा	,,	,,
७. टिङ्माछा	,,	,,
८. टेमोराछा	,,	,,
९. सेपकछा	नुम	,,
१०. वालैलाहछा	बाला	,,
११. वाकतेमराछा	,,	,,
१२. लेण्डाछा	,,	,,
१३. मन्नावाछा	वालङ	,,
१४. पावाछा	मातेम्बा	,,
१५. सार्मुकीछा	,,	,,
१६. लुमलुमाछा	लामदाङ	,,
१७. याक्छरूङ्छा	,,	,,
१८. लाङ्छावाछा	फुदाक्या	,,
१९. इभाछा	पाखि्रवास	,,
२०. काकोराछा	सेढुंवा	,,

किन्दाङ्गे राईहरूको हाँगाबिंगा

आजको युगमा 'किन्दाङ्ङे' राईहरूलाई अठपरे पनि भन्दछन् । परन्तु कतिपय लेखकहरूले अठपरे राईहरूलाई अलगै राख्ने धृष्टता गरेका छन् । तर ती कुरा सही छैनन् । यहाँ किन्दाङ्ङे राईहरूकै हाँगाबिंगाको सूची दिइँदै छ । विचार गर्नुहोस् ।

थर	**गाउँ**	**जिल्ला**
१. किन्दाङ्छा	किन्दाङ	धनकुटा
२. खाकवादुकछा	कुन्दाङ	,,
३. लेङसुवाछा	धनकुटा	,,
४. होमराछा	,,	,,
५. माङ्वुङ्छा	,,	,,
६. फीक्किमछा	भीरगाउँ	,,
७. चरिङ्माछा	,,	,,
८. छिलिङ्माछा	चुलीवद	,,
९. छाराछा	स्यौले	,,

दुमी राईहरूको हाँगाबिंगा

थर	**गाउँ**	**जिल्ला**
१. दिम्माछुछा	स्वार्मी	खोटाङ्ग

२. बालकपुछा	स्वार्मी	खोटाङ्ग
३. सर्चुछा	"	"
४. हादीछा	दशखते	"
५. राङ्कासुछा	सीमपानी	"
६. लुपपोंछा	"	"
७. सोतमाछा	हचेछा	"
८. रतकुछा	वाक्सीला	"

वस्तुतः बुद्धकालदेखि यता छरपस्टिएका राईहरूका अनेक भेद-उपभेद भएको देखिन्छ। चामलिङ्ग, कुलुङ्गथुलुङ्ग, खालिग, नाछिरंग, बाइंग, सांगपांग, दुमी, कोयू, वान्तवा, चौरासे आदि राईहरू आज पनि विद्यमान छन् ।

वान्तवाहरूको हाँगाबिगा

थर	गाउँ	जिल्ला
१. *खेछा	दिल्पा	भोजपुर
२. मकारूङछा	"	"
३. *पिनुङछा	"	"
४. *बानुछा	"	"
५. *बुलेरिनछा	"	"
६. *काङमाङछा	"	"
७. *मुकारूङछा	"	"
८. *रूङमाङछा	"	"
९. *हाङछेनछा	"	"
१०. खुमयाङखाछा	"	"
११. *सिप्तुङखाछा	"	"
१२. *साम्सुद्यङछा	रिमचिम	"
१३. *खेङपुङछा	"	"
१४. *रङचिमछा	"	"
१५. खिमदुङछा	"	"
१६. *दावाछा	दावा	"
१७. *माङपाहाङ्छा	खावा	"
१८. *पाङ्मालीछा	पाङ्मा	"
१९. *इसराछा	लुङ्गिन	"
२०. सोइङछा	"	"
२१. बालीहाङछा	खोटाङ	"
२२. शिवाहाङछा	बोखिम	

---

*यिनले वाख्राको मासु खाँदैनन् ।

कोयूराई

थर	गाउँ	जिल्ला
१. बाङ्गदेलछा	बाङ्गदेल	ओखलढुङ्गा
२. बादुखुछा	सुङ्गदेल	,,
३. घिरूलछा	,,	,,
४. मुन्घुपाछा	,,	,,
५. गौरूङपाछा	छिनामखु	भोजपुर
६. रामपाछा	,,	,,
७. नापाछा	,,	,,

कुलुङ्गे राईको हाँगाबिंगा

थर	गाउँ	जिल्ला
१. तुम्ब्राङेछा	जुविङ्ग	सोलुखम्बु
२. वालहाङछा	,,	,,
३. हारिङबुछा	छेसकाम	,,
४. पिलुमाङेछा	,,	,,
५. तोगाछाङ्छा	,,	,,
६. होरिङ्बुङ्छा	गोदेल	,,
७. नाम्लुङ्छा	,,	,,
८. साम्वेवाछा	,,	,,
९. लावतीछा[1]	वाकु	,,
१०. मोचोछा	,,	,,
११. यसासछा	बुङ्	,,
१२. रिनाहाङ्छा	,,	,,
१३. सोताङ्गेछा	सोताङ्ग	,,
१४. चार्लुङ्गछा	पावाई	,,
१५. चौरासे	,,	,,
१६. नाक्घोचाचोछा	,,	,,
१७. मुक्काथेछा	,,	,,
१८. मुनाचाचोछा	,,	,,
१९. रापधाचाछा	,,	,,
२०. वनखोल्चाछा	,,	,,
२१. क्याम्पाचाछा	,,	,,

* * *

---

[1] लावती थरका लिम्बूहरू कुलुङ्गे राईबाट छुटेको देखिन्छ ।

नामको पछाडि जाति लेख्ने प्रथा

यद्यपि ब्राह्मण र क्षत्रियहरूको जातीय नाम उल्लेख महाभारतकालदेखि देखिन्छ, महाभारतमा द्रोणाचार्य र कृपाचार्य आदिलाई भारद्वाज ब्राह्मण लेखेका छन् तर यो विशेष रूपले विचारणीय छ। त्यसपछि बुद्धका शिष्यहरूमा धेरै ब्राह्मणहरू पनि थिए। तीमध्ये एकजनाको नाम भिखुपन्तको उल्लेख पाइन्छ। परन्तु आज पन्तहरू प्रशस्तरूपमा पाइन्छन्। यस्तै पाण्डेयहरूको सातौं शताब्दीका दक्षिण भारतीय पाण्डेय राजाका रूपमा उल्लेख पाइन्छ। जस्तै—आठौं शताब्दीका भट्टहरूमा कुमारील भट्ट प्रसिद्ध छन्। उपाध्यायहरूमा बाखांका नव्यन्यायका प्रवर्तक गङ्गेशोपाध्याय प्रसिद्ध छन्। मिश्रहरूमा पनि छैठौं शताब्दीका मण्डन मिश्र प्रसिद्धै छन्।

यसरी पन्त, मिश्र, भट्ट, उपाध्याय, पाण्डेय, क्षत्रिय, ब्राह्मणहरूको जातीय नाम ई० पू० पाँचौं शताब्दीदेखि लेखिन थालिएका हुन्। तर तेह्रौं शताब्दीदेखि यताका रूक्का, लालमोहर आदि कागजपत्र, शिलालेख आदिमा पर्याप्त मात्रामा जातीय नाम लेखेको पाइन्छ। जस्तै—राजा रुद्रसेनको दानपत्रमा १५७१ मा थापा, कुंवर, रावल, खत्री, उपाध्याय, पाण्डेय, पन्त, अर्जेल, खड्का, राना, शाहा, सेन, थारू, मगर, सुनार आदि लेखिएका छन्। वि० सं० १४१३ को राजा पुण्यमल्लको दानपत्रमा जातीय नाम अधिकारी, कार्की, खड्का, बुढा, थापा इत्यादि। वि० सं० १३९३ मा लेखिएको अधिकारी, महर, महतो, पण्डित, मल्ल आदि। वि० सं० १७२२ मा लेखेको पृथिवी शाहाको तमसुकमा उपाध्याय र राजा लक्ष्मी नृसिंह मल्लको १६९८ (१७६१ ?) माखन टोलको अभिलेखमा उल्लेख गरेका जाति ब्राह्मण, प्रधान, खस, मगर तथा काष्कीका राजा सिद्धिनारायण शाहा (वि० सं० १८३१)-को उल्लेखमा उपाध्याय, घर्ती, खवास, पण्डित आदि उल्लेख भएका छन्। यस्तै पश्चिमतिरका अरू पुराना कागज-पत्रहरूमा शाके दशौं शताब्दी (?)-तिरका कागजपत्रमा जलै[1] राई, थलै राई, नभै राई आदि राईहरूको उल्लेख पाइन्छ।

पुण्य मल्लको लगभग १३ औं शताब्दीका ताम्रपत्र, स्वर्णपत्र आदिमा राजालाई राई मानेर (राईको आदेश भनेर) लेखेको पाइन्छ। नेपालमा अथवा भारतैमा पनि जातीय नाम लेख्ने चलन धेरै पछिको हो भन्ने बुझिन्छ। यहाँ प्राचीन जातिहरूको उल्लेख गर्दै जाँदा अत्यन्त प्राचीन जातीय नाम आजको जस्तो देखिंदैन। परन्तु २१ थुलुङ्ग, १८ खालिङ्ग, १८ बोइङ्ग, १४ नाछिरङ्, १२ साङ्पाङ्, १८ मादेहाङ्, १८ सोम्बेहाङ्, २६ लाम्साङ् (लोरूङ्ग), २० याम्फु, ९ किन्दाङ्ग, ८ दुमी, २२ वान्तवा, ७ कोयू, २२ कुलुङ्गे, २६३ चाम्लिङ्ग राईहरूको थर पाइएको छ। अझ योभन्दा बढ्ता हुने सम्भावना राखिएको छ। यस्तै लिम्बूहरूमा १० लिम्बूबाट १६ लिम्बू भएपछि माबोहाङ्को २६, थेगिम ११, सेरङ्को १०, फागो २०, सावाँ १९, बोखिम ५, खोक्याङ् १७, थेंवे ५, पापोहङ् १३, इजम ६, यक्पाङ्देन १६, फेदापे १२, आथ्रे ५, नाम्बाङ् १४, हुक्पाहाङ् १७, खेवा २२ यसरी लिम्बूहरू पनि अझ हुने सम्भावना राखिएकै छ। मगर-किरातहरूका पनि आलेका १८, बुढाथोकी १८, घर्ती १८, पुन १८, राना ६, थापा १८ इत्यादि अरू पनि छन्।

---

[1] यसवारे डा० डिल्लीराम तिमसिना (काशी हिन्दू वि० वि०, नेपाली विभाग)-द्वारा सम्पादित 'वाणीसाधना' पत्रिका दोस्रो अंक हेर्नुहोस।

यस्तै गुरुङ-किरातहरूमा १६ जाते र १२ जाते गरी लामा १८, लामिछाने १८, घले १६, घतानी २४ आदि गुरुङहरूका पनि अझ थर पाउने सम्भावना छ। यस्तै सुनुवारराई-किरातहरूको ४२ थरभन्दा बढ्ता पाउने विश्वास राखिएको छ। त्यस्तै तामाङ्-किरातहरूमा ५२ थरभन्दा बढ्ता सुनिन्छ।

यस्तै थारू-किरातहरूको ९६ जातिभन्दा बढ्तै देखिन्छ। परन्तु प्राचीनकालमा यति विघ्न जाति थिएनन्। यो केवल नेपालभित्र भएको किरात-जातिहरूमध्ये नेवार, धिमाल, कोचे, मेचे, कुसुण्डे, राउटे, सौखा आदिका थर जातिहरू तीती स्थानहरूमा हेर्नुहोला। जुनजुनका लेखिएका छैनन्, तीतीका रिसर्च गर्नु नै शेष छ।

यस्तै बाहुन र खसक्षत्रियहरूमा पनि तथा कामी, दमाई, सार्की आदिमै हजारौं थर छन्। विस्तारको भयले संकलनै भए पनि दिनु सकिएन। यसरी हाम्रो नेपाल विश्वका साना देशहरूमध्ये अत्यन्त सानो भए पनि यसको रहन-सहन, खानपान, इतिहास, कलाकृति किरातकालदेखि नै आफ्नै ढंगको देखिन्छ। परन्तु यत्रो औधि गनिनसक्नु थरहरू नेपालदेखि बाहिर पनि किरातहरूमा नै देखिन्छ। उदाहरणको लागि कुकी, त्रिपुरी, नागा, मणिपुरी, आराकानी, खसिया, गारो, जयन्तिया, बोडो, कछारी आदिका थर-उपथर विचित्रै छन्। नेपालैमा पनि १०० वर्षभित्रमा दुइटा थर नयाँ बनिसकेका छन्। यसलाई हामी लाहुरे र वर्मेली भन्दछौं। बाबु-बजू र आमा-बाबुसम्म पूर्वजातिको स्मरण गरेर भने पनि नयाँ पीढीका युवक युवतिहरूले चाहिं 'हामी लाहुरे हौं, हामी वर्मेली हौं' भन्न मात्रै जानेका छन्। 'हामी राई, लिम्बू अथवा देवान, प्रधान' आदि भन्न भुलेका छन्। परन्तु बाहुन र खसक्षत्रियहरूले चाहिं आफ्नो पुरानो थर पनि भुलेका हुँदैनन्। त्यसैले किरातक्षत्रियहरूले आफ्नो पूर्वका थरहरू ज्यादै भुल्दै गए। खसक्षत्रिय र बाहुनले चाहिं अलिअलि मात्रै भुले।

त्यसै कारणले गर्दा किरातक्षत्रियहरूको जातीय थर बढ्दै गयो। अर्को कारण किरातहरूमा दुर्वेसन र अशिक्षाको कारणले ज्यादै फुट पऱ्यो। फुटको परिणाम यो भयो गाउँघर, डाँडाकाँडा, खोलानाला जहाँ-जहाँ बस्दै गए त्यै-त्यै ठाउँको नाममा आफ्नो थर राख्न थाले। साथै आफ्नो सम्बन्धीहरूबाट मेल नहुनाले अथवा अरू नै कुनै कारणले छुट्टिदै गए। यसैको कारणले किरातक्षत्रियहरूको नेपालैभित्र यत्रो औधि थर भएको हो। यसको विपरीत बाहुनहरूमा दुर्वेसन थिएन, अशिक्षा पनि थिएन। त्यसैले आफ्नो पूर्वस्मृतिलाई ताजै राखे।

यस प्रकार असाध्य किरातहरूको थर-उपथर बन्दै गएको इतिहासले पनि किरातहरूको पतन महाभारतकालदेखि यता निरन्तर भएछ भन्ने बुझिन्छ।

बाहुनबाट निक्लेका जनजातिहरू

यसै प्रसङ्गमा परम्परादेखि छुवाछूत वारेर चल्दै आएका कामी, दमाई र सार्कीहरूको थर गोत्रको चर्चा आवश्यक देखेको हुनाले संक्षेपमा यहाँ प्रस्तुत गरेको छु । यद्यपि वर्तमान समयमा कामी, दमाई र सार्कीलाई 'वाहुन, क्षत्रियबाट तला खसेका हुन्' भन्ने गर्छन् । साथै केही कामी, दमाई आदिले पनि "हाम्रा पूर्वज सात पीढी आठ पीढीपहिले बाहुनै थिए" भन्छन् । यसको अनुसन्धान गर्नु आवश्यक छ ।

यहाँ शोधखोजको क्रममा फेला परेका कामी, दमाई र सार्कीहरू बाहुनहरूसँग मिल्ने थरको सूची मात्रै उल्लेख गरिएको छ । अरू धेरै थरेघरेहरू होलान्, अनुसन्धेय छ । यद्यपि प्राचीन इतिहासमा छुवाछूत हुने कुरा लेखेको पाइँदैन । त्यसैले वाल्मीकिरामायणमा ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र यी चार भाइलाई मर्हषि कश्यपले मनु नाम गरेकी महिलाबाट उत्पन्न गरेका थिए । यी चारै भाइ एकै बाबु-आमाका सन्तान हुन् भने यी चारै भाइमा 'तँ ठूलो र म सानो' अथवा छुवाछूतको कल्पना नै कसरी हुन सक्छ र ? ब्रह्मका सन्तान हुन् भने सबै ब्राह्ममय जगत् भएको हुनाले सबै ब्राह्मणै ठहरिन्छ । जे होस् । ईश्वरीय सृष्टिमा मानवीय भेदभाव देखिए पनि यो भेदभाव, जातिवाद चर्किएपछि शुरू भएको हो । यहाँ तल दिएका तालिकाहरूमाथि पाठकवृन्दले मनन गर्नुहुनेछ ।

कामीको थर

कामीहरूको वारेमा खोज गर्दा 'यी बाहुनहरूवाट खसेका' भन्छन् । परन्तु कामीहरूमा पनि सबैभन्दा पहिले आफूलाई विश्वकर्मा मान्ने छन् । उनीहरू भन्छन् 'लोहार' पछि अरू कामी भएका हुन् । तर यी कुरा उनीहरूकै भनाइ मात्र हो । यहाँ हाम्रो तात्पर्य केवल यति हो कि क्षत्री, वाहुनको जस्तै कामीहरूका पनि थर, गोत्र हुन्छन् । त्यसको कारण के हो ? यति मात्र हो; जस्तै—कालिकोटे कामी छन् भने कालिकोटे खँडका क्षत्रिय पनि छन् । कालिकोटे कामीहरू भोजपुर तिवारी भञ्ज्याङमा छन् भने कालिकोटे क्षत्रियहरू दिक्तेल नेर्पामा छन् । यहाँ केही कामीहरूको गाउँ, ठाउँ सङ्केत गरिन्छ । विशेष कुरा शोधखोज गर्न बाँकी नै छ ।

कालिकोटे	तिवारी भञ्ज्याङ	भोजपुर
कोइराला	डाँडागाउँ वोखिम	,, ,,
घिमिरे	बासबोटे	,, ,,
दाहाल (गदाल)	बतासे	,, ,,
सापकोटा / खँडका	माङदिङ चर्मंदी	,, ,,
लामिछाने	पौवा खेसाङ	,, ,,
सेतिसुरेल	श्यामशिला	,, ,,
रिजाल	दिल्पा	,, ,,
भट्टराई	....	....
पौडेल	टकसार	,, ,,

एवं गौतम, बश्याल, कत्याल, बोहरा, मेहरा, थापा, भुसाल, बराल आदि कामीका थर हुन्छन् । एकदम अलग पारेर राखेका थरहरू पनि धेरै छन् । जस्तैः गहतराज, गजमेर, सुनच्योली, घोतानी, लोहार, हलुङ्गे, सुनार, रूचाल, गदैली, कालिकोटे आदि निक्कै परिवर्तन गरेर राखेका थर हुन् । यसमा केही रहस्य छ ।

यसरी कामीहरूका गोत्र आदि पनि बाहुनका जस्तै छन् । तर यीमध्ये बराल (बरैली), रिसाल (रसैली), खाती, खत्री, तिखत्री, घिमिरे आदि कामी र दमाई दुवैमा हुन्छन् । त्यसमा बराल कामीहरू कौशिक गोत्रका हौं भन्नेहरू पनि पाइन्छन् । पौडेल (पौड्याल) कामीको आत्रेय गोत्र, घिमिरे कामीको काश्यप गोत्र तथा सुनार कामीको भारद्वाज गोत्र भएका पनि पाइन्छन् । यी थर, गोत्रका कामीहरू पूर्व-पश्चिम नेपाल र विदेशमा सिक्किम, दार्जिलिङ्ग, आसाम, बङ्गाल, मेघालय आदिमा पाइन्छन् । मेरो विचारमा कसैका तीन पुस्ता, कसैका चार-पाँच पुस्ता र कसैका तीभन्दा निक्कै अगाडिका पुर्खाहरू बाहुनै थिए । केही कारणवश मनमुटाव, वैमनस्यको कारणले गर्दा यिनी कामी-जातमा परिणत हुन पुगे होलान् । उदाहरणको लागि कतै खानपान, कतै रहन-सहन आदिमा सामाजिक दोष लाग्दा बाहुनसमाजबाट बहिष्कार भए जस्तो लाग्छ । किनभने अनुहार, शरीरको बनावट, बुद्धि, वैभवमा कामीहरू बाहुनहरूभन्दा कम छैनन् । फेरि गोत्र-परम्परा, समग्र कार्यकलाप बाहुनकै छ । केवल खान-पानमा मात्रै अलग देखिन्छन् । अब त ती खानपान पनि प्रायः सरोवरी नै भइसके ।

अब त सबै सरोवरी भएपछि कसैको छुवाछूतको मतलब छैन । कामीहरू वात्स्य गोत्र, काशी गोत्र, कौशिकादि गोत्रका पनि हुन्छन् ।

दमाईहरूको थर, गोत्र तथा शाखा

बाहुनहरूबाट पर सारिएका हुन् कि क्या हो ? यसको शोधखोज तथा अझ प्रामाणिकतामाथि रिसर्च हुँदैछ । तर यो अवश्य छ कि कामीहरू जस्तै बुद्धि, सीप, अध्ययन र व्यावहारिकतामा दमाईहरू पनि कुनै हालतमा कम छैनन् । नेपालबाहिरका दमाईहरू पुलिसमा इन्स्पेक्टर, जर्नलसम्मको पद पड्काउने र इन्द्र सुन्दास आदि जस्ता उपन्यासकार र साहित्यकारहरू पनि दमाईहरूमा भएका छन् । तर दमाईहरूको पनि बाहुनहरूले वा अरू कसैले हो; जातिच्युत गरे जस्तै लाग्छ । किनभने उनकै थर, गोत्रले बताउँछ । जस्तै— गोतामे शिवाका अत्रि (अन्ति) गोत्र हुन्छ । तथा चार परिवारको अत्रि (अन्ति) गोत्र तथा मनिज, पुवर अनि दरनालको कौशिक गोत्र, ब्रह्म शाखा हुन्छन् । चाहर (आचार्य-अचार्ज)-को कौडिण्य गोत्र, ब्रह्म शाखा; तिखत्री (खत्री)-को कौशिक गोत्र, ब्रह्म शाखा आदि हुन्छन् । कामीहरूमा जस्तै दमाईहरूमा पनि घिमिरे, कार्की, पौडेल (पौड्याल), शिवाकोटी, कालिकोटे, रिजाल, भुसाल, पाँडे (पाण्डेय) आदि थरहरू हुन्छन् । यीदेखि बाहेक दरनाल, चार, ठटाल, सुन्दास, सेवा, मोहरा, पाँडे शिवा, भेडे शिवा, कुखुरे शिवा, सेते-सुरूवाल, 'आफाल धोती ला टोपी', 'तौंवामाथि अनौं तौंवामुनि जुवा छ' आदि उटपटाङ थरहरू पनि सुनिन्छ । यसको वास्तविकतामा सन्देह हुनु स्वाभाविकै भए पनि यो कुरा अवश्य छ कि दमाईहरू पनि कुनै समयमा बाहुनै थिए । यसमा सन्देह छैन । कुनै कारणवश सामाजिक बहिष्कार भने अवश्य भयो । परन्तु महाकाली अञ्चल, जि० दार्चुला तल्लो मर्माको लटिनाथ पञ्चायतको बगर गाउँको जय दमाईको घरमा भएको हस्तलिखित वंशावली-अनुसार दमाई हुनुभन्दा सात पीढीपूर्व कुंवरक्षत्रिय थिए । त्योभन्दा पूर्व यिनी बाहुनै थिए । त्यसैले दमाईहरू अछूत जाति होइनन् । यो क्षत्रिय, बाहुनकै आपसी बहिष्कार मात्र हो भन्न सकिन्छ ।

यहाँ केही दमाईहरूका थरहरू मात्रै जानकारीको लागि प्रस्तुत छन् । खँडका, खपतरी, खुलाल, घिमिरे, रिजाल, भण्डारी, बराल, लामिछाने, सापकोटा, सिलवाल, राणा, शिवाकोटी, राना खुलाल, वस्नेत, कटुवाल, भुसाल, कार्की, नेगी, पोखरेल, कार्की (कार्की ढोली), खत्री (तिखत्री), दरलामी, दरनाल, घले आदि क्षत्रिय, बाहुन, गुरुङ, मगरसँग मिल्ने थरहरू पनि छन् । साथै आफ्नै पाराका थर पनि दमाई-

हरूमा देखिन्छन् । जस्तै—सेवा, सुन्दास, हिङमाङ, ठटाल, दास, रनपहेंली, सुनाम, वरदेवा, खाती, लावर, परियार, पाँचकोटे, मोथे, चार, भरले आदि पनि दमाईहरूको थर हुन्छ । यी दमाईहरू कुमाऊ, नेपाल, उत्तर बङ्गाल, सिक्किम आदिमा बसोवास गरिराखेका छन् ।

सार्कीको थर र मिझारे सार्की

हाम्रो नेपालीको विभिन्न जातहरूमध्ये सार्की पनि एक जात हो । सार्कीहरूको पनि विभिन्न प्रकारका थर, गोत्र हुन्छन् । जस्तै—कोइराला, बसेल, पहाडी, सुडारी, गैरिपिप्ले, विसुंगे, वैरागी विसुंगे, बोगटी, रमतेल, लमजेल, सैंजू, ब्रह्मशाखा, बयलकोटी, धउलाकोटी, उपरकोटी, शिवाकोटी, मजकोटी, कुरकुची, माल-पुरकोटी, पिपलेकुरकोटी, आछामे, तेलांगी, रोकाह, दुतरोकाह, दुम्सेरोकाह, मुदेल, दहाल, दुलाल, माल-भोक, सुयल, सुरखेती, मंगराती हुन् । मंगरातीहरूमा दुतमंगराती, कालामंगराती, आलामंगराती, खिलुंगे-मंगराती, धुरमंगराती यी पाँच मंगराती छन् । तीमध्ये धुरमंगराती र खिलुंगेमंगरातीचाहिं खास झर्रा मंग-राती हुन् । उपर्युक्त लेखिएका सार्कीको थरहरूमा प्रायः क्षेत्री, बाहुन, मगरको थरसँग धेरैजसो मिल्छन् ।

कामी, दमाईहरू जस्तै सार्कीहरू पनि आजको युगमा निक्कै चर्चामा आएका छन् । साथै सार्की पनि क्षेत्री, बाहुनबाट सामाजिक बहिष्कार गरिएको हो जस्तो लाग्छ, किनभने सार्कीको थर पनि धेरैजसो बाहुन, क्षेत्रीसँगै मिल्छ । जस्तै—कोइराला, विसुंगे, ब्रह्मशाखा, शिवाकोटी, दुलाल, भुसाल, बश्याल, खति-वडा, रोका, पोखरेल, घिमिरे, सुवेदी, रिजाल, गौतम, सापकोटा, गैरे, बोहरा, पौडेल, बराल, गदाल, खाती, हरिजन, दरनाल, मिजार, बोगटी दुलाल, पहाडी सुडारी, रोकाह, दलाल, सुयल, सुखेती इत्यादि सार्कीहरू नेपाल र नेपालवाहिर पाइएका छन् ।

मगरको थर आलेमंगराती, धुरमंगराती आदि; नेवारको थर सैंजू; सार्कीहरूको आचरण, रहन-सहन, धर्मकर्म, पूजापाठ, जन्मँदा-मर्दा काजकिरिया गर्दा नियम, बोली वचन क्षेत्री, बाहुनको जस्तै हुन्छ। मगरजातिसँग पनि मिल्दो जुल्दो छ। सार्कीजातिको बोली पनि राई, लिम्बूहरूको जस्तो आफ्नो निजी बोली हुँदैन । सार्कीहरूले क्षेत्री, बाहुनको भाषा, बोली नै बोल्छन् ।

माथि लेखिएका पाँच मंगरातीमध्ये तीन प्रकारका मंगरातीहरूचाहिं सार्कीको एउटै थरमा समाज आफन्तमा कुनै कुरीति अनैतिक काम गरेछन् र सार्कीसमाज बसेर छलफल निर्णय गर्दा त्यस्तो किसिमको कुरीति अनैतिक गल्ती काम गरेको छ भने अबदेखि यसको थर दुतमंगराती, आलामंगराती, कालामंगराती अथवा सोही बमोजिमको थर मंगराती भनेर पञ्चले तोकेर राखिदिएको हुनाले दुतमंगराती, कालामंगराती, आलामंगराती भएका हुन् ।

सोही बमोजिमका अरू थर भएकाहरूलाई पनि त्यसरी नै छुट्याइएको हो भनेर पुर्खेउली बुवा-बाजेहरूबाट थाहा हुन गएको छ । प्रायः गरी सार्कीको गोत्र काश्यप गोत्र नै हुन्छ भन्दछन् । यो सार्कीको थरमध्ये धुरमंगराती थर हुने सार्कीचाहिं वा यिनका शाखा-सन्तानचाहिं काठमाण्डौ, भक्तपुर कटुंजेबाट धनकुटा पाटले गाउँमा आएर बसोबास गरेका रहेछन् । खास गरी सबै उपर्युक्त थर भएका सार्कीका पेशा (काम) इलमचाहिं मरेको गाई-गोरुको छाला काडेर काँचो छालालाई चून र रूख-पातको बोक्रा कुटेर लगाई छालाहरूलाई बनाई तयार गरी बनाउने औजार पनि तैयार गरेर जुत्ता, घोडाको (जीन) काठी, अरु विभिन्न प्रकारका सामानहरू बनाउन थालेका छन् भने केही हाकिम पनि छन् ।

पुर्खादेखि बुवा-बाजेहरूले गरिल्याएको इलम हामी छोरा, नाति, पनातिहरूले पनि यही इलम गर्नु-पर्छ भनेर हिजो आज पनि सोही जुत्ता बनाउने काम गरेको देखिन्छ । सार्की जातले जुत्ता बनाउने काम

गरे पनि पहाड, मदेशतर्फ खेतीबारीको काम (किसानी) गर्दछन् । पहाड ३ नं० ओखलढुङ्गा जिल्लातिर डोको, थुन्से, नाम्लो, डोरी, बस्ने मुडा, धङ्गरूजातको रूखको हाँगाबाट राम्रो राम्रो टेक्ने लौराहरू, काठ-पात चिरानी गर्ने काम, काठ मिस्त्री गर्ने काम पनि गर्न थालेका छन् । जातहरूमा कामी, सार्की, दमाई, कडारा, सुनार, वादी, गाइने यति निम्न जातहरूले राणाशासनकालमा पढ्न हुँदैन भन्थे । पुस्तकहरू पनि छुन हुँदैन भन्ने प्रथा थियो । यो निम्न जातले छोएको पानी अथवा अरू खाद्यान्न पदार्थ खान हुँदैन, छुइन्छ भन्थे । यिनीहरू अछूत हुन् । यिनीहरूले कसैलाई छोइ-छिट्टो गरे भने दण्ड जरिबाना पनि हुन्थ्यो । उपर बिष्ट जातले छोइ-छिट्टो जानी जानी खाए भने उनीहरूलाई पनि दण्ड जरिबाना, पतिया प्रायश्चित्त गर्नुपर्ने पनि हुन्थ्यो । छुइन्छ भन्ने प्रथा हिजो आजसम्म हटेको छैन ।

धेरै पछि निम्न जातले पनि लेख-पढ गर्न इच्छा गरेर ठूलो बिष्टहरूको काम र चाकर गरेर केही मात्रामा आफ्नो नेपाली मातृभाषा लेखपढ गर्न जानेका रहेछन् । राणाशासनकालमा नेपालराष्ट्रभरि सार्की जातमा मिझारे हुनुपर्छ, लेख पढ जान्न सक्ने सार्कीलाई मिझारे पद बक्सी अबदेखि तिमी सार्की जातको मिझारे भयौ भन्ने गर्थे ।

एक वर्षमा मसान्तसम्ममा प्रत्येक घर-घरमा गएर एक घरको दुइ पैसाको दरले उठाई एक वर्षभित्र मसान्तसम्ममा यहाँ दुइ सय रुपियाँ कम्पनी दाखिल गर्नुपर्छ भनी हुकूम भई लालमोहर प्रमाङ्गी दिनुभई सो मिझारे हुने सार्कीले गाउँ-गाउँमा गएर घुमेर आफूले मिझारे पद पाएको लालमोहर देखाई घर-घरमा गएर पैसा उठाएर मसान्तसम्ममा रुपियाँ कम्पनी बुझाउनुपर्थ्यो । राणाशासनभन्दा पहिलेको शासनकालमा सार्की पनि राजा भएको थियो अरे । सार्की जातको राजाले राज-काज चलाउँदा रुपियाँ मोहर छालाकै बनाएर चलाइ गरेको थियो अरे । ऐलेसम्म पनि कतै-कतै छालाको मोहर पाइन्छ अरे भन्छन् ।[1]

१—बश्यालहरू शिवाकोटी सुर्खेत र दैलेख आदिमा बसेका छन् ।
२—लमसालहरू दैलेख कुसेडा गाउँमा बसेका छन् ।
३—रिजालहरू धनगडी मूलवास आदिमा छन् ।
४—घिमिरेहरू वावियो चौर सुर्खेत आदिमा छन् ।
५—भट्टराईहरू घोराई दाङ आदिमा छन् ।
६—रोकाहाहरू सुर्खेत, चीसापानी, दैलेख आदिमा छन् ।
७—गौतमहरू मण्डमकाडा सुर्खेत आदिमा छन् ।
८—घोतानेहरू डाँडाघुम्ती सुर्खेत आदिमा छन् ।
९—बोहराहरू सुर्खेत खैंतीटोल आदिमा छन् ।

यी सार्कीहरूले पनि कामी, दमाईले जस्तै 'हाम्रा पुर्खा बाहुनै थिए' भन्ने गरेका छन् । हो पनि, पतन र दुर्व्यसनको कारणले बाहुन वा क्षत्रियसमाजदेखि बहिष्कृत भएका थिए होलान् । तर आज हिन्दूसमाजले चेतना पाएको हुनाले बहिष्कृत होइन अपितु अङ्कमाल गर्ने बेला आएको छ । कैयौंले अङ्कमाल गरिसक्यौं ।

◆

---

१. किरातेश्वर सन्देश, अङ्क दुइको ९८ पृष्ठमा 'श्रीमान् मङ्गराती सार्की'को लेख हेर्नुहोस् । प्रधान सम्पादक डा० स्वामी प्रपन्नाचार्य, २०४३ किरातेश्वर प्रकाशन, सीतापुरी, झापा ।

जनैधारी शिवको उपासक किरात

आफ्नो इतिहासलाई किरातहरूले बिर्सेर कुनै-कुनैले 'हामी मङ्गोल हुँ' भन्दै हिंडेको पनि सुनिन्छ। तर यो कुरा ऐतिहासिक सत्य होइन। किरातहरू मंगोलियन हैनन्। किरातहरू शुद्ध आर्य-हिन्दूक्षत्रिय हुन् भन्ने प्रमाण उनीहरूले मानेका इष्टदेव किरातेश्वर भगवान् शिवबाट पनि स्पष्ट रूपमा सिद्ध भएको देखिन्छ। 'हामी पारूहांगलाई मान्दैनौं, हामी थेवासामलाई मान्दैनौं, हामी शिवलाई मान्दैनौं, हामी किरात आदि होइनौं' भन्छन् भने त किरात-इतिहासदेखि बाहिरको कुरा पर्‍यो। त्यसो हुँदा किरात नभनेर मङ्गोल नै भन्नु कर लाग्छ। साथै मङ्गोलहरू किरातदेश हिमवत्खण्ड आर्यावर्तका आर्य-हिन्दूहरू होइनन् भन्न पनि कर लाग्छ। वस्तुतः मंगोलबाट आउनेहरू विदेशी शरणार्थी हुन्। उनीहरूलाई हामीले दया गर्नुपर्छ, किनभने यस देशमा उनीहरूको बनीबुटो जीविकोपार्जनदेखि बाहेक केही हक छैन।

'होइन, हामी किरात हौं' भन्छन् भने किरातहरू निश्चित आर्यावर्तका आर्य-हिन्दू किरातक्षत्रिय हुन्। यो तथ्य उनैको इतिहासले बताउँछ। किरात जनैधारी नै हुन्। त्यसैले उनैको इष्टदेव पनि शुद्ध किरातेश्वर जनैधारी नै थिए। यहाँ शुक्लयजुर्वेदसंहिताको वाजसनेयिमाध्यन्दिन शाखाको १६ अध्यायको १७ औं मन्त्र अध्ययनार्थ प्रस्तुत गरिन्छ।

नमो हिरण्यवाहवे[1] सेनान्ये दिशाञ्च पतये नमो नमो
वृक्षेभ्यो हरिकेशेभ्यः पशूनां पतये नमो नमः।
शष्पिञ्जराय त्विषीमते पथीनां पतये नमो नमः
हरिकेशायोपवीतिने पुष्टानां पतये नमो नमः॥ (शु० य० १६।१७)

अर्थ :—हिरण्यबाहवे=सुनको गहनाले सुशोभित बाहुवाला रुद्र 'शिव'लाई नमस्कार छ। सेनान्ये=सेनाको नेतृत्व गर्ने सेनापति रुद्रलाई नमस्कार छ। दिशाञ्च पतये=पूर्वादि दिशाहरूको रक्षक रुद्रलाई प्रणाम छ। हरिकेशेभ्यः=हरियो वर्णको केशले सुशोभित रुद्रलाई नमस्कार छ। हरियो वनस्पति-हरूमा व्यापक रुद्रलाई नमस्कार छ। पशूनां पतये=दुइखुट्टे र चारखुट्टे पशुहरूको पालक रुद्रलाई नमस्कार छ। शष्पिञ्जराय=भर्खरै उम्रेको बालतृण जस्तो पहेंलो र रातो वर्ण भएको रुद्रलाई नमस्कार छ। त्विषीमते—प्रकाशस्वरूप रुद्रलाई नमस्कार छ। पथीनां पतये=बाटोमा हिंड्ने यात्रीहरूका पालक रुद्र-लाई नमस्कार छ। उपवीतिने=जनैधारण गर्ने रुद्रलाई नमस्कार छ। पुष्टानां=शुभ गुणले पुष्ट भएका प्राणीहरूका रक्षक रुद्रलाई नमस्कार छ।

यसरी किरातेश्वर भगवान् पशुपतिनाथ 'रुद्र'ले जनै लगाएको इतिहास वेदमा स्पष्ट छ भने किरातहरू जनैधारी कसरी हुन सक्दैनन्? मंगोलियन कसरी भए?

---

[1] किरात हाङ्छा भाषिकाको कर्मकाण्डको भूमिकाबाट साभार, २०४७

यो प्रसंग केवल एकै मन्त्रमा होइन, अगाडि पनि १६ अध्यायको २८ औं मन्त्रमा पनि पशुपतिको नमस्कार गर्दा किरातभेषधारी शिवस्वरूपको मनोहर वर्णन वेदमा भएको छ। यस इतिहासलाई पनि घोरिएर हेर्नु आवश्यक देखिन्छ। मन्त्र हेर्नुहोस्।

नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमो भवाय च रुद्राय च नमः
शर्वाय (सर्वाय) च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च।
(शु० य० १६।२८)

यहाँ पनि पशुपतिलाई नमस्कार गर्दा कुकुर र कुकुर पाल्ने दुवैलाई नमस्कार गरेको इतिहास छ। श्वभ्यः=कुकुरहरूमा व्यापक सर्वशक्तिमान् रुद्र=पशुपतिलाई नमस्कार छ। श्वपतिभ्यश्च=कुकुर पाल्ने किरातभेषधारी रुद्रलाई नमस्कार छ। भव सर्व (शर्व) पशुपतिलाई नमस्कार छ। नीलग्रीवाय= नीलो घाँटी भएको शिवलाई नमस्कार छ। शितिकण्ठाय=सेतो घाँटी भएको शिव=पशुपति=रुद्रलाई नमस्कार छ। यसरी वेदमन्त्रहरूमा किरात-इतिहास लुकिराखेको देखिन्छ। संस्कृत नजान्ने किरातहरूले आफ्नो इतिहासलाई कसरी जान्ने? उपर्युक्त मन्त्रमा परेको श्वपतिभ्यः भन्ने शब्दको भाष्यकार तथा टीकाकारहरूले किरातभेषधारी रुद्र भन्ने अर्थ गरेका छन्। अतएव निर्विवाद रूपमा भन्न सकिन्छ कि किरातहरू अनार्य होइनन्, आर्य हुन्। अहिन्दू हैनन्, आर्य=हिन्दूक्षत्रिय हुन्। मंगोलियन होइनन्, किरातक्षत्रिय हुन्। यो लेखकले भनेको होइन, उनीहरूकै इतिहासले भनेको छ।

*

वर्तमानकालिक किरातभाषिका

पुरातत्त्वसम्बन्धी शिलालेख, भोजपत्र, तामापत्र, स्वर्णपत्र, त्रिशूल, घण्टा आदिमा भएका लेखहरूको प्रमाण तथा हस्तलेख आदिको प्रमाणले यहाँ सिद्ध हुन्छ कि स्वतन्त्र किरातभाषा ईसापूर्वमा थिएन। त्यसो भए के त किरातहरू नै थिएनन् कि ? किरातहरू अवश्य थिए। किन्तु आजका मगर, गुरुङ, राई र लिम्बू आदि उपाधिवाला थिएनन्। त्यतिखेर अरू नै जातिका किरातहरू थिए भन्ने कुरा प्राचीन इतिहासका पानाहरूबाट स्पष्ट थाहा हुन्छ। त्यो पनि वंशावलीमा प्राप्त भएको यलम्वर, जितेदास्ति, थुंको आदि मात्रै होइनन्; यिनीहरूभन्दा प्रभावशाली वीरवर किरातराजा कुणिन्द, सुवाहु, सुमना, भगदत्त र घटासुर आदि महान् किरातसम्राट् थिए। जहाँ यी वीरवर किरातसम्राट्हरूको उल्लेख भएको छ, त्यहीं किरातहरूको जाति पनि सूत्ररूपमा उल्लेख भएको छ। मनीषिजन तथा बुद्धि भएका पाठकवृन्दले मननपूर्वक हेर्नुहुनेछ। प्राचीन इतिहासमा स्पष्ट उल्लेख भएको कुरालाई 'ढाँटेको कुरा काटे पनि मिल्दैन' भने जस्तै ढाँटेर ढाकछोप गर्न सकिन्न। फेरि एउटा ग्रन्थको ढाकछोप त गरौंला, परन्तु यस्ता अनेकौं ग्रन्थहरूमा छन्। यस्तै कूर्मपुराण आदिमा 'अपगा र चालिमद्र' आदि किरातहरूको जाति लेखिएका छन्। ऋग्वेदीय वृहद्देवता भन्ने ग्रन्थमा किरातहरूलाई 'द्विज' भनेर लेखेको छ। यिनै प्रमाणहरूले गर्दा किरातहरू हिन्दू-आर्य हुन्।

यदि किरातहरू हिन्दू-आर्य थिएनन् भने, उनीहरूका नाति के थिए ? उनीहरू कुन भाषामा व्यवहार गर्थे ? त्यस भाषाको नाम के थियो ? उनीहरूले बोल्ने भाषामा अवश्य पनि आफ्नै संस्कृति, इतिहास आदि लेखेको हुनु आवश्यक छ। किन देखिंदैन ? यी प्रश्नहरूको उत्तरमा 'मङ्गोल हुँ' भन्ने किरातहरूलाई धेरै होइन; एक शताब्दीसम्म घोरिनुपर्नेछ। तर घोरिने मात्रै छन्। उत्तर दिन सक्नेछैनन्। किनभने 'असत्य' कुराले एक छिन मात्रै ढाकछोप हुन्छ, सधैं ढाकछोप गर्न सकिन्न। अनावश्यक शक्तिप्रयोगले एक छिन मात्रै चुप गराउन सकिन्छ। सधैं चुप गराउने कसैको तागत छैन र हुँदैन पनि। यस्तै सानो, तुच्छ स्वार्थलाई लिएर आफू 'भतुवा' भएको थाहै नपाउनेहरूले अवश्य हिमालयमा पुगेर सोच्नुपर्नेछ।

प्राचीन इतिहासले स्पष्ट पारेर राखेकै छ। किरातहरूले कतै बरालिएर भतुवा हुने आवश्यकता छैन। ईसापूर्वका किरातहरूको व्यवहार गर्ने भाषा संस्कृतै थियो। उनीहरूको जाति संस्कृतै थियो। उनीहरूको नाम संस्कृतैमा राखिन्थे। त्यसैले किरातहरूको प्राचीन संस्कृति, सभ्यता र इतिहास संस्कृतैमा लेखिएको पाउँछौं। वेददेखि लिएर ईसापूर्वको समस्त संस्कृतवाङ्मय आर्य = हिन्दू किरात-इतिहास हो। ईसापछिका समस्त साहित्य वा इतिहासले प्राचीन किरात-इतिहासलाई ठाउँठाउँमा बिगार्ने चेष्टा गरेका छन्।

किरातभाषादेखि किरातबोलीसम्म

संस्कृतबाट तल खस्दै पालि भएपछि बिस्तारबिस्तारै जलवायु, भौगोलिक वातावरण, अशिक्षा आदि र शुद्धाशुद्धिको तानातानीको आधारमा संस्कृतबाट प्राकृत-पालि भए। त्यहाँबाट पनि फुटेर चोइटिएर जाँदा भारतमा भाषा र बोली गरी एक सय जति पुगिसके। नेपालमा पनि भाषा र बोली मिलाएर लग-

भग सोही जति नै पुग्ला, किनभने बोलीको हाँगाबिंगा लाछिने, चोइलिने, चोइटिने र फुटेर सानो सानो टुक्रा हुने भाग्य भनौं अथवा दुर्भाग्य हो; त्यो सबैभन्दा धेरै राईकिरातहरूले पाएका छन् । एक सय चालीस पाछा त केवल चामलिङ्गहरूमा मात्र छन् । यीभन्दा पनि अझ धेरै होलान् । तर मैले पाएको यति नै हो। यी चामलिङ्गहरूमा धेरैजसो आपसीमा बोली मिल्दो रहेनछ । यो कुरा कलमीले धेरै ठाउँहरूमा स्पष्ट बुझ्ने प्रयास गरेको छ । चामलिङ्गदेखि बाहेक थुलुंगे, कुलुंगे, खालिंगे, लोरुंगे, सुङ्देले, बाङ्देले, कोयू, बोखिम आदि राईहरू भिन्नाभिन्नै बोली बोल्नेहरू छन् । तीदेखि बाहेक मगर, गुरुङ्ग, तामाङ्ग, लाप्चा, शेर्पा, डुक्पा, थारू, धिमाल, सतार, लिम्बू, सुनार, थकाली, कुसुण्डे, राउटे, नेवार आदि र नेपाली राष्ट्रभाषाको हिसाब लगाउँदा उपर्युक्त हिसाब फरक पर्दैन होला । तीमध्ये भोजपुरी, मैथिली, सतार, मुसर, धुनार आदि भाषिका पनि एक दृष्टिले भिन्नै छन् । यी बोलीहरूमध्ये नेपालभित्र भाषाले स्थान प्राप्त गर्ने संस्कृत, नेपाली, नेवारी, मैथिली र हिन्दी छन् । लिम्बूबोलीले पनि अब आफूलाई 'भाषा' भनाउन खोजेजस्तो देखिन्छ । तर भविष्य खास राम्रो देखिंदैन । ती किरातबोलीहरूमध्ये पर्ने किरात बोखिम, वान्तवा, राईबोली पनि संस्कृतकै तत्सम, तद्भव, अपभ्रंश हुँदै आजको स्थितिमा पुगेको देखिन्छ । यसरी बुद्धकालदेखि लिएर अढाइ हजार वर्षभित्र संयमको अभावले गर्दा यतिका बोलीहरू छुट्टिए । परन्तु ती बोलीहरूको व्याकरण, शब्दकोष, साहित्य, इतिहास आदिको अभावमा निरन्तर ह्रास हुँदै गइरहेको देखिंदैछ । अब ५० वर्षपछि हाम्रो पनि बोली वा भाषा थियो अरे भन्ने स्थिति आइसकेको छ । आजभन्दा ४५-५० वर्षपूर्व सुनेको चामलिङ्ग, वान्तवा कुरा या बोली प्रायः सुन्न पाइँदैन, केवल दुइ चारजना बूढाबूढीलाई छोडेर । परिवारैमा पनि यी राईवोलीहरू हटिसके । त्यसो हुँदा भविष्यको स्मरणको लागि एउटा शब्दकोषै भए पनि पुस्तकालयहरूमा भइरहे एक दिन अवश्य काम आउनेछ ।

भाषा कसरी बन्यो र कसरी बन्दछ त ? यहाँ एउटा सानो दृष्टान्तबाट पाठकवृन्दले बुझ्नुहुनेछ । खसबोलीबाट आजको नेपाली राष्ट्रभाषा बन्यो भन्ने धारणा प्रायः निश्चित भएको देखिन्छ । प्राकृतबाट नेपाली भाषा बनेको हो भन्ने इतिहास गलत छ । अनियन्त्रणमा संस्कृतबाटै तल ओर्लेका भाषा हुन् । आज राष्ट्रभाषाको रूपमा बोलिने नेपाली भाषा पनि अब तीन रूपमा देखिन थालेका छन् । गढवाल तथा हिमाचल प्रदेशमा बस्ने नेपालीहरूको नेपाली भाषा र दार्जिलिङ्ग, आसाम तथा वर्माको नेपाली भाषाले भिन्नभिन्नै बाटो लिएको देखिन्छ । तीमध्ये पाठकहरू ! 'तिम्लाई आम्ले बुलान्छरे' 'तँकान्नारे बुझिस् उकाँउनुरे' 'उत्रा अच्छ जाच्छ, खाच्छ केको थिर्क्याउिने, कौनको कुरो हो' यसरी छुट्टै आजको नेपाली भाषाको रूप देखिन्छ । पुण्यमल्ल आदिको पालामा जो भाषा थियो, पृथ्वीनारायण शाहको भाषामा त्यो पाइँदैन । पृथ्वीनारायणको भाषादेखि यता आज नेपाली भाषाको तीन रूप हुन पुगेका छन् भने बुद्धकालदेखि यता लागेपछि किरातहरूको बोलीमा भिन्नता आउनु स्वाभाविकै थियो । भाषालाई नियमित रूपमा राख्ने उसको व्याकरण हुन्छ । व्याकरण तथा शब्दकोषको नियमाभावमा मनपरी बोली बन्दै गएको हुन्छ । त्यसैले वर्तमान किरातक्षत्रियहरूको भाषिका (बोली) पनि त्यस्तै छ । यद्यपि लिच्छविकिरातहरूका शिलालेखमा कैयौं किरातबोलीका शब्दहरू पाइएका छन् । तथापि राजशासन गर्न सक्ने समर्थशाली भाषाचाहिं भएजस्तो लाग्दैन, किनभने लिच्छविकालका सबै शिलालेखहरू संस्कृतमा नै छन् । केवल किरातबोलीका प्रचलित शब्दचाहिं अवश्य ती शिलालेखहरूमा पाइन्छन् ।

भाषा-वैज्ञानिक दृष्टिले हेर्दा वान्तवा र चामलिङ्ग बोलीमा धेरै अन्तर परे जस्तो देखिंदैन । धेरै यस्ता शब्दहरू छन्, जो परस्परमा एकले अर्कालाई छोड्न सकेका छैनन् । तर कुनचाहिं शब्द कुन बोलीबाट

गएको हो ? यो भन्न गाह्रो छ र दुवैमा चेपिएको छ । यो विषय विदेशी भाषा-वैज्ञानिकहरूको होइन । आफ्नै देशवासीले पनि शीर्षासन नगरीकन छुट्याउने कुरै छैन । दाह्रा किटेर ओंठ चपाउनु अर्कै कुरा हो ।

प्रायः सबै भाषा-वैज्ञानिकहरूले जार्ज ग्रीयर्सनको भाषा-वैज्ञानिक कामलाई प्रशंसा गरेका छन् । मैले पनि धेरै अंशमा ग्रीयर्सनको काम देखेर मुग्ध हुने बाटो लिएको थिएँ, तर १८ वर्षदेखि निरन्तर शोधखोज गरेपछि पत्ता चल्यो कि किरातहरूमाथि ग्रीयर्सनले जो कलम उठाएको छ, त्यो नेपालको किरातवर्गमा डुबेर हेर्दा स्वतः पत्ता चलिहाल्छ । धेरै ठाउँमा ग्रीयर्सनको एकै मान्द्रोको बिस्कुन बनाउने काम निश्चय नै भ्रमात्मक छ । धेरै ठाउँमा किरातहरूमाथि हिलो छेपेको मात्रै देखिन्छ । परन्तु यी कुराहरूलाई बुझ्ने किरातवर्गमा यस शताब्दीमा कोही जन्मेजस्तो देखिंदैन । अरू वर्गमा चाहिं छैनन् भन्न सकिन्न ।

भाषा-वैज्ञानिक शोधखोज गर्नका लागि अवश्य नै समर्पित जीवन हुनु आवश्यक छ । पाठकवर्गले तलका शब्दहरूलाई तुलनात्मक दृष्टिले हेरे स्वतः पत्ता चलिहाल्छ । वान्तवा र चामलिङ्गे बोलीमा साह्रै भिन्नता छैन ।

वान्तवा-बोली र चामलिङ्गे बोलीमा समता

वान्तबा	चामलिङ्गे	नेपाली
ह्यानी	ह्यालो	पर
बाखा	बोखा	माटो
ढानी (डानी)	ढालो	माथि
आम्नो छा	आमो (खामो) छा	तिम्रो छोरा
ह्युनी	ह्युलो	तल
आराखा	आराखा	रक्सी
ओह्याट्नी	ओखिया	यता
मेछाछा	मारीछा	महिला
वाट्टु	वेंदु	ल्याऊ
चावा	वा	पानी
खान्	खैं	तिहुन
मी	मी	आगो
नाम	नाम	घाम
ओडा	ओदा	यता
आइ	आले	आज
लोन्टा	लोदु	निकाल्यो
युम	रूम	नून
चायङ्ग	चारूम	चामल
कोपा	कोक्पा	बाजे
बाक्	बोसे	सुँगुर

खाटमालियो	खैमातिरे	जानुपर्छ
अङछा	आछा	मेरो छोरा
उइसा मुमाली	ओसो ङल्मातिरे	यसो गर्नुपर्छ
लोइसु	लोइदु	निकाल

यति मात्रै होइन अपितु कैयौं राईहरूको बोलीमा प्रयोग भएका शब्दहरू उच्चारण-भेदले फरक भएको पनि देखिन्छ। कैयौंका एक-अर्कासँग मिले पनि भिन्नाभिन्नै पनि छन्।

कोषरचना र त्यसको आवश्यकता

कुनै पनि भाषा अथवा बोलीको आफ्नो शब्द हुन्छ। विभक्ति, क्रियापदसहित प्रयुक्त शब्दसमूहलाई वाक्य भनिन्छ। वान्तवा-बोलीमा पनि शब्दसमूह भएको हुनाले वाक्यमा प्रयोग भएको देखिन्छ। विना-शब्दसमूह वाक्यसमूह बन्नै सक्दैन। विनावाक्यसमूह भाषा या बोली नै हुँदैन। किरात-वान्तवा-राई-बोलीमा पनि अनेक शब्दसमूह भएको हुनाले भाषा होइन अपितु बोली हो भन्न सकिन्छ। किनभने व्याकरण, काव्य, कोष, नाटक, समालोचना, इतिहास, भूगोल आदि जुन बोलीमा लेखिएको छैन, त्यो भाषा होइन; भाषिका हो। अर्थात् बोली मात्र हो। समस्त किरातवर्गमा ईसापछिको बोलीहरूमा नेपाल-भित्र केवल नेवारी मात्र साहित्यको रूपमा उभिन सकेको छ। नेवारीमा प्रायः व्याकरण, साहित्य, नाटक, अनुवाद, दर्शन आदि सबै विद्यमान छन्। त्यसैले नेवारी साहित्य भयो, साथै नेवारी भाषा पनि भन्न सुहाउँछ। शेष सबैको बोली मात्रै छन्। ती पनि हराउँदैछन्, भविष्य ठीक छैन। नेपालमा बोलिने किरात-बोली र नेपालबाहिर बोलिने नागा, कुकी, गारो, बोडो, कार्वी, मीरी, मिक्री, अपतनी आदि सबैको बोली-हरूको भविष्य अत्यन्त खतरामा छ। परन्तु त्रिपुरी तथा चाकमा-किरातहरूको चाहिं नेवारहरूको जस्तै अलिअलि साहित्य छ।

परन्तु नेपालमा थुलुङ्गे, कुलुङ्गे, खालिङ्गे, चामलिङ्गे, लोरूङ्गे, वान्तवा आदि कसैको पनि बोलीदेखि बाहेक केही पनि छैन। लिम्बूकिरातहरूमा महागुरु फलगुनन्द सरस्वती सत्यहाङ्माको निर्हेतु-कानुकम्पाले धार्मिक, दार्शनिक, आध्यात्मिक संस्कृतिपरक केही मुन्धुम छन्। त्यसैलाई इमानसिंह चेम-जोङजीले यताउता गरेर छासमिसे मुन्धुम प्रकाशमा ल्याई ‘लाप्चे-लिम्बू शब्दकोष’ तैयार पारेका छन्। सिक्किममा ९ र १० कक्षासम्मको पाठ्यपुस्तकहरू तयार पारिंदैछन्। परन्तु पढ्ने र पढाउनेको अभावले रोइरहेका छन्। अंग्रेजीको अन्धपरम्परामा लिम्बूहरूले नै पढ्ने चासो लिएको देखिएन। तैपनि सिक्किम-सरकारको सहयोगले केही कथा कहानी गढेर तैयार गर्दैछन्। ‘नहुनुभन्दा कानो मामा राम्रो’ त भएकै देखिन्छ। यो फलगुनन्द गुरुको देन हो। लिम्बू-किरातलिपि आविष्कार गरेर फलगुनन्द महागुरुले लिम्बू-किरातहरूलाई ठूलो गुन लगाएको देखिन्छ।

किन्तु राईहरूमा त त्यै पनि छैन। कसो-कसो गर्दा अगमसिंह देवसा (थुलुङ्गे राई)-ले आफ्नी श्रीमतीको नाममा ‘आसलच्छी शिक्षा’ तयार पारेर ‘थुलुङ्गे’ बोलीलाई निक्कै राम्रो गहकिलो पार्ने प्रयास गरेको देखियो। परन्तु त्यसले न थुलुङ्गे नै जागे, न त अरू राई जागे। यसैबीचमा सिक्किम द्रामदीनवासी कृपाशाल्यान राईको ‘किरात राई भाषाकोष’ हस्तलिखित रूपमा देखियो। ‘अ’ देखि ‘ज्ञ’ सम्म तयार भएको थियो। तर त्यो पनि कछुवाकै हिंडाइमा थियो। हुने नहुने काँल्हाको दोसाँधमा थियो। तेस्रो नंबरमा

केही शब्दहरू टिपटाप गरेर 'नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान' वाट 'पात्रे' ढङ्गले निकालेको वान्तवा आदि शब्दकोष देखिए । परन्तु व्यावहारिक बोलीको साथ सबैभन्दा महत्त्वपूर्ण कोष हो 'वान्तवा किरात मुन्धुम कोष' । राईहरूको अहिले पनि केही शेष छ भने मुन्धुम मात्रै शेष छ, तैपनि भुल्दै गैसके । नयाँहरूले सुन्नै छोडे । कैयौं शब्दहरूको अर्थ मुन्धुम भन्नेहरूलाई नै आउँदैन । त्यसैले शेष रहेको मुन्धुमलाई कोषाकारमा लेखेर संग्रह गरेर राख्दा भविष्यमा सन्तान तथा जनताकै लागि एक पुरातत्त्वको विषय बन्ने थियो भनेर बोली र शब्दसुरक्षाको उद्‌देश्यले यो वैदिक किरातक्षत्रिय वान्तवा राई कर्मकाण्ड तयार पारेको हो । यस मुन्धुमको कर्मकाण्डबाट किरातहरूको प्राचीनताको बारेमा जानकारी दिन सजिलो पर्ला भन्ने देखिन्छ । अर्को उद्देश्य शब्दकोष भएपछि भाषा बन्न सक्छ । सुन्दर साहित्यको रचना हुन सक्छ ।

किरातलिपिमा भ्रम

यहाँ प्रसङ्गवश पाठकवृन्दसमक्ष किरातलिपिवारे जानकारी दिनु आवश्यक सम्झेको छु, किनभने किरातलिपिबारे धेरै भ्रमात्मक कुराहरू फैलिसकेका छन् । त्यस भ्रमको निराकरण नगरे भविष्यका सन्तानमा अन्धकार फैलिनेछ । फेरि इतिहासको बाटो बिरिएर उसै भँवरीमा पर्नेछन् । महाभारतक'लदेखि यता बुद्धकालसम्म ३००० वर्ष किरातहरूको पतनकाल थियो र बुद्धकालदेखि यता एक्काइसौं शताब्दीसम्म किरात-इतिहासको बारेमा किरातहरू साउनको गोरु र वैशाखको गधा भएर हिंडिराखेका छन् । महाभारतकालसम्मको किरात-इतिहास जुन रूपमा भए पनि स्वर्णाक्षरमा लेखिएको छ ।

परन्तु किरातलिपि सम्बन्धमा चार वेद तथा अन्य लौकिक ग्रन्थहरूमा कहीं पनि उल्लेख पाइँदैन । तथापि बौद्धग्रन्थ 'ललितविस्तर' मा किरातलिपिको उल्लेख पाइन्छ । परन्तु केवल उल्लेख मात्रै छ, लिपि पाइएको छैन । समग्र भारत र नेपालमा आजसम्म पाइएका लिपिहरूमा ब्राह्मी, खरोष्ट्री, देवनागरी र पूर्वलिच्छवि, उत्तरलिच्छवि, रञ्जना, नेवारी आदि मात्रै पाइएका छन् । किरातलिपि पाइएको छैन । कतैकतै फलगुनन्द सरस्वती सत्यहाङ्मा गुरुले चलाएको लिपिलाई बौद्धग्रन्थ 'ललितविस्तर'मा लेखिएको किरातलिपि हो भन्ने दुःसाहस पनि गरेको देखिंदैछ । तर त्यो कुरा सरासर झूटो हो । 'ललितविस्तर' ग्रन्थ कैयौं कारणले प्राचीन ग्रन्थ हो । कतिपयको मतले अन्यथा पनि भन्न सकिन्छ । 'ललितविस्तर' सही अर्थमा भगवान् बुद्धको जीवनी हो । लुम्बिनीमा मायादेवीको स्वर्गवास भएपछि महाराज शुद्धोदनले राजकुमारलाई कपिलवस्तु राजदरवारमा पुर्‍याए । जब बुद्ध सिद्धार्थ वालकको रूपमा पञ्चम वसन्त देख्न थाल्छ; प्रसिद्ध राजगुरु विश्वामित्रको लिपिशालामा सिद्धार्थलाई महाराज शुद्धोदनले प्रवेश गराए ।

वालक सिद्धार्थले लिपिशालामा पुगेपछि गुरु विश्वामित्रलाई सोधे---'भो उपाध्याय ! मे कतमां लिपिं शिक्षापयसि ?'--'हे गुरु ! तपाईंले मलाई कुन लिपि सिकाउनुहुन्छ ?' यसरी प्रश्न गरेर ब्राह्मी, खरोष्ट्री आदि ६४ लिपिहरूको नाम सुनाएपछि अन्तिम वाक्यमा वालक सिद्धार्थले गुरु विश्वामित्रलाई सोधे--'भो उपाध्याय ! आसां चतुःषष्ठीलिर्पीनां कतमां त्वं शिक्षापयसि ?'— 'हे गुरु ! ६४ लिपिहरूमा तपाईंले मलाई कुन लिपि पढाउनुहुन्छ ?' (ललितविस्तर लिपिशालासन्दर्शन परिवेत दिशमः, पृ० नं० ८८) यसरी सिद्धार्थले लिपि गन्दा एघारौंमा 'किरातलिपि' को गणना भएको छ ।

यहाँ प्रमाणले हामी यहाँसम्म त पुग्न पायौं कि त्यतिखेरका ६४ लिपिमध्ये 'किरातलिपि' पनि एक रहेछ भन्ने बुझिन्छ ।* परन्तु फलगुनन्द गुरुले बर्मा र लिम्बुवान आदिमा प्रचार गरेको लिपिचाहिं

प्राचीन लिपि होइन, आधुनिक लिम्बू-किरातलिपि भन्ने नाम दिन सकिन्छ। गुरु फलगुनन्द फलामसिंह नामले बर्मा-पल्टनमा पनि आध्यात्मिक साधनामा लागिरहनुभयो। चिन्तन र मननले गर्दा आध्यात्मिक योगशक्तिबाट आविष्कार गरेको लिपि आजको किरात-लिम्बूलिपि हो। परन्तु कसैले श्रीजङ्गा थेवेले याङ-रूपमा आविष्कार गरेको लिपि हो भन्ने गरेका छन्। कसैले चाहिं ईसापूर्व नवौं शताब्दीदेखि चलिआएको लिपि हो भन्ने दुःसाहस पनि गरेका छन्। लिपिको आविष्कर्ताचाहिं श्रीजङ्गा नै हो भनेका छन्। परन्तु यसमा केही प्रमाण दिन सकेका छैनन्। यसरी व्यर्थै समाजमा भ्रामक कुराको प्रचार गरेको देखिन्छ। कुरा के हो भनेर सत्यको छानबीन गर्नु र इतिहास केलाउनु आवश्यक देखिन्छ। उपर्युक्त कुरा राख्नेहरू पनि पढेका लेखेका, इतिहास जान्ने होइनन्। त्यस्तै आलेटाले फासाङफुसुङ गरेर समाजलाई अन्धकारमा लाउनेहरू मात्र हुन्। अतः वर्तमान किरात-लिम्बूलिपिको पूर्ण शोध (Research)-का साथमा प्रमाण-पूर्वक पत्ता नलागुन्जेल फलगुनन्द गुरुलाई नै आविष्कारक र प्रचारक मानेका छन्—चाहे बर्मामा होस्, चाहे लिम्बुवानमा होस्। बर्मा, लिम्बुवान, सिक्किममा त प्रथम प्रचारक फलगुनन्द सरस्वती सत्यहाङमा गुरु हुन्। फलगुनन्द गुरुको जीवनपछि सिक्किममा इमानसिंह चेमजोङले लिम्बू-किरातलिपिको प्रचार गरेको हामीले भुल्नु हुँदैन। परन्तु 'ललितविस्तर'को किरातलिपिचाहिं होइन। प्राचीन लिपि पनि होइन। अरु सुदृढ ऐतिहासिक र लिखित प्रमाण नपाएसम्म यस लिपिका आविष्कारक धेरैले फलगुनन्द गुरुलाई नै मानेका छन्। सुदृढ प्रमाणका साथ तत्-तत् विषयका विद्वान्हरूले नलेखेसम्म भविष्यमा पनि यही स्थिति रहनेछ।

किरातलिपिका आविष्कर्ता श्रीजङ्गा हाङले ईसाको नौ सय शताब्दीपूर्व प्रतिपादन गर्नुभएको 'श्रीजंगा लिपि' नै किरातलिपिको रूपमा प्रयोग भइआएको निवेदन गर्छौं भनेर 'किरात धर्म तथा साहित्य उत्थान संघ' को वार्षिक प्रतिवेदनमा लेखिएको छ। परन्तु प्रमाण केही दिइएको छैन। श्रीजंगा को थिए? उनको राजधानी कहाँ-कहाँ थियो? कुन-कुन देशका राजा-महाराजसँग उनको सन्धि अथवा विग्रह थियो? तथाकथित श्रीजंगाको प्राचीन ग्रन्थहरूमा उल्लेख कहाँ-कहाँ भएको छ? आदि केही प्रमाण नदिईकन प्रतिवेदनमा मात्रै दिएर जनतालाई धोखा दिने काम राम्रो होइन जस्तो लाग्छ। यस लिपिको प्राचीनताबारे लिम्बूहरू त धोखामा परेकै छन्। परन्तु अबूझ राई आदिले पनि कतै-कतै फलगुनन्द गुरुलाई छोडेर श्रीजंगा लिपिको प्राचीनतालाई बिनाप्रमाण स्वीकारेको देखिन्छ। अहिलेसम्म कुनै तथ्यपूर्ण प्रमाण नभएकोले मान्ने कुरै छैन। भविष्यको अनुसन्धानले अब बताउनेछ।

किन्तु कोङपी (वर्ष ३ पूर्णांक १२ पृ० सं० २) आदिमा तथाकथित श्रीजंगा अथवा चन्द्रपुल्लिङ्ग लिपिको शिलालेख पाइएको ठाउँहरूको उल्लेख गरेको देखिन्छ। हो कि होइन; विज्ञपाठकवृन्दले हेर्नुहुनेछ। यो लिपिको ऐतिहासिक तथ्य तथा शिलालेखहरू ताप्लेजुंगको तेल्लोक (श्रीजंगा फुक्कु) ओडार, ललितपुरको तीखेदेवल, श्रीखोलाको शिर थर्पु, कालिकास्थानलगायत तीन स्थानहरूमा शिलालेख पाइएका छन्[1] भनेर लेखेका छन्। तर यो पनि सानो नानीलाई चौलानी दिएर 'दूध पी है नानी!' भने जस्तै भएको छ।

ती शिलालेखहरू कहाँ कुन पुरातत्त्व-विभागमा छन्? अथवा लिपिको प्रतिलिपि ब्लक आदि प्रमाण-अभावमा मान्ने कुनै आधार छैन। जस्तै लिच्छविकालिक लिपिको मूल ब्लक छापिएको छ, त्यस्तै मूल

---

* केही विद्वान्हरूले ललितविस्तरमा उल्लेख भएको 'किरातलिपि' भन्ने शब्दलाई त्यो रूपमा पढेका छैनन्।

[1] तीखेदेवलको शिलालेख चौबीसे राजारानी बस्ने सुब्बा प्रेमबहादुरले स्थापित गरेको हो। तेल्लोक र कालिकास्थानमा लगाएको शिलालेख महागुरु फलगुनन्द यात्रामा जाँदा स्वयं स्थापना गर्नुभएको हो।

लिपिको ब्लक आदि नपाई हाम्रा लिपि-विशेषज्ञहरूले पनि चन्द्रपुल्लिग लिपि भनेर मानिह्वालेका छन्। यो पनि एउटा ठूलो भूल भएको छ।

बी० एच० हड्सनले 'इण्डिया अफिस लाइब्रेरी' लण्डनमा लगेर लिम्बू-लिपिलाई सुरक्षित राखेका छन् भन्ने कुराको छलफलमा स्वर्गीय पारसमणि प्रधान र सूर्यविक्रम ज्ञवालीजीसँग निक्कै जोशाजोश भएको थियो। हड्सनको संकलनमा छन् भन्ने तथ्य पनि यी दुवै वृद्धहरूबाट सुनें। फोटोलाई दुवैले हेरेका रहेछन्। तर फलगुनन्द गुरुको लिपिसँग सारै मेल खाएको जस्तो लागेन भन्नुहुन्थ्यो[1]। स्व० इमानसिंह चेमजोङका शिष्य वी० वी० सुब्वा मुरिङलानुगोलाई सोध्दा फलगुनन्द गुरुकै लिपिको आधारमा पाठ्य-पुस्तक तयार पारिदैछ भन्नुहुन्थ्यो (किरातेश्वर सन्देश; इमानसिंह चेमजोङ संस्मरण अङ्क ३ को सम्पादकीय ट, ठ द्रष्टव्य)। यसै अङ्कको ४९ देखि ५० पृ० नं० मा भू० पू० अ० काजीमान कन्दङ्वाजीले पनि किरात-लिपिको नवौं भागसम्मको उल्लेख गर्नुभएको छ। तेस्रो भाग ७९ पेज १ देखि ६ सम्म शीर्षक लिम्बू-अक्षरमा, ५ भाग पेज २३ देखि ९९ सम्म शीर्षक लिम्बू-अक्षरमा। यी पंक्तिहरूलाई उहाँले आँखाले हेर्नुभएको छ कि कतैबाट उतार्नुभएको हो, यो जिम्मेवारी उहाँसँगै छ। शोध (Research)-को लागि छोडेको छौं। परन्तु वर्तमान समयमा प्रचलित किरात-लिम्बूलिपिको अस्तित्व महागुरु फलगुनन्द सरस्वती सत्यहाङमा हुन् भन्नुमा अत्युक्ति छैन। परन्तु संख्याले होइन अपितु प्रामाणिक प्रमाणहरूको संख्याले जितेछ भने गुरु फलगुनन्द नै महान् प्रचारक सिद्ध हुनेछन्।

✱

---

[1] कलमी स्वयं इंग्लैण्ड जाँदा फोटोकापी गरेर ल्याएर हेर्दा केही अक्षर लेखोटको अन्तर परे जस्तो र केही अलि भिन्नै भए जस्तो देखिन्छ। यो हड्सनले कलेक्शन गरेको होइन, हड्सनको नाउँमा पछि कलेक्सन गरेको बुझिन्छ।

संस्कृत-भाषादेखि वान्तवा-बोलीसम्म

समस्त एशिया महाद्वीपमा बोलिने भाषा र बोलीहरूको मूल संस्कृत भाषा नै हो भनेमा अत्युक्ति छैन । यस तथ्यलाई पाश्चात्य भाषा-वैज्ञानिकहरूले पनि स्वीकार गरिसकेका छन् । परन्तु समस्त विश्वमा बोलिने भाषाहरूको जननी नै संस्कृत हो भन्ने भाषा-वैज्ञानिकहरू पनि कम छैनन् । यसो घोरिएर हेर्दा हो पनि । संस्कृत नपढेका भाषा-वैज्ञानिकहरूलाई थाहा पनि हुँदैन कि यस शब्दको मूल कहाँ छ ? यो शब्द कसरी बन्यो ? आएको हो कि गएको हो ? यदि कसैले अलि-अलि संस्कृत पढिटोपलेको छ भने पनि उसमा पूर्णज्ञानको अभावमा शब्द छुट्याएर मूल पत्ता लगाउने क्षमता नै हुँदैन । कुन प्रकृति हो ? कुन प्रत्यय हो ? कुन सर्वनाम हो ? कुन विशेषण हो ? आदि कुरा छुट्याउनु गारो पर्छ । यस परिस्थितिमा राई, लिम्बू आदि किरातबोलीको त कुरै छोडौं; राष्ट्रभाषा नेपालीमा दैनिक प्रयोग हुने शब्दहरूको मूल पनि हाम्रा तथाकथित भाषा-वैज्ञानिकहरूले छुट्याउन सकेका छैनन् ।

बरु आफ्नो कविता र लेखहरूमा संस्कृत शब्द प्रयोग गर्नेहरूलाई पुच्छर निमोठेर खेदेको देखिन्छ, परन्तु आफूले चाहि कैयौं अशुद्ध संस्कृतका शब्दहरू प्रयोग गरेको थाहै पाउँदैनन् । त्यसैले वर्तमान नेपाली राष्ट्रभाषामा प्रयोग हुने 'आमा', 'उकालो', 'ओरालो', 'भिरालो' आदि शब्दहरूको मूल पैल्याउन नसकेर* शुद्ध नेपाली शब्द मानेर नाक फुलाउने गरेका छन् । यस्ता अनेकौं शब्दहरू छन्, जसको मूल पैल्याउन सारै गाह्रो हुन्छ ।

संस्कृतदेखि तद्भव र अपभ्रंश भएका शब्दहरू

संस्कृत	वान्तवा	चामलिङ	अर्थ
अत्र	ओह्याट्नी	ओखिया	यता
अत्र	ओडा	ओदा	यहाँ
अद्य	आई	आले	आज
तत्र	मोड्डा	त्योदा	त्यहाँ
अस्मिन् वर्षे	आइडोङ	—	यस वर्ष
वारि	चाःवा	वा	पानी
एक	अक्टा	—	एउटा
नाम	नुङ	नुङ	नाउ
आवात्तु	वाट्टु	वैटु	ल्याऊ
छागः	छेंगा	—	बाख्रा

यस्ता शब्दहरू किरातबोलीमा हजारौं छन्। तर संस्कृत नजान्नेले तुलनात्मक अध्ययन गर्न सक्दैन। दुवैतिर ज्ञान हुनु आवश्यक छ । ज्ञान गर्नुभन्दा पूर्व अध्ययन अझ महत्त्वपूर्ण कार्य हो । उच्चारण-भेदले

---

* आङ उपसर्गक माङ माने धातुको रूप 'आमा' हो । 'उत्काल' को उकालो भयो । 'अधो' शब्दबाट ओरालो भयो। 'भिया' बाट डर लाग्ने अर्थमा भिरालो भयो ।

कतै पूर्वको अक्षर लोप भएको हुन्छ, कतै अन्तिम अक्षर लोप भएको हुन्छ त कतै माझको अक्षर लोप भएका शब्दहरू पनि प्रशस्त छन् । तर अर्थमा फरक पर्दैन । त्यसैले पनि किरातहरू मंगोलियन होइनन् भन्ने प्रमाण स्थिर हुन्छ । यति मात्रै होइन अपितु ईसापूर्वदेखि लिएर लिच्छविकालसम्म पनि किरातहरूको लेखपढको भाषा संस्कृत नै थियो । भाषादेखि बोलीतिर भने अवश्य गइराखेको थियो ।

संस्कृत भाषाका अनेकौं शब्द विश्वका भाषाहरूमा छरिएका छन् । यहाँसम्म कि विश्वका भाषाहरूमध्ये चीनी भाषामा संस्कृतका तत्सम, तद्भव र अपभ्रंश कुनै पनि रूप पाइँदैन भनेर हरसेन, पन्थेवल आदि विद्वान्हरूले लेखेका छन् । तर वर्तमान समयमा शोध गर्ने विद्वान् रावलिट, कान्सेन, थाम्स आदि र भारतीय भाषा-वैज्ञानिक वागीश शास्त्री आदिले चीनी भाषाका शब्द विश्लेषण गर्दा पचासदेखि साठी प्रतिशतसम्म शब्दहरू संस्कृतबाट तत्सम, तद्भव तथा अपभ्रंश हुँदै गएको शोधप्रबन्ध प्रस्तुत गरेका छन् । इङ, लुङ, लिङ, लाङ, काङ, किङ, सुङ, लेङ, जोङ, बुङ आदि जति शब्दको अन्तिममा जोडिएको अथवा क्रियाविशेषणको रूपमा प्रयोग भएको छ या संज्ञाकै रूपमा होस्; त्यो निश्चय नै विश्वविख्यात भाषा-वैज्ञानिक पाणिनिदेखि बाहिर जान सक्दैन । पाणिनिको धातुपाठ, गणपाठ, सूत्रपाठ आदिबाट परिचित हुने विद्वान्हरू सारै कम छन् । यीमध्ये पाश्चात्य विद्वान्हरूले नाम सुनेकाभरमा लेखेका छन् । पाणिनिको अष्टाध्यायीसँग नाता जोड्ने विद्वान् राथ, बर्नफ, थिबो र ग्रिफिथभन्दा बढ्ता देखिएका छैनन् । परन्तु मैक्समूलरले वैदिक अनुक्रमणिकाको लागि प्रयोग गरेका छन् । शेष भाषा-वैज्ञानिक आफ्नै पाराले हिंडेका छन् । यस परिस्थितिमा भाषा-विज्ञानको नाममा सबैले नै भ्रम फैलाएका छन् । यस प्रकारले लेखिएको भाषा-विज्ञानले नै चीनी भाषामा संस्कृतको छाप पाइँदैन भनेका हुन् । तर यो कुरा मिथ्या भैसक्यो । यस्तै नेपालमा किरातक्षत्रियहरूको बोलीहरूमा पनि संस्कृतको गन्ध पनि छैन भन्छन् । तर अझ निम्नलिखित शब्दहरूमा पाठकवृन्दले घोरिएर तुलनात्मक दृष्टिले हेर्नुहुनेछ । केही गाउँ-ठाउँ र पहाडादिका नाम यहाँ पाठकवृन्दसामु राख्ने प्रयास गरिएको छ । हिन्दू-राष्ट्र नेपालमा पूर्व-पश्चिम प्रायः सबैतिर यस्ता नामहरू पाइन्छन्, जो बाहिरबाट संस्कृतभन्दा एकदम भिन्न देखिन्छन् तर भित्र पसेर हेर्दा संस्कृत भाषाबाट बिग्रेका र बिगारिएका शब्द देखिन्छन् । यी तल दिइएका शब्दहरू वर्तमानकालिक संज्ञा मात्र हुन पुगेका छन् । यहाँ यति अवश्य छ कि पाणिनिको धातुपाठसँग भेट नहुनेहरूलाई जङ्गली र व्यर्थ हुनेछ । तर एउटालाई मीठो लागेन भन्दैमा अरूलाई मीठो नलाग्ने कुरा होइन ।

मेची, कोशी र सगरमाथामा पर्ने किरातबोलीका केही नाम

चोकमाबुङ —फुल्नै नपाई झरेको फूल ।
अमलाबुङ —सुनाखरीको फूल भएको ठाउँ ।
याङनाम —रुपैयाँ सुकाउने ठाउँ, रुपैयाँको भारी बिसाउने ठाउँ ।
फालेलुङ —ढुङ्गा पन्छाउन सघाएको ठाउँ ।
फाक्तेप —सुँगुर छोपेको ठाउँ ।
फेदेन —फे=फिंजिएको, देन=ठाउँ (लिम्बूमा) ।
मालुवा —व्यभिचारी (आइमाईमा लाग्ने) ठाउँ ।
ताप्लेजुङ —भिजाएको चीज खाने डाँडा ।
मिक्लाजुङ —मालिङ्गो हुने डाँडा ।

लमजुङ —(लामचोङ) डाँडाको बाटो ।
माकलुङ —भालूजस्तो ढुंगा भएको ठाउँ ।
बाकलुङ —सुँगुरजस्तो ढुंगा भएको ठाउँ ।
मादीबुङ —बाख्राकाने फूल (हुने ठाउँ) ।
खाम्लालुङ —चिल्लो ढुंगा (खाम्ला = लिही) ।
कालेम्बुङ —नजोडिएको फूल हुने ठाउँ ।
फाकचुवा —सुँगुरले पानी पिएको ठाउँ ।
नामजाङ —जोङ घाम ताप्ने ठाउँ ।
हाङपाङ —राजा वस्ने ठाउँ ।
फुङनाम —दुर्गन्धदेखि भागेको ठाउँ ।
छिन्ताङ —पवित्र या केलाएको ठाउँ ।
याङरूप —रुपैयाँ सोहर्ने ठाउँ ।
खामनुवा —राम्रो माटो वा राम्रो ठाउँ ।
वाहिला —कटुसे गाउँ ।
इवा —घुमेको ठाउँ (लिम्बू) ।
थोकलुङ —गारो लगाउने ढुंगा ।
तेम्लुङ —चेप्टो ढुंगा ।
फुङसिङ —भाग्ने ठाउँ ।
लिसिब्रुङ —मसिनो बाँसको फूल ।
नासिबुङ —मकैपातेको फूल ।
लिङदिङ —निगालो उम्रेको ठाउँ ।
हेल्लुङ —उम्रेको ढुंगा (भएको ठाउँ) ।
याङखुवा —चराको गुँड (भएको ठाउँ) ।
म्याक्लुङ —बिरालोजस्तो ढुंगा भएको ठाउँ (लिम्बू) ।
मोराहाङ —राजाको नाम ।
कर्माहाङ —राजाको नाम ।
सामथाङ —वाफ आइरहने ठाउँ ।
हिकुनाम्वा —राईकुरामा किनामा गनायो (हिवाखाम—फाँडेर बसेको ठाउँ) ।
(लिम्बू; हिकु = विष्टा, नाम्बा = गनायो)
खेसाङखोपा —मर्चा हुने ठाउँ (वान्तवामा तरुलघारी) ।
ओदेन —उज्यालो ठाउँ (ओ = यो, देन = दिन; वान्तवा)
सामदेन —पुर्‍याउने ठाउँ ।
स्याकवा —घोरल भएको ठाउँ (लिम्बू) ।
एकतपा —एतेप् पा = जमीन फुटेको ठाउँ (लिम्बू) ।
फुङ्तेप्पा —(फुंवा तपा) चिण्डोको झ्याल भएको ठाउँ (लिम्बू) ।

हाङयोक —राजाको गढी ।
दोवेला —गुराँसको फूल (चामलिङ्गे) ।
खार्पा —बाबु गएको ठाउँ ।
हाङखिम —हाङ—राजाको, खिम—घर, राजमहल बनाउने राजमिस्त्रीलाई हाङखिम भन्छन् ।
लुङखिम —लुङ—ढुङ्गाको कटाइ छटाइ गर्ने कालीगढलाई लुङखिमे भनेको हो ।
बोखिम —बोखा-बाखा—माटोको घर बनाउनेलाई बोखिम भन्छन् ।
वातेमलुङ —ढुङ्गाले कुखुरा थिचेको ठाउँ ।
चामलुङ —ढुङ्गामा खाना राखेर खाएको ठाउँ ।
नावाखोला—माछा पाइने खोला
लावा होङकु –सातो माग्न जाने खोला ।
वालिङ —करेसो (कुलेसो) ।
नुवाकोट —राम्रो किला ।

तत्सम र तद्भव शब्दहरू

संस्कृत	वान्तवा	अर्थ
भूरुः (ह)	भूरु	पहाड
नागः	नागा	नाग
चुक्रम्	सुन्चुवा	अमीलो
पाङ्क्तम्	पाङ्तेन्	दण्ड तिर्नु, शुद्ध गर्नु

यस्ता अनेकौं शब्द छन्, जो तत्सम र तद्भवरूपमा छन् । धेरैजसो अपभ्रंश पनि भएका छन् । परन्तु यो भन्न खोजेको होइन कि वान्तवा र चामलिङ्गे बोली एकै हो । यी बोलीहरूमा प्रयोग गरिने शब्दहरू भिन्नाभिन्नै पनि देखिन्छन् । उक्त शब्दहरू धेरै संस्कृत पढ्नेहरूलाई पनि संस्कृत शब्द नभए जस्तो लाग्ला, तर यसभित्र भिजेर हेरेको खण्डमा अवश्यमेव तथ्य कुरा बुझिनेछ । यसलाई सञ्ज्ञावाची शब्द र केही आश्चर्यबोधक शब्दहरूले स्पष्ट गर्छन् । शब्दहरूमा आउने सारूप्य र वैरूप्य भाषागत विचार होइनन् । उच्चारणगत (Pronunciation) विषमता हुन् । मूल भाषाको मूल शब्दहरूबाट उच्चारणमा विकृति हुँदै आउँदा मूललाई छोडेर अत्यन्त भिन्न भएको देखिन्छ । कैयौं शब्दहरूले तत्समलाई छोडेको हुँदैन । कैयौं तद्भव भैसकेको हुन्छ । कैयौं शब्दहरू अपभ्रंश भएर बसेका हुन्छन् । कैयौं शब्दले अपभ्रंशलाई पनि छोडेका हुन्छन् । अपभ्रंशलाई पनि छोडिसकेको शब्द निश्चय नै अलग भएको देखिन्छ ।

वान्तवा-बोली र चामलिङ्गे बोलीमा विषमता

वान्तवा	चामलिङ्गे	नेपाली
देवा (डेवा)	तिपा	बडा बाउ
देमा	तिम्मा	बडी आमा

बाङ्गा	पासिपे	कान्छा बाउ
कोक्	रो	भात
उम्माक्	वासीम	जाँड
डुवा छा	सोरो छा	लोग्नेमान्छे
नाम पुवा	नाम पिता	अबेला भयो (घाम गयो)
आमनुङ	खामोनुङ	तिम्रो नाम
खास्को मुना	दोसोको मीना	कस्तो मान्छे रहेछ !
बानाखा	साङ्गा	आइज
ङाक्सी	ङोसी	केरा

यस प्रकार धेरै ठाउँमा विषमता पनि देखिन्छन् । तर यी विषमताहरूलाई सर्वथा एउटै भनेर गाभ्न पनि सकिन्न । विषम शब्दहरू एक-अर्काबाट आदान र प्रदान भएका हुन्छन् ।

गम्भीरतापूर्वक विचार गर्दा वान्तवा-बोलीको मूल पनि संस्कृत नै हो भन्न सकिन्छ । यहाँ ताना-तानीको आवश्यकता पनि छैन । वान्तवा-बोलीको क्रियापदले नढाँटीकन 'मेरो मूल संस्कृतै हो' भनेर स्वीकार गरेको छ । त्यसो हुँदा मङ्गोलियाबाट हाम्फालेर आएको भतुवा किरातहरू होइनन् भन्ने इतिहास भाषा-विज्ञानको दृष्टिले पनि स्पष्टै छ । यो अवश्य छ कि संस्कृत-ज्ञानशून्य अथवा संस्कृतसँग नाक चेपार्नेहरूलाई थाहा नहोला । पाठकवृन्दले निष्पक्ष भावले घोरिएर पढ्नुहुनेछ ।

संस्कृतको धातुबाट अपभ्रंश भएका वान्तवा-बोलीका केही क्रियापदहरू

संस्कृत	वान्तवा	अर्थ
लिह्-आस्वादने धातुबाट	लेम्छुवा	गुलियो
प्रा-पूरणे धातुबाट	पाउ/पाक्मा	लगाऊ/लगाउनु
चुक्रम् शब्दबाट	सुञ्चुवा	अमीलो
बुध अवगमने धातुबाट	बुट्टु/बुट्मा	बोलाऊ/बोलाउनु
खर्व गतौ धातुबाट	खाट्टु/खाट्मा	लैजाऊ/लैजानु
हु-दानादनयोः धातुबाट	हुट्टु/हुट्मा	पोल/पोल्नु
चीप् (व) भाषार्थे धातुबाट	चेप्मा	बोल्नु
पिट्-शब्दसंघातयोः धातुबाट	पाट्टु/पाट्मा	कराऊ/कराउनु
मा-निषेधे	मा आङ	होइन
चमु-अदने धातुबाट	चामा	खानु
युजिर्-योगे	युङ्गा/युङ्मा	बस/बस्नु

यस प्रकारले अनेक धातुपाठ, गणपाठ र कतै धातु मात्रै, कतै प्रत्ययको 'अन्तर' मात्रै अवशेष रहेका अनेक शब्दहरू वान्तवा-बोलीमा प्रयोग भएको देखिन्छ ।

यहाँ पाठक-वाचकवृन्दलाई केही संज्ञावाची शब्दहरूमा पनि संस्कृत छ कि छैन ? संस्कृत हो कि होइन ? यसबारेमा पनि दिग्दर्शन गराउन आवश्यक सम्झेको छु । तलका शब्दहरूबाट बुझ्नुहुनेछ ।

केही संज्ञावाचक शब्दहरू

संस्कृत	वान्तवा	नेपाली
कृ-विक्षेपे, अत-सातत्यगमने धातुबाट किरातः	किरावा	किरात
मनु-अवबोधने मनुष्यः मानवः	मुना	मान्छे
पा-रक्षणे, पिताः वप-वीजवपने वापः	पा	बाबु
माङ-माने माता, मा	मा	आमा
वार् वारि	चावा, वा	पानी
नाम	नुङ	नाम
इरा	आराखा	रक्सी
अग्नि	मी	आगो
कामिनी	कामेछा	युवति
मांसम्	सा	मासु
लिङ्ग	ली (लिङ्वा)	पु० इन्द्रिय
शवः	सिः आओ	मरेको
स्वप्न	सेन्मी (सेन्वी)	सपना
तुण्डम्	डो	मुख
मा-निषेधे	मा आङ	होइन
महि-पूजायाम्	माङ	देवता
लोहित	हूः	रगत
किञ्चित्	अचिचि	अलिकति
देवः	देवा	बडा बाबु
वा-गतिगन्धनयोः	वाना	आऊ
देवी	देमा	बडी आमा

यति मात्रै होइन अपितु सर्वनामवाचक रूपहरू पनि यसरी नै चलेको देखिन्छ।

सर्वनाम शब्दको रूप

	एकवचन	द्विवचन	बहुवचन
संस्कृतमा	असौ	अमू	अमी
वान्तवामा	ओको	ओकोची	ओची
अर्थ	यो	यी दुइ	यी सबै
संस्कृतमा	अहम्	आवाम्	वयम्
वान्तवामा	अङ्का	अङ्काचा	अन्कान्का
अर्थ	म	हामी दुइ	हामी

यी शब्दहरूमा पहिलो शब्दले आफ्नो मूलको पहिलो अक्षर छोडेको छैन । केवल 'अ' को स्थानमा उच्चारण-भेदले 'ओ' भएको देखिन्छ । यसै प्रकारले दोस्रो शब्दमा पनि उच्चारण-भेदले गर्दा 'अहम्' अपभ्रंस अङ्का 'उङका' भएको छ । फेरि पनि आफ्नो मूल 'अ' लाई छोड्न नसकेर 'उ' भएरै बसेको छ । परन्तु एकवचन, द्विवचन र बहुवचनलाई त कुनै हालतमा छोडेको छैन । किन्तु यति मात्रै हैन, अरू शब्दहरूमा पनि यसरी नै रूप चल्छ—

	एकवचन	**द्विवचन**	**बहुवचन**
	खाना	खाना ची	खानानीन्
अर्थ—	तिमी	तिमी दुइ	तिमी सबै
	खाराङ्	खारा चा	खारिन्का:
अर्थ—	म गएँ	हामी दुइ गयौं	हामी सबै गयौं
	वाना	वाना चा	वानानीन्
अर्थ—	आयो	ती दुइ आए	ती सबै आए
	ठाङङा	ठाङा चा:	ठाङिन्का
अर्थ—	उँभो आएँ	दुइजना उँभो आयौं	धेरैजना उँभो आयौं
	बाट्टुङ	बाट्टा चा:	वाट्टुम्का
अर्थ—	ल्याएँ	ल्यायौं	सबैले ल्यायौं
	पुए (पु:याङ)	पु:वाचा:	पु:वाने
अर्थ—	देऊ	दुइजनालाई देऊ	धेरैजनालाई देऊ
	युङाङ	युङाचा	युङानिन्
अर्थ—	बसें	दुइजना बस्यौं	सबै बस्यौं

यसरी यी शब्दहरूमा पनि विशेष विचार गर्ने अवसर राखिएको छ ।

'लिङ', 'सिङ', 'दिङ' जोडिएका केही स्थानका नामहरू

च्याङलिङ	=बाख्रा चराउने पहाड	गोरखा
दोर्जेलिङ	=दोर्जेहरूले बस्ने पहाड	उ० बङ्गाल
फर्पिङ	=अन्नको झुप्पा थुपारेको ठाउँ	काठमाडौं
नामसालिङ	=घाम लाग्ने पाखा	इलाम
पाङसिङ	=दाउरा लगाएको ठाउँ	गोरखा
थानसिङ	=छड्के रूख	नुवाकोट
धादिङ	=पानीको झर्ना झरेको दिन	वाग्मती अञ्चल
ताङसिङ	=रूख काटेको ठाउँ	पाल्पा
मुग्लिङ	=मालिङ्गो उम्रने पहाड	चितौन

'जुङ' जोडिएका केही स्थानका नामहरू

लमजुङ (लामचोङ)	=बाटोमाथिको डाँडा	लमजुङ
हमर्जुङ	=रगत सुकेको डाँडा	गोरखा

सिमजुङ	=चेप्टो परेको डाँडा (काटिएको डाँडा)	गोरखा
खुर्पाजुङ	=हुग्न नदिएको डाँडा	,,
थालाजुङ	=कोप्चे डाँडा	,,
निमजुङ	=घाम ओझेल परेको डाँडा	गोरखा
नामजुङ	=घाम लाग्ने डाँडा	,,
मगरजुङ	=मगरहरू बसेको डाँडा	दार्जिलिङ
मिकलाजुङ	=मालिङ्गो हुने डाँडा	पाँचथर
प्यारजुङ	=अर्पण गरेको डाँडा	लमजुङ
खान्द्रुङ (द्रङ)	=सागसब्जी धेरै हुने ठाउँ	मेची पाँचथर
मकरजुङ	=मास्न नहुने डाँडा	दार्चुला

'रूङ' र 'लुङ' आदि जोडिएका नामहरू

नामरूङ	=छिटै घाम ढल्किने ठाउँ	गोरखा
झोङ	=मात्तिएको ठाउँ	मुस्ताङ
ओख्र् बुङ	=ऐंसेलुको फूल भएको ठाउँ	दार्जिलिङ
ताकलुङ	=ढुङ्गा ल्याउने ठाउँ	गोरखा
सेतुंङ	=वस्तु हिंडेको ठाउँ	धादिङ
धैरूङ	=काठ काट्ने ठाउँ	गोरखा
कुञ्चुरूङ	=मान्छे बस्न सक्ने स्थान	धादिङ
जरूङ	=निर्देश गर्ने ठाउँ	,,
गिलुङ	=ढुङ्गा कुँदेको ठाउँ	लमजुङ
बाक्लुङ	=सुँगुरजस्तो ढुङ्गा भएको ठाउँ	धौलागिरि
माकलुङ	=भालूजस्तो कालो ढुङ्गा भएको ठाउँ	पाँचथर
फालेलुङ	=ढुङ्गा पन्छाएको ठाउँ	पाँचथर
माङमालुङ	=देवी ढुङ्गा	,,

'टाङ', 'लाङ', 'हाङ' आदि जोडिएका नाम

खोटाङ	=केश खौरेको ठाउँ	सगरमाथा
चितलाङ	=लतपत गर्दा मन नपराएको ठाउँ	मकवानपुर
खोपलाङ	=दाउरा काट्ने ठाउँ	गोरखा
मुस्ताङ (मुस्टाङ)	=मान्छेको टाउको जस्तो ठाउँ	धौलागिरि
मनाङ	=मान्छे चीसो हुने ठाउँ	गण्डकी
दाङ	=मान्छे जम्मा हुने ठाउँ	राप्ती
पाङ	—खेती लगाउने ठाउँ	वाग्लुङ
सिङ्हाङ	—कल्पवृक्ष भएको ठाउँ	पाँचथर

बोर्लाङ	=बाढी या पैरो रोकेको ठाउँ	गोरखा
तान्द्राङ (द्रङ)	=ठूलो मान्छे आएको बस्ती	गोरखा
अर्वाङ	=प्रभावशाली मान्छे बसेको ठाउँ	,,
जराङ	=तेज स्वभाववाला मान्छे बसेको ठाउँ	,,
अस्राङ	=राजाले हुकुम चलाएको ठाउँ	,,
सिन्द्राङ (द्रङ)	=ज्ञानीहरूले बस्ने बस्ती	भोजपुर
भञ्ज्याङ	=मनन गर्ने डाँडा (कुनै महापुरुषले तपस्या गरेको ठाउँ)	लमजुङ
लोमाङ	=योचाहिं देवता हो	मुस्ताङ
थाङ	=उकालो	,,
लवाङ	=महापुरुषले उपदेश दिएको ठाउँ	धादिङ
याङ	=पैसा भएको ठाउँ	फिकल
बझाङ	=प्रतिनिधि गर्ने क्षमता भएको मान्छे बस्ने डाँडा	सेती
ताईवाङ	=बुद्धि पसाउने ठाउँ, ज्ञानीले बस्ने ठाउँ	चितवन
हात्तीवाङ	=हात्ती पसेको ठाउँ	,,
भालुवाङ	=भालू पस्ने ठाउँ	राप्ती

'चा', 'मा', 'पा' आदि जोडिएका नाम

मीचा	=आगो, पानी (च्याउ)	जुम्ला
याम्पा	=पिताको शरीर मक्किएको ठाउँ	बन्दीपुर
चुइचुम्मा	=जितेर खेदेको ठाउँ (गौंथाली)	खोटाङ
याङ रूप (रूक)	=पैसा सोहरेको ठाउँ	पाँचथर

'ट', 'टी', 'पी' आदि जोडिएका शब्द

थाङ	=उकालो	मुस्ताङ
थाङ्कोट	=उकालोमा भएको कोट	काठमाडौं
मकरकोट	=मगरहरूले बनाएको कोट	दार्चुला
लामपाटी	=बाटोमा भएको पाटी	काठमाडौं
नाम्पि	=घाम डुबेको हिमालयको नाम	मथिल्लो मर्मा
वुङ्कोट	=फूलको कोट	बझाङ
खुदी	=खुङमा फूल हुने ठाउँ (मुन्धुममा छ) (फूल हरियो र पात रातो हुन्छ)	लमजुङ
च्याङ थापु	=बाख्राको गोठ	पाँचथर

यस रीतिले हाम्रो नेपालमा धेरैजसो गाउँ, ठाउँ, पहाड, पर्वत र केही खोलानालाहरूको नाम पनि अनेक किरातहरूका बोलीमै राखेको देखिए पनि प्राचीन भने छैन। यो 'किरातबोली' पनि प्राचीन हो

भन्न वा लेख्न चाहने किरातहरूको दुर्भाग्य नै हुन पुगेको छ। लेखकले त प्राचीनतालाई नै शोधखोज गरेको हो। तर त्यसो हुन सकेन।

लेखाइमा नआउने शब्दहरू

वान्तवा-बोलीमा कैयौं यस्ता शब्द पनि छन् जसको उच्चारण मात्र गरिन्छ, परन्तु लेखाइमा आउँदैनन्। त्यस्ता शब्दको अगाडि ':' यस्तो थोप्ला दिएर त्यस उच्चारणको काम चलाउनुपर्ने हुन्छ। वस्तुतः परम्परागत उच्चारण (Pronunciation) गर्नाले मात्र अभीष्ट अर्थ स्पष्ट हुने देखिन्छ। तलका उदाहरणबाट बुझ्न सजिलो हुनेछ—

वान्तवा	**अर्थ**
हुः लोन्टा—	रगत निकाल्यो।
खुः एसा—	विष्टा हग्यो।
पुः खान्—	तिहुन देऊ।
पुः लोन्टा—	साँप निक्ल्यो।
सुः आखारा—	मरिसक्यो।
कुः मा अः लिनीन्—	डराउनुपर्दैन।
कुः वाओ उम्माक—	कुहेको जाँड।
टाया चुः माली—	बुद्धिले जित्नुपर्छ।
छुः लेवो छुः लाम्सुको—	ज्ञानीको अनुकरण गर्नुपर्छ।

इत्यादि कैयौं शब्दहरू छन् जसको उच्चारण लेखाइमा आउँदैन, केवल विसर्ग (:)-को संकेतले मात्र बुझ्नुपर्नेछ। तर यी शब्दहरू कतै बाहिरबाट झटारिएर भतुवा भएर आएका होइनन्। दुर्व्यसनले बुद्धि बिग्रिदा जिब्रो पनि बिग्रन गयो र अपभ्रंशदेखि पनि तल खसेको मात्र हो। धातुपाठभित्र खोज्दा पाइनेछ।

वान्तवा-बोलीमा पनि संस्कृतको 'तुम्' छाप देखिन्छ।

वाक्यमा प्रयोग

कुम्—	किवा कुम्	बाघ लुक्छ
खुम्—	छुलुङ्ची खुम्टुम्	मकै रोप्नुपर्छ
ङुम्—	खाना मान्मुडा ङुम्	तिमी निन्दा नगर
सुम्—	अन्काआ खाम्यासुम्	मैले पैसा सोहरें
लुम्—	चावालुङ लुमुम्	पानीमा ढुंगा डुबाउनु
हुम्—	मीको निःछाआ टिट् हुक्सु	भाइले लुगा लगायो
छुम्—	खुः सावा घुम्सुम्	चोरलाई बाँध्नुपर्छ
बुम्—	ओको पिण्डिकु बुम्सुम्	यो भुइँलाई बढार्नू
नुम्—	ओको बोमाक नस्लुम् (?)	यो सिलाम माड्नू
सुन्—	ओको उम्माक सुन्	यो जाँड अमिलो छ
टुम्—	कामेछा खात्टुम्	तरुनी लैजानु

टुम्—	नुवाक टाया कुकटुम्	राम्रो ज्ञान प्राप्त गर्नु
—	नुवाक (खान्नो) छाप्लावा छाप्टुम्	सुन्दर इतिहास लेख्नु

इत्यादि शब्दहरूलाई विचार गर्दा ऐतरेयब्राह्मणभित्र परेका शब्दलाई विचार गर्नु आवश्यक देखिन्छ। तर ऐतरेयब्राह्मण आदि पढेर भाषा-विज्ञानलाई चुनौती दिने के जन्मिन्छ त ? अब अलिकति समासको छटा पनि हेर्नुहोस्।

तत्पुरुष समास

मिक्लाओ = मालिंगको जुङ = चोङ जोङ डाँडा (षष्ठी तत्पुरुष)
नुवाखाओ भुरू = नुवाखाभुरू = खरको डाँडा
बारासीओ टाङ = बारासीटाङ = कटहरको रूख
खोकलिसाक्कीओ भुरू = खोकलिसाकीभुरू = वनतरुलको डाँडा
ओगिलाओ भुरू = ओगिलाभुरू = सकरखण्डको डाँडा

द्वन्द्व समास

हाङपा निन् हाङमा — हाङपाहाङमा — राजारानी
मेछाछा निन् डुवाछा — मेछाछाडुवाछा — स्त्रीपुरुष

बहुव्रीहि समास

बाक् वैसुको (उइसुको) लुङटा खाडा याआङ मोको ढेपओ उः नुःङ लोमको— वाकलुङ।
अर्थ—सुँगुरजस्तो ढुंगा जहाँ छ, त्यस ठाउँको नाम वाकलुङ हो।

यस्तै किवालुङ, याङनाम, माकलुङ—आदि शब्दमा बहुव्रीहि समास देखिन्छ। यसरी नै अरु समास पनि बनाउन सकिन्छ।

वान्तवा र चामलिङ आदि बोलीमा अहिलेसम्म कुनै साहित्य, नाटक, भूगोल, इतिहास आदि प्रकाशमा नआए पनि बोली बोलेका आधारमा व्याकरणसम्बन्धी परिमार्जित भाषा हुन सक्छ कि सक्दैन भन्ने प्रश्नको उत्तरमा तल केही विभक्ति पाठकवृन्दसमक्ष प्रस्तुत गर्नु आवश्यक देखिन्छ। उदाहरणको लागि प्रस्तुत छ वान्तवा-बोलीमा प्रयोग गरिने विभक्तिहरू—

संस्कृत	**वान्तवा**	**नेपाली**
प्रथमा विभक्ति	—	—
द्वितीया ,,	ओ	को
तृतीया ,,	आ, डे	ले, द्वारा
चतुर्थी ,,	ओः	लाई, लागि
पञ्चमी ,,	डाङका	बाट
षष्ठी ,,	ओ	कसको—षष्ठी
सप्तमी ,,	दा (डा)	काँ, मा

सम्बोधनमा—एनु=सुन, एनाचु=दुवैले सुन, एनानुम्=सबैले सुन

यसरी तलको वाक्यमा प्रयोग भएअनुसार बुझ्ने प्रयास गर्नुहोला। यसै आधारमा अन्य वाक्य बनाउन सकिन्छ।

वान्तवा-बोलीमा व्याकरणको प्रयोग

विभक्ति प्रयोग

वान्तवा	नेपाली	
माङ खिम्दा	मन्दिरमा	—सप्तमी
रामाओ	रामको लागि	—चतुर्थी
श्यामाआ (ङे)	श्यामले	—तृतीया
मोहनाडाङ्का	मोहनबाट	—पञ्चमी
ब्रुवाँ खाट्टु चीयु	फूल लगेको थियो	
ओको साङ्को खिमओ	यो कसको घर हो ?	—षष्ठी
ओको मोहनाओ खिमओ	यो मोहनको घर हो	—द्वितीया
धिबुरुडाङ्का मीखु लोन्टा	पर्वतबाट धूवाँ निक्ल्यो	
खाडा खाडा मीखु डाट	जहाँ-जहाँ धूवाँ देखियो	
मोडा मोडा मी याआङ	त्यहाँ-त्यहाँ अवश्य आगो छ।	

वान्तवा-बोलीमा पनि संस्कृतमा जस्तै क्रियापदमा लिङ्ग छुट्टिंदैन

पापा आई माङ खिम्दा मखारा = पिताजी आज मन्दिरमा जानुभयो।

खोचिनिन् छेत्कुमा छाङ खारा = साथै बैनी पनि गई।

छेत्कुमाआ माङ खिम्दा खाट्माओ चिखिम् खान्नुओ टिट् हुम्सुओ = बैनीले मन्दिरमा जानुभन्दा पहिले राम्रो लुगा लगाई।

मोलोवो निःछाआ टिट् मान् हुन्लो (डो) = परन्तु भाइले लुगा फेरेन।

डेनालो निःछाआ मात्र वाचाक्की = किनभने भाइले स्नान गरेको थिएन।

माङ खिम्दा खाट्मा लियो टाङदा सें सें सेंवा चुःमाली = किनभने मन्दिरमा जाँदा पवित्र भएर जानुपर्छ।

माङ खिम्दा खारिन् कि वुवाँ होम्पुसाम रिरोङ्सिवा खाट्मालि = मन्दिरमा जाँदा फूल श्रीखण्ड प्रसाद लिएर जानुपर्छ।

यस्ता हजारौं उदाहरण दिन सकिन्छ। परन्तु यो निश्चित छ कि वर्तमानकालिक किरात-वान्तवा-बोलीमा प्रयोग हुने 'क्रियापद' ले लिङ्ग छुट्टिंदैन। क्रियापदमा 'लिङ्ग' छुट्टिने भाषा 'खस' भाषा तथा भारतमा हिन्दी भाषा आदि हुन्। हिन्दीमा 'लड्की जाती है' आदि भन्छन्। यस्तै प्रकारले वर्तमान नेपाली भाषामा 'केटी जान्छे' आदि प्रयोग देखिन्छ। परन्तु विश्वको एक मात्र अनादिकालदेखि चलिआएको संस्कृत भाषामा 'सीता गच्छति, रामोऽपि गच्छति' क्रियापदमा लिङ्ग छैन। ठीक यस्तै किरातक्षत्रिय वान्तवा-राईबोलीमा पनि क्रियापदमा लिङ्ग नपाउनु आश्चर्यको कुरा मात्रै होइन अपितु वान्तवा-किरात-बोलीको मूल संस्कृतै हो भने अत्युक्ति छैन।

वान्तवा-बोलीमा संस्कृतमा जस्तै लिङ्ग

पुलिङ्ग	स्त्रीलिङ्ग
पारूहाङ	सुम्निमा (सुम्मिन्मा)
कोपा (कोक्पा) = बाजे	कोमा (कोकू) = बजू
देवा = बडाबाउ	देमा = बडी आमा
बाङ = काका	छना: = काकी
डुवाछा = पुरुष	मेछमछा छा = स्त्री
छेइवा = माइती	छेकुमा = चेली
छुःवा = मामा	छःना = माइजू
हाङ = रांजा	हाङमा = रानी
हाङछा = राजकुमार	हाङछामा = राजकुमारी

यसरी स्त्रीलिंग र पुलिंग राख्ने रीति पनि संस्कृतमूलक नै देखिन्छ । हाङ, हाङमा, कोपा, कोमा, देवा, देमा, हाङछा, हाङछामा आदिमा स्त्रीलिंग र पुलिंग छुट्याउने संज्ञाको अन्तमा लागेको 'मा' हो । अथवा बुहारीको वाचक नामित (रवि), नाम्मी (कालोपानी) आदिमा प्रयोग हुने ईकारान्त स्त्रीलिंग छन् । कतै सुम्नी (सुम्निमा), माङछामी आदि पनि पर्याप्त मात्रामा प्रयोग गरेको पाइन्छ । त्यसैले देवता र देवी आदि जस्तै संस्कृत भाषाबाट लिएको हो भन्न सकिन्छ । यी प्रमाणहरूले 'Indo Mongolied Languages' भन्नेहरूको कुरालाई झूठा सिद्ध गर्छ ।

वान्तवा-बोलीमा उच्चारण-भेदले केही भिन्नता पनि आएको देखिन्छ । जस्तै—'होप्मा' 'पिउनु' अर्थलाई बुझाउने शब्दलाई हेर्नुहोस् ।

होप्मा	= पिउनु	रवि—खेसाङखोपा (पाँचथर)
होप्मावा	= ,,	पाङतुवा (,,)
होप्माडोट्	= ,,	कालीखोला (,,)
होप्मादोत्	= ,,	भोजपुर बोखिम आदिमा
होप्ताने (वा)	= ,,	शिलाङ (भारत)
होप्टाङ	= ,,	सिक्किम (भारत)

पुयुप्मा = 'काँकरा' अर्थ बुझाउने शब्दलाई हेर्नुहोस्—

पुयुप्मा	रवि, खेसाङखोपा, पञ्चमी (पाँचथर)
पुयूप	कालीखोला (पाँचथर)
पुयुप्सि	दार्जिलिङ आदिमा

खिम = घर अर्थलाई बुझाउने शब्द पनि निक्कै बेग्लिएको देखिन्छ—

खिम	रवि, पञ्चमी आदि
चिखिम	भोजपुर, कालोपानी
चखम	शिलाङ (भारत)
खमच	सिक्किम

यस्ता अनेकौं शब्द छन्, जसका उच्चारण-भेदले गर्दा कैयौं शब्दले वान्तवाहरूको आपसमा कुरा बुझाबुझी हुन निक्कै गाह्रो देखिन्छ। यो कुरा घर बसेर अथवा अफीस या स्कूल, कलेज, विश्वविद्यालयको कोठा रुँगेर होइन अपितु भ्रमण र व्यवहारले जान्न सकिन्छ।

तर कैयौं शब्दहरू मुन्धुमभित्रै छन् भने कैयौं शब्दहरू लोक-व्यवहारमा देखिन्छन्। मुन्धुमभित्रका बिजुवा, माङ्पा, नाक्छोङले मात्रै जान्दछन्। जिज्ञासु पाठकवृन्दले केही जान्नुपर्ने अन्तरलाई अगाडि देखाइँदै छ, हेर्नुहोस्।

* * *

मुन्धुमबाट सृष्टिको उत्पत्ति

सृष्टिको उत्पत्तिबारे किरातहरूमा बेग्लाबेग्लै मुन्धुम र बेग्लाबेग्लै सृष्टिको उत्पत्ति धामी, झाँक्री, बिजुवा, माङ्पा र फेदाङ्वाहरूले बताउँछन् । यति मात्रै होइन, अपितु धेरैजसोको त अत्यन्त अवैज्ञानिक सिंग पुच्छर नभएको मुन्धुम पनि सुनियो । तिनीहरूको मुन्धुमबाट भनेको सृष्टिक्रमलाई अथवा सृष्टिको उत्पत्तिलाई मैले लेख्ने साहस गरिनँ । फेरि जति बिजुवा उति नै मुन्धुम बेग्लिन्छ । अनि उति नै सृष्टिको उत्पत्ति पनि बेग्लिन्छ ।

हो, यहाँ धेरै जस्ताले 'हेचाकुपा' (एकलव्य) र 'शाब्दकुइयाँ' (ढुकुर)-लाई भने छोडेका छैनन् । धेरैजसो राईहरूका माङ्पा, बिजुवाहरूले 'हेचाकुपा' र 'शाब्दकुइयाँ' माने ढुकुरको कथाबाट सृष्टिको कथा थाल्छन् । तर यो अत्यन्त अवैज्ञानिक जस्तो लाग्छ । किनभने हेचाकुपा एउटा टुहुरा केटाले ढुकुर मारेर ल्याए । ढुकुरको गाँडमा भएको कोदो, मकई, दाल आदिलाई निकालेर छरी, फेरि त्यसलाई मान्छेले खाएर सृष्टि भए । यो भनाइ केटा-केटीको खेलाँची जतिकै लाग्छ । लेखकले धेरै बिजुवा, माङ्पाहरूलाई दिक्तेल, ओखलढुङ्गा, सोलुखम्बु, ऐंसेलुखर्क, रावाखोला, लामीडाँडा, खोटाङ्ग, भोजपुर, दिल्पा, खावा, छिनामखु आदिमा बेस्मारी शोधखोज गर्दा कसैले बताउन सकेनन् । कुनैले चाहिं रिसले काँपेर 'हेर-हेर ' मात्रै भने । के हेर्नू के नहेर्नू ? कुनैचाहिं बोल्नै सकेनन् । कुनैलाई देवता आइहाल्यो । कामिहाल्यो । तर बोल्नु भने सकेन । त्यो के हो भने हेचाकुपाले शाब्दकुइयाँ=ढुकुर मारेर उसको गाँडैबाट कोदो, मकई, धान, भटमास, दाल आदि पाएर सृष्टि गरे । तर हेचाकुपा र शाब्दकुइयाँको सृष्टि कोबाट कसरी भए ? फेरि शाब्दकुइयाँले खाएको कोदो, मकई आदिका सृष्टि कहाँबाट कसरी भए ? सृष्टि नभई कसरी खाए ? यस्ता कैयौं प्रश्नहरूले निकै खलबल्याएर छोडे । तर उत्तर कुनै विजुवा या मुन्धुम जान्ने हुँ भन्नेहरूको पासमा थिएन । खावामा माननीय मन्त्री कर्णबहादुरको घरमा त निक्कै नमीठो झपडा झपडी पनि भयो। माङ्पा, बिजुवा र उनको पक्ष लिनेहरू एकमुख थिए । मेरो तर्क अर्थात् म मात्रै एकातिर थिएँ । धन्न मन्त्रीजी र उनैका पिता ८८ वर्षका बूढा मानबहादुरजीले भन्नुभो, 'धेरै बाजाबाज गर्ने आवश्यकता छैन । माङ्पाहरूले त उत्तर दिनैपर्छ । स्वामीजीले सोधेको कुराको उत्तर दिनुभएन भने हामी र हाम्रो मुन्धुममाथि घात पर्नेछ । त्यसो भएको हुनाले मुन्धुमले भनेको उत्तर दिनुहोस् । अनि बोलेनन् । केही बेरपछि सभा पनि सकियो । हेचाकुपामा आएर फेरि माङ्पा-माङ्पामा झडप भयो । हेचाकुपा को थिए ? कुनैले भने सुम्निमाको छोरा, कुनैले भने महाभारतको एकलव्य, कुनैले भने स्वयं 'पारूहाङ' थिए । यीमध्ये सुम्निमाको छोरा र एकलव्यको कुरा त बिलकुल अवैज्ञानिक हो । अब रह्यो 'पारूहाङ' नै हेचाकुपा हो भन्ने पक्ष, त्यो पनि बुद्धिगम्य छैन । किनभने हेचाकुपा भएर ढुकुर मार्ने कुरा मिल्दैन, किनभने ढुकुर र उसले खाने कोदो, मकई आदि र उसले बस्ने रूखवृक्ष आदि बनिसकेको बुझिन्छ । त्यसो हुँदा सृष्टि भइसकेपछिको मनगढन्त कुरा मात्रै हो भन्न सकिन्छ ।

त्यसो हुँदा यहाँ प्राचीन आर्य-इतिहासमा बताइएको अनुसार मुन्धुम भन्ने बिजुवा र माङ्पाको कुरा मात्रै म यहाँ राख्दैछु । ती माङ्पा, बिजुवा कहाँका हुन् भन्ने जिज्ञासालाई पनि छोटकरीमा शान्त गरिदिहालौं । यी दुवैमा एक दिक्तेल रतुन्छा निवासी चामलिङ्गे राई हुन्, जो त्यहाँका प्रधानपंच पनि मानि-

एका थिए । अर्को बिजुवा ८७ वर्षका थुलुङ्गराई तीर्थ सिंहको घरमा अर्थात् ग्रा० चिउरीवास वा० नं० ३ लामीडाँडाको थुलुङ्गे बिजुवा । यी दुवैका सृष्टिक्रमविषय मत वैज्ञानिक र घत पर्दो छ । पाठकहरूलाई उनीहरूको जस्ताका तस्तै मुन्धुममा आएको शब्द र अर्थ उतारिदिंदै छु । दूध-पानी छान्ने पाठकहरूले घोरिएर हेर्नुहोस् । फेरि दूध-पानी छान्ने हंस हुनुहोस् । तर छपनीले छानेर डबकाले हानेका हंस नहुनुहोस् । ती दुवै बिजुवा र माङ्पाको मतमा अर्थात् मुन्धुमले के भने भने यो सम्पूर्ण ब्रह्माण्डको उत्पत्ति र पालन, पोषण, सञ्चालन गर्ने पारुहाङ अथवा पारुहों = परातपर परमात्मा शिवजी हुन् । ती पारुहाङबाट सबैभन्दा पहिले निनामा = भनेको आकाशको उत्पत्ति भयो । त्यसपछि हु = भनेको वायुको उत्पत्ति भयो । त्यसपछि मी = भनेको आगोको उत्पत्ति भयो । त्यसपछि वा = भनेको पानीको उत्पत्ति भयो । त्यसपछि हेंखामा = भनेको पृथिवीको उत्पत्ति भयो । यी पाँचै तत्त्व उत्पन्न भएपछि निनामा = भनेको आकाश, वाबेमा = भनेको माथि, लाजिहों = भनेको सूर्य र पित्तिहों = भनेको चन्द्रमा अर्थात् जून आदि तारागण बनाएर सजाइदिए । चन्द्रमालाई = 'लादिप्मा' पनि भन्दछन् । वालुमा = भनेको तल, हेंखामा = भनेको पृथिवीमा, वाइलुङमा = भनेको वास्तुपूजा अर्थात् घर बनाउनको लागि, खिमासुं = भनेको सालको रूख, राभासुं = भनेको साजको रूख, भेटिम्मासुं = भनेको साधनको रूख, रूसिम्मासुं = भनेको पैयुँको रूख, ओमासुं = भनेको सल्लाको रूख, मालुमासुं = भनेको जमुनाको रूख, बर्लेसिसुं = भनेको खरीको रूख, रूखिम्मासुं = भनेको गायोको रूख; यी आठ प्रकारका रूखहरू र माकुबुङ्ग = भनेको मकई, छिमाबुङ्ग = भनेको चामा = धान, इन्दुबुङ्ग = भनेको कोदो, बेछु = भनेको अदुवा आदि अनेक प्रकारका ओखति अन्नहरू पारूहाङले उत्पन्न गरिदिनुभयो । तर वासेप्खा = भनेको पानीमाथि तर्ने पृथिवीलाई बनाउनुभयो । मुन्धुमको यस 'वासेप्खा' शब्दले आधुनिक विज्ञानसँग पौंठेजोरी खेलेको देखिन्छ । आधुनिकहरूले पनि पृथिवी पानीमाथि छ भन्छन् । तर वामाखा = भनेको पानी हरायो भन्ने शब्दको टुङ्गो लाग्न सकेन । प्रायः सबै धामी, झाँक्री, बिजुवा, माङ्पा, फेदाङ्वा बौलाहा पाराले मुन्धुम मात्रै फलाक्दै जाँदा रहेछन् । उनीहरूले नै मुन्धुममा भनेको शब्दको अर्थ जान्दा रहेनछन् । यस्ता पनि धेरै पाइए । अर्थ भन्नुहोस् न त भन्दा हक्क बक्क रहेका पनि देखियो । कतिले चाहिं वेद पढ्ने बाहुनहरूले जस्तै 'हामीलाई मुन्धुम मात्रै आउँछ । अर्थ त जान्दैनौं पो है' भने । यस्तै धेरै वेदपाठी बाहुनहरू पनि छन् । 'हामी त वेदपाठ मात्रै गर्छौं अर्थ जान्दैनौं' भन्छन् । यस अवस्थामा दुवै एकनासे तुलामा तौलिएका छन् । त्यसो भएको हुनाले वामाखा = शब्दको अर्थ पनि हरायो मात्रै भने । त्यसको के मतलब हो बुझाउन सकेनन् ।

तर हेचाकुपाको शाब्दकुइयाँ भनेको ढुकुर मार्ने मुन्धुमे कथाभन्दा उपर्युक्त मुन्धुम अत्यन्त दार्शनिक र मनोवैज्ञानिक पनि छ । एक-दुइवटा कुरामा मेल नखानु मुन्धुमको अर्थमा सङ्गतीकरण नबस्नाले होला । फेरि यो सृष्टिको लेखाजोखा गर्ने छेकिमदोदिम = भनेको इतिहास जान्ने ब्रह्माको सृष्टि पनि उचित ठहरिन्छ । पारुहाङको आदिशक्ति नाकिछा = भनेको पार्वती जसलाई सुम्निमा पनि भनिन्छ, यही नै पारुहाङको आदिशक्ति हो पनि भने । यसले वेदान्त-दर्शनको पूर्ण समर्थन गरेको देखिन्छ । यदि पारूहाङ पूर्णब्रह्म हो भने नाकिछा = अवश्य पनि मूला विद्या हो । मूला विद्या र माया एकै अर्थमा छ । मूला विद्या र तुला विद्याद्वारा सृष्टिको आविर्भाव हुने कुरा विश्वप्रसिद्ध वेदान्त-दर्शनमा छ । यो मुन्धुमको केही अंशलाई छोडेर राम्ररी हेर्नुहोस् । तैतिरीय-उपनिषद्को मन्त्रसँग अक्षरशः मेल खान्छ । जस्तै—'आत्मन आकाशः सम्भूतः' आत्मा = भनेको ब्रह्म अर्थात् पारूहाङदेखि आकाश = भनेको भूताकाशको उत्पत्ति भयो । 'आकाशात् वायुः' आकाशदेखि वायु = भनेको हावाको उत्पत्ति भयो । 'वायोस्तेजः' वायुदेखि तेज = भनेको

आगोको उत्पत्ति भयो। 'तेजस आपः' आगोदेखि पानीको उत्पत्ति भयो। 'अद्भयः पृथिवी' पानीदेखि पृथिवीको उत्पत्ति भयो। पृथिवीदेखि कोदो, मकई, रूख, झारपात आदि अनेक ओखतिहरू उत्पन्न भए। ती अन्न-ओखतिको उपयोग गर्ने मानव, चराचुरुंगी, पशु आदि सबैको उत्पत्ति ब्रह्मबाट भएको हो।

यस मुन्धुमले पुरा वैदिक आर्य-दर्शनको सिद्धान्तलाई देखाउँछ। त्यसो भएको हुनाले यो भन्न वाध्य हुनुपर्छ कि किरातहरूको उत्पत्ति मंगोलियामा भएको होइन। हिमवत्खण्ड र भारतखण्ड जम्बूद्वीपमा नै भएको हो। बाँकीको मुन्धुम त मलाई ठीक लागेन। अनि अंग्रेज अथवा उनीहरूका अधौरे चेलाहरूले किरात मंगोल हुन् भन्दैमा किरात मंगोल हुन सक्छन् र ? अनि जुन नयाँखाले, सालेखाले, जटापाले, बुद्धिफाले, अकाले किरातहरूले पनि हामी मंगोल हौं भन्न थालेका छन्, त्यस्ताका हुद्दा ताँतीमा पनि यसो उभिएर चियाइयो तर भेडाको बथानभन्दा बढ्ता लागेन। कलमीले उनीहरूको प्रमाण, युक्ति, तर्क सबै जान्ने प्रयत्न गरेको छ। अनि आफ्नो कुरा नबोकाई शान्त चित्तले सुन्ने प्रयत्न पनि गरियो। तर दुःखको कुरा छ कि सबै जोगी कान फाडेकै मिले। अर्थात् उनीहरूलाई मंगोलियाको पत्ता नै थिएन। कुनैले दक्षिण अमेरिकामा पर्छ भने। कुनैले अष्ट्रेलियामा एक टापूको नाम मंगोलिया हो भने। केके हो केके ? एक छिन त छक्कै परियो। त्यो देशको जब पत्तै छैन भने तिनीहरूले हामी किरात मंगोल हौं भन्नुमा के प्रमाण छ ? वस्तुतः नेपालभित्रका आफूलाई मंगोल घोषित गर्ने किरातहरू धेरैजसोले शिक्षाको मुखै देखेका छैनन्। कुनैले देखे भने एस० एल० सी० सम्म होला। त्योभन्दा धेरै देखे भने बिरला कोटिले बी० ए० गरेको होला। त्यस्तादेखि बाहेक एम० ए० को त औंलामा गन्नुपर्छ। त्यो पनि देब्रेपट्टिको कान्छी औंलाको चार ओटा रेखामा बिलाउने छन्। त्यसमा पनि साँगुरिएको ठाउँमा एम० ए० भएको ! विचरा ! कति नै पो गिदीमा पसेको होला र !

तर पुराना बूढापाकाहरूले आफूलाई आर्य = हिन्दू नै मानेका छन्। यस प्रकारको अप्रामाणिक इतिहासको ज्ञानरहित भ्रमात्मक प्रचारले हाम्रो कल्याण हुँदैन भन्ने कुरा जान्दैनन्। अनि जान्न पनि चाहँदैनन्। शिक्षाको ज्यादै अभाव, त्यसमाथि पनि दुर्व्यसनले गर्दा सोच-विचारको शक्ति हराएको किरात-समाजलाई मिष्टर मूर, हेमरटन, कीथ, वेटनीस, थिवो गार्जिन, लार्ड माइकाले आदि जस्ताले भुसुक्कै किरात-इतिहासमा डढेलो लगाएर छोडिदिए। किरातहरूको त मुहानैमा भ्वांग पारिदिए। कुनै ज्यूँदा-जाग्दा जन्मे भने मात्रै, नत्र इतिहासको हत्या भयो। भन्नु यो छ कि नबुझीकन वरपर नहेरीकन हिंड्ने बानी जबसम्म रहनेछ तबसम्म हिन्दूमात्रको इतिहासमा डढेलो लागे पनि, इतिहासको हत्या भए पनि रौं खसे जति पनि दुःख मान्नेछैनन्। जस्तै—वर्तमान युगमा कुनै किरातहरूलाई हाम्रो इतिहास कहाँ बिग्र्यो ? कहाँ सुध्र्यो ? कहाँ भत्कियो ? कहाँ प्वाल पऱ्यो ? केही थाहा छैन। यो त देश, साहित्य, राष्ट्रको इतिहास थाम्ने अपनत्व जागेकोमा मात्रै हुन सक्छ। शिक्षा पाएर मात्रै हुँदैन, त्यसमाथि अनुसन्धानको पनि आवश्यकता छ। किरातहरूलाई आफ्नै राष्ट्रभाषामा नै पूर्ण अधिकार छैन। त्यसमा पनि सात समुद्रपारे पाखे भाषालाई 'Cat क्याट माने बिरालो', 'Dog डग माने कुकुर' भनेर गिदी चुहिञ्जेल मिनिङ रटेर अधौरे शिक्षाको ज्ञानले आफ्नो राष्ट्रिय साहित्य र इतिहासको सही मुहान कसरी पैलाउन सक्छ र ? फेरि पनि कत्तिले बुच पचाएर बसेको हुन्छ। निश्चय नै किरातहरूको पुरानाभन्दा पनि लाखौं वर्ष पुराना जन्मथात अर्थात् उत्पत्तिथलो आर्यावर्त नै हो भन्ने सिद्धान्त किरात मुन्धुमले नै तोकेको छ। त्यसो हुँदा १५ शताब्दीदेखि यता लेखिएका इतिहासमा पाश्चात्य र पौरस्त्य लेखालीहरूले भ्रमको खाडल खनेर पुरेको मात्रै हो। किरात कुनै हालतमा मंगोलियन होइनन्।

रह्यो शिखरनाथ सुवेदीको 'थरगोत्रावली' भन्ने पुस्तकमा किरातहरूको उत्पत्तिको कुरा; त्यो त अत्यन्त विचारणीय छ। हुन सक्छ कुनै लडुवा बिजुवा या माङ्पासँग पण्डितजीले सुनेर लेखिदिनुभयो होला। तर प्रामाणिक कुरा होइन। यसै प्रकारले इमानसिंह चेमजोंगले पनि किरातहरूको उत्पत्तिको बारेमा धेरै भ्रमात्मक र वाइयात कुरा लेखेको छ। कुनै प्राचीन ग्रन्थको रिफ्रेंस अर्थात् प्रमाण दिंदा पनि ग्रन्थको पृ० नं० या प्रकरण, अध्याय, श्लोकसंख्या आदि केही पनि नदिएको हुनाले साधारण जनताको आँखामा मनग्य धूलो हालेको मात्रै देखिन्छ। यस्ता अप्रामाणिक र भ्रमात्मक इतिहासले किरात मङ्गोलियन सिद्ध हुँदैन।

बिजुवा र माङ्पा

किरातहरूमा शिक्षाको कमी भएपछि पढ्ने लेख्ने र विचार गर्ने काम बन्द भयो। अनि आफ्नो इतिहासबाट पनि हात धोएर बसे। त्यसो भएको हुनाले शास्त्र-चिन्तनको कुरा हराए। साधारण जीवन चलाउने मेसो गर्न लागे। यसै रूपले आफ्नो परम्परा चलाउनको लागि पुरोहितसँग सम्पर्क छुट्यो। तैपनि केही कुल पितृ गर्दा, मर्दा, पर्दा पुरोहित चाहियो। के गर्ने ? एक समस्या पऱ्यो। महाभारतकालसम्म त सूत, सौति आदि जस्ता प्रकाण्ड विद्वान्हरू थिए। वेदमन्त्र गुन्जँदथिए। पुराण, इतिहास आदिका पाठ हुन्थे। पुरोहितहरूले यज्ञ, याग, हवन आदिबाट पवित्र वातावरण पारिदिन्थे। तर सम्पर्क छुट्नाले र किरातहरू यदुवंशीहरू जस्तै दुर्व्यसनमा परेका हुनाले बुद्धि घट्दै गयो।

बुद्धिले पल्टा खायो। साथै समयले पनि पल्टा खायो। दुवै मिल्दा शुभकार्यमा सामिल हुने पुरोहितबाट छुटानाम भएर धामी, झाँक्री, माङ्पा, बिजुवा र फेदाङ्वा आदिको आविष्कार भयो। अनि यिनै किरातहरूमा अशिक्षित किरातहरूका एकांगी पुरोहित हुन थाले। यही नै कालान्तरमा क्षेत्री, बाहुन आदिमा धामी, झाँक्री, ओझा आदि नामले पुकारिन थाले। किरातहरूमा चाहिं माङ्पा, बिजुवा, फेदाङ्वा आदि नामले पुकारिए। तर क्षेत्री, बाहुनहरूमा चाहिं झारफुक आदिमा धामी, झाँक्रीको उपयोग गरे पनि जन्मिदा, मराउ पराउ हुँदा बाहुन-पुरोहितकै चलन हुँदै आए। किरात-क्षत्रियहरूमा चाहिं कतै बाहुनबाट नाम, राशि, कर्मकाण्डहरू हुँदै आए। कतै बिजुवा, माङ्पा, बाहुनको पनि चलन हुँदै आए। कतै धेरैजसो किरातहरू मात्रै भएकोमा बाहुन छोडेर बिजुवा, माङ्पा, फेदाङ्वा आदिमा उपयोग हुन थाले। तीमध्ये राईहरूका पुरोहित भनाउँदा बिजुवा चार प्रकारका मानिएका छन्। जस्तै—कतिपय चामलिंगेहरूले मुक्तोमी, वालेमुपा, खातोंवा र मोपा भेदले चार प्रकारका बिजुवा मानेका छन्। 'मुक्तोमी' बिजुवा पूरा पक्का बिजुवा होइन, सिखी विद्या जस्तै हो। अर्थात् यस बिजुवाको किरात-समाजमा सारै मान्यता छैन। यिनको प्रामाणिकता खास छैन। योभन्दा विशेष गरीब गुर्वाहरूको समय-समयमा सेँहे, छौंडा, देवा, माङ आदिको झाडफुकमा काम आउने बिजुवा 'वालेमुपा' बिजुवा हो। यसरी 'खातोंवा' बिजुवाको काम पितृ बुझाउनु र खोलाको देवता पुज्नुमा आउँछ। तर यी तीनभन्दा माथिको बिजुवा 'मोपा' बिजुवा हुन्छ। यो बिजुवा किरात-बूढा-पाकाहरूको भनाइअनुसार सबैभन्दा ठूलो हो र जे पनि गर्न सक्छ अरे। यसै प्रकारले वान्तवा-राईहरूमा पनि खारूमाङ्पा, धिरिमाङ्पा, बाखाहाङ्पा भेदले तीन प्रकारका छन्। खारूमाङ्पाले खोलादेव या पितृ-कार्य गर्छ। अनि धिरिमाङ्पाले चाहिं सातो बोलाएर सेँहे मार्छ। यो काम अरु माङ्पाले गर्दैन। बाखा-हाङ्पाको काम चण्डी पुज्नु हो। यी सबै बिजुवा, माङ्पाहरूमा हेचाकुपा र शाब्दकुइयाँको कथा हुन्छ, जो अत्यन्त अवैज्ञानिक र इतिहास-ज्ञानरहित ठहरिन्छ। कुनै-कुनै वान्तवा-माङ्पाहरूले 'पारूहाङ'को पनि

बाउ अर्थात् पिता मानेका छन् । त्यसको के काम हो भन्दा 'खाकचिली' भन्छन् । तर यो बुद्धिगम्य कुरा होइन । थुलुंगे राईहरूले धामी पनि चलाउँछन् । यिनीहरूको 'खोबाधामी' र 'ढ्यांग्रेधामी' भेदले दुइ प्रकारका हुन्छन् । 'खोबाधामी'ले पितृ गर्छ । ढ्यांग्रेधामीले जोखाना पनि हेर्छ । ढ्यांग्रेधामीलाई बिजुवा पनि भन्दछन् । यो प्रयोग काशी गोत्रीय थुलुंगेहरूले गर्छन् । मुपुछा, थाम्रोछा, दिलिंगवाछा, युन्वुछा, काशी गोत्रीय रूमदाली राईहरूको पनि यही नियम छ । यो पत्ता ओखलढुंगाबाट अवकाशप्राप्त न्यायाधीश २००७ सालमा बर्मा-राइफलमा सुविदार मेजर ७२ वर्षीय चिउरीनिवास—मुजुर्खर्क लामीडाँडा जि० खोटांगबाट बुझियो । रह्यो फेदाङ्‌वाको कुरा; यो लिम्बूहरूमा प्रचलित छ । यिनीहरूमा तेतिसारो राईहरूको जस्तो पाछैपिछे बोली, कुरा र माङ्‌पा, फेदाङ्‌वाको भेद छैन तैपनि पितृ-मनाइमा भेद देखिन्छ । तर यी प्रथाले पनि त मंगोलियन त सिद्ध हुँदैनन्, किनभने पुरोहितको परम्परा शुद्ध आर्य = हिन्दूपरम्परा नै हो । मंगोलियन परम्परा होइन । अनि नबुझी नजानी किन बोली बिगार्नु ? यो बुद्धिमत्ता होइन ।

बिजुवा र माङ्पामा अन्तर

उपर्युक्त अध्ययनबाट थाहा हुन्छ कि प्राचीनकालमा किरात नाम भए पनि आजका राई-लिम्बू आदि जस्तो छुट्टिएकाचाहिं थिएनन् । कर्मकाण्डसम्बन्धी कामकुराहरू संस्कृत भाषामा हुन्थ्यो । किरातहरूको जीवन संस्कृतमय थियो । परन्तु बुद्धकालदेखि यता बोलीहरू अलग्गिन थाल्यो । संस्कृतबाट छुट्टिंदै आएका बोलीहरूमा पारसी, पाली, प्राकृत आदि हुन् । जसरी बोली छुट्टिंदै गयो, त्यसै गरी आजको बोली बनेका छन् । अहिले त सर्वमान्य किरात भाषा नभए पनि नेपाल र नेपालबाहिरका गरी सहस्रौं किरातभाषिकाहरू छन् । यसरी यी किरातभाषिकाहरू बन्दै छुट्टिंदै हराउँदै उब्जिदै आएको देखिन्छ । तर यस भाषिकाको प्राचीन इतिहास पाउन सकिएको छैन । त्यसो भए पनि किरातहरू हिन्दू-आर्यक्षत्रिय नै हुन् । मंगोलबाट आएका मङ्गोलियन होइनन् भन्ने प्रमाण किरातबोलीको सत्तरी प्रतिशत तत्सम, तद्भव र अपभ्रंश शब्दहरूले सुदृढ रूपमा पुऱ्याएको छ । त्यसैको कर्मकाण्ड र रीतिथिति नियमले पनि पुऱ्याएको छ । यीमध्ये किरात-वान्तवा-राईहरूमा प्रचलित बिजुवाको पनि सामान्य परिचय गर्नु उपयुक्त होला । वान्तवा-राईहरूमा माङ्पा र नाक्छोङ गरी दुइ प्रकारका पुरोहित हुन्छन् । तीमध्ये माङ्पालाई शब्दान्तरमा बिजुवा भन्ने गरेका छन् । त्यसैले राईकुराको माङ्पा र नेपाली भाषाको बिजुवा पर्यायवाची शब्द हुन पुगेको छ ।

माङ्पा अथवा बिजुवाले शक्तिको काम गर्छ भन्ने विश्वास सामान्य जनतामा अझ पनि छँदैछ । जस्तो—सेँहे, झारफुक गर्नु, देववाण निकाल्नु, अन्नको सह थाप्नु, पुत्ला झिक्नु आदि काम माङ्पाले गर्छ । बिजुवाले पनि लगभग माङ्पाले गर्ने काम नै गरेको देखिन्छ । त्यसैले माङ्‌पा र बिजुवाको काम र शक्तिमा अन्तर छैन भन्ने बुझिन्छ । कतैकतै माङ्‌पाभन्दा अलि ठूला हौं भन्ने बिजुवाहरू पनि देखिन्छन् । कहिले बिजुवाभन्दा माङ्‌पा माथि भएको देखिन्छ । अहिलेसम्म शोधखोज गर्दा पर्यायवाचीसम्म भएको देखिन्छ । जे भए पनि आफ्नो आफ्नो क्षेत्रमा यिनीहरूको आफ्नै स्थान छँदैछ । साथै केलाइ निफनाइ गर्ने अवसर पनि पर्याप्त मात्रामा छँदैछ ।

नाक्छोङ-मुन्धुमी

बिजुवाभन्दा निक्कै माथिल्लो तहको मुन्धुम गाउने मुन्धुमी हुन्छ । जति पनि मुन्धुम भन्ने गर्छन्, ती मुन्धुम माङ्पा, बिजुवाहरूको मुखबाट पनि निक्लेकै हुन्छ । परन्तु अर्थचाहिं माङ्पा, बिजुवाहरूले धेरै-

जसो जानेकै हुँदैनन् । तसर्थ मुन्धुमको अर्थ गर्नचाहिं नाक्छोङ मुन्धुमीकहाँ नै जाने गर्छन् । यिनीहरू नाक्छोङ, माङ्पा, ड्वाङको भेदले तीन प्रकारका छन् । संक्षेपमा नाक्छोङले सृष्टिको वर्णन गर्दछ । त्यसैले तिनीहरूलाई मुन्धुमी भन्ने गरिन्छ । माङ्पाले शक्तिको काम गर्दछ । सेंहे झार्नु, वाण निकाल्नु आदि जस्तो काम माङ्पाको हो । ड्वाङले भूत-प्रेत आदि मन्साएर उपचार गर्दछ । यसै ड्वाङलाई धेरैले बिजुवा भन्ने गरेको पनि पाइन्छ । यी नाक्छोङ, माङ्पा, ड्वाङ विशेष गरेर वान्तवा-राईहरूमा मात्र पाइन्छ । परन्तु यो चलन पनि स्वतन्त्र किरातहरूको भित्र भएको चलन होइन, संस्कृतका विद्वान्, पण्डित र पुरोहित भएजस्तै मात्र हो, किनभने यसमा पनि विद्वान्, शास्त्रपारङ्गत भएर अर्थशः बुझाउन सक्ने हुन्छ, पण्डित त्योभन्दा तल्लो कोटिको हुन्छ । पुरोहित प्रायः अर्थमा शून्य हुन्छ । त्यसैले यो पछि राईबोलीको मुन्धुम गर्न थालेपछि उत्पन्न गरेको भेद हो । जे होस् किरातहरूको इष्टदेव पारूहाङ अथवा थेवासाम जुन बोलीको जुन नामले भए पनि जनैधारी महादेव, शिव, शंकर, पशुपतिनाथ निश्चितै शब्द आर्य, हिन्दू सनातनीहरूका पूज्य आराध्य देव हुन् । यस्ता पूज्यदेवलाई आफ्नो इष्टदेव भन्ने किरातहरू अनार्य, अहिन्दू कसरी हुन सक्छन् ? त्यसैले हामी सबै कुरा गर्न सकौंला परन्तु इतिहासको पानालाई ओझेल पार्न वा मेटाउन सक्दैनौं ।

* * *

ठकुरी राई

प्राचीन किरात-इतिहास पैल्याउँदै जाँदा आठपहरिया र अठपरिया तथा अठपरे, अठेप्प्रे आदि शब्दले पुकारिने किरात-राईवर्गमा पुगिन्छ । यद्यपि 'अठपरिया' आदि शब्दोच्चारणमा शुद्धता देखिँदैन, यो अशिक्षा र अज्ञानको उच्चारणभेदले गर्दा त्यसो हुन गएको देखिन्छ, परन्तु अठपरिया राईहरूको केही आभ्यान्तरिक रीतिस्थिति बुझ्दा प्रारम्भमा 'आठपरिवार' बाट आजका रूपमा पुगेका हुन् भन्ने अठोट गर्न सकिन्छ । केही व्यक्तिको भनाइअनुसार राजाको आठपहरिया भएर बसेका थिए । परन्तु यस्ता अनेकौं कल्पनाहरू कल्पित गरे पनि 'आठपहरिया' आदि शब्दको ऐतिहासिक तथ्यमा पुग्न भने निक्कै समय लाग्नेछ ।

जे भए पनि अठपरिया राईहरू वर्तमान समयमा पूर्वनेपालको कोशी अञ्चल, धनकुटा जिल्लाको धनकुटा नगर पञ्चायत र त्यसैको सेरोफेरोमा बसोबास गरिराखेका छन् । जस्तै—गैरीगाउँ, डाँडागाउँ, सानताङ, खूलिवन, याक्ते, टेकुनाला, सुवावुङ्, सिप्तिङ, कागते, बरहदे, खनियावास, पागिसङ्, माझागाउँ, छाडागाउँ र भीरगाउँ पञ्चायतमा भीरगाउँ, वैरे, मधुगंगा, खुजुलुंग तथा वेलारा पञ्चायतमा वेलारा, मन्धरा, सान्ने यी २२ गाउँहरूमा बसोबास गर्ने अठपरे राईहरूको संख्या पुग नपुग आठदेखि दश हजार जति छ । यी अठपरिया राईहरूको उत्पत्तिको सम्बन्धमा उनीहरूको मुन्धुमीले नै भुलिसकेका छन् । भाषिका (वोली)-चाहिँ वेलारा, मन्धरा र सान्नेको अलि मेल खाँदैन । अरू सबै मिल्छ ।

थर तथा गोत्र

यी अठपरिया राईहरूमा हुमराक्ले आफूलाई सबैभन्दा जेठो मानेको देखिन्छ । परन्तु प्रमाण खोज्दा पाइएन । हुमराक्भित्र पर्ने ठकुरी, भुइँफुट्टा, भोटे हुन् । यस्तै चारिङ्मेभित्र पनि टोमुतोलुंगे, मझिया, टोपिफुच्चा, बालाफेरूवा गरी चार प्रकारका छन् । तर पांगसुंग, मांग्भुंग, छोंगदेन, लिंग्सुवा र फोकिमहरूमा भेद छैन । परन्तु छिलिंगीहरू सायेमा र आसीमा गरी दुइ प्रकारका छन् । छिलिंगीहरू कुनै बेला राजा थिए पनि भन्छन् । यस्तै किमदांग पनि सापला र वाभुंग गरी दुवै प्रकारका हुन्छन् । परन्तु खावादुक् र छाडा अलग छन् । यिनीहरू काशीगोत्र र लासागोत्र दुवै गोत्रका छन् । अठपरे राईहरूमा टुप्पी (शिखा) राख्ने चलन अति प्राचीन हो । यी सगोत्रीयमा बिहावारी गर्दैनन् । मराउ पराउ र सुतक आदिमा चोखो दूबो, ढुंगो, गोमूत्रादिले शुद्ध गर्ने चलन अठपरे राईहरूमा अति नै प्राचीन हो भन्छन् । इष्टदेवी आदिशक्ति मार्गदेवी र आदिपुरुष परमात्मा बराहलाई मान्ने गरेका छन् । त्यसैले कार्तिक पूर्णिमामा समग्र अठपरिया राईहरू बराहक्षेत्रको दर्शन गर्न कोशी र कोका नदीको संगममा स्नान गर्न श्रद्धाले जाने गर्छन् । सालभरिको जुठो आदिबाट चोखिन पनि बराहक्षेत्र नै जाने गर्छन् । बराहक्षेत्रको पवित्र जल लगेर घर चोख्याउँछन् । त्यसमा पनि मूल मन्दिरको पुजारीको हातबाट पवित्र जल लिएर घर फर्किन्छन् ।

मूल मार्गदेवीको र बराहको उपासक अठपरिया किरातराईहरूको पुजारी-परम्परा निकै पुरानो देखिन्छ । यो इतिहास वि० सं० १८९० मा अजम्बर सिंह पन्तले लेखिदिएको लेखोटबाट प्रष्ट[1] हुन्छ ।

---

१. यो पत्र धनकुटा नगरपालिकाभित्र पर्ने मूल मार्गदेवीको पुजारीको हातमा छ ।

पुजारी-परम्परा

अठपरे राईहरू वि० सं० १८ शताब्दीभन्दा पूर्वदेखि नै मार्गदेवीको पुजारी भएका रहेछन् भन्ने इतिहास पनि अजम्बर सिंह पन्तकै कागजले बताउँछ। परन्तु वर्तमान मार्गदेवीको पुजारी भरतबहादुर राई तथा उसैको सहयोगी पुजारीहरूको अनुसार मार्गदेवीको पहिलो पुजारी सुन्दरसिंह राई (वैदुमसिंह) थिए। त्यसपछि जितानसिंह राई र त्यसपछि प्रतापसिंह राई मार्गका पुजारी भए। वर्तमान समयमा भरतबहादुर राई पुजारी छन्। भरतबहादुर राई मांगभुंग पाछाका राई हुन्। तर पूजा गर्ने चलन भने विकृतरूपमा देखिन्छ। सुँगुर, कुखुरा र परेवा आदिको बलि मार्गदेवीलाई चढाउने गरेका छन्। जाँड रक्सीकै रन्कोमा पूजा गर्ने गरेका छन्। टुप्पी राखेर पूजा गर्ने अठपरिया राईहरूको अति प्राचीन परम्परा हो। तर जाँड रक्सी र कुखुरा, सुँगुर आदिले पूजा गर्ने चलनचाहिं धेरैपछि आएको बुझिन्छ।

अठपरे राईहरूको रीतिस्थिति

धनकुटा ग्रा० वि० स० बजारैभित्र बस्ने रामकृष्ण श्रेष्ठ (साहू)-को परम मित्र ७७ वर्षीय सञ्चपाल राई भुइँफुट्टाको अन्तरवार्ताले अठपरे राईहरूको प्राचीन रीतिस्थितिबारे छलंग पत्ता लाग्छ। सञ्चपाल हुमराक्हरूमध्ये भुइँफुट्टा राई हुन्। जयमल राई, ज्ञानपति राई, छोटीध्वज राईका छोरा सञ्चपाल चार पुस्ता धनकुटा बजारैमा बिताउँदै हुनुहुन्छ। यी लासा गोत्रका राई हुन्। टुप्पी (शिखा) राख्ने चलन अति प्राचीन बताउनुहुन्छ। मार्ग, जिमी, पृथिवी, वराह देव आदिलाई मान्ने गरेका छन्। रामलीलाको रूपमा वैशाखको महिनामा धनुष्काँडले तारो हान्ने गर्छन्। सोह्र श्राद्धमा पनि पितृपूजा गर्छन्। तर जाँड र सुँगुरको मासुले पितृपूजा गर्ने चलन छ। विवाह गर्दा मामाले केटी मागिदिने चलन छ। तर केटीको आमा-बाबुको घरमा केटाले तीन वर्षदेखि पाँच वर्षसम्म घरज्वाइँ बस्ने वाचा गर्छन्। अनि मात्रै केटी दिने चलन छ। तर ऐले हराउँदै गएको छ। कार्तिके पूर्णिमादेखि औंसीसम्म अर्थात् वराहक्षेत्र पूर्णिमामा मेला भर्छन्। पितृपूजा गर्छन्। पहाडे ढोल बजाएर नाचगान गर्छन्। मद्य मांस खाएर उन्मत्त हुन्छन्।

मृत्युसंस्कार

अठपरे राईहरूमा कसैको पनि मृत्यु भएमा आफ्नो गच्छेअनुसार गाड्ने, पानीमा बगाउने र जलाउने तीनै प्रकारको चलन छ। दागबत्ती जेठा छोराले दिन्छ। नभएको खण्डमा अरूले पनि दिन्छन्। माटो पनि पहिले जेठो छोराले दिएपछि अरूले दिन्छन्। जलाउँदा र माटोले पुर्दा पुरुष भए चार तलादेखि आठ तलेसम्म चाङ, स्त्री भए तीन तलेदेखि सात तलेसम्म चांग बनाएर पुर्ने र जलाउने गरेका छन्। मुर्दा लैजाँदा सेतो कात्रोले बेरेर सेतो ध्वजा अगाडि पारेर फुको भात, भुटेको धान (लावा), केही हुनेले पैसा पनि छर्दै लान्छन्। मुर्दा निकाल्दा गाईको गोबरले एकसरो घर लिप्दै निकाल्छन्। जलाई सकेपछि सबै मलामीले स्नान गरेर घर फर्कन्छन्। त्यतिखेर गाईको गोबरले घर लिप-पोत गर्दै भित्रतिर लान्छन्। घरको आँगनमा मलामी आइपुगेपछि गौंत पानी, दूबोले छर्केर साल अथवा तीतेपातीको धूप ध्वाँरो गरेर चोख्याउँछन्। त्यसपछि दूबो-तेल र नून-तेलले चोख्याउने गर्छन्। एक सालसम्म जुठो बारेपछि कोका नदी र कोशीको दोभानमा गएर केश खउरेपछि बराहभगवान्को मन्दिरमा गएर पवित्र जल ल्याउँछन्। त्यसपछि घरमा त्यो जल ल्याएर छर्किदिन्छन्। अनि पूरा जुठो फुकाउँछन्। विशेषतः यदि हिजो या आजै

बराहक्षेत्र पूर्णिमा भएको खण्डमा कसैको मृत्यु भयो भने आजै मुर्दा सेलाएर आजै बराहक्षेत्र गएर शुद्ध गरिहाल्छन् । बराहपूर्णिमापछि मृत्यु भयो भने फेरि एक वर्षसम्म नै वारण गर्ने चलन छ ।

जनै लगाएर किरियापुत्री बस्छन्

अठपरे राईहरूमा छिलिङ्गीराईहरूको एउटा विशेषता छ । तर छिलिङ्गीहरू दुइ थरी हुन्छन् । तीमध्ये याक्तेका छिलिङ्गीहरूलाई 'आसीमाछा' भनिन्छ । फुजुलुङ्का छिलिङ्गीराईहरूलाई 'सायेमाछा' भन्ने गरेका छन् । यी राईहरू 'आसीमाछा' र 'सायेमाछा' गरी संख्यामा आठ सयदेखि अधिक छैनन् । ६१ वर्षीय रामबहादुर राई छिलिङ्गी सायेमाछा (सिप्तिङ-कागते)-को अनुसार पनि पाँच सयदेखि लिएर धेरै भए आठ सय होलान् । यिनै आसीमाछा र सायेमाछा राईहरूको घरमा मृत्यु भयो भने तीन डोराको जनै लगाएर किरियापुत्री बस्ने गर्छन् । मरेको मुर्दा सेलाएपछि स्नान गरेर केश खउरेर तीन डोराको जनै लगाएर घरको कुनामा किरियापुत्री बस्छ । त्यो किरियापुत्रीलाई कसैले पनि छुनु हुँदैन । त्यो किरियापुत्री चार दिनदेखि लिएर साता, र पन्द्र दिनसम्म पनि बस्छ । यी छिलिङ्गीहरूको पनि कार्तिक एकादशी वा कार्तिक पूर्णिमामा शुद्ध हुने चलन छ । कतै-कतै दुइ दिनसम्म मात्र पनि नबोलीकन किरियापुत्री बस्ने चलन छ ।

तर शुद्ध गर्ने चलन सबै अठपरिया राईहरूको एक प्रकारको छ । यो प्राचीन ऋषिमुनिहरूले मानी आएकै क्रियाकलाप हो ।

बालक शुद्ध गर्ने चलन

अठपरिया राईहरूको घरमा छोरा जन्मे चार दिनमा शुद्ध गर्छन् । छोरी जन्मी भने तीन दिनमा शुद्ध गर्छन् । शुद्ध गर्ने सामग्री र शुद्ध गर्दा गोबरले घर लिपेर दूबो वा तीतेपातीले गौंत छर्किन्छन् । अनि शालको धूप बालेर घुमाउँछन् । कतै एक ठाउँमा राख्छन् । यो शुद्ध गर्ने घर-गाउँकै बूढाबूढी हुन्छन् । कतै पुजारीले पनि शुद्ध गरिदिन्छ । सुत्केरीलाई गौंत वा दूबो-पानी ख्वाएपछि छोरा हो भने हरिबहादुर, रामबहादुर, भरतसिंह आदि बहादुर, सिंह, मान अन्तमा भएको नाम राख्छन् । छोरी हो भने दिलमाया, मनमाया, कालिमती, धनमती आदि नामकरण गर्छन् । यसरी अठपरिया राईहरू जन्मदेखि मरणपर्यन्त शुद्ध हिन्दू-आर्य नै देखिन्छ । केही पुरानो समयमा पुरुषहरूले हातले बुनेको खाँडीको कपडाको दौरा, सुरुवाल लाउँथे । स्त्रीहरूले चोली र मेखली लाउँथे । आज पनि पुराना बूढी महिलाहरूले मेखली छोडेका छैनन् । तर पुरुषवर्गमा भने दौरा, सुरुवाल देखिन छोडे । झन्सारो युवावर्ग र युवतिहरूमा त पूर्णरूपले आधुनिक पाश्चात्य फैसन गम्केको देखिन्छ । बिहावारी गर्दा बेउला-बेउलीलाई गाउँघरका गण्य-मान्यजनले दही र अक्षता मिलाएर टीका लगाइदिने चलन पनि छँदैछ । मूल अँगेनामा तीनवटा ढुङ्गा गाढेका हुन्छन् । त्यहाँ अरू जातका मानिसलाई जान दिंदैनन् । तीनवटै ढुङ्गा लाम्चे हुन्छन् । ती ढुङ्गाका नाम अरू राईहरूले सुप्तुलुङ्, पुत्लुङ् र मीलुङ् भन्ने गरेका छन् । तर अठपरिया राईहरूले चाहिं तीमध्ये एउटा ढुङ्गालाई बाहुन भनेर पानी मात्रै चढाउँछन् । दुइटालाई चाहिं मगर र क्षत्रिय मानेर जाँड, मासु, भात चढाउने गरेका छन् । यसमा ठूलो मनोवैज्ञानिक रहस्य देखिन्छ । धनकुटा गा० वि० स० तथा सिप्तिङ, कागते, भीरगाउँ र वेलारा, मन्धरा, सान्नेका अठपरिया राईहरूको बोली र क्रियाकलापमा पनि धेरै फराक नभए पनि केही न केही फराक देखिन्छ । इष्टदेव र तीर्थ समय आदि मिल्छ । धनकुटेले वेलारा, मन्धरा, सान्नेका छोरी-चेली ल्याए भने चोख्याएर मात्र आफ्नो चुलामा मिलाउँछन् । वेलारा आदिकाले पनि त्यसै गर्छन् अरे ।

वेलाराका अठपरिया राई

वेलारा, मन्धरा, सान्नेमा पनि रेछामी, साखान्ता, रोधुवा, वाचासांग्री, चुलापते, छिलिङ्गी, टीकाथर, सिगिवा आदि अठपरिया राईहरू रहन्छन् । वेलाराकाले स्थानीदेवीलाई मान्दछन् । धनकुटाका चार किले मार्गदेवी माइती अरे । वेलाराका तीन किले स्थानीदेवी चेली अरे । चेली भए पनि, माइती भए पनि पूजा सामग्री एउटै हो ।

कोदेम्बा-बोली

वेलारा, मन्धरा, सान्नेमा बोलिने अठपरे राईबोलीलाई धनकुटेहरूले अठपरे राईहरूले 'कोदेम्बाकुरा' भन्छन् । यिनीहरूको बोली धनकुटे अठपरे राईहरूसँग केही शब्द, केही सञ्ज्ञा र केही ध्वनि नमिले जस्तो देखियो । तर धेरैजस्तो मेल खाने नै देखियो । अठपरे राईहरूको बोली धेरैजसो वान्तवा र चामलिङ्गसँग मिल्छ । साथै केही शब्द लिम्बूभाषिकासँग पनि मिल्छ । जस्तै —चुवा, फाक आदि लिम्बूभाषिका, सँग मिल्छ भने खाट्टु, आप्टु, चामा, यूम, खिम, लाङ, मीक्, मुक्, आपा आदि शब्दहरू धनकुटा गा० वि० स० को अठपरिया राईहरूसँग पनि मिल्छ । केही नमिल्ने शब्दहरू पनि छन् । तर यहाँ कुनै कारणवश दिन सकिएन । तर सिङ, मी, लाम् शब्द काश्मीरदेखि बर्मा आदि समस्त किरात-परिवारमा प्रचलित छ । दूवो र ढुङ्गावाट आफ्नो उत्पत्ति वताउने अठपरिया किरातराईहरूले उँधौली र उँभौली अर्थात् उत्तरायण र दक्षिणायन पनि प्रशस्त मान्ने गर्छ न् । त्यस वेला आफ्नै बोलीमा मुन्धुम गाउने गर्छन् । लिम्बूहरूको चेब्रूङ् र अठपरिया राईहरूको ढोल भने विवादास्पद नै देखिन्छ । लगभग एकै तरहका छन् । वजाइमा र मुन्धुम र गीतमा भने दुवैमा आकाश-भुइँको फरक देखिन्छ। यसो विचार्दा राईहरूबाटै लिम्बूहरू छुट्टिएको देख्दा अठपरिया राईहरूबाटै ढोलबाट चेब्रूङ बनाएर लगेको देखिन्छ । जे होस् रिसर्चको विषय छँदैछ । प्रारम्भमा अठपरिया राईहरू नौपगरी थिए अरे । त्यस वेला छुट्टेको हुन सक्छ । त्यसै बेला लिम्बूभाषिका र अठपरे भाषिका केही मिल्न गएको होला । खानी, खोडे, खोडा आदि शब्द चामलिंगे भाषिकाका हुन् । तर यस भाषिकाको मूल संस्कृतै हो भन्ने इतिहास पनि प्रष्टै बुझिन्छ । यति अवश्य छ कि धेरै अपभ्रंस भइसकेको देखिन्छ ।

अठपरिया राईहरूको भाषामा मिलावट हुने अर्को कारण पनि देखिन्छ । त्यो के हो भने राईहरूबाट लिम्बू अलग भएपछि, फेरि लिम्बूहरूबाट अठपरिया राई बनेका छन् । त्यसैले छाडाहरू मेवोकछाडा र उनुछाडा गरी दुइ थरी छन् । मेवोकछाडा लिम्बूहरूवाट आएका हुन् । उनुछाडा सकली छाडाराई हुन् । त्यसैले 'मेवोके छाडा' हरूले अठपरिया राई र लिम्बू दुवैको मिलावटमा काजकिरिया आदि गर्छन् । यस्तै प्रकारले हुमराक् राईबाट लिम्बूमा गएर मिल्नेलाई 'तुङ् गुङ्' लिम्बू भन्छन् । यसरी राईहरूबाट लिम्बू हुने २२ घर जति छन् भने लिम्बूहरूवाट हुने अठपरिया राईहरू लगभग दुइ सय घर जति छन् । यी भीरगाउँ गा. वि. स. ताङखुवामा छन् । यसरी किरात- गा० वि० स० मा विशेष छन् भने राईवाट लिम्बूमा जानेहरू किरातभित्र आउने जाने गर्दा भाषिका वोली र केही संस्कृतिमा पनि विकृति आउनु स्वाभाविकै हो ।

यसरी ७७ वर्षीय वयोवृद्ध सञ्चपाल राई, धनकुटा गा. वि. स.; अन्नवीर ठकुरी राई, पेलेपाङ गा. वि. स. ९; गङ्गावहादुर ठकुरी राई, चुलीवन गा. वि. स. ७ (जिमी मार्गको पुजारी) आदिको घुमीघुमी लिएको अन्तरवार्ताले के कुरा स्पष्ट भयो भने अठपरियाहरू राई नै हुन् । शुद्ध हिन्दू-आर्य किरातक्षत्रिय

नै हुन् । जाँड रक्सी र कुखुरा, सुँगुर मात्र एक विकृति आएको हो । यी सबै कुरा उपर्युक्त क्रियाकलापको प्रमाणले बुझिन्छ । एकफेर अत्यन्त पछाडिएका थिए । अब शिक्षामा पनि धनकुटा केम्पसमा दुइजना अठपरिया राईकेटाहरू आइ. ए. मा वि. सं. २०५० मा पहिलोबार भरणा भएको देखियो । सरकारी नोकरीमा खरदारसम्म देखिन थालेका छन् । घर बनाउने मिस्त्री पनि हुन थालेका छन् । अब राम्राराम्रा घर वनाएर वस्न थालेका छन् । अव अठपरिया राईहरू उन्नतितिर लम्कँदै गरेको देखिन थालेका छन् । परन्तु ईसाईकरण पनि हुन थालेको छ । योचाहिं राष्ट्र र समाजको लागि पिलोको घाउ हुने सम्भावना देखिन्छ ।

*

राईहरूबाटै लिम्बू छुट्टिएका हुन्

यहाँ इतिहास केलाउँदा वर्तमान किरातहरूको बारेमा पनि खोज गर्नु आवश्यक देखिन्छ। लाखौं वर्ष प्राचीन किरात कहाँ गए त ? भन्ने प्रश्नको उत्तरमा आजको राई र लिम्बूले आफूलाई 'किरात' भन्दै लेख्दै आएका हुनाले प्राचीन किरातहरूको जर्जर खण्डहर अवशेष यिनै राई र लिम्बू आदि हुन् भन्ने विश्वास हुन्छ। तर हजारौं हजार वर्षपूर्व राजा-महाराज र अर्बौंपति हुनुका साथै नीलगिरि पर्वतसँग तुलना गरिने हात्तीहरूको वर्णन प्राचीन इतिहासमा पढ्दा कता-कता यी राई, लिम्बूहरू पनि किरात होइनन् कि भन्ने भ्रम हुनु पनि स्वाभाविकै हो। तर यसको समाधान पनि हाजिरै देखिन्छ। हरेक वस्तु वा पदार्थको उन्नति र अवनति हुनु स्वाभाविक घटना हो। किरातहरूमा दुर्व्यसनको घटना आउनुभन्दा पूर्व अन्धक, वृष्णि, बाह्लिक जाँड र रक्सीमा मग्न थिए। अन्धक र वृष्णि खास यदुवंशीभित्र पर्छन्। त्यसै यदुवंशीहरूमा कृष्णको अवतार भएको थियो। तर दुर्व्यसनको खोइरोमा जाकिएपछि अरुको त के कुरा, भगवान्ले पनि बचाउन सक्दैनन्। सकेनन् पनि। त्यसको प्रत्यक्ष उदाहरण यदुवंशी हुन्। आज छप्पन्न करोड यदुवंशीको भुल्ला पनि देखिंदैन। नाश भएर गए। हे जाँडदेव ! हे रक्सीदेवी ! तिमी आमा हौ कि बोक्सी, पिशाची हौ ? एकफेर तिमीलाई म प्रश्न गर्छु। दिनहुँ लाखौं मानिसको मुटु कलेजोमा फतफत पोलेको हुन्छौ। करोडौंलाई गरीब बनाउँछ्यौ। तिमी किन निर्दयी भएकी ? तर यो भन्ने कुरा मात्रै हो। आत्महत्या गर्ने अनेक तरिकाहरूमध्ये यो सर्वोत्तम तरिका हो। जो शरीरले केही वर्ष बाँचिरहन्छ तर बुद्धि, बल, आर्थिक समस्या आदिदेखि आत्महत्या गरिसकेको हुन्छ। जाहान, छोराछोरी, परिवारको पनि निर्दयी भएर भाग खोसेर खाने हुन्छ। बुद्धिहीन भएपछि शोषण गर्‍यो मात्र भन्छन्। परन्तु उ स्वयं पुरुषार्थ गर्न सक्दैन। यै हो दुर्व्यसनको स्थिति।

यही बिमारी आजभन्दा पाँच हजार वर्षपूर्व यदुवंशीहरूमा थियो। आज यदुवंशी प्राचीन इतिहासमा मात्र पढ्न पाइन्छ। परन्तु समस्त भारत आदि कुनै पनि देशहरूमा पाइँदैन। आश्चर्यको कुरा छ। इतिहासको कुरा छ। तीतो कुरा छ। तर भगवान् कृष्ण जुन वंशमा अवतरित भए, त्यो वंशै अपुताली पर्‍यो। केले अपुताली पर्‍यो ? उत्तर आफैंसँग छ। भगवान्ले उपदेश गरिसक्नुभएको थियो। झन्सारो बाह्लिकहरू त सर्वभक्षी थिए। यो स्पष्टीकरण महाभारतले दिन्छ। बाह्लिकहरूको पनि निर्वंशनै भएको देखिन्छ। परन्तु यदुवंशीहरूभन्दा पुराना सूर्यवंशी रामको परम्परा आजसम्म पनि भारतको कुना कुनामा भएको प्रमाण पाइन्छ।

याद रहोस्; अन्धक, वृष्णि, बाह्लिकहरू जाँडरक्सीमा डुबेर आत्महत्या गर्दै गरेको बेलामा किरातहरू शुद्ध चोखा थिए। तर तिनै किरातहरूले यदुवंशीहरूको बिमारी सापट लिए र ईसापछि किरातहरू दुर्व्यसनी हुन थालेका हुन्। अनि दुर्व्यसन लागेपछि किरातहरू निरन्तर क्षीण हुँदै गए। टुक्रिँदै गए। खिहिँदै गए। किरातहरूको उदयगिरि र नीलगिरि पर्वतहरूसँग उपमा दिइने हात्तीहरू खिहिएर सुँगुरको खोरभित्र पसे। कुरुक्षेत्रको रणभूमिमा अर्जुनको पसिना काढ्ने किरातसम्राट् र किरातराज कुणिन्दका नीला र काला रङ्गका नीलगिरि पर्वत जस्तै देखाइदिने दुश्मनको सेनालाई गाई, भैंसीको बथानमा सिंह

पसेर बिथोले जस्तै पाण्डवसेना र कौरवसेना विथोल्ने हात्तीहरू आज खिहिएर हिंड्नै नसक्ने भएर खोरभित्र बन्द भइराखेका छन् । प्राचीन किरातहरू खिहिएर आज बिहान, बेलुकाको समस्यासँग जुझिराखेका छन् । हाय ! कस्तो दुःखदायी इतिहास !

तर यी किरातहरू वि०सं० १२ शताब्दीभन्दा उता पनि त्यतिसारो खिहिएका थिएनन् । वि०सं० १२ शताब्दीदेखि यता लागेपछि ज्यादै खिहिन थालेको बुझिन्छ । प्रथम किरातकाल बुद्धभन्दा पूर्व नै समाप्त भइसकेको थियो त पनि केही अवशेषको रूपमा चल्दै थियो । त्यसैबीच किरातहरूकै आपसी फुटले गर्दा द्वितीय किरातयुग लिच्छविशासनको आरम्भ भयो । लिच्छविहरूमा पनि वि० सं० ९ शताब्दी र दशको बीचमा आपसी जोरदार फुट भयो, जसको परिणामस्वरूप काठमाण्डौ अधित्यकामा मल्लकिरातहरूको शासन आयो । यसैलाई तेस्रो अन्तिम नेपालको किरातशासन भनिन्छ । प्रथम किरातशासनभन्दा दोस्रो किरातशासन आफ्नै प्रकारका थिए । तर तेस्रो मल्लकिरातशासन अत्यन्त दुर्वल र शक्तिहीन थिए । साथै प्रथमको इतिहास मेटाउने प्रयास गरेर दोस्रो लिच्छविकिरातहरूले पूर्वको भन्दा आफ्नो उत्कर्ष देखाउने प्रयास गरे । तर तेस्रो मल्लकिरातहरूले काठमाण्डौ अधित्यकादेखि बाहिर जान सके जस्तो लाग्दैन ।

यसको अर्थ वि० सं० ८-९ शताब्दीको छेउछाउमा आजका राईहरू काठमाण्डौदेखि पूर्वतिर पसेको जस्तो लाग्छ । नवौं शताब्दीतिर काठमाण्डौ पूर्वतिर बिस्तारै पसेको हुनुपर्छ । त्यतिखेरसम्म पनि राईहरूबाट लिम्बू छुट्टिएका थिएनन् कि ? राईहरू काठमाण्डौ अधित्यकादेखि पश्चिम गढवालको निटी, माणा, गोपेश्वर र कुमाउको वैद्यनाथ, बागीश्वर, गङ्गोली हाट, डिड्डीहाट, पिथौरागढ तथा नेपालमा पर्ने प्रायः सबै पश्चिम नेपालका प्रदेश क्षेत्रहरूमा किरातराईहरू आदिले बसोबास गर्ने ऐतिहासिक लाङटाङ, नामपि, पालुङ, वालिङ, वाक्लुङ, थाङकोट, डुमाखाल आदि सञ्ज्ञापरक प्रचुर शब्दहरू नै प्रमाणरूपमा पाइन्छन् । यद्यपि अन्य किरातशाखाको वोलीहरूमा पनि यी शब्दहरूको अर्थ निक्लनु सम्भव छ त पनि विशेष वान्तवा, साङपाङ, कोयू, चामलिङ आदि राईकिरातहरूको वोलीको अर्थ प्रष्ट भएको हुनाले पनि राईहरू दशौं शताब्दीभन्दा पूर्व काठमाण्डौ र त्यसको पश्चिम-उत्तर-दक्षिण दिशामा व्याप्त भएको देखिन्छ ।

दोस्रो प्रमाण जलै राई, थलै राई, नभै राई आदि राईहरू पश्चिममा नै बसेका थिए । यो 'जय दमाईको[1] घरमा इतिहास लुकेको छ' शीर्षकलेख 'वाणीसाधना' पत्रिकामा प्रष्ट उल्लेख भएको छ । बालकृष्ण पोखरेलको 'पाँच सय वर्ष[2]' मा राजाहरू नै 'राई' भएको स्वर्णपत्र र ताम्रपत्रहरू उद्धृत भएको छ । किन्तु बालकृष्ण पोखरेलको भन्दा तीन सय वर्ष पुरानो जय दमाईको हस्तलेखमा उद्धृत जलै राई र थलै राई आदि देखिन्छन् । हेमिल्टनले लेखेको जिल राय र अजिल राय देखिन्छ । 'Rays' लाई राय र राई दुवै पढ्ने गरेका छन् । तर राजस्थानबाट आउने हेमिल्टनको खोज ठीक छैन । यसरी 'राई' शब्दलाई हेर्दा आज पनि भेरी आदि अञ्चलहरूको जिल्लाहरूमा राईमगर, राईसुनार आदि पाइन्छन् । पश्चिम नेपालमा बसोबास गर्ने राईहरूमा राप्ती अञ्चलको सल्यानमा बस्ने राईहरू वान्तवा र साङपाङ छन् । ती पूर्वनेपालबाटै गएका हुन् । आज पनि पश्चिम तनहूँ आदिमा राईमगर आदि पुराना राईहरूको बसोबास छ भन्न सकिन्छ । शोधखोजको विषय छँदैछ ।

---

१. 'जय दमाईको घरमा इतिहास लुकेको छ', वाणीसाधना, अंक २ वर्ष २, प्र० सं० डा० डिल्लीराम तिमसिना, का० हि० वि० वि० वाराणसी ।

२. पाँच सय वर्ष ···· · ···· ······सं० बालकृष्ण पोखरेल

तर त्रिपुराको राजमालामा पनि 'राई' शब्द पाइन्छ। तर त्यो 'राजमाला' धेरै प्राचीन हो। धेरै-फेर उतार्ने काम भएको देखिन्छ। हस्तलिखित पुस्तकमा 'राई' शब्द भए पनि छापिएको ग्रन्थमा 'राय' शब्द पाइन्छ। यसमा पनि त्रिपुराको 'राजमाला' सम्पादन गर्ने पहिलो व्यक्ति चन्द्रसिंह हो। त्यसको दोस्रो नम्बरमा कालीचरण विद्याभूषण देखिन्छ। 'राई' र 'राय' शब्दमा विवाद छैन भन्ने अभिप्राय प्रकट गरेको देखिन्छ। यो 'राय' बङ्गालीहरूमा पनि प्रचुर मात्रामा प्रयोग भएको देखिन्छ। तर ती बंगालीहरू पनि किरातभन्दा बाहिरका होइनन्। यसरी 'राई' शब्दको प्राचीन इतिहास खोज्दै लैजाँदा वेदहरूमा 'राय' शब्द 'धन' को वाचक पाइन्छ भने राजाको वाचक पनि भए। १५ शताब्दीको गोस्वामी तुलसीदासले भगवान् रामलाई रघुवंशीहरूको[1] राजा भनेको छ। यसरी यो 'राई' ले जिमीदार 'राई' शब्दको रूप लियो। वैदिक 'राय' शब्द पछि 'राई' हुन पुग्यो। यो 'राई' शब्द पनि आजको राईहरूमाथि कैलेदेखि लादिएको हो ? यो अझ खोजकै विषय बने पनि काठमाण्डौदेखि पूर्व पसेपछि भने आजकै राईहरूमा रूढ भयो। त्यसपछि राईहरूमा पनि राईहरूबाट राईमाझी (रायमाझी) र सुनारराई, मगरराई आदि नामले एउटै राईको हाँगा फुटेको देखिन्छ। सुनारराई र राई त आज पनि नाम र केही सानो तिनो कुरा कर्मले मात्रै फराक देखिन्छ। बाँकी प्रायः जसो सबै एकै रूप देखिन्छ। यता राईमाझी (रायमाझी)-हरूमा भने बोलीमा पनि निकै फराक परेको देखिन्छ। क्रियाकलापमा पनि अन्तर देखिए पनि किरातराईभित्रैका हुन्। यसको बारेमा लेखकले स्वयं रिसर्च बराबर गरिराखेकै छ। भविष्यमा यसको निष्कर्ष निक्लनेछ भन्ने विश्वास लिएको छु।

परन्तु राईहरूबाट लिम्बू कैलेदेखि भिन्न भए भन्ने सम्बन्धमा विशेष शोधखोज गर्दा वि० सं० १८ सयदेखिका कागज[2]पत्रहरूमा लिम्बूशब्द प्रयोग भएको प्रायः देखिन्छ। ई० सं० १७ सयमा[3] सिलचरमा भर्ती भएका किरातवर्गमा पनि राई, लिम्बू र मगर, तामाङ आदिको उल्लेख देखिन्छ। लिम्बूहरूको[4] वर्तमान उपलब्ध वंशावलीहरूमा भने 'राई' नै 'राई' पाइन्छ। लिम्बू र राईहरूको थर कैयौं एक मिल्छ र गोत्रमा पनि अन्तर छैन। अर्थात् राईहरूमा थुलुंग छ भने लिम्बूहरूमा पनि थुलुङ (थलङ) हुन्छ। थलङ नै लेख्नु र बोल्नु कुनै आवश्यक छैन। 'थुलुङ' नै भनेर पनि लेख्ने र बोल्ने गरेका छन्। यसरी नै राईहरूमा वान्तवा 'बोखिम' हुन्छ। लिम्बूहरूमा पनि बोखिम हुन्छ। पोमो, राना, सावाँ आदि राई र लिम्बू दुवैमा हुन्छन्। यस्तै राई र लिम्बूहरूको अनेक थर आपसीमा मिल्छन्। यसै गरी राईहरूमा 'काशी गोत्र' का राईहरू धेरै छन् भने लिम्बूहरू पनि काशी गोत्रका धेरै छन्। यस्तै 'काश्यप' गोत्र राईहरू छ भने कतै लिम्बूहरूमा 'काश्यप' गोत्र सुनिन्छ। 'लासा' गोत्र भने लिम्बूहरूमा धेरै छन्। राईहरू थुलुङ्ग आदि लासा गोत्रीय हुन्छन्। तर पाछानुसार गोत्र छुट्टिएको हुन्छ। परम्परामा राई र लिम्बू दुवैमा काशी गोत्रकै आधिक्य देखिन्छ।

राईबोली र लिम्बूबोलीमा पनि धेरै साम्य देखिन्छ। त्यसैले पनि राईदेखि नै लिम्बूहरू अलग भएको स्पष्टीकरण हुन्छ। जस्तै —राईहरूले आगोलाई 'मी' भन्छ भने लिम्बूले 'मि' या 'मे' भन्छ। उच्चारण भने केही न केही फरक देखिन्छ। राईले दाउरालाई 'सीं' भन्छ भने लिम्बूले पनि 'सिं' नै भन्ने गरेको छ। तर

---

[1] आगे चले बहुरी रघुराई। ऋष्यमूक पर्वत नियराई॥ (तु० कृ० रा०)

[2] पृथिवीनारायण शाहा आदिका लालमोहर, रुक्कापत्र आदि

[3] किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन्

[4] 'कन्दङ्वा वंशावली' सं० काजीमान कन्दङ्वा

'मी' र 'सीं' यी दुइ शब्द प्रायः सबै[1] किरात-परिवारभित्र पर्छ। अलिअलि उच्चारणमा मात्रै भेद सुनिन्छ। यसरी नै बोसे, बाक, -फाक र वा, चावा र चुवा आदि शब्दहरूले पनि लिम्बूहरू राईदेखि नै पृथक् भएको बुझिन्छ। यसरी नै इष्टदेव सुम्निमा र पारूहाङ तथा युमासां र थेवासां नामको मात्रै भेद छ। इष्ट पनि उही नै छ। यस प्रकारले धेरै तुलनीय सामग्रीको तुलनाले लिम्बूहरू राईहरूबाटै निक्लेका हुन् भन्ने कुरामा सन्देह छैन। अर्थात् राई र लिम्बू एकै परिवारका थिए।

यसरी राईहरूबाट लिम्बूहरू कैलेदेखि छुट्टिए त भन्ने इतिहास कोट्याउँदा ऐलेसम्म 'लिम्बू' वि. सं. १८ शताब्दीभन्दा पुरानो कागजपत्र र लेखोटहरूमा मात्र देखिन्छ। तीभन्दा पुराना कुनै इतिहास वा प्रमाण ऐलेसम्म पाइएका छैनन्। यता ई० सं० १७ शताब्दी[2] भन्दा पुरानो छपाइमा लिम्बू शब्द देखिएको छैन। यता 'राई' शब्दको प्राचीनता खोज्दै जाँदा दुइ हजार वर्ष पुरानो पाइन्छ। त्योभन्दा पूर्वको उल्लेख वेदहरूमा नै मूल रूपमा 'राय' शब्द पाउँछौं। यो 'राय' पछि 'राई' भएको इतिहास सुनिश्चित छ। नेपालमा काठमाण्डौदेखि पश्चिम र काठमाण्डौ अधित्यकामा बसोबास हुँदासम्म राईहरूबाट लिम्बूहरू छुट्टिएको अनुमान हुँदैन। जब राईहरू काठमाण्डौदेखि पूर्व लागे, त्यसको केही शताब्दीपछि राईहरूबाट लिम्बू अलग भएको बुझिन्छ। राईहरूबाट लिम्बूहरू अलग हुनुमा कारण के छ त? भन्ने प्रश्नको उत्तरमा यो भन्नु छ कि वर्तमान समयमा राई र लिम्बूमा जोजो विसङ्गति देखिन्छन्, तीती कारणहरूबाट फाट्दै गएका हुन्। यसरी अलग हुँदै जाँदा एउटा ठूलै समूह आफूदेखि अलग भएको राईहरूले चालै पाएनन्। विस्तारै अरुणवारि र अरुणपारि भनेर सिमाना पनि छुट्टियो। 'लिम्बू' नाम भने कसरी पऱ्यो? यो अझ खोजको विषय छ। तर इमानसिंहजीले लगाएको अर्थ भने ठीक छैन। 'लुम्बासुम्बा' (कञ्चनजंघा)-बाट लिम्बू नाम पर्नु सम्भव छ, किनभने ठाउँ, गाउँ, पहाड, पर्वत, नदी, नाला आदिबाटै नाम, थर, गोत्र आदि राख्ने परम्परा शुद्ध वैदिक हिन्दू=आर्यहरूको परम्परा हो। तर 'खम्बू'[3] शब्द भने राईहरूको वाचक होइन। सीधा 'खम्पा' बाट बिग्रेर 'खम्व', 'खम्बू' भएको हो। जो 'खम्बू' शब्द राईहरूमा प्रयोग गर्ने र गराउने गरेका छन्, त्यो ऐतिहासिक कुरा होइन। यसरी वि० सं० १५-१६ शताब्दीसम्म पनि छुट्टिएका थिएनन्। त्यसपछि नै राईहरूबाट लिम्बू अलग भएको देखिन्छ। यसरी राईबाट अलग भएर पनि लिम्बूहरू पनि एक भएर रहन सकेनन्। त्यसैले दश लिम्बू र सत्र थुम भए। दश लिम्बूका गाउँले मुखियाहरूलाई नै 'हाङयोक्' बनाउँदै इमानसिंह चेमजोङले 'हाङ' राजा बनाउँदै लिम्बूकिरात-इतिहास लेखेका छन्। त्यो पनि भर्खरै 'पोक' बनाएर 'हाङ' हुँदै गरेको समयमा अभिमानसिंहको नेतृत्वमा पृथिवीनारायणशाहाको सेनाले माझकिरात हान्दा समाप्त भएका थिए। यसरी आज तीन-चार सय वर्ष लगभग पूर्व राईबाट लिम्बू छुट्टेको देखिन्छ। परन्तु रिसर्चको विषय भने छँदैछ।

* * *

---

१. नेपालदेखि बाहिर पनि नागा, कुकी, त्रिपुरी, गालोङ, अहोम, चाकमा, काञ्चीन आदि सम्पूर्ण किरातपरिवारले 'सीं' र 'मी' कै प्रयोग गरेको सुनिन्छ र देखियो।

२. The Army, P. N. 267, Published by Tripura State
(क) किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन्, पृ० नं० ११,

३. 'देवभूमि' पत्रिका (ई० सं० १९६८) साप्ताहिक वर्ष ९ हेर्नुहोस्।

लिम्बूकिरातहरूको धार्मिक स्थिति

जातिच्युत भयो भने अथवा आफ्नो जातवंशबाट अलग भयो भने उसलाई अर्थात् जातबाट अलग हुने मान्छेलाई दूबो-ढुङ्गो छुवाई आफ्नो जात, भात, वंशमा मिलाउँछन् । यो शुद्धि गर्ने चलन हिन्दूहरूको मात्रै हो । लिम्बूकिरातहरू हिन्दू = आर्य हैनन् या थिएनन् भने यो शुद्धिप्रथा उनीहरूमा नहुनुपर्ने हो । यसै प्रमाणले सिद्ध छ कि लिम्बूकिरातहरू पनि शुद्ध आर्य हुन् । अर्को कुरो यो पनि छ कि शुद्ध गर्दा दूबोको चलन केवल प्राचीन आर्यग्रन्थहरूमा मात्रै पाइन्छ र शुद्ध गर्दाखेरि पनि आर्यहरूले मात्रै दूबोको प्रचलन गरेको पाइन्छ । यो प्रथा लिम्बूकिरातहरूमा कसरी आयो ? कहाँबाट आयो ? जो कि आज पनि लिम्बूकिरातहरूले शुद्ध गर्दा अपनाएका छन् । यसले पनि यही बुझाउँछ कि किरात शुद्ध आर्य नै हुन् । अर्को सामाजिक स्थिति यो छ कि छोरो जन्मेको खण्डमा चार दिनमा शुद्ध गर्छन् । आजसम्म पनि किरातहरूमा यो चलन चली आएकै देखिन्छ । पुरोहितको रूपमा बाजे-बोजू र बिजुवा, फेदाङ्वाद्वारा यो कर्म गरेको देखिन्छ । यहाँ भन्नु यो छ कि सानो ऐना भए पनि उही हो र ठूलो ऐना भए पनि उही हो । ऐना त ऐना नै हो । अन्तर यति नै छ कि सानोमा सानो मुख देखिन्छ र ठूलोमा ठूलो मुख देखिन्छ । त्यस्तै ब्राह्मणले ७ दिन, १३ दिन आदिमा कर्म शुध्याए । किरातहरूले तीन दिन, चार दिनमा शुध्याए । अन्तर दिनको मात्रै देखिन्छ । उता फेदाङ्वा र पुरोहितको मात्रै अन्तर देखिन्छ । उता मुन्धुम र मन्त्र, शब्द र भाषामा मात्रै अन्तर देखिन्छ । त्यसो हुँदा किरातहरू आर्य अर्थात् हिन्दू हैनन् भने यो शुद्धिको आवश्यकता नै किन पऱ्यो ? यसले पनि किरातहरू आर्यक्षत्रिय नै हुन् भन्ने कुरा बुझिन्छ । त्यसै रीतिले लोग्नेमान्छे परलोक भयो भने चार दिनमा शुद्ध गरिन्छ र आइमाई स्वर्गे भएमा तीन दिनमा शुद्ध गर्ने चलन छँदैछ । एक वर्ष पुगेपछि वर्षी गर्ने चलन पनि छँदैछ । यो पनि अनार्यको चिह्न हैन अपितु आर्यहरूकै सामाजिक स्थिति हो । बाहुन र किरातहरूको यसमा पनि कुनै अन्तर देखिंदैन । अनि जुन घरमा मराउ परेको छ, त्यस घरको जहानले एक वर्षसम्म नाच, गान, रङ्गीचङ्गी, टीपटप गर्नु हुँदैन । बिहावारी गर्नु हुँदैन । चाडबाड मनाउनु हुँदैन । टीका-टालो लगाउनु हुँदैन । घरको कुलदेवता या देवी-देवता पनि बुझाउनु मनाउनु हुँदैन । लोग्नेमान्छे भए एक वर्षसम्म केश खउरनु हुँदैन । यदि किरातहरू आर्य हैनन् भने यस प्रकारका बारणहरू किन ? ती क्षेत्री-बाहुन-आर्यहरूको सामाजिक स्थितिमा किन मिल्नु गयो ? अर्थात् ह्रामीले आर्य सिद्ध गर्न खोजेका हैनौं, अपितु किरातहरूको यो सामाजिक स्थितिले नै किरातहरू आर्य हुन् भन्ने प्रमाण सिद्ध छ ।

यसै प्रकारले किरातहरूको धार्मिक स्थितिले पनि आर्य नै हुन् भन्ने प्रमाण प्रष्टिएको देखिन्छ । यी पंक्तिहरूमा घोरिएर हेर्नुहोस् । किरातराईहरूदेखि बाहेक दश लिम्बूहरूले मूल देवी-देवताचाहिं 'युमासाम्माङ' नामले पुकार्दछन् । युमाको अर्थ उज्यालो अर्थात् प्रकाशवती र साम्माङको अर्थ देवी गरेका छन् । जे होस् देवी माने पनि आर्यहरूको शक्ति-उपासना हुँदै हो र महादेव = ईश्वर परमातमा माने पनि शक्तिमान्‌को उपासना त हुँदै हो । यसले पनि किरात अनार्य हो भन्ने कुरा सिद्ध हुँदैन । अनि प्रत्येक लिम्बूकिरातले सालमा दुइपल्ट पूजा गर्छन् । उँधौली पूजा कार्तिकमा गर्छन् र उँभौली पूजाचाहिं बैसाखमा गर्छन् । यो उँधौली र उँभौली केवल उत्तरायण र दक्षिणायन नै हो । यसले पनि किरातहरूलाई अनार्य

मङ्गोलियन सिद्ध गर्दैन, अपितु पूर्ण आर्य सिद्ध गर्छ । अर्को कुरा अरू विचित्र छ । त्यो के हो भने 'चासोक माङखमा' एक प्रकारको न्वाँगी पूजा राईलिम्बूहरूले सदासदादेखि मनाएर आएको देखिन्छ । यो चाड एक प्रकारले सालभरसम्म खेतबारीमा परिश्रम गरेर रोपि, छरि गरेको बाली-नालीको बीउ उम्री, फुली, फली पाकेपछि खुशीमा आफ्नो कुलदेवतालाई न्वाँगी चढाएर पूजा गर्छन् । कुनैले मठ, मन्दिर, आश्रम, तीर्थसम्मन् पनि पुऱ्याएर पूजा गर्छन् । यो पनि अति प्राचीन आर्यदेखि लिएर ऐलेसम्म क्षेत्री, बाहुन आदिमा चलिआएकै छ । किरात आर्य हैनन् भने न्वाँगीमनाइसँग के मतलब ? एउटा कुरा अरू विचित्र छ । त्यो के हो भने 'सापोक चमेन' गर्ने चलन । सा मासुलाई पनि भन्दछन् र बच्चालाई पनि भन्ने गरेको देखिन्छ । त्यसो हुँदा 'सापोक चमेन'को अर्थ बालकको रक्षाको लागि पूजा गर्नु हो । अर्थात् स्त्री जब गर्भवती हुन्छे, त्यतिखेर गर्भस्थ बालकको रक्षाको लागि पूजा गर्छन् । यो परम्परा किरातहरूमा त छँदैछ, तर यो परम्परा हिन्दूशास्त्रहरूमा पर्याप्त मात्रामा प्रचलित छ । यो अत्यन्त भित्रको कुरा हो । तर यसले पनि किरातहरू अनार्य सिद्ध भएनन्, अपितु पूर्ण आर्य नै ठहरिए । यस्तै प्रकारले सालमा एकफेर 'माङ्गेना' अर्थात् शिर उठाउनुको लागि अथवा यश प्राप्त गर्नको लागि पूजा गर्छन् । यो पनि लिम्बूहरूको एउटा विशेषता हो । तर यशः प्राप्ति या शिर उठाउनको लागि जो वसन्त सम्पातमा पूजा हुन्थे, ती पूर्ण वैदिककालिक आर्यहरूका परम्परा हुन् । अब रह्यो 'तापफेङ'को कुरा; त्यो त शुद्ध आर्यहरूकै हो । हिन्दूहरूकै हुन् । 'तापफेङ' शब्दको अर्थ रक्षावन्धन हो । अनि यो रक्षाबन्धन राजा बलिको पालादेखि निरन्तर चलिआएको देखिन्छ । अनि किरातहरूले र ब्राह्मणवर्गले बराबरी गरिआएकै छन् । अन्तर यै छ कि कतै धागोको डोरा बाँध्छन् त कतै बान्ने चलनलाई क्यै अंशमा तिलाञ्जलि दिएको मात्रै हो । यस परम्पराले पनि किरातहरू अनार्य भएको देखिंदैन । यस प्रकारले धार्मिक र सामाजिक स्थिति र परम्पराबाट पनि अहिन्दू र अनार्य सिद्ध भएन भने ऐतिहासिक दृष्टिले त किरातहरू अनार्य हुने बाटै छैन ।

यो कुरा अवश्य भन्न सकिन्छ कि भारतमा अंग्रेजहरूले शासन गर्दा राजनीतिक उथलपुथलमा लेखिएका कतिपय किताबहरूमा आर्य र अनार्य दुवैले बाहिरबाट भारतवर्ष र नेपालमा पस्ने कुरा लेखेका छन् । तर यो सरासर झूठो र राजनीतिक स्वार्थ सिद्ध गर्ने भयङ्कर चाल मात्र हो । नभए हाम्रो प्राचीन इतिहासहरूमा पनि क्यै उल्लेख सङ्केत हुनुपर्ने हो । हाम्रो इतिहासमा त यताबाट गएको स्पष्ट उल्लेख भएकोले हाम्रो इतिहास नै सही हो भन्ने कुरामा क्यै सन्देह छैन । अनि आर्य शब्दको अर्थ क्षेत्री, बाहुन र अनार्य शब्दको अर्थ किरात-राई- लिम्बू आदि कदापि हुन सक्दैन, किनभने बाहुनमा पनि आर्य-अनार्य दुवै छन् । क्षेत्रीमा पनि आर्य अनार्य दुवै छन् । त्यस्तै किरातहरूमा पनि अर्थात् राईहरूमा पनि आर्य र अनार्य छन् । लिम्बूहरूमा पनि आर्य र अनार्य छन् । त्यसो भएको हुनाले यिनीहरूले आर्य र अनार्य शब्दको अर्थ बुझेका छैनन् । बुझेका भए यत्रो ठूलो भ्रम पार्ने भूल गर्ने थिएनन् । अनि आर्य शब्दको के अर्थ हो ? त्यसको अर्थ यो छ—सभ्य, शिक्षित, पढलेख गर्न जान्ने, आदान-प्रदान, परस्पर व्यवहार तथा आफ्नो कर्तव्य र अकर्तव्य न्याय र अन्याय र राष्ट्र-राष्ट्रको संस्कृति आदिको महत्त्व जान्नेलाई आर्य भनिन्छ । तीदेखि बाहेक रहन, सहन, संस्कृति, सभ्यता, राष्ट्रगौरव, शिक्षादीक्षा इत्यादिबाट वास्ता नराख्ने अज्ञानी मूर्खलाई अनार्य भनिन्छ । यस्ता आर्य र अनार्य त विश्वका प्रत्येक देशका प्रत्येक समाजमा छन् । त्यसो हुँदा क्षेत्री, बाहुन आर्य र किरात अनार्य भन्ने कुरा 'शब्द'को अर्थ नलागेर फत्फताएको मात्रै ठहरिन्छ । यस प्रकारले गहकिलो पाराले हेर्दा दश लिम्बूहरूको धार्मिक, सामाजिक र दार्शनिकताले पनि लिम्बू-किरात अनार्य या मङ्गोलियन ठहरिंदैन, अपितु शुद्ध आर्य नै देखिन्छ, यद्यपि राई, लिम्बू-किरातहरूको स्वतन्त्र आफ्नो

दार्शनिकता क्यै छैन। मानवजातिको मुख्य आधार दर्शन हो। त्यो दर्शन नभई हामीले किरात हुने पनि मौका पाउँदैनौं। अनि क्यै मुन्धुमबाट फलाक्नुपर्‍यो भने या त गलत व्यर्थको कल्पना मात्रै हुन्छ। अथवा क्यै सुनी-सुनाई निक्लेछ भने शुद्ध आर्य-हिन्दू-दार्शनिकतामा समावेश भएको देखिन्छ। शब्द या भाषाको कुरा बेग्लै हो। कुनै प्रकारले पनि बदलिएको देखिंदैन। पुरोहितको स्थानमा फेदाङ्वा। मर्दा, जन्मँदा तीन दिन र चार दिनमा शुद्धि। मरेको मुर्दालाई दाहसंस्कार, भुइँमा गाड्ने चलन। मलामीको चलन। बिहावारीको चलन। पूजा पाठको चलन। गर्भरक्षा, शिर उठाउने, शरीर रक्षा आदि क्रियाकलाप सबै हिन्दू-आर्यहरूकै छ। अर्को; इष्टदेव नै सबैभन्दा ठूलो प्रमाण हुन्छ। किरातहरूको इष्टदेव शिवजी नै हो। आफ्नो आफ्नो भाषामा 'थेवासाम' 'माङ' 'सुम्निमा' 'पारूहाङ' आदि नामले पुकार्दछन्। 'ओम्' र 'ओत्' मा क्यै फरक छैन। केवल पूजा गर्ने सामग्री र तरिकाहरूमा क्यै अन्तर अवश्य छ। तर ती पनि आर्य-हिन्दूहरूभन्दा सारै बेग्लिएको छैन। कुसङ्गत र कुप्रथाले आएको मात्रै बुझिन्छ। नत्र हाम्रो प्राचीन इतिहासमा उल्लेख हुनुपर्ने हो।

एक लिम्बूबाट दश लिम्बू भए

दश लिम्बूबाट[1] सोह्र लिम्बू भए।

१. माबोहाङबाट	२६ लिम्बू भए।
२. थेगीमबाट	११ लिम्बू भए।
३. सेरङ्गबाट	१० लिम्बू भए।
४. फागोबाट	२० लिम्बू भए।
५. सांवाबाट	१९ लिम्बू भए।
६. बोखिमबाट	५ लिम्बू भए।
७. खोकयाङबाट	१७ लिम्बू भए।
८. थेवेबाट	५ लिम्बू भए।
९. पापोहाङबाट	१३ लिम्बू भए।
१०. इजमबाट	६ लिम्बू भए।
११. यकपाङदेनबाट	१६ लिम्बू भए।
१२. फेदापबाट	१२ लिम्बू भए।
१३. आश्रेबाट	५ लिम्बू भए।
१४. नेम्बाङ्गबाट	१४ लिम्बू भए।
१५. हुक्पाहाङबाट	१७ लिम्बू भए।
१६. खेवाबाट	२२ लिम्बू भए।
	जम्मा २१८ लिम्बू भए।

---

[1] 'गाउ जी थर' खगेन्द्र लिम्बू आङबुहाङको पुस्तकको आधारबाट के० खगेन्द्रजीको सङ्कलन स्तुत्य भए पनि धेरै ठाउँमा विवादास्पद भने छँदैछ। यहाँ उद्धृत प्रायः जसो लिम्बूकिरातहरूको गाउँ, ठाउँ र थर आदिबारे नचोरी, नढाँटीकन उक्त पुस्तकबाटै राखिएको छ। तर प्रत्येक कुरामा प्रत्येक पंक्तिको छानबीन हुनेछ।

१. माबोहाङ लिम्बू

थर	गाउँ	जिल्ला
१. अन्छडवो	खेजेनेम	ताप्लेजुङ
२. इम्वाहाङ्ग	युखाबो	,,
३. चिकचो चेमजोङ	राजारानी	धनकुटा
४. चेमजोङ्ग लदो	घुर्पिसे पञ्चमी	पाँचथर
५. तवेबुङ	लिंखिम	ताप्लेजुङ्ग
*६. ता अवाबा	सम्साबो	,, ,,
*७. तामादेन	युखाबो	,, ,,
*८. तुम्बाहांफे	म्यागलुङ	तेह्लथुम
९. फुरूम्वो	फुरूम्बो	ताप्लेजुङ
*१०. मादेन फेन्दुवा	फुङलेङ	,, ,,
*११. माङयुङ	लिङखिम	,, ,,
१२. यकसो	हाङपाङ	,, ,,
*१३. यङदेन फेन्दुवा	ताप्लेजुंग	,, ,,
*१४. लाबुङ	युखाबो	,, ,,
१५. लिंखिम	लिंखिम	,, ,,
१६. वरूकपा	संसाबो	,, ,,
१७. सरमन्धङ	सावदेन	,, ,,
*१८. साअदेन	सावदेन	,, ,,
१९. सामवेखा	खेजेनेम	,, ,,
२०. सुभासङ	लिंखिम	,, ,,
२१. हेल्लोक	हेल्लोक	,, ,,
*२२. नयङ	चौबिसे	,, ,,
*२३. सवाङके	कोवेक	तेह्लथुम
२४. फेम्फु	फेम्फु	ताप्लेजुंग
२५. हिनाअ	,, ,,	,, ,,
२६. प्राङदेम	,, ,,	,, ,,

२. थेगीम लिम्बू

थर	गाउँ	जिल्ला
+१. आङवो	लुवाफु	पाँचथर
२. आङयुम्वो	प्राङवुङ	,, ,,

---

* राँगाको मासु खाँदैनन् ।   + बाख्राको मासु खाँदैनन् ।

थर	गाउँ	जिल्ला
*३. केरूङ	प्राङ्वुङ	पाँचथर
*४. जवेगु	याङनाम	,, ,,
५. नायन पाङ्यक	नाङगेन	,, ,,
६. नेम्बेफु	नेम्बेङ	,, ,,
७. थकलेहाङ	याङनाम	,, ,,
८. यकतेन	यकतेन	,, ,,
*९. योङ्याङ	थरपु	,, ,,
*१०. हाङसरूम्बा	लुवाफु	,, ,,
११. थामसुहाङ	याङनाम	,, ,,

३. सेरेङ लिम्बू

थर	गाउँ	जिल्ला
१. केदेम्बा	बरकमा	ताप्लेजुंग
२. चेङवाङ	सानथाक्रा	,,
३. थुकयुमा	खर्वादाकते	,,
४. नाल्बो	नाल्वी	,,
५. मादेन	मादेन	,,
६. फुङजेल्ला	फुङजेल्ला	,,
७. हाङाम	हाङाम	,,
८. लङवा	लङवा	,,
९. साम्याङखाम	साम्याङखाम	,,
१०. सामसुयङ	चरकमा	,,

४. फागो लिम्बू

थर	गाउँ	जिल्ला
१. आङलावा	लेकवा	ताप्लेजुङ्ग
२. ओखाबो	ओखाबो	,,
३. एभेङ थोप्रा	थुङथाप	,,
४. चङवाङफागो	सांगो	,,
५. चङवाङ्याक	थुङ थाप	,,
६. तेम्बे	तेम्बे [थोक्लामा]	,,
७. तेगीबुङ्ग	साङलुम्बा	,,
८. थानदेन	याकतेपमा	,,

---

* वाख्राको मासु खाँदैनन् ।

थर	गाउँ	जिल्ला
९. थोप्रा	साउलम्बा	ताप्लेजुङ्ग
१०. नेयङ्वा	साम्मेवा	,,
११. पंथाक	ताम्राङ	,,
१२. पाङ्मा	लुकुवा	,,
१३. माङ्देम्वा	चल्ले	,,
१४. मासुवा	फटेङ्ग्रे	,,
१५. यकयुक्पा	,,	,,
१६. मुर्सोहां (वहेक)	लेकवा	,,
१७. वनेम्मा	फाखोंमा	,,
१८. संयिता	साजिक स्वाची	शङ्खुवासभा
१९. थकलुङ्ग	नुनढांकी	,,
२०. फावेन	मावदेन	,,

५. सांवा लिम्बू

थर	गाउँ	जिल्ला
१. सावाहाङ	खोकलिंग	ताप्लेजुङ्ग
२. खोकलङ	खोकलिङ्ग	,,
३. थल्लंग हिमहेंला	थल्लंग	,,
४. लुंगखिम थल्लंग	,, ,,	,,
५. नाइतेम्वा	लिवांग	,,
६. पातलुङ	मेदिबुङ्ग	,,
७. पांगपलिवांग	लिवांग	,,
८. प्रांगदेन	मेदिबुङ	,,
९. फेमसङ	लिवांग	,,
१०. मादेन सांवा	सांवा	,,
११. मुदेनसंग	,,	,,
१२. मिकेकन्दांग	,,	,,
१३. लुङहिम्वा सांवा	,,	,,
१४. सवेन हिम	,,	,,
१५. तवेतलागु	,,	,,
१६. तस्ये	,,	,,
१७. तङदपा	,,	,,
१८. फयङ	,,	,,
१९. फलछांग्वा	,,	,,

६. बोखिम लिम्बू

थर	गाउँ	जिल्ला
१. कांग्फा	वखिम	ताप्लेजुङ्ग
२. माबखिम	,,	,,
३. यङवागो बोखिम	,,	,,
४. थरङवा बोखिम	,,	,,
५. सेम्बु बोखिम	,,	,,

७. खोकयाङ लिम्बू

थर	गाउँ	जिल्ला
*१. आंगबुहाङ्ग (क)+	चागे थुङ्वा	ताप्लेजुङ्ग
*२. आंगबुहाङ्ग (ख)+	हांगपांग चांगे	,,
३. इमसंग	नाकलांग्वा	,,
४. उसुक	,,	,,
*५. खिम्दोंग	नांगखोलेङ	,,
*६. फाकलेक्षा	बुढी मोरङ्ग	,,
७. मांगछाक	चौंबिसे	,,
*८. मेयांगबो (वथुप)	थेचङबो	,,
९. मेयांगबो (सांगमांग)	सांगमांग	,,
१०. मेयांगबो (सिवा)	थेचवो	,,
११. यंग्या	थरपु	,,
१२. युंग्वा	डुमरिसे	,,
१३. लकसम	डुमरिसे-सिकेचा	,,
१४. लकताम	साखेजुंग	,,
१५. सेनेहांग	डमरिसे	,,
१६. सामसङ	,,	,,
१७. खोकयाहांग	,,	,,

८. थेवे लिम्बू

थर	गाउँ	जिल्ला
१. थुपोको थेवे	सिनाम	ताप्लेजुङ्ग
२. इखारोड थेवे	पश्चमी	,,
३. मांग थुम्वो थेवे	वारून्देन	,,
४. सिंह थेवे	सिताम	,,
५. सिगु थेवे	आंगबुङ्ग	,,

---

*सुँगुरको मासु खाँदैनन् ।   +एकै दाजुभाइ हुन् ।

९. पापोहाङ लिम्बू

थर	गाउँ	जिल्ला
१. आंगदेम्बे	अमलाबुङ	पाँचथर
२. इङ्वाबा	चोकमाबुङ्ग	”
३. कुरूम्बांग	कुरूम्बा	”
४. कुगेतनाम	शिवालुंफाबुङ्ग	”
*५. तुम्बाफो	चोकमाबुङ	”
६. तुमरोक	शिवा	”
७. मिखक	चोकमाबुङ्ग	”
८. लावति	यासोक	”
*९. सम्पांग्फे (क)	रानीगाउँ	”
१०. इङ्नामफे	इवा	तेह्रथुम
११. लेकवाखजुम	ताङ्खुवा	धनकुटा
१२. खजुम	”	”
१३. चंगवांगखजुम	”	”

१०. ईजम लिम्बू

थर	गाउँ	जिल्ला
१. फेन्जेतांगविंग	तिरिंगे	ताप्लेजुंग
२. चंगसु	”	”
३. कलिवा	वदिल्ली	”
४. ताउजम	वदिल्ली	”
५. मायुथाक	फावाखोला	”
६. हांगगेम	”	”

११. याकपाङ्देन लिम्बू

थर	गाउँ	जिल्ला
१. क्यादापा	ओयाम	ताप्लेजुङ
२. कोयाङ	”	”
३. खेवाङ्ग	खेबाङ्ग	”
४. इर्थिगे	लिम्बुदेन	”
५ लिङ्देन	”	”
६. तपेतलागु	याङरूप	”

---

*माछा खाँदैनन् ।

थर	गाउँ	जिल्ला
७. पङ्थक	सापलाखु	ताप्लेजुङ
८. तकफेत्ला	,,	,,
९. पेसा	तिमतिमो	,,
१०. यामोफोता	,,	,,
११. याङतेम्बा	,,	,,
१२. संसम्वो	,,	,,
१३. केबुक	,,	,,
१४. काम्बाङ	थरपु	पाँचथर
१५. यङ्या	ओयम	,,
१६. हेम्पा	आङबुङ्ङ	,,

१२. फेदाप लिम्बू

थर		गाउँ	जिल्ला
१. आङबुङ		आङबुङ	तेह्रथुम
२. खोङवा		सवानाम	,,
३. तुम्बाङ्फे (क)	सिंजो	तुम्फुला	,,
४. तेयुङ	मादेम्बा	सोलमा	,,
५. थामदेन	पेहिम	लसुने	,,
६. फादापा	कुरुम्बाङ	जिरिखिम्ति	,,
*७. फुदोङ	फोंम्फो	सावना	,,
*८. सदेम्बा	इसिबु	अम्फुवा/सिंजाङगु	,,
९. सिंजागु	लुमफोंबा	,,	,,
१०. थेगुवा	पोंथाक	,,	,,
११. सेने	खापुङ, सोंवाङफे	पुरुन्देन	,,
*१२. सुवाबा	हुक्पा, तोङवाङ	पाटीगाउँ	,,

१३. आथ्रे लिम्बू

थर	गाउँ	जिल्ला
१. पोमु	फबोंवा	ताप्लेजुङ्ङ
२. सुनेवा	चुङवा	,,
३. हाङबाङ	हाङपाङ	,,
४. थिङलागो	हवाकु	तेह्रथुम
५. कन्दङ्वा	फुङसेन	,,

---

*एकै दाजुभाइहरू हुन् ।

१४. नाम्बाङ लिम्बू

थर	गाउँ	जिल्ला
*१. नामलाक	फेउदिन	पाँचथर
*२. पिचाकवा	सारताप	,,
*३. याङसोवा	,,	,,
*४. याङदेम्बा	,,	,,
*५. सारदाप	,,	,,
*६. फेजङ	फेजङ	,,
७. फ्याक	केबुक	,,
*८. मावजङ	माङजाबुङ	,,
९. सिजिकतम	फुदुक	इलाम
१०. लिङदोम	साङलुम्बा	,,
११. लोरिङदेन	,,	,,
१२. ओदो	जितपुर	,,
१३. खामदाक	चारखोला	,,
१४. खुदाङ	ब्रुमविम	,,

१५. हुक्पाहाङ लिम्बू

थर	गाउँ	जिल्ला
१. इसपो	इसपो	तेह्रथुम
२. काबेप्रङ	मुराहाङ	,, ,,
३. चङवाङ	सेरजङ सम्वो	,, ,,
४. चिकुयुङ	पुन्धुङ	,, ,,
५. निङलेखु	जलजले	,, ,,
६. पाउगेन	सिकिदेम	,, ,,
७. पङथक	खेसेरा	,, ,,
८. पडयाङगो	पोकलाबुङ	,, ,,
९. पेहिम	वइफुङ	,, ,,
*१०. फम्वो	फम्फु	,, ,,
११. मादेम्वा	कामोरूङ	,, ,,
१२. वबुङगेक	लिङदेन	,, ,,
१३. सङवो	लिसिबुङ	,, ,,
१४. सिंगक	तौमा	,, ,,

---

*बाख्राको मासु खाँदैनन् ।

थर	गाउँ	जिल्ला
१५. आकबाजङ	सान्थाक्रा	ताप्लेजुङ
*१६. हाङश्रङ	मोरालुङ	,, ,,
+१७. सेन्दाङ	छिन्ताङ	,, ,,

१६. खेवा लिम्बू

थर	गाउँ	जिल्ला
१. माङ्याक	पोखरी	तेह्रथुम
२. मावाङ	सुदाप	,, ,,
३. सावापाक	हमरजङ्ग	,, ,,
४. सोवातुम	,,	,, ,,
५. तुम्मेलिङ	मुसांखेल	,, ,,
६. तिङलिङ	,, ,,	,, ,,
°७. थकलेङ	दामापा	,, ,,
८. सेबुक	सेबुक	,, ,,
९. सेरमापाक	हात्तीखर्क	धनकुटा
°१०. चेङवाङ	,, ,,	,, ,,
११. तुमसेरमा	,, ,,	,, ,,
°१२. आङलावाङ	,, ,,	,, ,,
°१३. तुमादेन	,, ,,	,, ,,
°१४. तिगेला	,, ,,	,, ,,
१५. पाराखारी	,, ,,	,, ,,
१६. चिल्लेक	छ थर	,, ,,
१७. मांफु	आद्राङ	,, ,,
१८. तुङखङ	ताङखुवा	,, ,,
१९. खादी	तेलिया	,, ,,
२०. अन्द्रुङ	जितपुर	,, ,,
२१. इङवावा	ताङखुवा	,, ,,
२२. इङसङ	,, ,,	,, ,,

* * *

---

*यी एकै दाजुभाइ हुन् ।

+यी पनि एकै दाजुभाइ हुन् ।

°कुखुराको मासु खाँदैनन् ।

मगर-किरात

मगराती संस्कृति भन्ने पुस्तक जिल्ला बागलुंग वरहाकोट (बर्हाकोट) गाउँका निवासी श्री धर्मप्रसाद श्रीशले लेखेको हो। 'श्रीश' थापामगरहरूमध्ये एउटा उपथर हो। यो पुस्तक कोशेली छापाखाना विराटनगरबाट श्रीमती दुर्गा श्रीशले प्रकाशित गर्नुभएको छ। लेखकले या प्रकाशकले सम्वत् लेखेका छैनन्। केवल २०१७ साल फाल्गुन १७ गते स्वर्ग हुने आमालाई समर्पण गरेको छ। लेखक मगर-किरात भए पनि निकै देशाटन गर्नुभएको जस्तो लाग्छ। साथै अध्ययनशील जस्तो पनि बुझिन्छ। पुस्तकको भाषा भने उपन्यासे भाषा छ। तर प्रवाहमय छ। कहीं पनि रोकिंदैन। त्यसको साथै यो भन्न सकिन्छ कि 'मगर-संस्कृति'को वारेमा निकै परिश्रम गरेको छ। लेखकले पहिलो परिच्छेदमा 'मगर-नामकरण र यसका आधारहरू' भन्ने शीर्षकमा निकै खुलदुलीका साथ 'मगर'को मतमतान्तर उपस्थापनपूर्वक विश्लेषण गरेको छ।

तर पृ० नं० १ देखि पृ० नं० ७ को अन्त्यमा 'महाराजिक' बाट 'मगर' शब्द भएको कुरा लेखकले स्वीकार गरेको छ। त्यसले यो बुझिन्छ कि यति लामो अमर छलफलमा हाम्रो पौरस्त्य हिन्दू-इतिहासलाई आधार मानेको छ। तर पृ० नं० ८ मा छ हजार वर्ष ई० पू० 'मंगोल' नामक व्यक्तिको ३ जना छोरा क्रमैले पूर्वतिर बढ्ने कुरा एकदम असत्य कुरा हो। तर लेखकको बुद्धिले एक शब्दमा निकै ठूलो बुद्धिमत्ता देखाएको छ। तर ती तीन भाइहरू मंगोल व्यक्तिकै सन्तान हुन् भन्ने कुरामा भने पूर्ण सहमति जनाएका छैनन्। यस रीतिले 'संक्षिप्त नेपाल परिचय' सु० प्रेमवहादुर लिम्बू र 'मध्य एशियाका इतिहास' सांकृत्यायन तथा 'हिष्ट्री एण्ड कलचर अफ दि किरात' पादरी इमान सिंहको मतलाई हुत्याएर बसेको पनि देखिन्छ। तर पृ० नं० २५ मा लेखक बरालिएको इतिहाससँग दाँजो हाल्न पुगेको देखिन्छ। अतएव त्यो कुरा अत्यन्त भ्रामक छ। त्यो के हो भने 'सातौं आठौं शताब्दीमा आर्यहरूको नेपाल पस्ने कुरा।' त्यसैमा के भन्छ भने 'पछि पछि आउने हिन्दूहरूले आफ्नो जात, वंश र परम्परा कायम राखी मगरहरूलाई समेत हिन्दूधर्मप्रति आकर्षित गर्न समर्थ भए।' यहाँ भन्नु यो छ कि मगरहरू सदादेखि नै आर्य नै हुन्। हिन्दू नै हुन्। अनि सातौं आठौं शताब्दीमा भारतबाट आर्यहरू पसेर आर्य हुने कल्पना इतिहासशून्य कुरा हो। त्यस्तै मगर अनादिकालदेखि नै हिन्दू नै थिए र हिन्दू नै हुन्। त्यसो हुँदा हिन्दू-धर्मले आकर्षित गर्ने कुरा पनि पाश्चात्यहरूको बाटो-सोझयाइ मात्रै हो। सत्य इतिहास होइन। यसको प्रमाण अगाडि खुलस्त गरौंला। यसै प्रकारले पृ० नं० २६ मा पुगेर लेखकले 'आर्यहरूले ती आदिवासीहरूलाई असुर, राक्षस, मर्कट जस्ता नीच शब्दबाट सम्बोधन गर्ने गर्दथे।····· यही मर्कटजाति नेपाल प्रवेश गरेको हो' भनेर बालकृष्ण पोखरेलको कथनबाट 'मगर' सेनक्षत्रियहरूलाई पुच्छर घिसिएको वानर बनाउन खोजेको रहेछ। यदि बालकृष्ण पोखरेलको भनाइ सही हो भने त लाखौं वर्षदेखि दक्षिण अफ्रिका, भारत, नेपाल आदिका घोर जंगलहरूमा बाँदर उफ्रिराखेका छन्; खै! एउटाले पनि पुच्छर घिसिएर मगर भएको देखिएको छैन त! किन? मगर त शुद्ध आर्य=हिन्दू सूर्यवंशीय र चन्द्रवंशीय सेनवंशका क्षत्रिय हुन्। कोदो, मकई, कांक्रो आदि चोरेर खाने बाँदरका सन्तान होइनन्। हो, बाँदर क्षेत्रीको सन्तान भन्ने हो भने इतिहाससँग केही कुरा मिल्न आउँछ। शेखर सिंह गौतमको कुरा नलीकन मगरहरू नागवंशी हुन् भने पनि आपत्ति छैन। हिन्दू त हुँदै हुन्। पृष्ठ नं० १३० मा 'मगरहरू तान्त्रिक धर्मलाई मान्छन्'

भने पनि कुनै आपत्ति छैन । मुखले नपिए नाकले त पिइहाले । आखेरी पानी त पिउनु हो नि । कारणवश मुखले पिउनु भएन होला । नाकैले पिए पनि तिर्खा मेटे भइहाल्यो, अरू के चाहियो ? तान्त्रिक धर्म भए पनि हिन्दू=आर्यधर्मदेखि बाहिर त जाँदै जाँदैन ।

अब आर्य या हिन्दू नै हुन् भन्ने कुरामा केके प्रमाण छ त ? भन्ने कुरा उठाए भने सीधा मगरहरू-कै थर, उपथर, गोत्र, संस्कृतिबाट नै आर्य=हिन्दू हुन् भन्ने कुरा सिद्ध हुन्छ । त्यो उनीहरूको जातिबाट नै बुझिलिए पाठकहरूलाई राम्रो हुनेछ । जस्तै गन्धर्व वा गन्धर्भ, खड्का, गजरामा, गोमुख, जेहा, गुरुवचन, घिमिरे, चौहान, चित्तौडे, छागेली, वताकुमारी, वराल, पन्थी, पन्ती, भण्डारी, रिजाल, सांपकोटा, बस्नेत, बुढाथोकी, रिमाल, भुसाल, श्रीश, राज, राय, रेग्मी, समल, सूर्यवंशी, शरणकोटी, खुलाल, खत्री, ईसर, कोइराला, घटराज, ताली, गजमेर, दुर्गा, नायर, दिशा, देवपाटी, वारा, मन्दिर, मारू, मगराती वा मगराठी, लामिछाने, रानाखुलाल, राई, सेन वा त्स्यान, स्वीयल आदि राना र थापामगरहरूको थर, उपथर सबै क्षेत्री, बाहुन, खत्री र कामीको थरसँग पनि मिल्न गएको देखिन्छ । खुलाल, खाली, दर्लामी, सोमास्य, राहू, समर, सार्वेद, सोमाई, सुरारी, पारे, सारू, भुजेल, वाले, रावल, थकाली, दूध आदि आले, बूढा, घर्ती, पुनम उपथरहरूमा क्षेत्री गढवाली, बाहुन, खाली, दमाई, भुजेल, दक्षिणीबाहुन आदिका थर पनि मिसिन पुगेको देखिन्छ ।

साँचो कुरा यो छ कि उपर्युक्त थर भएका क्षेत्री, खत्री, बाहुन आदिले आफूलाई हिन्दू=आर्य नै मानेका छन् । त्यसो हुँदा 'मगर' हरूको आर्य अथवा हिन्दू हुनुमा सन्देह छैन । यहाँसम्म कि 'सूर्यवंशी' सम्म पनि मगरहरूको जातमा उल्लेख भइसक्यो । त्यहाँ आर्य हुनुमा के सन्देह छ ? शेष शब्द संस्कृतको देखिन्छ । संस्कृति, सभ्यता र नामकरण आदि जुन जातको उल्लेख संस्कृतमा छ, त्यो जात मङ्गोल कसरी हुन सक्छ ?

तागाधारी मगर-किरात

मगरहरू मङ्गोलियन भए तागाधारी किन हुन्थ्यो र ? अनादिकालदेखि उल्लेख भएको महाराजिक-का सन्तान मगरहरू आर्यक्षत्रिय नै थिए । त्यसो हुँदा सधैं तागाधारी भएर बसेका छन् । आजको युगमा भने केहीले तागाधारण गरेको देखिन्छ । केहीले चाहिं तागारहित भएको देखिन्छ । तर कारणवश या दुर्व्यसनमा भुटिंदा तागारहित भएका हुन् भन्न सकिन्छ । जनै लगाउने किरातहरूको बारेमा धेरैजसो किरातहरूलाई नै थाहा छैन । आज पनि केही मात्रामा जुम्ला, डोटी र महाकाली अञ्चलको केही ठाउँमा तागाधारी मगरहरू पाइन्छन् । भारतको पहाडी इलाका कुमाऊँतिर पनि जनै लगाउने मगर पाइन्छन् । पछि आएर कारणवश मगरहरूले सुँगुरसँग नाता जोडेका हुन् । अर्थात् पछि आएर सुँगुर पाल्न र त्यसको मासु खान थालेका हुन् । अनि मगरहरूकी इष्टदेवी 'बाराही देवी' पनि मङ्गोलियाकी होइनन् । शुद्ध हिन्दू=आर्य देवी हुन्, जो मगरक्षत्रियहरूकी कुलदेवता भएर बसेकी छिन् । सुँगुरको मासु खानु त परै जाओस्, छोइयो भने पनि गङ्गाको पानीले पवित्र गर्ने 'छन्त्याल' आदि मगरहरू पनि छन् । वास्तवमा प्राचीनकालिक मगरहरू सुँगुर, कुखुरा, जाँड, रक्सी नछुने तागाधारी नै थिए । तीमध्ये छन्त्यालहरू आज पनि जस्ताका तस्तै शुद्ध किरातमगर छन् भन्न सकिन्छ । यस चर्चालाई 'म० सं० पृ० नं० ४३ देखि ४७' सम्म श्रीशले पनि चर्चेको छ । यी प्रमाणले पनि मगर अहिन्दू=अनार्य, मङ्गोलियन सिद्ध हुँदैनन्, अपितु शुद्ध हिन्दू=आर्य हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

बिहावारीले पनि मङ्गोल सिद्ध हुँदैन । मगरहरूमा फुपूको छोरा र मामाको छोरीलाई बिहा गर्ने मान्यता प्राप्त देखिन्छ । तर यस्तो बिहा दक्षिण भारतीय बाहुनहरूमा पनि प्रशस्त भएको देखिन्छ । त्यसो हुँदा यो विवाहपद्धति स्वतन्त्र मगरहरूको पद्धति होइन । आर्य-पद्धति नै हो । यसबाट पनि हामी अहिन्दू हौं भनेर फुक्किने मेसो हराएको देखिन्छ । यद्यपि आजको युगमा वैवाहिक सम्बन्धमा कसैलाई बोल्ने अधिकारै छैन । केटा र केटीको मन पऱ्यो भने भइहाल्यो । विहामा केटाले केटीको 'सिउँदोमा सिन्दूर हाल्ने प्रथा' मगरहरूमा कतै देखिन्छ, कतै देखिंदैन । म० सं० पृ० नं० ८१ मा श्रीशले लेखेको छ । तर श्रीशले आफ्नो मगरहरूको विहावारी त्यति राम्ररी हेरे जस्तो लागेन । मगरहरूमा सिन्दूर-पोतेको चलन प्रष्ट छ । टीका-टाला गर्दा ब्राह्मणद्वारा वेदमन्त्रको उच्चारण गर्ने प्रथा शुद्ध मगरहरूको हो । हिन्दूधर्मको प्रभावले गर्दा होइन । धामी, झाँक्रीले नै गरियो भने पनि पुरोहितको प्रथा त कतै भएन । त्यो पनि अहिन्दू प्रथा होइन ।

बिहावारी भैसकेपछि जन्मसंस्कार हुन्छ । बच्चा जन्मँदा घडी या पानीघडी राखेपछि बच्चा जन्मेको सही समयको विवरण सुरक्षित राखिन्छ । बालकको शुभाशुभ ग्रहदशा के कस्तो छ ? त्यो शिक्षित पुरोहितबाट पत्ता लगाउँछ । अशिक्षित भए धामी, झाँक्रीबाट पत्ता लगाउँछ । फेरि जन्मपत्रिका, चिना आदि बनाउँछ । नहुनेले बनाउँदैनन् पनि । तर जन्मेको ११ दिन पुगेपछि न्वारान अवश्य गर्छन् । छोरी हो भने ९ दिनभित्रै न्वारान गरिन्छ । कसैले तीन दिन र पाँच दिन मात्र सुत्केरी (सुतक) बारेको देखियो । न्वारान गर्दा सफा-सुग्घर, न्वाही-धोई सकेपछि जो नाम राखिन्छ, त्यसको पहिलो अक्षर नानीलाई सुनाउँछन् । फेरि बाहिर निकालेर सूर्यको दर्शन गराउँछन् । यो काम ९० प्रतिशत बाहुनहरूबाट सम्पन्न हुन्छ । यो कार्य अनार्यको होइन । यो त विशुद्ध हिन्दूसंस्कारभित्र आउँछ । त्यसपछि छोरा भए ६ महिना र छोरी भए ५ महिनामा भात ख्वाउने परम्परा छ । बाहुन, धामी, झाँक्री र मामा, माइजू, इष्टमित्र आदिलाई पनि बोलाइन्छ । बालकलाई सुन-पानीले नुहाइदिन्छन् । दूबो, पाती पनि उपयोगमा ल्याउँछन् । अनेक प्रकारको पदार्थ बनाएर बच्चालाई पालैसँग ख्वाउँछन् । यो कर्म पनि अहिन्दूको होइन । त्यसपछि बच्चाको क्षौरकर्म हुन्छ । तीन वर्ष पुगेपछि शुभ तिथि, नक्षत्र, बार र शुभ दिन हेरीकन अथवा कुनैकुनैले ५ वर्षपछि पनि यसै क्रमले क्षौर गर्दछन् ।

बाहुन, धामी, झाँक्री, मावली, सगोत्रीयहरूलाई बोलाएर केश मुण्डन गरिन्छ । टुप्पी राख्ने प्रथा अत्यन्त प्राचीन प्रथा हो । आधुनिक मगरहरूले नराखे पनि पुराना बूढापाकाहरूले त राख्ने नै गरेका छन् । तर म० सं० पृ० नं० ९० मा भने श्रीशले चर्चा गरेको देखिएन । यसको मतलब यो होइन कि मगरहरूले टुप्पी राख्दैनन् । सम्पूर्ण मगरहरूको संस्कार नै शुद्ध हिन्दूसंस्कार हो भन्न सकिन्छ भने टुप्पी नराख्ने कुरै आउँदैन । फेरि एकातिर तागाधारी, उतातिर टुप्पी नहुने कुरा असुहाउँदिलो हुन जान्छ । त्यसो हुँदा मगरहरूले क्षौरकर्ममा टुप्पी राख्थे । ऐले पनि कतै राखेको देखिन्छ । त्यसो त बाहुन, क्षेत्रीले पनि टुप्पी राख्न छोडे । त्यसो हुँदा यो अड्कल लगाउनु गलत हुनेछ कि क्षेत्री, बाहुनले टुप्पी राख्दैनन् अथवा जनै लगाउँदैनन् । अथवा क्षत्रिय, बाहुन तागाधारी होइनन् भन्नु गलत हुनेछ । लाउँथे नै र लगाएकै पनि छन् । त्यस्तै मगर-किरातक्षत्रियहरू पनि छन् ।

यसै गरी मगरहरूको 'अन्त्येष्टिकर्म' बारे पनि विचार गरौं । यो कर्म मगरहरूमा अनादिकालबाट चलिआएको देखिन्छ । कोही पनि बिरामी भएर अन्त्य-अवस्थामा पुगेपछि गरिने संस्कारलाई अन्त्येष्टिकर्म भनिन्छ । यो कर्म किरातक्षत्रियहरूमा प्रायः सबैमा हुन्छ । यो कर्म गर्दा बिरामी मान्छे अब बाँच्दैन

भन्ने ठानिसकेपछि घरको आँगनमा गाईको गोबरले लिपी-पोती शुद्ध सफा पार्छन । त्यसमाथि सुनपानीले छर्किन्छन् । त्यसमाथि कुश राखेर, त्यसमाथि पनि सेतो कपडा राख्छन् । अनि कतै बिरामीलाई नै सुताउँछन् । कतैचाहिं बिरामीलाई छुवाउँछन् मात्रै । त्यसपछि विशेष महत्त्वचाहिं गाईदानको छ । त्यो गाईदान पुरोहित, धामी, झाँक्री, चेली-बेटी कसैलाई पनि दिन सकिन्छ । विशेष गरेर बाहुन-पुरोहितलाई नै दिइन्छ । त्योदेखि बाहेक आफ्नो शक्ति-अनुसार सामान जेथा पनि दिने चलन छ । तर यहाँ विचार गर्दा सुनपानी, कुश, गाई र गाईको गोबरको उपयोग मंगोलको होइन । शुद्ध हिन्दू = आर्यहरूको हो र मनुस्मृति आदि शास्त्रको अनुकूल गरेको देखिन्छ । त्यसो हुँदा यसले पनि हिन्दू नै सिद्ध हुन्छ । ठीक यसै प्रकारले मृतक-संस्कार पनि छ ।

मान्छे मरेपछि लाश निकालेर मसानघाटतिर लैजाँदाखेरि शङ्ख वजाउने चलन आज पनि मगरहरूमा छँदैछ । मसानघाटमा मुर्दालाई पुऱ्याएपछि आफ्नो शक्ति-अनुसार पोल्ने, गाड्ने र पानीमा बगाउने तीनै प्रकारको चलन प्राचीन हिन्दूहरूमा थियो । आज पनि चलिआएकै छ । यो परम्परा वेदमा पनि उल्लेख गरेको छ । अतएव मगरहरूमा पनि शुद्ध हिन्दू-परम्परा आज पनि कायमै छ । मगरहरू हिन्दू नै हुन् भन्ने यो पनि एउटा ठूलो अकाटच प्रमाण छ । अर्को कुरा मृतकको छोरा या जुठो बोक्ने मान्छेले मुण्डुल्के (कपाल खौरनु) भै मुण्डन गर्नैपर्छ । सर्वांग मुण्डन गरेपछि सेतो लुगा लगाइदिनुपर्छ र शिरमा पनि सेतै टोपी फेटा बान्नैपर्छ । मलामी घर फर्कंदा उनीहरूले पनि स्नान गर्नु आवश्यक छ । फेरि तीतेपातीको बोट अथवा हाँगो उखालेर भाँचेर आगोमा राखिन्छ । त्यसको धूवाँले र पानीको छमकाले पवित्र पारेर मात्रै घरभित्र पस्न दिइन्छ । मगरहरू हिन्दू होइनन् भने शुद्ध गर्ने आवश्यकता किन पऱ्यो ?

तर मगर-किरातहरू हिन्दू नै भएको हुनाले आफ्नो हिन्दूसंस्कृतिलाई निभाएर आइराखेका छन् । गंगाजल या कुनै पनि पानीले शुद्ध गर्ने चलन त अत्यन्त आर्य-परम्परा नै हो । यस प्रकारले ३ दिनदेखि ५ दिनसम्म र १० देखि १२ दिनसम्ममा शुद्ध गर्ने चलनले पनि मगर शुद्ध आर्य नै हुन् भन्ने कुरा सिद्ध हुन्छ । यसै रीतिले वार्षिक संस्कार पनि पूरा गर्छन् । मगरहरूको सबै रीतिस्थिति आर्य = हिन्दू-परम्परा नै हुन् । र छन् पनि । तर यी माथि गनाइएका संस्कारहरूमा जाँड रक्सी, मासु आदिका चलनचाहिं संस्कृति होइनन् । दुर्व्यसन र कुप्रथाबाट सल्केको मात्रै हो । यसै प्रकारले मगरहरूका चाडपर्व पनि अलगै छैनन् । दशैं, तिहार, चैतेदशैं, रामनवमी, कृष्णजन्माष्टमी, शिवरात्रि, बुद्धजयन्ति, रक्षावन्धन, तीज आदि जो हिन्दूहरूका मुख्य चाडपर्व हुन्, त्यही नै मगरहरूका पनि चाडपर्वहरू देखिन्छन् ।

यस प्रकारले मगरहरूको खान, पान, संस्कृति, सभ्यता, चाडबाड आदिलाई गोडेर हेर्दा न मंगोलियन नै सिद्ध हुन्छ, न त अहिन्दू नै सिद्ध हुन्छ । के सिद्ध हुन्छ भन्दा, मगरहरू शुद्ध सेनवंशी क्षत्रिय, वीर, बहादुर, शासक, वीर सन्तान, शुद्ध हिन्दू = आर्य हुन् भन्ने कुरा यी माथिका प्रमाणहरूले सिद्ध गर्छन् । यहाँ मैले संक्षिप्त प्रमाण दिने प्रयत्न गरेको छु । सूर्यवंशी र चन्द्रवंशी हुनु, त्यसमा पनि काश्यपगोत्र, पाण्डवगोत्र, इन्द्रगोत्र आदि अकाट्य प्रमाणहरूले पनि मगर हिन्दू नै हुन् भन्ने कुरा सिद्ध हुन्छ । रह्यो आर्य = हिन्दूहरू नेपालमा पसेर मगरहरूको संस्कृतिमाथि हिन्दू = आर्यसंस्कार परेको हो भन्ने कुरा; यो सरासर गलत कुरा हो । मि० मूर, कीथ, थिवो, वेडनिस, हडसन, रिसले, मोरिस, भेन्सिटर, हेमिल्टन आदिले नेपालका आदिवासी किरातहरूलाई मङ्गोलियन हुन् अथवा मङ्गोलियन नश्लका हुन् भन्ने निराधार कुरा लेखेका छन् । त्यो के हो भने किरात-इतिहासलाई नबुझेर लेखेका हुन् । किरात-सभ्यता, किरात-संस्कृति-

लाई नबुझीकन कलम चलाएर किरातहरूको इतिहासको अपमान गरेका छन् । रह्यो अनुहारको बनोट र अनुहार मिल्ने कुरा; त्यो पनि विवेकपूर्ण कुरा छैन । खोलाघरे बाहुन-बाजे र डाँडाघरे कामीको अनुहार एक भएको हुनाले एकनासे बाहुन हुन् कि कामी हुन् त ? के भन्ने यस कुराको उत्तरमा ? उत्तर त हुनुपऱ्यो ? यसको उत्तर नृतत्त्वशास्त्रीहरूले पनि दिन सक्दैनन् । त्यसो हुँदा मङ्गोलबाट आउने कुरा सर्वथा गलत हो । बुझ्नेहरूले बुझ्दै बुझेनन् ।

आधुनिक इतिहासकारहरूले किरातको इतिहास बङ्ग्याउनुसम्म बङ्ग्याएका हुन् । इतिहासको हत्या गर्ने षडयन्त्रलाई नेपालका इतिहासकारहरूले पनि बुझिदिएनन् । अतः किरातका एक शाखा मगर, गुरुंग, तामांग, शेर्पा, नेवार आदिलाई पनि मंगोलतिर धपाउने चेष्टा गरेका छन् । अर्थात् यी मंगोलियन हुन् भनेका छन् । यी मगर, गुरुंग आदिले पनि शिक्षा र संगतको अभावले गर्दा आफ्नो इतिहासलाई भुले । आफ्नो इतिहासलाई भुल्नु आत्महत्या गर्नु हो । १७–१८ र १९ शताब्दीको भित्र पाश्चात्यहरूले जो इतिहास लेखिदिए, फेरि उनीहरूको नकल हाम्रा इतिहासकारहरूले नबुझीकन जति गरे, ती दुवैको तर्फबाट किरातहरूको इतिहासको हत्या भएको छ । त्यसो हुँदा दुइचार अक्षर जान्नेहरूले—चाहे राई, लिम्बू होस्; चाहे मगर, गुरुंग आदि होस्—नबुझीकन मंगोलियातिर फाल हानिहाल्छन् । किनभने मुसलमानदेखि अंग्रेजकालसम्म इतिहासको अँधेरो बाटोमा खोइरो पारिरहे । राणाकालमा पनि पढ्ने, लेख्ने शिक्षाको चर्चा मात्रै भयो भने पनि पाप लागिहाल्थ्यो । त्यसो हुँदा भाषा-विज्ञान, विज्ञान, भूगोल, इतिहास, नृतत्त्वविज्ञान आदिको यथार्थ ज्ञानबाट वञ्चित भए । अब सबैले शिक्षित हुने अवसर पाए । सबैले योग्य विद्वान् हुने अवसर पाए । तर चैत-वैशाकमा सुक्ने, साहुन-भदौमा आँखैं नदेखी उर्लने खहरे भएर जता पायो उतै भेल बाडी आएको देखिन्छ । खहरेको मुहानै हुँदैन । हुन त मुहान भएकोमा पनि मैला कुचला आउँछ तर उसले एक छिनपछि आफैं साफ गर्न सक्छ । खहरेको त त्यैं गन्धा नालाहरू नै मुहान भएको हुन्छ । त्यसो हुँदा त्यो खहरे जति नै उर्लिए पनि पिउने पानीको आशा कसरी हुन्छ र ? अनि बुद्धि नभएको अज्ञानीले पिइहालेछ भने पनि त्यो अवश्य नै बिमार हुन्छ । अवश्य नै रोगाउँछ । यसमा सन्देह छैन । ठीक यस्तै हाम्रा आजका लेखक भनाउँदाहरू पनि हुन् । धेरैंजसो इतिहास कोटचाउनेहरू पनि ठीक यस्तै छन् । अधिकार नभए पनि, अथवा विषयज्ञान नभए पनि झोंक चलिहाल्छ । अनि भ्रामक कुराहरू लेखिहाल्छन् । त्यसले गर्दा के हुन्छ भने साधारण पाठकहरूमा ठूलो भ्रम हुन जान्छ । भ्रमले आफ्नो इतिहासको हत्या हुन्छ । त्यसले अज्ञान र भ्रमको परम्परा जन्माएको हुन्छ । 'आर्य एशिया माइनरबाट आएका हुन् र किरात मंगोलियाबाट आएका हुन्, किरात मंगोलियन नश्लका हुन्' आदि कुरा यसैको शिकार भएको हो ।

यहाँ हामीले यो भन्न खोजेको होइन कि नजान्नेले लेख्दै नलेख्नू । लेख्न नजान्नेले पनि लेख्नु सिक्नुपर्छ । नजान्नेले पनि जान्नुपर्छ । नबुझेकोले बुझ्नुपर्छ । तर कसरी ? जान्ने विद्वान्हरूसँग पढेर, लेखेर, गुनेर, अभ्यास गरेर बल्ल यस्ता विषयमा कलम चलाउनुपर्छ । तर दुर्भाग्यको कुरा छ; बिच्छुको ओखति जान्दैन, साँपको दुलामा हात कोच्छ । यही नै ठूलो घातक प्रवृत्ति भएको छ । जसले मङ्गोलको इतिहास जान्दैन, जसले आफ्नो इतिहासै जान्दैन, जसले मंगोल संस्कृति र सभ्यताको बारेमा पढाइ गरेकै छैन, जसलाई मंगोल देशको उत्पत्ति कैले भयो थाहा छैन, मंगोल शब्दको इतिहास कैलेबाट शुरू भयो थाहा छैन, मंगोलियाबाट आएको हुन् कि गएका हुन् यसको थाहा नै छैन, यस्ता मान्छे भनाउँदाले पनि मंगोल र मंगोलियाको बारेमा कलम चोब्छ भने त्यो देशको इतिहासको दुर्भाग्य होइन त ? माथिका प्रश्नहरूमाथि यो प्रश्न प्रश्नै भएर रहनेछ ।

मगरहरूको बारेमा पनि यस्तै सिंग न पुच्छरको इतिहास जोड्न थालेका छन् । योगी नरहरिनाथजीले 'महाराजिक' शब्दबाट 'महाराजि' भयो, त्यसबाट 'महाराज' भयो, त्यसबाट 'महरा' भयो, त्यसबाट 'मगरा' भयो, 'मगरा'बाट 'मगर' भए भन्नुभयो; उच्चारण बिग्रँदा र भाषा-विज्ञान लागू हुँदा सम्भव छ । त्यसै भएको हुनाले त शुद्ध उच्चारण गर्नुपर्छ भन्ने नियम गरेका हुन् । यहाँ विचार गर्ने कुरा किन उठ्यो त ? केही इतिहास र शब्दको मूल पैल्याउन नसक्नेहरूले 'मगर' शब्द पनि बाहिरैको हो भन्न थालेका छन् । तर मगरहरू बाहिरबाट आएकै छैनन् भने त्यसको वाचक शब्द बाहिरबाट कसरी आए त ? यसको उत्तर 'मंगोलियन हुँ' भन्नेहरूसँग छैन । 'तिमी मंगोलियाबाट आएका भत्तुवा हौ' भन्नेहरूसँग पनि यसको उत्तर छैन । योगीजीले अमरकोष आदिको उदाहरण दिएको कुरालाई भाषा-वैज्ञानिकहरूले राम्ररी केलाउनुपर्छ । मान्छे जुन देशमा जन्मेको छ र जुन देशमा बसेर हुर्केको छ, त्यसैभित्र आफ्नो भाषा हुन्छ र त्यहीं नै शिक्षा र शुद्ध वातावरण नपाउनाले शब्दमा अन्तर आएको हुन्छ । उदाहरणको लागि 'रघुपति'-बाट 'घुपति' भयो । 'घुपति' बाट 'गुहुपति' मैले आफ्नो कानले सुनेको छु । यसै प्रकारले 'गोरुमुन्टुवा' छ; भन्न खोजेको त 'गवर्नमेण्ट' हो तर जिब्रोले काबु पाएन र 'गोरुमुन्टुवा' हुन गयो । 'म पिउन हुँ' भन्न खोजेकोमा 'म तिहुँन हुँ' भनेको पनि सुनियो । तकाँउन्न, मकाँउनु जस्ता वाक्य पनि सुनिन्छ । भन्न खोजेको के हो ? भन्न खोजेको यति नै हो कि 'तँ भएको ठाउँमा आउँदिनँ म भएको ठाउँमा आउनू ।' यस्तै 'आच्छ खाच्छ जाच्छ' वाक्य पनि उच्चारणले गर्दा गोलमाल भएको छ । यो कथन कसैमाथि रिस पोख्दा कसैले भनेको हो । त्यो रिसमा 'आएको छ, खाएको छ, गएको छ' भनेर आफ्नो पर्नेलाई हकारेको हो ।

तर भाषाविज्ञान नै भाषाको ओखति हो भन्न उचित होइन । अरू ठाउँमा केलाएको छु । केलाउने पनि छु । माथि चर्चेको 'मगर' शब्दको मूल जरो, मुहानको केलाइ, छनाइमा पाश्चात्यहरूको भाषा-विज्ञानको आधारलाई त्यतिसारो प्रामाणिक मान्ने आवश्यकता छैन, किनभने जति नै वर्ष नेपाल बसेर रिसर्च गरे पनि यहाँ जन्मनेले गरेको आधा पनि हुँदैन । अर्को कुरा पाश्चात्य भाषावैज्ञानिक मैक्समूलर-लाई छोडेर कोही पनि संस्कृत जान्दैन थिए । मैक्समूलर पनि तेतिसारो ठूलो शब्दशास्त्री होइन । साधारण वैदिक संस्कृत शब्दको प्रयोग गर्न जान्दथे । तर संस्कृतमाथि काम गर्ने पाश्चात्य विद्वान्हरूमा यही नै प्रसिद्ध छ । त्यसो हुँदा यहाँ 'मगर' शब्दको अर्थ मूल मैक्समूलरले नपैल्याए पनि अरु पाश्चात्य-भन्दा मैक्समूलर केही विशेष संस्कृतको जानकार थियो भन्न सकिन्छ । तर विद्वान् होइन[१] । जब मैक्स-मूलरको यो दशा छ भने अरू पाश्चात्यहरूको के कुरा ? मैक्समूलरले त ऋग्वेदमाथि धेरै वर्ष परिश्रम गरेको थियो । अरुको त त्यो पनि छैन ?

त्यसो हुँदा निश्चित भन्न सकिन्छ कि 'मगर', गुरुङ्ग आदि शब्दको व्युत्पत्ति-विश्लेषण गर्ने शक्ति पाश्चात्यहरूमा हुँदैन । गरेछन् भने पनि प्रामाणिक मान्ने कुरामाथि प्रामाणिकता चाहियो । अतः एव हाम्रो पौरस्त्य भाषाशास्त्रीहरूले मनग्य अधिकार पाएको छ भन्न सकिन्छ । तर दिन-दुनियाँको थाहा नपाउने चुला ढुकुवा र पोंगापण्डितहरूले चाल पाउँछ भनेको पनि होइन । पौरस्त्य र पाश्चात्य भाषा-शास्त्रको समालोचनात्मक विश्लेषण गर्ने अध्ययन जसको छ, त्यसले मात्रै मूल पैल्याउन सक्छ । यहाँ 'महाराजिक' बाट 'मगर' बन्न पुगेको कुरालाई अंगाल्नको लागि संस्कृतको मूल जरो पैल्याउनुपऱ्यो ।

---

[१] मैक्समूलर संस्कृत भाषामा लेख्न सक्तैन थिए, बोल्न पनि सक्तैन थिए भन्ने प्रमाण मैक्समूलरले नेपालका प्रसिद्ध नाटककार छविलाल 'सूरि' ढुंगेललाई लेखेको पत्रबाट बुझिन्छ । त्यो पत्र 'कुशलवोदय' नाटकको भूमिकामा छापिएको छ । पाठकवृन्दले उहीं हेर्नुहोला ।

नभए संस्कृतको नाम सुन्नेबित्तिकै हाइब्लड प्रेसर चढ्ने हो कि सन्निपात हुने हो थाहा छैन । किनभने मङ्गोलिया देशको उत्पत्ति हुनुभन्दा पहिले नै हिमवत्खण्ड किरातदेश नेपालमा किरातहरूको बसोबास र राज्यसञ्चालनको इतिहास हाम्रो इतिहासमा प्रष्ट देखिन्छ। अनि यहाँ दूध-पानी छुट्याउने पाठकहरूको सामुमा यो पनि कुरा राखौं कि 'महाराजिक' बाट 'मगर' हुनु सम्भव छँदैछ। तर 'मगाश्च ब्राह्मण-भूयिष्ठाः' साम्वपुराणको इतिहासले त ब्राह्मणहरूको रक्षा गर्ने किरातक्षत्रियहरूलाई 'मगर' भनेको बुझिन्छ। मङ्गोलियनको गन्ध पनि आउँदैन। अनि मङ्गोलियाभन्दा हजारौं र लाखौं वर्ष पुरानो इतिहासमा 'मग' शब्द पाइन्छ भने पछि जन्मेको भाषा र इतिहासको के महत्त्व छ ? यहाँ 'मग' शब्द ब्राह्मणको वाचक बुझिन्छ । 'मग' शब्द उपपदक रा=आदाने धातुबाट बनेको 'मगर' शब्द हो भन्न सकिन्छ। योगीजीको 'शाके १२५८' तिरको सेंजाधिराज पुण्य मल्लका कनक ताम्रपत्र-शासनहरूमा पनि महाराजिक, महर, महतौ, मगर राजाहरूको उल्लेख छ (गु० म० वं० पृ० नं० २६)। मगरराजाहरूको उल्लेख वंशावलीमा पनि भएको देखिन्छ । 'पार्कोट्या मगर राजदौहित्र महादेवी सुवर्णमालापुत्राः' (गु० म० वं० पृ० नं० २७) वाक्यमा 'मगरराज'को उल्लेख छ ।

पार्कोट सप्तगण्डकीको प्रदेशलाई भनिएको हो, तर वीर पुस्तकालयको प्राचीन सेनवंशावली पृ० नं० ११४० को पोकोमा भएको वंशावलीमा भने 'पार्कोट्य'को ठाउँमा 'पाकोधा' पाठ छ । तर मगरराजदौहित्र आदि पाठ भने मिलेको छ (प्र० से० वं० पृ० नं० ४) । एउटा विशेषता यस वंशावलीमा यो छ कि कोष्ठमा (पाल्पासेनवंश) भनेर लेखेको छ। यसै प्रकारले 'मकवानपुरवाली गज-लक्ष्मणनाम्नो मगर महीपालस्य' (प्र० से० वं० पृ० नं० २ मा) पनि उल्लेख गरेको छ । यस वंशावलीमा पाल्पा, राजापुर, तनहूँ, मकवानपुर प्यूठान, मदरिया, दर्छे, रिसिङ आदि उल्लेख भएको छ । तर छापिएको पुस्तकमा यस वंशावलीको लेखक वा संग्रहकको चर्चा भए जस्तो लागेन । यसैको साथमा गाभिएको भवदत्तको वंशावली छ । भवदत्त मूलतः कवि हो। उसले कवितामा सेनवंशको वर्णन गरेको छ। उसको विशेषता दोस्रो यो छ कि सेनवंशी राजाको नाम जुन अक्षर या वर्णबाट उठेको छ, उसै अक्षरको उसै छन्दमा श्लोक लेखेको देखिन्छ। त्यसो हुँदा किरातहरूको त वशै छैन । विद्वान् हुँ भन्ने बाहुनहरूलाई पनि हरबर, हन्तु पार्ने खालको छ । तेस्रो वंशावली गङ्गाविष्णुको गाभिएको छ । यो पनि माथिको जस्तै केही गद्य कहीं पद्यमा छ । जम्मा वंशावली ४० पृष्ठमा टुङ्गिएको छ । श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकालय काठमाण्डौबाट पुरातत्त्व प्रकाशनमाला १७ पं० बुद्धिसागर पराजुलीको अध्यक्षतामा शङ्करमान राजवंशीबाट सम्पादित २०२० श्रावण शुक्ल चतुर्थी श्री ५ बडामहारानी रत्न राज्यलक्ष्मी देवीको शुभ जन्मोत्सवमा प्रकाशित भएको छ। यसै गरी 'मकवानपुरवासी गजलक्ष्मणसिंह नाम्नो मगरमहीपालस्य ··' आदि योगीजीको गु० म० पृ० नं० २७ मा पनि पाइन्छ। यो पनि २०२० सम्वत्, शाके १८८५ मा छापिएको छ। योदेखि बाहेक पृ० खे० वं० पृ० नं० ३ मा मुकुन्द सेन, म० पु० से० वं० पृ० नं० ९ मा हरिहरेन्द्रदेव म० पु० से० वं० पृ० नं० १४ तथा से० वं० पृ० नं० १५ मा तनहूँराजा त्रिविक्रमसेन आदिलाई 'हिन्दू' भनेका छन् । '१०७०' योगीजीको लेखाइअनुसार भए पनि ८ शताब्दीका कश्मिरी राजा जयापीडलाई जतिजति सुन्छौं, जति खोदाल्छौं, उतिउति नै गैरिंदै जान्छ, उतिउति नै हिन्दू देखिन्छ, उतिउति नै आर्य देखिन्छ। अनि कसरी किरात-मगर मङ्गोलियन देखिन्छन् त ?

बाख्राको तीनै खुट्टा हुन्छ भन्नेहरूलाई छोडेर नीरक्षीरविवेकी इतिहासको प्रमाण-प्रमेय जान्नेहरूलाई त गुरुङ्ग, मगर आदि हिन्दू नै हुन् । यसमा केही सन्देह छैन ।

थरले पनि आर्य=हिन्दू नै सिद्ध हुन्छ

उपर्युक्त प्रसङ्गमा भनिसकियो कि 'मगर' शब्द 'महाराजिक' शब्दको व्यत्यय हुन सक्छ। तर मेरो विचारमा त 'मगर' शब्द आज पनि संस्कृतैमा प्रयोग भैराखेको छ। त्यसो हुँदा यी मङ्गोलियन होइनन्। यस प्रमाणलाई माथि राखियो। अब मगरहरूको 'थर' माथि उपथर छन्। त्यसमाथि पनि विचार गरौं। हेर्नुहोस्। मगरहरूमा आले, बुढाथोकी, घर्ती, पुनम, राना र थापा आदि हुन्छन्। आलेको सापकोटे, रिमाल, खपतरी, घिमिरे, बराल, बुढाथोकी, भंडारी छन्। यी थर क्षेत्री, बाहुनबाट मगरहरूमा भएका हुन् कि मगरबाट क्षेत्री, बाहुनमा आएका हुन्? यसै रीतिले बुढाथोकीको पनि छ; नामजाली, रामजाली, सिंजाली, लामिछाने आदि छँदैछन्। त्यसै गरी घर्तीमा पनि छन्; रिजाल, कालकोटे, मौमपाल, अर्घले। त्यस्तै पुनमको पनि छ; होलाङ्गी, सावाङ्ग, प्राजाङ्गी, नामजाली, राकाशकोटी, रातुवा, साम। यस्तै रानाको देखिन्छ; भुसाल, चौहान, बचली, पान्ती। थापाको होन्ताकी, मालाङ्गी, पालुङ्गी, कामछा, गीरेल, गोमुख, निवार, होतान आदि छन्। 'मगर' शब्ददेखि लिएर थर, उपथरमा पनि संस्कृत नामकरण किन हुन गयो? धेरैजसोमा चाहिं क्षेत्री, बाहुनको थरसँग टकटकी मिलेको देखिन्छ। किन त्यो हुन गयो? यसमा शब्दशास्त्री र भाषाशास्त्री दुवैले गोडी-नेली एकदम मसिनो चियोचर्चा गर्दा लेशमात्र पनि मङ्गोलियन गन्ध आउँदैन। जुन किरातहरूलाई 'हिन्दूपति' भनेर आदर र गौरवको साथ पुकार्थे, तिनीलाई अहिन्दू भनेर मङ्गोलियातिर धकेल्नु कहाँसम्मको न्याय हो? अतः एक निश्चित भन्न सकिन्छ कि १८-१९ र यो बीसौं शताब्दीको भाषाशास्त्री र इतिहासकारहरूले हिन्दू-किरातक्षत्रियहरूसँग न्याय गरेका छैनन्। हामी मङ्गोल हौं भन्नेहरूको हात होहल्ला र अस्वीकृतिमा उठेको हो। आफ्नो इतिहासलाई भुलेको मात्र हो। एक दिन चेतना आयो भने स्वयं जान्नेछन्।

मगरहरूको थर

आलेको भेद

थर	गाउँ	जिल्ला
१. सापकोटे		
२. रिमाल		
३. रेघमी		
४. सिजापति		
५. खान		
६. खपतरी		
७. घिमिरे		
८. बराल	पिपलडाँडा	पाल्पा
९. दागाल		
१०. बुढाथोकी	भार्से	गुल्मी
११. नाजाली		
१२. रूचान्तु	पाल्पा	पाल्पा

थर	गाउँ	जिल्ला
१३. दरलामी	गाँडाँकोट	पाल्पा
१४. दुकचाकी		
१५. आसलामी	सहल्कोट	पाल्पा
१६. भंडारी	पाल्पा	पाल्पा
१७. वेगनासी		
१८. वामचाकी		

बुढाथोकी मगर

थर	गाउँ	जिल्ला
१. उलुङ्गे		
२. हेरिङ्गी		
३. थामी		
४. धिमी		
५. स्यालवाङ		
६. सुतपाहोर		
७. पंजेङ्ग		
८. नामजाली		
९. रामजाली	गाँडाँकोट	पाल्पा
१०. सिङजाली	बाकामलाङ्ग	पाल्पा
११. रोखान		
१२. लामिछाने	बाकमलाङ्ग	पाल्पा
१३. वैंजाली		
१४. करमनी		
१५. हेरिङ्ग्री		
१६. केचाकी		
१७. बाराकुवारी		
१८. गोमाल		

घर्तीमगर

थर	गाउँ	जिल्ला
१. सिंजाली		
२. तालाजी		
३. फागामी		
४. राखामी		

थर	गाउँ	जिल्ला
५. पुलामी	सहलकोट	पाल्पा
६. रिजाल		
७. कालीकोटे		
८. कौजा		
९. भोमपाल		
१०. वयाम्बु		
११. अर्घंले		
१२. केङ्गे		
१३. सावगी		
१४. सारबुजा		
१५. काहुचा		
१६. माचाल		
१७. तिरूके		
१८. थेरे		

पुनममगर

थर	गाउँ	जिल्ला
१. होलाङ्गी		
२. सावाङ्गी		
३. फुङ्लागी		
४. छोचाङ्गी		
५. प्राजाङ्गी		
६. पोइङ्गे		
७. उलुङ्गे		
८. नामजाली		
९. फाकामी		
१०. दागामी		
११. जागोनले		
१२. चितेरे		
१३. ताजाली		
१४. राकाशकोटी		
१५. रातुवा		
१६. सोठी		
१७. साम		
१८. थेन्दी		

थापामगर

थर	गाउँ	जिल्ला
१. ग्यान्दी		
२. होस्की		
३. होतान्की		
४. मालाङ्गी		
५. पालुङ्गी		
६. सुसिलिङ		
७. गेलुङ		
८. ग्राञ्जे		
९. कोजुङ		
१०. काङमु		
११. कामछा		
१२. गीरेल		
१३. गोमुल		
१४. छोनवार		
१५. निवार		
१६. होतान		
१७. दुरूच्यान		
१८. दगाल		

रानामगर

थर	गाउँ	जिल्ला
१. भुसाल		
२. चौहान	सहलकोट	पाल्पा
३. अरघुले		
४. पाश्र		
५. वचली		
६. पान्ती		

* * *

सेनवंशका किरात

मुसलमानहरूको आतंकले ई० सं० १३०३ तिर अल्लाउद्दीन खिल्जीले खेदेका चित्तौर गढका सिसोदिया वंशका चित्रसेनका दुइजना भतिजाहरू जिलराय र अजिलराय नेपालका पश्चिम हिमालयभेकमा पसेका थिए । दुवैले कर्मसिंह राजाको राज्यमा शरण लिएका थिए । कर्मसिंहको राजधानी राजपुर भन्ने ठाउँमा थियो । जिल[1] र अजिलराय यिनै राजा कर्मसिंहको सेवामा रहे । बस्दै जाँदा कर्मसिंहको राज्य अजिलराय=अजिलसेनले लियो । अजिलरायपछि तुलासेनले मकवानपुर गढीको स्थापना गरेका थिए । तुलासेनका वंशमा दलभञ्जनसेन, गजपतिसेन, चन्द्रसेन, रुद्रसेन, मुकुन्दसेन प्रथम राजगद्दीमा बसे । यस वंशावलीलाई बालचन्द्रशर्माले[2] पनि जस्ताको तस्तै उतारेर राख्नुभएको छ । तर हेमिल्टनले प्राप्त गरेको वंशावलीभन्दा पूर्व कुनै विदेशीले यस्तो वंशावली हात पारेका थिए कि थिएनन् । यो खोजकै विषय छ । तर चित्तौरगढका राजपुत खसक्षत्रिय सिसौदिया वंशका सेनहरू हुन् ।

नेपालका सेनहरू किरातक्षत्रिय सेनहरू हुन् । प्रा० गोविन्दप्रसाद भट्टराईजीले 'मकवानपुरका सेनराजाहरू पनि किरातै हुन्' भनेका छन् (नेपाल र नेपाली, पृ० ६७) । यस्तै गरी 'वानिया एक परिचय, पृ० ९२' मा पनि 'मकवानपुरका सेनहरू किरातै थिए' भनेर लेखेको पाइन्छ ।

उपर्युक्त वंशावलीमा पाश्चात्य लेखकले मकवानपुरका प्रसिद्ध सेनराजा मानिकसेनको उल्लेख गरेको देखिएन । पार्कोट्य मगरराजाका दौहित्र महादेवी सुवर्णमालाका विश्वम्भरसेनदेव, भृङ्गसेनदेव, श्रीनन्दसेनदेव, सुनन्दसेनदेव, लोहाङसेनदेव गनाउँदै लगेर……अन्यच्च तेन मकवानपुरवासिगजलक्ष्मणसिंह नाम्नः मगरमहीपालस्य……भनेर 'गुरुङ्ग मगरवंशावली पृ० नं० २७' मा योगी नरहरिनाथले उल्लेख गर्नुभएको छ । यी उपर्युक्त प्रमाणहरूले सेनवंशी राजाहरू मगरकिरातै थिए भन्ने सिद्ध हुन्छ । तर विष्णुप्रसाद घिमिरेको शोध-प्रबन्धमा संवत् १२२३ को गन्धर्वसेनको स्याहामोहर १, संवत् १८३७ को मुकुन्दसेनको दोस्रो स्याहामोहर २, संवत् १८१४ को पृथिवीपालसेनको स्याहामोहर ३ तथाअमरगञ्जको शिलालेख, सिग्रौलिको प्रस्तरस्तम्भ, सैनामैनाको स्त्रीमूर्ति तथा मुगलमूर्ति आदिको निकै महत्त्वपूर्ण शोधखोज गरे पनि सेनहरू को थिए ? इत्यादि प्रश्न प्रश्नकै रूपमा देखिन्छ । जे होस् पालपाली सेनहरूको बारेमा सन्देह गर्ने अवसर छैन । उपर्युक्त प्रमाणहरूका साथै पालपाली सेनहरूका वंशधरै मिल्यो भने अरू के प्रमाण चाहियो र ?

सेनकिरातहरूको धार्मिक देन

सेनकिरातहरू महाभारतकालदेखि नै उल्लेख हुँदै आएका एक ऐतिहासिक व्यक्तित्व हुन् । तर सेनहरूको पनि कतै उत्थान र कतै पतन हुँदै नै रह्यो । महाभारतकालदेखि लोप भएको सेनकिरात एकैचोटि बाह्र तेह्र शताब्दीतिर फेरि छुटपुट छुटपुट रूपमा देखिन थालेका थिए । तिनै रुद्रसेन, मुकुन्दसेन, द्वितीय

---

[1] Were Jil and Ajil Raya, son of Buddhi, brother of Chitra Sena, Raja of Chitaur, and son of Pratap Sena, son of Udaya Raj Sena, of the Sisaudhiya. Tribe of the kshatriya race. These two adventures, with 700 soldiers of fortune, entered into the service of Karma Singh, a person of the impure tribe of Bhawar, which is very numerous in the low country subject to Nepal. This chief resided at Rajput, on the west side of the Gandaki, or Salgrami. (Account of Nepal, P. 129)

[2] ने० ऐ० रु० रे० पृ० २००

मुकुन्दसेन आदि पाल्पाका नामी शासक हुन पुगे। यिनै पाल्पाली सेनहरू मकवानपुर, चौदण्डीगढी र विजयपुरमा पनि शासक हुन पुगेका हुन् भन्ने केही इतिहासकारहरूको भनाइ छ। तर चौदण्डीगढी र विजयपुरको सेनकिरातहरूको अनुसन्धान भएकै छैन। पाल्पा र मकवानपुरका सेनराजाहरू मगरकिरातहरू थिए। यसमा सन्देह गर्ने अवसर छैन। यसमा पनि मकवानपुरे सेनकिरातहरू पृथिवीनारायण शाहका ससुराली थिए। यी सेनहरूले धार्मिक र राजनैतिक दुवै दृष्टिकोणले नेपाललाई ठूलो सहयोग गरेको मान्नुपर्छ। आजको पूर्वपश्चिम तराई प्रदेशको भौगोलिक मानदण्ड सेनकिरातहरूको धार्मिक र राजनैतिक सूझबूझ हो। आफूलाई हिन्दूपति कहलाउनमा गौरव मान्ने सेनशासकहरूको वर्चस्व यद्यपि सारै लामो रहन सकेन। जति रह्यो, त्यो पर्याप्त थिएन। तैपनि तात्कालिक राजनैतिक परिवेशमा आआफ्नो शक्तिको प्रयोग गरेर धार्मिक कार्य पनि सुदृढरूपमा गरेका थिए भन्ने इतिहास उनैका स्याहामोहर, लालमोहर आदि कागजपत्र तथा शिलालेख आदिबाट प्रष्ट बुझ्न सकिन्छ। ती लेखहरूमा आफ्नो वंशपरम्परा पनि लेखेको पाइन्छ। जस्तै–वि० सं० १८०१ मा मकवानी राजा हेमकर्णसेनले शिवलिङ्ग स्थापना गरेको अभिलेख[1] हेर्नु आवश्यक देखिन्छ। मकवानपुरका शक्तिशाली किरातसेनराजाहरूमा हरिहरसेन, शुभसेन, माणिकसेन, हेमकर्णसेन, दिग्बन्धसेन केवल पाँच पीढीसम्मको शासन देखिन्छ। पृथिवीनारायण शाहले आफ्नो जेठान दिग्बन्धसेनलाई समाप्त गरेपछि मकवानपुरको राजपरम्पराको अन्त भएको हो। तर मटिहानीको गुठी मकवानी राजा माणिकसेनले राखेको देखिन्छ भने जनकपुर जानकीमन्दिरको गुठी पनि माणिकसेनले नै स्थापना गरेको देखिन्छ। यसरी तराईभेकमा अवस्थित जनकपुर, जलेश्वर, मटिहानी, वराहक्षेत्र, चतरा, रामधुनी, पिण्डेश्वर आदि हिन्दूतीर्थस्थलहरूको महत्त्वपूर्ण तथा ऐतिहासिक उद्धार किरातसेनहरूले गरेका छन्। यस्तै संवत् १११४ को इन्द्रविधातासेन (वि० सं० १७६४), वि० स० १४८४ मा माणिकसेन, वि० सं० १८०८ मा हेमकर्णसेन आदिले ताम्रपत्र आदि लेखिदिएको इतिहास किरातको लागिं महत्त्वपूर्ण[2] रहेको छ। यसरी सेनकालिक इतिहासमा अनुसन्धान गर्न शेषै भए पनि पाएसम्म प्रमाणहरूले सेनराजाहरूले दिएको देन बिर्सिनसक्नु छ।

सेनवंशी किरातहरू र बाबुराम आचार्यको भूल

पाल्पा, मकुवानपुर, चौदण्डी गढी, विजयपुर गढीका मुकुन्दसेन, दिग्बन्धसेन, हरिसेन, कामदत्तसेन आदि राजाहरू किरातक्षत्रिय राजाहरू थिए। यीमध्ये पाल्पाको मुकुन्दसेन त किरातक्षत्रियकुलका मगरराजा थिए। मकुवानपुरको राजा मानिकसेन, दिग्बन्धसेन आदि पनि किरातक्षत्रिय नै थिए। शेष १८७२ को सन्धिपत्रमा 'चौदण्डी[3] गढी र विजयपुरका किरातहरूलाई··' भनेर लेखेका हुनाले त्यहाँका राजाहरू राईहरू नै थिए भन्ने प्रष्ट बुझिन्छ।

केवल उपर्युक्त प्रमाणहरूले मात्र होइन अपितु अन्यान्य साक्षीले पनि सेन (श्यान) वंशीहरू किरातै थिए। किन्तु किरातक्षत्रियमा पनि सेनवंशी थिए भने खसक्षत्रियहरूमा पनि सेनवंशी थिए। पं० गुणा-

---

[1] "श्रीमहाराजाधिराजहरिहरसेनस्य प्रपौत्रः, श्रीमहाराजाधिराजशुभसेनस्य पौत्रः, श्रीमहाराजाधिराजमाणिकसेनस्य···· पुत्रः, महाराजाधिराजकुमारश्रीश्रीदिग्बन्धसेनस्य जनकः महाराजाधिराजश्रीश्रीहेमकर्णसेनप्रसिद्धाभिधानो हिन्दुपतिराजचक्रचूडामणिः" (मोहनप्रसाद खनाल, अभिलेखसङ्कलन, पृ० १२६–२७)

[2] धनवज्र वज्राचार्य (वैदिक उद्बोधन, २ वर्ष, अङ्क २, वि० सं० २०४९, काठमाण्डौ)

[3] इ० प्र० सन्धि-पत्र, भाग ५, पृ० नं० ६३५।

नन्दको 'सेनवंशावली' यसको प्रमाण छ। सेनवंशावलीले बताएअनुसार पाल्पा र मकवानपुरका सेनहरू निश्चितै किरातक्षत्रिय मगरकुलका हुन्। यस्तै प्रमाण केसरमहलमा रहेको नारदस्मृतिको 'टिप्पणी' हो। नारदस्मृतिको प्रतिलिपि गर्ने विद्वान् नभए पनि अवश्य नै प्रामाणिक कुरा बुझेर नोट गर्न सक्ने व्यक्ति थिए। यसरी नै वि० सं० १९३४ मा प्रकाशित दानिल[1] राइटको 'नेपालको इतिहास' भन्ने ग्रन्थमा पनि 'मगरै' उल्लेख भएको देखिन्छ।

यी प्रमाणहरूलाई खण्डन गर्ने प्रयासमा पं० गुणानन्द र राइटलाई (भानुभक्तस्मारकग्रन्थ, पृ० नं० ६८, प्रकाशित १९९७, नेपाली साहित्य सम्मेलन, दार्जिलिङ्ग) बाबुराम आचार्यले खण्डन गर्ने प्रयास गरेका छन्। तर प्रमाण भने दिन सकेका छैनन्। नारदस्मृतिमा उल्लेख प्रमाणलाई चाहिं इतिहास-संशोधन मण्डलले 'पूर्णिमा' पत्रिकामा निक्कै समारोहको साथमा कडाकडी थाथाथुथु गरेको छ। तर त्यहाँ पनि मुकुन्दसेन मगर होइन भन्ने मात्रै प्रयास भएको छ। प्रमाण पटक्कै पुगेको छैन। मेरो विचारमा उक्त महानुभावहरूले आलोचना गरेका प्रमाणहरूले नै मुकुन्दसेन किरात-सेनवंशी मगरराजा थिए। मुकुन्दसेनको समय १८ शताब्दी मानेका छन्। तर बाबुराम आचार्यले सेनहरूको उदय १६ शताब्दीभन्दा पूर्व मानेका छैनन्। यद्यपि दुइटा मुकुन्दसेन देखा परेका छन्। यी दुइटैका शोधखोज बाँकी नै भए पनि सेनहरू किरातै हुन् भन्नुमा अतिशयोक्ति हुनेछैन, किनभने 'परापूर्वकालमा हाम्रो पुर्खा राजा मुकुन्दसेन थिए। आज हामी यस्तै साधारण भए पनि प्राचीनकालका सेनवंशी राजखानदानका थियौं।' भन्ने प्रसिद्ध मित्रसेन थापा आदि मगरहरू पनि मिलेका छन्। जब मुकुन्दसेनका वंशपरम्पराका मानिस नै प्राप्त छन् भने राजा मुकुन्दसेन मगर होइन भन्नुमा के प्रमाण मिल्छ र?

सेनमगरहरूले आजभोलि कतै थापा, कतै अरू नै भन्ने गरेका छन्। मित्रसेनसँग १९५५ ई० सं० मा दार्जिलिङ आदिमा भेट गर्दा किरातमगरहरूबारे चर्चा विचर्चा गरिरहन्थे। 'हामी पाल्पाका राजा मुकुन्दसेनका एक दूध खाएका सन्तान हौं, आज कसरी बिग्रयौं' भन्दै 'गोर्खाली खाली भयो तीन पानेले हो कि?' भन्ने गीत हार्मोनीयम र तबलामा गाएर गोर्खालीलाई दुर्व्यसन र अकर्मण्यताबाट हटाउने ठूलो प्रयास गरेको हो। यसरी सभाहरूमै आफूलाई भन्नुको अर्थ हो पाल्पाका राजा मुकुन्दसेन आदि किरातराजा मगरवंशका थिए। उनैका वंश मित्रसेन थापा आदि थिए। मास्टर मित्रसेन थापाले जीवनभरि नै समाज-सुधारको काम गरेको हो। साथमा बहादुरसिंह बराल पनि थिए। पछि बराल[2] र मित्रसेन अलग भएर रहन थालेका थिए। पेशाले पनि अलग हुनु करै लागेको थियो। बराल र सेन दुवै मगरै हुन्। नेपाल-भित्र भने आफूलाई 'सेन' भन्ने मगरहरू जि० काभ्रेपलाञ्चोकमा 'सेन' मगरहरू पाँच घर जति छन् अरे। यो जानकारी लालबहादुर रेग्मी मगर, पिता दलबहादुर रेग्मी, गाउँ वाल्कीन काब्रेबाट प्राप्त भएको हो। यस्तै गरी पौडेलमगरहरू श्रीकण्ठे गाउँ, मल्लमगरहरू फूलवारिया गाउँ, जि० धनुषा, जनकपुर तथा पोखरेल मगरहरू मधुमाला, ढुकुरपानी, मेची आदिमा छन् भने रखाल, बुढाथोकी आदि मगरले आफ्नो गोत्र 'अत्रि' आदि बताउँछन्। यसरी शोधखोज गर्दै लैजाँदा किरातक्षत्रिय मगरहरूमै पाल्पाली तथा मकवानपुर, चौदण्डीगढी र विजयपुरका सेनहरू थिए भन्ने बुझिन्छ।

*

---

[1] The Mogar Raja named Mukund Sena. (History of Nepal)

[2] बहादुरसिंह बराललाई पनि बाहुन बराल र क्षत्रिय बराल हो भन्दै गरेको सुनिन्छ। तर बहादुरसिंह बराल 'मगर' हुन्, जसको छोरा आई० जी० खडगजीत बराल छँदैछन्।

गुरुङ्ग-किरात

गुरुङ्गजातिको बारेमा पनि यही भ्रम फैलिएको देखिन्छ। यसो सुन्ने जान्ने गुरुङ्गहरूको माझमा बसियो भने कुरा शुरू भैहाल्छ। अनि सबैभन्दा ठूलो झटारो अरू केही मिल्दैन। तर आजभोलि किरात-हरूको लिखित प्रमाण वंशावलीबाहेक अरू केही मिल्दैन। वंशावलीलाई हेला गरेर नपत्याए आफ्नै हत्या हुनेछ। हो हामी यो भन्न सक्छौं कि वंशावलीको सबै अंश प्रामाणिक भन्न सकिंदैन। तर जुन अंशलाई हामीले प्रमाण मानेका छौं, त्योभन्दा अझ गतिलो प्रामाणिक अंश प्राप्त नभइन्जेलसम्म त्यसैलाई प्रामाणिक नमानी सुखै छैन। नबुझीकन मङ्गोलियातिर फाल हान्दा झन्सारो अभरमा पर्न सकिन्छ। आधुनिक युगमा गुरुङ्गहरूको बारेमा मनग्य खोज भएको देखिन्छ। तर सबैको भनाइ मङ्गोलमा छ। त्योचाहिं खोजी गर्नेहरूको ठूलो भूल हो। यहाँ हामी 'गुरुङ्गजाति र संस्कृति' किताबको पनि केही अंश उद्धृत गर्दै छौं। यस किताबको लेखक जगमान गुरुङ्ग हुन्। पुस्तक 'पोखरा सेन्टर प्रेस', भीमसेन टोल पोखरा, गण्डकी अञ्चल नेपालबाट २०३४ पौष १ गते प्रकाशित भएको छ। यो किताबको प्रयोजन गुरुङ्गजातिको सामान्य परिचय गराउनु हो। त्यसो भएको हुनाले लमजुङ, कास्की, याङ्जाकोट देउरालीका श्री लालबहादुर गुरुङ्गको घरमा भएको अप्रकाशित हस्तलिखित वंशावलीको आधारमा दोस्रो घलेको परिचय ऐजन वंशावली हो। तेस्रो योग प्रचारिणी गोरक्षटिल्ला काशीबाट प्रकाशित गोरखा वंशावलीको आधारमा, चौथो लामा लामिछाने र घलेको परिचय ऐ० वंशावली कास्की विजयपुर, डिहीका जि० मु० श्री बलबहादुर गुरुङ्गको घरमा भएको अप्रकाशित हस्तलिखित वंशावली, पाँचौं नम्बर योगीनरहरिनाथद्वारा[१] सम्पादित इतिहास-प्रकाश प्रथम अंक र सन्धिपत्र-संग्रहमा समेत प्रकाशित गुरुङ्ग-वंशावलीको आधारमा लेखिएको हो। लेखक जगमान गुरुङ्गले यति केलाइ छनाइ गरिसकेपछि के भन्नुभयो भने "वंशावली-अनुसार गुरुङ्गहरू आर्य देखिन्छन्" (गु० जा० सं० पृ० नं० २५)। गुरुङ्गको गोत्र नै काश्यप गोत्र (गु० जा० सं० पृ० १) हो। यी गुरुङ्गहरू सूर्यवंशी किरातक्षत्रिय हुन्। त्यसमा पनि घले गुरुङ्गको त प्रष्ट चारै थरका घलेको सूर्यवंश, भारद्वाज गोत्र, भारद्वाज, अंगिरस, बार्हस्पत्य, त्रिप्रवर र माध्यन्दिन शाखा हो (गु० जा० सं० पृ० नं० ९) भनेर उल्लेख भएको छ। त्यसो भएको हुनाले गुरुङ्गहरू शुक्लयजुर्वेद माध्यन्दिन शाखाका अध्यायी हुन् भन्न सकिन्छ। तर पछि केही काल बितेपछि घले गुरुङ्गराजाले आफ्नो सनातन यजुर्वेद छोडी अथर्ववेदअन्तर्गतको कौलमार्ग बौद्धमत लिएछ (गु० जा० सं० पृ० नं० ७)। तर यहाँ बौद्धमार्ग र कौलमत भिन्न-भिन्नै भएको हुनाले लेखकलाई ज्ञान नभएजस्तो बुझिन्छ। किनभने 'कौलमार्ग' एकदम भिन्न तान्त्रिक मार्ग हो। बुद्धधर्म मध्यम मार्ग हो। तर दुवै हिन्दू नै हुन्। दुवै आर्य नै हुन्। त्यसो भएको हुनाले जता गए पनि गुरुङ्गहरू हिन्दू र आर्य नै हुन्। लेखक जगमान गुरुङ्गलाई (गु० जा० सं० पृ० नं० २५) निर्णय गर्ने शक्ति आएन र नै 'अतः हाल यसलाई एउटा समस्याकै रूपमा राखौं, विद्वान् विवेकीहरूले यसबारेमा विवेचना गरून्'

---

१. 'गुरुङ्ग मगर वंशावली' मननपूर्वक हेर्नुहोस्। यो वंशावली वि० सं० २०११ सालमा गोर्खा दरौंदीको शिरान घुनचोकबाट, गोर्खा माथिल्लाकोटका मानबहादुरकी काली घलेनीबाट प्राप्त गरेर योगी नरहरिनाथले सम्पादन गर्नुभएको छ।

लेखेको छ । वस्तुतः निर्णय भैसकेको वस्तुलाई के निर्णय गर्ने ? गुरुङ्गहरू शुद्ध आर्य–हिन्दू नै हुन् भन्ने प्रमाण मिलिसकेपछि जबसम्म अर्को प्रवल प्रमाण मिल्दैन, तबसम्म गुरुङ्ग हिन्दू नै हुन् । २०२० मा प्रकाशित 'गु० म० वं०' पृ० नं० १ पंक्ति १ मा पनि घले गुरुङ्गहरूलाई श्रीष यजुर्वेद, माध्यन्दिनी शाखा, भारद्वाज गोत्र, सूर्यवंशी भनेर नै लेखिएको छ । त्यसो हुँदा गुरुङ्गहरू हिन्दू–आर्य नै हुन् भन्नमा सन्देह गर्ने आवश्यकता देखिंदैन । अब रह्यो १२ शताब्दीदेखि यता लेखिएका वंशावली अप्रामाणिक हुन्छ भन्ने कुरा; त्यो नियम त १५ शताब्दीदेखि यता लेखिएका इतिहासमा पनि समानरूपले लागू भएको देखिन्छ । १५ शताब्दीदेखि यता लेखिएका किरातसम्बन्धी इतिहासको प्रामाणिकता कुनै हालतमा स्वीकार्य छैन । जाल साँदा र कूटनीतिमा भासिएका हुनाले यसको प्रामाणिकतालाई तिलाञ्जलि दिए हुन्छ । मंगोल देशको आविर्भाव हुनुभन्दा हजारौं वर्षपहिले नै गुरुंगकिरातहरू नेपालमा मजाले वसिराखेका थिए । अनि कसरी मंगोलबाट आए ? मंगोलियन अनुहार बन्नुभन्दा पहिले नै गुरुंग, मगर, राई, लिम्बू आदि किरातहरूका अनुहार बनिसकेर नेपालमा राजपाठ चलाइराखेका थिए भने कसरी यी मंगोल नश्लका हुन पुगे ? इतिहास-ज्ञान नभएको जस्तो लाग्छ । आफैंले आफ्नो माथि विवेचना गर्नु आवश्यक छ ।

यसरी नै गुरुंगसंस्कृतिले पनि मंगोलियन सिद्ध हुँदैन । लाटो पनि धेरै नै लाटो जस्तो लाग्छ, किन भने आफूलाई मंगोलियन घोषणा गर्छन् । तर उनीहरूको गोत्र, प्रवर शाखा, संस्कृति, सभ्यता आदिले चाहिं उनीहरूलाई शुद्ध हिन्दू-आर्य सिद्ध गरिराखेको हुन्छन् । यही त आश्चर्यको कुरा छ । यसो राम्ररी घोरिएर आफ्नो इतिहास, संस्कृति, सभ्यतातिर हेरे भने आफूलाई शुद्ध हिन्दू नै पाउनेछन् । युक्ति प्रमाणले पनि हिन्दू नै सिद्ध भैराखेका छन् । हामीले जबर्जस्ती हिन्दू-आर्य सिद्ध गर्न खोजेका छैनौं । उनीहरूको कल-चर (Culture)-ले हिन्दू सिद्ध छ । त्यसको लागि केही उदाहरण या प्रमाण दिंदै छौं । राम्ररी हेर्नुहोस् । यी प्रमाणहरूले के भन्छन् ? राशिको नामबाट नाम राख्ने चलन, राशि र दिन-बार हेर्ने चलन, ग्रह, दशा विचार गरी राशि जुराउने चलन, नाम-राशिको टिप्पणी लेख्ने चलन, जन्मपत्रिका लेखाउने चलन आर्यहरूकै हो । नौरान गर्दा ९ दिनमा बालकलाई पञ्चरत्नहरूको शुद्ध जलले स्नान गराई राशिको नाम सुनाउने चलन, त्यसै दिन बालकलाई बाहिर निकालेर सूर्यको जस्तो तेज होस् भनेर सूर्यलाई देखाउने चलन, अन्न प्राशनको चलन आर्यकै हो । क्षौर गर्दा साइत पारेर पूर्वतिर मोहडा गरेर बालकलाई गाई-गोठमा लगी क्षौरकर्म गर्छन् । त्यसको भोलिपल्ट छुरा लगाई 'टुप्पी' राखी कपाल मुढाउँछन् अनि टोपी लगाइदिन्छन् । यो पनि शुद्ध हिन्दूहरूको कर्म हो । विवाहमा पनि कन्यापक्ष र वरपक्ष दुवैमा थर, गोत्र, प्रवर आदि नालीबेली केलाएर मात्रै कुरा गर्ने चलन छ । त्यो कुरा भइसकेपछि चिना टिप्पणी लेखेर ज्योतिषीसँग दिन, ग्रह, नक्षत्र, दशा आदि शुभ र अशुभ विचार गर्ने चलन, त्यसपछि कन्यापट्टि दियो-कलश थापी गोत्र सार्ने चलन पञ्चेबाजा र नौमती बाजासहित जन्ती जाने चलन, गोत्रीय दाजुभाइ इष्टमित्रहरूले कन्याको गोडा धोई पानी खाने र दक्षिणा दिने चलन, कुमार भए वरको गोडा धोई पानी खाई वरको पाउ पुजी कन्या-दान दिने चलन छ । त्यसपछि घरको आँगनमा दही अक्षता, फूल, पाती, लावा, अबीर लिई पञ्चकन्याहरूले दुलाहाको घरमा दुलही पुऱ्याउन आउनेहरू समेतलाई स्वागत गर्छन् । अनि ढोकामा ग्रहशान्ति गर्छन् । अनि पछि अँगेनामा अग्निपूजा गरी दुलाहा-दुलहीलाई टीको-टालो गर्ने चलन छँदैछ । फेरि कुमार केटाले दुलहा र दुलहीलाई दहीको सगुन दिन्छ । यो के अहिन्दू-संस्कार हो र ? अनार्य-संस्कार हो ? अनि वंशावलीमा गुरुंगहरूलाई आर्य बनाएको छ भनेर किन नाक चेपार्ने ? सबैभन्दा पहिले आफ्नो इतिहास र संस्कृतिको अध्ययन नगरीकन आफूलाई मङ्गोलियन मान्नु त लाज मर्नु कुरा हो । जे होस् यी माथिका प्रमाणले त गुरुंग आर्य

नैं हुन् । यसमा केही सन्देह छैन । अब अन्त्यष्टि-क्रियाको बारेमा पनि यसो एक झल्का मारिहालौं । के यी गुरुंगहरू मङ्गोलियन हुन् त ? उनीहरूका अन्त्यष्टि-क्रिया पनि शुद्ध हिन्दू-आर्य नै छ र हामीले जबर-जस्ती हिन्दू-आर्य बनाउन खोजेको होइन । उनीहरू अनादिकालदेखि हिन्दू नै थिए र हिन्दू नै छन् पनि । त्यो के हो भने मर्ने मान्छेको छोराले जलाउने वा गाड्ने बेलामा दागबत्ती दिने चलन । घरको आँगनबाट शवयात्रा चलाइसकेपछि पहिले भित्रबाट गोबर-माटोले घर पोत्दै बाहिर निस्कने र फेरि बाहिरबाट पोत्दै भित्र पस्ने गर्छन् । श्रद्धाञ्जलि सकिएपछि ढ्यांग्रो, शङ्ख, घण्टा बजाएर नाच्ने चलन, सगोत्रीयले मात्रै शव छुने चलन, वैतरणी जस्तै 'कर्मी' अर्थात् आरती बत्ती बाल्ने चलन, सबैभन्दा ठूलो कुरो के छ भने छोराले एक माना चामलको पिण्ड पकाएर त्यस पिण्डलाई चार डल्ला बनाएर चारैतिर फाल्ने चलन अहिन्दूहरूको होइन । राहुले दुःख नदेवस् भनेर पश्चिम दिशातिर धनुष काँडले वर्षा गर्ने चलन पनि अहिन्दू होइन । यी माथिका कुनै पनि संस्कृति अहिन्दू छैनन् । रह्यो मासु, जाँड रक्सीको कुरा; यो संस्कृति होइन, दुर्व्यसन मात्रै हो । झाँक्री, ध्यावृेङ्, लामा र बाहुनपुरोहितलाई गुरुंगहरूले मानेर ल्याएका छन् । यीमध्ये बाहुनलाई छोडेर अरू तीनैलाई अशिक्षित जनताले कारणवश पुरोहित मानेर ल्याएका हुन् । त्यसो हुँदा बौद्ध भए पनि तान्त्रिक भए पनि आखेरी हिन्दू नै हुन् । आर्य नै हुन् । यसमा केही फरक छैन । त्यस्तै बार, तिहार पनि छन् । माघे संक्रान्ति, चैते दशैं, तीज, रामनवमी, शिवरात्रि, जन्माष्टमी, रक्षाबन्धन आदि जस्ताको तस्तै मनाउँछन् । अलिकति शब्दले फरक पर्ने तिहार गुरुंगहरूको 'घाँटु' र रौंधि हो । यी दुवैमा 'घाँटु'लाई राम्ररी केलाएर हेर्ने हो भने माझकिरातका राईहरूको 'साकेला र चण्डीनाच' जस्तै हो । अनि यिनीहरूको शाब्दिक अर्थ खोदालेर हेर्ने हो भने आफ्नो इतिहास आफैंले प्रष्ट पार्नेछ । यहाँ भन्नु यति छ कि गुरुङ्गहरूको कुनै पनि संस्कृति, सभ्यता र इतिहास, वंशावलीले अनार्य बताउँदैनन् । शुद्ध आर्य नै हुन् भन्ने कुरा माथिका प्रमाणहरूले सिद्ध भइसके । रह्यो बुद्धधर्मावलम्बी हुने कुरा; बुद्धका पिता शुद्धोदन शुद्ध शाक्यवंशीय किरात हिन्दू नै थिए । त्यसो हुँदा बुद्धबाट चलेको बौद्धधर्म त हिन्दूधर्मकै एक अंग हो । कतिपय सम्प्रदायवादलाई आपसीमा हेर्न नसक्नेहरूले आफूलाई भिन्न सम्झून् । तर समझदार, विचारवान्हरूले त हिन्दूआर्य-बौद्धलाई अलग सम्झँदैनन् । बौद्ध पनि हिन्दू नै हुन् भनेर जानिराखेका हुन्छन् । त्यसो हुँदा गुरुंगहरूले हिन्दू हुनुमा केही सन्देह छैन । गुरुंग हिन्दू नै हुन् ।

सोह्र जात गुरुङ्ग

थर	गाउँ	जिल्ला
१. खुलाल	गोरखा	गोर्खा
२. रिमाल		
३. चोहोमनु		
४. छाङ्ली		
५. कोपचई	ठोर	तनहूँ
६. ग्रेलाङ		
७. नानरा		
८. तानजाल		
९. खातराईङ्		

थर	गाउँ	जिल्ला
१०. दिंगेल		
११. किन्जु		
१२. छार्लाङ		
१३. क्रिमजा		
१४. मापचाईन		
१५. मासरङ्गी		

गुरुङ्गमुखियाको थर

लामा गुरुङ्गको हाँगाबिगा

थर	गाउँ	जिल्ला
१. छाईनवारी		
२. कोरङ्गी		
३. पाङ्गी	रेमान	कास्की
४. केलुङ		
५. हुन्द्रुङ		
६. पुंगी	रेमन	
७. तिंगी		
८. दिंगी		
९. हुरदुङ		
१०. नाकचे		
११. क्यूपी	गोरखा	गोरखा
१२. खिमु		
१३. पुंगी		
१४. लोहन्		
१५. छेलेन		
१६. मोक्तान		
१७. पैञ्जो	रोमन	कास्की
१८. तार्लोन		

गुरुंगहरूको बारेमा उनीहरूको वंशावली पाइन्छ। तर वंशावलीदेखि बाहेक आधुनिक पाश्चात्यहरूले पनि निक्कै चासोमा चीसो पाराले खोजेको देखिन्छ। ती खोज गर्ने पाश्चात्यहरू यी हुन्—जिरोकवाकिता (१९५७), वेनार्द पितेले १९६६ मा गुरुंगहरू 'नेपालको हिमालको एक जाति' उल्लेख गरेको छ। 'गुरुंग नारी' (पृ० नं०२२४) यो खोज १९७२ मा उइची फुरूकावाले गरेको हो। यो जापान-नेपाल मैत्री संघको खोज हो। टोकियोबाट प्राप्त भएको हो।

लामिछाने गुरुंगको हाँगाबिगा

थर	गाउँ	जिल्ला
१. कुर्बु		
२. क्रिगी		
३. मुरंमाइ		
४. नाचा		
५. तुता		
६. क्रिरूम		
७. कोरबा	सावित	नया कास्क
८. तेसेन		
९. पैजा		
१०. काबरी		
११. छैंबारी		
१२. छेंगी		
१३. मरेलुङ		
१४. किवाली		
१५. कुस्मचये	आँधिखोला	स्यांजा
१६. छोक्केन		
१७. छिपलिङ		

गुरुंगहरूको चार जात र सोह्र जातबारे (पृ० नं० २२५–२२७) लेखक शिनिचिरो कुरोदाले पनि निक्कै मिहनत गरेका छन् । यसै प्रकार दर्जनौं पाश्चात्य लेखकहरूले गुरुंगहरूको बारेमा लेखिसकेका छन् । तर धेरैले मंगोलियाको सपना देखेका छन् । कुनै दोधारेमा पनि छन् । मंगोलियन भनेर लेख्नेहरूले हेमिल्टन र हजसन आदिले भनेको कुरा त १८१८–१८३३ को गफ मात्रै ठहरिन्छ । तिनीहरूको नक्कल गरेर लेखक त होइन, लेखकको पुच्छर हुन खोज्नेहरूले भन्छन् —"साथै हिन्दूसमाजमा प्रवेश चाहने केही सम्पन्न गुरुंग-परिवारहरूले पनि यिनै वंशावलीबाट प्रेरणा र हिन्दूधर्ममा आधारितले 'मुलुकी ऐन' को सहारा लिए । तर नृशास्त्रको आधारमा गुरुंगहरूको शरीरको बनोट र भाषाविज्ञानको आधारमा तिनीहरूको भोट बर्मेली भाषा तथा सांस्कृतिक आधारमा तिनीहरूको विशेष जातीय धर्मलाई हेर्ने हो भने वंशावलीका कथनहरू एकदमै मिथ्या, तथ्यहीन र मनगढन्ते भन्न कर लाग्छ" । 'कोङपी' गुरुङ्गजातिबारे' पृ० नं० ३ देखि ६ मा

घले गुरुङ्ग

घर	गाउँ	जिल्ला
१. ग्यापसिङ	बार्फा	लमजुङ
२. रिलाङ	खसुर	,,
३. सामरी	,,	,,

थर	गाउँ	जिल्ला
४. पार्जा	खसुर	लमजुङ
५. बारापागे	,,	,,
६. पिलिङ	,,	,,
७. क्यालडाङ	गोरखा	गोरखा
८. चामरे	,,	,,
९. डायाङ	,,	,,
१०. गोर्लेङ	,,	,,
११. ग्यालटिङ	,,	,,
१२. लिल्लाङ	,,	,,
१३. रिल्ली	बार्फा	,,
१४. दानी	,,	,,
१५. ताङ्गे	,,	,,
१६. रिलडिङ	,,	,,

डा० हर्क गुरुंगले गुरुंगहरूको बारेमा को कतिले शोधखोज गरे, त्यो विषय लिएर कोट्याएको देखियो। तर डा० हर्क स्वयं हिन्दू भएर पनि 'म हिन्दू होइनँ' भने जस्तो गर्दा रहेछन्। यो कुरा माथिको पंक्तिले बुझाउँछ। रह्यो 'वंशावली'लाई झूठा ठहराउने कुरा; वरपरको प्रसंग नहेरीकन, अध्ययन नगरीकन 'तथ्यहीन' भनेर हुँदैन। त्यसमा आफ्नो अध्ययनको योग्यता प्रस्तुत गर्न सक्नुपर्छ। तथ्य र प्रमाण नराखीकन त्यो विषय सिद्ध हुँदैन। 'नृतत्त्व' शास्त्रको आधारमा गुरुंगहरूको बनावट अरूसँग दाँज्दा भिन्नै देखिने कुरा पनि बिच्छुको मन्त्र नजानी साँपको दुलामा हात हालेको जस्तो देखिन्छ। भोट, बर्मेली भाषासँग गुरुंग भाषालाई दाँज्नु खोज्ने क्रमले यो बुझाउँछ कि भाषाविज्ञानको छेउसम्म पनि पुगेका छैनन्। गुरुंगसंस्कृतिको बारेमा त कुरै के; शुद्ध आर्य-हिन्दूसंस्कृति गुरुंगहरूमा पाइन्छ। केही पढेका लेखेका हौं भन्नेहरूदेखि वाहेक आज पनि त्यो संस्कृति छँदैछ। केही परिवर्तन र केही दुर्व्यसनमा परिणत हुनु स्वाभाविकै हो। तर त्यसले मङ्गोलियन सिद्ध हुँदैन। वस्तुतः सम्पूर्ण किरात सूर्यवंश र चन्द्रवंशभित्र विभाजित छन्। गुरुंगहरू सूर्यवंशी हिन्दू-आर्य नै हुन्। गुरुङ्ग-किरातहरूको बारेमा 'किरात' शब्द उनीहरूले लेख्न र बोल्न निकै पहिले-देखि बिर्सेको हुनुपर्छ, किनभने सबै कुरा किरातहरूसँगै मेल खान्छ। त्यसैले यहाँ गुरुङ्ग शब्ददेखि पर किरात शब्द जोड्ने उद्यम भएको हो। गुरुङ्गहरूको बारेमा यहाँ सूत्ररूपमा अनुसन्धेय विषय प्रस्तुत गरिएको छ। विशेष अनुसन्धान भविष्यमा राखिएको छ।

घोतानी गुरुङ्ग

थर	गाउँ	जिल्ला
१. चोली		
२. आथ्री		
३. लोनोन		
४. थागरेन		

थर	गाउँ	जिल्ला
५. हापुर		
६. मिघी	पोखरा	कास्की, स्यांजा
७. बार्लारोन		
८. कोप्चाईन		
९. चोमरोन		
१०. पाछारीन		
११. तर्गुरूं	देवउराली	स्यांजा
१२. नागीरीन		
१३. घोर्लिन		
१४. आन्दुरीङ		
१५. छेनो		
१६. मिघिरीन		
१७. किम्मु		
१८. कालारीन		
१९. कामजे	धान्दुङ्ग	कास्की
२०. तक्रे	,,	,,
२१. आलोकोन्मये	,,	,,
२२. चुलुरूह	थाक	,,
२३. मुज्रुरूंह	धम्बुस	,,

* * *

सुनार-राई

राई, लिम्बू, मगर, गुरुङजस्तै सुनार (सुनुवार)-राईहरू पनि शुद्ध किरात-हिन्दूक्षत्रियभित्र पर्दछन् । तर पूर्वतिरका अथवा मुग्लान पसेका कुनैकुनै सुनारराईहरूले आफूलाई सुनारराई भन्न छोडेर सुनार-मुखिया[1] भन्न थालेका छन् । सुनारराईहरूमा पनि आफ्नो सत्य इतिहास बिर्सिनाले मुखिया भनेका हुन् । वास्तवमा सुनारराई मात्रै हो । जस्तै—राईभित्रका देवानराई, याखाराई, आठपहरिया राई र राय-माझी आदिलाई कतै-कतै राईभन्दा भिन्दै देवान, आठपहरिया आदि मात्रै लेख्ने गरेका छन् । यो इतिहास नजान्नाले लेखेका हुन् । सुनारराईहरूका राई, लिम्बू आदि जस्तै थर, गोत्र, प्रवर, शाखा हुन्छन् । उदाहरणको लागि सुनारराईहरूका थर विजा, खासे, लिलामी, वङ्दे, याता, जेंति, परगानी, चुइलिच, परमिच, वरमिच, लोकुचा, केपाच, रेसपुँछ, लसपाच, रूपाच आदि पाइन्छन् । यी सुनारराईहरू रामेछाप, दोलखा आदि पूर्वी नेपालमा पर्याप्त मात्रामा पाइन्छन् ।

विजा सुनारराईहरूका श्याम गोत्र, चण्डीप्रवर, बाह्र शाखा हुन्छ । जेंति सुनारराईहरूका श्याम गोत्र, कुली प्रवर, श्री शाखा हुन्छ । यस्तै काशी, काश्यप आदि गोत्रहरू भएका सुनारराईहरू पनि छन् । सुनारराईहरूकी इष्टदेवी भगवती चण्डी देवी हुन् । शिव, राम, कृष्ण, वराह आदिलाई पनि मान्ने गर्छन् । सुनारराईहरूमा मान्छे मर्दा पुजारीबाहेक सबैलाई जलाउँछन् । छोरा, भाइ अथवा अरू सम्बन्धीहरूले दागबत्ती दिन्छन् । दश दिनमा मलामी चोखिन्छन् । राई, लिम्बू, मगर आदिले जस्तै यिनीहरूले पनि टुप्पी (शिखा) राख्छन् । चोख्याउँदाखेरि ब्राह्मण-पुरोहित र झाँक्री दुवै प्रकारले चोखिने–चोख्याउने गरेका छन् । अरू बिहावारीहरूमा पनि राई, लिम्बूहरूमा साह्रै अन्तर छैन । यस्तै दनुवारराईहरूमा पनि धेरै समानता पाइन्छ । दनुवारराईहरू नेपालको तराईमा र भित्री मदेशमा छन् ।

राउटे[2] राजी जाति पनि किरातहरूकै हाँगाबिगा हुन् । त्यसैले यिनीहरूको संस्कृति, सभ्यता र इतिहासलाई हेर्दा यिनीहरू कुनै पनि मंगोल देखिंदैनन् । यसैले यिनीहरू कसरी मंगोल हुन सक्छन् ? जसले मंगोल भन्छ, त्यो नजानेर नबुझेर भन्न खोजेको हो ।

चेपाङ्गजाति पनि किरातहरूकै एक शाखा हुन् । आजभोलि चेपाङ्गहरू नारायणी अञ्चलको चितवन जिल्लामा विशेष बसोबास गर्छन् । १. कपिलास गाउँ विकास । २. चण्डी भञ्ज्याङ गाउँ विकास । ३. दारेचौक गाउँ विकास । ४. उपर्दङगढी गाउँ विकास । तथा मकवानपुर जिल्लाका हेटौंडा आदिमा चेपाङ्गहरू छरिएर बसेका छन् । राउटे र कुसुण्डेहरूभन्दा चेपाङ्गहरू केही मात्रामा विकसित देखिए पनि गुरुङ्ग, मगर, तामांग, नेवार, राई, लिम्बू आदि किरातहरूका दाँजोमा चेपांगहरूको विकास नगण्य छ भन्नुपर्छ । कुसुण्डे र राउटेभन्दा माथिल्लो कोटिको भन्नुपर्छ । यसै कोटिमा हायूकिरातहरूलाई दाँज्न सकिए पनि हायू र जिरेलहरू हाराहारीमा उभिएको देखिन्छ । तिनीहरू अहिले पनि अरू दृष्टिकोणले

---

[1] पृथिवीनारायणशाहको पालामा 'मुखिया' प्रथा चलेको हुनाले त्यसपछिका केही सुनुवारराईहरूले आफूलाई मुखिया भन्ने र लेख्ने गरेका छन् त पनि मूल रूपमा सुनुवारराईहरू राई नै हुन् । किरातक्षत्रियभित्र पर्छ ।

[2] पूर्णप्रकाश नेपाल 'यात्री'को 'राउटे जाति' भन्ने ग्रन्थ द्रष्टव्य ।

धेरै पिछडिएको देखिए पनि कृषि र पशुपालनको दृष्टिले आफूआफूमै सम्मृद्ध देखिन्छन् । हायू र जिरेल-हरू जनकपुर अंचलको दोलखा जिल्लाको जिरी आदिमा छरिएर बसेका छन् । सुनारहरू भने अरू किरात-हरूकै दाँजोमा उभिएका छन् । यहाँ तल सुनुवाररराईहरूको थर, गोत्रको केही परिचय दिइएको छ ।

सुनुवारराई-किरात

थर	गाउँ	जिल्ला
१. क्यूइटिच	रगनी	ओखलढुङ्गा
२. तोकुच	चेपटेखोला	,,
३. त्रसुच	मस्की	,,
४. कोर्मोच	खिजी	,,
५. कातिच	काटी	,,
६. जिजिच	रस्नालु	रामेछाप
७. विनिच	पोलुङ	ओखलढुङ्गा
८. खाच	रस्नालु	रामेछाप
९. मुलिच	सबै ठाउँमा	रामेछाप, दोलखा
१०. रूपाच	वाच्पू	ओखलढुङ्गा
११. गर्षियाता	हाँबा	चरिकोट
१२. सुरेल	सुरिखारी	चरिकोट, दोलखा
१३. वम्नायाता	हाँबा	दोलखा
१४. ज्यति (पलुवा, सतुवा)	पोलुङग, सात्रा	ओखलढुङ्गा, रामेछाप
१५. धोविच	हाँबा	चरिकोट
१६. जिरेल	जिरी	दोलखा
१७. देबाच	आँपचौर	रामेछाप
१८. दिगर्चा	एकाङकाँस्थेल	रामेछाप
१९. दुर्विच	पिर्ती	,,
२०. दसुच	कुमुकाँस्थेल	,,
२१. ख्योम्पोतिच	पिर्ती	,,
२२. ढाङ्राच	पिर्ती	,,
२३. क्याव	पिर्ती	,,
२४. जेष्पुच	पिर्ती	,,
२५. फोतिच	पिर्ती	,,
२६. लुखिच	फर्पू	रामेछाप
२७. प्योचुल	भूजी	रामेछाप
२८. प्युपुच	रगनी	ओखलढुङ्गा
२९. लिनूच	सैंपू, सात्रा, पहरे	रामेछाप

थर	गाउँ	जिल्ला
३०. हायू	भँगेरी, रामेछाप डाँडा	रामेछाप
३१. ङावच	सैंपू	,,
३२. दङ्दे	थाक्ले वसेरी	,,
३३. बिग्याच	वलाङ्वुलुङ	,,
३४. पर्गाली	रगनी, साव्रा	रामेछाप, दोलखा
३५. बम्लीच	रगनी, काती	रामेछाप, ओखलढुंगा

वस्तुतः सुनुवार किरातहरूकै एक शाखा हुन् । सुनुवारहरूलाई 'सुनुवार' मात्रै नभनेर 'सुनुवार-राई' भन्ने चलन छँदैछ । आजको युगमा धेरैजसोले 'सुनुवार' को साथमा 'राई' पद जोडेको देखिदैन । धेरैजसो सुनुवारराईहरूले 'हामी सुनुवारराई हौं' भन्ने इतिहास पनि बिर्सिसके । तर कैयौं ठाउँठाउँमा आज पनि आफूलाई सुनुवारराई नै भन्छन् । हुनु पनि हो किरातहरूमा भएको हुनाले बूढापाकाहरूले भनेका छन् 'हामी सुनुवारराई नै हौं' । केही नयाँ र शिक्षित या ग्रेजुयट हौं भन्नेहरूमा भाषा बदलिएको देखिन्छ । तर सुनुवारराई हुनुमा केही सन्देह छैन । अब कोङपीको माध्यमबाट सुनुवारराईहरूको वेग्लै अक्षर पनि भएको देखिन थालेको छ । कोङपीको वर्ष ३ अङ्क ४ पूर्णाङ्क १५ पृ० नं० १३–१४–१५ मा कृष्ण सुनुवारले 'कथनानुसार सुनुवारराईहरूका आफ्नै लिपि थिए' भनेर लेखेका छन् । यसै प्रकारले वर्ष ३ अङ्क ५ पूर्णाङ्क १६ पृ० नं० ३३–३४ मा सुनुवारराईहरूको लिपिबारे[1] कर्मबहादुर सुनुवारको नामबाट केही लिपि प्रकाशित भएको देखियो । जे भए पनि सुनुवार किरातै हुन् । यसमा सन्देह गर्ने ठाउँ छैन । सुनुवारराईहरू आज धेरै मात्रामा ओखलढुङ्गा, रामेछाप, किरातछाप, सोलु आदिमा पाइन्छन् । किरात सुनुवारराईहरूमा सन्देह छैन, तर लिपिबारे बिस्तारै प्रामाणिकताको लागि अनुसन्धान जारी रहनेछ ।

काठमाडौंदेखि पूर्व लाग्दा धेरै किरातहरू बाटो लागेका थिए । सबै किरातजातिभित्रै पर्थे । त्यसैले आजको किरातछापमा कुनै शासक किरातले कुनै किसिमको छाप वनाएको थियो कि ? अहिले पनि धेरै मात्रामा त्यहाँ सुनारराई-किरात नै पाइन्छ । तिनीहरूकै सन्तान हुन् कि ? भन्ने आशंका इतिहासकारहरू-लाई हुनु स्वाभाविक कुरा हो । जे होस् सुनुवारराई किरातहरू आज पनि त्यस क्षेत्रमा धेरै पाइन्छन् ।

सुनुवार-राईको संस्कार

विवाह

केटा र केटी विवाह गर्न योग्य भएपछि केटाका पिता, मामा, काका आदि आफन्त मिलेर कुल-परम्परा मिल्दो केटीका अभिभावकसँग कुरा चलाउँछन् । अर्थात् केटी माग्छन् । केटीका घरवालाहरूसँग पनि कुरा मिल्यो भने केटा र केटीको नाम राशिबाट जुराउँछन् । यो जुराउने हेराउने कोर्ने काम ज्योतिषीबाट हुन्छ । ज्योतिषी ब्राह्मण वा सजातीय पनि हुन सक्छन् ।

केटाका घरबाट जन्ती लिएर बाजागाजासहित केटीका घर जाने चलन छ । ग्रहशान्ति वा अरू कुनै देव-पूजनकार्य ब्राह्मणद्वारा हुन्छ । कुलपितृ टार्ने काम सजातीय परम्पराका धामी, झाँक्रीबाट पनि

---

[1] सुनारराई-लिपिबारे प्रमाण पाइएको छैन । प्रामाणिक अनुसन्धाताबाट प्रस्तुत भएको लेख पनि होइन । अनुसन्धेय विषय भने छँदैछ । तर उक्त द्वयलेखकले लेखिदिए भन्दैमा मान्ने कुराचाहिं बुद्धिको कुरा हुन सक्तैन ।

हुन्छ । केटाले केटीका लागि गच्छेअनुसार लुगा, गहना र सिन्दूर-पोते साथै लिएर जानुपर्छ । केटाका अभिभावक पनि जाने चलन छ ।

केटीतर्फकाहरूले पनि पत्रे, भातखउरे आदिको स्वागत सकेपछि जन्ती पर्सिने काम हुन्छ । दूबो, अक्षता, सुनपानी, गौंत, तीतेपाती आदिले पर्सिसकेपछि दुलहालाई दुलहीका पिताले वरण गर्छन् । यो कार्य पनि ब्राह्मणद्वारा गरिन्छ ।

दुलहीलाई दुलहाको घरमा पुऱ्याउँदा आरती, सिमाली गर्ने करुवाको पानीले चेलीबेटीद्वारा परिक्रमा गर्ने, ढोका थुन्ने, पाथी भर्ने, चुल्ठो जोर्ने आदि कार्यहरू ब्राह्मणविधि-अनुसार नै गर्ने परम्परा छ ।

गर्भरक्षा

व्यवहारमा गरिने पूजाआजाका काम ब्राह्मण-पुरोहितबाट हुन्छ । सुत्केरी भएपछि छैठी हुन्छ । ११ दिनसम्ममा अवस्था हेरी नाम जुराएर ब्राह्मणबाट न्वारान गर्ने चलन छ । २२ दिनका दिन सुत्केरीले पानी छुने चलन छ । यसपछि मात्र सुत्केरी शुद्ध हुन्छे । बच्चाको नाक-कान छेड्ने, जुराएर ५/६ महिनामा पास्नी गर्ने, ५/६ वर्षमा छेवर गर्ने, टुपी राख्ने चलन छ ।

मृतकसंस्कार

विरामीको अन्तिम अवस्थाको सङ्केत मिलेपछि दशदान र वैतरणी गर्ने चलन छ । सकेसम्म दश थरका ब्राह्मणलाई गच्छेअनुसार गाई, भूमि, सुन, नून, धान, तेल आदि दश किसिमका दान दिने र बिरामीको हेरचाह गरिन्छ । बिरामी अझ सारो भयो भने वैतरणीदान पनि बिरामीकै हातबाट हुन्छ । अन्तिम सास फेर्ने समयमा अन्त्यदान नामक थालमा चामल र पैसा पनि दान गर्ने चलन छ । यो सबै काम ब्राह्मणद्वारा हुन्छ ।

मरेपछि लाशलाई हरियो बाँसको अर्थीमा सेतो कपडाले छोपेर काँधिकाठसाथ घाट लगिन्छ । लाश उठेपछि घरमा गाईको हरियो गोबरले भित्रबाट लिप्तै बाहिर निस्कनुपर्छ । शवयात्रामा अघि हिंड्नेले आगो बोक्ने चलन छ । शंख पनि बजाइन्छ । लावा-पैसा छर्ने चलन छ । मसानघाटमा पुगेपछि पोल्ने र गाड्ने जे गरे पनि हुन्छ । मलामीले मट्टी दिनुपर्छ, संस्कार सकेपछि सबै मलामीले नुहाउनुपर्छ, घीऊ, तीतेपाती बाटाको आगामा हालेर धूवाँ लिंदै मलामी घर फर्किन्छन् । घरमा पनि सुनपानी, गहुँत, दूबो छर्केर मलामी चोखिनुपर्छ । मलामीलाई जलपान पनि गराउन सकिन्छ ।

मसानघाटमै किरियापुत्रीले नङकेश गर्नुपर्छ, टुप्पी राख्छन् । १० दिनदेखि १३ दिनमा शुद्ध शान्ति गर्ने चलन छ । यो सबै काम ब्राह्मणविधिद्वारा हुन्छ । सजातीय धामी, झाँक्रीबाट राती कुलपितृ बुझाउने काम पनि हुन्छ । सामर्थवान्ले सप्ताहपुराण पनि लाउँछन्, तर बरखी सकिएपछि । अनि वर्षैपिच्छे कुलपितृको सम्झनामा श्राद्ध गर्ने चलन छ । आफ्नै धामी, झाँक्री पनि लागेका हुन्छन् ।

यस्ता सांस्कृतिक परम्परा समस्त सुनुवारमा चलेको छ ।

[जि० रामेछाप, दूरागाउँ गा० वि० स० निवासी हरिकुमार सुनुवारराई तथा वीरबहादुर सुनुवारराईसँग लिएको अन्तर्वार्ता ।]

सुनाररराईहरूको गोत्रं

वर्तमान समयमा सुनाररराई-किरातहरू नेपाल काठमाण्डौ राजधानीदेखि पूर्व बर्मासम्म पनि फैलिएको देखिन्छ । तर जनकपुर अञ्चलदेखि लिएर मेची अञ्चल आदिको कुना-काप्चाहरूमा सुनुवार (सुनार)-राईहरू पाइन्छन् । जनकपुर अञ्चलको रामेछाप जिल्लामा सुनुवारराईहरूकै विशेषता देखिन्छ । यस्तै सगरमाथा अञ्चलको ओखलढुङ्गा आदिमा पनि प्रशस्तरूपमा सुनुवारराईहरूले बसोवास गरेका छन् । विजा, ख़ासे, लीलामी, वङ्दे, याता, जेंती, परगाली, चुइंतिच, परमच, ब्रंचिच, लोकुँचा, केपाच, डेसपुच, लसपांच, रूपाच आदि थरका सुनाररराईहरू छन् । यी सुनुवारराईहरूमा पनि आपसी कारणवश टुक्रिएका छेन् । त्यसैले केही देशभित्रका र केही मुगलान पसेका सुनुवारराईहरूले आफूलाई 'मार्पाचे मुखिया' मात्रै पनि भन्ने गरेका छन् । वस्तुस्थितिमा मार्पाचेहरू पनि सुनुवारराई नै हुन् । किरातै हुन् । हिन्दू=आर्य नै हुन् । किनभने 'विजा' सुनुवारराईहरूको श्याम गोत्र, चण्डीप्रवर, बाह्र शाखा हुन्छन् । यस्तै जेंतीहरूको श्याम गोत्र, कुल्लीप्रवर, श्रीशाखा बताउँछन् । काशीगोत्र आदि धेरै गोत्रवाला सुनुवारराई छन् । इष्टदेव चण्डी र शिव आदिलाई मान्ने गरेका छन् । सुनुवारराईहरूले झाँक्री र पुजारीबाहेक सबैलाई पोल्ने गर्छन् । परिस्थितिवश पृथिवीमा गाड्ने चलन पनि कतैकतै देखिन्छ, दागबत्ती सकेसम्म जेठा छोराले दिनुपर्छ । भएन भने अरू आफन्तले दागबत्ती दिने सामाजिक नियम पनि देखिन्छ । किरियापुत्री बसेर दश दिन अथवा १३ दिनमा चोखिने नियम चलिआएकै छ । दूबो-पानी, सुन-पानी र आगो आदिले मलामी चोख्याउने प्रथा पनि छँदैछ भन्नुहुन्छ गङ्गाकुमार सुनुवारराई (दूरा गा० वि० स०, वा० नं० ५ सावरा, भीमसेन थान, जिल्ला रामेछाप, जनकपुर अञ्चल) ।

यी उपर्युक्त संस्कार, संस्कृति, क्रियाकलाप आदि बुझ्ने इतिहास के छ भने किरातसमुदायभित्र पर्ने किरात-सुनुवारराईहरू हिन्दू=आर्य नै हुन् ।

*

तामाङ-किरात

तामाङहरूका बाह्र जात

यिनीहरू प्रायः बौद्धधर्मावलम्वी हुन्छन् । कतैकतै सनातनी पनि देखिन्छन् । हुन पनि वैदिक सनातन धर्मकै हाँगाबिंगा हन् ।

थर	गाउँ	जिल्ला
*१. नेगी	हेटौंडा	मकवानपुर
२. थिङ	लामागाउँ देवराली	काभ्रे
३. वमजन	कोट्रिमाल	,,
४. योञ्जन	,,	,,
५. मोकतान	पोखरीगाउँ	,,
६. पाखि्ङ्ग	मानेवेंगुर	,,
७. घिसिङ	देवराली	,,
८. तितुङ	,,	,,
९. सोङदेन	चुखाडाँडा	,,
१०. वाइवा	पोखरी	,,
११. पयूवा	वराङ	,,
१२. स्याङवा	याङपेल (चन्द्रलाल)	,,
१३. ब्लोन		,,
१४. गोले	पोखरी	,,

अठ्ठार जात तामाङ

थर	गाउँ	जिल्ला
१.* थाङमी	लाबा	धादिङ
२.* दुमजान	,,	,,
३. स्यावा	सिंगङ्ग	,,
४. थोक्रां	आर्लाङ्ग	,,
५.* जिम्वा	आलाङ	,,
६. गेङवा	थुमपागर	,,
७. दोङ	याङसेल	काभ्रे
८. दार्वा	ठूलोधार्प	३ नम्बर

थर	**गाउँ**	**जिल्ला**
९. टुनबा	ठूलोधार्प	
१०. डिमदोङ	मेसी	काभ्रे
११. बल	याङ्वेल	,,
१२. लोपचन	मौर्यभञ्ज्याङ	,,
१३. गोंपा	याङ्पेल	,,
१४. चाङ्गी	खासा	,,
१५. साङ्ग्री	,,	,,
१६. घुमी	हेटौंडा	मकवानपुर
१७. चुमी	सिपाटार	सिन्धुपाल
१८. पार्जु		
१९. टनबाइरा		
२०. गोथर	मन्थन	सिन्धुपाल
२१. किम्दुङ	सङ्गम	नुवाकोट
२२. चोदेन	ङबुम्ता	,,
२३. ब्लेन्देन	,,	,,
२४. लोप्चन	,,	,,
२५. गोङपा	,,	,,
२६. हाम्पा	,,	,,
२७. थोकोर	सावाङ	,,
२८. वाइवा	गोगने	,,
२९. साङदान	नयाँपाटी	काठमाण्डौ
३०. टु	,,	,,
३१. ङसुर	तेमाल	काभ्रे
३२. तितुङ	रविछारे	,,
३३. लो	,,	,,
३४. कम्बा (रुम्बा)	,,	,,
३५. वाइवा	बौद्ध	,,
३६. मार्पा	तिनभुम्ला	काभ्रे
३७. स्याङ्वो	चिसोपानी	,,
३८. डेके		
३९. टुपा		
४०. जिम्बा	बस्तीपुर	कुवानपुर
४१. सिंगर		
४२. लुङ्वा	बुम्वारी	काभ्रे

थर	गाउँ	जिल्ला
४३. मिकचन		
४४. छयुमी		
४५. कालदेन		
४६. ङारदेन	सल्ले	काभ्रे
४७. गब्लान[१]	ठूलोसिरूवाल	भुलभुले

नेगी

यिनीहरू आफ्ना कुनै कारणवश सुँगुरको मासु खाँदैनन् । तर यो नियम पालन गर्ने आजको युगमा कुनै बूढा-बूढी मात्रै होलान् । नत्र यत्र तत्र सुँगुरे देखिन थाले । हुन त यी कट्टर पनि हुन्छन्; तर युगानुसार सबैबाट कट्टरताले ओडाउतिर बाटो लिसके । तामाङहरू प्रायः बौद्धधर्मका वज्रयान सम्प्रदायलाई मान्ने हुन्छन् । कुनै तन्त्रयानी पनि हुन्छन् । शेष हीनयान र महायानी देखिएका छन् । बौद्धधर्मलाई भारतबाट विदा लिनुपर्ने कारण नै वज्रयान हो । जाँड रक्सीको भक्कुमारले गर्दा तामाङहरू पनि आजको युगमा उन्नतिशील छैनन् । बुद्धिजीवीहरूको पनि अभावै छ । यसै दुर्व्यसनको आरोपले गर्दा बौद्धहरूलाई भारतबाट खेदे । तर नेपालमा भने तामाङहरूमा छँदैछ । हुन पनि कुप्रथा नै हो । तामाङहरूमा 'बाह्रजात' 'सोह्रजात' गरी मुख्य दुइ भेद गरेको छ । यो भेद पानी बार्ने र नबार्ने आदिबाट भएको हो भन्छन् । तर आजको युगमा यस कुराको आवश्यकता नदेखिएको हुनाले यस विषयमा विस्तृत चर्चा गर्नु उचित ठानिएन । यस विषयलाई यहीं थन्क्याइएको छ ।

थाङ्मी, दुमजान, जिम्बा आदि पनि आफ्नो परम्परामा सुँगुरको मासु नखाने नै हुन् । तर नखाए पनि कतिले चाहिं पालेका देखिए । कतिले चाहिं 'स्वयं बुद्धले पनि अन्तिम निर्वाणावस्थामा मुखमा हालेर प्राण छोडे, त्यसो हुँदा हामीले खानु हुन्छ' भन्ने युक्ति दिएको देखिन्छ । सुनिन्छ पनि । तर बुद्धको अभिप्राय यी तामाङहरूले कुनै हालातमा पनि बुझेका हुँदैनन् । त्यसो हुँदा उनीहरूका लामा काज-किरियामा जाँड रक्सीको रन्कामा रन्किएर झोक्राएका हुन्छन् । सुँगुरको टिपुवा अगाडि राखेका हुन्छन् । केही कट्टरवादीहरूले पालन गरे मात्रै, नत्र सालेखाले भैहाल्छन् । यस दुर्व्यसनले नेपालका तामाङहरू फक्राएर फस्टाएका छैनन् । यद्यपि धेरै विदेशी लेखकहरूले तामाङहरूलाई पनि मङ्गोलियन भनेर लेखेका छन् । तामाङ, मगर, गुरुङ, शेर्पा आदिबारे विदेशीहरूले निकै चाख लिएर लेखेका छन्। अनि बजारमा डेढ सौ दुइ सौसम्मका पुस्तक पनि देखिए । तर ती सबै पुस्तकहरूमा धेरैजसो भ्रामक कुराहरू मात्रै देखिए । उदाहरणको लागि; जाँड, रक्सी आदि कुप्रथालाई उनीहरूले मूल संस्कृति मानेर लेखेका छन्। जो सही उनीहरूको मूल संस्कृति छ, त्यसलाई पैल्याउनै सकेनन् । यसमा दुइटा कारण देखिन्छ । एउटा त मूल इतिहासको अध्ययन यी विदेशी लेखकहरूले गरेकै छैनन् । दोस्रो कुरो केही महिना वा केही वर्ष तामाङ, गुरुङ, मगर आदिका वस्तीहरूमा रिसर्चको लागि बसे । तर अपठित र अशिक्षितवर्गसँग धेरै मात्रामा संपर्क भएको हुनाले मनगढन्त कुरा मात्र धेरै लेखिए । केहीले चाहिं आफ्नो राजनीतिबाट कुरा छाँटे होलान् । त्यसो हुँदा तामाङसंस्कृति अलगै हो

---

[१] खगेन्द्र आङ्बुहाङको खोजाइ र लेखाइअनुसारै यो सूची दिइए पनि तामाङहरूको बारे मुख्य खोज भएको छैन । विस्तृत अनुसन्धान तामाङहरूबारे पनि हुनु शेषै छ । केवल सूचीले मात्रै काम चल्दैन ।

भन्ने पारेर लेखेको देखिन्छ । त्यो संस्कृति हो मंगोलियन । तर मूल जरो पैल्याउँदा अथवा नालीबेली केलाउँदा यी लेखकहरूका कुरा एकदम झूठो ठहरिन्छ । तामाङ्हरू पनि शुद्ध हिन्दू नै हुन् । के प्रमाण छ त ? भनी कसैले सोधे त्यसको सीधा उत्तर छ, उनीहरूको मूल कर्मकाण्ड र संस्कृतिले उत्तर दिन्छ । हामीले उत्तर दिने आवश्यकता छैन ।

तामाङ्हरूको सबैभन्दा ठूलो प्रमाण 'हिन्दू' हुनुमा शिखा (टुप्पी) हो । यो कर्म बच्चा जन्मेपछि ७ या ९ अथवा ११ दिनमा शुद्ध गरेपछि अन्नप्राशन कर्म हुन्छ । त्यसपछि क्षौरकर्म गर्दा टुप्पी राखिन्छ । यो संस्कृति आज पनि छँदैछ । अर्को; बिहा गर्दा सिन्दूर र पोतेको चलन पनि अनादिकालदेखि आर्य-हिन्दूहरूमा नै चलिआएको इतिहास पाउँछौं । यस संस्कृतिलाई पनि तामाङ्हरूकोमा जस्ताको तस्तै चलिआएको देखिन्छ । अर्को; मर्दाखेरि मुर्दालाई ठूलो उत्सवको साथ शङ्ख बजाएर लैजान्छन् । यो शङ्ख बजाउने चलन शुद्ध हिन्दूहरूको हो । होम, पूजा, पाठ आदिमा अलिकति बौद्धपरम्परा छ । तर ती सबै हिन्दूहरूकै एक शाखा भएका हुनाले हिन्दूहरूबाट बाहिर कुनै हालतले जान सक्दैनन् । रह्यो मुर्दा गाड्ने, पोल्ने, फ्याँक्ने चलन; प्राचीन आर्यहरूकै हुन् । यसमा कुनै सन्देहको कुरा छैन । यसमा प्राचीन इतिहास नै प्रमाण छ । त्यसो हुँदा तामाङ्हरू पनि मंगोलियन होइनन् भन्ने कुरा सिद्ध छ ।

रुम्बाराजाले बसालेको तामाङ्हरूको धार्मिक रीतिस्थिति

नेपालमा तामांगहरू बौद्धधर्मावलम्बी छन् । परन्तु बौद्धधर्मावलम्वी नै भए पनि तामाङ, ताम्रांग हिन्दू-किरातक्षत्रिय नै हुन् । रूप, आकार-प्रकारले विशाल किरातभित्रका अनेक शाखा प्रशाखामध्ये तामाङ=ताम्राङ पनि किरातै हुन् । तामाङ्हरू पनि बाह्रजाते, सोह्रजाते गरी कैयौं थरी छन् । प्रायः तामाङ्हरूको रीतिस्थिति एकैनासे हुन्छन् । कतै-कतै देश, काल, पात्र, परिस्थिति-भेदले अलिअलि अन्तर परे पनि प्रायः जसो एकै तरीकाको हुन्छ । यहाँ बिहावारी, जन्म र मृत्युसम्बन्धी छोटकरी क्रियाकलाप प्रस्तुत गरिंदै छ ।

तामाङ्हरूको बिहावारी हुँदा केटीको घरमा खाना-पिना भइसकेपछि ऊखु र दहीले वरको दाहिने-पट्टि राखेर परिक्रमा गर्छन् । त्यो पिर्कामाथि पहेंलो कपडा राखेर श्वसुराले परिक्रमा गर्ने गर्छन् । अनि रातको दश बजेदेखि वर-वधुको गोडा धुएर दही र अक्षताको टीका गाउँका इष्टमित्र तथा परिवारले लगाइदिन्छन् । केटाले सिंदूर-पोते लगाइदिन्छ । बेउलीको घरमा तथा बेउलाको घरमा जन्ती जाने दिन दुवैतिर लामाद्वारा 'होम' गर्छन् । होमको सामग्री श्रीखण्ड चन्दन, धूप, जौ, तिल, चामल, घिउ आदि हुन्छन् । यज्ञ=होम समयअनुसार लामा र कतै बाहुनले पनि गर्छन् । त्यसलाई तामाङकुरामा 'जक्के लजु सोचि' भन्ने गरेका छन् । केटाको घरबाट जन्ती जाने बेलामा सुन-पानी अथवा दूबो-पानी छर्किएर मात्रै जन्ती हिंड्ने चलन छ । केटीको घरमा पनि दही-अक्षता मुछेर जन्ती पर्सने चलन छ । सुन-पानीले पनि पर्सन्छन् । केटाको घरमा बेउली पुगेपछि घरको ढोका वा दैलोमा एकदेखि सातवटासम्म बत्ती बाल्ने गर्छन् । त्यसपछि आफ्नो रिवाजअनुसार जूठो चलाउँछन् । त्यसपछि एक दिन, तीन दिन, सात दिनमा दोलानी फर्काउँछन् । केटीको बच्चा जन्मे सुत्केरी खर्च केटीकै आमाबाबुले वहन गर्ने दस्तुर पनि देखिन्छ । सुत्केरी भएपछि छोरा भए ११ दिन तथा छोरी भए ९ दिनमा चोख्याउने गर्छन् । कतै परिस्थितिवश तीन दिनमा पनि शुद्ध गर्ने चलन छ । चोख्याउँदा तीतेपाती, भीमसेनपाती आदि जडी बूटी भेला पारेर काँचै

पोलेर धूवाँ पारेर सुत्केरी र घर चोख्याउने प्रथा छ। त्यसपछि गोमूत्र र सुन, पानी, दूबो, तीतेपातीलें घरभरि छर्किने र सुत्केरी तथा बच्चालाई छर्केर शुद्ध पार्छन्। अनि सुत्केरीले परिवारलाई भान्सा बनाएर खान दिन्छे। यसै क्रमले छोरी भए पाँच महिनामा, छोरा भए छ महिनामा टीका लगाएर चाँदीको रुपैयाँले अन्नप्राशन गराउँछन्। राशि, नाम लामा र बाहुन दुवैले तिथि, वार, नक्षत्र, योग, करण आदि मिलाएर राख्ने गरेका छन्। यो ज्योतिषशास्त्रकै आधारमा गर्ने चलन आजसम्म चलिआएकै छ। छोराको व्रतबन्ध गर्दा ५, ७, ११, १३ वर्षमा मामाले केश खौरेर टुप्पी राख्छ। सामर्थ्य भएको मामाले सुन-चाँदीको आभूषण भान्जाको कान र हातमा लगाइदिन्छ। नसक्नेले दौरा, सुरुवाल, टोपी; त्यो पनि नसक्नेले एउटा फेटा पा टोपी मात्रै पनि दिन्छ।

बच्चालाई गाई बान्ने बाबियोको डोरीले गलामा बाँधेर मुखमा दूबो च्यापेर केश खउरने गर्छन्।

यसरी नै मृतकसंस्कारमा पनि यो मान्छे मर्छ भन्ने जानेपछि लामाले बौद्धविधानबाट पुस्तक पढेर वैतरणी पार गर्न गाईदान गर्छ। लामा वा झाँक्री मरे भने खँडकुलामा ठाडै राखेर शङ्ख, घण्टा, झ्याम्टा, ढोल, ढयांग्रो बजाउँदै लान्छन्। अरूलाई चाहिं सात तलाको बाँसको कोटा बनाएर लाने गर्छन्। पोल्ने ठाउँमा १०८ बत्ती बालेर यज्ञ गर्छन्। त्यो यज्ञ घरमा पनि गर्छन्। त्यसपछि जलाउँछन्। अनि मलामीले नोहाउँछन्। घर फर्केपछि तीतेपाती, दूवो, सुनपानी, गोमूत्रले मलामीलाई छर्किन्छन्। तीतेपाती, भीमसेनपाती, भैरवपाती आदिको धूवाँले चोख्याउँछन्। अनि मलामीलाई केही खान दिन्छन्। तेह्र दिनसम्म किरियापुत्री बस्छ। त्यसपछि नून फुकाउँछन्। किरियापुत्री बस्दा केश, टुप्पी, आँखाको परेलीसहित काटेर सेतो लुगा लगाएर किरियापुत्री बस्छ। ४५ दिनमा घ्यावा गर्छन्। यो एक प्रकारको श्राद्ध नै हो।

(पूर्ण लामा, नोवाकोट, ओखरपौवा, गा० वि० स०, वा० नं० १, जलुकेनीबाट लिएको अन्तरवार्ता)

* * *

नेवार-किरात

प्राचीन किरातक्षत्रियहरूमध्ये नेवार पनि एक हो। नेवारहरूको बारेमा आधुनिक इतिहासकारहरूले धेरथोर गन्थन गर्ने प्रयास गरेका छन्। कैयौंले भारतका नायर हुन् भनेको पनि। रह्यो सिम्रौनगढबाट आएको कुरा; सिम्रौनगढ कुनै टाढाको ठाउँ होइन। त्यसैले सिम्रौनगढबाट नेवारहरू आउने र काठमाडौंबाट सिम्रौनगढ जाने सामान्य प्रचलन हुन नसक्ने होइन। आधुनिक इतिहासकारमध्ये भारतका सुनीतिकुमार चटर्जीले ''किरातजनाकृति'' भन्ने कितावमा नेवारवारे निक्कै भ्रमात्मक कुराहरू लेखेका छन्। परन्तु नेवारहरू प्राचीनकालिक किरात-क्षत्रियहरूमध्ये पर्छन् भन्ने इतिहास भुल्नु हुँदैन। मङ्गोलियनचाहिं नेवारहरू कदापि हुन सक्दैनन्। नेवारहरू पनि शुद्ध किरात-हिन्दू-आर्यक्षत्रियपरिवारका हुन्। स्वयं भगवान् बुद्ध शाक्यवंशीय किरात-हिन्दूक्षत्रिय थिए। त्यसैले शाक्यकुल आदिका नेवारहरू अहिन्दू हुन सक्तैनन्। साँच्चै भनौं भने भगवान् बुद्धलाई मान्ने कोही पनि अहिन्दू हुन सक्तैन। नेवारहरूमा बौद्ध-मतावलम्बी र वैदिक सनातनी दुवै छन्। तर दुवैमा कुनै प्रकारको भेद छैन। भगवान् बुद्धको गुम्बामा तथा भगवान् पशुपति र गुह्यकाली आदिको वरपर बौद्धहरूले गएर पूजा आराधना गर्ने गरेका छन्। किरातकालदेखि लिच्छविकिरात, मल्लकिरात र वर्तमान शाहकालसम्म पनि नेवारहरू आफ्नो प्राचीन धरोहरलाई सुरक्षितै राखेर आइराखेका छन्। यद्यपि गोपालसिंह नेपालीले ''द नेवार्स'' भन्ने पुस्तकमा स्वयं नेवार भएको नाताले आफ्नै ढङ्गबाट विवेचना गरेका छन्। नृतत्त्वको दृष्टिले नेपालभित्र पाइने र नेपालबाहिर पाइने किरातक्षत्रियपरिवारमध्ये नेवारहरू हरेक दृष्टिले समृद्ध छन्। नेवारी साहित्य, नेवारी लिपि, नेवारी कला, नेवारी संस्कृति आदि नेवारहरूका उल्लेखनीय विषय बनेको छ। यसरी श्रेष्ठ, प्रधान, मानन्धर, शाक्य, वज्राचार्य, कंसाकार आदि थर र कश्यप, काशी, मानव गोत्रहरूले विभूषित किरातक्षत्रिय नेवारहरू आजसम्म पनि जीवितै छन। वैदिक सनातनी नेवारहरूका इष्टदेव प्रसिद्ध भीमसेन हुन् र काठमाडौं अधित्यकाभित्र गुह्येश्वरी, तलेजु, पशुपति, मच्छेन्द्रनाथ, स्वयम्भू आदिलाई व्यापक रूपमा मानिआएका छन्। नेवारहरू वैदिक सनातनी शैव र बौद्ध गरी दुइ वर्गमा विभाजित छन्। दुवैले दुवैतिर समान रूपले आस्था र निष्ठा, श्रद्धा र भक्तिभावले पूजा-आजा गरिराखेका छन्। कुनै प्रकारको भेदभाव देखिंदैन। यसरी किरातक्षत्रिय नेवारहरूबाहेक किरातक्षत्रियहरूमा थारू, धिमाल, सौखा, थकाली, राजवंशी, कोचे, मेचे, दनुवार, जुरेल, सुरेल आदि पनि पर्दछन्। यिनीहरू सबै जातिको बारेमा यहाँ विस्तृत चर्चा गर्न गाह्रो छ। तापनि अन्यत्र मैले गरेको छु। यस प्रकार किरातहरू नेपालमा मात्र नभएर आसामको अहोम, बोडो, मिरी, मिक्री तथा अरुणाचलका आदि, अपतनी, माओआदि र मेघालयका गारो, खस तथा मिजोरमका मिजो, चाक्मा तथा त्रिपुराको गालोङ, सिरिङ तथा मणिपुरका आङगामी आदि दशनागा, नागाहिलका माओ, सेमा, लोथा आदि अठार प्रकारका नागाहरू आर्यकिरातक्षत्रियहरूकै शाखा-उपशाखा हुन्। तीमध्ये नागा र अहोमहरू नेपालबाटै बाहिर गएका हुन्। यस प्रकार किरात नेवारका शाखा र उपशाखा संसारभरि फैलिएका छन्।

यद्यपि वर्तमान समयमा किरात-नेवारहरूमा ठूलाठूला पदहरूमा आसीन हुने शिक्षित र विद्वान्हरू पनि छन्। किरातशासक-परम्परामा लिच्छवि र अन्तिम मल्ल नेवारपरम्परा नै हो। काठमाण्डौ अधित्यकाभित्र शासन गर्ने मल्लहरू किरातमल्लै हुन्। खसक्षत्रिय मल्ल होइनन्। पृथ्वीनारायण शाहले

जयप्रकाश मल्ल आदि मल्लराजाहरूलाई जो वशमा पारेका थिए, ती सबै किरात-मल्ल नेवारराजाहरू थिए । यद्यपि इतिहास भुल्नाले नेवारहरूले कतैकतै आफूलाई किरात नमान्नु र किरातहरूबाट असन्तुष्ट हुने अभिप्रायहरू पनि व्यक्त भएका देखिन्छन् । तर यो तर्क वैज्ञानिक र भाषावैज्ञानिक र ऐतिहासिक छैन, किनभने नेवारी भाषामा प्रयोग हुने शब्दहरू आजका किरातबोलीका शब्दहरूसँग मेल खाने धेरै शब्दहरू पाइन्छन् । केवल उच्चारण, ध्वनिमा केही शब्दहरूमा अन्तर परे पनि मूलरूपमा किरातशब्द-हरू नै छन् । यसको विस्तृत अध्ययन अन्यत्र भैरहेको छ । दोस्रो प्रमाण नेवारहरूको अनुहार किरात-अनुहारै हो । कालो सेतो हुनु, अग्लो पुड्को हुनु आदि केही भौगोलिक र खानपान आदि वातावरणबाट हुने कुरा हो । त्यसैले नेवारहरू पनि कुनै हालतमा मङ्गोलियन होइनन् । किरातक्षत्रिय हुन् र नेपालकै आदिवासी किरातहरूमध्ये पर्दछन् । तयार आदिबाट आउने कुरा सत्य छैन । यो फुट पार्ने मान्छेहरूले लेखेको कुरा मात्रै हो ।

नेवार-किरातहरूको इतिहास हेर्दा विक्रमको दशौं शताब्दीदेखि यता काठमाडौं अधित्यकाभित्रै बसोबास गरेको देखिन्छ । त्यहाँदेखि यता नेवारहरू पश्चिमको बन्दीपुर, पाल्पा, डोटी आदि र पूर्वमा धुलिखेल, चरिकोट, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम आदिमा फैलिंदै गएको देखिन्छ । परन्तु पश्चिममा नेवार-किरातहरू धेरै फैलिएको देखिएन । पूर्वमा चाहिं नेपाल नाघेर बंगाल, सिक्किम, भोटांग, आसाम आदिदेखि लिएर वर्मासम्म नेवारकिरातहरू बसोबास गर्न पुगेको देखिन्छ । यसको साथै जहाँ गए पनि नेवार-किरातहरू प्रायः शिक्षा, व्यापार आदि कर्ममा सफलै देखिन्छन् ।

यसरी नेपालभित्र र बाहिर गरी नेवार-किरातहरू प्रचलित छन् । अरू किरातहरूको अपेक्षा नेवार-किरातहरू बुद्धि, व्यवहार र वैभवमा निक्कै अगाडि छन् । त्यसैले हिन्दूराष्ट्र नेपालमा त नेवार-किरातहरू तल्लो ओहदाको कर्मचारीदेखि लिएर शिक्षामन्त्री, गृहमन्त्री, प्रधानमन्त्रीसम्म पनि भैसकेका छन् । शिक्षाको क्षेत्रमा ठूलाठूला लेखक, कवि, समालोचकहरू छन् । धनको क्षेत्रमा लखपतिदेखि लिएर करोडपति र अरबपतिसम्म पनि नेवार-किरातहरू नै छन् । व्यापारको क्षेत्रमा त नेवार-किरातहरूलाई नेपालका मारवाडी नै माने हुन्छ । तर यो सौभाग्य राई, लिम्बू, मगर, गुरुंग, सुनार, तामांग आदिलाई हुन सक्छ ? यस युगमा प्राप्त हुन नसक्ला । यद्यपि किरात शब्द राई र लिम्बूले नै विशेष ओगटेका छन् । भारतमा त्रिपुरीहरूले आफूलाई किरात भन्छन् भने मध्यप्रदेशमा किरातहरूले आफूलाई किरात भनेको बुझिन्छ । यसरी प्राचीन इतिहासमा किरातहरूको ठूलो अस्तित्व र हस्ती थियो भने आधुनिक युगमा किरात-अनुहारका किरात नेवारहरू नै देखिन्छन् । तर आफूलाई किरात भन्नु वा लेख्नुचाहिं अवश्य नै बिर्से जस्तो लाग्छ । वंशावली र आधुनिक इतिहासमा नेवारहरूको बारेमा धेरै भ्रमात्मक कुराहरू लेखिएको देखिन्छ । जे होस् नेवार-किरातहरूको बारेमा अझ खोज हुनेछ ।

*

गोपालवंशका किरात तथा ज्यापू

नेपालको प्राचीन इतिहास उठाएर हेर्दा सर्वप्रथम भुक्तमानको नाम पाउँछौं। तर यो भुक्तमान अनेक परिवर्तित नामहरूमा देखा पर्छ। वंशावली र केही लेखौटको आधारमा गोपालवंशी राजा भुक्तमान भगवान् कृष्णको साथमा काठमाण्डौ अधित्यकामा प्रवेश गरेका थिए भन्ने वंशावलीहरूको आधारमा भनिएको हो। गोपालवंशपछि अहीरवंश राजा भुवनसिंहलाई किरातराजा यलम्वरले हराएर शासन-सूत्र आफ्नो हातमा लिएका थिए। तर यो तथ्यातितथ्य इतिहास होइन जस्तो लाग्छ। गोपालवंशी राजा भुक्तमान पनि किरातै थिए। भगवान् कृष्णसँग काठमाण्डौ अधित्यकामा आउने कुरा कल्पित देखिन्छ, किनभने वंशावली धेरै पछि बनेको हो। जसरी किरातराजामहाराजहरूको संस्कृत नाम बदलेर अपभ्रंश पारेर राखेका छन्, त्यस्तै गोपालवंशी र अहीरवंशीहरूलाई पनि अलग पार्न खोजेको हो। वस्तुतः गोपालवंशी र अहीरवंशी पनि किरातै थिए। आज पनि छँदैछन्। गोपालवंशीकै शाखा-सन्तान ज्यापू हुन् भन्नुमा अत्युक्ति नहोला। साथै आजको ज्यापूहरूको बनोट र आहार विहार व्यवहार आदि क्रियाकलाप हेर्दा ज्यापूहरू किरातै हुन् र वर्णविभाजनको दृष्टिले हेर्दा किरातक्षत्रियभित्र पर्छन्, किनभने प्राचीन इतिहासले किरातहरूलाई क्षत्रिय भनेका छन् भने अलि पछि व्रात्यक्षत्रिय भन्न थालेका थिए। महाभारतकालपछि आएर किरातहरूलाई पनि शूद्रवर्गमा राखेको देखिन्छ। किरातहरू कदापि शूद्रवर्गमा समावेश हुन सक्दैनन्। यस्तै गोपालवंशीय ज्यापूकिरातहरू क्षत्रिय नै हुन्। ज्यापूहरूले आफूलाई आजको परिप्रेक्ष्यमा जे भने पनि प्राचीन अधित्यकाका वासी किरातक्षत्रिय नै हुन्। हिन्दू=आर्य नै हुन्, यद्यपि भगवान् बुद्धको आविर्भावपछि बुद्धानुयायी बौद्ध पनि भए। यसरी ज्यापूकिरातहरू वैदिकसनातनी र बौद्ध गरी दुइ भागमा देखिए पनि हिन्दू=आर्य नै थिए र छन् पनि। डा० जगदीशचन्द्र रेग्मीले लेख्नुहुन्छ, "ज्यापूवर्गले अधित्यकाको प्राचीनतम जाति र निवासीको प्रतिनिधित्व गर्छ। यो कुरा जान्न हामीले त्यसको एक थर 'ग्व' को नालीबेली खोज्नुपर्छ र 'ग्व' नाउँ 'गोपाल'को फेरिएको रूप हो।"[1]

यहाँ डा० जगदीश रेग्मीको भनाइ ठाउँमा पुगेको देखिन्छ। किनभने कुनै पनि देशको शासन भएर हराउँदैन, उसको खानदान-परम्परा आदि कायमै रहन्छ भने गोपालवंशी र अहीरवंशीहरूले हराउनुपर्ने के कारण? त्यसैले यो निश्चित रूपमा भन्न सकिन्छ कि गोपालवंशी किरातले हारे; अर्को किरातले शासन चलायो। फेरि त्यो शासन ठीक चल्न सकेन, लिच्छविकिरात शासनमा आयो। त्यसमा पनि कमी आयो। मल्लकिरातहरूको शासन आयो। त्यो पनि समय गतिले चल्न सकेन र राजनैतिक परिवर्तन भयो। शाहवंशको शासन आयो। यहाँ शाहवंशबाहेक काठमाण्डौ अधित्यकामा राजधानी बनाएर शासन गर्ने सबै किरातहरू नै थिए। यति अवश्य हो कि अलगअलग जातका किरातहरू शासक भएका थिए। जसलाई गोपालवंश, अहीरवंश, लिच्छविवंश, मल्लवंश सबै किरातै थिए भन्ने इतिहास वर्तमान समयमा पाइने उनैका खानदान, वंशपरम्पराबाट प्रष्ट हुन्छ। उनीहरूकै मुखाकृतिबाट प्रष्ट बुझ्न सकिन्छ। उत्थानपछि पतन हुनु अर्कै कुरा हो। समयको देन हो। यसलाई टार्ने कसको तागत? वि० स० १९०३ देखि शुरू भएको राणाशासन वि० सं० २००७ सालमा समाप्त भयो। राणाहरूको जल्दो बल्दो हेरी नसक्नु, खपी नसक्नु, सुनी नसक्नु, भनी नसक्नु र गुनी नसक्नु व्यवहारको भुक्तभोगीहरू आज पनि बाँचेकै छन् भने मनोहराको भत्केको दरवारमा तिनै राणाका खानदान दरसन्तानलाई देख्दा गोपालवंशी किरातशासक र राणाशासकहरूको वंशपरम्पराको तुलना गर्न सकिन्न र? अब विचार गर्नुहोस्। यस्तै गोपालवंश, अहीरवंश,

---

१. 'ज्यापुजाति एक अध्ययन' पृ० नं० ८ डा० जगदीशचन्द्र रेग्मी,
(क) नेपालको ऐतिहासिक भूगोल (रूपरेखात्मक) पुस्तकबाट उद्धृत, त्रि० वि० वि०,

लिच्छविवंश किरातहरूमा उत्थान र पतनको उतार चढाव हुँदै रह्यो। स्वयं 'किरात' वंश भनेर लेखिएको किरातहरूमा पनि यस्तै भयो।

त्यसैले ज्यापूकिरातहरूमा पनि गोपालवंश=अहीरवंश परम्परा हुनु कुनै ठूलो कुरा होइन। आज नेपालभित्र बसोवास गर्ने किरातहरूभित्रै प्राचीन किरातहरू समाविष्ट हुने कुरामा सन्देह गर्ने अवसर देखिंदैन। यो अवश्य छ कि अनुसन्धेय विषय भने बनेकै छ।

'प्राचीन नेपालको राजनीतिको इतिहास' नामक ग्रन्थको पृ० न० ८ र ९ मा प्राचीन वंशावलीलाई प्रामाणिक पार्दै डा० जगदीश रेग्मीले लेख्नुभयो कि यसरी यस वंशावलीमा नेपालमा गोपाल, महिषपाल र किरातले २३६७ वर्ष शासन गरेपछि लिच्छविवंशको राज्य थालिएको कुरा बताइएको छ। यस विषयमा लेखक अत्यन्त परिश्रमी र स्वाध्यायशील सिद्ध भएको छ। एक-एक पङ्क्ति प्रमाणविना खाली छैन। धेरै मात्रामा ऐतिहासिक प्रमाण ओइराउने खपिस मेसो परेको छ। तर उपर्युक्त पंक्तिमा भने लेखकले ध्यान दिनुपर्ने कुरा छुटेछ !

त्यो के हो भने गोपालवंश, महिषवंशभन्दा पूर्व नै किरातराजा-महाराज, सम्राट्हरूको शासन देखिन्छ। किनभने वंशावलीभन्दा कैयौं लाख वर्ष प्राचीनकालिक पुराना इतिहास पुराणहरू छन्। क्रमबद्ध नभए पनि पुराण हाम्रो असली मुटु फेला पार्ने इतिहास हो। त्यसो हुँदा पुराणहरूले गाँजेको इतिवृत्तलाई आफाल्ने काम राम्रो होइन। 'ने' मुनिले बसाएको बसोवासदेखि नै किरातसम्राट्हरूको शासन नेपाल अधित्यकामा भएको ऐतिहासिक प्रमाण महाभारतले देखाएको छ। त्यो प्रमाण यो हो— 'हिमवद्दुर्गनिलयाः किराताः रणकर्कर्षाः। दुर्योधनस्य वशगाः त्वया कर्ण पुराकृताः'। यस श्लोकमा 'हिमालयको समान ठूलाठूला 'दुर्गः' किला र 'निलय' राजदरवार बनाएर बस्ने, युद्धमा अत्यन्त कठिन र चतुर, यस्ता किरात वीरहरूलाई कर्णले दुर्योधनको वशमा पारे' भन्ने प्रमाण महाभारतमा स्वयं व्यासले उल्लेख गरेको छ। हिमालय पर्वतहरूमा ठूलाठूला किला र राजधानी दरवार बनाएर बस्ने किरातराजा-महाराजहरूको उल्लेख त स्वयं महाभारतमा छ भने 'गोपाल, महिषपाल' पछि किरातहरूको शासन कसरी हुनु सक्छ र ? यो वंशावलीको राजनीतिक चालबाजी मात्रै ठहरिन्छ किनभने स्वयं गोपालवंश र महिषपालवंश पनि किरातै थिए। अवश्य पनि वंशावलीमा उल्टा पल्टा भएको हुनुपर्छ। किनभने आजका विद्यमान ज्यापूहरू नै गोपालवंश र महिषपालवंशका प्रमाण हुन्।

अर्को प्रमाण यो छ कि 'नेपाल विषये ये च राजानः तानवाजयत्' नेपालमा जो राजाहरू थिए, तिनीलाई जिते भन्ने इतिहास पनि महाभारतैमा पाउँछौं। यो इतिहासले यो कुरालाई प्रष्ट गरेर बुझायो कि महाभारतकालभन्दा पनि पहिलेदेखि नै नेपालमा किरातहरूले शासन गर्दै आएको रहेछ। अन्यथा अर्जुनले पशुपतिनाथ किरातेश्वरको उपासना गरेर पाशुपत-अस्त्र प्राप्त गर्ने इतिहास मिथ्या होला। किनभने किरातेश्वर शिवको कृपा प्रसादले पाशुपतास्त्र प्राप्त गरेपछि मात्र अर्जुन महाभारतको युद्धमा उत्रेका थिए। अर्जुन तपस्या गर्नु आउँदा किरातेश्वर मात्र होइन अपितु किरातहरू पनि थिए। कृष्णसँग गोपालहरूको प्रवेश त महाभारतपछि भएको हो। फेरि गोपाल, महिषपालभन्दा पछि किरातकाल कसरी सिद्ध हुन्छ ? नत्र 'नेपाल विषये ये च राजानः' यो इतिहास नै व्यर्थ हुने भयो। त्यसो हुँदा प्रा० ने० रा० ई० पृ० नं० २१२ मा किरातसम्राट्लाई लिच्छविहरूले अधित्यकामा पराजित गरे भन्ने इतिहास 'गोपाल वंशावली' को प्रमाणवाट प्रष्टिदैन। झन्सारो इतिहासको भँवरी परेको खोइरोमा जाकिने मेसो मात्रै परेको देखिन्छ।

यहाँ ज्यापूहरूको केही थर पाठकसामु राखिंदै छ। यो 'ज्यापुजाति एक अध्ययन' पत्रिकाको पृ० नं० २७ मा ज्योतिकिरणजीले सङ्कलन गरेको थर जस्ताको तस्तै राखिएको छ।

ज्यापूहरूको थर—

१. वसुकला
२. व्वेंजू
३. थुयाजू
४. सुवाल
५. दुवाल
६. कोजू
७. आचाजू
कर्माचार्य
८. वैद्य
९. धोंजू
१०. घोंजू
११. फैंजू
१२. फोजू
१३. व्याञ्जू
१४. खाइजू
१५. बोहजू
१६. धाजू
१७. जरेजू
१८. छवाजू
१९. दुमुरू
२०. देशेमरू
२१. वाताजू
२२. माकजू
२३. थुयाजू
२४. सायजू
२५. ख्याजू
२६. कवाँ
२७. लागे
२८. त्यात
२९. थुसा
३०. कुम्पाख
३१. कुलन्खा
३२. न्यइच्याईं
३३. खोतेजा
३४. तुसिवाख्यो
३५. मारिखु
३६. मचामसी
३७. घ्याम्वसु
३८. छुस्याबाग
३९. बाई
४०. लघु
४१. साँढ
४२. याकामी
४३. सुजख
४४. त्वायना
४५. ह्योंग
४६. ह्याउँमिखा
४७. गैंडा
४८. जति
४९. केटी
५०. दनेगुलु
५१. प्याथ
५२. ल्वायनावासु
५३. सिजख्व
५४. तुइख्व
५५. धुखो
५६. खाताख्व
५७. प्यासिख्व
५८. ख्वाजू
५९. मुस्थाजू
६०. छुस्याकी
६१. भैल
६२. लाखा
६३. कुस्मा
६४. गोठ
६५. वाँताक्रछी
६६. छुकुछुँ
६७. सुलु
६८. धौवञ्जा
६९. जाकीवञ्जा
७०. सुकुपायो
७१. मनताहा
७२. बासी
७३. नाखन्द
७४. वगथु
७५. ज्याख्व
७६. गोसाई
७७. किसि
७८. माखस्या
७९. गणेपति
८०. तुइतुई
८१. सिन्ताकले
८२. खुसु
८३. बकैं
८४. वखाद्यो
८५. गल्लु
८६. मातागुलु
८७. लासिवा
८८. कोन्दा
८९. कुसी
९०. फेलु
९१. कुसुभतु
९२. माता
९३. बजिको
९४. लेखेमरू
९५. लवं
९६. नागा
९७. खत्री
९८. छुँका
९९. तोञ्जू
१००. चिकंवञ्जा
१०१. आगञ्जा
१०२. दन्देख्या
१०३. तजले
१०४. कुसाथ्या
१०५. स्यामा
१०६. स्वँगमिखा
१०७. चव
१०८. न्हिसुतु
१०९. दुगु
११०. जडाली
१११. वमनु
११२. पका
११३. पच
११४. तचम्व
११५. घवत
११६. घोछु
११७. पुलाकी
११८. त्वाती
११९. कबु
१२०. ग्वाछा
१२१. पं
१२२. ङाखू सी
१२३. कसिथ्वा
१२४. मग
१२५. खयरगुली
१२६. पेन्तगो
१२७. झाँग
१२८. खायमली
१२९. लिगिलिगी
१३०. वंशमणि
१३१. खाताख्व

उपर्युक्त थरका ज्यापूहरूको आपसमा वैवाहिक सम्वन्ध चल्छ ।

माटाका काम गर्ने कुमाले ज्यापू—

१. अवाले (वा अवाल)
२. प्रजापति
३. लाछि
४. राजचल
५. महा
६. पोटोमहा
७. हामो
८. चौगुठी
९. मुगुठी
१०. किलम्बु
११. जोड्ने
१२. कजू
१३. वथपुथे
१४. सैंजू
१५. गोरा
१६. पालुकासी
१७. वारी
१८. सिखो
१९. धन्छा
२०. पालुवञ्जा
२१. लोहकर्मी
२२. लोहला
२३. तमखु
२४. कत
२५. फैंजू
२६. वेंजू
२७. हिफो
२८. भ्वय द्यो
२९. खिंचाजू
३९. सिकेमणि
३१. छवालू
३२. कुचुमणि
३३. उलक
३४. कासुका
३५. शिल्पकार

ज्यापूहरूको रीतिस्थिति

बिहावारी—

केटाको घरवाट केटी माग्न जान्छन् । लमी=कुरा मिलाउने अथवा कुटिनीले कुरा मिलाउँछ। पक्का भइसकेपछि एक पिपा सिन्दूर तथा दशओटा सुपारी र सुकुण्डा, जसमा बत्ती बाल्ने दीया र गणेश तथा नागहरूको मूर्ति भएको हुन्छ, त्यसलाई लिएर केटाको आमा, लमी, अरू एकजना गरी जम्मा तीनजना केटीको घरमा जान्छन् । त्यहाँ केटीको तर्फवाट आदरसत्कार गर्छन् । सुपारीलाई रातो कपडाले छोपेर लाने चलन छ । यसरी पक्का भएपछि विवाह हुन्छ । अनि ज्योतिषीलाई राम्रो दिन हेर्न लगाएर बिहा गर्छन् । गुभाजु र ब्राह्मण आज दुवै चलाउने गरे पनि पहिले त गुभाजुले नै पुरोहितको काम चलाउँथे । बेल-विवाह गरेपछि केटी केटाको घरमा जान्छे । बेल-विवाह समग्र नेवारहरूमा अनिवार्य हुन्छ । केटीको पुरोहितले आमाबाबुलाई विदाइ दिंदा सुपारी दिने चलन छ । केटाको घरमा जन्ती आएपछि दही, चामल आदि सासू, जेठीसासू आदिले यर्सोपूजा गर्छन् । अनि केटीको हातमा साँचो दिएर घरभित्र हुल्छन् । चौरासी व्यञ्जन खाएपछि केटाले केटीलाई जुठो खान दिन्छ । त्यसपछि आफ्नो जाति विरादरीलाई सुपारी दिने चलन छ । सामाजिक मान्यता हुन्छ । केटाले केटीको घरमा सबैलाई सुपारी दिन्छ भने केटीले केटाको घरमा सबैलाई सुपारी दिन्छे ।

विवाह भएर बच्चा गर्भमा भएको अवस्थामा माइतमा आमाबावु, इष्टमित्र आदिले दही र च्यूरा खुवाउने गर्छन् । बच्चा जन्मेपछि ४।६ दिनमा चोख्याउने गरेका छन् । चोख्याउँदा पुरोहितको आवश्यकता छैन । चुडेनीले शुद्ध गर्छे । शुद्ध गर्दा गाईको दूध तथा गोबर, दूबोले घर लिपपोत गरीकन छड्केर शुद्ध गर्ने गर्छन् । चुडेनीले शुद्ध गर्दा अजीमा (स्वयम्भू)-को पूजा गर्छे । त्योभन्दा पूर्व पिनाले स्नान गर्छन् । यो स्नान सबैले गर्छन् । सालको धूप, गोकुलधूप बालेर शुद्ध गर्छन् । छोरीको ५ महिना तथा छोराको ६ महिना या आठ महिनामा अन्नप्राशन गर्ने गर्दछन् । त्यसमा खीर, लड्डू आदि गणेशको स्थानमा लगेर खुवाउने गर्छन् ।

मामाले चाँदीको र सुनको छुराले बालकको केश खउरन्छ। फुपूहरूले केश थाप्ने गर्छन् र त्यो केश पवित्र नदीमा सेलाउन जान्छन्। केश काट्दा टुप्पी राख्ने चलन पनि छ। व्रतबन्ध ९।११ वर्ष आदिमा गर्छन्। धोती, लङौटी घरको देवालीको मूल मान्छेले दिन्छ। शिक्षादीक्षा दिएर सन्यासी वा वैरागी बनाएर पठाउँछ। फेरि मामाले फर्काएर ल्याउँछ। अनि उखू र टोपी दिन्छ।

मृत्युसंस्कार

मान्छे मर्ने आशङ्का भएपछि गाईको गोबरले भूमिमा लिपेर पराल बिछाएर त्यसमा उत्तर शिरान गरेर सुताउँछन् बिरामीलाई। त्यस बेला प्राण जानुभन्दा पहिले नै गोदान आदि दश प्रकारको अन्नदान सक्नेले जग्गादान, घरदान पनि दिने गर्छन्। गुठीयारहरूलाई बोलाउँछन्। अन्न नख्वाएको बच्चालाई गाड्ने गर्छन्। शेष सबैलाई दाहसंस्कार गर्ने चलन छ। घाटमा पिण्ड श्राद्ध गर्छन् गुभाजु, ब्राह्मण, थकालीले। त्यहाँबाट घरमा मलामी फर्केपछि आगोमा सर्सौं, पिना राखेर फलामको साँचो राखेर चोख्याउने गर्छन्।

किरियापुत्रीले लुगा घाटदेखि जो लगाएको छ, दश दिनसम्म त्यही लगाउनुपर्छ। तथापि प्रायः जसो सेतो लुगा लगाउँछन्। खास्टो, दौरा, सुरुवाल किरियापुत्रीले लगाउने गरेका थिए। दश दिनपछि नदीमा गएर केश खउरन्छ। टुपीचाहिं राख्ने गर्छन्। श्राद्ध गरेर आउँछन्। सात दिनको दिनमा छोरी चेलीहरूले भात, दाल, तरकारी आदि राखिदिन्छन्। त्यो भोजलाई कपालीहरूले लिन आउँछन्। पितृतर्पण गर्छन्।

मचली कुलदेवता र इष्टदेवता गणेश आदि आआफ्ना हुन्छन्। तर काठमाडौंका ज्यापूहरूमा सनातनीभन्दा बढ्ता बुद्धधर्मलाई मान्नेहरू छन्। गणेशलाई भोग दिने चलन छ। शङ्खमूल, लख तीर्थ, पनौती, चोभार आदिमा गएर तीर्थ मनाउँछन्।

बसोबास गर्ने ठाउँहरू

काठमाडौंभित्र भक्तपुर, सानोठिमी, ठूलोठिमी, कीर्तिपुर, काठमाडौं, ललितपुर, फर्पिङ, तिस्तुङ, पालुङ आदिमा बसेका छन्।

तलेजु भवानीका पुजारी सुवाल थरका ज्यापू हुन्छन्। ज्यापूहरूलाई थकालीले मन्त्र दिन्छ। सबै ज्यापूहरूको यही नियम छ। आकाशभैरवको पुजारी ज्यापू हुन्छन्। शिवसम्बन्धी मन्त्र लिन्छन्। भैरव, शिव, भगवती, बुद्ध, राम, कृष्ण आदि सबै देवदेवीहरूलाई मान्ने गर्छन्। त्यसैले ज्यापूकिरातहरू अनादिकालदेखि किरातेश्वर र भैरवको पूजा गरेर आइराखेका छन् भने प्रत्येक संस्कृति क्रियाकलापले शुद्ध हिन्दू-आर्य देखिन्छन् भने मङ्गोलियन कसरी हुन सक्छ? ज्यापूहरू हिन्दूको एक शाखा बौद्धधर्मावलम्बी छन् भने अर्कोतर्फ पूर्ण वैदिक सनातनी छन्। दुवै स्थितिमा ज्यापू नेवारहरू शुद्ध हिन्दू-आर्य नै हुन्। यसमा सन्देह छैन।

* * *

सूर्यवंशी किरातमल्लहरू

वर्तमान समयमा विद्यमान नेवारहरूले आफूलाई किरात भन्न र लेख्न छोडेका धेरै भइसके जस्तो देखिन्छ। त्यसमा पनि नेवारहरूको केही इतिहास र वंशावलीले नेवारहरू मूल नेपालका वासी होइनन् कि ? भन्ने शङ्का पनि हुन्छ। तर मलाई लाग्छ किरातहरूकै शाखाभित्र नेवार-किरातहरू पनि पर्छन्। त्यसको प्रत्यक्ष प्रमाण वर्तमान समयमा उपलब्ध नेवारहरूको रहन-सहन, खान-पान, विहावारी तथा मूल रूपमा अनुहारले नेवारहरू किरातै हुन् भन्ने बुझिन्छ। परन्तु राष्ट्रिय अभिलेखालयको अभिलेख नामक पत्रिकाको वर्ष ९ पूर्णाङ्क ९-२०४८ सालमा प्रकाशित 'सूर्यवंशी मल्लराजाहरूको वंशावली' ऐश्वर्यधर शर्माद्वारा लिखित लेखको आधारवाट नान्यदेवलाई पक्डँदा नेवारहरू पक्कै पनि किरात होइनन् कि भन्ने शङ्कामै अडिनुपर्ने हुन्छ। उपर्युक्त वंशावलीको केही अंश अभिलेख पत्रिकाको पृ० ११०-११६ सम्म प्रकाशित भए पनि अप्रकाशित वंशावलीचाहिं ऐश्वर्यधर शर्माकै पासमा भएको बुझिन्छ। वंशावली श्लोक छापिएको संस्कृत भाषामा भए पनि संस्कृत भाषा भने संशोधनीय छ र मल्लराजाहरूको वंशावली-अनुसार नेपालका मल्लहरू मूल नेपालका निवासी नभएर कर्णाटक दक्षिण भारतवाट आएका नान्यदेवका सन्तान देखिन्छन्। मलाई लाग्छ यस वंशावलीमा पछि राजनीतिक केही हेरफेर भयो होला। वस्तुस्थितिमा प्राचीनकालका ग्रन्थहरूमा मल्ल मात्रैको उल्लेख पाइन्छ। ती दुइमध्ये किरातक्षत्रिय मल्ल र खसठकुरी मल्ल देखिन्छन्। यीमध्ये नेवार मल्ल र मगर मल्ल किरातक्षत्रिय मल्ल हुन्। बाँकी खसठकुरी क्षत्रिय मल्ल देखिन्छन्। यी पछि विभाजित भएको जस्तो लाग्छ। मल्ल शब्दको उल्लेख भने मनुस्मृति, महाभारत आदि प्राचीन ग्रन्थहरूमा पनि भएको पाइन्छ। तर ती प्राचीन ग्रन्थहरूमा उल्लेख भएका मल्लहरू कुन मल्ल हो त ? भन्ने प्रश्नको उत्तरचाहिं खोज्नै शेष भए पनि मेरो विचारमा मल्लहरू पनि पछि आएर सामाजिक आदि कारणहरूले गर्दा छुट्टिए होलान्। शाके सम्वत् १०१९ मा राजा नान्यदेवले वास्तुपूजा गरेको उल्लेख गरेका छन्। नान्यदेवको सातौं पीढीमा हरिसिंहदेव देखा पर्छन् भने मल्ल नाम गरेको पहिलो राजा देव मल्ल देखिन्छ। जम्मा उग्र मल्लसम्म २६ पीढी देखिन्छन्। देव शब्द जोडेर आठौं पीढीमा एउटा राजा 'सिं' जोडेर बलारसिंह भयो। त्यसपछि मल्लान्त नाम उग्रमल्ल आदिसम्मन् चल्यो। यीमध्ये शक सम्वत् १२४५ मा पौषशुक्ल नवमी शनिवारका दिन हरिसिंह देवले सिम्रौनगढ छोडेका थिए भन्ने इतिहास वंशावलीले बताउँछ। लेखक ऐश्वर्यधर शर्माले आफ्नो खोजपूर्ण सामग्री राख्नुभयो। एउटा नेवारी ढ्यासफूमा लेखिएको टिपोटले पनि हरिसिंहदेव उपर्युक्तै तिथिका दिन काठमाडौं अधित्यका भक्तपुरमा प्रवेश गरेका थिए भन्ने पुष्ट प्रमाण मिलेको छ। ढ्यासफूका अनुसार नेवारी सम्वत् ४४३ मा हरिसिंहदेव काठमाडौं अधित्यकामा प्रवेश गरेका थिए।

जे भए पनि वंशावलीको आधार मान्ने हो भने नान्यदेव र हरिसिंहदेवलाई पक्डिदा मल्लनेवारहरू अथवा नेवारहरू किरात देखिंदैनन्। यदि यस्तै प्रमाण स्वीकार गरेर हिंड्ने हो भने गोपालवंशावलीका अनुसार गोपालवंश र अहीरवंश पनि किरात होइन भन्ने ठहरिन्छ। तर ती कहाँ गए त भन्ने प्रश्न गर्दा

गोपालवंश, अहीरवंश आज पनि काठमाडौं अधित्यका र सेरोफेरोमा बसोवास गर्दै आउने ज्यापूपरिवारले कुनै गोपालवंश, अहीरवंशको प्रतिनिधित्व गरेको देखिन्छ। ज्यापूहरूको बोली बनेपछि अवश्य नाम र शब्दमा अन्तर गरेको देखिन्छ, या शब्दमा अन्तर भएको पाउँछौं। परन्तु गोपालवंश कहाँ गए त भनेर हामीले खोज्नुपर्दैन र गोपालवंश किरातै वंश हुन् भन्ने प्रमाण काठमाडौं अधित्यका र सेरोफेरोका ज्यापूहरूले बोकेको आजसम्मको संस्कृतिले प्रष्टै बुझिन्छ। गोपालवंशलाई कृष्णसँग आउने कल्पना गर्नु र नेवारहरूलाई दक्षिण भारत कार्णाटकबाट आउने राजा नान्यदेवको सन्तान कल्पना गर्नु ठूलो राजनीतिको मूर्खता हो। यसमा अहिलेसम्मन् ठोस प्रमाण केही पाइएको छैन। परन्तु गोपालवंश, लिच्छविवंश, मल्लवंश, सेनवंश किरात हुन् भन्ने कुरामा आज उपलब्ध हुने उनैका खानदान, वंश धर परम्परा प्रष्ट रूपमा प्रमाण हुनु आउँछ।

✳

थारू-किरात

थारूजातिलाई उल्लेख गर्दा सर्वप्रथम लेखकले इब्राहिम ग्रीयर्सनलाई नै धन्यवाद दिने गरेको छ। यति मात्रै होइन; अरू किरातहरूको बारेमा पनि ग्रीयर्सन[१]कै भाषाविज्ञानलाई अगाडि सारेर लेख्ने गरेका छन्। त्यसपछि क्रुक, एडवर्ड, जे० टाम्स आदि पाश्चात्यहरूले थारू र थारू-रीतिस्थिति, भाषा, केही रहनसहन र धर्म, संस्कृतिबारे प्रकाश पारेका छन्। तर यी पाश्चात्य लेखकहरूको धारणा अथवा नीति ठीक छैन। थिएन। जो पनि किरात वा किरातवर्गका मानिस हुन्छन् अथवा किरातवर्गको अनुहार लिएको वाहुन छ भने झट्ट मङ्गोल क्लान अथवा तिब्बतो बर्मीज क्लान भनिहाल्छन्। कलम पाए भने लेखिहाल्ने गरेका थिए। यस्तै राई, लिम्बू, थारू आदिका अनुहार खसक्षत्रिय, अथवा बाहुनको जस्तो परेको छ भने 'आर्यन' क्लान भनिहाल्छन्। वस्तुतः उपर्युक्त पाश्चात्य लेखक विद्वान्हरूले आर्य-हिन्दू-इतिहासलाई जान्न सकेका थिएनन्। त्यसको खास कारण थियो संस्कृत-ज्ञानाभाव। ग्रीयर्सन त केही संस्कृतको काम गर्ने पनि हो। तर उनीहरू प्रायः सबैको धारणा फुट पारेर राज गर्ने नै थियो। त्यसैले किरातक्षत्रिय थारूहरूलाई पनि यिनीहरूले 'मङ्गोल वा तिब्बतो बर्मीज' आदि शब्दले फुट पार्ने पर्याप्त प्रयास गरेका छन्। धेरै कुरामा यी पाश्चात्यहरूको गुण पनि मान्नैपर्ने भएको छ। तर खाडल खनेर पुरेको चालै नपाउनेहरूले चाहिं यी उपर्युक्त पाश्चात्यहरूको गीतै गाएर अडेस मार्नेछन्। यस्ताहरूको कमी छैन।

त्यसपछि उपर्युक्त पाश्चात्य लेखकहरूलाई पच्छयाउनेमा डा० सुनीतिकुमार चाटुर्ज्यं र दयानन्द श्रीवास्तव, भोलानाथ तिवाडी आदि धेरै छन्। सबैले मङ्गोल, मङ्गोल द्राविड मिश्रित आदि कुरा लेखेका छन्। तर यो इतिहास सत्य होइन। यसरी भारतका विभिन्न स्थानहरूबाट विभिन्न सर-संस्थाहरूले 'थारू' बारे प्रकाश पारेका छन्। राहुल[२] आदिले थारूहरूलाई राजस्थानको हो भन्नु कति युक्तिसंगत छ? यो पनि विद्वान्हरूले विचार गर्नु आवश्यक छ। नेपाली इतिहासकारहरूमा पनि योगी नरहरिनाथ र इतिहास-शिरोमणि बाबुराम आचार्य आदिले 'थारूहरू' बारे धेरै नै लेखेका छन्। यी सबैको लेखाइको मत बुझ्दै लैजाँदा 'थारू किरात'हरू पनि भत्तुवा नै भएको देखिन्छ। यीमध्ये टेकनाथ गौतमले 'थारू जातिको इतिहास तथा संस्कृति' भन्ने पुस्तकमा निकै खोजीको साथ लेखेको छ। साथै दाङका थारूहरूकै माझामा लेखक

---

१. ग्रीयर्सन 'भाषाविज्ञान' पृ० नं० ११३, हिन्दी संस्करण।

२. But the theory of infiltration of the 'Tharu' from Jarputana was rejected by Nesfield and Resley and does not find support, from Rahul Sankrityayana. (Champaran Gazeteer 1970—115)

(क) Tarner mentioned that, from Ganga, it is alleged that the name is deriven from Tarai, which in colloguall is said to mean bellow the hills. (1913–598)

(ख) It is suffice to write that the term 'Tharu' is from the same language to which they themselves belong. By Jeetendra Sinh, P. P. 81-95, Research Journal of Ranchi University, Vol. XIV, 1978,

जन्मेर हुर्केपछि थारूहरू नै साथी, सङ्गी, गोठाला, खेताला र मन्त्री साथै रातौं दिन थारू गाउँमा नै सम्पर्क हुनाले गौतमजीको खोजलाई अधिक प्रामाणिक मानेको छ। परिश्रम पनि धेरै छ। तर गौतमजीले पनि थारूहरूलाई मङ्गोलतिरै धकेल्ने चाँजो गर्नुभएको इतिहासचाहिं त्यति मिलेन। 'अनार्य' को कुरा थारूहरू-माथि कुनै हालतमा लागू हुन सक्दैन। थारूहरू शुद्ध हिन्दूकिरात आर्यक्षत्रियहरूमध्ये पर्छन्। जन्माउने बाबुलाई सामनेदेखि देखिकन पनि मेरो बाबु कुन हो ? सोध्नु जाने वानी मूर्खको हो। हाम्रो देशको इतिहासकारहरूलाई रोग लागेको छ। आफ्नै आमाले 'यो तेरो पिता हो' भन्दा विश्वास नगर्ने र अर्कालाई 'मेरो बावु कुन हो, हँ ?' भन्दै हिंड्ने मूर्खता नगएसम्म हाम्रो इतिहासमाथि हामी विश्वस्त हुन सक्दैनौं।

यस्तै थारूहरू किरात-ऋषिका सन्तान हुन्। 'अथर्वन्' ऋषिका सन्तान भए पनि हाम्रो अभिन्न वैदिक सम्पत्ति नै हुन् थारूहरू। आर्यावर्तभित्रै तलमाथि, वर-पर गर्नु भत्तुवा हुनु भनेको होइन। आर्यावर्तदेखि बाहिरबाट आए भनेचाहिं मानिनेछ। परन्तु थारूहरू यहींका किरातक्षत्रियहरू हुन्। 'थरु द्रङ' शब्द चापागाउँमा प्राप्त अभिलेखमा उल्लेख भएको छ। त्यसैले यो बुझिन्छ कि 'थारू'हरू काठमाण्डौ अधित्यकामा पनि बसोबास गर्दथिए। साथै किरातक्षत्रियहरूमा शिलालेखमा पाइने सबैभन्दा पुरानो 'थरु द्रङ' नै हो। त्यतिखेर थारूहरू कहाँकहाँ बसोबास गर्थे ? भन्ने स्विको नपाए पनि वर्तमान नेपालको १० अञ्चलहरूमा थारूहरू व्यापक भएर बसेका छन् जसमा यसरी बुझ्नु सक्नुहुनेछ—(१) मेचीमा झापा, (२) कोशीमा मोरङ, सुनसरी, (३) सगरमाथामा उदयपुर, सिराहा, सप्तरी, (४) जनकपुरमा धनुषा, महोत्तरी, सर्लाही, (५) लुम्बिनीमा रुपन्देही, नवलपरासी, कपिलवस्तु, (६) महाकालीमा कञ्चनपुर, (७) सेतीमा कैलाली, (८) भेरीमा सुर्खेत, बांके, बर्दिया, (९) राप्तीमा दाङ, देउखरी, (१०) नारायणीमा पर्सा, बारा, रौतहट, चितवनमा थारूहरू व्याप्त भएर बसेका छन्। थारूहरू आफ्नै मातृभाषा बोल्छन्। पश्चिमको कैलाली र बर्दियामा धेरै थारूभाषा बोल्छन् भने पूर्वमा पनि अलिअलि बोल्छन्। पूर्वका 'कोयिल्हा' जातिका थारूले आफूलाई मूल मान्छ भने पश्चिमका दङ्गौरा र कठरिया थारूहरूले आफूलाई प्राचीन मान्दछन्। वर्तमान थारूभाषामा अवधी, मैथिली, भोजपुरी भाषाहरूको[1] धेरै प्रभाव परेको पाइन्छ। वस्तुतः थारूकिरातहरूको पनि मूल भाषा परापूर्वकालमा संस्कृत नै थियो। यी पंक्तिहरूबाट यो इतिहास प्रष्ट हुन्छ। तलको शब्दहरूलाई मनन गर्नुहोस् किनभने अवधी र मैथिली, भोजपुरी आदिको जन्मै भएको थिएन। त्यतिखेर थारूकिरातहरू अरू किरातहरूले जस्तै संस्कृतै बोल्थे। संस्कृतमै व्यवहार गर्थे। हेर्नुहोस्—

---

[1] 'थारूजातिको भाषा र संस्कृति' पृ० १५ देखि २२ सम्म 'वाणीसाधना' पत्रिका हेर्नुहोस्।

संस्कृत	बहिः	अङ्गणः	महानसः	पाकशाला	देवागारः	देवस्थानम्	क्षेत्र	भूमि
थारू	वह्लि	अङ्ना	भन्सा	पक्सा	घौह्लार	घुथन्वा	खेत	भूई
संस्कृत	बलविर्दः	महिषः	छागः, मेष	शूकरः	गौ-वत्स	व्याघ्र-हस्ती	हरिणः	मूषकः
थारू	वर्दा	भैंसा	छेगरा, भेंर	सूअर	गैया वच्छवा	वघ्वा, हत्या	हिर्ना	मुस्वा
संस्कृत	धान्यम्	यव, मसूरः	चणकः	बुसः	पलालः	कडंगरः	कुकूल	
थारू	धान	जौ, मस्री	चना	भुसा	पैंरा	कट्करी	कौरा	
संस्कृत	हलं, हलीशम्	फालम्	युगः	सीता	नध्री, खनित्रम्	बिहङ्गा	सिक्यम्	शिरस्त्रम्
थारू	हर, हरीस	फार	जुवा	सिया	नाधा, खन्ती	बहिङ्गा	सिकहर	सिरहा
संस्कृत	आदित्यवासरः	सन्ध्या	अग्रहायणम्	सहा	धवलम्	अन्धकारम्	ज्योत्स्ना	
थारू	अत्वार	सन्झ्या	अगहन	साहा	धवर	अन्धार	जोन्या	
संस्कृत	जनी, भर्ता	देवरः	श्वसुरः	स्यालः	भाम, जामाता	श्वश्रू	शाव	
थारू	जन्नी, भतार	घौरा	ससुर	साला	भाटु, दमदा	सास	छावा	
संस्कृत	महत्तमः	गृहधूर्य	गृहधुरीणा	मदातुरः	काल, धूसरः	उज्वलः	कर्मकरः	कदर्यः
थारू	महतौ	गरधूर्या	गरधून्र्या	मत्वार	कन्र्या, धूसर	उज्जर	कमकुर	कैंदार
संस्कृत	खादनम्	पानम्	चलनम्	न्यश्वनम्	हसनम्	निद्राणं	जागरणं	करणम्
थारू	खैना	पीना	चलना	न्यङना	हँसना	निदैना	जागना	करना

उपर्युक्त[1] तुलनात्मक शब्दहरूको आधारमा थारूकिरातहरूको भाषा सीधा तत्समबाट तद्भव र अपभ्रंस भएको हो। अब रह्यो मैथिली, अवधी, भोजपुरी आदिको प्रभाव पर्ने कुरा; त्यो ठीक छैन। त्यसै हो भने ब्रह्मपुत्रको छेउछाउ र राजस्थान आदिबाट थारूहरू आए भन्नेहरूको मतमा त आसामी, अहोमी, बोडो, बङ्गाली आदि र राजस्थानी आदिको प्रभाव हुनुपर्छ। अवधी आदिको तुलना ठीक छैन।

---

[1] थारू इ० सं० पृ० नं० ४६ देखि ४७ सम्म।

यसरी 'थारू इतिहास र संस्कृति' पृ० नं० ४८ मा गौतमजीले (१) गुरुबाबाकी जन्मौतीदेखि लिएर (३५) कहली, सुनली, बुझली आदि थारूसाहित्य राख्नुभएको छ। तर सर्वप्रथम थारूसाहित्यलाई जन-समक्ष राख्ने काम योगी नरहरिनाथजीले गर्नुभएको हो। थारूहरूले अनादिकालदेखि मान्दै आएका देवी-देवताहरू पनि शुद्ध हिन्दू-आर्यकिरातक्षत्रियहरूकै देखिन्छ।

थारू	संस्कृत	थारू	संस्कृत
गुरुबाबा	मार्गरक्षिका देवी	रिख्या नारद	नारद ऋषि
चवहा	चतुर्वाहु विष्णु	भेर्वा	भैरव
चमुख चबाही	चतुर्मुख चतुर्वाहु ब्रह्म	धमरज्वा	धर्मराज
लटौ महादेउ	जटाधारी महादेव	मुरहा	मुरारि
खेतरपाल	क्षेत्रपाल	ज़गन्थ्या	जगन्नाथ
बुढीद्यौ	वृद्धादेवी आदिशक्ति	लागुवासु	नाग वासु
जाखणी	यक्षणी	वगार	वराह
पन्नवा	पाण्डव	अहुरा या रौरा	असुर
सौरा	सौर विम्ब	भुँयार	भूमिपाल
घरकी मैया	गृहमात्रिका	जमजित्या	यमजित

इत्यादि उपर्युक्त थारूकिरातहरू हिन्दू-आर्यकिरातक्षत्रिय नै भएका हुनाले केवल नामको उच्चारण मात्रमा फराक देखिन्छ। मेरा मित्र स्व० उदयनारायण तिवाडी (भू० पू०, जवलपुर युनिभरसीटी)-ले निकै खोज गरेका थिए। समयमा प्रकाशमा आउला। उनको खोजाइमा थारूहरू शुद्ध किरातपरिवारका हुन्। त्यसैले भाषामा अलिअलि फरक भए पनि देवी, देव, इष्टदेव तथा चाड, पर्व आदिमा कुनै किसिमको फरक छैन। डा० तिवाडीले पनि थारू, राई, लिम्बू, नेवार, गुरुङ, मगर आदिलाई मङ्गोल स्वीकारेका छैनन्। त्यसैले थारूसंस्कृति, देवी, देव, इष्टदेव, चाडवाड सबै सनातन हिन्दूधर्मावलम्बी नै छन्। यसको पुष्ट्याइँमा 'थारूजातिको भाषा[2] र संस्कृति' भन्ने लेखमा गणेशप्रसाद खरालले पनि डा० तिवाडीजीकै पुष्टि गरेको छ। केही कुरालाई छोडेर अरू नेपाली विद्वान् बाबुराम आचार्य, बालकृष्ण पोखरेल, चूडा-मणि बन्धु र हीरामणि पौडेल आदिले एक-एक शब्दमा भए पनि अन्तर ल्याउने प्रयास गरेका छन्। त्यो पाश्चात्य संस्कार हो। तर टेकनाथ गौतमले भने आफ्नो ढङ्गको परिश्रम गरेर थारूहरूलाई अलिकति अलग्गै राख्ने मेसो पारेको देखिन्छ। योगीजीको तथा धेरै अंशमा डा० तिवाडीको साथ मेरो मत साम्य छ। जे भए पनि थारूहरू प्राचीनकालिक हिन्दू-आर्यकिरातक्षत्रिय हुन्। तर आफूलाई 'किरात' भन्न र लेख्न बिर्सिसकेका छन्।, केवल थारूले मात्रै होइन मगर, गुरुङ, नेवार आदिले पनि आफूलाई 'किरात' भन्दैनन्। तर बिर्सेका हुनाले लेख्दैनन् वा भन्दैनन्। त्यसो भएको हुनाले 'थारूहरू' कतैबाट आएका होइनन्। मूल आफ्नै जन्मभूमिको वरपर भने अवश्य परिस्थितिवश गर्नुपरेकै हो। पूर्वकालमा तराई र पहाड दुवैमा थारूहरू बस्थे। थारू शुद्ध हिन्दू-आर्यकिरातक्षत्रिय हुन्। यसमा सन्देह छैन।

---

१. Study of Tharu Culture, Dr. Udayanarayana Tiwari.

२. वाणीसाधना, वर्ष ४-५, सं० डा० डिल्लीराम तिमसिना, B. H. U.

पूर्वेली थारू-किरातका थरहरू

१. रझेटिया
२. राजी
३. मोरङ्गिया
४. मझौरा
५. मल्वरिया
६. कुचिला
७. गहलोतिया
८. महन्त
९. बोअत
१०. बहन्या
११. बाँढ
१२. वांतर
१३. रजवांतर
१४. ढकहर
१५. नवलपुरिया
१६. डंगोरिया
१७. चितौनिया
१८. गौरीहार
१९. गढवाली
२०. कुमया
२१. खडेर
२२. खोन
२३. खुना
२४. खौसिया
२५. खस
२६. कठरिया
२७. कछरिया
२८. नेवाड
२९. रजवरिया
३०. दौतार
३१. खुनाहा
३२. सोल्वरिया
३३. दरहा
३४. दरोइ
३५. अहिरवाल
३६. अट्कुटवा
३७. भटगंसिया
३८. हेल्झेलिया
३९. सेठा
४०. सत्तार
४१. असुर
४२. औरगैन
४३. अभिदुवैर
४४. कमल पचनिया
४५. खाँ खवान
४६. राजराजी
४७. गोदहनिया
४८. गौरगोविन्द
४९. जोइस्तिरहुतिया
५०. तेलिया
५१. भातु[1]

यीमध्ये गढवाली, कुमैया आदि थरका थारूहरू परापूर्वकालमा कुमाऊँ गढवालमा रहन्थे भन्ने बुझिन्छ। यस्तै अरू थारूहरूको थर पनि देशवाची, स्थानवाची र केही पेशावाची आदिमा राखिएको स्पष्ट बुझिन्छ। निकट भविष्यमा यसको शोधखोज हुने नै छ।

पश्चिमी थारू-किरात

१. कुशुम्या
२. मष्टान कुशुम्या
३. भल्वा कुशुम्या
४. राना
५. दनवार
६. धमलवा
७. दयित
८. हस्तेवा
९. अंग्रवा
१०. कंग्रवा
११. सिंग्रवा
१२. कन्द्रवा
१३. रतगैंया
१४. कठरिया
१५. टेर्वा
१६. कन् गैंया
१७. बोटे
१८. घरचर्प्वे
१९. डुकुरपुच्वा
२०. लोहटेवा
२१. नम्पुच्या
२२. उल्टेवा
२३. थन्टेवा
२४. गैरवई
२५. बखेर
२६. चिलरवा
२७. कोल्कत्या
२८. सतगैंया
२९. चुकोटा
३०. नम्वा

---

[1] टेकनाथ गौतमको 'थारूपुराण, पृ० नं० ५०' हेर्नुहोस्।

३१. गम्वा
३२. दुहुना
३३. मघ्वा
३४. वघ्वा
३५. दैमन रौरा
३६. जगन्नथ्या
३७. पिथागोठी
३८. मङरा
३९. अहिरा
४०. खस्या
४१. थरवौना
४२. ठक्री
४३. कामी
४४. चम्रा
४५. रजपूत[1]

* * *

---

[1] 'थारू जातिको इतिहास तथा संस्कृति' पृ० नं० ५० (ले० टेकनाथ गौतम डाङ)। थारू-किरातहरूका केवल यति मात्रै थर हुन्छन् भनेको होइन अपितु यस्ता अरू पनि अनेक थर छन्।

धिमाल-किरातका गोत्र

धिमालहरू पनि किरात-क्षत्रियहरूमै पर्छन् भन्ने इतिहास उसको गोत्र-परम्परा र संस्कृतिले नै वताउँछ। धिमाल-किरातहरूको पनि अरू किरातहरूकै जस्तो गोत्र हुन्छ। यहाँ प्रसिद्ध कुराको लागि स्व० माबूलाल धिमाल, तारावारी मेचीको अन्तरवार्ता जस्ताको तस्तै राखिंदै छ।

धिमालहरू मूलतः किरात हुन् भन्नुमा कुनै विवाद छैन। साथै धिमालहरूको गोत्र-परम्पराले पनि धिमालहरू आर्य-हिन्दूकिरातक्षत्रिय हुन्। काश्यप, लासा, काशी, हाङ्गोत्र, दाङ्गोत्र, बङ्गलाइति गोत्र, हर्दियार गोत्र, सुवाङ्गोत्र, ओध्यतियागोत्र आदि धिमालहरूको गोत्र हुन्छन्।

१. काश्यप र लासा गोत्रका धिमालहरू कारीकोशी, बलुवाई आदि मेची अञ्चलको तराई आदिमा छन्।

२. हाङ्गोत्रका धिमालहरू लेटाङ्, शनिश्चरे आदि कोशी अञ्चलका तराईभित्र बसेका छन्।

३. दाङ्गोत्रका धिमालहरू बाहुनडांगी, टोकल आदि मेचीका तराईमा छन्।

४. बंगलाइति गोत्रका धिमालहरू लखनपुर, सुनापुर आदि मेचीका तराईमा बसेका छन्।

५. हर्दियार गोत्रका धिमालहरू आर्नारवाडी आदि मेचीमा छन्।

६. सुवाङ्गोत्रका धिमालहरू अय्यावारी, रींवा आदि कोशी अञ्चलका तराईमा बसोबास गर्छन्।

७. अधोनिया गोत्रका धिमालहरू (तेलपाने धिमाल) अर्नारवाडी आदिमा बस्छन्।

यी धिमालहरू पश्चिम नेपालमा पाइँदैनन्। पाइए भने कतैकतै मल्लि र मल्लिक नामले पाइन्छन्। तर मल्लि र मल्लिकहरूले आफूलाई किरातक्षत्रिय भन्न त बिर्सेबिर्से, साथै धिमाल भन्न पनि बिर्सेका छन्। पूर्व नेपालको तराई क्षेत्रमा भने धिमालहरू प्रशस्त पाइन्छन्। तर धिमालहरूले पनि आफूलाई 'किरात' भन्न बिर्सेका छन्। परन्तु पूर्व नेपालका तराईदेखि लिएर आसाम र वङ्गालसम्म धिमाल-किरातहरूको बसोबास भएको देखिन्छ। तर आसामका धिमालहरूले आफूलाई धिमाल भन्न बिर्सिसके। त्यसैले आसामी धिमालहरूले आफ्नो परिचय दिंदा अथवा लेख्दा 'ढेकिया' लेख्ने र भन्ने गरेका छन्। तर गहिरो साइनो र गोत्र केलाउँदा धिमालमै पुग्छन्। बङ्गालका धिमालहरूले आफ्नो परिचय गर्दा र गराउँदा मल्लि या मल्लिक भन्ने गरेका छन्। यिनीहरूको पनि धिमाल भन्ने इतिहास मेटिंदै जाँदैछ। वस्तुस्थितिमा यिनीहरू पनि आर्य-किरातक्षत्रिय नै हुन्। नेपाली र आसामी तथा बंगाली धिमालहरूको क्रियाकलाप सारै फरक छैन। अरू किरातहरू जस्तै हो तापनि कैयौं कुरामा देश, काल, पात्र र परिस्थितिभेदले अलिअलि फरक पनि देखिन्छ। तर सर्वथा भिन्न भन्न मिल्दैन।

* * *

शौखा जाति र व्यासी एकै हुन्

नेपालको महाकाली अञ्चलमा चार जिल्ला पर्छन् । तीमध्ये भारतको जिल्ला धारचुला र नेपालको जिल्ला दारचुला नामले छुट्याएका छन् । सिमानाको काम महाकालीले गरेको छ । पुलपारि धारचुला कुमाऊमा पर्छ । पुलवारि दारचुला नेपालको महाकाली अञ्चलको एक जिल्ला हुनु पुगेको छ । यस जिल्लामा सबैभन्दा दुर्गम बसोबास छ । यस जिल्ला दारचुलामा पनि सबै जातिका मानव रहन्छन् । उदाहरणको लागि ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र भन्छन् । परन्तु जिल्ला दार्चुलाको 'व्यासा' भन्ने ठाउँमा विशेष 'शौखा' जातिका मानव रहन्छन् । यी आफूलाई व्यासका सन्तान बताउँछन् । जे होस् यिनीहरू पनि किरातक्षत्रिय-भित्र पर्छन् । नेपालभित्र पर्ने 'व्यासी'मा जम्मा तिङ्कर, क्षाङ्गरू, दुमलिंग, शाप्ला, सितोला गाउँहरूमा शौखाहरू बस्दछन् । यिनीहरूको मुख्य काम भेडा बाख्रा पालन र त्यसैमा व्यापार गर्छन् । कतैकतै अलि-अलि खेती पनि गर्छन् । अब त राम्रो नोकरीमा पनि शौखाहरू देखिन थालेका छन् । भारतको व्यासामा बस्ने व्यासीहरू कुटी, नावी, रोकाङ्ग, हुञ्जी, नवलथु, वासेङ, बूंदी, सौदास, स्यांखोला, छिजासों, समरी, सिर्खा, तिज्या, रुङ्ग, सिर्दाङ, जुपकोट, पत्ती, नयाङ, युलिकाङ, सोसा, हिगबोल, वेंकू, रौंलो, रिमिमल, पांगु, दारमा, बोन, सोन, दुग्तु, सेला, चल, मर्छा, दांतु, नामलिङ, वालिङ, सिपू, गो, तिदाङ, दावे इत्यादि गाउँहरूमा व्यासी = शौखाहरू रहनसहन गर्छन् । यिनीहरूको गाउँको नाम प्रायः सबै 'किरात' बोलीकै मात्र छन् । शौखाबोली 'किरात' बोलीभित्रैका बोली हुन् । यसमा सन्देह छैन ।

किनभने मर्छा (मर्चा), नामलुङ (नामलिङ), वालिङ, वोमा (वोना), दाने, वासेङ, स्यांखोला (सियाङ = सि आङ) आदि शब्दहरू वान्तवाराईबोलीका जस्ताका तस्तै छन् । शौखाहरूको धेरै कुरा राईहरू तथा अन्य किरातहरूसँग मेल खाने छन् । पश्चिम नेपालमा राजी, राउटे, कुसुण्डे आदि आज पनि जङ्गली किरातहरू छन् र जङ्गलमै बास गर्न रुचाउँछन् भने 'शौखा' किरातहरू अत्यन्त उन्नतिशील, व्यापार-कुशल, व्यावहारिक, शिक्षित, कार्यकुशल, कलाकार पनि छन् । यी दार्चुला जिल्ला र धार्चुला जिल्लाभित्रै पर्छन् । आफूलाई व्यासका सन्तान भन्ने र गर्मीका महिनामा अधिक व्यासामा बस्ने हुनाले आफूलाई 'व्यासी' पनि भन्छन् । तर शौखा = व्यासीहरूले आफूलाई 'किरात' भन्न विर्सेका छन ।

*

मार्छा-किरात

मार्छा-किरातहरूले पनि आफलाई किरात भन्न भुलेका छन् । गढवालको नीति, माणा भन्ने ठाउँमा विशेष मार्छा-किरातहरूको बसोबास छ । मार्छाहरूले खेतीभन्दा धेरै भेडा र बाख्रा पालेर जीविका गर्छन् । भेडाभन्दा पनि अझ विशेष बाख्रा नै पाल्छन् । यसैमा अन्न, नून, चीनी आदिको व्यापार गर्छन् । जाडाका महिनामा तल ओर्लिन्छन् । तर गर्मीका महिनाहरूमा चाहिं बदरीनाथ, नीति, माणा, वसुधारा आदि अगाडिसम्म पनि जान्छन् । यस्तै केदारनाथ, तुङ्गनाथ, रुद्रनाथ, घुत्तु, पौंवाली, बुढाकेदार, गंगनानी, सुक्की, झाला, गंगोत्री; फर्केर उत्तरकाशीदेखि यमुनोत्तरी आदि स्थानहरूमा पनि व्यापार आदानप्रदान गर्ने गर्छन् । यी मार्छाहरू शिक्षित छैनन् । साधारण कुनैकुनै साक्षर हुन्छन् । यो सन् १९६० तिरको कुरा हो । ऐले १९९२ तिरको अवधिमा यसै भन्न सकिन्न । मार्छाहरूको अनुहार खान, पान, देवी, देवता-मनाइ र बोलाइ प्रायः सबै किरातहरूसँगै मिल्छ । तर शौखा-किरातहरूको संख्यामा मार्छा-किरात सारै नै थोरै छन् । तर राजी, राउटे र कुसुण्डेहरूभन्दा निकै मात्रामा छन् र यिनीहरूभन्दा मार्छाहरू सबै कुरामा कुशल छन् । गढवालमा १९६० सम्म सबैभन्दा पिछडिएका जातिहरूमध्ये मार्छा-किरात र वादी थिए । शौखा, राई, लिम्बू आदि जस्तै मार्छाहरू पनि दुर्व्यसनमा जाकिएकै हुनाले उन्नति गर्न सकेका छैनन् । यिनीहरूको बिहावारी पनि आफआफैंमा गर्ने गरेका छन् । तर गोत्र र आफ्नो आदानप्रदान व्यवहारको बारेमा जानकारी राखेरै व्यवहार गर्छन् । गढवालको प्रसिद्ध तीर्थस्थान बदरीनाथधामदेखि पाँच मील जति अगाडि गएपछि नीति, माणा भन्ने ठाउँ १९७० सम्म पनि मार्छाहरूकै गाउँ बस्तीको नामले प्रसिद्ध थियो । अब कोनि कस्तो छ ! तर मार्छा-किरातहरू पनि यसरी नै बसे भने मासिन पनि बेर लाउनेछैनन् ।

* * *

थकाली किरात

थकालीहरू पनि आर्य-हिन्दूकिरातक्षत्रियहरूमै पर्छन् । किरातभित्रकै हुनाले थकालीहरूको सारै भेद देखिंदैन । कताकतावाट थाक खोला पुगेर फेरि अन्यत्र वसोबास गर्न पुग्नाले थकाली नाम गरेका हुन् भन्छन् । थकालीहरू मूलतः गोचन, तुलाचन, शेरचन तथा भट्टचन गरी चार थरका हुन्छन् । थकालीहरूका आदिनिवास मार्फामुनि टुकुचे, ओवाङ, लाजुङ, धम्पु घास, केपचे आदि स्थानहरू छन् । यी स्थानहरू थाक खोलामा पर्छन् । खास थकाली समाजमा पनि निक्कै परिवर्तन आयो । तिनीहरूले आफूलाई 'किरात-क्षत्रिय' भन्न छोडे या बिर्से पनि सनातनी नै छन् । तर बौद्धमार्गी धेरै छन् । बौद्धहरू शुद्ध हिन्दू हुन् । २००७ सालपछि मार्फादेखि माथि जोमसोम, काकवेणी आदिमा छिन्तेल र पुण्यल थकालीहरूबाट तल खसाएको हो अरे भन्ने कुरा पनि सुनिन्छ । २००७ सालपछि यिनीहरू संगठित भए । अनि यिनले हीरा-चन्द्र, मोतीचन्द्र, जुहारचन्द्र, पन्नाचन्द्र चार जात बनाए । यसरी थकालीहरूमा आठ जाति वर्तमान समयमा पाइन्छन् । यद्यपि थकालीहरूमा पनि आफूले शुद्ध थकाली हुनु अलि सानो माने जस्तो देखिन्छ । त्यसैले केही थकालीहरूले आफूलाई शुद्ध ठकुरी भनेको पनि सुनिन्छ । तर यिनीहरू खस ठकुरी क्षत्रिय होइनन्, किरातक्षत्रिय हुन् । यसमा सन्देह छैन ।

'नेपाली अध्ययन' वि० सं० २०३२ मा साझा प्रकाशन काठमाडौंबाट प्रकाशित पुस्तकको पृ० नं० ५ मा डा० जगदीशचन्द्ररेग्मीले 'थकाली' शब्दको खोज निकै गहकिलो ढंगले गर्ने प्रयास गर्नुभएको छ । रेग्मी-जीको खोजाइअनुसार 'थकाली' शब्द सारै पुरानो होइन । यो उल्ले नेवारी 'ढचासपु' (दैनन्दिनी) ई० सं० १४५२ बाट भएको देखिन्छ । 'थकाली' शब्द नेवारी भाषामा प्रयोग भएको हुनाले नेवारी भाषाको शब्द हो भन्छन् । डा० रेग्मीजीको पनि मत यही नै छ । 'थकाली' शब्दको अर्थ नेवारीमा 'टोल, घर, गुठी आदिको जेठो' भन्ने अर्थ हुन्छ । तर थकालीहरूलाई सोध्दा 'हामी थाकखोला थाक गाउँबाट आएका हौं' भन्छन् । यहाँ डाक्टर रेग्मीजीको खोजाइलाई स्वीकार गर्ने हो कि होइनं त्यो अर्कै कुरा हो तर एक दृष्टिले हेर्दा ठीकै देखिन्छ ।

थकालीहरूको समस्त क्रियाकलाप तथा देवी-देवताको[१] मानमनौती प्रायः सबै हिन्दूहरूकै छ । त्यसैले थकालीहरू नेवारहरूकै एक शाखा 'नेवारकिरात' भन्नुपर्छ । यद्यपि यस इतिहासलाई शोधखोज गरेर अगाडि बढाउने क्रियाकलाप छँदैछ ।

✱

---

[१] 'मूल वन्देज' थकाली सेवा समिति, केन्द्रीय कार्यालय काठमाण्डौ द्रष्टव्य छ ।

किरातहरूको पतन कसरी भयो त ?

यस शीर्षकलाई पढ्दा कैयौं पाठकहरूलाई असजिलो हुनु स्वाभाविकै कुरा हो । तर इतिहास भनेको इतिहासै हो । वस्तुतः त्यसलाई पर्दा हाल्न पनि सकिंदैन । अर्कालाई खुशी वा बेखुशी पार्नु पनि इतिहासको उद्देश्य होइन ।

किरातहरूले एकफेर विश्वमा नै डङ्का बजाएका थिए । यसमा शङ्का गर्ने अवसर छैन । आफ्नै दिमागको 'ननु नच' हुनु अर्कै कुरा हो । प्राचीन इतिहास र पुरातत्त्व तथा नृतत्त्व (Ancient History and Archaeology or Anthropology) आदि प्रमाणहरूबाट यो तथ्य प्रष्ट भइसकेको छ । साथै अब पाश्चात्य तथा पौरस्त्य लेखक र विद्वान्हरू एकै मञ्चमा उभिन थालेका छन् । किरातहरूको उल्लेख ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेददेखि लिएर समस्त ब्राह्मण, आरण्यक, पुराण, उपपुराण, रामायण, महाभारत, तन्त्र, ज्योतिष र परवर्ती साहित्य आदिमा भएको साक्षी पाएसम्म मैले तत्तत् स्थानमा प्रस्तुत गरेको छु । किरातहरूको शासन र बसोबास, व्यापार, आदान-प्रदान आदि समस्त कलाकृति, संस्कृति आदि आर्यावर्त (अजवर्ष), ब्रह्मावर्त आदिदेखि लिएर प्रायः विश्वको सबै क्षेत्रमा किरातहरू कुनै न कुनै व्याजले पुगेका थिए । ती किरातहरूले कतै शासन गरे भने कतैकतै व्यापारी त कतै शासित भएर पनि रहेका थिए भन्नुमा अत्युक्ति हुनेछैन ।

(१) आजको समस्त भारतवर्षको उत्तर, दक्षिण, पूर्व, पश्चिम र मध्यभारत कुनै प्रान्त पनि किरातहरूविना खाली थिएन । यसैको परिणाम भारतमा पाइने कोल, भील, किराड, सन्ताल, त्रिपुरी, नागा, बोडो, अहोम, कुकी, मणिपुरी तथा किनोरी, लाउसपिती आदि भारतवर्षमै आर्थंङ आज पनि किरातहरू आ-आफ्ना पैतृकभूमि या मातृभूमिमै बसे पनि आफूलाई किरात भन्न भुलेका छन् ।

(२) यस्तै वर्मा, थाइलेण्ड,·कोम्बोडिया, ब्रूनाई, उत्तर दक्षिण कोरिया, तिब्बत, चीन, मङ्गोलिया आदिमा आर्यावर्तबाटै किरातहरू व्यापार, यात्रा, युद्ध आदिको बहानामा गएर बिस्तारबिस्तारै बसोबास गर्न थालेका थिए । यी परापूर्वकालमा किरातहरूबाटै छुट्टिएका हुन् । यिनीहरू सबैका अनुहार वा फेस किरात-फेस नै छ ।

(३) नेपालभित्र पनि मगर, गुरुङ, थारू, धिमाल, कोचे, राजवंशी, नेवार, राउत, कुसुण्डे, थकाली, तामाङ आदि किरातै भए पनि आफूलाई किरात भन्न बिर्सेका छन् । भारतमा केवल त्रिपुरीहरूले मात्र आफूलाई किरात हौं भन्ने गरेका छन् । नेपालमा राई र लिम्बूबाहेक अरूले आफूलाई 'किरात' शब्द प्रयोग गर्दैनन् । परन्तु यिनी 'मगर, गुरुङ, नेवार, तामाङ' आदि सबै किरात-परिवारका अपरिहार्य किरातै हुन् । यसरी कुनै बेला किरातहरू एक शक्तिशाली र सङ्गठित थिए ।

(४) तर कसरी पतन भयो ? पतनका कारण आपसी फुट, आपसी मनमुटाव, आपसमा असहयोगको भावना, आपसमा धोखाबाजी गर्नु, आपसमा शासनको लोभले एकले अर्कालाई धोखा दिएर मार्नु, पारिवारिक, युद्ध, गृहयुद्ध, अशिक्षा, इतिहास-ज्ञानको अभाव, वास्तविकवादको हत्या गरेर अयोग्यवादको

प्रतिस्थापना गर्न आदि कारणले किरातहरूको पतन भयो र अब आफूलाई 'किरात' भन्नै पनि बिर्सिसकेका छन्। निर्धनता पनि यसैभित्र सामेल छ।

(५) उपर्युक्त कार्य वा व्यवहार कसरी हुन गयो त ? यसको उत्तर 'अविवेक' हो। अर्थात् अविवेकपूर्ण व्यवहार गर्नाले माथिका व्यवहार हुन गयो।

(६) अविवेक कसरी भयो त ? सम्पूर्ण अविवेक जाँड रक्सी आदि मद्यपान हो। अर्थात् जाँड, रक्सी हो। किरातहरूले जाँड, रक्सी नखाउन्जेल किरातहरू बुद्धिमान्, विद्वान्, कलाकार, शासक आदि सबै थिए। महाभारतकालमा किरातहरूले मद्यपान गर्दैन थिए। त्यतिखेर 'बाल्हिक' जातिले मद्यपान गर्थे। बाल्हिकहरूबाट यदुवंशीहरूले सिखे। त्यसैले बाल्हिक र यदुवंशी समूल नष्ट भए। आज यदुवंशीहरूको पता लापता भयो भने बाल्हिकहरू केवल किताबका पानामा मात्रै छन्। यी दुइ समूल नाश भएको चार हजार वर्षपछि किरातहरूले मद्यपान = अर्थात् जाँड, रक्सी खान थालेका हुन्। जबदेखि किरातहरूले जाँड, रक्सी आदि मादक पदार्थ सेवन गर्न शुरू गरे। त्यहींदेखि किरातहरूमा फुट हुन थाल्यो। त्यहींदेखि अविवेक बढ्यो। अशिक्षादेखि कुशिक्षासम्मको पात्र हुँदा आफ्नो भाषा (संस्कृत) बिर्सेर आफ्नै एउटा बोली तैयार भयो। त्यसै बोलीले व्यवहार गर्दागर्दै त्यहींबाट फुटेर अर्को ग्रुप तयार भयो। उसले पनि आफ्नो बोली तैयार पार्‍यो। यसरी नै अनेक जाति उपजाति हुँदै फाट्दै गए। त्यसैले आज किरातहरूमा हजारौं थर र उपथर, पाछा आदि छन्, जसलाई गन्न निक्कै समय लाग्नेछ।

यसरी नै शासकहरूमा पनि एउटा ठूलो फराकिलो राष्ट्रहरूमा शासक (मालिक) थिए। दुर्व्यसनको फुटले गर्दा चालीसे पचासे राजाहरू हुँदै जाँदा गाउँले मुखियाहरूले नै आफूलाई राजा भन्न पुगे। यसरी पश्चिममा चालीस र पचास राजाहरूले सानै भए पनि राजदरबार अथवा किला आदि बनाएर भुरेभारे राजा कहलाए। तर काठमाण्डौदेखि पूर्वमा त त्यो पनि हुन सकेन। राईहरूमा आपसमा 'तँ सानो, म ठूलो' भन्दै निमोठा-निमोठी गर्दै जाँदा राईहरूबाट छुट्टिएर अलग भएका किरात लिम्बू कहलाए। राईहरूको पगडी पनि रहेन। यता लिम्बूहरूमा पनि आपसी फुट भएपछि दश लिम्बू सत्र थुम भन्न थाले। यिनै दश गाउँले मुखियाहरूलाई 'हाङ' शब्द जोडेर पछिका लेखकहरूले 'राजा' भन्न थालेका हुन्। यसरी अनादिकालदेखि लिएर ऐलेसम्म किरातहरूको यसरी नै पतन हुँदै आएको हो। यहाँदेखि उता परमात्मा नै साक्षी छ।

* * *

कुनै पनि लेखकहरूले चर्चा नगरेका विषय

वी पंक्तिहरूलाई पढ्दा अवश्य पनि कुत्कुती लाग्नका साथै मुर्मुरिनु पनि स्वाभाविककै कुरा हुनेछ। यद्यपि कुनै लेखकलाई हान्ने वा अरू नै कुनै उद्देश्यले लेखेकोचाहिं पक्कै पनि होइन। तर वस्तुसत्य प्रदर्शन गर्ने काम मेरो हो भन्ने ठानेर नै लेख्ने काम गरेको छु।

(१) प्रायः सम्पूर्ण भारतका राज्यहरूमा पुरातत्त्व विभाग खुलेका छन्। यी प्रत्येक पुरातत्त्व संग्रहालय (Archaeological Museum)-हरूमा एकदेखि लिएर २०-२५ सम्म किरात-फेसका मूर्तिहरू छन्। तर कसैले पनि किरातमूर्ति वा किरात-अनुहारका मूर्ति हुन् भनेर लेखेका छैनन् र शोधखोज पनि गरेका छैनन्। उदाहरणका लागि यक्षमूर्ति[1] प्रायः सबैजसो संग्रहालयहरूमा छन्। जसका अनुहार भग्न भए वा टुटे-फुटे। तिनलाई छोडेर सकली यक्षमूर्तिहरू सर्वत्र 'किरात' अनुहारमै भेट्टाइएका छन्। तर यक्षलाई आजसम्म किरातमूर्ति भनेर लेखेको देखेको छैन।

(२) बुद्धका मूर्ति भारतवर्षको प्रायः सबै ठाउँमा किरात-फेसकै प्राप्त भएका छन्। मायादेवीका मूर्तिहरू पनि किराती देखिन्छन्।

(३) महावीर जैनधर्मका २४ औं तीर्थङ्कर थिए। महावीर र बुद्धको उमेरमा मात्रै जेठा-कान्छा थिए। राजगिरि र पावा आदिमा दुवै सँगै बसेका थिए। बुद्ध शाक्यवंशीय किरातक्षत्रिय थिए। बुद्धभन्दा केही उमेरमा जेठा महावीर स्वामी लिच्छवीय किरातक्षत्रिय थिए। परन्तु दुवैलाई किरात कसैले पनि लेखेका छैनन्। महावीरको मूर्ति पनि धेरै संग्रहालयहरूमा किरात-फेसकै देखिन्छन्।

(४) भैरवको मूर्ति सम्पूर्ण एशिया महाद्वीपमा जहाँ पनि मिलेका छन्, ती सबै किरात-फेसकै छन्। परन्तु कसैले पनि भैरवलाई किरात-फेसका मूर्ति भनेर लेखेका छैनन्।

(५) शिव वा महादेवका अथवा रुद्रहरूका मूर्तिहरू सर्वत्र किरात-फेसकै पाइन्छन्। तर कुनै पनि लेखक वा इतिहास वा पुरातत्त्ववालाहरूले किरात फेसका हुन् भनेर लेखेका छैनन्।

(६) महर्षि कपिलको मूर्ति पनि किरात-फेसमा नै प्राप्त छ। तर यसलाई पनि किरातमूर्ति भनेर लेखेका छैनन्।

(७) हरगौरीको मूर्ति प्रायः सर्वत्र किरात-फेसकै पाइएका छन्। यसलाई पनि किरात-फेस भनेका छैनन्।

(८) कृतिमुख भैरव (वा कीर्तिमुख भैरव) पनि किरात-फेसमै धेरै पाइन्छ। यसरी किरात-फेसको उल्लेख गर्नेहरूलाई ज्ञान नभएर हो कि बुच पचाएर हो, 'किरात' फेस लेख्न सकेका छैनन्।

(९) दुर्गा र कार्तिकेयचाहिं कतैकतै किरात-फेसमा पाइन्छन्। यसको शोध (Research) हुनु शेषै भए पनि जो प्राप्त छन्, ती मूर्तिहरूलाई किरात-फेसकै भन्नुपर्छ।

---

[1] लेखक ले ई० सं० १९६० देखि यक्षमूर्तिहरूको अध्ययन गर्दै आएको छ। यसै प्रसङ्गमा भारतका प्रायः जसो र प्रसिद्ध संग्रहालयहरूमा पाइला राखेको छ।

(१०) काश्मीरका बूढाअमरनाथ; हिमाचल प्रदेशका वैद्यनाथ, मण्डी, मणिकर्ण, किनोर; गढवालका उत्तरकाशी, बूढाकेदार, वसुकेदार, दाणकोट, रुद्रनाथ, गोपेश्वर, पाण्डुकेश्वर; कुमाऊँका वागेश्वर, जागेश्वर, वैद्यनाथ, कौसानी, द्वाराहाट, कटारमल, गङ्गोलिहाट, भुवनपाताल, डिड्डीहाट; राजस्थानका किराड्ड; मध्यप्रदेशका भुमारा, खजुराव, उज्जैन आदि र गुजरातका सोमनाथ, द्वारिकानाथ आदि र उडिसाका भुवनेश्वर, खाखेल, जगन्नाथपुरी आदि; महाराष्ट्रका हाथीगुफा; आन्ध्रप्रदेशका प्रसिद्ध अजन्ताका गुफा आदि; त्रिपुराका उनकोटि, कैलाससर, अमरपुर, उदयदुर आदि; आसामका भुवनपहाड, गौहाटी आमवाडी, कामाक्ष्यामन्दिर, सोणितपुर, सूर्य पहाड आदि; मिजोरमका दुर्गावाडी, आईजल आदि; मेघालयका चेरापूँजी र गारोहिल आदि; अरुणाचलका मालिनी स्थान, परशुराम कुण्ड आदि; बिहारका यक्षणी आदि; उत्तर प्रदेशका मथुरा, इलाहाबाद, वाराणसी हि० वि० वि० संग्रहालय आदिदेखि लिएर नेपालभित्र पर्ने जिल्ला डँडेलधुराभित्र पर्ने घटालस्थान, डुल्लु क्षेत्रका वाणगङ्गा आदि र काठमाण्डौ आर्यघाटनेरका विरूपाक्ष, चाँगुनारायण मन्दिरका गरुड तथा राष्ट्रिय संग्रहालयका किरातमूर्तिहरूलाई नेपालकै पुरातत्त्वविद्हरूले किरातमूर्ति भनेर लेखेका छैनन् ।

केवल फलानाका मूर्ति त फलानाका मूर्ति; बस यति नै लेखेर इतिश्री भन्ने चलन नेपालका लेखकहरूमा पनि देखिन्छ । वस्तुस्थितिमा त्यसो होइन । वस्तुतः ती मूर्तिहरूमा प्राचीनकालिक किरातहरूको आत्मा बोलेको देखिन्छ । त्यसैले अनुसन्धेय नै भए पनि त्यसको वास्तविक उल्लेखचाहिं हुनैपर्छ । यो अवश्य छ कि कुन किरात ? यस प्रश्नको उत्तर तत्काल दिन नसके पनि रिसर्च गरेर दिन सकिन्छ । सकिएन भने पनि किरातमूर्ति त हुँदै हुन् । यसमा सन्देह छैन ।

पाश्चात्य लेखकहरूलाई त कुन किरात ? कुन के ? पत्तै भएन । पत्तै थिएन । त्यसैले भ्रमात्मक कुराबाहेक अरू लेख्न सक्ने क्षमता नै भएन । यसबारे पाश्चात्यहरूलाई दोष पनि छैन । यो हामीले बुझेर लेख्नुपर्ने विषय हो ।

* * *

कर्णाली अञ्चल सिंजाको खोज

(१) फुटा पहडा गुम्बा—कनकसुन्दरीको उत्तरपट्टि

(२) पासोडार --यो पनि कनकसुन्दरीको उत्तरमा प्राप्त भएको

(३) हुडेखोलीको गुम्बा कनकसुन्दरीको दक्षिणपट्टि स्थानहरूमा लगभग १०० जति माटाका एक तर्फाका र मूर्तिहरू तुङ्गनाथ उपाध्यायको घरमा उपस्थित छन्। लुडकु गाउँमा एक रात बसियो। भूर्छिन, मालिका, वेथे, हस्ती डाँडा पनि थुम डाँडा जस्तै पूर्ण जङ्गल भरिएको खण्डमा सिंजा स्वर्ग जस्तो देखिन्छ। माझामा सिंजा खोला बग्छ। सिंजाको 'सेरा' भन्ने ठाउँमा ६ इञ्च चाक्लो र लम्बाइ अनुमानित आठ इञ्चको सुपोलेको ईँट पनि प्राप्त भयो। ईँट दुवै खालको छ। काँचा र पोलेका छन्। सबै मोहर काँचै माटोका छन्। लिपि प्रधानतया देवनागरी र कतै रञ्जना जस्तो देखिन्छ। सबै मोहरमा गुम्बा, कतै चैत्य, कतै मानि, कतै सानासाना स्तूप आकार बनेका छन्। बुद्धको ध्यानमुद्रा, वीरमुद्रा, महापुरुषमुद्रा हिंड्दै गरेका अङ्कित छन्। ११२० जस्तो कतै पढ्नमा आउँछ। ११२ दोस्रो सिक्कामा छ। शिवपार्वतीले ताण्डवनृत्य गरेको दुइटा मूर्ति छन्। यसमा सम्वत् तोकिएको छैन। ११२१ तेस्रो सिक्का छ। कालो सिक्कामा पनि उही छ। २२२ चौथो सिक्का छ। काँचा माटोले बनेको मोहरमा भने सन्देह भए पनि केही अंग्रेजी अक्षर R. E. अस्ता अक्षर पढेर बीचमा बुद्धको मूर्ति जस्तो छ। तर शङ्करको मूर्ति पनि भन्न सकिन्छ। अथवा वीर राजाको मूर्ति हो भन्न सकिन्छ। बीचमा एक ठाउँमा त्रिशूल जस्तो पनि छ। १२१२ शाके जस्तो लाग्छ। वस्तुस्थितिमा अंग्रेजी अक्षर होइन।

धापा पञ्चायत

धापा पञ्चायत जुडिकास्थ भन्ने ठाउँमा जम्मा १३ कीर्तिस्तम्भ छन्। जसमा टुटेका पनि छन्। खडा ७ छन्।

(१) पहिलो कीर्तिस्तम्भमा श्री श्वस्ती श्री)……शाके ‥ ‥ पिन…… आदि लेखिएका छन्। तल बुद्ध मन्दिर, माथि तारा र सबैभन्दा माथि पिपलका पात बनेका छन्।

(२) बीचमा दुइटा टुटेका छन्।

(३) दुइटामा पनि केही शिलालेख छन्।

(४) तेस्रो र चौथोमा केही चिह्न र विशेष शिलालेख छन्।

(५) ५ मा पनि शिलालेख थिए होलान्। तर अब देखिंदैन।

(६) तल खेतमा भएकोमा चाहिं आधालेख समाप्त भएर आधामा छ। तर पढ्न सकिन्न।

(७) यी स्तम्भहरूमा सेतो वालु, सीमिंट, सेतो कण आदि मिलेको अनेक जातिका ढुङ्गा छन्। यी स्तम्भहरूबाट यो सिद्ध हुन्छ कि प्रायः सबै राजा बौद्धधर्मावलम्बी थिए।

(८) खेतको स्तम्भचाहिं स्वतन्त्र छ। टुटेको शिलाहरूलाई पनि टुङ्गो लाउन सकिएन। तर

(९) यी स्तम्भहरू हजार वर्षभन्दा पुराना हुन् ।

(१०) थार्पिबाडा देवल गाउँमा भएको देवलपाराले पनि निक्कै पुरानो महत्त्व राख्छ । वारीको वीचमा भएको हुनाले खोदाइको आवश्यकता छ ।

(११) जाम आचार्य गाउँ 'धापा' पञ्चायतको 'विनय धारा' अत्यन्त महत्त्वपूर्ण छ । यद्यपि यो धारामा लागेका ढुङ्गाहरू अर्कै ठाउँबाट लिएर बनाएका हुन् । धारामाथि एउटा शिलालेख छ । राम्ररी पढ्न सकिन्न । तिब्बती लिपिमा छ । धारामाथि भएको ढुङ्गामा २ वटा बुद्धको मूर्ति छ । तर यसलाई बुद्धको मूर्ति भन्न अलि गारो छ । एउटा मूर्तिमा चाहिं कुनै साधक मान्छे माथि उभिएको देखिन्छ । यो ढुङ्गा सिंजामा पाइँदैन । यस्तै अरू पनि छन् । यसमाथि एक पुरानो खम्बा पनि छ । त्यसमा शिलालेख देवनागरी अक्षरमा छ । पढ्न सकिन्न ।

डाबज्यूला (विन्ध्यवासिनी)

डाबज्यूला 'विन्ध्यवासिनी' मा पुराना दुइटा मन्दिर छन् । मन्दिर ठूला र साना दुइ छन् । मूल मन्दिरको पत्थर पूरा कटिङ गरेर बनाएको छ । मन्दिर कुनै मसालाले जोडिएको छैन । फलामको पनि जोडन गरेको छैन । बीचबीचमा केही साधारण बुटाहरू छन् । माथि अष्टदल कमल छ । त्यसमाथि एउटा 'गज' अगाडि निकालेको छ । मुन्तिर एक अज्ञात मूर्ति छ, जसको खुट्टामुनि एकजना मान्छे दबेको छ । मन्दिर पुरानो हो । मन्दिरभित्र जलधरी आदि नभएको हुनाले शङ्करको मन्दिर नभएर कुनै अरू देव र लक्ष्मी, नारायण, राम, कृष्ण आदिको मन्दिर हुनुपर्छ । उसको सामुमा अर्को सानो मन्दिर छ । त्यसमा पनि मूर्ति छैन । तर त्यो गरुड या हनुमान्को मन्दिर हुनुपर्छ । ठूलो मन्दिरको जस्तै यो मन्दिर पनि बनेको छ र समकालिक १५ सय लगभगका हुन् । शिखरशैलीको मन्दिर छ । मन्दिरमाथि नरिवल या कलश राखिन्छ ।

(१) 'ओदम देवल', पाण्डव पञ्चायत वा० नं० ६, मन्दिर पनि प्राचीन हो ।

(२) धापा पञ्चायत विष्ट गाउँमा तीनवटा देवल छन् ।

भण्डारी गाउँको मन्दिर

भण्डारी गाउँको मन्दिर बौद्धमार्गीहरूले बनाए जस्तो लाग्छ । तर सही अध्ययन गर्दा पश्चिमपट्टि फर्केको मन्दिरचाहिं केही मन्दिर र केही गुम्बाको आकृति जस्तो छ । कुनै बेला मूर्ति अवश्य थियो होला तर ऐले मन्दिर खाली छ । त्यसको अलि हाराहारीमा ढुङ्गाको स्तूप जस्तो छ । खोदाइ नगरेसम्म पत्ता लगाउनु निक्कै सारो छ । विजयस्तूप, गरुडस्तम्भ र बौद्धस्तूप कुनै पनि आँक्न सकिन्छ । स्तूप जस्तो राखिनेचाहिं आधा पुरिएको छ । आधी भाँचिएको छ । गुम्बाको आकारको मन्दिरचाहिं पश्चिम फर्केको छ । तर काफी प्राचीन छ ।

बैल्काटा गाउँको शिवमन्दिर

तातोपानीदेखि केही वर बैल्काटा गाउँको माथि डाँडाको थुम्कोमा एउटा प्राचीन मन्दिर छ । त्यो मन्दिर आफ्नो समयमा अत्यन्त सुन्दर थियो होला । अब ठाउँ उजाड, नांगी डांडो मात्रै छ, परन्तु मन्दिर

वनेको समयमा त्यो मन्दिर जङ्गलभित्र वनेको थियो । मन्दिर अत्यन्त मिहिनेतको साथमा बनेको छ । ठाउँठाउँमा सुन्दर बुटाको कलाकारिता देखाएको छ । मन्दिर आठवटा ढुङ्गाका खाँबाहरूमा उभिएको छ । चारैतिरको ढोका खुला थिए । आज पनि छँदैछन् । पश्चिम ढोकामा गणेशको मूर्ति कुँदिएको छ । भित्र दुइवटा गद्दी ढुङ्गैले बनेको छ । मन्दिर भगवान् शङ्करको हो । मन्दिरभित्र चाहिं शिवलिङ्ग थिए कि मूर्ति ? यो भन्न अलि गारै छ त पनि शिवलिङ्गै स्थापित गरेका थिए होलान् । तर अब दुइटा गद्दीदेखि वाहेक जलधरी आदि केही पनि छैनन् । वागवालाहरूले कला ओसारे । मन्दिरबाहिर एउटा १५-२० फिट अग्लो ढुङ्गामा लेखेर उभ्याएका थिए होलान् । तर अव त्यो कीर्तिस्तम्भ मात्रै देखिन्छ । त्यसमा अक्षर केही छैन । त्यो पनि गाउँवालाले आएर तारो हानेर खराव गरेका छन् । मन्दिर १५ देखि २० सय वर्ष पुरानो हुनुपर्छ । कर्णाली भेगमा देखिएको मन्दिरहरूमा सनातन हिन्दूहरूले पूजा गरेको मन्दिर एउटा यो पनि हो । यस मन्दिरको शैली पनि सबैभन्दा वेग्लै छ । मन्दिरदेखि सीधा तल गाउँको सडकमा ३० जति कीर्तिस्तम्भ गाडिएका छन् । ती स्तम्भहरूमा अव अक्षरहरू केही देखिंदैनन् । केवल उनीहरूको धर्मचिह्न मात्रै देखिन्छ । शिव-मन्दिरदेखि वरिपरि एउटा स्तूप बनेको छ । त्यसमा जसको नाममा स्तूप बन्यो, उसैको नाम लेखेको होला तर अक्षर पढ्न सकिएन । केही टुटफुट पनि भएको छ । सनातनी हिन्दूहरूले पूजा गर्ने विष्णु-मन्दिर धापा गाउँपञ्चायत विन्ध्यवासिनी मन्दिरको छेउमा छ । त्यसको शिखरशैली छ । तेस्रो 'मिचा' गाउँको मन्दिर पनि शिखरशैलीमा नै छ । परन्तु मन्दिर गाउँ र माटो दुवैले दबिएको र पुरिएको छ । यो पनि शुद्ध सनातन हिन्दूमन्दिर हो । मन्दिरको उत्खनन नभई बुझ्न गारै छ ।

मिचा गाउँको देवल

मिचा गाउँ जुम्ला सदरमुकामदेखि अलि पर पर्छ । यस गाउँमा पञ्चदेवल भन्ने बनेको छ । परन्तु ती देवल होइनन् । स्तूप पनि होइन । 'मानी' अर्थात् निक्कै ठूलाखाले मान्छे मरेपछि उनैको स्मृतिमा उभ्याएको चियान हुन् । पुरिएका भए पनि जोडिएका छन् । देवल वा मन्दिरको वनावट यस प्रकार हुँदैन । पल्लो किनारामा भएको जोडी समाधि 'मानी' मा शाके १४२३ लेखेको छ । अक्षर राम्ररी पढ्नमा आउँदैन । दुवै समाधि जोडिएको छ । पति-पत्नीको हुनुपर्छ । त्यहाँदेखि वल्तिर पनि जोडिएको समाधि छ । तर त्यसमा शाके १४०४ लेखेको छ । यसैको छेउमा चार समाधि जोडिएका छन् । मुन्टो छिराएर भित्र पस्दा उत्तर भित्तापट्टि शिलामा लेखिएको छ । अँधेरोमा पढ्न गारै छ । तर देवनागरी लिपिमा शाके १४२३ लेखेको छ । अरू अक्षर साफ पढ्न नसकिए पनि 'नापा' 'रावल' 'नाबल' आदि पढ्न सकिन्छ । यसरी १२ समाधि लहरै छन् । ती समाधि सम्बन्धित व्यक्तिहरूको हुनुपर्छ । त्यहाँ दुइटा शिल्पस्तम्भ पनि छन् । तर लेख भने छैन । यी मानीहरू वौद्धधर्ममा पूरा आस्था राख्ने व्यक्तिहरूका हुन् । यिनै समाधिदेखि अलि माथि उक्लेपछि एउटा घरको पछाडिपट्टि तीनवटा मन्दिर दबेका छन् । केवल मन्दिरको माथिल्लो भाग मात्रै देखिन्छ । मन्दिरको मुख पूर्वोत्तर दिशाको बीचमा फर्केको छ । मन्दिर प्राचीन छ । माटोले पुरिएको छ । उत्खननविना अध्ययन अलि कठिनै छ । तर शुद्ध सनातन हिन्दूमन्दिर हो । मानीहरूभन्दा विशेष पुरानो छ । मन्दिर सारै ठूला छैनन् । माझाको मात्रै निक्कै अल्गो र ठूलो छ । दायाँ र बायाँका चाहिं सानासाना छन् । मिचाको छेउछाउ कुनै बेला सनातनी र बौद्ध दुवै बसेका थिए ।

कनकसुन्दरी देवी

ढोका पुरानो हो। तर शिलालेखचाहिं श्री सं० १९७६ लेखेको छ। बाहिर द्वारमा दुइटा सिंह बनेका छन्। सिमिंटे ढुङ्गाका छन्। सिंहको मूर्ति बनेको शैली भारतको गुप्तकालिक छ। दाहिनापट्टिको ढुङ्गाको खम्बामा पुरानो लेख छ। तर पढ्न सकिन्न। मन्दिरको बलि दिने ठाउँमा एउटा ठूलो घण्टा छ। त्यस घण्टामाथि चारजना राजा भक्तहरूको मूर्ति पनि लागेका छन्। घण्टीमा लेखेको सं० संदिग्ध छ। अरू अंक मेटिए पनि अंग्रेजीको ४, ९ लेखे जस्तो देखिन्छ।

कोटको चारैतिर भीर छ। हिमनदी र धोबी गाउँ (घाट) दुवै नदीको सङ्गम भएपछि तल (हाट सिंजा) णानमा पुगेपछि पनि हिमनदी नै भए। वर्तमान कोटको कनकसुन्दरीको[१] मन्दिर पहिले सिउ बाग (श्री बाग)-मा थियो। राजाहरूको पालामा आज मन्दिर भएको ठाउँमा कोटैको एक भाग थियो र पछि माथि लगेर स्थापना गरेका हुन् भन्ने प्रमाण पाइन्छ। असली मन्दिर 'सिउ बाग' मै थियो। आज पनि मूल खण्डहर र देवीको वाहन सिंहहरू सिउ बागमै छ। केवल दुइटा सिंह माथि लगेर राखेका छन्। मन्दिर डाँडामा भएको मन्दिरमा मूल पना छैन। सेरा भन्ने ठाउँमा एउटा शिलालेख छ। शुरूमा तिब्बती लिपिमा 'ओं मानि पेमा हूँ' भन्ने लेखिएको छ। त्यहाँदेखि तलतिर देवनागरी अक्षरमा लेखेको छ। देवनागरीमा लेखेकोचाहिं 'कनकेन विद्या' यति मात्रै पढिन्छ। अरू पढ्न सकिंदैन। सारा भन्ने ठाउँमा राजाका सहर र विद्यापीठ, टुँडिखेल, व्यारेक, गुल्म र शहर थिए।

* * *

---

[१] २०४४ साल जेठको महिना सिंजा (जुम्ला)-मा रिसर्च गरेको।

मेरी अञ्चल डुगेश्वरदेखि दहगाउँ डुल्लु

(१) दहगाउँमा जम्मा ६ वटा मन्दिरहरूमा दुइटा भत्किएका छन् । चारवटा चाहिं अझसम्म सुरक्षितै छ । मन्दिर एकै ठाउँमा झुरुप्प बनेका छन् । मन्दिर धेरै अलगा छैनन् । तर शैली आफ्नै ढङ्गका छन् । मन्दिरमाथि गजूर अथवा कलश छैनन् । शिखरमा मानीको आकार बनेको छ । ठाउँमा कमल बनाएका छन् । एउटा मन्दिरमा छ हातवाला गणेश हो अथवा कार्तिकेय बनेको छ । मूर्तिकला विकसित छैन । मन्दिर सुन्दर तथा आकर्षक, हजारदेखि १५ सय वर्ष पुरानो देखिन्छ । मन्दिर मिश्रित देखिन्छ । यी मन्दिर हेर्दा गणेश, सूर्य, पञ्चदेव आदिका देखिन्छन् । शिवको स्थापनाचाहिं भएको होइन । यी मन्दिर शुद्ध पञ्चदेव पूजकहरूका हुन् ।

(२) यस्तै मन्दिर लमसुमा पनि छन् । एक ठाउँमा तीन-चार जति मन्दिर केही खडा केही दबेका छन् । यी मन्दिर पनि पञ्चदेव-पूजकका नै हुन् भन्ने निष्कर्षमा पुगियो । एउटा मन्दिर गाउँमा अलग्गै ढलन आँटेको छ । तर नेपालमा पाएका मन्दिरहरूमा सबैभन्दा भिन्न शैलीमा बनेको छ । उसको द्वार उत्तरतर्फ फर्केको छ । मन्दिर पुरानो हो । ढुङ्गा पनि त्यहाँ नजीकमा पाइँदैन । मेरो विचारमा यो मन्दिर सूर्य या विष्णुको हुनुपर्छ । तर अब देवताको आसनहरू केही छैनन् । मन्दिर विलक्षण, दर्शनीय छ ।

(३) त्यहाँदेखि माथि विनायक भन्ने ठाउँमा एउटा कीर्तिस्तम्भ छ । निक्कै पुरानो छ । त्यस स्तम्भमा त्रिशूल बनेको छ । त्यो शिवभक्त कुनै राजाको कीर्तिस्तम्भ हो । त्यहाँ लेखिएको पनि थियो । किन्तु अब अक्षर मेटिएको छ । विनायकमा एक मौलो पनि छ ।

(४) छिउडीमा दुइटा मौला छन् । यहाँ पनि एउटा ६ हाते मूर्ति खोपिएको छ । तर यस स्तम्भको मूर्ति पनि अविकसितै छ र चिन्न नसकिने छ । गणेश हो कि कार्तिकेय हो यो भन्न गारो छ । तर मौलाचाहिं प्राचीनै हुन् । यहाँ पनि केही लेखिएको अक्षराकार देखिन्छ । तर इतिहासलाई सुरक्षित राख्नेखालका छन् ।

(५) त्यसपछि 'कोट' भन्ने ठाउँमा ठूलाठूला ३ खम्बा मौलोका रूपमा खडा छन् । त्यहाँ १२ या १३ शताब्दीमा राजाको न्याय गर्ने कोटै थियो । त्यसको प्रमाण ऐले पनि खण्डहरहरू छन् । अलि तलतिर दुइ मौला छन् । सबै समकालिक देखिन्छन् ।

(६) त्यसपछि 'सात खम्बा' भने ठाउँमा सातवटा मौला गाडेका छन् । यसमा पनि अक्षर कुँदिएका छन् । तर अब पढ्नमा आउँदैनन् । यी मौलाहरू एकैसाथ झुरुप्प थिए । तर अब गाउँवालाहरूले बाटामा लहरै गाडिदिएका छन् । यी मौलामा एउटा विशेषता छ । गमोडि पञ्चायतको जो मान्छे मरे पनि ती मौलाहरूलाई परिक्रमा नगरी दाह-संस्कार गर्न लैजाँदैनन् । यो प्रथा कुनै राजाको कालमा राखेका हुन् भन्ने विश्वास छ । यसमा दुइवटा चाहिं लेखिएका छन् । तर पढ्न सकिन्न ।

(७) 'पाननाउला' भन्ने ठाउँमा एउटा प्राचीनकालको पानीको कुवा छ । यो कुवा शाके १२७६ मा जीर्णोद्धार गरेको शिलालेख छ । त्यो शिलालेखको शुरूमा अशुद्ध अक्षरमा 'ओमातायद्म' भन्ने लेखेको देखिन्छ तर हुनुपर्छ 'ओमानि पद्मे' । तल शिलालेखमा शाके १२७६ पछि पौष वदि २ भनेर लेखेको छ ।

त्यसपछि 'यशोवर्मदेव'को महामात्य श्रीमद्देववर्मा (देवि:)-ले सर्वलोकोपकार (सर्वललोपकार)-को लागिं वापि (कुवा) बनाएको हो। वस्तुतः देववर्माकी देवी = पत्नी अमरवल्लभाको प्रेरणाबाट बनेजस्तो शिलालेखले बुझाउँछ। परन्तु शिलालेख लेख्नेवालाले अशुद्ध लेखेका छन्। यसको नाम (वा थर) नाउली गाउँ वा नं० ६ डुल्लु गाउँ पञ्चायतमा पर्छ।

(८) कीर्तिस्तम्भको छेउमा सात मौला एकसाथ लहरै छन्। सबैमा केही न केही लेखिएका छन्। तर हँसिया उधाउनाले र अरू कारणहरूबाट अक्षर मेटिएका छन्। एउटा मौलो, जो अरूभन्दा सानो र पुरानो जस्तो लाग्छ, वस्तुतः पुरानै हो। वनावट पनि अरूभन्दा वेग्लै छ। त्यसमा एक लेख छ। परन्तु आधा उक्किएको छ। केही मेटिएको छ। मेटिएको एक छेउमा 'सुपाल' भनेर लेखेको छ।……तल पनि 'पालले' भनेर लेखेको छ। त्यसपछि ९७३ लेखेको छ। १२०३ जस्तो माथि देखिन्छ। शिलालेख पुरानै हो। अझ अनुसन्धेय छ।

(९) मूल पृथिवी मल्लको प्रशस्ति योगी नरहरिनाथ र टुचिद्वारा उद्धृत भएर छापिएको पनि छ। पन्द्र पाल, सात चल्ल, एघार मल्ल, दुइ वर्माहरूले शासन गरेको उल्लेखमा वर्माहरूको उल्लेख गरेको छैन। शाके १२७९ मा पृथिवी मल्लले लेख्न लगाएको शिलालेख हो। वाटामा लेखेको अंकचाहिं पछिको हो। स्तम्भमा पहिले मानीको चिह्न दिएर लेखेको हुनाले पृथिवी मल्लपछि उसको नाममा लेखेर खडा गरेको देखिन्छ। तर कोटको शिलास्तम्भचाहिं स्वयं पृथिवी मल्लको पालाकै हो। सबै अक्षर देवनागरी नै हो।

(१०) सिङ्गलीधर्मराज गद्दीमा पनि प्राचीन सिंहको मूर्ति र शङ्ख, चक्र छन्। आश्चर्यको कुरा छ कि गरुडमाथि बसेका लक्ष्मीनारायणका खण्डित मूर्ति पनि छन्। माथि एक देवीको शिर मात्रै छ। पल्लो भित्तामा अज्ञात मूर्ति छ। खण्डित हुनाले चिन्न सकिन्न। रूखमुनि पद्मासन कसेको एक मूर्तिको कमरदेखि तलमात्रै छ। केको हो चिन्न सकिन्न। किन्तु ढुङ्गा पनि आग्नेय छ। मूर्तिकलाचाहिं यस भेकमा पाइएकाभन्दा भिन्न छ। सारै मिहिन कुँदेर बनेका मूर्ति छन्।

त्यहाँदेखि अलि परतिर चौरमा दुइटा प्राचीन मन्दिर छन्। पूर्वदेखि पश्चिम फर्केको मन्दिरको द्वारमा गणेशको अविकसित मूर्ति बनेको छ। तल उसैको वाहन मूसा पनि देखिन्छ। तर पश्चिमदेखि पूर्व फर्केको मन्दिरमा मूर्ति केही छैन। तर मन्दिर प्राचीन र विचारणीय छ।

(११) 'गौरी पिपल'को मौलामा शाके १२४६ को मौलो छ। अक्षर मेटिएका हुनाले लेखक र लेख्ने राजाको नाम पढ्न सकिएन। उसैको छेउमा विजयादेवीको ढुङ्गाले बनेको सिंह चौरमा हेर्ने लायक छ। तर सिंजाको कनकदेवीको सिंहको साथ शैली मिल्दैन। कनकसुन्दरीको भन्दा अलि पछिको हो।

(१२) 'कोट भैरव' मन्दिरमा शाके १२०७ को शिलालेख छ। किन्तु शिलालेख टुटेको छ। त्यसैको छेउमा महाकालीको मन्दिर छ। यो महाकालीको मूर्ति दर्शनीय छ र प्राचीन छ। आफ्नो ढङ्गको छ। खस्रो कलाले बनेको छ। मूर्तिहरूमा यही एक मात्र छ। यो मूर्ति तीन हजार वर्षभन्दा कम पुरानो होइन। माटोले बनेको बुद्धको मूर्ति खण्डित छ। त्यसैको छेउमा हनुमान् र गणेशका मूर्ति छन्। तर पछिका हुन्।

(१३) बालेश्वर मन्दिरको स्थापनाको सम्बन्धमा स्थानीय जनश्रुतिको अनुसार जङ्गबहादुरको पिता बालनरसिंहको नाममा बनेको हो भन्छन् तर त्यसभित्र भएको शिलालेख हेर्दा शाके १२७७ लेखेको देखिन्छ। क्राचल्लको शिलालेख उत्तर काशी, गढवाल र कुमाउ वालेश्वरमा पनि देखिन्छ। यसकारण शाके १२७७ ले

क्राचल्लको पालामा राजधानी र उपास्यदेवको मन्दिर साथै स्थापित भएको हुनुपर्छ। सर्वोत्तम राजधानीको लागि त्यही स्थान उपयुक्त देखिन्छ। अरू अक्षर शिलालेखको पढ्न सकिन्छ। तर अकाल मृत्युमा मरेकी कलावतीको प्रसन्नताको लागि बनाएको भन्ने भाव बुझिन्छ। हुन सक्छ त्यसपछि जङ्गबहादुरले आफ्नो बाबुको नाममा जीर्णोद्धार गरे कि ? तर बालेश्वर सारै राम्रो राजधानी बनेको ठाउँ छ। तर कोटलाई ज्वालाजीतिरबाट ठूलो पैरोले पनि तर्साएको देखिन्छ।

(१४) धुलेश्वर महादेवको मन्दिरभित्र मौलालाई शिवलिंग मानेर पुज्ने गरेका छन्। प्राचीन मन्दिरको खास चिह्न पाइएन। मन्दिरको शिखरमाथि राखिएका कमलमाथि नन्दीगण छ। मन्दिर २ या ३ सय वर्षभन्दा प्राचीन लागेन।

(१५) धुलेश्वरदेखि सीधा तल गाउँमा वाणगंगा पर्छ। यसमा प्राचीन मोग्रा (पानीको धारा) छ। धारामाथि वर्तमान समयमा चन्द्रभागा देवीको मन्दिरको नामले एक सानो मन्दिर प्रसिद्ध छ। तर त्यो मन्दिर हुनुभन्दा पूर्व प्राचीन शङ्करको मन्दिर थियो। मन्दिरको प्राचीन शिवलिङ्ग आज पनि मन्दिरबाहिर छंदैछ। शिवलिंग पनि किरातकालिक छ। परन्तु कुँदेको शिवलिंग छ।

सबैभन्दा ठूलो आश्चर्य के छ भने चन्द्रभागा देवी भनेर पुजिने देवीको मूर्ति देवीको होइन, अपितु अरू नै देवको हो। त्यस मूर्तिको चारै तर्फ हनुमान् आदि देवगण छ र हातमा राखेको पासभित्र शिवलिंग छ। तल खुट्टातिर घोडा जस्तो देखिन्छ। परन्तु त्यो साफ छैन। हेर्दा सूर्य, विष्णुको मूर्ति हो। देवी, विष्णु, सूर्यको मूर्तिले ठीक किरात-अनुहार लिएका छन्। यो मूर्ति तीन बित्ता अल्गो र डेढ बित्ता चाक्लो छ। साथै सानो मूर्तिचाहिँ सरस्वतीको छ। सरस्वती पनि 'किराती' रूपमा बसेकी छ।

(१६) वाणगङ्गाको छेउमा लामाजी, पञ्चदेवलको मूल विष्णु या सूर्यको मूर्ति चन्द्रभागा देवी बन्न पुगे जस्तो लाग्छ। मन्दिरहरूमा लामाजीको मूल मन्दिर सबैभन्दा अल्गो र आकारमा ठूलो पनि छ। शेष चार देवहरूको मन्दिर सानासाना छन्। ब्रह्मा, विष्णु, शिव, शक्ति, गणेश, सूर्य, पञ्चदेवको प्रथा प्रायः प्रसिद्ध थियो।

(१७) वडलम्जी (चगत्रा)-मा बालराम आचार्यको घरको छेउमा एउटा प्राचीन मौलो गाडिएको छ। अक्षरहरू प्रायः मेटिइसके। शाके १३४ मात्र पढ्नमा आउँछ। त्यसको अघिल्तिर अक्षर पढ्न सकिन्न पछिल्तिर अक्षर छैन।

(१८) डुल्लु नाभिस्थानमा गरुडमा सवारी भएको लक्ष्मीनारायणको मूर्ति छ। उसैको छेउमा बुद्ध या पार्वती जस्तो लाग्ने एक मूर्ति छ। अथवा कुनै प्रसिद्ध महात्माको मूर्ति जस्तो लाग्छ। नाभिस्थानका यी भवनहरू सारै पुराना होइनन्। त्योभन्दा पुराना मन्दिर शिरस्थानको हो भन्न सकिन्छ। परन्तु त्योभन्दा पनि पुरानो मन्दिरचाहिँ 'लिलाट' को हो। शिरस्थानको मन्दिरको द्वारमा अविकसित गणेशको मूर्ति बनेको छ। मन्दिरको बाहिर एक महिला र बच्चा मूर्तिसँगै बनेको छ। मूर्ति चिन्न सकिएन।

(१९) 'दैलेख नारायणस्थान' मन्दिर आधुनिक ढंगले बनेको छ। पुरानो समयमा पनि थियो होला। संवत् १९१२ मा जीर्णोद्धार गरेको शिलालेख छ। माथि छतको गजूरमा गजूरको भित्रपट्टि 'सं० १७८५ काजी जैमानसिंह बस्नेत' लेखेको छ। नारायणमन्दिरको भित्र माझमा मूल मूर्ति गरुडमा चढेको नारायणको छ। दाहिनेपट्टि राधा र रुक्मिणीसहित कृष्णको मूर्ति छ। देब्रोपट्टि सीताराम, लक्ष्मणको मूर्ति छ।

बाहिर द्वारदेखि सामुमा हनुमान् र गरुड द्वारपालको रूपमा छन् । त्यसपछि अष्टभुजा भएकी महिष-मर्दिनी देवीको मूर्ति छ । दाहिनेतिर चार हात भएको सिद्धिविनायक गणेश छ । त्यसैको छेउमा वीणा-वादिनी सरस्वतीको मूर्ति पनि छ । त्यसपछि गरुडमा सवार भएको चतुर्भुज नारायणको मूर्ति छ । सबै मूर्तिहरू प्राचीन छन् । किला' पनि ढाई सौ वर्ष जति पुरानो छ । यस्ता पञ्चदेवल क्विकान गाउँ, भुर्ती किमु गाउँ, जारकोट धारा आदिमा पनि छन् ।

(२०) तीमध्ये मूर्तिको मन्दिर सबैभन्दा विचित्र छ । भुर्तीमा तल पाँच मन्दिर एकसाथ छन् । मास्तिर टारमा २२ मन्दिर एकसाथ छन् । २२ मध्ये ६ मन्दिर मूल रूपमा छन् । अरूभन्दा ठूला छन् । अगाडिको ढोकाहरूमा प्रायः सबैमा कमल बनेको छ । ऐलेसम्म नेपालमा पाइएका मन्दिरहरूमा यसको आफ्नो विशेषता छ । नेपाली मन्दिरहरूमा प्राचीन १५ देखि २००० वर्षसम्मको हुनुपर्छ ।

(२१) वागखोरडाँडा राम्री काँडामा एक प्राचीन स्तम्भ छ । यो सुरखेत गढी पञ्चायतमा पर्छ । प्राचीनताले गर्दा शिलालेख स्वयं मेटिसकेका छन् । त्यसमा पनि गाउँवालाहरूको मूर्खताले गर्दा हँसिया-बञ्चरो उधाएर, खुर्पाले ठुंगेर पढ्न नसकिने भएको छ । त्यस स्तम्भमा पढिने अक्षर यस्तो छ— ……… रूपादेः………सापनिकं………काम………जाय । २१ जस्तो अङ्क देखिन्छ ।

(२२) गढीमा भएको किला सानो छ । तर परिखासहित छ । त्यो किला चार हात बाक्लो देवाल उठाएर बनाएको देखिन्छ । यो किला हो, गढी होइन । गढी राजा-रानीले बस्ने ठाउँ हुन्छ । किला केवल लडाइँको स्थान हो । किला भग्नावशेष भएपछि त्यसभित्र रूख उम्रेर पनि निकै भइसके । यसभित्र दुइटा रूखचाहिं ठूला-ठूला छन् । झिङ्गनी र खर्सुको रूखचाहिं पाँच सय वर्षभन्दा वरको होइन । यसले अनुमान हुन्छ कि किला हजार वर्ष पुरानो हो । किलाको चारैतर्फ परिखा बनेको छ । अब परिखा पनि पुरिएर अलि-अलि मात्रै देखिन्छ ।

(२३) सुरखेतको 'काक्रे विहार' वस्तुतः मन्दिर थियो । विहार (मठ, धर्मशाला) होइन । यो नेपालमा पाइने मन्दिरहरूमा अत्यन्त आश्चर्यजनक थियो । यसको शिलालेख ऐलेसम्म पाइएको छैन । नष्ट भ्रष्ट भयो कि ? त्यहीं कतै दबेको होला । यो निकट भविष्यले बताउनेछ । तर जसको नाम 'काक्रे विहार' छ, यो कक्रुच्छन्द (बुद्ध)-को नाममा बनेको मन्दिर हो जस्तो लाग्छ । तर पूरा बौद्धगुम्बा नभएर अनेक देव, परी, शङ्कर, पार्वती, विष्णु आदिका मूर्तिहरू पनि थिए । ऐले पनि एक ढुंगामा 'किरात' मूर्ति कुँदिएको छ । अर्को छेउमा हनुमान्‌को आकारको मूर्ति कुँदिएको छ । अलि परतिरको ढुंगामा दुइटा किरात-आकारको परीहरूको मूर्ति बनेको छ । माथि मूल मन्दिर गुम्बज भएको ठाउँमा पाँचवटा परीहरूका मूर्ति छन् । एक ढुंगामा कक्रुच्छन्द बुद्धको मूर्ति बनेको छ । ठाउँ-ठाउँको ढुंगाहरूमा कमलचक्र बनेको छ । कतै अशोकचक्र जस्तै पनि छ । एउटा ढुंगामा चिन्न नसकिने मूर्ति छ, जो प्राचीनताले गर्दा खिहिसकेको छ । त्यो विष्णुमूर्ति जस्तो देखिन्छ । गुम्बजको छेउको ढुंगामा कश्यप बुद्ध ध्यानमुद्रामा आसन बाँधेर बसेको देखिन्छ । वरपर कामिनी मुद्रामा युवति परीहरू आफ्ना मुद्रामा छन् । तर यिनको आकृति 'किरात-आकृति' देखिन्छ ।

---

१. योगी नरहरिनाथ भन्नुहुन्छ—त्यो किला नेपालका प्रथम प्रधानमन्त्री जनरल भीमसेन थापाको पिता अमरसिंहले बनाएको अरे । तर प्रमाण शोधखोज गर्दा प्राप्त भएन ।

काक्रेविहारको केही मूल्यवान् मूर्तिहरू हराइसकेका छन् । जस्तै—शिव, पार्वती, विष्णु, गणेश आदिका मूर्तिहरू अब छैनन् । ठूला ढुंगामा कुँदिएका मात्रै छन् । यो विहार अर्थात् मन्दिर ३ हजार वर्षदेखि ५ हजारसम्मको हुनुपर्छ । एउटा ढुंगामा 'असुनिकुमार' लेखेको छ । लिपि देवनागरी छ । तर अलि पछिको कुनै मान्छेले खोपेको जस्तो लाग्छ । मन्दिर खडा गरेको खण्डमा त्यसको भव्यता र आकार-प्रकार, प्राचीनता आदि अरू पनि पत्ता लाग्न सक्ने थियो । तर यी ढुंगाहरूलाई जोडेर पूर्वाकृतिमा उभ्याउनु सक्ने मान्छे यस वैज्ञानिक युगमा जन्मेका छन् कि छैनन्; कार्य-परीक्षण नगरीकन भन्न गारो छ । यो अत्यन्त अनुसन्धान गर्ने आवश्यकता छ ।

(२४) 'लाटीकोइली' श्री शाके १५०४, श्री सम्वत् १६३९ लेखेको छ । योगी लङ्गरनाथको चेला आत्मानाथले शिलान्यास गरेको भनेर लेखेको छ । यस मन्दिरको जीर्णोद्धार श्री ५ वीरेन्द्रले २०४० सालमा गरेको छ । यस मन्दिरको शिवलिंग नबनाएको ढुंगाको थियो । अब बनाएको कालो ढुंगाको शिवलिंग पुजिन्छ । मंगलगढीको मूर्ति बिनाशिरको छ । त्यसै कालको मन्दिर पनि हुनुपर्छ । मूर्ति देवताको नभएर कुनै राजा या कुनै अरूको नै हुनुपर्छ ।

यसरी अस्पतालको छेउको थुमको, प्राथमिक विद्यालयको डाँडा, कुइने पानीको दिसल, र खयर बहीको इँटाभट्टीहरू पुरातत्त्वको दृष्टिले खनेर हेर्नयोग्य छ ।

✳

बाइसे र चौबीसे होइन

यी बाइसे र चौबीसे राज्यहरूमा पनि कैयौं राजा किरातहरू नै थिए। अतः यहाँ बाइसे र चौबीसे राज्यहरूको चर्चा गर्नु प्रासंगिक ठानेको छु।

नेपालको आधुनिक भूगोलको अध्ययन गर्ने हो भने भारतको साना-ठूला गरी पाँच सय पचास राज्यको एकीकरण आधुनिक भारत हो भने जस्तै मेचीदेखि महाकालीभित्रका सा-साना २२ मौजे र २४ मौजे राज्यहरूको एकीकरण नै आधुनिक नेपाल हो भन्नुमा अत्युक्ति हुनेछैन। उपर्युक्त राज्यहरूको एकीकरणको सूत्रधार पृथ्वीनारायण शाहा थिए। त्योभन्दा अगाडि आपसमा बाझ्ने-लड्ने, कैले यसको, कैले त्यसको यस्तै भइरहन्थ्यो। कुलमण्डन शाहायता र पृथ्वीनारायण शाहाउता यस्तै काण्डहरू भइरहेका थिए। परन्तु पृथ्वीनारायण शाहाको वि० सं० १८०१ को नुवाकोट-विजय नै आधुनिक नेपालको एकीकरणको सूत्रपात भएको इतिहासलाई पनि हामीले भुल्नु हुँदैन। यसरी आज नेपालको जो सिमाना छ, त्यही सिमाना सधैं रहेको होइन। कहिले बढ्ने र कहिले घट्ने भइ नै रह्यो। पृथ्वीनारायण शाहाको एकीकरणपछि पनि महाकाली नाघेर कुमाऊँमा सिमाना पुग्यो भने कुमाऊँबाट पनि समस्त गढवाल नेपालको अधीनमा हुन पुग्यो। त्यहाँदेखि पनि अगाडि बढेर नेपालको सिमाना व्यासा नदीको वारिपट्टि सतलोज नदी हुन पुग्यो। त्यतिखेर व्यासा, सतलोज वारिपारि सबै कांगडाको राजा संसारचन्द्रको शासनमा थियो। त्यसैले नेपालको सिमाना कांगडासम्म थियो भनेर लेख्नेहरूले लेखेका छन्। वस्तुतः कांगडा किलामा गोर्खालीहरूको धेरै टिकाव भएको होइन। सतलोज नदीको किनारामा भने आज पनि गोर्खालीहरूको किला चौकीको ध्वंसावशेष हेर्न पाइन्छ। परन्तु यो सिमाना धेरै टिकेन। त्यसैले हिमाचल प्रान्तदेखि लिएर गढवाल प्रान्तलाई पनि नाघेर एकैचोटि कुमाऊँ प्रान्तमा खुमचिनु पुग्यो र आजको महाकाली नदी नै आजको नेपालको पश्चिम सिमाना स्थिर हुन पुग्यो। पूर्वमा पनि सिक्किमको केही भाग नेपालमा गाभिएको थियो भने तिष्टा नदी नेपालको सिमाना हुन पुग्यो। तर पूर्वको सिमाना पनि डिगो रहन सकेन। त्यसैले दार्जिलिङ जिल्ला नाघेर नेपालको पूर्व सिमाना मेची नदीलाई बनाइयो। यसरी नेपालको पूर्व र पश्चिमको सिमानाभित्र पनि पृथ्वीनारायण शाहाभन्दा पूर्व गण्डकी क्षेत्रमा २२ वटा राज्य र कर्णाली क्षेत्रमा २४ वटा राज्य थिए भनेर नेपालीहरूले होइन, विदेशी लेखक दानिल राइट आदिले लेखेका छन्। परन्तु यी विदेशी लेखकहरूले भ्रममा पारेकै थिए। त्यसको साथै स्वयं नेपालकै लेखकहरूले पनि राइट आदिका देखासिखी गरेका छन्। यसरी काठमाण्डौ अधित्यकादेखि पश्चिम तथा महाकालीदेखि पूर्वोत्तरमा जम्मा ४५ वटा राज्य थिए भनेर लेख्ने गरेका छन्। वस्तुतः यो इतिहास सत्य होइन। केवल कर्णाली प्रदेशमा मात्रै ४२ भन्दा बढ्ता भुरुंगे राज्य थिए भने गण्डकी प्रदेशमा ३२ भन्दा बढ्ता नै भारेभुरे राज्य थिए। त्यसैले राज्यको दृष्टिले २२ से २४ से भनेको होइन, अपितु उनीहरूको राज्यको मौजाको आधारमा २२ से र २४ से भनेको हो। अर्थात् कसैको राज्यमा २२ मौजा मात्र थिए भने कसैको राज्यमा २४ मौजासम्म थिए। वस्तुत यिनीहरूले आफूलाई राजा कहलाए पनि ऐश्वर्यमा एक साधारण जिमीदारसरह मात्र थिए। कुनै अलि ठूलै दर्जाका थिए। जस्तै —ताक्माको शाहामल्ल, वेनीढोरको घनश्याममल्ल, मलयवम्मल्ल,

गोरखाको खडका मगरराजा, पाल्पाको मुकुन्दसेन, डोटीको नागमल्ल, बुङकोटको कीर्तिमेधिनीसिंह, ऐरिकोटको डियाँराजा, जमल्त सिंजाका नागपाल, डुल्लुका राजा आदि निकै ठूला र प्रसिद्ध तथा शक्तिशाली थिए। तथापि विशेष लेख्नुपर्ने राजाहरू धेरै छन्। ऐरिकोट (ऐरिछाना)-को डियाँराजा अत्यन्त प्रसिद्ध किंवदन्तीको पात्र बनेको देखिन्छ। यस्तै गोकुलेकोटका सारु सुमेरु राजा, डिङकोटे राजा, बुङकोटको राजा कीर्तिमेधिनीसिंह आदिका कोट र राजाहरूको उल्लेख भएकै छैन। ऊकुको राजाको पनि उल्लेख भएको छैन। ज्यामरुककोटका नरुशाहा, देवीप्रसादशाहा, चन्द्रविक्रमशाहा, देशविक्रमशाहा तथा शल्यानकोटका घले गुरुङराजा, मैदीकोटका राजा आदिका उल्लेख र शोधखोजै भएको छैन। ताकमाकोटको राजा शाहामल्लको उल्लेख प्रसिद्ध तांत्रिक विद्वान् प्रेमनिधि पन्तले उल्लेख गरेको छ। यस्तै मलयवम्मल्लले मुस्तांगेराजालाई बन्दी बनाएको इतिहास पनि सबैलाई थाहा छैन। त्यसैले २२ से र २४ से राज्य होइन अपितु चालीसे र पचासे राज्यभन्दा पनि अझ बढ्ता राज्यहरू काठमाण्डौ अधित्यकादेखि पश्चिम तथा महाकालीदेखि पूर्वोत्तर प्रदेशमा थिए। अझ खोजकै विषय बनेको छ। स्वयं राजधानी अधित्यकामा काठमाण्डौ, ललितपुर, भक्तपुर गरी तीन राज्य थिए भने काठमाण्डौदेखि बाहिर केवल तीन राज्य थिए, जो मकवानपुर, चौदण्डीगढी र विजयपुरको नाममा प्रसिद्ध छन्। धेरैजसो राजाहरूको कोट, किला, राजदरबारहरूको ध्वंसावशेष आज पनि खोजीकै विषय भएको छ। अतएव गण्डकी र कर्णाली प्रदेशहरूमा रहेका ७० भन्दा अंझ धेरै राज्य भएको इतिहास ती कोट, किला, राजदरबारहरूले दिइराखेका छन्। यसरी तराई प्रदेशमा हुने बेलराजा, मैनाराजा आदिको इतिहासलाई पनि किम्वदन्ती मात्रै भनेर हुँदैन। अस्तित्वहीनको किम्वदन्ती नै हुँदैन। त्यसैले तल दिएका नामहरूमा अझ वृद्धि हुने सम्भावना छ।

गण्डकी क्षेत्रका बत्तीसे राज्य

जैथकको पहाडदेखि पूर्व मगर र गुरुङ बाहुल्य प्रदेश हुनाले गुरुङ, मगर नै धेरैजसो राजा थिए। कसै-कसैले १८ पन्थी मगर र ६ थरका गुरुङहरूको बसोबास भएको हुनाले २४ राज्य हुन गएको भनेका छन्। ती राज्य—

१. अर्घा
२. खाँची
३ इस्मा
४. काष्की
५ जाजरकोट
६ गरहुँ
७. गलकोट्
८. गुल्मी
९. गोरखा
१०. ढोर-वेनी
११. तनहुँ
१२. धुर्कोट
१३. नुवाकोट
१४. पर्वत
१५. पैयुँ
१६. पिउठान
१७. भीरकोट
१८. तार्की
१९. मुसिकोट
२०. रिसिङ
२१. लमजुङ
२२. सतहु
२३. घिरिङ
२४. पाल्पा
२५. बलढ्याङ
२६. सल्यान
२७. ज्यामरुक
२८. शल्याणकोट
२९. मैदीकोट
३०. लिगलिगे

कर्णाली प्रदेशमा ४२ राज्य थिए

१. आसाम
२ खुम्री
३. छिल्ली
४. जहारी
५. दाङ
६ जुमला
७. डोटी
८. थलारा
९. दार्मा
१०. दुल्लू
११. दैलेख
१२. बझाङ
१३. बाजुरा
१४. रासकोट

१५. रुकुम
१६. रोल्पा
१७. बिमकोट
१८. विलासपुर
१९. रोगटान
२०. साली
२१. मालनेटा
२२. गोताम
२३. मजल
२४. छालावाङ
२५. गजल
२६. वङफी
२७. सातला
२८. मालीजनता

२९. कल्याण
३० कल्याण
३१. मजुर
३२. दर्याल
३३ गुभाकोट
३४. सल्यान
३५. जाजरकोट
३६ ऊकु महल
३७. ऐरिछाना } जि० दार्चुला
३८. गोकुले
३९. डिङकोट—जि० बैतडी
४०. मकरकोट-मगरकोट-जि. दार्चुला
४१. बुङकोट
४२. डिङकोट

चौबीसे राज्यको नामावली

(अम्बिकाप्रसाद उपाध्याय पौडेलको यो संग्रह रामजी खतिवडाले पनि उतारेको छ।)

१. तनहुँ
२. रिसिंग
३. घिरिङ्ग
४. गजर्कोट
५. पाल्पा
६. भिर्कोट
७. गह्लुङ्गा

८. ढोर=बेनी
९. पैयूँ
१०. पल्लो नुवाकोट
११. सुतुङ्ग
१२. कास्की
१३. लमजुङ्ग
१४. गुल्मी

१५. अर्घा
१६. खाँची
१७. पर्वत
१८. गलकोट
१९. मुसीकोट
२०. धुर्कोट
२१. इस्मा

२२. पिउठान
२३. खुप्रिकोट
२४. भिग्रिकोट
२५. ताक्मा
२६. मुस्ताङ
२७. गोर्खा
२८. पाल्पा
२९. घटोत्कच

बाइसे राज्यको नामावली

१. रूकुम
२. पल्लो मुसीकोट
३. जाजरकोट
४. बाँके
५. सल्यान

६. मालभेट
७. दाङ्ग
८. चिल्ली
९. मलाज (बेनी, ढोर)
१०. दार्मा

११. जेहरी
१२. डुल्लू
१३. आछाम
१४. डोटी
१५. जुल्या

१६. बझाङ
१७. बाजुरा
१८. भलहरा
१९. कालागाउँ
२०. घुघुरकोट
२१. दार्ना
२२. दैलेख
२३. ऐरिछाना (डियाँराजा)
२४. डिङकोट (बैतडी)
२५. गोकुले (सारु, सुमेरु, राजारानी)
२६. बुङकोट (राजाकीर्तिमेदिनी सिंह)
२७. शल्यान (राप्ती)
२८. सिंजा (कर्णाली)
२९. मगरकोट (महाकाली)
३०. इन्छु (महाकाली)
३१. बल्ढचाङगढी (पाल्पा)

काठमाडौं, धुलिखेल र पूर्वका राजधानी

थाङकोट
काठमाडौं
दहचोक
विशालनगर
गोकर्ण
वाणेश्वर
शङ्खमूल
पाटन
भक्तपुर
फर्पिङ
गोदावरी
धुलिखेल
साँखु

पूर्व र दक्षिणका राजधानी

मकवानपुर (हेटौंडा)
चौदण्डीगढी (उदयपुर)
बेलागढी (बेलाखा राजा, बेला रानी)
हथुवागढी (भोजपुर)
मौर्यगढी (खोटाङ्ग)
विजयपुर (धरान)

डियाँराजा को थिए ?

१—महाकाली अञ्चल जिल्ला दार्चुलाभित्र पर्ने जौलजीवीदेखि अलि तल आसकोटदेखि सीधा वारिपट्टि ऊकु महल प्राचीन पुरातत्त्वको खानी छ। यस क्षेत्रमा कुनै बेला राजधानी थियो। हुन त रञ्जनालिपिमा लेखेको ११ शताब्दी शाकेको शिलालेख प्राप्त छ। त्यो अब पढ्न सकिन्न। त्यसमा एउटा किम्वदन्ती जोडिएको छ। त्यो के हो भने ऊकुको मन्दिर डियाँराजाले भत्काए अरे। तर यो अवश्य भन्न सकिन्छ कि डियाँराजा एक शक्तिशाली राजा थिए। ऊकु महलबाट सीधा माथि उकालो गएपछि डियाँराजाको किला 'ऐरिछाना' खण्डहररूपमा पाइन्छ। त्यसको आसपास, तलमाथि सर्वत्र पुरानो मन्दिर, धारा, कुवा आदि पाइन्छन्। ऐरिछानादेखि सीधा तल ग्वानी पञ्चायतको मिल्मिले गाउँमा एउटा मन्दिर प्राचीन खण्डहररूपमा पुरिएको छ। त्यो पनि डियाँराजाकै हुनुपर्छ।

२—तल गोकुलेमा पुरानो मन्दिरको खण्डहर र पहाडको शिखरमाथि पुरानो किलाको अवशेष छँदैछ। त्यो किलाको अवशेष राजा सुमेरु र रानी सारूको हो अरे। गोकुले मन्दिरको छेउमा राजारानी धर्मात्मा नभै कोही पनि बस्न सक्दैन। यो सुमेरु नै डियाँराजाको रूपमा परिणत भयो होला। गोकुलेको मन्दिर, जो अब खण्डहर मात्रै छ, त्यो पनि डियाँराजाले बनाएको हुनुपर्छ।

३—असलमा डियाँराजाको राजधानी चौलानी खोला पार गरेर चिन्तपूर्णी हुँदै 'डिङकोट' पुगिन्छ। यही डिङकोट डियाँराजाको असली राजधानी हुनुपर्छ। यो जिल्ला बैतडीभित्र पर्छ। आसपासको पुरातत्त्व निक्कै राम्ररी डियाँराजाले बनाएका थिए।

४—केवल यति मात्रै होइन अपितु जिल्ला दार्चुलाको दूहुँ क्षेत्रमा पनि डियाँराजाको इतिहास जोडिएको छ। यसले यो सिद्ध हुन्छ कि कुनै बेला डियाँराजा शक्तिशाली राजा थिए। उसको शक्तिको सामु कोही पर्न सकेनन्। त्यसैले उसको बदनाम गर्नलाई शत्रुपक्षको राजा र प्रजा मिलेर 'डिगां' खाने राजा अर्थात् गाई, भैंसी आदिलाई खाने फोहरी भनेर निन्दा गर्दै बदनाम गर्न थालेको हुनुपर्छ। त्यही बदनामको नाम चलाउँदा अहिलेसम्म पनि डियाँराजाको नामले आज पनि जनजिब्रोमा अमर भएर बसेको छ। डियाँराजाको सम्बन्धमा निकै रिसर्च गर्ने आवश्यकता छ।

तर रिसर्च पूरा नभइन्जेलसम्म डियाँराजालाई मैले कुनै किरातपरिवारको सानै भए पनि शक्तिशाली राजा थिए भन्ने अनुमान गरेको छु। कतै सफल प्रमाण पाइएछ भने यस अनुमानलाई परिवर्तन गर्न सक्छु। यहाँ रिसर्च गर्ने विद्वान्हरूले आजसम्म पनि रिसर्च नगरी पाश्चात्य 'राईट' आदि लेखकहरूले लेखेको भरमा बाइसे र चौबीसे मात्रै राज्यहरू नेपालमा थिए भन्नेहरूको लागि यो विषय कोटचाएको हो। यहाँ डियाँराजा मात्रै होइन अपितु मकरकोट, बुङकोट आदिका बाइस मौजा र चौबीस मौजावाला भुरेराजाहरूको संख्या गण्डकी क्षेत्रमा पचासभन्दा कम छैनन् र कर्णाली भेगमा पनि चालीसभन्दा कम छैनन्। तर अहिले पनि हाम्रा राष्ट्रिय इतिहासकार र लेखक भनाउँदाहरूले बाइसे र चौबीसे भनेका कर्णाली भेगमा र गण्डकी भेगमा गरी जम्मा छयालीसवटा राज्य मात्रै हो भन्ने वा लेख्ने गरेका छन्। वस्तुस्थितिमा त्यसो होइन। अर्मुडि र शाहामल्ल आदिको पत्ता लगाउनु हाम्रो देशको इतिहासकारहरूलाई शताब्दीसम्म परिश्रम गर्नु नै पर्नेछ।

राजा अरमुडि

राजतरङ्गिणीले एउटा अर्को नेपालको इतिहास उभ्याएको देखिन्छ। जयापीडले एकफेर काश्मीरदेखि नेपालसम्म एक पार्ने उद्देश्यले आफ्नो विजययात्रा शुरू गरेका थिए। पहिलोबार विजययात्रा प्रारम्भगर्दा किरातराजा भीमसेनको बन्दी बनेर लूतोको रोगले झण्डै मरेका थिए। राजा भीमसेनले दया गरेर राजनैतिक साम दाम आदिसहित छोडेका थिए। दोस्रोबार जयापीडले अन्तैबाट आफ्नो सेना लिएर नेपाल पस्ने चेष्टा गरे। यो कुरा आफ्नो गुप्तचरबाट पत्ता लागेपछि जयापीडलाई आफ्नो वशमा पार्ने विचार गरे। महाकवि कल्हणको अनुसार राजा अरमुडि अत्यन्त चतुर[1] शासक थिए। शत्रुपक्षको राजा भए पनि राजा अरमुडिको विशेषण मायावी विद्या र विनयले सम्पन्न, चतुर, नेपालका पालक थिए भन्ने दिएका छन्। यो कविको निष्पक्ष इतिहास राख्ने तरिका हो भन्नुपर्छ। काश्मीरका राजा जयापीडले फेरि एकचोटि नेपाललाई आफ्नो वशमा पार्ने इच्छाले कालीगण्डकीको पारिपट्टिसम्म आएर तुजुक लगाउँदै थिए। नीतिज्ञ राजा अरमुडिले जयापीडलाई केही नगरीकन कालीगण्डकी पार गर्न दिए। तर नदीको माझामा पुग्दा बाँध छोडिदिए। जयापीडको सेना सबै बगे। स्वयं जयापीड बग्दै थिए, राजा अरमुडिको

---

१. तमैच्छदभिसन्धातुं विद्याविनयसंयुतः
मायाव्यर्मुडिर्नाम राजा नेपालपालकः ॥ (रा० त० ४।५२९)

सिपाहीले पक्रेर राजालाई बुझाए । राजा अरमुडिले कालीगण्डकीको[१] तीरमा उच्च स्थानमा लोहाले (ढुङ्गाले) वारेको जेलमा बन्द गरेर राखे ।

केही समयपछि जयापीडको मन्त्रीलाई 'राजा जयापीड नेपालमा अरमुडि राजाको जेलमा छ' भन्ने पत्ता चलेपछि मन्त्री देवशर्माले राजा अरमुडिकाँ दूत पठाए । कुराकानी गर्दा मिल्नु जाने आज्ञा पाएपछि जयापीडको मन्त्री देवशर्मा राजा जयापीडसँग कालीगण्डकीको तीरमा उच्च स्थानमा ढुङ्गा र लोहाले बनेको जेलखानामा मिल्न गए । तर जेलमा राजा जयापीडको दशा देखेर जयापीडलाई जेलबाट भाग्ने सलाह दिए । भाग्ने उपाय अरू केही नदेखिएको हुनाले स्वयं मन्त्री देवशर्माले आत्महत्या गरेपछि उसकै मुर्दा कालीगण्डकीमा फँकेर राजा जयापीडले मुर्दामा चढेर कालीगण्डकी पार गर्न सफल भए । यो इतिहास स्वयं मन्त्री देवशर्माका छोरा कल्हणले राजतरङ्गिणीमा सारै पीडाजनक र महत्त्वपूर्ण ढङ्गले उल्लेख गरेको छ ।

राजतरङ्गिणीबाट बुझ्दा राजा अरमुडिको पनि जाति लेखेको छैन । तर त्यस बेला किरातकुलकै राजा अरमुडिले जयापीडलाई त्यो बहादुरी देखाएर नेपाललाई बचाएका थिए भन्ने इतिहास प्रष्ट भएको छ । अर्को इतिहास के प्रष्ट हुन्छ भने काठमाण्डौदेखि पश्चिममा कैयौं राजा थिए । तीमध्ये भीमसेन र अरमुडिको इतिहास काश्मीरको इतिहासमा जोडिन पुगे । नेपालको इतिहासमा काश्मीरको इतिहास जोडिन पुगेको देखिंदैन । काठमाण्डौमा पनि मल्लकिरातहरूकै शासन थियो । लिच्छविकिरातहरूको शासन अस्ताएको थियो । कुमाऊ र गढवालमा कत्यूरी किरात र राजकिरातहरूकै शासन थियो । त्यसैले कालीगण्डकी क्षेत्रमा किरातराजा अरमुडि शासनरत थिए । गोविन्दप्रसाद भट्टराईले भने 'विद्याविनयसंयुतः' 'नेपालपालकः' आदि महत्त्वपूर्ण विशेषण कल्हणले लगाएको देखेर 'राजा अरमुडि अनार्य-जातिको होइन, अपितु आर्यजातिका हुन्' भन्ने प्रयास गर्नुभएको[२] छ । तर भट्टराईजीले पछिको दूषित भावनाले लेख्नुभएको हो । स्वयं विद्वान् भट्टराईजीले 'अनार्य' कुनै जाति होइन भन्ने कुरा बिर्सिनुभयो कि अथवा यी पंक्तिहरू लेख्दा पाश्चात्यहरूको धारामा बग्नुभएको होला, किनभने विद्याविनय सम्पन्न हुनु कुनै जाति विशेषको पेवा होइन । अब रह्यो 'नेपालपालकः' विशेषण; यो पनि कुनै जाति विशेषमा आधारित छैन, किनभने जसले शासन या पालन गर्छ त्यही 'नेपालपालक' राजा शासक हुन्छ । उ आफ्नो क्षेत्रमा कुनै होस् आफ्नो आफ्नो अनुकूल विद्या र विनयले सम्पन्न हुन्छ नै । यसमा सन्देह छैन । त्यसैले राजा अरमुडि किरातपरम्परा र वंशका कुनै किरातशासक थिए । ती मगर, गुरुङ आदि कुनै पनि किरातवर्गका थिए । यसमा सन्देह छैन । योभन्दा विशेष अरू शोधखोज गर्ने आवश्यकता छँदैछ ।

⁂

---

[१] स कालगण्डिकातीरश्रयात्युच्चाश्मवेशमनि (रा० त० ४।५५६)

[२] नेपाल र नेपाली, पृ० ८३ ।

मङ्गोलिया कहाँ छ ?

नेपालको मूल निवासी किरातहरूको बारेमा १९ शताब्दीको इतिहासकारहरूले नाना प्रकारका कल्पना अथवा नहुँदो कल्पना गरेर इतिहासको पाना बिगार्ने ठूलो कुचेष्टा गरेका छन् । ती इतिहासकारहरूका भनाइअनुसार किरातहरू मङ्गोलियाबाट आएका अरे । तर हाम्रो मूल इतिहासलाई राम्ररी पैल्याउँदा यो कुरा एकदमै सेतो झूठ ठहरिन्छ । पहिले यसैमा विचार गरौं कि त्यो मङ्गोलिया देश कहाँ छ ? यो देश मध्यएशिया महाद्वीपमा पर्छ । मध्यएशियाभित्र मङ्गोलिया, चीन, रूस आदि देशहरू पर्छन् । भारतदेखि माथि नेपाल पर्छ । नेपालदेखि माथि तिब्वत पर्छ । त्यहाँदेखि माथि गोभीको मरुभूमि पर्छ । त्यसैको छेउमा दुइ सय मीलको बैंकाल झील अर्थात् ठूलो पोखरी पनि पर्छ । यसै पोखरीको छेउसम्म ईसाभन्दा पूर्व नै भारतीय आचार्यहरू बौद्धधर्मको प्रचार गर्नु पुगेका थिए । यसैको पश्चिम उत्तर भागमा आजको मङ्गोलिया छ । गोभीको मरुभूमिदेखि सीधा उत्तरमा चीन पर्छ । विश्वमा सबैभन्दा धेरै क्षेत्रफल रूसको छ । त्यसो हुँदा क्यै हिस्सा रूससँग पनि जोडिएको छ । अर्को रीतिले यो भन्न सकिन्छ कि चीन, रूस पनि गोभीको मरुभूमिसँग सम्बन्ध राख्छ । तर गोभीको मरुभूमि मङ्गोलियामा पर्छ । हाल मङ्गोलियाको राजधानी उलनबाटर=उर्गा (प्राचीन) हो । यो गणना भएको वेलामा मङ्गोलियाको जनसंख्या २० लाख मात्रै थियो । मङ्गोलियाको क्षेत्रफल १८,७५,००० वर्गमील छ । यो देश पहाड र रेगिस्थान दुवै रूपमा छ, किनभने गोभीको मरुभूमि पनि यसैको भागमा परेको छ । यो सबैभन्दा ठूलो मरुभूमिहरूमा एक हो । मङ्गोलियाको व्यवसाय पशुपालन र व्यापारप्रधान छ । यसैबाट उनीहरूले जीविका गर्दछन् । मङ्गोलिया १९२४ मा स्वाधीन भएको हो । योभन्दा पहिले टापरटुपुर साना-साना कविलाको रूपमा छरपस्टिएर बस्दथिए । 'स्टैण्डर्ड एन्साइक्लोपीडिया', 'टाइम्स ओफ इण्डिया' पृ० नं० ८९६ तथा अनेकौं प्राचीन, आधुनिक इतिहासहरूमा प्रमाणहरू उद्धृत छन् ।

तर किरातहरू मङ्गोलियाबाट आएको प्रमाण हामीलाई कुनै हालतमा मिलेको छैन । त्यसो हुँदा किरातहरू मङ्गोलियाबाट आएका हैनन् । यो कुरा सप्रमाण सिद्ध छ । किरातहरू[1] हिन्दू नै हुन् । आर्य नै हुन् भन्ने प्रमाण पनि सिद्ध छ । किरातहरू दनुका सन्तान हुन् । तथा मनुका सन्तान, कश्यपका सन्तान मानव हुन् । शिवगण हुन् । परम शिवोपासक हुन् र छन् पनि । कश्यपगोत्र र काशीगोत्रीय नै छन् । यी सबै प्रमाणहरूले किरातहरू मंगोलियाबाट आएका हैनन् भन्ने कुरा प्रष्ट सिद्ध छ । त्यसो हुँदा जुन किरातहरूको लागि आज इतिहासकारहरूले यत्रो भयङ्कर भ्रम फैलाए, त्यो 'किरात' शब्द कुन भाषाको हो ? त्यसको के अर्थ हो ? बुद्धिमान्, विचारशील मानवलाई जान्ने इच्छा हुनु स्वाभाविकै कुरा हो । किनभने समस्त वेदहरूबाट लिएर कुनै पनि आर्य-वाङ्मयको छेउलाई 'किरात' शब्दले छोडेको छैन, यत्रो प्राचीन 'किरात' शब्दले आफ्नो इतिहासलाई सुरक्षित राखेको छ । अनि त्यसको अलगै आफ्नो अर्थ पनि छ । जस्तै – माझकिरात, पाँचथर, रवि, महाभारत, विजयपुर, भद्रपुर आदि शब्दले आ-आफ्नो इतिहास राखेको छ । यी शब्दहरूका आ-आफ्ना अर्थ पनि छन् । अर्थ नभएको शब्दै हुँदैन । अर्थ नभएको नाम पनि हुँदैन । ठीक त्यस्तै रीतिले संसारमा कुनै पनि भाषाको शब्द होस्, नाम होस्; त्यसमा अवश्य नै अर्थ हुन्छ ।

---

[1] 'वेदमा के छ ?' ग्रन्थलाई शुरूदेखि अन्तसम्म दोहऱ्याएर हेर्नुहोस् । त्यसले खुलस्त पारेर देखाउनेछ ।

'किरात' शब्दको पनि आफ्नो अमूल्य ऐतिहासिक अर्थ छ। तर दुर्भाग्यले गर्दा आजको किरातहरूले आफ्नै नामको अर्थ बुझ्नु छोडे। आफैंले बस्ने गाउँको नामको अर्थ बुझ्नु छोडे। आफ्नो इतिहासलाई त सधैंको लागि बिर्सिसके।

प्रकृतमा हाम्रो असली व्याकरण र कोषले 'किरात' शब्दको दुइ विभाग गरेको देखिन्छ। एउटा 'किर' र अर्को 'अत'। 'किर' शब्दको अर्थ समुद्रपर्यन्त भूभाग हो। अनि 'अत' शब्दको अर्थ निरन्तर गमन गर्नु हो। त्यसो हुँदा 'किरं=समुद्रपर्यन्तभूभागम्-अतन्ति सातत्तेन = गच्छन्ति ये, ते किराताः'; अर्थात् नेपालदेखि लिएर समुद्रसम्मको भूभागमा निरन्तर गएर जसले पराक्रमले जितेर शासन गर्छन्, ती किरात हुन्। आफ्नो बल, बुद्धि, पौरुषले समुद्रसम्मको भूमिलाई जितेर शासन गर्ने भएका हुनाले नै 'किरात' नाम परेको हो। अनि 'किरात' शब्द शुद्ध संस्कृत हो, मङ्गोलियन शब्द हैन। अनि किरातहरू मङ्गोलियाबाट कसरी आए ? साँचो इतिहास यो छ कि ऋग्वेदकालमा पनि शम्वर, नमुचि, वर्चिन् आदिदेखि लिएर यलम्बर, महाभारतको एकलव्य, जितेदास्ति, रामायणको लवणासुर, मुद्राराक्षसको राजा पर्वंत अनि किरातार्जुनीयको गुप्तचर वनेचर युधिष्ठिरलाई साथ दिने राजा-महाराजहरूले समुद्रसम्मको भूमि जितेर शासन गरेको हुनाले नै यिनीहरूको नाम किरात परेको हो; मङ्गोलियाबाट आएर हैन। यी वीर, बलशाली, आफ्नो इरादाको पक्का र युद्धकुशल हुनाले यिनले समुद्रसम्मको भूमिलाई प्राप्त गरेका थिए। त्यसो हुँदा समस्त वेद, पुराण, तन्त्र, कोष आदिमा 'किरात'को उल्लेख मज्जाले भएको देखिन्छ। शब्दस्तोम महानिधि पृ० नं० १२२, आप्टेकोश पृ० नं० २७७, वाचस्पत्यम् पृ० नं० २५१ भाग ३ आदिमा विस्तृत उल्लेख भएको देखिन्छ। मैले पाएसम्म किरातराजा-महाराजहरूका पालामा कहाँ-कहाँसम्म साँध सिमाना थिए भन्ने 'वेदमा के छ ?' मा उल्लेख गरेको छु। त्यसो हुँदा किरात विश्वको एक प्राचीन र सुदूरस्थ देशहरूमा विस्तृतरूपमा फैलिएको जाति थियो। त्यसको उल्लेख 'ओल्ड टेस्टामेण्ट' तथा 'आसिरियन' लेखहरूमा पनि भएको छ भनी डा० श्रीराम गोयलले 'प्राचीन नेपालको राजनीतिक र सांस्कृतिक इतिहास' पुस्तकको अतिरिक्त टिप्पणी नम्बर ३ मा उल्लेख गरेको छ।

हुनु पनि हो; आज विश्वमा एक बट्टा तीन भागमा छरपस्टिएका जाति किरातहरूकै सन्तान हुन्। आफ्नो असली जन्मस्थान सगरमाथाको सेफ, चेप, कापहरूबाट उत्रेर नेपाल, भारत, तिब्बत, चीन, मङ्गोलिया, लङ्का, बर्मा, थाइलेण्ड, श्याम, जावा, सुमात्रा, उत्तर कोरिया आदिमा फैलिएर एकनासे मोहडा लिएर बस्नेहरू किरातकै सन्तान हुन्। त्यसो हुँदा विश्वको कुना-काप्चाको पुरानोभन्दा पुरानो साहित्यहरूमा किरातहरूको उल्लेख हुनु कुनै ठूलो आश्चर्यको कुरा हैन। तर वेदभन्दा पुरानो विश्वमा कुनै साहित्य छैन। त्यसो हुँदा जताबाट वैदिक साहित्यको आविर्भाव भयो, जहाँ वेदमन्त्रहरूका आविर्भाव भए, जुन वेदमन्त्रहरूमा 'किरात' हरूको उल्लेख भएको छ, त्यै उसको असली जन्मस्थान हो। त्यही उसको साहित्य हो। त्यसैमा उसको भाषा पनि छ। परिस्थिति र कालक्रमले क्यै बेग्लिनु अर्कै कुरा हो। अब रह्यो किरातहरूको आवासको इतिहास; वैदिककालदेखि महाभारतकालसम्ममा रहनसहन, बसोबास नेपालदेखि लिएर कश्मीर, हिमाचल, आजको सिन्ध पञ्जाबदेखि बलुचिस्थान, यता सिखिम, कालेम्पुङ, आसाम, आजको नागाहिल, मणिपुर, परशुराम कुण्डको अन्तसम्म आजको त्रिपुरा र उत्तरमा मानसरोवर, भोटको अन्तसम्म अनि दक्षिणमा विन्ध्याचल पर्वतसम्म र समुद्रपर्यन्त सीमा बाँधी बसोबास र शासन गरेको इतिहास प्रष्टरूपले पाइन्छ। त्यसो हुँदा यत्रो व्यापक रूपमा बसोबास गरी शासन-सत्ता चलाउने विद्वान् र शासक किरातहरू थिए भन्ने इतिहास सोझै पाराले बुझिन्छ। त्यसमा कश्यपको बासस्थान

कश्मीर हो, जहाँबाट किरातहरू काश्यपगोत्रीय भए। अर्को काशी गोत्र पनि उसैसँग सम्बन्धित छ। तेस्रो लासा गोत्रचाहिं व्यापारमा जाँदा पाएको हुनुपर्छ। अर्को हिमाचलको वर्तमान वैद्यनाथधाम किरातहरूकै स्थापना हो। त्यसको प्राचीन नाम किरग्राम = किरातग्राम छ। त्यहाँबाट केदारेश्वर हुँदै कुमाऊँको वैद्यनाथ मन्दिर पनि किरातहरूकै पालामा बनेको हुनुपर्छ, किनभने किरातहरू अनादिकालदेखि शिवगण र शिवभक्त हुँदै आएको इतिहासलाई पनि मेट्न सकिन्न। नेपाल त जन्मभूमि भइहाल्यो। यसमा सन्देह छैन। अब रह्यो बुङ र 'खीम' शब्द कुनै ठाउँको नामको आदि र अन्तमा जोडिने इतिहास; त्यो पनि किरातभाषाकै हो। यसै रीतिले आजको त्रिपुरा पनि किरात-राजधानी नै थिए। त्यसै भएको हुनाले त वहाँको वंशपरम्परा 'राजमाला' को अनुसार प्राचीनकालमा आजको त्रिपुराको नाम किरात थियो भनेर धेरैले लेखेका छन्।

भाग एक 'मेचीदेखि महाकाली' भन्ने ग्रन्थको 'ऐतिहासिक पृष्ठभूमि' पृ० नं० १५ मा किरातहरूको उत्पत्तिबारे चर्चा गर्दा पादरी मेघवर सिंहको छोरा पादरी इमानसिंह चेमजोङले 'किरात-इतिहास' र 'लिम्बू-नेपाली-अंग्रेजी शब्दकोष' भूमिका पृ० नं० ९ आदिमा आलापेको झूठो रागलाई जस्ताको तस्तै उतारेर राखिदिएका छन्। किनभने 'योगिनीतन्त्र' नहेरीकनै किरात-उत्पत्ति जस्तो महत्त्वपूर्ण विषयलाई राखिदिनु वा लेखिदिनु त ठूलो अपराध हो। कलमीले जीवानन्द विद्यासागरद्वारा सम्पादित बम्बै हिन्दी संस्करण पूर्वार्ध र उत्तरार्ध गरी '१८……'मा छापिएको दोश्रो संस्करण योगिनीतन्त्रलाई पूरा हेरेको छ। तर किरातहरूको प्रासंगिक उत्पत्ति विषय कहीं पनि पाइएन। कोनि पादरी इमानसिंहले कुन योगिनीतन्त्रलाई हेरे ? यो भविष्यले बताउनेछ। वस्तुतः इमानसिंहजीले संस्कृतको गन्ध पनि सुँघेको थिएन। कोनि कुनचाहिं बाहुनको झूठो भनाइ मानेर लेख्यो होला! तर 'मेचीदेखि महाकाली' ले त नहेरीकन नलेख्नुपर्ने हो। साँचो भनौं भने केही अंशलाई छोडेर इमानसिंहको इतिहास-लेखाइ भ्रमात्मकै छ। विचरा एउटा हेमरटनलाई डोऱ्याएर डोरिने मान्छेको के भरोसा ?

रह्यो 'अघि मिश्रदेशमा बिरालो, चील, साँप, बाँदर आदिका' उल्लेख; यो त इतिहासको ज्ञान नभएको हुनाले लेखे। उपर्युक्त संस्कृति मिश्रको होइन। भारतखण्ड अर्थात् आर्यावर्तबाट मिश्र आदि देशहरूमा गएको हो। यो शुद्ध हिन्दूहरूको संस्कृति हो। बिरालो एक शास्त्रको वाहन हो। विष्णुको वाहन गरुडको प्रतीकबाट यिनलाई पुज्न थाले। साँपको पूजा नागपूजा हो। हनुमान्‌को प्रतीकमा बाँदर पुज्न थाले। तर कुनै हालतमा मिश्रबाट आएको संस्कृति होइन। यसै प्रकारले प्रोफेसर रावलिन्सनको 'अफ्रिका महादेशको कुशदेशबाट भारत पस्ने' इतिहास पनि निराधार छ। हिन्दू-आर्य-इतिहासको जरो पैल्याउन नसकेर इतिहास बिगारेको मात्रै हो।

भाग एक 'मेचीदेखि महाकाली' पृ० नं० १५ मा 'किरातजाति नेपाल देशको एक ज्यादै पुरानो जाति भएकोले नेपालका सारा पहाडी खण्डलाई किरातदेश भनिन्थ्यो' भनी उल्लेख गरेका छन्। यहाँ दुइवटा शब्दलाई सच्याउन आवश्यक बुझिन्छ। एउटा 'किरातदेशो विज्ञेयः' भन्ने प्रमाणले 'किराती देश' नभएर 'किरातदेश' हुन्छ। अर्को 'नटेश्वरं समारभ्य रामक्षेत्रान्तकं शिवे ? [श० तं० उ० भा०]' इत्यादि प्रमाणले 'नेपालको पहाडी खण्डलाई मात्र किरातदेश भनेर सिमाना बाँधेको छैन। योभन्दा फराकिलो सिमाना 'नटेश्वर' देखि लिएर 'रामक्षेत्रान्तक' शब्दले आधुनिक परशुरामकुण्डको अन्त्य बर्मासम्म पनि गाभेको बुझिन्छ। त्यसो हुँदा नेपाल पहाडी खण्डलाई मात्र 'किरातदेश' हो भन्ने इतिहास भ्रामक हुन-जान्छ। हाम्रो प्राचीन इतिहासलाई गोडीनेली हेर्दा किरातदेशको सिमाना धेरै फराकिलो देखिन्छ।

नेपालको प्राचीन नाम किरातदेश, नेपाल र हिमवत्खण्ड हो। अथर्ववेदको परिशिष्ट भागदेखि समस्त ज्योतिष, पुराण, तन्त्र, इतिहास आदिमा नेपालको नाम किरातदेश र हिमवत्खण्ड उल्लेख भएको छ। त्यसो हुँदा धनवज्र बज्राचार्यजीको 'लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव' पूर्णिमा, अंक १७ पृ० नं० २ लेख शोधखोजपूर्ण भए पनि आफ्नो प्राचीन इतिहाससँग धेरै बेग्लिएको हुनाले संशोधन गर्न आवश्यक बुझिन्छ। नत्र हाम्रो इतिहासमा यसै गरी कतै प्वाल, कतै दुलो त कतै भ्वांग, कतै चोइटा, कतै फकल्याटो भएर इतिहासको हत्या हुनेछ। भैराखेको पनि छ। यस्तै प्रकारले पृ० नं० ६ मा पनि भ्रमात्मकै कुरा छ। पृ० नं० १०५ मा पनि आफ्नो इतिहासलाई झुठ्याइएको देखिन्छ। यस प्रकारले हरेक 'ऐतिहासिक पृष्ठभूमि' भन्ने पाठमा किरातहरूका बारेमा भूल भएर हो कि बुच पचाएर हो; धेरै नै सुधार गर्नुपर्ने देखिन्छ।

धेरैजसो पाठचाहिं पादरी इमानसिंहको मनगढन्त कुराहरूले बिग्रेको देखिन्छ। त्यसो भएको हुनाले आजको नेपालभन्दा ईसापूर्वको 'किरातदेश' फराकिलो थियो। ह्वेनसंगको उल्लेखानुसार आजको नेपाल पनि धेरै ठूलो थियो। त्यसो हुँदा काठमाण्डौ अधित्यकादेखि पूर्व र दार्जिलिंगदेखि पश्चिमको नाम किरातदेश होइन। हाम्रो प्राचीन इतिहासले साँगुर्‍याएको छैन।

प्राचीन किरात-इतिहास पल्टाएर हेर्दा किरातहरू शुद्ध हिन्दू-आर्यक्षत्रिय देखिन्छ। आदिकालदेखि किरातहरू जम्बूद्वीप, हिमवत्खण्डमा बसोबास गरेर आइरहेका छन्। किरातहरू बाहिरबाट आउने इतिहास पाइँदैन। यतावाट बाहिर सरेका सूत्र पाउन सकिन्छ। पाश्चात्यहरूले १६ र १७ तथा १८ शताब्दीभित्र जो इतिहास लेखे, त्यसैको भरोसामा भारतीय र नेपाली इतिहासकारहरू पनि हिंडिराखेका छन्। तर आँखा चिम्लेका छन् कि कोलुमा जोतिएको गोरुको आँखा बाँधे जस्तै यताउता नहेरीकन सुरु-सुरु हिंडिराखेका छन्! मालिकले एकपटक पुच्छर निमोठिदियो; त्यसपछि मालिक कहाँ पुग्यो थाहै छैन। यता गोरु हिंडेको छ हिंडेको छ। गोरुलाई यही नै थाहा छ कि मालिक यही नै हो। यही हालत हाम्रो आर्यावर्तीय इतिहासकारहरूको पनि छ। पाश्चात्यहरूले एकफेर शासन, साहित्य र इतिहासमाथि पनि गोरु बनाएर पुच्छर निमोठेर गए। तर हाम्रा भारतीय र नेपाली इतिहासकारहरू आज पनि वर-पर नहेरी सुरु-सुरु 'दादा वाक्यं प्रमाणम्' भनेर हिंडिराखेका छन्। तर वास्तवमा भन्ने हो भने पाश्चात्य लेखकहरूको इतिहासको आधारमा हिंड्नु भयंकर भूल हो।

किनभने आर्य-हिन्दू-इतिहास १६ देखि १८ शताब्दीसम्मको मात्रै होइन। किरात-इतिहास यसै दुइ-तीन शताब्दीभित्रको मात्रै होइन। किरातहरू त यहाँ लाखौं वर्षदेखि बसोबास र शासन गर्दै आएका जाति हुन्। किरातहरूको वैदिक कालदेखि ईसापूर्व प्रथम शताब्दीसम्म पनि संस्कृतै भाषा थियो। किरातहरूको साहित्य र इतिहास पनि संस्कृतैमा छ। किरातहरू बाहिरबाट आएका हुन् भने लाखौं वर्ष पुरानो संस्कृतको इतिहासमा किरातहरूको इतिहास नलेखिनुपर्ने हो। किन लेखिए ?

किरात शब्द सुन्नेबित्तिकै आजभन्दा ५ हजार वर्ष पुरानो इतिहास र इतिहासकारहरूको सामुमा आउँछ। त्यो थियो किरातहरूको स्वर्णिम युग। हामीलाई त्यस युगको कल्पना गर्नुपरेको छैन। घोरिएर हेर्न थाल्यो भने किरात-इतिहास पाउनु मुश्किल छ। तर केवल महाभारतकालमा मात्रै होइन अपितु त्योभन्दा पुरानो रामायणकालमा पनि किरातहरू आफ्नो इतिहासमा उभिएका थिए। यति मात्रै होइन आरण्यक र ब्राह्मणकालमा पनि किरातहरू अत्यन्त जागृत भएको कुरा इतिहासमा पाउँछौं। पुराणहरूमा

त गन्ने संख्या नै छैन । कति हो कति किरातहरूको नालीबेली पैल्याएर राखेका छन् । अर्थशास्त्र, आयुर्वेद, तन्त्र अनेक प्राचीन साहित्यमा किरातहरूको इतिहास सुरक्षित छ । यहाँसम्म कि, लाखौं वर्ष पुरानो मूलवेदको संहिताहरूमा पनि किरात-इतिहास पाइन्छ । त्यसो हुँदा तीन हजार वर्ष पुरानो मंगोलबाट किरातहरू आएको हुनाले किरातहरू मंगोलियन[१] हुन् भन्नु आँखा नदेखी खनेको बाटोमा हिंड्नु हो । अर्थात्, सरासर झूठो कुरो हो । पाश्चात्यहरूले फुट पार्नलाई लेखिदिएको इतिहासमा भरोसा राख्नेहरूले हमेशा धोका खानेछन् । धोका खाइराखेका पनि छन् ।

अर्को पक्ष विकासवादी छ । विकासवादीले पनि नबुझीकन अमीवादेखि ढेंडूलाई आफ्नो पूर्वज मान्ने गरेका छन् । साना नानीहरूलाई पनि 'यी तिमीहरूका पुर्खा हुन्'भन्दा मान्नेछैनन् । तर विचार गर्ने हो भने यो कुरा पनि एकदम मूर्खतापूर्ण छ । किनभने हजारौं तथा लाखौं वर्ष बितिसके, खै त एउटा पनि बाँदर ढेंडू मान्छे बनेको देखिंदैन किन ? वस्तुतः डार्विनको विकासवाद मानव बुद्धिगम्य छैन । बाँदर, ढेंडू, वनमान्छे, हिममानव, मानवको पूर्वज पुर्खा कुनै हालतमा पनि हुनसक्दैन । हो भने स्त्री-पुरुष संयोगबाट बालक-बालिका जन्मनु हुँदैन । यस परिस्थितिमा किरातहरूले मंगोलियन हुनु मानवको पुर्खा बाँदर हुनु भनेको बकबकाएको मात्र हो । यो इतिहास होइन । यो एउटा षडयन्त्र र भावी सन्तानलाई मूर्ख बनाउने काम मात्र हो । यसमा इतिहासकारहरूले कैयौं भूल गरेका छन् । तीमध्ये पाश्चात्य इतिहासकारहरू संस्कृत जान्दैन थिए । त्यसो हुँदा किरातहरूको आफ्नो पुरानो इतिहास संस्कृत भाषामा लेखिएको छ भन्ने थाहा नै थिएन । दोस्रो नम्बरमा; संस्कृत भाषा जाने पनि वैदिक र लौकिक दुवै जान्नु आवश्यक छ । ती इतिहासकारहरू दुवै संस्कृतबाट 'खाकवट्टासून्ना' थिए, जस्तै आजका हाम्रा इतिहासकारहरू छन् । अलि-अलि टापल टोपल गरेर अंग्रेजी सिकेका हुन्छन् । संस्कृतको लेश मात्र पनि ज्ञान छैन । त्यस्ता इतिहासकार हुँ भन्नेहरूले आफ्नो इतिहासका मूल ग्रन्थहरू पढेकै हुँदैनन् । अनि अंग्रेजीमा लेखेको गोडेटो र घोडेटोमा पाइला राख्नु करै लाग्यो । यस परिस्थितिमा गलत नलेखे के लेख्छ त ? तर यहाँ यो भन्न खोजेको होइन कि संस्कृत जान्नेले मात्रै इतिहास जान्दछ । त्यस्ता संस्कृत जान्ने पोंगा पण्डितहरू कति छन् कति ! तिनीहरूलाई इतिहासको नाममा 'इ' पनि थाहा छैन । त्यसो हुँदा संस्कृत नजान्ने इतिहासकार र सीधा संस्कृत जान्ने पण्डित एउटै तराजुका ढक र पसेरी हुन् । यस परिस्थितिमा यिनीहरूबाट साँचो इतिहासको पत्ता लाग्नु सारै गाह्रो छ । फेरि स्वभाव पनि दुवैको एकै हो । संस्कृत-पण्डितले संस्कृत नै सर्वस्व हो भन्छ । उता संस्कृत नजान्ने इतिहासकारले संस्कृतमा केही पनि राखेको छैन, अंग्रेजी नै सर्वस्व हो भन्छ । यस परिस्थितिमा तेस्रो विवेकी र अध्ययनशील अध्यता नभई सही इतिहासको पत्ता लगाउन गाह्रो पर्छ । वस्तुतः कोरा संस्कृत पढ्नेले इतिहासको दृष्टिले संस्कृत पढेको हुँदैन । मान्नुहोस् । त्यसो हुँदा पण्डितजीलाई इतिहासको ज्ञान भएन । तर आफ्नो ग्रन्थको ज्ञान त धेरै नै हुन्छ । परन्तु जसले संस्कृत पढेको छैन, कारक, विभक्ति, क्रियापदसम्मको पनि ज्ञान छैन, अंग्रेजीको कुल मिलाएर दश वा बाह्रवटासम्म मात्रै पुस्तक हेरेर इतिहास लेख्छ भने त्यो इतिहासकारले हाम्रो राष्ट्र र समाजलाई केही दिन्छ कि हत्या गर्छ ? त्यो म विवेकी पाठकवृन्दमाथि नै छोड्छु । अंग्रेजीको समयमा लेखिएको इतिहासको ग्रन्थहरू यस्तै छन् । ती ग्रन्थहरूमा युक्ति छैन । प्रमाण पनि छैन । एउटा रिसर्चको नाम मात्र लिएर हिंडिराखेका हुन्छन् । ती इतिहासकारहरू हुन् वि० सं० १९४८ (१८६८)-मा कर्कपेट्रिक, वि० सं० १९३४ मा दानिल राइट, वि० सं० १९८५ मा पासिभल लण्डन, वि० सं० १९४३ मा सेसिल वेण्डाल, वि० सं० १९०५ मा सिलवल लेभी, टुचि,

---

[१] 'स्रष्टा', वर्ष ८, अंक २२।१९८७ मा छापिएको छ ।

नोली, भगवानलाल इन्द्रजीत आदिले नेपालका इतिहासबारे नालिबेली पैल्याउने प्रयास गरेका छन्। इतिहासकार बन्ने प्रयास गरे। यिनीहरू पनि सूर्यविक्रम ज्ञवाली, इतिहासशिरोमणि बाबुराम आचार्य, बालचन्द्र शर्मा, ढुण्डिराज भण्डारी, डी० आर० रेग्मी आदिले उक्त पाश्चात्य लेखकहरूका पछि लागेर लेख्ने प्रयास गरेका छन्। यस्तै प्रकारले भारतमा पनि मिस्टर मूर थियो। ग्रीफ्थ, ग्रियर्सन, ह्वीटेनी आदिले अनुवाद भाषाविज्ञानबारे भारतीय इतिहास पैल्याउने प्रयास गराएका छन्। यीमध्ये ग्रीफ्थचाहिं वैदिक संस्कृतका जानकार थिए। तर विद्वान् भन्न सकिन्न। यिनीहरूले पनि उही गलत इतिहास राख्ने चेष्टा गरेका छन्। यसरी जानी नजानी वा राजनीतिले प्रेरित भएर इतिहास बिगारेका छन्। फेरि यिनीहरूलाई नै गुरु बनाएर लेख्ने सुनीतिकुमार, बाबुराम, भोलानाथ, नेत्र, दासगुप्ता आदि पचासौं छन्, जो इतिहास र भाषाविज्ञानका इतिहास लेखेर भ्रमित पारेका छन्। परन्तु उपर्युक्त इतिहासकार र भाषाविज्ञानको इतिहासलाई हेरिसकेपछि हाम्रो प्राचीन इतिहासतिर गहन अध्ययन गरेर हेर्दा किरातहरू शुद्ध हिन्दू-आर्यक्षत्रिय हुन् भन्ने पत्ता लाग्छ। किरातहरू[1] ऋग्वेदकालदेखि नै रणकुशल थिए भन्ने प्रमाण पाइन्छ। बृहद्देवता ऋग्वेदको देवताग्रन्थ हो। यसमा किरात र आकुलि दुवैलाई 'द्विज' भनेर उल्लेख गरेको छ। यसमा स्पष्ट 'क्षत्रिय' नै उल्लेख भएको देखिन्छ। यस्तै श० ब्रा०[2] र पं० ब्रा०[3] मा पनि उल्लेख पाइन्छ। मनुले १२ क्षत्रियहरूको गणना गर्दा किरातहरूलाई क्षत्रिय भनेर लेखेका छन्। यी इतिहासका पानाहरूलाई हामीले ओझेल पार्न सक्तैनौं। अरू कसैको पनि ओझेल पार्ने ताकत छैन। यति मात्र होइन अपितु आजभन्दा पाँच हजार वर्षपूर्व किरातहरू भारतखण्डको चारैतिर फैलिएका थिए। किरातहरू आज जस्तै लुकेर बसेका थिएनन्। महान् उद्देश्यवाला किरातसम्राट्हरू थिए। तर पादरी इमानसिंह चेमजोङ्गले गौरवशाली किरातहरूलाई १८ शताब्दीको १० लिम्बू १७ थुमको गाउँले मुखियाहरूसँग जोड्नु पुगेको छ। इमानसिंहको यो कल्पना केटाकेटीको कल्पना जस्तो छ। त्यसो हुँदा इमानसिंहले पनि एकोहोरे किरातहरूलाई ठूलो भ्रममा पारेको छ। वस्तुतः इमानसिंह इतिहास लेख्ने अधिकारी नै थिएन। ई० पू० नेपाल काठमाण्डौ अधित्यकामा शासन गर्ने किरातहरू पनि क्षत्रिय नै थिए। ती किरातराजा-महाराजहरूले काठमाडौं र छेउ-छाउका दहचौक, थानकोट, मातातीर्थ, कीर्तिपुर, हाँडीगाउँ, जयवागीश्वरी, शङ्खमूल, गोदावरी, गोकर्ण र पटुकटोल आदिमा राजधानी बनाएर शासन गरेका थिए।

मेरो विचारमा काठमाण्डौ छाड्ने अन्तिम किरातराजा पटुकको दरवार भग्नावशेष छँदैछ। तर पुरातत्त्वले कानमा तेल हालेर सुतेको छ। हेरौं; कुनै बेला उक्सिएछ भने हेरौंला। तर किरातहरू आर्यावर्तीय हिन्दूक्षत्रिय हुन्। यसमा कुनै सन्देह छैन। मङ्गोलियनको गन्ध आउनु पागलपना मात्र हो। घ्याम्पा र सुँगुरको खोर किरातहरूको संस्कृति होइन। यो ई० सं० पछि लागेको दुर्व्यसन मात्र हो। नत्र यत्रो लामो इतिहासमा कतै त लेखिनुपर्ने हो; कहीं लेखिएको छैन। यही त आश्चर्यको कुरा छ।

यस्तै प्रकारले इतिहास पैल्याउँदा किरातहरूलाई जितेर शासन गर्ने लिच्छविहरू थिए भनेर इतिहासमा लेखिएका छन्। तर जरो पैल्याउँदा त्यसो होइन जस्तो लाग्छ। लिच्छविहरू पनि किरातै थिए। हार्नेहरूले आफूलाई किरात भनेर लेख्न थाले। लिच्छविहरू भारतमा वैशालीबाट नेपाल काठमाडौं

---

[1] ऋग्वेद भाष्य आदिमा (१०।५७।१) (१०।६०।१)

[2] श० ब्रा० २।५।१४।

[3] पं० ब्रा० १३।१२।५।

पसेर शासन गर्ने कुरा पनि झूट्टै छ, किनभने भारतबाट धर्मगुप्तले काठमाण्डौ पुगेर किरातराजा शंकुको राजधानीमा आगो लाउँदा 'विशालनगर' मा राजधानी थियो। यसको इतिहास हिमवत्खण्डमा प्रष्टै छ। किरातहरूमा नै आफू आफूमा फुट भयो। त्यसो हुँदा तात्कालिक शासक किरातलाई लिच्छविकिरातहरूले जितेर शासन गर्न थाले। आफ्नो नामको अगाडि पछाडि 'किरात' लेख्न छोडे। जस्तै—वर्तमान समयमा पनि राई-लिम्बूदेखि बाहेक मगर, गुरुङ्ग, नेवार, सुनार, तामाङ्ग, धिमाल, थारू, कोचे, मेचे, नागा, कुक्कि, गारो, कच्चिन आदिले आफूलाई किरात लेख्दैनन्। परन्तु यिनीहरू किरातै हुन्। भगदत्त, घटासुर, बभ्रूवान, घटोत्कच, बर्बरी आदिका सन्तान किरातै हुन्। किरातै थिए। किन्तु कैयौंले कैयौं कारणवश 'किरात' लेख्न छोडे। जस्तै—आजकल राईहरूले पनि 'राई' लेख्न कैयौंले छोडिसकेका छन्। त्यसै भएको हुनाले नेपालका र बाहिरका अधकल्चे इतिहासकारहरूले देवान र अठपरेहरूलाई 'राई' नै हुन् भनेका छन्। 'मेचीदेखि महाकाली' पहिलो भागमा 'देवान' 'राई' होइनन्, यी अलगै जाति हुन् भनेर लेख्ने साहस गरेका छन्। उनीहरूमा पनि केहीले 'हामी देवान हौं हामी अठपरे हौं 'राई' होइनौं' भन्न थालिसकेका छन्। तर त्यसो होइन; यी राई नै हुन्। वि० सं० १८७४ मा सरदार भीमदल राई देवान आदिलाई अंग्रेजहरूले दिएको प्रशस्तिपत्र आदिमा प्रष्ट 'भीमदल राई देवान', 'सुर्जीत राई अठपरे' लेखेको पाउँछौं। यस्तै लिम्बूहरूमा पनि लिम्बू लेख्ने चलन बन्द हुँदैछ। वीरबहादुर इङनाम, दलबहादुर भावो, खड्गबहादुर तुम्बाहाम्फे आदि मात्रै लेखिन्छ। मगरहरूमा पनि कुलवीर थापा, लालबहादुर थापा, श्यामसिंह बुढाथोकी आदि लेखिन्छ। यस्तै अरू कति छन्। तर यी किरातै हुन्। लिच्छवि त्यतिखेर एक थरका किरात थिए। शक र शाक्य पनि किरातै थिए। विश्वमा बुद्धधर्म फैलाउने गौतम बुद्ध पनि किरातपुत्रै थिए। यसै इतिहासलाई हेरेर प्रसिद्ध भाषाविद् सुनीतिकुमार च्याटर्जीले पनि बुद्ध किरातै हो भनेर लेखेको छ। परन्तु किरातहरू अनाथ होइनन्। भत्तुवा मङ्गोलियन त कुनै हालतमा हुनै सक्दैन। प्रकाशोन्मुख ग्रन्थमा पाउनुहुनेछ। अतः गुरुङ्ग, मगर, नेवार आदि किरातै थिए; किरातै हुन्। आर्य नै थिए; आर्य-हिन्दू नै हुन्। यसमा दुइ राय हुने ठाउँ छैन। निकट भविष्यको इतिहासले खुलस्त पार्नेछ। पानीमा चोटले भएको रेखा आफैं मेटिन्छ। बालुवामा कोरेको रेखा हावाले मिलाइदिन्छ। तर ढुंगामा कुँदेको रेखा र कुनै फप्ल्याटोमा कोरेको रेखा मेटाउने कसैको ताकत छैन। नभए खारवेलको अभिलेख, साँची स्तूपको अभिलेख, नागार्जुनीय कोङ्कोणको अभिलेख, काठमाण्डौ वसन्तपुर आदिका अभिलेख मेटिसक्नुपर्ने हो। अझ सिन्धुघाटी, दजला र नीलनदीको घाटी तथा सरस्वतीको घाटीहरूमा छरपस्टिएका लेखहरू पढ्नै सकेका छैनन्। साधारण जनतालाई ढाँट्नु अर्कै कुरा हो। सही साँचो इतिहास खोजेर राख्नु वस्तुसत्य हो। मेरो कलम चल्छ भन्दैमा कागजमा कोरेर आफ्नो तुच्छ स्वार्थका निम्ति समाज र राष्ट्रको हत्या गर्ने व्यक्ति विशेषको हत्या गर्नेभन्दा भयङ्कर ठूलो अक्षम्य हत्यारा हो। कैयौं इतिहासकारहरूले यस्तै अक्षम्य अपराध गरेका छन्। त्यसै भएको हुनाले लाखौंका हत्या भैराखेका छन्। हत्याराले गरेको हत्या एक अथवा हजार होला। तर कलमी दिमागले गरेको हत्या त पहिलो चोट हजार अनि लाख, त्यसपछि खाक हुन जान्छ। यस्ता कलमका अपराधी औंधि बढ्दैछन्। किरातहरूलाई मंगोलियन, अनार्य, भत्तुवा र मगर, गुरुंग, नेवार आदि किरात होइनन् भन्ने यस्तै अपराधी हुन्।

ठीक यस्तै प्रकारले आर्य र द्राविड संघर्षको इतिहास पनि राजनीतिको स्वार्थमा पाश्चात्य इतिहासकारहरूको कलमको अपराध हो। असलमा सम्पूर्ण आर्यावर्तीय इतिहास बिगार्ने षडयन्त्र १८ शताब्दीदेखि सुनियोजित रूपले हुन थालेको हो। पाश्चात्य इतिहासकारहरूले मध्यएशियाबाट आर्यहरू भारतमा पसे

भनेर लेखे । तर प्राचीन इतिहास वेदहरूमा उल्लेखै छैन । मार्टिमेर ह्वीलर, स्टुअर्ट, पिगर, कर्लल गार्डन आदिले सबैभन्दा पहिले मोहनजोडोरो, हडप्पा आदिका खनाइ गरेर रिसर्च (Research) अर्थात् खोज गरे । त्यसपछि मोहनजोडरो, हडप्पा आदि नगरहरूलाई शम्वरको खण्डहर बताए । तर ह्वीलर आदिले वेद त पढेकै थिएन । त्यसो हुँदा ढाँटेको पोल खुल्यो, किनभने शम्बरको[1] किल्ला र निवासस्थान पहाडी प्रदेश हो भन्ने उल्लेख ॠग्वेदमा प्रष्ट छ । पर्वतमा निवास गरी बस्ने वीर बहादुरको हत्या इन्द्रले गरे भनेको छ । यसमा सायणाचार्यले साह्रै राम्रो इतिहास राखेको छ । तर आर्यहरूको इतिहास नपढी मार्टिमेर ह्वीलरले उत्खनन गरे । त्यसपछि स्टुअर्ट पिगरले डङ्काको चोटमा ‘सिन्धुघाटीको सभ्यतामा एशिया माइनरका आर्यहरूका नेता इन्द्रले विजय पाए’ भनेर लेखे । यही नै द्रविड-संस्कृतिमाथि आर्य-संस्कृतिको आक्रमण थियो भनी झूटो प्रचार गरे । तर ह्वीलर र पिगरको रिपोर्ट (Report)-लाई विश्वप्रसिद्ध पुरातत्त्वविद् प० श्री डा० वी० श्रीवाकणकरजीले पढे । तब यिनीहरूको षडयन्त्रको पत्ता लाग्यो । झूठो कुरा कैलेसम्म टिक्छ र ? मार्टिमेर ह्वीलर र स्टुआर्ट पिगरको रिपोर्टलाई अमेरिकन विद्वान् ग्रेगोरी पोसेल आदिले पनि राम्ररी अध्ययन गरेर निष्कर्ष निकाले कि सिन्धु-सभ्यता आक्रमणले होइन अपितु बाढीले नष्ट भएको हो । ‘मेके’ नामक विद्वान्ले पनि रिपोर्टको पुन: अभ्यास गरे । त्यसपछि यसै सिद्धान्तमा पुगे कि सिन्धु-सभ्यता निश्चय नै आक्रमणले विध्वंस भएको होइन । यसरी पाश्चात्य विद्वान्हरूमा पनि वस्तुसत्यको अध्ययन गर्नेहरू पनि छन् । तर पहिले शुरूमा ह्वीलर र स्टुअर्ट पिगरले आर्य र द्राविड-सभ्यतासम्बन्धी युद्धमा निर्दोष जनता मारिए भन्ने दुष्प्रचार गरे ।

परन्तु मोहन जोदडो, हडप्पा, लर्काना आदिका सभ्यता शुद्ध वैदिक सभ्यता हो । यसमा सन्देह छैन । यस्ता दुष्प्रचारको ‘भण्डाफोड’ हुँदैछ । अब रह्यो आर्य र द्राविड एकै हुन कि अलग-अलग हुन् भन्ने प्रश्न; यसको उत्तरमा समग्र भारत-प्रख्यात नैयायिक, धुरन्धर पण्डितराज राजेश्वर शास्त्री द्राविडको सामुमा १९६६ मा काशी हिन्दू विश्वविद्यालय र विद्यापीठको वरिष्ठ इतिहासवेत्ता विद्वान्हरू द्राविडजीसँग आर्य-द्राविड सम्बन्धमा सोध्नु आएका थिए । त्यतिखेर कलमी पनि त्यहीं उपस्थित थियो । द्राविडजीले उत्तर दिनुभयो ‘मैं द्राविड ब्राह्मण हूँ और आर्य हूँ । इस पर द्राविड और है आर्य और कहने का साहस किसका है ?’ भनेर प्रश्न गर्नुभयो । त्यसपछि भन्नुभयो, ‘पाश्चात्यों ने गलत अफवाह फैला दिया है । यह इतिहास नहीं है । हमारे इतिहास में दश ब्राह्मण[2] होते हैं । पाँच द्राविड और पाँच गौड़ कुल मिलाकर दश ब्राह्मण होते हैं । उनमें भेद उपभेद भी हैं । ये सब द्राविड ब्राह्मण आर्यावर्तके निवासी हैं ।’ यसरी द्राविडजीले धेरै प्रमाणहरू दिएर सम्झाएपछि प्रोफेसरहरू सन्तोषपूर्वक गए । साँचो कुरा यो छ कि जान्नेहरूको सामुमा उनीहरू जाँदैनन् । सीधा-साधा, निमुखाहरूलाई भनेर सम्झाउँछन् । आफूले लेखेको भ्रमात्मक किताबहरू पढ्न दिएर झूठो इतिहासको संस्कार बसाउने काम गर्छन् । अत: नीरक्षीर विवेकीहरूले पाएसम्म मूल पढेर रिसर्च गरेर वस्तुसत्यलाई मात्र राख्नुपर्छ । त्यसो हुँदा निश्चय नै भन्न सकिन्छ कि सिन्धुघाटीको लडाइँ आर्य र द्राविडको लडाइँ होइन; झूठो प्रचार मात्र हो । आर्यहरू एशिया माइनरबाट आएका होइनन् । किरातहरू मङ्गोलियन अनार्य पनि होइनन् । शुद्ध आर्य-हिन्दूक्षत्रिय हुन् । प्राचीन इतिहासमा

---

[1] य: शम्वरं पर्वतेपु क्षियन्तम् (ॠ० २।१२।११)

[2] ‘पञ्च द्राविडा: पञ्च गौडा: दश ब्राह्मणा: परिगण्यन्ते’
नैयायिक धुरन्धर राजेश्वर शास्त्री रामघाट, वाराणसी

किरातहरूलाई टुप्पी राख्ने, जनै लगाउने भनेर लेखेका छन्। त्यसलाई मेटाउने कसैको ताकत छैन। यसरी किरातहरू आफ्नै मातृभूमि आर्यावर्तमा अनादिकालदेखि बसोबास गरी आइराखेका छन्।

आजभन्दा पाँच हजार वर्षसम्म पनि किरातहरूले अनूपद्वीप, राजस्थान, मध्यप्रदेश, काशी, हिमाचल प्रदेश, काश्मीर, केराल, अरब, नेपाल, बिहार, सिक्किम, आसाम, त्रिपुरा, चीन, बर्मा, आराकान, काम्बोज आदिमा फैलिएर बसेका थिए। त्यतिखेर किरातहरू राजा, महाराज, सम्राट्, ऋषिमुनि, पण्डित, विद्वान्, वैज्ञानिक, राजदूत, डाक्टर, इञ्जिनीयर, सिआइडी, भान्से, नोकर, गुप्तचर भएर बसेका थिए। निर्व्यसन पनि थिए।

किरातसम्राट् जालन्धर र राजा कुणिन्दका राजधानी आजको हिमाचल र जम्मू कश्मीरमा पर्थ्यो। किरातराज सुमना युधिष्ठिरको यज्ञमा शामिल हुन आएका थिए। किरातसम्राट् भगदत्तले प्राग्ज्योतिषपुर (आजको गौहाटी)-बाट भाग लिन आएका थिए। किरातहरू समुद्रतटमा पनि बसेका थिए। यसरी किरातहरू सर्वत्र क्षत्रिय नै भएको देखिन्छ। पाश्चात्य र उनैका अन्धभक्त इतिहासकारहरूले जे लेखून् तर किरातहरू क्षत्रिय हुन्। यसमा सन्देह छैन। अब रह्यो खान-पानको दुर्व्यसन; त्यो पछि सरेको हो। महाभारतकालमा यदुवंशीहरूमा थियो। त्यसको उल्लेख प्राचीन इतिहासमा प्रष्ट छ। यदुवंशीहरूको नाश पनि जाँड र रक्सीले नै भएको हो। यसको पनि उल्लेख प्रष्टै छ। तर किरातहरूचाहिं जाँड रक्सीमा लटपटिएको इतिहास अझसम्म पाइएको छैन। त्यसैले हामी भन्न सक्छौं यो जाँड रक्सीको रोग धेरै नै पछि अर्थात् ईसाको पनि धेरैपछि किरातहरूमा सरेको हो। त्यसो हुँदा जाँड रक्सी नभै पितृ नमान्नेहरूसँग सोध्न सकिन्छ कि जब यो रोग किरातहरूमा सरेकै थिएन भने त्यतिखेर पनि कुल पितृ थिए होलान्, त्यतिखेर कसरी माने त? वस्तुतः यो बुद्धिगम्य कुरा होइन। पितृले होइन अपितु जिब्रोले नमानेको मात्र हो भन्नु सकिन्छ। त्यसैले बुद्धि र आर्थिक स्थितिको हत्या भइराखेको छ। अब अर्को इतिहास बुच्चा र भुनीको रह्यो।

अब अर्जुन र किरातेश्वरको युद्ध सुँगुरको शिकारबारे भएको थियो भन्ने किम्वदन्ती किम्वदन्ती नभई इतिहास रहेछ भन्ने स्पष्ट भैसक्यो। किनकि त्यो सुँगुर रूप धारण गरेर आएको अर्जुनको तप भङ्ग गर्ने 'मूक' नामक दानव थियो। त्यसैले सही इतिहास यो हो कि अर्जुन सुँगुर खाँदैन थिए। भगवान् किरातेश्वर महादेव साक्षात् भगवान् हुन्। भगवान्ले सुँगुर खाने कुरै गलत छ। यस परिस्थितिमा किरातेश्वरले या किरातहरूले खाएको प्रसंग पनि गलत छ।

किरातहरूले सुँगुर नपाली हुँदै हुँदैन भन्ने इतिहास पनि लिंडेढिपी मात्रै हो। सुँगुर पाल्नेबारेमा
पनि हामीले अर्थशास्त्रीय विचार-विमर्श राम्ररी गरेका छौं। परन्तु सुँगुरपालनबाट पनि अर्थशास्त्रले भने-
अनुसार लाभ देखिएन। टोक्दा स्वाद लिनुबाहेक कुनै फाइदा देखिएन। किरातहरूले सुँगुर खाँदैन थिए।
बरु किरातहरूले मृग मारेर खाएको उल्लेख निक्कै ठाउँमा पाइन्छ। काँचै माछा खाएको उल्लेख पनि छ।
वाल्मीकिरामायणमा त 'किरातहरूले मान्छे पनि खान्थे' भनेर लेखेको छ। 'पुरुषादकाः' भन्ने शब्दै छ।
तर यसको अर्थ व्याकरण नजान्नेहरूले चाहिं 'मान्छे खाने' नै अर्थ लगाउनेछ। व्याकरण जान्ने विद्वान्-
हरूले चाहिं 'पुरुषादकाः' शब्दको अर्थ अत्यन्त बलशाली शत्रुहरूलाई दबाउने किरातवीरहरू थिए भन्ने अर्थ
हुन्छ। यसरी किरातहरूको स्वर्णिम युगको इतिहास पल्टाउँदा कति आनन्द आउँछ भने वर्णन गरी साध्य
छैन। प्राचीन इतिहासमा किरातहरूको इतिहास कतै केही होचिएको छ भने रामायण र महाभारत आदि

जस्ता प्राचीन इतिहासमा किरात-इतिहास स्वर्णाक्षरमा लेखिएको छ । त्यसो हुँदा १८ शताब्दीदेखि लेखिन थालेका किरात-इतिहासको हत्या गर्न लेखिएको हो ।

के किरातहरू मंगोलियन हुन् ?

वस्तुतः सबभन्दा पहिले पाश्चात्य विद्वान् र इतिहासकारहरूले नेपालको इतिहासलाई बङ्ग्याएर प्रस्तुत गर्ने चेष्टा गरे । यहाँ हामीले पाश्चात्य विद्वान्हरूलाई देख्न नसकेको होइन । उनीहरूले खोजी गरेर हाम्रो सामु प्रस्तुत गरेका सत्य र वास्तविक कुरा स्तुत्य छन् । तर कतिपय ठाउँमा अधकल्चो अड्कलमा इतिहास लेखी विभाजन र विवादको भड्खालो र पहाड उभ्याइदिएका पनि छन् । उनीहरूले व्याख्या गरेका कुरा सत्य र असत्य के हो ? भनी पारख गर्न सक्ने क्षमता नभईकन उनीहरूले जे भने त्यही सत्य भनी हाम्रा प्राचीन इतिहासले बनाएका कुराचाहिं असत्य भन्ने जस्ता विपरीत बुद्धि समाजमा जसरी वृद्धि हुँदैछ, त्यसलाई समयमा नै निरूपण नगर्ने हो भने राष्ट्रियतामाथि नै खतरा आइलाग्ने कुरामा शंका छैन । यहाँ सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने हाम्रो आफ्नो अस्तित्व[1]लाई सदा अक्षुण्य राखी धर्म-संस्कृतिको संरक्षण एवं सम्वर्द्धन तथा वास्तविक सन्तुलित विकास गरी राष्ट्रको गौरवलाई युगौंयुगसम्म कायम गराउने वातावरण सृजना गराउने हो भने हाम्रो आफ्नो परिवेश, संस्कृति-अनुकूलको शिक्षा हुनु अत्यन्त आवश्यक छ । आफ्नोपनलाई बिर्सेर राष्ट्रोत्थान सम्भव छैन । तर दुर्भाग्यको कुरा अहिलेको नेपालको शिक्षा न यता न उताको देखिन्छ । यस्तो किसिमको शिक्षा रहेमा व्यक्ति, समाज र राष्ट्रको कुनै पनि हालतमा उन्नति हुनेछैन । बरु अवनति प्रशस्त न्यहोर्नुपर्नेछ । मुख्यतः संस्कृत भाषा हाम्रो जननी हो । अरू त के कुरा; नेपाली, नेवारी, मैथिली, किरात आदि भाषाहरूको अध्ययन संस्कृत भाषाको अध्ययनविना हुन सक्तैन ।

हाम्रो धर्म-संस्कृतिका विविध पक्षहरूको ज्ञान संस्कृतको अध्ययनविना असम्भव छ । आजभोलि संस्कृतलाई पुरानो र मृत भाषासमेत भनेर अपहेलना गर्ने पाखण्डीहरू देखिन थालेका छन् । तर त्यो नबुझ्ने, नजान्ने र नपढेका व्यक्तिहरूको संकीर्ण विचारधारा मात्र हो । संस्कृत जत्तिको सम्पन्न र समृद्ध र वैज्ञानिक भाषा संसारमा अर्को छैन । यस कुरालाई पाश्चात्य अन्वेषकहरूले पनि स्वीकारेका छन् । पुष्टि गरेका छन् । संस्कृतसाहित्यभित्र के छैन ? कृषि, वनस्पति, औषधि, भाषा, शब्द, संगीत, धर्म, कला, विज्ञान आदि समाजलाई आवश्यक पर्ने सम्पूर्ण कुराहरू त्यसभित्र विशाल भण्डारको रूपमा समाविष्ट छन् । बुझ्न पचाउनु, नबुझ्नु, नजान्नु त्यो अर्कै कुरा हो । प्रस्तुत लेखमा संक्षेपमा किरातबारे चर्चा गर्ने जमर्को गरिएकोले अब विषयवस्तुतिर नै फर्किऔं ।

हाम्रो प्राचीन इतिहासलाई मनन गर्ने हो भने हाम्रा कुनै पनि प्राचीन ग्रन्थहरूमा न त कुनै आर्यहरू एशिया माइनरबाट आएको देखिन्छन्, न त कुनै किरात मंगोलियाबाट आएको नै प्रमाण पाइन्छ । सबैभन्दा आश्चर्यको कुरा त आर्य र किरात कुनै अलग अलग जात नै होइन । किरात शुद्ध आर्यहरू हुन् । आर्यको अर्को पर्यायवाची शब्द हिन्दू हो । आर्य शब्दको अर्थ महान् तथा श्रेष्ठ भन्ने हुन्छ । यसलाई ऋग्वेदमा 'कृण्वन्तो विश्व मार्यम्' भन्ने उल्लेख गरेको पाइन्छ, जसको अर्थ हुन्छ सबैलाई श्रेष्ठ बनाउँदै जाओ । आर्यावर्तमा नै आर्यहरूको जन्म भएको हो भन्ने कुराको प्रमाण हाम्रा प्राचीन इतिहास ऋग्वेद, यजुर्वेद,

---

[1] यौवन, वर्ष,६ अङ्क ३।४, २०४१ साल

सामवेद, अथर्ववेद, रामायण, महाभारत, तन्त्र, पुराण आदिहरूमा प्रष्टिएका छन्। यदि उनीहरू कतै बाहिरबाट आर्यावर्तमा आई बसाइँ सरेका भए त्यसको छाप वा प्रभाव तिनीहरूको इतिहासमा पाउनुपर्ने; संस्कृतसाहित्यको विशाल भण्डारमा कहीं एक शब्द उल्लेखसम्म छैन। बरु आर्यावर्तबाट बाहिर गएको उल्लेख यत्र तत्र पाइन्छ भन्दा कटु लाग्न सक्छ। तर सत्य कुरा के हो भने आर्यहरू एशिया माइनरबाट आएका र किरातहरू मंगोलियाबाट आएका भन्ने कुराहरू अंग्रेजहरूले हिन्दू-एकत्व, सद्भाव र भ्रातृत्वलाई विभाजन गर्न गरेको षडयन्त्र हो। आफ्नो राजनैतिक स्वार्थलाई सिद्ध गराउन गरेको कपटी चाल हो। त्यसैलाई सत्य मानेर आज पनि स्वदेशका इतिहासकार भनाउँदाहरू लागेर नयाँ पीढीलाई समेत फुट पार्ने पाठ पढाउँदैछन्, जसले गर्दा 'तँ आर्य म मंगोल' भन्ने भावना व्याप्तएर राष्ट्रलाई टुक्रा-टुक्रामा खण्डित गर्ने भावना बढ्दैछ। पाठ्यक्रममा तिनै असत्य कुराहरूलाई नजानी, नबुझी राखिएको छ। कलिलो मस्तिष्कमा नै उसलाई भगुवा, भतुवा र गाँसे हो भन्ने पारिँदैछ। जहाँ आर्यहरू बाहिरबाट आउने कुरा झूठा भयो, त्यहीं किरातहरू मंगोलियाबाट आउने कुरा पनि झूठो ठहर्छ। हाम्रा प्राचीन इतिहासहरूमा किरातहरूको मनग्य उल्लेख पाइन्छ। वायुपुराणमा किरातहरूलाई क्षत्रिय[1] भनेको छ।

यसरी त्यहाँ किरातहरूलाई उपनिवेशवादी क्षत्रियहरू भन्दै त्यसभन्दा अगाडि त्यतिखेरका किरातहरूका जाति[2] पनि बताएका छन्। मनुस्मृतिमा[3] किरात, दरद, खस आदि क्षत्रिय हुन् भनेर बताएका छन्। विद्वान्, ब्राह्मणहरूको संगत नहुँदा वृषल (आफ्नू धर्म, कर्म त्याग गर्ने) बनेका हुन्। पहिले-पहिले उनीहरूका क्षत्रियगत संस्कारहरू हुन्थे। आज पनि किरातका कतिपय वर्गहरूमा टुप्पी राख्ने चलन छ। पूजा-आजा गर्दा आ-आफ्नो भाषामा देवी-देवताको नाम राखे पनि हिन्दूधर्मकै विष्णु, शिव, देवी आदिको आराधना गर्छन्। पाश्चात्य विद्वान्हरूले भने जस्तो तिनीहरू मंगोलियाबाट आएका भए प्राचीन संस्कृत वाङ्मयमा आएको मूल थलोको कतै न कतै उल्लेख हुनुपर्ने। आफ्नो पूर्व-इतिहासको जानकारी राख्नु र गर्नु मानवीय स्वभाव हो। तर त्यस्तो उल्लेख कहीं पनि नपाइने हुनाले सत्य कुरालाई बिर्सेर असत्य कुरालाई अंगालो मार्न पुगेका छन्।

किरातहरूको भाषाको सम्बन्धमा पनि पाश्चात्य एवं तिनीहरूको पछौटेहरूले पर्याप्त मात्रामा भ्रम फैलाइदिएका छन्। किरात र आर्यहरूको बारेमा सत्य कुरा बुझ्न मनग्य संस्कृत-वाङ्मयको भण्डारको अध्ययन, खोज एवं अनुसन्धान गर्नु अपरिहार्य छ। तिनीहरूको अध्ययन नगरीकन पाश्चात्य विद्वान् एवं इतिहासकारहरूको पछि दौडनु खोजे जस्तो मात्र हुन्छ। तर विडम्बना नेपालमा मातृभाषाको रूपमा शताब्दियौंसम्म व्यवहृत भएको संस्कृत भाषा आज यहीं त्याज्य जस्तो भएर त्यसको जति अध्ययन, अनुसन्धान हुनुपर्थ्यो, नभएर पाश्चात्य विद्वान्हरूले केही वर्षको अध्ययनमा पाएको ज्ञानको आधारमा स्वार्थवश गरेका अनुवाद र टीकाको आधारमा अध्ययन गर्नुपर्ने स्थिति छ। तथापि हाम्रो गौरव, अस्तित्व र संस्कृतिलाई बताउने भाषा मर्दैन। संस्कृत भाषामा लेखिएका साहित्यहरूको अपार भण्डार नेपालमा छ। तर अध्ययन मनन गर्ने गराउने वातावरण नभएकोले गल्लीका कसिंगरसरह यिनीहरू मिल्किएका छन्। हिन्दूराष्ट्र नेपालको लागि योभन्दा दुर्भाग्य के हुन सक्छ ?

---

[1] 'क्षत्रियोपनिवेशाश्च' आदि—वायुपुराण (वा० पु० उ० पा० ४५)

[2] अपगाश्चालिमद्राश्च किरातानाश्च जातयः

[3] मनुस्मृति–१०।४३,४४।

केही पाश्चात्यहरूको मतमा किरातहरूको भाषा मंगोलियन, चीनिया, तिब्बती र बर्मिज आदिको भाषासँग धेरै सामञ्जस्य राख्छ भन्ने छ। तर तिनीहरूको भनाइ युक्तियुक्त छैन। सत्य कुराचाहिं बरु के हो भने विश्वका प्रायः सबैजसो भाषामा संस्कृतलाई माउ वा मूल मानेर बाँडिएको देखिन्छ। त्यसो भएको हुनाले मङ्गोलिया, चीन, रूस आदि देशका भाषामा समेत ५० देखि ७० प्रतिशत संस्कृतकै तत्सम, तद्भव र अपभ्रंश रूपमा देखिन्छन्। अहिलेको युगमा अध्ययन, अनुसन्धान बडो खर्चिलो बन्यो। विकसित र सम्पन्न देशका व्यक्तिहरूको लागि यो पेवा बनिदिनाले असत्य कुराहरूको भरमार प्रचार भएको छ। किनभने उनीहरूलाई आर्थिक कठिनाइ छैन। पैसाको खोलो बगेको हुन्छ। पुस्तक जति भन्यो त्यति प्रकाशित गर्न सक्छन्। सम्वन्धित विद्वान्ले उसको देशको विविध पक्षको बारेमा लेखेको सत्य होला तर केही महिना वा वर्षको अध्ययनले अर्को देशको भाषा, संस्कृति आदि विषयमा लेखेको कुराहरू शतप्रतिशत सत्य हुन सक्छ भन्नु गलत हुन्छ। अहिले यहाँ यस्तै भएको छ। पाश्चात्य प्रभावले समाजको हर अंगलाई ढपक्क ढाकेको छ। यो कुराको अनुभूति राष्ट्राभिमानी सम्पूर्ण नेपालीलाई भएको हुन सक्छ। व्यक्त गर्न नसक्नु अर्कै कुरा हो।

किरात भाषामा संस्कृतकै तत्सम, तद्भव र अपभ्रंश भई बनेका शब्दहरू दैनन्दिनी व्यवहारमा चलेका छन्। किरात भन्नाले यहाँ राई, लिम्बू, मगर, गुरुङ्ग, नेवार आदिलाई लिइएको छ। भाषा-सादृश्यका केही उदाहरणहरू तल प्रस्तुत छन्।

संस्कृत	**लिम्बू**	**नेपाली**
इत्थम	इल्ले	यही
अर्वन	ओम	घोडा
ओम	अमोत्मा	हस (ठीक ?)
मनुष्य	मना	मानिस

संस्कृत	**राई (चाम्लिङ्ग)**	**नेपाली**
मनुष्य	मिना	मानिस
तत्र	त्योदा	त्यहाँ
अत्र	ओदा	यहाँ
वारि	वा	पानी
साम	छाम	गीत
इरा	आराखा	रक्सी

संस्कृत	**नेवारी**	**नेपाली**
अन्तर	अत्तल	अन्तर (फरक)
क्षति	खति	नाश

संस्कृत	**नेवारी**	**नेपाली**
खड्ग	खन	खड्ग
खटवाङ्ग	खाटा	खटवाङ्ग
श्मसान	मसा	मसान

संस्कृत	**राई (वान्तवा)**	**नेपाली**
मा	मान या मा	होइन
वारि	चावा	पानी
देव	देवा	ठूला वा
मनुष्य	मुना	मानिस

संक्षेपमा उदाहरणको रूपमा प्रस्तुत गरिएका उपर्युक्त उल्लेखहरूबाट विवेकशील भाषावैज्ञानिकहरूले किरात भाषा चीनियाँ, बर्मिज आदि भोट-बर्मेली भाषाबाट जन्मेका होइनन् भन्ने भनेको देखिन्छ। अतः भाषाको प्रयोगबाट समेत किरातहरू मंगोलियन होइनन्, शुद्ध आर्यहरू हुन् भन्ने निश्चित छ। किरातहरूको इष्टदेव, पूजापद्धति, जन्मिदा र मर्दा गर्ने क्रियाकलाप, भाषा, स्वरूप आदि कुराहरूबाट यिनीहरू हिन्दू-आर्य र क्षत्रिय भएको विदित हुन्छ। पछिल्ला कालहरूमा पनि उनीहरू त्यही रूपमा परिचित थिए। तर अठारौं शताब्दीपश्चात् अंग्रेजहरूले हाम्रा मान्यता, चलन आदिमा कुठाराघात गरी अतिक्रमण गर्दै गएका हुनाले परम्परा बिर्सिदै जानाले मात्र भ्रम फैलिएको हो भन्ने कुरा बुझ्नु नितान्त आवश्यक छ। बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाह, श्री ५ रणबहादुर शाह आदि राजाहरूले किरातसुब्बाहरूलाई गरिदिएको लालमोहरहरूमा किरातसुब्वाहरूलाई हिन्दूपति भन्दै 'राजभार समर्थ' भनेर पत्र-व्यवहार गरेको पाउँछौं। गोर्खाली सेनामा किरातहरूको महत्त्वपूर्ण हात थियो र छँदैछ। उनीहरूको इतिहास वेददेखि नै पाइन्छ। यदि पछि कतैबाट आएका भए किरातहरूको सम्बन्धमा वेदमा नलेखिनुपर्ने कि त कतै बाहिरबाट आएको भनी उल्लेख हुनुपर्ने, तर त्यस्तो छैन। अर्को कुरा तीन हजार वर्षपहिले मंगोलिया थिएन भन्ने कुरा आजसम्मको खोजबाट विद्वान्हरूले पत्ता लगाएका छन्। आफूलाई मंगोलियन भनी लेख्ने व्यक्तिमा चीनका प्रसिद्ध बादशाह कुबलया खाँको बाजे चंगेज खाँ हो। मंगोलियामा 'खाँ' हरू रहन्थे कि रहँदैन थिए, त्यो पनि भाषा-वैज्ञानिकहरूले खोजी गर्नुपर्ने विषय हो।

अझ नेपालको इतिहासमा त उनीहरूले प्रयोग गर्ने गरेका शब्दहरूसमेत लिच्छविकालका शिलालेखहरूमा प्रशस्त पाइएका छन्। अड्डा अदालतका नामहरू, प्रशासनिक निकायका नाम, पोखरी, डाँडो आदिका नामहरूसमेत किरातबोली-परिवारकै छन्। लामो समयसम्म किरातराजाहरूले शासन गरेको कुरा वंशावलीहरूले बताउँछ।

संक्षिप्तमा किरातहरू कतै बाहिरबाट आएका नभै यहींका मूल निवासीहरू हुन्। नेपालको धर्म, संस्कृतिका विभिन्न पक्षहरूमा उनीहरूको अमिट छाप छ। उनीहरूको इतिहास जान्न संस्कृत-वाङ्मयको गहन अध्ययन मनन आवश्यक छ। कसैले स्वार्थवश नेपाल र नेपाली खण्डित तुल्याउन गरेका दुष्प्रयासहरूलाई सत्य ठानेर प्रोत्साहन गर्नु हुँदैन। सत्य सधैं सत्य हुन्छ। हामीले हाम्रो अमूल्य प्राचीन साहित्यिक सम्पदाहरूलाई बुझ्ने र बुझ्न सक्ने कर्णधारहरू समयमा नै तयार पार्ने वातावरण नबनाउने हो भने हाम्रो धर्म, संस्कृति र राष्ट्रियता नै संकटमा परेको समय देख्न टाढा जानुपर्दैन।

मङ्गोल नाम कसरी पऱ्यो ?

मान्छे एक तुच्छ स्वार्थमा फतफताइराखेको हुन्छ। अपच सोंचाइको भुङ्ग्रोमा भतभताइराखेको हुन्छ। त्यो कुरा त्यसले बुझ्नेकै हुँदैन। त्यसको इतिहास त्यसले पढेकै हुँदैन। तर लहैलहैमा लागेर आफ्नो बुद्धिलाई

बिगारिराखेको हुन्छ। यस्ता पागल र अधवेसराहरूको कमी छैन। त्यसैले किरातहरूलाई किरातदेखि 'मङ्गोल' माने मुसलमान बनाउने जालसाँदि गरेको देखिन्छ। वस्तुस्थितिमा किरातहरू शुद्ध हिन्दू-आर्य-किरातक्षत्रिय हुन् भनेर सप्रमाण मैले लेखिसकेकै छु। यहाँ त केवल मङ्गोल नाम कसरी पर्न गयो ? यसैको सानो, छोटो र मीठो विवेचना गर्न थालिएको हो।

वर्तमान समयमा 'मङ्गोल' एक अलग्गै बौद्धराष्ट्रको रूपमा चिनिन्छ। यो आजको मंगोल आजभन्दा झण्डै दुइ हजार वर्षपूर्वदेखि वि० सं० १३ शताब्दीसम्म गोभीको मरुभूमि र बैकाल झीलको साम्राज्य थियो। बिस्तारै 'बैकाल' झील सुक्दै गयो। यो झील झण्डै हजार मीलको एरियामा फैलिएको थियो। मरुभूमि त थिंदै थियो। रूसदेखि पूर्व-उत्तर र केही अग्निकोणको भू-भागमा पर्छ भने चीनको सीधा पश्चिम-उत्तर आदि दिशामा पर्ने यो 'मंगोल'[१] ऐले बहुचर्चित राष्ट्रहरूमा पर्छ। विश्वप्रसिद्ध सहारा, साईबेरिया आदिका मरुभूमि जस्तै हिमालय क्षेत्रमा पर्ने गोभीको मरुभूमि हो। अधिक शीत=जाडो हुने भएको हुनाले पनि यस मरुभूमिमा मान्छे जान सक्दैन थिए। केही रूस, केही चीन तथा केही भारतका बौद्ध-योगीहरू र भेडा, बाखा, घोडा, खच्चडवालाहरू गर्मीको समयमा केही महिना बिताउन जाने गर्थे। विशेष गरेर ८ शताब्दीदेखि दुःखसुख गर्दै मान्छे जान आउन थाले। यसरी १० शताब्दीसम्मम ।गोठालाहरूको कविला अर्थात् बथान मात्र हुन्थे।

यसरी बढ्दै जाँदा अरब देशबाट मुगलवंशी चंगेज खाँ (खान) आजको मंगोलियाको राजधानी उर्गा-उलनबाटरमा पुगे। चंगेज खाँ बुद्धिमान् शासक बन्न पुगे। चंगेज खाँभन्दा पहिले १७ थुमको लिम्बू सुब्बा र राई पगरी जस्तै कबिलाका मुखिया हुन्थे। कबिलाका मुखियाले राजा शासक हुँ भन्थे। तर चंगेज खाँ जस्ता प्रतापी शासक ऊभन्दा पूर्व हुन सकेनन्। तर मुगलवंशका सम्राट् चंगेज खाँ एकफेर विश्वमा प्रसिद्ध भए।

यिनै चंगेज खाँले मुगलवंशका हुनाले आफूलाई 'मंगोल' लेख्न थालेका थिए। समयसमयमा 'म मंगोल हुँ' भनेर जुँगामा ताउ दिन्थे। अर्थात् 'म मुगलवंशमा जन्मेको वीर हुँ' भनेर धम्की दिन्थे। चंगेज खाँपछि उसैको नाति कुबले खाँले पनि आफ्नो बाजेको जस्तै आफूलाई मंगोल भन्न र लेख्न थाले। यहींदेखि मंगोल शब्द प्रचलित भएको हो भन्ने कुरा इतिहासकारहरूले[२] लेखेका छन्। यी दुइ मुगलशासकहरूबाट विश्वमा मंगोल शब्दको प्रचार भएको बताउँछन्। कान्तिलालजीले 'मंगोलिया' आफ्नो यात्रा-संस्मरणमा 'मंगोल' शब्दमा पनि निक्कै भाषाविज्ञानसम्बन्धी व्यायाम गर्नुभएको देखिन्छ। वस्तुतः उचित पनि देखिन्छ। मूल तत्सम मुगलबाट 'मोगोल' भयो। त्यो पनि उच्चारण-भेदले 'मंगोल' हुन पुग्यो। आज मंगोल शब्द अत्यन्त प्रचलित भएको छ। परन्तु मंगोल शब्द 'मुगल' बाटै बनेको हो। 'मुगल' मुसलमानहरूमा एक शाखाको नाम हो।

---

१. 'A Short History of Mongolia', (by Laypong Gimose, P. 141)

२. 'मङ्गोलके इतिहास' लेखक श्यामज्योति (पृ० नं० २१७)

(क) 'आधुनिक मङ्गोलके इतिहास' अनन्तलाल (पृ० नं० १११)

(ख) 'मङ्गोलमें बौद्धधर्म' तान बोसे (पृ० नं० १७)

अब यहाँ विचारणीय कुरा यो छ कि केही इतिहासकारहरूले नबुझीकन किरातहरूलाई ‘मंगोलियन’ भनेर लेख्ने भूल गरेका छन्। त्यसै भूललाई केही किरातहरूले दोहोर्‍याउने गरेको पनि देखिन्छ। साथै भन्ने र लेख्ने पनि गरेका छन्। किरातहरूको अनुहार मंगोलियनहरूसँग मिल्ने भएको हुनाले किरात मंगोलियन हो भन्छन्। त्यसो हो भने त असली मंगोल मुसलमान भएको हुनाले किरातहरूको अनुहार मुसलमान जस्तो हुनुपर्छ। तर मुसलमानको जस्तो देखिंदैन किन ? मंगोल त चांगेज खाँ र कुवले खाँ नै हो, जसले आफूलाई मंगोल घोषित गरे। देशको नाम त जो बहादुर शासक हुन्थे उसैको नामबाट चल्छ। त्यसलाई बदलने उस्तै हिकमत भएको साहसी बहादुर आए मात्र बदलन सक्छ। त्यसैले चंगेज खाँले आफ्नो वंश-परम्पराको आधारमा देशको नाम नै मंगोल राखेर छोडे। उसको खानदान आज पनि उ जस्तै छन्। अब त इतिहासको पानाहरूमा चंगेज खाँ र कुवले खाँको फोटोसमेत देखिन थाले। यहाँसम्म कि टी० वी० मा पनि चंगेज खाँ र उसको आमा, नोकरानी, एक युवति आदिको फोटो हेर्न पाएका छौं। ती अनुहार, पोषाक आदिले उनीहरूलाई मुगोल होइन भन्न सकिंदैन। मुगलै हुन्। त्यसो भए किरातहरूका अनुहार अर्थात् फेस त मुगोल मुसलमानहरूको जस्तो हुनुपर्छ। तर किरातहरूको अनुहार मुगोलहरूको जस्तो नहुनाले पनि किरातहरू मंगोल होइनन्।

मङ्गोल शब्द मुसलमानले चलाएका हुन्

भारतमा मङ्गोलसम्राट् चंगेज खाँले सन् १२२२ मा सर्वप्रथम प्रवेश गरे। त्यतिखेर दिल्लीमा गुलाम (दास)-वंशको शासन थियो। यसरी नै चंगेज खाँका नाति मंगू खाँले पनि आक्रमण गर्‍यो। नासिरुद्दीन र बलवनको शासनकालमा पनि भारतमा आक्रमण भयो। १२७९ ई० मा मङ्गोलहरूले फेरि आक्रमण गरे। त्यसको प्रतीकार मुलतानको मुहम्मद र समानाबाट बुखारा खाँ तथा दिल्लीबाट मुवारक वक्तियार यी तीनैका शक्तिले मङ्गोलियनहरूलाई पश्चिमी पञ्जाबदेखि वाहिर भगाए। तर १२८५ ई० मा तैमूर खाँको नेतृत्वमा फेरि लाहोरमाथि आक्रमण भयो। त्यसको मुकावला शाहजादा मुहम्मदले गरे। तर फरवरी १२८६ ई० मा उनले वीरगति प्राप्त गरे। यसरी गुलामवंशले मंगोलहरूमाथि शासन लगाएका थिए।

तर यति मात्रै होइन अपितु खिल्जीवंशमा पनि मंगोल समस्या पर्‍यो। जलालउद्दीन खिल्जीको १२९२ ई० को शासनकालमा पनि मङ्गोल-आक्रमणकारी ‘हलाकू खाँ’ले आक्रमण गर्‍यो। यसको फलस्वरूप जलालउद्दीन खिल्जीले चंगेज खाँको नाति ‘उलगू खाँ’ सहित अरू मङ्गोलहरूलाई पनि दिल्लीमा बसोबास गर्ने आज्ञा दिए। यिनका खानदानलाई आज पनि ‘नव मुसुलिम’ भन्ने चलन छँदैछ। अल्लाउद्दीन खिल्जीको पालामा पनि दिल्लीमा कब्जा जमाउने प्रयास मङ्गोलहरूले धेरै गरे। तर सफल भएन।

अल्लाउद्दीन खिल्जीको देहावसानपछि पनि मङ्गोलहरूले भारतलाई जित्ने धेरै प्रयास गरे। गयासुद्दीनको तुकलकको पालोमा मंगोल-आक्रमण भयो। तर मंगोल हारे। उनको सेनापतिहरूलाई थुनामा पारेर राखे। परन्तु १३२८-२९ ई० मा फेरि मंगोल-नेता ‘तर्मासिरी खाँ’ उत्तरप्रदेशको ‘बदांयू’ सम्म पुगे। तर्मासिरी खाँको सेनालाई मुहमद तुकलकले पञ्जाबको गुरुदासपुर तथा कलानोरसम्म खेदे। यसरी गुलाम, खिल्जी तथा तुकलक, सैयद तथा अन्तिम इब्राहीम लोदीको १५२६ ई० अन्त गरेर मुगलशासक बाबरले भारतमा आक्रमण गर्‍यो।

चंगेज खाँ तथा बाबरको पूर्वज एकै मुगल थिए। चंगेज खाँ आजको मंगोलमा पस्नुभन्दा पहिलेको नाम के थियो ? ऐलेसम्म इतिहासकारहरूले खुट्याउन सकेका छैनन्। तर मुगलबहादुर चंगेज खाँले प्रवेश

गरेपछि मुगलबाट 'मंगोल' भएको हो। प्रसिद्ध अत्याचारी मंगोल-आक्रमक तैमुर खाँ पनि चंगेज खाँकै वंशज[1] थिए। तैमुर खाँको जन्म १३३६ ई० मा समरकन्दको निकट 'कैशनगर' मा भएको थियो। सम्पूर्ण इतिहास उठाएर हेर्दा तैमुर खाँ जस्तो अत्याचारी अरू देखिंदैन। भन्नको तात्पर्य यो हो कि सिया, सून्नी, मुहम्मद, कादिपानी, सैयद, लोदी, गुलाम आदि जस्तै मुगल, पठान आदि पनि मुसलमान नै हुन्। मुगलबाट 'मंगोल' शब्द बनेको भाषावैज्ञानिक कुरालाई नकार्ने कसैको ताकत छैन। चंगेज खाँ, कुवलया खाँ, मुंगे (मगू) खाँ, तैमुर खाँ, हलाकु खाँ, अलगू (उलगु) खाँ, तर्मासिरी खाँ आदि मंगोल सबै मुसलमानै थिए। इतिहासले यसै इतिहासलाई प्रष्टचाएको देखिन्छ। यस परिस्थितिमा किरातहरू कसरी मंगोलियन हुन पुगे ?

मङ्गोल शब्दको प्रयोग कैलेदेखि हुन थाल्यो ?

इतिहास लेख्नेहरूले सबै इतिहास सही लेख्न सक्छन् भन्नु अलि अप्ठ्यारो त होइन, निकै सन्निपात नै पर्छ। यो तथ्यलाई हामीले कसरी जान्न सक्छौं ? यस प्रश्नमाथि उत्तर अनेक इतिहास-लेखालीहरूको इतिहास-लेखाइलाई गोडिनेलि गर्दा थाहा पाइन्छ। कति सही छ, कति गलत ? यसको लेखाजोखा उनैको पूर्वापौर्य प्रसंग र उपक्रम उपसंहारबाट नै प्रष्ट हुन्छ। वर्तमान यो २० शताब्दीको रफ्तारमा 'मंगोलिया' शब्द निकै गुन्जन थालेको छ। तर सूक्ष्म विचार राख्ने पाठक-वाचकवृन्दलाई जान्ने इच्छा हुनु स्वाभाविक कुरो पनि हुँदै हो। तर साँचै भनौं भने हाम्रो खोजाइअनुसार ई० सं० १२ शताब्दीभन्दा पहिले मंगोलियन जातिको उल्लेख कहीं मिल्दैन। हुन सक्छ हाम्रो खोजाइमा नआएको होला। तर ऐलेसम्म पाएको इतिहास-अनुसार मुगलजातिमा उत्पन्न हुने प्रसिद्ध प्रतापी राजा 'चंगेज खाँ' बाट केही शब्द आफ्नो प्रसिद्धिको लागि चलाइएका थिए। 'वि० को० झ० पृ० नं० १०७' आदिबाट उल्लेख पाइन्छ। चीनको प्रसिद्ध शासक 'कुवलय खाँ' को बाउ चंगेज खाँले १२ शताब्दीमा एक सभा गरे। त्यस बेला केही त्यहाँका प्रसिद्ध जातिहरू बोलाएर आजदेखि आफूलाई मंगोलियन भन्नु भनी पास गरे। त्यसपछि विश्वप्रसिद्ध शासक 'कुवलय खाँ' मंगोलियनहरूमा प्रसिद्ध भए। यस्ता पराक्रमी 'राज कुवलय खाँलाई १३ शताब्दीमा दक्षिणभारतको १७ वर्षीय ब्राह्मण शाक्यपण्डितले महायान बौद्धधर्ममा दीक्षित गरेका थिए' भन्ने प्रमाण खोजपूर्ण ढंगले संस्कृति विहार एकेडेमी इण्डियन कलचर, अपर बाजार, रांची [दूरभाषा २३६४०]-ले प्रस्तुत गरेको छ। यसै संस्थाबाट प्रकाशित निकै प्रामाणिक र गहकिला सामग्रीहरूबाट पनि धेरै कुरा प्रष्टिएको छ। यसै गरी सरस्वती विहार, नयाँ दिल्लीले पनि प्राचीन मंगोलियन संस्कृति र सभ्यतालाई छलंग पारेको छ। अर्थात् भन्नु यो छ कि वर्तमान मंगोल हिन्दू-आर्यहरूको एक शाखा बौद्धधर्माचार्यहरूले गएर बसाएको बुझिन्छ। त्यसो हुँदा ई० सं० १२ शदीको उत्तरार्धदेखि मंगोल शब्दको प्रयोग भएको इतिहास पाएका छौं।

अतएव ई० सं० १२ शताब्दीको उत्तरार्धभन्दा पूर्व संसारमा 'मंगोलियन' भन्ने कुनै जाति थिएन। तर पादरी इमानसिंह चेमजोंगले [लाङघाली, वर्ष १ अङ्क १ पृ० नं० २१-२३] मा जो [कोङपी वर्ष ३ अङ्क ४ पूर्णाङ्क १५, १५ फालगुन २०३९]-ले साभार उद्धृत गरेको [पृ० नं० 'मगर जाति' ३२] मा ''यद्यपि ईसा सम्वत् बाह्रौं शताब्दीपूर्व मंगोलियन भनिने कुनै जाति संसारमा थिएन; १२ शताब्दीपछि चंगेज खानले, जो मांगकु जातिका थिए, मध्यएशियामा पाइने किन, किर, किरइत, किराताई, मंचु, मंगकु, थाक,

---

[1] भारतीय इतिहास, पृ० २०७; सतीशचन्द्र अग्रवाल।

ग्यागुङ, मङ्ग्याक आदि विभिन्न जातिहरूको एक सभा बोलाए···उनले सबै जातिलाई एउटा साझा नाम 'मंगोल' स्वीकार गर्न आह्वान गरे। त्यसपछि मात्र यस शब्दको प्रचलन भयो।" यहाँ 'मंगोलियन' शब्द चलेको इतिहास त लगभग ठीकै छ। तर इमानसिंहको गल्ती के छ भने विनाप्रमाण नै कोरेर अगाडि हाम फालिहाल्ने बानी सारै भ्रमात्मक छ। त्यसो हुँदा कुनै प्रामाणिक ग्रन्थको अंश हो कि अथवा उसको आफ्नै कपोलकल्पना हो कि ? इमानसिंहको लेखाइले हमेशा नै पाठकलाई 'अबूझ कपुरीक' देखि अलि माथिकालाई अँध्यारो र गहिरो खोइरोमा जाकिराखेको हुन्छ। उदाहरणको लागि उपर्युक्त पंक्तिहरूमा जातिको नाम गनाउँदा केही प्रमाण नदीकन सुरुसुरु लाटेमेसो खेदेको देखिन्छ। तर मंगोल शब्दको प्रयोग १२ शताब्दी-भन्दा पहिलेको होइन भन्ने कुरामा घुणाक्षर न्यायले अथवा घट्टकुटीन्यायले सँगै भेट हुनु आयो। जब 'मंगोल' शब्दको जन्म नै १२-१३ शताब्दीमा भयो भने 'किरात'हरू मंगोलियाबाट आए अथवा मंगोलियन नश्लका हुन् भन्नु कतिको बुद्धिमानी हो ? त्यसो भए १३ या १४ शताब्दीमा किरातहरू आए होलान्। अथवा १३–१४ शताब्दीमा किरातहरूले मंगोलियन नश्ल बनाए होलान्। यस्ता बुद्धि नभएको कुरालाई उनकै अन्धभक्तले मानून्। हामीसँग यस्ता हुस्सु इतिहासलाई आदर दिने क्षमता छैन।

किरातहरूलाई मङ्गोलियन भनेर लेख्ने को हो ?

किरातहरूलाई मङ्गोलबाट भत्तुवा भएर आएका हुन् भन्ने लेखकहरूमध्ये कर्कपेट्रिक (१८११), फ्रांसिस हेमिल्टन (१८१८), ब्रायन हजसन (१८३३), सर जान हेमरटन आदि धेरै प्रसिद्ध छन्। हेमरटनले सिक्किमदेखि काश्मीरको पहाडी क्षेत्रहरूमा घुम्दै जाँदा नेपालको राई, लिम्बू आदिलाई मङ्गोलियन जातिमध्येको हो भनेर लेखेको छ। तर मंगोलियाबाट आएकै हुन् भन्ने प्रमाण हेमरटनसँग पनि छैन। हेमरटनले पनि आफ्नो अडकलले नै मङ्गोलियन परिवारमध्ये भनेको हो। तर नेपाली किरातहरूले हेमरटनको झूठो कल्पनालाई साँचो इतिहास मानेर कतिपयले 'हामी मंगोलियन भत्तुवा हौं' भन्न थालेका छन्। कुरा के हो भने हेमरटन जस्ता किरात-इतिहास नजान्नेहरूले 'तिमीहरू भत्तुवा हौ' भन्दैमा 'हामी भत्तुवा हौं' भनेर स्वीकार गर्ने कतिको बुद्धिमान् हो त ? कागले कान लग्यो भन्दैमा कागको पछाडि दगुर्नेलाई पागल या हापमाइण्डदेखि बाहेक के भन्न सुहाउँछ ? तर सबै किरातहरूले आफूलाई भत्तुवा स्वीकार गर्दैनन्। पढेका लेखेका नभए पनि आफ्नो आत्मसम्मानलाई सुरक्षित राखेर हामी हाम्रो जन्मथलैमा बसेका छौं भन्ने पनि छन्। यस प्रकारले केही अंग्रेजीको गन्ध सुँग्नेहरूले (जस्तै—पादरी इमानसिंह चेमजोङ) हेमरटन आदिलाई गुरु बनाएर किरात-इतिहासलाई लेखेर किरातहरूलाई भुसुक्क भ्रममा पारे। कतिपय अरू इतिहासका पाना कोर्नेहरूले पनि आर्य र अनार्यको भेद देखाएर 'अनार्य' भनेको किरात हो, मङ्गोलियन हो भन्ने झूठो इतिहासको पाना कोरेका छन्।

इतिहासको पाना बिगारेर किरात-इतिहासको हत्या गर्नमा हेमरटन पनि सफल भएको देखिन्छ, किनभने हेमरटन ईसाई हुनाले आफ्नो कूटनीतिबाट अर्काको इतिहास बिगार्ने काम नै उनीहरूको हो। यस कुरालाई नेपालका र भारतका कतिपय इतिहासकारले बुझेनन्। त्यसो हुँदा उही बाटो खेदे। त्यो पनि गोरेटो, घोरेटो मानेर होइन, अपितु मूल बाटो मानेर हिंडे। किरातहरूमा त सम्झने शक्ति भएका जन्मनुलाई केही शताब्दी पर्खनुपर्नेछ। त्यसो भएको हुनाले किरातहरूले बुझ्ने कुरै कहाँ ? यस्तै कूटनीतिले घाँटीसम्म भरिएको अर्को पाश्चात्य लेखक हो मिष्टर मूर। मिष्टर मूरले केही प्रमाण नभएको

आफ्नो गफलाई आर्यहरू वाहिर एशिया माइनरबाट पसेको हो भनेर लेखे।……………………
अर्थात् आर्यहरू एशिया माइनरबाट आएका हुन् भनेर सबैभन्दा धेरै हल्ला गर्ने पाश्चात्य यही हो। यसले पनि हेमरटनसँग जोर्नाले भरुवा बन्दूक भएर बुझ्न नसक्नेहरूको अबूझहरूको मुटु र गिदीमै निशान हानेको देखिन्छ। यत्रो ठूलो निशाना कहीं चुक्न पाएन। तर बुझ्नेहरूले बुझे। यस प्रकार मिष्टर मूर र हेमरटन दुवैले विशेष गरेर एकै आर्य = हिन्दूलाई आर्य र अनार्य दुइ फकल्याक पारी चुचे नाक र नेप्चे नाक भएका दुवैलाई भत्तुवा बनाउने ठूलो कुचेष्टा गरेका छन्। तर आर्यावर्त हिमवत्खण्डका वासीहरूले यो कुरालाई बुझेनन्। यस षडयन्त्रलाई बुझेनन्। यस कूटनीतिलाई बुझ्न सकेनन्। अहिले पनि बुझ्न सकेका छैनन्। त्यसो हुँदा 'हामी त भत्तुवा नै हौं' भन्छन्। तर हाम्रो लाखौं वर्ष पुरानो इतिहासलाई उठाएर हेर्दा भत्तुवा जस्तो लाग्दैन। भत्तुवा भएर आएको उल्लेख कहीं मिलेको छैन। बरु यताबाट अन्यत्र छरपस्टिएको उल्लेख पाउँछौं। त्यसो भएको हुनाले मिष्टर मूर र सर जान हेमरटन यी दुवै आर्य = हिन्दूहरूलाई भत्तुवा वनाउनमा पहिला नम्बरका हुन् भने केही आपत्ति नपर्ला। यसरी नै यीदेखि पछाडिका लेखकहरू 'पादरी इमानसिंह' आदिले किरात भत्तुवा नै (मंगोलियन) हुन् भनेर लेखेका छन्। तर यी सत्य इतिहासका कुरा होइनन्। साँचो भनौं भने नेपालको इतिहास, वंशावली, व्याकरण आदि पाश्चात्यहरूकै कूटनीतिको खोइरोमा लुकेर, आफ्नोपनाको हत्या गरेर राखेका हुनाले आफ्नो इतिहासमाथि श्रद्धा र विश्वास हरायो। उता पल्टनमा किरातहरूलाई बहर जस्तो दाउने अंग्रेजहरूमध्ये १९ शताब्दीमा 'दि गोर्खाज' भन्ने किताब इद्धन भेन्सिटार्टले पनि लेख्यो। तर यस पुस्तकको कैयौं संशोधित संस्करण पछि पनि निक्ले। तर भेडाचालले मङ्गोलियन नै लेख्दै गए। अनि किरातहरूले पनि कैयौंले हामी भत्तुवा नै हौं भन्न थाले। तर यी माथिका पाश्चात्य लेखकहरूलाई मंगोलिया जन्मनुभन्दा लाखौं वर्षपहिलेदेखि नै आर्यावर्त, हिमवत्खण्ड, किरातदेश नेपालमा किरातहरू बसोबास गरेको इतिहास थाहा नै थिएन।[1]

पाठकवृन्दले निम्नलिखित टिप्पणीमा भारतीय विद्वान् सुनीतिकुमार चटर्जीको किरातजनाकृति तथा दनियल राइटको हिष्टोरी अफ कन्ट्री एण्ड नेपाललाई तुलना गरेर हेर्नुहोस्।

---

[1] भगुवा भत्तुवा गाँसे शरणार्थी नभै कन।
थरि थानी र रैथाने सबै छौं यहींका जन ॥ (योगी नरहरिनाथ)

चटर्जीको— किरातहरूलाई सबैभन्दा पहिले मङ्गोलवंशको हो भन्ने दानिल राइट र सिलवेल लेवी हो। लेवीले नेपालसँग सम्बन्धित आफ्नो पुस्तकको पृ० नं० ७५ मा उल्लेख गरेको पाइन्छ। त्यो १९०५ मा फ्रांसको राजधानी पेरिसबाट प्रकाशित भएको छ। लेवीले त्यसमा केही प्राचीन ग्रन्थहरूको उद्धरण पनि दिने चेष्टा गरेको हो। त्यसमा महाभारत आदिको प्रमाण दिएर प्राचीन भारतीयहरूको विचार राख्दै किरातहरूलाई मङ्गोलियन भनेको छ। विज्ञपाठकवृन्दले तलको पंक्तिबाट बुझिहाल्नुहुनेछ। ऐलेसम्म पाइएको प्रमाणहरूमा किरातहरूलाई मङ्गोलियन भन्ने 'लेवी' नै पाइएको छ।

The **Mongoloid** racial affinities of the Kiratas were proposed by Sylvain Levi who first took up the question 'In His Work on Nepal, Vol. II, Paris, 1905, PP. 75 Bf.' and who quoted passages from the Mahabharat, and other texts indicating the opinion of the ancient hindu writers about the appearance and ways and connexions of this people, all of which enable us to conclude that they were a **Mongoloid** people. (Kiratajanakriti, By Suniti Kumar Chatterji, pp. 26)

नेपालका मूल निवासी किरातहरूका बारेमा १९ शताब्दीको इतिहासकारहरूले नाना प्रकारका कल्पना अथवा नहुँदो कल्पना गरेर इतिहासको पाना बिगार्ने ठूलो कुचेष्टा गरेका छन्। ती इतिहासकारहरूका भनाइअनुसार किरातहरू मङ्गोलियाबाट आएका अरे। तर हाम्रो मूल इतिहासलाई राम्ररी पैल्याउँदा यो कुरा एकदमै सेतो झूठ ठहरिन्छ। पहिले यसैमा विचार गरौं कि त्यो मङ्गोलिया देश कहाँ छ? यो देश मध्यएशिया महाद्वीपमा पर्छ। मध्यएशियाभित्र मङ्गोलिया, चीन, रूस आदि देशहरू पर्छन्। भारतदेखि माथि नेपाल पर्छ। नेपालदेखि माथि तिब्बत पर्छ। त्यहाँदेखि माथि गोभीको मरुभूमि पर्छ। त्यसैको छेउमा दुइ सय मिलको बैकाल झील अर्थात् ठूलो पोखरी पनि पर्छ। यसै पोखरीको छेउसम्म ईसाभन्दा पूर्व नै भारतीय आचार्यहरू बौद्धधर्मको प्रचार गर्नु पुगेका थिए। यसैको पश्चिम-उत्तर भागमा आजको मंगोलिया छ। गोभीको मरुभूमिदेखि सीधा उत्तरमा चीन पर्छ। विश्वमा सबैभन्दा धेरै क्षेत्रफल रूसको छ। त्यसो हुँदा केही हिस्सा रूससँग पनि जोडिएको छ। अर्को रीतिले यो भन्न सकिन्छ कि चीन, रूस पनि गोभीको मरुभूमिसँग सम्बन्ध राख्छ। तर गोभीको मरुभूमि मंगोलियामा पर्छ। हाल मंगोलियाको राजधानी उलनबाटर = उर्गा (प्राचीन) हो। यो गणना भएको बेलामा मंगोलियाको जनसंख्या २० लाख मात्रै थियो। मंगोलियाको क्षेत्रफल १८,७५,००० वर्गमिल छ। यो देश पहाड र रेगिस्थान दुवै रूपमा छ, किनभने गोभीको मरुभूमि पनि यसैको भागमा परेको छ। यो सबैभन्दा ठूलो मरुभूमिमा एक हो। मंगोलियाको व्यवसाय पशुपालन र व्यापारप्रधान छ। यसैबाट उनीहरूले जीविका गर्दछन्। मंगोलिया १९२४ मा स्वाधीन भएको हो। योभन्दा पहिले टापरटुपर सानासाना कबिलाको रूपमा छरपस्टिएर बस्दथे। 'स्टैन्डर्ड इन्साइक्लोपेडिया' टाइम्स अफ इण्डिया पृ० नं० ८९६ तथा अनेकौं प्राचीन, आधुनिक इतिहासहरूमा प्रमाणहरू उद्धृत छन्।

तर किरातहरू मंगोलियाबाट आएको प्रमाण हामीलाई कुनै हालतमा पनि मिलेको छैन। त्यसो हुँदा किरातहरू मंगोलियाबाट आएका होइनन्। यो कुरा सप्रमाण सिद्ध छ। किरात[1] हिन्दू नै हुन्। आर्य

नेपालभित्र केही किरातहरूले आफूले आफूलाई मङ्गोलियन भन्न थालेको इतिहास त साँचै भनौं भने १५–२० वर्ष पनि भएको छैन, किनभने शिक्षाको खुला इतिहास ७ सालपछि नै प्रष्टिएको छ। सात सालभन्दा पहिले त केही विदेशीहरूमा लेवी, हेमर्टन, हेमिल्टन, ग्रीफ्थ आदिले लेखेका किताब पढ्नेहरूलाई मात्र थाहा थियो। अथवा उनीहरूकै अनुकरण गरेर लेखिएका हिन्दी, बङ्गाली, नेपाली पुस्तक पढ्नेहरूलाई थाहा थियो होला। तर यो १५ बीस वर्षभित्र चाहिं राजनीति अथवा अरू नै तहबाट प्रेरित भएर केही किरातहरूले आफूलाई 'मङ्गोलियन' भन्न थालेको देखिन्छ। वस्तुतः यो इतिहास गलत हो। सोचाइ पनि गलत भयो। हाम्रो सही इतिहास केलाउँदा किरातहरू शुद्ध आर्य = हिन्दू नै हुन्।

राइटको—किरातहरूलाई 'मङ्गोल' भनेर लेख्ने दानिएल राइट पनि हो। तर राइटको सोचाइमा लिम्बू र किरातमा अन्तर देखिन्छ। जे होस् स्वयं पाठकवृन्दले हेर्नुहुनेछ।

"The Limbus and Kirat occupy the hilly country to the eastward of the valley. The Limbus are much employed in the army, and both they and the Kiratis are famous as hunters. They are both short flatfaced people, powerfully built and decidedly "**Mongolian**" in appearance. (Daniel Wright, History of the Country and Nepal, P. 27, 1877)

[1] वेदमा के छ? ग्रन्थलाई शुरूदेखि अन्तसम्म दोहऱ्याएर हेर्नुहोस्। त्यसले खुलस्त पारेर देखाउनेछ।

नै हुन् भन्ने प्रमाण पनि सिद्ध छ । किरातहरू दनुका सन्तान हुन् तथा मनुका सन्तान, कश्यपका सन्तान मानव हुन् । शिवगण हुन् । परम शिवोपासक हुन् र छन् पनि ।

मंगोलिया र कम्बोडियाको सन् १९२४ को तथ्याङ्क

देश	क्षेत्रफल	राजधानी	जनसंख्या	भाषा
मंगोलिया	१५,१६,०००	उलनवाटर	२१,००,०००	मंगोलिया
कम्बोडिया	१,८१,०००	ह्नेमपेन	६८,००,०००	खमेर

मङ्गोल देशमा संस्कृत मन्त्र र शिक्षाको लागि अक्षरमाला

यो खोज विशेष गरेर 'संस्कृति विहार एकेडेमी इण्डियन कलचर, अपर बजार, राँची (दूरभाष २३६४०)' ले गरेको छ । त्यहींबाट निकै गहकिला सामग्रीहरू प्रकाशित भएका छन् । यसै गरी 'सरस्वती विहार, नयाँ दिल्ली'ले पनि मङ्गोलिया संस्कृति र प्राचीन सभ्यतालाई छयाङ्ग पारेर राखिदिएको छ । नीरक्षीर विवेकी पाठकवृन्दले पक्षपात नगरीकन मनन गर्नुहोला ।

१. प्राचीनकालदेखि नै मङ्गोल देश भारतीय अर्थात् हिन्दू-संस्कृतिले अनुप्राणित छ ।

२. मङ्गोल देशमा भारतीय आचार्य उंदुरगगनेले स्वयम्भू लिपिको प्रचार गरेका थिए । अर्को आचार्य मतिध्वजले मंगोल लिपिको आविष्कार गरे ।

३. नालन्दाबाट पढेर गएका आचार्य अभ्यंकर गुप्तले मंगोलमा बौद्धधर्मको धेरै प्रचार गरे ।

४. मंगोल देशमा (हिन्दू-देवीदेव) चतुर्मुखी सरस्वती, गरुड, धन्वन्तरि, गणेश, धृतराष्ट्र, बुद्ध, महाकाल, कालभैरव आदि मूर्तिहरू धेरै पाइन्छन् ।

५. सातौं शताब्दीमा पनि मंगोलियामा महाभारतको 'हिडिम्बावध' माथि नाटक लेखिन्थे ।

६. १३ शताब्दीमा दक्षिण भारतको १७ वर्षीय ब्राह्मण शाक्यपण्डितले आधा दुनियालाई विजय गर्ने पराक्रमी राजा कुवलय खाँ (कैवल्य खाँ)-लाई महायान बौद्धधर्ममा दीक्षित गरेका थिए ।

७. मंगोलियामा आजसम्म पनि गायत्री मन्त्रको विशेष प्रचलन छँदैछ ।

८. मंगोलियामा योग एवं तन्त्रको विशेष प्रचार थियो । त्यसको लागि संस्कृत भाषाको ज्ञान अनिवार्य थियो ।

९. प्रस्तुत चित्रमा माथिको पंक्तिमा संस्कृत-अक्षरमाला, तल्लो पंक्तिमा तिब्बती अनि त्यसको तलतिर मंगोल लिपि दिएको छ । 'दुर्भाग्यवश लिपि सम्बन्धी' ९ मा वाक्यको सामग्री उतार्ने साधन मसँग थिएन । तैपनि माथिको पतामा औधि चासोमा चीसो पर्नेले निधो गरे हुन्छ । यहाँ भन्नु यो छ कि किरातहरू मंगोलियाबाट आएका होइनन् । बरु यताबाट हिन्दू=आर्य=आचार्यहरू उता गएर बसाइँ सपारेको प्रष्ट बुझिन्छ । माथिका एक-एक पंक्तिहरू गोडिनेलि गर्नुहोस् ।

इष्टदेवको मान्यताले पनि मङ्गोलियन सिद्ध हुँदैन

ऋग्वेददेखि नै चलिआएका किरातहरूका इष्टदेव शिवजी हो । यसैलाई महादेव, रुद्र आदि अनेक नामले पुकार्छन् । ऋग्वेदमा यस देवको उल्लेख 'इमा रुद्राय तवसे कपर्दिने' आदि शब्दले गरिएको छ । यजुर्वेदमा 'त्र्यम्वकं यजामहे' आदि शब्दले स्तुति गरिएको छ । अनि ऋग्वेदकालदेखि महाभारतकालसम्म

किरातहरूको भाषा पनि संस्कृत नै भएको हुनाले आफ्नो इष्टदेवको नाम पनि यही नै थियो। तर बुद्धकालदेखि यता किरातहरूको भाषा बेग्लिन थालेको हो, किनभने यत्रो लामो लाखौं वर्षको अवधिमा किरातहरूको साहित्य र लेखोट नपाउनु नै यसको सबैभन्दा सुदृढ प्रमाण छ। उतिखेर पनि यी किरातहरूका बेग्लै भाषा भए जितेन्द्रद्रष्ट्री, पर्व, विराट, बली आदि जस्ता सम्राट्हरूका साहित्य वा केही लेखोट किरात भाषामा नै मिल्नुपर्ने हो। तर जे जति भए नभएका लेखोट, साहित्य आदि जम्मै संस्कृतमा नै मिल्दछन्, किन? अनि कहीं न कहीं अरू भाषाहरूको उल्लेख भए जस्तै किरातभाषाको उल्लेख हुनुपर्ने हो। तर उल्लेख त के सङ्केत मात्र पनि पाइँदैन किन? त्यसो भएको हुनाले संस्कृतलाई छोडेर किरातहरूको इतिहास खोज्नुपर्छ भन्नेहरूलाई यी माथिका प्रश्नहरूले खाडल खन्दै पुर्दै गर्नेछन्। जब कि किरातहरूको उल्लेख वैदिक साहित्यमा नै पाइन्छ; लौकिक साहित्य अर्थात् पुराण, तन्त्र, ज्योतिष, आयुर्वेद, इतिहास, रामायण आदिमा त रेलोसेलो पारेर राखेको देखिन्छ।

भन्नु यो छ कि जब किरातहरूको भाषा संस्कृत नै थियो, त्यतिखेर आफ्नो इष्टदेव र देवीको नाम संस्कृत नाममा नै थियो। जस्तै—शिव, रुद्र, महादेव आदि। देवीको नाम; जस्तै—दुर्गा, लक्ष्मी, सती, देवी आदि। बुद्धकालदेखि यता जब किरात चोइटिंदै गए, फल्का निक्लिदै गए, भुवा उड्दै गए; अनि दुर्व्यसनको खाडलमा जाकिंदै जानाले विद्वान् हुन छोडे। विद्वान्हरूसँग सम्पर्क गर्न छोडे। बिस्तारै दुइ-तीन सय जति शब्द जोडेर आजको किरातभाषा भएको हो। यसमा अर्थात् आज बोलिने किरातभाषामा पनि संस्कृतलाई छोड्न सकेका छैनन्। भाषाविज्ञानको पुच्छर निमोठ्ने कुनैकुनै भाषावैज्ञानिकहरूले किरातहरूको भाषा मङ्गोलियन भाषाबाट प्रभावित छ भनेका छन्। तर ती कुनै पनि भाषावैज्ञानिक एक-दुइओटालाई छोडेर प्रामाणिक छैनन्। स्वादे अंग्रेजी अनुवादहरूलाई संस्कृत भाषाको वास्तविक ज्ञान नभएको हुनाले नबुझीकन प्याच्च थुकिहालेको मात्रै हो। अनि उनीहरूको नक्कल उतार्ने हाम्रा भनाउँदाहरूलाई त के भन्ने? यसलाई यहीं बिसाइदिउँ। किरात मंगोलियाबाट आए। किरातहरूको भाषाबाट प्रभावित छ भने इष्टदेव 'पारुहाङ्ग' कसरी भए? फेरि किराती भाषामा साठ्ठीदेखि अस्सी प्रतिशत संस्कृतको तत्सम, तद्भव, अपभ्रंस शब्दहरूमा कसरी प्रयोग हुँदैछ? अनि जबरजस्त प्रमाण त यो छ कि मङ्गोलियाको उदय हुनुभन्दा लाखौं वर्षपहिलेदेखि नै आर्यावर्त, भारतखण्ड, जम्बूद्वीपमा किरातहरूले बसोबासो गरिराखेका थिए। जब कि मङ्गोलियन भाषा जन्मिएकै थिएन। अनि कसरी किराती भाषा मङ्गोलियन भाषामा मेल खान पुगे? यो त बारूला या काउछोले फत्फताए जस्तो मात्रै लाग्छ। अध्ययनशील बुद्धिजीवीहरूले त यस्ता कुरालाई कुनै हालतमा पनि मान्न सक्दैनन्। 'किरात' शब्दलाई नै विचार गर्नुहोस्। के यो मङ्गोलियन शब्द हो? माथि भनिसकियो; मङ्गोलिया र मङ्गोल भाषाको आमा-बाबुको बिहे नै भएको थिएन त्योभन्दा पनि पहिलेदेखि नै संस्कृत-वाङ्मयमा 'किरात' शब्दको प्रयोग भैसकेको थियो। प्रयोग मात्रै होइन, अपितु 'किरात' शब्दको अर्थ विश्लेषण पनि गरिसकेका थिए। त्यसो हुँदा जुन देशको भाषा आमाको गर्भमा नै आएको थिएन, त्यस भाषाको प्रभाव त्योभन्दा लाखौं वर्षपूर्वको भाषामा कसरी पर्छ?

हो केही कुरा यताबाट उता गएको हुन सक्छ। केही न केही पुर्खा, जुजु, च्याप्जु, बाजेहरूको संस्कार छोरा, नाति, पनाति, जनाति, खनाति आदिमा पर्ने कुरामा मात्र सकिन्छ। युक्ति र बुद्धिगम्य कुरा पनि छ। त्यसो हुँदा 'किरात' शब्द शुद्ध संस्कृत शब्द हो। शिवजी, महादेव, रुद्र आदि नामले पुकारिने किरातहरूको इष्टदेव 'पारुहाङ' हो। यो मङ्गोलियाको देवता होइन। सती, पार्वती नै सुम्निमा हो।

सुम्निमा र पारुहाङ्लाई कतैकतै 'रिमिमा' र 'सालापा' पनि भन्दछन् । किरातहरूले सुम्निमा र पारुहाङको विविध प्रकारले पूजा गर्छन् । तीदेखि बाहेक ब्रह्मा, विष्णु, दुर्गा, चण्डी, लक्ष्मी, नवदुर्गा, सत्यनारायण, गरुड, हनुमान्, राम, कृष्ण आदिलाई किरातहरूले इष्टदेव मान्ने गरेका छन् । यिनदेखि बाहेक शृङ्ग ऋषि आदिलाई पनि कुल इष्ट मान्ने गरेका छन् । उदाहरणको लागि केही अठपरे देवानराईहरूले शृङ्ग ऋषिलाई इष्टदेव मानेको देखिन्छ । तर भाकल गर्दा र पूजा गर्दा केही अन्तर सामान चढाउनुमा बुझिन्छ । तर 'पारुहाङ', जसलाई लिम्बूहरूले 'थेवासाम' भन्दछन्, यी सबैभन्दा ठूला इष्टदेव हुन् । त्यसो हुँदा यिनको पूजा सात्विक विधिले गरेको हुन्छ । यिनलाई बलि आदि चढाइँदैन । फलफूल, दूध, दूबो, अच्छेता, बेलपात, धूप, तरुल, सकरकन्द, सेलरोटी आदि चढाएर पूजा गर्ने चलन थियो र छँदैछ । कतै कुनै अज्ञानीहरूको धारणाबाट विपरीत हुने कुरा अर्को हो । माझकिरात सगरमाथा अञ्चल जिल्ला खोटांग हलेसीको महादेव किरातहरूका पुराना कालदेखि नै मूल स्थानका इष्टदेव हुन् । यस प्रकारले किरातहरूको इष्टदेवको मान्यताले पनि किरात मङ्गोलियन ठहरिंदैन ।

किरातहरूले मान्ने देवता वा ईश्वर अलग छैन

कैयौं किरातहरूले भन्छन् हाम्रो देवता अलगै छ । ईश्वर पनि अलगै छ भन्छन् । कसैले भन्छन् हाम्रो देवता चराको जस्तो टाउको भएको हुन्छ । कसैले चिल जस्तो हुन्छ भन्छन् । कसले बिरालो र बाँदर जस्तो हुन्छ भन्छन् । जुन देवता वा ईश्वर माने पनि हिन्दू-आर्यहरूको देवता ईश्वरभन्दा अलग हुन सक्दैन । किरातहरू किरात-ऋषिका सन्तान हुन् । स्वयं किरात हुन् । स्वयं आर्य-हिन्दू नै भएको हुनाले उसको देवीदेवता ईश्वरको मान्ने तरिका हिन्दू नै हुन्छ । हिन्दू नै छ । हिन्दू नै हो । तल लेखेको अनुसार मनन गर्नुहोस् ।

१—अक्षसूत्र तथा अमृतको कुम्भ धारण गर्ने मीमांसाशास्त्रको स्वरूप हो ।
२—बभ्रुवक्त्र भएको सांख्यशास्त्रको स्वरूप हो ।
३—पिकमुख भएको धनुर्वेदको स्वरूप हो ।
४—गदाहाको मुख भएको ऋग्वेदको स्वरूप हो ।
५—बाख्राको मुख भएको यजुर्वेदको स्वरूप हो ।
६—घोडाको मुख भएको सामवेदको स्वरूप हो । ह्यग्रीव भगवान् हो ।
७—बाँदरको मुख भएको अथर्ववेदको स्वरूप हो । अथवा हनुमान् हो ।
८—कोइलीको स्वरूप भएको पुराण हो ।
९—मयूरको मुख भएको व्याकरणशास्त्र हो ।
१०—चकोरको जस्तो मुख भएको छन्दःशास्त्र हो ।
११—बकुलाको मुख भएको सूत्रशास्त्र हो ।
१२—मृगको मुख भएको नाट्यशास्त्र हो ।
१३—सिंहको जस्तो मुख भएको न्यायशास्त्र हो ।
१४—कागको जस्तो मुख भएको कल्पसूत्र हो ।
१५—बिरालोको स्वरूप भएको ज्योतिषशास्त्र हो ।
१६—सर्पस्वरूप पातञ्जल योगशास्त्र हो ।
१७—बराहको स्वरूप भएको इतिहास हो ।

यी प्रमाणहरूले पनि यो सिद्ध भयो कि किरातहरूले जुन देवतालाई माने पनि उनीहरू हिन्दू नै देखिन्छन् । आर्य देखिन्छन् । किनभने आर्यका सन्तान आर्य नै हुन्छ, यसमा सन्देह छैन । उसको मान्यता र उसको इतिहासले नै बताइराखेको छ कि उ को हो । त्यसैले उसले रिसको झोंकमा अथवा स्वार्थ सिद्ध गर्नमा जे माने पनि आर्य-हिन्दूभन्दा बाहिर जानेछैन । उसले उसको इतिहास नबुझेर मात्रै 'हामी हिन्दू होइनौं । हामी त मङ्गोल हौं ।' भनेको हो । उसको इतिहास पल्टाउनेबित्तिकै उ चित परिहाल्छ ।

त्यसैले आफ्नो इतिहासमा लेखेको सिद्धान्तलाई जस्तै भए पनि छोड्न हुँदैन । यो किरातहरूको आजको इतिहास होइन । यो लाखौं वर्षको इतिहास हो ।

दश किरात

सङ्कल्प गर्दा किरात (राई)-हरूको गोत्र विषयमा कतैकतै यसो पनि भनिन्छ—किरात इगवाको छोरा दशभाइ

१—जेठो याक्तुवा	खम्बु
२—यखोवा	याखाराई
३—अपलिवा	अठपरेराई
४—याँफेवा	याम्फुराई
५—लुम्फेवा	लोरुङ्गेराई
६—गुरूप्पा	गुरुङ्ग
७—थोकलोकवा	थकाली
८—मोगप्पा	मगर
९—सुवार्चप्पा	सुनारराई
१०—थाङदवा	थारू, कोचे, मेचे, दनुवार आदि ।

सुवेदार हरिराम कुलुङ्गे राई, गाउँ पूर्व ३ नम्बर सुंदेल गा० प० स०, पो० अ० सोतांग शिवटार, जि० सोलुखम्ब्रु निवासीको भनाइअनुसार ''ओं नमो अहः ममः किरातेश्वर महादेव युमासम्मा संवमसम अदेहु भूमात्रि गोत्र चन्दुवंशी, मङ्गलपुत्र, ऋग्वेद धर्म श्री शिवमार्गी निर्मलकाया'' इत्यादि भनेर सङ्कल्प गर्छन रे । जे होस् यहाँ पनि शिव आदिलाई छोडेको छैन ।

गोत्र-परम्पराले पनि मङ्गोलियन सिद्ध हुँदैन

किरातहरूको गोत्रले पनि किरात मंगोलियन हुन आउँदैन । यदि मंगोलियन हुन् भने गोत्र राख्ने चलन नै यिनमा कसरी आए ? फेरि त्यसमा पनि कश्यप ऋषिको नामबाट काश्यप गोत्र हुन आउँदा त धेरै स्वाद आएको देखिन्छ । उदाहरणको लागि चामलिङ्गेहरूमा दूँभोछा, बाम्राङ्गछा, डोडछोछा, मालेकुडछा, बाडाछा, राप्तुंछा आदिका काश्यप गोत्र हुन् । यीमध्ये मालेलुंगछाहरूको सामे 'समखाबुङ-हेलेना', वाडाछाहरूको 'जोजोबुङचोयेबुङ', राप्तुंछाहरूको 'मात्सेमबुङ लुमायुङ पालेमयुं तुम्मादुङ' हो । अनि गोत्रचाहिं काश्यप गोत्र हो । बाबोछाहरूको सामय 'वावई कुरिपाई' हो र गोत्रमा काशी गोत्र हो ।

साखुमिछा, दोबालीछा आदिको पनि काशी गोत्र नैं हो। मैधुंछा (मुन्धुमछा), तिमलिमीछा, मेलेहोछा आदिका देवगोत्र हो। यति मात्रै होइन किरातहरू सबै काश्यप गोत्र, काशी गोत्र, देवगोत्र र लासा गोत्र यी चार गोत्रका भित्र केराका तुप्ला बेरिए झैं बेरिएका छन्। कतैकतै शिव गोत्र पनि जन्मेको छ। जस्तै --- दिल्पाको वान्तवाहरूले कागजपत्रहरूमा शिवगोत्र लेखाएका छन् अरे। तर गोत्र यसरी लेखिने छुटिने होइन। तर के गोत्र-उच्चारणको परम्परा मंगोलियाको हो त ? के कश्यप ऋषि मंगोलियाका थिए र ? के काशी मंगोलियामा छ ? देव शब्दबाट राखिने देवगोत्र शुद्ध हिन्दू = आर्य-परम्परा होइन र ? यी सबै प्रश्नहरूका केलाइ छनाइबाट उक्सिने मेसो छैन जस्तो लाग्छ। गोत्र, प्रवर, शाखा, सूत्र आदिका उल्लेख आर्यवाङ्मयको विशेषता हो।

आर्य-वाङ्मयले विश्वलाई धेरै दिएको छ। कतै छास्मिसे भएर पनि आफ्नो मातृभूमिमा अर्थात् जन्मथलोमा आज पनि गोत्र-उच्चारणको साथमा बस्ने किरात कसरी मङ्गोलियन हुन पुगे ? यही नै आश्चर्यको कुरा छ। तर कसैले झूठो भन्दैमा या झूठा कुरा लेख्दैमा आश्चर्य मान्ने कुरा पनि छैन। बुद्धि लगाएर विचार गर्नु आवश्यक छ। बुद्धि खियाएर हेर्दा निश्चय नै गोत्र-परम्परा शुद्ध शास्त्रीय हो, मङ्गोलियन होइन। अत एव यो भन्न सकिन्छ कि गोत्र राख्ने परम्पराले पनि किरात मङ्गोल होइन। मंगोल-परिवारको कल्पना त सर्वथा व्यर्थ छ। भू० पू० मन्त्री कर्णबहादुर वान्तवाको घरमा उनैको पिता ८६ वर्षको वयोवृद्ध श्री मानबहादुर वान्तवा र ७८ वर्षीय जमदार दिगमसुर राई अनि भू० पू० मन्त्री कर्णबहादुरसहित गाउँघरका मान्यगण्य जनता, बूढापाका, मांगपा, बिजुवा आदिसँग निकै छलफल भयो। विशेष गरेर 'लासा' गोत्र र 'काशी' गोत्रको बारेमा चर्चा गरियो। काश्यप गोत्र, देवगोत्र, काशीगोत्र र लासा गोत्रहरूमध्ये 'लासा' गोत्रको केही अनौठो रीतिबारे चर्चा हुँदा लासाबाट आएका हुन् भने। यी लासामा राज गर्ने लासाहाङ्गका सन्तान हुन् भन्ने तर्कना पनि कुनैले गरे। कुनैले चाहिं लिम्बूहरूको अक्षरार्थलाई अंगालेर ला = भनेको चन्द्रमा हो र सा = को अर्थ छोरा हो भने। त्यसो हुँदा शाब्दिक अर्थ 'चन्द्रमाको छोरा' हुने भयो। यसले यो पनि सिद्ध भयो कि 'लासा' गोत्र भएका किरातहरू चन्द्रवंशी हुन्। तर लासा गोत्र राईहरूमा भएको हुनाले लिम्बूबोलीको अक्षरार्थ मान्य हुने कुरा विचारणीय छ।

भूसुरी, वाछापा, छोछापाको परम्परा के हो ?

प्रायः चामलिंगेहरूको आफ्नो बिजुवा, माङ्पाहरूबाट या उनीहरूको मुन्धुमबाट उपर्युक्त शब्द सुन्न पाइन्छ। भूसुरि = जेठा, वाछापा = माइला, छोछापा = कान्छा, कतै वान्तवा आदिले पनि रङ्गिचेपा रोमालो = जेठा, पारुहों डोलोपा = माइला, अनि सुरूली चाप्पारिकुप्पा = कान्छा यस प्रकारका परम्परालाई धेरै मुन्धुमे बिजुवा, माङ्पाहरूले मलाई सुनाए। तर कुनबाट कसरी जेठा, माइला, कान्छा भए ? यसको उत्तर भने कसैले दिएनन्। फेरि मैले शब्दको अर्थ पनि जान्नको लागि निकै नै कोशिश गरेर बिजुवा, माङ्पा र बूढापाकाहरूको संगत गरें। तर भूसुरी, वाछापा, छोछापाको अर्थ मुन्धुमे बूढाहरूलाई लागेन। यसै गरी रंगिचेपा, रोमालो, पारूहों डोलेपा, सुरूली चाप्पारिकुप्पाका पनि शाब्दिक अर्थ गर्न सकेनन्। भावार्थ पनि अल्ल-मल्लमा नै छ। निष्कर्ष त हुनु कठिनै छ। यस्तो पनि मुन्धुममा सुन्नुपर्‍यो। दिक्तेल सदरमुकाममा सी० डी० ओ० श्री परशु प्रधानको सहयोगले धेरै मुन्धुम जान्ने बूढापाका र बिजुवा, माङ्पा टाढाबाट बोलाएर जान्ने प्रयत्न गरियो। तर यसमा उत्तर र मीमांसा सन्तोषजनक हुन सकेन। यस्तै

खावा भू० पू० मन्त्री कर्णबहादुर राईजीको घरमा पनि भयो । दिल्पा परशुराम राईको घरमा त केवल गोत्रसम्बन्धी कुरा मात्रै चल्यो । तैपनि ९५ वर्षीय परशुराम राईसँग तीन दिनसम्म कुराकानी हुँदै रह्यो । प्रष्ट भएन ।

विचारणीय कुरा के छ भने पाछा, सामय विभाग गर्दा यो भूसुरि, वाछापा आदि जोड्ने हो कि ? सृष्टि-उत्पत्तिको सम्बन्धमा जोड्ने हो ? सृष्टिको कुरा लिएर जोड्ने हो भने सृष्टि भइसकेपछि कुनैबाट भूसुरि, वाछापा आदि जन्मे अनि त जेठा, माइला आदिका विभाग भए । सामयबाट जोड्ने हो भने पनि यसको निधो राम्ररी गर्नु आवश्यक छ । सामय अथवा सामेले इतिहास बताउँछ भनेका छन् । यस स्थितिमा कसको हाँगा भूसुरि, वाछापा हुन् ? यस प्रश्नमा झन् गहिरो भँवरी पऱ्यो । यस्तो केलाइ छनाइमा मुन्धुमेहरू सारै अभरमा परे । अभर पारौं भन्ने मनसुवाले सोधेको त होइन ।

गर्भाधान र गर्भरक्षा

केही राईहरूलाई छोडेर प्रायः सबैजसो राई, लिम्बू आदिहरूले विवाहवारी गरेपछि गर्भाधान कर्म पनि आफ्नो बिजुवा, माङ्पाहरूसँग गराउँछन । बिजुवाले आफ्नो मुन्धुमबाट गर्भाधान र गर्भरक्षाको पूरा विधान गर्छ । केहीले चाहिं गर्भरक्षाको मात्रै पूजा गर्छन् । यद्यपि आजकल यो प्रथा धर्स्किदै, मेटिंदै जाँदैछ, कतैकतै मात्र देखा पर्छ । तैपनि यो प्रथा अत्यन्त पुरानो हो । धेरै पुराना पुर्खा बूढापाकाहरूले पहाडको घर-गाउँहरूमा आज पनि गरेको देखिन्छ । केही नयाँ घुम्तीमा घुम्नेहरूले यो परम्परा र प्रथालाई नजाने पनि पुर्खाहरूले आज पनि मैतालु पेवा जतिकै पेवा पारेर राखेकै छन् । यस प्रकारले गर्भाधान केही कम नै भए पनि गर्भरक्षा त कुनै न कुनै रूपमा निकै खर्चिला पनि गर्छन् । तर गर्भवती विसञ्चो भई भने झन् वेस्मारी पाङदुरेको कोदोको जाँड र फेरि रक्सी पनि वनाएर कुखुराको पोथी एकजोडी र बिजुवाले भनेअनुसार गर्भभित्र छोरा छ भने एकजोडी भाले पनि जोडेर गर्भरक्षाको विधान पूरा गर्छन् । एक माना हुने खानेले मान्दछ भने अरू धेरै खर्च पनि गर्छ । गर्भवतीमाथि सेवला र कुर्वी घुमाएर काम्दै बिजुवाले फलाकेर पछि कुनैकुनैले गर्भवतीलाई आफ्नो र गर्भमा भएको वच्चाको रक्षाको लागि धागोको डोरा मन्त्र गरेर बाँधिदिन्छन ।

अब हामीले घोरिएर विचार गरौं कि यो प्रथा मंगोलियाको हो त ? यो परम्परा त मंगोलियाको जन्म हुनुभन्दा लाखौं वर्षपूर्वको आर्य=हिन्दूदर्शन र साहित्यमा पाइन्छ । केवल दुर्व्यसनले गर्दा सामग्री-उपकरणहरू मात्रै बेग्लिएको देखिन्छ । प्रथा त उही नै हो। उही आर्य । उही हिन्दू । मंगोलिया भए त उनीहरूमा=अर्थात् किरातहरूमा यी परम्परा नहुनुपर्ने हो । यो मंगोलियाको परम्परा होइन । शुद्ध हिन्दू=आर्य-परम्परा हो । त्यसै भएको हुनाले केही न केही यो परम्परा आफ्नै थलोमा कायम रहेकै देखिन्छ । त्यसो हुँदा निश्चय नै यो परम्परा मंगोलियाको होइन । मंगोलियाबाट आएको भन्नु त आफ्नो इतिहासको पत्ता नहुनु मात्रै हो । आफ्नो इतिहासको पत्ता नहुनु नै आफ्नो आत्मविश्वासलाई हत्या गर्नु हो । ठीक यही स्थिति किरातहरूको देखिन्छ ।

जन्मेपछि शुद्ध गर्ने चलन

अब विचारको कसौटीमा अरू कसिऔं त । कुनै किरातको अर्थात् राई, लिम्बू आदिको घरमा छोरा या छोरी जन्मे, घरमा सुत्केरी भए सुत्केरी भएको तीन, चार, पाँच, सात, दश, एघार दिनको भित्र नै

शुध्याउने चलन आज पनि छँदैछ। यो अवश्य छ कि शुध्याउने दिन मन परी जस्तो छ, तापनि धेरैले पाँच दिनदेखि सात दिनको भित्र शुद्ध गर्छन् अनि शुद्ध गर्दा तिल, गौंत, दूबो लिएर कतै बाहुनले मन्त्र पढेर शुद्ध गर्छ, कतैचाहिं बिजुवा, माङ्पा, धामी, झाँक्रीबाट शुध्याइन्छ। ती पनि भएन भने घरको या कुलको बूढाबूढी मान्छे बोलाएर दूबोले गौंत छर्केर शुद्ध गरिदिन्छ। छोरी भए तीन दिनमा शुद्ध हुन्छ र छोरा भए पाँच दिनमा शुद्ध गर्ने चलन देखिन्छ। केही दान-दक्षिणा दिने चलन पनि छ। जाँड रक्सी, कुखुरा, सुँगुर छोड्न नसक्नेहरूले शुद्ध गर्दा पनि यही नै अगाडि राखेर शुध्याउने गर्छन्। तर शुध्याउँछन् अवश्य। कुनै बिल्कुल नजान्ने छन् भने तिनका अर्कै कुरा हो। यस प्रकारले कुनै पाँच दिन र सात दिन त कतै सात दिन र ग्यारह दिनसम्ममा पनि शुध्याएको देखिन्छ।

के यो शुध्याउने चलन मंगोलियाबाट आएको हो त ? होइन। यो त विशुद्ध आर्यसंस्कृति हो। शुद्ध हिन्दूसंस्कृति हो। अनन्तकालदेखि चलिआएको आर्य-परम्परा हो। यस प्रकारको परम्परा किरातहरूको होइन भने कसको हो त ? यसको उत्तर छैन।

न्वाँगीले पनि मङ्गोलियन सिद्ध हुँदैन

किरातहरूको जीवन प्राचीनकालदेखि नै कृषिप्रधान रहेर आएको इतिहास पाइन्छ। त्यसो भएको हुनाले खेतीपाती गरेर जब न्वाँगीको बेला आउँछ, त्यतिखेर कतिले चाहिं कुल-पितृहरूलाई धानको बाला, उसैको चिउरा, नयाँ अदुवा, पाङ्दुरे कोदोको जाँड जसलाई आफ्नो भाषामा थी=वासीम=उम्माक आदि भन्दछन्, त्यस जाँडको दुइ चिण्डो केराको तुप्लामाथि नयाँ धानको अछेता, कोदो, चिउरा, माछा राखेर बिजुवा, फेदाङ्वा, माङ्पा आदिले फलाक्छन्। यी नभए घरको मुख्य मान्छे या कुनै बूढा मान्छेले केही जानेको मुन्धुम फलाक्छन्। एकतिर धेरै जस्ताले चाहिं भूमे न्वाँगी चढाउँछन्। यो 'भूमे देवता' के हो त ? भन्दा भूमिको भूमे भएको हो। अनि देवताको=देउता भएको हो। तर कतै सीममा हुने देउतालाई पनि 'भूमे देवता' भन्दछन्।

तर निश्चितै न्वाँगीको सामग्री चढाइने देवता 'भूमे देवता' नै हो। अर्थात् भूमिको अभिमानी देवता हो। जुन भूमिमा साढे चार अरब जनता बसेका छन्, ती जनतालाई समय-समयमा सबै कुरा उब्जाएर पूरा गरिराखेकी छन्। त्यस्ती भूमि देउतालाई किरातहरूले 'भूमे देउता' भनी न्वाँगीको बखतमा न्वाँगी चढाइराखेका छन्। यहाँ विचार गर्नुपर्ने कुरा यो छ कि यो न्वाँगीको सिर्जना मङ्गोलियामा भयो त ? के मङ्गोलियामा न्वाँगी गर्ने चलन छ त ? के नेपालका किरातहरूको जस्तै मङ्गोलियामा न्वाँगी गर्छन् त ? यसको उत्तर छैन। त्यसो भए न्वाँगीमा 'भूमि देवता' को अर्चना निश्चितै हिन्दू=आर्यसंस्कृति हो। त्यसो हुँदा किरात शुद्ध आर्य हुन्।

टुप्पी राख्ने परम्पराले पनि मङ्गोलियन सिद्ध हुँदैन

किरातहरूमा टुप्पी राख्ने चलन पनि आधुनिक होइन, किनभने ऋग्वेदको शम्बर, वर्चिन् आदि र ऐतरेयब्राह्मणको महीदास आदि सबै किरातै थिए। पौराणिक सूत, जसले नैमिसारण्य तीर्थमा ८८ हजार ऋषिहरूलाई पुराण सुनाएका थिए, ती सर्वशास्त्रपारंगत विद्वान् सूतजी पनि किरातै थिए। रामायण, महाभारत, तन्त्र आदिमा उल्लेखित बली, रन्तिदेव, हिरण्याक्ष, हिरण्यकशेपु, प्रह्लाद, लवणासुर, विराट्, पर्व, जितेन्द्रद्राष्टी, बुद्ध, भगदत्त, यलम्बर आदि किरातकुलका राजा-महाराज, सम्राट्, वीर, विद्वान्,

त्यागी, तपस्वी थिए । यी सबै टुप्पी राखेर नै विश्वमा जूनघाम जस्तै चम्किएका थिए । त्यसै भएको हुनाले त हजारौं र लाखौं वर्ष पुराना हाम्रा पूर्वजहरूका नाम आज पनि हाम्रो प्राचीन इतिहासमा सुरक्षित पाउँछौं । यस्ता आर्यवीरहरूका सन्तान किरात हुन् । तर बीसौं शताब्दीका धेरै त होइन छासमिसे किरातहरूले पनि हामी मङ्गोलियन हौं भन्न थालेका छन् ।

तर यो कुरा कानमा पर्नेबित्तिकै प्रश्न उठ्छ । के टुप्पीको सिर्जना मङ्गोलियामा भएको हो त ? सही कुरा यो छ —अर्कालाई चोर भन्न सजिलो हुन्छ, भरै चोर साबित गर्नुपरेमा ऐय्याआत्था हुन्छ । साँचै भनौं भने यो होश नभएको जोश मात्र हो । आफ्नो इतिहासको गन्ध पनि नसुङ्नेहरूको कुरा मात्र हो । टुप्पी अर्थात् शिखा राख्ने परम्परा शुद्ध आर्य=हिन्दूहरूको हो, न कि मङ्गोलियनको । प्राचीन किरातहरूले त टुप्पी राख्थे नै, बीसौं शताब्दीका किरातबूढाहरूले पनि टुप्पी राखेकै छन् । यी बूढापाकाहरूलाई टुप्पी राख्ने अर्ती कहाँबाट मिल्यो ?

यसको सरल उत्तर छ आफ्नो पुर्ख्यौंली परम्पराबाट । तर यो परम्परा अन्धपरम्परा होइन, शुद्ध आर्य=हिन्दू-इतिहासमा भएको परम्परा हो । वैदिक र वैज्ञानिक परम्परा हो । त्यसो भएको हुनाले त 'यत्र वाणा विशिखा इव पतन्ति' भनेर उल्लेख भएको छ । यत्रो औधि पुरानो पुर्ख्यौंलीलाई दुइ चारजना नयाँ खालेले टुप्पी राख्नु हाम्रो परम्परा हैन भनेर हुन्छ ? शोधखोज गरेर ल्याउँदा आजसम्म पाइएको साक्षीले यही बुझियो कि मंगोलियामा टुप्पीको परम्परा छैन। ईसाभन्दा चार सय वर्षपूर्व केही बौद्ध-विद्वान्हरू नालन्दाबाट बौद्धधर्मको प्रचार गर्न जाँदासम्म पनि मंगोलियाको विकासको पत्ता नै थिएन । टुप्पीको त के पत्ता होस् र ? कतै चीनको, कतै रूसतिरको गोठालाहरू कैलेकाहीं अवश्य पुग्थे होलान् जब मिश्रको साम्राज्य १६०० देखि १२०० ई० पू० सम्म थियो । असीरियनको साम्राज्य ११ देखि ७ ई० पू० सम्म थियो । वेबीलोनियाको साम्राज्य १८७० देखि ६१०–५३९ ई० पू० सम्म थियो । पर्शियाको साम्राज्य ५५९ देखि ४७९ ई० पू० सम्म थियो । सिकन्दर महान्को साम्राज्य ३३८ देखि ३२९ ई० पू० सम्म थियो । रोमन साम्राज्य २७ ई० पू० देखि ६०० ई० सम्म थियो । अरव साम्राज्य ६३५ देखि ७३२ सम्म रह्यो भने मंगोल साम्राज्य त १३ शताब्दीदेखि त भएको हो । जहाँ मंगोल साम्राज्यको उदय नै हिजको कुखुराको फुल जस्तो छ भने लाखौं वर्षदेखि आफ्नो जन्मथातमा बस्ने किरातहरूलाई मंगोलियन हो अथवा मंगोलियाबाट झटारिएर आएका हुन् भन्ने पाश्चात्य इतिहासकारहरू सपनामा वडवडाएका मात्रै हुन्, विपनामा होइन । उनैका गोडेटो पैल्याउने हाम्रा भनाउँदाहरूले पनि हंकारे भने त बुद्धि-बेचुवा भइहाले । त्यस्तासँग के मतलब ? जसमा विश्वास छैन, ती ज्यूँदै मुर्दासमान हो । अतः यो भन्न सकिन्छ कि किरातहरूले टुप्पी राख्दथे । टुप्पी राख्ने किरात विशुद्ध आर्य=हिन्दू नै हुन् । जिद्दीले होइन; किरातहरूकै संस्कृतिले आर्य=हिन्दू बताइराखेको छ । किरातहरूकै आधारभूत प्रमाणले किरात हिन्दू हो भनिराखेको छ । त्योभन्दा ठूलो प्रमाण खोज्ने आवश्यकता छैन । वर्तमान समयमा पनि भारत, नेपालका अनेक प्रान्तहरूमा पाइने समस्त किरातवर्गले टुपी राखेकै छन् । यी पचास वर्षभित्र केही नयाँ किरातहरूले अथवा उनैको होहल्लामा लागेर टुपी छोड्नु अर्कै कुरा हो ।

धनुषकाँडले पनि मङ्गोलियन सिद्ध हुँदैन

किरातहरूमा छोराछोरी जन्मेपछि शुद्ध गर्ने चलनले पनि किरात मंगोलियन सिद्ध हुँदैन भनिसकियो । अर्थात् योभन्दा पूर्व प्रकरण आदिमा विश्लेषण गरिसकियो । ती प्रकरणहरूमध्ये छोरा-छोरी

गुध्याउँदा धनु, काँड र साँचो, थुरी चढाउने सामग्रीबारे छुट्टै विचार गर्नु आवश्यक बुझियो। त्यसो भएको हुनाले यहाँ यस प्रकरणलाई छोटकरीमा राखिंदै छ। गैह्रिएर ध्यान दिनुपर्ने विषय छ। छोरा जन्मे पनि छोरी जन्मे पनि सुत्केरीबाट चोख्याउँदा कतिपय किरातहरूले गौरवको साथमा चेलीबेटी, बिजुवा अथवा आफूभन्दा ठूला मान्छेले गौंत र तिल, दूबो,[1] पाती अनि कुरिलोले होम गर्ने गर्छन्। त्यो होम भइसकेपछि छोरा भए धनुकाँड बनाए चढाइदिन्छन्। देखाइदिन्छन्। छुवाइदिन्छन्। छोरी भए तान बुन्ने साँचो र थुरी बनाएर चढाइदिन्छन्।

के यो धनुषकाँडको सृष्टि मंगोलमा भएको हो त? के साँचो र थुरीको परम्परा मङ्गोलको हो? यसको इतिहास पैल्याउँदै लैजाँदा मंगोलको पुरानो इतिहासमा पाइँदैन। मंगोलमा केही पाइन्छ भने आर्यावर्तबाट र आर्यवाङ्मयबाट सल्किएर गएको मात्रै पाइन्छ। धनुषकाँडको अत्यन्त पुरानो परम्परा त केवल हिन्दू-वाङ्मयमा मात्रै पाइन्छ। यस धनुषकाँडलाई[2] धारण गर्ने वीर रघुवंशी क्षत्रियहरू थिए, जुन वंशमा दिलीप, रघु, अज, दशरथ, साक्षात् भगवान् रामले अवतार लिएर धनुषकाँड धारण गरे। अनि खर, दूषण, त्रिशिर आदिलाई मारे। त्यसपछि विश्वमा प्रसिद्ध रावणलाई मारे। रामले यसै धनुषकाँड लिएर वीरता देखाए। त्यही वीरत्वसूचक धनुषकाँड चामलिंगे आदि कतिपय किरातक्षत्रियहरूले आफ्नो छोरा जन्मँदा भिराइदिने गरेका हुन्। प्राचीन आर्यवीरहरूका धनुषकाँड मुख्य हत्यार थिए। के यस प्रमाणले किरात मंगोल सिद्ध हुन्छ त? यस प्रमाणले त किरात सूर्यवंशी क्षत्री नै सिद्ध भएको देखिन्छ। मनुस्मृतिमा र महाभारतादिमा त्यसै भएको हुनाले त क्षत्रियहरूमा गणना गरेका छन्। रह्यो छोरी जन्मेपछि चोख्याउँदा साँचो र थुरी भिराइदिने चलन; यो पनि मंगोलियाको होइन। मंगोलिया देशको उदय हुनुभन्दा लाखौं वर्षपहिले नै आर्य=किरातहरूले तान बुन्न जानिसकेका थिए। यसको उल्लेख ऋग्वेद आदिमा[3] मनग्य भएको छ। हेर्नुहोस्। 'वेदमा के छ?' र 'प्राचीन हिन्दू विज्ञान' भन्ने ग्रन्थ मनन गर्नुहोस्। आफैं आँखा उघ्रनेछ।

यस रीतिले पनि किरात मंगोलबाट आएको सिद्ध हुँदैन भने 'हामी मंगोलियन हौं' कुन प्रमाणले भन्ने? साँचो भनौं भने अंग्रेजी शिक्षाले जहाँ एक-दुइ अक्षर सिखेर पढेर छाती खोलेका छौं भन्ने घमण्ड भरियो, त्यहीं नै आफ्नो इतिहासमाथि आफैं थुक्ने पनि जन्मिए। अर्थात् आत्मविश्वास हराउँदै गए। आफूलाई बिर्सिंदै गए। त्यसो भएको हुनाले सिखौराहरूले हामी मङ्गोलियन हौं भन्न थाले। तर यो भन्न थालेको दश-वीस वर्ष जति मात्रै हुन लागेको छ; त्यो पनि पाश्चात्यहरूका अधौरे इतिहास पढेर। पुरानाखाले पुर्खाहरूले त आज पनि मानेका छैनन्। अब नयाँखालेहरूका हल्लाले गर्दा कुनैकुनै बूढाहरूले पनि देखासेखी भन्न थाले भने त्यो अर्कै कुरा हो। तर राम्ररी घोरिएर आफ्नो इतिहासलाई हेर्ने हो भने किरात मङ्गोलियन होइनन्। मङ्गोलबाट उब्जेर आएका होइनन्। मङ्गोलियाबाट जन्मिएर झटारिएका पनि होइनन्। अनार्य पनि होइनन्। के हो भने किरातक्षत्रिय हुन्। आर्यावर्त हिमवत्खण्ड खास जन्मथलो

---

१. दुर्वाया इव तन्तवः (ऋक० १०।१३४।५)

२. अहं रुद्राय धनुरातनोमि (ऋ० १०।१२५।६)

३. नव्यं नव्यं तन्तुमातन्वते [ऋ० १।१५९।४]
तन्तुं ततं सम्वयन्ती समीची [ऋ० २।३।६]
वस्त्रा पुत्राय मातरो वयन्ती [५।४७।६]

हो। अनार्य होइन अपितु आर्य=हिन्दू नै हुन्। मानवै हुन्। यी माथिका प्रमाणले सिद्ध गर्छ। हामीले जिद्द या जबरजस्ती गरेको होइन। किरातहरूका मान्यता, संस्कृति, सभ्यता, पूजा-पाठ, दान, धर्म आदिले नै सिद्ध भएको देखिन्छ।

दैलामाथिको गणेश र नागपूजाले पनि मङ्गोलियन सिद्ध हुँदैन

प्रायः कुनै न कुनै रूपमा किरातहरूका दैलामाथि कुनै इष्टदेवको रेखा अथवा चिह्न बनाएर पुजेका हुन्छन्। कुनैले जानी नजानी बाङ्गो टेढो रेखा खिचेर पुतले पाङ्ग्रे रङ्ग विरंगे बनाएर गोबर र दहीमा मुछेको अछेता टाँसेर गोबरैमाथि दूबो पनि टाँसेको हुन्छ। त्यो के गरेको भन्दा गणेश देउतालाई पुजेको भन्छन्। यो कुनै खास वार, तिहार, कुनै पर्वहरूमा गर्छन्। कुनैले बाहुनलाई बोलाएर विधिपूर्वक गर्छन्। कुनैले आफैं बनाएर आफैं पूजा गर्छन्। कुनैले चाहिं निकै राम्रो गणेशकै मूर्ति राखेका हुन्छन्। कतै दैलोको संगारैमा पनि लिपेर पूजा गर्छन्। फेरि दैलोको भित्रतिर बाटोचाहिं 'माङ्चेम' भन्ने देउताको पूजा गर्छन्। यस 'माङ्चेम' लाई कसैकसैले पारुहाङ्को छोरो गणेश भनेर पूजा गर्छन्। कसैले चाहिं विश्वकर्मा भनेर पूजा गर्छन्। तर पूजा भने दैलोमाथि नै गर्छन्। चाहे भित्र होस् अथवा बाहिर। कतै संगारमा गर्छन्।

तर के गणेश पुज्ने चलन मङ्गोलियाको हो र ? के विश्वकर्मा देवताको पूजा गर्ने चलन मङ्गोलिया-
बाट सल्केर आएको हो त ? यसको सीधा उत्तर --होइन। कसैले पौंठेजोरीमा अथवा हाईब्लडप्रेसरको
रन्कोमा श्वनिहाले भने पनि मङ्गोलियाको प्राचीन इतिहासमा कतै उल्लेख छ त ? वस्तुतः मङ्गोलियाको
प्रकाश भएको दुइ हजार वर्ष पनि भएको छैन। त्यसको प्राचीन इतिहास नै कहाँ छ र ? ई० पू० २ र ३
शताब्दीमा त भारतखण्डबाट नै धर्मप्रचारका लागि गएका थिए। त्यसो हुँदा केही छ भने पनि यतैबाट
गएको मात्र हो। उसको आफ्नो पुरानो धरौटे पेवा केही पनि छैन। गए पनि यतै अर्थात् भारत आदि-
बाट नै गएका हुन्। यहाँसम्म कि सरस्वती र कालभैरव आदिका मूर्ति र उपासना-पद्धति पनि यतैबाट
गएका हुन् भनेका छन्। त्यसो हुँदा गणेश र विश्वकर्मा-पूजक किरात कसरी मोङ्गोलबाट आए ? व्यर्थको
नहुँदो कुरा मात्रै हो।

पितृपूजाले पनि मङ्गोलियन होइनन्

किरातक्षत्रियहरूमा राईहरूले केही शताब्दीदेखि स्वतन्त्र रूपले पितृपूजा गर्ने गरेका छन्। यो
पितृपूजा के हो भने एक प्रकारको श्राद्ध नै हो। तर किरातराईहरूले पितृपूजालाई 'माङ्छा' र 'माङ्छामी'
पनि भन्दछन्। वस्तुतः जति राईहरू छन्, उति नै भाषा बोली. पनि फरक भएको हुनाले एक राईको
भाषा अर्को राईले बुझ्दैन। तैपनि आफ्ना आफ्ना घरमा मूल ओच्छ्यान हुन्छ। सामुन्नेमा अगेना हुन्छ।
अगेनामा तीनोटा लाम्चे लोहोरे ढुङ्गा गाडेर चुला बनाइएको हुन्छ। कसै-कसैकोमा तीन चुला हुन्छ।
अनि सबैभन्दा भित्रको चुलालाई माछकोलम्बु भन्छन्। 'माछकोलम्बु' को अर्थ पितृ हो। यस चुलालाई
अर्को पाछाकोले छुनु हुँदैन। बाँकी क्रमैले हरेक चुला ढुङ्गामा पुजिने देवता यी हुन्—माखोलों, पाखोलों,
साम्बिलों। यीमध्ये माखोलोंलाई विष्णु भनेर मान्छन्। 'पाखोलों' लाई शिवजी भनेर मान्छन्। अनि
'साम्बिलों' लाई ब्रह्मा भनेर मान्दछन्। यसैलाई अर्का जातिका राईले सुतलुंग, पुतलुंग र मीलुंग
भनेर मान्दछन्। तर अर्थ र मान्यता उही हो। तर कैयौंले मुन्धुमको अर्थ नबुझेका हुनाले केही फरक पनि
भन्न सक्छन्।

तर पितृपूजाले पनि किरात मंगोलियन सिद्ध भएनन्, किनभने मरेको पितृपूजन शुद्ध आर्य = हिन्दूहरूको संस्कृति हो । केवल सामग्रीमा मात्र अन्तर छ । दुर्व्यसन र अशिक्षाको कारणले गर्दा सामग्रीहरूमा भिन्नता हुन गएको हो । चुला ढुङ्गामा मानिने देवता पनि शुद्ध हिन्दू नै हो । त्यो पनि मूल शास्त्रहरूमा उल्लेखित ब्रह्मा, विष्णु र शिव जस्तो इष्टदेव छ; के ती किरात अनार्य मंगोल हुन् त ? निश्चय पनि मंगोल होइनन् । जसको यति पुरानो इतिहासको उल्लेख हिन्दू-वाङ्मय वेद, ब्राह्मण, आरण्यक, पुराण, तन्त्र, ज्योतिष आदि प्राचीन साहित्यमा पाइन्छ भने त्यो जाति कसरी मङ्गोलियन हुन सक्छ ? डार्विनको केटाकेटी जस्तो खेलाँची कुराले सर्घा ढाक्न सकिन्न ।

पाछाले पनि मङ्गोलियन सिद्ध हुँदैन

देवसा या देवसाली पाछा थुलुङ्गेहरूमा हुन्छ । तर 'देवसा' पाछा सोलू जिल्लाको देवसा भन्ने ठाउँको नामबाट परेको हो । त्यसो हुनाले देवसा या देवसाली पाछाले पुकार्ने गरेको हो । त्यसै प्रकारले रावली रापाखोलाको शिर र छेउछाउमा बस्ने भएको हुनाले रावाली परेको हो । सावाखोलाको आसपासमा बस्नेहरूलाई सावाली पाछाले पुकार्ने गरे । खल्लेबाट बसाइँ जानेलाई खाल्ले, सोताङबाट जाने या बसोवास गर्नेलाई सोताङ्गे, सुङ्गदेलबाट जानेलाई सुङ्गदेले, बाङ्गदेल, नेर्पाली, दोर्पाली, दोबाली छा आदि नाम-सम्बन्धित गाउँहरू सगरमाथा अञ्चलको जिल्ला खोटांग, ओखलढुंगा, सोलुखम्बूमा छन् । बोखिम, दिल्पा, साङ्गपाङ्ग, याङ्गपाङ, कुलुङ, दिवलुङ, डिप्रुङ आदि कोशी अञ्चलमा पर्छन् । त्यसो भएको हुनाले यो नाम संक्षेपमा याद राख्नुहोस् ।

सुङ्गदेल बाङ्गदेल अरू नेर्पा दोर्पा ।
बोखिम दिल्पा अनि छोर्मु बुइँपा ॥

साङ्गपाङ्ग याङ्गपाङ्ग छ त आमचोक ।
कुलुङ्ग लुमखिम दिवलुङ्ग डिप्रुङ ॥१॥

देवसा र काङ्गेल जुवुले छ हामखिम् ।
थुलुङ्ग खालिङ्ग अनि बुङ्ग नाम ॥

परेछ कहिले किन गाउँ ठाउँ ।
यो भन्न सक्ने छ कि, खप्पि नाम ॥२॥

लिंखिम चामलिंग तब हाङकुले छ ।
यसै गरी जान्नु छ बांकुले पनि ॥

किरात जात जति बढ्न खोज्छन् ।
उति उति नाम र गोत्र बढ्छन् ॥३॥

कुन नाम सत्य भनि जान्नुपर्ने ।
कस्लाई थाहा छ कि यो कुरा भन ॥
लसर पसर भैकन बाँचिहाल्छौं ।
चाहिन्न कैले पनि गोत्र नाउ ॥४॥

भनी दारा धस्ने अबुझ शठ माथि छकपरी ।
गरी धन्य काम वर पर विचार गरिगरी ॥

यस्ता परम्परालाई विचार गर्दा 'पाछा' मा परेका शब्दहरू भरत-खण्ड, जम्बूद्वीपभित्र पर्ने कुनै संज्ञावाचक शब्दबाट धेरैजसो 'पाछा' राखिएको देखिन्छ। त्यसैले पनि किरातहरूको पैतृक इतिहास आर्यावर्त नै हो भन्ने प्रष्ट हुन्छ ।

*

किरात शब्द कुन भाषाको हो ?

डा० सिलवल लेवीको भनाइ ठीक छ, किनभने बरालिंदै गए पनि ''त्यो हिमालय वास्तवमा उसैको हो, जो त्यहीं आदिकालदेखि बसिरहेका थिए। अनि ऐले पनि बसिरहेका छन्।'' तर कतै अपमान र कतै सही सम्मान दुवै उल्लेख गरेका कुराहरू तत्तत्स्थानहरूमा प्रष्ट छ।

तर शरच्चन्द्रदासको मत भ्रामक छ। उसैको नक्कल बालचन्द्र शर्माले गरेको हो। यस्ता अनेकौं लेखालीहरू छन्, जो आफ्नो मत विवेचनाभन्दा अर्काको मतलाई महत्त्व दिन्छन्। तर यस्ता पनि कैयौं छन् कि आफ्नो पक्षमा केही प्रमाण र युक्ति नभए पनि आफ्नो मतलाई सही ठीक मान्छन् त कैयौं यस्ता छन् जो अर्काको मतलाई कपोलकल्पित अप्रामाणिक मान्नुमा सधैं कमर कसिराखेका हुन्छन्। कैयौंमा त्यत्रो औधि शोधखोज र पढाइ लेखाइको ज्ञानै हुँदैन, तर 'मन्द कवियशः प्रार्थी' भन्ने कालीदासको उक्तिलाई सार्थक पारिराखेका हुन्छन्। प्रष्टरूपले कुरा गरिहालौं भने पहिले त बुद्धि नै छैन। भए पनि मन्द छ। तर ठूलाठूला कवि र लेखकहरूका यश आर्जेर हिमाचलको चुचुरामा पुग्न खोज्छन्। यस्ता वज्रस्वाँठेहरूको दुनियाँमा खाँचो छैन। उल्टै 'चोर पाले ढाँट' जस्तो पनि गर्छन्। यस्तै खालेहरूबाट लेख्ने अधिकाररहित कुचेष्टाले समाजमा एकातिर केही उपकार भएको छ भने एकातिर अनधिकारी चेष्टाले ऐतिहासिक ज्ञानको ठूलो हत्या भएको देखिन्छ। यस रीतिले भविष्यमा पनि यो हत्या जारी नै रहनेछ। त्यसो हुँदा असत्यको पर्दामा नटाँसिएर त्यसदेखि भित्र पसे आफैं सत्य छर्ल्याङ्ग भएर देखिनेछ। यस्तै किरात शब्द पनि हो।

'हामी मंगोलियन हौं' भन्नेहरूलाई 'किरात शब्द कुन भाषाको हो ?' भनेर मैले धेरै व्यक्तिहरूलाई सोध्ने अवसर पाएँ। अनि उत्तर सुन्दा छक्क परें। धेरैले अंग्रेजीको भने। कुनै-कुनैले 'किरातहरूकै किरात शब्द हो' पनि भने। केके भनेभने। मनपरी भने। यीमध्ये कैयौं त भाषाविज्ञानको पुच्छर निमोठ्ने, भुत्ला उखेल्नेहरू पनि थिए। यी माथिका प्रश्नहरू मैले अपठितहरूसँग गरेको होइन। कैयौंले चाहिं के भने भने 'शब्द कुनै भाषाको भए पनि के भो ? मेरो जानकारीमा उर्दूको हो।' यहाँ म दूध-पानी छुट्याउने पाठकवृन्दसँग न्याय चाहन्छु।

तर यहाँ धैर्यको साथमा एउटा घटना सुनिहाल्नुहोस्। एक स्कूलमा एउटा निरीक्षक निरीक्षण गर्न गएछ। निरीक्षक आएको खबर पाएर सबै विद्यार्थीहरू भेला भए। ती विद्यार्थीहरूमध्ये एकजना विद्यार्थीलाई निरीक्षकले सोधे —२५ को पाहाडा। विद्यार्थीले उत्तर दियो, 'म यस विद्यालयको विद्यार्थी होइन।' निरीक्षकले रिसिएर आँखा चढाउँदै भने, 'फेरि कहाँका हौ त ?' विद्यार्थीले भन्यो, 'म त अर्कै विद्यालयको विद्यार्थी हुँ।' अब निरीक्षकले रिसले भुतुक्क भएर विद्यार्थीतिर हेरेर भने, 'यो के तमासा हो ? अनि यस विद्यालयको विद्यार्थी को हो त ?' विद्यार्थीले भन्यो —'ऊ सेनीमा हेर्न गयो, मेरो साथी भएको हुनाले म यहाँ उपस्थित मात्र भएको हुँ।' यो कुरा सुनेर निरीक्षकले रिसले मुर्मुरिएर हेडमास्टरतिर घुमेर भने, 'यो के तमासा मचाएका छौ ? तिमीहरूलाई म ऐले नोकरीबाट निकालिदिन्छु, के सम्झेका छौ ?' धेरै रिसको झोंकमा तम्साउँदा हेडमास्टर डरले छलछल्ती भएर भन्यो, 'माफ गर्नुहोला। क्षमा गर्नुहोला। माफ पाऊँ। म यस विद्यालयको हेडमास्टर होइन। अर्को विद्यालयको हुँ। मेरो साथीले यसो हेरचाह गरिदिनू है

भनेको हुनाले मात्रै म यहाँ उपस्थित भएको हुँ।' यो सुन्नेबित्तिकै निरीक्षकले भन्यो, 'फेरि यस विद्यालयको हेडमास्टर कहाँ गए त ?' उसले उत्तर दियो, 'फुटवल मैच हेर्न गएको छ।' 'त्यसो भए तिमीहरू सबै जाली रहेछौ। तिमीहरूलाई म ऐले तुरन्त निकाल्छु।' यो कुरा सुनेर मास्टरले हात जोड्यो। माफी मागो। बल्ल बल्ल निरीक्षक माफी दिंदै भन्छ, 'लु त्यसो भए अबदेखि त्यसो नगर्नू। यस्तो भूल गरेछौ, म पनि मेरो साथीको ड्यूटी लिएर आएको हुनाले मात्रै छोड्दै छु। असली निरीक्षक भए त तिमीहरूको बेहाल हुने थियो।' ठीक यही दशा यहाँ पनि भयो भने त्यसको के चारा ? नालीवेली पैल्याउनेहरूले त उपर्युक्त घटनालाई घट्न नदिएर सत्यलाई स्वीकार गरिहाल्नेछन्।

*

किराँती हो कि किरात ?

आजभोलि कतिपयले आफ्नो गौरव राख्नको लागि आफ्नो प्राचीन ऐतिहासिक नाम लेख्न थालेका छन् । अनि आफ्नो गौरवमय नाम लेख्नु नराम्रो पनि होइन । तर कुनै पनि शब्द होस्, त्यसको आफ्नो अर्थ हुन्छ । त्यसमा आफ्नो इतिहास लुकेको हुन्छ । त्यस शब्दले आफ्नो इतिहासलाई प्रष्टाएको हुन्छ । कुनै नाम अथवा कुनै शब्द निरर्थक हुँदैन । सबै सार्थक हुन्छन् । तर केही शब्द तत्सम नै भएर प्रयोग भएको हुन्छ; जस्तै—नेपाल, राष्ट्र, भाषा, काल आदि । केही शब्द तद्भवरूपमा प्रयोग भइराखेका हुन्छन्, जस्तै—भात, राति, नेर आदि । तर कैयौं शब्द यस्ता पनि छन्, जो तत्सम र तद्भवदेखि बाहिर मनपरी प्रयोग भइराखेका हुन्छन् अनि जाने बुझे पनि 'धेरै पुरानो भइसक्यो । धेरै प्रचलित भइसक्यो ।' भनेर सच्याउन चाहँदैनन् । कतिले चाहिं जानेकै हुँदैन, तर सुनेको भरमा परम्पराबाट प्रयोग गरिराखेका हुन्छन् तर हावा, पानी र अशिक्षा, कुसंगत आदिले गर्दा सारै भ्रष्ट अथवा अशुद्ध उच्चारण गरिराखेका हुन्छन् । त्यस्तै 'किराँती' शब्द पनि हो । यो शब्दले लाखौं वर्ष पुरानो इतिहासलाई ओगटेर आएको छ । अनि प्राचीन आर्य=हिन्दू-वाङ्मयमा गौरवका साथमा उल्लेख भएको पाउँछौं । तर 'किराँती' शब्दको उल्लेख छैन । त्यसो हुँदा कुनै शुद्ध उच्चारण नभएको नाके बोली बोल्ने मान्छेको परम्पराबाट यस शब्दको बोलाइ र लेखोट प्रचलित भएको हो । फेरि कतिले चाहिं ईकार हटाएर 'किराँत' लेख्ने गरेका छन् । यी दुवै लेखाइ र बोलाइ अशुद्ध हो, किनभने यस शब्दको प्रयोग हजारौं होइन अपितु लाखौं वर्षदेखि चली आएको हुनाले वेद, पुराण, सूत्र, तन्त्रादि साहित्यमा यसको शुद्धरूप 'किरात' नै पाउँछौं । किनभने शब्दको नियन्त्रण व्याकरणले गर्छ, त्यसो भएको हुनाले व्याकरणवाट पनि 'किरात' शब्द नै सिद्ध हुन्छ । यहाँ 'किरात' शब्दको विग्रह गर्दा किरात 'किर' + 'अत' यी दुइ शब्दबाट बनेको हो । दीर्घ सन्धि भएर किरात शब्द शुद्ध बनेको हो । अतः 'किराँती' होइन, 'किरात' हो ।

*

किरातासुरको उल्लेख

असुरवंशी राजाहरूले लडाइँमा हारेपछि पूर्व भारत देश आई नरकासुर, दानासुर, महिषासुर, किरातासुर नाउले धेरै वर्षसम्म राज्य गरे।…'किरातहरू असुरवंशका नै थिए।' (मे० दे० म० पृ० नं० १६) यी पङ्क्तिहरूमा उल्लेखित 'किरातासुर' शब्दको प्रयोग हाम्रो इतिहासमा कहाँ भएको छ ? यसको उल्लेख सप्रमाण हुनुपर्ने हो। तर प्रमाणहरूको उल्लेख नभएको हुनाले प्रामाणिक मान्न सकिंदैन। किनभने किरातहरूलाई 'असुर' अर्थात् राक्षस=दानव हो भन्न खोजेको हो कि अरू नै केही तात्पर्य छ ? 'असुर' शब्द वैदिक कालमा परमात्मवाचक आदि देखिन्छ। ऋग्वेद आदि ग्रन्थहरूमा असुर शब्द पर्याप्त मात्रामा पाइन्छ। तर हीन अर्थमा छैन। एक वर्ग विशेषको नाम मात्र हो। यसै गरी 'किरात' शब्द पनि यजुर्वेद, अथर्ववेददेखि लिएर समस्त हिन्दू-आर्यवाङ्मयमा पाइन्छ। तर 'किरात+असुर'=किरातासुरको आनुपूर्विक प्रयोग पाइँदैन। 'आर्यवंशीहरू आफूलाई सुरवंशी भन्दथे र अनार्यवंशीहरूलाई असुरवंशी भन्थे। किरातहरू असुरवंशका नै थिए।' (मे० दे० म० पृ० नं० १६ मा १) भन्ने कुरा ऐतिहासिक दृष्टिले पनि घत पर्दो छैन। सुर र असुरवंशको आर्य र अनार्य अर्थ हाम्रो इतिहासमा कहीं लेखेको छैन। सुर र असुरको उल्लेख शतपथब्राह्मणको उत्तर भाग वृहद्दारण्यक-उपनिषद् र छान्दोग्य-उपनिषद्हरूमा मनग्य भएको छ। तर आर्य र अनार्य लेखेको छैन। सुर र असुर, जेठा र कान्छा भाइ, को लडाइँ भएको इतिहास एकदम राम्रो प्रष्टिएको छ। के आज पनि जेठा र कान्छाको बाजाबाज अथवा लडाइँ हुँदैन र ? मार काट हुँदैन र ? हुँदैन भने दुनियाभरको अखबार र पत्र-पत्रिका आदिमा किन प्रकाश गर्छन् ? अनि आँखाले पनि देखिराखिएको छ। इतिहासले पनि बताइराखेको छ। जनता र राजा-महाराजहरूको आ-आफ्नो जेठा र कान्छा भाइ-भाइमा शुंगसातवाहन, कुषाण, गुप्त, राजपुत, मुगल आदिको इतिहासले बताउँदैन र ? त्यसो हुँदा सुर र असुर अलग होइन। आधुनिक इतिहासको पानामा दगुर्नेहरूले ठूलो भूल गरेका छन्। यी एउटै बाउका छोरा हुन्। रह्यो आर्य र अनार्यको कुरा; त्यो त सुरहरूमा पनि आर्य र अनार्य हुन्छ। असुरमा पनि आर्य र अनार्य दुवै हुन्छ। आर्य शब्दको अर्थ सभ्य, कुलीन, साधु, सज्जन आदि हो। अनार्य शब्दको अर्थ असभ्य, अशिष्ट, असाधु, दुर्जन, मूर्ख आदि अर्थ हुन्छ। त्यसो हुँदा आर्य र अनार्य शब्दको प्रयोग हरेकरूपले व्यापक अर्थमा छ।

यो भ्रम किन हुन गयो भने संस्कृतको ज्ञान नहुनाले र संस्कृतसँग नाक चेपारेको हुनाले यसो हुन गयो। त्यसो हुँदा अंग्रेजीको धक्कूले हाम्रो इतिहासको मेसो पैल्याउने कुरै छैन। त्यस्तै पाश्चात्यहरूले कनी कुथी लेखेको इतिहासलाई गुरु थापेर पनि नेपाली इतिहासको नालीबेली पैल्याउने काम आफैंलाई बेची खानु मात्रै हो। आफूलाई बेच्दा यस्तै रीतिले आफ्नो इतिहासको हत्या भयो। भविष्यमा पनि इतिहासको हत्या जारी रहनेछ। 'मेचीदेखि महाकाली'को पृष्ठ नम्बर १६ बाट अर्को कुरा नयाँ के बुझिन्छ भने ऐलेसम्म त किरातहरू मङ्गोलियाबाट मात्रै भत्तुवा भएर आएका भन्दथिए, तर मे० दे० म० पृ० नं० १६ ले त किरातहरू मिश्र र बोविलोनबाट पनि भत्तुवा भएर आएका रहेछन्। हुनु पनि हो किरातहरू आजको युगमा आफ्नो इतिहास सम्झन सक्ने जन्मेका छैनन्। त्यसो भएको हुनाले जे लेखिदिए पनि भै- हाल्यो। किनभने आजको किरात अशिक्षा र दुर्व्यसनको खोइरामा जाकिएका हुनाले घिच्रोसम्म पुरिएका छन्, घाँटी यता उता घुमाउने किरातहरूमा शक्ति नै छैन।

तर भन्नु यो छ कि किरातहरू मिश्र, वेबिलोनियाबाट आएका होइनन् । यी प्रश्नहरूको उत्तर 'वेदमा के छ ?'को 'आर्यहरूको जन्मथात' पृ० नं० १६ देखि २५ आदिमा दिइसकेको छ । दूध-पानी छुट्याउने पाठकले पूर्णरूपले पढे आफैं छर्ल्याङ्ग हुनेछ । त्यसो हुँदा यसरी बिग्रेर या बिगारेर लेखिएको इतिहासलाई सच्याएर लेख्ने र पढ्ने सुझाव राखिन्छ । हाम्रो इतिहासमा नभएको कुरा जनसाधारणमा राख्दा झन् ठूलो भ्रम पर्न जान्छ । त्यसले राष्ट्र र संस्कृति, सभ्यतामाथि ठूलो आघात पर्न जान्छ ।

के किरातहरू असुर थिए ?

कतैकतै नबुझीकन लेख्दा वा भन्दा कैयौं कुरा अप्ठचारो पर्न जान्छ । 'असुर' शब्द पनि यस्तै शब्दहरूमध्ये एक यस्तो शब्द हो, जो वैदिक वाङ्मयमा व्यापक रूपले प्रयोग भएको देखिन्छ । प्राचीन ग्रन्थ ऋग्वेद हो र ऋग्वेदको कैयौं मन्त्रहरूमा विभिन्न अर्थमा असुर शब्दको प्रयोग भएको देखिन्छ । यहाँ पाठकवृन्दहरूलाई किरात-इतिहासको प्रसंगमा कैयौं भ्रमात्मक प्रयोग गर्नेहरूको भ्रम-निवारणको लागि 'असुर' शब्दको अर्थ गर्नु आवश्यक देखिन्छ । तल दिएको अर्थ राम्ररी हेर्नुहोस् ।

(१) 'असु क्षेपणे' यो धातु हो । 'आसिमसोरूरन्'[१] यस सूत्रले उश्न् प्रत्यय गरेर 'असुर' शब्द बन्दछ । अस्यति = क्षिपति भूमौ जलमित्यर्थः; जसले भूमिमा जल वर्षा गर्छ, त्यसलाई 'असुर' भन्छन् । त्यो हो मेघ । 'मेघो भूत्वा प्रवर्षति' अर्थात् मेघ भएपछि वर्षा हुन्छ भनेको छ ।

(२) 'शरीरे वसतीति = असवः प्राणाः'; जो शरीरमा व्यापकरूपले निवास गर्छ, त्यसलाई 'असुः' भनिन्छ । त्यसको अर्थ हो प्राण । 'प्राणा वा आपः' प्राणीहरूको प्राण नै जल हो । 'पानीयं प्राणिनां प्राणाः' पानी नै प्राणीहरूको प्राण हो । त्यसैले 'असुः' भनेको प्राण हो । असुं जलं राति = आददातीति असुरः;, जसले जल दिन्छ, त्यसलाई पनि असुर भनिन्छ ।

(३) असून् = प्राणान् राति = आददातीति = असुरः; जसले प्राण दिन्छ अथवा प्राणदान दिन्छ, त्यसलाई पनि असुर भनिन्छ । त्यो हो परमात्मा, ब्रह्म तथा प्राणरक्षा गर्ने वीरपुरुष आदि अर्थ हुन्छ ।

(४) 'सुर ऐश्वर्यं' धातुबाट पनि 'सुर' शब्द बन्छ । तर देवता अर्थमा होइन, परमात्मा = ईश्वर अर्थमा 'सुर' शब्द बन्दछ । 'सुरतीति सुर ईश्वरः (इगुपधः[२]) क' प्रत्यय गरेर 'सुर' शब्द बनेको हो । [यो 'सुर' शब्द ईश्वरवाचक हो । न सुर इति, असुर; जो असुर भनेको 'ईश्वर' होइन, त्यसलाई असुर भनिन्छ । असुर शब्दको 'अनीश्वर' अर्थ हो । त्यसैले 'अनीश्वर' भनेको इन्द्र आदिद्वारा परतन्त्र हो भन्ने अर्थ बुझ्नुपर्छ ।] अर्को; असून्–प्राणान् राति–आददातीति 'असुरः' यस अर्थले असुर शब्द परमात्माकै वाचक सिद्ध हुन्छ ।

ऋग्वेदमा 'दिवः श्येनासो आसुरस्य[३] निलयः' (ऋ० सं० ८।४।२४।१), यस्तै 'दीर्घा धियो रक्षमाणा असुर्यम्' (ऋ० सं० २।७।६।४) आदिमा 'असुर' शब्दको प्रयोग अनेक अर्थमा भएको देखिन्छ । अब यहाँ किरातहरूलाई असुर भन्ने शब्द प्रयोग भएको छ कि छैन ? छ भन्ने शङ्का र उपशङ्काहरूको उत्तर के हुन

---

[१] उ० १।४२।४३

[२] सू० ३।१।१३९

[३] 'कश्यप निघण्टु' देवराज यज्व कृत टीका पृ० नं० ९० मनन गर्न योग्य छ ।

सक्छ त ? भन्ने अर्को शङ्का पनि जन्मिनु स्वाभाविकै हो। त्रिपुरा-राजवंशावली हेर्दा त्रिपुरासुर[१] आदि किरातै हो भन्नुपर्छ। कालिकापुराण आदिमा घटासुर आदिको उल्लेख भएको हुनाले 'असुर' शब्द किरातहरूमा प्रयोग भएको होइनचाहिं भन्न मिल्दैन। तर किटान गरेर किरातहरूलाई मात्र 'असुर' शब्द प्रयोग हुन्थ्यो भन्न पनि उचित होइन। 'असुर' शब्द विविधार्थमा प्रयोग भएको देखिन्छ। संस्कृत नजान्नेहरूले मनपरी लेख्दैमा अथवा मनपरी अर्थ गर्दैमा हुने कुरा होइन। असुरान्त नाम गरेका कैयौं किरातहरू थिए। नरकासुर, वाणासुर, तारकासुर आदि निश्चय नै किरातहरूमा महावली र प्रतापी 'किरात' थिए। तर अनुसन्धान गर्नु भने अझ बाँकी नै छ।

देवता पनि असुर थिए

'असुर' राक्षस वा दासलाई मात्र होइन, देवताहरूलाई पनि 'असुर' भनिन्थे। कैयौं लेखकहरूले वैदिक वाङ्मयमा दृष्टिपात नगरीकनै 'असुर' राक्षस, दास, दस्यु, दानवलाई भन्दथिए भनेर लेखेका छन्। तर त्यो सत्य होइन। यस विषयमा त कीथ र मैक्डौनेलले यति सारो ढाँटे कि खर्लप्पै ती मन्त्रहरूलाई नै लुकाइदिए। कताको कता गरेर आफ्नो वैदिक कोष (Vaidic Index)-मा धेरैजसो अनिर्णयात्मक र भ्रमात्मक शब्दहरू मात्रै राखेका छन्। के मैक्डोनेल र कीथले यी तलका मन्त्रहरू देखेनन् होला र ? पाठकहरूले पनि यी मन्त्रहरूमा मनग्य विचार गर्नु अत्यावश्यक छ।

ऋग्वेदको[२] प्रथम मण्डलको एक सय चौहत्तर सूक्तको दशौं मन्त्रमा 'अग्नि' लाई 'असुर' भनेको छ। उसै मण्डलको चौवन सूक्तको तेस्रो मन्त्रमा 'इन्द्र' लाई 'असुर' भनेको छ। मण्डलको तेस्रो सूक्तको एकतीसौं मन्त्रमा ऐश्वर्यवान् अर्थ छ। चौथो मण्डलको दोस्रो सूक्तको पैंतालीसौं मन्त्रमा 'सूर्य' लाई 'असुर' भनेको छ। यसरी नै पाँचौं मण्डलको बयालीसौं सूक्तको पहिलो मन्त्रमा 'रुद्र' लाई 'असुर' भनेको छ।

पाँचौं मण्डलको एकाउन्न सूक्तको पहिलो मन्त्रमा 'पूषा' लाई 'असुर' भनेको छ। उसै मण्डलको पाँचौं सूक्तको पैंसठी मन्त्रमा 'असुर' कै अर्थमा छ। सातौं मण्डलको दोस्रो सूक्तको तेस्रो मन्त्रमा पनि 'सूर्य' लाई नै 'असुर' भनेर लेखेको छ। दशौं मण्डलको एक सय नौ सूक्तमा 'सर्पयाजी' लाई 'असुर' भनेको छ। साथै मन्त्रद्रष्टा ऋषि शुक्राचार्य देखिन्छ। त्यसैले किरातहरूले यो सोच्नुपर्दैन कि हामीलाई कसैले हेपेर 'असुर' भनेका हुन् भनेर चिन्ता मान्नुपर्दैन। विदेशीहरूले भने अवश्य ढाँटेका छन्। नढाँटेको भए

---

[१] 'त्रिपुराराजमाला' चन्द्र सिंह कृत
  (क) 'त्रिपुराराजमाला' कालीचरण कृत
  (ख) 'पृथिवी पर इतिहास' ताराचरण लाहिडी
  (ग) कालिकापुराण……….

[२] ऋ० १।१७४।१०
  (क) ऋ० १।५४।३
  (ख) ऋ० १।२४।१४
  (ग) ऋ० ४।२।४५
  (घ) ऋ० ३।३।३१
  (ङ) ऋ० ५।४२।१
  (च) ऋ० ५।५१।१
  (छ) ऋ० ५।५।६५
  (ज) ऋ० ७।२।३
  (झ) ऋ० १०।१८९।

उपर्युक्त मन्त्रहरूमा उल्लेख भएको 'असुर' शब्दहरूको पनि खुलस्त अर्थ गरेर राख्नुपर्ने थियो । तर मैक्डौनेल, कीथ आदिको बदमाशीलाई बुझ्नेहरूले स्वीकार गर्नेछैनन् । मूल नहेरी यस्ता भ्रमात्मक कुरालाई स्वीकार गर्नु पनि हुँदैन ।

यो 'असुर' शब्द ऋग्वेदकालमा कुनै 'उपाधि' परक थियो भन्ने इतिहास प्रष्ट हुन्छ । असुर र देव दाजुभाइ थिए । यो इतिहास संहिता ग्रन्थपछि हुन गयो ।

यो तैतिरीय[1] संहिता र मै० सं० पछि शतपथब्राह्मणमा[2] 'प्रजापतिका असुर र देवगण छोराहरू थिए । जेठा खाले असुर र कान्छा देवगण थिए ।' भन्ने इतिहास प्रष्टिएको छ । 'यज्ञ' गर्ने अधिकार पहिले असुरहरूकै[3] हातमा थियो । यसरी इतिहास हेर्दा एउटै बाबु-आमाको छोराहरू आ-आफ्ना अधिकारकालागि प्रतिस्पर्धा गर्दथिए । समय पर्दा लडाइँ पनि लडेका थिए । यस इतिहासलाई लुकाउन सकिंदैन । तर कति आश्चर्यको कुरा हो कि 'आर्य र अनार्य' को कल्पना । के पाश्चात्यहरूले यस इतिहासलाई जानेकै थिएनन् कि ? उल्लू बनाउने प्रयास गरेका हुन् । त्यसैले किरातहरूलाई जिस्क्याउनलाई 'असुर' शब्द बनाएको होइनन् । एम० ए०, पीएच० डी० आदि उपाधि कसैलाई जिस्क्याउन बनेका होइनन् । उपाध्याय, शर्मा, आचार्य, शास्त्री आदि कसैलाई जिस्क्याउन बनेका होइनन् । कालान्तरमा अर्कै अर्थमा प्रयोग हुनु अर्कै कुरा हो । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यस्तै उपाधि मात्रै हुन् । त्यसैले 'असुर' शब्द देव र दानव दुवैमा बराबर प्रयोग भएको देखिन्छ । सन्देहको अवसर छैन ।

* * *

---

[1] असुराणां वै इयमग्रे आसः (तै० सं० ६।२।४)

(क) देवाः पराजिग्यमाना असुराणाम् (मै० सं० २।३।७)

[2] द्वया ह वा प्राजापत्या देवाश्चासुराश्च तेपु कनीयसा देवा, ज्यायसा असुराः ते परस्परमस्पर्धन्त (श० प० ब्रा० उ० भा० वृ० उ० १।३।१)

[3] असुरेपु वै एपोऽग्रे यज्ञ आसीत् (श० प० ब्रा० १२।९।३।७)

के किरातहरू हिन्दू होइनन् र ?

हिन्दू शब्द कति पुरानो हो ? यसबारेमा 'प्राचीन हिन्दू विज्ञान' भन्ने ग्रन्थको भूमिकामा लेखिएको छ। जिज्ञासु पाठकवर्गले त्यहीं हेरे हुन्छ। आफ्नो प्राचीन इतिहास र पाश्चात्यहरूको इतिहास तथा भूगोल, प्राचीन यात्रीहरूको यात्रा-विवरण र जेन्दावेस्ता आदि सम्पूर्ण खोजबाट छर्लङ्ग पारेर राखिदिएको छ। हिन्दू शब्दको यति पुरानो खोज भइसकेपछि किरातहरू हिन्दू हुन् कि होइनन् ? भन्ने प्रश्न नै मूर्खतापूर्ण हो। तैपनि 'ए नानीको आमा ! म मान्छे हुँ कि होइन ?' भनी सपनामा कराएको कुरा, केही इतिहास दोहऱ्याइँदै छ। जब तिमी मान्छे हौ, तब त बाउ भयौ। मान्छे नभए कसरी नानीको बाउ हुन्थ्यौ र ? यो युक्तिलाई जसले मस्तिष्कमा राखेको छ, त्यसले किरात हिन्दू हुन् कि होइनन् ? यो प्रश्नै गर्दैन। समस्त हिन्दू-वाङ्मयको भित्र जसको इतिहास सुरक्षित छ, जसको भाषा नै संस्कृत थियो, जसको संस्कृति-सभ्यता र इष्टदेव नै हिन्दू छ, जसको 'किरात' नाम नै संस्कृतको छ, जसको जन्म नै हिन्दुस्थानमा भयो, जसको जन्मभूमि भएको हुनाले त्यस भूमिको नाम नै हिन्दुस्थान पऱ्यो, ती किरात कसरी अहिन्दू अर्थात् मंगोलियन हुन सक्छ र ? फेरि कसैले भत्तुवा लेखिदिए भनेर भत्तुवा किन स्वीकार गर्ने ? वस्तुतः हाम्रो प्राचीन किरातकालिक इतिहासले किरातहरूलाई अहिन्दू, अनार्य, मंगोलियन भनेर कहीं लेखेको छैन। यो भनाइ त १७ या १८ शताब्दीका केही जर्मनी र केही इङ्गलेण्डका यात्रीहरू मंगोल पुगेपछि किरातहरूलाई मंगोल, अनार्य भन्न थालेको हो। यसको इतिहासै पो के छ र ? मंगोलियन=अनार्यको विवाद यहींबाट शुरू भएको हो। त्यो पनि अंग्रेजहरूको कूटनीतिपूर्ण रवैयाले गर्दा किरातहरू मंगोलियन घोषित भए। बाहुनहरूलाई आर्य घोषित गरे तर हाम्रो इतिहास पैल्याउँदा यी दुवै कुरा एकदम झूठा ठहरिन्छ। पाठकवर्गले ध्यान दिएर पढ्नुहोला। यहाँ मैले किरातहरूलाई हिन्दूशब्दको मोहले हिन्दू बनाउन खोजेको होइन। बाहुनहरूबाट घुस खाएर 'किरात'हरूलाई 'हिन्दू' बनाउन खोजेको पनि होइन। नातावाद, कृपावाद र नमस्कारवादले पनि किरातहरूलाई 'हिन्दू' बनाउन खोजेको होइन। फटाहा, छुलेहा, मुलेहा, डगाहा र पोलेहा नै गर्न खोजेको पनि होइन। मलाई राजनीतिको कुनै कुरासँग वास्ता छैन। मतलबै छैन। गोरु बेचेको जति साइनो पनि छैन।

फेरि किन किरातहरूलाई हिन्दू भनिरहनुपऱ्यो त ? भन्दा किरातहरूको असली इतिहासैले किरातहरू हिन्दू नै हुन् भन्छ भने अब म के गरूँ त ? हामीले निहुँ खोजेर पासो थापेको भए हामी दोषी हुने थियौं। होकाँ गरेको भए सिङ भाँचिने थिए। जुरो ढल्ने थियो। तर हामीले त्यसो गरेका छैनौं। त्यसैले भाँचिने या जुरो ढल्ने प्रश्नै छैन। किरातराजा-महाराज, सम्राट्हरूको अन्तिम समय बुद्धकालसम्म थियो। हुन त महाभारतको युद्ध भएपछि किरातहरूलाई दशा लागेको हो। खड्को लागेको हो। बुद्धकालदेखि यता त साडे सातकै खड्को लाग्यो। तैपनि हिन्दूकै छोरा, हिन्दूकै नाति, हिन्दूकै पनाति हुँदै आए। अर्थात् किरात हिन्दू नै थिए। हिन्दू नै छन् पनि। यो इतिहास काठमाण्डौ केलटोलका मानमन्दिर गोर्खाली बडा वीर शिवरामसिंह बस्न्यातका वंशधर बखतमानसिंह बस्न्यातको १५० वर्षपूर्व लिखित जीर्ण प्रतिबाट सम्पादित श्री ५ पृथिवीनारायण शाहको 'दिव्य उपदेश' बाट पनि किरातहरू हिन्दू नै थिए भने ऐले 'दिव्योपदेश' मा जम्मा तीनबार 'हिन्दू' शब्दको उच्चारण गरेको देखिन्छ। तीमध्ये पहिला

‘हिन्दूपतिको राज लिया पछि’ (पृ० ना० शा० दि० उ० पृ० ४३), दोस्रो ‘हिन्दूपतिको राज आर्जेँथ्थेउ’ (पृ० ना० शा० दि० उ० पृ० नं० ५०) र तेस्रो ‘यो असलि हिन्दुस्थान हो’ (पृ० ना० शा० दि० उ० पृ० नं० ५०) हो । यी पंक्तिहरूले प्रष्ट गरेर राखेका छन् । पृथिवीनारायण शाहाका पालामा पनि किरातमुखियाहरू ‘हिन्दूपति’ नै थिए भने अब ‘हामी हिन्दू होइनौं । हामी त भत्तुवा पो हौं ।’ भन्छन् भने के गर्ने त ? यहाँ हाम्रो भनाइ यो छ कि किरात हिन्दू नै हुन् । उत्पत्ति पनि किरातदेश नेपालैमा भएको हो । बाहिरबाट भत्तुवा भएर आएका होइनन् ।

✳

किरात शब्दको अर्थ र त्योसँग सम्बन्ध राख्ने आर्य शब्द

सुनीतिकुमार चातुर्ज्य भारतका प्रख्यात भाषावैज्ञानिक थिए। उनीले 'किरातजनाकृति' भन्ने पुस्तक लेखेका छन्। यो किताब किरातहरूका वारेमा लेखिएको हो। उनीले 'किरातजनाकृति' को पृ० नं० २५ मा संकलन गरेका अंशलाई पाठकवृन्दले घोरिएर हेर्नुहोस्। 'किरात' शब्दले परम्परागत अर्थबाट हामीलाई यो शब्दको मूलरूपको ज्ञान हुनुमा कुनै सहायता वा सघाउ पुगेको छैन। यी तलका उद्धरण हेर्नुहोस्। 'जो पर्वतको सन्निकट गन्दा र खराब स्थानहरूमा घुम्छन्, जो अभद्र अर्थात् अशुद्ध गलत कुरा गर्दै घुम्छन्, ती किरात हुन्।' काप्टेन रोन्नोले किरातहरूको सम्बन्धमा आफ्नो वर्णनमा 'रत्नावली' बाट 'किरम् अतति' भन्ने अर्थलाई उद्धृत गरेका छन्। तर रोन्नोले किरात शब्दको मूलरूप र त्योसँग सम्बन्ध राख्ने जो व्याख्या दिए, त्यो ठीक छैन।

यस कुराको धेरै सम्भावना छ कि 'किरात' शब्द कुनै चीनी तिब्बती जातिका संस्कृतनिष्ठ नाम हो। कैयौं विद्वान्हरूका अनुसार पूर्व नेपालमा बसोबास गर्ने तिब्बती वर्मन् वर्गबाट किरातको उत्पत्ति मानेका छन्। श्री गोपालचन्द्र पहराजले आफ्नो पुस्तक 'उडिया लेक्सिकन' (कटक १९३२ भाग २)-मा यिनीहरूका (किरातका) मूलस्थान उत्तरी भारतमा बताएका छन्। ज्ञानेन्द्रमोहन दासले आफ्नो 'बङ्गाली कोष, द्वितीयावृत्ति, कलकत्ता, १९३८' मा यिनीहरूका (किरातका) मूलस्थान पूर्वी हिमालयको घाटी भनेर निरूपित गरेको छ। यो सिक्किम, भोटाङ, मनिपुर र अन्य अरू नजीकका क्षेत्रहरूलाई बताएका छन्, जो वास्तविक रूपले भारतमा मंगोलियन वंशको बस्तीहरू छन् भनेका छन्।

नवीन भारतीय आर्यन् भाषामा केही यस्ता प्रचलित शब्दहरू पाइन्छन्, जो किरातहरूका जातीय नामसँग सम्बद्ध छ। बंगला भाषामा हामीले 'किरात' अथवा 'किरेत' शब्दको प्रयोग पाउँछौं, जसको अर्थ त्यो व्यक्तिसँग छ, जो निर्दय र हृदयहीन (मुख्यरूपले एक ऋणदाता जब कुनै ऋणभक्ताबाट ऋण दिएको धन वसूल गर्दा निर्दयता देखाउँछ) हुन्छन्। यस्तो लाग्छ कि 'किरात व्रत'—जो किरातको समान व्यवहार गर्दछन्, जो निर्दय र साँप बिच्छु जस्तै डंक मार्ने हुन्छन्—को प्रयोग गरेका छन्। (किरात व्रत = किरात वत्त = किरावता = किरात = किरेत)। उत्तर प्रदेश, राजस्थान, मध्यप्रदेश र महाराष्ट्रमा 'किराद' एक वर्गविशेष वा प्रचलित नाम छ, जसलाई हिन्दूव्यवसायी भन्छन्। पंजाबमा यस (किरात) शब्दको अरू दुइ अर्थ छन् जसको तात्पर्यार्थ एक डाकू अथवा जंगली हुन्छ। यो पनि ध्यान दिनुपर्ने कुरा छ कि पश्चिम पञ्जाबमा जहाँ हिन्दू थोरै छन्, त्यहाँ उनलाई आफ्नो मुसलिम छिमेकीद्वारा 'किराद' भनिन्छन्। 'किराद' शब्दको यो अर्थ बंगलाभाषामा प्रयुक्त 'किरेत' शब्ददेखि सर्वथा भिन्न छ। जसको प्रारम्भिक प्रयोग 'किराटता' 'किरादा' 'किराद' को रूपमा भयो, जसको अर्थ त्यो व्यक्ति हो, जो सबैभन्दा खराब व्यक्ति हुन्छ, जस्तै—किराता एक दुष्ट व्यक्ति, एक डाकू, एक ऋणदाता तथा अरू व्यक्ति जो धनोपार्जनको लागि धेरै उत्सुक रहन्छन्, त्यसै प्रकारले जुन समुदायले आर्यहरूको प्रगति अथवा उन्नतिमा हानि पुऱ्याए, आर्यहरूको भाषामा उनीहरूको नामको अनुचित अर्थ लगाए। दासहरूको गुलाम, दस्यूको डाकू, निषादको बुद्धिहीन विचाररहित व्यक्ति, चाण्डालको एक निर्दय व्यक्ति, कोलहरूलाई सुँगुर भन्न थाले।

डा० डी० आर०को अनुसार संस्कृतको चौर प्राकृतमा चोर शब्द दक्षिण भारतको चोज वा चोलको रूपान्तर-नाम हो, जसको अर्थ थीफ (Thief)-को रूपमा गरे। यसै प्रकारले विभिन्न वर्गको नाम यूरोपमा पनि अनाहक गर्दैछन्। उदाहरणको लागि एक जातीय नाम 'श्लेभ (Slave)' शब्दलाई जर्मन र अंग्रेजी भाषामा 'गुलाम' भन्न थाले। इण्डियन शब्दको अर्थ दक्षिण अमेरिकामा जोकर र हिन्दू शब्दको अर्थ फार्सी भाषामा 'कालो' हुन्छ भनेका छन्। यसै प्रकारको विचारधारा 'किरात' शब्दको लागि पनि ब्राह्मण धर्मको उत्थानको समयमा लगभग ७०० वर्ष ई० पू० प्रयोग गरिएको थियो। मैक्डानल र कीथको 'वैदिक इंडेक्स' मा 'किलात' शब्दको उल्लेख भएको छ। यस प्रकारले 'किराततिक्त' चिरेतोलाई भन्न थालियो, जो स्वादमा ज्यादै तीतो हुन्छ। प्राकृत भाषामा यसलाई 'चिलाइता' अथवा 'चिराइता', पुरानो बङ्गला भाषामा यसलाई 'चिराता' या 'चिरेता' भन्छन्। यसको तात्पर्य त्यो औषधिसँग छ जो किरातहरूबाट प्राप्त हुन्थ्यो। अथवा सारै तीतो भएको हुनाले किरात भयो। अथर्ववेदको उद्धरण यसमा छ।

परन्तु किरात शब्दको प्रयोग सधैं घृणात्मक रूपमा मात्र प्रयोग हुँदैनथ्यो। हुन सक्छ कैलेकाहीं यस आशयले अवश्य नै प्रयोग भयो होला। हामीलाई थाहा छ कि महाभारतमा भगवान् शिवले 'किरात' भेष र देवी उमाले किरातनारीका स्वरूप धारण गरेर पाण्डुपुत्र अर्जुनको तपस्या परीक्षा लिएका थिए। यस्तै प्रकारको वर्णन शुक्लयजुर्वेदको शतरुद्रीय भाग १६-७ मा पनि छ।

असौ योड वसर्पति नीलग्रीवो विलोहितः।
उतैनं गोपा असहश्रन्नहश्रन्नुदहार्यः सहष्टो मृदयाति नः॥ (य० १६।७)

जो यताउता सर्किन्छ, जसको रङ रातो छ, गोपाल र पानी ल्याउने कन्याहरूले देखे। जब मलाई देख्नेछ तब ममाथि श्रद्धालु हुनेछ। (राल्फ टी० ग्रिफिथको अनुवाद, बनारस, १८९९)। किरातहरूको विषयमा, जो हिमालयको पहाडमा वस्छन्, आर्यहरूद्वारा गरिएको सबैभन्दा ठूलो प्रशंसा हो जबकि आर्यहरूका देवता शिवलाई आफ्नो अर्धाङ्गिनी (पत्नी) उमाको साथमा 'किरात' भेष धारण गर्नुपर्‍यो।

⁂

नेपालका आधुनिक किरातहरूको भर्ती

यद्यपि दुइ-चारजानालाई छोडेर किरातहरू कैलेदेखि भर्ती हुन थाले त ? भनेर प्रश्न गर्ने हो भने पल्टनमै जीवन बिताएर आएका बुजुर्गहरूले पनि 'उहिले' देखि भन्दा बढ्ता भन्न सक्दैनन् । अब 'उहिले' को अर्थ लाउँदै बस्नुहोस् । यहाँ नेपालका आधुनिक किरातहरूको भर्ती हुने लेखाजोखाबारे किरात-इतिहासको पानाहरूमा दिन अप्रासङ्गिक नहोला भन्ने ठानिएको छ । ऐलेसम्म पाइएको इतिहासमा किरातहरूको सैनिक-इतिहास पनि अध्ययन गर्न आवश्यक देखिन्छ । त्यसैले अध्ययन गर्दै जाँदा ई० सं० १७ शताब्दीमा सबैभन्दा पहिले आसामको सिलचर र सिलहटमा भर्ती भएको 'आर्मी रिपोर्ट' भन्ने पुस्तकको पृ० नं० १०३ मा छापिएको छ । पुस्तक त्रिपुरा राज्यको राजधानी अगरतल्लाको गान्धीघाट पुस्तकालयमा छ । त्यस पुस्तकमा यस्तो नामावली दिएको छ — करवीर राई, बलबहादुर राई, धनशेर राई, बुद्धिमान तामाङ, तुलाधर गुरुङ, चैतुराम राना मगर आदि मगर, गुरुङ, तामाङ तथा राईको क्रमशः नाम उल्लेख भएको छ । तर पता र दर्जा, वेतनमान भने लेखेको देखिएन । यस इतिहासले के बुझाउँछ भने आधुनिक किरात राई, मगर, गुरुङ, तामाङ १७ शताब्दीमा पहिलोवार भर्ती हुन पुगेका रहेछन् भन्ने बुझिन्छ । ई० सं० १५ शताब्दीमा पुर्तगालीहरूसँग भारत पसेका अंग्रेजहरूले आफूसँगै भारत पस्ने फ्रांसिसी र पुर्तगाली दुवैलाई पछारेर भगाएपछि मद्रासबाट कलकत्तामा गएर अड्डा जमाएका थिए । त्यसपछि अंग्रेजहरूले १६ शताब्दीसम्ममा निकै हात पारिसकेका थिए । हात नपरेका र काबूमा नआउनेहरूलाई काबू पारेर अखण्ड राज्य गर्ने उद्देश्यले सेना गठन गर्नुपर्ने आवश्यकता सम्झे । त्यसैले सिलचर, सिलहट जस्ता अनकन्टार र अबूझ स्थानमा अंग्रेजहरूले सेनामा धमाधम भर्ती खोले । धडाधड हात पार्दै गए । एकफेर नेपाललाई पनि झण्डै ड्याके । यो नालापानी, खलङ्गा आदिको इतिहासले बुझिन्छ ।

तर अंग्रेजहरूले आफ्नो सैनिकशक्ति बढाउँदै नै लगे । किरातहरूलाई भर्ती गर्दै लगे । 'History of 8th Gorkha Rifles, P. 9' मा ब्रिटिश आर्मीको इतिहासमा चाहिं १८ शताब्दीदेखि भर्ती गरेको उल्लेख छ । जस्तै —

१. सुविदार दलकम्बल थापामगर
२. देवराज आले
३. जमदार रणशूर थापा
४. विरु थापा
५. जमदार खड्गसिंह राना
६. करवीर लामा तामाङ
७. सिपाही बखतसिंह राई
८. के० कालू थापा नेवार
९. ना० बखतसिंह राई
१०. ह० बखतसिंह राई
११. ना० चैतु गुरुङ
१२. ज० वीरबल नगरकोटि नेवार
१३. ह० करवीर पुनमगर
१४. सु० राजमान राई

१८ शताब्दीमा यी पंक्तिहरूमा परेका सबै नै प्रथम पंक्तिमा परे पनि सिलचरमा भर्ती भएका राई, तामाङ, गुरुङ, मगरचाहिं सर्वप्रथम ब्रिटिश आर्मीमा भर्ती हुने किरातहरू थिए । के० कालू थापा नेवारको खुब बहादुरी बढाई 'एट्थ गोर्खा राईफल'मा लेखिएको छ । सिपाहीदेखि हवलदारसम्म पुग्दा १८ शताब्दी-

मा बखतसिंह राईलाई १० रु० मासिक वेतन मिल्थ्यो। सुविदार राजमान राई १८७९ सम्म सुविदार थिए। यस पल्टनमा राई, मगर, गुरुङ, तामाङ किरातहरूको उल्लेख भएको छ भने नेवार-किरातहरूमा के० कालू थापा र वीरबल नगरकोटिको नाम उल्लेख भएको छ। परन्तु लिम्बूकिरातहरूको नाम उल्लेख भएको देखिंदैन।

यसरी नेपालका आधुनिक किरातहरूले पल्टन जानु शुरू गरेका थिए। प्राचीनकालमा किरातहरू ऋषि, मुनि, ब्रह्मज्ञानी, करोडपति, अरबपति, राजा, महाराज, शासक, कवि, विद्वान्, मन्त्रद्रष्टा ऋषि थिए भने पतन हुँदै जाँदा पल्टन जानु एउटा जीविकाको साधन मानेर बस्ने किरातहरू पनि छन्। हजारौं वर्ष उत्थानमा पालिपोसी बसेका किरातहरू हजारौं वर्षपछि 'मङ्गोलियाबाट आएका भत्तुवा हौं' पनि भन्न थालेका छन्। यो उनीहरूको इतिहासले क्षमा दिने हो कि होइन ? यो भविष्यले बताउनेछ। यस्तै हो उत्थानपछि पतन हुन्छ भने पतनपछि उत्थान पनि हुन्छ। महाभारतकालिक किरातहरूको वीरतालाई हेर्दा तथा दानवीरहरूलाई हेर्दा आजको किरातहरूको कल्पना गर्न सकिन्न। समय बलवान् हुन्छ।

✳

ई० सं० १८२४ मा दान दिने किरातहरू

प्राचीनकालमा किरातहरू केवल राजा-महाराज र सम्राट् मात्रै थिएनन्, अपितु करोडौं तथा अरबौंपति पनि थिए र राष्ट्रको काममा अथवा सामाजिक, धार्मिक काममा करोडौं रुपियाँ खर्च गर्थे भन्ने प्रमाण हामी महाभारत आदि प्राचीन इतिहासमा पाउँछौं। परन्तु ईसादेखि पछि त्यस्ता दानी किरातहरू कमै देखिए। त्यसमा पनि आधुनिककालमा नेवारकिरातलाई छोडेर अरू किरातहरू दानी भएको देखिंदैन। यहाँ ई० सं० १८ औं शताब्दीमा धर्मको नाममा दान दिने केही दानवीरहरूको नाम प्रस्तुत गरिंदै छ।

१. केप्टन कालू थापा नेवार	रु० १२) भा० रु०
२. के० वीरबल नगरकोटी नेवार	,, ६)
३. के० अभिराम गुरुङ्ग	,, १२)
४. के० नवल सिंह (राना) मगर	,, १२)

सुविदार मेजर

१. सिंहवीर (थापा) मगर	,, ६)
२. युद्धवीर गुरुङ्ग	,, ५)
३. जीतमान गुरुङ्ग	,, ६)

सुविदार

१. जमानसिंह राई	,, ३)
२. ओतध्वज राई	,, २)
३. पूर्ण थापामगर	,, २)
४. कुलमान आले मगर	,, २)
५. मेजसिंह रानामगर	,, १=)
६. औतसिंह घले	,, २)
७. कृष्णवीर गुरुङ्ग	,, १=)
८. श्रीलाल नगरकोटी	,, १=)
९. जगे रानामगर	,, १=)
१०. बाबु श्रीदल लामा	,, ।।।)
११. अर्जुन राई	,, २०)
१२. सु० बहादुर राना	,, १०=)
१३. पद्मसिंह आले	एक
१४. बहादुर थापा	एक
१५. कृष्णवीर गुरुङ्ग	एक

१६. रणवीर देवान राई	एक
१७. रामु गुरुङ्ग	एक
१८. मनवीर नगरकोटी नेवार	एक
१९. पुनाखर गुरुङ्ग	एक

इत्यादि अरू पनि छन् । तर ऐले १८ औं शताब्दीको किरातहरूको धार्मिक स्थितिको जहका मात्रै देखाउने प्रयास गरेको हो । यहाँ तीनजना नेवार, सातजना गुरुङ्ग, एघारजना मगर, चारजना राई तथा एकजना तामाङ्ग जम्मा २६ जना किरातहरू 'गोरखा ठाकुरवाडी'[1] को राधाकृष्ण मन्दिर तथा अरू धार्मिक र सामाजिक कार्य सहयोगको लागि दानदाताको रूपमा देखा परेका छन् । गोरखा ठाकुरवाडी, मेघालय, शिलाङ्ग, अपरमोप्रेङ्ममा आज पनि चलिराखेकै छ । यी दानदाता किरातहरूले यो त सोचेका थिएनन् कि हाम्रा भविष्यका सन्तानको लागि इतिहासको प्रेरणास्रोत बन्नेछ । तर आज साँच्चै नै ती दानवीर किरातंहरूले नसोचेकै भए पनि यो किरातहरूको लागि धर्म र धार्मिक कार्यको लागि प्रेरणास्रोत बन्न पुगेको छ ।

* * *

---

[1] १. यसको संस्थापक सु० जयचन्द्र ठाकुर थिए । यो संस्था ठाकुर जयचन्द्र रिटायर हुनुभन्दा पहिलेदेखि नै स्थापना गरिसकेका थिए । ई० सं० १८२४ मा पेन्सीन लिएर आएपछि ठाकुर जयचन्द्रजीले ध्यानपूर्वक उक्त संस्थालाई संस्थापक भएर चलाएका थिए । यसै वेला ८४ जना दानवीरहरूले 'गोरखा ठाकुरवाडी'लाई दान दिएका थिए । तीमध्ये उपर्युक्त दानमा किरातक्षत्रियहरू पनि सामिल थिए । कसैले गाई, कसैले भैंसी दिएका थिए । यसमा क्षेत्रीहरूमा ५० वटा भैंसी दिने श्रीमान् क्षेत्री र किरातहरूमा २० वटा भैंसी दिने अर्जुन राई थिए ।

चार जात छत्तीस वर्णभित्र राई, लिम्बू आउँदैनन् र ?

यस प्रकारले किरात मंगोलियन सिद्ध नभएपछि सीधै नेपालका आदिवासी पनि किरातै हुन् भन्ने प्रमाण सिद्ध छ । तर नेपाल-सरकारबाट सञ्चालित 'सामाजिक शिक्षा भूगोल' भन्ने कक्षा ९ को पुस्तकमा 'नेपालको जनसंख्या' शीर्षकको 'नेपालको मुख्य जातीय समुदायहरू' भन्ने पाठको पृ० नं० ३५ मा ब्राह्मण, क्षत्रिय, गुरुंग, थारू, मगर, नेवार, भोटे, तामांग, शेर्पा जातिको उल्लेख गरेको छ । तर नेपालका सबैभन्दा प्राचीन जाति किरातहरूको उल्लेख किन गरिएन, जसलाई आजको युगमा राई, लिम्बू भनिन्छ ? यदि उपर्युक्त जातिमा नै राई, लिम्बूहरूको समावेश छ भने कुनचाहिं जातिमा समावेश भएको छ, यो पनि पुस्तकमा लेखकले खुलस्त गर्नुपर्ने थियो । तर संकेत मात्र पनि गरेको देखिंदैन । के यो पाठ्यक्रममा राखिएको पाठले नेपाललाई एकसूत्रमा बान्न सक्छ त ? पुस्तक सरकारबाट स्वीकृत भएको हुनाले सरकारबाटै प्रकाशित भएको छ । श्री ५ को सरकारको पूर्ण स्वामित्व प्राप्त जनक शिक्षा सामग्री केन्द्र लि० बाट ज्वाला प्रिंटिङ हाउस (क्षेत्रपाटी)-मा मुद्रित र सानो ठिमी भक्तपुरबाट प्रकाशित भएको छ । यो पाठ्यपुस्तक भएको हुनाले सातफेर प्रकाशित भएको देखिन्छ । पहिलोपटक सं० २०२८ अनि २०३०, २०३०, २०३२, २०३२, २०३४, २०३७ मा प्रकाशित छ । पुस्तक तयार पार्ने प्रा० उपेन्द्रमान मल्ल, प्रा० शरणहरि श्रेष्ठ र प्रा० प्रद्युम्नलाल श्रेष्ठ यी तीनजना रहेछन् । यी तीनैजनालाई विषयज्ञान नै थिएन कि अथवा मत्सरतावश लेखे; यो भन्न गाह्रो छ । तर सरकारको उच्च शिक्षा निर्देशक विद्वान्‌ले पनि आँखा खोलेर हेर्नु थियो । तर योग्यको स्थान जहाँ अयोग्यले ओगट्छ, त्यहाँ अवश्य नै भ्वांग पर्छ । दुलो पर्छ । प्वाल पर्छ । यस परिस्थितिमा राष्ट्र र समाजको कल्याण असम्भव हुन्छ । यी पंक्तिहरूलाई जन्माउने कारण पनि यही नै हो भन्न सकिन्छ । नभए यत्रो ठूलो फराकिलो विश्वप्रसिद्ध किरातहरूको गणना कसरी छुट्ने थियो र ? 'गोरखा' शब्द पृथिवीनारायण शाहको गोरखाबाट प्रसिद्ध भए पनि समस्त भारत, बेलायत, जापान आदि देशहरूमा जो गोरखा रेजिमेन्ट, गोरखा फौज आदिको नामले प्रसिद्ध छ, ती सबै किरात र किरातहरूकै शाखा उपशाखाबाट गोरखा नामले प्रसिद्ध भएका हुन् । आजको युगमा पनि 'Gorkha are brave' अथवा 'गोरखा वीर होते हैं' इत्यादि गौरवमय शब्द कानले सुन्न पाएका छौं भने किरातहरूबाट नै पाएका हौं भन्न सकिन्छ । किरातहरूमा आउने राई, लिम्बू, मगर, गुरुंग, तामांग यही जाति आजको फौजमा देखिन्छन्, जसलाई गोरखा भनेर विश्वका महान् राष्ट्रहरूले जानेका छन् । अन्तिममा राष्ट्रको नामले पुकारिंदा 'Nepali brave' नेपाली वीर भन्ने गौरवले आफूलाई गौरवान्वित पाछौं । के ती गोरखा राई लिम्बूकिरातको जाति यति सानो छ कि के हो, जसको जाति गणना गर्दा भूल भयो होला ?

अर्को भूल के हो भने 'मेचीदेखि महाकालीसम्म' एउटा महत्त्वपूर्ण ग्रन्थ श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवको शुभराज्याभिषेकको उपलक्ष्यमा ४ भागमा प्रकाशित भएको छ । ग्रन्थ महत्त्वपूर्ण छ । नेपालभित्रका मुख्य-मुख्य हरेक कुराको छोटकरीमा जानकारी पाइन्छ । जस्तै—अञ्चल, जिल्ला, सदरमुकाम, जनसंख्या, खोला, नाला, वन, पर्वतमाला, पोखरी, त्यहाँका वासिन्दा आदि पाइन्छ । तर पृ० नं० ६८० मा 'राईहरूको पहिले दश थर थिए, पछि अनेक थर या 'पाछा' भए' भन्ने उल्लेख गरेको छ । दश थरबाट अनेक पाछा हुनु एक किसिमले आंशिक मात्रामा ठीकै पनि हो । तर देवान=याखाराईहरूलाई राई होइन

भन्ने लेखाइ ठीक छैन । फेरि लिम्बू पनि होइन भनेर लेखेको छ। के हो त ? भन्दा राई र लिम्बूको माझमा हुलेर राखेको देखिन्छ । युगयुगबाट राईहरूमा नै गनिएर आएका शुद्ध याखाराईलाई राई होइन, माझको हो भन्ने लेख अनभिज्ञ ठहरिन्छ । भेष, भूषा र कुलदेवता जे भए पनि आखेरी त याखा=देवानराई नै हो । त्यसो हुँदा भेषभूषा र कुलाइनले बेग्लिने होइन । यिनीहरूका पुरानाभन्दा पुराना लेखोटहरू खोजेर हेर्न बाँकी नै छ । नत्र हरेक राईहरूको केही न केही बेग्लिएकै हुन्छ । त्यसो भए त ती पनि राई नभएर अरू नै होलान् । तर यो युक्ति हाँसो लाग्दो छ । त्यति पुरानो समयदेखि नै किरातराईहरूमा गनिएका याखाराईहरूलाई यस्ता भ्रमात्मक लेखबाट भ्रममा पार्ने काम राष्ट्रको लागि हितकारी हुँदैन । याखा=देवानराई नै हुन् । यसमा केही सन्देह छैन ।

*

किरातहरूको ढोग, प्रणाम र त्यसको मुद्राहरू

यदि किरातहरू हिन्दू-आर्यहरूदेखि अलग भए प्राचीन इतिहासमा कहीं न कहीं उल्लेख हुनुपर्ने हो। परन्तु हिन्दूहरूभन्दा अलग किरातहरूको ढोग, प्रणाम वा अभिवादन प्रत्यभिवादन अलग उल्लेख भएको पाइएको छैन। वेदहरूदेखि लिएर ब्राह्मणग्रन्थ तथा पुराण, रामायण र महाभारत तथा तन्त्र, ज्योतिष, अर्थशास्त्र आदि ग्रन्थहरूमा पर्याप्त मात्रामा किरातहरूको उल्लेख भएको छ। यत्रो औधि व्यापक र प्राचीन जातिको स्वभाव, वीरता, धनाढ्य, जाति, गोत्र, देश, दान, धर्म, सभा, सुसाएटी, उपासना र उपासना-पद्धति र आपसीमा प्रणाम गरागरी त्यतिखेर पनि गरेको उल्लेख पाइन्छ। तर कहीं पनि किरातहरूको ढोग प्रणाम आदि अलग लेखेको नपाउनु कति आश्चर्यको कुरा हो ?

महाभारतमा वीर किरातसम्राट् सुबाहु, कुणिन्द, नीलाम्बुद, भगदत्तादिको वर्णन गर्दै जाँदा अर्जुनले भगदत्तलाई मारे। तर किरातसम्राट् भगदत्तको रणकुशलता र वीरताको अगाडि भगवान् कृष्ण र अर्जुन पनि नतमस्तक थिए। सम्पूर्ण महाभारत पड्दा प्रायः सबै वीरहरूमा सामान्य दुर्वाच्य शब्दहरूको प्रयोग भएको छ। भगदत्त कौरवपक्षबाट कुरुक्षेत्रको युद्धभूमिमा उत्रेका थिए। भगदत्तको अन्त पाण्डुपुत्र नभएर इन्द्रपुत्र अर्जुनका हातबाट भएको थियो। नीलगिरिको समान देखिने सुप्रतीक गजराजका मालिक इन्द्रका परममित्र किरातसम्राट् भगदत्त इन्द्रपुत्र अर्जुनकै हातबाट अन्त भएपछि स्वयं भगवान् कृष्णले युद्धभूमिमा भएको भगदत्तको शवको परिक्रमा गरेर प्रणाम गर्न लगाए। स्वयं कौरवपक्षमा लाखौं किरातसेना थिए। सयकडौं किरातराजा-महाराज थिए। सबैले आ-आफ्नो प्रणाम, अभिवादन गरेर वीरवर भगदत्तलाई अग्निसात गरे। यहाँ अभिवादनको क्रियाकलाप अलग अलग भए त किरातहरूको ढोग, प्रणाम, अभिवादन आदि अलगै लेखिने थियो। तर किरातहरू स्वयं हिन्दू=आर्यक्षत्रियहरू थिए, त्यसैले अलगै लेख्ने आवश्यकतै परेन। यति मात्रै होइन अपितु युधिष्ठिरको यज्ञमा किरातराजा-महाराज र करोडौं, अरबौंपति धनाढ्य किरातहरू सम्मिलित भएका थिए। आफ्ना आफ्ना देश र प्रान्तमा हुने अत्यन्त दामी, मूल्यवान् वस्तु दिएर राजा युधिष्ठिरलाई प्रणाम गरेका थिए। त्यहाँ पनि किरातहरूको ढोग, प्रणाम अलगै हुन्छ भन्ने उल्लेख गरेको छैन। यस्ता कैयौं पुराणहरूमा पनि किरातहरूको उल्लेख पाइन्छ। विशेष उपासना-पद्धतिको उल्लेख पाइन्छ। त्यसमा पनि भगवान् शिवको विशेष उपासक किरातहरूको उल्लेख भएको देखिन्छ। तर ती इतिहासले पनि यही सिद्ध हुन्छ कि किरातहरूको उपास्यदेव नै शिव हो। शिव हिन्दू=आर्यहरूको परम उपास्यदेव हुनुहुन्छ। किरातहरू उसै जनैधारी शिवको उपासक हिन्दू नै हुन्। त्यसैले वर्तमानकालसम्म पनि किरातहरूको ढोग, प्रणाम गर्ने मुद्रा परिपाटीहरू जस्ताको तस्तै हिन्दू नै छ।

कतै एकचालीस त कतै तेत्तीस त कतै सत्ताइस मुद्राहरूमध्ये धेरैजसो ढोग, प्रणाम-मुद्राको प्रचलन किरातहरूले नै पालन गर्दै आएकै छन्। आज पनि गाउँघरमा गएर बिहावारी, शुभकार्य, पूजापाठ, मरावपराव आदिमा राम्ररी हेर्न तथा अध्ययन गर्न पाइन्छ। तर यी इतिहास घरमा बसेर या अफिसमा टेबल ठोकेर भने जान्न पाइँदैन। त्यसैले किरातहरू अनार्य त हुँदै होइनन्। साथै मङ्गोल पनि होइनन्। किरातहरू शुद्ध हिन्दू-आर्यक्षत्रिय हुन्।

किरातहरूको माङ्गलिक चिह्नहरू

किरातहरूले अनादिकालदेख़ि 'कलश' पनि पुज्ने गरेका छन् । जे भने पनि अलि अलि फरक पारेर प्रायः सबैले दीयो कलश पुज्ने गरेकै छन् । यो प्रथा आजको होइन । साथै शुद्ध हिन्दू=आर्यहरूको संस्कृति हो । यस्तै आफ्नो कुरामा बदलेर सात वारलाई पनि किरातहरूले जस्ताको तस्तै मानेकै छन् । रविवार, सोमवार, मंगलवार, बुधवार आदि त मान्ने नै गरेका छन् । परन्तु रवि, शुक्र, मङ्गल, राहु, शनि, सोम, केतु, बुध, बृहस्पति ग्रहहरूलाई पनि मान्ने गरेका छन् । यस्तै पूर्वका इन्द्र, पश्चिमका वरुण, दक्षिणका यम र उत्तरका कुवेर दिशा र देवताहरूलाई किरातहरूको धामी, बिजुवा, फेदाङ्वा आदिले पुज्ने नै गरेका छन् । उपदिशाहरूमा आग्नेय दिशाको अग्नि, नैॠत्यकोणको ...., वायव्यकोणको वायु, ईशानकोणको ईशान देवताहरूलाई पनि नामान्तरले मान्ने गरेका छन् । अष्टमातृकाहरूमा भने इन्द्राणी, ब्रह्माणी, कौमारी, वैष्णवी, वाराही, चामुण्डा र माहेश्वरीलाई सबै किरातहरूले नमाने पनि लक्ष्मी र चण्डीलाई समारोहका साथ मान्ने गरेका छन् । यीमध्ये पार्वतीलाई विशेष सुम्निमा र युमासाम्मा आदि भनेर मान्ने गरेका छन् । दक्षिणकाली आदि तान्त्रिक देवीहरूको मान्यता किरातहरूमा छँदैछ । अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व यी अष्टसिद्धिको नाम नजाने पनि सिद्धिहरूमा किरातहरूले पूर्ण विश्वास गर्ने गरेका छन् । तर नाम शोधखोज गरे नामान्तरमा बताउने गर्छन् । यस्तै अष्टधातुहरूलाई पनि किरातहरूले उसरी नै अँगालेका छन् । सुन, चाँदी, पित्तल, ताँबा, फलाम...... आदि अष्टधातु नचलाई किरातहरूको पनि व्यवहारै चल्दैन । किरातहरूले ऐरावत, पुण्डरीक, वामन, कुमुद, अञ्जन, पुष्पदन्त, सार्वभौम, सुप्रतीक यी अष्टदिग्गजहरूलाई पनि छोड्न सकेका छैनन् । तर नाम पनि भन्न सक्दैनन् । तर धेरै थोरै जे भए पनि आ-आफ्ना मुन्धुममा आफ्नो बोलीहरूमा भन्ने गरेका छन् । अष्टमाङ्गलिक चिह्नहरूमा ध्वजा, छत्र, शंख, कमलको फूल=फूल, माछाको जोडी, चामर, श्रीवत्स चिह्न र कलशलाई किरातहरूले मान्यता दिएकै छन् । यी माङ्गलिक चिह्नहरू कुनै-कुनैले केही चिह्न छोडे पनि धेरै मानेकै छन् । यस प्रकारले पूर्ण हिन्दू आर्य माङ्गलिक चिह्नहरूलाई किरातहरूले अनादिकालदेखि मान्दै आएका छन् । उनीहरूको बोली अलगअलग बनेपछि पनि ती माङ्गलिक चिह्नहरूलाई केही थपघट गरेर केही जस्ताका तस्तै मान्ने गरेका छन् । यी माङ्गलिक चिह्नहरूले पनि किरातहरू मङ्गोलियन होइन भन्ने प्रष्ट बुझिन्छ ।

* * *

काठमाडौं उपत्यका कि अधित्यका ?

१. (क)—वर्तमान युगमा नेपालको ग्रन्थहरूमा र लेखापढीहरूमा काठमाण्डौको खाल्डा अर्थात अधित्यकालाई 'उपत्यका' भनेर लेख्ने या व्यवहार गर्ने चलन सारै अशुद्ध छ, किनभने पर्वतमाथिको खाल्डा या सम्म परेर चारैतिरबाट फेरि पर्वतहरु उठेको छ भने त्यस्तो भूमिलाई 'अधित्यका' भनिन्छ। त्यसमा अमरकोष प्रमाण छ—(अ० को० द्वि० का० शै० व० श्लो० ८) 'उपत्यकाद्रेरासन्ना भूमिरूर्ध्वमधित्यका'। त्यसैमा कालिदासले पनि 'अधित्यकायामिव धातुमय्यां लोध्रद्रुमसानुमतः प्रफुल्लम्' रघुवंश म० का० द्वितीय सर्ग २९ मा लेखे। अब विचारणीय यो छ कि कालिदासले प्रयोग गरेको 'अधित्यका' शब्द कस्तो ठाउँलाई प्रयोग गरेको हो। अमरसिंह र कालिदास यी दुवैले काष्ठमाण्डप जस्तो भूमिलाई 'अधित्यका' भनेको हो। अनि धरान, लेटाङ्ग, मधुमल्ला आधि जस्ता भूमिलाई 'उपत्यका' भन्ने चलन भएको हो। तर अब त सानादेखि लिएर ठूला-ठूला विद्वान्हरूका लेखहरूमा पनि काठमाण्डौलाई 'उपत्यका' नै लेखेको देखिन्छ। अब यो भन्न गारो छ कि ती विद्वान्हरूको ध्यान त्यस शब्दमा नगएर हो कि या बुझ पचाएर हो; यो प्रयोग अवश्य हाँसो लाग्दो छ। ध्यान नगएको भए सुधार्नु परम आवश्यक छ। बुझ पचाएको भए पनि सुधार परम आवश्यक छ। नभए यी विद्वान्हरूको अभिप्राय के हो ? यो पनि प्रष्ट हुन आवश्यक छ। कतिपय नेपाली विद्वान्हरूसँग चर्चा गर्दा 'अशुद्ध त हो तर धेरै प्रयोग भइसक्यो, त्यसो हुँदा सुधार्नु सारै गारो पर्छ।' भन्छन्। तर यो युक्तिले काम चल्नेछैन। अशुद्धलाई शुद्धचाएर मात्रै राम्रो हुनेछ।

(ख)—यसै रीतिले नेपाल शब्दको बारेमा पनि आजसम्म भ्रम फैलेकै देखिन्छ। त्यो पनि सानोतिनो हैन अपितु भयङ्कर ठूलो भ्रम फैलिएको छ। त्यसमा पनि शिक्षितवर्गहरूमा नै विशेष गरेर यो भ्रमले गुँड पारेको प्रष्ट देखिन्छ। ऐलेसम्म पनि सच्याउन सकेको देखिंदैन। त्यो अशुद्धि के हो भने 'नेपाल' नाम केवल काठमाण्डौ खाल्डाको मात्रै हो भन्छन्। यो कुरा प्रायः स्कूल, कालेजहरूको शिक्षक, इतिहास जान्नेहरूसँग सुन्नु पाइन्छ। वस्तुतः खाल्टाको नाम नेपाल नभएर प्राचीनकालदेखि नै फराकिलो नाम भएको बुझिन्छ। यसमा विद्वद्वर पं० श्री नयराज पन्तजीको 'इतिहासको संशोधन प्रमाण-प्रमेय' को पहिलो भागको पृ० २१ देखि २८ सम्म नालीबेली गरी हेर्नु आवश्यक छ। त्यहाँ निक्कै संशोधन भएको छ। इतिहास संशोधन मण्डलले क्रमशः प्रयागको समुद्रगुप्तको स्तम्भलेख, चाँगुनारायणको मानदेवको स्तम्भलेख, ६ शताब्दीको चीनी यात्री ह्वेनसंगको यात्रामा उल्लेख गरेको चार हजार मील फराकिलो नेपाल र राजतरङ्गिणी, अप्ययदीक्षित आदिका महत्त्वपूर्ण ऐतिहासिक प्रमाणहरूबाट काठमाण्डौ खाल्टाको नाम नेपाल होइन, अपितु आजकोभन्दा पनि निक्कै फराकिलो राष्ट्रको नाम नेपाल हो भन्ने कुरा प्रष्ट भएको छ। तर गोपालवंशीय प्रथम राजा भुक्तमान, यक्षगुप्त अनि अहीरवंशीय राजा भुवनसिंहलाई हराएर प्रथम किरातराजा यलम्बर हांगले शासन गरेको इतिहासले नेपाललाई अझ फराकिलो पार्छ। तर उपेक्षाको कारणले गर्दा सही इतिहास अँधेरो खोइरोमा परेको देखिन्छ। आधुनिक इतिहासकारहरूको मतले पनि प्रथम किरातराजा यलम्बर हांगको समय ई० पू० १४५० छ। तर यो कालनिर्णय ठीक छैन। योभन्दा पनि अझ पुरानो हुनुपर्छ। कसैको भनाइ छ कि यलम्बर हांगले महाभारतमा पाण्डवहरूको पक्षमा लागेर महाभारतको युद्ध लडी उसै युद्धभूमिमा वीरगति पाएको इतिहास पाइन्छ। तर हाम्रो मतमा यलम्बर

हांग महाभारतको युद्धभन्दा धेरै पहिले थिए। फेरि महाभारतकाल पाँच हजार वर्षभन्दा अझ बढ्ता नै सिद्ध हुन जान्छ। २९ पीढीसम्म राज गर्ने किरातहरूको राजा जितेदस्तिको शासनकालमा गौतम बुद्ध नेपाल पसेका थिए। तर किरातराजा जितेदस्तिचाहिं महाभारतको युद्धमा गएको संकेत बुझिन्छ। त्यसो हुँदा बुद्धभन्दा पहिलेको हो। बुद्ध भएको पनि आज ढाई हजार वर्ष भइसक्यो। थुकोहांगको पालामा सम्राट् अशोक नेपाल पुगेका थिए। बुद्ध नेपालमा जाँदा जितेदस्ती नभएर कुनै अर्को राजा नेपालमा शासन गर्दै थिए। यस प्रकार ईसापूर्व दश हजार वर्ष पुग नपुगदेखि लिएर ई० पू० ३५० सम्ममा पनि नेपाल एक व्यापक राष्ट्रको रूपमा प्रख्यात भएको प्रष्ट बुझिन्छ भने काठमाण्डौ खाल्टाको या अधित्यकाको नाम 'नेपाल' हो भन्नु त इतिहासको हत्या गर्नु मात्रै हो। तर आज पनि गाउँठाउँमा शिक्षणसंस्थाहरूको इतिहास जान्नेहरूले यो अशुद्ध इतिहासलाई दोहऱ्याइराखेकै छन्। त्यसो हुँदा काठमाण्डौ 'उपत्यका' होइन, अपितु 'अधित्यका' हो। 'नेपाल' शब्द संस्कृत शब्द हो। नेपाल शब्दको प्रयोग द्वापरयुगको विश्वप्रसिद्ध लेखक महर्षि व्यासले स्कन्दपुराण काशी खण्ड, हिमवत्खण्ड, आनन्दरामायण, महाभारत, प्राचीन ज्योतिष, आयुर्वेद, निघण्टुकोष आदिमा प्रयोग भएको देखिन्छ। व्यासले लेखेको इतिहासभित्र पर्ने 'ने मुनी' त्यसभन्दा पूर्वको हुनुपर्छ। त्यसमा पनि प्रसिद्धि नभएसम्म अथवा ऐतिहासिक पुरुष नभएसम्म इतिहासको पानामा जोडिनै सक्दैन। 'ने मुनि' व्यासको कलमभित्र परेको हुनाले व्यासभन्दा पूर्ववर्ती हुन आउँछ। अब हिसाब लगाउनुहोस् कि व्यासको समय के हो ? अनि त्यस हिसाबले 'नेपाल' को इतिहास कति पुरानो ठहर्छ ? एक प्राचीन हस्तलेख इतिहासबाट पनि ७२१३/८ (सात हजार दुइ सय तेह्र वर्ष आठ महिना) सम्म गोपालवंशको प्रथम शासक 'भुक्तमान' देखि 'विश्वजित मल्ल' सम्म सत्ता भएको प्रष्ट बुझिन्छ। अनि किरातराजाहरूको शासनकालमा आजभन्दा ६ हजार वर्षपूर्व नेपालको सिमाना काश्मीरदेखि शुरू भएर कामरूप देशदेखि पश्चिमसम्म थियो। उत्तर भोट र मानसरोवरदेखि दक्षिण, दक्षिणको विन्ध्याचल पनि नेपालैमा थियो। त्यसो हुँदा काठमाण्डौ खाल्टाको नाम 'नेपाल' कसरी हुन सक्छ ? एक विकसित राष्ट्रको नाम नेपाल उहिले पनि थियो भन्ने प्रमाण प्राचीन इतिहासले बुझाउँछ।

भाग–३

नेपालबाहिरका किरात

अहोम किरात-संस्कृति

शिवसागर कुनै बेला राजधानी थियो। पछि अहोमजातिका राजा रुद्रसिंह तथा उनैका छोरा शिव सिंह, गौरीसिंह, जयसिंह आदिले त्यहाँ मन्दिरका जीर्णोद्धार गरे। ठूला-ठूला पोखरी खने। शिवसागरको[१] मूल मुक्तिनाथ शिवको मन्दिर अत्यन्त प्राचीन हो। शिवसिंहको रानी 'अमृत कुमारी'ले रिपेरिङ्ग मात्रै गरेको देखिन्छ, किनभने भित्रको शिवलिङ्ग अत्यन्त पुरानो र प्राकृतिक छ। जीर्णोद्धार गरेको यशचाहिं रानीलाई अवश्य दिनैपर्छ।

१—चरदेव मैदानको खण्डहर माटोमा पुरिए पनि पुरानो हो। एउटा मन्दिर हो कि कुनै राजाको समाधि (चियान) भने खनेर निकालेका छन्। त्यसको मरम्मत पनि हुँदैछ। तर त्योभन्दा ठूला र महत्त्वपूर्ण चार-पाँच महलहरू दबेको पुरिएको जस्तो लाग्छ। त्यसको खनाइ गरे महत्त्वपूर्ण तथ्यहरू निक्लने थिए।

२—मैदानको मैदानदेखि शिवसागर आउँदा बाटोमा गढगाउँ पर्छ। त्यसमा इँटा र रातो माटोले बनाएको एउटा चारतले घर छ। यो घर कुनै राजाको खास सम्बन्धीले अथवा आफैं राजारानीले फुर्सतको बेलामा आराम गर्ने राजमहल हो। तर राजधानीको राजमहलचाहिं होइन, किनभने खाई अर्थात् राजमहलको परिधि छैन। सेना, सुसारेले बस्ने कुनै व्यवस्था देखिएन। त्यसैले केही समयको लागि बनाएको राजभवन हो।

३—शिवसागर र जयसागरको माझमा पर्ने रङ्गपुर रङ्गमहलचाहिं राजधानी नै हो। त्यो सबै लक्षणले राजधानी नै देखिन्छ। चारैतिर पानीको खाई छ, जसमा छिट्टै शत्रुले आक्रमण गर्न नपाओस् भनेर बनाएको हुन्छ। राजदरबारको छेउमा पिउने पानीको पोखरी छ। आसपासमा अरू कर्मचारीहरूले पिउने पोखरी पनि छन्।

४—राजधानीभित्र राजमहलको चारैतिर अङ्गरक्षक, पाले, पुलिस र विशेष प्रकारका अतिथिभवन आदि बनेका छन्। यी भवनहरूको माझमा राजा-रानीले बस्ने तीनतले दरवार छ। त्यो राजारानीले बस्ने राजभवनभित्रको भाग आज खण्डहर अवस्थामा त त्यस्तो राम्रो छ भने राजारानी हुँदा कस्तो थियो होला ! सुरक्षाको हत्यार, खाने सामग्री आदि सबै कुराले युक्त भएको 'अहोम' राजाहरूको राजधानी शिवसागर थियो। राजदरबार बनाउँदा विशेष गरी गर्मीबाट बच्नुको लागि मोटो इँटाको गारो लगाउने चलन थियो। यसैलाई 'तलातलघर' भन्दछन्। यसै तलातलघरको छेउमा रंगनाथ भगवान् शङ्करको मन्दिर छ। यो मन्दिर राजा रुद्रसिंहले बनाएको भन्छन्। सम्भव छ। तर मूर्ति छैन। शिवलिङ्ग पनि छैन। प्राकृतिक पानीले खोपिएको ढुङ्गाको खोपिल्टाभित्र आफैं प्राकृतिक शिवलिंग जस्तो बनेको छ। त्यसको नाम अमरनाथ राखेका छन्। पुजारीको भनाइअनुसार भद्रसिंहले बाहिरबाट लिएर स्थापना गरेको अरे। तर शिवको त्यो ढुंगा हेर्दा धेरै पुरानो र त्यहीं नै थियो जस्तो लाग्छ। केवल रुद्रसिंहले मन्दिर बनाएर पूजाको व्यवस्था गरिदिएको होला। त्यसदेखि अलि मास्तिर जयसिंहले बनाएको मन्दिर

---

[१] ई० सं० १९८८ मा भ्रमण र रिसर्च गरेको आधारमा (डा० स्वामी प्रपन्नाचार्यबाट)

र विशाल जयसागर छ। वर्तमान सडकदेखि तलतिरको 'रंगझार' घरचाहिं राजाको विशेष सभागृह हो। दरवारभित्रै पनि सभा गर्ने तथा मन्त्रीमण्डलको बैठक-गृहहरू छन्।

५—गौरीसागर त्यहाँबाट ६-७ किलोमीटर जति टाढा छ। त्यहाँ अब सरकारी सामान राख्ने ठाउँ बनाएको हुनाले सबैलाई जान दिंदैनन् तर गौरीसिंहको कीर्ति त्यहाँका मन्दिर र पोखरी नै हो। खास उल्लेखनीय छैन। केवल गौरीसिंहको कीर्तिचाहिं बिर्सिन सकिन्न।

६—वर्तमान शिवसागर बजारैभित्र पर्ने शिवजीको मन्दिरको 'जीर्णोद्धार' राजा शिवसिंहको रानी अमृत कुमारीले गरेको भनेर लेखिएको छ। तर अरूको भनाइअनुसार स्वयं राजा र रानीले बनाएका अरे। परन्तु मेरो शोधखोजमा अवश्य नै रानीले जीर्णोद्धार गरेकी हो, किनभने मन्दिरभित्रको पूजा गर्ने शिवलिङ्ग धेरै पुरानो हो। बाहिरबाट हेर्दा गोल गहिरो खोपिल्टो देखिन्छ। त्यो खोपिल्टो झण्डै दुइ फूट गहिरो छ। त्यसभित्र डाँडाको आकार परेको अर्को ढुङ्गा उम्रेको छ। त्यसलाई मुक्तिनाथ शिवजी भनेर पूजा गर्छन्। वस्तुतः यो अत्यन्त प्राचीन स्वयंभू लिङ्ग हो। हजारौं वर्षदेखि पूजा हुँदै आएको देखिन्छ। त्यसो हुँदा मन्दिर पनि हजारौं वर्षपहिलेदेखि नै भएको प्रमाण पाइन्छ। किनभने त्यस मन्दिरको केही जगका ढुङ्गा पुराना देखिन्छन्, अतः मन्दिर पुराना हुन्। राजारानीले अवश्य जीर्णोद्धार गरेका होलान् परन्तु पुरातत्त्व विभागले ध्यान नदिए जस्तो लाग्यो। तलातलघरको सुरक्षा हुनु आवश्यक देखिन्छ। चारदेव मैदानको खोदाइ गरेर प्राचीनता पत्ता लगाउनु आवश्यक देखिन्छ।

●

सोणितपुरका किरात-संस्कृति

जिल्ला सोणितपुर पनि आसामको पुरातात्त्विक इतिहासको दृष्टिले सारै महत्त्वपूर्ण छ। विशेष गरेर किरातकालिक इतिहासहरूमाथि पुरा सामग्री प्राप्त हुन्छ। सबैभन्दा ठूलो विशेषता कुनै पनि प्रान्तको प्राचीन अवशेषहरू ठूला-ठूला नदीको फाँट अथवा Valley हरूमा प्राप्त भएको छ। जस्तै :—मिश्रमा नीलनदीको घाटी छ भने ईराक र ईरानमा दजलाको घाटी विश्वप्रसिद्ध छ। यस्तै भारतमा सिन्धुघाटी (Modern Pakistan), गङ्गा तथा बह्मपुत्रका मैदान तथा उपत्यका र अधित्यकामा प्राचीन पुरातत्त्व तथा नृतत्त्व (Anthropology) विशेष रूपले पाइन्छ।

१. यस्तै ब्रह्मपुत्रको किनारैमा बसेको जिल्ला सोणितपुर पनि पुरातत्त्वको घरै भने हुन्छ। प्राचीन-कालमा (किरातकालमा) सबैभन्दा प्रतापी राजा बाणासुरको राजधानी यही नै थियो। बाणासुरको स्थापित बाणेश्वर भगवान् शङ्करलाई वर्तमान समयमा महाभैरव भनेर पुज्दैछन्। पुरानो मन्दिर छैन। परन्तु चारतिरका खम्बाहरूले बाणासुरको मन्दिर सिद्ध गर्छ। अग्निगढमा अब केही छैन। केवल रमिता हेर्ने ठाउँ मात्रै भएको छ। बाणासुरको किलाको ढुङ्गाहरू जताततै छरिएका छन्। केही पार्कमा लगेर राखेका छन्। असली चीजहरू बेलायतको म्युजियम (Museum)-मा सजिएका होलान्।

२. ऐले हेर्ने लायक खण्डहर उषाको पहाड मात्रै छ। यसलाई कसैले बाणासुरको राजमहल, कसैले उषाको राजमहल भन्दा रहेछन्। परन्तु मेरो हेराइमा उषा पहाडको खण्डहर मन्दिरको एक भाग हुनुपर्छ। आस-पासका भवनहरू राजधानीका भवनहरू हुन सक्छन्। अझ शोध गर्ने आवश्यकता छ। किन मन्दिर भन्ने ? यस विषयमा मेरो भनाइ यी हुन्—

(१) नृसिंह चार हातवाला हिरण्यकशेपुलाई फाड्दै गरेको छ। (२) वराहले राक्षसलाई तल दबाएर पृथिवीलाई माथि उठाएको मूर्ति पनि छ। (३) सरस्वतीले वीणा बजाउँदै गरेको मूर्ति। (४) गणेशको मूर्ति पनि छ। (५) सिंहले हात्तीलाई दबाएको मूर्ति तथा (६) भैरवको मूर्ति पनि छन्। (७) कीर्तिमुख[1] भैरवको मूर्ति र अर्को ढुङ्गामा चारहाते नृसिंहले हिरण्यकशेपुलाई फाड्दै गरेको मूर्ति छन्। (८) एउटा ढुङ्गामा विष्णु र परीहरूको मूर्ति खोपिएका छन्। (९) एक ठाउँमा कामदेवको मूर्ति खोपिएको छ। कामदेवको शिरमा माछा छ। मुखबाट सुन्दरी युवति निक्लेको देखाएको छ। (१०) एक पत्थरमा चतुर्मुख ब्रह्माको मूर्ति खोपिएको छ। (११) जय र विजयको मूर्ति पनि खोपिएका छन्। एक ढुङ्गामा ठूलो मूर्ति उभ्याउने खोपिल्टा बनाएको छ। यसैले सिद्ध छ कि यो भाग मन्दिरै हो। (१२) एक ढुङ्गामा शिखर-शैलीको पाँचवटा मन्दिरको मूर्ति कुँदिएको छ। (१३) पाएजति ढुंगाहरू सबैमा फलामले बाँध्ने जोड्ने साधन खोपिएका छन्। तर फलाम कतै पनि देखिएन। यी मन्दिर पनि शिखरशैलीकै थिए होलान्। यहाँ विशेष ध्यान राख्ने कुरा यो छ कि कतिपयले यस्ता मन्दिर आदिलाई धेरै पछिका भनेका छन्। तर उनी-

---

[1] सम्पूर्ण भारतभरमा कीर्तिमुख भैरव केवल यसै ठाउँमा प्राप्त भएको छ। नेपालमा त ठाउँठाउँमा प्राप्त भएकै छ। त्यसैले सोणितपुर (अग्निगढ)-को कीर्तिमुख भैरव र नेपालमा पाइने कीर्तिमुख भैरवको तुलनात्मक अध्ययन गर्नु आवश्यक देखिन्छ, किनभने यी किरातमूर्ति हुन्।

हरूको खोज ठीक छैन। Ancient History and Culture जस्ता ग्रन्थहरूका प्रमाणहरूबाट हामीले शोध (Research) गर्नु आवश्यक छ। यस्ता अध्ययनका सामग्री उषा पहाडमा प्रशस्त छन्। तर आसाम सरकार (Assam Government) उषा पहाडको सबै मूर्ति ढुंगामा खोपिएका छन्। Archaeology department को ढिलाइ भने निकै छ।

३. यसै प्रकारले वियाली चारआलीको छेउमा विश्वनाथ घाटको पुरातत्त्व पनि महत्त्वपूर्ण छ। यद्यपि कैयौं मन्दिर अहोमराजा चक्रधर सिंह आदिले बनाएका छन्। वाणेश्वर लिंग पनि धेरै प्राचीन हो तर पनि त्योभन्दा प्राचीन मन्दिरको गर्भगृहभन्दा बाहिर जगमोहनमा राखिएको नाच्दै गरेको 'नृत्य गणेश' को मूर्ति धेरै प्राचीन हो। यस्तै ब्रह्मपुत्रको छेउमा दुर्गामन्दिरको बाहिर राखेको उमामहेश्वरको[1] मूर्ति पनि प्राचीन नै हो। त्यसको छेउमा आकाश[2] भैरवको खण्डित मूर्तिको माथि ड्राइगन[3] बनेको छ। असली विश्वनाथको मन्दिर अलि वर छ। त्यहाँ आसपासका मन्दिरहरूमा सबैभन्दा पुरानो मन्दिर हो। त्यो इँटाको गारो पनि ५ तथा ६ शताब्दीको हो। तर त्यो इँटाको गारोभन्दा पूर्व पनि प्राचीन मन्दिर थियो। त्यो ढुंगाले बनेको थियो। केही भाग ढुंगा ऐले पनि छँदैछन्। परन्तु मन्दिरको माथि छानाको गुम्मट भाग पछि पनि जीर्णोद्धार भएजस्तो छ। मन्दिरको छेउमा एउटै ढुंगामा चारवटा चार-दिशामुख गरेको सिंह बनाएका छन्। तर माथि शिर एउटै छ। मूर्ति बनेको ढुंगा पुरानो हो। यस प्रकार विश्वनाथको मन्दिर वाणासुरकै हातबाट बनेको हुनुपर्छ। अब कालगतिले खानु अर्कै कुरा हो।

४. तेजपुर केतकीबारीको हाटकेश्वर शिवलिंगलाई पुरातत्त्ववालाहरूले ५ शताब्दीका भनेर लेखे। तर शिवलिंग ईसापूर्वको हो।

५. वराह पर्वत मिकिरि पहाडको ब्राह्मी लिपिको शिलालेख 'महाभूतिवर्मा' को हो भनेर लेखेको छ। पुरातत्त्वले यसको काल पनि ईसाको ५५४ शताब्दी भनेको छ। तर लिपि स्पष्ट नभएको हुनाले यो भन्न सकिन्न। लिपिको आधारमा ईसापूर्व प्रथम शताब्दीतिरको भन्न सकिन्छ।

६. दपर्वत तेजपुर दरंगको कलापूर्ण ढोका ईसापूर्व ८ शताब्दीको हो। त्यसमा किरातकला र किरातमूर्तिको सजीव उदाहरण देखिन्छ। आश्चर्यको कुरा पुरातत्त्वले ६८ शताब्दीको करार दिएको छ। त्यसैमा गंगा र यमुनाको मूर्ति मान्ने आधार पनि राम्ररी बुझ्न सकिन्छ।

* * *

---

[1] यो मूर्ति विशुद्ध किरातकला हो। कुनै किरातकलाकारको हातबाट बनेको मूर्ति हुनुपर्छ। साथै मूर्ति विशुद्ध किराताकृतिको छ।

[2] नेपालदेखि बाहिर विश्वनाथ घाटमै आकाशभैरवको मूर्ति पाइएको छ। यो पनि पूर्ण किरातकला र किराताकृतिको देखिन्छ।

[3] नेपालबाहिर भारतमा पाइने ड्राइगनहरूमध्ये यो पनि एक हो।

डिमापुरको पत्थर-स्तम्भ

(१) डिमापुर महाभारतकालदेखि नै अत्यन्त प्रसिद्ध भएर आएको राजधानी हो। हिडिम्बको राजधानी यही थियो। तर आज राजधानीको पत्ता लागेको छैन। परन्तु अत्यन्त प्राचीन ढुङ्गाको स्तम्भ डिमापुरमा आज पनि हेर्न पाइन्छ। यी स्तम्भ कछारी राजाहरूले गाडेका हुन् भन्दछन्। तर ढुङ्गाको स्तम्भ गाड्ने चलन कछारीहरूको होइन; नागा, खसिया, जयन्तिया आदि किरातहरूका हुन्।

(२) जे होस्; जम्मा साना-ठूला मिलाएर एक सय जति ढुङ्गाका स्तम्भ छन्। एकभन्दा एक पुराना स्तम्भ देखिन्छ। कैयौं स्तम्भहरूमा अत्यन्त सुन्दर कला पनि देखिन्छ। कैयौं स्तम्भमा गाई, हात्ती, सिंह, मयूर, डाँफे, तोता आदिका नक्सा खोपिएका छन्। कैयौं स्तम्भहरूमा चक्र र अज्ञात राजा वा रानीको मूर्ति पनि खोपिएका छन्। कैयौं स्तम्भमा शिवशक्तिको प्रतीक छ। कैयौंमा नागहरूको चिह्न पनि छन्। कैयौंमा चन्द्रसूर्यको चिह्न छन्। तर असुरक्षाले गर्दा निरन्तर बिग्रँदै जाँदैछ।

(३) केही ढुङ्गालाई छोडेर प्रायः ईसापूर्वको ढुङ्गाहरू मसिनो रातो खाले बालुवा मिसिएका छन्, जुन ढुङ्गालाई हजारौं वर्षसम्म केही हुने शंका छैन। केही ढुङ्गा भने अलि मोटो खसुरो खाले सेतो-सेतो बालु मिलेका पनि छन्। यी पनि पक्कै हुन्छन्। केही ढुङ्गा मटमैलो रंगका पनि छन्। कुनै-कुनै ढुङ्गा भने अलि फोसको कच्चा खाले पनि छन्। तर ती ढुङ्गा ईसापछिका हुन्। ईसापूर्व ७ र ८ शताब्दीदेखि ई० सं० १० शताब्दीसम्मका खम्बाहरू छन्। अनेक प्रकारका ढुङ्गाका कलास्तम्भ डिमापुर जस्तो सम्पूर्ण पूर्वाञ्चल भारतमा कतै देख्न पाइन्न।

(४) डिमापुर, माराम, माओ, इराङ आदिमा गाडेका ढुङ्गाहरू कुनै पनि कलात्मक छैनन्। कतैकतै अत्यन्त ठूला ढुङ्गा गाडेका छन्। सम्याएका पनि छैनन्। परन्तु मेघालयको चेरापूँजीमा गाडेको खम्बाचाहिं राम्ररी सम्याएर माथि टुप्पामा छाता जस्तो पनि लगाइदिएका छन्। कतैकतै ती छाताहरूले पक्का मन्दिरको झल्को पार्छ। चेरापूँजी र मोसिना ग्राम आदि खसियाहरूको खास (Original) स्थान हो। खसियाहरूको पुरानो चियान ठीक सानो-सानो मन्दिर अथवा तुलसीका मठ जस्ता हुन्छन्। खसियाहरू ईसाई हुनुभन्दा पूर्व शुद्ध हिन्दू-किरातक्षत्रिय हुन्। यस्तै डिमापुरको खम्बाहरू शुद्ध हिन्दूराजा-महाराजहरूका हुन्। यसमा सन्देह छैन। वर्तमान नागालेण्डमा पाइने पुरातत्त्व डिमापुरको पिल्लर र रांगापहाडको शिवलिंग मात्रै हो। शेष रिसर्चको आवश्यकता छ।

⁂

अरुणाचल प्रदेशको अनुसन्धान

(१) अनेक रूपमा लोमसको अनेक मूर्ति खोपिएका छन् । शिरमा चटाई अर्थात् गुन्द्री या मान्द्रो बेरेर राखेका मूर्ति पनि निक्कै नै छन् ।

(२) वैष्णवहरूको चिह्नको चक्र ठाउँठाउँमा खोपेको देखियो । तर शङ्ख भने देखिएन ।

(३) मालझरी पनि वैष्णव मन्दिरहरूमा हुने बुटाविशेष हो । त्यस्ता मालझरी पनि निक्कै देखिए ।

(४) स्तम्भहरूमा किरातमूर्ति धेरै छन् । लोग्नेमान्छे र आइमेई गरी २५ भन्दा बढी किरातमूर्ति छन् ।

(५) शिवलिंग र नन्दी पनि छन् ।

(६) बडको रूखमुनि किरातकालिक शिवलिंग छ । त्यो लिङ्गलाई मास्तिरबाट छेद गरेको छ ।

(७) माथि बाटैनेर किरातफेसमा नट भैरवको[1] मूर्ति पनि छ ।

(८) ठाउँ-ठाउँमा धनुषवाण पनि खोपिएका छन् । तर वाण चढाएको प्रतीत हुन्छ । त्यसो हुँदा कसैको हातमा थियो जस्तो लाग्छ । ढुङ्गा फुटेर त्यस्तो देखियो ।

(९) सप्तर्षि मण्डल पनि ऋषिहरूको रूपमा देखिन्छन् ।

(१०) माथि डाँडामा रुक्मिणीको मन्दिर र मूर्ति छ । तर त्यो मूर्ति रुक्मिणीको जस्तो लागेन । मूर्ति धेरै पुरानो हो । दुवैतिर शेर अर्थात् बाघ तथा बीचमा कलश भएका पनि छन् ।

(११) मूल मन्दिरको द्वारमा जय र विजयको मूर्ति देखिन्छ । ऐलेको खण्डहरमा मूल मन्दिर विष्णुको हो । तर विष्णुमूर्ति देखिएन । ऐलेको खण्डहरमा मूल मन्दिरको गर्भगृह जगमोहन स्पष्ट देखिन्छ ।

(१२) सिद्धिविनायक गणेश, मोदकप्रिय गणेश आदि गणेशका मूर्ति धेरै ठाउँमा छन् ।

(१३) हिरण्यकशेपुलाई फाड्दै गरेको नृसिंहको मूर्ति पनि छन् ।

(१४) मयूरमा चढेको कार्तिकेयको मूर्ति आकर्षित छ । किरात-आकृतिको छ ।

(१५) कीर्तिमुख भैरव[2] पनि देख्नेयोग्य छ ।

(१६) चतुर्मुख ब्रह्माको मूर्ति स्पष्ट छ ।

(१७) किरातपरीहरू चामर लिएर नाचेजस्तो देखिन्छ ।

(१८) सूर्यदेव सातवटा घोडाको रथमा दोचा[3] लगाएर चढेको छ । सूर्यको शिरमा ड्राइगन[4] पनि छ । दोचा लगाएको मूर्ति काठमाण्डौ तथा कुमाउको वैद्यनाथ आदिमा प्रशस्त पाइएका छन् । तर अलग-अलग देवता छन् ।

---

[1] वटुकभैरव, आकाशभैरव, मोहनभैरव, बालभैरव आदि अनेक भैरवका रूप हुन्छन् । तीमध्ये नटभैरव पनि एक हो । नटभैरवको मूर्ति सर्वत्र पाइँदैन । कुनै-कुनै ठाउँमा पाइन्छ । नटभैरव नाच्दै गरेको किरातमूर्ति हो । यस मूर्तिलाई कैयौंले साक्षात् शङ्करै भनेर पुज्ने गरेका छन् । यी सबै मूर्तिहरू किरातमूर्ति हुन् ।

[2] यो कीर्तिमुख भैरव प्राप्त भएको दोस्रो ठाउँ हो ।

[3] दोचा लगाउने सूर्यदेव किराताकृतिको छ ।

[4] ड्राइगन प्राप्त भएको दोस्रो ठाउँ यो हो ।

(१९) लिङ्गेश्वर महादेवको मूर्ति लिङ्गदेखि माथि प्रकट भएको देखिन्छ ।

(२०) नृत्य गणेशको मूर्ति सारै राम्रो छ ।

(२१) इन्द्र ऐरावत हात्तीमा बसेर हातमा वज्र लिएको छ ।

(२२) सरस्वती हातमा वीणा लिएर बसेकी छ ।

(२३) हनुमान्ले मकरध्वजलाई दबाएको मूर्ति पनि छ ।

(२४) चतुर्मुख ब्रह्माको मूर्ति पनि छ ।

(२५) छिन्नमस्ता शिर नभएको तर नरमुण्डको मालाधारी मूर्ति पनि छन् ।

(२६) एक मूर्ति सम्भोगमा छ । तर कुनै तान्त्रिक मूर्ति देखिन्छ । छिन्नमस्ता बगलामुखी आदि पनि तान्त्रिकै हो ।

(२७) दुर्गाको मूर्ति पनि उतिकै ठूलो छ । तर ऐले त्यसैको पूजा हुँदैछ । त्यसकारण त्यसको अध्ययन राम्ररी हुन सकेन । कालो ढुङ्गाको छ । मूर्ति निकै अलगो छ । त्यहाँका वासिन्दा र पुरातत्त्ववेत्ताहरूले मूल दुर्गाकै मन्दिर थिए भनेर मानेका छन् । दुर्गा नै रुक्मिणीको सहेली अथवा दुर्गा भएकी हो भन्छन् । तर अझ रिसर्च गर्ने विषय धेरै छन् ।

(२८) ड्राइगनको अर्को विकृत रूप मुर्कुट्टे मूर्तिहरू पनि धेरै छन् ।

(२९) भौगोलिक अध्ययन गर्दा ती मन्दिर त्यहाँ बनेका होइनन् । ती मन्दिरहरू कहीं माथि बनेको हुनुपर्छ । भूकम्पको कारणवश अथवा अरू कुनै कारणले बिस्तारै तल खस्किएर वर्तमान स्थितिमा पुगेको हो ।

(३०) मन्दिरको कैयौं इतिहास ईसापूर्वको छ । सबै देवी-देवता शुद्ध वैदिक हिन्दूधर्मावलम्बी कुनै राजाले बनाएको हुनुपर्छ । यसको रिसर्च हुनु शेषै छ ।

यस पुरातत्त्वमा 'चार' देखि 'आठ' सम्म र 'पन्द्र' देखि 'सत्र' सम्म र 'अठ्ठाईस' र 'उन्तीस' सम्मको मूर्तिहरू किरातकालिक र किरातहरूकै कलाकृतिक देखिन्छ । त्यसैले केही मूर्तिहरू किरातमूर्ति नै छन् । अरुणाचल प्रदेशका पुरातत्त्ववेत्ताहरूले भने ईसाको पाँचौं–छैठौं शताब्दीभन्दा पूर्वका स्वीकार गर्नु सकेका छैनन् । तर ती किरातमूर्तिहरू कसरी त्यहाँ बन्नु पुगे त भन्दा यसका उत्तर पाइएनन् । मूर्ति हेर्दा ईसापूर्वकै देखिन्छ । त्यसैले यसको खोपाइ र ढुङ्गाको भाग कलाकृति र फेस = अनुहार पनि किरातकालिक अर्थात् ईसाभन्दा पूर्वका नै देखिन्छ । यसको रिसर्च गर्नु भने स्वतन्त्र ढंगले हुनु आवश्यक छ ।

महाराज रुक्माङ्गदका सन्तान अरुणाचलवासी किरात

अरुणाचल प्रदेश हुनुभन्दा अघि (पूर्व) यस प्रदेशको नाम (North Eastern Frontier Agency) 'नेफा' थियो । अब त यी जातिलाई अवर भन्नु हुँदैन । लडाइँ भइहाल्छ । कोटमा केस चलिहाल्छ । तर अंग्रेजको शासनमा यिनीलाई अवर जाति भनिन्थ्यो । यिनीहरूले बसोबास गरेको ठाउँलाई अवरको पहाड भनिन्थ्यो । लेखावली मालिनी स्थानदेखि लिएर पासीघाट स्याङ नदीको वारपारको सबै पहाड अवरको पहाड भनिन्थ्यो । 'पासीघाट' चीनबाट आउने स्याङ नदीको किनारमा बसेको छ । सामुमा 'आपी' (नामयुक) अवर पहाड छन् । यसै पहाडमा चढ्नलाई ई० सं० १९११ मा सेकेण्ड आसाम (गोर्खा) राईफल्स पासीघाटमा डेरा हालेर बसेका थिए । सेकेण्ड आसाम राईफल्सले पासीघाटबाटै रिंगा, कार्कु, पाङ्गीन, आलोङ आदिमा चढाइ गर्न गएका थिए । यसै ठाउँमा आदि (अवर)-हरूले अंग्रेजहरूसँग

मुकाबला गरेका थिए । १९१४ मा सेकेण्ड आसाम राईफल्सका धर्मगुरु भएर पं० ठाकुरप्रसाद उपाध्याय पासीघाट पुगेका थिए । यो इतिहास उनैका छोरा पं० प्रेमनारायण उपाध्यायबाट (पासीघाट) प्राप्त गरेको हो । ८१ वर्षकी विष्णुमाया बाँसकोटाले पनि यस्तै जानकारी दिएकी छन् । लेखावली, मालिनी-स्थान, शिलापत्थर आदिमा नेपालीहरू गोठ पाल्न १९ शताब्दीतिर बसेको बुझिन्छ । आदि पहाडको इतिहास खोज्दै लाँदा धनवीर भण्डारीले अवरको सवाई लेखे पनि १९५० देखि बाहेक अवर पहाडमा अर्को त्यस्तो महत्त्वपूर्ण भुइँचालो आएको अवर बूढाबूढीलाई पनि थाहा छैन । विष्णुमाया बाँसकोटालाई पनि थाहा छैन । तर कैयौं लेखकहरूले धनवीरको १८ सं० तिरको सवाई उठाएर पेस गरेका छन् । त्यसको मूल पनि पाएको छैन । साथै धनवीरको जन्मले अवश्य पनि १८ शताब्दीको अन्तिम चरणमा भए जस्तो लाग्छ । तर घटनाहरू केवल १९ शताब्दीका मात्र देखिन्छन् । हुन सक्छ १८ शताब्दीको घटना सुनेर लेखे होलान् । यसै क्रममा आदिहरूको जातिगणना यहाँ गरिन्छ ।

१—पेटीन, मियोङ्, गालोङ, पासी, पादाम दामरोकको लेख र बेंसीमा बस्छन् । थियुक, गाम्बुक लोहित एरियामा बस्छन् । मिसमी इनक्योङ आहोलीमा बस्छन् । पोगोई र हाईलुङ नामयुक पहाडको फेदमा पासीघाटमा बस्छन् ।

२—देवता या भगवान् डोनी=चन्द्र र पोलो=सूर्यलाई मान्छन् ।

३—विवाहवारीमा दोलानी फर्काउने चलन छैन ।

४—आदिहरूले ११ दिनसम्म सुत्केरी बार्छन् । पादामले जबसम्म नानी ३ महिनाको हुँदैन तबसम्म बाजे-बोजू र घरको ठूलो जेठा दाजुले बुहारीले छुएको खाँदैनन् ।

५—विवाहमा चाँदीको रुपियाँको हारी र सुनौले रंगको 'उक्पुन' लगाउने चलन छ ।

६—लुगाफाटा र कोसेलीको चालचलन ठीक राई, लिम्बूको जस्तै छ ।

७—बाबु मर्दा मासु खाँदैनन् ।

८—आमा मर्दा मेवा, कटहर र दूध आउने कुनै चीज खाँदैनन् र काट्दैनन् । यो कसैले ३ र कसैले ६ या एक वर्षसम्म बार्ने गर्छन् । कसैले महिनासम्म मात्रै पनि बार्छन् ।

९—मुर्दालाई प्रायः पश्चिम लगेर पूर्व शिर पारेर गाड्ने चलन छ ।

१०—मलामी जाँदा लङ्गौटी र पछेउरा आदि लगेर जानुपर्छ । मुर्दा पुरेपछि खोला या पानीको धारामा गएर नुहाई पछेउरा बदलेर मात्रै घर जान्छन् । पुरानो लङ्गौटी बगाएर नयाँ लङ्गौटी लगाएर घर जान्छन् ।

११—स्वास्नी मर्दा लोग्नेले किरियापुत्री बस्छ र बाबु मऱ्यो भने छोराले किरियापुत्री बस्ने चलन छ । लोग्ने छैन भने छोराले नै किरियापुत्री बस्छ ।

१२—किरियापुत्री चोखिदा आमा भए ९ दिन, बाबु भए १० दिनमा शुद्ध हुने चलन छ ।

१३—श्राद्ध गर्दा (उनीहरूको कुरामा बेग्लै छ) तीन सालमा पूर्व मलामीलाई बोलाएर ख्वाउने चलन छ । तर अब केही व्यक्तिहरूलाई ख्वाएर शुद्ध गर्छन् ।

१४—आदिहरूमा छोरीलाई अंशवण्डाको हक छैन ।

१५—केवल कान्छा छोरा र साइँला छोराको विशेष हक हुन्छ । जेठाले कम पाउँछ । माइलाले पाउँदैन ।

१६—केही कर्म गर्दा धामी (मिरी)-ले आफ्नो बोलीको मुन्धुममा बाँधेर बाँसको लिङ्ग गाडेर बलि दिने चलन छ । पुरोहित, धामी, झाँक्री, बिजुवा जे भने पनि यही नै हो ।

१७—छोरा-छोरी जन्मँदा ९ दिनमा चोखाउँछन् । चोख्याउँदा तीतेपाती ल्याएर चोखो पानीमा मिरीले छिटा दिएर चोख्याउँछ । सुत्केरीले नुहाउनुपर्छ । नाम मिरीले नै राखिदिन्छ ।

१८—आदिहरूले नाम राख्दा ओमबाट राक्छन् । जस्तै :—ओमे रासाङ्, ओमेन तायङ, ओफेकलेगो आदि हुन्छन् । नारीहरूको पनि यस्तै हुन्छन् ।

१९—आदिहरूले बाटोलाई लाम, आइमेईलाई ईमी, बाबुलाई आपा, दाजुलाई आजी, भाइलाई आनी, बैनीलाई अमैया, आगोलाई एमे, दाउरालाई सिं, पानीलाई इषि, भातलाई तोक, तिहुनलाई पिचा, जाँडलाई थो (लिम्बूमा थी), रक्सीलाई आथी भन्दछन् ।

२०—यसरी आदिहरू शुद्ध हिन्दू-आर्यक्षत्रिय सिद्ध हुन्छ ।

यसरी आदिहरूले आफूलाई महाराज रूक्माङ्गदका सन्तान हौं पनि भन्ने गरेका छन् । कैयौं क्रिश्चियन भैसकेकाहरूले हिन्दू-नाम र हिन्दू-क्रियाकलापको विरोध गर्ने गरे पनि उनीहरूको प्राचीन हिन्दू-संस्कृति सुरक्षितै छ । परन्तु निक्कै वर्षदेखि ईसाईहरूले अरुणाचलको किरातहरूलाई आफ्नो कब्जामा पार्न खोजेका थिए ।

२१—अरुणाचलमा सबैभन्दा पहिले पादरी १८५१ फादर क्रिम धर्मप्रचारका लागि आएका थिए । लगभग तीन वर्षसम्म त्यहाँ धर्मप्रचारको काम गऱ्यो । तर जब ईसाई बनाउने काम शुरू गऱ्यो, त्यसै बेला १८५४ मा मिश्मी राजा 'कैशा' ले फाँसी दियो ।

२२—योभन्दा पूर्व १८४० मा पनि रे व्रां सन् भन्ने पादरीले तिरप जिल्लाको 'नामसङ' बस्तीमा प्रचार शुरू गरेका थिए । परन्तु सफल भएन । त्यसपछि बृटिश सरकारले (इनर लाइन रेगुलेशन्) 'Iner line Regulation' १८७३ मा लागू गरिदियो ।

२३—त्यसपछि आसामस्थित बालीपाडा, उत्तरी लखिमपुर, सदिया र मार्गरेटामा मिशिनरीले आफ्नो केम्प बनाएर प्रचार गर्न थाले ।

२४—यसको गतिविधि भारत-सरकारले जानेपछि १९५३ मा मिशिनरीहरूलाई अरुणाचल पस्ने निषेध गरे । फेरि पनि चोरी र ढाँटले ईसाई बसाउँदै थिए ।

२५—तर ई० सं० १९६९ मा तात्कालिक 'एजेंसी कोउनसिल' र १९७२ मा प्रदेश कोउनसिलले धर्मान्तरणमा रोक लगाउनुको लागि कानून पास गरे । १९७६ मा यस सम्बन्धमा एउटा सम्मेलन पनि भयो । त्यसमा जोरदार शब्दमा कानून बनाउने माग गरेका थिए ।

२६—१९७८ मा धर्मान्तरणमा रोक लगाउने कानून राष्ट्रपतिको आदेशले विधान पास गरे ।

२७—तर कैथोलिक र प्रोटेष्टेण्ड दुवैले गृहमन्त्रीसँग आफ्नो विरोध जनाउँदै थिए । चोरीमा धर्मान्तरण पनि गर्दै थिए ।

२८—तर अरुणाचलको छेउदेखि भूटानदेखि बर्मा सिमानासम्म आसामको क्षेत्रमा करीब १२ सय किलोमिटर लामो र तीस किलोमिटर चाक्लो तराई पट्टीमा ईसाई-संस्थाहरू फैलिएको छ । यो संस्था सेवा, शिक्षा, विश्रामगृह, अस्पताल, अनाथाश्रम त्यहाँको जनताको विकासकार्यको लागि चलाइराखेका छन् । तर मुख्य उद्देश्य धर्मान्तरण नै हो। यी संस्थाहरू ईसाई-धर्मान्तरणकै केन्द्र हुन् । यसमा अत्युक्ति छैन ।

२९—पादरीहरूको कार्यकुशलता--अब पादरीहरूले जनगणनामा ईसाई धर्म र ईसाई नाम लेखाउँदैनन् । अरुणाचलमा ईसाई छैनन् होइन अपितु छन् । तर संख्या अरूभन्दा धेरै नभइञ्जेलसम्म आफ्नो

नाम र संख्या प्रकट गर्दैनन् । जब एकैचोटि सबैलाई जित्ने संख्या हुन्छ अनि मात्रै प्रकट गर्छन् । जस्तै नागालैण्ड, मिजोरम, मेघालय आदिमा पनि भएका छन् ।

अरुणाचलमा कुनै सम्प्रदाय विशेषले धर्मप्रचार गर्ने छूट छैन तैपनि अरुणाचलबाट बाहिर निक्लेका नवयुवक र युवतिहरूलाई उच्च शिक्षा र प्रलोभन दिएर आसामको सीमामा बस्ने ईसाई संगठनले धर्मान्तरण गरिराखेकै देखिन्छ ।

मिशनिरीलाई राज्यसरकारभन्दा बड्ता धन मिल्छ । संसद्मा सरकारको तर्फबाट दिएको जानकारीको अनुसार १९७६ देखि १९७८ सम्म पूर्वोत्तर क्षेत्रमा ईसाई संगठनलाई ६० करोड विदेशी धन प्राप्त भएको छ । यस्तै हिसाव अरू प्रान्तहरूलाई पनि लगाउँदा पैसाको दास नहुने को मान्छे होला ? यसै योजनाले नागाहिल, मिजोरम र मेघालय आदिका किरातहरू शिकार भएका छन् ।

साप्ताहिक हिन्दूस्थान, सात दिसम्बर १९८७

१८५७ मा 'इष्टइण्डिया' कम्पनीको अध्यक्ष मिस्टर मैङ्गल्सले पार्लियामेण्टको भित्रमा घोषणा गरेको थियो—परमात्माले हिन्दूस्थानको विशाल साम्राज्य ईसालाई सौंपेको छ । त्यसो हुँदा भारतको एक छेउदेखि दोस्रो छेउसम्म ईसामसीहाको विजयी झण्डा झुम्दैछ । त्यसो हुँदा हामी प्रत्येकले आफ्नो शक्ति पूरा यसको प्रचारमा लाउनुपर्छ, किनभने समस्त भारतमा ईसाई बनाउने महान् कार्यमा ढिलो नहोस् ।

यसै गरी रेवेरेण्ड केनेडीले पनि उसै समयमा भन्यो, "हामीमाथि कुनै प्रकारको आपत्ति किन नआओस्, तबसम्म हामीले भुल्नु हुँदैन, हाम्रो मुख्य काम ईसाई-मत फैलाउनु नै हुनेछ ।" "The Hoary Hindu Religion must go" यो मि० विलियम[1] विल्ली फ्रैंक ग्राहम (William Billy Frank Graham)-ले लेखेको थियो ।

ने० फा० (नार्थ इष्टर्न फ्रन्टियर एजेन्सी)

ई० सं० १९६३ देखि यस प्रान्तको नाम अरुणाचल भएको हो । यसमा पनि सबै जातिले बसोबास गर्दै आएको छ । तर यताका आदिवासीचाहिं मिसमी, आवर, आँका, डाँफला आदि छन् ।

१–**'मिसमीजाति'** यस जातिले अरुणाचल राज्यको लोहित जिल्ला 'तेजु' हेडक्वाटरमा विशेष रूपले निवास गरेको पाइन्छ । यस क्षेत्रमा पाइने जनजातिहरूमध्ये मिसमीले 'गाई' खाँदैनन् । टुप्पी ठूला-ठूला राख्छन् । यिनीहरू पनि किरातक्षत्रिय नै हुन् । यिनीहरूले खेती गर्दा पानीको देवता 'इन्द्र' को पूजा गर्छन् । यिनीहरूको 'नाच' लिम्बूहरूको धाननाचसँग मेल खान्छ । यसरी मिसमीहरूभित्र पनि धेरै उपजातिहरू छन् ।

२–**'आवरजाति'** यस जातिले पनि टुप्पी राख्छ । आवरजातिका आपतनी, गालङः आदि उपजाति छन् । अरुणाचलको रोइङः सब डिविजन, पासीघाट सियाङः जिल्लामा यिनीहरूको विशेष बसोबासो छ । यिनीहरूको विशेष प्रथाहरूमध्ये केटी माग्नु जाँदा 'लोथोर्के' मारेर लानुपर्छ ।

३–**'आँकाजाति'** अरुणाचल प्रदेशको सुवाङः सिंढी, वमडिला जिल्लाभित्र यस जातिले बसोबास गरेको पाइन्छ । यिनीहरूले पनि टुप्पी राख्दछन् । आफ्नो पाराको टोपी लाउँछन् । कान छेडेर काठको

---

[1] भारत में भयङ्कर ईसाई षडयन्त्र, ओमप्रकाश पुरुषार्थी, सार्वदेशिक आर्यप्रतिनिधि सभा, दिल्ली ।

ठेंडी लगाउँछन् । राता र हरिया प्वाँला लाउँछन् । स्त्री-पुरुष दुवैले दुवैपट्टि नाक छेड्छन् । टोपीमा धनेस चराको प्वाँख लगाउने चलन छ ।

४–**'डाँफलाजाति'** यो जाति अरुणाचलको 'कायेङ' जिल्लामा पाइन्छ । यस जातिको पनि सबै संस्कृति 'आँका' जस्तै छ । केवल अन्तर यति छ कि आँकाले टोपीमा प्वाँख लाउँछ भने डाँफलाले धनेसको चुचो मात्रै टोपीमा लाउँछ । केटी माग्न जाँदा धनेस मारेर नलगी हुँदैन । धनेस लानैपर्छ ।

५–**'खामतीजाति'** यो जातिले अरुणाचलको 'टीराप' र आसामको सीमाको माझाबाट 'नामचाई' परशुराम कुण्डको पूर्वभागमा बसोबास गरेको पाइन्छ । यिनीहरू बौद्धधर्मावलम्बी छन् । बौद्धहरू हिन्दूको शाखा हिन्दू नै हुन् । खामतीजातिको उपशाखा दुम्साजाति हो । दुम्साको उपजाति 'चिङकौ' हो । यी प्रमुख जाति हुन् । यिनका उपजाति धेरै छन् तर यी सबै बौद्ध हुन् । फेरि पनि मिशनको बिथोलोचाहिँ छँदैछ ।

* * *

गौहाटीको पुरातत्त्व

गुहाटीको प्राचीन नाम प्राक्ज्योतिषपुर हो। महाभारतकालभन्दा पूर्व र महाभारतकालदेखि केही पछिसम्म पनि यहाँको ज्योतिष-गणना मान्य र अत्यन्त प्रामाणिक थियो। यस क्षेत्रको प्रसिद्ध सम्राट् घटासुर, नरकासुर र भगदत्त आदि थिए। आज उनीको ध्वंसावशेष मात्र पनि उपलब्ध हुन सकेको छैन। तैपनि आज गौहाटीमा पुरातत्त्वको दृष्टिले जो देखिएको छ, ती स्थान वसिष्ठाश्रम, नवग्रह, कामाक्ष्या, नरकासुर पर्वत, डोल गोविन्द, अश्वक्रान्ता, शिवमन्दिर, शुक्लेश्वर, उग्रतारा आदि प्रसिद्ध छन्।

(१) वसिष्ठाश्रमको मन्दिर आजको दृष्टिकोणले हेर्ने हो भने जीर्णोद्धार गरेको छ। तर त्यसको शिलाधार प्राचीन छ। त्यस मन्दिरमा स्वयंभू शिवलिङ्ग छ। तर वसिष्ठको रूपमा पनि मान्ने गरेका छन्। सही मानेमा वसिष्ठेश्वर[1] महादेव नै हुन्। लिङ्गाकृति नभएर शिलारूपमा लिङ्ग मानिएको छ। मन्दिरदेखि भित्र पस्दा निक्कै प्राचीन मूर्ति द्वारमा टाँगिएको छ। यो मूर्ति शङ्कर-पार्वतीको हो। भित्र पसेपछि मन्दिरको तल्लो पाटामा मन्दिरको भित्तामा अनेक प्राचीन मूर्तिहरू टाँसिएका छन्। वसिष्ठमन्दिरभन्दा तल गणेशमन्दिरको नामले प्रसिद्ध मन्दिर छ। तर त्यस मन्दिरभित्र मूल रूपमा गणेशको मूर्ति नै प्रसिद्ध भए पनि दुर्गाको मूर्ति पनि खोपिएको छ। शिला एउटै नदीको ठूलो ढुंगा हो। त्यसै ढुंगामा बायाँपट्टि दुर्गा र दाहिनेपट्टि गणेशको[2] मूर्ति खोपिएको छ। अत्यन्त प्राचीन मूर्तिहरूमध्ये यी पनि हुन्। तर नदीको पानीले भेट्टाउने ढुंगामा खोपिएको शिव, गणेश आदिका मूर्तिचाहिं धेरै पछि खोपिएका हुन्। तर कुनै वर्ष त्यो क्षेत्रमा पनि ब्रह्मपुत्रको केही वर्षसम्म साम्राज्य रह्यो होला भन्ने प्रमाणहरू पाइन्छ। वसिष्ठ गंगा पनि साथैमा बगिराखेकी छ। तर ऐले वसिष्ठाश्रम मन्दिर सानासाना दुइटा पहाडको माझा खोपिल्टामा छ। यो खोपिल्टा केही ब्रह्मपुत्र र केही वसिष्ठ गंगाले पारेको हो भन्न सकिन्छ। कुनै बेला यो क्षेत्र अत्यन्त सघन वनराजिले व्याप्त थियो। आज शहर बजारले छोपिसकेको छ।

(२) नवग्रह मन्दिर गौहाटी शहरको अग्लो डाँडामा छ। त्यहाँबाट गौहाटी शहर सुन्दर तथा ब्रह्मपुत्रको घाटी बनेको देखिन्छ। नवग्रहको महाभारतकालिक मन्दिर भत्केपछि १६ शताब्दीको………… …राजाले जीर्णोद्धारको रूपमा मन्दिर बनाएको उल्लेख त्यहाँको शिलालेखमा छ। तर मन्दिरको असली र प्राचीनत्व वाहिर जताततै लडिराखेका ढुंगाहरूले बताउँछन्। निश्चय नै यो मन्दिर 'महाभारतकालिक' (किरातकालिक) हो। वर्तमान मन्दिरभित्र नवग्रहको प्रतीक नौओटा शिवलिङ्ग स्थापित गरेका छन्। अव त नवग्रहको मूर्ति पनि वनाएर राखेका छन्। तर मूर्तिहरूभन्दा अलि प्राचीन शिवलिङ्ग हुन्। तर असली मन्दिरको बेलामा मन्दिरभित्र के थियो? ऐलेसम्म पत्ता लागेको छैन। यसको प्राचीनत्वमा सन्देह छैन। तर भारत-सरकारको पुरातत्त्व विभागले आसाम प्रान्तको पुरातत्त्वलाई ६ शताब्दीदेखि उता लैजान सकेको छैन।

---

[1] यस मन्दिर र मूर्तिको स्थापना प्राक्ज्योतिषपुरका भगदत्तादिभन्दा धेरै प्राचीन किरातहरूले गरेका थिए। यसको पुरातत्त्वलाई हेर्दा यसै निष्कर्पमा पुगिन्छ।

[2] गणेश र दुर्गाको मूर्तिवाहेक अन्य मूर्ति किरातमूर्ति छन्।

(३) शुक्लेश्वर महादेव पनि प्राचीन नै हो। तर यसको जीर्णोद्धारमा नवीनपना आएको छ। यो पुरातत्त्वविभागको कमजोरी तथा अनभिज्ञताले गर्दा धेरै स्थानहरूमा उसको प्राचीनत्व र पुरातत्त्व विषयमा सन्देह हुनु लागेको छ। शुक्लेश्वरको त सबै थोक नयाँ सृजना भए जस्तै देखिन्छ। तर यो पनि प्राचीनै हो। शहरको अत्यन्त प्रचलित मन्दिरहरूमध्ये शुक्लेश्वर पनि एक हो। किन्तु शुक्लेश्वरको पछाडि ब्रह्मपुत्रको शिलामा बनेको अथवा खोपिएको शिव, विष्णु आदिको मूर्तिहरूचाहिं सारै पुरानो होइन। ४ या ५ सय वर्ष पुरानो हुनुपर्छ।

(४) उमानन्द ब्रह्मपुत्रको माझामा पर्छ। यो पनि अत्यन्त प्राचीन होइन, तैपनि सारै नयाँ होइन। त्यो स्थान ब्रह्मपुत्रले छोडेपछि बनेको हो। ऐले पनि अत्यन्त बाड आएको वेलामा उमानन्दको मन्दिरलाई खतरा पुग्न सक्छ।

(५) डोल गोविन्द मन्दिर पनि अत्यन्त प्राचीन हो। यसलाई पनि जीर्णोद्धार गर्दा एकदम नयाँ रूप दिएको छ। त्यसैले यो मन्दिर नयाँ देखिन्छ। तर बाहिरको ढुङ्गाको मूर्तिहरूले स्पष्ट किरातकालिक इतिहास झल्काएको छ। शिव, पार्वती, गणेश तथा अन्य देवमूर्तिहरू प्राचीन छन्। मन्दिरदेखि बाहिर गेटको दाहिने र देब्रोपट्टि र केही अन्यत्र छरपस्ट भएको मूर्तिहरूले प्राचीन किरातकलाको परिचय दिएको छ। यस मन्दिरमा ब्रह्मपुत्रको दोस्रो भङ्गालो तरेर जानुपर्छ। भंगालो तर्नुबित्तिकै माथि डाँडामा एउटा शिवमन्दिर छ। त्यो मन्दिर कुनै बेला ढुंगाले बनेको थियो। ढुंगाको मन्दिर भत्केपछि फेरि इँटको मन्दिर बनेको थियो। तर त्यो पनि भत्केर अब केवल खण्डहरको रूपमा केही इँट र केही ढुंगाको खण्डहर भएको इँटाको मन्दिरभित्र एउटा शिवलिंग छ। त्यसको सीधा तल ब्रह्मपुत्र बग्दैछ।

(६) अश्वक्रान्ता मन्दिर पनि प्राचीन मन्दिर हो। यो मन्दिर पनि महाभारतकालिककै हो। अर्थात् आजभन्दा पाँच हजार वर्षपहिले बनेको हो। तर अब त्यो मन्दिरले प्राचीनता लिएर बस्दा भूकम्पले गिरायो। त्यसो हुँदा त्यसलाई फेरि उस्तै जोढ्न सक्ने कलाकार नहुँदा मन्दिरका ती सबै ढुंगा अब ब्रह्मपुत्रदेखि माथि मन्दिरैसम्म सिढी बनाउने काममा ल्याएको छ। अर्कै ढुंगा काटेर बनाएको ढुंगाले बनेको मन्दिर ऐले छ। तर यो पनि प्राचीनै हो।

(७) उग्रताराको स्थापना सर्वप्रथम किरातसम्राट् भगदत्तले गरेका थिए। यो स्थापना ५ हजार वर्ष पुरानो हो। परन्तु यसको पुरानो ढुंगाले बनेको मन्दिर अब छैन। तर ती ढुंगा जताततै छरपस्टिएका छन्। ऐलेको मन्दिर अहोमराजाहरूका पालामा जीर्णोद्धार भएको हो। पोखरीको छेउमा प्राचीन अज्ञात तीनवटा किरातमूर्तिहरू छरिएका छन्। भगदत्तको हातले स्थापना गरेको स्पष्ट छाप देखिन्छ। साथै शिवमन्दिर पनि छ। जीर्णोद्धारले सबै मन्दिर र अन्य कुराहरू पनि नवीन देखिन्छ। तर प्राचीन हो। प्रायः आसामभरिका प्राचीन देवस्थानहरू किरातसम्राट्हरूले स्थापना गरेका हुन्। केवल पछिका राजाहरूले जीर्णोद्धार मात्र गरेका हुन्।

(८) आसाम प्रान्तमा सबैभन्दा प्रसिद्ध भारत तथा विदेश-प्रख्यात मन्दिर हो कामाक्ष्या देवीको मन्दिर। कामाक्षीको मन्दिर कसैको लेखाइ र भनाइअनुसार स्वयं नरकासुरले स्थापना गरेका हुन्। कसैको अनुसार बाटो र सिढी मात्रै नरकासुरले बनाएका अरे। नरकासुर कृष्णसँग मुकाबला गर्ने अत्यन्त वीर, पराक्रमी, यशस्वी, मनस्वी परन्तु कामपीडित किरातसम्राट् थिए। नरकासुरका छोरा भगदत्त अत्यन्त यशस्वी सम्राट् भए, जसले महाभारतमा कुरुक्षेत्रको मैदानमा एक करोड किरातसेना लिएर

कौरवको समर्थनमा लड्न पुगेका थिए। महाभारतभन्दा पनि प्राचीनकालदेखि नै लौहित्य = आसाम प्रान्तमा किरातसम्राट्हरू शासन गर्दै आइरहेका थिए। नरकासुर र भगदत्तपछि त्यो सूर्य अस्तायो। उसै प्रतापी किरातसम्राट् नरकासुरको पालामा कामाक्षीको मन्दिर बन्यो। मन्दिरको प्राचीन भाग मन्दिरको भित्र गद्दीर र कुण्डको भाग हो। त्यति भागचाहिं महाभारतकालिक नै छ। शेष कालापहाडभन्दा पूर्व पनि कुनै कारणवश मन्दिर टुट्यो। पछि कालापहाडले ब्राह्मणहरूको बदला लिनलाई तोडे। यसरी कामाक्षीको मन्दिर कैयौंफेर जीर्णोद्धारको अवस्थामा पुगे। जीर्णोद्धार भयो। कुचविहारको राजा नरनारायणसिंह आदिले जीर्णोद्धार गरेको भाग पनि स्पष्टै देखिन्छ। प्राचीन ढुङ्गाहरू त जतातत‌ै छरिएका छन्।

कामाक्ष्या मन्दिरको छेउछेउमा महाभारतकालिक किरातमूर्तिहरू १५ वटा देखिन्छन्। तर असुरक्षित छन्। अलगअलग ठाउँ या भित्ता अथवा कतै लडेका मूर्तिहरू छन्।

Archaeology Department ले राम्रोरी हेरचाह र गर्न सकेको छैन। यी क्षेत्रहरूबाट Archaeology and Anthropology दुवै प्रकारले अध्ययन गर्न सकिन्छ। तर दुःखको कुरा छ कि Research Centre, Archaeology Department छैठौं शताब्दीभन्दा उता जान सकेका छैनन्। उनै मूर्ति र कलाहरू ईसापूर्व ३ हजार वर्षभन्दा पनि पुराना देखिन्छन्।

* * *

त्रिपुराको अगरतल्ला संग्रहालयको निरीक्षण

१—१० शताब्दीको उभिएको बुद्धमूर्ति महावीरको हो। अनि मूर्ति धेरै पुरानो हो। ई० सं० प्रथम शताब्दीतिरको हुनुपर्छ।

२—१० शताब्दीको कुनै अज्ञात देवीको मूर्ति ६ भुजाको पद्मासनमा बसेकी छ। यो पनि पुरानै हो।

३—१० शताब्दीको बुद्धमूर्ति छ। तर त्यो पनि विनालुगाकै छ।

४—त्यसैको छेउमा ठूलो बुद्धमूर्ति छ। त्यो ९ शताब्दीको भनेर लेखेको छ। योचाहिं बुद्धकै मूर्ति हो।

५—९ शताब्दीको अर्को ठूलो बुद्धको मूर्ति छ। दुवै मूर्ति धेरै पुरानो हो।

६—११ शताब्दीको उमामहेश्वरको मूर्ति किरातफेसमा छ।

७—मत्स्य, कच्छप, वाराह, नृसिंह, वामन, परशुराम, बलराम, कृष्ण, कल्की, ब्रह्मा, विष्णु, महेश्वर सबैलाई १८ शताब्दी भनेर लेखेको छ।

८—१२ शताब्दीको नरसिंह, ११ शताब्दीको दुर्गा, ११ शताब्दीको महिषमर्दिनीको मूर्ति धेरै पुरानो देखिन्छ।

९—खड्गधारी देवीको मूर्ति १० शताब्दीको भनेर लेखेको छ। तर पुरानो हो।

१०—उमामहेश्वर र देवी ११ शताब्दीको, विष्णु ११ शताब्दीको, सूर्य ११ शताब्दीको, विष्णु १० शताब्दीको र १० शताब्दीको सरस्वती लक्ष्मीको मूर्ति कालो ढुङ्गाको छ र एक समयको हुनुपर्छ।

११—मत्स्य, कच्छप, वाराह, नरसिंह, वामन, परशुराम, बलराम, कृष्ण, कल्की आदि १८ शताब्दीको भने पनि धेरै पुरानो हो र सिमिटको रङ्गको ढुङ्गाले बनेको छ। यी सबै मूर्तिमा किरात-अनुहार परेको छ।

१२—शेष मूर्ति केही कालो र फुस्रो रंग लिएको ढुङ्गाले बनेको छ।

१३—उदयपुर जिल्ला दक्षिण त्रिपुरा, कोइला शहर जिल्ला उत्तर त्रिपुरा, पिकाल दक्षिण त्रिपुरा। यी तीन ठाउँ पुरातत्त्वको लागि अत्यन्त महत्त्वको छ।

१४—उदयपुर जिल्ला दक्षिण त्रिपुरा राज्यको सदरमुकाम हो र त्रिपुरामा शोध गर्न योग्य ठाउँ यी पनि हुन् —१-गङ्गासागर, २-त्रिवेणी वर्तमान नारायणगञ्ज बङ्गलादेश, 'एखलङ्मा पराक नदीको डिमाछा लोग खलङ्मा कहते हैं, सिलचर में है', ३-कैसार, प्राचीन नाम साम्बुल, ४-अमरपुर, ५-उदयपुर, ६-पुरानाहवेली (१४ देवता), ७-अगरतल्ला। यस प्रकार उदयपुर प्राचीन किरातराजाहरूको पाँचौं राजधानी थियो। यसमा प्राचीन किरातकालिक त्रिपुरेश्वरी देवीको मूर्ति छ, जो किरातसम्राट् त्रिपुरले स्थापित गरेका थिए। यस मन्दिरको मूर्तिको अनुहार पनि किरातै छ। उदयपुरको प्राचीन नाम 'राङ्गामाति' थियो। जो आज उदयपुरमा मूर्ति छ, त्यो महाराज धन्य माणिक्यले चटगाउँ बङ्गलादेशबाट मूर्ति ल्याएर स्थापित गरेको ई० सं० १५०१ मा। त्योभन्दा पूर्व गोमती नदीपारि पुरानो राजवाडी भुवनेश्वरी मन्दिरमा थियो। रवीन्द्रनाथ टाइगरले आफ्नो राजर्षि नामक ग्रन्थबाट निकालेर भुवनेश्वरी मन्दिरको

बारेमा विसर्जन नामक नाटक पनि लेखेको छ। १० शताब्दीमा औलिया वदर (वदरशाहव) फकीरको कूटनीतिले मुसलमानहरूले आक्रमण गरे।

१५—ध्वजनगरमा ई० सं० प्रथम शताब्दीको सूर्यमूर्ति कसैको घरेडी खन्दा पाइएको छ। मूर्ति सूर्यको हो। सूर्यमूर्तिको शिरमा एक प्रकारको ड्राइगन छ। किरातफेस हो भन्न सकिन्छ। यिनीहरूले यो सिद्ध भयो कि किरातहरू सूर्योपासक पनि थिए।

१६—जगन्नाथ मन्दिर अत्यन्त प्राचीन मन्दिर छ। यस मन्दिरको चारैतिर ठूलो बाक्लो पारेर इँटाको खाँबा हानेको छ। तर अब कतैकतै मात्र खाँबा देखिन्छ। तर यस मन्दिरमा पनि रिपेरीङ्ग भएको देखिन्छ। पोखरी भने अलि पछि बनेको जस्तो लाग्छ। तर पोखरी ठूलो छ। जस्ताको तस्तै छ।

१७—त्यहाँदेखि एक फल्लाङ अगाढि हरिमन्दिर छ, यो अत्यन्त पुरानो छ। यस मन्दिरमा लागेको इँटा र जोडन-मसाला दुइ हजार वर्षपूर्व प्रयोग गरिन्थे। तैपनि १६ सय वर्षभन्दा यताको होइन। इँटाको बनावट र मन्दिरको शैली आफ्नो ढंगको छ।

१८—त्रिपुरेश्वर शिवमन्दिरको 'शिवलिङ्ग' छ। यो त्रिपुरेश्वर लिंग त्रिपुरासुरलाई मारेपछि स्थापित भएको अरे। तर शिवलिंग र जलहरी एउटै ढुंगाको छ। यस लिंगको प्राचीनताको बारेमा सन्देह छैन। पासैमा कल्याणमाणिक्यले स्थापना गरेको चतुर्दश देवताको मन्दिरहरू छन्। लक्ष्मीनारायणको मन्दिर पनि छ। चतुर्दश देवताको पुजारी आज पनि किरातै छन्। उनीहरूलाई आजभोलि वनवासी भन्दछन्। प्रसिद्धिमा ती पुजारीहरूलाई 'चण्टाई' भन्छन्। त्यसपछि गुणवती (रानी) मन्दिर छ। १६ शताब्दीको गोविन्दमाणिक्यको रानी गुणवतीले खेल्ने मन्दिर भनेर प्रसिद्ध छ।

१९—३० किलोमीटर टाडा अमरपुरमा चण्डी भगवतीको दर्शन गर्न पुगियो। त्यहाँ धेरै पुरानो किरातफेसको चण्डीको मूर्ति छ। त्यस मूर्तिमा देवीले चुरा लगाएका थिए। अब खिइएर गए। यो मूर्ति भुइँमा गाडिएको थियो। थोरै दिन भयो निक्लेको।

उनकोटिको प्राचीनकालिक मूर्तिकला—यो उनकोटि भन्ने ठाउँ वर्तमान त्रिपुरा राज्यको उत्तर जिल्ला सदरमुकाम कैलाससर र धर्मनगरको बीचमा पर्छ। यसको छेउछाउमा कुनै बेला समृद्ध किरातराजा-महाराजहरूले शासन गर्थे। त्यतिखेर आफू र आफ्नो पूर्वज राजामहाराजहरूको मूर्ति पहाडको ढुंगामा खोपेर राखेका थिए। यो मूर्तिनिर्माणकाल ईसापूर्वको हो।

२०—यी मूर्तिहरू बनाउँदा त्यो पहाड एकै थियो। वि० सं० ९० साल अथवा त्योभन्दा पूर्वको भूकम्पले त्यो पहाड फाट्यो। त्यो पहाडमा खोपेको मूर्तिहरू चड्किए। अहिले जहाँ सानो खोला बग्दैछ, त्यो खोला मूर्ति बनाउँदा थिएन। त्यो पहाड फाटेपछि खोला बनेको हो। हिउँदोमा पनि सानो पानी बगि नै रहन्छ। यस खोलाको दाहिनेतिर लगभग ५० या ५५ फूट अग्लो पहाडमा उत्ति नै ठूलो मूर्ति खोपिएको छ। त्यो मूर्ति ठीक पशुपति आर्यघाटको विरूपाक्षको मूर्ति जस्तै छ। जटा उही हो। निधारमा त्रिनेत्रवाला तिलक पनि उही हो। तर मूर्ति पहाड चड्कँदा फुटेको छ। एउटा आँखा शेष छ तथा कान छैन। कुण्डल मात्रै रथको पाङ्ग्रा जत्रै छन्। नाक अलिकति छ। मुख पनि अलिकति छ। तलको हिस्सा फुटेर गयो। माथि त्रिनेत्रवाला आँखा मात्र पूरा छ। यो भगवान् शङ्करको मूर्ति हो भनेर सबैले मानेका छन्। तर वाल सिंगार्ने पाराले कुनै किरातराजाको मूर्ति हो भन्न सकिन्छ। खोलापारि माथि ढुंगामा दुरूस्त किराती मूर्ति पार्वती भन्दा सुहाउने सिंहवाहिनी मूर्ति छ। सिंहवाहनले देवी पार्वती देखिए पनि सजावटले कुनै रानी देखिन्छ।

२१—त्यसैको छेउमा कुनै अज्ञात किरातराजा धनुषको ताँदोमा बाण चढाएर सज्जित भएको देखिन्छ।

२२—त्रिनेत्रधारी तथा जुँगा भएको कुनै किरातराजाको मूर्ति देखिन्छ। कानमा ठूलाठूला कुण्डल लगाएको छ।

२३—डाँडामा एउटै ढुङ्गामा व्रह्मा, विष्णु र शिवको मूर्ति खोपेको छ। यसको पुजारी लगभग ७० वर्षको नवीनचन्द्र देववर्मा छ। यो किरातक्षत्रिय नै हो। तर आफूलाई किरात भन्न भुलिसकेका छन्।

२४—माथि डाँडामा हरगौरीको किरातमूर्ति छ। त्यसैको छेउमा मकरध्वजलाई दबाउँदै गरेको हनुमान्को मूर्ति पनि छ।

२५—चारहाते गणेश, विष्णु, कार्तिकेय, नृसिंह तथा नन्दीगण र महादेवको मूर्ति पनि छ।

२६—एउटा किरातराजाको शिर छ। जुँगा, मुकुट, तेस्रो नेत्र गरेको मूर्तिहरू धेरै छन्। ठूलो कुण्डल लगाएको छ। त्यसै खोलाको तल विष्णु, गणेश आदिको मूर्ति खोपिएको छ। उनकोटिको पुरानो नाम 'साकाङ टाङ' थियो। यसरी त्यस क्षेत्रमा धेरै ई० पू० का मूर्ति छन्। खोज्ने आवश्यकता छ, यद्यपि त्यहाँका पुरातत्त्व विभागहरूले ९-१० औं शताब्दी भनेर लेखेका छन्।

२७—यसरी दक्षिण त्रिपुरामा 'पिलाक' भन्ने ठाउँमा पनि प्राचीन किरातकालिक कलाकृति र मूर्तिहरू भग्नावशेषको रूपमा परेको छ। तीन महिलाको मूर्ति, पाँचवटा पुरुषमूर्ति पूरा सजीव किरात-मूर्ति छन्। यसै पिलाकदेखि केही नजिकै बङ्गलादेशमा पर्ने पर्वतीय चटगाउँ हिल पर्छ। त्यो ठाउँ पुरातन संस्कृतिको खोज गर्नमा महत्त्वपूर्ण छ। कुमिल्ला जिल्ला (बंगलादेश)-को कुदवारीमा १० सालसम्म खोदाइ गरेर धेरै महत्त्वपूर्ण पुरातत्त्वको स्थान निक्लेको छ। कुनै बेला नालन्दा जस्तै विश्वविद्यालय थियो भनिन्छ। त्यहाँ अवलोकितेश्वर बुद्धको मूर्ति तथा काली, शिव, दुर्गा आदिका मूर्ति प्राप्त भएका छन्। त्यो क्षेत्रफल लगभग दुइ किलोमीटरको एरियामा फैलेको छ। यस स्थानमा प्रायः सबै मूर्तिहरू किरात-फेसकै छन्। मूर्तिहरू प्रायः कालो ढुंगाको छ। पत्थरको घण्टा र अरू पात्रहरू महत्त्वपूर्ण ढंगका छन्। अगरतल्लादेखि रेलमा डेढ घण्टामा पुगिन्छ। पुरातत्त्वको दृष्टिले सारै महत्त्वपूर्ण छ।

२८—त्रिपुराको विशेष उल्लेख गर्दा त्रिपुरेश्वरी देवी र त्यहाँको अनादिकालदेखि पूजा गर्दै आउने किरात-पुजारीहरूको अटूट उल्लेख हुँदै आएको इतिहासलाई हामीले भुल्नु हुँदैन। 'त्रिपुरेश्वरी मन्दिरको पुजारी' अनादिकालदेखि त्रिपुरी पर्वतीय 'रियाङ' जातिका किरातै थिए। १९ शताब्दीको लगभग उत्तरार्धमा बंगालीहरूको हातमा परेको हो।

२९—दीपावलीको पूजामा आज पनि पुरानो 'रियाङ' किरात पुजारीको घरबाट बत्ती बालेर नल्याइञ्जेलसम्म पूजा हुँदैन। त्यो बत्ती आएपछि मात्रै देवीको पूजा हुन्छ।

३०—सबैभन्दा आश्चर्यको कुरा त्रिपुरेश्वरीको मूर्तिको अनुहार 'किरात' फेसको छ। मूर्ति अत्यन्त प्राचीन हो। कालो रंग चढाएको ढुंगामा बनेको मूर्ति छ। वर्तमान समयमा प्राचीन जातिमध्ये पञ्चत्रिपुरी निवास गर्छन्।

ती पञ्चत्रिपुरी यी हुन्–त्रिपुरी, रियाङ, जामातिया, नोवातिया र हालाम। यी सबैले टुप्पी राख्दथिए। तर त्रिपुरीहरूले अब टुप्पी छोड्दै लगेका छन्। कतैकतै मात्र टुप्पी देखिन्छन्। रियाङहरूले भने ऐले पनि टुप्पी राख्ने नै गरेका छन्। जामातिया, नोवातिया र हालामहरूले टुप्पी छोडिसके। जामातिया

र त्रिपुरीले टुप्पीको साथ जनै पनि लाउँछन् । अरूले पनि जनै लाउँथे किन्तु यस बेला छोडेका छन् । पञ्चत्रिपुरी 'साङरौङमा' = शिवजी र माईलुमा = पार्वती, खलुमा = लक्ष्मीका उपासक हुन्छन् । त्रिपुरीहरूले 'किरात हौं' भनेर मान्दछन् । यिनीहरूका परम्परामा १८७ राजा भए । यिनीहरूले आफूलाई चन्द्रवंशी किरात मान्दछन् । हालाममलाई छोडेर चारका बोली मिल्छ । यी चार त्रिपुरीले बोल्ने भाषिकालाई 'ककवरक भाषा' भन्दछन् । तर ककवरक भाषा बोडो ग्रूपबाट आएका हुन् भन्दछन् । बिहेमा सिंदूर, पोते, चुरा र कल्ली आदि आभूषणको चलन धेरै पहिलेदेखि चलिराखेका छन् । जन्मँदा ९ दिन र मृत्यु भएमा १३ दिनसम्म वारण गर्ने चलन अझ पनि छँदैछ । यसरी ययातिको पुत्र द्रुह्युले स्थापना गरेको त्रिपुरामा त्रिपुरीहरू उसै ययाति र द्रुह्युको संस्कार-संस्कृति मान्दै आए पनि जाँड रक्सी र कुखुरा, सुँगुर आदिको दुर्व्यसन भने छँदैछ । यसमा पनि विशेष गरेर रियाङ्हरूको राज्य पर्वतीय चटगाँव (वर्तमान बंगलादेश)-मा थियो । पर्वतीय चटगाँवलाई रियाङराज्य (किरातराज्य) नै भन्ने गरेका थिए । रियाङ्हरू चटगाँवबाट त्रिपुरामा पसेका हुन् । चाकमाकिरातहरू[1] नेपालका पिपलीवनदेखि बर्मा आराकान राज गर्न पुगे भने आराकानवाट मिजोरमको डेमागिरि (द्रोणगिरि) र त्रिपुरामा बसोबास गर्न पुगे । यो इतिहास कैलासचन्द्रसिंहले राजमालाको तृतीय भागको चतुर्थाध्यायको ६१ पृ० मा लेखेको छ ।

त्रिपुरी ककवरक भाषा र १२ हालाम जाति

त्रिपुरीमा १२ हालाम जाति कहलाउँछन् ।

(१) देववर्मन राजाखलक हुन् । देववर्मन, जमातिया र रियाङ; यी तीन जाति हालाममा पर्दैन । '१२ हालामहरू छन्, कसैमा १३ पनि छ ।'

(२) मोल्सोम, काईपेङ, कखोङ, राङ्खोल, कोलोय, रूपिनी, बोसेर, कुकी, खोलोङ, चराय, मोतिलाङ्ल, मोसवाङ; यी हालाम जातिभित्र पर्छन् । 'ककवरक—त्रिपुरी ट्राइबल (tribal)-को भाषा' ।

(३) देववर्मा, रियाङ, कोलोप, रूपिनी, जमातिया, नोवारिया, त्रिपुरीको भाषा मिल्छ । तर उच्चारणमा भने फरक छ । यिनीहरूको भाषा आसामको कछारी, डिमाछा, बोडोहरूसँग मिल्छ ।

(४) ककक्षिकाय = राङ्खोल, मलसुम, काईपेङ, कुकी, डार्लोङ, कर्बोङ्हरूको उच्चारणमा फरक परे पनि भाषा मिल्छ । यिनीहरूको र मिजोहरूको पनि अलिअलि मिल्छ ।

(५) परन्तु ककवरक भाषा प्रचलित छ र सबैले जान्दछन् । कक्षिकाम भाषालाई भने सबैले जान्दैनन् ।

(६) कसैले टुप्पी नराखे पनि किरियापुत्री बसेर १३ दिनमा शुद्ध भएर केश काट्दा अवश्य टुप्पी (दुकिया) राख्छन् । यो नियम १२ जमातियाहरूमा छ । १२ जमातिया, जो वैष्णव भएका छन्, उनीले सुँगुर खाँदैनन् । शेष सबैले सुँगुर, जाँड, रक्सी खान्छन् । स्त्रीहरूले ढुंग्री, मुन्द्री, बुलाकी, कानमा गोदावरी, हातमा चुरा, कतैकतै वाला, खुट्टामा कल्ली, पोते, कण्ठहार, सिउँदोमा सिन्दूर आदि लगाउने चलन थियो र आज पनि छँदैछ ।

(७) छोराछोरी दुवैको नौरानमा कान छेड्ने चलन छ । छेवर गर्ने चलन पनि छ । मुर्दा पोल्दा शिर उत्तर, खुट्टा दक्षिण पारेर जलाउँछन् । मलामी घर आएपछि तुलसीपानीले पवित्र गर्छन् ।

---

[1] 'चाकमाजाति और धर्म' ले० पन्नधम्म, पृ० ९३ द्रष्टव्य ।

(८) ककवरक भाषाका शब्द :—माता = मा, पिता = वा, आगो = हर, पानी = तोइ, हावा = नोकवार, आकाश = नोखा, पृथिवी = पिथिवी, कान = खुञ्ज, चाचा = काका, काकी = काकी, भतिजा = बाबु, भगिनी = मायो, देवता = मुताई, शिव = महादेव (बुढा मुताई), नदी = तोइमा, पर्वत = पर्वत, मनिवायो = मान्दछन्।

ककवरक भाषालाई त्रिपुरी आदिवासीहरूको भाषा भन्दछन्। उनीहरूको भाषामा रात = हर-अहर, पानीको = तोई–तोय, आकाश = नोखा, वायु = नोकवार, पृथिवी = पृथि,–पिता=फा-पा, माता = मा, कुत्ता = शोई–श्वा इत्यादि शब्दहरू संस्कृतबाटै निक्लेको हो।

देववर्मन, जमातिया, नोवातिया, रियाङ आदिले जनै लगाउने गर्थे र केहीले अहिले पनि लगाउने गरेकै छन्। टुप्पी पनि राख्थे। केहीले अहिले पनि राखेकै छन्। नराख्नेले पनि आमा-बाबु मर्दा बाल बनाउँदा टुप्पी राख्ने चलन छँदैछ।

डवर्मनको गोत्र—काश्यप, घटकाश्यप, गौतम, वासिष्ठ, वैयाघ्र आदि छन्। जन्मकुण्डली ऋग्वेद कुण्डली, यजुर्वेद कुण्डली, सामवेद कुण्डलीको अलग लम्बाइ र गाँठो हुन्छ। जनै देखेर नै यस वेदको मान्ने हो भनेर जान्दछन्। डवर्मनमा राजखलकलाई 'ठाकुर' भन्दछन्। विवाहमा 'लामप्रा' पूजा, 'थांग्रामा' पूजा दुवैमा 'लामप्रा' ऐलेसम्म पनि छँदैछ।

यो त्रिपुरी किरातक्षत्रियहरूको विशेष संस्कृति हो। त्रिपुरी किरातहरू धेरै जस्तो आधुनिक रूप-रंगमा आइसके पनि गाउँघरमा जाँदा त्रिपुरी किरातहरू आजको युगमा पुग्नुलाई शताब्दीऔं लाग्छ जस्तो देखिन्छ।

त्रिपुराका प्रथम किरातराजा ययातिका वंश

(१) त्रिपुरामा १४० राजाहरूले राज गरे। प्रथम ययाति र द्रुह्युका वंश। पहिलो राजा त्रिपुरदेखि ८ नम्बरको राजा धर्मपालको १६ नम्बरमा नोजोङ राय, तरजु राय, सयौं नम्बरमा रत्न माणिक्य १४६५ मा थिए। १४० नम्बरको राजा वीर विक्रम किशोर माणिक्य १९२३ देखि १९४७ सम्म रह्यो। त्यसपछि त्रिपुराको राजपरम्परा समाप्त भयो।

(२) कछारीमा ११० राजाहरूले राज्य गरे। प्रथम भीम, घटोत्कच, २२ पीढीमा भद्रसेन ध्वजदेखि ५० नम्बरमा प्रतापनारायण, ६४ नम्बरमा शिखण्डी चन्द्र ११० औं राजा कछारीहरूका अन्तिम राजा भए। १८२९ सम्म राज गरे।

(३) मणिपुरका राजाहरू ६२ भए। पाखङ वा ५३ राजा मधुचन्द्र तथा अन्तिम राजा चुराचन्द्र थिए। तर यो वंशावली[1] अलि संदेहात्मक छ।

(४) १४ ई० सं० मा महाराज धर्ममाणिक्यले त्रिपुराको राजमाला, जो किरात भाषामा लेखेको राजमाला थियो अरे त्यो राजमालालाई कसैले पढ्न सक्दैन थिए। केवल चतुर्दशदेवताको पुजारी 'चन्ताई', जो उच्चकोटिको किरात 'दुर्लभेन्द्र चन्ताई' ले मात्र जान्दथिए। उसै दुर्लभेन्द्र चन्ताईले किरात भाषामा लेखेको राजमालालाई पं० शुक्रेश्वर तथा वानेश्वरलाई सुनाए। त्यो संस्कृतमा लेखेका छन्।

---

[1] 'राजमाला वा त्रिपुरा र इतिवृत्त' ले० कैलासचन्द्र सिंह, अगरतल्ला, १९८५ मा प्रकाशित।

(५) त्यसपछि ‘एनालाईसिस ओफ राजमाला’ अंग्रेजीमा लेखिए १८ शताब्दीमा। परन्तु त्यो ठीक छैन।

(६) कालीप्रसन्न सेनले १९२३ मा ‘श्रीराजमाला’ लेखेको छ। यो सारै राम्रो छ र प्रामाणिक पनि। कालीप्रसन्न सेनभन्दा पहिले कैलासचन्द्रले ‘राजमाला’ लेखेको छ। लगभग १८ सयको पासमा लेखेको भन्दछन्।

त्रिपुराको इतिहास जान्नका लागि कैलासचन्द्र सिंह र कालीप्रसन्न सेन दुवैको राजमाला नामका ग्रन्थ आफ्नो क्षेत्रमा बेजोड र प्रामाणिक भए पनि केही अंशमा दुवैको मत बाझेको पनि देखिन्छ।

(७) ‘त्रिपुरराजवंशावलीमा भेद’—ययाति र द्रुह्यु लाई छोडेर कैलासचन्द्रसिंहले त्रिपुराको राजवंशावली त्रिपुरराजादेखि शुरू गरेको छ। यसरी वीरचन्द्र माणिक्यसम्म १४० राजाहरूले त्रिपुरामा राज्य गरे।

(८) कालीप्रसन्न सेनको अनुसार द्रुह्यु देखि शुरू भएको छ। यसरी १५१ राजाहरूले राज गरेको प्रमाण पाइन्छ।

प्राचीन त्रिपुराको राजधानी[1] सिलचर २५ मील दक्षिणमा सुनाईथानाको रूकिनी नदीको किनारमा वर्तमान इस्लामपुरमौजाको राजघाट नामक स्थानमा थियो।

(९) त्रिपुराको ‘श्रीराजमाला’ प्रथम भाग पृ० नं० २२ मा हेरम्ब=हेडम्ब देशको कर्णलम्ब किरातको उल्लेख भएको छ। कर्णलम्बले कान छेडेर कुण्डल लगाउने प्रसङ्ग पनि लेखेको छ।

(१०) राजमालाको पृ. नं. ५ मा ‘ध्रुज्य=द्रुह्यु नामक राजा किरातालयमा भयो’ भनेर लेखेको छ। प्रथम भाग राजमाला बंगभाषाको प्रायः पद्यमा छ।

(११) राजमालाको पृ. नं. ७ मा किरातालय=राजधानी अग्निकोणमा भएको उल्लेख गरेको छ।

(१२) पृ. नं. १७ मा ‘त्रिलोचन’ को जन्म हुँदा किरात-भवनमा (किरातराज भवनमा) धुमधाम उत्सव भएको उल्लेख छ। पद्य[2] यस्तो छ।

यसमा प्राचीन संस्कृत[3] राजमालाको पद्य पनि उद्धृत छ। ‘श्रीराजमाला’मा[4] प्रथम खण्डमा कैलासचन्द्र सिंहले पनि बंगाली भाषामा यसै अभिप्रायलाई लिएर लेखेका छन्।

(१३) राजमाला, द्वितीय भाग, पृ० नं० ११३ को उल्लेखअनुसार प्राचीनकालमा र वर्तमान त्रिपुराको उत्तर जिल्लास्थित प्राचीन पुरातत्त्वले प्रसिद्ध ‘कैलास सहर’ तथा ‘उनकोटि’ छेउछेउको सबै जगालाई छाम्बुल (चाम्बुल–ताम्बुल) नगर भनेर लेखेको छ।

---

[1] कछारेर इतिवृत्त, पृ०नं० २०

[2] दशमास अतीते जनमिलो त्रिलोचन।
परम उत्सव भइलो किरातभवन ॥ (श्रीराजमाला, प्रथमखण्ड, पृ० नं १७)

[3] विमारस्य सुतोजातः कुमारः पृथिवीपतिः
स राजा भुवनख्यातः शिवभक्तिपरायणः।
किरातराज्ये स ‘नृप छाम्बुल’ नगरान्तरे
शिवलिंगं समद्राक्षीत् सुवडाइ ? कृत मठे ॥
ततः शिवं समभ्यर्च्य नित्यं तुष्टाव भूमिपः।

[4] किरातालय आछे छाम्बुलनगर। (श्रीराजमाला प्र० ख० पृ० नं० ४२ मा लेखेको छ)

(१४) प्राचीनकालमा त्रिपुरा, श्रीहट्ट र सिलहट्ट वर्तमान बङ्गलादेशको जिल्ला तथा कछार आदि देशलाई 'किरातदेश' भनिन्थ्यो। (राजमाला प्र० ख० ८३)

(१५) तर राजमाला प्र० ख० दैत्यखण्ड पृ० ७ को उदाहरण 'राजमाला पृ० नं० ८८' 'किरातदेश' आर्यावर्तदेखि बाहिर बताउने चेष्टा गरेको छ। त्यसमा प्रमाण पनि छैन। त्यसो हुँदा भूलमा छापिए जस्तो लाग्छ।

(१६) कैलासचन्द्र सिंहको श्रीराजमाला २ भाग २ अंश दैत्यको औरसमा त्रिपुरको जन्म भएको थियो। उसै किरातनामको उच्छेद गरेर आफ्नो नामको अनुसार 'त्रिपुरा' राज्यको नाम 'त्रिपुरा' राखे। (राजमाला पृ० नं० ८९)

(१७) महाराज त्रिलोचनको छोरा महाराज दक्षिणको शासनकालमा वखक्त्रा नदीको उत्तरवर्ती भूखण्ड महाराज हेडम्बको हातमा थियो। (रा० मा० पृ० नं० १८७)

(१८) त्रिपुराको जति पनि राजमाला इतिहास छन्, सवैले त्रिपुरा राज्य किरातदेश हो भनेर लेखेका छन्। तर अंग्रेज लेखकहरूमा चाहिं अविश्वासे भ्रम छँदैछ। यतैको लेखकहरूमा पनि कतै भ्रम र कतै मतभेद हुनु स्वाभाविकै हो। तर किरातजाति र शासक यस देशमा उब्जेर बसेको हो भन्न सकिन्छ।

(१९) ई० स० ५ शताब्दीमा 'Nonnos' ग्रीक भाषाको महाकाव्य—त्यसको नाम Dionysiaka, वा Bassarika —यस ग्रन्थमा किरातको नाम उल्लेख छ। उक्त ग्रन्थमा काव्यकारले 'किरात' को प्रशंसा गर्दा 'पानीमा नौकायुद्ध गर्नुमा किरातहरू अत्यन्त अभ्यस्त हुन्छन्। उनीहरूका नौका पनि चर्म अथवा छालाले बनेको हुन्छ' भनेर लेखेको छ।

(२०) किरातहरूको अधिनायक नाम THYAMIS, OLKAROS यी दुवै नौका चलाउनुमा योग्य थिए।

(२१) यी 'Tharseros' हार्सेरोजका पुत्र थिए। यसै ग्रीक ग्रन्थमा किरातको शब्द अथवा नाम 'Cinradioi' यस्तो छ।

(२२) Periplus of the Erythracansea नामक ग्रन्थमा पनि किरातहरूको उल्लेख छ भनेर कालीप्रसन्न सेनले श्रीराजमाला प्र० ख० पृ० २१४ मा उल्लेख गरेको छ।

(२३) किरातबारे तैतिरीयब्राह्मण ३/४/१२/१ द्रष्टव्य।

(२४) Intercourse between India and the Western World, P. 27 भन्ने ग्रन्थमा H. G. Rawlinson ले किरातहरूलाई मंगोलियन हुन् तथा भोटान र आसाम प्रान्तका पर्वतीय क्षेत्रमा बसोबास गर्दछन् भनेर लेखेको छ। रावलिनसनको भनाइ अरू ठीक भए पनि किरातहरू मंगोलियनचाहिं होइनन्।

(२५) किरातहरूलाई अमरकोषमा 'भेदाः किरातशवराः पुलिन्दा म्लेच्छजातयः' (अ० को० शू० व०) लेखेको छ।

(२६) द्रुह्यु नामक राजाले त्रिपुरा, आसाम क्षेत्रमा क्षति पुरायो भनेर श्री रा० मा० प्र० ख० पृ० नं० २१५ मा लेखेको छ। यो किरातहरूको आपसी फुट या मतभेदले गर्दा नमीठो इतिहास हुन गएको हो।

यसरी एक समय हिमालयको पूर्वाञ्चल काबुल, गान्धार, काश्मीर, हिमाचल, गढवाल, कुमाउ, नेपाल, सिक्किम, भोटान, आसाम प्रान्त, त्रिपुरा, बर्मादेश, चीन, समुद्रतीर, कम्बोज आदिमा किरातहरूले वसोबास गरेका थिए भन्ने इतिहास प्रष्ट बुझिन्छ।

(२७) Zimmer ले 'Altindisches Bler' P. 32 मा किरातहरूलाई मङ्गोलियन लेखेको छ यो इतिहास ठीक छैन ।

(२८) Ludwig ले 'Translation of the Rigveda' 3-207 मा पनि किरातहरूलाई मङ्गोल लेख्ने प्रयास गरेको छ ।

(२९) Vincint Smith ले 'Journal of The Royal Asiatic Society' (758–1909) मा पनि किरातहरूलाई मंगोलियन भनेको छ । यो लेखाइ भ्रमात्मक छ । यिनीहरूले कुनै प्रमाण दिन सकेका छैनन् ।

(३०) यसले द्रुह्यु[१] तथा त्रिपुर किरात हुन् भन्ने इतिहास पाइयो । ययाति नै किरात थिए कि अर्कै ययाति थिए, यो खोजको विषय छ ।

(३१) 'जातितत्त्व वारिधिं' ग्रन्थको २६० पृ० मा महिमनसिंह, श्रीहट्ट (सिलहट, वर्तमान बङ्गलादेश), प्राक्ज्योतिष (आसाम), त्रिपुरा आदि किरात राज्यको अन्तर्गत थियो ।

(श्रीहट्ट परिचय, पृ० नं० ४७—ले० राजेन्द्रनाथ देव) ।

(३२) प्रसिद्ध लेखक वंकीमचन्द्र चट्टोपाध्यायको लेखाइअनुसार एक समय कामरूप राज्य अतीव विस्तृत थियो । पूर्वमा करतोया, आधुनिक आसाम, मणिपुर, जयन्तिया, कछार, महिमनसिंह, श्रीहट्ट, रङ्गपुर, जलपाईगुडी कामरूपभित्र पर्थ्यो ।

(३३) योगिनीतन्त्रमा कामरूपभित्र 'श्रीहट्ट' थियो भन्ने उल्लेख छ ।

(३४) श्रीहट्टमा (सिलहटमा) 'लाउड पर्वत' मा किरातसम्राट् भगदत्तको राजधानी थियो ।

(३५) कामरूप तन्त्रमा सप्तपर्वतको उल्लेख छ । तीमध्ये जयन्तिया, कछार, मणिपुर, मगध आदि छन् ।

(३६) द्रुह्यु वंशको त्रिपुराको प्राचीन राजधानी कामरूपको नजिक, कुपलनदी, किनारैमा थियो । राजधानीको नाम 'त्रिवेग' थियो । कैलाससरको प्राचीन नाम 'कोलाई गुढ' थियो । (श्रीहट्ट परिचय, पृ० नं० ५६)

यहाँ त्रिपुराका प्रथम इतिहासकार कैलासचन्द्र सिंहको मतानुसार त्रिपुराका राजाहरूको वंशावली विज्ञपाठकहरूका जानकारीका लागि दिइँदै छ । मननपूर्वक हेर्नुहुनेछ ।

त्रिपुरी किरातराज वंशावली

१. ययाति
२. द्रुह्यु
३. त्रिपुर
४. त्रिलोचन
५. दक्षिण
६. रक्षिण
७. सुदक्षिण
८. तरदक्षिण
९. धर्मंतर
१०. धर्मपाल
११. सुधर्म
१२. तरवङ्ग

---

[१] द्रुह्यवंशे दैत्यराजा किरातनगर
अनेकसहस्र वर्ष होइल अमर ।
वहुकाल परे तान पुत्र उपजिलो
त्रिवेगेले जन्म नाम त्रिपुर राखिलो ।। (श्रीराजमाला, दैत्यखण्ड प्रारम्भ)

१३. देवांग
१४. नरांग
१५. धर्मांगद
१६. रूपमांगद
१७. सुमांगद
१८. नोजुङ राय 'राई'
१९. तर्जु राय
२०. तोरोराज
२१. हायराज
२२. वीर राज
२३. श्रीराज
२४. श्रीमन्त
२५. लक्ष्मीतर
२६. तरलक्ष्मी
२७. महालक्ष्मी
२८. नागेश्वर
२९. योगेश्वर
३०. ईश्वरफा
३१. रङ्खाई
३२. धनराजफा
३३. मुचुङ्फा
३४. माहचुङ्फा
३५. तौराज
३६. तर्फमाइफा
३७. सुमन्त
३८. रूपमन्त
३९. तराहम
४०. खादाम
४१. कतर्फा
४२. काततर्फा
४३. चन्द्रफा
४४. गजेश्वर
४५. वीरराज
४६. नागपति
४७. छिखराज
४८. देवराज
४९. धुरासा
५०. तिरराज
५१. सागरफा
५२. मलयाचन्द्र
५३. सूर्यराय
५४. हातुङ्फनाई
५५. चरातर
५६. हातुङ्फा
५७. वीमार
५८. कुमार
५९. सुकुराय
६०. तसराव
६१. राजेश्वर
६२. मिसलीराज
६३. तेजङ्फा
६४. नरेन्द्र
६५. इन्द्रकीर्ति
६६. विमानराज
६७. जशोराज
६८. नवाङ्ग
६९. राजगंगा
७०. शुक्रराय
७१. प्रतीत
७२. निरीखिन
७३. गगन
७४. नावराई
७५. जुजारूफा
७६. जांगेफा
७७. देवराय
७८. शिवराय
७९. दुङ्गुरूफा
८०. फारुङ्फा
८१. च्याङ्फनाई
८२. ललितराय
८३. मुकुन्दफा
८४. कमलराय
८५. कृष्णदास
८६. यसुफा
८७. मुचुङ्फा
८८. साधुराय
८९. प्रतापराय
९०. विष्णुप्रसाद
९१. वानेश्वर
९२. वीरबाहु
९३. सम्राट्
९४. चम्पा
९५. मेध
९६. छेङ्फा छाग
९७. छेङ्थुङ्फा
९८. आचङ्फा
९९. खिचुङ्फा
१००. दुङ्गुरूफा
१०१. राजाफा
१०२. रत्नमाणिक्य
१०३. प्रतापमाणिक्य
१०४. मुकुटमाणिक्य
१०५. महामाणिक्य
१०६. धर्ममाणिक्य
१०७. प्रतापमाणिक्य
१०८. धन्यमाणिक्य
१०९. ध्वजमाणिक्य
११०. देवमाणिक्य
१११. इन्द्रमाणिक्य
११२. विजयमाणिक्य
११३. अमरमाणिक्य
११४. अनन्तमाणिक्य
११५. राजधरमाणिक्य
११६. तुवागोपिप्रसाद
११७. उदयमाणिक्य

११८. जयमाणिक्य
११९. गोविन्दमाणिक्य
१२०. छत्रमाणिक्य
१२१. कल्याणमाणिक्य
१२२. राममाणिक्य
१२३. रत्नमाणिक्य
१२४. नरेन्द्रमाणिक्य
१२५. महेन्द्रमाणिक्य
१२६. धर्ममाणिक्य
१२७. जगतमाणिक्य
१२८. मुकुन्दमाणिक्य
१२९. जयमाणिक्य
१३०. विजयमाणिक्य
१३१. उदयमाणिक्य
१३२. इन्द्रमाणिक्य
१३३. लखनमाणिक्य
१३४. कृष्णमाणिक्य
१३५. बलराममाणिक्य
१३६. राजधरमाणिक्य
१३७. रामगङ्गामाणिक्य
१३८. दुर्गामाणिक्य
१३९. काशीचन्द्रमाणिक्य
१४०. कृष्णकिशोरमाणिक्य
१४१. ईसानचन्द्रमाणिक्य
१४२. वीरचन्द्रमाणिक्य

यसरी १४२ राजाहरूले त्रिपुरामा इतिहासकार कैलासचन्द्र सिंहको मतमा राज्य गरेका छन् । तर कालीप्रसन्न सेनको मतमा अरू धेरै छन् । अंग्रेजहरूले बिगार्ने हिसाबले धेरै लेखेका छन् । सुधार्ने आवश्यकता छ ।

*

चाकमा-किरात

मूल चाकमा-जातिको निवास पर्वतीय चटगाउँ (चिटगाङ हिल)-को राङ्गामारी राजधानी थियो। पर्वतीय चटगाउँ पाँच हजार स्क्वायर मीलमा छ। त्रिपुरा चार हजार सोह्र स्क्वायर मील छ। यसै चटगाउँमा चाकमा-किरातहरूको राजा र राजधानी थियो। देश अंग्रेजहरूको हातमा जाने बेलामा अन्तिम चाकमा-राजा त्रिदिवराय थियो। यो १८ श० पिता राजा नलिनाक्ष राय, पिता भुवन मोहन राय, १८ शताब्दीमा चाकमा-रानी कालिन्दी पनि थी। मिजोरम, त्रिपुरा, अरुणाचल तथा पश्चिम बंगालमा चाकमाहरू चटगाउँबाट आएका हुन्। चटगाउँदेखि पूर्व सिमाना आराकान लागेको छ, जो आराकान ऐले बर्मा देशमा पर्छ। चटगाउँको राज्य खतम भए पनि छ लाखभन्दा बढ्ता चाकमाहरू आफ्नै भूमिमा छन्। यस बेला चाकमा-किरातहरू हीनयान बुद्धधर्मलाई मान्दछन्। चाकमा-किरातहरूको लिपि र भाषा अलगै छ। यस बेला पनि चाकमा-लिपि चल्दैछ। चाकमाहरू शाक्यवंशबाट आएको मान्दछन्। केही चाकमाहरूले हामी साक्षात् बुद्धका वंश हौं भन्ने गरेका छन्[1]। व्यात्रा = देवता तथा थानमान = देवता, गङ्गा तथा वरुणको पूजा गर्छन्। न्वाँगीमा बलि दिने चलन छ। सुँगुर, कुखुरा पाल्ने चलन र जाँड रक्सी खाने खुवाउने चलन पनि छँदैछ। मान्छे मरे सात दिनमा श्राद्ध गर्छन्। निरामिष पनि बस्छन्। चाकमाहरू असोजको महिनामा दारी जुँगा बनाउँदैनन्। माता-पिता या अरू मरेको खण्डमा जलाएर अस्थि विसर्जन गर्ने चलन छ। हीनयान बौद्ध भए पनि आफ्नो पुरानो परिपाटी छोडेका छैनन्। मलामी फर्केपछि सुनपानीले टोटलाको फलले छड्केर शुद्ध गर्छन्। शुद्ध ओझाले गर्छन्। कतै बौद्धभिक्षुले शुद्ध गर्दा भण्डारा पनि गर्छन्। मान्छे मर्दा पुरुष भए पूर्व शिर गरेर, स्त्री भए पश्चिम शिर पारेर जलाउँछन्। विवाह गर्दा चामल र रूवाले आशीर्वाद दिने चलन छ। यो चाकमाहरूको विशेष कुरा छ। विवाह गर्दा बेउलीको कानमा गोदावरी, गलामा कण्ठहार, हातमा चुरा, खुट्टामा कल्ली, पोते लाउने चलन छ। बुहारी भएपछि सासू-ससुरा र जेठाजुको सामुने शिरमा कपडा राख्ने चलन छ। पूर्व समयमा टुप्पी पनि राख्थे। पुरुषको नाम रांगाचङ, कालाचन्द्र आदि र स्त्री भए रांगावी, कालापि; थर अथवा जाति कारवारी, विसा, देवान, तालुकदार आदि। चाकमाहरूमा गोत्र सिष्टम पनि छ। जस्तै --गोजामाने, दामाई, बरूवा, मुलिमा, बोगा, थनिका, कुराकुच्या इत्यादि गोत्र हुन्छ। गोत्रको आधारमा बिहावारी हुन्छन्। विवाह आमा-बाबुको मर्जिअनुसारै हुन्छ। तर गान्धर्व-विवाह भए भने पनि समाजमा बसाएर आमा-बाबुको मर्जिअनुसार हुने नियम छ।

चाकमा भाषाको सम्बन्धमा पनि संस्कृत भाषादेखि तद्भव र अपभ्रंश भएको मात्र देखिन्छ। यसरी नै चाकमाहरूको जातिमा उपजातिहरू छन्। यी उपजातिहरू धेरै भए पनि नमूनाको लागि पाठकहरूको समक्ष यहाँ चाकमाहरूको जाति उपजातिको नमूना दिइँदै छ।

माता = मा
पिता = बा
अग्नि = आगोन

कुकुर = कुगुर
पुस्तक = बोई
हात = आत

---

[1] चाकमाहरूले आफूलाई बुद्धको वंश बताउनुको साथै रामवन, पिपली, कोलीगाउँ आदिबाट हाम्रा पुर्खा आएका हुन् भन्छन्। चाकमाहरूलाई हेर्दा किरातै हुन्। आफूलाई बुद्धको वंश बताउने भएको हुनाले शाक्यमुनि बुद्ध किरातक्षत्रिय थिए भन्ने इतिहास स्पष्ट हुन आउँछ।

पानी = पानी
हावा = बुयार
आकाश = आकाश
मनुष्य = मानुष
देवता = देवदा
बाजे = आजु
स्त्री = मिला
शिक्षा = शिगाना
गणना = गना

चक्षु = चोक
नाक = नाक
मुख = मु
दाँत = दात
जिब्रो = जिल
बाल = चुल
शिर = शिरा
प्राण = पोरान्
इत्यादि ।

उपजातिमा चाकमाका हेंगे ओजा, सैदूनी गुही, सेमो गुही, होवाल्ले गुही; यसै प्रकारले—लारमा ओजा, वोर्वो ओजा, पाकमा ओजा, वोङसा ओजा, फेमा ओजा; लकसरो ओजा आदि उपजाति र जाति छन् । तर चाकमाहरू पूर्वकालमा नेपालको तराई कपिलवस्तु पिपलीको छेउबाट गएका हुन् । चाकमाहरूमा 'तुंतुङे' चाकमाको भाषा अरूभन्दा बेग्लै हुन्छ । यिनी बर्माको सिमाना फार्वा, दामदेव आदिमा बस्छन् । पुराना बूढीहरूले खुट्टामा कल्ली र हातमा चाँदीको चुरा आदि नेपालबाटै लिएर गएका थिए । आज पनि कतैकतै छँदैछ । यसैले चाकमा-किरातहरू हिन्दूक्षत्रिय नै हुन् भन्ने प्रमाणले बुझिन्छ ।

यति मात्रै होइन बर्माका प्राचीन पाँच जातिहरूमध्येमा पनि चाकमा एक पर्दछ; जस्तै :—ब्रमा, तोयलाङ, केराङ वा कोहरङ, व्यु र चाकमा । यी पाँच जाति बर्मामा परापूर्वकालदेखि बसोबास गरिराखेका छन् भनेर 'चाकमा प्रवाद' भूमिका पृ० २ मा डा० दुलाल चौधरीले लेख्नुभएको छ । साथै चाकमाहरूलाई मंगोल पनि भनेर लेख्नुभएको छ । चौधरीजीको यो इतिहास ठीक छैन, किनभने चाकमाहरूको आज पनि किम्वदन्ती र मान्यताहरू शुद्ध हिन्दू-आर्यक्षत्रियहरूकै मूलमा परेको देखिन्छ । चाकमाहरूको किम्वदन्ती-अनुसार 'कलाप' नगर वा 'चम्पक' नगर आदि बासस्थान थियो । यो नाम कपिलवस्तु, देवदह, कुहिल, कलाह, कुशोत, काशीत्, साकेत्; यीमध्ये कलाह नगरबाट चाकमाहरू चटगाउँ पसेका हुन् । महाशाक्य, लिच्छविशाक्य, पार्वत्यशाक्य गरी तीन भेद गरेका छन् । तर यसको ऐतिहासिक प्रमाण भने पाइएको छैन । चाकमा एवं तोङचेङगरा धर्मको पूजा गर्थे । शिवाली पूजा गर्थे तर शिवाली एक शाक्यराजपुत्र थियो । शिवाली र सिद्धार्थ समसामयिक थिए । शिवालीपछि बुद्ध[1] वैराग्यमा लागे ।

चौधरीजीले उसै किताबको पृ० नं० पाँचमा गएर चाकमाहरूलाई प्रकृतिपूजक भनेर लेखेका छन् । जब कि वर्तमान चाकमा-किरातहरू शुद्ध बौद्धधर्मावलम्बी छन् । यद्यपि चाकमाहरूले पनि आफूलाई किरात भन्नु बिर्सेका सयौं शताब्दी भैसकेको छ ।

"ढाका जिल्ला राजधानी" जिल्ला चटगाउँमा पर्वतीय क्षेत्रमा बुद्धिष्ट चाकमा-किरातहरू बस्छन् । जिल्ला नोवाखाली, सिलहट, कुमिल्ला जिल्ला त्रिपुराको साथमा जोडिएका छन् । जिल्ला महिमनसिंह मेघालय गारोहिलसँग जोडिएको छ । जिल्ला जैसोर कलकत्तादेखि नजिक पर्छ । पर्वतीय चटगाउँ जिल्लासँग 'आराकान' जोडिएको छ । मिजोरमसँग पनि आराकान जोडिएको छ । यी क्षेत्रहरूमा धेरै मात्रामा चाकमा-किरातहरू नै छन् ।

⁂

---

[1] चाकमा प्रवाद, पृ० नं० २, डा० दुलाल चौधरी ।

डिमाछा किरात, कछारी संस्कृति

दि० १७।७।१९८८ मा हापलोङ उत्तर कछार जिल्लाको भू० पू० मन्त्री सोनाराय थाउसेनबाट लिएको अन्तरवार्ता—

(१) आमा-ब्राब्रुको अनुसार मागी र गान्धर्व दुवै प्रकारले विवाह हुन्छ । तर आमा-बाबु र समाजको सल्लाहले गरेको विवाह राम्रो मानिन्छ । तर विवाह हुनुभन्दा पूर्व केटीको घरमा केटाले एक सालसम्म बस्ने चलन छ । तर आजभोलि यो चलन कतै गाउँघरलाई छोडेर हराइसकेको छ ।

(२) विवाहमा केटीको आमाबाबुलाई केही रुपैयाँ आदि दिने चलन छ । तर विवाहमा केटीलाई आभूषण दिने चलन छैन । केटीले अथवा आमा-बाबु माइतीले हातमा चुरा, कानमा सुन अथवा अरू गहना, नाकमा कतैकतै फुलि र गलामा चाँदी आदिले बनेको आभूषण लगाउने चलन छ । सिंदूरको चलन छैन । कुनैकुनै डिमाछाको मतमा त्यो पनि थियो । पछि हराउँदै गयो ।

(३) केटीलाई कन्यादानको रूपमा दिने चलन छ ।

(४) लुगाफाटा लगाउने चलन किरातहरूको परम्परामा आइमेई र केटीहरूले मेखला, दिमाछा भाषामा 'रिगु', लगाउने चलन छ । शिरमा रुमाल बान्ने चलन पनि छ । रुमाल बान्दा नेपालको राइनीहरूबाट छुट्याउनु सकिन्न । दुरूस्तै राइनी नै देखिन्छन् । बर्को सप्का मारेको बेलामा अलि भिन्न देखिन्छ ।

(५) लोग्नेमान्छेले एक प्रकारको धोती र फेटा गुटेर नाच्ने गर्छन् । शरीरमा आफ्नै प्रकारको लुगा लगाउँछन् ।

(६) सम्पूर्ण कछारी किरातहरूको इष्टदेव शिब्राईहेत उसको शुद्ध नाम 'शिव' हो । कालान्तरमा शिव राय तथा शिव राई हुँदै जाँदा शिब्राई हुन पुगे । यसरी डिमाछा, कछारीहरूले नोकेङ्=कार्तिकेय, गोङ्युङ=गणेश, गामाडी=पार्वती सबै परिवारलाई मान्छन् । तर पार्वती र हिरिमाडी=हिडिम्बाको पूज्य शक्ति प्राप्त गर्न र गाउँघर आदिमा सञ्चसुविस्तै होस् भनेर पूजा गर्छन् ।

(७) यसदेखि बाहेक डिमाछाहरूले (सा) खोरङफाङ=दुर्गबन्धन र हिडिम्बाको (गेरवा) पूजा किला या दुर्गको रक्षाको लागि गर्छन् ।

(८) मान्छे मरेपछि जलाउने चलन छ । सानो नानीहरू मरे भने गाड्ने चलन छ । टुप्पी राख्ने चलन छ । कुनैकुनै डिमाछा बूढाहरूको भनाइअनुसार जनै पनि थिए । अझै पनि माईबुङ्देखि २४ मील-भित्र 'सेम खोर' भन्ने गाउँ आदिमा आज पनि प्राचीन डिमाछा संस्कृति सुरक्षित छ । टुप्पी राख्ने डिमाछाहरू त्यहाँ पाइन्छन् ।

(९) मलामीलाई तुलसी र सुनपानी मिलाएर छड्कीकन शुद्ध गर्ने प्रथा छ । श्राद्ध गर्नैपर्छ । नगरे मुक्ति हुँदैन । तर श्राद्ध-गराइ किरात-ढङ्गमा छ । बच्चा जन्मेपछि नाल सुखेर नझरेसम्म शुद्ध मानिंदैन । नाल झरेपछि सुन, तुलसी-पानीले शुद्ध गरेपछि शुद्ध हुन्छ । देव-पितृकार्य चल्छ । बच्चाको छेवर पनि आवश्यक छ । नामकरणमा धनुषवाण अथवा अरू हत्यारहरू बच्चाको हातमा छुवाउने प्राचीन चलन आज पनि कतैकतै जिउँदै छ । दशैं, तिहार पनि मनाउँछन् ।

(१०) दशैं र तिहार मनाए जस्तै 'डिमाछा' हरूले 'वसु' भन्ने उत्सव धुमधामसँग मनाउँछन् । यस उत्सवमा 'लौपानी' = जाँड, तथा सुँगुर आदिको मासु बाँट्ने चलन छ । खाइपिइ गरेर तरुनी, तन्देरीहरूले रातमा नाचगान गर्छन् । ठाउँअनुसार अरू उत्सवहरूमा पनि सामिल हुने गरेका छन् ।

(११) डिमाछा, बोडो, लालुङ, राभा, गारो, देउरी र देववर्मा, रूफिणी, जमातिया, रियाङ यी त्रिपुरीहरूलाई पनि कछारीमा गन्ने गरेका छन् । भाषा पनि केही मिल्छ । परन्तु कछारमा भने माईबोङ्छा र सेमछाको भाषा मिल्छ ।

(१२) त्रिपुरी देववर्मा र रियाङ आदिले आफूलाई कछारबाट गएको भन्छन् । ऐले पनि त्रिपुरा तथा कछार दुवैमा बसोबास गरेका छन् । त्यसैले शाखा हो भन्छन् । तर इतिहास तथा वंशावली पैलाउँदा धेरै पहिले नै छुट्टिएको जस्तो लाग्छ । डिमाछा र केही बोडोहरूको भाषा र पूजा-पाठ त्रिपुरीहरूको साथ मिल्न गएको देखिन्छ ।

(१३) डिमाछा भाषामा पाइने केही शब्दसाम्य आमा = आमई, बाबु = आवई, भाइ = अदा, आगो= वाई (वीतिहोत्र), वायु = वार, पानी = डी, पृथिवी = पृतिमा, आकाश = नोखासाङ्, कुकुर = शिशा, मुख = बुखु इत्यादि भन्छन् । यी शब्दहरूमा संस्कृतको तद्भव र अपभ्रंस शब्द मात्रै देखिन्छ । तर यसमा भाषावैज्ञानिक विचार गर्न विशेष छ । डिमाछा भाषाको शब्दकोष बनाएर हेरेमा स्वयं पत्ता लाग्छ ।

(१४) डिमाछाहरूले आफ्नो पुजारीलाई जन्थाइ भन्छन् । छोटा अथवा साना पुजारीलाई 'होजाई' भन्दछन् । ब्राह्मण नपाउँदा यिनै पुजारीहरूले शुध्याउने काम गर्छन् ।

(१५) डिमाछाहरूले मासु खाने पशु र मासु खाने पक्षीहरूको मासु खाँदैनन् ।

(१६) डिमाछा, बोडो, लालुङ, राभा, गारो, देउरी, देववर्मा (डवर्मा), रूफिणी, जमातिया, रियाङ कछारियाको कतैकतै अलिअलि संस्कृति भिन्न जस्तै भए पनि परापूर्वमा यिनीहरू एकैका सन्तान थिए । आज पनि धेरै कुरामा साम्य छ । केही कुरामा विषमता देखिन्छ भने केही हावा, पानी र संगतको असर हो भन्न सकिन्छ ।

विशेष कछारीहरू हिडिम्बा र हिडिम्बबाट सम्बन्धित भएको बुझिन्छ । यिनीहरू शुद्ध हिन्दू-आर्य देखिन्छन् । मंगोलियन होइन ।

●

कार्वी किरात-संस्कृति

बोङलोङ तेराङ, ८० वर्षका बूढा, ग्राम रोङ प्लिङ कार्वी[1] आङलोङ निवासीको २५।७।१९८८ को अन्तरवार्ता—-

(१) कार्वी किरातहरू हेम्फू=परमात्मा विष्णुको पूजक हुन् । शिव पनि इष्टदेवता हो । यसलाई सबै कार्वीहरूले मान्दछन् । त्योदेखि बाहेक गणेश, सूर्य, दुर्गा, लक्ष्मी आदि सबैलाई मान्छन् । तर अव आफ्नो बोलीमा नाम राखेका छन् ।

(२) विवाह गर्दा गोत्र फरक पार्नैपर्छ । एकै गोत्रमा विवाह हुँदैन । गोत्र मान्ने चलन धेरै पुरानो हो । गोत्र कार्वीहरूमा केवल पाँचवटा छन् । जस्तै—इन्ति गोत्र, वेक्रो वेतेराङ गोत्र, तेरेन गोत्र, तिमुङ गोत्र, इंहि गोत्र छन् । तर तिमुङ गोत्र र इंहि गोत्रमा तीस-तीस शाखा छन् । कार्वी किरातहरूले यिनै गोत्रहरूलाई मिलाएर बिहावारी गर्छन् ।

(३) विवाह गर्दा केटाको तर्फबाट केही कानको गहना र लुगाफाटा दिने चलन छ । तर अनिवार्य छैन । टुप्पी राखेकै छन् । जनै पनि परापूर्वकालमा लाउने गरेका थिए । पछि हराउँदै गयो । जस्तै आज-भोलि बाहुनहरूको टुप्पी हराउँदै गए तर जनै भित्रभित्र छँदैछ । त्यस्तै किरातहरूको जनै हराउँदै गए, टुप्पी ऐलेसम्म छ । परन्तु जनै छोडे पनि जनैको विकल्पमा उस्तै डोरा बाँध्ने चलन निक्कै समयसम्म थियो, भरखरै हराए ।

(४) सुत्केरी हुँदा बालकको नाइटो खसेपछि मात्रै शुद्ध गर्ने चलन छ । शुद्ध गर्दा सुनपानी अथवा तुलसी–पानीले छर्केर पवित्र मान्छन् ।

(५) यो शुद्ध गर्ने पुरोहित 'इन्ति' हुन्छ । यसलाई कार्वीहरूको पुरानो बाहुनै भने हुन्छ । तर आज-भोलि जसले जान्दछ, उसैलाई लगाउने गरेका छन् । शुद्ध गर्दा गङ्गा, वरुण, सूर्य, गणेश आदिको पूजा गरेर शुद्ध गर्छन् । तर कुखुरा तथा जाँडको प्राधान्य छ । कतै दूर्वा-पाती र अरू सामग्रीहरू पनि चढाउने गरेका छन् ।

(६) मान्छे पोलेर घरमा आएपछि 'हेम्फू' परमात्माको पूजा गर्छन् । अनि मात्रै आफूलाई पवित्र मान्छन् ।

(७) खाने बेलामा कार्वीहरू परमात्मालाई चढाएर अर्थात् अपसानी हालेर मात्रै खाने गर्छन् ।

(८) बच्चा जन्मेपछि नौरान गर्छन् । शुद्ध गर्छन् । कान छेड्छन् । छेवर गर्छन् । टुप्पी राख्छन् । यी सबै काम आफ्नै ज्योतिषीको गणनाबाट गर्छन् । तथा पूर्वपुरुषको नामबाट नाम राख्ने गर्छन् । कार्वीहरू पुनर्जन्ममा पूर्ण विश्वास गर्छन् ।

---

१. मूलतः यिनी कछारी नै हुन् । यी बोडोकछारी, डिमाछाकछारी, राभाकछारी भेदले तीन प्रकारका हुन्छन् । जिल्ला कोकराझार आदिमा बोडोकछारी छन् भने जिल्ला कामरूप (दक्षिण)-मा राभाकछारीहरू बसोबास गर्दछन् । जिल्ला कार्वी आङलोङ आदिमा डिमाछाकछारी बस्छन् । यिनैलाई कार्वी किरात भन्दछन् । कार्वी किरात र डिमाछाकछारी पर्यायवाची हुन् ।

(९) बालक या बालिकाको नाम राख्दा पूर्वपुरुषहरूको धेरै नाम पुकार्छन् । जसको नाम पर्छ, उसैको नाम राख्छन् । जस्तै—मङ्गलसिंह, खरसिंह सार्थे आदि । यी नाम प्राचीनकालमा राख्ने चलन थियो । बीचमा जातीय नाम राख्ने चलन पनि चल्यो; जस्तै— बूढा तेराङ आदि । केटीहरूको नाम राख्दा कारेङ्, काफू, काखे आदि राखिन्छन् ।

(१०) सगोत्रीय विवाह भयो भने सामाजिक बहिष्कार हुन्छ ।

(११) बच्चापनमा बालक र बालिका दुवैको कान छेड्ने चलन छ । कान छेडेपछि केटाको कानमा बाँसले बनेको ठूलो-ठूलो मुन्द्री लगाउँदछन् । केटीहरूले कानको आभूषण लगाउँछन् ।

(१२) मान्छे मरे भने धेरैजसो जलाउने चलन छ । देश, काल, परिस्थिति-अनुसार गाड्ने नियम पनि कतै-कतै देखिन्छ ।

(१३) मलामीहरूले नदी या कुवाको पानी, धारा आदिमा गएर स्नान गर्छन् । लुगा-लङ्गौटी आदि बदलेर आउँछन् । श्मसानमा लगेको कुनै वस्तु घर फर्काएर ल्याउँदैनन् ।

(१४) तीन दिनमा श्राद्ध गरेर चोखिने चलन छ । तर अन्तिम श्राद्धचाहिं ६ महिना अथवा साल-भर अर्थात् जैले सक्यो उसै बेला गर्छन् । त्यस बेला नाति, पनाति आदिले गर्छन् । त्यस श्राद्धको नाम कार्वी भाषामा 'चुमाङ काङ' अथवा 'आर्लेङ कारी' भन्दछन् । यो श्राद्ध जतिजनाको गरेको छ, उतिजनाको मूर्ति पनि बनाएर राख्ने गरेका छन् । आइमाईको मूर्ति बनाउने गर्छन् । यो कार्वीहरूको विशेषता हो । तीन दिनको श्राद्धमा पनि ताम्बुल, खाने जाँड, भात र मासु आदि लगेर श्मसानघाटमा राखेर उसको मुक्तिको लागि पूजा गर्छन् । फेरि तुलसी-पानी या सुनपानीले छम्केर शुद्ध गर्छन् ।

(१५) कार्वीहरूको आफ्नो परम्परागत घरचाहिं मचान जस्तै बनेको हुन्छ । आफ्नो ढंगको राखन-धरन र वसोबास हुन्छ । चिण्डो र जाँड अवश्य चाहिन्छ ।

(१६) कार्वीहरूले पनि संसारीपूजा धुमधामले गर्छन् । वर्षाको लागि इन्द्रको पूजा गर्छन् ।

(१७) कार्वीहरूको मान्यताअनुसार सगरमाथादेखि बर्माभित्रको पर्वतीय भूभागमा कार्वीहरूको उत्पत्ति भएको हो ।

(१८) सृष्टिकर्ता ब्रह्मा, विष्णु, महेश्वरले सृष्टि गरेको हो ।

(१९) सृष्टि गरेर परमात्माले मेलङ्वी, हार्लङ्वी, मुसिङ, रङ, सुपी, तेरुन्, रङसुपी, वरलिये यी पाँच गाउँहरूमा बसाले । त्यहाँबाट बालीको राजधानी किष्कन्धामा पुगे । किष्कन्धावाट ह्लासा पुगे । कार्वीहरूले आज पनि आफ्नो चाडवाडमा 'हामी ह्लासा पुग्यौं है' भन्ने गीत गाउँछन् । फेरि ह्लासादेखि वर्मा पुगे । बर्माबाट मणिपुर आए । मणिपुरवाट डिमापुर आए । डिमापुरबाट एक शाखा वर्तमान कार्वी आङलोङमा वस्न पुगे । कार्वी आङलोङको 'सुचेङ' भन्ने ठाउँमा आए । पछि यिनीहरू एक वंशमा 'रोङ-हाङ' भन्ने राजा भए । तर त्यो धेरै पछिको इतिहास हो ।

(२०) तेराङ, इङकी, रोङहाङ, तेरन, तिमुङ यी पाँच कार्वीहरूका जाति छन् । यिनीहरूको गोत्र पनि छन् । शिखा ऐलेसम्म छ । जनै लगाउँथे तर हराइसके । निधारदेखि सीधा कालो रेखा च्यूँडा-सम्म लगाउने गरेका थिए । अब जनै जस्तै त्यो रेखा पनि हरायो । कतैकतै पुरानोहरूमा देखिन्छ । सुँगुर पाल्ने गर्छन् । भैंसी खाँदैनन् ।

(२१) बूढा-बूढीको कान आज पनि लचकिएर लामो भएको देख्न पाइन्छ । कार्वीहरूलाई योभन्दा पहिले मिकिरी भनिन्थे ।

(२२) मिकिरीको अर्थ नबुझेर अंग्रेजहरूले मिक्री लेख्न थालेका हुन्। कार्वी भाषामा 'मे'को अर्थ बिरालो हो। 'किरी' को अर्थ 'खोज्दैछु' हुन्छ। त्यो अंग्रेज लेखकले एउटा कार्वीलाई सोध्यो 'तिम्रो के जात हो ?' कार्वीलि 'के खोज्दैछस्?' भन्ने अर्थ बुझ्यो र 'मिकिरि' अर्थात् 'बिरालो खोज्दैछु' भन्यो। अंग्रेजले चाहिं 'मिक्री' जात लेखेर प्रचलित[1] गरे। तर अब सबैले बुझे। त्यसो भएको हुनाले मिक्री भन्दा रिसाउँछन्।

(२३) यसै प्रकारले लालोङहरूले पनि आजभोलि 'टेवा' भन्ने र लेख्ने गरेका छन्। मिजोको एक शाखाको बोलीमा पनि 'लुसाई' को अर्थ 'शिर काट्ने' हुन्छ। तर ईसाईहरूले धेरै वर्षसम्म 'लुसाई' भनेर लेख्ने गर्थे। आजभोलि 'लुसाई' भन्दा रिसाउँछन्। केही मिलेर मिजो भन्ने गरेका छन्। लखेरा र चाकमाहरूले मात्रै बदल्न सकेका छैनन्। त्यस्तै अवरहरूले 'आदि' लेख्न थाले। अंग्रेजहरूले इतिहास निक्कै नराम्रो गरी बिगारेका छन्। तर कार्वीहरूले थाहा पाएर 'कार्वी' लेख्न थाले।

(२४)कार्वीहरूमा लोग्नेमान्छेले शिरमा फेटा गुँथ्ने र तल पछेउरा झुण्डाउने गरेका छन्। आफ्नै ढङ्गको दाह्री राख्ने चलन छ।

(२५) स्त्रीजनले कानमा चाँदी आदिको आभूषण र गलामा चारानी, आठानी, रुपैयाँको हार बनाएर लगाउने चलन थियो। कतैकतै सानो कौडी र मुगाको माला सुन्दर बनाएर लगाउने चलन पनि थियो। मुगाको साथ बुटा भरेको माला हेर्ने लायक हुन्छ। कानमा लगाउने गहना 'नो थेङपि' र चाँदी आदिको हुन्छ। स्त्रीले लगाउँछन्। तर 'नोलाङपोङ' चाहिं बाँसको हुन्छ। 'सिंकि आनेथेङपि' जवान केटाहरूले कानमा लगाउँछन्। लाहारङको कपडा रुचाउँछन्। आफैं बुनेर लगाउँछन्। प्रायः 'जाम्बिडी' तथा 'लेङकीरिकोम' पगडी बाँध्नु यिनीहरूको विशेषता हो। जाँड पिउने चिण्डो, ढोलवाद्य, तुला, डोको, थुन्चे आदि विशेषता छन्। यी संस्कृति अब सङ्ग्रहालय (Museum) मा पाइन्छ। कार्वी कलचर १० देखि ११ शताब्दीसम्मको हेर्नु पाइन्छ। ढुंगामा कुँदिएको खाँबा, द्वार तथा अन्यत्र हेर्न पाइन्छ। ती गणेश, भैरव, विष्णु, नृत्यभैरव र केही ऋषिहरू तथा अपरिचित अनुसन्धेय कलाकृतिहरू कार्वी-संस्कृतिभित्र परेका छन्। यी कलासंस्कृतिपूर्ण ढुङ्गाहरू फुलोनी, लाङलोकनु आदिबाट प्राप्त गरेर डिफू संग्रहालयमा राखिएको छ। तर पुरातत्त्ववेत्ताहरूसँग मेरो मत मिलेन। मेरो मतमा २ हजार वर्षभन्दा यताको कुनै कला छैनन्। १०-११ को कला भनेर पुरातत्त्वले घोषणा गरेका छन्। चिण्डो र धेरै कुराको साम्यले राईहरूको निकटमा कार्वीहरू छन्। कार्वीहरूको रामायण पनि अलगै छ। भर्खरै निक्लेको छ।

भाषामा अवश्य पनि संस्कृतको अपभ्रंश र अपरिचित धातु-मिश्रित शब्द छन्। जस्तैः-पितालाई= पो, माता=पाई-माई, आगो=मे, पानी=लाङ, आकाश=छिनिङ्, वायु=डेमोन, पृथिवी=पृथे, चन्द्र= शिल्को-शितल, सूर्य=अर्नि-अग्नि, मनुष्य=मानित, नाक=नोकाङ्-नासिका आदि।

यस प्रकारले कार्वी किरातहरूको पनि एकेक गरी केलाइ निफनाइ गर्नुपर्ने स्थिति देखिन्छ। कार्वीहरू किरातक्षत्रिय हुन्। मङ्गोलियन होइनन्। यो उनीहरूकै मान्यता, धारणा, संस्कृति र सभ्यताले बताइराखेको छ।

* * *

---

[1] पाश्चात्यहरूले यस्ता जानी तथा नजानी इतिहासको क्षेत्रमा अनेकौं भूल गरेका छन्। यस्ता भूलहरूलाई कार्वीले मात्रै होइन अपितु मिजो, वेते, बोडो, नागा, कुकी आदि सबैले सुधार गर्न थालेका छन्।

कुकी किरातहरूको देवता र वार, त्यौहार

(१) कुकीहरूले 'गरिया' अर्थात् महादेवको पूजा गर्छन् । वर्षको एकफेर चैत्र महिनामा अथवा कहिलेकहीं सारेर पनि धुमधामसित महादेवको पूजा गर्छन् । तर बाख्रा र कुखुरा आदिको बलि दिने चलनचाहिं छँदैछ ।

(२) 'लक्ष्मी' दाव=हत्यार, ढोल पूजा सबै मिलेर तिथि-निर्णय गरेर गर्दछन् । लक्ष्मी-पूजा धानको भकारीमा गर्छन् । वलि राँगाको दिन्छन् ।

(३) भूतप्रेतको पूजा गर्ने चलन पनि छ ।

(४) कुकीहरूले विवाह गर्दा केटीको घरमा एक सालसम्म बसेपछि केटी लिएर घर फर्किन्छ । केटीलाई आफ्नो शक्तिले भ्याएसम्म कण्ठहार, ढुङ्ग्री, बुलाकी, कानमा गोदावरी, फूल, पोते र आफ्नै कुकी भेष-भूषाको लुगा दिन्छ । नानी जन्म भएको बेला सात दिनसम्म सुत्केरीले छुएको खाँदैनन् । न्वारन गरेर सुत्केरीले नुहाएपछि खाने चलन छ ।

(५) मरेको मान्छेलाई जलाउँछन् । ठाउँअनुसार गाड्ने र पानीमा बगाउने चलन पनि छ । मलामी फर्केपछि नदी, नाला, कुवा आदिमा नुहाउँछन् । घर पुगेपछि त्रिपुरी कुकीहरूले तुलसीदलको पानी छिड्केर पवित्र हुन्छन् । आसाम, मणिपुर आदिको कुकीहरूले कैले दूबो-पानी, कतै सुनपानी, कतै कुनै झारपात लगाएर पानीले छिड्की पवित्र हुन्छन् ।

(६) तेह्र दिनसम्म बार्ने चलन छ । तेह्र दिनसम्म माछा, मासु खाँदैनन् । बाल सिंगार्दैनन् । १३ दिन पूरा भएको दिन मलामी बोलाएर चोखिन्छन् । मासु, भात, जाँडको चलन छ । कपाल खउराउँछन् ।

(७) त्रिपुरी कुकीहरूले सरकारी कागजपत्रमा 'आलाम' लेखाएका छन् । तर आसामका कुकीहरूले कुकी नै लेखाएका छन् । मणिपुर आदिमा कुकीहरूले आफ्ना-आफ्ना थर मात्रै पनि लेख्ने गरेका छन् ।

(८) शुद्ध गर्दा असाई=पुरोहितले बच्चा र आमा दुवैको शिरमा र खुट्टामा पानी हालेर आफ्नै कुकी मन्त्र पढेर सुत्केरी शुद्ध गर्ने चलन छ । यसरी नै मरेपछि पनि शुद्ध गर्छन् ।

(९) बोली भाषामा कुकीहरू प्राय: एकै बोले पनि उच्चारण-भेदले गर्दा अलि बेग्लै भएको देखिन्छ । कुकी भाषामा मूर्ख=माई, आँखा=मित्, नाक=नार, जिब्रो=लै, कान=कर, ललाट=तलुखा, पिता=आपा, पितामह=पो, पानी=तोई, खोर्सानी=मर्च, आकाश=खान्, आगो=मई=मी, दाउरा=थीङसिं, बाटो=लाम, माता=नु इत्यादि शब्दहरूले कुकी भाषा पनि संस्कृतबाट निक्लेको देखिन्छ । केही शब्द लाम, मी आदि किरात राई, लिम्बूहरूको बोलीसँग साम्य देखिन्छ ।

कुकीहरू मूलरूपमा उत्तर बर्माभित्र पर्ने कचिन राज्यका निवासी हुन् । यी कुकीहरू परिस्थितिवश बसाइँ सर्दै कचिन छोड्दै मणिपुरको पहाडी भेक र नागालैण्डका केही भेगमा बसोबास गर्न पुगेका छन् । वर्तमान समयमा मणिपुरको पहाडी सेरोफेरोमा निक्कै बसेका छन् ।

जाति :—यिनीहरूको जातिभित्र पर्ने उपजाति यी हुन्—लुसेई, पैते, नार, जऊ, गाङते, पाइते, सिम्ते, वाईफेई, हौकिप, किववेन, खुङसाई, डुङगल, थादौ, केतम, चिरू, कोइरेङ आदि। यसभित्र पनि कैयौं उपजाति छन्।

विवाहवारी गर्दा गान्धर्व-विवाहको प्रचलन प्राचीनकालदेखि नै प्रचलित थियो। त्यो चलन कुकीहरूमा पनि पर्याप्त मात्रामा छ। गीत गाउँदा केटी भगाएर ल्याउने चलन प्रायः पूर्वाञ्चलमा प्रसिद्धै छ। बाबुले केटी खोजिदिनुपर्‍यो भने फुपूको छोरी अथवा मामाको छोरी खोजिदिन्छ। यो कुकीहरूको मात्रै होइन; केही गुरुङ, मगर र दक्षिण भारतको बाहुनमा पनि यही प्रथा छ। परन्तु केटाले केटी खोजेमा आफैं मन परेको ल्याउँछ। केटी बोक्सी या केही भूत-प्रेतहरूबाट दागी छ भने कुकी-समाजले स्वीकार गर्दैन। केटी ल्याएपछि गाउँ-घरका इष्टमित्र, कुलकुटुम्ब भेला भएर जाँड, रक्सी, मासु खाई ख्वाई आफ्नो पाराको मङ्गलगीत आशीर्वाद आदि गाउँछन्। कुकीहरूको प्रथामा ज्वाइँ, छोरीले सकेसम्म श्वसुरालाई (माङकट) गाई, भैंसी, पैसा दिनुपर्छ। छोराछोरी जन्मेको खण्डमा मावलीमा समाचार पठाइन्छ। दुवैतिरबाट यथाशक्ति लेनदेन गर्छन्। मर्दा मरेको मानिसलाई बाकस अथवा काठको अरू सुविधाजनक चिजमा राखेर मसानघाटमा लान्छन्। ज्वाइँले च्यानमा सुँगुर काट्छ। चियानभित्र कपडा राखिदिन्छ। मलामी फर्केर आएपछि जाँड, रक्सी खाएरै शुद्ध हुने चलन छ। मान्छे मरेमा १३ या ७ दिनमा शुद्ध गर्छन्। श्राद्ध पनि गर्छन्। मूल देवता महादेव हो। नेपालीहरूमा 'मोच मार्ने' चलन छ। त्यस्तै कुकीहरूमा पनि कुखुरा झुण्डाएर मार्ने या फेंक्ने चलन छ। यो चलन आर्य-हिन्दूमा अझ पनि कतैकतै छँदैछ। शिकार खेलन जाँदा अचानक बिमार भएमा पशुको मूर्ति बनाएर पन्साउने गर्छन्। साँप हिंडेको डोभ या पुवाल देखिए भने पनि त्यसमा खानेकुराहरू राखिदिन्छन्[1]। यो किन गरेको भन्दा 'हाम्रो अनिष्ट नहोस् भनेर गरेको' भन्छन्। यी कर्महरू गर्दा पुरोहित जस्तै धामी चाहिन्छ। कुकी र नागाहरूको आफ्नो-आफ्नो परम्परा भए पनि ईसाई नभएका कुकी नागाहरूले पूर्णरूपले आर्यहिन्दूकै धर्मकर्म मान्छन्। अशिक्षाले गर्दा अलिकति विकृत भएकोचाहिं अवश्य भन्न सकिन्छ।

कुकीहरूले ईसाई हुनुभन्दा पहिला टुप्पी राख्थे। जनै पनि लगाउँथे। परन्तु जनैमा कुखुराको थुतुना पनि लगाउँथे। ऐले त्यो चलन छैन। केही खान-पानको भिन्नतालाई छोडेर राई, लिम्बूको क्रियाकलापभन्दा अन्तर छैन। ईसाई नै भए पनि केही आफ्नो परम्परालाई कुकी र नागा-किरातहरूले छोडेका छैनन्। मनाउने नै गरेका छन्। यसको मतलब यही हो कि श्रद्धाले होइन अपितु करले ईसाई भएका हुन्। कुकीहरू आफ्नो भाषामा आफ्नै पुरोहित लगाएर परम्परागत पूजापाठ गर्ने गर्छन्।

उपर्युक्त क्रियाकलाप आ-आफ्नै भाषा र परम्परामा आधारित छन्। केवल दुइ भाषा जान्नेहरूसँग अनुवाद गर्दा र गराउन लाउँदा मात्र बुझिन्छ। कुकी मात्र होइन अपितु प्रत्येक किरातहरूको यही स्थिति देखिन्छ। परापूर्वकालदेखि छुट्टिंदै जाँदा आ-आफ्नो बोली वा भाषिका बनाइसकेका छन्। आ-आफ्नै भाषिकाहरूमा नाम राखेका छन्। त्यसैले कैयौं शब्द र क्रियाकलापहरूमा त अनुवाद गरेर पनि घोरिनुपर्छ भने अनुवादको लागि पनि घोरिनुपर्छ। परन्तु सावधानीले बुझेर लैजाँदा सबै कुरा उही पुरानै हिन्दू= आर्य किरातक्षत्रियहरूकै हो, केवल बोली र शब्दमा मात्र फरक देखिन्छ। कुकी, नागा, कार्वी आदि

---

[1] यस मान्यताले कुकीहरू नाग-पूजक देखिन्छन्। तर कुमाऊ र गढवालमा हुने नागवंशीहरूचाहिं हो कि होइन; यो अनुसन्धानकै विषय छ।

समस्त परम्परा प्राचीन आर्यसंस्कृति र परम्पराका अभिन्न वा अविभाज्य अङ्ग हुन् । तर समयले पल्टा खाँदा लाखौं वर्षदेखि यता किरातहरूमै फुट हुँदै गए । आ-आफ्नै भाषा बोली बनाउँदै गए । उही पुरानो वस्तुको आ-आफ्नै नाम राख्दै गए । अलि-अलि फरक पार्दै लगे । तर वस्तु वा पदार्थचाहिं उही नै रह्यो । आज नबुझीकन त्यसैलाई यो संस्कृति भन्दा त्यो संस्कृति भन्ने र लेख्ने गरेका छन् । यसरी कुकी-संस्कृतिको विहङ्गम अध्ययन गर्दा यिनीहरू आर्य = हिन्दू किरातक्षत्रिय नै देखिन्छन् । तर ईसाईमतमा गएका कुकीहरूले हामी हिन्दू वा आर्य होइनौं नै भन्छन् । तर ईसाईमतमा नलागेका कुकीहरूलाई सोध्दा अपठितहरूले यता उता केही पनि भन्न सक्दैनन् । तर केही पठितहरूले चाहिं आफ्नो अलग्गै अस्तित्व सिद्ध गर्नु खोज्छन् । जो होस् कुकी किरातै हुन् ।

*

नागा-किरातहरूको रीतिस्थिति

(१) अंगामी नागाले अग्निपूजा गरेर मात्रै जङ्गलमा आगो लाउँछ। त्यो पूजा फाल्गुन र चैत्रमा मात्रै गर्छन्।

(२) पानी परेन भने कुखुराको भाले जङ्गलमा लगेर छोड्ने चलन छ। यो पानीको देवता इन्द्रलाई चढाएको हो।

(३) 'सेक्रेनी' चार महिनासम्म पूर्व, पश्चिम, दक्षिण, उत्तर गाउँहरूमा घुमेर चाड मनाउँछन्। दैलोको अगाडि जाँड, मासु चढाउँछन्। त्यो गणेशलाई चढाएको अरे। यो पूजा चार दिनसम्म रहन्छ। अंगामीहरूले यसैलाई दशैं तिहार भनी मान्छन्।

(४) जूनको हिसाबले गन्ती गर्छन्।

(५) यिनीहरूको 'टेहेरेणी' न्वाँगी-पूजा पहिले हुन्छ। त्यस वेला शालग्र अथवा शालग्राम जस्तै ढुंगा भकारीमा हालेर राख्छन्।

(६) यिनीहरूको पुजारी बिजुवा-झाँक्री जस्तै छन्। राईहरूजस्तै सबैभन्दा पाको बूढोले 'ज्ञाना' पूजा गर्ने चलन छ।

(७) मान्छे मर्दा बार्ने चलन थियो। मराउ परेको घरको मान्छेले तीन दिनसम्म शिकार आदि खाँदैनन्। अरूलाई ख्वाउँदैनन्।

(८) शिकार खेल्दा वनदेवता र शिकारीपूजा गर्छन्। जसले शिकार मार्‍यो, त्यसले त्यो शिकार खाँदैन। अंगामीहरूको बसोबासो कोहिमा र त्यसको सेरोफेरो हो।

(९) **जेलेन नागा**—यिनीहरूले चुरा या कुण्डल लगाउँदा दुवैतिर कुण्डल सजाएर लाउँछन्।

(१०) **साङताम नागा**—यिनीका महिलाले पनि चुरा कङ्कण लगाउँछन्।

(११) **आओ नागा**—यिनका मुख्य आभूषण घाँटीमा बँदेलको दारा र हातमा महङ्गो हात्तीको दाँत लगाएका हुन्छन्। तथा कौडीको साथ शिरमा धनेसको प्वाँख सिउरिने चलन छ। धनी महिलाहरूले सुनको कङ्कण पनि लाउँछन्।

(१२) **छाकासङ नागा**—यिनले घुच्चुकको पछाडिपट्टि शङ्ख लगाउँछन्। शिरमा पछाडिपट्टि धनेसका प्वाँख पनि लगाउँछन्।

(१३) **रेङ्मा नागा, लोथा नागा**—यिनीहरूले ईसाई प्रभावले गर्दा पुरानो कुरालाई लुकाउने गरेका छन्।

(१४) **चयाङ नागा**—यिनीहरूले शङ्खको गोदावरी बनाएर लगाउँछन्। तर लुगा लगाउँदैनन्।
(१५) **कोन्याक नागा**—कारीगरीमा सबै नागाहरूभन्दा पनि बुद्धिमान् हुन्। तर त्यस बुद्धिको
हत्या गर्नलाई अंग्रेजहरूले कानी अफीम ख्वाउनु लाए। त्यसैले उनीहरू अर्थात् कोन्याकहरू अब अफीममा
मस्त छन्। कोन्याक 'मोहन' एरियामा विशेष रहन्छन्। लुगा लगाउने चलन बिल्कुलै थिएन। तर अब
आधासम्म लाउँछन्। यी कलाकार हुन्छन्। यिनीहरूको नियममा ठूलो घण्टी बजाउने चलन छ। कपाल
कोरेर काठ घुसार्छन्। कान छेड्छन्। जीउभरि छेद पार्छन्। महिलाहरूले पोते लाउँछन्।

(१६) **फोम नागा**—साधारण सीपको माला लाउँछन् । जिल्ला मुकुचुङको छेउछाउमा धेरैजसो बसोबास छ ।

(१७) **युङसिङ नागा**—यिनीहरू पहिले कुटीर उद्योगी थिए ।

(१८) **सेमा नागा**—यिनीहरूको मुख्य आभूषण हात्तीको दाँत, सुन, चाँदी आदिका चुरा हो । विशेष कुरा देवमाला प्रायः सबै नागाहरूको प्रिय आभूषण हो । पहिले सबैले नै टुप्पी राखेका थिए । यिनीहरूका उपथर पनि भिन्न-भिन्न रीतिले धेरै छन् । यी किरातवंशभित्र पर्छन् । यी सबै किरात आर्यहिन्दू-क्षत्रिय हुन् । तर यिनीहरूले पनि 'हामी किरातक्षत्रिय हौं' भन्न बिर्सेका छन् ।

(१९) यस प्रकार अनेक थर र उपथर नागाहरूका हुन्छन् ।

जस्तै :—(१) **सेमा नागाको थर**—सीमामी, यापथामी, चिसिचिमी, सहेमी, खामी, टुखेमी, आमी, चोमहिमी, वथामी, वक्हामी, अयेमी, खुसामी, चिसो इत्यादि हुन्छन् ।

(२०) **अंगामीको थर**—किरे, सेखसे, सोलो, वेल्हो, शाख्रे, केदिचु, पेसिमे, नाख्रे, (जिनिये) सान्य, पिन्य इत्यादि छन् । यिनीहरूको रीतिस्थिति र देवता-पितृ आदि राईहरूसँग मिल्दछ । यिनीहरूले जे कर्म गर्दा पनि जेठा र बूढा मान्छेले 'केना' अर्थात् पूजा गर्ने ढुङ्गामा र 'शिवलिङ्ग'मा गएर नागा मुन्धुम फलाकेर पूजा गर्छन् । अंगामीहरूको उत्पत्तिस्थान 'खोजाकेनोमा' गाउँ कोहिमामा सेतो ढुङ्गा छ, त्यसै ढुङ्गालाई उत्पत्तिस्थान मान्दछन् ।

(२१) आओहरूको उत्पत्तिस्थान 'लौखुम' गाउँ जिल्ला मुकुपचुङमा छ । त्यो ढुङ्गा ठीक योनिको आकारमा छ । म भन्छु जलहरीको आकार । कुनै बेला शिवलिङ्ग पनि थियो होला । यिनको थर चाङकिजा, पोङगेनेर, लङकुमेर, आयर, जामिर आदि हुन्छन् ।

(२२) लोथाहरूको जाति नुलि, इजुङ, ओमङ्, पेरोन, आदियो, यानथान इत्यादि छन् ।

नागाहरूमा पनि आपसीमा आफूलाई ठूलो र सानो मान्दछन् । यो हाराक्का नागा र अरू नागाहरूको व्यवहारबाट देखिन्छ । यीमध्ये 'पवित्र' नागा 'हाराक्का' नागा मानिन्छ । हाराक्का नागा उत्तर कछार जिल्ला 'झाकील आसाम', नागालैण्ड तथा मणिपुरका पश्चिम जिल्ला 'तामेङलोङ' आदिमा बस्छन् । अंगामीको बसोबास कोहिमामा नै धेरै छ । कोन्याक नागाको बसोबास 'मोहोन' मा छ । 'नागालैण्ड' जेमीनागाको उत्तर कछारमा बसोबासो छ । माओ नागाको सेनापति जिल्ला मणिपुरमा धेरै बसोबासो छ । यी नागाहरू आज पनि हिन्दू नै छन् । तर किरात भन्नु र हिन्दू भन्नचाहिं बिर्सेका छन् । परन्तु प्रायजसो सबैले नै टुप्पी राखेका छन् । महाभारतकालमा यिनीहरू उडुप्पि किरातकै सन्तान मानिन्थे । आज विकृत रूपमा भए पनि केही नागाहरूलाई छोडेर आफूलाई किरात भन्नु नजाने पनि हिन्दू नै छन् । तर नागाहरूले पनि आफूलाई नागा भन्नु रुचाउँदैनन् । नागा भन्नेबित्तिकै रिसाउनु थालेका छन् ।

* * *

कोचे कछारी

कछारी बोडो महाभारतकालिक भीमको सन्तान हो। यिनीहरूको मूल उपाश्य देव शिव-पार्वती हुन्। तर कालक्रमले यिनीहरू वैष्णव पनि भएका छन्। त्यसैले शङ्करदेवलाई पनि मान्दछन्। यिनीहरू अनादिकालदेखि हिन्दू-किरातक्षत्रिय हुन्। त्यसैले आज पनि बोडोहरू आफ्नो उत्पत्तिमा भीमको छोरो घटोत्कचको पनि छोरा कोचको सन्तान मान्दछन्। 'कोचे' भन्ने चलन पनि प्रसिद्ध छ। पछि गएर कोचेको अर्थ नै कछारी भयो भन्छन्। तर कछारमा धेरैजसो बसोबासो गर्नाले अथवा कछार ठाउँ या कोलाबाट आएको हुनाले कछारी नाम परेको हो। बोडो भने बुद्धलाई मान्ने भएको हुनाले बौद्ध भए। उच्चारण बिग्रँदा 'बोडो' भयो। त्यसै गर्दा 'बोडो' हुन पुगे। परन्तु यिनीहरू किरातक्षत्रिय हुन्।

यिनीहरूको 'थर' चाहिं नाराजारी, बरो, खाङखालावे, द्वैभारी, वसुमतारी, खुमरारोई, खाङखोरारोई, बाधोवाल, बाकलारोई, ब्रह्म, छोएपारी आदि छन्। यिनका शाखा उपशाखा पनि छन्।

यिनीहरूको भाषा र बोली पनि एक छ। देवता र पूजा आज पनि एक जस्तो हुन्छ। तर उत्तर-दक्षिण कछार र त्रिपुरातिर पुगेका कछारी बोडोहरूमा अलिकति उच्चारणको फरक पाइन्छ। यिनीहरूमा पनि गोत्र सिष्टम छ। त्यसैले 'वसुमतारी' गोत्र हो भन्छन्। पूजा गर्ने पुरोहितलाई यिनीहरू 'पाठेक' भन्दछन्। नमूनाको लागि कोचे किरातको शब्दकोष हेरिहाल्नुहोस्।

आमा=आई, पिता=आपा, हवा=वार, आगो=अत, दाजु=आदा, दाउरा=वन, सूर्य=खान, मान्छे=मानसाई, श्वान=श्वईमा, हात=हारवाई आदि छन्।

यद्यपि कोचे कछारीहरूको प्राचीन इतिहास र वंशावली पाण्डुपुत्र भीमसेनसँग जोडिएको देखिन्छ। त्रिपुराका प्रसिद्ध इतिहासकार चन्द्रसिंह तथा कालीप्रसन्न सेन दुवैले कोचे कछारीहरूको वंशावली दिएको छ।

उदाहरणको लागि तलको वाक्यलाई हेर्नुहोस्।
कछारी राजाहरूको वंशावली। पाण्डुपुत्र भीमको छोरा घटोत्कचको सन्तान।

(१) भीम
(२) घटोत्कच
(३) मेघवर्ण
(४) मेघबल
(५) ताम्रध्वज
(६) केतुध्वज
(७) विश्वकीर्तिध्वज

यसरी ११० राजाहरूमा अन्तिम कछारीराजा गोविन्दचन्द्र नारायण थिए। अंग्रेजको पालासम्म नै कछारी किरातराजाहरूले निर्बलै भए पनि शासन गरेकै थिए।

मूल कछारी

१—(१) बोडो कछारी (२) राभा कछारी (३) डिमाछा कछारी (४) हाजोङ कछारी (५) लालुङ कछारी (६) कोच कछारी इत्यादि छन्।

२—यिनीहरूभित्र पनि अलग-अलग उपजाति हुन्छन् । जस्तै—बोडो कछारीभित्र ब्रोह्मो, बुसुंमोसारी, डोइमारी, नारजारी, नारजी, हाजुवारी, हाकज्य, रामच्यारी, तुलसीमारी, पातगिरि इत्यादि हुन्छन् ।

३—यिनीहरूले महादेवलाई धेरै नै मान्छन् । सरस्वतीलाई र लक्ष्मीलाई पनि मान्छन् । काली दुर्गालाई कसैकसैले मान्दैनन् । बच्चा जन्मेको ७ दिनमा शुद्ध गर्ने चलन छ । शुद्ध गर्दा कुमार केटाको हातबाट शुद्ध जल ल्याएर, दीयो जलाएर अगरबत्ती अथवा धूप जलाएर शुद्ध गर्छन् । मर्दाचाहिं सबैभन्दा सानो या जेठो छोरा र अरू इष्टमित्र भएर चियानघारी या श्मसानमा लगेर गाड्ने जलाउने काम गर्छन् । त्यसपछि १३ दिनमा शुद्ध गर्छन् मरेको मान्छेलाई श्राद्ध दिने पनि गर्छन् । यिनीहरूमा अलिअलि मात्रै फरक हुन्छ । प्रायः मिल्दोजुल्दो नै देखिन्छ ।

४—वैशाखीलाई नयाँ साल भनेर विशेष त्यौहार मनाउँछन् ।

५—नाम—डण्डीराम बोडो, बलेन्द्र वागलारी, भोलाराम, नारजार, मङ्गलसिंह ब्रोह्मो, लक्खी हाजवारी इत्यादि ।

उपर्युक्त जातिहरूको बोलीचाहिं भिन्नभिन्न छन् । यिनीहरूमा 'ब्रोह्मो' सबैभन्दा ठूलो र पूजापाठ गर्छन् । कामको बेलामा जनै लाउने र अरू बेलामा उतारेर राख्छन् । टुप्पी पनि राख्थे ।

यसरी आसामका कछारी किरात अथवा कोचे किरात भारतको पूर्व प्रान्तमा व्यापक रूपले फैलिएका छन् । जसलाई आज आसाम भनिन्छ, त्यसको प्राचीन नाम 'प्राक्ज्योतिषपुर' थियो । आजभन्दा पाँच हजार अठ्ठासी वर्षपूर्व शक्तिशाली किरातसम्राट् भगदत्तको शासन थियो । यस प्रान्तमा पनि सबै जाति छन् । तर यहाँका आदिवासी मिरि, मिसिङ, ड्यौडी, मिक्री आदि छन् । यी जातिभित्र पनि अनेक उपजाति छन् ।

(१) **मिरी (मिसिङ) जाति** निकै छरपस्ट भए पनि आसामको शिवसागर जिल्लामा विशेष बसोबासो गरेको पाइन्छ ।

(२) **बोडो जाति**भित्र पर्ने कोचे, मेचे र राजवंशी हुन् । यी जातिलाई 'ड्यौडी' भनिन्छ । यिनीहरूको वर्तमान प्रमुख स्थान जिल्ला 'ग्वालपाडा' हो । यी पनि अलिअलि छरपस्टिएका छन् ।

(३) **कछारी जाति** उत्तर कछारको जिल्ला 'डीफु'मा धेरैजसो बसोबासो गरेका देखिन्छन् । यी सबै किरात हिन्दू-आर्य नै हुन् । तर यिनमा पनि ईसाई पसेर बिथोलिएका छन् । यिनीहरूको प्राचीन परम्परानुसार 'राभा' जातिलाई धर्मगुरु मान्दछन् । मूलतः यिनीहरू वैष्णव हुन् ।

(४) **मिक्री**हरू रङ्गिया, रङ्गपाडा, डीफु, हाप्लोङ्ग, शिवसागर जिल्लाको आमगुडी आदिमा छरिएर बसेका छन् । यस जातिमा पनि 'मिशन' पसेर बिथोल्दैछ ।

यसरी तप्तकुण्डदेखि आरम्भ भएर रामक्षेत्र अर्थात् परशुरामकुण्डको अन्तिम छेउ बर्मा–कोचिनसम्म फैलिएका किरातहरूलाई ईसाईहरूले किनेर भेडाबाख्रा बनाए पनि कैयौं किरातक्षत्रियहरू आफ्नै आर्यहिन्दू-परम्परामै बसेका छन् । यद्यपि शुद्ध वैदिक परम्पराबाट केही न केही विकृत भएको देखिन्छ, तथापि शुद्ध हिन्दू-परम्परालाई छोड्न सकेका छैनन्, किनभने मूल रूपमा यिनीहरू हिन्दू नै हुन् । भूलमा पाश्चात्यहरूले यी किरातहरूलाई मङ्गोल भनेर लेखेका छन् ।

*

मिजो 'वेते' किरात-संस्कृति

मिजो 'वेते' किरात मिजोरमबाटै आएका हुन् । यी सबैभन्दा पहिले (किरातक्षत्रिय) हिन्दू नै थिए ।

(१) परापूर्वमा सूर्य र नागदेवताका पूजा गर्दथिए ।

(२) त्यसपछि खेती लगाउँदा वनदेवताको पूजा गर्दथिए ।

(३) आमाबाबुको रायले विवाह हुन्छ । आभूषणको रूपमा केवल केटाले औंठी मात्रै दिन्छ । छोरा-छोरी जन्मँदा सात दिनसम्म कसैले छुँदैन र बाहिर पनि निर्क्लिदिन । खाना लोग्नेले दिन्छ । सात दिनपछि नानीको नौरान गर्छन् । टुप्पी पनि राख्छन् ।

(४) मुर्दालाई गाड्ने र जलाउने चलन छ । मलामीलाई पूजाको तुलसीपानीले छड्केर शुद्ध गर्ने चलन पनि थियो । एक सालसम्म श्राद्ध गर्दै रहन्छन् । तर दिनैपिछे पानी दिन्छन् । स्वर्ग मिलोस् भनेर पूजा पनि गर्छन् ।

(५) यस बेला 'वेते'हरूको थर नामपुई (ब्राह्मण जस्तै), दार्नेई (जैसी), नाङ्गलाई (क्षत्रिय जस्तै), थेऐते (वैश्य जस्तै), ङिसिम (शूद्र जस्तै) मानेका छन्[1] । उपजाति धेरै छन् ।

(६) मिजोहरूले पनि शिव र सूर्यको पूजा गर्थे । मिजोरम चिम्फाई वेते गाउँमा ऐले पनि नागस्थान[2] र सूर्यको स्थान छ । मन्दिर बनाउँदैनन् । केवल नमस्कार र खाना चढाउँछन् । यी नाग, सूर्य, अग्नि आदिलाई र कोइलीलाई पनि मान्दछन् ।

(७) प्रायः जनवरीदेखि जङ्गल फाँड्ने कामभन्दा तीन दिनपूर्वसम्म उत्सव गर्छन् । नाच गर्छन् । वनदेवताको पूजा गर्छन् । 'लैवात'को पूजा गर्छन् । सबै मिलेर गर्छन् । यसै प्रकारले तीन दिनसम्म र पछि पनि उत्सव मनाउँछन् । 'लेवाङ' पूजाचाहिं इन्द्रदेवको पूजा हुन्छ । यी पूजाहरूमा अरूलाई आउनु दिंदैनन् । 'वेते' नामको जगा मिजोरम चम्फाइमा छ । वेतेहरूको राजाको[3] खानदान राजा ऐले पनि उत्तर कछार जदाईगाउँमा बस्छन् । राजा ऐले पनि हिन्दू नै छन् । कालिम वेतेका राजा ,कवोर मन्त्री थिए ।

मिजोरम पनि तीनै जिल्लामा छ । आइजल, लुङले आदि । यीमध्ये आइजल राजधानी हो ।

दुर्गावाडी मिजोरमभित्र पर्छ । मोनीयाखालबाट सोनाई नदीबाट नाउँमा जानुपर्छ । त्यहाँ दुर्गाको मूर्ति हजारौं वर्ष पुरानो छ ।

(१) मिजोरममा तीन जिल्ला कौंसिल छन् । लाखेर डिष्ट्रिक कौंसिल साहिट्टा हेडक्वाटर, चिमथुइ पुई डिष्ट्रिकमा लाखौंको आवादी छ । यिनीहरूले आफूलाई मिजो मान्दैनन् । करले मात्रै मान्ने गरेका छन् । मिजोहरूमा सबैभन्दा वेतेको अलग भाषा छ ।

---

[1] यो ठीक हिन्दूहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र जातिको परिकल्पना भइसकेपछि वेतेहरूले पनि परिकल्पना गरेका होलान् । नभए वेतेकिरातक्षत्रियहरूमा यो अनावश्यक चार वर्णको नकलको रूपमा विभाजन नहुनुपर्ने हो ।

[2] यी वेते पनि नागपूजक नागवंशीय नै देखिन्छन् ।

[3] पहिलेको नाम चौङ रियाना नामपुई, ग्राम फ्याङपुई हापलोङ (उ० कछार)-बाट लिएको हो । अन्तरवार्ता १९।७।१९८८ मा लिएको हो ।

(२) पश्चिम डिष्ट्रिक कौंसिल लङतलाई सबको हेडक्वाटरमा पावईहरू यहाँ धेरै बस्छन् । पावैले पनि आफूलाई मिजो मान्दैनन् । तर करले मिजो मान्ने गरेका छन् ।

(३) चाकमा डेमागिरि सब-डिविजन छ । देमागिरि (द्रोणगिरि)-को नाम बदलिएको छ । 'तलावङ' नामले पुकार्ने गरेको छ । लुसाई जातिले मात्रै मिजो भन्ने गरेका छन् । यिनको संख्या धेरै भएको हुनाले डराउने गरेका छन् ।

यिनीहरूको जाति रालते, पाईते, डार्लोङ, हमार (ब्रह्मा), वैह्ये आदि हुन् । यिनीहरूले आफूलाई मिजो मान्दछन् ।

(४) कुकीहरूमा पनि लुसाई कुकी, हौकिप कुकी, थौडिप कुकी छन् । लुसाईलाई छोडेर दुइले आफूलाई कुकी मान्छन् ।

'मिजोरम'को अर्थ मिजो भाषामा मि = मान्छे, जो = राष्ट्रिय, रम = माने देश हुन् । 'भाइ' शब्दको मिजो भाषामा 'विदेश' आदि अर्थ हुन्छ । 'कान' शब्दको अर्थ 'आफ्नो' हुन्छ ।

यसरी परापूर्वकालमा मिजोलुसाईहरू हिन्दू-आर्यक्षत्रिय किरातै भए पनि उनीहरूमा पनि नेपालको किरातहरूको जस्तै फुट परेको देखिन्छ । यो उनीहरूको अज्ञानावस्थामा ईसाई मिशनहरूको फुट पार्ने कुटील नीतिको शिकार भएको मात्रै हो । अब स्वयं पढेका लेखेका बुद्धिजीवी मिजोहरूमा आफ्नै इतिहासको चासो भएको बुझिन्छ । किनभने 'हाम्रो आफ्नो चैं के छ ?' भन्ने जिज्ञासामा पुगिसकेका छन् । यद्यपि आजको मिजोरममा डेमागिरिलाई छोडेर ९० प्रतिशत जानीनजानी आफूलाई ईसाई घोषणा गर्ने मात्रै छन् । र ईसाई नै भए पनि आफ्नो पुरानो किरात कल्चरलाई छोडेका छैनन् । तर इतिहासज्ञानको अभावले आफूलाई 'किरातक्षत्रिय हौं' भन्न बिर्सेका छन् । 'Monolith and Landmarks of Mizoram' ग्रन्थमा चटर्जीले प्राचीनकालमा मान्ने गरेका मिजोहरूको केही देवता र ढुङ्गाहरूको पनि उल्लेख गरेको छ । तर मिजोहरूले ईसाई भएपछि मान्न छोडेका छन् । केही मिजोहरूले आफ्नो प्राचीन इतिहासको चर्चा पनि गर्न चाहँदैनन् । तर 'माङ खइय लुङ' (Mang Khaia Lung) पृष्ठ ९ देखि लिएर 'शिवुता लुङ' (Sibuta Lung) २४ देखि 'लुङ मिलेम' (Lung Milem) पृष्ठ ३५-३६ आदिका प्रमाणले प्रष्ट बुझिन्छ कि आजका मिजोहरू हिन्दू = आर्य-किरातक्षत्रिय नै हुन् । यद्यपि ईसाईमतमा लागेपछि हिन्दूहरूले हिन्दूहरूको खेदो गर्ने गरेका छन् । अब मन्दिर र मूर्तिहरूलाई तोड्ने फोड्ने गरेका छन् । हजारौं लाखौं वर्षदेखि दुर्गा र शिवको मूर्ति पुज्दै आएका मिजो किरातहरू आज आफ्नो धर्म र अस्तित्वलाई छोड्नाले अस्तित्वहीन भएका छन् भने केही मिजोहरू फेरि आफ्नो पूर्व चेतनामा फिर्न थालेको पनि देखिंदैछ । यसरी नै 'The Lushai Expendition' भन्ने ग्रन्थको ३३७ पृष्ठको ग्रन्थमा लुसाई मिजोहरूलाई परापूर्वकालदेखि नै 'अहिन्दू' घोषणा गर्ने चेष्टा गरेका छन् । तर यस षडयन्त्रलाई मिजोहरूले एक दिन अवश्य नै बुझ्नेछन् । फेरि आफ्नै हिन्दूत्वमा गौरव मान्नेछन् ।

⁂

मणिपुरे किरात-साहित्य

(१) आज केही राजनैतिक स्वार्थ अथवा हावामा बग्नाले मणिपुरेहरूमा पनि फुट देखिन्छ। त्यसो हुँदा 'हामी हिन्दू होइनौं। हामी त मैतेई हौं। हामी 'सनामही' हौं' भन्छन्। तीन सय वर्षपूर्व गोसाई शान्तिदास अधिकारीले बङ्गालबाट आएर हामीलाई हिन्दू बनाएको हो भन्छन्। तर विचाराहरूले आफ्नो इतिहास नबुझेर हावामा लागेर बोलेका मात्र हुन्। सहीमानेमा पुरातत्त्व र प्राचीन इतिहासलाई अध्ययन गर्दा मणिपुरमा आजभन्दा पाँच हजार अठासी वर्षपूर्व पनि शुद्ध हिन्दू-आर्य नै थिए। त्यसै भएको हुनाले त अर्जुन जस्ता वीर पराक्रमी पुरुषले (१) मणिपुरको राजा चित्राङ्गदको छोरी चित्राङ्गदालाई विवाह गरेका थिए। यो इतिहास सत्य छ। दोस्रो प्रमाण मणिपुरमा (२) हजारौं वर्षदेखि कामाक्ष्यादेवीको पूजा गरिराखेका छन्। यस्तै लाखौं वर्षदेखि कब्रुलेखा महादेव, वारुणीमहादेव, मारामको गुफामा भएको महादेव आदि अनेक देवीदेवता र चाडबाड मानेर आइराखेका छन्। अग्निपूजा, सूर्यपूजा आदि संस्कृति जस्ताको तस्तै छन्। (३) तेस्रो प्रमाणको रूपमा प्राचीन मणिपुरे साहित्यलाई राख्न सकिन्छ। मणिपुरे हस्तलिखित साहित्यहरूमा ईसा पू० प्रथम शताब्दीमा लेखिएको 'नुमिक कापा' अर्थात् 'सूर्यवेध' ग्रन्थ महत्त्वपूर्ण छ। 'नुमिक कापा' प्राचीन मणिपुरे भाषामा लेखिएको छ। तथा लिपि पनि बङ्गाली लिपिभन्दा निक्कै नै भिन्न देखिन्छ। 'नुमिक कापा' मा सूर्य-भेदनको इतिहास छ। यहाँ विशेष ध्यान दिने कुरा के छ भने मणिपुरमा कुष्ट (कोड) रोग नहोस्, हृदयरोग नहोस् भनेर आज पनि यो आख्यायिका भन्ने गरेका छन्। यो आख्यायिका ऋग्वेदको सूर्य-प्रार्थनासँग मिल्छ। यसरी कथावस्तुको मिलन हुनु अहिन्दू होइन अपितु हिन्दू नै हो, उक्त ग्रन्थको कथामा र जब सूर्य पृथिवीमा धस्यो, त्यस बेला पृथ्वीदेखि माथि निकाल्नुको लागि अक्षता र कुखुराको फुल पूजाको सामग्रीमा राखेका थिए।[१] कथानकमा मानिएको छ कि दुइटा सूर्य थिए, उनका नोकर ख्वाई नुङजेङ बम पिवा थिए।

(२) 'पन्थोई वी खोङ गुल' भन्ने ग्रन्थ छ। यस ग्रन्थको लेखक 'अटोम बोई' हो भन्छन्। परन्तु ग्रन्थको पुरानो नाम 'पान्थोई पि खोङ कुल' हो भन्छन्। यो ग्रन्थ प्राचीन मणिपुरे लिपिमा लेखिएको छ। भाषा पनि प्राचीन मणिपुरी नै छ। यो ग्रन्थ 'आठ' शताब्दीमा लेखिएको छ। यसमा कथावस्तु विचित्र छ। 'नोङ पोकनि इन्थौ' नायक र 'पान्थोई वी' लाई नायिका देखाइएको छ। किन्तु वर्णन शिव र पार्वतीको भएको छ। 'तिमेल तारौङ सुवा' त्रिशूल हो। त्यसलाई राजाले पक्डेको छ। 'पान्थोई वी' को 'पाम्व कैरेल तोङ वी' अर्थात् व्याघ्रवाहिनी भनेको छ। यो निश्चित छ कि राजालाई शिवर र रानीलाई दुर्गा या पार्वती मानेको छ। यस्तै मैतेईहरूको अरू पनि आफ्नै नामको देवीदेवता छन्। तर नाममा मात्रै अन्तर छ। सबै हिन्दू-आर्य देवीदेवता नै मुख्य रूपमा छन्। परन्तु दुर्भाग्यले मैतेईहरू हिन्दू नै भएर पनि 'हिन्दू होइनौं' भन्छन्। मणिपुरे राजवंशावलीमा यसलाई मिताई राजा वंशावली पनि भन्ने गरेका छन्। मणिपुरे भाषामा राजालाई 'पाखङ्वा' भन्ने गरेका छन्। (१) पाखोङ वा। (२) खोई। (३) तङ्वीमङ। (४) क्वेनिङ गोल्वेवा। (५) आदि नरसिंहको वंशधर राजा चूडाचन्द्र ६२ औं राजा भए। परन्तु यो वंशावली अंग्रेजहरूले गडबडी पार्न थालेपछिको हो। ऐले पाइएको वंशावलीमा ईसाईहरूको हात परेको छ। अतएव

---

[१] यो अन्तरवार्ता Biswa Hindu Parisad, Manipur, General Secretary Nil Bir Shastry बाट लिएको हो।

अर्जुन र बभ्रुवानको सन्तानले 'आज हामी अलगै हौं' भनेर विरोध गर्दैछन् । वस्तुतः बभ्रुवानकै सन्तान हुन् मणिपुरेहरू ।

यसरी मणिपुरे किरात पहाड र मैदान दुवै भेगमा बसेका छन् । साथै यिनीहरू किरातै हुन् । इतिहास विर्सेपछि आफ्नो संस्कृति र सभ्यतालाई नेपालका किरातहरूले आफूलाई हीन माने जस्तै मणिपुरे केही किरातहरूले पनि आफूलाई अहिन्दू नै मान्दैछन् । तर उनीहरूको इतिहास र संस्कृतिले भने उनीहरूलाई किरातक्षत्रिय नै वताउँछन् ।

यहाँ भू० पू० राजकुमार, पद्मभूषण, प्रो०[1] श्री मीनकेतन सिंहको अन्तरवार्ता दुइ शब्दमा भए पनि दिइँदै छ । उहाँको अनुसार मणिपुर प्राचीनकालमा किरातदेशभित्र पर्थ्यो । श्वेत-किरात तथा कृष्ण-किरात भेदले किरातहरू दुइ प्रकारका हुन्छन् । किरातहरूलाई आजभोलि मंगोलियन भन्छन् । मंगोलिया शब्द अत्याधुनिक हो र पाश्चात्यहरूको अनुकरण मात्र हो । किरातहरूलाई मंगोल भन्नु साँचो इतिहास होइन । झूठो इतिहास हो । कृष्ण-किरातभित्र आष्ट्रिक, निग्रोटो, ड्राविड् आदि छन् । मणिपुरी आदि कृष्ण-किरातमा पर्छन् । अरू श्वेत-किरातमा पर्छन् । मंगोल शब्दलाई छोडेर अरू सबै इतिहास प्राचीन ग्रन्थ-हरूमा पाइन्छ । मणिपुरे किरातहरूले अनादिकालदेखि शिवको उपासना गर्दै आइरहेका छन् । मणिपुरे भाषामा शिवलाई 'कुरू' भन्छन्, जो 'गुरु' शब्दको अपभ्रंश मात्रै हो । उमा (पार्वती)-लाई आज पनि मणिपुरे भाषामा 'उमा' नै भन्छन् । मणिपुरमा नौवटा पहाड छन् । यी पहाडहरू नौवटा मणिका तरह अथवा नौवटा शिवलिङ्गको तरह रहेका छन् । मणिपुरीहरूले तीनवटा गुरुहरूको पूजा गर्छन् । शिवपूजा, गुरुपूजा आदि शुद्ध वैदिक हिन्दू-संस्कृति हो । ईसाभन्दा दुइ सय वर्षपूर्व खगराज, अमुराज (जीमुत-राज), एकराज यी तीन राजा मणिपुरमा थिए । यिनै 'मङाङ्' 'महादेव' वंशबाट मैतेई निक्लेका हुन्, जो आज मैतेईहरूले आफूलाई हिन्दू हैनौं भन्दैछन् । हामी त मैतेई हौं भन्छन् । तर महादेवबाट नै मैतेई भएको इतिहास स्पष्ट छ । मणिपुरमा लैमरेहरूले पनि मातृ-उपासना गर्छन् । सनामई=सनातनीहरूले सूर्यको उपासना गर्छन् । यिनैलाई 'सदवा' पनि भन्छन् । वस्तुतः 'सदवा' र 'सनामयी' 'सनातनी'को अपभ्रंश शब्द मात्रै हो ।

यसरी मणिपुरको पहाडी भाग र मैदानी भाग गरी उखरोल, चान्देल, थ्ववाल, इम्फाल, विष्णुपुर, चुराचन, तमेङलुङ र सेनापति गरी यी आठ जिल्लाहरूमा मणिपुरी, नागा, कुकी, नेपाली, मारवाडी, बिहारी, पंजावी रहन्छन् । यीमध्ये मारवाडी, बिहारी, पंजाबीलाई छोडेर नेपालीहरूमा पनि धेरैंजसो किरातहरू नै रहन्छन् । कुकीहरू बर्माको कच्चिन पहाडबाट आएका हुन् । यी कुकीहरूका उपजातिमा खादो, वाईफेई, किवजेन आदि अनेक छन् । इम्फालदेखि 'वेहाङ्' १३० किलोमीटर पर्छ । त्यहाँदेखि उता बर्माभित्र हिदेमरोड पर्छ । हिदेमरोडदेखि उता 'कच्चिन' भनिन्छ । कुकीहरू त्यहींका मूल निवासी हुन् । 'कच्चिन' देखि उता दक्षिण-पश्चिम बर्माभित्र 'आराकान पर्वतीय क्षेत्र' पर्छ । आराकानभित्र योमा, पुत्रेयोमा, कच्चेनयोमा आदि नाम गरेका पहाडी क्षेत्र छन् । यी सबै कच्चिन र आराकान क्षेत्रमा प्राचीन-कालदेखि अहिलेसम्म किरातहरू नै बसोबास गरिराखेका छन् ।

---

[1] भू० पू० प्रो० राजकुमार पद्मभूषण, मीनकेतन सिंहजी, मणिपुर वि० विद्यालय इम्फाल । मीनकेतन सिंहजी मणिपुर राज्यका वि० हि० प० का अध्यक्ष पनि हुनुहुन्छ । प्राचीन मणिपुरकै इतिहासको सम्बन्धमा उहाँ एउटा शब्दकोष नै हुनुहुन्छ । लेखकसँगको भेटवार्ता अत्यन्त महत्त्वपूर्ण छ । निकट भविष्यमा दिइनेछ ।

यसरी नै मणिपुरे किरातहरूको आफ्नो संस्कृतिको नाच पनि हुन्छ, जसलाई 'या बोल चोङवा' भन्दछन् । यो नाचको नाम हो 'जुनेली रातको नाच' । यस नाचमा विवाह नभएका केटा र केटीहरू हातेमालो गरेर नाच्छन् । यस नाचको आयोजन चन्दा मागेर केटीहरूले नै गर्छन् । त्यसको आयोजनामा केटाहरूले भाग लिन्छन् । यो नाच होलिका (फागू) पूर्णिमादेखि थालेर होलिका सक्नुभन्दा केही दिनपछि सकिन्छ । यस नाचमा मक्ख परेको वैंशोले मात्तिएका युवति र युवकहरूमात्रै सामिल हुन्छन् । कतै एउटी सुन्दरी युवतिमा तीन-चारजना युवकहरूको मनपराइ भयो भने खुब कुटामारी पनि हुन्छ । तर यो नाच प्राचीन हिन्दूपद्धतिमा छ । त्यसै भएको हुनाले यसलाई हिन्दू-आर्यपद्धतिको एक उत्तम गान्धर्व-विवाहपद्धति भन्न सकिन्छ । मैतेईहरूको धेरैजसो जो कार्यक्रम छ, ती सबै शुद्ध आर्य-हिन्दूपद्धतिकै छन् ।

मणिपुरे किरातहरूले राजनीतिको स्वार्थ र ईसाईकरणको झोंकमा 'हामी हिन्दू होइनौं' भने पनि उनीहरूले, हिन्दूत्वस्वरूप जो क्रियाकलाप छ, त्यसलाई छोड्नु सकेका छैनन् र छोड्न सक्ने पनि छैनन् । एक छिनको लागि ईसाई नै भएर आफ्नो समाजदेखि अलग भए भने पनि आफ्नो जन्मजन्मान्तरको संस्कारलाई भुलेर अथवा बिर्सेर नयाँ संस्कार आफूमाथि थोप्नु निकै महँगो कुरा हो । त्यसैले त मणिपुर, नागालैण्ड आदिमा जो नागा ईसाई भएका छन्, ती नागाहरूले आफूलाई बाहिरबाट देखावटी ईसाई हौं भने पनि भित्रबाट 'आङ्गामी, माओ, लोथा, सेमा, जेमी' आदि भन्नु नै मन पराउँछन् । केवल यति मात्रै होइन; हप्तामा एकबार गिर्जाघरमा गए पनि अरू बेला समग्र क्रियाकलाप उही पुरानो गरिराखेका हुन्छन् । त्यसैले मणिपुरमा पनि समग्र किरातहरूमध्ये केही ईसाई भए पनि केही हिन्दू नै छन् । ईसाईहरूले हिन्दूहरूलाई समाप्त गर्ने षडयन्त्र भने गरिराखेकै छन् । तथापि हिन्दूकिरातहरू पनि धेरै सचेत र सावधान भइसकेका छन् ।

✱

खसिया किरात

(१) खसिया किरातहरूले एउटै परमात्मालाई मान्दछन्। मरेका पितृहरूलाई पनि मान्दछन्। बिहा गर्दा जयन्तियाको समान नै बेउलीले बेउलाको घरमा गएर बस्ने चलन छ। सन्तान भएपछि पनि जयन्तियाहरू जस्तै आमापट्टिकै थर राख्ने चलन छ।

जाति—नोङ्क्रेन, लाङ्ड, खर्सिएन, सोवयन इत्यादि धेरै छन्। खसिया पहाड (शिलाङ) एरियामा धेरै बसेका छन्। यिनले पनि मर्दा जलाउँछन्। खसिया नाच चैत महिनामा नाच्छन्। खसियाहरूमा 'नोङ्क्रेन' मात्रैले आफ्नो खसिया नाच र वार-तिहार मनाउने गर्छन्। अरू सबै क्रिश्चियन भएका छन्। यसै नोङ्क्रेन राजालाई क्रिश्चियन बनाउन सकेन। ऐलेसम्म खसिया हिन्दू नै छन्। परन्तु यिनीहरूले गोरु पनि खान्छन्। खसियाहरूले मूर्तिपूजा गर्छन्। यिनीहरूको नाच नै त्यौहार हो। नाच नाच्दा भित्रको घेरामा आइमेई, तरुणी केटी, किशोरी या १० वर्षकी भेला भएर अनेक प्रकारका महँगा लुगा, शिरमा सुन र चाँदीको मुकुट, गलामा ठूला-ठूला मुगाको मालाको बीचबीचमा सुनको लडी अथवा पित्तलको लडी लगाएर नाच्ने गर्छन्। बाहिरको घेरामा लोग्नेमान्छे, तन्देरी केटा, किशोर तथा ८ या १० वर्षकाहरू मिलेर अमूल्य लुगा, मुकुट, सुनको माला, धोती, आसकोट, फेटा गुँटेर पछाडिपट्टि बाणको ठोक्रा र वाण झुण्डाएर धनेसको प्वाँख शिरको मुकुटमा सजाएर नाच्छन्। कसैकसैले कान छेडेर राखेको हुन्छ र आभूषण सजाएर नाचेको देखियो। खसियाहरूको यो नाच आफ्नै प्रकारको संस्कृति हो। तथा आर्य-हिन्दू-संस्कृतिको एक पूर्ण अंग हो। यसलाई हामी आर्य-हिन्दूसंस्कृति नै भन्छौं।

(२) खसियाहरूले साँप अर्थात् नागपूजा[1] गर्छन्। एक राजाको किलाको प्रत्येक इलाकामा नागको मन्दिर जस्तो स्थापना गरेर राखेको हुन्छ। पहिले मान्छेको भोग दिन्थे भने आजभोलि केवल मान्छेको जिब्रो र कुनै अंग काटेर चढाउँछन् अरे भनिन्छ। आज पनि 'नोङटोन्' जिल्ला आदिमा आंशिक रूपमा यो चलन पाइन्छ। खसियाहरूमा अनेक जाति छन्। तीमध्ये 'लगम' जातिको पितृलाई अवश्य मान्छेको शिर चढाउँछन् अरे। मान्यतानुसार नागदेवताको पूजा नगरे गाउँमा असुविधा हुन्छ र काने, खोरोण्डे आदि मान्छे जन्मन्छन्।

क्रिश्चियन हुनुभन्दा पूर्व खसियाकिरातहरूले पनि टुप्पी राख्थे। मेखला आइमेईहरूले लाउने चलन छ। वाद्यमा सहनाई र दमाह आदि बजाउँछन्। परन्तु खसियाभन्दा जयन्तियाहरू धेरै उन्नत थिए। खसिया नाचमा सहनाई र दमाह बजाएर 'तीन' दिन या 'सात' दिनसम्म नाच्ने गर्दछन्। शिरमा पगडी बाँधेर धोती लगाएर काँधमा धनुष वाण भिरेर पाइलाको चालले नाच्छन्। नानी जन्मँदा छोरालाई धनुष-

---

[1] यो नागपूजा विशेष गरेर गढवाल र कुमाउ राज्यमा किरातहरूको संस्कृतिको रूपमा प्रचलित थियो। यही संस्कृति कालगतिले सर्दै लर्खरिँदै जाँदा आजको जयन्तिया पहाडसम्म पुग्यो कि अथवा गढवाल कुमाउदेखि नागवंशी किरातहरू जयन्तिया पहाडसम्म पुग्दा 'खसिया' र 'जयन्तिया' भएका हुन् ? यो अनुसन्धानकै विषय भए पनि जयन्तियाहरूमा नागपूजक छन्।

बाण हातमा लगेर राखिदिन्छन्, मान्छे मरेपछि 'एक साल' सम्म बार्ने गर्छन् । अन्तिममा श्राद्ध जस्तै एउटा कर्म गर्छन् । क्रिश्चियन भए पनि पुरानो[1] नियम पालन गरेकै छन् ।

खसियाहरूको नाम—महामसिंह, जीवन राय, तिरोतसिंह, एवेनसिंह, पैलसिंह, सेन्दरसिंह, जीवन सिंह, रेलेम रानी, ब्लेण्डिग राय, कर्पसिंह इत्यादि हिन्दूनाम छन् । अबचाहिं केहीले ईसाई नाम र केहीले आफ्नै गुप्त नाम राख्न थालेका छन् ।

मेघालयमा पनि सबै जाति पहिलेदेखि नै बसोबास गर्दै आइराखेका छन् । तर गारो, खासी, जयन्तिया आदिलाई विशेष यहाँका आदिवासी मानिन्छ ।

(३) **गारो जाति**—वस्तुतः 'गारो' नाम नै गारो जिल्लाको बोधक भएको देखिन्छ । विशेष गारोहरूको बसोबास गारो जिल्लामा छ । यस जातिभित्र अनेक जाति छन् । गारोहिलको सदरमुकाम 'तुरु' भएको छ ।

(४) **खासी जाती**—यो जाति मूल रूपमा शिलाङमा बस्दछ । यिनीहरूको उपजातिमा सियम, लिङडो, नंक्रेय आदि छन् ।

(५) **जयन्तिया**—यो जाति जयन्तिया जिल्लामा धेरैजसो बस्छ । यसको सदरमुकाम अर्थात् हेड-
क्वाटर 'ज्वाई' हो । ज्वाईदेखि ३ मील पर संसारमा सबैभन्दा धेरै पानी पर्ने ठाउँ 'चेरापुंजी छ । मेघा-
लयमा केवल ३ जिल्ला मात्रै छन् । तर 'मिशन' यसमा पनि बिथोल्नु पुगेकै छ ।

परन्तु आज खासीहरू जहाँ छन्, उनीहरूलाई वहाँका हुन् भन्ने इतिहास भने पाइँदैन । पाश्चात्य
इतिहासकारहरूको संस्कारले गर्दा यो इतिहास पनि बिथोलिएको छ । खासीहरू 'किरात' नभएर 'आष्ट्रिक'[2]
हो भन्ने इतिहास तैयार पारेका छन् । तर अध्ययन गर्दै जाँदा खासीहरू किरात हुन् । खासीहरूले 'आष्ट्रिक'
भाषा बोल्ने कुरा सरासर झूठो हो । आजका खासीहरू किरातपरिवारका भाषा बोल्दछन् । अर्को इति-
हासकारले[3] इण्डो यूरोपियन भाषा खसियाहरूले बोल्छन् भनेर लेखेका छन् । असलमा दुवै इतिहासकार
ऐलेसम्म तथ्यमा पुग्नु सकेका छैनन् । परन्तु खासीहरू आज जे भए पनि किरातक्षत्रियहरूमध्येकै हुन् र
किरातै हुन् । यसमा सन्देह गर्ने अवसर छैन । अर्को एक राम्रै सुलझेको इतिहासकारले पनि खासीहरूको

यो संस्कृति शुद्ध हिन्दू-आर्यसंस्कृति
१. उपर्युक्त क्रियाकलाप पूर्व नेपालको राई, लिम्बूकिरातहरूभन्दा फराक छैन । यो संस्कृति शुद्ध हिन्दू-आर्यसंस्कृति
हो । जयन्तिया खसियाहरूले क्रिश्चियन भएर हप्तामा एकबार गिर्जाघरमा गए पनि उपर्युक्त आफ्ना नियमलाई
पालन गर्नुको अर्थ हो आफ्नो हिन्दूत्वलाई छोड्न सकेका छैनन् । मात्र परिस्थितिवश ईसाई बनेका छन् ।

२. The Khasis used to speak an Austric language. They belong to the Austric family of Monkhamer branch like Nicobar.

Some are of the opinion that the Khasis and the Jaintias are the first Mongolians who migrated to India.

(The Tribes of Meghalaya, P. 69)

३. But originaly they were pre-dominatly Mongoloid.....they speak a Monkhamer language.... from Indo-European language.

(The Origin and Early Histry of The Khasis Synleng People, P. 1)

भाषा 'तिव्बतो[1] बर्मीज' भनेर लेखेको छ। यो पनि वास्तविक इतिहास होइन। परन्तु 'इण्डो आर्यन ग्रुप' सम्म चाहिं अवश्य पुगेको छ। लेख्नुपर्ने हो 'आर्य-किरातक्षत्रिय'। यस प्रकार प्रसिद्ध अरू लेखकहरूले[2] पनि खासी गारोहरूको इतिहास र भाषाविज्ञानमाथि अन्याय गरेका छन्। खासी तथा जयन्तियालाई मङ्गोलियन[3] रगतका भनेका छन् तर मूल किरातै हो। यद्यपि खासी, जयन्तिया, गारो किरातहरूको बारेमा लेखिएका ग्रन्थ बजारमा निकै देखिन्छन्, निकै खोज्ने प्रयास पनि गरेको देखिन्छ तर भाषा अंग्रेजी छ र ईसाईहरूको प्रधान काम हुनाले त्यो इतिहास ईसाईकरण गरेर लेखिएको छ। केही केही खासी, जयन्तिया आदिले अंग्रेजी जानेका छन् भन्दैमा सर्वसाधारण जनताले अंग्रेजी जानेका हुँदैनन्। केही 'अंग्रेजी जान्ने हुँ' भन्नेहरू पनि 'हामी हिन्दू हौं कि होइनौं ?' भन्ने अन्योलमा परेका छन्। तर शुद्ध हिन्दू-आर्यकिरात क्षत्रिय हुन्।

---

१. Linguistically speaking, the Khasis stand out 'Asam' island amidet a sea of alien people, whose languages belong chiefly to the **Tibeto Burman or Indo-Aryan groups.**
(The Origin and Early History of Khasis, P. 50-55)

२. (A) Linguistic Survey of India, vol. II, P. 1
(B) Kirata Janakriti.........P. 85, Chatargi

३. Though they have Mongoloid blood,
(The Origin and Early History of Khasi, P. 77-78)
(A) History and Culture of the Khasi people, P. 16, (Dr. H. Baher)
(B) The Khasi, P. 11, (R. P. T. Gurdon, Delhi)

जयन्तिया किरातजातिको संस्कृति

(१) जयन्तिया[1] जातिको संस्कृतिमा उल्वाई (रेविरेक) भगवान् मान्दछन् । निराकाररूप मान्छन् । व्यापक छ ।

(२) टुप्पी राख्छन् । थलाङ्द=पुजारीले फागुनको अन्तमा खेतीको देवताको पूजा गर्छ । चैते दशैं मनसुदत्त जुलाई महिनामा वेडि ख्याम=कुनै नराम्रो भूत पिशाचलाई धपाउने क्रममा पूजा हुन्छ । दुर्गा पूजा मान्दछन् । पूराका पूरा हिन्दू छन् । उनीहरूको थर—सुलाई, पर्वत, लालु, परियर, रिटन इत्यादि छन् । कन्धनी लाउने चलन छ । गाई खाँदैनन् । विष्णु, शिव आदिका पूजा पनि गर्छन् । बिहावारी गर्दा एक थरमा गर्दैनन् । केटाले केटी माग्नु आउँछ । विवाह भएपछि केटा केटीको घरमा जान्छ र सन्तान भएपछि आमाको थरबाट थर राख्ने चलन छ । आइमाईको बिहा भएको कहीं चिह्न हुँदैन । मरेको पितृ मान्ने चलन छ । पितृलाई भात आदिदेखि तमाखु आदि सबै चढाउँछन् । तर नून चढाउँदैनन् । पितृलाई चढाएपछि प्रसादरूपमा खाँदछन् । दाजुले पूजा गर्दा भात आदि कान्छी आमा या कान्छी बैनीले दिन्छ ।

(३) पूजा गर्ने मन्दिरमा चाहिं नियमपालन गर्ने कान्छी आमा या कान्छी बैनीले र जेठा दाजुले मात्रै पस्नु पाउँछ । जति जुन थरका मान्छे हुन्छन्, त्यसको त्यो जग्गामा त्यो थरको सबैको हक हुन्छ ।

पोषाकमा धोती, कुर्ता, भोटो, साफा, आसकोट जस्तो कपडा लगाउँछन् । आभूषणमा कण्ठ, मुगा, सुन र चाँदीको चेन र कर्धनी, कण्ठहार, टाउकोमा मुकुट लगाउँछन् । वर्तमान जयन्तिया जयन्तियाहिलमा विशेष बस्छन् । अरूतिर पनि छरिएका छन् । शक्तिका उपासक पनि छन् । राजधानी पहिले जयन्तियापुरमा थियो । त्यो अब बंगलादेशमा छ । पौराणिक उत्पत्ति जयन्तिया पहाडैमा भएको हो । यस पृथिवीतलमा परमात्माको हुकूमले आएको धारणा छ । आफू स्वर्ग भएपछि पनि सीधा स्वर्गमा जाने विश्वास छ । मन्दिर नभए पनि पूजा-प्रार्थना गर्ने घरघरमा बाँसले बेरेको मन्दिरै जस्तो ठाउँ हुन्छ । अहुवा र भाती जाँड राखेर शुद्ध गर्ने चलन छ । मान्छे मर्दा जलाउने चलन छ । मुर्दा जलाएर आएपछि सुनपानी र खरानीले शुद्ध हुने चलन छ । मरेपछि जलाएको हाड आफ्नो आफ्नो माटोमा राख्ने गर्छन् ।

यी उपर्युक्त सम्पूर्ण क्रियाकलापले यो बुझाउँछ कि जयन्तियाहरू किरातक्षत्रिय हिन्दूभित्रै पर्छन् । परन्तु जयन्तियाहरूलाई पनि उत्तरको 'कोपिली'[2] नदीबाट आएका हुन् भनेर लेखेका छन् । तर यो इतिहास सत्य होइन । जयन्तियाहरू[3] १२ शताब्दीमा खसियाहिलमा पसेका हुन् भन्ने पक्ष पनि छ ।

●

---

[1] मेघालय राज्यका एम० एल० ए० ध्रुवनाथ जोशीको घर अपरमोप्रेङ शिलङमा श्री लखन सुलाई (जयन्तिया)-बाट लिएको अन्तरवार्ता

[2] The people had migrated to this hill, perhaps from the northern side of the 'Kopili' river. (Tribal Institution of Meghalaya, P. 383, S. K. Chattopadyaya)

[3] The History of Civilisation of the People of the Assam to the 12th Century A. D., (P. C. Chattopadyaya ,Gauhati, P. 83, 1960.)

गारो किरात

वस्तुस्थितिमा गारो, खासी र जयन्तिया वर्तमान मेघालयका मुख्य निवासी हुन् । गारो पहाडका निवासी गारो कहलाए भने जयन्तिया पहाडका निवासी जयन्तिया कहलाए । शिलाङका सेरोफेरो बसोबास गर्नेलाई खासी भन्छन् । भन्ने हो भने यी तिनै मेघालयका वासी नै हुन् । खासी = खसिया दुइटा नामले पुकारिए पनि यिनीहरूले 'खसिया' शब्दलाई मन पराउँदैनन् । यद्यपि विशेष 'खसपहाड' का निवासी हुनाले खसिया भनेका हुन् । यस्तै गारो हिलका वासी गारोहरू पनि राई, लिम्बूहरूको जस्तै अनुहार भएका हुन्छन् । किरात हुन् । तर गारोहरूको[१] बारेमा पनि ठूलै भ्रम फैलिएको देखिन्छ । कतै तिब्बतो बर्मीज शाखाका बताएका छन् भने कतै तिब्बतो चाइनीज भनेर लेखेका छन् । हाजोङहरूलाई द्राविडियन ग्रूपको भनेर लेखेका छन् । फेरि हाजोङहरू 'हिन्दू' हुन् पनि भनेर लेख्छन् । वस्तुस्थितिमा उनीहरूले इतिहास पैलाउन सकेनन् । गारो = हाजोङहरू किरात-हिन्दू नै हुन् । मङ्गोलियन वा तिब्बतो बर्मीज अथवा द्राविड ग्रूप केही पनि होइन । यी सबै ईसाई प्रभावमा परेका इतिहास हुन् ।

गारोहरूलाई पनि तिब्बतबाटै आएका हुन् भनेका छन् । तर गारोहरूको[२] रहनसहन, खानपान, बिहावारी र पितृपूजा-गराइ आदिले तिब्बतमूलक सिद्ध नभएर किरातमूलक प्रष्ट देखिन्छन् ।

यी उपर्युक्त किरातहरूलाई आज पनि पूर्णरूपेण ईसाई मिशिनरीले पूर्ण ईसाई बनाउन सकेका छैनन् । तथापि केही खसिया, गारो, जयन्तिया किरातहरूमध्ये ईसाई प्रभावमा अवश्य परेका छन् । प्रभावमा पर्ने कारण गरीबी, शिक्षा, धनोपार्जन, सम्मान र नोकरी तथा आपसी वैमनस्य हुन् । यिनै कारणले गर्दा खासी किरातक्षत्रियहरू अधिक मात्रामा ईसाईकरणमा ढल्केका छन् । परन्तु गारो र जयन्तिया भने केही मुछिए पनि धेरैजसो आफ्नै धर्मकर्म, संस्कृति-सभ्यता र रहनसहनमा बसेका छन् । तर यी तीनै जातिले 'हामी हिन्दू-किरातक्षत्रिय हौं' भन्नुचाहिं बिर्सेका छन् । केहीले बुझ्नु थालेका छन् ।

* * *

---

१. It is belived that the Garos originally migrated from Tibet. Their original place was 'Tarua' on Tibet.The Garos are metrilineal in descent. They belong to the Tibeto Chinese, famely of Tibeto Burman, sub-family of 'Bodo' group.

(a) The Garo are slightly darkes having Mongolian features.

(b) The Hagongs belong to the Dravidian group of Indo-Europian family of reses. Hagong call themselves as Hindus.

(The Tribes of the Meghalaya, P. 2, Sipra Sena)

२. The origing of the Garo and their migration from Tibet Hlasa. No authentic historical basis.

(The Garo Custamary Laws and Practices, P. 13)

(A) Independent gaxetar of India, Julius L. R. Marak, P. 295, 1907.

(B) Culture History of Assam, Vol. 1, P. 6, Vide Barua, B. K. A.

भाइपेई जाति

संस्कृति र सभ्यता, वंशपरम्परा —किरातवंश

१—वैवाहिक स्थिति

भाइपेई संस्कृतिमा 'वैवाहिक' रीति पनि विचित्र छ। यस जातिले आफ्नो नातेदारहरूमा नै विवाह गर्नुपर्ने हुन्छ। जातिमा कुनै एक छोरा जाति 'नैपा'ले मामाको छोरी 'नै नु' लाई विवाह गर्नुपर्दछ। 'नैपा' भनेपछि फुपूको छोरालाई बुझ्नुपर्दछ। साथै यसै जातिमा फेरि मामाको छोराले भने पुनः आफ्नै मामा पर्नेकै छोरीसँग विवाह गर्दछन्।

२—वैवाहिक किसिम :

- i—चवङमो (Chawngmo)
- ii—थेपथक (Thepthak)
- iii—साइनापुवा (Sainapua)

i - चवङमो

विवाहको यस प्रकारको किसिममा साधारणतया केटाको घरबाट उनका बाबाआमा नै नाताको उद्देश्य लिएर केटीको घरमा चामल 'जु' (ZU) लिएर जाने गर्दछन्। 'जु' लिएर गई केटीका आमाबाबु-सँग छलफल भई निर्णय भएपछि निर्णयको प्रतीक र कसम खाएसरह यसका लागि सुँगुरको वध गर्छन्। यसरी सुँगुर मारिसकेपछि यो निर्णय अटल रहन्छ र यस प्रकारको प्रक्रियालाई Sicumtanse भन्दछन् र यसबाट विवाहको तिथि पक्का हुन्छ।

३—सन्तानको जन्मपछि हुने प्रक्रिया :

आमाहरूले सन्तानको जन्मपछि आफूलाई कुनामा ७ दिनसम्म राख्नुपर्दछ। सन्तानको जन्ममा सन्तान नहाँसेसम्म बुवाले छुन नहुने नियम छ। आमाको सन्तानोत्पादन क्रममा काम नगर्ने चलन छ। यिनीहरूको रूढि नियममा काम गरेको खण्डमा सन्तान निरीह हुने विश्वास गर्दछन्। सुत्केरी भएको सातौं दिनमा सन्तान जन्मेको खुशीमा एक प्रकारको जाँड तरल पदार्थ, जसलाई 'Naurzunek' नौजुनेक भन्दथे, बनाई सबैलाई भोज खुवाउँदछन्। उसै दिनमा 'थेम्पु' (पण्डित)-ले घरबाट जलेका कोइलाहरू बाहिर फ्याँक्ने गर्दछन्। त्यसपछि रातो भाले कुखुरा मार्दछन् र सोही कुखुराको धागोले बच्चाको रक्षा-बन्धन गर्दछन्। यस्तो गर्नुमा यिनीहरूले बच्चाको आत्मा अन्यत्र कतै नजाओस् वा कसैले थुत्न नसकून् भन्ने विश्वास गर्छन्। चाहे त्यो 'नौमिल (Naumil)' यमदूत नै किन नहोस्, उसले पनि लान सक्दैन भन्ने विश्वास छ।

४—मृत्यु

मृत्युपश्चात् पनि आत्मा जीवित रहन्छ भन्ने विश्वास गर्दछन्। भाइपेई सभ्यतामा मनुष्यले मृतक व्यक्तिलाई घरको अगाडि नै गाड्ने चलन छ। व्यक्तिको मृत्युपश्चात् नातेदार र अन्य व्यक्तिहरूले पूजा गर्ने 'सर्वशक्तिमान्' थिपाउँ (भगवान्)-लाई गाली गर्दछन्। रिसाएर जोडजोडले कराउँछन् र रुन्छन्। फेरि यिनीहरूले आफूसँग भएको विष्फोटक गाउँमा सबै व्यक्तिलाई सूचना गर्नका लागि विष्फोट गर्दछन्। त्यो सुनी गाउँका व्यक्तिहरू मृतकको घरमा आएर विलाप गर्दछन्। ''Thaulam la awnin'' विलाप गर्नुको अर्थ, 'श्मसानमा जानका लागि बाटो देऊ' मानिन्छ, भए पनि उपर्युक्त लाशलाई राम्रो कपड़ा लगाई घरको अगाडि नै गाड्दछन्। तत्पश्चात् यिनीहरूले एउटा कुकुरलाई वध गर्दछन्। ता कि त्यो कुकुरको आत्मा पनि त्यसै मृतात्मासँग जाओस्। यिनीहरूले 'साङलाइ' गर्दछन्। यसको अर्थ Death of village 'Mithikhua' मिथिखुवामा सोही कुकुरको आत्मासँग मृतात्मा जान्छ भन्ने विश्वास हुन्छ। यसपछि यिनीहरूले चामल पकाई सबैलाई खुवाउँछन्। यिनीहरूको कुना बस्ने या किरिया गर्ने कुनै चलन छैन।

भाइपेई जातिका प्रकार (Classes)

1. Suantak—सुन्ताक
2. Sailiap—सैलीयाप
3. Thangmiang—थाङ्गमिङ्ग
4. Khante—खान्ते
5. Singphun—सिंगफुन
6. Neitham—निथाम
7. Duliam—दुलियाम
8. Saihram—सैहराम
9. Chonlu—चोनलु इत्यादि।

५—सामाजिक नेता

प्रत्येक हाँगाहरूका आफ्नाआफ्ना नेता हुन्छन्। त्यस नेतालाई जातीय भाषामा 'उपा' भन्छन्। उपर्युक्त उपालाई अरूले आफ्नो लागि कसैले पनि शिकार गर्‍यो भने शिकारको 'मुटुभाग' उपालाई दिनुपर्छ। यस प्रक्रियालाई Sating भन्छन्। यस समाजमा पुरुषको महत्त्व बढी मानिन्छ। समाज पुरुषप्रधान मानिन्छ।

६—चाडपर्व

Saath यो चाडपर्व मृतकको नाममा मनाइन्छ। आत्माशान्तिको लागि एउटा ठूलो जनावरलाई मार्दछन्।

Chawai

यो चाडपर्व सालमा एकपटक महँगो महँगो खानाहरूको हुन्छ। यसमा यी जातिले दुइ जोड घरमा पाल्तु कुनै पनि जनावरलाई मारी चाड मनाउँछन्।

Thazinglap

यो युवकहरूको चाड हो। यसअन्तर्गत युवकहरूले ठूलो मैदानमा ठूलो ड्रमहरू जस्तो बजाउने बाजाहरू राखी बजाउँदै गाउँदै काज गर्दछन्। यस बेला यिनीहरूको गानलाई Siamkhuangpua (सियामखुवाङ्गपुवा) भनिन्छ।

Lawmzunek

युवकहरूले जङ्गली मिथुन गाई (Mithun) मार्दछन् र यसको टुक्रा गरी प्रत्येक केटीहरूलाई Lauwmegee सँग (एक प्रकारको अल्कोहल वा जाँड रक्सी) दिन्छन् र मनाउँछन् ।

७—नाचगान

Salulam, Saipikhupsuk, Pheiphitlam, Lampaklam, Lamkual, Sakluamlam, Suklalam, Chawataplan, Thigalrawlam (सालुताम, सैपिखुप्सुक, फेफित्लाम, लम्फाकलाम, लामकुल, सक्लुआमलान, सुक्लालाम, चावाताप्लान, थिगल्रावलाम)

८—लुगा र गहनाहरू तथा चुल बाट्ने तरिका

पुरुषहरूले कम्मरमाथि आइमाईले बनाएको अगेंठाको लुगा र कम्मरमुन्तिर ५’ × ३’ पौनेक लगाउँथे । पुरुषको कपाल लामो हुन्थ्यो । त्यो पछाडि लगी बाटेर गाँठो पार्दथे ।

आइमाईले नाभिमुन्तिर घुँडासम्म निक (Nik) रंगिन लगाउँछन् र छातीमा पौनेक लगाउँछन् । कपालका रौंहरूमा रंग लगाई पछाडि लान्छन् र बाँध्दछन् । गहना लाउने चलन छैन ।

९—बस्ने घर

भाइपेई जातिले आफ्नो घरहरू सबै काठैकाठको बनाउँदथे । अब आधुनिक ढङ्गका घर पनि बनाउन थालेका छन् । त्यसलाई आफूले मारेका वा अन्य जन्तुहरूको हाडखोरले सजाउँथे र आजभोलि त्यो चलन हट्दै गएको छ । चलनहरू सबै पुर्खौली थिए ।

(१) साइमाङ्ग (Saimang) नेताले गाउँको प्रशासन हेर्दथ्यो ।
(२) पाचुङ्ग (Pachoung)-ले गाउँमा कर वसूल गर्दथे ।
(३) थिम्पू (Thimpu) युवकको नेता हुन्थ्यो ।
(४) ताङ्गदाम (Tangdam) हल्कारा ।

१०—सङ्गीत वाद्यवादन—

(1) Gadsam—बाँसको सातओटा हाँगा भएको पाइपर—मुरली
(2) Ding Dong—मुखले बजाउने एक प्रकारको काठको वादन
(3) Lilu—मुरली
(4) Dakpi—मादल
(5) Dakchal—सानो मादल
(6) Dakpu—तीनओटा मादल जोडिएको मादल
(7) Khuangpa—दमाहा जस्तो ठूलो ड्रम
(8) Khuangneu—सानो मादल
(9) Pheiphil—चार या पाँच इञ्चको बाँसको पाइप
(10) Sealki Khet—जंगली गाई Mithun को सिङबाट बनाएको एक प्रकारको मादल ठटाउने लठ्ठक ।

११—पूजा

भाइपेई जातिको कुल नाम 'Dawibawm' Salung शक्तिको प्रतीक मानिन्छ र पूजा गरिन्छ। यो पत्थरको नमूनाको हुन्छ।

Bulung धान काटेपछि पूजा गर्ने एक प्रकारको ढुंगा।

नोट—

भाइपेई जातिले कुनै पनि जनावरलाई पूजा गर्दैनन्। बरु भूमि, रूख, पानी आदिलाई पूजा गर्दछन्। हाल यी जातिहरू भारतको आसाम राज्यमा N. C. Hill र मिजोरम, मनिपुर राज्यमा मात्र पाइन्छन्।

* * *

N. K. Hauvaiphei, Head Master, Half Long D. C., L. P. School, N. C. Hills बाट लिएको अन्तरवार्ता।

परिशिष्ट खण्ड

मानवसृष्टिको संक्षेप

१—ब्रह्माबाट मरीचि, अत्रि, अङ्गिरा, पुलह, पुलस्त्य, क्रतु यी मानसपुत्र भए ।

२—मरीचिका पुत्र कश्यपबाट सम्पूर्ण प्रजा भए । प्रजापति दक्षबाट अदिति, दिति, दनु, कला, अनायु, सिंहिका, मुनि, क्रोधा, प्रावा, अरिष्टा, विनता, कपिला र कद्रु गरी १३ कन्या उत्पन्न भए ।

३—अदितिको गर्भबाट धाता, मित्र, अर्यमा, शक्र, वरुण, अंश, भत्र, विवस्वान्, पूषा, सविता, त्वष्ट र विष्णु १२ पुत्रहरूले जन्म लिए ।

४—दितिको एउटै छोरो हिरण्यकशिपु थियो ।

५—कशिपुको प्रह्लाद, संह्लाद, अनुह्लाद, शिवि, काष्कल पाँचभाइ छोरा भए ।

६—प्रह्लादका विरोचन, कुम्भ, निकुम्भ तीनभाइ छोरा थिए ।

७—विरोचनका पुत्र वलि प्रतापी पुत्र भयो । बलिको पुत्र प्रख्यात वाणासुर भए ।

८—दनु दाम्नी दक्षपुत्रीवाट ४० पुत्र उत्पन्न भए । तीमध्ये जेठा 'विप्रचित्ति' अति यशस्वी भए । शम्वर, नमुनि, पुलोमा, असिलोमा, केशी, दानव, दुर्जय, अयः शिरा, अश्वशिरा, वीर्यवान्, अयः शङ्क, गगनमूर्द्धा, वेगमान्, केतुवान्, स्वर्भानु, अश्व, अश्वपति, वृषपर्वा, अजक, अश्वग्रीव, सूक्ष्म, महासुर, तुहुण्ड, इसृपा, एकचक्र, विरूपाक्ष, हर, अहर, निचनु, निकुम्भ, कुपथ, कापथ, शरभ, शलभ, सूर्य,चन्द्र आदि दानव कहलाए ।

यसपछिका दनुवंशमा—एकाक्ष, वीरमृतपा, प्रलम्ब, नरक, वातापि, शत्रुतपन, महासुर, शठ, गविष्ठ, दनायु, दानव दीर्घजिह्व १० थिए ।

९—सिंहिकाका पुत्र राहु आदि थिए ।

१०—अनायुका गर्भबाट विक्षर, बल, वीर, महासुर वृत्र चार भाइ भए ।

Ek यिनीहरूका

११—कला नामकी दक्षपुत्रीबाट विनाशन, क्रोध, क्रोधहन्ता, क्रोधशत्रु, कालेय आदि धेरै पुत्र भिए । यिनीहरूका गुरुपुरोहित शुक्राचार्य थिए ।

१२—विनताका सन्तान ताक्ष्र्य, अरिष्टनेमि, गरुड, अरुण, आरुणि, वारुणि थिए ।

१३—कद्रुका नागराज शेष, अनन्त, वासुकि, तक्ष, कूर्म, कुलिक छ पुत्र उत्पन्न भए ।
प्रयुत,

१४—मुनि नामकी दक्षकन्याबाट भीमसेन, उग्रसेन, सुपर्ण, वरुण, गोपति, धृतराष्ट्र, सूर्यवर्च, पत्रवान्, अर्कपर्ण, प्रयुत, विश्रुत, भीम, प्रख्यात, सर्वज्ञ, चित्ररथ, शालिशिर, प्रद्युम्न, पद्रहेवा, कलि, नारद आदिले जन्म लिए ।

१५—प्रावा नामकी दक्षकन्याबाट अनवद्या, अनुवशा, अनुवा, अरुणा, प्रिया, अनूपा, सुभगा, भासी ८ कन्या र सिद्ध, पूर्ण, बर्हि, पूर्णाश, ब्रह्मचारी, रतिगुण, सुपर्ण ७ पुत्र तथा विश्वावसु, भानु, सुचनु—देवताहरूको गन्धर्वहरूले पनि प्रावाबाट जन्म लिए ।

यसै प्रकारले—प्रावासँग कश्यप ऋषिको सहवासबाट अलम्बुस, मिश्रकेशी, विद्युत्पर्णा, तुलानद्या, अरुणा, रक्षिता, रम्भा, मनोरमा, असिता, सुव्रता, सुभुजा, सुप्रिया र सुबाहु, अतिबाहु, हाहाहुहु, तुम्वुरु चार गन्धर्वराजाहरूले पनि जन्म लिए ।

१६—कपिलाका अमृत; ब्राह्मण, गो, गन्धर्व, अप्सरा सन्तान पुराणहरूमा भनेका छन् ।

(म० भा० आ० पं० ५९ अ० पृ० नं० ३१७ देखि ३२३)

१—ब्रह्माका मृगव्याध, शर्व, निर्ऋति, अजैकपात्, अहिर्ब्रध्न्य, पिनाकी छ मानसिक पुत्र थिए ।

२—मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु यी छ ब्रह्माका पुत्र हुन् ।

३—अङ्गिराका बृहस्पति, उतथ्य, संवर्त तीन पुत्र थिए ।

४—अत्रिका धेरै सिद्ध पुत्रहरू थिए ।

५—पुलस्त्यका राक्षस, वानर, किन्नर पुत्र थिए ।

६—पुलहका मृग, सिंह, व्याघ्र, किम्पुरुष पुत्र थिए ।

७—क्रतुका बालखिल्य पुत्र थिए ।

८—ब्रह्माका दाहिने अङ्गुठाबाट दक्ष र बायाँ अङ्गुठाबाट एक स्त्रीको उत्पत्ति भयो । दक्षले त्यसै स्त्रीबाट पचास कन्या जन्माए । तर दक्षका छोरा नभएका हुनाले छोरीहरूलाई नै 'पुत्रिका' मानेका थिए । धर्मलाई ७ कन्या, चन्द्रमालाई २० कन्या, कश्यपलाई १३ कन्या दिएका थिए ।

१—धर्मका पत्नीहरू कीर्ति, लक्ष्मी, धृति, मेधा, पुष्ट, श्रद्धा, क्रिया, बुद्धि, लज्जा, मति १० तथा अश्विनी, भरणी आदि २७ चन्द्रमाका पत्नीहरू हुन् ।

२—धर, ध्रुव, सोम, अह, अनिल, अनल, प्रत्यूष, प्रभास यी प्रजापतिका पुत्र अष्टवसु हुन् । यी धर र ध्रुव धुम्राका पुत्र हुन् । अरू मनस्विनी वायुश्वसाका छोरा हुन् । रताका पुत्र अहः, शाण्डिलीका पुत्र हुताशन तथा प्रत्यूष र प्रभास प्रभाताका पुत्र थिए ।

३—धरका द्रविण र हुतहव्यवह २ पुत्र थिए । लोकनाशी काल ध्रुवका पुत्र हुन् । सोमका पुत्र वर्चा थिए । उसको पुत्र वर्चस्वी भए । मनोहराका शिशिर, रमण, प्राण तीन पुत्र भए ।

४—अहका पुत्र ज्योति, श्रम, शान्त, मुनि चार भए । अनलका कुमार भयो ।

५—कृत्तिकादि छ माताहरूबाट कार्तिकेयको जन्म भयो । शाख, विशाख, नैगमेश कार्तिकेयका छोटा भाइ थिए ।

६—अनिलका शिवा नाम गरेकी गर्भबाट पुरोजव, अविज्ञातगति दुइ छोरा भए ।

७—प्रत्यूष=देवलका क्षमावान् र बुद्धिमान् दुइ पुत्र भए ।

८—बृहस्पतिकी बैनी ब्रह्मचारिणी सुन्दरीबाट प्रभासले सम्पूर्ण शिल्पशास्त्रका ज्ञाता विश्वकर्मालाई जन्माए ।

९—धर्मका मनोहर शम, काम, हर्ष तीन पुत्र भए ।

१०—कामकी स्त्री रति, शमकी प्राप्ति तथा हर्षकी स्त्री नन्दी हुन् । यी तीनै स्त्रीमा सम्पूर्ण संसार प्रतिष्ठित छ ।

११—सूर्यपत्नी त्वाष्ट्रीबाट अश्विनीकुमारले जन्म लिए ।

१२—तेत्तीस प्रधान देव छन् । उनका यक्ष, कुल तथा गणको अनुसार इतिहास भनियो । रुद्र एक पक्ष, साध्यगण, मरुद्गण, वसुगण, भार्गवगण र विश्वेदेवगण यिनका एक पक्ष हुन्छन् ।

१३—गरुड, अरुण, बृहस्पतिलाई आदित्यगणमा गनिन्छ । दुवै अश्विनीकुमार सबै औषधि र पशुलोक गुह्यकगणमा गनिन्छन् ।

१४—ब्रह्माका पुत्र भृगु, भृगुका शुक्र थिए । बृहस्पति र शुक्र देवदानवका गुरु थिए । भृगुका पुत्र च्यवन थिए । च्यवनकी स्त्री आरुषी मनुकी छोरी थी । महर्षि और्व च्यवन र आरुषीका पुत्र थिए ।

महाभारतकालका प्रसिद्ध राजाहरू

१. श्रुतायुध = कलिङ्गका राजा थिए ।
२. वृहद्वल = कोसलका राजा थिए ।
३. शकुनि = गान्धारका राजा थिए ।
४. भगदत्त = प्राक्ज्योतिषपुरका राजा थिए ।
५. सुबाहु = बदरिकाश्रमका राजा थिए ।
६. कुणिन्द = यमुनाप्रदेशका राजा थिए ।
७. युयुत्सु = कुणिन्दका भाइ थिए ।
८. क्षेमङ्कर = सुशर्मा सुरथ त्रिगर्तका राजा थिए ।
९. सुवल = अयोध्याका राजा थिए ।
१०. जयद्रथ-सौवीर = सिन्धुदेशका राजा थिए ।
११. क्षेमधूर्ति = कुलुतदेशका राजा थिए ।
१२. मलयध्वज = पाण्डेयदेशका राजा थिए ।
१३. शाल्व = दैत्यपुरका राजा थिए ।
१४. गोवासन = शिविदेशका राजा थिए ।
१५. वृहत्क्षत्र = केकयदेशका राजा थिए ।

युद्धको लागि आर्य र अनार्य चाहिँदैन

ब्रह्मका[१] पुत्र पुल थिए । पुलको पुत्र पुलस्त्य भए । साथै पुलस्त्यका वैश्रवण = कुवेर र विश्रवा दुइभाइ छोरा भए । यी दुइमध्ये विश्रवाका तीन श्रीमतीहरू थिए । तीमध्ये—

१—जेठी पुष्पोत्कटा थी । पुष्पोत्कटाका जेठा छोरा महाविद्वान् महावली रावण तथा कान्छा छोरा योगीराज कुम्भकर्ण थिए ।

२—माहिली श्रीमती मालिनीवाट एउटा विभीषण मात्रै जन्मे । विभीषण विद्वान्, नीतिज्ञ, देश-काल-परिस्थितिज्ञ थिए ।

३—कान्छी श्रीमती राकाका छोरा खर थिए तथा छोरी शुपर्नखा थी ।

विश्रवा कुवेरसँग सधैं रागद्वेष राख्थे । पुलस्त्यको 'गवि' नामक स्त्रीबाट कुवेरको जन्म भएको हो । तर कुवेरले ब्रह्मसँग जानाले पुलस्त्यले आफ्नै आधा अङ्गबाट विश्रवालाई उत्पन्न गरेका थिए । कुवेरसँग बदला लिनकै लागि पुलस्त्यले विश्रवालाई उत्पन्न गरेका थिए । त्यसैले कुवेर र विश्रवाको आफ्नै साखे दाजुभाइमा लडाइँ भइरहन्थ्यो । पछि रावणले पनि आफ्नो बडाबावु कुवेरको सर्वस्व हरण गरेको इतिहास साक्षी छ । राम-रावण पनि भिन्न-भिन्न देशका शासक थिए । तर परापूर्वकालमा एउटै माता-पिताका सन्तान थिए । यस्तै कौरव र पाण्डव पनि थिए । त्यसैले आर्य र अनार्यको झूठो कल्पना गलत हो ।

चित्राङ्गद पनि किरातै थिए

उलूपी नागकन्या च देवी चित्राङ्गदा तथा । (म० भा० आश्रम प० १।२२, २४)

नागकिरातहरूको बसोबास प्राचीनकालमा विशेषरूपले गढवाल तथा कुमाऊँमा थियो । किरात-महाराज सुबाहु नागवंशी किरात थिए । तर आजको गढवाल राज्यमै सुबाहुको शासन थियो । केही भाग कुमाऊँको पनि सुबाहुले लिएका थिए । त्यसैले महाभारतकालिक किरात-इतिहास पैल्याउँदा 'उलूपी' नागकिरातकी कन्या थी । पछि बदरिकाश्रमबाट नागालेण्ड मणिपुरतिर विहावारी गरिदिएका थिए । यद्यपि आज नागाहिलमा बस्ने नागाहरू पनि किरातहरूकै शाखा किरातै हुन् । मणिपुरे किरात र रुक्माङ्गदको सन्तान एकै किरात थिए । आजका मणिपुरे-हरू किरातै हुन् । भू० पू० राजकुमार (मणिपुर) पद्मभूषण प्रोफेसर मीनकेतन सिंहजी पनि यस इतिहासलाई मान्नुहुन्छ ।

किरातकालमा लेखक र गणितज्ञ धेरै थिए

अनिशं यत्र पुरुषा गणका लेखकास्तदा । (म० भा० आश्रम प० १४।८)

---

[१] म० भा० आ० प० २५५।५, ६, ७, ८,

धेरै इतिहासकारहरूले किरातहरू जङ्गली थिए, पढ्न-लेख्न जान्दैन थिए, शिकार गरेर खान्थे, विशेष गिट्टा, म्यागुर आदिले जीवन निर्वाह गर्थे भनेर लेखेका छन् । कैयौंले भन्ने पनि गरेका छन् । तर यो सत्य इतिहास होइन । किरातहरू लेखक, गणितज्ञ पनि थिए ।

धेरै म्लेच्छहरू मारिए

नारायणा हता यत्र गोपाला युद्धदुर्मदाः ।
म्लेच्छाश्च वहुस्राहस्राः किमन्यद्भागधेयतः ।। (म० भा० श० प० २।३६)

जुन युद्धमा नारायण नामक रणदुर्मद, गोपाल नामक युद्धदुर्मद र अरू कैयौं हजार म्लेच्छ = किरातवीरहरू कुरुक्षेत्रको रणभूमिमा मारिए, त्यहाँ प्रारब्धको सिवाय अरू के भन्न सकिन्छ ?

नानादेशसमावृत्ताः क्षत्रिया यत्र सञ्जय ।
निहता समरे सर्वे किमन्यद्भागधेयतः ।। (म० भा० श० प० २।३९)

हे सूतपुत्र ! सञ्जय ! अनेक देश-देशान्तरबाट आएका यी सबै क्षत्रिय शूरवीर थिए । यी सबै युद्धभूमिमा वीरगतिको प्राप्त भए । यस विषयमा भाग्यभन्दा अरू के हुन सक्छ र ?

धृतराष्ट्र र सञ्जयको संवादमा परेका 'म्लेच्छ' शब्द किरात-क्षत्रियहरूमा प्रयोग भएको हो । नाना देशदेशान्तरबाट आउने क्षत्रिय शब्द जोड्नाले पनि म्लेच्छ = किरातक्षत्रियहरू नै हुन् भन्ने प्रमाण प्राप्त हुन्छ ।

महाभारत कैरातपर्वको ३८ अध्यायदेखि ४१ अध्यायसम्म किरातेश्वर भगवान् शिव र पाण्डुपुत्र अर्जुनको युद्ध भएको इतिहासको वर्णन छ । तर यस इतिहासमा कुनै प्रकारको आर्यमङ्गोलको गन्ध छैन ।

महाभारत वनपर्व (५१।२२, २४)-मा किरात र म्लेच्छ अलग-अलग लेखे जस्तो बुझिन्छन् । परन्तु किरातहरूकै शाखाभेद म्लेच्छ भनेर लेखेको हो । जस्तै किरातहरूमा राईहरू पनि छन्, परन्तु 'किरात' त लेख्नै छोडे । साथै 'राई' पनि लेख्न छोडेर श्रवण मुकारुङ, मणीश्वर पाङ्माली, पूर्णदिल चामलिङ भने जस्तै म्लेच्छहरू पनि किरातै हुन् र किरातहरू म्लेच्छ नै थिए । उपाधि-भेदले गर्दा नाम पर्न गयो ।

शतं मत्स्या नृपतयः शतं नीपाः शतं हयाः । (म० भा० स० प० ८।२१)

यस इतिहासमा परेका मत्स्य, नीप, हय अर्थात् हैहयवंशका सयकडौं राजाहरूमध्ये किरातहरू पनि परेका थिए ।

अनूपदेशका किरातहरू

'अनूपगाः किराताः' । (म० भा० भी० प० ४७।४६)

अनूपदेशमा पनि किरातहरू रहन्थे भन्ने इतिहास यो पंक्तिले सिद्ध गरेको छ । तर अनूपदेश आज कहाँ पर्छ ? यो भौगोलिक प्रमाणहरूले पत्ता लगाउनु आवश्यक छ । कसैकसैले समुद्रको टापूमा भएको देश भनेका छन् भने कसैले आजको भारतको मध्यप्रदेश हो भनेका छन् ।

किरातविजयको जयदेश वा ?

वृद्धक्षत्रको पुत्र भूरिश्रवा र पुरुमित्रका साथ 'जय' पनि युद्धमा उपस्थित थिए ।

म० भा० भी० प० २१।१२,४२,१६ मा यसको उल्लेख भएको छ । तर यहाँ 'जय' मात्र उल्लेख भएको छ । तर म० भा० भी० प० १०।४४ मा विदेहका 'मागधाश्च····विजयास्तथा' भनेर लेखेको देखिन्छ । यहाँ 'विजय' शब्द

वहुवचनमा प्रयोग भएको देखिन्छ। यसमा अझ खोजी गर्ने आवश्यकता छ, किनभने 'किरातविजयोजय' भन्ने पंक्तिको अर्थ इतिहास भौगोलिक खोज नगरी लाग्नेछैन।

मल्लकिरात पनि थिए

मल्लकिरातहरू पनि महाभारतकालमा थिए। मल्ल ४५, सुमल्लिक ५३, लाङ्गल-ताम्रलिप्तक ५५, मरघा ६५, तामर ६८ यी जातिहरू किरातै थिए। यिनीहरूको उल्लेख अन्यत्र पनि पाइन्छ। यस रीतिले महाभारतादि अन्य इतिहासमा किरातहरूलाई छुटयाउने काम गर्नु सक्नुपर्छ।

'किरातानाञ्च जातयः' 'किरात जाति के रहने का प्रदेश' यो अर्थ ठीक छैन। यो अर्थ सातवलेकरको संस्करणमा लेखिएको छ। 'यी किरातहरूका जाति हुन्' भने प्रष्ट लेखेको छ। यसमा सन्देह छैन।

राक्षस घटोत्कच (म० भा० भी० प० ६८।९) किरातै थिए।

अनूपदेशका किरातराजा नील, नीलाम्वुद थिए। (म० भा० भी० प० ८९।१४)
(म० भा० भी० प० ९०।२७)

वर्णसङ्करको उत्पत्ति महाभारतकालदेखि भयो

वर्णसङ्कर—यो दोष महाभारतकालदेखि शुरू भएको हो। त्योभन्दा पूर्वको वेद आदि ग्रन्थहरूमा 'वर्णसङ्कर' शब्द पाइँदैन। वैदिक, ब्राह्मण आदि कालमा जातिवाद थिएन। जातिवाद महाभारतकालदेखि प्रारम्भ भएको हो।

किरातसम्राट् भगदत्त पूर्वसागरका निवासी थिए

म० भा० उद्यो० प० ४।११ मा पूर्वसमुद्रको तटमा निवास गर्ने राजा भगदत्तलाई दूत पठाउनुपर्छ भनेर लेखेको छ। भगदत्तले दुर्योधनलाई एक अक्षौहिणी सेना दिएका थिए। (म० भा० उद्यो० प० १९।१४,१५)

किरातराजा सुब्राहुलाई युद्ध-निमन्त्रण (म० भा० उद्यो० प० ४।१४) दिनुपर्छ भनेको छ।

नीलराज, नील, माहिष्मती मध्यप्रदेश महेश्वरका निवासी थिए (म० भा० उद्यो० प० १९।२३) (म० भा० ४।२१)। यदि यो इतिहास साँचो हो भने 'अनूपदेश' मध्यप्रदेश नै हो कि? किनभने विन्ध्याक्षेत्रमा किरातहरूको शासन धेरै पछिसम्म रह्यो।

त्रिगर्त (काँगडा हिमाचलप्रदेश)-को राजा क्षेमङ्कर थिए (म० भा० आ० प० २४९।६)। सुरथ पनि यसैको नाम हो।

अयोध्याका राजा सुबल थिए। (म० भा० आ० प० २४९।८)
सौवीर=सिन्धप्रदेशका राजा जयद्रथ थिए। (म० भा० २४९।९)
कुणिन्दपुत्र=किरात पर्वत निवासी थिए। (म० भा० आ० प० २४९।७)
किरातक्षत्रिय भगदत्त दिव्यास्त्रका ज्ञाता थिए। (म० भा० आ० प० २४०।९)

असुरहरूको भयङ्कर किला

प्राक्ज्योतिषपुरमा असुरहरूको प्रसिद्ध र भयङ्कर किला थियो। त्यस किलालाई शत्रुहरूले तोड्न सक्दैन थिए। अजेय थियो। त्यसमा महाबली भूमिपुत्र भौमासुर=नरकासुरले राज्य गर्थे, जसले देवमाता अदितिका सुन्दर मणिमय कुण्डल हरण मरेका थिए। अन्तमा इन्द्रले मार्न नसक्दा भगवान् कृष्णले नरकासुरको नगरभित्र पसेर नरकासुरलाई मारे। (म० भा० उ० ४७।७४, ७७)

तर नरकासुरले भगवान् कृष्णलाई पनि बन्दी बनाउने काम गरेका थिए । (म० भा० उ०प० १२८।४४)

प्राय: ऋग्वेदकालदेखि नै किरातहरूलाई 'असुर' शब्दले व्यवहार गर्न थालेका थिए । तर 'असुर' ऋषि पनि थिए, उपाधि पनि थियो ।

'युद्ध' गर्ने अधिकार

महाभारतकालसम्म पनि ब्राह्मणहरू नै युद्ध गर्थे । महाभारतकालपछि मात्रै युद्ध गर्ने काम क्षत्रियको धर्म र यजन-याजन, अध्ययन-अध्यापन ब्राह्मणको कर्तव्य मानिन थाले । साथै ऋषि, गौरक्षा, वाणिज्य आदि वैश्यको कर्तव्य मानिन थाले भने सेवा गर्ने कामचाहिं शूद्रको कर्तव्य हो भन्न थालेका हुन् । किनभने महाभारतकालभन्दा पूर्व सबै समान देखिन्छ । अन्यथा द्रोण, कृप, अश्वत्थामा, परशुराम आदि 'ब्राह्मण' हुन् भने युद्ध गर्नु अधर्म देखिन्छ ।

कुलुताधिपति

ततः कुलुताधिपतिश्चापमायम्य सायकैः ।
दशभिस्तोमरः छित्वा शक्त्या विव्याध पाण्डवम् ॥ (म० भा० कर्ण प० ८।३५)

कुलुत (कुल्लु हिमाचलप्रदेश) देशका राजा (किरातराजा) क्षेमधूर्तिले आफ्नो दश वाण चलाएर भीमसेनलाई घायल पारेका थिए । राजा क्षेमधूर्तिले भीमसेनको वाण काटेर टुकडा-टुकडा पारेका थिए । तर पछि गएर भीमले किरातराजा क्षेमधूर्तिको अन्त गरेरै छोडे । यहाँ भन्नु यो छ कि महाभारतयुद्धमा बदरिवन, कुणिन्द, कुलुत आदिमा किरातहरूकै शासन थियो ।

अद्रीश्वर मलयध्वज

पाण्डचदेशका राजा मलयध्वज थिए । यी पाण्डचदेशका पर्वतीय क्षेत्रका शासक थिए भन्ने बुझिन्छ । यिनलाई 'अद्रीश्वर' 'अद्रीपतीश्वर' आदि शब्दले उल्लेख गरेको पाइन्छ । राजा मलयध्वजले द्रोणपुत्र अश्वत्थामाको छक्का छोडाएका थिए । यी पनि सागरदेशको पर्वतीय देशको किरातक्षत्रिय नै देखिन्छन् । (म० भा० कर्ण प० १५।३६)

आरट्टानगर

बहिश्च नाम ह्लीकश्च विपाशायां पिशाचकौ ।
तयोरपत्यं 'बाह्लीका' नैषा सृष्टिः प्रजापतेः । (म० भा० कर्ण प० ३०।४४)

मूलरूपमा वाह्लीकहरूले वस्ने नगर 'आरट्टा' थियो । आरट्टानगर समृद्ध थियो । यिनीहरूले महासव र सबै पशुहरूको मांस खान्थे भन्ने इतिहास महाभारतमा पाइन्छ । यी वाह्लीकहरू कहाँ बास गर्थे भन्ने इतिहास पैल्याउँदा गधा र ऊँटको दूधले बनेको दही खाने हुनाले जता गधा र ऊँट धेरै हुन्छन्, त्यहीं निवास गर्थे भन्ने कुरा बुझिन्छ । पाँच नदीहरू पर्वतबाट निक्लेर जहाँ बग्छिन्, त्यसमा पनि विपाशा नदीको तटमा 'बहि' र 'ह्लीक' पिशाच रहन्थे । यी दुवैका सन्तान वाह्लीक कहलाए । वस्तुतः वाह्लीकहरूलाई व्यङ्ग्य हानेको हो तर वाह्लीकहरू सर्वभक्षी भने अवश्य थिए ।

तेह्र सय हात्ती

तेह्र सय हात्तीमाथि चढेर म्लेच्छ=किरातहरूले दुर्योधनको आज्ञाले अर्जुनमाथि धावा बोले । त्यतिखेर कर्णी, नालीक, नाराच, तोमर, कम्पन, प्रास, शक्ति, भिण्डिपाल नामक अस्त्र किरातहरूले अर्जुनमाथि चलाएका थिए ।
(म० भा० कर्ण प० ५९।१०, ११)

राक्षस आपसमा लडे

महावलशाली घटोत्कच तथा संग्रामकुशल अलम्वुष् दुवै किरात थिए । यिनीहरूको उपाधि 'राक्षस' थियो । आपसमा जित्ने उद्देश्यले लडाइँ लडेका थिए । महाभारतको युद्ध आपसी युद्ध थियो । अलम्वुष् र अलम्वर = यलम्वरको वारे रिसर्च हुँदैछ तर यिनीहरू किरातै थिए । (म० भा० द्रो० प० १३।४१, २४, ५७)

अङ्गदेशका म्लेच्छ

तस्यावर्जितनागस्य म्लेच्छस्यावपतिष्यतः ।
शिरश्चिच्छेद भल्लेन क्षिप्रकारी वृकोदरः । (म० भा० द्रो० प० २५।१७)

कुरुक्षेत्रको युद्धमा भीमको वाणले घायल भएर पच्छारिँदै गरेको वेला म्लेच्छराजले (अङ्गराजा कर्णले) फालहान्दा भीमले भालाले हानेर मान्यो । यस इतिहासमा आएको 'म्लेच्छ' शव्दले के वुझाउँछ भने अङ्गदेशका राजा कर्ण पनि किरात नै थिए कि ? कुन्तीको कुमारी अवस्थामा भएको घटना कुनै सूर्योपासक सूर्यवंशी शक्तिशाली किरातै थिए कि ? भन्ने इतिहासको खोज गर्दै लैजाँदा उपर्युक्त प्रमाणले महावीर-दानवीर कर्ण किरात हुनुमा सन्देह देखिदैन ।

किरातराजा सुशर्मा र सुबाहु

सुशर्मा, सुरथ, सुधर्मा, सुवाहु, सुधनु यी राजाहरूले अर्जुनलाई दश-दश वाणले हाने (म० भा० द्रो० प० १७।२०) । परन्तु उपर्युक्त राजाहरू किरातै थिए । यीमध्ये त्रिगर्त = काङ्गडा हिमाचलका शासक सुशर्मा र वदरिवन श्रीनगर गढवालका शासक सुवाहु त प्रष्टै किरातै थिए ।

यत्नवान् सुवाहुले पाण्डवतर्फ लड्ने 'युयुत्सु' नाम गरेका भाइलाई द्रोणाचार्यतिर आउन रोकेका थिए (म० भा० द्रो० प० २४।१३) । यसरी किरातहरू भाइ-भाइ आपसीमा धेरै सखाप भएका थिए ।

किरातराजकुमार युयुत्सु

युयुत्सुले एकदम तिखारिएका वाणले, धनुष वाणले घेरिएको आफ्नै दाजु किरातराज सुबाहुको दुवै हात काटिदिए । कस्तो भयङ्कर इतिहासको पाना छ ।

फेरि किरातसम्राट् भगदत्तले हात्तीलाई प्रेरित गर्दा किरातराजकुमार युयुत्सु र उसको रथ समाप्त भयो । म० भा० द्रो० प० २५।४९ सम्म किरातसम्राट् भगदत्त र उसकै हात्ती सुप्रतीकको वीरताको इतिहास लेखिएको छ । यसरी किरातहरू नै आपसमा लडेर समाप्त भएका छन् ।

शिखण्डिनं यमौ चैव चेकितानञ्च केकयान् ।
युयुत्सुञ्चैव कौरव्यं पाञ्चाल्यंञ्चोत्तमौजसम् ॥
एते चान्ये च बहवः क्षत्रियाः क्षत्रियर्षभम् । (म० भा० ५९।४,५)

उपर्युक्त श्लोकमा किरातराजकुमार युयुत्सुलाई पनि क्षत्रिय नै भनिएको छ । यसमा सन्देह छैन कि महाभारतकालसम्म किरातहरू आफ्नै क्षत्रियत्व ओजमा स्वर्णाक्षरमा लेख्नेयोग्य भएर बसेका थिए ।

किरात र म्लेच्छ एकै हो

पुण्ड्रान्, किरातान्, मद्रान्, सिंहलान्, वर्वरान् तथा ।
तथैव दरदान्, म्लेच्छान् फेनतः सा ससर्ज ह ॥ (म० भा०)

उपर्युक्त श्लोक किरात र म्लेच्छ अलगअलग पारेर लेखे पनि म्लेच्छ र वर्वरचाहिं किरातै हुन् । यसको उल्लेख मूल ग्रन्थमा अन्यत्र गरिसकेको छ ।

हिमालय जस्ता दुर्ग बनाएर बस्ने किरातहरू

हिमवद् दुर्गनिलयाः किराता रणकर्कशाः
दुर्योधनस्य वशगाः त्वाया कर्णपुरा कृताः । (म० भा० द्रो० प० ४।६)

हिमालय पर्वत जस्ता ठूला-ठूला दुर्ग = किला बनाएर वस्ने, युद्ध गर्नुमा अत्यन्त वीर, बहादुर किरातहरूलाई हे कर्ण ! पहिले दुर्योधनको वशमा पार्‍यौ । उपर्युक्त इतिहासमा 'हिमवद्दुर्ग निलयाः' शब्दले किरातहरूलाई धेरै ठूलो ऐतिहासिक सम्मान मिलेको छ । जुन किरातहरूको दुर्ग = किलाको उपमा हिमालयसँग गरिन्छ, त्यो किरात सानो होइन भन्ने बुझ्नुपर्छ । शत्रुपक्षले यस्तो प्रशंसा गर्नु सानो कुरा होइन ।

शाल्वकिरातको दैत्यपुर

सौभं दैत्यपुरं स्यस्थं शाल्वगुप्तं दुरासदम् ।
समुद्रकुक्षौ विक्रम्य पातयामास माधव । (म० भा० द्रो० प० १०।१४)

शाल्वकिरात प्राचीन इतिहासमा प्रख्यात किरात हो । राजनैतिक उथलपुथल अनादिकालदेखि हुँदै आएको छ । महाभारत र यत्र तत्र पुराणहरूमा शाल्वकिरातले वीरतामा, विज्ञानमा ठूलो स्थान पाएको छ । उपर्युक्त पद्यमा शाल्वको राजधानी दैत्यपुरको उल्लेख हुनु ऐतिहासिक स्रोत भएको छ । महावीर, महावैज्ञानिक शाल्वलाई भीमले मारेको देखिन्छ । (म० भा० द्रो० प० २४।२६)

कृष्णको वंशपरम्परा

ब्रह्माको पुत्र अत्रि, सोम, बुध, पुरुरवा, आयु, नहुष, ययाति, यदु, देवमीढ, शूर, शौरि (वासुदेव)-सम्मको कृष्णको वंशपरम्परा हो । यस नामावलीमा 'ययाति' नाम पर्न गएको छ । यता ययाति र द्रुह्युको घनिष्ठ सम्वन्ध पनि देखिन्छ । द्रुह्युको सन्तति चन्द्रवंशी किरातहरू भएको देख्दा किरातहरू शुद्ध आर्य नै भएको देखिन्छ ।

आर्यमति

आर्येण सुकरं ह्याहुरार्यकर्म धनञ्जय ।
अनार्यकर्म त्वार्येण सुदुस्करतरं भुवि । (म० भा० द्रो० प० ११८।१०)

आर्य र अनार्य शब्द कुनै जातिवाचक शब्द होइन । यो शब्द उपाधि वा गुणवाचक देखिन्छ । त्यसैले कुरा नबुझीकन पाश्चात्यहरूले आर्य र अनार्यको झगडा खडा गरेका हुन् । अर्को पनि प्रमाण छ—'आर्यां युद्धे मतिं कृत्वा' (म० भा० द्रो० प० ८६।११) 'युद्धमा आर्य = पूजित मति भनेको बुद्धि बनाएर' भन्ने शब्दले पनि आर्य र अनार्य जातिवाचक होइन भन्ने बुझिन्छ ।

तोप र चक्र पनि चलेका थिए

किरातराज घटोत्कचले कुरुक्षेत्रको युद्धमा लोहाले बनेको चक्र, भुसुण्डी = पेस्तोल, शतघ्नी = तोप आदि हत्यार चलाएका थिए (म० भा० द्रो० प० १३१।३४) । यस इतिहासले के बुझाउँछ भने पेस्तोल, तोप, बम आदि शस्त्रास्त्रहरू आधुनिक होइनन्, प्राचीन किरातकालमा प्रचलित भइसकेका हत्यार हुन् ।

असुर र दानव

तत्र प्राक्ज्योतिषं नाम जातरूपमयं पुरम् ।
यस्मिन् वसति दुष्टात्मा नरको नाम दानवः । (वा० रा० कि० का० ४०।३१)

सुग्रीवले वानरहरूलाई सीता खोजी गर्ने सम्बन्धमा खटाउँदा यो इतिहास प्रष्ट भएको हो । किनभने प्राक्ज्योतिषपुरको पहाडको गुफाहरूमा रावणले सीतालाई लुकाएर राखेको हुन सक्छ । यसले रामायणकालमा पनि प्राक्ज्योतिषपुर प्रसिद्ध थियो भन्ने बुझिन्छ । अर्को इतिहास नरकासुर पनि दानव = किरातै थिए भन्ने बुझिन्छ ।

जाति नै महासर्प हो

जातिरत्र महासर्प मनुष्यत्वे प्रतिष्ठिता ।
साङ्कर्यात्सर्वजातीनां दुर्विज्ञेयेति मे मतिः । (म० भा० व० प० १७३।४२)

महाभारतकालमा जातिवादको प्रथा चर्काचर्की थियो भन्ने तथ्य उपर्युक्त इतिहासले बताउँछ । महाभारतभन्दा पूर्वको ग्रन्थहरूमा जातिवादको चर्चा पाइँदैन । त्यसैले मनुष्यत्वमा 'जाति' नामको महाविषालु सर्प प्रतिष्ठित भयो । सर्वजातिको साङ्कर्य अर्थात् मिलावट हुनाले चिन्नु पनि कठिन भइसक्यो । मलाई यस्तो लग्छ; यदि महाभारतकालमा जातिवादले वाक्का दिक्क नभए यो इतिहास लेखिने थिएन । कुरुक्षेत्रको युद्धपछि धेरै खुलस्त भए पनि केही कट्टरता बनिरह्यो । त्यो आजसम्म पनि चलिआएकै छ ।

'असुर' शब्दको अर्थ बदलियो

पछि आएर स्मृतिहरूमा 'असुर' शब्दको अर्थ परिवर्तन हुन थाल्यो । मनुको नाममा थपिएको श्लोकले 'सम्वन्धीहरूलाई पैसा रुपैयाँ सम्पत्ति दिएर स्वच्छन्दरूपले कन्याप्रदान गर्नेलाई आसुर विधि' भनेको छ (मनुस्मृति ३।३१) । याज्ञवल्क्यले 'आसुरी द्रविणादानात्' (या० स्मृ० वि० प्र० ६१) धन लिने प्रवृत्तिलाई आसुरी भनेको छ । कौटिल्यले पनि 'शुल्कदानादासुरः' (कौ० अ० शा० प्र० ५९। अ० २) अर्थात् शुल्क दिनाले आसुर हुन्छ भनेको छ । कैयौं कारणले गर्दा अर्थ बदलने प्रयास भएको देखिन्छ । जस्तै–अशोकको पालामा 'देवानां प्रिय'को अर्थ देवताहरूलाई प्रिय लाग्ने भन्ने हुन्थ्यो भने भट्टोजिदीक्षितले मूर्ख अर्थमा उदाहरण दिएको पाइन्छ । यो शब्द पाणिनिकालमा दूषित भएको भनौं भने यो उदाहरण अन्यत्र पाउन सकिएको छैन । त्यसैले पाणिनिको सूत्रतात्पर्य पछिकाले बुझ्न सकेनन् कि ? यसमा शोधखोज हुँदैछ । यो 'असुर' शब्दलाई अन्यत्र लेखिसकेको छ । 'स्वस्ति पूषा असुरो दधातु नः' (ऋ० ५।५१।१), 'अपहता असुरा रक्षांसि वेदिषदः' (य० २।२९) आदिमा आएका वैदिक 'असुर' शब्दहरूमा विचार गर्नु आवश्यक छ ।

'आर्य' शब्दको 'दास' अर्थ

शब्दशास्त्रीहरूले शब्दको जरो पैल्याउँदै जाँदा धेरै कुराको पत्ता लाग्नु स्वाभाविकै कुरा हो । यस्तै 'आर्य' को पनि ऋग्वेदादिमा अभिप्रेतार्थ भिन्नमा प्रयोग भएको देखिन्छ । त्यसैले सङ्गतीकरणको आवश्यकता परेको हो । 'त्वं तान् इन्द्र ?···दासा वृत्राणि आर्या च शूर' (ऋ० ६।३३।३) तथा ऋ० १०।३८।३ आदिमा 'आर्य' शब्द 'दास' अर्थमा प्रयोग भएको देखिन्छ । शम्बर र वृत्रासुर आदिलाई 'दास' शब्द प्रयोग गरेको देखिन्छ । शम्बर आदि किरात थिए भन्ने बुझिन्छ । अब इतिहास खोज्नुहोस् ।

'सङ्ग्राम' शब्द पनि अनेकार्थमा

ऋ० २।१२।८ मा 'सङ्ग्राम' शब्द 'शान्ति' को अर्थमा प्रयोग भएको छ ।
अ० वे० १२।१।५६ मा 'सङ्ग्राम' शब्द 'शान्तिसभा' को अर्थमा छ ।
अ० वे० ४।१४।७ मा 'सङ्ग्राम' शब्दको प्रयोग 'युद्ध' अर्थमा भएको छ ।
तै० सं० ४।७।१५
} मा 'सङ्ग्राम' शब्द 'युद्ध' कै वाचकमा प्रयोग भएको छ ।
मै० सं० ३।६।५

अ० वे० ५।२१।७
अ० वे० ११।९।२६ } मा 'सङ्ग्राम' शब्द 'युद्ध' कै अर्थमा प्रयोग भएको देखिन्छ ।

यक्षकिरातहरू

यक्षकिरातहरू महाभारतकालमा राम्रा स्थितिमा थिए । यक्षकिरातहरूको संस्कृतवाङ्मयमा यत्र तत्र उल्लेख भएको देखिन्छ । म० भा० व० प० १५८।१६३ सम्म यक्षहरुको बोलबाला वेजोड देखिन्छ । तर योभन्दा पनि प्राचीन पुरातत्त्वको खोजी गर्दा जताततै यक्षकिरातमूर्तिहरू पाइन्छन् । यक्षकिरात विषयमा स्वतन्त्र खोज गर्ने आवश्यकता छँदैछ ।

इक्ष्वाकुवंशका किरात

भगवान् बुद्ध जुन वंशमा आविर्भाव भएका थिए, त्यो वंशलाई इक्ष्वाकुवंश भनिन्थ्यो । त्यही इक्ष्वाकुका सन्तान शाक्य हुन पुगे । त्यसैले शाक्यवंशको पूर्व वंश इक्ष्वाकु थियो भन्ने प्रमाण 'सुन्दरानन्दचरित' ले प्रष्ट पारेको छ ।

शाकवृक्षप्रतिच्छन्नं वासो यस्माच्च चक्रिरे ।
तस्मादिक्ष्वाकुवंश्यास्ते भुवि शाक्या इति श्रुताः ।। (पद्यस्मृतिग्रन्थ, पृ० ६५)

पाण्डवहरू किरातराज सुबाहु र कुणिन्द दुवैसँग मिल्न गएका थिए

किराततङ्गणाकीर्णं पुलिन्दशतसङ्कुलम् ।
हिमवत्यमरैर्जुष्टं बह्वाश्चर्यसमाकुलम् ।।२५।।

सुबाहुश्चापि तान् दृष्ट्वा पूजया प्रत्यगृह्णत ।
विषयान्तं कुलिन्दानामीश्वरः प्रीतिपूर्वकम् ।।२६।।

ततस्ते पूजितास्तेन सर्वे एव सुखोषिताः ।
प्रतस्थुर्विमले सूर्ये हिमवन्तं गिरिं प्रति ।।२७।। (म० भा० व० प० १४०।१–२९)

थरीथरीका तङ्गण, पुलिन्द किरातहरूले सुशोभित देवताहरूले सुशोभित, अत्यन्त आश्चर्यजनक हिमालय-प्रदेशमा कौरवनन्दन = पाण्डवहरू गए । त्यहाँका किरातराज सुबाहुले पाण्डवहरूलाई देखेर अतिथिसत्कार गरे । त्यहाँबाट पनि कुलिन्द (कुणिन्द)-किरातहरूको देशमा पाण्डवहरू प्रीतिपूर्वक गए । त्यहाँ कुणिन्ददेशमा पाण्डवहरू सुखपूर्वक बसे । किरातराज कुणिन्दले पाण्डवहरूको अतिथिसत्कार गरे । त्यसपछि सुन्दर सूर्योदय हुने उदयगिरितिर पाण्डवहरूले प्रस्थान गरे । यी दुवै किरातराजाहरू आजको गढवालप्रदेश र हिमाचलप्रदेशको यामुनप्रदेशमा शासन गर्दथिए ।

म्लेच्छाश्चार्याश्च राजानः (म० भा० शा० प० ४।८)

म्लेच्छ र आर्य दुवै जातिका राजाहरू शक्तिशाली थिए । उनीहरूले जो काम गरे, त्यस विषयमा इतिहास साक्षी छ । यहाँ म्लेच्छ र आर्यजाति छुट्याएको देखिन्छ । यो इतिहास 'जातिरत्र महासर्प' भएपछि लेखिएको हुनुपर्छ ।

दिति र दनु एउटै हो ?

दनुर्नाम दितेः पुत्रः शापाद् राक्षसताङ्गतः (वा० रा० कि० का० ४।१५)

मिथ्यावादी–अनार्य

अनार्यस्त्वं कृतघ्नश्च मिथ्यावादी च वानर (वा० रा० कि० का० ३४।१३)

यदुका सन्तान यातुधान

इतिहास पैल्याउँदै जाँदा यातुधानहरूलाई यदुले उत्पन्न गरेका थिए। अर्थात् यातुधानहरू यदुका सन्तति हुन् भन्ने बुझिन्छ। यातुधान र राक्षस पर्यायवाची शब्द हुन्। 'यदुस्तु जनयामास यातुधानान् सहस्रशः' (वा० रा० उ० कां० ५९।२०)। यदि यो इतिहासलाई केलाएर हेर्ने हो भने किरातहरूको इतिहास जोडिन जान्छ।

'आर्य' श्रेष्ठजनको वाचक हो

'आर्यस्याज्ञां पुरस्कृत्य' (वा० रा० उ० कां० ५२।८)। यहाँ 'आर्य' शब्द श्रेष्ठ या पूज्य गुणहरूले युक्त अर्थमा प्रयोग भएको देखिन्छ। त्यसैले 'आर्य' शब्दको जातिपरक अर्थ गलत हो। 'आर्यबुद्धेस्तपस्विनः' (वा० रा० अयो० कां० १०८।२) तथा 'अनार्यस्त्वार्यसंस्थानः शौचाद्धीनः तथाशुचिः' (वा० रा० अयो० कां० १०९।५)।

कुथ = राडी

किरातकालिक प्रसिद्ध ओड्ने विच्छाउने काममा 'कुथ' को प्रयोग गरिन्थे। वाल्मीकिले वा० रा० उ० कां० ४२।१८ मा 'कुथ' शब्दको प्रयोग गरेको छ। आजको 'राडी' किरातकालमा 'कुथ' कहलाउँथ्यो।

नेपालको सम्मान छैन ?

नेपालका प्रसिद्ध इतिहासकार बालचन्द्र शर्मा लेख्नुहुन्छ, 'यद्यपि कामरूप, प्राक्ज्योतिष्, गान्धार र बाह्लीक आदि हिमालयखण्डका देशहरूको नाम झैं नेपालको नाम प्राचीन आर्यवाङ्मयमा कुनै विशिष्ट घटनाको साथ सम्बन्धित भएर ग्रहण गरिएको छैन तापनि पुरानो समयदेखि नै यत्र तत्र यसको नाम सुनिन्छ।' (नेपालको ऐतिहासिक रूपरेखा पृ० ४८)

बालचन्द्र शर्माजीले उपर्युक्त पङ्क्तिहरू इतिहास नपढीकनै लेखेको देखिन्छ, किनभने 'नेपालविषये ये च राजानस्तानवाजयत्' के यो विशिष्ट घटना होइन र ? के महाभारत प्राचीन वाङ्मय होइन र ? आफ्नै देशका इतिहासकारले आफ्नै छोरा-नातिलाई खाडलमा हाल्छन् भने अरूले के बाँकी राख्लान् ? आजभन्दा पाँच हजार वर्षपूर्व लेखिएका आर्यवाङ्मयको इतिहासलाई हामीले कसरी लुकाउने ? बालचन्द्र शर्माको इतिहास यस अंशमा ज्यादै संशोधन गर्नुपर्ने देखिन्छ, किनभने साधारण पाठकहरूलाई ठूलो भ्रममा पारेको देखिन्छ।

कर्मले नै वर्ण

न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदञ्जगत्।
ब्रह्मणा सृष्टपूर्वन्तु कर्मभिर्वर्णतां गतः। (म० भा० शा० मो० १८८।१०)

ब्रह्मको सृष्टिमा वर्णको विशेष कुनै स्थान छैन। पहिले ब्रह्माले सृष्टि गरे। त्यसपछि कर्मानुसार वर्ण बनेको हो।

मानव एकै आमा-बाबुका सन्तान हुन्

मनुर्मनुष्याञ्जनयत्कश्यपस्य महात्मनः।
ब्राह्मणान् क्षत्रियान्, वैश्यान् शूद्रांश्च परन्तय। (वा० रा० अ० का० १४।२९)

मनु नाम गरेकी महिलाबाट महात्मा महर्षि कश्यपले ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र चारभाइ छोरा उत्पन्न गरे। एउटै आमा-बाबुको छोराहरूमा जेठा परम पवित्र, माहिला अलि अपवित्र, साहिंला निक्कै अपवित्र तथा कान्छाचाहिं छुनै नहुने अपवित्र कसरी भए ? यो पछि आएको सामाजिक कोड हो।

राजा शाकपूत

ऋग्वेदको अध्ययन गर्दै जाँदा राजा शाकपूत शकपूतको गोत्रमा उत्पन्न भएका थिए। राजा शाकपूतको उल्लेखं ऋग्वेदको १०।१३२।५ मा पाइन्छ। यिनी सूर्यवंशी किरातकुलका थिए। अनन्तदेवरचित 'ऋग्वेद परिचय' पृ० नं० १५७ मा लेखिएको छ। तर अझ गहन शोधखोजको अपेक्षा छँदैछ।

ओल्डफिल्डको खण्डन

'ओल्डफिल्ड' भन्ने पाश्चात्य लेखकको बालचन्द्र शर्माले 'नेपाल V. L. A. II–P. ७३' को खण्डन गर्नुभएको छ। वस्तुतः किरातहरू भोटबाट नेपाल प्रवेश गर्ने कुरा झूठो हो। 'The race of the Niwars is a mixed race, derived from Indian or Tibeton atocks' आदि शब्दले भन्न खोजेको तात्पर्यले सर्वसाधारण जनतामा ठूलो भ्रम फैलिएको देखिन्छ। यो भ्रम हटाउनुपर्छ।

राजा जनकको प्रभावले नेपालका राजाहरू हतप्रभ थिए

सर्वे राज्ञो मैथिलस्य मैनाकस्येव पर्वताः।
निकृष्टभूता राजानो वत्सा ह्यनडुहो यथा॥

यथा महेन्द्रः प्रवरः सुराणां नदीसु गङ्गा प्रवरा यथैव।
तथा नृपाणां प्रवरस्त्वमेको वन्दि समभ्यानय मत्सकाशम्॥ (म० भा० व० प० १३४।५,६)

सबै राजाहरू पर्वतहरूमा मैनाक जस्तै सानो भएर मैथिल (राजा जनक)-लाई कर दिनेछन्। जस्तै साँडेको सामुमा बाछाहरू हुन्छन् अथवा देवताहरूमा जस्तै इन्द्र, नदीहरूमा गङ्गा, त्यस्तै राजाहरूमा तिमी एउटै छौ। त्यो बन्दीलाई मेरो छेउमा ल्याओ। यद्यपि यी श्लोकहरूको टीका लेखनमा नीलकण्ठ मौन छन्। तथापि अष्टावक्रको भनाइ-अनुसार नेपालको राजाहरूमाथि राजा जनकको प्रभाव थियो भन्ने इतिहास प्रष्टसँग बुझिन्छ।

किरातराजा सुमना

किरातराजा सुमनाको उल्लेख निक्कै ऐतिहासिक ढङ्गले लेखिएको छ। म० भा० स० प० ९।१३ मा 'सुहनुर्दुमुखः शङ्खः सुमना' भनेर लेखेको पाइन्छ।

राक्षस घटोत्कच

'धृष्टकेतुश्च समरे राक्षसश्च घटोत्कचः' म० भा० भी० प० ६८।९ मा उल्लेख राक्षस भनेर गरिएको छ। यो राक्षस उपाधि त्यस बेला प्रचलित थियो र आधुनिक समयमा जस्तो अर्थ लिइँदैन थियो भन्ने बुझिन्छ। किनभने यी उपाधिहरू सगौरव लेखिएको देखिन्छ।

अलंबल कौरवपक्षमा थियो

अलंवल पनि धेरै शक्तिशाली वीर थिए। म० भा० द्रो० प० १४९।१०, २३ मा यो इतिहास छ। अलंबलले घटोत्कचलाई पृथिवीमा गिराए। फेरि घटले अलंबललाई मारेका छन्। घटको 'सारथि' विरूपाक्ष थियो। यसरी राजनीतिमा किरात-किरातमै मारामार भयो। अर्को इतिहास के छ भने नेपालका प्रथम राजा 'यलम्बर' नै अलंबल हो कि? तर यो शोधखोजको विषय छ। जितेन्द्रदष्टीको उल्लेख महाभारतमा छ भन्ने उल्लेख राइट आदिले गरेको छ। तर त्यो नाम भने महाभारतमा भेट्टाइएन। भविष्यमा भेट्टिएछ भने मानौंला।

'इतिहास' शब्दको उल्लेख

'इतिहास' शब्द आधुनिक युगमा मात्र होइन, अपितु प्राचीनकालमा पनि उत्तिकै महत्त्वपूर्ण सामाजिक अङ्ग मानेर पढाइने गरिन्थ्यो। त्यसैले वैदिक र लौकिक दुवै वाङ्मयमा 'इतिहास' शब्दको उल्लेख भएको छ। इतिहासको अर्थ 'इति = इत्थं प्रकारेण, ह = निश्चयेन वा प्रसिद्धरूपेण, आस = वभूवेतीहासः' जो उक्त प्रकारले निश्चितरूपले भएको थियो, त्यसलाई इतिहास भनिन्छ। त्यस इतिहासको उल्लेख

अथर्ववेद १५।६।४
शतपथब्राह्मण १३।४।३,१२,१३; ११।५,६; ८।७।९
जैमिनिब्राह्मण १।५३
वृहद्दारण्योपनिषद् २।४।१०,४।१।२, ५।११
छान्दोग्योपनिषद् ३।४।१,२।७।१,२।४।२,१।७।१
शांख्यायनश्रोतसूत्र १६।२,२१।२७,
गोपथब्राह्मण १।१०
तैतिरीयारण्यक २।९,

आदि वैदिक र लौकिक ग्रन्थहरूमा भएको पाइन्छ।

वृत्रासुर र इन्द्रको लडाइँ

इन्द्र ऋग्वेदकालिक देवता र राजाहरूमा शक्तिशाली थिए भने वृत्रासुर पनि उत्तिक्कै शक्तिशाली र इन्द्रका प्रतिद्वन्द्वी थिए। वृत्रासुर र इन्द्रमा प्रायः ऋग्वेदभित्र पद-पदमा युद्धको वर्णन भएको देखिन्छ। यहाँ अरू दृष्टिले नहेरेर ऐतिहासिक दृष्टिले हेर्दा वृत्रासुर एउटा शक्तिशाली असुरको रूपमा देखिन्छन्। साथै वृत्रासुर पनि राजै थिए। वृत्रासुरको सबैभन्दा ठूलो शक्ति जललाई रोक्नु थियो। इन्द्र र वृत्रासुरको लडाइँ यसैमा भइरहन्थ्यो। 'असुर' शब्द यहाँ उपाधिवाचक भएको हुनाले 'वृत्र' पनि कुनै 'असुर' उपाधिधारी किरातै थिए भन्ने बुझिन्छ। यसबारे निरन्तर शोधखोज भइराखेको छ। भविष्यमा निचोड अवश्य निक्लनेछ।

अश्विनकुमार :

यी विश्वका सबैभन्दा प्रथम डाक्टर हुन्। यो मैले 'प्राचीन हिन्दू-विज्ञान' भन्ने ग्रन्थमा लेखिसकेको छु। यिनका सबैभन्दा प्रिय भक्त तुग्रो र भुज्यु थिए। यिनीहरू विश्वको सर्वप्रथम चिरफार गर्ने डाक्टर थिए। यिनले मधुविद्याचार्य दध्यङ ऋषिको शिर काटेर घोडाको शिर जोडेका थिए। यसै प्रकारले च्यवन ऋषिको वृद्ध शरीरलाई युवा बनाएका थिए। यिनीहरूको वर्णन पढ्दा किरातकुलका प्रतीत हुन्छन्। यसबारे पनि निरन्तर खोज भैरहेको छ।

किरात-संस्कारको अनुसार पूजा

कुमाऊँ र गढवालमा ई० सं० १८ तथा १९ शताब्दीसम्म पनि किरात-संस्कारको अनुसारै अनावृष्टिमा पूजा गरिन्थ्यो। यस पूजाको लागि कुमाऊँ र गढवाल दुवै देशमा 'वादी' जातिका मान्छे उपयोगमा ल्याउँथे। कु० इ० पृ० ३०३ देखि ३०५ सम्म हेर्नुहोस्। तर लेखक स्वयं दश वर्षसम्म गढवाल र कुमाऊँमा बसेको हो। अब त्यो विकृतरूपमा छ। यद्यपि यमुनादत्त वैष्णवले 'कुमाऊका इतिहास, नैनीताल, प्रकाशित १९७७'मा निकै चर्चा गरेको छ। तथापि त्यो पूजाविधि संस्कारचाहिँ अनुसन्धेय छ। परन्तु किरात तङ्गणकिरातहरूले सयकडौं वर्ष राज्य भने अवश्य गरेका थिए।

किरातमण्डल तथा किरातवर्ष

'पूर्व काल में सम्पूर्ण दक्षिण एशिया तक विस्तृत हिमालय का पर्वतीय क्षेत्र किरातमण्डल या किरातवर्ष कहा जाता था। चन्दराजा किरातीचन्द ने बोहरों (बोरा) और खेडौं (कँडा) की सहायता से इन (कुमाऊ गढवाल) के घाटियों पर अधिकार किया और अनेक किरातलोग विस्थापित होकर पहाडों के अन्तराल में चले गये' (कु० इ० पृ० ३०३ देखि ३०४ सम्म)। यस इतिहासले के बुझाउँछ भने चन्दहरू पनि किरातै थिए। नत्र चन्दराजा किरातीचन्द कसरी किरातीचन्द भए ? यहाँ पनि किरातहरूकै आपसमा फुट परेको देखिन्छ।

किरातभूमि

यमुनादेखि शारदासम्म एक समयमा किरातहरूको निवास थियो।

राहुलले 'कुमाऊ' भन्ने ग्रन्थको पृ० नं० २६ मा टाल्मीले लेखेको छ भन्दै प्रमाण प्रस्तुत गर्दा 'ग्रीक इतिहासकारों ने यमुना से शारदा तक के प्रदेशको किरातों का निवास या तङ्गण देश कहा है।' (कु० इ० पृ० ८५) यसमा ग्रीक विद्वान् टाल्मीको उदाहरण व्यापकरूपमा दिएको छ। टाल्मी ईसापूर्वक ग्रीक इतिहासकार भएको हुनाले किरात या तङ्गणकिरातहरूको प्रदेशवारे विशेष खोजी गरेको हुनु सक्छ।

किन्नर-किरात

आज पनि हिमाचल प्रदेश किन्नर-किरातहरूकै प्रदेश 'किनोरे' को रूपमा प्रसिद्ध छ। यद्यपि आज किनोरीहरूले आफूलाई किरात भन्न बिर्सेका छन्। तर यी हुन् किरातै। राहुल सांकृत्यायनले किन्नर-किरातहरूको बारेमा राम्रै कलम चलाएको छ। कुमाऊ पृ० नं० २० मा किन्नर-किरातहरूको विश्लेषण गरेको छ।

शककिरात

टालेमी (टोलेमी) प्रसिद्ध ग्रीकवासी लेखक थिए। यिनले लेखेको इतिहासका प्रसङ्गहरू यत्र तत्र विद्वान्हरूले उद्धृत गरेको पाइन्छ। यस्तै मणिपुर इम्फाल विश्वविद्यालयका प्रोफेसर जी० पी० सिंहले पनि टालेमीको लेख उद्धृत गरेका छन्। टालेमीले किरातहरूलाई 'शक'[1] वंशका हुन् भनेर लेखेका छन्। परन्तु जी० पी० सिंहले टालेमीको खोज गलत[2] छ भनेका छन्। वास्तविक रूपमा हेर्ने हो भने शकहरू किरातक्षत्रिय हुन्। बुद्ध स्वयं इक्ष्वाकुकुलमणि शाक्यवंशीय किरातक्षत्रिय थिए। यो अवश्य छ कि 'किरात' शब्द बदनाम र अपमानित हुँदै गयो। सहन गर्न नसक्ने किरातहरूले 'किरात' शब्द लेख्नु बोल्नु छोड्दै गए। जस्तै वर्तमानकालिक 'ब्राह्मण' अथवा 'बाहुन' शब्द अपमानित र तिरस्कृत हुँदै जाँदैछ। आफूलाई 'म ब्राह्मण' अथवा 'बाहुन हुँ' भन्न अपमानित अथवा हीन-भावना भएको हुनाले शर्मा र उपाध्याय जुन कुनै बाहुनहरूले लेख्न लेखाउन र भन्न भनाउन रुचाउँछन्। दोस्रो नम्वरमा 'थर' को प्रयोग गर्छन्। यस्तै 'गुरु' शब्द पनि देखिन्छ। यस्तै 'आमा' 'बाबु' शब्दहरू पनि हीन-भावनाका भइसकेका छन्। छोराछोरीले 'आमा' भनेर पुकारे भने आमाले आफूलाई अपमानित सम्झेर 'मम्मी' भन्ने उपदेश गरेको सुनिन्छ। 'पिता, बुवा, बाबु' आदि शब्दले अपमानित भएर 'डेड्डी' शब्दले सम्मानित हुनु पुगेका छन्। यस्तै 'गुरु' शब्द सानो मानिने भएको हुनाले आफूलाई 'सर्' भनी पुकारे सम्मानित सम्झने गर्छन्। परन्तु यी ब्राह्मण वा बाहुनै हुन्। माता, पिता, गुरु नै हुन्। यस्तै शकहरू पनि किरातै थिए। तर केही कारणवश 'किरात' शब्दले पोल्यो होला, त्यसैले लेख्न बोल्न छोडे। यो त सहस्रौं वर्ष पुरानो इतिहास भयो। तर पाँच-सात सय वर्ष यताको इतिहास कोट्याएर हेर्दा मगर, गुरुङ,

---

1. 'Karatai with a trita of 'Saka' rece in east of Sogdiana' (Mc Crindli O. P. Cit. P. 35)
2. Kirat in ancient India, P. 124

तामाङ, नेवार आदि किरातै हुन्, तर 'किरात' लेख्न बोल्न बिर्से। कुनै कारणवश यिनीहरूमा पनि हीनभावना जागृत भयो होला। केवल राई र लिम्बूले मात्र आफूलाई किरात भन्न बिर्सेका छैनन्। यस्तै शकहरू पनि थिए।

इण्डियाबाट पसेका किरातहरू

डी० आर० रेग्मीले सिलवल लेवीको उद्धरण दिँदै 'धेरै पहिले किरात इण्डियाबाट[1] नेपाल पसेका हुन्' भनेर लेखेका छन्। सम्पूर्ण आर्यावर्त नै किरातहरूको उद्गमन भूमि भएको हुनाले तथा काशी, काश्यप आदि गोत्रहरू भएको हुनाले किरातहरूले आर्यावर्तभित्रै आउनु जानु कुनै ठूलो कुरो होइन। तर पाश्चात्य अन्धानुकरण गरेर किरातहरूलाई मङ्गोलियाबाट आएका भत्तुवा बनाउनुचाहिँ ठीक होइन।

मत्स्यपुराणको भूगोल

तान् देशान् प्लावयन्तिस्म म्लेच्छप्रायांश्च सर्वशः।
सशैलान् कुकुरान् शैंध्रान् बरबरान् यवनान् खसान्। (मत्स्य पु० २।५२।४३)
पाञ्चालान् कौशिकान् मत्स्यान् मागधान् तथैव च।
किरातांश्च पुलिन्दांश्च कुरून् वै भरतानपि। (मत्स्य पु० ४९।५०)

उपर्युक्त मत्स्यपुराणका भौगोलिक प्रमाण प्रस्तुत गर्नुभन्दा पूर्व 'म्लेच्छप्रायांश्च सर्वशः' शब्दलाई ध्यान दिनु आवश्यक छ। अर्थात् यी श्लोकहरूमा गनाइएका प्रायः सबै नै किरात 'म्लेच्छ' हुन् भन्ने अर्थ बुझाउँछ। सशैल = पर्वतीय, कुकुर, बरबर, पुलिन्द, म्लेच्छ यी त निश्चितै किरात हुन् तर अरू देशवासीहरूमा पनि किरातहरू थिए। त्यसैले 'म्लेच्छ प्रायः' भन्ने शब्द प्रयोग भएको हो।

किरातमुद्राहरू

कुणिन्दराजा अमोघभूतिको मुद्राको उल्लेख 'कुमाऊ का इतिहास, पृ० नं० १२६' मा गरेको छ। किरातमुद्रा भनेर छुट्याउन सकेको छैन। अरूले पनि छुट्याउने प्रयास गरेकै छैन।

घटोत्कचको राज्य

घटोत्कच केवल राक्षस मात्रै भनिएका वीरपुरुष होइनन्; आफ्नो समयको शक्तिशाली वीर किरातशासक थिए। महाभारतको युद्ध कुरुक्षेत्रमा हुँदा घटोत्कच मारिए तर आफ्नो देशको शासनक्षेत्रमा उनी देवतासमान पुजिन थाले। त्यसैले घटोत्कचको मन्दिर काली कुमाऊँको चम्पावतदेखि एक मईलपूर्व पुनगाड = फुंगर भन्ने ठाउँमा आजसम्म पनि छँदैछ। नेपालको महाकाली अञ्चलको बैतडी जिल्ला तथा महेन्द्रनगर आदिमा पनि घटोत्कच = घटालको मन्दिर छन्। साथै त्यसमा घटोत्कचको मूर्ति राखेर पूजा गर्छन्। यो इतिहास यमुनादास वैष्णवले पनि (कुमाऊको इतिहास, पृ० नं० १३१) लेखेका छन्। यी प्रमाणहरूले के बुझिन्छ भनेदेखि महाभारतकालमा घटोत्कचको राज्यशासन समस्त कुमाऊँदेखि लिएर आजको नेपालको महाकाली अञ्चलसम्म थियो। तर घटोत्कचको आमा हिडिम्बाको मन्दिर भने वर्तमान हिमाचल प्रदेशको जिल्ला कुलूको मैनाली (मन्वालय) भन्ने ठाउँमा छ। घटोत्कचको मामा हिडिम्बको शासनचाहिँ आजको आसाम र नागालेण्डको सीमामा 'डिमापुर' भन्ने ठाउँमा थियो। हिडिम्बाको माइती दुवैतिर थिए कि ?

असुरहरू नै ज्येष्ठ थिए

प्रजापति परमात्माका दुइभाइ छोरा थिए। ती देवता र असुर थिए। तीमध्ये कान्छा देवता थिए। असुरहरू जेठा थिए। आपसमा प्रतिस्पर्धा गर्थे।
(श० प० ब्रा० उ० भा० बृ० उ० १।३।१)

---

[1] The Kirat are from a long date a name familiar to India. (Ancient Nepal, P. 21–33)

सर्वभन्दा पहिले यज्ञ असुरहरूले नै गरेका थिए। त्यसैले 'असुरेषु वै एषोऽग्रे यज्ञ आसीत्। स देवान् उपप्रेत' (श० प० ब्रा० १२।९।३।७) भनेर लेखेको छ। प्रह्लादादि असुर थिए। यिनैले वर्णाश्रम-भेद गरेका हुन्। त्यसैले 'प्रह्लादादिर्वै कपिलो नाम असुर आस। स एतान् भेदान् (वर्णाश्रमभेदान्) चकार' भनेर बौ० ध० सू० २।१२।३० मा लेखेको पाइन्छ। त्यसैले भन्न सकिन्छ कि सर्वप्रथम वर्णाश्रमका संस्थापक पनि असुरहरू नै थिए। तर साथै भगवान् कृष्णले भन्नुभएको चातुर्वण्यसँग विरोध पनि देखिन्छ। ऋग्वेदकालमा त ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र शब्द देखिए पनि वर्णाश्रम जातिभेद जन्मिएकै थिएन।

किरातबोलीमा भएका सञ्ज्ञावाचक शब्द र त्यसको अर्थ

वालिङ् = रोलवालिङ = वलेसोको रेखा (ठाउँको नाम)
लाङटाङ् = बाटोको सिरान = खुट्टापट्टि (हिमालयको नाम)
मनसलु = माङ्सेली = देवनाच नचाउने ठाउँ (हिमालयको नाम)
मकालु = मोकोलो = 'त्यो त' भन्ने अर्थ हुन्छ (हिमालयको नाम)
नाम्पि = नाम पिता = घाम अस्तायो·····…·····(हिमालयको नाम)
मिचा = आगो पानी = च्याउ (ठाउँको नाम)
जुमला = 'जाउँ' भन्ने अर्थ हुन्छ (················)
हुमला = बाटोमा ओड्ने (················)
डोल्पा = डोट्पा = पितासँग मानेको ठाउँ (················)
मुगु = मुङ्को = मैले गरेको हो (················)
मुस्ताङ = मुक्टाङ् = मालिङ्गोको बोट (················)
केरुङ् = सागसब्जीको नाम (················)
नामचि = नाम चिउ = धेरै घाम लाग्ने ठाउँ (················)
मनाङ् = मुना या आङ् = मान्छे छ (················)
खिम्बु = राजाको नाम (················)
बलम्बु = राजाको नाम (················)
ओलाङ्चोङ् = ओ लाम चोङ् = यस बाटोमाथि
पालुङ् = पा इम्सा ओ लुङ्टा = पिता सुतेको अथवा बसेको ढुङ्गा
खिमलासा = विलासपुर जनपद मध्यप्रदेश भारत।

'खिमलासा' शब्दको अर्थ वान्तवाबोलीमा 'घर फर्क्यो' भन्ने हुन्छ।

शाके दशौं शताब्दीदेखि १८ शताब्दीसम्मको राईहरूको नाम

बलीराज राई
हर्कवली राई
} टेहरी गढवाल राजदरवारको अप्रकाशित पुस्तक 'काशिकावृत्ति' बाट लिएको हो।

जलै राई
थलै राई
नभै राई
} जय दमाईको सङ्कलनबाट महाकाली अञ्चल जि० दार्चुलाको तल्लोमर्मा बगरगाउँबाट लिएको हो।

जिल राय = राई
अजिल राय = राई
राजस्थानबाट आएका हुन् भनेर लेखेका छन् ।

टटुवा राई = तत्त्व राई
याङदुवा राई
पोना राई = पूर्ण राई
कन्दङ्वा वंशावलीको आधारमा

नामित राई = नमिता राई
मुगाम राई = मूलग्राम राई
चन राई = चन्द्र राई
खन राई = खगेन्द्र राई
सीन राई = सीमा राई
ताल राई

कोचे किरातहरू पनि राई नै थिए

राज राई = राजा राई
ओम् राई
पाना राई = प्राण राई
क्याव राई
लाङभो राई
मिफोन राई
कोच किरात परिचयबाट

विचित्र राई
विश्वासचन्द्र राई
अगमसिंह राई
बुद्धिकर्ण राई
पुरानो कागजपत्रका आधारमा लेखिएको हो ।

यसरी रिसर्च गरेर हेर्दा शुद्ध संस्कृतमा राखेका नाम अशिक्षाले गर्दा उच्चारण बिग्रयो । त्यसैले नामहरूमा तद्भव र अपभ्रंस हुन गएका हुन् । केही व्यक्तिले राजनैतिक असूयामा लागेर परिवर्तन गरेको पनि हुन सक्छ ।

प्राचीन किरातहरूको जाति तथा गोत्र

आटव्य
आत्रेय
आश्मक
भारद्वाज
पुष्कल
कसेरु
लम्पक
शलकार
चुलिक
जागुड
पुलिन्द
टङ्गण
शवर
मूतिव
पुड्र
उत्तरकुरु
शूद्रजनपद
शक
स्तनपायी
तुषार
कुन्तल
कौलेय
सिराल
सुराल
आनर्त
सुर्पकारक
कोलवन
कालितक
तुम्बुरु
तुमुरु

औषध्य
चालिमद्र
चालिभद्र
चानिमद्र
अपगा
म्लेच्छ

बर्बर
कुलुत
मल्ल
ताम्रलिप्तक
कुल्य

तामर
चीन
हूण
पालचाल
यौधेय

प्राचीन किरातराजाहरूको नाम

शिग्रु
यक्षु
शम्बर
द्रुह्यु
वर्चिन्
चुमुरि
धुनि
पिप्रु
तुग्रो
स्यापर्ण
सायकायण
शूरपार्क
उपकृत
डण्डक

भगदत्त
नीलाम्बुद
नीलराज
सुबाहु
सुमना
कुणिन्द
युयुत्सु
शाल्व
शूकराधिपति
बुद्धिक्षमा
पुरुषादक
किराती युवति
घटक
द्वैतवनको किरातराजा

सुशर्मा
अमोघभूति
कनिष्क
हुविष्क
बलभूति
धनभूति
वासुदेव
अग्रराज
वृद्धपाल
द्वितीय धनभूति
शीलवर्मा
पद्मनाभ
महाभूतिवर्मा
पर्व (पर्वतक)

प्राचीन किरातहरूले शासन गरेका देश

कलिङ्ग
आटव्य
विन्ध्य
वैधर्म
आश्मक
कुन्तल
कुलेय
सिराल
दुर्ग
मेकल
उत्कल
दशार्ण

निषध
अनूपद्वीप
सुबाहु विषय
त्रिगर्त
कुशप्रावर्ण
ऊर्णकिरात
त्रिपुरा
मणिपुर
प्राग्ज्योतिषपुर
कुचविहार
इन्द्रकील

काशी
जालन्धर
बदरिवन
रामवन
काश्मिरक
किलहात
किरातकूप (किराट्ट)
श्रीहट्ट
आराकान
सिन्धु
रावी

नेपालको ग्रामसंख्या

नेपाल हिमालयको काखमा बस्ने देशहरूमध्ये एक हो । तीमध्ये पनि आर्यावर्तमा पर्ने हिमालय पाँच खण्डमा विभक्त छन् । त्यसैले स्कन्दपुराणको केदारखण्डमा भनिएको छ ।

‘खण्डाः पञ्च हिमालयस्य कथिता नेपालकूर्माचलौ ।
केदारश्च जलन्धरोऽथ रुचिरः काश्मीरसञ्ज्ञोऽन्तिमः ॥’

नेपाल, कुमाऊँ, गढवाल, हिमाचल, काश्मीर यी पाँच खण्ड लहरै छन् । यिनका भौगोलिक वातावरण पनि एकनास छ । यीमध्ये वर्तमान नेपालमा चौध अञ्चलमा विभक्त गरेपछि ७५ जिल्लामा विभाजन गरेको छ भने जिल्लाभित्र गाउँपञ्चायत र नगरपञ्चायतको रूपमा विभाजन गरिएको छ । ऐले नेपालमा चार हजार बाह्र ग्रामपञ्चायत तथा छत्तीस हजार गाउँ मालमा दर्ता भएको छ भने तेत्तीस नगरपञ्चायत छन् ।

पाश्चात्य शिक्षानीति

पाश्चात्यहरूमा सबैभन्दा विषाक्त नीति लर्ड मैकालेको थियो । यस नीतिले राज्य गर्दा भारतलाई पनि ऐया अत्था पाऱ्यो भने छिमेकी मित्रराष्ट्र नेपाललाई त यसको गन्धैले मूर्छा पाऱ्यो । भारतको कलकत्तामा तात्कालिक अंग्रेजी सत्ताको शिक्षानीति सुधार्नुलाई पठाइएका लर्ड मैकालेले प्रायः सबैको दिमाग खलवल्याएका थिए । तल हेर्नुहोस् । ई० सं० १८३६ मा आफ्नो कुटिल योजना सफल भएको देखेपछि मैकालेले आफ्नो पितालाई पत्र लेखेका थिए । त्यस पत्रको केही अंश यस्तो थियो—

‘It is my own belief that if our plans of education are followed up, there will not be a single idolotor among the respectable classes in Bengal, thirty years hence’.

(‘भारत में भयङ्कर ईसाई षडयन्त्र’, पृ० १६ । विज्ञपाठकवाचकवृन्दले उपर्युक्त पङ्क्तिहरूको शब्दार्थ र भावार्थ आफैं लगाएर हेर्नुहोस् ।)

परन्तु तुरुन्तै ढिलो नगरीकन लर्ड मैकाले र लार्ड विलियम बैंटिकको शिक्षानीतिको विरोधमा ब्राईन हजसनले यसरी लेखेका थिए । यी पंक्तिहरू पनि मनन गर्न योग्य देखिन्छ ।

‘The policy of education in English could produce only on unemployable host of grandiloquent grumbless, young parrots possessed of a poor and mimicked semblance of our own peculiar knowledge’.

यद्यपि हजसनको नीति पनि ‘खाने दाँत र देखाउने दाँत’ भए जस्तै पनि हुनु सक्छ तर ‘यङ पेरोड’ आदि शब्द आफ्नो ठाउँमा महत्त्वपूर्ण देखिन्छ । तर अधिकारपूर्ण सत्तामा पुगेपछि त्यसको प्रभाव र अस्तित्व अर्कै हुन्छ । लर्ड विलियम र मैकालेमा सत्तारूपी हत्यार थिए । त्यही ब्रह्मास्त्र भए । त्यसैले हजसनको विरोधको केही माने रहेन । त पनि इतिहासको पानामा आज पनि विपक्षको रूपमा हजसन उभिएकै देखिन्छ । तर जसो गरेर भए पनि ईसाईमत प्रचार गर्ने उद्देश्य पाश्चात्यहरूको थियो र ऐले पनि छँदैछ । यसमा सन्देहको अवसर छैन ।

किरातकालिक शिक्षा

प्राचीन किरातकालमा शिक्षाको प्रचार पर्याप्त मात्रामा थियो भन्ने इतिहासं निम्नप्रमाणहरूले प्रष्ट बुझिन्छ । प्राचीनकालका किरातहरू शिक्षित नभए उसको इतिहासै लेखिने थिएन । ‘अङ्कारं पृच्छामः·····कि स्थानानुप्रदानकरणं शिक्षुकाः किमुच्चारयन्ति’ (गो० ब्रा० १।२४, १।२७) (ऐ० आ० ३।५।५) (शां० आ० ८।८) (मु० उ० १।५) (तै० उ० शि०·······) (छा० उ०········) (निरुक्त १।२०) आदिमा शिक्षाको महत्त्व र शिक्षाबारे पर्याप्त प्रकाश परेको छ । अतएव प्राचीनकालमा शिक्षा थिएन भन्नु अबूझ कुरा हो ।

'राई' कसरी भए ?

'राई' शब्दमा विचार गर्दा 'रै=सम्पत्तौ' धातुबाट बनेको देखिन्छ। राः, रायौ, रायः इत्यादि प्रकारले रूप चल्छ। यो 'राय' शब्द अपभ्रंश भएर पछि 'राई' हुन गएको हो। यो धनिक वाचक 'राय' शब्द 'राई' भएपछि पनि राजालाई पनि सम्बोधन गर्ने गरिन्थे। काठमाण्डौ पश्चिमतिरका राजाहरूलाई 'राई' शब्दले पुकारिने हुँदा स्वर्णपत्र, ताम्रपत्र आदिमा 'राईको आदेश' भन्ने वाक्य लेखिएका हुन्। परन्तु किरातहरू प्राचीनकालमा धेरै धनिक थिए। त्यसैले किरातहरूलाई 'राय' शब्दले पुकारिन्थे। जुन बेला किरातहरू जाँड, रक्सीको दुर्व्यसनमा थिएन। त्यसै बेला 'राय' भएका थिए। त्यै शब्द बिग्रेर 'राई' हुन पुग्यो।

यौधेयकिरातहरू

'यौधेय' शब्दको अर्थ युद्ध गरेर अथवा हत्यार चलाएर जीविका गर्ने जाति हो। त्यसैले 'यौधेया आयुधजीविनः क्षत्रियाः' भनेर उल्लेख गरेको पाइन्छ। यौधेयहरूको उल्लेख महर्षि पाणिनिले पनि गरेको छ। तर यी यौधेयहरू किरातक्षत्रिय नै थिए, किनभने शस्त्रास्त्र चलाएर जीविका गर्ने इतिहास एक मात्र किरातहरूकै हो। तर कसैले पनि यौधेयहरू किरात थिए भनेर लेखेका छैनन्। तथापि यौधेयहरू पर्वतीय थिए भनेर निकैले लेखेका छन्। त्यतिखेर सम्पूर्ण हिमालयभेकमा किरातहरूकै बसोबास र राज्य-शासन थियो। त्यस बेला किरातहरूको एक शाखा पूराका पूरा यौधेय कहलाउन थाले। यसको उल्लेख डी० वी० महाजनले प्रा० भा० इ० पृ० नं० ४२८ मा गरेको छ।

कुणिन्दराज अमोघभूति

'कुणिन्द' व्यक्तिको नाम होइन अपितु देशविशेषको नाम हो। डी० वी० महाजनले प्रा० भा० इ० पृ० ४२९ मा यमुना र सतलजको बीचको भूमिमा अमोघभूतिले शासन गर्थे भनेर लेखेको छ। साथै 'कुणिन्द' गणराज्य थियो भनेर लेखेको छ। कुणिन्दप्रदेशमा किरातराजा अमोघभूतिको राज्यशासन थियो। अमोघभूतिको धेरै मुद्राहरू पाइएका छन्।

आटविक किरातहरू

'आटविक' शब्दको अर्थ जङ्गलमा ज्यादै वस्तु मन पराउने अथवा वन-जङ्गल प्रशस्त लगाएर बसोबास गर्ने जाति हो। 'अटवि'=शब्द वन-जङ्गलको वाचक हो। 'अटवि' शब्दबाट 'आटविक' शब्द बनेको हो। आटविकहरूलाई पनि किरातै भनेका छन्। कतै कोल, भील, पुलिन्द आदिलाई आटविक उल्लेख गरेको पाइन्छ। तर यी पनि किरातहरूकै शाखा प्रशाखा किरातै थिए। किरातै हुन्।

ललितशूरको ताम्रपत्र

किरात-इतिहासको शोधखोज गर्दै जाँदा वर्तमान गढवालको जिल्ला चमोलीभित्र पर्ने जोशीमठ र बदरीनाथको बीचमा पर्ने प्रसिद्ध तीर्थस्थान 'पाण्डुकेश्वर' भगवान् शिवको मन्दिर हो। यो मन्दिर त्यस जमानोमा पनि गजबले बनाएका छन्। आजको वैज्ञानिकहरूलाई खुला चाइलेञ्ज दिने 'पाण्डुकेश्वर' मन्दिरमा ललितशूर वा ललितासुरको पुरानो ताम्रपत्र प्राप्त भएको छ। त्यो ताम्रपत्र देखासेखीमा कोनि अरूले छपाएका छन् कि छैनन् कि ? तर राहुलले आफ्नै 'कुमाऊ' भन्ने ग्रन्थको पृ० नं० ४० मा छापेर प्रकाशित गरेको छ। ताम्रपत्रको भाषा संस्कृत छ। त्यसमा पनि प्रौढ पाण्डित्यपूर्ण गद्यशैलीमा लेखिएको 'ताम्रपत्र' छ। त्यहाँ एउटा पंक्तिमा—

'अष्टादशप्रकृत्यधिष्ठानीयान् खशकिरातद्रविडकलिङ्गगौडहूणोद्रभेदान्ध्रचाण्डालपर्यन्तान्······'

भनेर लेखेको देखिन्छ। यस ताम्रपत्रलाई वि० सं० छैटौं शताब्दीको हो भनेका छन्। यस प्रमाणले के प्रष्ट पारेको छ

भने त्यतिखेर अर्थात् छैटौं शताब्दीतिर ललितशूरको शासन रहेछ भन्ने बुझिन्छ । 'ललितशूर' आफैं किरात भएर पनि राजनैतिक स्वार्थले होला 'किरात' लेखेनन् । ताम्रपत्रमा खस = खशपछि किरात लेखेको देखिन्छ ।

नागवंशका किरातहरू

नागवंशी किरातमहाराजहरूको इतिहास पैल्याउँदा गोमी, ब्रह्ममित्र, दृढमित्र, सूर्यमित्र, विष्णुमित्र आदिका ईसापूर्व प्रथम शताब्दीका मुद्राहरू प्राप्त भएका छन् । महाराज भीमनाग, स्कन्दनाग, बृहस्पतिनाग, देवनाग आदिका पनि मुद्राहरू प्राप्त भएका छन् । यी नागवंशका किरातहरूमध्ये विभुनाग विशेष उल्लेखनीय रहेको छ । परन्तु यस्ता नागवंशी किरातहरू आफूलाई किरात भन्नै बिर्सेर इतिहासविहीन भएर लखेटिँदै जाँदा आजको नागालेण्डसम्म पुगेका छन् । ती अट्ठार प्रकारका नागाहरूको रूपमा विभक्त भएका छन् । त्यहाँ एक थरी नागा मन्त्रीमण्डल चलाएर शासन गर्ने छन् भने कैयौं नागाहरू अर्धजंगली र जंगली अवस्थामा पनि भेटिन्छन् । ती नागाहरूले आफ्नो यताको संस्कृति सुरक्षित जोगाएर लान सकेनन् जस्तो लाग्छ । यद्यपि नागालेण्ड र मणिपुरमा विभिन्न भागमा व्यापकरूपमा फैलिएर बसेका छन् । धेरैंजसो प्रलोभनमा र कैयौं परिस्थितिवश ईसाई हुन पुगेका छन् । तर प्रा० भा० इ० पृ० नं० ४२० मा डी० वी० महाजन आदिले नागवंशी राजाहरूको मात्रै उल्लेख गरेका छन् । तर भारतको विभिन्न प्रान्तहरूमा नागवंशी किरातहरू फैलिएका थिए ।

काले राईको वंशवृक्ष


बुद्धिकर्ण
रामकर्ण
भीमकर्ण
श्रीकर्ण
चतुर्मन
वाजवीर (जेठा)
गन्जधन
आँडवीर (माइला)
वीरकर्ण
टीकावीर
(सानैमा मरे अ.)
कालोपोथी
गोठू राई
चुण्ठे राई
(सानैमा मरे अ.)
धम्बे राई
(सानैमा मरे)
काले राई
भन्ने
जोरवीर (अ.)
सिंहवीर राई
मदनबहादुर राई
पण्डुलाल
दूधकुमार

डा० स्वामी प्रपन्नाचार्य

नाम्पीछा दोवाली चामलिङहरू वर्तमान मेची अञ्चल जिल्ला पाँचथर लालीखर्क बरडाँडा गाउँमा सर्वप्रथम बसोबास गर्न पुग्ने बुद्धिकर्ण राई थिए। बुद्धिकर्ण राई वर्तमान सगरमाथा अंचलको खोटाङ जिल्लाको दिक्तेल सदरमुकामको नजीक दोवेला भन्ने गाउँबाट गएका थिए। तर बरडाँडे दोवालीछा राईहरूलाई वाजवीरबाट मात्रै थाहा भएको देखिन्छ। वाजवीर भन्ने पनि कसैकसैको मुखमा मात्रै छ। यता बुद्धिकर्णका पिताको नाम के थियो त्यो थाहा पाउन सकिएन। बुद्धिकर्ण राईदेखि लिएर काले राईसम्मचाहिँ बाबु-छोरा नै छन्। वर्तमान समयमा बरडाँडा गाउँमा नाम्पीछा दोवाली चामलिङहरू वंशको दृष्टिले राम्ररी फलेफुलेको देखिन्छ। तर आर्थिक र शिक्षाको दृष्टिमा चाहिं कुनै उन्नति गर्नुसकेका छैनन्। दोवालीछाहरू नाम्पीछा, धिलुङ्छा, दिलुङ्छा, तेसरौंछा आदि भेदले अनेक पाछाका छन्। त्यसैले पाछा छुट्याएर दोवालीछाभित्रै पनि बिहावारी चलेको देखिन्छ। वाजवीरका तीनभाइ छोरा थिए। जेठा गञ्जधन, माहिला आँडवीर र कान्छा वीरकर्ण थिए। जेठा भारतको सिलगढीतिर गएर बसे। अहिलेसम्म उनको वंशको पत्ता छैन। आँडवीर र वीरकर्ण पाँचथर बरडाँडा लालिखर्कमा बसे। आँडवीरका पनि पाँचभाइ छोरा थिए। जेठा टीकावीर, माहिला सानैमा मरे, साहिला कालोपोथी, काहिला गोठू राई र कान्छा चुण्ठे राई। जेठा टीकावीरका सन्तान च्याङथापुमा छन्। कालोपोथी, गोठू राई, चुण्ठे राईका सन्तान बरडाँडा सल्लाबोटे, दुदिले बोटे, धारापानी आदिमा व्याप्त भएर नेपालबाहिर नागालेण्ड आदितिर पनि छरपस्टिन पुगेका छन्। कालोपोथीका छोरा मनवीर तथा मनवीरको छोरा प्रेम राई र दाजु जेठा छन्। दुवैका सन्तान छन्। गोठू राईका तीनभाइ छोरामध्ये जेठा र कान्छा सानैमा खसे। माहिला धम्वे राईका भने छभाइ छोरा र पाँचबहिनी छोरी भए। तीमध्ये माहिला छोराको स्वर्गवास भयो। बाँकी अरू सबै बाँचेकै छन्। जेठा काले राई (श्री हयग्रीवरामानुजदास डा० स्वामी रामकृष्ण प्रपन्नाचार्य, वेदान्ताचार्य, पीएच० डी०, व्याख्यान वाचस्पति, शास्त्रार्थ महारथ) हो। साहिला सिंहवीर, काहिला सब-इन्स्पेक्टर मदनबहादुर राई, अन्तरे पण्डुलाल राई तथा कान्छा दूधकुमार राईका सन्तानहरू छन्।

यसै प्रकारले सबै बैनीहरू र निजका शाखा सन्तानहरू प्रशस्त छन्। हिजोआज पढलेख गर्न थालेका छन्। जेठा काले राई सन्यासी भई ब्रह्मचारी भएको छ। माहिला जोरवीर बिहे हुनुअगावै स्वर्गको बाटो गए।

बरडाँडे दोवालीछाहरू अहिले साकेजोङ, आलुबारी, खोंच उत्तरे, सानो निगाले आदिआदिमा पर्याप्त मात्रामा फैलिएर बसेका छन्।

'थाङ्कोट'को अर्थ

नेपालको राजधानी काठमाडौं जतिकै थाङ्कोट पनि विश्वप्रसिद्ध भइसकेको छ। पानीजहाज रेल, मोटरमा चढेर आउने देशी र विदेशी सबैले 'थाङ्कोट' सँग भेट नगरी हुँदै हुँदैन। किनभने राजधानीको सशक्त प्रहरी अफीस, भन्सार र चेकिङ्ग अफीस भएको हुनाले सबै यात्री थाङ्कोटसँग परिचित छन्। तर यो थाङ्कोट आज मात्रै होइन किरातकालमा पनि उत्तिकै नामी भएको इतिहास बुझ्न सजिलो पर्छ। किनभने 'थाङ्कोट' को अर्थ हो 'उकालो' माथि बनेको 'कोट'। कोट माने दरवार हुन्छ। किरातहरूमा वान्तवा आदि केही राईहरूमा 'थाङ' शब्दको प्रयोग आज पनि चलेकै देखिन्छ। 'थाङ' शब्दको अर्थ 'आउनु', 'उकालो बाटो आउनु' आदि हुन्छ। त्यसैले आजको जस्तै किरातकालमा पनि आउने विकासको बाटो नै त्यही थियो कि भन्ने अनुमान भए पनि 'कोट' माने 'किला' राजदरबार हुनु सम्भव छ। थाङ्कोटदेखि अलि वर्तिर लाम्पाटी पनि छ। यसमा पनि 'लाम' शब्दको अर्थ 'बाटो' हुन्छ। त्यसैले 'लाम्पाटी' को अर्थ 'बाटोको छेउमा बनेको पाटी' भन्ने हुन्छ।

*

सहायक ग्रन्थ-सूची

१. ऋग्वेद (सायणभाष्य)	मैक्समूलर संस्करण
२. शुक्लयजुर्वेद……	चौखम्वा, वाराणसी
३. कृष्णयजुर्वेदीय (तैतिरीय व्राह्मण)	आनन्दाश्रम, पुना, वि० सं० १९३८, बम्बई
४. अथर्ववेद………	सातवलेकर संस्करण, ओंधा पालडी, गुजरात
५. सामवेदीय (ताण्डचमहाव्राह्मण)	चौखम्वा संस्कृतसिरिज अफिस, बनारस सीटी, वि० सं० १९९३
६. काश्यपनिघण्टु (देवराजयज्व कृत)	वाराणसी
७. योगिनी तन्त्र	सं० जीवानन्द विद्यासागर, द्वितीय संस्करण, कलकत्ता सरस्वती यन्त्रालय
८. लघुव्यास संहिता	सं० जीवानन्द विद्यासागर, प्र० सं०, सरस्वती यन्त्रालय, कलकत्ता, प्रकाशित ई० सं० १८९७
९. कौटलीय अर्थशास्त्र	अनन्तशयन ग्रन्थावली, मद्रास, ई० सं० १९२४
१०. लिङ्गधारण चन्द्रिका	सं० म० म० शिवकुमार शास्त्री, काशी, प्रकाशित ई० सं० १९०५
११. ललितविस्तर १२. सर्वास्तिवाद	मिथिला विद्यापीठ, दरभङ्गा, प्रकाशित ई० सं० १९५८
१३. मिलिन्द पह्न	आर० डी० वाडेकर, प्रकाशित १९४०, बम्बई
१४. सेक्रेट बुक अदि इष्ट	टी० डब्ल्यु० राइस डेविस
१५. किरातजनाकृति	सुनीतिकुमार चटरजी, प्रकाशित ई० सं० १९५०, कलकत्ता
१६. रघुवंशमहाकाव्य	म० क० कालिदास, चौखम्बा संस्कृतसंस्थान, १९८३
१७. किरातार्जुनीय महाकाव्य	म० क० भारवि, किताब महल, इलाहाबाद, वि० सं० २०१४
१८. ऋग्वेद (सायणभाष्य)	मैक्समूलर संस्करण, पूना संस्करण
१९. थारूजातिको इतिहास तथा संस्कृति	टेकनाथ गौतम, वाराणसी साक्षीविनायक, २०४४
२०. वाणीसाधना पत्रिका, संयुक्त ४-५, २०४१-४२, वर्ष ४-५	सं० डा० डिल्लीराम तिमसिना, नभसंगम, वाराणसी
२१. किरातेश्वरसन्देश, वर्ष १ पुष्प १	सं० लक्ष्मणाचार्य, किरातेश्वर प्रकाशन, सीतापुरी—१, झापा, २०४२
२२. भाषा-विज्ञान	भोलानाथ तिवारी, दिल्ली
२३. वैदिक इन्डेक्स	मैक्डौनेल, कीथ; चौखम्वा विद्याभवन, वाराणसी, १९६२
२४. वैदिकसम्पत्ति	पं० रघुनन्दनसाहित्यभूषण, बम्बई

२५. महाभारत	व्यास प्र० सं० सातवलेकर, स्वाध्यायमण्डल पारडी, जि० बडसाड, १९६८
२६. महाभारत	ओरियन्टल प्रकाशन, दिल्ली, भारत
२७. आर्यों का आदिदेश	स्वा० विद्यानन्द सरस्वती, अनु० पं० पद्मप्रसाद सुवेदी, प्र० वैदिक यतिमण्डल, दयानन्दमठ, दीनानगर, पन्जाब, १९८९
२८. कुमाऊ का इतिहास	बदरीदत्त पाण्डेय
२९. कुमाऊ	राहुल सांकृत्यायन, ज्ञानमण्डल, वाराणसी
३०. शौखा	रतनसिंह रायपा, धारचुला, पिठोरागढ, कुमाऊँ
३१. पर्वतराज्यको ऐतिहासिक रूपरेखा	एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाण्डौ
३२. गोर्खाको ऐतिहासिक सामग्री	एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाण्डौ
३३. राजतरङ्गिणी	कल्हण, हिन्दी प्रचारक संस्थान, वाराणसी
३४. राजतरङ्गिणी	कल्हण, विश्वेश्वर वैदिक संस्थान, होशियारपुर, पन्जाब
३५. पालि प्रोपर नाउन	मल्लशेखर
३६. अभिधान दीपिका	सं० द्वारकादास शास्त्री, वाराणसी
३७. पालि हिन्दी कोष	भदन्त आनक कौशल्यायन, वाराणसी
३८. पालि त्रिपिटक	नव नालन्दा महाविहार प्रकाशन, बिहार
३९. ललितविस्तर	मिथिला विद्यापीठ, दरभङ्गा, १९५८

४०. लघु अत्रिसंहिता
४१. अत्रिसंहिता
४२. वृद्धत्रिसंहिता
४३. विष्णुस्मृतिः
४४. लघुहारीतस्मृति
४५. वृद्धहारीतसंहिता
४६. याज्ञवल्क्यस्मृति
४७. औशनस धर्मशास्त्र (स्मृति)
४८. अङ्गिरसस्मृति
४९. यमस्मृति
५०. आपस्तम्बस्मृति
५१. सम्वर्तस्मृति
५२. कात्यायनस्मृति
५३. वृहस्पतिस्मृति
५४. पराशरसंहिता
५५. वृहद् पराशरसंहिता
५६. लघुव्याससंहिता
५७. शङ्खसंहिता
५८. लिखितसंहिता
५९. दक्षसंहिता
६०. गौतमसंहिता
६१. शातातपसंहिता
६२. वसिष्ठसंहिता
६३. वृहद् गौतमसंहिता

(उपर्युक्त २४ ओटै ग्रन्थहरू सं० जीवानन्द विद्यासागरद्वारा सरस्वती यन्त्र, कलकत्ता, ई० सं० १८७६ मा प्रकाशित हुन् ।)

६४. पृथिवीका इतिहास (मू० बङ्गला) हिन्दी अनुवाद,	लेखक दुर्गादास लाहिडी, अन्नदाता प्रसाद बनर्जी लाइन, हावडा, कलकत्ता, द्वितीय संस्करण, ई० सं० १९१० प्रकाशित, १-२-३-४-५-६-७ भाग

६५. श्रीहट्ट इतिवृत्तं	अच्युतरमण चौधरी तत्त्वनिधि, प्र० उपेन्द्रनाथ चौधरी, कलकत्ता, १९०३
६६. बङ्गला इतिहासेर भग्नांश	वंकीमचन्द्र चट्टोपाध्यायकृत प्रवन्ध पुस्तक, द्वितीय भाग, कलकत्ता
६७. जातितत्त्ववारिधि	रमेशचन्द्र दत्त, कलकत्त
६८. कछारेर इतिवृत्त	उपेन्द्रचन्द्र गुह, आसाम प्रकाशन परिषद्, द्वितीय संस्करण, ई० सं० १९७१, गौहाटी–३
६९. चाकमा प्रवाद	डा० दुलाल चौधरी, २० सेण्ट्रल रोड, कलकत्ता
७०. श्रीराजमाला	कैलासचन्द्र सिंह, प्रकाशक दुर्गेशचन्द्र सिंह, जिल्ला कुमिल्ला (वर्तमान वङ्गलादेश), ई० सं० १८९६, १-२-३-४ भाग
७१. संस्कृतराजमाला	संग्रह ग्रन्थ
७२. श्रीराजमाला	कालीप्रसन्न सेन, १-२-३-४-५-६ भागमा, कलकत्ता, ई० सं० १९२३
७३. श्रीराजरत्नाकरम	प्रकाशक ईशानचन्द्र भट्टाचार्य, कलकत्ता
७४. श्रीहट्टपरिचय	राजेन्द्रनाथदेव, कलकत्ता
७५. कामरूपतन्त्र	हस्तलिखित, अगरतल्ला
७६. विष्णुपुराण	सम्पादक जीवानन्द विद्यासागर, कलकत्ता, ई० सं० १८८२
७७. गरुडपुराण	सं० जीवानन्द, ई० सं० १८८२-१८९०, कलकत्ता
७८. श्रीमद्भागवत	सं० गणपतकृष्ण रावजी, ई० सं० १८८९, बम्बई
७९. ब्रह्माण्डपुराण	सं० वेङ्कटेश प्रेस, ई० सं० १९०६, बम्बई
८०. बङ्गलादेशेरे इतिहास	रमेशचन्द्र मजुमदार, ई० सं० १९५७, कलकत्ता
८१. चकमा जातिरे इतिहास	सतीशचन्द्र दास गुप्त, बङ्गीय साहित्य परिषद्, कलकत्ता
८२. सर्वेक्षण रिपोर्ट उत्तराखण्ड भाग १-२,	राकेश तिवाडी, क्षेत्रीय पुरातत्त्व अधिकारी, जवाहर नगर, लखनऊ, उ० प्र०
८३. मध्य हिमालय का पुरातत्त्व	यशवन्त सिंह, कठौच, लखनऊ, उ० प्र०
८४. प्राचीन किरात वंशावलि हस्तलेख	राजकुमार शूरवीरसिंह पँवार, पुराना राजदरवार, टिहरी गढवाल
८५. त्रिपुरा र इतिवृत्त	कैलासचन्द्र सिंह, त्रिपुरा अगरतल्ला, वि० सं० १९८५
८६. एनालाइसिस ओफ द राजमाला	कलकत्ता, ई० सं० १८ शताब्दी
८७. कछारेर इतिवृत्त	... .
८८. शब्दस्तोम महानिधिकोष	
८९. शब्दकल्पद्रुमकोष	
९०. वाचस्पत्य-कोष	
९१. अमरकोष	अमरसिंह
९२. राजस्थान का इतिहास	कर्वेल टर्ड

९३. एनालाइसिस ओफ राजामाला	
९४. वासिष्ठरामायण	तृतीय संस्करण, निर्णयसागर, बम्बई, शाके १८५९, ई० सं० १९३७
९५. गढवाली भाषा और उसका साहित्य	हरिदत्त भट्ट शैलेश, लखनऊ, ई. सं. १९७६
९६. कुमाउनी भाषा और उसका साहित्य	डा० त्रिलोचन पाण्डेय, लखनऊ, ई० सं० १९७७
९७. प्राचीन भारत का इतिहास	डा० विद्याधर महाजन, चौथो संस्करण, १९७३, रामनगर, नयी दिल्ली
९८. भारत का इतिहास	को० अ० अन्तोनोवा, मास्को प्रगति प्रकाशन, नई दिल्ली, ई० १९७३
९९. महावीर और बुद्ध की समसामयिकता	मुनि श्रीनगराजजी डी० लिट्०, शादरा, दिल्ली ३२, ई० सं० १९७१
१००. कौटिल्यार्थशास्त्र	आचार्य कौटिल्य, अनन्तशयन संस्कृत ग्रंथावली, मद्रास, ई० सं० १९२४
१०१. वैदिक विश्वराष्ट्र का इतिहास	पुरुषोत्तम नागेश ओक, भारतीय साहित्य सदन, नई दिल्ली, ई० सं० १९८६
१०२. नेपालको धार्मिक इतिहास	जगदीशचन्द्र रेग्मी, राजकीय प्रतिष्ठान, कमलादी, काठमाण्डौ, वि० सं० २०३०
१०३. 'पहाड' पत्रिका	अंक २ पृ० १५६–सं० शेखर पाठक, कुमाउ विश्वविद्यालय, नैनीताल
१०४. हिन्दी विश्वकोष	काटापुकर वाईलेन, वाग्वजार, कलकत्ता, ई० सं० १९२२, भाग १, २, ३, ४ सम्म
१०५. महाभारतकोष	रामकुमार राय, चौखम्वा संस्कृत सीरीज, वाराणसी, ई० सं० १९६४, भाग १, २, ३, ४, ५
१०६. वाल्मीकिरामायणकोष	रामकुमार राय, चौखम्वा, वाराणसी, १९६५
१०७. प्राचीन मध्य हिमालय	डा० रेखा थपलियाल
१०८. प्राचीन भारतीय राजनैतिक विचारक	अच्युतानन्द घिडियाल, विवेक घिडियावन्धु सिगरा, वाराणसी, ई० सं० १९७२
१०९. हिन्दू राज्य-शास्त्र	अम्बिकाप्रसाद वाजपेयी, हिन्दी साहित्य-सम्मेलन, प्रयाग, तृ० सं०, वि० सं० २००६
११०. हिन्दू पोलिटी	के० पी० जायसवाल
१११. प्राचीन प्राच्यका सांस्कृतिक इतिहास	डा० यू० एन० मुखर्जी, अमीनाबाद, लखनौ, ई० सं० १९६०
112. Kirat Janakriti	Suniti Kumar Chatterji, Asiatic Society, Calcutta, 1974
113. Raciel Elements in The Population	Vide B. S. Guha, No 22 in Oxford, 1944

114. In The Journal of The Royal Asiatic Society of Bengal Calcutta letters, Vol. xvi, No 1, 1950, PP. 73-87

115.	Linguistic Survey of India	Griersons, Vol. 1, Introduction (1927)
116.	The Practical Knowledge 'Ancient History'	Hem Merton
117.	History of Nepal (V. 2)	Mr. Percival London
118.	History of Nepal	Ambika Prasad Upadhyaya, M. A., B. L.
119.	History of Chaina	Pro. H. A. Ciles,
120.	Linguistic Survey of India	Sir Johan Hookar,
121.	Pre History of India	Sir Richard Temple,
122.	In His Work on Nepal	Sylvain Levi, Paris, 1905
123.	Kirata	Le Monde, PP. 90 Oriental, 1936, U.P.P. Sala
124.	Translation of Atharva Veda	R. T. Griffth
125.	In His Edition of The Tripura Rajamala	Kali Prasad Vidyabhushana, 1909
126.	In his Geographical and Economic Studies in The Mahabharat Upayana Parv	Dr. Moti Chandra, Historical Society, Lucknow, 1945
127.	In The Palimilinel Panhav,	R. D. Vadekar, Edition Bombay, 1940
128.	Ethenic Settlement of Ancient India	S. B. Chaudhari
129.	Essays on The Languages Literature and Religion of The Nepal and Tibet	B. Hodgson
130.	Ethnographical Glosary of Bengal	H. Risley
131.	Prakrit Proper Noun	Mohan lal Mehta, Vol. 2
132.	Ancient Nepal/Medieval Nepal	D. R. Regmi
133.	Fatepur Sikri is a Hindu-city	Hans Raj Bhatia
134.	Patterns of Prose Fatepur Sikri and Jayapur	Ra. Aldous Leonard Huxley
135.	Account of Nepal	M. D. Hamilton, Publising House, New Delhi, 1974
136.	An Account of The Kingdom of Nepal	Kirk Patrick, First Published Delhi 1811
137.	The Kingdom of Nepal	Hamilton, First Published Delhi 1819
138.	History of The Country and Nepal	Daniel Wright, Delhi, 1877
139.	Mahabharat	Oriental Books, Reprint Corporation, Second edition, New Delhi, 1977
140.	The World Book Encyclopaedia 16·5	Field Enterprises Educational Corporation, Marchandise Mart, Plaza Chicago 54, Copy-right, 1962, U. S. A.
141.	The Kiratas in Ancient India	G. P. Singh, Delhi

द्रव्य-सहयोगी महानुभावहरू

१. सर्वश्री प्रेमकुमार राई चामलिङ, धरान–३	रु० १५०००
२. श्री रणबहादुर राई नारथुङ्छा चामलिङ, धरान–८	,, ७०००
३. ,, कृष्णबहादुर राई, धरान–८	,, ५०००
४. ,, श्याम राई, धरान–११	,, ५०००
५. ,, डि० दीपबहादुर बस्नेत, धरान–५	,, ५०००
६. ,, धर्मदास राई, स्वर्गपुरी रवि, पाँचथर	,, ५०००
७. ,, ध्यानबहादुर राई, नौले गाउँ, भोजपुर	,, ५०००
८. ,, हरिवीरबहादुर राई, साङपाङ–८, भोजपुर	,, ५०००
९. ,, दुर्गाप्रसाद राई, लगनखेल, ललितपुर	,, ५०००
१०. ,, वीरबहादुर राई, किरात निवास, बालुवाटार, काठ०	,, ५०००
११. ,, काशीराज राई चामलिङ, हलेसि–५	,, ५००५
१२. ,, दीपकप्रकाश बाँस्कोटा, फिदिम, पाँचथर	,, ५०००
१३. ,, वलबहादुर राई, मोली डाँडा, ओखलढुंगा–५	,, ५०००
१४. ,, कर्णबहादुर राई, खावा, भोजपुर	,, ५०००
१५. ,, प्रेमराज आङदेम्बे, अमलाबुङ, पाँचथर	,, ५००१
१६. श्रीमती लक्ष्मी राई पाङमाली, सीतापुरी–१, झापा	,, ५०००
१७. ,, सिद्धिदेवी राई दिलुङ्छामा, तोपगाछी–५, झापा	,, ५०००
१८. श्री संयोगदिलदास राई, हेकुनाम्बा–७, पाँचथर	,, ५००२
१९. ,, जोकर हर्कबहादुर राई, कुरूम्बा–१, पाँचथर	,, ५०००
२०. ,, सु० मदनप्रसाद केरूङ, हाङमाराङ, पाँचथर	,, ५००१
२१. ,, बी० बी० सुब्बा, देशीलाइन, धरान–६	,, ५००१
२२. ,, रामबहादुर राई, महाराजगंज, काठमाण्डौ	,, ५१०१
२३. ,, जगतबहादुर राई, दमक–११, झापा	,, ५०००
२४. ,, हर्कमान राङ्कासु राई, सीतापुरी–१, झापा	,, ५०००
२५. ,, पूर्णदिल चामलिङ, सीतापुरी–१, झापा	,, ५०००
२६. ,, कृष्णदास राई (सु० शेरबहादुर), अमरटोल–११, मोरङ	,, ५०००
२७. ,, शुद्धदिल चामलिङ (सु० मोहनकुमार), सीतापुरी–१, झापा	,, ५१०५
२८. श्रीमती पुष्पा हाङ्मा राई (स्व० श्रीमती जयमिला राईको नाममा), हेकुनाम्बा–७, पाँचथर	,, ५००५
२९. स्व० पुष्पानन्द राई (सु० पुरुषमान राई), हेकुनाम्बा–७, पाँचथर	,, ५००५
३०. श्रीमती धर्मदिल माई (जे० पु० हर्कमान राईकी आमा), रवि–५, पाँचथर	,, ५०००
३१. श्री नन्दराम राई, हेकुनाम्बा–७, पाँचथर	,, ५००५
३२. ,, पूर्णकुमार सेरमा, निगाले, पाँचथर	,, ५०००
३३. ,, सन्तबहादुर राई, जाउलाखेल, ललितपुर	,, ५०००
३४. ,, मदनबहादुर श्रेष्ठ, धरान–३	,, ५०००
३५. ,, विन्दबहादुर खेङ्याङ्छा, दमक–११, झापा	,, ५०००
६६. ,, कवीन्द्र राई वार्तामछा, लाक्ताप्पा, मेची	,, ५०००

राजपरिषद्‌का सम्माननीय सदस्य; हिन्दूधर्म संरक्षण संघका अध्यक्ष; विश्व हिन्दू महासंघको धर्मसभाका माननीय सदस्य; सनातनधर्म सेवासमितिका आजीवन सदस्य; वैदिक किरातेश्वर आयुर्वेद आश्रम, स्वर्गपुरी रविका संस्थापक तथा अध्यक्ष; तुलसी सञ्जीवनी सेवासमितिका संरक्षक; किरातेश्वर धाम, सीतापुरी–१ झापाका संरक्षक; नेपाल सन्त-समाजका संस्थापक अध्यक्ष (प्रयाग) र संरक्षक, नेपाल आर्यसमाज

डा० स्वामी प्रपन्नाचार्य

वेदान्ताचार्य, पीएच० डी०

हिन्दू विद्यापीठ, बालकुमारी ललितपुर–का अन्य रचना

संस्कृतमा

१. सिद्धिवैतथ्यम् (न्याय)	प्रकाशित
२. पद्मस्मृतिग्रन्थः (प्रधान सम्पादक तथा व्यवस्थापक डा० स्वामी प्रपन्नाचार्य)	,,
३. वेदान्तनयभूषणम् (शाङ्करवेदान्तविषयक शोधप्रबन्ध)	,,
४. भावामृतव्याख्या (सुकीर्तिदत्त पन्तको गीतगोविन्दको टीका सम्पादन)	,,
५. कार्तवीर्योदयमहाकाव्यम् (सुकीर्तिदत्तको रचना सम्पादन)	,,
६. वादार्णवः (दार्शनिक कवितासंग्रह)	प्रेसमा छ
७. वेदान्तपरिभाषा (शिवरामपन्तकृत टीका सम्पादन)	,,

हिन्दीमा

८. सन्मार्गदर्शन (चुनेको सूक्तिहरूको भावपूर्ण हिन्दी अनुवाद)	प्रकाशित
९. अब हमें भूल नहीं करनी चाहिए (सतीविषय पर बहुचर्चित पुस्तक)	,,
१०. विविध मोक्षवाद में विशिष्टाद्वैत के मोक्ष (सभी सम्प्रदाय के मोक्षविषयक तुलनात्मक अध्ययन)	,,
११. हिन्दी निबन्धसंग्रह (इसमें विविध विषयक निबन्ध संग्रह हैं)	प्रेसमा

नेपालीमा

१२. वेदमा के छ ? (बहुचर्चित ग्रन्थ ऋग्वेदमाथि प्रस्तुत)	प्रकाशित
१३. प्राचीन हिन्दूविज्ञान (आधुनिक तथा प्राचीन विज्ञानको तुलनात्मक अध्ययन)	,,
१४. किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन्	,,
१५. काले राईको क्वाँटी कविता (हिन्दी, ऊर्दू, संस्कृत, राई, लिम्बू र नेपालीका कवितासंग्रह)	,,
१६. मिल्केका झिल्का (विविध विषयका महापुरुष तथा लेखक-लेखिकाहरूको जीवनमा आधारित)	प्रेसमा

MAHENDRA SANSKRIT UNIVERSITY

Acc. 29852